(ख) समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने,

(ग) नेपाल सरकार, सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने, र

(घ) सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानूनी रूपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानूनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।

सभाले पारित गरी समितिलाई उपलब्ध गराएको कायदिशको पूर्णपाठ अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

---

* समितिका माननीय सदस्य बद्रीप्रसाद पाण्डे मिति २०८१।०३।३१ मा नेपाल सरकारको मन्त्री नियुक्त हुनु भएपश्चात् माननीय सदस्य दिलेन्द्रप्रसाद बडू सभाको मिति २०८१।०४१५ को निर्णयबाट समितिको सदस्य मनोनीत हुनुभएको थियो।

१.४ छानबिन विधि

समितिले आफूलाई प्राप्त कार्यादेश बमोजिम सहकारी क्षेत्रमा देखिएका समस्याहरूको अध्ययन, विश्लेषण, बचत रकम दुरूपयोग र अपचलनका सम्बन्धमा छानबिन, वित्तीय सुशासन लगायत सम्बन्धमा कार्य प्रारम्भ गर्नु अगावै समितिको आन्तरिक काम कारबाहीलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि बनाई समितिबाट उक्त कार्यविधि पारित गरी कार्य प्रारम्भ गरेको थियो। समितिले २०८१।०२।२३ मा पहिलो बैठक बसी कार्यारम्भ गरेको थियो। समितिको आन्तरिक काम कारबाही र छानबिन विधिलाई निर्देशित र व्यवस्थित गर्ने प्रयोजनका लागि समितिबाट पारित गरी लागू गरिएको समितिको कार्यविधि, २०८१ अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

स्वीकृत कार्यविधि बमोजिम समितिले देहायका मुख्य औजारहरूको प्रयोगबाट छानबिन कार्यलाई अगाडि बढाएको थियो:-

- सूचना, तथ्याङ्क र प्रमाण सङ्कलन,
- छलफल, सोधपुछ र अन्तरक्रिया,
- स्थलगत अध्ययन, निरीक्षण र जाँचबुझ।

उपर्युक्त छानबिनका औजारहरूको प्रयोग गरी समितिले मुख्य रूपमा देहायका छानबिनका क्रियाकलाप गरे/गराएको थियो:-

- सहकारीको अवधारणात्मक पक्ष, यसका मूल्य सिद्धान्तका आधारमा सञ्चालन गर्दा अपनाउनु पर्ने विधि सम्बन्धमा विज्ञ सरोकारवालासँग छलफल,
- बचत तथा ऋण सहकारीमा वित्तीय सुशासन र वित्त परिचालनमा ख्याल गर्नु पर्ने मुख्य सूचक र यसको सञ्चालन प्रणालीका सम्बन्धमा विज्ञ सरोकारवालासँग छलफल,
- सहकारी पीडितका रूपमा रहेका बचतकर्ताहरूसँग प्रतिनिधिमूलक छलफल,
- सहकारी समस्या सम्बन्धमा भएका विगतका अध्ययन प्रतिवेदनहरूको अध्ययन एवं समीक्षा,
- प्रचलित सहकारी कानून बमोजिम समस्याग्रस्त घोषित भएका तथा सञ्चालन र व्यवस्थापनमा समस्या देखिएका सहकारी संस्थाको वित्तीय सुशासनका सम्बन्धमा अध्ययन एवं वित्तीय विश्लेषण,
- सहकारी सञ्चालक एवं सहकारी सञ्चालनमा मुख्य जिम्मेवार पदाधिकारी र बचत रकम अपचलनमा अभियुक्त रहेका व्यक्तिहरूसँग सोधपुछ,
- गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायतका कम्पनीका सञ्चालक तथा सहकारी संस्थाको वित्तीय सुशासनमा प्रश्न उठ्ने गरी नाम उठेका व्यक्तिहरूसँग सोधपुछ र छलफल,
- समुदायस्तरमा राम्रोसँग सञ्चालन भएका सहकारी, महिला सञ्चालकहरूद्वारा सञ्चालित राम्रो चलेका सहकारी र केही साना किसान कृषि सहकारी संस्थाहरूसँग छलफल र व्यवस्थापन प्रणालीबारे जानकारी सङ्कलन,
- समस्याग्रस्त घोषणा भएका र सञ्चालन समस्यामा परेका सहकारी संस्था तथा सहकारी नियामक निकायको स्थलगत अध्ययन आदि।

१.५ छानबिनको अवधि

समितिको कार्यावधि कार्यप्रारम्भ गरेको मितिले तीन महिनाको हुने व्यवस्था रहेको थियो। समितिले २०८१ साल जेठ २३ गतेबाट आफ्नो कार्यप्रारम्भ गरेको थियो। समितिले निर्धारित कार्यावधिभित्रै कार्य सम्पन्न गर्ने उद्देश्यका साथ काम गर्दागर्दै पनि प्रतिवेदनलाई अन्तिम रूप प्रदान गर्ने सम्बन्धमा समय अभाव हुन गएको हुँदा मिति २०८१ भदौं २३ गतेदेखि लागू हुने गरी पहिलोपटक १५ (पन्ध्र) दिनका लागि म्याद थप प्रस्ताव गरेकोमा उक्त प्रस्ताव प्रतिनिधि सभाबाट मिति २०८१ भदौ १८ गते मङ्गलबारका दिन स्वीकृत भएको थियो। उक्त थपिएको म्याद बमोजिम समितिले कार्यसम्पन्न गरी मिति २०८१ भदौ ३१ गते समितिबाट सर्वसम्मत पारित छानबिन प्रतिवेदन सम्माननीय सभामुखमार्फत प्रतिनिधि सभामा पेश गरेको हो। समग्रमा समितिले तीन महिना ९ दिनको समयसिमामा प्रस्तुत छानबिन कार्य पूरा गरेको हो।

१.६ छानबिनको सीमा

समिति आफूलाई प्राप्त कार्यादेशमा सीमित रहनुपर्ने भएको हुँदा उक्त कार्यादेश नै यस छानबिन कार्यको प्रमुख सीमाका रूपमा रहेको थियो। सभाबाट प्राप्त कार्यादेशमा मूलतः चारवटा कार्यादेशका बुँदाहरूमा सीमित रहनु पर्ने हुँदा त्यसबाहेक धेरै अन्तर सम्बन्धित विषयमा प्रवेश गर्न र तत्सम्बन्धमा चर्चा गर्न सकिएको छैन।

समितिको पहिलो कार्यादेशले समितिलाई सहकारीको वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शितामा सीमित गरेको छ। त्यस्तै दोस्रो कार्यादेशले बचतकर्ताको बचत रकमको सुरक्षा र फिर्ता गर्ने उपाय सुझाउनका लागि सीमित गरेको पाइन्छ भने तेस्रो र चौथो बुँदाले औपचारिक रूपमा समस्याग्रस्त घोषित वा सञ्चालन समस्यामा रहेका सहकारी संस्थाहरूमा बचत सुरक्षा तथा बचत अपचलनमा संलग्नलाई कानूनी कारबाहीका लागि सिफारिस गर्ने कुरामा सीमित गर्दै अनुसूचीमा उल्लिखित सहकारीमा केन्द्रित गरेको छ। सोही कार्यादेशबमोजिम नै समितिले आफ्नो मूल जिम्मेवारीमा सीमित गरेको हुँदा सहकारी क्षेत्रसम्बद्ध धेरै विषयलाई समेट्न सकेको छैन।

खासगरी नीतिगत सुधारका सन्दर्भमा प्रवेश गरी विश्लेषण गरिनु पर्ने क्षेत्र निकै विशाल व्यापक भएको देखिँदा के मात्र गर्ने वा नगर्ने भन्ने स्थिति महसुस हुँदाहुँदै पनि सम्भव भएसम्म र प्राप्त भएस्ममका विवरणमा सीमित रही प्रस्तुत प्रतिवेदन तयार गरिएको छ। समितिका लागि प्राप्त साधनस्रोत, मानवीय स्रोत र आर्थिक स्रोतजस्ता विषय र कार्यावधि समेतले पनि छानबिन सम्बन्धी यस कार्यलाई थप सीमित बनाएका थिए।

१.७ प्रतिवेदनको संरचना

यस प्रतिवेदनलाई जम्मा १८ परिच्छेद र १२ अनुसूचीहरूमा विभाजन गरी संरचनाबद्ध गरिएको छ। परिच्छेद-१ मा प्रारम्भिक, परिच्छेद-२ मा विश्वमा सहकारी अभियानः संक्षिप्त झलक, परिच्छेद ३ मा नेपालमा सहकारीको ऐतिहासिक विकास, परिच्छेद-४ मा नेपालमा सहकारी समस्याको अध्ययन र सिफारिस कार्यान्वयन, परिच्छेद-५ मा सहकारी विधिशास्त्र, परिच्छेद-६ मा सहकारी सङ्कट समाधान प्रयास र यसका सीमा, परिच्छेद-७ मा सहकारीमा वित्तीय सुशासनः निरन्तर अनुगमन, सुधार शून्य, परिच्छेद-८ मा सहकारी कसुरमा कारबाही, परिच्छेद-९ मा समस्यामा रहेका सहकारीका वित्तीय विश्लेषण र देखिएका समस्या, परिच्छेद-१० मा सुशासनयुक्त सहकारी र अनुकरणीय अभ्यास, परिच्छेद-१२ मा सहकारीमा बचत दुरूपयोगः फैलिएको जरा, परिच्छेद-१३ मा सहकारी सङ्कट र राजनीतिक दल, परिच्छेद-१४ मा संघीयतामा सहकारी नियमन , परिच्छेद-१५ मा सहकारी सङ्कटः स्थलगत निरीक्षणको वस्तुस्थिति, परिच्छेद-१६ मा सहकारी समस्याको समाधानः विहङ्गम विश्लेषण, परिच्छेद-१८ मा सुझाव तथा सिफारिस समावेश छन्। त्यसका अतिरिक्त २६ अनुसूचीहरू पनि रहेका छन्।

समितिको कूल ६६ वटा बैठक बसेका छन्। समितिको बैठकमा छलफल गरी जानकारी लिने प्रयोजनका लागि समितिले ५६ वटा बैठकमा सम्माननीय प्रधानमन्त्री सहित विभिन्न क्षेत्रका ४५१ जना व्यक्तिहरूसँग जानकारी र सुझावमूलक अन्तरक्रियात्मक छलफल गरेको थियो। प्रधानमन्त्रीले समितिको बैठकमा आई गर्नुभएको प्रतिबद्धता सहितको सम्बोधन अनुसूची-३ मा प्रस्तुत गरिएको छ। बैठकमा बोलाई छलफल तथा जानकारीमूलक अन्तरक्रिया गरिएका व्यक्तिहरूको सूची अनुसूची-४ मा प्रस्तुत गरिएको छ। त्यस्तै समितिले १४ वटा बैठकमा सहकारी बचत रकमको अपचल र दुरूपयोगमा आरोपित ४७ जना सहकारी सञ्चालकहरू, गोरखा मिडिया नेटवर्क प्रा.लि.का सञ्चालक तथा कर्मचारी समेत तीनजना समेत ५० जना र नियमक निकायका पाँच जना समेत गरी जम्मा ५५ जनासँग सोधपुछ समेत गरेको थियो। इमेज बचत तथा ऋण सहकारी संस्था लि. बागलुङ् र पोखराका अध्यक्ष देवकुमार नेपाली तथा शिवशिखर बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष सुशील बानियाँले समितिलाई पठाउनुभएका पत्रलाई समितिले औपचारिक रूपमा निर्णय गरी सोधपुछको अङ्ग बनाएको छ। समितिले सोधपुछ गरेका व्यक्तिहरूको सूची अनुसूची-५ मा र निजहरूले सोधपुछमा समितिसमक्ष खुलाएका विवरणहरू जस्ताको तस्तै अनुसूची-६ मा प्रस्तुत गरिएको छ। समितिमा सोधपुछका लागि बोलाउन खोजिएका तर समितिमा उपलब्ध हुन नसकेकामध्ये एक जनाले समितिलाई हुलाकमार्फत पत्र प्रेषित गर्नुभएको थियो। समितिले सहकारी पीडितहरूसँग प्रतिनिधिमूलक छलफल गरेको थियो। छलफलमा भाग लिएका सहकारी पीडितहरूको विवरण अनुसुची १९ मा प्रस्तुत गरिएको छ।

समितिले सोधपुछ गर्न चाहेका तर समितिमा उपलब्ध हुन नसकेका २९ जना सहकारी सञ्चालक तथा मुख्य जिम्मेवार पदाधिकारीलाई खोजी गरी समितिसमक्ष उपलब्ध गराउन नेपाल सरकार गृह मन्त्रालयमा पत्राचार गरिएकोमा सरकारले खोजी गरी समितिको कामको प्रयोजनका लागि उपलब्ध गराउन नसकेका कारण निजहरूसँग सोधपुछ हुन सकेन। त्यसरी उपस्थित गराइदिनका लागि निर्देशन दिइएका व्यक्तिहरूको सूची अनुसूची-७ मा प्रस्तुत गरिएको छ। सो निर्देशनका सम्बन्धमा गृह मन्त्रालयबाट प्राप्त पत्रको जवाफ अनुसूची-८ मा प्रस्तुत गरिएको छ।

त्यस्तै समिति गठन भएयता समितिमा विभिन्न व्यक्ति तथा निकायहरूबाट उजुरी र निवेदनहरू प्राप्त भएका थिए। ती उजुरी र निवेदनहरूमध्ये केही कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको थियो। केही समितिमै राखिएका छन्। समितिमा प्राप्त उजुरी र निवेदनहरूको विवरण अनुसूची-९मा प्रस्तुत गरिएको छ।

परिच्छेद-२

विश्व सहकारी अभियानः संक्षिप्त झलक

२.१ सहकारीः अवधारणात्मक विकास

नेपाली बृहत् शब्दकोश अनुसार "सहकारीता"लाई "धेरै व्यक्ति एकसाथ मिलेर काम गर्ने भावना वा सामुहिक रूपले काम गर्ने प्रवृत्ति" र सहकारीलाई "एक साथ मिलेर काम गर्ने वा साथसाथै काम गर्ने" भनी परिभाषित गरिएको पाइन्छ।[२०]

सहकारीतालाई अङ्ग्रेजीमा Co-operation भनिन्छ। अङ्ग्रेजी शब्द co-operate मूल ल्याटिन भाषाको *cooperari* बाट आएको हो, जसमा "अय" अथवा "cum" जसको अर्थ सँगसँगै (With together) हुन्छ भने क्रिया "Operari" को अर्थ काम गर्नु (to work)। यसरी अङ्ग्रेजीमा पनि सँगसँगै काम गर्नु भन्ने क्रियाबाट सहकारीता शब्द बनेको देखिन्छ।

मिलिजुली गरेको जुनसुकै कार्य भने सहकारीता हुँदैन। सहकारीता मानिनका लागि व्यक्तिहरू निश्चित मौलिक सिद्धान्तअनुसार लागिमेली गर्न राजी भएको हुनुपर्दछ। त्यसकारण सहयोग, सहकार्य अथवा त्यस्तै अर्थमा मात्र सहकारीतालाई बुझ्न सकिँदैन। सामुहिक नै भएता पनि सहकारी सिद्धान्तसँग मेल नखाने खालको प्रयास भने फरक हुन्छ। सहकारीकर्मीहरूले बाँच्न चाहेको स्वावलम्बी जीवन र बनाउन चाहेको सुखी समाजका मूल्य, मान्यता र सिद्धान्तसम्मत कर्म मात्रै सहकारीता हुन्छ।

आधुनिक सहकारी आन्दोलनको प्रारम्भ बेलायतमा सन् १८४४ मा स्थापित रोचडेली समतामूलक अग्रजहरूको संस्था (Rochdale Society of Equitable Pioneers) सँगै भएको मानिन्छ।[२१] सहकारी विचारको सञ्चार अनेक माध्यमबाट विश्वव्यापी हुँदै गयो। त्यस समय विकासशील जगत्मा मुख्य संवाहक औपनिवेशिक सरकारहरू थिए, जसले विभिन्न कारणले सहकारी संस्थाहरूलाई प्रोत्साहन गरे। खासगरी औपनिवेशकालमा भारतमा जारी भएको सहकारी ऋण संस्था ऐन, १९०४ र सोको कार्यान्वयनका लागि बनाइएको सरकारी संयन्त्रको अनुकरण बेलायती साम्राज्यभित्र र बाहिर पनि कतिपय मुलुकहरूमा गरियो। स्वाधीनताको प्राप्तिपछि सबैजसो देशका सरकारहरूले सहकारी क्षेत्रलाई प्राथमिकतामा राखी विकास गर्ने नीति लिए।

नेपाल सदा स्वतन्त्र रहिआएको भएता पनि २००७ सालको क्रान्तिद्वारा जहानियाँ राणा शासनको अन्त्यसँगै प्रजातन्त्रको प्रादुर्भाव भएपछि नै विकासको आधुनिक युगमा प्रवेश गरेको मानिन्छ। आम जनतालाई आर्थिक-सामाजिक उन्नति र प्रजातान्त्रिक अभ्यासको प्रक्रियामा साथसाथै सहभागी गराउने सहकारी आन्दोलनप्रति स्वभावतः राजनीतिक नेतृत्वको ध्यान पुगी सोको प्रवर्द्धनका लागि राज्यस्तरबाट नै पहल गरियो। अपेक्षाकृत ढिलै कार्यारम्भ भएको भएता पनि यसबीच सहकारी आन्दोलनमा धेरै आरोह अवरोह देखिनुका साथै विविधतापूर्ण सन्दर्भ र अभ्यासहरू रहे।

२.१.१ सहकारीताका पारम्परिक रूपहरू

सहकारी शब्द सहकार्यकै परिमार्जित रूप हो। व्यक्तिको एक्लो प्रयासले कठिन हुने कार्य सामुहिक रूप वा सहकार्यबाट सहज हुन्छ भन्ने मानवीय चेतना नै आरम्भिक सहकार्य र पछिल्लो समयमा सहकारी निर्माण वा स्थापनाका आधार हुन्। यस्ता आधारहरू नेपालमा उत्तरवैदिककालमा नै सुरूआत भएको पाउन सकिन्छ। हिन्दु मृत्यु संस्कारका भेटिघाटी, जनजाति समुदायका सहकार्यका अभ्यासहरू

---

[२०] नेपाली वृहत शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान, पुनर्मुद्रित दसौं संस्करण, २०७७, पृष्ठ १२७६।

[२१] https://ica.coop/en/cooperatives/history-cooperative-movement#toc-the-rochdale-pioneers (हेरिएको मितिः २०८१ भाद्र १४ गते)

जस्तैः गुरुङ्ग समुदायको स्याई प्रथा, थकालीको ढिंकुर प्रथा, धिमालको हाउलीपाका, कृषि कर्मका लागि मानव तथा पशु वस्तुको श्रमलाई दिनेलिने परम्परा अर्थात् पर्म, समान साधन र सीप भएकाहरूको परेली, ऐतिहासिक कालखण्डका सहकार्यहरू जस्तैः लिच्छवी र मल्लकालीन गोष्ठी आदिलाई सहकार्यका विभिन्न स्वरुप भनी विद्वानहरूले उल्लेख गरेको पाइन्छ।

तर उल्लिखित प्रयासहरू सहकारीका आरम्भिक रूप हुन् कि होइनन् भन्न ती अभ्यासमा साझा स्वामित्वको आर्थिक प्रायोजनसहितको व्यवसाय विद्यमान छ वा छैन भनेर हेर्नु पर्ने हुन्छ। आर्थिक प्रायोजनसँगै सामाजिक प्रायोजन पनि हुन सक्छ। सामाजिक प्रायोजन मात्रको आपसी सहयोग सहकारी अभ्यासमा पर्दैन।

नेपालका केही सहकारी अभियानसँग सम्बन्धित प्रथा परम्पराहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

(क) मंकाज्या

नेवारी भाषाका दुई शब्द मंका र ज्या मिलेर मंकाज्या बनेको हो। मंकाको अर्थ समूह र ज्याको अर्थ कार्य हुन्छ। तदनुसार मंकाज्या भनेको सामुहिक कार्य हो। यो प्रथा काठमाडौं उपत्यकाका ज्यापु समुदायका कृषकहरूमा आफ्नो खल (अर्थात् सदस्यहरू) भित्र रोपाइँ, बाली कटाई आदि सहज गराउन चलेको बुझिन्छ। सदस्यहरूलाई गुठियार र समुच्चामा मंकाखल भनिन्छ।

मंकाज्याको रेखदेख गर्ने प्रमुख व्यक्तिलाई थाकुलो भन्ने चलन छ। गुठीको कुनै सदस्यले खेतीपातिसम्बन्धी कार्य गर्न अरू सदस्यहरूलाई बोलाउँदा ज्याला दिनु पर्दैन, खानेकुरा मात्र दिए पुग्दछ। बोलाउँदा उपस्थित नहुने सदस्यले जरिवानास्वरूप बँ तिर्ने गर्दछ।

वर्षेनी भोजको आयोजना गरी गुठियारहरूको सभा राखिन्छ। त्यसबखत वर्षभरीका कामकुरा, आम्दानी-खर्च आदि विषयमा छलफल हुन्छ। कसैले सापटी लिएको भए सावा-ब्याज उठाइन्छ। वार्षिक हिसाबकिताब गर्दा आम्दानी भए सदस्यहरूमा बाँडिन्छ भने घाटा परे सो सदस्यहरूबाटै पूर्ति गरिन्छ। गुठीमा प्रशस्त पैसा जगेडा रहे सामुहिक हित तथा धार्मिक कार्यमा खर्च गर्ने व्यवस्था मिलाइन्छ।

(ख) पर्म

पर्मको अर्थ परकर्म हो। पर्म नेपालको उत्तर पश्चिमी पहाडी भागमा प्रचलित छ। पर्मपातमा छिमेकीहरू एक-अर्काबीच कृषि तथा गैरकृषि कार्यमा सहयोग लिनेदिने गरिन्छ। यो प्रथाले गर्दा मानिसहरू रोपाइँजस्तो निश्चित समयभित्र अथवा घर छाउने जस्तो एकैपल्ट सम्पन्न गर्नुपर्ने कार्य पारस्परिक सरसल्लाहबाट सहजैरूपमा गर्न सकिन्छ। पर्म गर्न आउनेहरूलाई खानेकुराको व्यवस्था गरिन्छ, ज्याला दिनु पर्दैन तर जुन घरबाट जति दिन पर्म आएको हो सोको हिसाब सम्झी उक्त घरको काम पर्दा जानुपर्ने अलिखित समझदारी रहन्छ। मुद्राबिनाको आर्थिक कारोबारका रूपमा पनि पर्मलाई लिन सकिन्छ।

(ग) ढिकुटी

ढिकुटी नेपालमा पाइने एक अर्को प्रकारको सहकारी संस्थाको प्रारूप हो। पश्चिम नेपालको हिमाली जिल्ला मुस्ताङ्ग र अन्यत्र पनि यो प्रथा पाइन्छ। यो थकाली समुदायको मौलिक चलन हो। थकाली समुदायमा ढिकुटीलाई ढिगुर भनिन्छ। ढिगुरका सदस्यहरूले बर्षेनी निश्चित रकम आफुहरूका माझ जम्मा गर्दछन् र खनखाँचो पर्दा त्यसबाट सापटी लिन्छन्। पछि-पछि भने ढिगुरको सिको अन्य

समुदायमा पनि भएको देखिन्छ। खास गरी व्यापार-व्यवसायमा ढिकुटीमा सहभागी हुने कार्यलाई ढिकुटी खेल्ने भनिन्छ। ढिकुटी खेल्ने व्यक्तिहरू प्रत्येकले निर्धारित अवधिमा जम्मा गरेको निर्धारित रकम पालैपालो प्रायः एकमुष्ट झिकेर काम चलाउँछन्। त्यसरी व्यवसाय गर्न वा गरिरहेको व्यवसाय बढाउन चाहने तर चाहिने जति पुँजी नभएका सदस्यका लागि सहज जोहो हुन्छ।

(घ) धर्मभकारी

धर्मभकारी अन्नको सामुहिक भकारी हो। साझा अन्नकोष वा अन्न बैङ्कका रूपमा पनि यसलाई लिन सकिन्छ। खासगरी ग्रामीण क्षेत्रमा अन्न स्याहारिसकेपछि घर-घरले आफ्नो गच्छेअनुसार निश्चित परिमाणको अन्न बनाइएको भण्डारमा जम्मा गर्दछन्। धर्मभकारीको रेखदेख गर्ने जिम्मा प्रायः गाउँको थाकुलोलाई दिइन्छ। विकल्पमा समिति नै बनाउने चलन पनि छ।

धर्मभकारीमा अनाज जम्मा गर्ने सदस्यहरूले आवश्यक पर्दा अनाज सापटी लिन पाउँछन्। त्यस्तो सापटी लिएको खाद्यान्न र सोको निश्चित ब्याज पुनः नयाँ बाली स्याहारेपछि जिन्सीमा नै फिर्ता गरिन्छ। धर्मभकारीले गर्दा खडेरी परी वा अन्य कारणले अन्नाभाव भएमा पनि अनिकालले कोही मर्नु पर्ने हुँदैन। जतन नपुगेर घरमा राखेको बीउ गतिलो नभएको खण्डमा विकल्प हुन्छ। कसैलाई कुनै कार्जे गर्नु पर्दा धेरै अन्न चाहिए पनि अन्त खोज्नु पर्दैन। हाल, गाउँ-गाउँमा भएको सडक सञ्जाल एवं बजार बिस्तारपछि यो चलन लोप हुँदै गएको छ।

२.१.२ सहकारीताका प्राज्ञिक दृष्टिकोण

सहकारी आन्दोलन विशिष्ट जीवन मूल्यमा आधारित छ। सहकारी मूल्यका निर्धारक तत्वहरूले नै सहकारी संस्थाको पहिचान र औचित्य स्थापित गरेका हुन्छन्। सहकारी विकास वस्तुतः सहकारी मूल्य-मान्यता र सिद्धान्त आत्मसात् गर्ने र तिनलाई व्यवहारमा उतार्ने प्रयासको क्रम हो, जसको निर्धारण विभिन्न तत्वहरूको समष्टिले गरेको पाइन्छ। सहकारी विकासका वैचारिक तथा व्यावहारिक निर्धारकहरू र तिनका नीतिगत तात्पर्य (Policy Implications) के हुन् ? प्राज्ञिक दृष्टिकोणमा देहायका बुँदाहरूमा राख्न सकिन्छः-

(क) पुँजीलाई श्रम र प्रतिस्पर्धालाई पारस्परिकता (Mutuality) द्वारा प्रतिस्थापन गरी सामुहिक रहनसहनमा आधारित स्वधान्य (Self-supporting) समुदायको चिन्तनसँगै प्रकट भएको सहकारी विचार प्रयोगको क्रममा प्रबर्द्धित हुँदै जनस्तरीय आन्दोलनको रूपमा जीवन्त हुने,

(ख) आर्थिक उपार्जन (Undertaking) मा सर्वसाधारण उपयोगकर्ताको स्वामित्व, सहभागितामा स्वैच्छिकता (Voluntarism), सञ्चालनमा लोकतान्त्रिक परिपाटी, वितरणमा श्रमको मानक, विनिमयमा शोषणबिहीन सम्बन्धहरू (Non-exploitative relations) जस्ता सहकारी मूल्यमान्यता स्वरोजगारी सिर्जना, आर्थिक असमानताको न्यूनीकरण, प्राकृतिक स्रोत संरक्षणजस्ता विकासका वर्तमान आकाङ्क्षाहरूको प्राप्तिमा फलदायी रहने,

(ग) समुदाय बनाउने सोचका उपज सहकारी संस्थाहरूको कर्मक्षेत्र समुदाय हुने र समुदायमा आधारित भएर नै प्रभावकारी बन्ने,

(घ) सहकारी आन्दोलनको विकास वस्तुतः जनस्तरीय अग्रसरतामा भर पर्ने र राज्यको भूमिका रचनात्मक हुने,

(ङ) कानूनी मान्यता, नियमन सेवा र अरू आर्थिक एकाइसरहको निष्पक्ष व्यवहार सहकारी क्षेत्रप्रति राज्यको न्यूनतम अभिभारा हुने र अन्य आर्थिक एकाइको तुलनामा विशेष योगदान गरेको आधारमा वाञ्छनीय मान्न सकिने,

(च) मौलिक सहकारी विचार एवं विधिबाट निर्देशित सहकारी संस्थाहरू जस्तोसुकै परिस्थितिमा पनि असफल हुँदैनन् तर वर्णशङ्कर (Hybrid) संरचना अथवा सैद्धान्तिक विचलनमुखी सहकारी संस्थाहरूमा ढिलोचाँडो समस्या निम्तिने,

(छ) गरिबी निवारणमा सहकारी आन्दोलनका सम्भावनाहरू सहकारी मूल्यमान्यताको प्रचलनमा नै हासिल हुने,

(ज) सहकारी संस्थाहरूको विभिन्न अर्थमा दुरुपयोग हुन सक्तछ, जसको रोकथामका लागि सशक्त नियमनकारी संरचना (कानून, नीति, निकाय आदि) आवश्यक पर्ने,

(झ) सहकारी आन्दोलनको परिणाम विकासमा सरकारको अनावश्यक संलग्नता जति प्रत्युत्पादक हुन्छ त्यति नै अदूरदर्शी आवश्यक असंलग्नता राख्ने,

(ञ) सहकारी नियमन स्व-नियमनको सट्टा नभएर परिपूरक हुनुपर्ने,

(ट) राष्ट्रिय सहकारी आन्दोलनका नेतृत्वदायी संरचनाहरूले जति बढी स्व-नियमनकारी भूमिका ग्रहण गर्दै जान्छन् त्यति नै घटी राजकीय संरचनाको नियमनकारी भूमिकाको आवश्यकता पर्ने,

(ठ) जुनसुकै प्रकारको वित्तीय सहयोग गरेकै आधारमा क्रियाशील सहकारी लोकतन्त्रमा सरकारको कुनै पनि प्रकारको सञ्चालकीय भूमिकाको औचित्य नखुल्ने,

(ड) सहकारी आन्दोलनको विकास हुँदा सरकारको उद्देश्य जहिल्यै पूरा हुने तर सरकारको उद्देश्य पूरा गर्ने गरी सहकारी आन्दोलनको विकास कहिल्यै नहुने,

(ढ) सहकारी संस्थाहरूको काम कारोबारका कारण समुदायमा सकारात्मक प्रभाव परिरहेको छैन भने त्यो सहकारी नेतृत्वका साथै विकास नीतिकारका लागि पनि चिन्ताको विषय बन्नुपर्ने, र

(ण) राष्ट्रियस्तरमा राज्य र सहकारी आन्दोलनबीच मुख्य सम्पर्क-बिन्दुका रूपमा सरकारको विभाग वा कार्यालय रहनुपर्दछ, जो सहकारी विचारको मर्मज्ञ, सरकारव्यापी सङ्गतिपूर्ण नीतिगत दृष्टिकोणको प्रतिपादक, सहकारी स्वनियमनकारी प्रक्रियाहरूको सुपरीवेक्षक, कार्यमूलक सिकाइ (Action Learning) को संस्थागतीकरणद्वारा अनवरत रूपमा दीक्षित र स्रोत, आवाज एवं अवशिष्ट अधिकारसम्पन्न पनि हुनुपर्ने।

२.२ सहकारी विकासका चरण

सहकारीताको विकासलाई मोटामोटी तीन चरणमा विभाजन गरी हेर्न सकिन्छ। ती चरणहरू देहाय बमोजिम छन्:-

- परम्परागत अभ्यास
- सङ्गठित पहल
- सिद्धान्तसम्मत आन्दोलन

२.२.१ परम्परागत अभ्यास

सामाजिक जीवनमा देखिने साझा स्वामित्वको आर्थिक चलनचल्ती परम्परागत सहकारीताका रूप हुन्। खेतीपातीमा चलिआएको पर्म प्रथा आम उदाहरण हो। एकैपल्ट सम्पन्न गर्नु पर्ने कामको प्रकृति र श्रम वा समय बचतको गुञ्जायसले गर्दा पर्मपात स्वाभाविक भयो।

त्यसै गरी आ-आफ्नो व्यावहारिक परिस्थितिवश यत्रतत्र मानिसहरूले अरू विशिष्ट रूपमा पनि आपसमा लागिमेली गरेको पाइन्छ। फ्रान्सेली तथा स्वीजरल्यान्डी अल्प्स पर्वतमालामा ग्रीष्म ऋतुमा उपत्यकाका गाईबस्तु दुध किन्ने उपभोक्ताभन्दा टाढा गौचरमा चराउन लग्ने परापूर्व परम्परा हो। कम्तीमा मध्ययुगदेखि त्यसरी गाउँ सरेका मानिसहरूले आपसमा मिलेर सबैको ताजा दूधबाट दिनदिनै चीज बनाउने र पछि वसन्त ऋतुमा चीज बेचेर आएको रकम प्रत्येकका गाईको सङ्ख्याको अनुपातमा आपसमा बाँड्ने परिपाटी त्यहाँ बसेको देखिन्छ।

परम्परागत सहकारी अभ्यास खेतीपाती वा पशुपालनमा नै सीमित पनि हुँदैन। रुसी समाजका श्रमिक सङ्गठन (Artel') लाई श्रमिक सहकारी संस्थाको पूर्वरूप मानिन्छ। त्यस्तै, कतिपय अभ्यासहरू परिस्थिति मिल्दा एकभन्दा बढी समाजमा भेटिन्छन्। नेपालको पोखरातिर प्रचलित ढिकुटी र भारतको मद्रासतिर पाइने चिट कोष (Chit fund) मिल्दाजुल्दा देखिन्छन्। छिमेकबाहिर नेपाली समाजको पर्म र कोरियाली समाजको पुमासी (Pumasi) वा मङ्गा-ज्या गुठी र ज्ये (Gye) बीच पनि त्यत्तिकै समानता पाइन्छ।

२.२.२ सङ्गठित पहल

सहकारी कार्यलाई विधिवत् सङ्गठनअन्तर्गत व्यवस्थित गर्ने प्रयास पनि निकै अघिदेखि हुँदै आएको देखिन्छ। भेटिएसम्मको पहिलो उल्लेख स्कटल्याण्डको यावरदिन (Aberdeen) बन्दरगाहस्थित तटीय भरियाहरूको संस्था (Shore Porters Society) हो। उक्त संस्थाको स्थापना सन् १४९८ मा स्थानीय परिषद्को बैठकको निर्णयबाट भएको खुल्दछ।[२२]

बेलायतमा नै उलविच (Woolwich) र च्याथम (Chatham) नगरका पानीजहाज निर्माण स्थलमा कार्यरत कर्मीहरू (Shipwrights) ले कम्तीमा सन् १७६० मा सामुहिक स्वामित्वमा पिसानी मिल तथा पाउरोटी कारखाना चलाएको प्रमाण भेटिन्छ। त्यसपछि बेलायतमा अन्यत्र पनि त्यस किसिमका उद्योगधन्दा खोल्ने क्रम चल्यो। त्यस्तै, फाट्टफुट्ट रूपमा उपभोग्य वस्तु बिक्री, पोशाक सिलाइजस्ता फरक प्रकृतिका कार्यसम्बन्धी संस्थाहरू पनि बनाउन थालियो।

सहकारीताका परम्परागत रूपहरू सामाजिक जीवनमा अभिन्न प्रतित हुन्छन् भने साङ्गठनिक रूपहरू व्यावसायिक प्रयोजन, औपचारिक स्थापना र कुनै न कुनै किसिमको वैधानिक मान्यताका अर्थमा विशिष्ट। मौजुदा आर्थिक सम्बन्धहरूको रूपान्तरणकारी प्रयोजन भने त्यस किसिमका साङ्गठनिक रूपको पनि हुँदैन। दिइएको परिस्थितिमा देखा पर्ने साझा व्यावहारिक समस्या समाधानका तदर्थ प्रयासको अर्थमा तिनलाई हेर्न सकिन्छ।

२.३ सहकारीताको अन्तर्राष्ट्रियकरण

आधुनिक सहकारीताका आधारभूत अवधारणाहरूको सफल परीक्षणलगत्तै बेलायतको रोचडेल नगर अन्य मुलुकका सहकारीकर्मीहरूको पनि आकर्षणको केन्द्र बन्यो। विभिन्न देशका सहकारी अगुवाहरूले रोचडेली

[२२] https://www.shoreporters.com/history/ (हेरिएको मिति २०८१ भाद्र १४ गते)

नमुनाको खोजखबर गर्न थाले। लन्डनमा सन् १८६९ मा आयोजित बेलायती सहकारी महासभामा फ्रान्स, जर्मनी, स्वीडेन, स्वीजरल्यान्ड, इटाली र डेनमार्कका प्रतिनिधिहरूद्वारा उपस्थिति जनाइएको तथ्यमा पनि राष्ट्रिय सीमानापारिको आपसी सद्भावना प्रकट हुन्छ।

फ्रान्स, स्वीट्जरल्यान्ड, अमेरिका आदि देशहरूमा खोलिएका तर राम्ररी चल्न नसकेका सहकारी उपभोक्ता भण्डारहरूको अवस्थामा रोचडेली विधिहरूको अनुशरण गर्दा एक्कासी सुधार आएको देखियो। त्यसले गर्दा पनि प्रचारप्रसार थप व्यापक भयो। अब अनुकरणको क्रम सहकारी उपभोक्ता भण्डारबाहेकका प्रयोजनमा पनि हुन थाल्यो। जर्मनीमा सन् १८५० देखि ऋण सहकारी संस्थाहरू प्रवर्द्धन गर्ने सुल्ज-डेलिट्स्च (Schulze-Delitzsch) ले पनि रोचडेली अभ्यास नियालेका थिए भन्ने ज्ञात हुन्छ। सन् १८६४ देखि ग्रामीण जर्मनीमा फ्रेडरिक राइफेइजेन (Friedrich Raiffeisen) को पहलमा प्रारम्भ गरिएको बचत ऋणकेन्द्रित सहकारीता अत्यन्त सफल भयो।

त्यस्तै, डेनमार्क (सन् १८८२), आयरल्यान्ड (सन् १८८९) आदि मुलुकहरूमा कृषि सहकारीताले आन्दोलनकै रूप लियो। फ्रान्समा फिलिप बुचेज (Philippe Buchez) को प्रयासबाट सन् १८३१ देखि नै श्रमिकहरूका उत्पादक सहकारी संस्था खोलिएका थिए। सन् १८४० को दशकमा फ्रान्सेली श्रमिक सहकारी आन्दोलनले पनि अग्रगति लियो। त्यसक्रममा सहकारीताको मौलिक चिन्तन अरू परिष्कृत हुँदै गयो। यसमा बुचेज, सुल्ज-डेलिट्स्च, राइफेइजेन आदिको वैचारिक योगदान पनि विशिष्ट देखिन्छ।

रुसी साम्राज्यमा सन् १८६५ मा सहकारी उपभोक्ता संस्थासँगै प्रारम्भ भएको अनुकरणको क्रम कृषि, औद्योगिक कार्यशाला र बचत तथा ऋणमा पनि बिस्तार भयो। ती संस्थाहरू रोचडेल, सुल्ज-डेलिट्स्च र राइफेइजेनका ढाँचामा आधारित थिए। सन् १९१७ को रुसी क्रान्तिपछि लेनिनले सहकारी संस्थाहरूलाई समाजवादी प्रणालीमा पुग्ने माध्यमको रूपमा प्रोत्साहन दिएको देखिन्छ। जापानमा मेइजी काल (Meiji era) मा नै रोचडेली नमुनाको अनुकरण गरियो। त्यहाँ सन् १८७९ मा स्थापना गरिएको उपभोक्ता भन्डारसँगै सहकारी आन्दोलन प्रारम्भ भयो।

अन्यत्र खास गरी तेस्रो विश्वमा विभिन्न माध्यमबाट सहकारी सन्देशको सञ्चार भएको देखिन्छ, जसमा युरोपेली आप्रवासीहरू, युरोप पुगी फर्केका सम्बन्धित देशकै अगुवाहरू र औपनिवेशिक सरकारहरू पर्दछन्। अर्जेन्टिनामा सन् १८६५ मा वेल्सबाट गएका आप्रवासीहरूले सहकारी संस्था बनाए। इजरायलमा सन् १९१० मा पहिलो किबुज (Kibbutz) रुसतिरबाट आएका यहुदी आप्रवासीहरूले खडा गरे। त्यस्तै, चीनमा सन् १९१९ मा प्राध्यापक सु सिन्जाउ (Xue Xianzhou) को पहलमा सहकारी बचत बैङ्कको स्थापना भयो। उनी अमेरिका र जर्मनीमा दीक्षित अर्थशास्त्री हुनाले जर्मनीको नमुना त्यहाँ पुगेको अनुमान गरिन्छ।

भारतमा सन् १८८९ मा अर्थशास्त्रका प्राध्यापक वी. एल. कावथेकर (V. L. Kavthekar) को अगुवाइमा बचत तथा ऋण संस्था गठन गरियो। पछि सहकारी प्रवर्द्धनमा औपनिवेशिक प्रशासकहरूको पनि रुचि देखियो। उनीहरूले युरोपमा विकसित सहकारी आन्दोलनको अवलोकनसमेत गराए। भारतका लागि जर्मनीको राइफेइजेन ढाँचामा कृषि ऋणसम्बन्धी सहकारी संस्थाहरू उपयुक्त हुने मानियो। सन् १९०४ मा सहकारी ऋण संस्था ऐन जारी गरी सरकारी स्तरबाटै प्रवर्द्धन कार्य थालियो।

भारतीय ढाँचाको सहकारी प्रवर्द्धन तत्कालीन बेलायती साम्राज्यअन्तर्गतका अन्य मुलुकहरूमा पनि बिस्तार गरियो। फ्रान्स, नेदरल्यान्ड, पोर्चुगल आदि देशहरूले पनि बेलायतको अनुशरण गरेर सहकारीतालाई बढावा दिएको देखिन्छ। जापानी औपनिवेशिक कालमा कोरियामा पनि सहकारी संस्थाहरू प्रारम्भ गरिए। कोरियामा पहिलो कृषक सहकारी वित्त संस्था जापानको संरक्षित मुलुक (Protectorate) हुँदा सन् १९०७ मा जापानी

वित्तीय सल्लाहकारको सुझावअनुसार स्थापना गरिएको देखिन्छ।[२३] अफ्रिकाका कतिपय देशहरूमा साम्राज्यवादी स्वार्थ वा श्वेत पुनर्वासीहरूको हितका लागि मात्र सहकारी संस्थाहरूलाई मान्यता दिइएको भन्ने आलोचना पनि छ।

सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (International Co-operative Alliance) को स्थापना गरियो। महासङ्घ गठनको सिलसिलामा लन्डनमा आयोजित महासभामा युरोप, अमेरिका, दक्षिण अमेरिका, अष्ट्रेलिया र एशियाका १५ देशको प्रतिनिधित्व रहेको हुँदा त्यतिबेला नै सहकारी आन्दोलनले अन्तर्राष्ट्रिय व्यापकता पाइसकेको देखिन्छ।[२४] महासङ्घको स्थापना हुनुअघिदेखि नै सहकारीकर्मीहरूका लागि रोचडेली अग्रजहरूले अनुशरण गरेका सिद्धान्तहरू नै मुख्य मार्गदर्शक थिए। पछि महासङ्घद्वारा परिवर्तित समयमा ती सिद्धान्तहरूको पुनरावलोकन गर्न विशेष समिति बनाइयो। उक्त समितिले सिफारिस गरेबमोजिमका रोचडेली सिद्धान्तहरूलाई नै सन् १९३७ मा महासङ्घले मान्यता दियो। त्यसपछि सन् १९६६ र १९९५ मा महासङ्घद्वारा सहकारी सिद्धान्तहरूको पुनरावलोकन हुँदा पनि मूलतः रोचडेली सिद्धान्तहरूकै अनुरूप निर्धारण गरियो। त्यसरी ओवन, डा. किङ र रोचडेली अग्रजहरूदेखि हालसम्म पनि सहकारीताको मौलिकता कायम रहिआएको देखिन्छ।

राजनीतिक वा आर्थिक व्यवस्था जे-जस्तो भए तापनि संसारका सबैजसो मुलुकहरूमा राज्यस्तरबाट सहकारीतालाई बढावा दिइएको पाइन्छ। हालसालैको तथ्याङ्कअनुसार विश्वभरी पुगनपुग ३० लाख सहकारी संस्थामा १ अर्ब २० करोड व्यक्तिगत सदस्य छन्। सहकारी सदस्यताको यो सङ्ख्या सन् १९९० को ६६ करोडको तुलनामा ८२ प्रतिशत अधिक हो। पछिल्ला दशकहरूको बढ्दो जनसहभागिताले पनि आन्दोलनको सान्दर्भिकता दर्शाउँछ। अन्तर्राष्ट्रिय सहकारी महासङ्घमा १०३ देशका सहकारी आन्दोलनहरूको प्रतिनिधित्व देखिन्छ।[२५]

आन्दोलनका चिन्तकहरूले प्रारम्भमा चाहेजस्तो सहकारीग्रामको उदाहरणका रूपमा इजरायलका सामुदायिक किबुज रहेका छन्। अन्यत्र सहकारी आन्दोलन प्रायः विषयगत वा बहुउद्देश्यीय संस्थाहरूको रूपमा देखिन्छ। विषयगत आन्दोलनहरूमा सन् २००८ को वित्तीय सङ्कटबाट पनि अछुतो रहेको अमेरिकी बचत तथा ऋण सहकारीता पनि सफल मानिन्छ। औद्योगिक क्षेत्रमा स्पेनको मोन्ड्रागोन सहकारी समूह (हाल मोन्ड्रागोन सहकारी संस्थान (Mondragon Co-operative Corporation) उदाहरणीय छ। मोन्ड्रागोनजस्तै प्रत्यक्ष रूपमा सहकारी प्रभाव देखिएको इटालीको इमिलिया-रोमाग्ना (Emilia-Romagna) प्रदेश पनि हो, जहाँ ८,००० (दुई तिहाइ श्रमिकका) संस्थासहित सहकारी क्षेत्रले प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा ४० प्रतिशतको हाराहारीमा योगदान गरेको देखिन्छ। भारतको गुजरात राज्यमा दुग्ध सहकारीताको भूमिका त्यत्तिकै महत्त्वपूर्ण मानिन्छ।

२.३.१ सिद्धान्तसम्मत आन्दोलन

आधुनिक सहकारीता निश्चित सामाजिक अडानहरूमा आधारित आर्थिक उपार्जन (Undertaking) हो। यसका मूल्य, सिद्धान्त र मान्यताहरू समाजमा कायम रहिआएका आर्थिक सम्बन्धहरू पुनःरचना गर्ने प्रकृतिका छन्। आन्दोलनका आधारभूत अवधारणाहरूको विकास बेलायतमा भएको तर सोसँगसँगै वा पछिल्लो क्रममा फ्रान्स, जर्मनी र अन्यत्रका प्रयोग तथा चिन्तन-मननको पनि महत्त्वपूर्ण योगदान रहेको देखिन्छ। बेलायतमा मुख्यतया प्रख्यात सुधारवादी रबर्ट ओवन (Robert Owen), उनकै समकालीन डा. विलियम किङ (Dr. William King) र धेरैजसो एक, अर्को वा दुवैका अनुयायी श्रमिक

---

[२३] https://coops4dev.coop/en/4devasia/republic-korea (हेरिएको मितिः२०८१ भाद्र १४ गते)

[२४] https://ica.coop/en/cooperatives/history-cooperative-movement (हेरिएको मितिः २०८१ भाद्र १४ गते)

[२५] https://ica.coop/en/about-us/our-members/global-cooperative-network (हेरिएको मितिः २०८१ भाद्र १४ गते)

नायक रोचडेली अग्रजहरू (Rochdale Pioneers) का सैद्धान्तिक अनुकल्पना एवं व्यावहारिक परीक्षणको फलस्वरूप अन्ततः सहकारीताका मौलिक सिद्धान्त तथा मूल्यमान्यताहरू स्थापित भए। त्यसले कम्तीमा पनि दुई दशक (सन् १८२५-४४) तर समग्रमा पुगनपुग चार दशक (सन् १८१३-५४) लामो समय लिएको देखिन्छ।

रबर्ट ओवन स्वयम् एक सफल उद्यमी थिए तर उनलाई अठारौं शताब्दीको उत्तरार्द्धदेखि प्रारम्भ भएको औद्योगीकरणले निम्त्याएको सामाजिक विघटन, मानिसको अवमूल्यन र श्रमजीवी वर्गको दुरावस्थाको चिन्ता थियो। उनको सुधारकार्य न्यू लानार्क (New Lanark) स्थित आफ्नै औद्योगिक हाताबाट प्रारम्भ भयो। उनले सर्वप्रथम १० वर्षमुनिका बालबालिकालाई काममा नलगाएर पाठशाला खोली पढाए र त्यसपछि मजदुरहरूको दैनिक कार्यघण्टा कटौती, ज्यालामा समुचित बढोत्तरी, मजदुर आवासको स्तरोन्नति, स्वास्थ्य तथा सरसफाइ, नियमित प्रवचन, सुपथ मूल्य पसल, बचत बैङ्क आदिमा ध्यान दिए। समस्त कल्याणकारी कार्यहरूमा भएको लगानी खेर गएन। औद्योगिक हाताको वातावरण राम्रो बन्दै गयो र नाफा पनि निस्की नै रह्यो।

ओवनको कारखाना साझेदारी प्रतिष्ठान थियो तर मजदुरहरूका लागि कल्याणकारी कार्यहरू र सोको प्रतिउत्तरमा उनीहरूको यथाशक्ति योगदानले गर्दा नमुना बन्यो। ओवनका प्रारम्भिक धारणाहरू जसरी व्यवहारमा स्थापित भइरहेका थिए त्यसले उनको नयाँ नैतिक संसार (New moral world) को परिकल्पना साकार पार्ने सम्भावना पनि उजागर गरिरहेको थियो। अब उनी निजी स्वामित्वको कल्याणकारी प्रतिष्ठानभन्दा पनि आपसी स्वामित्वको सहकारीग्राम (Village of Co-operation) स्थापना गर्न चाहन्थे। सहकारी समुदाय (Co-operative community) पनि भनिने त्यस किसिमको ग्राम स्वधान्य (Self-supporting) हुन्थ्यो। ग्रामबासी सदस्यहरूले आफ्ना लागि आवश्यक कृषि तथा औद्योगिक चीजबीज सकभर आफैं उत्पादन गर्ने, नपुग भएजति एक-अर्को ग्रामबीच नाफा नखाइकन लेनदेन गर्ने र एकपछि अर्को समुदाय गरी जहाँसुकै सबैले मिलीजुली आ-आफ्नो परिश्रमबाटै मानवोचित रूपमा बस्नेखाने सुविधा, शिक्षा-स्वास्थ्य सेवा र भइपरीमा स्वयं तथा सन्ततिको सामुहिक सुरक्षालगायतका सम्पूर्ण व्यवस्था मिलाउने परिकल्पना ओवनको देखिन्छ।

ओवन र समान धारणा राख्ने विलियम थोम्पसन (William Thompson) लगायतका ओवनवादी चिन्तकहरूको वैचारिक सारतत्व (१) प्रतिस्पर्धालाई पारस्परिकताद्वारा र (२) नाफालाई समतामय विनिमयद्वारा प्रतिस्थापन हो। अप्रत्यक्ष रूपमा अविलासी उपभोगप्रतिको अडान पनि त्यहाँ अन्तर्निहित छ। सहकारी आन्दोलनको आधारभूत अवधारणामा यी तीनवटै पर्दछन्।

आम रूपमा प्रतिस्पर्धा हुँदा निपुणता, नवप्रवर्तन र उपभोक्ता हित हुने विश्वास गरिन्छ। सहकारी चिन्तकहरूले भने प्रतिस्पर्धा श्रमजीवी वर्गको हितमा देखेनन्। श्रमिक-श्रमिकबीच प्रतिस्पर्धा हुँदा ज्याला घट्नु त स्वाभाविकै भयो। उद्योगी-उद्योगीबीचको प्रतिस्पर्धाको मारमा पनि खासमा श्रमिक नै पर्दथे। उतिबेला श्रमिकजस्तै अहिले महाजन-महाजनबीचको प्रतिस्पर्धामा उपभोक्ताहरूको क्रय केही सस्तो हुँदा पनि त्यसको मारमा वास्तविक उत्पादनमा खट्ने कृषक नै पर्ने हुन्छन्। अहिले बजार प्रतिस्पर्धाको मारमा प्रकृति समेत परेको देख्न सकिन्छ। सहकारी चिन्तनमा मानवविरुद्ध मानव (Humans against humans) को विकल्पमा मानवका लागि मानव (Humans for humans) प्रतिको अडान अन्तस्थ रहिआएको छ।

त्यस्तै, नाफारहित विनिमय वस्तुतः परिश्रममा आधारित वितरणको अवधारणा हो। जसले परिश्रम गर्दछ उसैले प्रतिफल पाउने परिपाटी बसालेर शोषणरहित आर्थिक सम्बन्धहरू (Non-exploitative economic relations) स्थापना गर्ने ध्येय सहकारी विचारकहरूको देखिन्छ। अल्छीहरूको मतलब

नगर्ने, उत्पादनमा लागेको श्रमको मात्राअनुसार वस्तुको मूल्य कायम गर्ने र सक्दा परिश्रम गर्नेका लागि नसक्दा अथवा दैव संयोग पर्दा आफू वा आफूमा निर्भर परिवारका अन्य सदस्यहरूका लागि सामुहिक सुरक्षाको व्यवस्था मिलाउने गरी सहकारीग्रामको रचना गरिएको थियो। परिश्रमका आधारमा वितरण हुँदा व्यक्ति-व्यक्ति (अथवा परिवार-परिवार) को बीचमा प्रतिफलमा अस्वाभाविक अन्तर हुने थिएन। त्यस्तोमा एकातिर कोही भोकै नपर्ने हुन्थ्यो भने विलासी जीवनयापनको गुञ्जायस कसैका लागि पनि रहदैन थियो।

सहकारीताको वैचारिक आधारशिला राख्नमा ओवनका समकालीन डा. विलियम किङको त्यत्तिकै योगदान छ। चिकित्सकका साथै मानविकीका आचार्य डा. किङ श्रमजीवीहरूको दुरावस्थाको निकास उनीहरूकै सहकारी प्रयासबाट मात्र सम्भव देख्दथे। सो सम्भावना हासिल गर्न मजदुरहरू स्वयंमा सहकारी जागरण ल्याउनु आवश्यक थियो। त्यसका लागि उनले "The Co-operator" नामको पत्रिका प्रकाशन गरे। सन् १८२८ को मे महिनादेखि १८३० को अगस्तसम्म जम्मा २८ अङ्क निस्किएको सो मासिकमा डा. किङले सरल भाषामा सहकारीताका आर्थिक तथा सामाजिक विधिहरूको बारेमा लेख्ने गर्दथे।[२६]

डा. किङ र ओवनको विचारमा सहकारीग्राम, पारस्परिक सहयोग, श्रमको मानक, शिक्षादीक्षा, सामुहिक सुरक्षा आदिमा समानता थियो। सहभागिता र स्वावलम्बनका हकमा भने दुई चिन्तकहरूमा तात्विक भिन्नता रह्यो। सहकारीग्रामको सदस्यता ओवनको मतमा नयाँ नैतिक मूल्यहरूमा विश्वास राख्ने इच्छुक जोसुकैका लागि खुला हुनुपर्दथ्यो भने डा. किङको मतमा गरिखाने वर्ग (Working class) का लागि मात्र। त्यसैगरी ग्राम स्थापनाका लागि आवश्यक स्रोत जोसुकैको सहयोगवापत जुटाउन सकिने धारणा ओवनले राख्दथे भने डा. किङको धारणा गरिखाने वर्गले अरूको सहयोग लिन नहुने बरु जे-जति हुन्छ आफैले बचत गरेर र आफ्ना दैनिक आवश्यकताका वस्तुहरूका लागि आफ्नै पसल खोलेर सोको नाफासमेत गरी जुटाउनुपर्ने थियो। अर्काको आस नगरीकन आफ्नै प्रयासमा मात्र लक्ष्यमा पुग्न सकिने स्वावलम्बी चिन्तनमा डा. किङको विशिष्ट देन रह्यो। त्यससँगै सहकारीता परिश्रमी वर्गमाझ स्वावलम्बनबाट प्रेरित आन्दोलनको रूपमा उदायो।

व्यवहारमा भने ओवनका सहकारीग्रामहरू अथवा डा. किङले बताएबमोजिम ग्राम स्थापनाको लक्ष्यसहित साझा पसल वा अन्य रूपमा प्रारम्भ गरिएका संस्थागत प्रयासहरू सफल हुन सकेका थिएनन्। दुवै चिन्तकका विचारहरूलाई व्यावसायिकता प्रदान गर्ने कार्य रोचडेल नगरका श्रमजीवीहरूले गरे। ओवनको समाजवादी आन्दोलन, जनविधानवादी आन्दोलन वा अन्य समकालीन सामाजिक अभियानहरूमा सामेल हुनाले रोचडेली अगुवाहरूमा एकातिर उत्कृष्ट वैचारिक परिप्रेक्ष्य थियो भने अर्कातिर मजदुर हुनाले जीवन्त भोगाई पनि। त्यसकारण उनीहरू आमश्रमजीवीको वास्तविकतासापेक्ष ओवन र डा. किङका मान्यताहरूको पुनरावलोकन गर्ने अवस्थामा थिए। उनीहरूले आपसी परामर्श, सार्वजनिक बहस र अघि खुलेका सहकारी संस्थाहरूको असफलताको कारण समेतका आधारमा तिनमा यथोचित परिष्कार गरे।

अन्ततः सन् १८४४ मा उपभोक्ता पसलबाट काम प्रारम्भ गरेर "संयुक्त हितका स्वधान्य ग्राम" सम्मको लक्ष्यमा पुग्ने गरी रोचडेल समतामूलक अग्रजहरूको संस्था (Rochdale Society of Equitable Pioneers) स्थापना गरियो। त्यसरी चार्ल्स होवार्थ (Charles Howarth), विलियम कोपर (William

---

[२६] Dr. William King and the Co-operator 1828-1830, Ed. T.W. Mercer, The Co-operative Union Limited, Holyoake House, Hanover Street. Manchester, 1922. (https://cooperativismodecredito.coop.br/wp-content/uploads/2021/03/William-King-The-Co-operator.pdf हेरिएको मितिः २०८१ भाद्र १४ गते)

Cooper), जेम्स स्ट्यानड्रिङ (James Standring) समेतका जम्मा २८ जना श्रमजीवीहरूले ओवन र डा. किङका विचारहरूलाई मूर्त रूप दिए। आधारभूत चिन्तनमा अविचलित र व्यावसायिक अर्थमा अत्यन्त सफल हुनाले सो संस्थालाई नै वर्तमान सहकारी आन्दोलनको प्रारम्भ गर्ने संसारको पहिलो सहकारी संस्था मानियो।

उल्लिखित सैद्धान्तिक अडानहरू वर्तमान सहकारीकर्मीहरूले पनि वस्तुतः कायम राखेको देख सकिन्छ। सहकारी सदस्यहरूले संस्थाभित्र र अन्तरसंस्थाको तहमा पनि प्रतिस्पर्धाको विकल्पमा पारस्परिक सहयोग प्रवर्द्धन गर्दछन्। अरू खालका व्यवसायसँग प्रतिस्पर्धाको अवस्था आइपर्दा पनि अस्वस्थ प्रतिस्पर्धामा संलग्न नहुने मान्यता उनीहरू राख्दछन्। सहकारी व्यवसायमा एक सदस्यको आर्जन अर्को सदस्यको भागमा कहिल्यै जाँदैन। नाफाविमुखी विचारकै कारण गैरसदस्यहरूसँग कारोबार गर्नुपरेको खण्डमा पनि त्यसमा भएको नाफाजति सम्बन्धित व्यक्तिहरूलाई फिर्ता दिइन्छ। सहकारीतामा नाफा शब्दको विकल्पमा बचत (Savings), उबार (Surplus), कार्यसञ्चालनको आर्थिक नतिजा (Economic results of operation) जस्ता शब्दहरू प्रयोग गरिएको हुन्छ। त्यस्तै, सहकारी संस्थाहरूको व्यवसाय आधारभूत आवश्यकताका वस्तु तथा सेवामा नै केन्द्रित रहन्छ।

प्रतिस्पर्धा, परिश्रम र अविलासी उपभोगप्रतिको अडान महात्मा गान्धीको सर्वोदय चिन्तनमा पनि अन्तस्थ देखिन्छ।

२.४ सहकारी मूल्य र सिद्धान्त

२.४.१ सहकारी मूल्यहरू

सहकारी मूल्य सहकारी आन्दोलनको स्थापनादेखि नै निर्धारित थियो। संस्थापकहरूले चाहेको मानवीय सम्बन्धहरूमा आधारित सभ्यता नै यसको आधारभूत मूल्य हो। अन्तर्राष्ट्रिय सहकारी महासङ्घको औपचारिक निर्धारणमा यी वैचारिक अडानहरूलाई आधारभूत (Basic) र नैतिक (Ethical) गरी दुई वर्गमा राखिएको छ। सहकारीताका पारिभाषिक अवधारणाहरू पहिलो वर्गमा पर्दछन् भने सुसंस्कृत समाजमा सर्वस्वीकृत तर सहकारी सदस्यहरूले पनि लिइआएका अवधारणाहरू दोस्रो वर्गमा।

आन्दोलनका आधार मूल्यहरू स्वावलम्बन (Self-help), स्वउत्तरदायित्व (Self-responsibility), लोकतन्त्र (Democracy), समानता (Equality), समता (Equity) र ऐक्यबद्धता (Solidarity) हुन्।[२७] सहकारी आन्दोलनको पहिचान प्रथमतः आधार मूल्यहरूमा नै खुल्दछ। यी अवधारणाहरूको अर्थमा पनि प्रायः आफ्नै विशिष्टता देखिन्छ। उदाहरणका लागि लोकतन्त्रलाई लिन सकिन्छ। सहकारीकर्मीहरूका लागि लोकतन्त्रको अर्थ आवधिक निर्वाचनमा प्रतिनिधि छान्ने र उनीहरूलाई आफ्नो कामप्रति जवाफदेही बनाउनेमा सीमित हुँदैन। सहकारी लोकतन्त्र त सहभागितामूलक हुने मानिन्छ। संस्थाका सबै मुख्य विषयहरूको निर्णय प्रक्रियामा साधारण सदस्यहरू नियमित रूपमा थोरै भए एकै स्थानमा र धेरै भए आ-आफ्नो पायक पर्ने स्थानमा जुटेर सहभागी हुन्छन्।

त्यस्तै विशेष अर्थ स्वावलम्बनको लगाइन्छ, जसअनुसार व्यक्तिले आफ्नो परिश्रमको अर्थात् कमाएको (Earned) आम्दानीमा जीवनयापन गर्नुपर्ने हुन्छ। अर्काको परिश्रम उपयोग गरी नकमाएको (Unearned) आम्दानीमा जीवनयापन गर्नु परावलम्बी मानिन्छ। सहकारी उद्योगमा मालिकहरू सबैले मजदुरी पनि गर्दछन्। श्रम भने शारीरिक वा बौद्धिक हुन सक्छ।

[२७] https://ica.coop/en/cooperatives/cooperative-identity (हेरिएको मितिः २०८१ भाद्र १५)

इमान (Honesty), खुलापन (Openness), सामाजिक उत्तरदायित्व (Social responsibility) र अर्काको ख्याल (Caring for others) लाई नैतिक मूल्यमा लिइएको छ। नैतिक मूल्यहरूमा अर्काको ख्याल विशिष्ट देखिन्छ। आफ्नो हितका लागि एकजुट हुँदा अर्काको अहित हुन नपाओस् भन्ने दृष्टिकोण सहकारीकर्मीहरूमा अघिदेखि नै रह्यो। सहकारी संस्थाको उद्देश्य पनि समाजको हितसम्मत हुने गरी मात्र आफ्ना सदस्यहरूको हितको संरक्षण र प्रवर्द्धन हुन सक्ने मानिन्छ। सदस्यहरूको तर बृहत् समाजमैत्री सामुदायिक संस्थाको छवि सहकारी संस्थाको हुन्छ।

२.४.२ सहकारी सिद्धान्तहरू

सहकारी मूल्य अनुरूपका मार्गदर्शकीय अवधारणाहरू सिद्धान्तको रूपमा ग्रहण गरिएको देखिन्छ। सहकारी सिद्धान्तहरू मूलतः १८० वर्षअघि रोचडेलमा स्थापित परम्पराका प्रतिक रहिआएका छन्। सहकारी संस्थाको मानकीकरणका मुख्य आधार पनि यिनै सिद्धान्तहरू हुन्।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घबाट पछिल्लोपटक सन् १९९५ मा निर्धारित सातवटा सहकारी सिद्धान्तहरू निर्धारण गरिएको हो। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सहकारी संस्था प्रवर्द्धनसम्बन्धी सिफारिस, २००२ को १९३ नम्बरमा पनि महासङ्घीय सिद्धान्तहरू नै ग्रहण गरियो। सहकारीकर्मीहरूले अन्तर्राष्ट्रिय स्तरमा साझा न्यूनतम मार्गदर्शनको रूपमा स्वीकार गरेका र कतिपय देशहरूले आफ्नो कानूनमा पनि उल्लेख गर्ने गरेका सहकारी सिद्धान्तहरूलाई संयुक्त राष्ट्रसङ्घीय प्रणालीद्वारा पनि मान्यता दिएको देखिन्छ। अन्तर्राष्ट्रिय सहकारी महासङ्घद्वारा निर्धारित सहकारी सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्:-[२८]

(१) स्वैच्छिक तथा खुला सदस्यता (Voluntary and Open Membership),

(२) सदस्यको लोकतान्त्रिक नियन्त्रण (Democratic Member Control),

(३) सदस्यको आर्थिक सहभागिता (Member Economic Participation),

(४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence),

(५) शिक्षा, तालिम तथा सूचना (Education, Training and Information),

(६) सहकारी संस्थामाझ सहयोग (Co-operation among Co-operatives), र

(७) समुदायप्रतिको सरोकार (Concern for Community)

(१) स्वैच्छिक तथा खुला सदस्यता

सहकारी संस्थाहरू तिनको सेवा उपयोग गर्न सक्ने तथा सदस्यताको उत्तरदायित्व बहन गर्न राजी हुने सबै व्यक्तिका लागि लैङ्गिक, सामाजिक, जातीय, राजनीतिक वा धार्मिक भेदभावबिना खुला रहने स्वैच्छिक सङ्गठन हुन्।

(२) सदस्यको लोकतान्त्रिक नियन्त्रण

सहकारी संस्थाहरू आफ्ना सदस्यद्वारा नियन्त्रित लोकतान्त्रिक सङ्गठन हुन्। संस्थाको नीति तर्जुमा र निर्णय प्रक्रियामा सदस्यहरू सक्रियतापूर्वक सहभागी हुन्छन्। निर्वाचित प्रतिनिधिको रूपमा कार्यरत सबै सदस्यहरूप्रति उत्तरदायी रहन्छन्। प्राथमिक सहकारी संस्थामा

---

[२८] https://ica.coop/en/cooperatives/cooperative-identity (हेरिएको मितिः २०८१ भाद्र १५)

सदस्यहरूको मताधिकार बराबर (एक व्यक्ति एक मत) हुन्छ भने अन्य तहका सहकारी संस्था पनि लोकतान्त्रिक ढङ्गले सङ्गठित भएका हुन्छन्।

(३) सदस्यको आर्थिक सहभागिता

सहकारी संस्थाको पुँजीमा सदस्यहरूको न्यायोचित योगदान र लोकतान्त्रिक नियन्त्रण रहन्छ। त्यस्तो पुँजीमध्ये सदस्यताको सर्तस्वरूप चुक्ता गरेको पुँजीमा सदस्यहरूले कुनै क्षतिपूर्ति पाउने भए सामान्यतया सीमित मात्रामा पाउँदछन्। संस्थाको उबारमध्ये सम्भवतः एक भाग अविभाज्य रहने किसिमको जगेडा कोष खडा गरी संस्थाको विकास गर्न, सदस्यहरूले संस्थासँग गरेको कारोबारको अनुपातमा उनीहरूलाई लाभान्वित गराउन र सदस्यहरूबाट स्वीकृत अन्य क्रियाकलापमा सहायता पुऱ्याउने प्रयोजनमा उपयोग गरिन्छ।

(४) स्वायत्तता तथा स्वतन्त्रता

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूबाटै नियन्त्रित आत्म-सहयोगी, स्वायत्त सङ्गठन हुन्। उनीहरूले सरकारलगायतका अन्य निकायसँग कुनै सम्झौता गर्नुपर्दा वा बाह्य पुँजी जुटाउनुपर्दा आफ्ना सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण सुनिश्चित हुने तथा आफ्नो सहकारी स्वायत्तता कायमै रहने शर्तमा गर्दछन्।

(५) शिक्षा, तालिम तथा सूचना

सहकारी संस्थाहरूले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक एवं कर्मचारीलाई संस्थाको विकासमा प्रभावकारी ढङ्गले योगदान गर्न सक्षम बनाउनका लागि शिक्षा तथा तालिम प्रदान गर्दछन्। उनीहरूले सहकारीताको प्रकृति र यसका लाभबारे सर्वसाधारण विशेषतः तरुण पुस्ता र वैचारिक नेतालाई जानकारी गराउँदछन्।

(६) सहकारी संस्थामाझ सहयोग

सहकारी संस्थाहरूले स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संरचनाको माध्यमबाट आपसमा मिली काम गरेर सर्वाधिक प्रभावकारी ढङ्गले आफ्ना सदस्यहरूको सेवा गर्दछन् र सहकारी आन्दोलनलाई सुदृढ पार्दछन्।

(७) समुदायप्रतिको सरोकार

सहकारी संस्थाहरूले आफ्ना सदस्यले अनुमोदन गरेका नीति अनुरूप आफ्नो समुदायको दिगो विकासका लागि कार्य गर्दछन्।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको तर्फबाट गरिएको व्याख्यात्मक टिप्पणीसमेत हेर्दा सहकारी सिद्धान्तहरूलाई वस्तुतः सशक्तीकरण संरचना (Empowering framework) को रूपमा लिएको देखिन्छ। बिचौलिया आर्थिक क्रियाकलापको मारमा परेकाहरू स्वेच्छाले सङ्गठित भएर आफ्नो आवश्यकता अनुरूपका सेवाहरूको व्यवस्था मिलाउने, त्यस प्रक्रियामा सेवा उपयोगकर्ता समुदायका इच्छुक अन्यलाई पनि विनाभेदभाव समावेश गर्ने र लोकतान्त्रिक विधि अनुरूप आपसमा सरसल्लाह गरेर आफ्नै बुद्धि-विवेकले अघि बढ्ने अभिप्रेरणा तिनले दिन्छन्। आर्थिक पाटोमा पनि पुँजी जे-जति सकिन्छ सदस्यहरू आफैले जुटाउने, व्यवसायमा हुने आर्जनको एक अंश सामाजिक पुँजीको रूपमा राख्ने र पुँजीको प्रतिफल निश्चित दरमा सीमित गरी उत्पादन वा श्रमको (वा अप्रत्यक्ष रूपमा उपभोगको) आधारमा वितरण गर्ने परिपाटी बसाल्न खोजिएको छ।

सदस्यहरूका साथै आम जनमानसमा आत्मनिर्भरता र पारस्परिकताका सम्भावनाप्रतिको जागृति ल्याउन सहकारी शिक्षालाई सिद्धान्तकै रूपमा ग्रहण गरिएको देखिन्छ। सरकारसँगको अपेक्षा नियमित व्यवसायसरह (नियमन तथा संरक्षण) व्यवहारकै हो। थप प्रोत्साहन अन्यथा मानिएको छैन तर त्यसवापत अनावश्यक हस्तक्षेप वा नीति-निर्देशन नगरी आफैले जाने बुझेअनुसार गर्दै दोहोर्दै अघि बढ्न दिने आग्रह स्वायत्तता तथा स्वतन्त्रताको सिद्धान्तमा अन्तर्निहित छ। पारस्परिक सहयोगलाई अन्तरसंस्था तहसम्म उन्नत गराएर अर्थतन्त्रमा निजी वा सरकारी क्षेत्रसमेतमा मानदण्डकीय (Yard sticking) प्रभाव ल्याउने गरी जुट्न सहकारी सदस्यहरू निर्दिष्ट छन्। त्यस्तै, समुदायप्रतिको सरोकारको सार मानव समाजको विकासमा रहिआएको तर आधुनिकीकरणका दौरान क्षयीकृत हुँदै गरेको सामुदायिक संरक्षण परिपाटीको जगेर्ना देखिन्छ।

सहकारी सिद्धान्तहरूको व्यावसायिक अर्थ त्यत्तिकै छ। विद्वानहरूले सिद्धान्तसम्मत चलेका सहकारी संस्थाहरू विषम परिस्थितिमा पनि असफल नहुने र सदस्यको जीवन तथा समुदायमा तिनको सकारात्मक प्रभाव निश्चित रूपमा पर्ने गरेको तथ्य औंल्याउँछन्। सिद्धान्तमा सम्झौता गरेका सहकारी संस्थाहरूमा भने सदस्यको जीवन वा समुदायमा कुनै उल्लेखनीय प्रभाव नपार्ने तर ढिलोचाँडो स्वयं समस्यामा पर्ने प्रवृत्ति देखिन्छ।

२.५ सहकारी क्षेत्रको अन्तर्राष्ट्रिय विकास

औद्योगिक क्रान्तिको समयमा श्रमिकहरूले भोगेका कठोर आर्थिक परिस्थितिहरू र शोषणको सम्बोधन गर्ने प्रयास स्वरूप १८औं शताब्दीको मध्यतिरबाट सहकारीको इतिहास सुरु भएको मानिन्छ। सहकारी आन्दोलन युरोपमा, अझ विशेषगरी बेलायतमा सुरु भयो। पहिलो आधुनिक सहकारी अर्थात् रोचडेल सोसाइटी अफ इक्विटेबल पायनियर्स सन् १८४४ मा रोचडेल, इङ्गल्याण्डमै स्थापना भएको थियो। यस सहकारीले स्थापना गरेका लोकतान्त्रिक नियन्त्रण, स्वेच्छिक सदस्यता, र समुदायप्रति चिन्ता जस्ता मुख्य सिद्धान्तहरू अहिले विश्वभरिका सहकारीहरूको आधारका रूपमा रहेका छन्।

युरोप र विश्वका अन्य भागहरूमा औद्योगीकरणसँगै आर्थिक र सामाजिक चुनौतिहरूको प्रतिक्रिया स्वरूप सहकारीहरू विकसित भएका हुन्। किसानले सामुहिक रूपमा खरिद गर्न, आफ्ना उत्पादनहरूको बजारीकरण गर्न र कर्जामा पहुँच बढाउनका निम्ति कृषिक्षेत्रमा सहकारीहरू गठन भए। त्यसैगरी सहरी क्षेत्रमा भने श्रमिक वर्गका परिवारलाई सस्तोमा वस्तु उपलब्ध गराउन उपभोक्ता सहकारी संस्थाको उदय भएको थियो। प्रारम्भिक रूपमा स्थापना भएका यस्ता सहकारीहरू प्रायः पुँजीपति र एकाधिकारवादीको शोषणकारी अभ्यासको विरुद्ध आर्थिक अस्तित्व र आत्मनिर्भरताका निम्ति सञ्चालित थिए।

१९औं शताब्दीको उत्तरार्ध र २०औं शताब्दीको प्रारम्भमा सहकारी आन्दोलन विश्वव्यापी भयो जसले उत्तरी अमेरिका, एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा सहकारी अभियानलाई प्रभाव पारेको देखिन्छ। विश्वका विभिन्न मुलुकले सहकारीलाई आफ्नो विशिष्ट सामाजिक र आर्थिक परिस्थितिका आधारमा अनुशरण गरे, जसले सहकारीका विविध रूपहरू जस्तै क्रेडिट युनियनहरू, श्रमिक सहकारीहरू र आवास सहकारीहरू लगायतका अन्य सहकारीहरूको समेत विकास भयो। २०औं शताब्दीसम्म आइपुग्दा सहकारी क्षेत्रले सरकार र अन्तर्राष्ट्रिय संस्थाहरूबाट थप मान्यता र समर्थन प्राप्त गरे र विशेषगरी कृषि र ग्रामीण विकासमा राष्ट्रिय विकास रणनीतिको अभिन्न हिस्सा बने। अन्तर्राष्ट्रिय सहकारी समूहहरूको गठन र विश्वव्यापी विकास एजेन्डामा समेत सहकारीहरूको समावेशिताले गर्दा परम्परागत पुँजीवादी उद्यमको विकल्पका रूपमा सहकारी उभिन सफल भयो।

सहकारीको इतिहास र विकासक्रममा विश्व सहकारी आन्दोलनलाई आकार दिन केही देशका अभ्यास उदाहरणलायक छन्। जसको चर्चा यहाँ गरिएको छः-

२.५.१ संयुक्त अधिराज्य (बेलायत)

संयुक्त अधिराज्यलाई आधुनिक सहकारी आन्दोलनको जन्मस्थल मानिन्छ, जहाँ उत्तर इंग्ल्यान्डको कपडा उत्पादन गर्ने सहरमा डिसेम्बर १८४४ मा रोचडेल सोसाइटी अफ इक्विटेबल पायोनियर्सको स्थापना भएको थियो। हिल्सनका अनुसार रोचडेल पायोनियर्सलाई प्रायः सहकारी आन्दोलनको सबैभन्दा सफल र विश्वव्यापी रूपमा फैलिएको संस्थापकको संस्करणका रूपमा चिनिन्छ।[२९]

त्यसैगरी वाल्टनले रोचडेल सिद्धान्तहरूले विश्वभरका सहकारी अभ्यासहरूको आधारशीला राखेको उल्लेख गरेका छन्। रोचडेल पायोनियर्सलाई अक्सर उनीहरूका गुण र सहकारी आन्दोलनमा गरेका योगदानहरूको लागि सम्मान गरिन्छ। तर, उनीहरूको उपलब्धिहरूलाई राम्रोसँग बुझ्न उनीहरूको अद्वितीय सामाजिक, धार्मिक, र स्थानीय सन्दर्भलाई समेत ख्याल गर्न आवश्यक छ। ईस्थमले आफ्नो अनुसन्धानमा संयुक्त अधिराज्यका कृषि बजार सहकारीहरूले केही ठूला खेलाडीहरू भएको बजारमा शक्ति सन्तुलन गर्न कत्तिको राम्रोसँग काम गर्छन् भनेर अध्ययन गरेका छन्। उनको अध्ययनले सरकारद्वारा किसानका मूल्य बढाउनका निम्ति यी सहकारीहरूलाई समर्थन गरिए पनि, उनीहरू समयसँगै थप प्रभाव हासिल गर्न संघर्ष गरिरहेको भन्दै सहकारीहरू किसानहरूलाई अन्य महत्त्वपूर्ण लाभहरू प्रदान गर्ने र कृषि क्षेत्रलाई चलायमान राख्न मद्दत गर्ने कारणले टिकिरहेका हुन्छन्।

हेलिफ्याक्स सोसाइटीको इतिहास

हेलिफ्याक्स पर्मानेन्ट बेनिफिट बिल्डिङ एन्ड इन्भेष्टमेन्ट सोसाइटी The Halifax Permanent Benefit Building and Investment Society), जुन पछि हेलिफ्याक्स पर्मानेन्ट बेनिफिट बिल्डिङ सोसाइटी (Halifax Permanent Benefit Building Society)को रूपमा परिचित भयो, डिसेम्बर १८५२ मा हलिफ़ैक्सका स्थानीय व्यक्तिहरूद्वारा स्थापना गरिएको थियो। संस्थापकहरूमा जोनास डियर्न्ले टेलर (एक वकिलको सहायक), जोन फिसर (एक स्थानीय बैङ्क व्यवस्थापक) र एसाउ ह्यान्सन (एक कपडा निर्माता) समावेश थिए। यो सोसाइटीको उद्देश्य स्थानीय मानिसहरूलाई सानो रकम बचत गर्न वा घर निर्माण वा खरिद गर्न ऋण लिनको लागि सुविधा प्रदान गर्नु थियो। प्रारम्भिक "टर्मिनेटिङ" सोसाइटीहरू भन्दा फरक, जुन सदस्यहरूका लागि पर्याप्त कोष जुटाएपछि विघटन हुन्थे, हेलिफ्याक्स "पर्मानेन्ट" सोसाइटी थियो, जुन जति समयसम्म सक्षम रह्यो, निरन्तर चलिरहने थियो। लगानीकर्ताहरूले जम्मा गरेको रकम ऋणका लागि प्रयोग गरिन्थ्यो। १८५२ को अन्त्य र १८५३ को सुरुवातमा हेलिफ्याक्स ओल्ड कक इन (Old Cock Inn) को ओक कोठा (Oak Room) मा प्रारम्भिक बैठकहरू आयोजना गरियो। त्यहाँ संस्थापकहरूले सोसाइटीको नियम बनाएका थिए, र जोन फिसरलाई अध्यक्ष र १४ निर्देशकहरूको बोर्ड नियुक्त गरियो। जोनास टेलर सचिवको भूमिकामा नियुक्त भए, जुन उनले ५० वर्षसम्म सम्हाले। १८५३ को जनवरी २२ मा *हेलिफ्याक्स गार्डियन (Halifax Guardian)* पत्रिकामा सोसाइटीको पहिलो बैठकको घोषणा गरियो, जुन ४ फेब्रुअरीमा वर्ल्ड मार्केटमा सदस्यता लिनको लागि हुनेछ भन्ने जानकारी दिइएको थियो।

सोसाइटीको कामकाज तीव्र गतिमा अगाडि बढ्न थाल्यो। ग्राहकहरू न्यून शुल्कमा सदस्य बन्न सक्थे र नियमित रूपमा भुक्तानी गर्न सक्थे भने केहीले आफ्नो क्षमताअनुसार जति बेला सक्छन् त्यति पैसा

[२९] Hilson, M. (2017). *Rochdale and Beyond: Consumer Co-operation in Britain before 1945.* A Global History of Consumer Co-operation since 1850 (Page 59-77).

बचत गर्न अनुमति पाउँथे। मार्चको सुरुतिर करिब ६०० युरो जम्मा भइसकेको थियो र पहिलो गरिबी ऋणको आवेदन प्राप्त भएको थियो। १८५३ मे २६ मा निर्देशकहरूले एसाउ ह्यान्सनलाई १२१ युरो ऋण दिने स्वीकृति दिए। यो ऋण हेलिफ्याक्सको सेंट जोन्स लेनमा निर्माण गर्न जमिन किन्नको लागि दिइएको थियो।

पहिलो वर्षको अन्त्यसम्म, सोसाइटीसँग ५८४ सदस्यहरू र १४४ बचतकर्ताहरू थिए र ९,००० युरो भन्दा बढी ऋण दिइएको थियो, साथै २,००० युरो घर निर्माणको लागि सहमति भएको थियो। सोसाइटीले सावरबी ब्रिज, थर्नटन र क्विन्सहेडमा शाखा कार्यालयहरू खोले र १८६२ मा हडर्सफिल्डमा पनि कार्यालय स्थापना गरियो। १८७३ मा प्रिन्सेस स्ट्रिटमा सोसाइटीको मुख्य कार्यालय स्थापना भयो, जुन ५० वर्षसम्म रह्यो।

१८७५ मा हेलिफ्याक्सलाई बिल्डिङ सोसाइटी एक्ट १८७४ (Building Societies Act of 1874) अन्तर्गत समावेश गरियो, र त्यस दशकमा यसको सम्पत्ति दोब्बर भई १ मिलियन युरो नाघ्यो। १८८५ सम्ममा यो सबै यार्कशायरका बिल्डिङ सोसाइटीहरू (Yorkshire building societies) को बीचमा सबैभन्दा ठूलो कोष भएको सोसाइटी बन्यो।

विश्व युद्धपछि, आवासको अभावले सरकारलाई आवास निर्माण योजना सुरु गर्न प्रेरित गर्यो, जसमा हैलिफैक्सले प्रमुख भूमिका खेलेको थियो। १९६० र ७० को दशकमा नयाँ प्रविधिहरू अपनाइयो। १९६७ मा सोसाइटीको कम्प्युटरीकरण भयो र १९७३ मा ट्रिनिटी रोडमा नयाँ मुख्यालयको उद्घाटन गरियो। १९८० मा कार्डक्यास प्रणाली सुरु गरियो, जुन अत्याधुनिक एटिएम नेटवर्क थियो। १९८६ को बिल्डिङ सोसाइटी एक्टले वित्तीय सेवा क्षेत्रमा हेलिफ्याक्सलाई थप अधिकार दियो। सोसाइटीले व्यक्तिगत बैङ्किङ्ग, स्टक ब्रोकिङ, बीमा, र रियल स्टेट एजेन्सीमा आफ्नो व्यवसाय बिस्तार गऱ्यो।

१९९७ फेब्रुअरीमा, हेलिफ्याक्सका सदस्यहरूले यसलाई सार्वजनिक लिमिटेड कम्पनी (plc) बनाउन मत दिए। जून २ मा यसको शेयर बजारमा फ्लोटेसन भयो, जसले ७.५ मिलियन शेयरधारकहरू सिर्जना गऱ्यो। सेप्टेम्बर २००१ मा, हेलिफ्याक्सले बैङ्क अफ स्कटल्याण्डसँग मर्ज गरेर एचबीओएस (HBOS) plc गठन गऱ्यो, जुन पछि २००९ मा लयोड्स टीएसबीद्वारा अधिग्रहण गरी लयोड्स बैङ्किङ्ग ग्रुपको हिस्सा बन्यो।

२.५.२ जर्मनी

क्लाग्गे र माइस्टर (२०१८) ले लोकतान्त्रिक व्यवस्थापन र मूल्य-आधारित दृष्टिकोणका लागि परिचित जर्मन नवीकरणीय ऊर्जा सहकारीहरूले कसरी दिगो विकास र समान आर्थिक वृद्धिमा योगदान पुर्याउँछन् भन्ने छलफल गरेका थिए। यो अध्ययनले Gibson-Graham को विविध-आर्थिक ढाँचाको आधारमा, यी सहकारीहरूको व्यापार मोडेल, सदस्यता संरचना र समस्याहरू समाधान गर्ने विभिन्न आयामहरूको विश्लेषण गरेको थियो। जर्मनीमा ऊर्जा सहकारीहरू सुरुमा नवीकरणीय ऊर्जा कानून अन्तर्गत अनुकूल फिड-इन ट्यारिफ (एफआइटी) का कारण सफल भए, जसले दिगो ऊर्जालाई बढावा दियो र उपयोगिताको एकाधिकारलाई प्रतिरोध गर्‌यो। यद्यपि तिनीहरू लाभदायक हुन सक्ने भएता पनि वित्तीय प्रोत्साहनहरूले सदस्यतामा निकै सानो भूमिका खेलेको थियो। हालैका नियामक परिवर्तनहरूले एफआइटीहरूलाई चरणबद्ध रूपमा बाहिर निकाल्दै र बजारमा आधारित दृष्टिकोणमा सर्दै गर्दा, ऊर्जा सहकारीहरूले चुनौतिहरूको सामना गरिरहेका छन्, उनीहरूलाई कम अनुकूल वातावरणमा बाँच्नका लागि अनुकूलन गर्न र नयाँ रणनीतिहरू खोज्न आवश्यक रहेको छ। नवीकरणीय ऊर्जा र लोकतान्त्रिक मूल्यहरूमा ध्यान केन्द्रित गर्ने जर्मन ऊर्जा सहकारीहरूले अझ

नेपाल जीवनस्तर मापन सर्वेक्षण २०७८/०७९ का अनुसार ३० मिनेटभित्र यात्रा गरेर सहकारी संस्थामा पुग्ने जनसंख्याको ८३ प्रतिशतभन्दा बढी रहेको छ। वि.सं. २०५१/०५२ मा गरिएको सोही सर्वेक्षणले २६ प्रतिशत जनसंख्याको हिस्सा ३० मिनेट हिडेर सहकारी संस्था पुग्ने गर्दथे। २७ वर्षको अन्तराल भएको यो परिवर्तन उल्लेखनीय तथा उपलब्धिमूलक छ। प्रदेशअनुसार हेर्दा कोशी प्रदेशमा २१.८, मधेशमा ३७.८, बागमतीमा ६५.२, गण्डकीमा ४५.९, लुम्बिनीमा ४०.४, कर्णालीमा २४.६ र सुदूरपश्चिममा २५.७ प्रतिशत घरधुरीहरू सहकारीका नजिक दूरीमा रहेको तथ्याङक छ। त्यसैगरी २६.४ गरिब र ४३.८ प्रतिशत धनी घरधुरीहरू सहकारीका नजिक रहेका छन्। यसले बागमती प्रदेशमा सहकारीको पहुँच सहज देखिएको छ र धनीहरू गरीबको तुलनामा सहकारीका नजिक बसोवास गर्ने गर्दछ।

नेपाल जीवनस्तर मापन सर्वेक्षण २०७८/०७९ मा उल्लिखित तथ्याङ्कअनुसार सबैभन्दा बढी ऋण सापटी आफन्त (४२.५ प्रतिशत) बैङ्क तथा वित्तीय संस्थाबाट (२२.४ प्रतिशत) र सहकारीबाट (१८.३ प्रतिशत ऋण सापटी लिने गरेको पाइएको छ। प्रदेशअनुसार तथ्याङ्कको विश्लेषण गर्दा कोशी प्रदेशमा १७.७, मधेश प्रदेशमा ११.१, बागमती प्रदेशमा २५.२, गण्डकी १५.९, लुम्बिनी प्रदेशमा २०.१, कर्णाली प्रदेशमा १६.५ र सुदूरपश्चिम प्रदेशमा २१.४ प्रतिशत घरधुरीले सहकारीबाट ऋण लिएको पाइएको छ। जसअनुसार सबैभन्दा बढी ऋण लिने घरधुरी बागमती प्रदेशमा रहेका छन् भने सबैभन्दा कम ऋण लिने घरधुरी मधेश प्रदेशमा रहेका छन्। उक्त तथ्याङ्कलाई शहरी र ग्रामीण क्षेत्रमा छुटयाई हेर्दा सबैभन्दा बढी बागमतीको ग्रामीण क्षेत्रका घरधुरी (२८.२ प्रतिशत) र सबैभन्दा कम मधेश प्रदेशका घरधुरी (६.५ प्रतिशत) रहेका छन। गरिबी वर्गीकरणअनुसार १३ प्रतिशत गरिब घरधुरीले सहकारीबाट ऋण लिएका छन् भने १९.४ प्रतिशत धनी घरधुरीले सहकारीबाट ऋण लिएका छन्। यो तथ्याङ्कको विश्लेषण गर्दा सहकारी क्षेत्रको उपलब्धिमा न्यायिक वितरणलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ। त्यसैगरी सहकारी संस्थाहरूको संख्या, विद्या, दक्षता, मानव श्रोत र समग्र अवसरहरूको विश्लेषण गरी नीतिगत र कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ। संघीय संरचनाअन्तर्गत तीनै तहका सरकारहरूमा कार्यरत सहकारीअन्तर्गतका कर्मचारीको दरबन्दी ६०० रहेकोमा हाल लगभग ४०० जना कार्यरत रहेको पाइएको छ।

संवत् २००७ मा प्रजातन्त्रको प्रादुर्भाव भएपछि मुलुकमा विकासको युग प्रारम्भ भयो। यसअघि कुनै प्रयास नै नभएका भने होइनन्। शासकीय संरचनाको स्थापनाका साथै शिक्षा, जनस्वास्थ्य र आधारभूत अन्तर्निर्माण (Infrastructure) स्वाभाविक प्राथमिकता थिए। त्यस्तै, राष्ट्रिय आत्मनिर्भरता तत्कालीन विकास दृष्टिकोणको अभिन्न भाग थियो।

स्वावलम्बन, मितव्यायिता र पारस्परिक सहयोगमा आधारित सहकारी आन्दोलन जनस्तरमा विकास प्रक्रिया स्थापित गर्ने माध्यम हुन सक्दछ। सहकारी आन्दोलनबाटै लोकतान्त्रिक विकास गरेर लोकतन्त्रको अभ्यास संस्थागत गर्न समेत त्यत्तिकै सहायता मिल्दछ। सहकारीमार्फत आर्थिक गतिविधिहरूको जगमा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर

तुल्याउन सकिन्छ। स्वभावतः राष्ट्रिय विकास र सहकारीताको विचार सँगसँगै लिइयो; सहकारी चिन्तनबाटै देश उन्नत बन्न सक्छ भन्ने मान्यता राखियो। तात्कालिन अवस्थामा सहकारीलाई अर्थतन्त्रको सशक्त आधारका रूपमा बिकास गरियो। नेपालमा सहकारीको विकासलाई देहायका आधारमा विभाजन गरी अध्ययन गर्न सकिन्छः-

३.१ अवधारणा विकासको चरण (२०००-२००५)

योजनाबद्ध तरिकाले नेपालको आर्थिक विकास गर्ने हेतुले, देशव्यापी आर्थिक सर्भेको काम थाल्नुअघि के-कस्तो किसिमबाट सो गर्नाले काम चाँडो, प्रभावकारी र किफायतसाथ सम्पन्न गर्न र एकाध किसिमका काम तुरुन्त थाल्न सकिएला भनी संवत् २००० बैशाख-जेठमा एक नमुना आर्थिक सर्भे पूर्व नं. १ हालको काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा गरिएको थियो। काभ्रेपलाञ्चोक जिल्लाका साँगा, बनेपा, नाला, धुलिखेल, दाप्चा, खड्पू, पनौती, तिमाल, पाँगू, खोपासी र पलाञ्चोक तथा सिन्धुपाल्चोक जिल्लाका सिपा, चौतारा, घुमथाङ, जलविरे, लिस्ती, कोदारी र सेरोफेरोका प्रमुख गाउँ र हटियाको आर्थिक अवस्था अध्ययन गरी प्रतिवेदन तयार पारिएको थियो।[५२] उक्त नमुना आर्थिक सर्भेले आफ्नो प्रतिवेदनको सुझाव खण्डको ८ नं. मा "ग्रामीण जनतालाई चर्को सुदको कारण साहुको हातमा परेको जमिन जनताले निखनी आफ्नो भोगमा राख्न पाउने गरी जिल्लैपिच्छे तुरुन्त भू-बन्धक (लाएण्ड मोर्टगेज) बैङ्क र जनतालाई आवश्यक औद्योगिक कोरा जिनिस र तयारी माल बिक्री-बितरण गर्न सहयोगी संस्था (को-अपरेटिभ सोसाइटी) खोल्ने ताकी कृषिको उत्पादन र जनताको क्रयशक्ति सँगसँगै बढ्न सकोस्" भन्ने उल्लेख थियो।[५३]

शतप्रतिशत जस्तै कृषक भएको नेपाल अधिराज्यमा कृषकलाई ऋणबाट मुक्त गरी कृषि उत्पादन बढाउनु र पुरानो घरेलु उद्योग पुनः सुरु र नयाँको स्थापना नै नेपालको छिटो आर्थिक विकास निर्भर हुने तथ्यबाहेक नेपाल सरकारको अगाडि त्यसबेला अर्को कुनै विकल्प थिएन। उक्त सुझावमा यो काम सरकारले गर्न सक्दछ र त्यो काम सुरु पनि गरिहाल्नु पर्दछ भन्ने तथ्य समेतको सुझाव थियो।

सुझावका सम्बन्धमा तत्कालीन श्री ३ जुद्धशमशेरलाई लामो व्याख्या गरेपछि हाल एक ठाउँमा चलाउनलाई पटके एक लाख रूपैंया र कर्मचारीको दरबन्दी पास गरिदिनू भन्ने आदेश भई सोही कुरालाई सरदार भूपध्वपज कार्कीले खड्ग निशाना लगाइदिएपछि २००० साल भदौ महिनामा लाएण्ड मोर्टगेज (साहुको ऋण चुक्तागरी हलुका ब्याज लिने गरी जमिन साहुबाट निखनी किसानलाई फिर्ता दिने) र कोअपरेटिभ सोसाइटी (कृषि र घरेलु इलमीलाई आवश्यक बीज अथवा औद्योगिक कोरा जिनिस सुपथ मूल्यमा किन्ने र उनीहरूले तयारी गरेको सामान उचित भाउमा बेच्ने प्रवन्ध मिलाइदिने) को स्थापना भएको थियो।[५४] त्यसबखत ती संस्थाहरू बनेपामा खोल्नुपर्ने अनेक कारणहरूमध्ये ठोस कारण बनेपाका अति लोकप्रिय राजदाश बादे श्रेष्ठको सहयोगमा बनेपामा अघिदेखि कुटिर उद्योगको केन्द्र, यातायाताको सुविधा र पूर्वी पहाडको ढोकाजस्तो र बनेपाको औद्योगिक मनोवृत्ति थियो।

पटके एक लाख रुपैया र वार्षिक दश-बाह्र हजार रुपैंया खर्च गरी बनेपामा खुलेको लाएण्ड मोर्टगेज बैङ्क र को-अपरेटिभ सोसाइटी सफल सावित भएमा अधिराज्यव्यापी सो खोलिने कार्यक्रम थियो। तत्कालीन समयमा सबैभन्दा ठूलो आवश्यकता थियो ग्राम विकासको र सवभन्दा जटिल समस्या भनेकै गाउँलेको बढदो कृषि ऋण र सेलाउँदै गरेको कुटिर उद्योग। झन्डै ९८ प्रतिशत नेपाली जनता गाउँले हुँदा गाउँको विकासबिना

---

[५२] सरदार भीमवहादुर पाँडे, नेपालमा आर्थिक विकासको कल्पना, नमूना आर्थिक सर्भे-रिपोर्ट, त्यस वखतको नेपाल, भाग २ र ३, फिनिक्स बुक्स, काठमाडौं (२०७६), पृष्ठ २४४।

[५३] सोही, पृष्ठ २५१।

[५४] सोही, पृष्ठ २५७।

गाउँलेको क्रयशक्ति बढ्ने विकल्पै थिएन। त्यसैले २००० सालमा अधिराज्यव्यापी भू-बन्धक बैङ्क र को-अपरेटिभ सोसाइटी अविलम्ब खोल्ने योजना सुरु भएको देखिन्छ।

त्यसबखतको राजनीतिक र आर्थिक पृष्ठभूमिको विचार गर्ने हो भने २००० सालमा गठित ती दुई संस्था २०१६ सालको भूमि सुधार ऐनभन्दा कुनै दृष्टिकोणबाट कम क्रान्तिकारी थिएनन् भन्न सकिन्छ। त्यो जमानामा आजकल जस्तो कामको साथसाथै प्रचारप्रसार गर्ने निकाय र व्यवस्था नहुँदा ती दुई निकायले प्रर्याप्त प्रचार र प्रसार पाएनन्। फलस्वरुप २००५ साल चैत १ गते दुवै निकाय खारेज भई त्यहाँका कर्मचारी राष्ट्रिय आर्थिक योजना समितिमा समाहित हुन पुगे।[५५]

३.२ प्रारम्भिक (सङ्गठन र नीति निर्माण) चरण (२०१०-२०१६)

२०१० भदौमा योजना, विकास तथा कृषि मन्त्रालयमातहत सहकारी विभाग खडा गरिएपछि नेपालमा संस्थागत रूपमा सहकारी विकास सुरू भएको हो। उक्त विभाग स्थापनाको पूर्वतयारीकै क्रममा २००९ सालमा कोलम्बो योजनाअन्तर्गत दुईजना वरिष्ठ अधिकृतहरूलाई श्रीलङ्का पठाएर सहकारी विकासको आयामका बारेमा जानकारी दिलाइएको थियो। लगत्तै २०११ सालको अन्त्यतिर नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको सहायता नियोगको सहयोगमा राप्ती दुन बहुमुखी विकास आयोजना (Rapti Valley Multi-purpose Development Project) सञ्चालन गरियो। राप्ती दुन चितवन उपत्यकाको वन क्षेत्रबाहेकको बाँझो उर्बर जग्गामा खेती गरी खाद्यान्न नपुग पहाडी जिल्लामा आपूर्ति गर्ने, कृषि तथा वन पैदावारमा आधारित उद्योगधन्दा खोल्ने र गरिबीमा रहेका जनतालाई रोजगारी दिलाउने उद्देश्य सो आयोजनाले लिएको थियो। प्रथम पञ्चवर्षीय योजना (२०१३/१४-२०१७/१८) को दस्तावेजमा छुट्टै अध्यायमा समावेश गरिएको[५६] उक्त आयोजना प्रमुख विकास पहलमध्येमा पर्दथ्यो।

राप्ती दुन आयोजना लागू हुनुभन्दा केही महिनाअघि मात्र (२०११ साल भदौ) को भीषण वर्षाले देशमा ठूलो विपत्ति ल्याएको थियो। खासगरी मध्यमाञ्चल तथा पश्चिमाञ्चलका कतिपय जिल्लामा निकै धेरै परिवारहरू बाढीपहिरोबाट प्रभावित थिए। त्यसरी घरबारविहीन बनेका परिवारहरूको साथै अघिदेखि भूमिहीन रही आएका परिवारहरू समेतको पुनर्वास र राप्ती दुनको विकास सँगसँगै लैजाने गरी आयोजनाका कार्यहरू अघि बढाइए।

प्रारम्भमा राप्ती दुन आयोजना र सहकारी विकासको योजनासँग प्रत्यक्ष रूपले सम्बन्ध नभएता पनि पछि कार्यक्रम कार्यान्वयन गर्दै जाँदा आयोजना प्रशासनले पुनर्वासी परिवारलाई खेतीपाति गर्न चाहिने ऋण वितरण गर्ने माध्यमको रूपमा सहकारी संस्थाको आवश्यकता देख्यो। यता नयाँ-नयाँ खडा गरिएको सहकारी विभागका लागि पनि जनस्तरमा कुनै रूपमा कार्य प्रारम्भ गर्नुपर्ने थियो। आयोजना र विभाग दुवैका तर्फबाट उपयुक्त अवस्था भएपछि सहकारी संस्थाको गठन, दर्ता र सञ्चालनसम्बन्धी कानूनी व्यवस्थाको अभाव पूर्ति गर्न २०१३ साल मङ्सीरमा कार्यकारी आदेश (Executive Order) जारी गरियो। कार्यकारी आदेशले सहकारी संस्थाको सङ्ठनलाई मान्यता प्रदान गऱ्यो। पुनर्वाससम्बन्धी कार्य सञ्चालन गर्न सहकारीलाई उपयुक्त माध्यमका रूपमा उक्त कार्यकारी आदेशको प्रस्तावनामा उल्लेख गरिएको पाइन्छ।[५७]

सोही कार्यकारी आदेश बमोजिम २०१३ सालको चैत २० गते चितवन जिल्लामा १३ वटा सहकारी संस्था स्थापना भए। दर्ताको पहिलो क्रममा बखानपुर सहकारी ऋण समिति देखिएकाले शारदानगरस्थित सो

---

[५५] तत्सम्बन्धमा २००६ साल जेठ १० गते निर्णय भई उक्त निर्णय प्रकाशन समेत भएको भनी त्यसबखतको नेपालमा उल्लेख छ।

[५६] Chapter 17, the First Periodic Plan of Nepal.

[५७] सहकारी संस्थाको गठन, दर्ता र सञ्चालनसम्बन्धी कार्यकारी आदेश, २०१३ को प्रस्तावनामा देहायको व्यहोरा उल्लेख भएको पाइन्छः-

"सहकारी सिद्धान्तहरूको आधारमा कार्यहरू सुरु गर्नका लागि विभिन्न क्षेत्रहरूबाट माग भएअनुसार राप्ती दुन परियोजनाले विशेष गरेर जोड दिएको छ कि पुनर्वासिसम्बन्धी कार्यहरू सञ्चालन गर्न सहकारी संस्थाहरू बाहेक अन्य सरल र प्रभावकारी विकल्प छैन।"

सहकारीलाई नै नेपालको पहिलो सहकारी संस्था मानियो। त्यसबेला सो संस्था असीमित दायित्व (Unlimited liability) कायम गरी दर्ता गरिएको थियो।

त्यसको तीन वर्षपछि २०१६ सालमा "कृषक, कालिगढ र कम पुँजीवाला व्यक्तिहरूको आर्थिक विकासार्थ स्वावलम्बन, पारस्परिक सहयोग र किफायतको वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न"[५८] भन्दै सहकारी संस्था ऐन २०१६ जारी भयो र कार्यकारी आदेशअन्तर्गत दर्ता गरिएका सहकारी समितिहरूले पनि ऐन बमोजिम दर्ता भएसरहको मान्यता पाए। यसरी देशको उन्नतिका लागि जनस्तरमा सहकारी प्रयासको आवश्यकता अनुभव, सहकारी विभागको स्थापना, सहकारी संस्था दर्ता गर्ने विधेयक तर्जुमा, सहकारी संस्था दर्ता गर्न कार्यकारी आदेश (२०१३) र सहकारी संस्था ऐन, २०१६ जारी, केही सहकारी संस्थाहरूको स्थापना आदि पूर्वतयारी एवं परीक्षण विशेषका प्रबर्द्धनात्मक कार्यहरू यस चरणमा भएका पाइन्छन्।

३.३ नियन्त्रित चरण (२०१७-२०४६)

पञ्चायत अवधिमा राज्य प्रशासनका तर्फबाट प्रवाह गरिने सेवा सुविधा लगायत सबैमा राज्य नियन्त्रण कायम गरिएको थियो। यस अवधिमा सहकारीलाई सहकारीकै रूपमा भन्दा पनि पञ्चायत प्रणालीको आर्थिक कार्यक्रमका रूपमा योजना र विकास गरिएको साझा कार्यक्रमका रूपमा हेर्ने गरिन्छ। जनस्तरमा सहकारीहरूको विकास भने यस चरणमा ठप्प प्रायः रह्यो। सहकारी क्षेत्रसम्बद्ध यस अवधिका केही प्रयासहरूलाई देहाय बमोजिम चर्चा गर्न सकिन्छः-

३.३.१ संवैधानिक प्रयास

नेपालको संविधान, २०१९ मा देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि वर्ग वा व्यक्तिद्वारा अन्य कुनै वर्ग वा व्यक्तिमा अनुचित आर्थिक दबाब हुन नदिने गर्न र नेपाली जनजीवनमा सबै क्षेत्रबाट निजी उद्योगको रूपमा लगानी गर्न प्रोत्साहन दिई साझा संस्थाहरूलाई नेपालको उद्योग तथा व्यापार नीतिको आधारशीलाको रूपमा स्थापना गर्न त्यस्ता साझा संस्थाहरूलाई सर्वसाधारण जनताको उद्योग व्यवसायको रूपमा विकसित गराई आर्थिक लाभ र सुविधा उपभोग गर्न पाउने गरी प्रोत्साहन दिने व्यवस्थासमेत गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुने भनी पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरूमा उल्लेख गरिएको पाइन्छ।[५९] जसअनुरुप, सहकारी संस्था ऐन, २०१६ लाई २०१८ असार १५ र २०२७ असोज १८ मा गरी दुइपटक संशोधन गरियो। सहकारी संस्था सञ्चालन सम्बन्धी नियमहरूमा २०२८ साउन १० र २०३३ भदौ २१ मा संशोधन गरी साझा कार्यक्रमको प्रवर्द्धन र विकासका लागि उपयुक्त वातावरण बनाइयो।

३.३.२ नीतिगत परिवर्तन

संवत् २०४१ सालमा पञ्चायत प्रणालीको आर्थिक लक्ष्यअनुरुप किसान, कालीगढ र कम पुँजीवाल व्यक्तिहरूको आर्थिक विकासको लागि स्वावलम्बन र पारस्परिक सहयोग वृद्धि गर्न साझा संस्था र संघ गठन गर्नको निमित्त साझा संस्था ऐन, २०४१ र साझा संस्था नियमावली, २०४३ जारी भए। यसअघि सहकारीको नाममा भएका सम्पूर्ण संरचना र क्रियाकलापहरू साझामा परिणत भई साझा

[५८] प्रस्तावना, सहकारी संस्था ऐन, २०१६।

[५९] धारा १९ को उपधारा (४), नेपालको संविधान, २०१९।

संस्था ऐनको प्रावधान अनुरुप सञ्चालन हुन थाले। सोको केही वर्षमा नै २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्बहाली भयो।

प्रारम्भमा सहकारी विचार जनसाधारणसम्म पुऱ्याउने, जनमानसमा सहकारी भावना जागृत गराउने र कृषि ऋण आदि सुविधाहरू जसका लागि आवश्यक पर्ने हो उसको सक्रियतामा सुलभ गराउनुका साथै त्यस प्रक्रियामा संलग्नजनले गर्ने प्रजातान्त्रिक अभ्याससँगै प्रजातन्त्रको जग बलियो बनाउने नीति लिइएको देखिन्छ। सुरुदेखिको नीतिमा पहिलो तात्विक परिवर्तन निर्दिष्ट सहकारी कार्यक्रमको रूपमा प्रकट हुन्छ। सरकारको तर्फबाट सहकारी सदस्यहरूलाई सफलतापूर्वक संस्था चलाएर तरिका सिकाउने र जतिखेर उनीहरू स्वयं सक्षम हुन्छन् त्यतिखेर सोको जिम्मा उनीहरूलाई लगाउने अभिप्राय त्यसमा निहित थियो। व्यवस्थित, नियन्त्रित, संयोजित ढङ्गले सहकारी संस्थाहरूको विकास गराउने यो नीतिगत दृष्टिकोण त्यसपछि पञ्चायत कालभरि नै रह्यो।

३.३.३ संस्थागत प्रयास

कूल जनसंख्याको ९० प्रतिशतभन्दा वढी कृषि क्षेत्रबाट जीवनवृत्त हुने भएकोले सहकारी आन्दोलन सुरु भएको पाँच वर्षसम्म कृषिसँग सम्बन्धित सहकारी संस्थाहरूको प्रवर्द्धन भई कृषि उत्पादनका कार्यमा ती संस्थाहरू सञ्चालन भए र अपेक्षित उपलब्धिहरू पनि हासिल भए। तर आमजनताको लागि कृषि सेवाको खाँचोमात्र नभई गैरकृषि सेवाको अति नै खाँचो थियो। कृषिक्षेत्रमा हुने आर्थिक तथा सामाजिक शोषण, बढ्दो अर्धबेरोजगारी र गरिबी उन्मुलनको आवश्यकताझै गैहकृषि क्षेत्रमा देखिएका आधारभूत वस्तुहरू उपभोग्य वस्तु, औषधि, लत्ताकपडा आदि वस्तुहरूमा हुने चर्को मूल्य, कृत्रिम अभाव, मिसावटजस्ता आर्थिक तथा सामाजिक विकृतिको रोकथाम तथा मूल्यस्थिरता र गुणस्तर वस्तुको आपूर्ति, दैनिक जीवनका लागि आवश्यक उचित भाडामा सहज यात्राको आवश्यकतालाई महसुस गरी सहकारी संस्था ऐन, २०१६ अन्तर्गत संवत् २०१८ साउन २३ मा "साझा केन्द्र"को विधिवत दर्ता भयो। निर्धारित उद्देश्य प्राप्त गर्न साझा केन्द्रबाट साझा यातायात (२०१८ चैत्र ३), साझा स्वास्थ्य सेवा (२०२१ असार ३), साझा भण्डार (२०२१ मंसिर २५), साझा प्रकाशन (२०२५ मंसिर १७) जस्ता जनमुखी, सेवामूलक सहकारी संस्थाहरू प्रवर्द्धन भए। सहकारी शिक्षालाई प्रभावकारी बनाउन २०१९ फागुनमा सहकारी प्रशिक्षण केन्द्र स्थापना गरियो र २०२९ सालदेखि नियमित सहकारी शैक्षिक कार्यक्रमहरू सञ्चालित छन्। त्यस्तै २०१९ सालमा सहकारी विकास कोषको स्थापना गरिएपछि वित्तीय साधनमा सहकारी संस्थाहरूको पहुँचमा सुगमता सिर्जना भयो।

सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, कृषिसम्बन्धी नयाँ व्यवस्थाका लागि चाहिने आर्थिक सेवा सुविधा सुलभ गराउन र सहकारी ढङ्गबाट खडा हुने, लघु उद्योग, व्यापार सम्बन्धी र अन्य संस्थाहरूको सङ्गठनमा चाहिने ऋण सुलभ गराउने उद्देश्यले २०१९ चैत ३० मा सहकारी संस्था ऐन, २०१६ अनुसार सहकारी बैङ्क स्थापना गरिएकोमा २०२४ सालमा कृषि विकास बैङ्कमा परिणत गरियो। धेरै प्रयासपछि २०६० सालमा मात्र राष्ट्रिय सहकारी बैङ्क लि. पुनः खडा हुन सकेको छ। त्यस्तै सूचना तथा सञ्चार प्रविधिको पर्याप्त विकास भइनसकेको तत्कालीन अवस्थामा हुलाक सेवालाई सरल, छिटो र विश्वसीनीय बनाउन २०१९ साल असोज ९ गते सहकारी हुलाक नियमावली, २०१९ जारी गरी सहकारी हुलाकको व्यवस्था समेत गरेको पाइन्छ।

३.३.४ योजनाबद्ध प्रयास

सहकारीताको भावनालाई कार्यक्रममा ढाली व्यवस्थित रूपमा अघि बढाउने प्रयासमा आवधिक योजनाहरू प्रभावकारी मानिएका छन्। पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) अवधिमा नै

त्यसले जनस्तरमा मूर्तरूप लियो। देशका जम्मा १५० ग्राम विकास ब्लकमध्ये १६ मा सहकारी विभागका कार्यालय समेत खोलेर जम्माजम्मी ४,५०० सहकारी संस्थाहरू गठन गर्ने लक्ष्य उक्त योजनामा लिइएको थियो। त्यस अर्थमा नेपाल सरकारको सहकारी विकासको बृहत् कार्यक्रम पहिलो पञ्चवर्षीय योजनाबाटै थालेको देखिन्छ।

योजना अवधिमा लक्ष्य बमोजिमको प्रगति हुन सकेन। तथापि १९ जिल्लासम्म कार्यक्रमको बिस्तार, सहकारी विभागका कर्मचारीहरूको प्रशिक्षण तथा प्रशिक्षणप्राप्त कर्मचारीहरूलाई समुदायस्तरमा परिचालन गरेर ११ हजार बढी सदस्यहरूको संलग्नतामा ३७८ सहकारी सङ्घ, संस्थाहरूको स्थापना कम महत्त्वपूर्ण थिएन। निकै उत्साहकासाथ थालिएको यो कार्यक्रमिक पहल अन्य आवधिक योजनाहरूमा पनि निरन्तर रह्यो। हालसम्मका सबै योजनाहरूमा सहकारी आन्दोलनको प्रवर्द्धनमा जोड नै दिएको पाइन्छ। त्यसो त, सहकारी विकासका प्रयासहरूमा बेलाबखत आवधिक योजनामा परिलक्षित नगरिएका दूरगामी महत्त्वका परिवर्तनहरू पनि नभएका होइनन्। वर्तमान सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा पनि राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको भूमिकालाई महत्त्व दिइएको छ।

३.३.५ कार्यक्रमरूपी प्रयास

उल्लेखनीय अग्रसरता निर्दिष्ट सहकारी कार्यक्रमको रूपमा २०२६ सालमा लिइएको देखिन्छ। निर्दिष्ट सहकारी कार्यक्रममा सहकारी संस्थाहरूको पुनर्गठन र एकीकरण गरी गुणात्मक विकासमा जोड दिइएको थियो। उक्त कार्यक्रमलाई सहकारी संस्थाहरूको प्रवर्द्धनभन्दा पनि सम्बर्द्धन पहलको रूपमा हेर्न सकिन्छ। कार्यक्रम प्रारम्भमा २० जिल्लामा लागू गरी २०३२ सालसम्ममा सहकारी विकासको काम हुन सकेका सबै (६०) जिल्लाहरूमा बिस्तार गरिएको थियो। पुनः २०३३ सालमा सहकारी संस्थाहरू बिस्तारको अर्को कार्यक्रम ल्याइयो। ग्रामीण विकासका लागि संस्थागत व्यवस्था नामक यो अग्रसरता साझा कार्यक्रमको रूपमा आएको थियो। साझा कार्यक्रम प्रकृतिगत रूपमा निर्दिष्ट सहकारी कार्यक्रमसँग मिल्दोजुल्दो थियो। निर्दिष्ट कार्यक्रमको अभिमुखीकरण सङ्कुचनतर्फ देखिन्थ्यो भने साझा कार्यक्रम बिस्तारतर्फ लक्षित थियो। प्रारम्भमा ३० जिल्लामा लागू गरिएको साझा कार्यक्रममा साझा संस्थाहरूलाई ग्रामीण जनजीवनमा आवश्यक ऋण, मलबीउ, प्राविधिक सल्लाहलगायतका कृषि सामग्री (Agricultural inputs), कृषि उपजको सञ्चय, प्रशोधन र बजार व्यवस्था, दैनिक उपभोग्य वस्तुहरू आदि सम्पूर्ण सेवाहरूको प्रवाह बिन्दु (Delivery points) को रूपमा लिइएको देखिन्छ। खेतीपातीबाट फुर्सत मिलेको समयमा परम्परागत सीप, स्थानीय कच्चापदार्थ तथा बजार हेरी सानातिना उद्योगधन्दाहरू पनि साझा संस्थाहरूबाटै चलाउन सकिन्थ्यो। सार्वजनिक संस्थानहरूद्वारा उत्पादन वा आपूर्ति गरिने कृषि औजार, बीउ, मल, उपभोग्य वस्तु आदिको वितरणका साथै खरिद वा निर्यात गरिने धान, दलहन, कपास, जडिबुटीजस्ता पैदावारको सङ्कलनका माध्यम पनि साझा संस्थाहरू नै हुन सक्दथे।

विक्रम संवत् २०२१ मा लागू भएको भूमिसुधार कार्यक्रमको अभिन्न भागमा अनिवार्य बचत (Compulsory Savings) पर्दथ्यो। अनिवार्य बचत जिन्सी र नगदी दुवै रूपमा सङ्कलन तथा लगानी गर्ने व्यवस्था थियो। परीक्षणको चरणदेखि नै एक वा अर्को रूपमा सहकारी संस्थाहरूको संलग्नता वा सम्बन्ध अनिवार्य बचत कार्यक्रमसँग रहिआएको पाइन्छ। नीतिगत तहमा अनिवार्य बचतलाई सहकारी संस्था क्रमशः विकास गर्ने मूल आधार मानिएको देखिन्छ। अनिवार्य बचत कार्यक्रमको कार्यान्वयन प्रारम्भिक रूपमा उत्साहजनक बताइएता पनि पछि **समस्या** देखिएका थिए। साझा कार्यक्रमसँगै अनिवार्य बचतको रकम साझा संस्थाहरूको अंशधनमा परिणत गरियो। फलतः सहकारी

सदस्यता २०३२ सालको ७१ हजारबाट बढेर २०३७ सालमा ११ लाख ९४ हजार पुग्यो भने सोही अवधिमा अंशधन रु. २७ लाखबाट बढेर रु. १३ करोड ६१ लाख भयो भने ४२७ सहकारी संस्थाहरू बढेर ६७८ पुगे। साझा कार्यक्रम लागू भएपछि उल्लेखनीय सङ्ख्यामा सङ्ग, संस्थाका थप गोदामघरहरू पनि निर्माण भए र तिनको जम्मा भण्डार क्षमता ५३,७९४ मेट्रिक टन पुग्यो। व्यावसायिक कारोबारमा पनि निकै बिस्तार भयो। साझा कार्यक्रम लागू भएको दुई वर्षपछि सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैङ्कबाट सञ्चालक समितिमा नै फिर्ता पनि गरियो।

संक्षेपमा भन्नुपर्दा वि.स. २०१९ सालदेखि सुरु भएको भूमि सुधार कार्यक्रम, कृषि पुनर्संगठन कार्यक्रम तथा निरीक्षण ऋण प्रणाली, निर्दिष्ट सहकारी कार्यक्रम, २०२४, अनिवार्य बचत कार्यक्रम, २०१९, गैहकृषि साझा कार्यक्रम, साना किसान सहकारी संस्था, एकीकृत ग्रामीण विकास कार्यक्रम आदि प्रमुख रहेको पाइन्छ। त्यतिबेला साझा कार्यक्रमको सोच र अवधारणा अनुरूप सहकारी विकास हुन सकेको भए ग्रामीण विकास बैङ्कको मोडल बन्न सक्ने अवसर रहेकोमा सो अवसरलाई प्राप्त गर्न नसकिएको धारणा डा. प्रकाशचन्द्र लोहनीको छ। उहाँको भनाइ छ,-

"सहकारी किन यसरी फेल भयो? ऐन, कानून नभएर मात्र फेल भएको हो त ? यो कुरा विचार गर्नुपर्छ जस्तो लाग्छ। किनभने सहकारीको कुरा भएको दिनदेखि अर्थात् २०१० सालदेखि त्यसलाई कसरी लैजाने भन्ने कुराको डिवेट आयो। त्यो बेलामा नेपाली कांग्रेसको बौद्धिक व्यक्ति भनेको सूर्यप्रसाद उपाध्याय हुनुहुन्थ्यो। उहाँको कुरा हामी पढ्थ्यौं, सारा जमिन एकीकृत गरेर माओत्से तुंगको बेलाको जस्तो फार्मर्सहरूलाई कन्सोलिटेड गर्ने, खालको रोमान्टिक आइडिया आएको थियो, इन्टेन्सन राम्रो हो। प्राक्टिकल कुरा थिएन। कसरी जाने भन्ने कुरामा क्लियारिटी थिएन, त्यहीबेला कोअपरेटिभको एक्ट आयो। त्यसमा इम्प्लिमेन्ट पोलिटिकल फिलोसफी, डिसिप्लिन र चेतना हामीहरूमा थिएन कि जस्तो लाग्छ त्यो बेलामा।

पञ्चायत आएपछि त्यसमा आइडिया दिने विश्वबन्धु थापा हुनुहुन्थ्यो। साझा सिष्टम भनेर ल्याएको उहाँले हो, यसको श्रेय उहाँलाई दिनुपर्छ। साझाको अवधारणामा स्टेट क्यापिटलिज्म पनि हुँदैन, प्राइभेट क्यापिटलाइजेसन पनि काम लाग्दैन र साझाको कन्सेप्ट सहरी क्षेत्रमा होल्डिङ्ग कम्पनी खडा गर्ने, त्यसमा ६० प्रतिशत शेयर नेपाल सरकारको हुने, ४० प्रतिशत शेयर सर्वसाधारणको हुने त्यो कम्पनीले लगानी गर्दै जाने। साझा यातायात, साझा स्वास्थ्य र साझा प्रकाशन त्यही कन्सेप्टमा खोलेको हो। सरकारले वनर्शीप लिने, सरकार बाहिरबाटै चलाउने । अहिले त्यही कन्सेप्टलाई हामी पब्लिक-प्राइभेट पार्टनर्शिप भन्छौं।

२०३३/३४ सालतिर नेपालमा एफएओसँग मिलेर नेपालमा सम्मेलन भयो । नेपालका ७५ प्रतिशत साना किसान छन्। उनीहरूको उन्नति नभई राजनीतिक स्थायित्व आउँदैन भन्ने अध्ययनले देखाएको छ । गरिब किसान भनेको १ रोपनी भन्दा कम जमिन भएका हुन्। ७५ प्रतिशत एक रोपनी देखि २० रोपनीसम्म भएका छन्। यिनलाई कसरी माथि उठाउने भन्ने कुरा हुँदा किसान भनेर एउटै शब्दले समेट्छ भन्ने कुरा गलत हुन्छ, पुग्न खोजेको साना किसानकोमा कसरी जाने भनेर परीक्षण भयो २०३५ सालमा। एक दुई वर्ष काम भएपछि त्यसको मूल्याङ्कन मैले गरेको थिएँ, नुवाकोटको तुप्चेमा। साना किसानलाई एउटा ग्रुपमा १० जना राखे, त्यसपछि ग्रामीण बैङ्कको कन्सेप्ट सुरु भएको हो, अहिले बंगलादेशका प्रधानमन्त्री रहेका युनुस त्यो बेला कृषि विकास बैङ्कको जनरल म्यानेजर हुनुहुन्थ्यो, हामीकहाँ श्रीकृष्ण उपाध्यायहरूसँग बसेर कुरा गर्दा साना किसानलाई फाइनान्स गर्ने गरी कुरा भएको थियो, कृषि विकास बैङ्कमार्फत।

२०४८ सालमा सहकारी ऐन आएपछि राम्रो नियतका साथ सबैलाई सदस्यता दिने भन्ने भयो। त्यो भएपछि सहकारीको डेभिएसन हुन थाल्यो, त्यो पनि जानेर बुझेर कसैको डिजाइन भन्दा पनि सिष्टमले त्यता लग्यो। पोलिटिकल सिष्टम जसरी गयो, त्यसले रेगुलेसन गर्दा अर्काको पैसा लिएर त्यसको दुरुपयोग हुन थाल्यो।

सहकारीमा राजनीतिक क्लास, गाउँका ठालूको प्रवेश भएर दुरुपयोग सुरु भयो। दुरुपयोग हुँदा जुन ७५ प्रतिशत जनताको हितमा गएन। कस्तो खालको सहकारी कस्तो भयो भने ३५ हजारमध्ये १४ हजार जति र बचत तथा ऋण सहकारी छन्। कृषि सहकारी निस्क्रिय छन्, एक्टिभ को त भन्दा बचत तथा ऋण सहकारी। बचत तथा ऋण सहकारीलाई अनुगमन गर्न सकिएको भए, जुन क्षेत्रमा जानु पर्ने हो, त्यही जान सकेको भए ग्रामीण विकास बैंकको मोडलमा लैजान सकिन्थ्यो।"[६०]

३.३.६ सहकारी क्षेत्र सुधार

सहकारी विकास कार्यक्रमको कार्यान्वयन प्रक्रिया तथा शैली, कानूनको तर्जुमा तथा प्रयोगशैली, निर्धारित कार्यनीतिको अवलम्बन कार्यान्वयन शैली, अनपेक्षित समस्या तथा यसको समाधान गर्ने निर्णय तथा यसको कार्यान्वयन शैली तथा प्रक्रिया, सरकारी नीति आदिमा परिवर्तन वा अस्थिरताका कारणले सहकारी क्षेत्रको विकासमा विभिन्न किसिमका बाधा व्यवधान र समस्याहरू उत्पन्न भए। समय-समयमा सरकारीस्तर तथा सहकारी अभियानको क्षेत्रबाट सहकारी क्षेत्रमा देखा परेका समस्याको पहिचान अध्ययन र विश्लेषण गरी सुझाव र सिफारिस पेश गर्न देहायका समिति गठन गरी प्रतिवेदनहरू सम्बन्धित निकायमा पेश गरिएको देखिन्छ।

१. केन्द्रीय सहकारी छानबिन समितिको अध्ययन प्रतिवेदन, २०२४

२. साझा विकास योजना, २०३६

३. नेपालको कृषिक्षेत्रको रणनीति अध्ययन प्रतिवेदन, २०३९

४. नेपालमा साझा अभियानको विकास र बिस्तार अध्ययन प्रतिवेदन, २०४२

मिश्रित अर्थतन्त्रको अभिन्न भागको रूपमा सहकारी क्षेत्रको ग्रहण, सरकारको प्रत्यक्ष रेखदेखमा निर्दिष्ट सहकारी कार्यक्रम (२०२६), साझा कार्यक्रम (२०३३) जस्ता पहल, अनिवार्य बचत सहकारी संस्थाको अंशधनमा परिणत, राजकीय संस्थानहरूको सम्बन्धनमा सहकारी व्यवसाय प्रवर्द्धन, साङ्ख्यिक बिस्तार "पुनर्संङ्गठन" बिस्तारको श्रृङ्खला यस अवधिका मापक थिए।

३.४ प्रवर्द्धनको चरण (२०४७-२०५७)

प्रजातन्त्रको पुनर्स्थापनासँगै राजनीतिक एवं आर्थिक दृष्टिकोणमा आएको आयामिक परिवर्तनले नियन्त्रित अर्थव्यवस्थाको सट्टा खुल्ला र उदार अर्थव्यवस्थाको स्थापना गऱ्यो। सीमित सरकारको अवधारणा अवलम्बन गरियो। सहकारी सञ्चालनका लागि अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य मान्यताको अनुशरण आवश्यक ठानियो र सहकारीको सञ्चालन राज्य निर्देशितको सट्टा जनसहभागितामा आधारित भई स्वायत्त रूपमा सञ्चालन गर्न थालियो।

केही समय कसरी अघि बढ्ने भन्ने अलमल देखा परेता पनि २०४९ साल जेठ २ गते जारी भएको सहकारी ऐन, २०४८ ले सहकारीताको भविष्यलाई निर्देशित गऱ्यो। राज्य नियन्त्रित सहकारीताको अभ्यासबाट

---

[६०] पूर्वअर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले समितिको मिति २०८१ साउन ११ गतेको बैठकमा व्यक्त गर्नुभएको धारणाको सम्पादित अंश।

खोलिएको साझा केन्द्रको खारेजी, तदर्थ राष्ट्रिय सहकारी विकास बोर्डको स्थापनासँगै संगठनात्मक संरचनामा परिवर्तन सुरु भयो भने साझाको नाममा भएका सबै क्रियाकलापलाई सहकारीका नाममा गर्ने निर्णय भयो।

सहकारीताको प्रभावकारी विकास र प्रवर्द्धनका लागि आवश्यक नीतिगत, संस्थागत, कार्यविधिगत र व्यवस्थापकीय विषयमा सुझाव दिन गठित समिति, उपसमिति र कार्यदलका सुझावहरूले वैचारिक, नीतिगत, संगठनात्मक, कार्यविधिगत र व्यवस्थापकीय कमीलाई पूरा गरी नयाँ सोच र सक्षमताका साथ सहकारी आन्दोलनलाई अघि बढ्न सहजीकरण गरे। यस कालखण्डका मुख्य प्रवृत्तिहरूलाई देहाय बमोजिम हेर्न सकिन्छः-

१. नीतिगत सहजीकरणले गर्दा सहकारी ऐन, २०४८ ले सहकारीका सिद्धान्त, मूल्य, मान्यताअनुरुप संघ, संस्थाहरूलाई स्वायत्तता र स्वतन्त्रता प्रदान गरेपश्चात् संघ, संस्थाको संख्यात्मक वृद्धि तिव्ररूपमा भई ८८१ बाट ५,७७२ पुग्यो। यस अवधिमा बचत तथा ऋण सहकारी संस्था गठन गर्ने कार्य सबैभन्दा बढी भएको देखियो।

२. आवधिक योजनाहरू (आठौं र नवौं) मा ग्रामीण विकास एवं गरिवी निवारणका क्षेत्रमा सहकारीमार्फत कार्यक्रम सञ्चालन गर्ने भने पनि नीतिगत पक्षले पुष्ट्याई गरेन। यसबीचमा भएका अध्ययनले सहकारीप्रति सरकारको प्रतिबद्धतामा कमी रहेको पाइयो।

३. सहकारी संस्थाको संरचनात्मक वृद्धि तिव्रत्तर भए पनि गुणात्मक विकास हुन सकेन। विशेषगरी सहकारी क्षेत्रमा एउटै घरमा ५ वटासम्म सहकारीका बोर्डहरू झुण्डिन थाले। सहकारी विभागले २०५८ जेठ ४ मा प्रकाशित गरेको विवरणअनुसार २१ वटा बचत तथा ऋण सहकारी संस्थाले सर्वसाधारणको १५ करोडभन्दा बढी रकम हिनामिना गरी भागे, अवाञ्छित रूपमा शाखा, प्रशाखा र कार्यक्षेत्र बिस्तार गरेको ८० र सहकारीको सट्टा फाइनान्स शब्द प्रयोग गरेका सहकारीको संख्या ४२ वटा रहेको पाइयो।

४. सहकारी ऐनले प्रदान गरेको छुट सुविधाको उपयोग गर्न मात्र तोकिएको लक्षित वर्गभन्दा बाहिर गएर संस्था खोलेको पाइयो।

५. सहकारी नियमन र प्रवर्द्धनमा जुट्नु पर्ने केन्द्रीय निकायहरूबीच कार्यक्षेत्र र भूमिका स्पष्ट नभएको, कार्यमा दोहोरोपना भएको पाइयो। समन्वय, सहकार्य र साझेदारीको अभाव बढ्दै गएको देखियो।

६. नियमनका पक्षमा सहकारी ऐन फितलो भएकोले संस्थाहरूमा स्वेच्छातारिता बढेको र सहकारी कार्यालयमा न्यून कार्यबोझ, सीमित कार्यक्षेत्र र वृत्ति विकासको कमीका कारण सहकारी जनशक्तिको मनोबल गिरेको पाइयो।

७. पर्याप्त शिक्षा, तालिम र सूचनाको अभावमा सहकारीको बुझाई र व्यवहारमा एकरूपता कायम हुन सकेन।

८. सहकारीको महत्त्व बुझेका केही समूहबाट दुग्ध, चिया, कफी, अलैची, तरकारी लगायत केही व्यावसायिक र उद्यमशीलताको अभ्यास भने गरेको पाइयो।

९. एकातर्फ सहकारीमा आबद्ध भई व्यावसायिकताको काम गर्ने समूह अग्रसर हुन थाले भने अर्कोतर्फ सुविधाको दुरुपयोग गर्ने, कानूनको दुरुपयोग गरी स्वार्थपूर्ति गर्ने समूह सक्रिय भए। पुरानो दायित्व र वेवास्ताको शिकार भएका साझा सहकारी चाहँदा चाहँदै पनि व्यावसायिक सोंचबाट अघि बढ्न सकेनन्।

यस समयमा क्षेत्रगत रूपमा देहायका पक्षमा कमीकमजोरी महसुस गरिएको पाइन्छः-

१. **नीति नियमसम्बन्धी कमजोरीः** कमजोर सहकारी ऐन, सहकारी नीतिको अभाव, आवश्यक मापदण्ड, कार्यविधि र निर्देशिकाको अभाव/अपर्याप्तता, सीमित सरकारको बढी व्याख्या।

२. **संरचनात्मक बढोत्तरीः** कार्यबोझ र औचित्यताको विश्लेषणबिनाका ६८ वटा जिल्ला कार्यालय, विभाग, बोर्ड, महासंघ, प्रशिक्षण केन्द्र र संघहरू।

३. **व्यवस्थापकीय कमजोरीः** संरचनाहरूबीच समन्वय, सहकार्य र साझेदारीको अभाव, पुराना बहुउद्देश्यीय कृषि तथा गैरकृषि सहकारीको व्यवस्थापनमा वेवास्ता, कृषि विकास बैङ्कको हिसाब फारफारकमा जटिलता।

४. **प्रवर्द्धन र सेवाटेवाः** पुराना गोदाम, कोल्ड स्टोरेज, दुग्ध सहकारीका लागि Chilling Vat, पूर्वाधारको विकास, कृषि बजार, नक्ष सुधार, सहकारी कर आदिको व्यवस्थापनमा अपर्याप्त सहयोग।

५. **अध्ययन, तालिम र सूचनाः** एकमात्र सहकारी तालिम केन्द्र, पुरानो प्रशिक्षण विधि र पाठ्यक्रम, औपचारिक शिक्षाको अभाव।

६. **कमजोर अनुगमन, मूल्याङ्कन र अभिलेख व्यवस्थापनः** संस्था दर्ता गरेर छोडिदिने परिपाटीले निम्त्याएको दिशाहीनता।

यसैबीच सहकारी ऐन, २०४८ मा २०५७ मंसिर २१ मा भएको संशोधनपछि बचत तथा ऋणको कारोबार गर्ने सहकारीको संख्या बढेको पाइन्छ। उक्त संशोधनले दफा २६ मा देहायको प्रबन्ध कायम गरेको थियोः-

- संस्था वा संघले आफ्ना सदस्यहरूबाट निक्षेप स्वीकार गर्न र आफ्ना सदस्यलाई कर्जा दिन सक्ने,
- राष्ट्र बैङ्कबाट स्वीकृती लिई अन्य बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न सक्ने,
- संस्था र संघ मिली सहकारी बैङ्क स्थापना गर्न सक्ने,
- त्यस्तो सहकारी बैङ्क राष्ट्र बैङ्कको सिफारिसमा रजिष्ट्रारले दर्ता गर्ने,
- बैङ्क तथा वित्तीय संस्था ऐन बमोजिम सहकारी बैङ्क सञ्चालन हुने र
- राष्ट्र बैङ्कले समय-समयमा तोकेका शर्त र निर्देशन पालना गर्नुपर्ने।

३.५ बिस्तारको चरण (२०५८-२०६७)

दश वर्ष लामो सशस्त्र संघर्ष र सक्रिय राजतन्त्रको अन्त्यसँगै जारी भएको नेपालको अन्तरिम संविधान २०६३ मा सरकार, सहकारी र निजीक्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने[६१] उल्लेख गरी सहकारी विकासमा स्पष्ट दिशा दिएको देखिन्छ।

आवधिक योजनाहरूले त सहकारीको प्रवर्द्धन र विकासलाई निरन्तर महत्त्व दिँदै आएको सन्दर्भमा चालु योजनाले पनि यसलाई महत्त्वका साथ हेरेको देखिन्छ। वि.स. २०५७ मा ५,७७२ पुगेको सहकारी संस्थाहरूको संख्या २०६७ चैत मसान्तसम्म आइपुग्दा २२,६४९ पुग्यो भने जिल्ला संघ ६७, विषयगत

[६१] धारा ३५ को उपधारा (२), नेपालको अन्तरिम संविधान, २०६३।

जिल्ला संघ १३०, विषयगत केन्द्रीय संघ ११, राष्ट्रिय सहकारी बैङ्क १ र राष्ट्रिय सहकारी संघ १ गरी सहकारी संघ, संस्थाको संख्या २२,८५९ पुगेको छ।

सहकारी सदस्य संख्या ३० लाखमा महिला सहभागिता ४०.५ प्रतिशत र पूर्णरूपमा महिलाद्वारा सञ्चालित सहकारीको संख्या २,५४४ पुगेको छ। तसर्थ महिलाको सवलीकरण, सशक्तीकरण र मूलप्रवाहीकरणमा समेत टेवा पुगेको देखिन्छ। रु. १ खर्ब ५० अर्वभन्दा बढीको पुँजी परिचालन गरी यस क्षेत्रले ५० हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी र करिव ५ लाखलाई अप्रत्यक्ष रोजगारी दिएको अनुमान छ। सहकारी संस्थागत बचत तथा ऋण, दुग्ध, पसल, चिया, कफी, तरकारी तथा फलफूल, कृषि, मह, उखु, जुनार, जडिवुटी, स्वास्थ्य, पर्यटन, संचार, विद्युत आदि क्षेत्रका व्यवसाय गर्ने गरी सहकारी संस्था बढ्दा थोक तथा खुद्रा व्यापर, साना, मझौला र ठूला उद्योगहरूको प्रवर्द्धन भई उद्यमशीलता र व्यावसायिक विकासमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ।

यस अवस्थासम्म आइपुग्दा कृषि तथा सहकारी मन्त्रालयले नीतिगत नेतृत्व गर्ने सहकारी विभाग र मातहतका निकायले नीति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनको जिम्मेवारी बहन गर्दै आएका छन् भने राष्ट्रिय सहकारी विकास बोर्डले सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका साथै नीतिगत पृष्ठपोषण, अध्ययन अनुसन्धान गर्दै आएको छ। सहकारी मूल्य, मान्यता र सिद्धान्तको अवलम्बन र अभ्यास, सहकारी व्यवसायको प्रवर्द्धन, विकास, बजारीकरण, प्रतिनिधित्व, बहस, पैरवी लगायतका कार्यका लागि महासंघ र संघहरू क्रियाशील छन्।

सहकारी ऐन, २०४८ र नियमावली, २०४९ बमोजिम मापदण्ड, निर्देशिका, कार्यविधिबाट सहकारी संस्थाहरू दर्ता र सञ्चालनमा रहेका छन्। यसका लागि सहकारी विभाग, सहकारी प्रशिक्षण केन्द्र, क्षेत्रीय र जिल्ला कार्यालय गरी ४० वटा निकाय र करिब ६०० कर्मचारी यस क्षेत्रमा कार्यरत देखिन्छन्। राज्यको प्राथमिकता, कार्यकारी नेतृत्वको प्रतिबद्धता, आवश्यक साधनश्रोत र संयन्त्रको व्यवस्था हुँदाहुँदै पनि यस क्षेत्रबाट प्राप्त प्रतिफल अपेक्षाअनुरूप हासिल भने छैन।

सहकारी ऐन, कानूनको समसामायिक संशोधन नहुँदा गुणात्मकभन्दा संख्यात्मक वृद्धि देखिन्छ। जसका कारण असुरक्षित लगानी, तोकिएका कार्यशर्तको उल्लघन, कमजोर सुशासन, अपारदर्शी आर्थिक कारोबार तथा कमजोर लेखाप्रणाली, शहरी क्षेत्रकेन्द्रित कारोबार, सहकारीको सिद्धान्त, मूल्य मान्यता विपरीत संस्था सञ्चालन, सञ्चालकहरूको स्वेच्छाचारिता यस समयका प्रायः समस्या बनेका छन्। व्यवस्थापकीय पद्धति कमजोर हुँदा जस्तोसुकै व्यक्ती सञ्चालक बन्ने प्रवृत्ति, सञ्चालक र सदस्यमा अनुशासन र सदाचारको अभाव देखिन्छ। बचत तथा ऋणको सुरक्षण नहुँदा सीमाविहीन कर्जा लगानी, ऋण असुली लगायतमा समस्या देखा परेका छन्।

प्रक्रियागत समस्याका कारण सरकार सहकारी साझेदारीका कार्यक्रम सञ्चालन, पुराना सहकारीका समस्यालाई समाधान, बचत तथा ऋणको कारोबार गर्ने सहकारीको सबल अनुगमन, शिक्षा, तालिम, सूचना र क्षमता विकासका कार्यक्रम सञ्चालनमा समस्या छन्। यस समयमा सहकारी क्षेत्रको गुणात्मक विकासका लागि उपयुक्त गति दिने संयन्त्रको अभावै रह्यो, सरकारी संयन्त्र र आन्दोलन दुवैको क्षमता र सशक्तीकरण अधुरै रह्यो, सहकारीका सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक रूपान्तरण प्रयासले अपेक्षित सफलता पाउन सकेन। यद्यपि व्यापक प्रवर्द्धन र बिस्तारको स्थितिले सहकारी अभियान जनस्तरसम्म लोकप्रिय बन्यो।

यसै चरणका तत्कालिन अर्थमन्त्री भरतमोहन अधिकारीले "गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारी" नारासहितको २०६१ को लोकप्रिय बजेट ल्याए। त्यस्तै डा. बाबुराम भट्टराइले "गाउँ-गाउँमा सहकारी, घर-घरमा भकारी" नाराको बजेट ल्याउनुका साथै २०६५ सालमा सहकारी मन्त्रालयको स्थापना गरेका थिए।

२०१० सालमा सहकारी विभाग स्थापना भएको ५५ वर्षपछि सहकारीका नाममा मन्त्रालय स्थापना भएको थियो।

३.६ सङ्कट र भविष्य सुनिश्चितताको चरण (२०६८-२०८१)

राजनीतिक, सैद्धान्तिक र नीतिगत रूपमा सहकारी क्षेत्रले जतिसुकै फड्को मारे पनि कमजोर सहकारी ऐन र नियमावलीले यस क्षेत्रमा आबद्ध स्वार्थी समूहलाई ठेगानमा ल्याउन सकेनन्। परिणामस्वरूप सहकारी क्षेत्रमा सङ्कट आयो। उच्च नेतृत्वको वेवास्ताका कारण नियामकीय औजारहरू भुत्ते रहे भने आवधिक योजनाहरूले गरेका उद्घोषलाई आयोजना तथा कार्यक्रमले मूर्तरूप दिन सकेनन्। सहकारी क्षेत्रको सुधारका लागि दक्ष विज्ञ समूह वा निकायबाट नीतिगत अनुसन्धान गराई प्रतिवेदनहरू प्राप्त भएता पनि ती कार्यान्वयनमा आउन सकेनन्।

यसका लागि उच्च नेतृत्वमा रहेको सहकारीको सिद्धान्त, मूल्य, मान्यता प्रतिको बुझाई र प्रतिबद्धताको अभाव, सहकारी अभियानमा स्वायत्तताको नाममा स्वेच्छाचारी सोंच, सरकारी संयन्त्रमा नियन्त्रणको इच्छा र संक्रमण बढ्दै जाँदा देखिने विकृति र विसङ्गतीको मानवीय प्रवृत्ति प्रमुख रह्यो। यस क्षेत्रले परिचालन गर्ने पुँजी, प्रविधि र जनशक्तीको आधारमा प्राप्त उपलब्धि पर्याप्त रहन नसकेता पनि संविधानले समाजवादउन्मुख अर्थव्यवस्थाको प्रमुख आधारका रूपमा स्वीकारेको यस क्षेत्रलाई सहकारी ऐन, २०७४ ले वास्तविक श्रमजीवी, कृषक, न्यून आयसमूह र सिमान्तकृत समुदायलाई स्वावलम्वन र पारस्परिकताको आधारमा उनीहरूकै स-साना पुँजी प्रविधि र उद्यमशीलतालाई उनीहरूकै सहभागिता, सहकार्य र साझेदारीमा आर्थिक, सामाजिक, साँस्कृतिक रूपान्तरणका लागि उपयोग गर्ने व्यवस्थाको कार्यान्वयनमा तमाम समस्या देखिए।

यस समयमा नीतिगत, कानूनी, संगठनात्मक, संरचनागत, व्यवस्थापकीय र प्रणालीगत व्यवस्था हुँदा हुँदै सहकारी सहकारी संस्थाको अत्यधिक बिस्तार, सहकारी सुशासनको अभाव हुँदा सहकारी सञ्चालकबाट सहकारी संस्थाहरूको बचत रकम दुरुपयोगका घटनाहरू सार्वजनिक भए। २०७१ मा आइपुग्दा १३० सहकारी संस्थाहरूले सदस्यको रु. ११ अर्ब ४१ करोड १४ लाख (जम्मा बचतको ५.६४५) फिर्ता गर्न नसक्दा ती संस्थाहरूलाई संकटग्रस्त घोषणा गरी तिनको व्यवस्थापनका लागि छुट्टै संस्था बनाउनुपर्ने सिफारिस समेत प्राप्त भयो।[६२]

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत समाजवादउन्मुख अर्थतन्त्रको विकास गर्ने उद्घोष गरेसँगै विद्यमान संगठनात्मक संरचना, कानूनी व्यवस्था र प्रणालीबाट समस्याको समाधान नहुने महसुस गरी सहकारी ऐन, २०७४ जारी गरियो। संविधानको अनुसूची ५ देखि ९ सम्मका कार्यजिम्मेवारीको कार्यविस्तृतीकरणबाट संघीयताको मर्मअनुरुप सहकारीको व्यवस्थापन र नियमन क्षेत्राधिकारलाई ३ तहमा विभक्त गर्दै यस क्षेत्रको व्यावस्थापन संघ, प्रदेश र स्थानीय तहलाई सुम्पियो।

सहकारी क्षेत्र अझ व्यवस्थित होस् भनी सहकारी कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधीकरण, सहकारी प्रवर्द्धन कोष, स्थिरीकरण कोष लगायतका संरचना बनाउने व्यवस्था ऐनले गऱ्यो। हाल संघीय नियमन क्षेत्राधिकारमा १२५ (०.४५ प्रतिशत), प्रादेशिक क्षेत्राधिकारमा ६००२ (२०.१५ प्रतिशत) र स्थानीय क्षेत्रधिकारमा २३,७५९ (७९.५५ प्रतिशत) सहकारी संस्था रहेका छन्।

---

[६२] नेपाल सरकार, मन्त्रिपरिषद्को २०७०।०७।१४ को निर्णयबमोजिम तत्कालीन उच्च अदालतका न्यायाधीश गौरीवहादुर कार्कीको अध्यक्षतामा सुशीलराम माथेमा र सीताराम उप्रेती सदस्य रहने गरी गठित बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० ले २०७१ सालमा बुझाएको प्रतिवेदनमा यस्तो सुझाव प्रस्तुत गरिएको थियो। सोही आयोगको सिफारिस बमोजिम सहकारी ऐन, २०७४ जारी भई सोही ऐनमा भएको व्यवस्था बमोजिम समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरिएको पाइन्छ।

सहकारी व्यवस्थापनको लागि सघन अनुगमन, संयुक्त अनुगमन, सम्पत्ति शुद्धीकरण लगायतको अनुगमन गर्न नेपाल राष्ट्र बैङ्क, सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय र स्थानीय तह जिम्मेवार छन्।

वर्तमान समयमा करिव २.५ खर्बको आर्थिक अपचलन, त्यसमा संलग्न करिव ५०० सहकारी संघ, संस्था र लाखौं सदस्यहरूका बचतको हिनामिना, करिब १,७०० जना बिरुद्ध पक्राउ पूर्जी जारी, नियामक निकाय तथा सडकमा दैनिकजसो देखिने सहकारीपीडितका आन्दोलन सहकारी संकटका प्रतिनिधिमूलक दृष्टान्त हुन्।

विद्यमान अवस्थामा सहकारी क्षेत्र यस्तो समस्यामा पर्नुमा मुख्यतया देहायका पक्षलाई प्रमुख कारण मानिएको छः

१. कोभिड-१९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा पर्न गएको प्रभावलाई थेग्ने बलियो संस्थागत प्रणालीको अभावका कारण सिर्जित अविश्वास,

२. सहकारीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तको बुझाइमा एकरूपताको कमी र यसैको माध्यमबाट गलत फाइदा उठाउनेतर्फ सहकारीलाई दुरुपयोग गर्ने तत्वको सक्रियता,

३. केही सहकारी सञ्चालकहरूबाट भएका गम्भीर गल्ती, कमजोरी र लापरवाही, कारवाही गर्न नसक्ने नियमनकारी निकाय र स्वायत्तता र स्वतन्त्रताको नाममा ढाकछोप गर्ने सहकारी अभियान आदि।

परिच्छेद-४

नेपालमा सहकारी समस्याको अध्ययन र सिफारिस कार्यान्वयन

यस परिच्छेदमा समितिले विभिन्न स्रोतबाट सङ्कलन गर्न सकेका सहकारी समस्यासँग सम्बन्धित यसअघि गठन भएका जाँचबुझ आयोग, उच्चस्तरीय समिति, समिति र कार्यदलहरूबाट प्रस्तुत प्रतिवेदनहरूको सारसमीक्षा र संक्षेषण प्रस्तुत गरिएको छ। २००७ सालमा प्रजातन्त्रको स्थापनापश्चात् योजनाबद्ध विकाससँगै सहकारी संस्था स्थापना र सञ्चालनको अवधारणा सुरुवात भएकोमा सहकारी संस्था ऐन, २०१६ ले यसलाई अवधारणात्मक रूपमा स्वीकार गरेकोमा २०१७ सालमा पञ्चायती व्यवस्थाको उदयसँगै राज्य नियन्त्रित सहकारी अवधारणाले प्रश्रय पाएको देखिन्छ। यसकै परिणामस्वरूप पञ्चायत प्रणालीको आर्थिक कार्यक्रमका रूपमा नेपालमा साझा कार्यक्रम अगाडि बढाइएको थियो। साझा कार्यक्रम सुरू गर्ने सन्दर्भ समेतलाई लिएर पञ्चायतकालमा, बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि र गणतन्त्रकालमा समेत सहकारी समस्या समाधानको लागि विभिन्न अध्ययनहरू भएको पाइएका छन्।

"बीपी कोइरालासँग अमेरिका भ्रमण गरे। पछि इजरायल र लण्डन पनि जाने संयोग मिलेको थियो। इजरायल भ्रमणको क्रममा किब्बुत्ज अवलोकन गर्न पाएको थिएँ। त्यहाँ दुई दिनको लागि पुगेकोमा भ्रमण लम्बाएर किब्बुत्जको अतिथि भएर सात दिनसम्म बसें। किब्बुत्ज इजरायलको कृषि विकास, सामाजिक समानता र सामुदायिक आत्मनिर्भरताजस्ता अवधारणामा आधारित थियो। इजरायल घुम्ने क्रममा नै बालुवामा हरियो रुख हुर्किरहेको देखें। त्यो देखेपश्चात् कोशिस गर्ने हो भने जे पनि सम्भव हुँदोरहेछ भन्ने बोध भयो। राजा महेन्द्रले २०१७ साल पुस १ गतेको कदम चालेपछि पञ्चायती राजनीतिक व्यवस्थाको आर्थिक कार्यक्रमका रूपमा साझा कार्यक्रममार्फत अघि बढ्ने सल्लाह भयो। साझा सहकारी आर्थिक तरिकाले र पञ्चायत राजनीतिक तरिकाले सञ्चालन गर्ने योजनाअनुरुप साझा कार्यक्रमको अवधारणा अघि सारिएको थियो। राजाबाट मलाई साझा कार्यक्रमको अवधारणा तयार गर्ने जिम्मेवारी दिइएको थियो। सोही बमोजिम सुरुमा साझा यातायात, साझा स्वास्थ्य, साझा भण्डारण र साझा प्रकाशनको थालनी र सञ्चालन गरिएको थियो। चिनियाँ नेता देङ्ग सियाओ पिङ्को बिचारमा कालो वा सेतो कुन रङ्गको बिरालो हो ? त्यसको खास मतलब हुँदैन, तर बिरालोले मुसाचाहिं मारेको हुनु पर्दछ। जुनसुकै क्षेत्रमा व्यक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ अर्थात Man is very important. यसमा व्यक्तिको छनौट अति मूल्यवान हुन्छ। मान्छे राम्रो भयो भने जुनसुकै क्षेत्र राम्रो हुन्छ र देश पनि सक्षम एवं बलियो हुन्छ। साझा केन्द्रको संस्थापक अध्यक्षका रूपमा मैले सुरु गरेका साझा कार्यक्रमहरू पछि मेरो सोँच र अवधारणा अनुरुप कार्य सञ्चालन हुन सकेन। व्यक्ति छनौटकै कारण पछि समस्याहरू देखिए। फर्केर हेर्दा यसमा महाराजधिराजको भूमिका नै सर्वोपरि थियो भन्ने लाग्छ।" [६३]

सरकारले २०२४ सालमा केन्द्रीय सहकारी छानबिन समिति बनाएको पाइन्छ। त्यस्तै २०३६ सालमा साझा विकास योजना सुरू गर्नु अगाडि २०३५ सालमा एउटा अध्ययन टोली गठन भएको पाइन्छ भने २०४२ सालमा साझा अभियानको विकास र बिस्तार सम्बन्धी योजनाको अध्ययन गर्न टोली गठन भएको पाइन्छ। त्यस्तै पञ्चायती व्यवस्थाको अवसान र बहुदलीय प्रजातन्त्रको स्थापना भएसँगै सहकारी क्षेत्रलाई कसरी अघि बढाउन उपयुक्त हुन्छ भन्नेबारे गठन भएको "राष्ट्रिय सहकारी महासंघ परामर्श समिति, २०४७" बाट सुरू भएको अध्ययन २०८० सालमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० सम्म आइपुगेको पाइन्छ। २०४७ सालयता ३३ वर्षको अवधिमा विशिष्ट कायदिश र कार्यसीमा तोकेर जम्मा ९ वटा आयोग, समिति वा कार्यदल गठन भएका छन्। प्रतिनिधि सभाबाट २०८१ जेठ १५ गते गठित सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति दशौं रहेको छ।

---

[६३] नेपालमा साझा कार्यक्रमका एकजना योजनकार र समग्रमा परिकल्पनाकार समेत रहेका विश्वबन्धु थापाले मिति २०८१ साउन १६ को समितिको बैठकमा व्यक्त गर्नुभएको धारणा।

४.१ समितिले अध्ययन गरेका प्रतिवेदनहरू

समितिले अध्ययन गरेका केही अध्ययन प्रतिवेदनसँग सम्बन्धित आयोग, कार्यदल र समिति देहाय बमोजिम रहेका छन्:

क्र.स.	गठन वर्ष	नाम	संयोजक/अध्यक्ष	प्रतिवेदन वर्ष
१.	२०८०	सहकारी क्षेत्र सुधार सुझाव कार्यदल	डा. जयकान्त राउत	२०८१
२.	२०७०	बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानविन गर्न गठित जाँचबुझ आयोग	गौरीबहादुर कार्की	२०७१
३.	२०६९	समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति	महाप्रसाद अधिकारी	२०७०
४.	२०६९	बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति	डा. बैकुण्ठ अर्याल	
५.	२०६६	सहकारी क्षेत्रका समस्या समाधानका लागि नीतिगत, प्रक्रियागत र संस्थागत विषयमा सिफारिश गर्न गठित कार्यदल	डा. दिनेशचन्द्र देवकोटा	
६.	२०६१	राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति	डा. युवराज खतिवडा	२०६१
७.	२०६१	उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव समिति	मा. मन्त्री होमनाथ दाहाल	२०६१
८.	२०६१	राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यकता पर्ने कानूनी स्वरूप तथा संस्थागत व्यवस्थासम्बन्धी (उच्चस्तरीय) समिति	तुलसीप्रसाद उप्रेती	२०६१
९.	२०४७	राष्ट्रिय सहकारी महासंघ परामर्श समिति	राधाकृष्ण मैनाली	२०४७
पञ्चायतकालमा				
१०.	२०२४	केन्द्रीय सहकारी छानबिन समिति	डा. मोहनमान सैंजू	
११.	२०३५	साझा विकास योजना मस्यौदा अध्ययन टोली	रणधीर सुब्बा	
१२.	२०४१	नेपालमा साझा अभियानको विकास र बिस्तारसम्बन्धी अध्ययन टोली	नारायणदास श्रेष्ठ	२०४२

यसमध्ये देहायका आयोग, कार्यदल र समितिहरू बचत तथा ऋण सहकारीसँग सम्बन्धित देखिएका छन्:

क.स.	गठन वर्ष	नाम	संयोजक/अध्यक्ष	प्रतिवेदन वर्ष
१.	२०८०	सहकारी क्षेत्र सुधार सुझाव कार्यदल	डा. जयकान्त राउत	२०८०
२.	२०७०	बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग	गौरीबहादुर कार्की	२०७१
३.	२०६९	समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति	महाप्रसाद अधिकारी	२०७०
४.	२०६९	बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति	डा. बैकुण्ठ अर्याल	
५.	२०६१	राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति	डा. युवराज खतिवडा	
६.	२०६१	राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यकता पर्ने कानूनी स्वरूप तथा संस्थागत व्यवस्थासम्बन्धी (उच्चस्तरीय) समिति	तुलसीप्रसाद उप्रेती	२०६१

४.२ अध्ययन गरिएका प्रतिवेदनको सारसंक्षेप

उपरोक्त अध्ययन आयोग, समिति, कार्यदलका निष्कर्षको सार देहायबमोजिम रहेका छन्:-

४.२.१ केन्द्रीय सहकारी छानबिन समितिको अध्ययन प्रतिवेदन, २०२४

संस्थाको संख्या बढ्दै गएको तर संस्थाको कारोबार भने आशातीतरूपमा हुन नसकेकोले यसबाट सर्वसाधारणको सहकारी व्यवस्थाप्रति आस्था घट्दै जाने र जनताको संस्थाको रूपमा नलिई सरकारी अङ्गको रूपमा लिने प्रवृत्ति बढ्दै गएमा सहकारी व्यवस्था नष्ट हुने देखिएकोले सहकारी व्यवस्थाको पूर्णरूपमा छानबिन गर्नुपर्ने आवश्यकता सरकारले महसुस गरी देशभरका सम्पूर्ण कृषिसम्बन्धी सहकारी संस्थाहरूको छानबिन गरी नेपालमा सहकारी व्यवस्था कुन रूपमा चलाउनाले सहकारी संस्थाबाट अपेक्षाकृत फाइदा उठाउन सकिन्थ्यो भन्ने उद्देश्य राखी सरकारलाई प्रतिवेदन दिन सरकारले संवत् २०२४ पुस १९ मा कृषि मन्त्रालयका कायम मुकायम सचिवको निर्णयानुसार डा. श्री मोहनमान सैजुको अध्यक्षतामा २ जना सल्लाहकार समेत रहेको सात सदस्यीय छानबिन समिति गठन गरेको थियो। उक्त समितिका मुख्य सुझावहरू निम्न थिए:-

(१) सहकारी संस्थाको व्यवस्थापनसम्बन्धी सुझाव-

(क) शोषणरहित समाज सिर्जनामा सहयोग हुन सक्ने दृष्टिकोणबाट हालको सहकारी आन्दोलनको संरचनामा परिवर्तन हुनु पर्ने,

(ख) प्रारम्भिक सहकारी संस्थाको उद्देश्य अनुकूल कृषकहरूको बढी सेवा गर्न सक्षम तुल्याउनु र आत्मनिर्भर बनाउदै लैजानु पर्ने, र

(ग) सहकारी संस्थाहरूलाई क्रमशः विकास गर्दै लैजान ती संस्थाहरूको मूल आधार अनिवार्य बचत भएको र अनिवार्य बचतसँग सम्बन्धित संस्था गाउँ समितिलाई संस्थागत रूप दिदैं जान गाउँ समितिहरूलाई नै सहकारी आन्दोलन र सहकारी संस्था सङ्गठनको पहिलो चरण मान्नु पर्ने।

(२) सहकारी संस्था गठन गर्दा ध्यान दिनुपर्ने उपायहरू

(३) सहकारी ऐन, नियममा परिवर्तनसम्बन्धी सुझाव

(४) संगठनात्मक संरचनाः केन्द्रीयस्तरमा, जिल्लास्तरमा र प्राथमिकस्तरमा रहने सुझाव

(५) अन्य सम्बन्धित सङ्गठनहरू सम्बन्धी सुझाव जस्तैः

(क) भूमिसुधार एवं अनिवार्य बचत,

(ख) बचत संस्थान,

(ग) कृषि विकास बैङ्क,

(घ) कृषि सामग्री संस्थान,

(ङ) कृषि प्रसार विभाग,

(च) खाद्य संस्थान,

(छ) समन्वय,

(ज) गैरकृषि क्षेत्रका सहकारी संस्था।

४.२.२ साझा विकास योजना, २०३६

वर्षौदेखि साझा व्यवस्था लागू भएता पनि समाजले आशातीत प्रतिफल प्राप्त नगरेकोले यसबारे पुनर्विचार गरी साझाको माध्यमबाट सामुहिक चेतना तथा प्रारम्भिक सहयोगको भावना सिर्जना गर्न, ग्रामीण क्षेत्रको आर्थिक विकासका लागि जनसाधारणलाई बढी मात्रामा साझा सङ्गठनमा सम्मिलित गराउने र उनीहरूको व्यावसायिक सीप, श्रम र पुँजीलाई परिचालन गर्न ग्रामीणस्तरमा नै कृषि ऋण, उत्पादन सामग्री, उत्पादित वस्तुको बेचविखन कसरी मिलाउन सकिन्छ भने उद्देश्यले "साझा विकास योजना" मस्यौदा तयार गर्न आर्थिक वर्ष २०३५।३६ मा तत्कालिन राजदरबारबाट साझा केन्द्रका अध्यक्ष श्री रणधीर सुब्बाको अध्यक्षतामा एक टोलीको गठन भएको थियो। उक्त टोलीले निर्धारित उद्देश्य हासिल गर्न निम्नानुसारका नीतिगत सुझाव पेश गरेको थियो। साथै साझा विकासका निमित्त स्पष्ट संगठनात्मक संरचनाको सिफारिस समेत गरेको थियो।

(१) स-साना कृषकहरूलाई बढी मात्रामा संलग्न गराउन तराईमा ८ विगाहा र पहाडमा ४० रोपनी भन्दा बढी जग्गा भएका सदस्यहरूलाई साझा संस्थाको सह-सदस्य बनाउने,

(२) साझाको सञ्चालन, रेखदेख र विकासमा जनपक्षलाई बढी मात्रामा सरिक गराउन जिल्ला स्तरसम्म साझा सङ्गठनमा प्रजातान्त्रिक परिपाटीबाट निर्वाचन गराउने,

(३) गाउँस्तरदेखि राष्ट्रियस्तरसम्म साझाकै जिम्मेवार निकायको व्यवस्था गर्ने,

(४) ग्रामीण क्षेत्रमा राष्ट्रिय विकास सेवा कार्यक्रममा विद्यार्थीहरूलाई साना किसान समूह गठनमा संलग्न गराउने,

(५) सदस्यहरूको आवश्यकतानुसार समूहस्तरमा नै कार्यक्रम तर्जुमा गराउने,

(६) ऋण सुविधाबाट साना किसानले सञ्चालन गरेको कार्यक्रमको नियन्त्रण तथा काबुबाहिरको कारणले असूल नभएमा सो रकम साना किसानको जोखिम जमानत कोषबाट व्यहोरिने व्यवस्था गर्ने,

(७) विभिन्न निकायहरूले ग्रामीणस्तरमा पुऱ्याइने प्राविधिक, भौतिक सेवा र सुविधाहरू विभिन्न वर्गसम्म पुऱ्याउने माध्यम साझा संस्था नै हुने,

(८) साझा अभियानको विकासमा विभिन्न पक्षहरूमा सरकारबाट निरन्तर अनुगमन गर्न नीतिगत बाधा अड्चनहरू समयमा निराकरण गराउन साझा मन्त्रालयको व्यवस्था गरिने,

(९) राष्ट्रिय सहकारी संघ गठन भएपछि साझा केन्द्रीय कार्यालयले गर्ने गरेका कार्य त्यस संघले गर्ने र साझा केन्द्रमा कार्यरत कर्मचारी त्यस केन्द्रको सम्पत्ति तथा दायित्व त्यस संघमा सारिने,

(१०) साझा संस्थाहरूको कार्यक्षेत्रभित्र सङ्कलित अनिवार्य बचत सम्बन्धित संस्थाको शेयरमा परिणत गर्ने र शेयर प्रमाण-पत्र वितरण गर्ने र संस्था नभएको क्षेत्रमा अनिवार्य बचत रकममा संस्था गठन नभएसम्म ५ प्रतिशतका दरले व्याज उपलब्ध गराउने।

४.२.३ नेपालमा साझा अभियानको विकास र बिस्तारसम्बन्धी योजनाको प्रतिवेदन, २०४२

साझा केन्द्रले संवत् २०४१ मा नेपालमा साझा आन्दोलनमा देखा परेका समस्या तथा विसङ्गतीहरू पहिचान गरी भविष्यमा साझा विकासको निमित्त उपयुक्त हुने नीति, कार्यविधि र कार्यक्रमबारे सिफारिस गर्ने उद्देश्यले "नेपालमा साझा अभियानको विकास र बिस्तार" सम्बन्धी अध्ययन गर्न साझा केन्द्रले एक अध्ययन टोली गठन गरेको थियो। नारायणदास श्रेष्ठको नेतृत्वमा गठित त्यस अध्ययन टोलीले आफ्नो अध्ययन कार्य सम्पन्न गरी संवत् २०४२ जेष्ठ ३२ मा प्रतिवेदन केन्द्रीय साझा सञ्चालक समितिमा पेश गरेको थियो। त्यस प्रतिवेदनमा मुख्यतः देहायका सुझावहरू समेटिएका थिए:-

(१) साझा कार्यक्रमप्रति सरकारको दृढ नीति र समर्थन हुनु पर्ने,

(२) साझा अभियानलाई सहयोग पुऱ्याउन राष्ट्रिय साझा संस्थाको गठन गर्ने,

(३) साझा संस्थामा अनुशासन र नैतिकताको पाटोलाई बलियो बनाउने,

(४) ऋण नीति तर्जुमा गरी लगानी र असुली प्रक्रियालाई प्रभावकारी बनाउने,

(५) साझा संघ, संस्थाहरूको कार्यक्रम, आर्थिक, प्राविधिक र व्यावस्थापनको पक्षलाई प्रभावकारी बनाउन समसामयिक र नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने, र

(६) सहकारी शिक्षा, तालिम र पाठ्यसामग्रीलाई स्तरीय र आधुनिक बनाउने।

४.२.४ राष्ट्रिय सहकारी महासंघ परामर्श समिति, २०४७

पञ्चायती व्यवस्था भर्खरै अन्त्य भएको र बहुदलीय प्रजातन्त्र पुनःस्थापित भएको परिप्रेक्ष्यमा सरकारले ग्रामीण विकासको निमित्त अपनाउनु पर्ने दृष्टिकोण, साझा संघ, संस्थाको स्वरूप, ती संस्थाको गतिविधि, राष्ट्रिय सहकारी महासंघको गठन विधि समेतका विषयमा ठोस राय सुझाव दिन मन्त्रिपरिषद्को २०४७ कार्तिक ३० को निर्णय बमोजिम राधाकृष्ण मैनालीको संयोजकत्वमा सात सदस्यीय "राष्ट्रिय सहकारी महासंघ परामर्श समिति" गठन गरिएको थियो। समितिका सदस्यहरू सुवास नेम्बाङ्ग, मदनकुमार खतिवडा, चेतन्य मिश्र, मुकुन्दजराज सत्याल, कूलप्रसाद अधिकारी र सदस्य-सचिव भोगेन्द्र चौधरी भुवन रहेका थिए। समितिको मुख्य उद्देश्य परिवर्तित सन्दर्भमा साझा सहकारी आन्दोलनलाई कसरी संगठित गर्ने भन्ने नै थियो।

समितिले साझा कार्यक्रम सञ्चालन भएका ७२ जिल्लामध्ये ६८ जिल्लामा एकदिने गोष्ठी सम्पन्न गरी सुझाव सङ्कलन र परामर्श गर्दै केन्द्रीय तहमा विज्ञ र सरोकारवालाहरूसँग अन्तरक्रिया गरी सार्वजनिक सूचनामार्फत् स्वतन्त्र रूपमा राय माग्दै निम्न मुख्य सुझाव प्रस्तुत गरेको थियोः-

- अर्थतन्त्रको मेरूदण्डको रूपमा परिकल्पना गरिएको साझाले समेट्ने अर्थतन्त्रको दायरा धेरै फराकिलो हुने। सिद्धान्ततः हरेक वस्तु वा सेवाको उत्पादन, वितरण र उपभोग साझा सङ्गठन, साझा व्यवसाय र साझा आर्थिक प्रणालीमार्फत् गर्न सकिने। यी कार्यहरूलाई टेवा दिने क्रममा बजार भाउको सूचना, बेचबिखन, ढुवानी, प्रशोधन, भण्डारण, सङ्कलन र वितरणका पक्षमा विशेष ध्यान दिनु पर्ने,
- साझा सङ्गठनको संरचना तीन तहमा संगठित गर्नु उपयुक्त देखिन्छ। ग्रामीण र शहरी इलाकामा प्रारम्भिक साझा संस्थाहरू, जिल्लास्तरमा साझा संघहरू, र राष्ट्रिय स्तरमा राष्ट्रिय साझा महासंघको व्यवस्था हुन उपयुक्त हुने,
- प्राथमिक तहमा गठन हुने साझा संस्थाहरूले ऋण लगानी, आर्थिक करोवार, ग्रामीण बचत परिचालन, उत्पादन वृद्धि र बेचविखनमा केन्द्रित हुनु पर्ने,
- सम्पूर्ण साझा संघ, संस्थाहरू स्वायत्त निकाय हुनु पर्ने,
- राष्ट्रिय साझा महासंघको मुख्य कार्य नेपाल सरकार, सरकारी तथा गैह्रसरकारी संस्था र अन्तर्राष्ट्रिय स्तरका विभिन्न संघ,संस्थासँग सम्पर्क राखी एवं सहयोग प्राप्त गरी समन्वयात्मक ढङ्गले साझा कार्यक्रम सञ्चालन गर्नु पर्ने,
- प्रथम चरणमा राष्ट्रिय साझा महासंघको विधिवत् गठन गर्नका लागि आवश्यक पर्ने पूर्वाधार तहमा अस्थायी रूपमा महासंघको कार्य सञ्चालन गर्न राष्ट्रिय साझा महासंघ अस्थायी सञ्चालक समिति गठन गरिनु पर्ने, र
- राष्ट्रिय साझा महासंघले "साझा विकास बैङ्क" स्थापना सम्बन्धी कार्यहरू सुरू गर्ने, लगायत।

४.२.५ राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यक पर्ने कानूनी स्वरूप तथा संस्थागत व्यवस्था सम्बन्धी (उच्चस्तरीय) समिति, २०६१

वित्तीय सहकारी क्षेत्रमा त्यस समयमा रहेको अन्योलको अवस्थालाई समयसापेक्ष रूपमा सुधार गर्नु पर्ने आवश्यकतालाई समयसापेक्ष सुधार गर्नुपर्ने आवश्यकता महसुस गरी राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्था र वित्तीय कारोबार समेत गर्ने सहकारी संस्थाहरूको प्रभावकारी सञ्चालनका

लागि आवश्यक पर्ने कानूनी र संस्थागत व्यवस्थाको अध्ययन गरी प्रतिवेदन दिन सरकारले "राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यकता पर्ने कानूनी स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी उच्चस्तरीय समिति" गठन गरेको थियो। सहकारीविज्ञ तुलसीप्रसाद उप्रेती र कानूनविज्ञ सूर्यरत्न शाक्य सम्मिलित उक्त समितिले २०६१ साल असोज महिनामा कार्यसम्पन्न गरी प्रतिवेदन बुझाएको थियो।

उक्त समितिलाई मुख्य चारवटा कार्यादेश तोकिएका थिए। देशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी, नियमनकारी तथा सुपरीवेक्षकीय स्वरूप के-कस्तो हुन सक्ने हो ? यस्ता सहकारी संस्थाहरूको नियमन गर्ने उच्च निकायको संस्थागत स्वरूप के-कस्तो हुन सक्ने हो ? नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी सञ्चालनमा आएका संस्थाको भावी व्यवस्था कसरी गर्ने ? र राष्ट्रिय सहकारी बैङ्कको संरचना र स्वरूप कस्तो हुनु पर्ने ?

सम्बन्धित निकायहरूबाट सूचना र तथ्याङ्क सङ्कलन गरी, जिम्मेवार पदाधिकारीहरूसँग अन्तरक्रिया गरी दस्तावेजहरूको अध्ययन र विश्लेषण गरी समितिले केही महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गऱ्यो। उक्त समितिका केही मुख्य प्रतिनिधिमूलक सुझावहरू देहाय बमोजिम रहेका छन्:-

- सहकारी संस्थाहरू माथि नियमन, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी स्वरूपका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कको सक्रियतामा दोस्रो तहको नियमनकारी संस्था (STI) निर्माण गर्नु पर्ने, STI को कार्य सुव्यवस्थित गर्न एउटा केन्द्रीय वित्तीय सहकारी अनुगमन समिति गठन गर्नु पर्ने लगायत,

  वा

- कृषि तथा सहकारी मन्त्रालय वा सहकारी विभागको संयोजकत्वमा सहकारी क्षेत्रका लागि केन्द्रीय सहकारी अनुगमन समिति गठन गर्नु पर्ने, र
- बचत तथा ऋण र अन्य सहकारी संस्थाहरूको विकासका लागि "सहकारी बैङ्क ऐन" को तर्जूमा गरी लागु गर्नु पर्ने,
- बचत तथा ऋण सहकारी संस्थाहरू एकीकरण हुन सक्ने कानूनी व्यवस्थालाई व्यावहारिक तुल्याउन कार्यविधिहरू सरल तुल्याउने,
- भ्रष्टाचार निवारण ऐनमा राष्ट्रसेवक कर्मचारीले सहकारी संस्थाको सदस्य बन्न नपाउने व्यवस्था भएकोमा त्यसमा संशोधन गरी सदस्य बन्न पाउने व्यवस्था गर्ने,
- बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिको गठन विधि, सञ्चालकको पदावधि, नयाँ निर्वाचनबाट आउन सक्ने सञ्चालक, कार्यकारी सञ्चालकको संख्या/अनुपात र कार्यविधिबारे एकरूपता कायम गर्ने गरी नियम बनाउनु पर्ने,
- लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण नगराउने र साधारण सभा नबसाल्ने सहकारी संघ, संस्थाहरूको निर्धारित प्रक्रिया पूरा गरी दर्ता खारेज हुने व्यवस्था गर्ने,
- राष्ट्रिय सहकारी बैङ्कले आफ्नो जिल्लास्थित सदस्य बचत तथा ऋण सहकारी संस्थाहरू मध्ये छानिएका केही संस्थाहरूलाई आफ्नो एकाई मानी उनीहरूमार्फत् कारोबार गर्नुपर्ने। राष्ट्रिय सहकारी बैङ्कले आफ्ना सदस्य संस्थाहरूबाट नै बचत सङ्कलन र थोक ऋण उपलब्ध गराउनु पर्ने लगायत।

४.२.६ उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव समिति, २०६१

सरकारले २०६१ सालमा तत्कालीन कृषिमन्त्री होमनाथ दाहालको अध्यक्षतामा उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव समिति गठन गरेको थियो। सात सदस्यीय उक्त समितिमा सदस्यहरू केशवप्रसाद बडाल, दीपकप्रकाश बास्कोटा, डिल्ली प्रसाद सिटौला, सुन्दर खड्का, दुर्गाप्रसाद चौधरी र सदस्य-सचिव मार्कण्डयप्रसाद उपाध्याय रहनुभएको थियो। समितिले तीन महिनाको समय लगाएर सहकारीविज्ञ, सहकारीकर्मी र सरोकारवालाहरू समेतसँग परामर्श गरी एउटा बृहद् प्रतिवेदन प्रस्तुत गरेको थियो।

समितिले सहकारी क्षेत्रको ऐतिहासिक र तत्कालीन परिस्थिति, सहकारी क्षेत्रको संगठनात्मक संरचना, सहकारी आन्दोलनको संरचना, सहकारी आन्दोलनका समस्याहरू समेतको विश्लेषण गरी सुधारका उपायहरू प्रस्तुत गर्दै कार्यान्वयन योजना समेत सुझाएको थियो। सहकारी क्षेत्रमा दिशाबोध नै अस्पष्ट रहेको बताउँदै समितिले सहकारी क्षेत्रको विकासको गति मन्द रहेको, नीतिगत अस्पष्टताहरू विद्यमान रहेको, सहकारी विकास कोषको परिचालनमा समस्या रहेको, केही सहकारीहरू रुग्ण अवस्थामा रहेको कुरालाई समस्याको रूपमा चित्रित गरेको थियो।

समितिले सहकारी क्षेत्रको दिशाबोध; सहकारी संघ संस्थाहरूमा सुधार; सरकारीको भूमिका र जिम्मेवारी किटान; सरकारी निकायहरूको जिम्मेवारी र संरचना एवं सहकारी आन्दोलनको जिम्मेवारी र संरचना लगायत विविध विषयमा समेत पाँच धारमा सुझावहरू प्रस्तुत गरेको थियो। समितिले प्रस्तुत गरेका केही प्रतिनिधिमूलक सुझावहरू देहाय बमोजिम रहेका छन्:-

- निजी क्षेत्रको लगानी आकर्षित हुन नसकेका र विकासको प्रवाहमा छुटेका भौगोलिक क्षेत्रहरूलाई लक्षित गरी जनताको स्वस्फूर्त प्रयासबाट व्यावसायिक सेवाको उपयोग गर्नसक्ने सहकारी उद्यमहरूको बाहुल्य कायम गर्ने,
- सहकारी संघ, संस्थाहरूमा व्यावसायिक व्यवस्थापनको विकास, संस्थागत वित्तीय पहुँचमा वृद्धि गरी सहकारी व्यवसायलाई उत्पादनमुखी बनाउने,
- सहकारी क्षेत्रमा कार्यरत जनशक्ति (सरकारी कर्मचारी, संस्थाका सदस्य, सञ्चालक र कर्मचारी) को विशेषज्ञता विकास गर्ने,
- सरकारको भूमिका पूर्वाधार विकास, सहजीकरण, नियमन र प्रवर्द्धनमा सीमित गरी कानूनी व्यवस्थाद्वारा स्वनियमन र आन्तरिक नियन्त्रणको पद्धति स्थापित गर्ने,
- सहकारी सिद्धान्त अनुरूप नचलेका बचत तथा ऋण सहकारी संस्थाहरूलाई या त सहकारी सिद्धान्तमा रूपान्तरण गर्ने वा कम्पनीमा रूपान्तरण हुनसक्ने व्यवस्था गर्ने,
- बचत तथा ऋण सहकारी संस्थाहरूको ऋण असुली कार्यलाई सघाउ पुऱ्याउन तिनलाई बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐनको संयन्त्रमा समावेश गर्ने, लगायत।

४.२.७ राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति, २०६१

नेपाल सरकार (मन्त्रिस्तरीय) निर्णय बमोजिम अर्थ मन्त्रालयका तर्फबाट २०६१ साउन १३ गते राष्ट्रिय योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा ११ सदस्यीय "राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्थासम्बन्धी अध्ययन समिति"

गठन गरिएको थियो। उक्त समितिमा सरोकारवाला सरकारी निकायहरूका अतिरिक्त बचत तथा ऋण सहकारी संघहरूको पनि प्रतिनिधित्व थियो। समितिका सदस्यहरूमा केशव बडाल, दीपकप्रकाश बाँस्कोटा, कृष्ण ज्ञवाली, ऋषी लामिछाने, मार्कण्डेय उपाध्याय, भास्करमणि ज्ञवाली, कैलाशभक्त प्रधानाङ्ग, राजेशहरि जोशी, ओमप्रकाश शर्मा र रमेशप्रसाद पोखरेल रहनुभएको थियो।

उक्त समितिले समस्याहरूको पहिचान र विश्लेषण गर्दै मूल रूपमा राष्ट्रिय सहकारी बैङ्क, वित्तीय सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) गर्नु पर्ने लगायतका निष्कर्षसहित सुझावहरू प्रस्तुत गरेको थियो। उक्त समितिका मुख्य सुझावहरू देहाय बमोजिम रहेका थिए:-

- राष्ट्रिय सहकारी बैङ्क, वित्तीय सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नु पर्ने,
- सहकारी बैङ्क ऐन लागू गर्ने,
- कृषि तथा सहकारी मन्त्रालयमा एक उच्चस्तरीय समिति गठन गर्ने,
- सहकारी तालिम परिषद् गठन गर्दै राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठानलाई स्तरोन्नति गर्ने,
- ग्रामीण तथा शहरी क्षेत्रका सहकारीका लागि नियमनकारी सीमा कायम गरी सोभन्दा कम कारोबार गर्ने सहकारीलाई स्वनियमन विधिअन्तर्गत स्तर निर्धारण गर्न लगाउने,
- PEARLS Rating र वित्तीय अनुपात (ratio) प्रणालीलाई कार्यान्वयनमा ल्याउनु पर्ने,
- बचत तथा ऋण सहकारीका लागि निक्षेप र ऋणको सीमा तोक्नुपर्ने लगायत।

४.२.८ सहकारी क्षेत्रका समस्या समाधानको लागि नीतिगत, प्रक्रियागत र संस्थागत विषयमा सिफारिस गर्न गठित कार्यदल, २०६६

सहकारी क्षेत्रमा गरिनु पर्ने नीतिगत, संरचनागत र प्रक्रियागत सुधारको विषयमा स्पष्ट सिफारिस सहित प्रतिवेदन पेश गर्नका लागि २०६६ मंसीर ११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राष्ट्रिय योजना अयोगका उपाध्यक्षको संयोजकत्वमा "सहकारी क्षेत्रका समस्या समाधानका लागि नीतिगत, प्रक्रियागत र संस्थागत विषयमा सिफारिस कार्यदल" को गठन गरियो। ११ सदस्यीय उक्त कार्यदलमा सरोकारवाला सरकारी निकाय र सहकारी संघहरूको प्रतिनिधित्व थियो। सुरूमा कार्यदलको संयोजक डा. युवराज खतिवडा रहनुभएकोमा डा. जगदिशचन्द्र पोखरेल हुँदै डा. दिनेशचन्द्र देकवटाको पालामा प्रतिवेदन बुझाएको थियो। समितिका सदस्यहरूमा कृष्णहरी बाँस्कोटा, रामेश्वर खनाल, नाथुप्रसाद चौधरी, सरोजकुमार शर्मा, केशब बडाल, के.बी. मानन्धर, महाप्रसाद अधिकारी, मिनराज कँडेल, रमेश पोखरेल एवं सदस्य-सचिवमा सुदर्शनप्रसाद ढकाल र महेश्वर शर्मा रहनुभएको थियो। कार्यदलले आठ वटा बैठक बसी, छलफल र अध्ययन गरी नीतिगत, प्रक्रियागत र संस्थागत समस्याहरूको पहिचान गरी केही अल्पकालीन (११ वटा) र केही दीर्घकालीन (१६ वटा) सुझावहरू प्रस्तुत गऱ्यो। ती मध्ये मुख्य केही निम्न बमोजिम छन्:-

- राष्ट्रिय सहकारी नीति र दीर्घकालीन सहकारी योजना तर्जुमा गर्नु पर्ने,
- सहकारी ऐन र नियममा समयसापेक्ष परिमार्जन गर्ने,
- स्थायी प्रकृतिको "उच्चस्तरीय सहकारी क्षेत्र समस्या समाधान समिति" बनाउने,

- सहकारी सम्बन्धी कार्यहरू हेर्ने गरी सहकारी मन्त्रालयको स्थापना गर्ने,
- शैक्षिक संस्थाहरूबाट औपचारिक सहकारी शिक्षा दिने व्यवस्था मिलाउने, लगायत।

एक महिनाको कार्यावधि पाएको कार्यदलले बाहिरका सरोकारवाला र विज्ञहरूसँग परामर्श नगरेको, राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा फेरबदल भएपिच्छे कार्यदलको (पदेन) संयोजक र सहकारी विभागको रजिष्ट्रार परिवर्तनसँगै कार्यदलको सदस्य-सचिव पनि फेरिएसँगै कार्यदलले राम्रोसँग समस्या पहिल्याउन तथा तदनुरूप सुझाव पहिचान गर्न नसकेको देखिन्छ। समितिले डा. दिनेशचन्द देवकोटाको कार्यकालमा प्रतिवेदन बुझाएको थियो।

४.२.९ बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति, २०६९

नेपाल सरकार (मन्त्रिस्तरीय) निर्णयबाट २०६९ भदौ ५ मा अर्थ मन्त्रालयका सहसचिव बैकुण्ठ अर्यालको संयोजकत्वमा ५ सदस्यीय "बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति" गठन गरी बचत तथा ऋण सहकारी संस्थाहरूको दर्ता प्रक्रियामा गर्नु पर्ने सुधार, ती संस्थाहरूको नियमनका लागि अपनाइनु पर्ने विधि र प्रक्रिया, र अनुगमन संयन्त्र र सीमासम्बन्धी विस्तृत कार्ययोजना र अन्य विषयमा सझाव दिने कार्यादेश दिइएको थियो। समितिका सदस्यहरूमा सुदर्शन प्रसाद ढकाल, केदार न्यौपाने, विजयराज घिमिरे र चेतप्रसाद उप्रेती रहनुभएको थियो। समितिले आवश्यक अध्ययन, छलफल र गृहकार्य गरी तत्काल र दीर्घकालमा अपनाउनु पर्ने उपायको बारेमा प्रशस्त सुझावहरू प्रस्तुत गरेको छ। उक्त समितिका केही महत्त्वपूर्ण सुझाव निम्न बमोजिम छन्:-

- हालका लागि नयाँ सहकारी दर्ता प्रक्रिया स्थगित गर्नु पर्ने,
- सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने,
- सहकारी संस्थाहरूको लेखापरीक्षण दुरुस्त गर्न लगाउने,
- बचत तथा ऋणको व्याजदर निर्धारण गर्ने,
- बचत सङ्कलनका लागि गरिने विज्ञापनमा रोक लगाउने,
- अनुगमन, नियमन र कारोबारको सुरक्षणसम्बन्धी नियमको तर्जुमा गर्ने,
- व्यक्तिगत बचतको सीमा रू. ३० लाखसम्म तोकिनु पर्ने, र
- सबै सहकारीहरूले कुनै एक सहकारी संघको सदस्यता अनिवार्य लिने व्यवस्था गर्नु पर्ने, लगायत।

४.२.१० समस्याग्रस्त बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति, २०६९

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६९ माघ १२ गतेको निर्णय बमोजिम "समस्याग्रस्त बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति" गठन गरी त्यस्ता सहकारी संस्थाहरूमा देखिएका समस्याको पहिचान गर्ने, सुधारका उपायहरूको बारेमा सुझाव पेश गर्ने र आगामी दिनमा त्यस्ता समस्याको न्यूनीकरणका लागि अबलम्बन गरिनुपर्ने विषयहरूको सम्बन्धमा सुझाव पेस गर्ने कार्यक्षेत्र तोकिएको थियो।

नेपाल राष्ट्र बैङ्कका डेपुटी गर्भनर महाप्रसाद अधिकारी संयोजक रहेको उक्त आठ सदस्यीय समितिमा मूलतः सरकारी निकाय र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को प्रतिनिधित्व थियो। समितिका सदस्यहरूमा रामकृष्ण सुवेदी, कृष्णप्रसाद देवकोटा, कृष्णराज वि.सी., विजयराज घिमिरे, मिनराज कँडेल, दक्ष पौडेल र सदस्य-सचिव केदार न्यौपाने रहनुभएको थियो। करिब ५ महिनाको अवधिमा उक्त समितिले सहकारी विभागबाट समस्याग्रस्त भनी पहिचान गरिएका २७ वटा सहकारी संस्थाहरूको कारोबार, बचतकर्ता र ऋणीहरूको विवरण विश्लेषण गरी २८ वटा समस्याको पहिचान गर्दै १९ वटा सुझावहरू प्रस्तुत गऱ्यो। समस्याहरूलाई कानूनी र नीतिगत, प्रक्रियागत र व्यवस्थापन सम्बन्धी तथा सञ्चालन सम्बन्धी गरी तीन वर्गमा विभाजन गर्दै समितिले प्रस्तुत गरेका केही मुख्य समस्याहरू निम्न बमोजिम रहेका छन्:-

- मौजुदा सहकारी ऐनमा सहकारी संस्थाहरूले बचत तथा ऋणको कारोबार गर्न सक्ने सम्बन्धमा भएको प्रावधान अपर्याप्त भएको,
- सहकारी संस्थाहरूले गर्न सक्ने बैङ्किङ्ग कारोबारको भौगोलिक कार्यक्षेत्रको सम्बन्धमा सहकारी ऐन स्पष्ट नभएको,
- नियमन, सुपरीवेक्षण र स्वनियमनको संयन्त्र पर्याप्त र प्रभावकारी नभएको,
- संस्थाहरूको नेतृत्वमा सीमित व्यक्तिको असीमित भूमिका र बर्चश्व रही संस्थागत सुशासन पक्ष कमजोर भएको,
- व्यक्तिगत बचतको सीमा नतोकिएको हुँदा असीमित बचत परिचालन भएको,
- कतिपय सहकारी संस्थाहरू पारिवारिक व्यवसायको रूपमा सञ्चालन गरिएको,
- संस्थाका सञ्चालक र परिवारका सदस्यहरूले मापदण्ड विपरीत, स्वार्थ बाझिने गरी वित्तीय स्रोतको उपयोग गरेको,
- सहकारी संस्थाहरूले घरजग्गा लगायतका क्षेत्रहरूमा गर्नसक्ने कर्जाको सीमासम्बन्धी व्यवस्थाको कार्यान्वयन पक्ष कमजोर रहेको,
- बचत तथा ऋण सहकारी संस्थाहरू शहर केन्द्रित भई उत्पादनमुखी भन्दा व्यापारमुखी भएको, र
- सहकारी संस्थाहरूले सम्पत्ति शुद्धीकरणसम्बन्धी विवरण पेस गर्ने नगरेको।

माथि उल्लेख गरिएका समस्याहरू समेतको लागि समितिले केही महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरेको छ। ती मध्ये केही सुझावहरू निम्नबमोजिम रहेका छन्:-

- समस्याग्रस्त सहकारीहरूमा सबै पक्षको सहभागिता हुने गरी अधिकार सम्पन्न व्यवस्थापन समिति गठन गर्ने,
- व्यक्तिगत बचतको कूल सीमा तोक्ने,
- सदस्यहरूको बचत हिनामिना गर्ने, बेहिसाव र अनियमितता गर्ने संस्थाका पदाधिकारीहरूलाई कारवाही गर्ने,
- सञ्चालक, कार्यकारी प्रमुख र लेखा समितिका सदस्यहरू एकाघर परिवारबाट नहुने व्यवस्था गर्ने,

- सञ्चालक समितिका कुनै पनि व्यक्ति कार्यकारी पदमा रहन नपाउने व्यवस्था गर्ने, र
- पचास करोड रूपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाहरूको विशेष लेखापरीक्षण गराउने, लगायत।

४.२.११ बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०७०

समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७० कार्तिक १४ गतेको निर्णयबाट जाँचबुझ आयोग ऐन, २०६६ को प्रावधान प्रयोग गरी उच्च अदालतका न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय "बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०७०" गठन गरिएको थियो। समितिका सदस्यहरूमा सुशीलराम माथेमा र सीताराम उप्रेती रहनुभएको थियो।

जाँचबुझ आयोग गठनका दुई उद्देश्य तोकिएका थिए। पहिलो, समस्याग्रस्त सहकारी संस्था, त्यसका सञ्चालक, पदाधिकारी, कर्मचारी र तिनका नातागोता समेतको नाममा स्वदेश र विदेशमा रहेका बैङ्क खाता रकम, जिन्सी, शेयर, धितो, जग्गा-जमिन, भवन अपार्टमेन्ट समेतका चल-अचल सम्पत्तिको लगत तयार गर्ने र मूल्याङ्कन गर्ने र बचतकर्ताको सम्बन्धमा राय सुझाव सहितको सिफारिस गर्ने। दोश्रो, सहकारी क्षेत्रमा देखिएका समस्याको पहिचान गरी सोको निराकरणका लागि विद्यमान सहकारी ऐन लगायतका कानूनहरूमा गर्नु पर्ने सुधारको सम्बन्धमा सिफारिस गर्ने।

उक्त प्रयोजनका लागि आयोगले बचतकर्ताको दावी पत्ता लगाउन निवेदनको लागि सार्वजनिक सूचना जारी गर्ने, निवेदन सङ्कलन, विश्लेषण र निरूपण गर्ने, पीडितहरूसँग सार्वजनिक सुनुवाई, काठमाडौँबाहिर पनि छलफल, अन्तरक्रिया, सामुहिक भेटघाट, विशेषज्ञहरूसँग परामर्श, समस्याग्रस्त सहकारी संस्थाको लेखापरीक्षण, सहकारी सञ्चालकहरूसँग बयान समेतका कार्यलाई अध्ययनको अङ्ग बनाएको थियो।

आयोगले जम्मा १२,९६२ उजुरी प्राप्त गरेको थियो। तीमध्ये १६२ वटा सहकारी संस्था विरूद्ध उजुरी परेका थिए। उजुरीमा बचत हिनामिनातर्फ रू. ७ अर्ब ६० करोड र हाउजिङ्ग वा घडेरीतर्फ रू. १ अर्ब ४० करोड बराबरको रकम दावा गरिएको थियो। यी सबै विश्लेषणपछि आयोगले हाउजिङ्ग कम्पनीतर्फ बचतकर्ताको सम्पत्तिमा सहकारी सञ्चालकहरूले रजाइँ गरेको, बुकिङ्गकर्ताको रकम हिनामिना गरेको, आफ्नो लगानीबिना अर्बपति बनेको, र सहकारीहरूलाई व्यवस्थापन शून्यताको स्थितिमा लगी घोटाला गरेको निष्कर्ष निकालेको थियो।

आयोगले अन्त्यमा बीसवटा बुँदामा आफ्ना सुझाव प्रस्तुत गरेको छ। ती मध्ये केही महत्त्वपूर्ण सुझावहरू निम्न बमोजिम छन्:-

- पचहत्तरै जिल्लामा सहकारी कार्यालय स्थापना गर्ने,
- नयाँ सहकारी ऐन तथा सहकारी न्यायाधिकरण अध्यादेशको तर्जुमा र सिफारिस,
- नयाँ सहकारी ऐनमा राखिनु पर्ने मुख्य बुँदाहरूको सूची,
- सहकारी विभागको संरचनाभित्र सशक्त अनुगमन शाखा स्थापना गर्ने (दोस्रो तहको नियामक संस्था स्थापना गर्नु पर्ने बारेमा चलेका चर्चालाई आयोगले रूचाएन),
- सहकारीमा भइरहेका अराजक वित्तीय र व्यवस्थापकीय व्यवहारमा रोक लगाउने,

- कुनै गाउँ विकास समिति (तत्कालीन अवस्था)मा सहकारी संस्था नभएको अवस्थामा बाहेक देशभर नयाँ सहकारी दर्ता बन्द गर्ने र एकीकरण (एकीकरण) अभियान सञ्चालन गर्ने,
- पचास करोडभन्दा माथिको कारोबार गर्ने सहकारीको अनुगमन नेपाल राष्ट्र बैङ्कबाट गर्ने,
- घर-घरमा संकलक पठाएर रकम सङ्कलन गर्ने प्रचलन तुरून्त बन्द गर्ने, र
- बचत सङ्कलन गर्ने शाखाहरू तुरून्त बन्द गर्ने, लगायत।

४.२.१२ सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८० वैशाख २६ गतेको निर्णय अनुसार गठित "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" ले सहकारी क्षेत्रले सामना गरेको समस्या पहिचान गरी सुधारको कार्ययोजना प्रस्ताव गर्ने मूल कायदिश पाएको थियो। राष्ट्रिय योजना आयोगका (सहकारी क्षेत्र हेर्ने) सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित १२ सदस्यीय उक्त कार्यदलमा सदस्यहरू गोकर्णमणि दुवाडी, काँशीराज दाहाल, कृष्णप्रसाद सापकोटा, भूपाल बराल, आभा श्रेष्ठ कर्ण, सुशील ढकाल, डा. सत्यन्द्र तिमिल्सिना, दिनेश आचार्य, मिनराज कँडेल, कृष्णबहादुर उप्रेती, ऋषिराज घिमिरे र सदस्य-सचिव नमराज घिमिरे रहनुभएको थियो। समितिका आमन्त्रित सदस्यहरूमा सरोज बुढाथोकी, कुशलभ के.सी., नारायणहरी गजुरेल र उज्ववल सत्याल रहनुभएको थियो। कार्यदलले तीन महिनाको समय लगाएर सबै सरोकारवालाहरूसँग छलफल र राय सङ्कलन गरी प्रतिवेदन तयार गरेको थियो। समितिले काठमाडौं, महोत्तरीको बर्दिबास र नेपालगञ्जमा सातै प्रदेशका सरोकारवाला र सहकारीका सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापकहरू समेत १,७९४ व्यक्तिसँग प्रत्यक्ष, सामुहिक र "जूम" प्रविधिमार्फत् छलफल गरी समिति निष्कर्षमा पुगेको थियो।

कार्यदलले प्रतिवेदनको परिच्छेद-४ मा देहाय बमोजिम समस्या पहिचान एवं विश्लेषण गरेको छः-

- कोभिड-१९ को महामारी र त्यसपछिको बन्दाबन्दीका कारण आर्थिक मन्दी उत्पन्न भई वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा चाप पर्न गएको र सहकारी क्षेत्रमा बलियो संस्थागत प्रणालीको अभावका कारण आम सर्वसाधारणमा यस क्षेत्रप्रति अविश्वास बढ्दै गएर "सहकारीको बचत सुरक्षित छैन" भन्ने मनोभाव उत्पन्न भई समस्या उत्पन्न भएको। यस अवस्थामा सहकारीका सञ्चालकहरू पनि बचतकर्ता र सदस्यहरूसँग सम्पर्कमा रही विश्वासको वातावरण बनाउनबाट चुकेको कार्यदलको निष्कर्ष छ।
- सहकारीको आधारभूत मूल्य-मान्यता र सिद्धान्तका बारेमा आमसर्वसाधारणमा शिक्षा र सचेतनाको कमी हुनुलाई कार्यदलले अर्को मुख्य र सघन कारणको रूपमा पहिचान गरेको छ। सहकारी भनेको समुदायमा आधारित, सदस्यकेन्द्रित र सदस्यनियन्त्रित हुनुपर्नेमा केही व्यक्तिहरूको वित्तीय कम्पनी जस्तो हुन पुगेपछि सहकारी सञ्चालकहरूको एउटा वृत्तले सर्वसाधारणमा रहेको बुझाइको यही कमजोरीमा टेक्दै सहकारीबाट त्यसको गलत फाइदा उठाउनेतर्फ लागेको कार्यदलको निष्कर्ष छ। कार्यदलले सुदूरपश्चिमको सहकारीले सुदूरपूर्वमा गएर सहकारी कारोबार सञ्चालन गरेको कुरालाई उदाहरणका रूपमा चित्रित गरेको छ।
- अर्को मूलभूत समस्याको रूपमा कार्यदलले सहकारी सञ्चालकहरूबाट भएका गल्ती, कमजोरी र लापरवाहीलाई औंल्याएको छ। सञ्चालनमा पहिले लापरवाही भएका सहकारीहरू नै पछिल्लो समयमा समस्याग्रस्त बन्दै गएको स्थितिलाई कार्यदलले उदाहरणको रूपमा चित्रित गरेको छ। कतिपय सहकारी सञ्चालकहरूले सहकारी ऐन र नियमावलीमा रहेको कानूनी

छिद्र पहिल्याउँदै त्यसको दुरूपयोग गरेको; देशव्यापी रूपमा सञ्चालनको अनुमति लिई ठूलो परिमाणमा बचत सङ्कलन गरी त्यसलाई आफ्नो, आफ्ना नातेदार वा व्यावसायिक साझेदार वा व्यापारिक कम्पनीहरूमा लगानी गर्नेजस्तो गैरसहकारी हर्कत गरेको; अधिक र शीघ्रलाभको मोहमा घरजग्गा कारोबारमा समेत सहकारीको रकम दुरूपयोग गरेको दृष्टान्तलाई प्राथमिकताका साथ समस्याको कारणको रूपमा उठाएको छ।

- कार्यदलले अलग्गै बुँदाका रूपमा नउठाए पनि अन्य बुँदाहरूको चर्चा गर्ने क्रममा एउटा महत्त्वपूर्ण पाटोलाई पनि उजागर गरेको छ। संघीयताको कार्यान्वयनपश्चात् स्थानीय र प्रदेश सरकारसँग कानूनी र प्रशासनिक पूर्वाधार र संयन्त्र संस्थागत हुन बाँकी रहेको, सहकारी विभागको संस्थागत संकुचन समेतको सन्दर्भमा उसको नियमनकारी क्षमताभन्दा ज्यादै ठूलो संख्यामा सहकारीहरू नियमन गर्नुपर्ने स्थिति रहेको कारणले पनि नियमन र अनुगमन प्रणाली प्रभावकारी हुन नसक्दा शासकीय संक्रमणकालीन परिस्थितिको दुरूपयोग गर्ने परिस्थिति उत्पन्न भएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ।

उक्त समितिको प्रतिवेदनको सुझाव तथा सिफारिश शीर्षकमा परिच्छेद-५ मा कार्यदलले तत्कालीन, अल्पकालीन र दीर्घकालीन गरी ५९ वटा सुधारका सुझावहरू प्रस्तुत गरेको छ। तत्कालै गर्नुपर्ने सुझावहरू मध्ये केही निम्न बमोजिम रहेका छन्:-

- स्थानीय तहहरूले कम्तिमा एक वर्षका लागि नयाँ सहकारी दर्ता, कार्यक्षेत्र बिस्तार र सेवाकेन्द्र स्वीकृति समेतका काम स्थगित गर्ने,
- सहकारी बचत तथा कर्जा सुरक्षण कोष तत्कालै स्थापना गरी बचत रकम सुरक्षण गर्ने,
- सबै नियामक निकायले तीन महिनाभित्र सहकारी संस्थाहरूको अनुगमन, सुपरीवेक्षण गरी पर्ल्स सूचकाङ्क (PEARLS Rating)का आधारमा वर्गीकरण सहितको प्रतिवेदन तयार पार्ने र समस्याउन्मुख देखिएका सहकारीलाई समस्याग्रस्त घोषणा गरी थप अनुसन्धान गर्न नेपाल प्रहरीमा लेखी पठाउने,
- सबै सहकारीहरूले तीन महिनाभित्र आ-आफ्नो स्थितिको श्वेतपत्र जारी गर्ने र बचत फिर्ता गर्न नसकेका सहकारीले बचत फिर्ता कार्ययोजना समेत पेश गर्ने,
- सरकारले उपयुक्त वित्तीय संस्थामार्फत् समस्यामा परेका सहकारीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराई बचत फिर्ता गराउने कार्यलाई प्राथमिकता दिने,
- कर्जा असुली न्यायाधिकरण तथा कर्जा सूचना केन्द्र स्थापना गर्ने,
- सहकारीका सञ्चालक तथा कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन र अभिलेखीकरण गर्ने,
- पचास करोडभन्दा बढीको कारोबार गर्ने सहकारीको निरीक्षणको जिम्मा नेपाल राष्ट्र बैङ्कले लिने, र
- बैङ्कहरूबाट भइरहेका समस्याग्रस्त सहकारीको धितो लिलामको क्रमलाई केही समय स्थगित गर्ने, लगायत।

४.३ समीक्षा संक्षेप

संवत् २००० देखिनै नेपालमा जनताको ऋणग्रस्तता र आधारभूत आवश्यकता वस्तु तथा सेवाको उपलब्धताका लागी जनताकै सहभागितामा उनीहरूका पारम्पारिक अभ्यासहरूको सुदृढीकरणमार्फत आवश्यक व्यवस्था

गरिनु पर्ने महसुस गरी भू-बन्धक बैङ्क (ल्याण्ड मोर्गेज सोसाइटी) र सहयोगी संस्था (को-अपरेटिभ सोसाइटी) को अभ्यास सुरु भएको देखिन्छ। राज्यका लागि आवश्यक तत्वहरूकै प्रभावकारिता अभिवृद्धि नभइसकेको, छरिएर रहेको वस्ती, पूर्वाधारको चरम अभाव, आफ्नै मुद्राको प्रचलनको अप्रभावकारिता, जनताको विकासप्रतिको बढ्दो चाहना, वर्षेनी बढ्दो प्राकृतिक क्षतिलाई न्युनीकरण गर्नुपर्ने अवस्थाहरूलाई दृष्टिगत गर्दा २००९ सालदेखिको जनशक्ति विकासको प्रयाससहित २०१३ बाट सुरु भएको सहकारी ऋण समितिको दर्ता एवं आर्थिक तथा जनपरिचालनलाई सहकारीताको प्रारम्भिक विकासका दृष्टान्तको रूपमा देख्न सकिन्छ, जुन तत्कालीन समाज विकासको सन्दर्भमा कम आँक्न नमिल्ने रहेको छ।

नेपालमा भएका ठूला राजनीतिक परिवर्तन सँगसँगै योजनाबद्ध विकास र समृद्धिलाई अगाडि बढाउन राणाकाल, पञ्चायतकाल, २०४७ सालपछिको बहुदलीय व्यवस्थाकाल र गणतन्त्र स्थापनापश्चात् स्थापित सरकारहरूले विभिन्न प्रयास गरेको पाइन्छ। विकासमा जनताहरूको सहभागिता, न्यायिकता र गरिबी निवारण का लागि विश्वभर सहकारी संस्थाहरूको स्थापना भई कार्यान्वयन भएको अनुभवलाई लिँदै नेपालले पनि पञ्चायतकालीन समयदेखि साझा वा सहकारी संस्थाको नाममा देशभर अभियान सञ्चालन गरी जनतालाई सहकारी संस्थाहरूमा आबद्ध हुन नीतिगत, कानूनी र संस्थागत प्रयास गरेको पाइन्छ। सहकारीको विकासक्रम विभिन्न प्राथमिकता र आवश्यकताको आधारमा विकसित हुँदै गयो। सहकारी अभियानलाई थप समृद्ध गर्न र लाभको प्रतिफल जनतालाई प्रत्यक्ष प्रदान गर्न विभिन्न समयमा समितिहरू बनाई सुझावहरू ग्रहण गरेको देख्न सकिन्छ।

सुझावहरूको विश्लेषण र कार्यान्वयन स्थिति

२०२४ सालमा केन्द्रीय सहकारी छानबिन समितिबाट सुरु गरिएको सुझाव लिने श्रृङ्खला २०८० सालमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदलसम्म आइपुगेको छ। यसरी विभिन्न समयमा गठन गरिएका समितिहरूले प्रदान गरेका सुझावहरू केही निरन्तर र केही तत्कालीन समस्या हल गर्न केन्द्रित छन् भने केही नयाँ पनि रहेका छन्। सम्पूर्ण १२ वटै प्रतिवेदनहरूको अध्ययन गर्दा प्रतिवेदनहरू आ-आफ्नै ढाँचा तौरतरिकामा तयार गरिएको पाइन्छ। यसरी एकीकृत ढाँचाको अभावमा तयार गरिएका प्रतिवेदनहरूको अध्ययन र विश्लेषण गर्ने संस्थागत र संरचनात्मक व्यवस्थाको अभावले सम्बन्धित निकायहरूमा अध्ययन समितिहरूले प्रदान गरेका सुझावको कार्यान्वयनको अवस्थाको विवरण पाउन सकिएन। यस दृष्टिकोणले हेर्दा, सरकारले अबका समितिहरू गठन गर्दा एकीकृत कार्यविवरण वा कार्यदिशा, प्रतिवेदनको ढाँचा, सुझाव प्रदान गर्ने ढाँचा र सन्दर्भ सूचीहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै, प्रतिवेदनहरू बुझ्ने र कार्यान्वयनको अनुगमन गर्ने स्पष्ट संस्थागत संरचनागत व्यवस्था गरिनुपर्ने हुन्छ। यसरी प्राप्त सुझावहरूलाई अध्ययन गरी कार्यान्वयनमा लैजान सकिएमा मात्रै सहकारी अभियानमा देखा परेका समस्याहरू नीतिगत, कानूनी, संगठनात्मक एवं प्रशासनिक तरिकाले हल हुन सक्ने देखिन्छन्।

नेपालमा सहकारी क्षेत्रको सुरुवात र विकास क्रमलाई विश्लेषण गर्दा सुदृढ सहकारीका लागि १० वटा आधार स्तम्भहरू आवश्यक पर्ने देखिन्छ। जसमा नीति तथा कानून निर्माण, संस्थागत संरचनाको व्यवस्था, सुशासन अभिवृद्धि, सदस्यको जोखिम एवं हित संरक्षण, अन्तरसरकारी समन्वय, जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि, आर्थिक स्रोतको व्यवस्था, संस्थागत स्वायत्तता, अनुगमन तथा मूल्याङ्कन र अध्ययन अनुसन्धान। यी आधार स्तम्भलाई नेपाल सरकारले विभिन्न समयमा गठन गरेका समितिहरूले प्रदान गरेका सुझावहरूसँग राखी विश्लेषण गर्दा यसको प्रष्ट रूपरेखा देख्न सकिएन। २०२४ सालदेखि २०८० सालसम्म गठन गरिएका जम्मा १२ वटा समितिका सुझावहरूमा ९ वटा समिति समितिले नीतिगत तथा कानूनी संरचनामा सुधार, ११ वटा समितिले संस्थागत संरचनामा सुधार, १० वटा समितिले सुशासन अभिवृद्धि, ७ वटा समितिले अन्तरसरकारी समन्वय, ५ वटा समितिले सदस्यको जोखिम एवं हित संरक्षण, ६ वटा समितिले जनशक्ति व्यवस्थापन तथा क्षमता वृद्धि, ६ वटा समितिले अनुगमन र मूल्याङ्कनमा सुधार, ५वटा समितिले वित्तीय स्रोतको थप व्यवस्थापन

र जम्मा २ वटा समितिहरूले अध्ययन अनुसन्धानमा केन्द्रित भएर आफ्ना सुझाव सल्लाह प्रस्तुत गरेका छन्। सहकारी क्षेत्रले समग्र अर्थव्यवस्था, रोजगारी, उत्पादन,वितरण र गरिबी न्यूनीकरणमा पारेको योगदान उपलब्ध तथ्य तथ्याङ्कले पुष्टि गर्दछन्। यसरी सहकारी क्षेत्रलाई नीतिगत, कानूनी, संरचनात्मक, सुशासन र जनउत्तरदायी तरिकाले अगाडि बढाउनका लागि गठन हुने समितिहरूको प्रष्ट कार्यविवरण, समितिमा रहने व्यक्तिहरूको निर्दिष्ट योग्यता, प्रतिवेदनको खाका, प्रतिवेदनको गुणस्तर र प्रतिवेदन कार्यान्वयन गर्ने संस्थागत व्यवस्था अनिवार्यरूपमा कार्यान्वयन हुनु पर्ने देखिन्छ। प्रष्ट उद्देश्य, खाका र कार्यान्वयनको योजनाबिना गठन गरिएका समितिबाट प्राप्त सुझाव सल्लाहहरूले सहकारी क्षेत्रमा देखापरेका विद्यमान र भविष्यमा देखा पर्ने समस्या हल हुन सक्ने देखिँदैन।

राजनीतिक संक्रमण, नीतिगत अस्पष्टता, दक्ष जनशक्ति, पुँजी, प्रविधि र पद्धतिको अभावमा पनि सहकारीतालाई राज्य नियन्त्रित पञ्चायतकालीन अर्थतन्त्रको आधारस्तम्भका रूपमा स्वीकार गरिनु आफैमा महत्त्वपूर्ण छ। पञ्चायतकालीन समयमा सञ्चालित भूमि सुधार कार्यक्रम, अनिवार्य बचत कार्यक्रम, कृषि पुनर्गठन कार्यक्रम तथा निरीक्षण ऋण प्रणाली, निर्दिष्ट सहकारी कार्यक्रम, कृषिका साथै गैरकृषि साझा कार्यक्रम, साना किसान सहकारी, सहकारी क्षेत्रको विकास र बिस्तार उल्लेख्य प्रयासहरू मान्न सकिन्छ।

सहकारी क्षेत्रको विकास, बिस्तार र सुदृढीकरणका लागी सरकारले समय-समयमा नीतिगत, संस्थागत, संरचनात्मक र प्रणालीगत रूपका विशेष प्रयासहरू गर्दै आएता पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको अवस्थालाई दृष्टिगत गरी आफ्नै प्रयासहरूको समीक्षा गरी विद्यमान प्रणालीमा गर्नु पर्ने सुधार र थप चाल्नु पर्ने कदमहरूको बारेमा सुझाव लिन २०२४ सालदेखि नै सम्बन्धित क्षेत्रका दक्ष विज्ञ सम्मिलित रणनीति, आयोग, उपसमिति, कार्यदल गठन गरी प्रतिवेदन पेश गर्न लगाउने अभ्यासको सुरुवात भएको पाइन्छ। जुन अद्यापी कायमै छ। यो निरन्तर सुधारको प्रभावकारी र उपयुक्त बाटो हो भन्दा फरक नपर्ला।

तत्कालीन समयको वस्तुस्थितिको अवलोकन, अध्ययन, अनुसन्धान गरी यस्ता समितिहरूले असाध्यै राम्रा, समस्या समाधान हुने, कार्यान्वयन योग्य र सुन्दर भविष्यका लागि रूपान्तरणकारी प्रतिवेदन दिने गरेता पनि ती सुझाव अनुरुप आवश्यक साधनस्रोत, ज्ञान, सीप, पुँजी, प्रविधि, संगठनात्मक संरचना, प्रणाली र पद्धतिको विकास र कार्यान्वयनको स्थिति भने एकदमै न्यून रहेको पाइन्छ। उदाहरणका लागि साझा संस्थामा कार्यरत केही कर्मचारीको आर्थिक हिसाबकिताबको फरफारक हुन अझै बाँकी छ भने साझा संस्थामार्फत गरेको ऋण, व्यवहार, कारोबारको फरफारक बाँकी नै रहँदा थुप्रै जग्गा कृषि विकास बैङ्कमा अझै रोक्का अवस्थामा नै रहेका छन्। फुकुवा गर्ने संयन्त्र नहुँदा पीडित जनताहरू, स्थानीय तह, प्रदेश सरकार, सहकारी विभाग र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा धाउन छाडेका छैनन्। पछिल्लो समय सहकारी पीडितहरूको आन्दोलन, सहकारी ठगीको नाममा हिरासत र कारागारमा रहेका सहकारी सञ्चालक एवं कर्मचारीहरू, समस्याग्रस्त र भागेका सहकारीहरूको उकालो ग्राफ यस क्षेत्रको असफलताका केही उदाहरणहरू हुन्। जुन कुशल नियमन र सञ्चालनको अभावमा आजको अवस्थामा आएका हुन् भन्दा सायदै अन्यथा नहोला। विगतमा प्रस्तुत विभिन्न प्रतिवेदनका सुझाव र सिफारिसहरू कार्यान्वयन भएका भए आज यो अवस्था नआउन सक्दथ्यो।

सहकारी क्षेत्रका समस्याहरूको पहिचान गरी आगामी उपयुक्त, रणनीति र प्रभावकारी कदम चाल्न गठन भएका समितिहरू २०४९ को वरिपरी, २०५७ को वरिपरी र २०६१ को वरिपरी बढी देखिन्छन्। तिनका प्रतिवेदनहरू प्रस्तुत भए तर तत्कालीन समयको नेतृत्वले कार्यान्वयन गर्नु पर्ने आवश्यकता ठानेन। परिणामस्वरूप आज सुझाव कार्यान्वयन त परको कुरा सम्बन्धित निकायमा त्यस्ता प्रतिवेदनको प्रति प्राप्त गर्न समेत कठिन रह्यो। नेतृत्वको असंवेदनशीलता, लगानीबिना उपलब्धि खोज्ने मानसिकता, गलत कार्यलाई ढाकछोप गर्ने अभियानकर्मीको रवैया, कमजोर नियामकीय संयन्त्र, स्वयत्तता र स्वतन्त्रताको गलत व्याख्या,

सहकारी सुशासनको अभाव, सहकारीप्रतिको निष्ठा र प्रतिवद्धताको अभावका कारण सहकारी सुशासन, व्यवस्थापन, सवलीकरण र मूलप्रवाहीकरणले गति लिन नसकेको अवस्था विद्यमान छ।

निकै मेहनतका साथ तयार गरिएका कैयौं प्रतिवेदनका सुझावहरू कार्यान्वयनमै आएनन् भने केहीका सुझावहरू आंशिक रूपमा मात्र कार्यान्वयन भएको देखिन्छ। यस्ता अध्ययन प्रतिवेदनहरूको स्वामित्व लिएर कार्यान्वयन नगर्नुले पनि समस्याको समयमै सम्बोधन र समाधान हुन नसकेको देखिएको छ।

परिच्छेद-५

सहकारी विधिशास्त्र

नेपालको संवैधानिक इतिहासमा हालसम्म सातवटा संविधान अस्तित्वमा रहे। सातौं संविधानका रूपमा रहेको नेपालको संविधान हाल प्रचलनमा छ। संविधान अन्तर्गत कानूनी प्रबन्ध गरिएका छन्। हाल करिब तीनसय ६० विधायिकी कानून र सयौंको संख्यामा प्रत्यायोजित विधायन अस्तित्वमा छन्। यसका अतिरिक्त नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू संविधानसँग बाझिएको हदमा बाहेक नेपाल कानून सरह लागू हुने अभ्यास र कानूनी प्रबन्ध समेत रहेको छ। यस परिच्छेदमा संविधानसहित समग्र कानूनमा सहकारी सम्बन्धमा गरिएको प्रबन्ध एवं ती कानूनको पालनाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका व्याख्या तथा प्रतिपादित नजिर र कानूनप्रदत्त हकलाई कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारले तय गर्ने नीति, योजना र कार्यक्रममा सहकारी सम्बन्धमा गरिएका प्रबन्ध समेतको प्रस्तुति र विश्लेषण गरिएको छ।

५.१ संवैधानिक प्रबन्ध

नेपालमा २००४ सालमा जारी भएको वैधानिक कानूनलाई नेपालको पहिलो संविधानका रूपमा मानिएको सन्दर्भमा हालसम्म सातवटा संविधानहरू जारी भएका छन्। मूल कानूनका रूपमा रहने संविधानले सहकारीको क्षेत्रमा कुनै संविधानले स्पष्ट रूपमा केही उल्लेख गरेको पाइँदैन भने कुनैले सहकारीलाई नेपालको अर्थव्यवस्थाको महत्त्वपूर्ण पक्षका रूपमा लिएको पाइन्छ। नेपालका संविधानमा सहकारी सम्बन्धमा गरिएको प्रत्यक्ष वा अप्रत्यक्ष व्यवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छः-

५.१.१ नेपाल सरकार वैधानिक कानून, २००४

संवत् २००४ सालमा श्री ३ पद्म शमशेरबाट जारी गरिएको नेपाल सरकार वैधानिक कानून, २००४ मा सहकारी सम्बन्धी निश्चयात्मक प्रबन्ध रहेको पाइँदैन। यस कानूनमा लोक नीति र सदाचारका सिद्धान्त प्रतिकूल नहुने गरी प्रचलित तथा नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ, संस्था खोल्ने स्वतन्त्रता हुने भनी मौलिक हकको व्यवस्था गरिएकोसम्म पाइन्छ। यस व्यवस्थाको आधारमा सहकारी संस्था गठन गर्न सकिने प्रबन्ध थियो भन्न सकिने अवस्था रहन्छ।

५.१.२ नेपालको अन्तरिम शासन विधान, २००७

संवत् २००७ सालको राजनीतिक परिवर्तनपछि जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ मा पनि सहकारी सम्बन्धमा किटानी प्रबन्ध रहेको पाइँदैन। यस अन्तरिम शासन विधानको धारा १७ को उपधारा (२) को खण्ड (ग) मा प्रचलित कानूनको अधीनमा रही सबै नागरिकलाई संस्था तथा संघ खडा गर्ने अधिकार हुने व्यवस्था गरेबाट सो अधिकारको प्रयोग गरी सहकारी संस्था लगायतका संघ संस्था गठन गर्न सकिने व्यवस्था गरिएको थियो भन्न सकिन्छ।

५.१.३ नेपाल अधिराज्यको संविधान, २०१५

नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि सहकारी संस्थाको बारेमा बेग्लै रूपमा उल्लेख गरिएको पाइँदैन। यस संविधानको धारा ७ मा राजनीतिक स्वतन्त्रताको हक अन्तर्गत प्रत्येक नागरिकलाई संघ, संस्था खोल्ने स्वतन्त्रता हुने गरी मौलिक हकको व्यवस्था गरिएको सन्दर्भमा सोही हकको प्रयोगको स्वरुप सहकारी संस्था पनि गठन गर्न सकिने अर्थ गर्न सकिन्छ। यो संविधान जारी भएलगत्तै

सहकारी संस्था ऐन जारी भएकोबाट पनि संविधानको यो व्यवस्था कार्यान्वयनमा ल्याउन सहज भएको थियो भनेर भन्न सकिन्छ।

५.१.४ नेपालको संविधान, २०१९

यस संविधानले सहकारी संस्थालाई नेपाल उद्योग तथा व्यापार नीतिको धारा १९ मा राज्यका उद्देश्य र लक्ष्य अन्तर्गत देशको आर्थिक उन्नतिमा जनतालाई बढी मात्रामा सम्मिलित गराई निजी उद्यमलाई समेत प्रोत्साहन दिई साझा संस्थाहरूलाई नेपालको उद्योग तथा व्यापार नीतिको आधारशीलाको रूपमा स्थापना गर्ने र आर्थिक लाभ र सुविधा उपभोग गर्न पाउने गरी व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुने व्यवस्था गरेको पाइन्छ। यो संविधान जारी हुँदाको अवस्थामा नेपालमा सहकारी ऐन, २०१६ तथा त्यस अन्तर्गतको सहकारी नियमावली, २०१८ जारी भई लागू समेत भइसकेको थियो।

५.१.५ नेपाल अधिराज्यको संविधान, २०४७

२०४६ सालको जनआन्दोलनबाट भएको राजनीतिक परिवर्तन स्वरुप जारी भएको यस संविधानमा पनि सहकारीको विषयमा वेग्लै उल्लेख गरिएको पाइँदैन। यस संविधानमा मौलिक हक अन्तर्गत रहेको स्वतन्त्रताको हक अन्तर्गत सबै नागरिकलाई संघ, संस्था खोल्ने स्वतन्त्रताबाट सहकारी संस्था गठन गर्नको लागि संवैधानिक आधार सिर्जना गरिएको थियो भन्न सकिन्छ। यो संविधान जारी भएपछि सहकारीको क्षेत्रमा सहकारी ऐन, २०४८ तथा सहकारी विकास बोर्ड ऐन, २०४९ जस्ता ऐन तथा नियमावलीहरू जारी भई सहकारीको विकासलाई अभियानकै रूपमा अघि बढाइएको पाइन्छ।

त्यस्तै राज्यका नीति अन्तर्गत श्रमशक्तिलाई देशको मुख्य सामाजिक-आर्थिक शक्तिका रूपमा चित्रित गर्दै उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने, महिला वर्गलाई राष्ट्रिय विकासमा सहभागी बनाउने, राष्ट्रिय विकासको लागि स्वदेशी लगानीको प्रवर्द्धन गर्दै विदेशी पुँजी र प्रविधि आकर्षित गर्ने र ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रता दिने नीति अवलम्बन गरिएको पाइन्छ।[६४] यी नीतिहरू प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहकारी क्षेत्रको प्रवर्द्धनसँग सम्बन्धित देखिन्छन्।

५.१.६ नेपालको अन्तरिम संविधान, २०६३

यस संविधानको धारा १२ मा स्वतन्त्रताको हकको व्यवस्था गर्दै प्रत्येक नागरिकलाई संघ, संस्था खोल्ने स्वतन्त्रता हुने गरी मौलिक हक प्रत्याभूत गरेको पाइन्छ। यसका अतिरिक्त यस संविधानको

---

[६४] नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६ मा राज्यका नीतिहरू शीर्षकमा देहायका उपधारा सहकारिताका विषयसँग सम्बन्धित देखिन्छन्:-

२६. राज्यका नीतिहरू:

(६) देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई क्रमशः रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ।

(७) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ।

(१२) राष्ट्रिय विकासको लागि स्वदेशी लगानीको प्रवर्द्धन गर्दै देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(१३) बहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्बन गर्नेछ।

धारा ३५ मा राज्यका नीतिहरू अन्तर्गत सहकारी नेपालको विकासको एक महत्त्वपूर्ण पक्ष हुने गरी नीति अवलम्बन गरिने गरी स्वीकार गरिएको पाइन्छ।[६५] नेपालको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण लगायत सबै क्षेत्रको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्नमा सहकारीको महत्त्व हुने यस संविधानले स्वीकार गरेको देखिन्छ।

५.१.७ नेपालको संविधान

संवत् २०७२ साल असोज ३ गते संविधानसभाबाट जारी भएको हाल लागू रहेको नेपालको संविधानले सहकारी क्षेत्रलाई नेपालको अर्थ तथा वित्तीय प्रणालीको महत्त्वपूर्ण खम्बाका रूपमा लिएको पाइन्छ। नेपालमा हालसम्म जारी भएका संविधानहरूमा सहकारीलाई सबैभन्दा बढी प्राथमिकता दिएको संवैधानिक दस्तावेज समेत यही संविधान देखिन्छ। मौलिक हक अन्तर्गत धारा १७ मा संघ संस्था खोल्न पाउने स्वतन्त्रताको हकको प्रत्याभूति यस संविधानले गरेको छ।

त्यस्तै राज्यका निर्देशक सिद्धान्त र नीतिहरू अन्तर्गत सहकारीलाई नेपालको दीगो आर्थिक विकास तथा विकासबाट प्राप्त उपलब्धिहरूको न्यायोचित वितरणको माध्यमका रूपमा विकास गर्ने राज्यको उद्देश्य रहने उल्लेख छ।[६६] त्यस्तै धारा ५१ मा सार्वजनिक नीजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने गरी राज्यले नीति अवलम्बन गर्ने व्यवस्था गरिएको छ।[६७]

धारा ५७ मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह गरी तीन तहबाट हुने व्यवस्था गर्दै संघको एकल अधिकार संविधानको अनुसूची-५ बमोजिमका विषयमा, प्रदेशको एकल अधिकार अनुसूची-६ बमोजिमका विषयमा र स्थानीय तहको एकल अधिकार अनुसूची-८ बमोजिमका विषयमा रहने व्यवस्था गरेकोछ। त्यसैगरी अनुसूची-७ का विषयमा संघ, प्रदेशको साझा अधिकार रहने त्यसको प्रयोग संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम हुने तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ का विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग संविधान, संघीय कानून, प्रदेश कानून तथा स्थानीय तहको कानून बमोजिम हुने व्यवस्था गर्दै अधिकारको विभाजन तथा त्यसको प्रयोगको सम्बन्धमा व्यवस्था गरिएको छ।

---

[६५] नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ मा राज्यका नीतिहरू शीर्षकमा उपधारा (२) मा देहायको प्रबन्ध देखिन्छः-

३५. राज्यका नीतिहरूः

(२) सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

[६६] नेपालको संविधानको धारा ५० को उपधारा (३) मा देहायको व्यवस्था रहेको छः-

५०. निर्देशक सिद्धान्तहरूः

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

[६७] धारा ५१ को खण्ड (घ) को उपखण्ड (१) र (३) मा देहायका व्यवस्था रहेका छन्:-

५१. राज्यका नीतिहरूः राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछः-

(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिः

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

विषयगत रूपमा अधिकारको बाँडफाँट गरी संघको एकल अधिकारको उल्लेख गर्दै सहकारी नियमनको अधिकार संघको हुने व्यवस्था संविधानको अनुसूची-५ मा गरिएको छ। यसको साथै अनुसूची-६मा नेपाल राष्ट्र बैङ्कको नीतिअनुरुप वित्तीय संस्थाहरूको सञ्चालन तथा सहकारी संस्था सम्बन्धी अधिकार प्रदेशको अधिकारको सूचीका रूपमा रहेको छ। अनुसूची-७ मा करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी अधिकार संघ र प्रदेशको साझा अधिकारका रूपमा व्यवस्था गरिएको छ। संविधानको अनुसूची-८ मा सहकारी संस्था र कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी सम्बन्धी अधिकार स्थानीय तहको अधिकारको रूपमा उल्लेख गरिएको छ। यसको साथै अनुसूची-९ मा सहकारी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा उल्लेख गरिएको छ।

सहकारी सम्बन्धमा नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकारको बाँडफाँट गर्ने प्रत्येक अनुसूचीमा उल्लेख भएको पाइन्छ। नेपालको संविधानको अनुसूची-५ को क्रम संख्या २८ मा सहकारी नियमनको विषय संघको एकल अधिकारको रूपमा उल्लेख गरेको छ। अनुसूची-६ को क्रम संख्या २ मा सहकारी संस्थाको विषय प्रदेशको एकल अधिकारमा पनि राखिएको छ। अनुसूची-८ को क्रम संख्या २ र १५ मा स्थानीय तहको एकल अधिकारको विषयमा पनि सहकारीको विषय समावेश गरिएको पाइन्छ। सोही अनुसूचीको क्रम संख्या १५ मा सहकारी संस्था तथा कृषि तथा पशु सहकारीको विषय समेत बेग्लै उल्लेख गरिएको पाइन्छ। यसको साथै सहकारी अधिकारको बाँडफाँटको साझा सूचीमध्ये संघ प्रदेशको साझा सूची अनुसूची-७ को क्रम संख्या ७ र तीनवटै तहको साझा अधिकारको सूची अनुसूची-९ को क्रमसंख्या १ मा सहकारीलाई उल्लेख गरिएको छ। यसरी हेर्दा सबै तहको अधिकारको सूची तथा साझा अधिकारको सूचीमा सहकारी रहेको पाइन्छ।

५.२ कानूनी प्रबन्ध

नेपाली समाजमा विभिन्न रूपमा सहकारी अभ्यास पहिलेदेखि नै प्रचलनमा रहेको भएता पनि यसको नियमन तथा व्यवस्थापनको लागि बेग्लै कानूनी व्यवस्थाको आवश्यकता महसुस गरी बेग्लै र विशिष्ट कानून निर्माणको लागि संवत् २०११ सालमा पहल गरिएको पाइन्छ। यसवर्ष तत्कालिन सल्लाहकार सभामा यस सम्बन्धी विधेयक पेस गरेको पाइन्छ। सो विधेयकमा मूलतः जनतामा परस्परमा सहयोग तथा सहकारीताको भावना बढाएर शक्ति, बुद्धि, अनुभव, उत्साह, ज्ञान, बल तथा धन एकत्रित गरी लाभदायक उद्योग स्थापना गर्ने र सुविधाजनक साधनहरू जुटाउने, देशको प्राकृतिक साधनको विकास गरी जनताको पिछड्पना हटाई जीवनस्तर माथि उठाउने उद्देश्य लिएको पाइन्छ। यस विधेयकमा रजिष्ट्रार लगायतका कर्मचारीको व्यवस्था गरी सहकारी सिद्धान्त अनुसार आफ्ना सदस्यको आर्थिक उन्नतिको काम गर्नको लागि एकै स्थानमा समान जात वा पेशा भएका १८ वर्ष उमेर पूरा भएका कम्तीमा दशजना व्यक्ति मिलेर सहकारी समिति गठन गर्न सकिने, सहकारी समितिको दायित्व सीमित हुने, एक जनाले शेयर पुँजीको २० प्रतिशत भन्दा बढी शेयर लिन नपाउने, प्रत्येक वर्ष रजिष्ट्रारले सहकारीको हिसाब, सम्पत्ति कर्जाको अवस्थाको जाँच गर्ने, सहकारीका सदस्य बाहेक अरुलाई कर्जा दिन नहुने तथा सदस्य नभएका व्यक्तिहरूबाट तोकिएको शर्तमा मात्रै डिपोजिट कर्जा लिन पाउने, खुदनाफाको दश प्रतिशतसम्म सार्वजनिक हितको लागि दान दिन सकिने, ऐनको पालना नगरेमा ५०० रुपैयाँसम्म जरिवाना हुने व्यवस्था प्रस्ताव गरिएको देखिन्छ। यो विधेयक जनताको जानकारीको लागि प्रकाशन गरिएको भएता पनि यसले ऐनको रूपमा जारी हुन पाएन।

संवत् २०१३ सालमा कार्यकारी आदेशबाट सहकारी दर्ता गर्ने व्यवस्था गरिएको भएता पनि सहकारी सम्बन्धी बेग्लै ऐन २०१६ सालमा जारी भएको पाइन्छ। २०१५ साल मंसीर २९ मा सल्लाहकार सभामा प्रवेश पाएको विधेयक पौष २९ गते सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोमा सभाबाट पारित भई

२०१६ सालमा ऐन बनेको देखिन्छ। त्यसैगरी २०१९ सालमा सहकारी बैङ्क सम्बन्धी ऐन जारी भई भूमि सुधार बचत संस्थानबाट बनेको सहकारी बैङ्क २०२० सालमा स्थापना भएकोमा २०२४ साल माघ ७ गते त्यसलाई कृषि विकास बैङ्कका रूपमा रूपान्तरण गरिएको थियो।[६८] २०१६ सालको सहकारी संस्था ऐनलाई खारेज गर्ने गरी साझा संस्था ऐन, २०४१ जारी भएकोमा सो ऐनलाई पनि खारेज गर्ने गरी सहकारी ऐन, २०४८ जारी गरियो। सहकारी ऐनलाई समसामयिक बनाउनका लागि नेपालको संविधान जारी भएपछि संघीय सहकारी ऐनका रूपमा सहकारी ऐन, २०७४ जारी भई हाल कार्यान्वयनमा रहेको छ। यसैगरी सहकारी सम्बन्धमा प्रदेशलाई भएको अधिकार बमोजिम प्रदेशस्तरमा पनि सहकारी ऐनहरूको निर्माण भएको पाइन्छ भने स्थानीय तहमा भएको अधिकार प्रयोग गरी स्थानीय सहकारी ऐनहरूको समेत निर्माण भएका छन्। हाल सबै शासकीय इकाईका आ-आफ्नै सहकारी ऐन रहेका छन्। संघीय सहकारी ऐन तथा त्यसअन्तर्गतका नियमावलीहरूमा गरिएको मुख्य-मुख्य व्यवस्थाहरूलाई संक्षेपमा यस उपशिर्षक अन्तर्गत समावेश गरिएको छ।

५.२.१ सहकारी संस्था ऐन, २०१६

किसान तथा थोरै पुँजी भएका व्यक्तिहरूको आर्थिक विकास गर्न, स्वावलम्बन, पारस्परिक सहयोग र किफायतको वृद्धिको लागि सहकारी संस्थाको गठनलाई सहज बनाउने उद्देश्यले संवत् २०१६ साल असार १४ गते यो ऐन जारी गरिएको पाइन्छ। यस ऐनमा २०१८ सालमा पहिलो संशोधन र २०२७ सालमा दोस्रो संशोधन गरिएको थियो। यस ऐनले सहकारी संस्था दर्ता गराउनु पर्ने व्यवस्था गरी दर्ता तथा नियमनको लागि एक जना रजिष्ट्रार र आवश्यक संख्यामा अन्य कर्मचारी रहने गरी कर्मचारी तथा प्रशासनिक व्यवस्था गरेको थियो।

सहकारीमा आधारित रहेर आफ्ना सदस्यहरूको आर्थिक उन्नति गर्ने उद्देश्यले १६ वर्ष उमेर पूरा भएका कम्तीमा २५ जना सदस्यहरू मिलेर सहकारी संस्था दर्ता गर्न सकिने, कुनै व्यक्ति विशेषले सहकारी संस्थाको कूल शेयर पुँजीको २० प्रतिशत वा नियममा तोकिदिएको घटी अंशभन्दा बढी शेयर लिन नपाउने व्यवस्था गरिएको थियो। सहकारी संस्थाका सदस्यहरूलाई ऋण दिने कोष जम्मा गर्ने उद्देश्यले बनेको रहेछ भने त्यसका सदस्यहरू एकै शहर, गाउँ वा गाउँहरूको समूहमा बसोवास गर्दै रहेको वा रजिष्ट्रारले अन्यथा निर्देश गरेकोमा बाहेक एकै पेशा वा उद्देश्यको हुनु पर्ने व्यवस्था गरिएको थियो। सहकारी संस्थाको दायित्व सीमित हुने र प्रत्येक संस्थाको नामको अन्तमा लिमिटेड शब्द प्रयोग गरिने व्यवस्था रहेको थियो।

एक सदस्य एक मत हुने, सहकारीको असुल उपर गर्न बाँकी हकदावीले असुल उपरमा अग्राधिकार पाउने, सहकारीले प्रदान गरेको ऋण रकम समयमै असूल उपर नभएमा रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकृतले त्यस्तो बाँकी र ऋण रकम सरकारी बाँकी सरह उठाउन सक्ने समेतका व्यवस्था यस ऐनमा गरिएको थियो। कुनै व्यक्तिले रजिष्टर्ड संस्थाको सम्पत्ति आफ्नो निजी सम्पत्ति गराएको रहेछ वा यो ऐन वा रजिष्टर्ड संस्थाको विनियमले अधिकार दिएको काममा बाहेक अरु काममा लगाएको छ भन्ने कुरा रजिष्टर्ड संस्थाले वा सो संस्थाले अधिकार दिएको सदस्य वा समितिले उजुर गरी सो उजुर कुरा प्रमाणित हुन आएमा रजिष्ट्रारले वा निजबाट अधिकार प्राप्त अधिकृतले त्यस्तो व्यक्तिलाई दुइ सय रुपैयाँसम्म जरीबाना गरी निजले प्राप्त गरेको रजिष्टर्ड संस्थाको सम्पत्तिको चलन

[६८] यज्ञ वन्जाडे, कृषि विकास बैंक ६ दशकदेखि किसानको भरोसा, कान्तिपुर दैनिक, चैत २५, २०८० (https://ekantipur.com/feature/2024/04/07/agricultural-development-bank-trust-of-farmers-since-6-decades-45-02.html हेरिएको मितिः २०८१ भाद्र १६ गते)।

चल्तिको मूल्यमा कानून बमोजिम लाग्ने व्याज निजको जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गराई दिन सक्ने व्यवस्था गरिएको थियो।

सहकारी संस्थाको सम्पत्ति हिनामिना गर्ने व्यक्ति सो सस्थाको कर्मचारी वा सदस्य भएमा त्यस्तो कर्मचारी वा सदस्यलाई रजिष्ट्रारले सो संस्थाबाट हटाउने, सहकारी संस्थाले ऋणपत्र (डिवेञ्चर) जारी गर्न सक्ने र त्यस्तो ऋणपत्र जारी गर्दा उक्त ऋणपत्रमा सरकारको ग्यारेण्टी लिन चाहने संस्थाले त्यसको लागि सरकारसमक्ष आवेदन दिनु पर्ने व्यवस्था गरिएको थियो। ऐनको उद्देश्य पूरा गर्नका लागि सहकारी संस्थाहरूको रेखदेख, नियन्त्रण, वार्षिक तथा अरु हिसाब जाँच (अडिट) र कार्यविधि रेखदेख गर्ने विषयसमेत समावेश गरी सरकारले नियमहरू बनाउन सक्ने व्यवस्था गरिएको पाइन्छ। यो ऐन र नियमहरूको प्रतिकूल नहुने गरी सहकारी संस्थाले आफनो कार्यसम्पादनका लागि विनियमहरू बनाउन सक्ने र त्यस्ता विनियमहरू रजिष्ट्रारको कार्यालयमा दर्ता गराउनु पर्ने तथा विनियममा रजिष्ट्रारले रजिष्टरी गरी प्रमाणपत्र दिएपछि लागू हुने व्यवस्था गरिएको थियो।

५.२.२ सहकारी बैङ्क ऐन,२०१९

कृषि सम्बन्धी नयाँ व्यवस्थाका लागि चाहिने आर्थिक सुविधा सुलभ गराउन र सहकारी ढङ्गबाट स्थापना हुने लघु उद्योग व्यापार सम्बन्धी र अन्य संस्थाहरूको सङ्गठनमा चाहिने ऋण सुलभ रूपमा उपलब्ध गराउन सहकारी बैङ्कको स्थापना भएको थियो। प्रारम्भिक शेयर पुँजी ५० लाख भएको सहकारी बैङ्कको स्थापना हुने ५१ प्रतिशत शेयर नेपाल सरकारको र बाँकी शेयर सहकारी संस्थाहरूलाई दिन सकिने र त्यसपछि बाँकी रहेमा सर्वसाधारण जनतामा बिक्रीवितरण गरिने व्यवस्था गरिएको थियो। बैङ्कले कृषि सम्बन्धी नयाँ व्यवस्था तथा लघु उद्योग एवं व्यापारिक संस्थाहरूको हितको विशेष ख्याल राखी व्यापारिक सिद्धान्त अनुशरण गर्ने व्यवस्था गरेको थियो। यस सहकारी बैङ्कलाई २०२४ साल माघ ७ गते कृषि विकास बैंकका रूपमा विकास गरिएको थियो।

५.२.३ साझा संस्था ऐन, २०४१

साझा सिद्धान्त अनुरुप आफ्नो सदस्यहरूको आर्थिक विकासका लागि सेवा सुविधा पुऱ्याउने उद्देश्यले साझा संस्थाको गठन गर्न सकिने व्यवस्था यस ऐनले गरेको थियो। यस ऐनमा कम्तीमा १५ जना सदस्य भएको औद्योगिक साझा संस्था र कम्तीमा २५ जना सदस्य भएको अन्य साझा संस्था गठन गर्न सकिने व्यवस्था गरेको थियो। यसको साथै कम्तीमा ५ वटा साझा संस्थाहरू सदस्य भएको जिल्ला साझा संघ र साझा संस्था गरी कम्तीमा १५ वटा जिल्ला साझा संघका सदस्य भएको राष्ट्रिय साझा संघ गठन गर्न सकिने व्यवस्था गरिएको थियो।

साझा संस्था र संघको दायित्व सीमित हुने व्यवस्था गरिएको थियो। साझाको कार्यक्षेत्रभित्र बस्ने कुनै पनि नेपाली नागरिकले संस्थाको कूल शेयर पुँजीको २० प्रतिशतमा नबढ्ने गरीमात्र शेयर खरिद गर्न सक्ने व्यवस्था गरिएको थियो। यसको साथै कुनै व्यक्तिले साझा संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता, संस्थाको सम्पत्ति हिनामिना गरेकोमा त्यस्तो रकम र सोमा लाग्ने व्याज समेत महानिर्देशकले त्यस्तो व्यक्तिको घर घरानाबाट लिलाम बिक्री गरी असुल उपर गर्न सक्ने व्यवस्था गरी संस्थाहरूले बनाउने विनियमावली महानिर्देशकले स्वीकृत गरेपछि मात्र प्रारम्भ हुने व्यवस्था गरिएको थियो।

५.२.४ सहकारी ऐन, २०४८

सहकारी संस्था तथा संघहरूको गठन र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको यस ऐनबाट कम्तीमा २५ जना सदस्यहरू भएको प्रारम्भिक संस्था, कम्तीमा ५ वटा संस्थाहरू सदस्य भएको विषयगत संघ र कम्तीमा ५ वटा संस्थाहरू वा संघ सदस्य भएको जिल्ला सहकारी संघ कम्तीमा २५ वटा विषयगत संघका सदस्यहरू भएको वा कम्तीमा पाँचवटा विषयगत संघ सदस्यहरू भएको केन्द्रीय सहकारी संघ र कम्तीमा १५ वटा संघहरू सदस्य भएको राष्ट्रिय सहकारी संघ गठन गर्न सकिने व्यवस्था रहेको छ। सहकारी संघसंस्था दर्ता दरखास्त दिने जाँचबुझ गर्ने तथा दर्ता गर्ने वा दर्ता गर्न अस्वीकारको निर्णय गर्ने सहकारी संस्था संगठित संस्था हुने र दायित्व सीमित हुने व्यवस्था गरिएको छ। सहकारी संस्थाले ऐन तथा नियमावलीको अधिनमा रही विनियमावली बनाउने र त्यस्तो विनियमावली रजिष्ट्रारबाट स्वीकृत भएपछि लागू हुने व्यवस्था गरिएको थियो।

सहकारी संस्थाको दर्ता लगायतका प्रशासनिक र नियामकीय कामकारबाही गर्नको लागि रजिष्ट्रार रहने र निजको नियुक्ति नेपाल सरकारले गर्ने व्यवस्था गरिएको थियो। सहकारी संस्थाले आफ्नो कार्यक्षेत्रभित्रका सदस्य हुन सक्ने व्यक्ति सदस्य तथा अन्य निकायलाई शेयर बिक्री गरी पुँजी सङ्कलन गर्ने एकै व्यक्ति वा संस्थालाई कूल शेयर पुँजीको २० प्रतिशत भन्दा बढी शेयर बिक्री गर्न नपाउने व्यवस्था गरिएको थियो।

सहकारी संस्थाले नेपाल सरकारको स्वीकृति लिई ऋणपत्र जारी गर्न वा विदेशी बैङ्क वा वित्तीय संस्थाबाट ऋण लिन सक्ने व्यवस्था गरिएको थियो। सहकारी संस्थाले आफ्नो सदस्य वा अन्य व्यक्तिबाट बचत तथा निक्षेप स्वीकार गर्न वा आफ्ना सदस्यलाई ऋण दिन सक्ने र नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिई बैङ्किङ्ग कारोबार गर्न सक्ने व्यवस्था गरेको थियो। यस व्यवस्थामा २०५७ मंसिरमा संशोधन गरी आफ्ना सदस्यहरूबाट मात्रै बचत निक्षेप स्विकार गर्ने र ऋण दिन सक्ने व्यवस्था गरिएको थियो। साथै सहकारी संस्था मिलेर सहकारी बैङ्क स्थापना गर्न सक्ने व्यवस्था गरिएको थियो।

सहकारी संस्थाले खुद बचतबाट जगेडा कोष खडा गर्नु पर्ने र प्रत्येक वर्षका लागि शेयर पुँजीको १५ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था छ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण गराउनु पर्ने, सहकारी संस्थाबाट प्राप्त गरेको ऋण वा सहकारीलाई तिर्न बुझाउन बाँकी बक्यौता, सहकारीको हिनामीना गरेको सम्पत्तिको विगो र सो रकममा लाग्ने व्याज समेत सहकारी संस्था आफै वा सहकारी संस्थाको सिफारिसमा रजिष्ट्रारले जायजेथाबाट लिलाम बिक्री गरी असुल उपर गर्नु पर्ने व्यवस्था गरिएको छ।

५.२.५ राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९

संवत् २०४९ सालको कार्तिकमा जारी भएको यस ऐनले विभिन्न किसिमको सहकारी संस्था तथा संघहरूको प्रवर्द्धन एवं विकासमा सघाउ पुऱ्याउनको लागि राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गरेको छ। सहकारी सिद्धान्त अनुरुप निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा सम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जुमा गरी राष्ट्रियस्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरूको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने गरी राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएको छ। बोर्डको सहकारी संघ-संस्थाहरूको प्रवर्द्धन एवं विकासको लागि आवश्यक नीतिहरू तर्जुमा गरी सोको कार्यान्वयन गर्न नेपाल सरकार

समक्ष सिफारिश गर्ने, सहकारी विकास सम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने, सहकारी संघ, संस्था वा सहकारी बैङ्कको शेयरमा लगानी गर्ने, सहकारी संघ, संस्थाहरूले ऋण लिँदा वा ऋणपत्र जारी गर्दा आवश्यकतानुसार जमानत दिने, स्वदेशी तथा विदेशी लगानीकर्ता संघ, संस्था कम्पनी तथा कर्पोरेशन र नेपाल सरकारसँग सहकारी क्षेत्रमा औद्योगिक विकासको लागि संयुक्त लगानी गर्न सम्झौता गराउने लगायतका काम, कर्तव्य र अधिकार हुने व्यवस्था गरिएको छ।

बोर्डको कार्य सञ्चालनका लागि कार्यकारी समिति रहने तथा बोर्डको एउटा छुट्टै कोष हुने र त्यस्तो कोषमा नेपाल सरकारले दिएको अनुदान, कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान, सहकारी संघ, संस्थाहरू, अर्धसरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्राप्त अनुदान, अनुसन्धान तथा परामर्शवापत प्राप्त शुल्क र अन्य स्रोतबाट प्राप्त रकम रहने व्यवस्था गरिएको छ। त्यसैगरी बोर्डले आफ्नो कोषबाट सहकारी संघ, संस्थाहरूलाई सुलभ तरिकाबाट ऋण वा अनुदान प्रदान गर्नका लागि एउटा छुट्टै सहकारी विकास कोष स्थापना गर्ने र सहकारी विकास कोषको रकम छुट्टै खातामा राख्नु पर्ने व्यवस्था समेत गरिएको छ।

५.२.६ सहकारी ऐन, २०७४

नेपालको संविधान जारी भएपछि जारी गरिएको संघीय सहकारी ऐन, २०७४ मा रहेका मुख्य व्यवस्था देहाय बमोजिम प्रस्तुत गरिएको छः-

(१) **सहकारी संस्थाको गठन तथा दर्ता:**

सामान्यतया कम्तीमा तीसजना नेपाली नागरिकहरूले विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्ने व्यवस्था गरिएको छ। श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरूले पनि सहकारी संस्था गठन गर्न सक्ने व्यवस्था छ। महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था गठन गर्दा कम्तीमा एक सयजनाको सहभागिता हुनु पर्ने छ। यसको साथै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सयजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले पनि सहकारी संस्था गठन गर्न सक्ने व्यवस्था गरिएको छ।[६९]

दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छ वटा र अन्य जिल्लामा कम्तीमा एघार वटा संस्थाहरूले आफ्नो विषयको जिल्ला विषयगत सहकारी सङ्घ गठन गर्न सक्ने व्यवस्था गरिएको छ।[७०] त्यसैगरी कम्तीमा पाँच वटा जिल्लाका पच्चीस वटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी सङ्घहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी सङ्घ गठन गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ।[७१]

ऐनमा कम्तीमा पाँच वटा जिल्लाका एकतीस वटा संस्थाहरू वा जिल्ला सहकारी विषयगत सङ्घहरू वा जिल्ला सहकारी सङ्घहरू वा प्रदेश विषयगत सहकारी सङ्घहरू आपसमा मिली प्रदेश सहकारी सङ्घको गठन गर्न सक्ने व्यवस्था गरिएको छ।[७२] त्यस्तै कम्तीमा सात वटा जिल्लाका एकाउन्न वटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी सङ्घहरू वा विषयगत

[६९] दफा ३, सहकारी ऐन, २०७४।
[७०] दफा ५, सहकारी ऐन, २०७४।
[७१] दफा ६, सहकारी ऐन, २०७४।
[७२] दफा ७, सहकारी ऐन, २०७४।

प्रदेश सहकारी सङ्घहरू मिली आफ्नो विषयको केन्द्रीय विषयगत सहकारी सङ्घ गठन गर्न सक्ने व्यवस्था गरिएको छ।[७३] यसको साथै जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत सहकारी सङ्घको गठन गर्न सकिने[७४] र राष्ट्रिय सहकारी महासङ्घ गठन गर्न सक्ने[७५] व्यवस्था समेत ऐनमा गरिएको छ।

सहकारी संस्था दर्ता नगरी सञ्चालन गर्न नहुने व्यवस्था गर्दै दर्ताको लागि आवश्यक कागजात तथा विवरण संलग्न गरी सहकारी विभागको रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिने र निजले छानबिन गरी सहकारी संस्था दर्ता गर्ने व्यवस्था गरिएको पाइन्छ। यसरी दर्ता भएको सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुने यसको छुट्टै छाप हुने र ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्ने तथा व्यक्ति सरह करार गर्ने वा आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने व्यवस्था गरिएको छ।

(२) सहकारी संस्थाको कार्यक्षेत्रः

बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा महानगरपालिका र उपमहानगरपालिका भए एक वडा, नगरपालिका वा गाउँपालिका भएमा निर्धारित आधार पूरा गरेर एक स्थानीय तहसम्म हुने व्यवस्था गरिएको छ। सहकारी संस्थाले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक समृद्धि हासिल गर्नको लागि आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने तथा सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त गरेर आफ्नो कारोबार वा सेवा सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहने व्यवस्था गरिएको छ।

(३) सहकारीको सदस्यता तथा आन्तरिक कार्यविधिः

सहकारी संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरिरहेको र त्यस्तो संस्थाको कम्तीमा एक शेयर खरिद गरेको सोह्र वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्ने व्यवस्था छ।[७६] एकै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था गर्दै सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने समेतका कार्यविधिगत व्यवस्था समेत ऐनमा गरिएको छ। सहकारी संस्थाको सदस्यता त्याग गरेमा वा लगातार वार्षिक साधारण सभामा विनासूचना तीन पटकसम्म अनुपस्थित भएमा वा सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा सदस्यता कायम नरहने व्यवस्था गरिएको छ। यसको

[७३] दफा ८, सहकारी ऐन, २०७४।
[७४] दफा ९, सहकारी ऐन, २०७४।
[७५] दफा १०, सहकारी ऐन, २०७४।
[७६] दफा ३०, सहकारी ऐन, २०७४।

साथै सहकारीको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि सहकारीले विनियम तथा आन्तरिक कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको छ।

(४) साधारणसभा तथा समितिः

सहकारी संस्थाको सर्वोच्च अङ्गका रूपमा साधारणसभा हुने र साधारणसभा प्रारम्भिक, वार्षिक र विशेष गरी तीन प्रकारको हुने व्यवस्था गरी प्रत्येक साधारण सभाको काम, कर्तव्य र अधिकारको बारेमा ऐनमा व्यवस्था गरिएको छ। कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित हुने गरी साधारणसभाबाट निर्वाचित सञ्चालक समिति रहने व्यवस्था गरिएको छ।[७७] एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन नसक्ने तथा एक व्यक्ति एकै समयमा एउटा मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने व्यवस्था गरिएको पाइन्छ। सञ्चालकले निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने तथा आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन नहुने व्यवस्था गरिएको छ।

सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्ने व्यवस्था गरी त्यस्तो लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।

(५) बचत तथा ऋण परिचालनः

सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्ने व्यवस्था गर्दै बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने व्यवस्था गरिएको छ। बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी हुन नहुने तथा सहकारी संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म मात्र बचत सङ्कलन गर्न सक्ने व्यवस्था ऐनमा गरिएको पाइन्छ। त्यसैगरी सहकारी संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोक्ने गरी सहकारी संस्थाको स्वायत्तताको प्रत्याभूति गरिएको पाइन्छ।

(६) सहकारी बैङ्कः

संघीय सहकारी ऐनमा सहकारी बैङ्क सम्बन्धी व्यवस्था गरी सहकारी संस्था वा सङ्घलाई कृषि, उद्योग, सेवा, व्यापार, उर्जा, पर्यटन लगायतका कार्यका लागि कर्जा प्रदान गर्ने, सदस्यबाट बचत स्वीकार गर्ने तथा त्यस्तो बचत भुक्तानी दिने, आवश्यकता अनुसार ऋण वा पुनः ऋण लिन वा दिने तथा परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने र नेपाल राष्ट्र बैङ्कको इजाजतपत्र लिई अन्य बैङ्किङ्ग कारोबार गर्ने समेतका अधिकारको व्यवस्था गरिएको पाइन्छ।

(७) आर्थिक स्रोत परिचालनः

सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्ने, कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहने सदस्यलाई निजको रकम फिर्ता गर्नु पर्ने व्यवस्था गरिएको छ। सहकारी संस्थाले अर्थ मन्त्रालयको स्वीकृतिमा स्वेदशी वा विदेशी बैङ्क वा संस्था,

---

[७७] दफा ४१, सहकारी ऐन, २०७४।

सङ्घ वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा साझेदारीमा काम गर्न सक्ने तथा विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा अर्थ मन्त्रालयले सुरक्षण प्रदान गर्न सक्ने समेतको व्यवस्था गरी आर्थिक स्रोत परिचालन सम्बन्धी व्यवस्था गरिएको छ।

(८) सहकारी संस्थाको कोषः

सहकारी संस्थाको कोष रहने त्यस्तो कोषमा शेयर बिक्री, बचत, ऋण, व्यावसायिक कार्यबाट आर्जित रकम, सदस्यता प्रवेश शुल्क बापत वा नेपाल सरकारबाट अनुदानको रूपमा प्राप्त रकम रहने व्यवस्था गरिएको छ। साथै अर्थ मन्त्रालयको स्वीकृतिमा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम पनि कोषमा रहने व्यवस्था गरिएको छ।

सहकारी संस्थामा आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम समेत रहने गरी एक जगेडा कोष रहने व्यवस्था गरिएको छ। यसको साथै संरक्षित पुँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष तथा तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्ने व्यवस्था गरिएको छ।

(९) अभिलेख र सूचनाः

सहकारी संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरीवेक्षण समिति बैठकको निर्णय तथा काम कारबाही तथा आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू सुरक्षित साथ राख्नु पर्ने व्यवस्था गरिएको छ।[७८] सहकारी संस्थाले प्रत्येक वर्ष विवरणहरू सहितको प्रतिवेदन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ।

(१०) लेखा र लेखापरीक्षणः

सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखाप्रणालीमा आधारित लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) बमोजिम राख्नु पर्ने व्यवस्था गरिएको पाइन्छ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सो आर्थिक वर्षको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरिएको छ।

(११) छुट, सुविधा र सहुलियतः

सहकारी संस्थालाई अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु, गराउनु नपर्ने, आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरीद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर नलाग्ने लगायत सरकारले कर तथा शुल्क छुट दिन सक्ने व्यवस्था गरिएको छ।

(१२) एकीकरण, विघटन तथा दर्ता खारेजः

दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभिई एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिने व्यवस्था गरिएको छ।[७९]

---

[७८] दफा ७२, सहकारी ऐन, २०७४।

[७९] दफा ८७, सहकारी ऐन, २०७४।

कुनै सहकारी संस्थाको विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा वा सदस्यको हित गर्न नसक्ने भएमा त्यस्तो सहकारी संस्थाको विघटन गरी दर्ता खारेजी गर्न सकिने गरी सोको आवश्यक प्रक्रियागत व्यवस्था गरिएको छ। यसरी दर्ता खारेज गर्नका लागि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले लिक्वीडेटर नियुक्त गर्ने र दर्ता खारेज भएको सहकारी संस्थाको लिक्वीडेसन गर्ने व्यवस्था गरिएको छ।

(१३) **समस्याग्रस्त घोषणा गर्ने:**

कुनै सहकारी संस्थाले सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको, संस्था वा सङ्घले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको, सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको, सहकारी सम्बन्धी कानून विपरीत हुने गरी संस्था वा सङ्घ सञ्चालन भएको वा संस्था वा सङ्घ दामासाहीमा पर्न सक्ने अवस्था भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको अवस्था भएमा रजिष्ट्रारको सिफारिसमा मन्त्रालयले समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ। कुनै सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएकोमा त्यस्तो सहकारीको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न नेपाल सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गरिएको छ।

(१४) **कसुर तथा सजाय:**

विभिन्न प्रकृतिका कार्यलाई कसुरका रूपमा उल्लेख गरी कसुरको प्रकृति र गम्भीरता बमोजिम दश वर्षसम्म कैद हुने गरी सजायको व्यवस्था गरिएको छ। यसको साथै प्रशासनिक कारबाहीका रूपमा रजिष्ट्रारले पाँचलाख रुपैंयासम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ। यस ऐन बमोजिम कैद सजाय हुने मुद्दा नेपाल सरकार वादी भई चल्ने र त्यस्तो मुद्दामा नेपाल प्रहरीबाट अनुसन्धान हुने व्यवस्था गरिएको छ। मुद्दाको सुनुवाई कारबाही र किनारा जिल्ला अदालतबाट हुने व्यवस्था गरी कसुर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्ने गरी हदम्यादको व्यवस्था समेत गरिएको छ।

५.३ नेपालका आवधिक विकास योजनामा सहकारी

सिकागो विश्वविद्यालयका अर्थशास्त्री तथा भारतीय रिजर्भ बैङ्कका पूर्वगभर्नर डा. रघुराम राजनको पुस्तक द थर्ड पिलरः हाउ मार्केट्स एन्ड द स्टेट लिभ द कम्युनिटी बिहाइन्ड (तेस्रो स्तम्भः बजार र राज्यले कसरी समुदायलाई पछाडि छोड्छ) मा देशको अर्थतन्त्रका तीनवटा स्तम्भबारे छलफल गरिएको छ। तिन स्तम्भहरूमाः राज्य, बजार र समुदाय वा समाज छन्। पुस्तकको प्रस्तावनामा भनिएको छ, राज्य भन्नाले देशको राजनीतिक शासन संरचना भन्ने बुझिन्छ। बजारमा सबै प्रकारका बजारहरू जस्तै वस्तु र सेवाहरू, श्रम, पूँजी र वित्तीय बजारहरू, र अर्थव्यवस्थामा उत्पादन र विनिमयलाई सहज बनाउने सबै निजी आर्थिक संरचनाहरू समावेश छन्। समुदाय भनेको त्यो हो जहा गाउँ, नगरपालिका, वा सानो सहर, कुनै पनि आकारको सामाजिक समूह जसको सदस्यहरू एक विशेष इलाकामा बस्छन्, निर्णयहरू साझा गर्छन्, र प्रायः त्यहाँ साझा साँस्कृतिक र ऐतिहासिक सम्पदा हुन्छ।[८०]

नेपालको संविधान र डा. राजनले लेखेको पुस्तकमा सङ्केत गरिएअनुसार राज्य (सार्वजनिक) र बजार (निजी)-पहिलो दुई स्तम्भको अवधारणा अर्थ र कार्यहरू सन्दर्भमा लगभग समान छन्; तर तेस्रो स्तम्भ एकदम

[८०] Rajan Raghuram (2019) The Third Pillar: How Markets and the State Leave the Community Behind. Harper Collins, India, 464 pp.

फरक छ। यसको अर्थ यो होइन कि संविधानले समुदायको बारेमा कुरा गर्दैन र पुस्तकले सहकारीहरूलाई समावेश गरेको छैन। वर्गीकरण फरक छ, तर पुस्तक र संविधानमा उल्लेख गरिएअनुसार दुवै परिभाषाहरू पूर्ण छन्। पुस्तकमा लेखिएको छ, बजार र राज्य (जनता) समाजका महत्त्वपूर्ण स्तम्भहरू हुन्, तर तिनीहरू निष्पक्ष र न्यायपूर्ण समाज निर्माणका लागि पर्याप्त छैनन्। तेस्रो स्तम्भ, समुदायले सामाजिक समर्थन, पहिचान र व्यक्तिसँग सम्बन्धित भावना प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

पुस्तक र संविधानमा तीन स्तम्भ प्रयोग गर्ने उद्देश्य पनि फरक-फरक छन्। नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि आर्थिक मोडेलका स्तम्भहरू बताउँछ तर पुस्तकले समुदाय प्रतिको बुझाइ र पुँजीवादमा सुधारका लागि यसको भूमिकामा नयाँ प्रस्थान बिन्दुको कार्य गर्दछ। पुस्तकमा तर्क गरिएको छ कि यदि बजार असफल भयो भने, राज्यले बिमा, कर र सामाजिक सुरक्षा वा केहि किसिमको सुरक्षाको माध्यमबाट बजारको असफलता सुधार गर्न आफ्नो भूमिका बढाउन सक्छ; तर बिमा र सामाजिक सुरक्षा वा सुरक्षा संजालहरू समस्याहरूको सामना गर्न पर्याप्त छैनन्, स्थानीय समुदायहरूले सामाजिक सुरक्षामा संजालको रूपमा भूमिका खेल्छन्। लेखकले पुँजीवादमा देख्न सकिने समस्याहरू तिनको समाधान गर्न अर्थव्यवस्थामा तीन स्तम्भहरू प्रयोग गर्दछन्। पुस्तकले तर्क गर्दछ कि एक उपेक्षित क्षेत्र वा तेस्रो स्तम्भ छ जुन समुदाय पुँजीवादका लागि अत्यन्त महत्त्वपूर्ण छ। पुँजीवादको सफलतामा समुदायको महत्त्वपूर्ण भूमिका हुन्छ। सरकार वा बजार मात्र होइन, पुस्तकले मौलिक रूपमा सामाजिक सम्झौताको पुनर्गठनको बारेमा कुरा गर्दछ। उक्त पुस्तकले राम्रो समाज प्राप्त गर्न सरकार, बजार र सामाजिक संस्थाहरूबीच सन्तुलन बनाउन सुझाव दिन्छ।

पुस्तकमा दिइएको समाजका तीन स्तम्भको अवधारणा नेपालमा अर्थतन्त्रका तीन स्तम्भ मोडेलको अवधारणा कार्यान्वयन गर्न उपयोगी हुनेछ किनभने यी दुई अवधारणाको आधारभूत अवधारणा र जरा एक अर्काबाट टाढा छैनन्। पुस्तकले विश्वका विभिन्न भागहरूबाट उदाहरणहरू लिएर समाजको भूमिकालाई चित्रण गरेको छ र राज्य, बजार र समुदायहरूलाई कसरी सन्तुलनमा राख्ने भन्ने बारे विचारहरू प्रदान गर्दछ। पुस्तकका समीक्षाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् जस्तै लुङ्गनी (२०१९) र जर्ज (२०२०) जसमध्ये केही; यद्यपि, नेपाली दृष्टिकोणबाट समीक्षाको अभाव छ। तसर्थ, यो समीक्षा तिन स्तम्भको अर्थतन्त्रका विचारहरूलाई समृद्ध बनाउनका लागि गरिएको हो। उक्त पुस्तक नेपाली शोधकर्ताहरू, नीति निर्माताहरू र राजनीतिज्ञहरूका लागि धेरै उपयोगी हुनेछ।

पुस्तकले तीनवटा स्तम्भहरू-राज्य, बजार र समुदायहरू कसरी अन्तरक्रिया हुन्छन् भनेर बुझ्नका लागि ढाँचा प्रदान गर्दछ। यद्यपि, प्रत्येक स्तम्भको फरक भूमिका हुन्छ। यस पुस्तकले राज्य, बजार र समुदायबीचको सम्बन्धबारे पुनर्विचार गर्नका लागि केही विचारहरू प्रदान गर्दछ र स्थानीय समुदायहरूलाई सुदृढ र सशक्त बनाएर बजार अर्थतन्त्रलाई विफल हुनबाट जोगाउँदछ सुधार गर्न समुदायको महत्त्वको अन्वेषण गर्दछ। यदि हामीले तिनवटा स्तम्भमध्ये एउटा स्तम्भलाई कमजोर पार्यौं भने, सम्पूर्ण संरचना अस्थिर देखिन थाल्छ। तसर्थ, हामीलाई तिनीहरूबिच सही सन्तुलनको आवश्यकता छ।

तीन स्तम्भहरू कसरी असन्तुलन, र सन्तुलन पुनर्स्थापना क्रमशःलागु गर्न सकिन्छ समाज, बजार, राज्यका तिन स्तम्भहरूको विकास र तिनीहरूको सम्बन्धको ऐतिहासिक परिप्रेक्ष्यसँग सम्बन्धित छन्। असन्तुलनले चार अध्यायमा युद्धपछिको युगदेखि विकासको विकास कसरी सम्भव थियो भनेर छलफल गर्दछ। पुस्तकको दोस्रो भागमा प्राविधिक परिवर्तन, भूमण्डलीकरण र साँस्कृतिक परिवर्तनसहित आज समुदायहरूले सामना गर्ने चुनौतिहरूको जाँच गरिएको छ। यस पुस्तकले विश्वव्यापीकरणको घटना, यसका कारणहरू र समाजको तेस्रो स्तम्भमा सन् १९७० पछिको प्रभावहरूको व्याख्या गर्दछ।

पुस्तकको तेस्रो भागले समुदायले सामना गर्ने चुनौतिहरूको समाधान प्रदान गर्दछ। यसले समाजको भलाइका लागि तिन स्तम्भहरूलाई कसरी पुनः सन्तुलनमा राख्ने भन्ने बारे सिफारिसहरू प्रदान गर्दछ। सन्तुलन पुनर्स्थापना गर्दा बजारको शक्तिलाई घटाउनुको सट्टा समुदायहरूको शक्तिलाई सुदृढ पार्दै तिन स्तम्भहरू बिचको सन्तुलन पुनर्स्थापना गर्न पाँच अध्याय र धेरै प्रारम्भिक चरणहरू प्रस्ताव गरिएको छ। पुस्तकले समाजलाई थप समावेशी बनाउन राज्य र बजारलाई आकर्षित गर्दै समुदायलाई सशक्त बनाउन थप स्थानीयवाद बनाउन सुझाव दिएको छ। बजार, राज्य र समुदायबिचको सन्तुलन कसरी पुनर्स्थापित गर्न सकिन्छ भन्ने पुस्तकले बताउँछ।

पुस्तकले समाज, बजार, अर्थशास्त्र र राजनीतिको वर्तमान अवस्थाको अन्तर्दृष्टिपूर्ण विश्लेषण प्रदान गर्दछ। पुस्तकले प्रदान गरेको विचार र सोच्ने तरिका समाजले सामना गर्ने समस्याहरूको गहिराई बुझ्न र नेपालको संविधानमा सुझाउ गरिए अनुसार तीन स्तम्भको आर्थिक मोडेलको विचारलाई फराकिलो बनाउन धेरै उपयोगी छ।

५.३.१ पहिलो विकास योजना

नेपालमा सहकारी विकासको नीतिगत तथा कानूनी विकासलाई विचार गर्दा लोकतान्त्रिक राज्य व्यवस्थाको विकास सँगसँगै भएको भन्न कठिन हुँदैन। संवत् २००७ सालको परिवर्नतसँगै यसको ठोस विकासका नीतिगत पहलहरू भएको पाइन्छ। संवत् २०१३ सालमा जारी गरिएको नेपालको पहिलो विकास योजना आर्थिक वर्ष २०१३ देखि २०१८ सम्म कार्यान्वयन अवधि रहेको यस योजनाले सहकारी विकासको एक महत्त्वपूर्ण क्षेत्र मानिएको पाइन्छ। खासगरी सहकारी विकासको माध्यमबाट कृषकलाई आवश्यक पर्ने मल बिउ लगायतका कृषि सामग्रीमा सहज पहुँचको व्यवस्था गर्ने र कृषिलाई व्यावसायीकरण तथा कृषि उपजको बजारीकरणलाई प्राथमिकता दिएको पाइन्छ। यसको अतिरिक्त यस आयोजनाले सहकारीलाई लोकतान्त्रिक ढङ्गको शिक्षाको प्रचारको माध्यमका रूपमा समेत लिएको पाइन्छ। यस योजनाले सहकारीको क्षेत्रमा आवश्यक पर्ने संस्थागत व्यवस्था तथा त्यसको बिस्तार गर्ने र जनशक्ति विकास गर्ने समेतका योजना तथा कार्यक्रम रहेका थिए।

यस योजना अवधिमा सहकारी संस्थाको गठन दर्ता तथा कार्य सञ्चालनलाई व्यवस्थित बनाउन नेपाल सरकारबाट कार्यकारी आदेश जारी भै अस्थायी कानूनी व्यवस्था भएको देखिन्छ भने रासीदुन बहुमुखी विकास योजना अन्तर्गत गठन भएको पहिलो सहकारीका रूपमा बखान सहकारीको स्थापना भएको समेत पाइन्छ। त्यसका साथै २०१६ सालमा पहिलो सहकारी सम्बन्धी कानून पनि जारी गरिएको थियो।

सहकारी समिति

- सहकारीको अस्तित्व सहकारी समितिका रूपमा रहेको।
- असहाय गरीब किसान र मजदूरले आपसी मेल तथा सहयोगले आपसी उव्जनी बढाउन एक व्यवसाय गर्ने तरिकाका रूपमा सहकारी समिति रहेको।
- साहु महाजनको व्याजदर चर्को हुने भएकाले सहकारी समितिको अवधारणा विकास भएको।

सहकारी समितिको काम

- किसाने उत्पादित वस्तुको वेचविखन गर्ने।
- मुनासिव व्याजमा ऋणको व्यवस्था गर्ने।
- किसानलाई मल, विउ र गोदाम घर व्यवस्था गर्ने।
- समिति लोकतान्त्रिक पद्धतिवाट चयन हुने भएकाले लोकतान्त्रिक शिक्षा प्राप्त हुने।
- आपसी सहयोगको भावना विकास।

५.३.२ दोस्रो योजना

दोस्रो योजना आर्थिक वर्ष २०१९ सालदेखि २०२२ सम्म कार्यान्वयन गरियो। यस योजनाले साना कृषकहरूको पुँजी, जग्गा र श्रम आदिलाई सामुहिक किसिमले उपयोग गरी उनीहरूको आर्थिक तथा सामाजिक उत्थान गर्नु सहकारीको उद्देश्य रहेको पाइन्छ। यस योजनाले सहकारी संस्थाको गठनको संख्यागत लक्ष्य निर्धारण गरेको, कृषि ऋणको विषय र प्रकार बमोजिमको व्याज तथा अवधि तय गरेको पाइन्छ। यसका साथै सहकारीलाई नेपालको भूमि व्यवस्थामा परिवर्तन ल्याउने महत्त्वपूर्ण नीतिको रूपमा पनि स्वीकार गरिएको थियो। सायद यसैको परिणाम स्वरुप सहकारी विकास बैङ्क ऐन, २०१९ र भूमि सम्बन्धी ऐन, २०२१ जारी भएका थिए।

यसै योजनाको अवधिमा सहकारी जनशक्तिलाई शिक्षा तथा तालिम दिलाउने उद्देश्यले सहकारी विभाग अन्तर्गत सहकारी प्रशिक्षण केन्द्रको स्थापना भएको देखिन्छ। सहकारी क्षेत्रको पुँजीको खाँचो टार्ने उद्देश्यले सहकारी बैक स्थापनासम्बन्धी कानून २०१९ सालमा जारी भई २०२० सालमा बैङ्क स्थापना हुनुका साथै २०२१ सालमा साझा प्रकाशन, साझा यातायात, साझा भण्डार, साझा स्वास्थ्य आदि सहकारी संस्थाहरू साझा केन्द्र लि. को सक्रियतामा गठन भएको पाउन सकिन्छ। यस अवधिमा ४४ जिल्लामा सहकारी कार्यक्रम बिस्तार भएको पाइन्छ।

उपलब्धि

- सहकारीलाई चाहिने पुँजीको लागि नेपाल राष्ट्र बैङ्कमा सहकारी शाखा राख्ने,
- सम्पूर्ण देशलाई १५९ ब्लकमा विभाजन गरी १६ब्लकमा ग्रामीण विकास अफिस राख्ने,
- ३७८ सहकारी समिति गठन भए
    - १४४ ऋण समिति/ १८८ वहुमुखी संस्था/१२ उपभोक्ता संस्था/४ बिक्री संघ/१८ कुटिर उद्योग
- सहकारी समितिका सदस्य संख्या ११,०५९
- सहकारी समितिमा ऋण प्रवाह - १५,३६,०००

अबको लक्ष्य

- कृषि ऋण तथा सहकारी बैङ्कको स्थापना गर्ने र सहकारी समितिमार्फत सहकारीका सदस्यहरूलाई मात्र ऋण उपलब्ध गराउने,
- व्यक्तिगत तवरले पनि कृषकहरूलाई सहकारी बैङ्कले ऋण दिने,
- नेपाल राष्ट्र बैङ्क र नेपाल बैङ्कले कृषि ऋण तथा सहकारी बैङ्कलाई केही अंश दिई बैङ्क स्थापना गर्ने,
- उत्पादन सहकारी समिति तथा कृषकको उत्पादन विक्रि गर्न उपभोक्ता सहकारीको व्यवस्था गरिएको,
- सहकारी संस्थावाट सदस्यले १० प्रतिशतमा ऋण पाउने तथा ४ प्रतिशत व्याजदरमा सहकारी बैङ्कवाट सहकारी समितिले लिने
- ऋणलाई लघु,मध्य र दीर्घकालिन विभाजन गरिएको
    - लघु ऋण:केहि महिनाको लागि - विउविजन किन्न।
    - मध्य ऋण : १ सालसम्म -सामान किन्न।
    - दीर्घकालीन ऋण :५ वर्षसम्मको लागि- ठूला मेसिन औजार किन्न।
- सहकारीता र पञ्यायत स्थानीय प्रशासन मार्फत विकास कार्य गर्न सरकारले ३४७४ पञ्चायतको गठन गरेको।

- विक्रि तथा ऋण संघ गठन भएका क्षेत्रमा १/१ वटा उत्पादित वस्तु तथा सेवाको भण्डारणको लागि गोदाम घर बनाउने।
- ७५ जिल्लामै सहकारीताको कार्यक्रम विस्तार गर्ने तथा २० जिल्लामा विशेष जोड दिने।
- १४ अञ्चलमा सहकारी अफिस खोल्ने र सहकारीलाई नियन्त्रण गर्ने।

५.३.३ तेस्रो योजना

आर्थिक वर्ष २०२२ देखि २०२७ सम्मको अवधिमा यो योजना कार्यान्वयन गरियो। यस योजनाले कृषि ऋण तथा सहकारीताको विकास अन्तर्गत कृषिलाई सहकारीताको माध्यमबाट संगठित तथा व्यावसायिक बनाउने लक्ष्य लिएको देखिन्छ। यस योजना अवधिमा कृषि विकास बैङ्क स्थापना गर्ने लक्ष्य अनुरुप त्यसका लागि कानूनी व्यवस्था समेत गरेको पाइन्छ।

तेस्रो योजनाको समीक्षाः

- सहकारी बैङ्क ऐन, २०१९ जारी भएको,
- सहकारीताको विकास प्राथमिकतामा रहेको,
- सहकारी बैङ्कलाई ऋण सहायता खर्चवापत २७ लाख उपलब्ध गराइएको,
- सहकारीमा १,००,००,००० खर्च गरिएको,
- कृषि ऋण तथा सहकारीताको विकास भई अल्पकालिन, मध्यकालिन र दीर्घकालीन ऋणको व्यवस्था सहकारी समितिहरूलाई गरिएको,
- ऋण, बहुमुखी, कुटिर उद्योग र उपभोक्ता गरी जम्मा ११०९ वटा सहकारी संस्था रहेका,
- २ जिल्ला उपभोक्ता सहकारी संस्था गठन भएका,
- १४ जिल्लास्तरीय सहकारी बिक्री ऋण संघ गठन भएका।

अपेक्षित उपलब्धि नहुनुको कारण

- अशिक्षा, गरीवी तथा भष्ट्राचार।
- ऋण खाने प्रवृत्ति भएकाले सहकारीलाई उत्पादनमा जोड्न नसकिएको।

अबको लक्ष्य

- ३५० वहुमुखी प्रकृतिका सहकारी खोल्ने,
- ऋणमामात्र केन्द्रित नभई उत्पादन, बिक्री तथा उद्योग स्थापना साथै गोदाम घरको व्यवस्थापन गर्ने,
- भूमिसुधार लागू भएका जिल्लाहरूमा प्रत्येक गाँउ पञ्चायतमा १ सहकारी खोल्ने,
- खेतीतर्फको १००० परिवार सम्मिलित १० सहकारी खेती संस्था खोल्ने,
- ऋण सहकारी बैङ्क तथा अरु संस्थाहरूवाट सहकारी संस्था विकासका लागि २७ करोड ऋण उपलब्ध गराइदिने,
- सबैको लागि एक राष्ट्रिय सहकारी संस्था गठन गर्ने,
- सहकारी मूल्य मान्यता, उत्पादन तथा उत्पादकत्व वढाउन सेवा प्रदायक र सहकारी संस्थालाई तालिम उपलब्ध गराउने,
- सहकारी वैङ्क मार्फत भूमि सुधार लागू भएका स्थानमा वढी मात्रामा ऋण उपलब्ध गराउने,

- पुनर्वास कार्यक्रमको लागि सहकारी बैङ्कले ऋण उपलब्ध गराउने,
- घरेलु उद्योग स्थापना तथा विकासको लागि सहकारी संस्थाहरूलाई बढी मात्रामा सहकारी बैङ्कले ऋण उपलब्ध गराउने।

४.३.४ चौथो योजना

चौथो योजना आर्थिक वर्ष २०२७ देखि २०३२ सम्मको अवधिमा कार्यान्वयन गरियो। यस योजनाले सहकारी विकास अन्तर्गत सहकारीको लागि उद्देश्य तथा लक्ष्यहरू निर्धारण गरेको पाइन्छ। यस योजनाले सहकारी संस्थाहरूको पुनर्गठन गर्ने, नयाँ सहकारी संस्थाहरू स्थापना गर्ने, कर्मचारी र सहकारी सञ्चालकको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने समेतका लक्ष्य तथा कार्यक्रमहरू रहेको पाइन्छ।

समीक्षा:

- सहकारी मूल्य मान्यता र आदर्शको भावनाले भन्दा पनि सहकारी विभागको प्रयास र सहकारी अनुदानको कारण १३०० सहकारी संस्था पुगेको जसमध्ये दुई तिहाई निस्क्रिय र बाँकीलाई पनि सक्षम तथा सुव्यवस्थित गरिनुपर्ने,
- ५६ जिल्लामा सहकारीको काम सुरु भएको र सहकारी अफिसहरू ६०५ वटा,
- उत्पादन मूलक क्षेत्रमा सहकारीता भन्दा पनि उपभोगमा सीमित।

अवको लक्ष्य

- कृषकलाई ऋण दिन व्यवस्था गरिने,
- सहकारी विभागवाट सहकारीमार्फत सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने,
- २८ जिल्लामा स्थापित हुन आएका सहकारी संस्थाहरूलाई आवश्यकताको आधारमा बढीमा १० अन्तरगाँउ सहकारी पुनर्गठन/संस्थापन गर्ने र यसरी पुनर्गठित जिल्लाहरूमा सहकारी विभागको जिल्ला कार्यालय हुने,
- जिल्ला कार्यालयहरूले सहकारीको रेखदेख तथा लेखापरीक्षणको व्यवस्था गर्ने,
- पुनर्गठित सहकारीमा कृषि विकास बैङ्कले सहकारी म्यानेजरको रूपमा कर्मचारी नियुक्त गर्ने,
- २८ जिल्लामा सघन कृषि विकास कार्यक्रम सञ्चालन गर्न सहकारी इन्स्पेक्टर, लेखापाल र अन्य कर्मचारीको व्यवस्था गरिने,
- केन्द्रीय कार्यालयलाई लेखापरीक्षणको लागि अझ बढी सुदृढ गरिने,
- सहकारी विभाग अन्तरगत रहेका सहकारी संस्थाका सञ्चालकलाई ३ देखि ६ महिना सैद्धान्तिक तथा व्यावहारिक तालिम दिन सहकारी प्रशिक्षण केन्द्रको स्थापना गर्ने।

५.३.५ पाँचौ योजना

आर्थिक वर्ष २०३२ देखि २०३७ सम्मको अवधिमा यो योजना कार्यान्वयन गरियो। यस योजनाले सहकारी विकास अन्तर्गत कृषि क्षेत्रको विकासको लागि ऋण तथा कृषि सामग्रीको वितरण गर्ने नीति लिएको पाइन्छ। यसले कृषि उपजको भण्डार तथा कुटिर उद्योगको विकासको समेत लक्ष्य निर्धारण गरेको थियो।

समीक्षा:

- निस्क्रिय सहकारीहरू खारेजी तथा एकीकरण भएका,
- सहकारीको सञ्चालन जिम्मा कृषि विकास बैङ्कलाई दिएको,
- निर्देशित सहकारी २५१ भएका।

अवको लक्ष्य

- सहकारीमा सदस्य संख्या बढाउने, सहकारी व्यवस्थापन, निरीक्षक र सहायक निरीक्षक तालिम दिने,
- सहकारीमा स्व-व्यवस्थापन गरी सहकारी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,
- १ सहकारीले ३ गाँउ पञ्चायत हेर्ने गरी ५७३ निर्देशित सहकारीमार्फत १७१९ पञ्चायतमा सेवा दिने,
- ४५३ ग्राम समितिहरूवाट १,३६९ ग्रामपञ्चायतमा ऋण सुविधा दिने,
- पाँच वर्षमा २० वटा निर्देशित साझा उपभोक्ता भण्डार र २० वटा निर्देशित साझा कुटिर उद्योग स्थापना गर्ने,
- कृषि विकास वैङ्कमार्फत किसानहरूलाई विउ, विजन, औषधि, सिचाँईको लागि ऋण उपलब्ध गराउन १४२.३ करोड छुट्याएको,
- सहकारी तथा साझा विकास सहकारी कार्यक्रम, सहकारी प्रशिक्षण र साझा केन्द्र स्थापना गर्न वजेटको व्यवस्था गरिएको,

५.३.६ छैठौं योजना

यो योजना आर्थिक वर्ष २०३७ देखि २०४२ सम्मको अवधिमा कार्यान्वयन गरियो। यस योजनाले ग्रामिण क्षेत्रका साझा संस्थालाई प्राथमिकता दिने, साना व्यवसायी कालिगड मजदुर र कम पुँजी भएका नागरिकलाई सामुहिक फाइदा हुने साझा संस्था गठन गर्न प्रोत्साहन गर्ने, साझा संस्थाहरूको सुदृढीकरण गर्ने तथा सार्वजनिक वितरण प्रणालीमा सरकारी निकायको अतिरिक्त साझा संस्थाहरूलाई पनि माध्यम बनाउने नीति लिएको पाइन्छ।

समीक्षा:

- भूमिसुधार कार्यक्रम लागू भएका जिल्लामा २०२७ सहकारीमार्फत ऋण प्रवाह गर्न सफल,
- पिछडिएका कृषकलाई ऋण, कृषि सामग्री तथा उत्पादित वस्तुहरूको वेचविखन साझा कार्यक्रम सञ्चालन गरिएको,
- ६८ जिल्लामा ६७८ सहकारी र ११,९३,७६५ सदस्यहरू रहेका,
- सहकारीको शेयर पुँजी १३,५०,९८,४७१ भएको,
- साझा संघ ३३ र अन्य संघ ३१ वटा,
- सहकारी लक्षित वर्गमा पुग्न सकेन, ठूला तथा मझौला कृषकले फाइदा लिएको देखियो,
- सहकारीको गुणात्मक विकास भएन।

अवको लक्ष्य

- साना किसान साझा संस्था कार्यक्रम सञ्चालन गर्ने,
- साझा संस्थाको पुनर्गठन,
- साझा गोदाम घर निर्माण,
- सदस्यलाई तालिम तथा जनसंख्या शिक्षा,
- साझा संस्था विकासमा २७,७२,००० राज्यको लगानी हुने।

५.३.७ सातौं योजना

आर्थिक वर्ष २०४२ देखि २०४७ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाले साझा वा सहकारीताको माध्यमबाट कृषकको उत्थान तथा कृषि विकास गर्ने लक्ष्य लिएको देखिन्छ। यस योजनाले साझा संस्थाप्रति सदस्यहरूको अपनत्वको विकास तथा साझा संस्थाको संख्यात्मक भन्दा गुणात्मक विकास गर्ने, साझा संस्थाको माध्यमबाट कृषकलाई कृषि सामग्री तथा जनतालाई उपभोग्य वस्तु उपलब्ध गराउने, साझा संस्थाका सञ्चालकलाई थप जिम्मेवार बनाउने समेतको नीति लिएको पाइन्छ।

समीक्षा

- ३२ वटा साना किसान साझा संस्था, ३७ वटा साझा संस्था र ९ वटा साझा गोदाम गठन तथा निर्माण भएका,
- साझा संस्थाको पुनर्गठन भई ७२४ कायम भएको,
- १३,९०,१२१ साझा सदस्य संख्या,
- ३ करोड ८३ लाखको कृषि उपज वेचविखन भएको।

अवको बाटो

- संस्थाको गुणात्मकमा ध्यान दिई साझा संस्थामा उत्पादनअनुकूल वातावरण बनाउने,
- साना किसानको आर्थिक हित गर्ने,
- कृषि उत्पादनको लागि सदस्यलाई ४३ करोड ५० लाख ऋण उपलब्ध गराउने,
- ४२ करोडको कृषि सामग्री वेच्ने,
- २३ करोड ७५ लाखको कृषि उत्पादन वेच्ने,
- साझा तालिम तथा शिक्षा कार्यक्रमको विस्तार गरी शेयर संख्या वढाउने,
- ग्रामीण वचतको लागि बैङ्किङ्ग सेवा उपलब्ध गराउने।

५.३.८ आठौं योजना

आर्थिक वर्ष २०४९ देखि २०५४ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाले सहकारीलाई जनताको स्वप्रेरित, ऐच्छिक र स्वायत्त आन्दोलनका रूपमा विकास गरी प्रजातान्त्रिक आर्थिक र सामाजिक सङ्गठनको विकासमा टेवा पुऱ्याउने, सहकारीका सदस्यमा सहकारी शिक्षा तथा प्रचार प्रसारलाई व्यापक बनाई जनस्तरमा सहकारीको भावना जागृत बनाउने, उद्योग तथा व्यवसायमूलक क्रियाकलापमा सहकारीक्षेत्रको संलग्नता केन्द्रदेखि स्थानीय स्तरसम्म योजना तर्जुमा तथा कार्यान्वयन समेतमा संलग्नता गराउने आदि नीति अवलम्बन गरिएको थियो।

समीक्षा

- सहकारीहरू सिद्धान्त बमोजिम नचलेका, राज्यको नीति नै सहकारीको मर्मअनुरुप नभई निर्देशित सहकारी सञ्चालन गरेको र कारोबार पारदर्शी नभएको,
- ७२ जिल्लामा कृषि सहकारी संस्था, ३३ जिल्लामा सहकारी संघ र गैरकृषि तथा पशुपंक्षी सहकारी ५४ वटा,
- सहकारीमार्फत ६७ करोडको कारोवार भएको,
- सरकारको नियन्त्रणमुखी नीतिले सहकारीहरू ठूलाठालुको प्रभावमा परेको,
- अनुगमन हुन नसकेकाले सहकारी दिशाविहीन भएका।

अवको बाटो

- छरिएर रहेको पुँजी परिचालन गर्न, प्राविधिक सेवा, उत्पादन साधन र बजारीकरणको सेवा उपलब्ध गराउने।
- सहकारीको अग्रसरतामा कृषि प्रशोधन कारखाना स्थापना गर्ने। चिया स्याउ
- जनताको सक्रिय सहभागितामा जनचाहाना र आवश्यकता अनुसार प्रजातान्त्रिक पद्धतीमा आधारित स्थानीय सहकारीको स्थापना गर्ने।
- सहकारीमा प्रजातान्त्रिक व्यवस्थापन, स्वशासन, स्वेच्छिक सदस्यता, महिला सहभागिता र सहकारी शिक्षा वढाउने।
- सहकारीको कर्जा सहज तथा सरल वनाउने र केन्द्रीय स्तरमा सहकारी वैङ्कको स्थापना गर्ने।
- सहकारी विकास कोष र राष्ट्रिय सहकारी संघको स्थापना गर्ने।
- सहकारी प्रशिक्षण केन्द्रलाई प्राज्ञिक निकायको रूपमा विकास गर्ने।
- लेखापरीक्षकवाट सहकारीको लेखापरीक्षण गराउने।
- सहकारी मार्फत गोदाम घर, कोल्ड स्टोर र स्थानीय थोक वजार सञ्चालन गर्ने।

५.३.९ नवौं योजना

आर्थिक वर्ष २०५४ देखि २०५९ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाले सहकारीताको माध्यमबाट स्वायत्त, स्वेच्छिक एवं उद्यमशील संघ, संस्थाहरूको प्रवर्द्धन गर्दै विशेष गरी साना उत्पादकहरूमा बजार प्रक्रियाको लाभ लिने क्षमताको विकासद्वारा आर्थिक दृष्टिले सक्रिय जनसङ्ख्यालाई यथार्थमा आर्थिक रूपले सक्रिय बनाई आर्थिक तथा सामाजिक विकासमा तिव्रता ल्याउन टेवा पुऱ्याउने दीर्घकालीन अवधारणा अङ्गाली व्यावसायिक सोंचका आधारमा स्वप्रेरित सहकारी संस्थाहरूको विकास गराउने, सहकारी संस्थाहरू, कृषक समूह तथा महिला कृषक समूहको उत्पादन क्रियाकलाप एकीकृत गर्दै बजारसित आबद्ध गराई उत्पादन तथा रोजगारीका अवसरको अभिवृद्धि गर्ने, उत्पादक किसान तथा उपभोक्ताालाई उचित मूल्यको लाभको अवसर दिलाउने, सहकारी संघ संस्थाहरूको व्यावसायिक क्षमतामा वृद्धि गर्ने उद्देश्य लिएको थियो।

सहकारी व्यवसायहरूमा उद्यमशीलता एवं प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धिका लागि टेवा पुऱ्याउने, व्यावसायिक सोंच र उद्यमशीलताका आधारमा सक्रिय कृषकहरूद्वारा उत्पादित खाद्यान्न, फलफूल, तरकारी, दूध जस्ता वस्तुहरूको उद्योग स्थापना, प्रशोधन, सुरक्षित भण्डारण एवं बजार र विक्री वितरणमा सहकारी संस्थाहरूलाई क्रियाशील तुल्याउने, खासगरी ग्रामीण क्षेत्रमा छरिएर रहेको स-साना पुँजी तथा सीप परिचालन गरी आर्थिक क्रियाकलापहरूमा स्थानीय जनताकै अधिकतम सहभागिता जुटाई एकीकृत, सुदृढ र प्रभावकारी सहकारी प्रणाली स्थापित गर्न सहयोग पुऱ्याउने, सहकारीताको मान्यता अनुरुप आर्थिक क्रियाकलाप सञ्चालन गराउन सदस्य शिक्षा र प्रचार प्रसारलाई व्यापक बनाई जनस्तरमा सहकारीताको भावना जागृत गराई सहकारी आन्दोलनलाई जागृत गराउने, विद्यालय स्तरको पाठ्यक्रममा समेत सहकारीतालाई समावेश गर्दै लाने, सहकारी क्षेत्रबाट गैरसरकारी संस्थाहरू कृषक समूह, महिला कृषक तथा अन्य उद्यमी समूह, निजी क्षेत्र र सरकारी संस्थानहरूसँग व्यावसायिक सम्बन्ध स्थापना गरी आर्थिक क्रियाकलाप अभिवृद्धि गराउने, सहकारीको कार्य प्रकृतिसँग मेल खाने सार्वजनिक संस्थाहरू निजीकरण गर्दा सहकारी क्षेत्रलाई प्राथमिकता दिने, महिला सहकारी संस्थाहरू र सहकारी संस्थाभित्रका महिला समूह, महिला कृषक समूहलाई सहकारी क्रियाकलाप सञ्चालन गर्ने दक्षता अभिवृद्धि गर्न महिला लक्षित तालिम कार्यक्रमहरू सञ्चालन गर्ने र परिवर्तित आवश्यकता अनुरुप

सहकारी क्षेत्रको केन्द्रदेखि जिल्ला तहसम्मका निकायहरूको संरचना पुनरावलोकन गर्ने र उपयुक्त जनशक्ति विकासमा ध्यान दिने जस्ता नीति लिइएको थियो।

समीक्षा

- सहकारी शिक्षा तथा क्षमता विकास तालिम पदाधिकारी,सदस्य तथा कर्मचारीलाई-५६,०१७,
- सहकारी तालिम तथा प्रचारप्रसार सामग्रीको उत्पादन गरिएको,
- सहकारी संघ/संस्थाको अवस्था:
    - ३७११ प्रारम्भिक सहकारी संस्था/७७ जिल्ला सहकारी संघ/३ केन्द्रीय संघ/१ राष्ट्रिय सहकारी संघ
- सहकारीमार्फत
    - १ अर्ब ८७ करोड कारोबार/४५ करोड ४२ लाख लगानी/४९ करोड १२ हजार असुली,
- सहकारीमा पूँजी अभाव हटाउन नसकिएको र सहकारी बैङ्कको स्थापना गर्न नसकिएको।

अवको बाटो

- सक्रिय जनशक्तिलाई सहकारीमा आवद्ध गरी समतामूलक समृद्धी हाँसिल गर्ने,
- सहकारी प्रकृतिका सार्वजनिक संस्थानलाई निजीकरण गर्दा सहकारीकरण गर्न प्राथमिकता दिने,
- कृषि उपज उत्पादन, वितरण तथा भण्डारणमा सहकारीलाई आवद्ध गर्ने,
- सहकारी शिक्षा तथा उद्यमशीलता विकास गर्ने र सहकारीलाई सरकार र निजी क्षेत्रको विकास साझेदारका रूपमा विकास गर्ने,
- सघन सहकारी विकास कार्यक्रम र सहकारी वजार प्रणाली विकास गर्ने,
    - ४८३ सहकारीमा १,६१,८०५ सदस्यलाई प्रत्यक्ष उत्पादन र प्रशोधनमा संलग्न गराउने,
    - ४२ हजार सदस्यलाई सहकारी व्यवस्थापन शिक्षा दिने,
- महिला तथा युवालाई सहकारीमा आवद्ध गर्ने,
- वचत तथा ऋण सहकारी संस्थाको वचत रकम केन्द्रिकृत गरी सहकारी वैङ्क स्थापना गर्ने,
- काठमाडौंमा निजी क्षेत्रसँगको साझेदारीमा ३ वटा सहकारी उपभोक्ता भण्डारण सञ्चालन गर्ने,
- राष्ट्रिय सहकारी संघले आफ्ना सदस्य सहकारीलाई अनुगमन गर्ने।

५.३.१० दशौं योजना

आर्थिक वर्ष २०५९ देखि २०६४ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाले सहकारी संस्थाहरूको माध्यमसमेतबाट कृषि बजार प्रणालीको विकास र थोक बजार हाट बजार र सङ्कलन केन्द्र निर्माण शीत भण्डार स्थापना र व्यवस्थापनलाई प्रोत्साहित गर्ने, कृषि उपजको प्रशोधन तथा पशुजन्य उद्योगको विकासमा सहकारी संस्थालाई आकर्षित गर्ने, सहकारीको माध्यमबाट मल बिउ आपूर्ति तथा साना कर्जा प्रवाह गर्ने र उत्पादित वस्तु सङ्कलन भण्डारण र बिक्री वितरणमा प्रोत्साहन गर्ने, सहकारी तालीम र शिक्षालाई क्षेत्रगत रूपमा बिस्तार गर्ने नीति लिएको थियो।

समीक्षा

- सहकारी ऐन संशोधन भई सहकारी बैङ्क स्थापना गर्न विनियम तयार भएको,

- जिल्ला सहकारी संघबाट
    - गुल्मीमा कफी प्रशोधन केन्द्र स्थापना भई जापान निर्यात भएको,
    - चितवनमा तरकारी तथा उपभोक्ता बजारस्थल निर्माण भएको,
- सहकारीलाई राष्ट्रिय सहकारी संघले उत्पादनमूलक क्षेत्रमा १७ करोड १४ लाख वितरण गरेको,
- सहकारी संघ/संस्था
    - राष्ट्रिय सहकारी संघ-१/विषयगत केन्द्रीय सहकारी संघ -३
    - जिल्ला विषयगत र सहकारी संघ — १२१/प्रारम्भिक सहकारी संघ — ७०६४
- सहकारीको संख्यात्मक विकास भए पनि संस्थागत तथा व्यावसायिकताको विकास हुन सकेन।

अबको बाटो

- कृषिक्षेत्रको उत्पादन तथा उत्पादकत्व विकासमा सहकारीलाई जोड्ने,
- सहकारी खेती प्रणाली र बजार प्रणालीको विकास गर्ने,
- स्थानीय संस्था तथा समूहलाई सहकारीमा रुपान्तरण गर्ने,
- केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई प्रशिक्षक प्रशिक्षण केन्द्रका रूपमा विकास गर्ने र थप क्षेत्रीय तालिम केन्द्र स्थापना गरिने,
- सहकारी विकास कार्यक्रममार्फत १,३७५ कृषि समूहका १३,७५० सदस्यलाई उत्पादन तथा प्रशोधन कार्यमा संलग्न गराउने,
- ६० हजार सदस्यलाई सहकारी तालिम प्रदान गर्ने/महिला सहकारी संघ/संस्था सञ्चालन गर्ने।

५.३.११ एघारौं योजना

आर्थिक वर्ष २०६४ देखि २०६७ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाले सहकारीलाई स्थानीय विकास निर्माण र सेवा प्रवाहको माध्यमका रूपमा विकास गरी जनतालाई सेवा दिने समेतको उद्देश्य रहेको देखिन्छ। यस योजनाले सहकारी सम्बन्धी कानूनी सुधारको नीति, सहकारीको नियमन तथा अनुगमन व्यवस्थामा पुनरावलोकन गरी नतिजमूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने, अनुगमनको लागि दोस्रो तहको संस्थागत व्यवस्था गर्ने, बैङ्क तथा वित्तीय संस्थाबाट सहकारीलाई ऋण प्रवाह बढाउने तथा एकीकृत र समन्वयात्मक रूपमा सरकारका विभिन्न कोष तथा निकायहरूले काम गर्ने तथा अन्तरसहकारी सहयोगको माध्यमबाट विदेशी बजारमा नेपाली वस्तुको पहुँच बढाउने समेतका नीतिहरू लिइएको थियो।

समीक्षा

- कृषि सेवामा सहकारीको भूमिका बढेको देखियो,
- कृषि सहकारीबाट प्रतिव्यक्ति उपभोग्य खाद्यान्न २६४ केजीबाट २८० केजी पुगेको,
- सहकारीलाई विकासको महत्त्वपूर्ण स्तम्भको रूपमा स्वीकार गरिएको,
- सहकारी सञ्जाल राष्ट्रभर भएको, सहकारी विकास बोर्ड र राष्ट्रिय सहकारी बैङ्क स्थापना भएको,
- सहकारीबाट कर्जा प्रवाह, बैङ्क तथा वित्तीय संस्थाको सहकारीमार्फत लगानी र सहकारीमा महिला सहभागिता बढेको,
- सहकारी संघ/संस्था

- राष्ट्रिय सहकारी संघ- १/विषयगत केन्द्रीय सहकारी संघ- ५/प्रारम्भिक सहकारी संघ — ९७२०/सदस्य संख्या- १२ लाखभन्दा बढी/वार्षिक कारोबार - ५० अर्ब/शेयर पूँजी - १ अर्ब ४ करोड/वचत मैज्दात- २० अर्ब/लगानी-२४ अर्ब/जि.डि.पी मा योगदान १ प्रतिशत/१५ हजारले प्रत्यक्ष रोजगारी,/वचत तथा ऋण प्रवाहमा ग्रामिण समुदायको पँहुच १७ प्रतिशत/सहकारीको वित्तीय क्षेत्रमा योगदान ७ प्रतिशत।

- संस्थाहरू मुनाफाकेन्द्रित तर सदस्यहरू निस्क्रिय रहेका,
- वचत तथा ऋण सहकारी संस्थाको नियमन हुन नसकेको,
- सहकारीको व्यवस्थित सूचना प्रणाली नभएको,
- सहकारीमा सुशासन कायम गर्न संस्थागत संरचना तयार नभएको,
- सहकारी संस्थाहरू सदस्यभन्दा सञ्चालककेन्द्रित भएका।

अवको बाटो

- सहकारीलाई अर्थतन्त्रको आधारस्तम्भका रूपमा विकास गर्ने,
- यो योजनाको अन्तिमसम्मको लक्ष्य
    - जिल्ला,विषयगत,केन्द्रीय र राष्ट्रिय सहकारी संघ-२५०/सदस्य संख्या: १८ लाख/६ लाख महिला/वार्षिक कारोवार: ५० अर्ब/शेयर पूँजी- ४०० करोड/वचत मैज्दात-४०० करोड/लगानी-४०० करोड/ जि.डि.पी मा योगदान २ प्रतिशत/५० हजारले प्रत्यक्ष रोजगारी/वचत तथा ऋण प्रवाहमा ग्रामीण समुदायको पँहुच ३० प्रतिशत/सहकारीको वित्तीय क्षेत्रमा योगदान १५ प्रतिशत।

रणनीति

- सहकारीमा सुशासन तथा वित्तीय व्यवस्थापन प्रभावकारी वनाउने,
- सहकारी कारोबारलाई व्यवस्थित तथा पारदर्शिता कायम गर्न सहकारी लेखाङ्कन तथा लेखापरीक्षणको मापदण्ड तथा सूचक तयार गरी लागू गरिने,
- सहकारीसम्बन्धी कानून तथा शिक्षालाई सामयिक गरिने,
- सहकारीमार्फत ग्रामीण स्वावलम्बन तथा गरीबी निवारण कार्यक्रम गर्ने,
- सहकारी उत्पादनको अन्तर्राष्ट्रियकरण गर्ने,
- सहकारीमा उत्तरदायित्व र जवाफदेहिता बिस्तार गर्ने,
- एक गाउँ, एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने।

५.४.१२ बाह्रौं योजना

आर्थिक वर्ष २०६४ देखि २०६७ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाले सहकारीताको माध्यमबाट आमजनताको श्रम, सीप, पुँजी तथा स्रोतलाई सामुहिक हितका लागि संगठित रूपमा परिचालन गरी आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशीला तयार गर्ने उद्देश्य लिएको थियो। यस योजनाले विपन्न तथा पिछडिएका वर्ग लगायतका समुदायलाई सहकारीतामा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको भूमिका खेल्न सक्ने अर्थतन्त्रको सबल स्तम्भका रूपमा विकास गर्ने, वञ्चितीकरणमा परेका समुदाय लगायतका सबै वर्ग तथा जातजाति समेतको समावेशी र समन्यायिक विकासमा सहकारीमार्फत टेवा पुर्याउने र वित्तीय क्षेत्रमा सवैको पहुँच अभिवृद्धि गर्ने, सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवा, सहकारी वैङ्किङ्ग सेवा र सहकारी व्यवसायको विकास तथा प्रवर्द्धनका लागि

आवश्यक नीतिगत तथा भौतिक पूर्वाधार र सुविधाको व्यवस्था गर्ने, सहकारी संघ संस्थाहरूको स्थापना र सञ्चालनका आधार र मापदण्डहरू स्पष्ट रूपले परिभाषित गरी सहकारी संघ, संस्थाहरूको स्वनियमन तथा प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने र बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने रणनीति लिएको थियो।

समीक्षा

- सहकारी संस्थागत अवस्था
    - जिल्ला, जिल्ला विषयगत, केन्द्रिय विषयगत र राष्ट्रिय सहकारी संघ-२०५
    - सदस्य संख्या- २२ लाख (४२ प्रतिशत महिला)/प्रारम्भिक सहकारी संख्या - २०००
    - महिला सहकारी -१६००/वार्षिक कारोवार- १० अर्ब/शेयर पूँजी- ४०० करोड
    - बचत मैज्दात - ५८ अर्ब/लगानी - ६२ अर्ब
    - जि.डि.पी मा योगदान -२ प्रतिशत/५० हजारले प्रत्यक्ष रोजगारी,
    - १५० सहकारी प्रशिक्षक र ४८ हजार सहकर्मी तयार भएका।
- सहकारीहरू बचत तथा ऋण कारोवारमा केन्द्रित, सहरमुखी तथा उत्पादनमा नलागेको,
- सहकारीहरू मूल्य मान्यता विमुख तथा सहकारी अनुगमन मूल्याङ्कन प्रणाली कमजोर।

अवको बाटो

- सहकारीमार्फत आर्थिक समृद्धि, सामाजिक रुपान्तरण र समन्यायिकता विकास गर्ने,
- विपन्न वर्गलाई सहकारीमा आबद्ध गराउने सहकारीमार्फत खेती, उद्योग, वितरण केन्द्र तथा कृषि पूर्वाधार निर्माणमा सहकारीलाई आबद्ध बनाउने,
- सरकारको साझेदारका रूपमा स्थानीय विकास निर्माण र सेवा प्रवाहमा संलग्न गराउने,
- सहकारीको लेखाप्रणालीलाई व्यवस्थित तथा मापदण्डमा आधारित बनाउने,
- बैङ्क तथा वित्तीय संस्थाको कालोसूचीमा रहेका व्यक्तिहरूलाई सहकारीमा संलग्न नगराउने।

यस योजनाको अन्तिमसम्मको लक्ष्य

- प्रारम्भिक सहकारी संस्था-२७०००/सदस्य संख्या-३० लाख/वार्षिक कारोवार-२० अर्ब
- शेयर पूँजी- १० अर्ब/८० हजारले प्रत्यक्ष रोजगारी/सहकारीकर्मी - ७५ हजार।

यसको लागि

- राष्ट्रिय सहकारी नीति तर्जुमा गरी सहकारीलाई आर्थिक विकासको आधारभूत स्तम्भको रूपमा विकास गर्ने,
- सहकारीको संरचनात्मक तथा क्षमता विकास गरी एक गाउँ एक वहुउद्देश्यीय सहकारी स्थापना गर्न प्रोत्साहन गर्ने,
- सार्वजनिक संस्थाहरूको सहकारीकरण गर्न जोड दिने,
- सहकारीमा विद्युतीय सूचना प्रणाली विकास गरी सहकारी अनुगमन प्रणाली स्वनियमन गर्न PEARLS Rating गर्ने व्यवस्था गर्ने।

५.३.१३ तेह्रौं योजना

आर्थिक वर्ष २०६४ देखि २०६७ सम्मको अवधिमा कार्यान्वयन गरिएको यस योजनाको उद्देश्य सहकारीमा आधारित उद्योग व्यवसायको विकास र बिस्तार गरी मुलुकको दिगो र समतामूलक आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने र सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्ने रहेको थियो। यस योजनाले उक्त उद्देश्य कार्यान्वयनका लागि सहकारी सङ्घ, संस्थाको संस्थागत विकास र सहकारीसम्बन्धी जनचेतना बिस्तारमा टेवा पुऱ्याउने, उत्पादन तथा सेवामा आधारित अन्य व्यवसायमा पनि सहकारी पद्धतिलाई क्रियाशील तुल्याउने, महिला, गरिब, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाउने, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने, सहकारी क्षेत्रको विकास, बिस्तार र प्रवर्द्धनको लागि स्थानीय निकाय र विकास साझेदारको सहयोग समेत परिचालन गर्ने र सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानूनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवं उपयुक्त सङ्गठन संरचनाको निर्माण गर्ने रणनीति लिएको थियो।

समीक्षा

- सहकारी संस्थागत अवस्था
    - जिल्ला, जिल्ला विषयगत, केन्द्रीय विषयगत र राष्ट्रिय सहकारी संघ - २४२
    - सदस्य संख्या -४० लाख (४२ प्रतिशत महिला)/प्रारम्भिक सहकारी संख्या- २६५००
    - महिला सहकारी-२६००/जि.डि.पी मा योगदान-३ प्रतिशत
    - ५० हजारले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ३ लाखभन्दा वढी रोजगारी।
- सवै जिल्लामा सहकारीको विस्तार र सहकारी विभागबाट सहकारीको अनुगमन मूल्याङ्कनको सुरु भएको,
- सहकारी कानून समयसापेक्ष विकास नहुनु, सहरकेन्द्रित सहकारी संस्थाहरू, सहकारी विभागको संस्थागत सुदृढीकरण नहुनु र बचत तथा ऋण सहकारीलाई अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी संरचना नहुनु सहकारीका मुख्य समस्याका रूपमा रहेका।

अवको लक्ष्य

- सहकारीतामा आधारित उद्योग व्यवसाय विस्तार गरी आर्थिक सामाजिक विकास गर्ने,
- सहकारी शिक्षा तथा चेतना बिस्तार तथा अनुगमन तथा नियन्त्रण बढाई सहकारीमा सुशासन ल्याउने,
- सहकारीमार्फत कृषि उद्योग, भण्डारण गृह, प्रशोधन केन्द्र र बजार केन्द्र स्थापना गर्ने,
- बचत तथा ऋण कारोबार गर्ने सहकारीलाई व्यवस्थित गर्न ऐन नियम तर्जुमा गर्ने,
- अल्पसंख्यक तथा अपाङ्गता भएका व्याक्तिहरूलाई सहकारीमा आवद्ध गर्ने।
- परिमाणात्मक लक्ष्य
    - प्रारम्भिक सहकारी संस्था-३५०००/सदस्य संख्या-५० लाख/बचत रकम -१७० अर्व
    - शेयर पूँजी- ४५ अर्ब/ऋण लगानी -१७० अर्व

५.३.१४ चौधौं योजना

आर्थिक वर्ष २०७३ देखि २०७६ सम्मको अवधिमा कार्यान्वयन गरियो। यस योजनाको उपलब्ध उद्देश्य स्थानीय स्रोत, श्रम, सीप र पुँजीको सामुहिक रूपमा परिचालन गरी उत्पादनमा गुणात्मक प्रभाव सिर्जना गर्ने

र सामाजिक सशक्तीकरण गर्ने लक्ष्य रहेको थियो भने सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र बिस्तार गरी मुलुकको दिगो र समतामूलक आर्थिक-सामाजिक विकासमा योगदान पुऱ्याउनु र सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्नु उद्देश्य रहेका थिए। लक्ष्य प्राप्तिको लागि यस योजनाले तीनवटा रणनीति लिएको थियो। पहिलो, सहकारी संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने, दोस्रो, सहकारीको माध्यमबाट आर्थिक-सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने र तेस्रो, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने। यस योजनाले अपेक्षित उपलब्धिमा अन्य विषयको साथै समस्याग्रस्त सहकारी संस्थाहरूको सङ्ख्या १३० बाट घटेर १०० कायम भएको हुने र बचत तथा ऋण सहकारी संस्थाको विश्वसनीयता बढेको हुनुका साथै सहकारीको माध्यमबाट सम्भाव्य आर्थिक क्षेत्रमा लगानी अभिवृद्धि भई देशको समग्र अर्थ व्यवस्थामा टेवा पुगेको हुने मानेको थियो।

समीक्षा

- सहकारी संस्थागत अवस्था
    - जिल्ला जिल्ला विषयगत,केन्द्रीय विषयगत र राष्ट्रिय सहकारी संघ -३४३
    - सदस्य संख्या- ५० लाख (४६ प्रतिशत महिला)/प्रारम्भिक सहकारी संख्या- ३२,६६३
    - महिला सहकारी -४०११/वार्षिक कारोबार- १० अर्ब
    - शेयर पूँजी- ६५ अर्ब/ बचत मैज्दात -२ खर्ब १० अर्ब
    - लगानी- १ खर्ब १० अर्ब/जि.डि.पी मा योगदान -२ प्रतिशत
    - ६१ हजारले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा १० लाख रोजगारी पाएका।
- सहकारी सम्बन्धी कानूनहरू समय सापेक्ष बनाउने,सहकारीलाई उत्पादनशील क्षेत्रमा लगाउने,बचत तथा ऋण सहकारीलाई नियमन गर्नु र सहकारीमा सुशासन कायम गर्नु चुनौतिका विषयहरू हुन्।

अबको बाटो

- सहकारीलाई उत्पादनशील तथा सामाजिक व्यवसायमा क्रियाशील गराउने,
- सहकारीमैत्री करप्रणाली विकास गरी अनुगमन तथा नियमनमार्फत सहकारीमा सुशासन कायम गर्ने,
- वित्तीय कारोबारको आधारमा सहकारीको वर्गीकरण गरी सहरकेन्द्रित बचत तथा ऋण सहकारीलाई नियमन गर्न छुट्टै संस्था स्थापना गर्ने।

अपेक्षित उपलब्धिहरू

- सदस्य संख्याः ५५ लाख (५० प्रतिशत महिला)/प्रारम्भिक सहकारी संख्याः ३५,६३३
- शेयर पुँजीः ८० अर्ब/ बचत मैज्दातः २ खर्ब २५ अर्ब
- लगानीः १ खर्ब ४५ अर्ब/समस्याग्रस्त सहकारी १३० बाट १०० मा पुगेको।
- ६२.५ हजारले प्रत्यक्ष रोजगारी प्राप्त गरेका।

५.३.१५ पन्ध्रौं योजना

आर्थिक वर्ष २०७६ देखि २०८१ सम्मको अवधिमा कार्यान्वयन गरियो। यस योजनको स्वावलम्बन र पारस्परिकताको आधारमा उत्पादनमुखी दीगो तथा न्यायोचित आर्थिक सम्बन्धको विकास गर्ने लक्ष्य रहेको थियो। सहकारीमार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको प्रक्रियामा सहभागी बनाउने, सहकारी मूल्य र सिद्धान्तको अनुशरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास र

सुशासन कायम गर्ने र सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्य लिएको थियो। यी उद्देश्य प्राप्तिका लागि सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने, सहकारीको माध्यमबाट गरिब तथा विपन्नले सञ्चालन गर्ने व्यवसायमा प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने, यस क्षेत्रको नीतिगत तथा संस्थागत प्रवन्धलाई बलियो बनाउने, सहकारी सम्बन्धमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, नियमनको लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने र कृषि, वायोग्यास प्लान्ट स्थापना र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगमा प्रोत्साहन गर्ने रणनीति लिइने उल्लेख गरेको थियो।

समीक्षा

- **सहकारी संस्थागत अवस्था**
    - जिल्ला, विषयगत, केन्द्रीय, राष्ट्रिय सहकारी संघ र प्रारम्भिक सहकारी संघ-३४,७६३
    - सदस्य संख्या- ६६ लाख (५१ प्रतिशत महिला)/ शेयर पूँजीः ७७ अर्ब
    - बचत मैज्दातः ३ खर्ब ४६ अर्ब/लगानीः ३ खर्ब ३३ अर्ब
    - ६२ हजारले प्रत्यक्ष तथा लाखौंले अप्रत्यक्ष रूपमा रोजगारी पाएका,
    - अन्तर्राष्ट्रिय सहकारी संघमा नेपालको आबद्धता।
- सहकारीलाई उत्पादनशील क्षेत्रमा नलाग्नु, बचत तथा ऋणमा मात्र केन्द्रित हुनु, सुशासन नहुनु, वित्तीय अनुशासनको कमी र सहकारीमा दोहोरो सदस्यता समस्याहरू हुन्,
- तीन तहकै सरकारको अधिकारक्षेत्रमा सहकारीलाई राखिएको।

अबको बाटो

- सहकारीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गरी गरीब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने योजनालाई वित्तीय र प्राविधिक सहयोग गर्ने,
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत, संस्थागत प्रवन्ध मजवुद गराउने,
- सहकारी शिक्षा तथा नेतृत्व विकास तालिम सञ्चालन गर्ने,
- सहकारीको प्रभावकारी अनुगमनका लागि एकीकृत अनुगमन प्रणाली- CoPoMIS विकास गर्ने,
- विश्वविद्यालय तहमा सहकारीता विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।

अपेक्षित उपलब्धि

- व्यवस्थापन सूचना प्रणाली लागू भएको हुने/शेयर पूँजीः ८६ अर्ब/बचत मैज्दात-३ खर्ब ८४ अर्ब/ लगानीः ३ खर्ब ९३ अर्ब/सहकारीमा महिला सहभागिता ५३ प्रतिशत पुग्ने।

५.३.१६ सोह्रौं योजना

हाल चालु रहेको सोह्रौं योजना आर्थिक वर्ष २०८१/२०८२ बाट कार्यान्वनमा रहेको छ। यस योजनाले सहकारी क्षेत्रको व्यवस्थापनको क्षेत्रमा सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन गर्नु, सहकारीमा स्वनियम र सुशासनको अभिवृद्धि गर्नु, सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउने क्षेत्रमा केन्द्रित गर्नु, सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु, सहकारी क्षेत्रको लागि दोस्रो तहको नियामक निकायको स्थापना गर्नु, ठूला कारोबार भएका सहकारी संस्थाको नियमन तथा अनुगमनको विशेष व्यवस्था गर्नु रहेको छ।

यसका साथै सहकारी क्षेत्रको सुदृढीकरण गर्ने कार्य अन्तर्गत सहकारी क्षेत्रको स्रोत साधन र पुँजीलाई उत्पादन क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने, बचत तथा ऋण सहकारीको स्वनियमन तथा सुशासन प्रवर्द्धनमा कडाई गर्ने, कर्जा सूचना केन्द्रको बचत तथा कर्जा सुरक्षण कोष तथा स्थिरीकरण कोषको स्थापना तथा सञ्चालन गर्ने, नियमन तथा अनुगमनका लागि दोस्रो तहको नियमनकारी निकायको स्थापना गर्ने नीति लिएको छ।

सहकारी क्षेत्रको सुधार कार्यक्रम अन्तर्गत सहकारीको वर्गीकरण, एकीकरण र संरचनागत सुधार गर्ने, सहकारीको आन्तरिक लेखापरीक्षण सुदृढीकरण एवं प्रमाणीकरण गर्ने, सहकारी सञ्चालनमा व्यवस्थापकीय सीप एवं दक्षताको प्रयोग गर्ने, उत्पादनमूलक सहकारी संस्थाको उत्पादन ब्राण्डिङ्ग र बजारसँग आबद्धता र सहकारी संस्थाहरूको सघन अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

समीक्षा

- सहकारी संस्थागत अवस्था
    - सहकारी संस्थाहरू- ३१,५००/सदस्य संख्या- ७३ लाख (५६ प्रतिशत महिला)
    - शेयर पूँजी- ९४ अर्ब/बचत मैज्दात- ४ खर्ब ७८ अर्ब/कर्जा प्रवाह- ४ खर्ब २६ अर्ब
    - ९३ हजारले प्रत्यक्ष रोजगारी पाएका.

चुनौति

- सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन गर्नु,
- सहकारीमा स्वनियमन र सुशासन अभिवृद्धि गर्नु,
- सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउने क्षेत्रमा केन्द्रित गर्नु,
- सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु,
- सहकारी क्षेत्रको लागि दोस्रो तहको नियमन संरचना स्थापना गर्नु,
- ठूलो कारोवार भएका बचत तथा ऋण सहकारी संस्थाको नियमन र अनुगमनको लागि विशेष व्यवस्था गर्नु।

रूपान्तरणकारी रणनीतिः

- सहकारी क्षेत्रको स्रोत साधन र पुँजीलाई वित्तीय मध्यस्थतामा भन्दा उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई स्वनियमन र सुशासन प्रवर्द्धनमा कडाई गर्ने,
- सहकारीको वित्तीय कारोबारको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष तथा स्थिरीकरण कोषको स्थापना गरी नागरिकको बचत रकम माग गरेको अवस्थामा तत्काले उपलब्ध गराउने व्यवस्थालाई अनिवार्य गराउने,
- सहकारी संस्थाहरूको आन्तरिक लेखाप्रणाली एवं तथ्याङ्क सङ्कलन र विश्लेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सहकारीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- नियमन तथा अनुगमनको लागि दोस्रो तहको नियमनकारी निकाय स्थापना गर्ने।

५.४ सहकारीः राष्ट्रिय प्राथमिकता

५.४.१ राष्ट्रिय सहकारी नीति,२०६९

नेपाल सरकारले मिति २०६९।९।१७ मा राष्ट्रिय सहकारी नीति जारी गरी कार्यान्वनमा ल्याएको हो। मुलुकको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रूपान्तरणका लागि

सवल र सक्षम सहकारी प्रणालीको विकास गर्ने दूरदृष्टि सहित यो नीति जारी गरिएको छ। सहकारीलाई अर्थतन्त्रको एक सवल स्तम्भका रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने दीर्घकालीन लक्ष्य यस नीतिले लिएको छ।

यस नीतिले सहकारीको संस्थागत क्षमता विकास गर्ने, कृषिको अलावा उत्पादन तथा सेवामा समेत सहकारीलाई क्रियाशील बनाउने, महिला गरिब सीमान्तकृत अपाङ्ग, भूमिहिन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने, सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउने, सहकारी क्षेत्रमा सुशासन कायम गर्ने, आपसी सहयोग र सहकार्यलाई प्रवर्द्धन गर्ने, सहकारीको विकास बिस्तार प्रवर्द्धनका लागि मानवस्रोतको विकास सङ्गठन संरचनाको निर्माण एवं कानूनी व्यवस्था गर्ने उद्देश्य लिएको छ।

उल्लिखित उद्देश्य कार्यान्वयनका लागि १३५ भन्दा बढी विभिन्न नीतिहरू उल्लेख गरिएको छ। यस अन्तर्गत सहकारी तालिमलाई वृहत्तर बनाउने, जनस्तरमा सचेतना बढाउने, सहकारी पद्धतिबाट उद्योग व्यवसायको स्थापना र सञ्चालनलाई प्रवर्द्धनका लागि कानूनी सुधार गर्ने, कृषि उत्पादन भण्डारण प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारीको संलग्नतालाई प्रोत्साहन गर्ने, शिक्षा स्वास्थ्य उर्जा बीमा पर्यटन सञ्चार लगायतका १८ प्रकारका उद्योग व्यवसायहरू सहकारीमार्फत सञ्चालन गर्न प्रोत्साहन गर्ने, सहकारीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आधारमा समावेश बनाउनको लागि आवश्यक नीतिगत व्यवस्थाहरू समावेश गरिएको छ। यसको साथै सहकारीको स्रोत तथा साधनको दुरुपयोग गर्ने प्रवृत्तिलाई अन्त्य गर्न शून्य सहनशीलताको नीति लिने तथा नियमनकारी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि आवश्यक नीतिगत व्यवस्था गरिएको छ। यस नीतिलाई कार्यान्वयन गर्नका लागि विद्यालयको पाठ्यक्रममा सहकारी विषय समावेश गर्ने, सहकारीको माध्यमबाट कृषि उत्पादन गरी एक गाउँ एक उत्पादनको कार्यलाई कार्यान्वयन गर्ने, बाली बीमा तथा पशु विमाको व्यवस्था गर्ने, निश्चित सहकारी संस्थाहरूले कारोबारको मासिक तथा वार्षिक प्रतिवेदन दिनु पर्ने व्यवस्था गर्ने तथा नियमनको कार्यलाई प्रभावकारी बनाउने समेतका आवश्यक रणनीति तथा कार्यनीतिहरूको व्यवस्था गरिएको पाइन्छ।

५.४.२ आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा सहकारी क्षेत्र

सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरुप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ। सहकारी नीतिलाई समयानुकूल बनाइनेछ। सहकारी संस्थाको सघन सुपरीवेक्षण र नियमनका लागि विशिष्टिकृत नियामक निकाय स्थापना गरिएको छ। सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधिकरणमार्फत् सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षण गरिनेछ।[८१]

सहकारी संस्थाहरू अनिवार्य रूपमा सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ। सरकारको शेयर स्वामित्व भएका साझा सहकारी संस्थालाई एकीकरण गर्ने व्यवस्था मिलाइनेछ। बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ।[८२]

---

[८१] क्रम संख्या २४, नेपाल सरकारको नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८१/०८२।

[८२] सोही, क्रम संख्या २५।

५.५ अन्य कानूनी व्यवस्था

५.५.१ सहकारी संस्था नियमहरू, २०१८

सहकारी संस्था ऐन २०१६ लाई कार्यान्वयन गर्न बनेको यस नियमावलीले सहकारी संस्थाहरूको दर्ताको प्रक्रिया तथा ढाँचाहरूलाई निर्धारण गरिएको छ। यस नियमावलीमा सहकारीको सदस्यबाट हटाइएमा शेयर फिर्ता गर्ने, नाफाको वितरण गर्ने प्रक्रियामा खुद नाफाबाट जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमबाट १५ प्रतिशतमा नबढाई वितरण गर्न पाइने, सहकारी संस्थामा रहन सक्ने अधिकतम सदस्य संख्याको हद विनियममा व्यवस्था भए बमोजिम हुने व्यवस्था गरिएको छ।

यसका साथै नियमावलीबाट प्रत्येक सहकारी संस्थाले राख्नु पर्ने बहीखाता तथा हिसाब किताबको, सहकारीका सदस्यहहरूको ठेगाना तथा पेशा सहितको विवरण लगानी रकम पाएको वा पाउने रकम तथा हकवाला समेतको विवरण राख्नु पर्ने व्यवस्था गरिएको थियो। प्रत्येक सहकारी संस्थामा कोष रहने र त्यस्तो कोषमा रहने रकम तथा त्यसको उपयोगको विषय, रजिष्ट्रारले सहकारी संस्थाको हिसाब जाँच गर्ने अवस्था, सहकारी संस्थाले बोलाउनु पर्ने साधारण सभाहरू र त्यसको काम कारबाही तथा अधिकार, सहकारी संस्थाको सञ्चालक समिति रहने व्यवस्था गरिएको थियो।

यस नियमावलीमा ऋण दिने सहकारी संस्थाको समितिका सदस्यहरूले त्यस समितिको सदस्य भै काम गरेवापत तलव, पारिश्रमिक वा अरु कुनै किसिमको मेहनताना नपाउने व्यवस्था गरिएको थियो। त्यसैगरी समितिका सदस्यहरूले सहकारी संस्थाको काम कारबाही एवं व्यवहार चलाउन निर्धारित गरिएको पुँजीको २५ प्रतिशतमा बढी हुने गरी ऋण दिन नहुने व्यवस्था गरिएको पाइन्छ। रजिष्ट्रारको पूर्वस्वीकृति नलिई जग्गा जमीन, घर यन्त्र, मेशीन, इत्यादि खरीद गर्ने वा प्राप्त गर्ने काममा सहकारी संस्थाको कोष वा त्यसको कुनै हिस्सा उपयोग गर्न नपाउने व्यवस्था गरिएको पाइन्छ। सहकारी संस्थाले आफ्ना सदस्य बाहेक अरुलाई कर्जा दिन नहुने, खेतीको पैदावार बाहेक अरु चल सम्पत्ति धरौट लिई कर्जा दिन नहुने, सहकारीले सहकारी सिद्धान्तको प्रतिकूल हुने कार्य गर्न बन्देज लगाउने व्यवस्था तथा रजिष्ट्रारले आवश्यक ठानेमा बैङ्कबाट कारोबारको विवरण माग गर्न सक्ने व्यवस्था गरिएको छ।

यसको साथै सहकारी संस्थाको विनियममा अन्य व्यवस्थाको अतिरिक्त सहकारीको कोषको रकमको उपयोग हुने कार्य सदस्य हुनका लागि चाहिने योग्यता निक्षेपमा दिने व्याज लेखापरीक्षण ऋण वा सापटी दिन सकिने अधिकतम रकम ऋणका शर्तहरू, मुनाफा वितरण आदिका बारेमा व्यवस्था गर्न सकिने उल्लेख भएको पाइन्छ। सहकारी संस्थाले असुल उपर गर्नु पर्ने रकम रजिष्ट्रारको पूर्वस्वीकृतिबिना माफी मिनाहा गर्न नपाउने व्यवस्था समेत व्यवस्था गर्दै सहकारी संस्थाको विनियमावली जुनसुकै व्यक्तिले हेर्न चाहेमा हेर्न पाउने गरी सहकारी संस्थामा राख्नु पर्ने गरी बाध्यकारी प्रबन्ध गरिएको पाइन्छ।

५.५.२ साझा संस्था नियमहरू, २०४३

दर्ताको लागि दिइने दरखास्तको ढाँचा, प्रमाणपत्रको ढाँचा, साझा संस्थाको सदस्यता नरहने अवस्थाहरू, अवस्थाहरू, शेयर रकम फिर्ता लिने व्यवस्था तथा शेयरवालाको मृत्यु भएमा हकदावीको नामसारी सम्बन्धी व्यवस्था, सहकारी संस्थाले राख्नु पर्ने बहीखाता तथा हिसाबको ढाँचा, सहकारी संस्थाको कोषमा रहने रकम र त्यसको उपयोगका क्षेत्रहरूको विषयमा नियमावलीमा व्यवस्था गरिएको थियो। यसको साथै सहकारी संस्थाको हिसाब जाँच गर्ने गराउने विषय र संस्थाका सभाहरू बोलाउने तरिका तथा त्यसमा निर्णय लिने तरिका र विषयहरू, सञ्चालकहरूको निर्वाचन र सञ्चालकहरूको पद रिक्त

हुने अवस्थामा सञ्चालकमा रहन नसक्ने अवस्थाहरू, सञ्चालक समितिको काम, कर्तव्य र अधिकार, व्यवस्थापकको नियुक्ति तथा कार्यकारिणी सभा सम्बन्धी व्यवस्थाका बारेमा नियमावलीमा व्यवस्था गरिएको थियो।

सहकारी संस्थाले आफ्ना सदस्य बाहेकलाई कतिसम्म ऋण दिन सक्ने भन्ने विषयमा महानिर्देशकले निर्धारण गरे बमोजिम हुने, ऋण दिने गरी गठन भएको सहकारी संस्थाका समितिका सदस्यले पारिश्रमिक वा कुनै भत्ता नपाउने, भत्ता वा सुविधा लिएको भएमा सहकारीको ऋण सरह असूल उपर गरिने, ऋण दिने उद्देश्यले गठन भएको सहकारीको समितिका सदस्यले त्यस्तो सहकारीको काम कारबाही वा व्यवहार चलाउन निर्धारण गरेको कूल पुँजीको २५ प्रतिशत भन्दा बढी नहुने गरी लिन पाउने, बैङ्कबाट कारोबारको विवरण मगाएर हेर्न सक्ने आदी कार्यविधिगत र प्रक्रियागत व्यवस्था गरिएको पाइन्छ।

५.५.३ सहकारी नियमावली, २०४९

सहकारी ऐन, २०४८ सँग सम्बन्धित यस नियमावलीमा सहकारी संस्था वा संघ दर्ता गर्नको लागि रजिष्ट्रार समक्ष दिने निवेदनको ढाँचामा, सहकारी रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई दिने प्राथमिकता, दर्ताको प्रमाणपत्र तथा सदस्यता कायम नरहने अवस्थाका बारेमा व्यवस्था गरिएको पाइन्छ। कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्था वा संघमा लगानी गरेको रकम विनियममा व्यवस्था भए बमोजिम फिर्ता गर्नु पर्ने, सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर हकवालाको नाममा नामसारी गरी दिनु पर्ने व्यवस्था रहेको थियो। सहकारीको प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा र विशेष साधारणसभा लगायतका साधारणसभा र त्यसका कामहरूको बारेमा पनि नियमावलीमा प्रबन्ध रहेको पाइन्छ।

त्यसैगरी रजिष्ट्रारको नियुक्ति र काम र कर्तव्यको व्यवस्था गर्दै, सहकारी संस्थाको छुट्टै कोष हुने र सो कोषमा ऋण लगायत संस्था वा संघले आर्जन गरेका सबै किसिमको आम्दानी, नेपाल सरकारबाट प्राप्त अनुदान, विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम, कुनै संस्था वा संघले शेयर बिक्री गरेवापत प्राप्त रकम र सदस्यतावापत प्राप्त शुल्क र अन्य स्रोतबाट प्राप्त रकमहरू रहने व्यवस्था गरिएको पाइन्छ। त्यस्तै सहकारीको खुद बचतबाट जगेडा कोषमा जम्मा गरी बाँकी रहन आएको रकममध्येबाट, शेयर लाभांश कोष, संरक्षित कोष, कर्मचारी वोनस कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष र घाटा पूर्ति कोष लगायतका कोषहरू खडा गर्न सकिने व्यवस्था गरिएको थियो।

सहकारी संस्थाले आफ्नो काम कारवाही सञ्चालन गर्नको लागि शेयर दर्ता किताब, स्टक दर्ता किताब, ऋण लेनदेन दर्ता किताब, वेरुजू एवं सम्परीक्षण खाता लगायतका खाताहरू अद्यावधिक रूपमा राख्नु पर्ने व्यवस्था उक्त नियमावलीमा रहेको पाइन्छ। रजिष्ट्रारले आवश्यक देखेमा सहकारी संस्थाले लेनदेन कारोबार गर्ने बैङ्क वा अन्य निकायसँग आर्थिक कारोबार सम्बन्धी बिल भरपाई, लेनदेन सम्बन्धी कुनै विवरण, बैङ्क वा अन्य निकायसँग रहेको संस्था वा संघको हिसाब किताबको नक्कल समेतका विवरण तथा कागजात सम्बन्धी जानकारी माग्न सक्ने व्यवस्था गरिएको थियो। सहकारी संस्थाको बाँकी बक्यौता असूल उपर गर्नु पर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असूल उपर गर्दा अपनाउनु पर्ने कार्यविधि एवं सहकारीको लिक्विडेसन तथा विघटन लगायतका कार्यविधिगत व्यवस्था गरिएको थियो।

५.५.४ सहकारी नियमावली, २०७५

हाल प्रचलनमा रहेको यस नियमावलीमा संस्था गठन, दर्ता तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्दै पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दाका शर्त बन्देजहरू, विशिष्टिकृत सहकारी सङ्घ गठन गर्दाका शर्त बन्देजहरू, बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड, सहकारी बैङ्ककको गठन सम्बन्धी व्यवस्था, सहकारी संघ, सस्था दर्ता गर्दा दिनु पर्ने दरखास्तको ढाँचा र संलग्न गर्नु पर्ने विवरणका सम्बन्धमा व्यवस्था गरिएको छ। यसको साथै सहकारी संस्थाको सदस्य हुन पूरा गर्नु पर्ने शर्तहरू तथा सदस्यता समाप्त हुने अवस्थाहरू उल्लेख गरिएको छ। सहकारी संस्थाले विनियम बनाउँदा समावेश गर्नु पर्ने विषयहरू र सहकारी संस्थाको कार्यक्षेत्र रहने विषय, सहकारीलाई देहाय बमोजिम बर्गिकरण गरिएको छः-

- उत्पादक संस्था वा सङ्घ,
- उपभोक्ता संस्था वा सङ्घ,
- वित्तीय संस्था वा सङ्घ,
- श्रमिक संस्था वा सङ्घ, र
- बहुउद्देश्यीय संस्था वा सङ्घ।

सहकारीको बचत तथा ऋणको परिचालन सम्बन्धी व्यवस्था गर्दै सन्दर्भ ब्याजदर निर्धारण गर्ने आधार र ब्याजदर निर्धारण गर्दा अवलम्बन गर्नु पर्ने सिद्धान्तहरू, सहकारीको सदस्यले सदस्यता त्याग गरेको अवस्थामा रकम फिर्ता गर्ने प्रक्रिया, सहकारीको कोष तथा त्यसको सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ। सहकारी प्रवर्द्धन कोषमा रहने रकमहरू त्यसैगरी सहकारी शिक्षा कोष, शेयर लाभांश कोष, कर्मचारी बोनस कोष, सहकारी विकास कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष र अन्य जोखिम व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा विभागले तोकेको तरिका र ढाँचामा राख्नु पर्ने व्यवस्था गरिएको छ।

सहकारीलाई दिइने छुट तथा सुविधा लिने प्रक्रियाका बारेमा उल्लेख गर्नुका साथै सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्ने अपनाउनु पर्ने प्रक्रियाका बारेमा व्यवस्था गरिएको छ।

सहकारीको ऋण तथा बाँकी बक्यौता असुलीको कार्यविधिको व्यवस्था गर्दै यस नियमावलीमा बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा सूचना दिने र तिर्नु बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्ने, धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्ने, धितो लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुलउपर गरिने व्यवस्था गरेको छ। धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट सावाँ, ब्याज र हर्जानाको रकम असुलउपर हुन नसकेमा बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट लिलाम बिक्री गरी असुलउपर गरिने व्यवस्था गरिएको छ। साथै लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्ने व्यवस्था गरिएको छ। कर्जा सूचना केन्द्र तथा कालो सूची सम्बन्धी व्यवस्था गरी कर्जा सूचना केन्द्रले आफ्ना सदस्य रहेका सहकारी संस्थाहरूबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा, ब्याज फिर्ता नगर्ने

नामनामेसी सहित कालो सूची प्रकाशन गर्ने व्यवस्था गरिएको छ। सहकारीको कर्जा असुलीको लागि रहने कर्जा असुली न्यायाधिकरणमा रहने अध्यक्ष तथा सदस्यको व्यवस्था गरिएको छ। न्यायाधिकरणको क्षेत्राधिकार तथा मुद्दा दायर गरी कार्यविधिगत व्यवस्थाको साथै कर्जा असुली प्रक्रियाका बारेमा व्यवस्था गरिएको छ। सहकारी संस्थाको लिक्विडेसन सम्बन्धी प्रक्रियाका बारेमा व्यवस्था गर्दै लिक्विडेटरको नियुक्ति तथा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।

सहकारीको बचत तथा कर्जा सुरक्षण सम्बन्धी व्यवस्था गर्दै सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापना गरी त्यसको सञ्चालन सम्बन्धी व्यवस्थाहरू गरिएको र बचत तथा कर्जा सुरक्षण कोषले सुरक्षण गरिएको कर्जाको क्षतिपूर्ति दिन सक्ने व्यवस्था गरिएको छ। यसको साथै निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्थाहरू, स्थिरीकरण कोष सम्बन्धी व्यवस्था, रजिष्ट्रारको काम, कर्तव्य र अधिकारको विषयमा समेत विस्तृत व्यवस्था गरिएको छ।

५.६ सहकारी कानूनको व्याख्या र केही नजिर

नेपालमा सहकारी कानूनको प्रारम्भ भएको सात दशक भएको छ। २०१३ सालमा जारी सहकारी दर्ता तथा सञ्चालन सम्बन्धी कार्यकारी आदेशलाई पहिलो कानून मान्ने हो भने सात दशक पूरा हुनै लागेको अवस्था छ। त्यसको तीन वर्षपछि तत्कालीन व्यवस्थापिकाबाट विधायिकी कानून प्राप्त भएकोमा त्यसयता २०४१, २०४८ र २०७४ समेतका तिनवटा विधायिकी कानूनको अभ्यास भैसकेको अवस्था छ। त्यसका अतिरिक्त मुलुकी प्रशासनमा मूल कानूनको रूपमा रहने संविधानमा पनि सहकारी सम्बन्धमा प्रबन्धहरू गरिएको छ। सरकारको नीति तथा कार्यक्रम र बजेटमा सहकारी क्षेत्र समेटिने गरेको छ।

संवैधानिक र कानूनी प्रबन्धहरूको पालनाका सम्बन्धमा हुने विवाद निरूपण गर्ने र संविधान र कानूनको व्याख्या गर्ने अधिकार पाएको सर्वोच्च अदालतले सहकारी सम्बन्धी कसुर र अन्य विवादको रोहमा इन्साफ गर्दा केही दृष्टिकोण प्रस्तुत गरेको छ। न्याय सम्पादनको रोहमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तलाई कानूनसरह स्वीकार र पालना गर्ने हाम्रो अभ्यास समेत रही आएको छ। यहाँ केही प्रतिनिधि नजिरहरूलाई प्रस्तुत गरिएको छ।

(क) नेपाल सरकार विरूद्ध भरतबहादुर थापा भएको परमादेश[८३]

उच्च अदालत पाटनबाट भएको परमादेशको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरेको मुद्दामा देहायको व्याख्या सहितको नजिर सिद्धान्त प्रतिपादन भएको देखिन्छः-

- जसरी कर्जादाता संस्थाले कर्जा दिँदा घरजग्गा धितो राख्न सक्छ, त्यसरी नै कर्जा चुक्ता भएपछि सो प्रयोजनको लागि राखिएको धितोसमेत फुकुवा गरिदिनु पर्ने।
- सेवाग्राहीले सहकारी संस्थाको ऋण चुक्ता गरिसकेको अवस्थामा धितो प्रयोजनका लागि राखिएको घर जग्गा फुकुवा नगरी अनन्त कालसम्म रोक्का रहिरहने हो र समस्याग्रस्त भई बन्द भएको कर्जादाता संस्थाको नियमनकारी निकाय डिभिजन सहकारी कार्यालयले कर्जादाताको कर्जा चुक्ता भइसकेको अवस्थामा पनि रोक्का रहेको घर जग्गा फुकुवाका लागि सम्बन्धित निकायमा लेखी पठाई नदिने हो भने त्यस्तो कार्यबाट व्यक्तिको निजी सम्पत्ति भोग चलन गर्ने अधिकारमा गम्भीर असर पर्ने मात्र नभई सहकारी ऐनको मूल उद्देश्य नै परास्त हुने।

[८३] नेपाल कानून पत्रिका २०७७, अङ्क २, निर्णय नं. १०४३४-परमादेश, मुद्दा नं. ०७३-CI-०८४६, फैसला मिति :२०७६/०८/०१।

- जिम्मेवार नियमनकारी निकायले वहन गर्नु पर्ने दायित्वबाट पन्छिन मिल्ने नदेखिने।
- एउटै विषयमा दोहोरो दायित्व वहन गर्नु पर्ने जिम्मेवार निकायले एकतर्फी दायित्व वहन गर्नका लागि कानूनी व्यवस्था पर्याप्त रहेको तर अर्कोतर्फको दायित्व वहन गर्नका लागि कानूनी अपर्याप्तता रहेको भनी कुनै पनि कानूनको समग्रतामा व्याख्या नगरी संकुचित तवरबाट व्याख्या गर्न मिल्नेसमेत नदेखिने।

(ख) गणेशदत्त पौडेल समेत विरूद्ध सहकारी संस्था लिमिटेड, जमुनी बर्दियासमेत[८४]

यस मुद्दामा सहकारी संस्थाबाट आफूलाई आवश्यक पर्दा र आफ्नो फाइदाका लागि ऋण लिने र तोकिएको अवधि र समयमा ऋण चुक्ता नगर्ने तथा संस्थाले आफ्नो प्रक्रियाबमोजिम कारवाही गरी घरजग्गा रोक्का राख्दा र लिलाम गर्दा सो कार्य बदर गराउन रिट निवेदन लिई अदालत आउने प्रवृत्तिलाई निरुसाहित गर्दै त्यसो गर्नु विवन्धन लाग्ने भनी व्याख्या भएको छ। आफूले एकपटक बोलेको कुराप्रति बचनवद्ध हुनुपर्दछ। आफूलाई फाइदा हुँदा एउटा कुरा र बेफाइदा हुँदा अर्को कुरा गर्ने छुट कसैलाई हुँदैन। जसले परस्परविरोधी कुरा गर्छ उसको कुरा नसुनिन पनि सक्छ भन्ने मान्यता विबन्धनको सिद्धान्तको हो। स्वच्छ र सफा हातको सिद्धान्त बमोजिम अदालतमा उपचार माग्न आउने व्यक्तिले आफ्नो भएको वेहोरा सही र उपयुक्त ढङ्गबाट प्रस्तुत गर्नु पर्दछ। रिट निवेदनमा भएको तथ्यलाई कपटपूर्ण तवरले उल्लेख गर्छ भने त्यो कपटपूर्ण व्यवहारले निजलाई उपचार प्राप्त गर्नबाट अयोग्य समेत बनाउँछ। तथ्यलाई लुकाउने, तथ्यलाई बङ्गयाउने कार्यले सफा हात र शुद्ध हृदय लिएर अदालतमा प्रवेश गरेको हो भन्न नसकिने भनि अदालतले व्याख्या गरेको छ। कर्जा वा ऋण लिएपछि तोकिएको निश्चित समयमा तिर्नु पर्ने दायित्वसमेत स्वयं ऋणीको हुन्छ। सहकारी संस्थाबाट आफूलाई आवश्यक पर्दा र आफ्नो फाइदाका लागि ऋण लिने र तोकिएको अवधि र समयमा ऋण चुक्ता नगर्ने तथा संस्थाले आफ्नो प्रक्रियाबमोजिम कारवाही गरी घरजग्गा रोक्का राख्दा र लिलाम गर्दा सो कार्य बदर गराउन ऋण कर्जाको कारोबार गरेका छैनौ, कपाली वा दृष्टिबन्धक तमसुक गरिदिएका छैनौं भनी रिट निवेदन लिई अदालत आउने कार्यलाई स्वच्छ र सफाहात लिई अदालत प्रवेश गरेको हो भनी भन्न सकिने अवस्था नरहने भनी व्याख्या भएको छ।

(ग) डिकबहादुर लिम्बू विरुद्ध श्री पाथीभरा बचत तथा ऋण सहकारी संस्था लि.समेत[८५]

यस मुद्दामा अदालतले सहकारीको व्याख्या गर्दै देहायको नजिर सिद्धान्त प्रतिपादन गरेको छः-

- स्वशासित संगठित संस्थाहरू कानूनी व्यक्तिको रूपमा रहेका हुन्छन्। यिनीहरू आफ्नो विनियमअनुसार कार्य गर्न स्वतन्त्र रहेका हुन्छन्। यस्ता स्वतन्त्र संगठित संस्थाहरूले कुनै अर्को व्यक्तिलाई मुद्दा चलाउने र यस्ता व्यक्तिहरूलाई कसैले विपक्षी बनाई मुद्दा दायर गर्न सक्ने अधिकार राख्दछन्। निवेदकले सहकारी संस्थाबाट कागज गरी कर्जा लिएको कुरा स्वीकार गरेको देखिएको, केही ऋण चुक्ता गरिसकेको र मेरो ठग्ने भाग्ने उम्कने गलत नियत थिएन भनी उल्लेख गरे देखिए पनि समयमै ऋण चुक्ता नगरेकाले ऋण असुलीको लागि आफ्नो विनियममा भएको व्यवस्थाबमोजिम पत्राचार गर्नु कानूनी व्यक्तिको रूपमा रहेको विपक्षी सहकारी संस्थाको कानूनी कर्तव्य नै रहेको देखिन आउने।

---

[८४] मुद्दा नं.: ०६९-WO-०५२०-उत्प्रेषण, आदेश मिति :२०७३।०३।२४।

[८५] नेपाल कानून पत्रिका २०७२, अङ्क ८, निर्णय नं. ९४५६-उत्प्रेषण/परमादेश, मुद्दा नं. ०६९-WO-१११९, फैसला मिति : २०७१।१२।१९।

- समयमा रकम बुझाउन नल्याएपछि बिर्सेर बुझाउन पत्राचार गरेकामा निवेदक आफ्नो कर्तव्यलाई बिर्सेर रीट क्षेत्रको अवलम्बन गर्न खोज्नु आफैंमा सफा नियत नदेखिने।

- समान उद्देश्य, आकाङ्क्षा र आवश्यकता भएका व्यक्तिहरू एक आपसमा सामुहिक हितलाई प्रवर्द्धन गर्न सामुहिक रूपमा ती उद्देश्य पूरा गर्न सामाञ्जस्य स्थापना गरी सामुहिक भलाईका लागि पारस्परिक सहयोगबाट काम गर्ने प्रतिबद्धता जनाई निर्धारित उद्देश्य हासिल गर्न संलग्न व्यक्तिहरूको समूहलाई सहकारी संस्था भनिन्छ। यसको उद्देश्य समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि, र पुँजीलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरण गरी समृद्ध समाजको निर्माण गर्न सहकारी संघ संस्थाहरू सशक्त माध्यमको रूपमा स्थापित भएका हुन्छन्। सानोतिनो आर्थिक क्षमतालाई एकिकृत गरी सामुहिक प्रयासद्वारा कृषि विकास, घरेलु विकास, घरेलु इलम र उद्योग धन्दाहरूको प्रवर्द्धन एवम् सामुदायिक सेवाहरूको बिस्तार र परिचालन गरी सहकारी क्षेत्रले राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छ। सामुहिक रूपमा व्यक्तिहरू संलग्न भई स्थापित हुने यस्ता सङ्गठनमा पूर्णतः प्रजातान्त्रिक विधिको अवलम्बन गरिने।

- सहकारी एकका लागि सबै र सबैका लागि एक भन्ने मूल मन्त्रमा आधारित रही संस्थामा आबद्धता जनाउने सम्पूर्ण सदस्यहरूको हितमा केन्द्रित हुने व्यवसाय हो। समाजका हरेक सदस्यलाई असल र योग्य नागरिक बनाई समाजलाई नै परिवर्तन गर्ने सहकारीताको लक्ष्य हो। यसका आफ्नै नैतिक मूल्यहरू हुन्छन्। इमान्दारी, पारदर्शिता र खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह जस्ता विषयहरू सहकारीका नैतिक मूल्यहरू हुन्। सहकारी संस्थाहरूमा नैतिक मूल्य र मान्यता हराउँदै गयो भने समाजको सानो सानो पुँजीलाई एकीकृत गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने सहकारीको आदर्श नै हराएर जाने।

- शुद्ध आत्मा र सफा हात रीटका पूर्वसर्त हुन्। आफूउपरको निर्दोषिता प्रकट गर्ने सक्षम अदालतप्रति विश्वास नगरी रीट दर्ता गराएको कार्यलाई मनासिब भन्न नमिल्ने।

(घ) गणेशप्रसाद बराल विरुद्ध कार्यरथी विभाग (प्राड विभाग) नेपाली जंगी अड्डा, काठमाडौं समेत[८६]

यस मुद्दामा सहकारी सम्बन्धी विषयमा कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाटै वा निकायबाटै छानवीन हुनु पर्ने व्याख्या गर्दै देहायका नजिर प्रतिपादन भएको देखिन्छः-

- सैनिक सेवा बाहेकका साझा संस्थाका कुनै कर्मचारी अनियमित गर्ने कार्यमा संलग्न रहे नरहेको भन्ने कुरा र निज निवेदक सो कार्यमा संलग्न रहेको भएसम्बन्धमा छानबिन गर्ने अधिकार नेपाली जंगी अड्डालाई कुनै ऐन नियमद्वारा प्रदान गरेको देखिन नआउने।

- अनियमित कार्य भए, नभएको सम्बन्धमा छानबिन गर्ने अधिकार प्रचलित कानूनले तोकेको अधिकारी वा निकायबाट नै सम्पन्न हुनुपर्ने।

- अनियमित कार्य भए नभएको सम्बन्धमा छानबिन गर्ने र अनियमित भएको भए आवश्यक कारवाही गर्ने वा कारवाहीको सिफारिस गर्ने अधिकारी जोसुकैलाई पनि हुन्छ भनी मान्ने हो

---

[८६] नेपाल कानून पत्रिका २०६७, अङ्क ८, निर्णय नं. ८४४२-उत्प्रेषण मिश्रित प्रतिषेध, २०६१ सालको रिट. नं. ३६९१, फैसला मितिः २०६७।०२।१७।

भने कानूनले निश्चित अधिकारीलाई कारवाही गर्ने अधिकारी तोक्नुको प्रयोजन निस्प्रयोजन हुन जाने।

- सैनिक बाहेकका साझा स्वास्थ्य सेवाका कर्मचारीले आफ्नो औषधि खरीदमा अनियमितता गरेको भनी निर्णय गरी निज निवेदकबाट रकम दाखिल गराउनु भनी नेपाली जंगी अड्डाको हवाला दिई लेखेको मिति २०६१।१२।९ को साझा स्वास्थ्य सेवाको पत्र उल्लिखित आधार र कारणबाट कायम रहन नसक्ने।

(ङ) रामदेव पन्त विरुद्ध नेपाल सहकारी संस्था प्राइभेट लिमिटेडको तर्फबाट कायम मुकायम नायब महाप्रवन्धक पूर्णप्रसाद शर्मा[८७]

यस मुद्दामा सहकारीको ऋण कर्जाको साँवा व्याज नबुझाएको धितोमा रहेको सम्पत्ति सहकारीको कर्जा असुली नभएसम्म फैसला कार्यान्वयनका लागि लिलाम गर्न नमिल्ने समेतको सहकारीको तर्फबाट दाबी लिइएकोमा देहायको व्याख्या भएको पाइन्छः-

- संस्थाले कहिले कति अवधिपछि आफ्नो लेना असुली गर्ने हो र धितोको जग्गा कति बाँकी रहने हो पूर्वअन्दाज गर्न सकिने अवस्था पनि रहँदैन। साथै कानूनले तोकेको सीमित समयसीमाभित्र रही छिटोछरितो रूपमा फैसला कार्यान्वयन गरिनु पर्ने हुँदा सहकारीको कर्जा असुलीको परिणामलाई पर्खेर अदालतले फैसला कार्यान्वयन गर्ने कार्यलाई कानूनी समयसीमाभन्दा बढी विलम्व गरी रोक्नु न्यायसङ्गत नहुने।
- फैसला कार्यान्वयन गर्ने दायित्व अदालतको मात्र नभई सरोकारवाला निकाय एवं मुद्दाका सम्बन्धित पक्षको पनि रहन्छ। मुद्दाका पक्षले यो वा त्यो वहानामा फैसला कार्यान्वयनमा वाधा व्यवधान खडा नगरी प्रभावकारी रूपमा सहयोग पुऱ्याउनु निजको दायित्व हुन जान्छ। फैसला कार्यान्वयनमा सघाउ पुऱ्याउने पक्षलाई अदालतले रहरले वा इच्छाले थुनामा राख्दैन बरु विशेष परिस्थितिमा फैसलाको मर्यादा राख्न अवलम्बन गरिने यो विशेष कानूनी प्रक्रिया हुने।
- सामान्यतः फैसलाबमोजिम भरी पाउने लाखौंको विगोको माया मारी उल्टै सिधा खर्च दाखिल गरी पक्षलाई थुनामा राख्न व्यक्तिलाई रहर हुँदैन। यो एउटा अन्तिम उपायको रूपमा पक्षले अवलम्बन गर्नुपर्ने।

(च) नरेशमान शाक्य समेत विरुद्ध ओमशिवा बहुमुखी सहकारी संस्था लिमिटेड समेत[८८]

यस मुद्दामा सहकारीले धितोमा लिएको घरजग्गा लिलाम गर्न लागेको प्रक्रियालाई रोकी पाउनको लागि रिट निवेदन परेकोमा सर्वोच्च अदालतले देहायको व्याख्या गर्दै ऋणप्रदायकले कानूनी कार्यविधिको परिपालना नगरी ऋणीको साम्पत्तिक हकमा आघात पुऱ्याउने उद्देश्य नै राखी काम कारवाही गरेको अवस्थामा वाहेक लिलामी प्रक्रिया न्यायिक परीक्षणको विषय बन्न नसक्ने उल्लेखख गरेको छः-

---

[८७] नेपाल कानून पत्रिका २०६७, अङ्क ५, निर्णय नं. ८३७७-उत्प्रेषण परमादेश, २०६२ सालको रिट. नं. २८४९, फैसला मितिः २०६७।०१।०८।

[८८] नेपाल कानून पत्रिका २०६७, अङ्क ५, निर्णय नं. ८३७०-उत्प्रेषणयुक्त प्रतिषेध, २०६५ सालको रिट. नं. ००९२, फैसला मितिः २०६७।०२।११।

- ऋण लिँदा दिँदा सम्पन्न सम्झौता उल्लङ्घन भएको छ छैन, उल्लङ्घन भएको छ भने कुन पक्षबाट र ऋण दिंदा लिँदा धितो सम्पत्तिको दुवै पक्षले स्वीकारेको मूल्य के कति रहेछ तथा लिलामपूर्व मूल्याङ्कन भएको भए सो मूल्य कति रहेछ भन्ने कुराको विश्लेषण केन्द्रविन्दुमा राख्दै ऋण असूल गर्न तोकिएको कानूनी कार्यविधिको परिपालन भएको छ छैन भन्ने कुराको परीक्षण गर्नुपर्ने।
- ऋणप्रदायकले कुनै मौखिक आश्वासन दिएको भन्ने कुरा वा व्याज मिन्हा वा हर्जानामा छूट कसैलाई दिइयो कसैलाई दिइएन भन्ने जस्ता कुरा ऋणीका कानूनी अधिकारका विषयवस्तु बन्न नसक्ने।
- ऋणीको सम्पत्ति कब्जा नै गर्ने वा साम्पत्तिक हक गैरकानूनी रूपले अपहरण नै गर्ने मात्र नियत ऋणप्रदायकले राखेको छैन भने ऋण असुलीको कारबाही न्यायिक परीक्षणको विषय बन्न नसक्ने।
- ऋणप्रदायकले धितो लिएको सम्पत्तिको ऋण प्रदायकले नै निर्धारण गरेको मूल्य अदालतका लागि विचारवस्तु वन्न सक्दछ, तर ऋणीले नै स्वघोषणा गरेको धितो सम्पत्तिको मूल्य विचारवस्तु वन्न नसक्ने।
- ऋणप्रदायकले कानूनी कार्यविधिको परिपालना नगरी ऋणीको साम्पत्तिक हकमा आघात पुऱ्याउने उद्देश्य नै राखी काम कारवाही गरिएको देखिएको अवस्थामा वाहेक लिलामी प्रक्रिया न्यायिक परीक्षणको विषय वन्न नसक्ने।

(छ) विष्णु सुवेदी समेतको जाहेरीले नेपाल सरकार विरुद्ध दीपक बस्याल समेत[८९]

यस मुद्दामा सर्वोच्च अदालतले तत्कालीन सहकारी ऐन, २०४८ र ठगीको कसुर सम्बन्धी प्रचलित कानूनको व्याख्या गर्दै सहकारी संस्थाका पदाधिकारीहरूको नियत सफा नदेखिएको र सामुहिक रूपमै सर्वसाधारणलाई झूट्ठा प्रलोभन देखाई, झुक्याई रकम सकलित गरेको र सङ्कलित रकम संस्थाको उद्देश्यअनुरूप खर्च नगरी व्यतक्तिगत फाइदाका लागि दुरुपयोग गरेको देखिएको भन्दै ठगीको कसुर ठहर गरेको छ।

- ऐन, नियमको परिधि नाघी कारोबार गरेकोमा सहकारी ऐन, २०४८ को दफा ४१(३) अन्तर्गत दर्ता खारेजीको कारबाही गर्न सकिने व्यवस्था छ। तर त्यस अन्तर्गत कारबाही नभएमा वा कारवाही गर्ने निकायले कारवाही नगरेमा सो संस्थाको आडमा वा नाउँमा जे पनि गर्न पाइने भन्ने अर्थ गर्न नमिल्ने।
- जुन उद्देश्यका लागि सहकारी संस्था खोलियो, सो उद्देश्यअनुरूप कार्य भए गरेको छ छैन हेर्नु पर्ने।
- प्रलोभन देखाएर सर्वसाधरणको रकम लिने र कबुल गरिएको शर्तअनुसार फिर्ता नगर्ने कार्यलाई सामान्य अर्थमा शुद्ध लेनदेनसम्बन्धी व्यवहार मात्र नमिल्ने।
- संस्थाका पदाधिकारीहरूले नियतबश बचतकर्ताहरूलाई झुक्याई रोजगारी वा उच्च प्रतिफल दिने भन्ने गफलतमा पारी रकम जम्मा गरेको देखिन आएबाट ठगीको १ नं. मा उल्लिखित

[८९] नेपाल कानून पत्रिका २०६७, अङ्क १, निर्णय नं. ८३०२-ठगी, फैसला मितिः २०६६।०८।२३।

ठगीका सम्पूर्ण तत्वहरू विद्यमान रहेकोले ठगीतर्फ अनुसन्धान, कारबाही भई अभियोग दायर भएको कार्य कानूनसम्मत देखिने।

- संस्थाको एउटा उद्देश्य देखाई रकम सङ्कलन गरी उद्देश्यअनुरूपको काममा सङ्कलित रकम खर्च गर्नेतर्फ वा बचतकर्ताहरूलाई शर्त कबूलअनुसार प्रतिफल दिने कार्यतर्फ कुनै पदाधिकारीले पनि अग्रसरता देखाएको नपाइदा संस्थाका सञ्चालक समितिका सदस्य एवम् पदाधिकारीहरू समेत सबैले सामुहिक रूपमा नै संस्थाको नाउँमा ठगी गर्नेतर्फ लागेको स्पष्ट देखिने।

(ज) नारायण थापा विरुद्ध राजेन्द्र महर्जन समेतको जाहेरीले नेपाल सरकार[९०]

यस मुद्दामा अदालतले ठगी सम्बन्धी कानूनी व्यवस्थाको व्याख्या गर्दै बचतकर्ताको बचत रकम फिर्ता नदिई संस्था नै बन्द गरी हिडेको कार्यबाट बचतकर्तालाई गलफतमा पारी धोका दिएको हुँदा ठगीको कसुर भएको ठहर गर्दै देहायको व्याख्या गरेको छः-

- निश्चित समयपश्चात् रकम फिर्ता गर्नुपर्ने दायित्व भएको सञ्चालक समितिले आफ्नो दायित्व पूरा नगरेको र निज प्रतिवादीले अदालत एवं अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरीवालाहरूको बचत रकम फिर्ता गरिसकिएको छ भनी भन्न नसकेको अवस्थामा जाहेरी कथन र अभियोग दावी सत्य साँचो नै देखिने।

- आफ्नो सहकारी संस्थामा राम्रो व्याज दिने भनी आकर्षण देखाई रकम जम्मा गर्न लगाई निजहरूले मागेका वखत रकम फिर्ता नदिई संस्था नै बन्द गरी हिँडेको कार्यलाई बचतकर्ताहरूलाई गलफतमा पारी धोका दिएको होइन भन्न कानूनतः नमिल्ने।

- भनि पुनरावेदक प्रतिवादी नारायण थापासमेतका प्रतिवादीहरूले आफ्नो सहकारी संस्थामा राम्रो व्याज दिने भनी आकर्षण देखाई रकम जम्मा गर्न लगाई निजहरूले मागेको वखत रकम फिर्ता नदिई संस्था नै बन्द गरी हिडेको कार्यलाई बचत कर्ताहरूलाई गलफतमा पारी धोका दिएको होइन भन्न कानूनतः मिल्ने अवस्था देखिन आएन भनि ठगीको कसुर ठहर गर्दै सजाय गरेको पाइन्छ।

(झ) रमिलादेवी राउत विरूद्ध रोशनी जोशीसमेतको जाहेरीले वादी नेपाल सरकार[९१]

यस मुद्दामा सर्वोच्च अदालतले सहकारी ऐन अन्तर्गतको मुद्दामा ठगीको कसुर हुने, नहुने सम्बन्धमा समेत ब्याख्या गर्दै सहकारी ऐन २०७४ ले सहकारी ठगीको विषय उल्लेख नगरेको भएता पनि ठगी सम्बन्धी प्रचलित कानून बमोजिम मुद्दा चलाउन पाइने भनी व्याख्या गरेको छ। सहकारी ऐन, २०७४ ले सहकारी संस्थाको गठन, दर्ता, वर्गीकरण, निरीक्षण, अनुगमन र सजायलगायतका कुराहरूलाई समेटे पनि सहकारी संस्थाको गलत रूपमा प्रयोग गरी हुने गरेका ठगीजन्य कार्यहरूको बारेमा उल्लेख भएको नपाइएको भन्दै विशेष ऐनले कुनै निश्चित कसुरजन्य कार्यलाई परिभाषित गरेको अवस्था नभएमा सामान्य कानूनको प्रावधान आकर्षित हुने विधिशास्त्र सहित देहायको व्याख्या गरेको छः-

- कुनै सहकारी संस्थामा ठगीजन्य कार्य कुन व्यक्तिबाट, तहबाट र कुन रूपमा भएको छ भन्ने कुरा मनसाय, हेलचेक्राइँ र कसुरको ज्ञानको विद्यमानता (knowledge of wrongdoing)

---

[९०] नेपाल कानून पत्रिका २०६६, अङ्क ४, निर्णय नं. ८११९-ठगी, फैसला मितिः २०६५।१२।०९।

[९१] नेपाल कानून पत्रिका २०७९, अङ्क ९, निर्णय नं. १०९४१-ठगी, फैसला मितिः २०७९।०१।१९।

को अवस्था हेरी विश्लेषण गरिनु पर्ने। यदि कुनै सहकारी संस्था ठगी गर्ने उद्देश्यबाट प्रेरित भई समान धारणा र संलग्नता (equal intent and participation) सहित स्थापना भएको रहेछ र सञ्चालक समिति र व्यवस्थापनको कार्यमा जानी-जानी संलग्न भएको रहेछ भने सबै सञ्चालक र व्यवस्थापकहरूलाई कसुरमा संलग्न रहेको मान्न सकिने।

- कुनै सहकारी संस्थामा कसुरजन्य कार्य भएको अवस्थामा संस्थागत रूपमा सबै सञ्चालक तथा व्यवस्थापक वा कर्मचारी वा त्यसमध्येका खास केही व्यक्तिबाहेक सबै व्यक्तिहरू संलग्न भएको अवस्थामा सबै व्यक्तिहरू प्रामाणिकताका आधारमा कसुरदार ठहरिन सक्ने।
- सहकारी संस्थाको दुरूपयोग गर्ने व्यक्तिको मनसाय, कार्य र प्रमाणका आधारमा निजले मात्र कसुर गरेको पुष्टि हुने अवस्था भएमा त्यस्तो व्यक्तिलाई कसुरदार ठहर गरिनु पर्ने। संलग्न व्यक्तिको पहिचान गर्दा मूलतः निजको संस्थामाथिको नियन्त्रण (control) अर्थात नीतिगत, आर्थिक तथा कारोबारहरूमा पूर्णनियन्त्रण भए, नभएको हेरिनु पर्ने। त्यस्तो नियन्त्रण ठगी वा अन्य गलत कार्य गर्ने मनसायसहित प्रयोग भए नभएको हेरिनु पर्ने र त्यस्तो नियन्त्रणले पीडितलाई परेको असर र प्रभावसमेतलाई मध्यनजर गरिनु पर्ने।
- सहकारी संस्थामा भएको ठगीजन्य कार्यको सम्बन्धमा सञ्चालक समितिका पदाधिकारी वा सदस्य तथा व्यवस्थापकसमेतको जानकारी वा मनासयसहित कसुर भएको भएमा सबै व्यक्तिहरू कसुरदार मान्नुपर्ने देखिन्छ, केही खास सञ्चालक समितिका पदाधिकारी र सदस्यहरू तथा व्यवस्थापक र कर्मचारीहरूको संलग्नता भएमा निजहरूको संलग्नता, कसुरजन्य मानसिक अवस्था, प्रत्यक्षरूपमा नीतिगत आर्थिक क्रियाकलापमा भएको संलग्नता, प्रत्यक्ष नियन्त्रण (direct control), वस्तुगत (defacto) वा कानूनी (dejure) अवस्थासमेतलाई मध्यनजर राखी कसुरको निर्धारण गर्नु पर्ने।
- निस्क्रिय (passive) रूपमा रहेका तथा अल्पमतमा रहेका सञ्चालक समितिका पदाधिकारी वा सदस्यहरूलाई ठगीको कसुरजन्य कार्यमा संलग्नता निर्धारण गर्दा निजहरूको कसुरजन्य मानसिक अवस्थाको विद्यमानतालाई प्रमाणहरूले पुष्टि गरेको छ छैन भन्ने विषयमा गम्भीर रूपमा नहेरी दोषी ठहर गरिएमा सम्बन्धित व्यक्तिहरूलाई गम्भीर अन्याय पर्न सक्ने।

परिच्छेद-६

सहकारी सङ्कट समाधान र यसका सीमा

६.१ पृष्ठभूमि

समुदायको आर्थिक, सामाजिक तथा आर्थिक उन्नयन गर्ने उद्देश्यले सहकारीको विकास भएको हो। आज विश्वका विभिन्न मुलुकहरूको राष्ट्रिय अर्थव्यवस्थामा सहकारीले ठूलो योगदान पुऱ्याएको छ। गरिबी निवारण तथा समाजवादको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न सहकारी महत्त्वपूर्ण सहयोगी माध्यम बनेको छ।

समाजमा छरिएर रहेका पुँजी, प्रविधि तथा प्रतिभालाई एकीकरण गरी समुदायको हित गर्ने सहकारीको उद्देश्य हो। सहकारी समुदायकेन्द्रित हुन्छ। नेपालमा पनि कुनै न कुनै स्वरूपको सहकारी नेपाली समाजको विकाससँगसँगै भएको भएता पनि संस्थागत रूपमा संवत् २०१० सालदेखि प्रारम्भ भएको देखिन्छ। नेपालमा पनि सहकारी संस्थाहरूले समाजमा उल्लेख्य योगदान पुऱ्याएका छन्।

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको विकासमार्फत समाजवादउन्मुख समृद्ध अर्थतन्त्रको निर्माण गर्ने उद्देश्य राखी तीन खम्बे अर्थनीति अङ्गिकार गरेको छ। सहकारी संस्थाहरू सञ्चालन, व्यवस्थापन र नियमन गर्ने सम्बन्धमा संविधानले नै सहकारीलाई तहगत सरकारको कार्यक्षेत्रभित्र विभाजन गरी आवश्यक व्यवस्थाको लागि कानून बनाउने समेतको अधिकार संघ, प्रदेश र स्थानीय सरकारलाई प्रदान गरेको छ। सहकारीको विषय तीनवटै सरकारको कार्यक्षेत्रभित्र परेका कारण नियमनका सन्दर्भमा केही समस्या र चुनौतिहरू देखिएका छन्। करिब ३१ हजार सहकारीहरू रहेका छन् भनिए पनि सञ्चालनमा यति ठूलो संख्या देखिन्न। विभिन्न प्रकृति र स्वरूपका सहकारी दर्ता एवं सञ्चालन गर्न सकिने कानूनी व्यवस्था भएता पनि धेरै ठूलो संख्या बचत तथा ऋण कारोबार गर्ने प्रकृतिका सहकारी संस्थाहरू देखिन्छन्। बैङ्कले जस्तै निक्षेप कारोबार गर्ने कारण सहकारी संस्थाहरू आफ्नो मौलिक सिद्धान्त र मान्यताबाट विमुख हुन पुगेकाले पनि सहकारी संस्थाहरू समस्यामा परेका देखिन्छन्। सहकारी संस्थामा देखा परेका समस्याहरूको समयमै समाधान गरी सहकारीप्रति आम जनताको भरोसा र विश्वास सिर्जना गर्नु पर्ने आवश्यकता छ।

"नेपालको संविधानले सहकारीलाई दिएको उच्च अवसर भरपूर उपयोग गर्न ऐन, नियम र नीतिको समसामयिक संशोधन हुनपर्दछ। सहकारी बैङ्क र बचत तथा ऋणका छुट्टाछुट्टै ऐन निर्माण गरी व्यवस्थित र राष्ट्रिय सहकारी विकास बैङ्कलाई सङ्घीय प्रणालीमा रुपान्तरण गर्नु पर्दछ। राष्ट्र बैङ्कले सहकारीको लागि छुट्टै रेगुलेसन बनाउनुपर्दछ। सहकारीलाई शिक्षा तथा तालिमबाट प्रशिक्षित जनशक्तिबाट परिचालन गर्नु पर्दछ। यसका लागि तालिम केन्द्र तथा कलेजहरूको स्थापना र सञ्चालनमा व्यापकता दिनु पर्दछ। त्यस्ता तालिम केन्द्र र कलेजहरूको अभिभावक सहकारी विश्वविद्यालय हुनु पर्दछ। यसको स्थापना र सुसञ्चालन सरकारको विनाहस्तक्षेपकारी सहयोगमा सहकारी महासंघले नेतृत्व लिनु पर्दछ। सहकारीको विशिष्ट कार्यक्षेत्र सरकारले नीतिद्वारा निर्धारित गर्नु पर्दछ, जहाँ सरकारको पूर्ण सहयोगमा सहकारीले इमान्दार साझेदारको काम गर्दछ र जसबाट आमजनतालाई सरकारले प्रदान गर्ने सेवामा पूर्ण सफलता प्राप्त हुन्छ। सरकारले अत्यावश्यक ठानेको हरेक क्षेत्रमा उत्पादन, प्रशोधन, आपूर्ति, वितरणसमेतको काम गराउन सक्छ र बजारमा अप्राकृतिक रूपमा उत्पन्न हुने महँगी, मिसावट, अभाव आदिको निराकरणमा सहज हुन सक्छ। यो सिद्धान्तले विश्वका धेरै विकसित देशमा सफलता हासिल गरेको छ। सहकारी र सरकार मिलेर नेपालको कृषि वातावरण बचाउँदै एउटै परियोजनाबाट काम गर्न सके उत्पादन र आपूर्तिमा आत्मनिर्भर हुने, रोजगारी र स्वरोजगारको व्यापक व्यवस्था हुने, विदेसिने कार्य निरुत्साहित मात्र हुने नभई स्वदेश फर्कनसमेत आकर्षित गर्ने, वातावरणमैत्री हुँदै कृषिमा शुद्ध जैविक, वैदिक र अर्गानिक उत्पादनद्वारा खाद्य शुद्धीकरण गर्न सके पर्यटनको गन्तव्यस्थल स्वतः

हुने जस्ता अनगिन्ती प्रतिफल राष्ट्रले लिन सक्छ। सरकार र सहकारी मिलेर गरेका विश्वव्यापी सफलताका लेखेरै नसकिने गाथाहरू छन्। तसर्थः जे नहुनु थियो, सहकारीमा पनि भयो। सहकारी निष्कङ्लक रहन सकेन तर यहींबाट पुनः शुद्धीकरण र सुदृढीकरण गर्नुपर्दछ। त्यसो गर्न सकिन्छ पनि।"[९२]

सहकारी ऐन, २०७४ मा सहकारीको कुनै सदस्यले संस्थाको सदस्यता त्यागी बचत रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तानी गरेको मितिले तीन महिनाभित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्ने प्रबन्ध गरेको छ।[९३] सहकारी नियमावली, २०७५ को नियम २४ ले उक्त प्रक्रिया तोकेको अवस्था छ। तर त्यसरी सदस्यले माग गरेको बचत रकम फिर्ता गर्न नसकेका सहकारी समस्याग्रस्त घोषणाको लागि सिफारिस हुन सक्ने ऐनको प्रबन्ध छ। बचत फिर्ता समेत देहायका छवटा आधारमा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गर्न रजिष्ट्रारले सिफारिस गर्न सक्ने र त्यस्तो सिफारिसका आधारमा सहकारी विषय हेर्ने मन्त्रालयले संस्थालाई समस्याग्रस्त घोषणा गर्न सक्ने ऐनमा व्यवस्था छः-[९४]

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा सङ्घले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा सङ्घ सञ्चालन भएको,

(ङ) संस्था वा सङ्घ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको, र

(च) कुनै संस्था वा सङ्घले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा सङ्घका कम्तीमा पच्चीस जना सदस्यहरूले रजिष्ट्रार समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गर्ने उक्त कानूनी व्यवस्था बमोजिम समस्याग्रस्त घोषणा भएपछि त्यस्तो सहकारी संस्थालाई समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिई सम्पत्तिको व्यवस्थापन र दायित्व फरफारक गर्ने गरी जिम्मेवारी दिएको अवस्था छ।[९५] हालसम्म संघीय सरकारको नियमन क्षेत्राधिकारमा रहेका २२ वटा,[९६] बाग्मती प्रदेश सरकारको नियमामकीय क्षेत्राधिकारमा रहेको सिभिल

---

[९२] पूर्वराज्यमन्त्री एवं राष्ट्रिय सहकारी महासंघका पूर्वअध्यक्ष र राष्ट्रिय सहकारी विकास बोर्डका पूर्वउपाध्यक्ष दीपकप्रकाश वास्कोटाले समितिको मिति २०८१ असार १२ को बैठकमा व्यक्त विचार र "डा .दीपकप्रकाश वास्कोटा :सहकारी यात्रा" पुस्ततको "दीपकप्रकाश वास्कोटाको सहकारी सम्वन्धी दृष्टिकोण") पृष्ठ ६२ (शीर्षक आलेखवाट सम्पादित अंश।

[९३] दफा ६४ को उपदफा (१), सहकारी ऐन, २०७४।

[९४] दफा १०४ को उपदफा (१), सहकारी ऐन, २०७४।

[९५] दफा १०५ देखि दफा ११७ सम्म, सहकारी ऐन, २०७४।

[९६] संघीय नियमन क्षेत्राधिकारमा रहेका देहायका सहकारी संस्थाहरू समस्याग्रस्त घोषणा भएका छन्:-

१. ओरेण्टल को-अपरेटिभ लिमिटेड,
२. स्टयाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
३. प्यासिफिक सेभिङ् एण्ड इनभेष्टमेन्ट को-अपरेटिभ,
४. प्रभु बचत तथा ऋण सहकारी संस्था,
५. कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
६. कन्जुमर बचत तथा ऋण सहकारी संस्था,

सिभिल बचत तथा ऋण सहकारी संस्था लि. र काठमाडौं महानगरपालिकाको नियामकीय क्षेत्राधिकारमा रहेका दुई वटा[९७] सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएको छ। संघमा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन भई कार्य सुचारू गरिरहेको भएता पनि प्रदेश र स्थानीय तहमा यो प्रतिवेदन तयार पार्दासम्म त्यस्तो समिति गठन भई कार्य गरे, गराएको अवस्था छैन। यद्यपि औपचारिक रूपमा समस्याग्रस्त घोषणा नभएको भएता पनि समस्यामा परी नियमित सञ्चालन हुन नसकेका सहकारीको संख्या पाँच सय हाराहारीमा रहेको अनुमान छ।

६.२ सहकारीमा समस्या र यसका कारण

सहकारी ऐन, २०४८ जारी भएपछि सहकारी अभियान बिस्तार सुरु भयो। सरकारले लिएको उदार नीति र तदनुरूप ऐनका व्यवस्थाले उत्पादन, उपभोक्ता र वित्तीय (बचत तथा ऋण कारोबार गर्ने) सहकारी संस्थाहरू बिस्तार भए। बिस्तारको चरणमा २०५८ पछि विशेष गरी २०६१/६२ बाट सहकारीमा समस्या आएको र त्यो समस्या बचत तथा ऋण कारोबार गर्ने, टाठावाठा र प्रभुत्वशाली व्यक्ति सञ्चालक भएका सहकारीमा देखिएको थियो। सरकारले यो कुरा महसुस गरी राष्ट्रिय योजना आयोगका सदस्य डा युवराज खतिवडाको संयोजकत्वमा २०६१/०४/१३ मा ११ सदस्यीय अध्ययन समिति गठन गरी राष्ट्रिय सहकारी बैङ्क तथा बचत ऋण कारोबार गर्ने सहकारी संस्था सञ्चालनको लागि कानूनी स्वरुप र संस्थागत संरचनाबारे सुझाव लिएको थियो। समितिले मूलतः बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको नियामकीय संस्था (Second Tier Institution-STI) गठन गर्न र यस प्रकारको संयन्त्र गठन नभएसम्म नेपाल राष्ट्र बैङ्कको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्नुपर्ने सुझाव दिएको थियो।

उल्लिखित सिफारिसहरू कार्यान्वयनमा आएका भए सहकारी संस्थाहरू नियमित हुन्थे तर त्यसो हुन सकेन। त्यसपछि त्यही वर्ष तुलसी उप्रेतीको संयोजकत्वमा, २०६९ मा अर्थ मन्त्रालयका सहसचिव बैकुण्ठ अर्यालको संयोजकत्वमा २०६९ मा नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर महाप्रसाद अधिकारीको संयोजकत्वमा सुझाव

---

७. कुवेर बचत तथा ऋण सहकारी संस्था,
८. चार्टर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
९. भेगास बचत तथा ऋण सहकारी संस्था,
१०. स्ट्याण्डर्ड मल्टीप्रपोज को-अपरेटिभ लिमिटेड,
११. सोसाइटल बचत तथा ऋण सहकारी संस्था,
१२. लुः निभा बहुउद्देश्यीय सहकारी संस्था,
१३. पशुपति सेभिङ् क्रेडिट को-अपरेटिभ लिमिटेड,
१४. शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
१५. तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड,
१६. हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड,
१७. कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था,
१८. कान्तिपुर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
१९. लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था,
२०. गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
२१. नेपाल सहकारी वित्तीय संस्था लि.,
२२. गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड।

[९७] काठमाडौं महानरपालिकाको नियमन क्षेत्राधिकारमा रहेका देहायका सहकारी संस्थाहरू समस्याग्रस्त घोषणा भएका छन्:-

१. हिरो बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि., तिनकुने।
२. नागरिक दैनिक बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर।

समिति–कार्यदलहरू गठन भए। सहकारीहरू समस्यामा पर्ने क्रम बढीनै रह्यो। ओरियन्टल लगायतका ठूला सहकारीहरूमा सदस्यहरूको गुणासो आइरहेपछि २०७० मा नेपाल सरकारले समस्याग्रस्त सहकारी छानविन गर्न तत्कालीन उच्च अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोकत्वमा जाँचबुझ आयोग, २०७० गठन गऱ्यो। यस समयमा ओरियण्टल लगायत १३० वटा सहकारी समस्यामा गइसकेका थिए। कार्की आयोगको सिफारिस कार्यान्वन गर्न सहकारी ऐन, २०७४ मा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत तथा कर्जा सुरक्षण कोष, सहकारी प्रवर्द्धन कोष लगायतका संरचनाहरू स्थापना गर्ने प्रावधान राखियो। तर यी संरचनाहरू समयमा स्थापना भई क्रियाशील भएनन्। त्यस्तै सहकारी ऐनमा रहेको दोहोरो सदस्यता लिन नपाउने, मुख्य कारोबार, सञ्चालक कार्यकारी व्यवस्थापक हुन नपाउने लगायतका व्यवस्था कार्यान्वयन भएनन्।

पूर्वअर्थमन्त्री महेश आचार्यको भनाईअनुसार अन्य कारणका अतिरिक्त भने अनुगमन प्रभावकारी हुन नसक्नु पनि मुख्य कारण भएको ठान्नुहुन्छ। उहाँको भनाई छ,-

"नेपालको सबैभन्दा जटिल समस्या भनेको उच्च ब्याजदरमा मानिसलाई काममा लगाउने हो। कागज गर्ने या भनसुनको भरमा लिखत बनाउने उच्च ब्याज लिने अनि जग्गा आफ्नोमा सार्ने। सहकारीको दुईवटा पाटो यसमा जोडिएको छ। एउटा सहकारीले उच्च व्याजदरमा पैसा दिने गर्छ। किन सहकारीमा मानिसहरू आकर्षित भए? ती सहकारी किन चलाउने? मेरो एकपटक ब्रिटिश राजदूतसँग कुरा भएको थियो, तिमीहरूको बैङ्कको ब्याज "उच्च" भयो भने। मैले गलत भने। सहकारी र लघुवित्तले २२ देखि २४ प्रतिशतसम्म ब्याज लिन्छन्, बैङ्कको ७ देखि ८ प्रतिशत हुँदा। सबैभन्दा गरिबहरू पैसा चाहिए सहकारीमा जान्छन्, सबैभन्दा उच्च ब्याजदर पनि सहकारीमै छ। त्यसो हुनाले यो सैद्धान्तिक रूपमा ठीक कि बेठीक भनेर हेर्नु पर्छ।

सेभिङ एण्ड क्रेडिट सहकारीहरू बैङ्कजस्ता भए। जग्गा रोक्का राख्ने, लिलाम गर्न पाउने, कपाली तमसुकजस्तो दश वर्षको जोखिम पनि नहुने। बैङ्कले प्रयोग गर्न पाउने अधिकार कसले दिएको छ सहकारीलाई? विगतमा उच्च व्याजदरमा ब्याज खान पल्केका मान्छेहरू सहकारीका सञ्चालक हुन थाले। ढुकुटी छ, जुन दर्ता नभएको सहकारी नै हो। अहिले दर्तावाल सहकारी भए ती दर्ताविहीन थिए। २०६२/०६३ पछिको अवस्थामा हामीले तीन खम्बे अर्थतन्त्रको कुरा गऱ्यौं। एउटा महत्वपूर्ण खम्बा सहकारी मानियो र समाजवादउन्मुख भनियो। संविधानमा बहुलवाद र उदारवादको कुरा पनि गर्छ। उदारवाद र समाजवाद कसरी मिल्छ? यसको कुनै व्याख्या छैन। त्यसकारणले अलमलभित्र नै यो आयो, ठीक त्यस्तै भो। अर्थशास्त्रका दुईवटा मात्र हाँगा छन्, क्यापिटलिस्ट र सोसलिस्ट। अन्तरिम संविधानमा तीन खम्बे भनेर हालियो। संविधानमा पछि त्यसले नै निरन्तरता पायो।

म मन्त्री हुँदा पनि वित्तीय सङ्कट देखियो। सहकारीमा समस्या देखिएपछि मैले नै नेपाल राष्ट्र बैङ्कलाई अध्ययन गर्न लगाएँ। ९० वटा सहकारीको अध्ययन गर्न लगाएँ। त्यसको प्रतिवेदनचाहिँ मैले नै पाएको छैन। किनकि त्यसपछि म हटें। त्यस समयमा अध्ययन भएको कुरा मलाई पनि ब्रिफिङ भएको थियो। सहकारीमा के हुने रहेछ भने साधारणसभा हुनुभन्दा अघिल्लो दिन सबैको सदस्यता खारेज गरिदिने, आज सधारणसभा गर्ने र भोलिपल्ट सबैको सदस्यता नवीकरण गरिदिने। यस्तो काम पनि भएको भेटिएको थियो। त्यतिबेला सहकारीमा बाबु अध्यक्ष, छोरो सचिव, बुहारी कोषाध्यक्ष भएको पनि पाइयो। पूरै पारिवारिक सञ्चालक समिति बनेको पनि पाइएको थियो। मैले निश्चित करोडभन्दा माथिको सहकारीलाई राष्ट्र बैङ्कको नियमअनुसार निगरानी र अनुगमन गर्नु पर्ने भनेर निर्देशन दिएको थिएँ। पछि केही काम पनि भएको थियो। केही सुरू भयो तर सबै भएन।"[९८]

[९८] पूर्वअर्थमन्त्री महेश आचार्यले समितिको मिति २०८१ साउन ११ गतेको बैठकमा उपस्थित भई राख्नुभएको धारणाको सम्पादित अंश।

सहकारीमा समस्या गहिरिदै गएको, सञ्चालकहरूबाट सदस्य पीडित भएको विषयामा सघन आवाज उठी सदस्यहरूबाट आन्दोलन भएपछि नेपाल सरकारले राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा उच्चस्तरीय कार्यदल गठन गऱ्यो। समितिमा स्वयं संस्थाका अनियमित क्रियाकलाप गरेको आरोप लागेका सञ्चालकहरू समेत रहन पुगेका थिए भने दिइएका सुझावहरू हालसम्म पनि कार्यान्वयनमा आएका छैनन्। परिणामतः जनस्तरसम्मै फैलिएको बृहद् सामाजिक व्यवसाय संकटापन्न भएको छ। पूर्वअर्थमन्त्री सुरेन्द्र आचार्य भने सहकारी व्यवस्थापनका सम्बन्धमा राज्यको दृष्टिकोणमा केही सैद्धान्तिक समस्या रहेको टिप्पणी गर्नु हुन्छ।

"नेपालको सबैभन्दा जटिल समस्या भनेको उच्च ब्याजदरमा मानिसलाई काममा लगाउने हो। कागज गर्ने या भनसुनको भरमा लिखत बनाउने उच्च ब्याज लिने अनि जग्गा आफ्नोमा सार्ने। सहकारीको दुईवटा पाटो यसमा जोडिएको छ। एउटा सहकारीले उच्च ब्याजदरमा पैसा दिने गर्छ। किन सहकारीमा मानिसहरू आकर्षित भए? ती सहकारी किन चलाउने? मेरो एकपटक ब्रिटिश राजदूतसँग कुरा भएको थियो, तिमीहरूको बैङ्कको ब्याज "उच्च" भयो भने। मैले गलत भने। सहकारी र लघुवित्तले २२ देखि २४ प्रतिशतसम्म ब्याज लिन्छन्, बैङ्कको ७ देखि ८ प्रतिशत हुँदा। सबैभन्दा गरिबहरू पैसा चाहिए सहकारीमा जान्छन्, सबैभन्दा उच्च ब्याजदर पनि सहकारीमै छ। त्यसो हुनाले यो सैद्धान्तिक रूपमा ठीक कि बेठीक भनेर हेर्नु पर्छ।

सेभिङ एण्ड क्रेडिट सहकारीहरू बैङ्कजस्ता भए। जग्गा रोक्का राखे, लिलाम गर्न पाउने, कपाली तमसुकजस्तो दश वर्षको जोखिम पनि नहुने। बैङ्कले प्रयोग गर्न पाउने अधिकार कसले दिएको छ सहकारीलाई? विगतमा उच्च ब्याजदरमा ब्याज खान पल्केका मान्छेहरू सहकारीका सञ्चालक हुन थाले। ढुकुटी छ, जुन दर्ता नभएको सहकारी नै हो। अहिले दर्तावाल सहकारी भए ती दर्ताविहीन थिए। २०६२/०६३ पछिको अवस्थामा हामीले तीन खम्बे अर्थतन्त्रको कुरा गऱ्यौं। एउटा महत्वपूर्ण खम्बा सहकारी मानियो र समाजवादउन्मुख भनियो। संविधानमा बहुलवाद र उदारवादको कुरा पनि गर्छ। उदारवाद र समाजवाद कसरी मिल्छ? यसको कुनै व्याख्या छैन। त्यसकारणले अलमलभित्र नै यो आयो, ठीक त्यस्तै भो। अर्थशास्त्रका दुईवटा मात्र हाँगा छन्, क्यापिटलिस्ट र सोसलिस्ट। अन्तरिम संविधानमा तीन खम्बे भनेर हालियो। संविधानमा पछि त्यसले नै निरन्तरता पायो।

म मन्त्री हुँदा पनि वित्तीय सङ्कट देखियो। सहकारीमा समस्या देखिएपछि मैले नै नेपाल राष्ट्र बैङ्कलाई अध्ययन गर्न लगाएँ। ९० वटा सहकारीको अध्ययन गर्न लगाएँ। त्यसको प्रतिवेदनचाहिँ मैले नै पाएको छैन। किनकि त्यसपछि म हटें। त्यस समयमा अध्ययन भएको कुरा मलाई पनि ब्रिफिङ भएको थियो। सहकारीमा के हुने रहेछ भने साधारणसभा हुनुभन्दा अघिल्लो दिन सबैको सदस्यता खारेज गरिदिने, आज साधारणसभा गर्ने र भोलिपल्ट सबैको सदस्यता नवीकरण गरिदिने। यस्तो काम पनि भएको भेटिएको थियो। त्यतिबेला सहकारीमा बाबु अध्यक्ष, छोरो सचिव, बुहारी कोषाध्यक्ष भएको पनि पाइयो। पूरै पारिवारिक सञ्चालक समिति बनेको पनि पाइएको थियो। मैले निश्चित करोडभन्दा माथिको सहकारीलाई राष्ट्र बैङ्कको नियमअनुसार निगरानी र अनुगमन गर्नु पर्ने भनेर निर्देशन दिएको थिएँ। पछि केही काम पनि भएको थियो। केही सुरू भयो तर सबै भएन।"[९९]

सहकारीमा समस्या देखिनुका प्रमुख कारणहरू देहाय बमोजिम रहेका देखिन्छन्:

---

[९९] पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले समितिको मिति २०८१ साउन ११ गतेको बैठकमा राखुभएको धारणाको सम्पादित अंश।

- **सहकारीको बुझाइमा कमजोरीः** सहकारी ऐनको प्रस्तावना हेरी यसलाई २०१६ र २०४८ को ऐनको प्रस्तावनाको तुलनात्मक अध्ययन गर्नु पर्ने देखिन्छ।[१००] अन्य मुलुकका पनि खासगरी भारत, जापान, मलेसिया, थाइल्याण्ड, फिलिपिन्स र युरोपियन देशहरूका पनि ऐन र नीतिहरू अध्ययन गर्नु पर्ने हुन्छ। हाम्रा नीति, ऐन, नियम, सहकारी सिद्धान्त अनुकूल छन्, छैनन् मूल्याङ्कन गर्नु पर्दछ। सहकारी आफै व्यवसाय होइन यो सामुहिक व्यवसाय गर्ने माध्यम हो। यो सामाजिक र राजनीतिक संस्था होइन। गैरसरकारी संस्था वा धार्मिक वा सामाजिक संस्था होइन। यो कम्पनी होइन, बैङ्क होइन, फाइनान्स कम्पनी होइन। यो सरकारी आयोजना वा कार्यक्रम पनि होइन, निजी क्षेत्र पनि होइन। यो छुट्टै विशिष्टीकृत प्रकृतिको उद्योग, पेशा, व्यवसाय, गर्ने पद्धति हो। यसप्रकारको बुझाइ संस्थापित हुन सकेको छैन।

- **सहकारी सिद्धान्त प्रतिकूलको व्यवहारः** सहकारी समुदायमा आधारित सदस्यकेन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनका रूपमा सञ्चालन हुने आधारभूत सहकारीको विश्वव्यापी सिद्धान्त हो। सहकारीको मूल्यमान्यता भनेको स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमानदारिता, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह गर्नु आदि हुन्। यस्ता सिद्धान्त र मूल्यहरूलाई सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा पालना गर्नु पर्ने कानूनी जिम्मेवारी हुँदाहुँदै पनि यस्ता सहकारी सम्बन्धी आधारभूत सिद्धान्त र मूल्यको पालना नगर्ने सहकारी संस्थाहरू नै धराशयी र समस्यामा परेका देखिन्छन्। सहकारीका सिद्धान्त र मूल्यहरूको पालना गर्ने सहकारी संस्थाले राम्रो काम गरी स्थापित भएका उदाहरण पनि छन्। जे जति सहकारी संस्था समस्याग्रस्त छन्, ती सहकारीले न्यूनतम सिद्धान्त र मूल्यहरूको अनुशरण नगरी मनोमानी कार्य गरेका कारण समस्याग्रस्त भएका छन्।

- **कानून प्रतिकूलको कार्यः** सहकारी संस्थाहरू समस्याग्रस्त हुनुका विभिन्न कारणहरूमध्ये विद्यमान सहकारी ऐन, नियमावली, नियामक निकायको निर्देशनको पालना नगर्ने कार्य मूल देखिन्छन्। खासगरी कानूनविरुद्ध पारिवारिक एकाधिकार रहने गरी सहकारी सञ्चालन गर्नु, सदस्यको सहभागिता सहकारी सञ्चालनमा नहुनु, कानूनले गर्नु भनेको साधारणसभा, सञ्चालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिको व्यवस्था नगर्नु, लेखापरीक्षक आवधिक प्रतिवेदन जस्ता न्यूनतम कानूनी दायित्व पूरा नगर्ने स्थितिका कारण मनपरी कार्य गर्नाले सहकारी संस्था समस्यामा परेका हुन्। यस्तै ऋण प्रवाह गर्दा विनाधितो कानून प्रतिकूल सुरक्षण

---

[१००] सहकारी संस्था ऐन, २०१६, सहकारी ऐन, २०४८ र सहकारी ऐन, २०७४ को प्रस्तावनामा देहाय बमोजिम उल्लेख छः-

- कृषक, कालिगढ र कम पुँजीवाल व्यक्तिहरूमा स्वावलम्बन, पारस्परिक सहयोग र किफायतको वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न आवश्यक परेकोले,

  - *प्रस्तावना, सहकारी संस्था ऐन, २०१६*

- देशका कृषक, कालिगढ र कम पुँजीवाल र निम्न आयवर्ग, श्रमिक, भूमिहीन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको गठन र सञ्चालन सम्वन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

  - *प्रस्तावना, सहकारी ऐन, २०४८*

- सहकारी मूल्य, मानेयता र सिद्धानेत अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सिमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्यन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतजन्त्रको विकास गर्न सहकारी सम्वन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल वनाउन वाञ्छनीय भएकोले,

  - *प्रस्तावना, सहकारी ऐन, २०७४।*

गर्ने, अनुत्पादक क्षेत्रमा ठूलो बचत रकम लगानी गर्ने, कानूनले तोकेको विधि र शर्तहरूको पालना नगर्ने जस्ता कारण सहकारी संस्थाहरू समस्यामा परेको अवस्था छ।

- **नियमनकारी निकायको अप्रभावकारिता:** संविधानले सहकारी संस्था सञ्चालन र व्यवस्थापनको अधिकार तिनवटै संघीय एकाइमा विभाजन गरेको र संघ अन्तर्गतका सहकारी संस्थाको अनुगमन, सुपेरिवेक्षण र नियमन सहकारी विभागबाट हुने, प्रदेश तहमा प्रदेश रजिस्ट्रारबाट र स्थानीय तहमा सम्बन्धित पालिका आफैंले गर्नु पर्ने जिम्मेवारी रहेको देखिन्छ। सहकारी संस्थाहरूको नियमन गर्ने अधिकार भएको निकायमा जनशक्तिको अभाव, अनुभवको कमी, नियमित अनुगमन नगर्नु, गरिएको अनुगमन पनि स्वच्छ र प्रभावकारी नदेखिनु, प्रदेश र स्थानीय तहमा अनुगमन, नियमन र सुपेरिवेक्षण गर्ने पूर्वाधारको सुनिश्चितता नहुनु र क्षमताको अभाव हुनु जस्ता कारणले नियमन प्रभावकारी हुन नसक्दा सहकारी संस्थाहरू समस्याग्रस्त भएको अवस्था देखिएका छन्। त्यसका अतिरिक्त नियतका लागि व्यावसायिक क्षमता र सदाचारिता नहुनु, सूचना तथा संस्थागत सम्झना नहुनु र नियामकबाट सतही सोंच राख्नु र लापरवाही गर्नु समस्याका कारण हुन्।
- **नियतजन्य कारण:** सहकारी संस्था सञ्चालनको ढङ्ग नजानुले केही सहकारी संस्थाहरू समस्यामा परेको देखिन्छ भने अर्कोतर्फ नियतजन्य कारणले पनि त्यत्तिकै समस्या सिर्जना गरेको छ। सहकारी संस्था मनपरी दर्ता गरिदिने, कार्यक्षेत्र कानून प्रतिकूल बिस्तार गरिदिने, सहकारी निकायबाट अनुदान र आर्थिक सहायता लिन दर्ता मात्र गरी सहकारी संस्था सञ्चालन नगर्ने, पारिवारिक सदस्यहरू मात्रैबाट सहकारी दर्ता गरी बचतकर्तालाई बढी व्याजको आश्वासन दिई सङ्कलित बचत रकम कुम्ल्याएर भाग्ने, विभिन्न शक्तिशाली व्यक्तिहरूको आडमा नियतजन्य काम गर्नेजस्ता खराब नियतजन्य कारण सहकारी संस्थाहरू समस्याग्रस्त भएका छन्।
- **क्षमताको अभाव:** स्वनियमनकारी संस्था तर ऐन, नियम, विधि र सिद्धान्त अत्यन्त जटिल छन्। ज्ञान, सीप र क्षमताको कमी भएपछि आफैले बुझेअनुसार जसरी चलायो त्यही नै सहकारी भयो। उत्पादन, सेवा, बहुउद्देश्यीय लगायत विषयगत सहकारी संस्थाहरू पनि बचत तथा ऋणमै केन्द्रित भए। उद्देश्यअनुरूप सञ्चालन भएनन्। सहकारी शिक्षाको पनि कमी भयो।
- **गर्न नहुने क्षेत्रमा कारोबार, गैरसदस्यसँग कारोबार:** जो अत्यन्त बर्जित विषय हो, तर यही अवस्था हावी भयो। संस्था स्थापना गर्दा तोकिएको निश्चित भौगोलिक क्षेत्रमा बसोवास गर्ने संस्थाको सदस्य भएको व्यक्ति बाहेक अरुसँग कारोबार गर्न पाइँदैन। कार्यक्षेत्र तोकिएको भौगोलिक क्षेत्र बोहकको व्यक्तिलाई सदस्य बनाउन पाइदैन, सदस्य नबनाई कारेबार गर्न पाईँदैन। अहिलेका सहकारीको मूल समस्या यसैमा छ। सहकारी संस्थाको सहयोगमा निजी र सामुहिक व्यवसाय हुन्छ। सहकारी नाफामूलक हुँदै होइन, सेवामूलक हो, त्यसैले निश्चित प्रतिशतभन्दा बढी लाभांश वितरण गर्न पाईँदैन। यो सदस्यकेन्द्रित, भौगोलिक कार्यक्षेत्र र व्यावसायिक कार्यक्षेत्र केन्द्रित संस्था हो। यो एउटा निश्चित क्षेत्र र पेशाका सीमित व्यक्ति र क्षेत्रमा काम गर्ने संस्था हो। यसमा पनि समस्या रहेको छ।
- **मूल्य मान्यता अङ्गीकरणमा समस्या:** सहकारी अन्तर्राष्ट्रिय मूल्य, मान्यतामा आधारित संस्था हो। उत्पादन गर्ने, उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने र सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उत्थान गर्ने सहकारी संस्थाहरू हुन्। बचत सङ्कलन गर्ने र ऋण दिने मात्र होइन। सहकारी संस्थाहरू सीमारहित जेसुकै, जहाँसुकै, जोसुकैसँग कारोबार गर्ने संस्था होइनन्। सहकारीलाई नै व्यवसाय बनाएर सदस्यहरूको सामुहिक हितभन्दा केही व्यक्तिगत स्वार्थको लागि खोलिएका सहकारी पनि छन्। जसले सर्वसाधारणको बचत सङ्कलन गरेर डुबाई दिएका छन्। सर्वसाधारणको बचतलाई निजी व्यवसाय, घर जग्गा, बिलासिताका बस्तुमा लगानी गर्ने पुँजीको रूपमा लिइएको छ। त्यसैले समस्या आएको हो।

- **संरचनात्मक समस्या र माथिल्ला संघहरूको कमजोरीः** जिल्ला, विषयगत, प्रदेश, केन्द्र, महासंघ धेरैवटा संरचना छन्। ती संरचना प्रभावकारी भएका छैनन्। औपचारिकतामा सीमितजस्ता मात्रै देखिन्छन्। प्रारम्भिक सहकारी संस्थाले नपत्याउने अटेर गर्ने प्रचलन छ। सहकारी संघ, संस्थामा अत्यधिक राजनीतिकरण पनि हावी रहेको छ।

- **आन्तरिक सुशासन र शासकीय प्रवन्धमा कमजोरी/शासकीय प्रबन्धमा कमीः** साधारणसभा, सञ्चालक समिति, लेखा समिति, ऋण समिति, शिक्षा समिति लगायत विविध समितिका व्यवस्था छन्। तर ती समितिहरू सञ्चालकको इशारामा चल्ने मात्र भए। नियन्त्रण र नियमनमा प्रभावकारी भएनन्। सबैभन्दा बढी सदस्य चनाखो हुनुपर्ने सदस्यहरू व्याज र लाभांशमा मात्र केन्द्रित भए। स्वनियमनमा सदस्यहरूको सहभागिता नै छैन भन्दा पनि हुने स्थिति छ। सञ्चालक र सदस्यबीच अविश्वास, पारदर्शिताको कमी छ। कतिपयमा ग्रामीण र समुदायमा आधारित संस्थाहरूमा नेतृत्व क्षमता, व्यवस्थापकीय क्षमता र वित्तीय व्यवस्थापनको ज्ञानको पनि कमी छ। सहरी क्षेत्रमा टाठाबाठाले खोलेका सहकारीहरूमा नियोजित तरिकाले अनियमित कामहरू भएका छन्, नजानेर होइन।

- **मान्य सिद्धान्तहरू अवलम्वन नगर्नुः** सहकारी संस्थामा मान्य लेखाप्रणाली र सहकारी चार्ट अफ एकाउन्टको अवलम्वन नहुनु, दुई प्रकारको लेखा राख्नु अर्को समस्याको कारण हो।

- **कमजोर स्वयनियमनः** सदस्य, साधारणसभा, समितिहरू, संघहरूमा स्वनियमनको अभिरुची तथा सामर्थ्य नहुनु, केवल लाभांशको आशा गर्नु र आफ्नो संस्थामा के भइरहेको छ भन्ने ध्यान नदिनुले सदस्यबाट हुने स्वनियमन र नियन्त्रण प्रणाली कमजोर बनेको छ। कारोबार र निर्णयको निगरानी गर्न गठित लेखा सुपरिवेक्षण समितिले कानूनी रूपमा तोकिएको काम नगर्नु समस्याका रूपमा रहेका छन्।

- **स्वार्थ बाझिने कार्यव्यवहार हुनुः** सहकारी सञ्चालकबाट स्वार्थ बाझिने गरी कारोबार र निर्णय गर्नु, आफै सञ्चालक भएको कम्पनीमा लगानी, आफन्तको नाममा लगानी कमसल धितोमा कर्जा प्रवाह र इन्टरनल ट्रेडिङ्ग गर्नु समस्याका कारण हुन्।

- **नीति तथा प्रतिवेदनहरू कार्यान्वयन नहुनुः** घोषित नीति तथा समिति, कार्यदल, आयोगका प्रतिवेदनहरू समयमा कार्यान्वयन नहुनु ठूलो समस्याका रूपमा रहेको छ।

- **तरलताको अभाव बढ्दै जानुः** विपद्, कोभिड, प्रदर्शनको प्रभाव, बढ्दो खराब कर्जा आदिका कारण तरलता अभाव बढ्नु र केही ठूला संस्थाहरूमा देखिएको बेथितिको प्रभाव अन्य संस्थाका सदस्यमा पनि परी बचत फिर्ताको माग बढ्नु पनि वर्तमान समस्याको कारक हो। लगानीका सिद्धान्त र खराब कर्जा व्यवस्थापनमा मापदण्डको पालना नगर्नु अर्को समस्याका रूपमा रहेको छ।

- **विविध कारणः** अर्थतन्त्रमा आएको मन्दी, उत्पादनमूलक क्षेत्रमा लगानी नगर्नु, समयमा ऋण असुल हुन नसक्नु, सबै सहकारीहरू डुबे भन्ने बढ्दो प्रचारका कारण पनि बचतकर्ताहरू बचत फिर्ता माग्न आउने संख्या अत्यधिक हुनुले तरलताको समस्या, सरकारी संस्थामा दक्ष जनशक्तिको कमी, अभिलेख प्रणाली अव्यवस्थित, बेइमानहरूको गठजोड, कानून कार्यान्वयनमा उदासिनता जस्ता विभिन्न कारणले सहकारी संस्थाहरू समस्याग्रस्त भएको अवस्था देखिन्छ। सहकारी संस्थाहरू आवश्यकताभन्दा धेरै हुनु, एकीकरण गर्न नसकिनु, संघ/महासंघहरू नियामकप्रति जवाफदेही नहुनु, सहकारीप्रतिको विश्वास गुम्नु, अपारदर्शी खर्च गरिनु, राजनीतिक दलहरूले आफ्नो अभिष्ट पूरा गर्ने गरी सहकारी संस्थालाई बिकृत बनाउनु, नियमन फितलो हुनु, सञ्चालक गैरजिम्मेवार हुनु लगायतका समस्याहरूका कारण पनि आजको दिन समस्या विकराल हुन पुगेको छ।

६.३ सहकारीमा सङ्कटको समाधान

सहकारी संस्थामा जे समस्या रहेको हुन्छ। त्यसको निराकरण गर्नु सहकारी सङ्कटको समाधान हो। जुन कारणले सङ्कट भएको हो, त्यसको कारण र सङ्कट समाधानको मार्ग पत्ता लगाई राज्यको सक्रियतामा समस्याको समाधान गर्नु नै सहकारी सङ्कटको समाधान हो। सङ्कटको समाधान सहकारीलाई पूर्ववत् रूपमा सञ्चालन गर्ने अवस्थामा फर्काउनु वा हरहिसाब फरफारक गरी चल्न नसक्ने संस्थाको खारेजी गर्नुसम्मका कार्य सङ्कटको समाधान अन्तर्गत पर्दछन्।

सहकारीको समस्या समाधानमा समस्याको कारण प्रमुख रहन्छ। के कारणले समस्या भएको थियो, त्यसको कारण पहिचान गरी त्यसमा समाधानको मार्ग खोजिन्छ। यस्तो प्रक्रियामा नियमित कानूनी प्रबन्ध बाहेक सूर्यास्त प्रकृतिका कानूनी र संस्थागत प्रबन्ध गरेर समस्याको समाधानको मार्ग खोज्ने पनि गरिन्छ।

नेपालको सहकारी सङ्कटलाई हेर्दा मुख्यतः तीन खालका प्रवृत्ति देखिन्छन्। ती हुन्:-

- नियतजन्य समस्या,
- परिस्थितिजन्य समस्या र
- कानूनी रिक्तताको कारण सिर्जना भएको समस्या

समाधानको मार्ग खोज्नु अगाडि कुन कारणले समस्या सिर्जना भएको हो भन्ने पहिचान गरिन्छ। त्यसैका आधारमा समाधानको मार्ग खोजिन्छ। सामान्यतया, नियतजन्य समस्यामा कानूनी उपचारको मार्ग अवलम्बन गरिनु उपयुक्त हुन्छ। परिस्थितिजन्य समस्या भएमा सरकारी प्रयासमा समस्या समाधानको प्रयास गरिन्छ। राज्यका तर्फबाट छुट वा सुविधा दिएर पनि समस्याको समाधान गर्न सकिन्छ। कानूनी रिक्तताको कारण सिर्जना भएको समस्यालाई वृहद् जनसमर्थनमा त्यस्तो मुद्दा उठाई कानूनी रूपान्तरणमार्फत समस्याको समाधान खोज्न अविलम्ब अग्रसरता लिनुपर्दछ।

६.४ सहकारी सङ्कट समाधानमा अन्तर्राष्ट्रिय अभ्यास

६.४.१ सेभिङ्गस् एण्ड लोन सङ्कट समाधानमा अमेरिकी अनुभव

सन् १९८० को दशकमा संयुक्त राज्य अमेरिकाले देशभर रहेका सेभिङ्गस् एण्ड लोन एशोसियसन (Savings and Loan Associations)[१०१] हरूमा ठूलो वित्तीय सङ्कटको सामना गर्नुपरेको थियो। यी संस्थाहरूलाई थ्रिफ्ट्स् पनि भन्ने गरिन्छ। तिनीहरू करिब नेपालका बचत तथा ऋण सहकारीजस्तै थिए। उक्त सङ्कटबाट सेभिङ्गस् एण्ड लोन क्षेत्र मात्र नभई समग्र वित्तीय क्षेत्रले अत्यधिक समस्या भोग्नुपरेको थियो यसले गर्दा एक तिहाइ भन्दा बढी (एक हजार बढी) त्यस्ता संस्थाहरू बन्द भएका थिए। उक्त संकट कस्तो पृष्ठभूमिमा, के कारणले आएको थियो र कसरी समाधान गरियो भन्ने जानकारी नेपालका वित्तीय सहकारीमा देखिएका समस्या समाधानको लागि सहयोगी हुन सक्ने देखिन्छ।

- **सेभिङ्गस् एण्ड लोन कस्ता संस्था हुन् ?**

  सन् १८०० ताका अमेरिकी बैङ्कहरूले आवासीय घरजग्गा कर्जामा लगानी नगर्ने गरेका कारण थ्रिफ्टहरूको उदय हुन गएको हो। थ्रिफ्ट एक प्रकारका साना बैङ्क नै हुन्, जसले आफ्नो सदस्य तथा सर्वसाधारणको बचत परिचालन गर्छन् अनि उक्त रकमलाई घरजग्गा कर्जाका

[१०१] जसलाई थ्रिफ्ट्स् (Thrifts) पनि भनिन्छ। थ्रिफ्ट्सहरू केही सदस्यमा आधारित क्रेडिट युनियन जस्ता थिए भने कतिपय केही शेयरहोल्डरहरू भएका पनि थिए। क्रेटिड युनियन गैरनाफामुखी संस्थाहरू हुन् भने थ्रिफ्ट्स् नाफामूलक संस्थाहरू हुन्।

रूपमा लगानी गर्दछन्। अमेरिकाको पहिलो सेभिङ्गस् एण्ड लोन पेन्सेलभेनिया राज्यमा सन् १८३१ मा थियो। थ्रिफ्टहरूको उत्पत्ति आम नागरिकहरूमा घरको स्वामित्व बढाउने सामाजिक लक्ष्यसँग जोडिएको थियो। थ्रिफ्टहरू मूल रूपमा आफ्नै घर खरिद गर्ने इच्छा भएका तर पर्याप्त बचतको अभाव भएका व्यक्तिहरूबाट स्थापना भएको थियो। थ्रिफ्टहरूले समूहका सदस्यहरूको बचत परिचालन गरेर समूहकै केही सदस्यहरूलाई ऋण वा वित्त उपलब्ध उपलब्ध गराउने उद्देश्य राखेका थिए। अर्को शब्दमा भन्नुपर्दा यी सामुहिक र आर्थिक हित पूर्तिका लागि स्थापना भएका वित्तीय सहकारी संस्थाहरू नै थिए।

सन् १९८० को दशकसम्म आइपुग्दा थ्रिफ्टहरू बैङ्कको तुलनामा निकै कम थिए र समग्र सम्पत्ति पनि बैङ्किङ्ग क्षेत्रको भन्दा निकै कम थियो। तथापि अमेरिकी घरजग्गा कर्जा बजारको लागि थ्रिफ्टहरू निकै महत्त्वपूर्ण मानिन्थे। सन् १९८० मा अमेरिकामा करिब ४,००० थ्रिफ्टहरूले लगभग ६०० अर्ब डलर बराबरको कूल सम्पत्ति परिचालन गरेका थिए। त्यस समय कूल घरजग्गा धितो कर्जा ९६० अर्ब डलर रहेकोमा सोको आधा अर्थात करिब ४८० अर्ब डलर थ्रिफ्टहरूले परिचालन गरेका थिए।

- **संकट आउनु अगाडिको पृष्ठभूमि**

सन् १९७० को दशकमा विश्वले दुई ठूला उर्जा सङ्कटहरू भोग्नुपरेको थियो जसले कच्चा तेलको लागत बढाएको थियो र त्यसको सिधा प्रभाव अमेरिकी अर्थतन्त्र र आर्थिक वृद्धिदरमा परेको थियो। पहिलो सङ्कट अक्टोबर १९७३ मा अरब मुलुकहरूले तेल निर्यातमा प्रतिबन्ध लगाएपछि भएकोमा लगभग पाँच महिनासम्म चल्यो। उक्त अवधिमा कच्चा तेलको मूल्य चार गुणासम्म बढ्यो। दोस्रो ऊर्जा सङ्कट इरानी क्रान्तिलगतै सन् १९७९ मा आएको थियो जसले कच्चा तेलको मूल्य थप तीन गुणासम्म बढायो। आपूर्तिमा आएको समस्याका कारण मुद्रास्फीति दर १९७० को दशक र सन् १९८० मा उच्च रूपमा बढ्यो। मुद्रास्फिति दर नियन्त्रणका लागि अमेरिकी केन्द्रीय बैङ्क फेडरल रिजर्वले बैङ्कदर बढाउदै लगेको थियो र डिसेम्बर, १९८० मा सो दर हालसम्मकै उच्च बिन्दू अर्थात २० प्रतिशत पुगेको थियो।

- **सेभिङ्गस् एण्ड लोन सङ्कटका प्रमुख कारणहरू**

(क) निक्षेप बीमाले सिर्जित नैतिक विचलन

सन् १९३४ देखि सङ्घीय निक्षेप बीमा (Federal Deposit Insurance) को व्यवस्था थ्रिफ्टहरूमा समेत बिस्तार गरिएको थियो जुन यस सङ्कटको मूल र तात्विक कारण हुन गयो।[१०२] Federal Savings and Loan Insurance Corporation (FSLIC) ले थ्रिफ्ट्हरूको बचतको बीमा गरेको थियो। सुरुवातदेखि नै निक्षेप बिमावापत लिइने प्रिमियमदर थ्रिफ्टहरूमा अन्तर्निहित वास्तविक जोखिममा आधारित थिएन। यसकारण सुरक्षित र जोखिमपूर्ण थ्रिफ्टले समान बीमा शूल्क बुझाउने गरेका थिए। यसप्रकारको बीमा शुल्क वा प्रिमियम संरचनाले नैतिक विचलन (Moral Hazard) को अवस्था सिर्जना गऱ्यो र कमजोर वित्तीय संरचना भएका थ्रिफ्टहरूलाई सुधारका लागि पर्याप्त प्रोत्साहन

[१०२] Federal Deposit Insurance Corporation (FDIC) and Federal Savings and Loan Insurance Corporation (FSLIC) both were established in 1933, and came into operation in 1934, and were responsible to provide deposit insurance facility to the banking sector and Savings and Loan Sector, respectively.

भएन। अमेरिकाले सन् १९९१ मा मात्र थ्रिफ्टहरूका लागि जोखिममा आधारित निक्षेप बीमा प्रिमियम निर्धारण गर्न सुरु गऱ्यो।

(ख) जोखिमपूर्ण सम्पत्ति-दायित्व व्यवस्थापन

सन् १९३० को आर्थिक मन्दीपश्चात् अमेरिकी नीतिले सेभिङ्गस् एण्ड लोन एशोसियसनहरूलाई छोटो अवधिको निक्षेप मात्र स्वीकार गरी लामो अवधिको स्थीर ब्याजदरमा ऋण दिन बाध्य गरेको थियो। परिणामस्वरुप थ्रिफ्टहरूले एकल रूपमा सम्पूर्ण ब्याजदर जोखिम बहन गर्नुपरेको थियो। स्थिर ब्याजदरमा घर कर्जा प्रवाह गर्न प्रोत्साहन गर्ने नीति उपयुक्त भएता पनि कमजोर वित्तीय अवस्था भएका थ्रिफ्टहरूमार्फत कार्यान्वयन गरिनु घातक साबित भयो। उक्त समयमा थ्रिफ्टहरूको सम्पत्ति र दायित्व व्यवस्थापन निकै जोखिमपूर्ण रहेको थियो किनकी लगानी गरिएका कर्जाहरूको अवधि परिचालन गरिएका निक्षेपको तुलनामा निकै बढी रहन्थ्यो। ब्याजदरसँग संवेदनशील (Interest Sensitive) निक्षेप, दायित्व र बेमेल सम्पत्ति तथा दायित्व भुक्तानी अवधि (Maturity/Duration Mismatch) का कारणले ब्याजदर वृद्धिको असर थ्रिफ्टहरूको मुनाफा र नेटवर्थमा पऱ्यो। थ्रिफ्टहरूको खुद ब्याज आम्दानी ऋणात्मक भएका कारण सन् १९८१ र १९८२ मा समग्र सेभिङ्गस् एण्ड लोन क्षेत्रको कर्जामा लिने र निक्षेपमा दिने ब्याजदर अन्तर क्रमशः -१.० प्रतिशत र -०.७ प्रतिशत (ऋणात्मक) रहेको थियो।[१०३]

राजनीतिक पहुँचका आधारमा त्यस्ता संस्थाहरूले नियमन खुकुलो पार्दै घरजग्गा भन्दा पनि बढी जोखिमयुक्त सट्टेबाजी लगानी पनि गरेका थिए। संस्थाहरूको नेटवर्थ घाटामा हुँदा पनि सम्पत्ति सञ्चालकहरूको ख्यातीलाई समावेश गरेर वासलात चाहिँ सन्तुलनमा रहेको नै देखाइन्थ्यो।

(ग) ब्याजदर नियन्त्रण

अमेरिकी राज्यहरूले युज्री कानून (Usury Laws) मार्फत थ्रिफ्टहरूले घरकर्जामा लिन मिल्ने ब्याजदरको माथिल्लो सीमा निर्धारण गरिदिएका थिए। ब्याजदरमा रहेको प्रतिबन्धका कारण थ्रिफ्टहरूले लगानी गरेका कर्जाहरूमा कायम गरिएको ब्याजदर बजार अनुसार बढाउन सक्दैन थिए। परिवर्तनीय ब्याजदर पद्धतिको अभावमा ब्याजदरहरू बढ्दै जाँदा ब्याजदरहरूमा समयसापेक्ष समायोजन गर्न असमर्थ रही थ्रिफ्टहरूले कर्जामा प्राप्त गरेको ब्याज निक्षेपमा तिरेको भन्दा कम हुन जान्थ्यो। यसका अतिरिक्त सन् १९८२ सम्म घरधनीहरूले घर बिक्री गर्दा कम ब्याजदरका घरकर्जाहरू नयाँ खरिदकर्तालाई सोही दरमा हस्तान्तरण गर्ने प्रचलन समेत ब्याप्त रहेको थियो जसले थ्रिफ्टहरूको खुद ब्याज आम्दानी समयसमयमा ऋणात्मक हुन आउथ्यो।

(घ) कर्जा एकाग्रता

थ्रिफ्टहरूले प्रदान गर्ने कर्जामा विविधता नभई एकै प्रकृतिका कर्जाहरूको अंश अत्यधिक रहेको थियो, खासगरी घरजग्गा कर्जा रहेको थियो। समय-समयमा थ्रिफ्टहरूले प्रान्तीय

[१०३] Before the S&L crisis, credit underwriting rules required three steps to be followed. First, a lender must underwrite a loan (i.e. conduct due diligence to solve adverse selection) to lend. Second, lender had to establish that the borrower has the ability to pay. Third, proper records of the process needed to be maintained.

राज्यहरूले लिएका नीतिका कारणले घरजग्गाको मूल्यमा आउने उतारचढावको समेत सामना गर्नुपरेको थियो।

(ङ) घरजग्गाको कर नीति

रियलस्टेट् करमा व्यापक परिवर्तनका कारण सङ्कट अवधिमा रियल स्टेटको मूल्यमा व्यापक उतारचढाव ल्यायो। सन् १९८१ मा करमा दिइएको छुटका कारण घरजग्गाको मूल्य अत्यधिक बढ्न गएकोमा निर्माण कार्य तीव्र थियो तर सन् १९८६ मा कर नियमहरू कडा पारिँदा घरजग्गाको मूल्यमा ह्रास आई थ्रिफ्टहरूले प्रदान गरेको ऋणहरूको वास्तविक मूल्यमा ह्रास आई घाटा भएको थियो।

(च) नियन्त्रणकारी मौद्रिक नीति

सन् १९७० को दशकदेखि तेल सङ्कटका कारण मूल्यवृद्धि भइरहेको थियो। मुद्रास्फिति दर नियन्त्रणका लागि अमेरिकी केन्द्रीय बैङ्क फेडरल रिजर्वले बैङ्कदर बढाउदै लगेको थियो र डिसेम्बर १९८० मा सो दर हालसम्मकै उच्च बिन्दू अर्थात २० प्रतिशत पुगेको थियो। ब्याजदरमा भएको वृद्धिले थ्रिफ्टहरूका लागि दुई समस्याहरू उत्पन्न गऱ्यो। पहिलो, यी थ्रिफ्टहरूले मुख्यतया अल्पकालीन बचत परिचालन गरी दीर्घकालीन स्थिर ब्याजदरमा घरकर्जा प्रवाह गरेका थिए जसका कारण ब्याजदर बढेपश्चात ब्याज खर्चमा वृद्धि भएता पनि ब्याज आम्दानी स्थीर नै रह्यो। फलस्वरुप थ्रिफ्टहरूले प्रवाह गरेको कर्जाको वास्तविक मूल्य (Value) कम हुन गई समग्र सेभिङ्गस् एण्ड लोन क्षेत्रकै नेटवर्थ ऋणात्मक कायम हुन आयो। दोस्रो, त्यस समयमा अमेरिकी सङ्घीय कानूनअनुसार ब्याजदर केही नियन्त्रित रहेका कारण थ्रिफ्टहरूले सङ्कलन गरेको निक्षेपमा दिन सक्ने ब्याजदरको माथिल्लो सीमा अन्य संस्थाहरू जस्तै (Shadow banks, money market funds and others) कमाउन सकिने ब्याजदर भन्दा निकै तल रहेको थियो, जसले गर्दा बचतकर्ताहरूलाई आफ्नो रकम फिर्ता लिन अग्रसर गरायो। सोही कारण थ्रिफ्टहरूले केही समय तरलताको समस्या समेत भोग्नुपरेको थियो।

(छ) अपूर्ण र अविवेकी डिरेगुलेसन

थ्रिफ्टहरूको सम्पत्तिमा आएको ह्रास रोक्न अमेरिकी सरकारले सन् १९८० मा Depository Institutions Deregulation and Monetary Control Act पारित गरी सङ्कट समाधानका लागि नियमनमा कटौती गर्ने निर्णय गरेको थियो। तथापि निक्षेप बीमा कोषले भोगिरहेको नोक्सानलाई सामना गर्न पर्याप्त स्रोतसाधन उपलब्ध गराएन। सन् १९८० र १९८२ मा कानून निर्माता र नियामक निकायहरूले थ्रिफ्टहरूले गर्न सक्ने लगानीका प्रकारहरूमा रहेको प्रतिबन्ध हटायो। थ्रिफ्टहरूले अब आफ्नो सम्पत्तिको ४० प्रतिशतसम्म व्यावसायिक घरजग्गा कर्जामा लगानी गर्न सक्ने भए तर यस्तो कर्जा बिस्तार गर्दा आउन सक्ने जोखिमका बारेमा नियामकले समेत बेवास्ता गरेका थिए। सन् १९८३ मा Loan to Value अनुपात ७५ प्रतिशतबाट बढाई शतप्रतिशत कायम गरियो। साथै, एकल ग्राहक कर्जा सीमामा पनि वृद्धि गरी एकै व्यक्ति वा समूहलाई अत्यधिक ऋण दिने अनुमति प्रदान गरियो। नीति निर्माताहरूले टेक्सास् राज्यमा कम नियमन भएका कारण त्यहाँका थ्रिफ्टहरूले राम्रो नाफा कमाएको र व्यवसाय वृद्धि गर्न सफल भएको गलत दृष्टान्त लिई डिरेगुलेसन सम्बन्धी कानूनहरू जारी गरेका थिए। तर

तर अन्त्यमा टेक्सस् राज्य नै दिवालिया थ्रिफ्टहरूको केन्द्रबिन्दु बन्यो। सङ्कटका कारणले खारेज गरिएका थ्रिफ्टहरू मध्ये ४० प्रतिशत टेक्सस् राज्यमा दर्ता भई सञ्चालनमा रहेका थिए। बढी जोखिमयुक्त लगानीबाट उच्च नाफा आर्जन भई थ्रिफ्टहरू सवल बन्न सक्ने अपेक्षाका साथ ल्याइएका अधिकांश नीतिहरू कालान्तरमा प्रतिकूल साबित भए।

(ज) पुँजी पर्याप्तता सम्बन्धी कमजोर मापदण्ड

सन् १९८० को दशकको सुरुवाती वर्षहरूमा नियामकहरूले थ्रिफ्टहरूको यथार्थ वित्तीय अवस्थालाई ढाकछोप गर्न पुँजीको मापदण्डलाई कमजोर बनाएका थिए। थ्रिफ्टहरू एकआपसमा गाभिँदा वा निसर्ग हुँदा अधिग्रहण गरिएका सम्पत्तिहरूको बजार मूल्य ग्रहण गरिएका दायित्वहरूको मूल्य भन्दा कम भएमा दुईबीचको फरकलाई गुडविलको रूपमा गणना गर्न अनुमति दिइयो। थ्रिफ्टहरूले किताबी मूल्यमा कूल सम्पत्तिको ५ प्रतिशत पुँजीकोष राख्नु पर्ने नियम संशोधन गरी सन् १९८२ मा ३ प्रतिशत कायम गरियो। यसले गर्दा थ्रिफ्टहरूलाई कम वास्तविक पुँजीमा सञ्चालन भइरहने मौका दियो। फलस्वरुप डिरेगुलेसनद्वारा अधिक जोखिम लिन प्रोत्साहन गरिएता पनि पुँजीको आकारमा सोही अनुरुप समानुपातिक वृद्धि हुन सकेन।

कमजोर सुपरीवेक्षण र अधिक जोखिम लिन अनुमति दिने नियामकको खराब मनोवृत्तिका कारण पुँजीकोष ऋणात्मक रहेका थ्रिफ्टहरू समेत सञ्चालनमा रहिरहे। यसका अतिरिक्त आपराधिक मानसिकता भएका व्यक्तिहरूले समेत पैसा हिनामिना गर्न सफल भएका थिए। सन् १९८० देखि १९८३ को अवधिसम्ममा रियल स्टेट व्यवसायीहरूले नै थ्रिफ्ट स्थापना गर्ने वा आफ्नो नियन्त्रणमा लिई आफ्नै परियोजनामा लगानी गरे। सन् १९८० मा निक्षेप बीमाको सीमा ४०,००० बाट बढाएर १,००,००० डलर पुऱ्याइयो, यसले दिवालिया थ्रिफ्टहरूलाई बजारबाट निक्षेप सङ्कलन गर्न झन सहज भयो किनकि बचतकर्ताहरूले आफ्नो बचत सुरक्षित नै रहने भएकाले कमजोर वित्तीय अवस्था भएका थ्रिफ्टहरूमा समेत निक्षेप राख्ने भए। यसले गर्दा खराब थ्रिफ्टहरू लामो समयसम्म सञ्चालनमा रहिरहन सहज भइरह्यो। यस्तै नियामकीय र विधायकी परिवर्तनहरूको परिणामको स्वरूप थ्रिफ्ट क्षेत्रले द्रुत वृद्धिको अनुभव गऱ्यो। सन् १९८२ देखि १९८५ सम्म थ्रिफ्टहरूको समग्र सम्पत्ति ५६ प्रतिशतले बढ्यो, जुन बैङ्किङ्ग क्षेत्रको २४ प्रतिशतको वृद्धिको तुलनामा दोब्बर भन्दा बढी हो।

(झ) सरकारको ढिलाइ र निस्क्रियता

सरकारको ढिलाइ र निस्क्रियता तथा राजनीतिक अनिच्छुकताका कारणले गर्दा समस्या पहिचान भएको लामो समयसम्म पनि सुधारका कार्यहरू गर्न आवश्यक कानूनी व्यवस्था गरिएन र टाट पल्टेका थ्रिफ्टहरूलाई खारेज गरी बिमा गरिएको निक्षेप भुक्तानी गर्न निक्षेप बिमा कोषलाई आवश्यक रकम उपलब्ध गराइएन। थ्रिफ्टहरूको निक्षेप बिमा गरेको संस्था Federal Savings and Loan Insurance Corporation (FSLIC) ले दिवालिया हुने सँघारमा रहेका वा प्राविधिक रूपमा टाट पल्टिसकेका थ्रिफ्टहरूलाई समेत समयमै बन्द नगरेकोले थप घाटा व्यहोर्नु परेको थियो। सन् १९८३ मा नै दिवालिया थ्रिफ्टहरूलाई बन्द गर्ने एकदम उपयुक्त समय भएको भएता पनि सरकारले सो कार्यलाई पछिका लागि धकेल्यो, जसले समस्यालाई थप जटिल र समाधान थप खर्चिलो बनायो।

- समाधानका लागि चालिएका प्रयासहरू

सन् १९८७ मा Federal Savings and Loan Insurance Corporation (FSLIC) लाई पुनर्पुंजीकरण गर्नका लागि सरकारले १०.८ अर्ब डलर मात्र उपलब्ध गराएको थियो, जबकि प्रक्षेपित लागत यसको कैयौं गुणा बढी थियो। FSLIC कोषमा रहेको घाटाको आकारलाई सुरुमै आम जनताबाट लुकाई सत्यतथ्य सार्वजनिक समेत गरिएको थिएन। सन् १९८८ मा मात्र पहिलोपटक एक अधिकारीले FSLIC जोगाउनका लागि ३० देखि ३५ अर्ब डलर खर्च हुने बयान दिए। त्यसपछिको अर्को आठ महिनामा उक्त कार्यका लागि अनुमानित लागत ४६ अर्ब डलर पुगेको थियो।

अन्ततः अमेरिकी संसद्ले सेभिङ्गस् एण्ड लोन क्षेत्रमा देखिएको समस्यालाई सम्बोधन गर्ने निर्णय गऱ्यो र सन् १९८९ मा Financial Institutions Reform, Recovery and Enforcement Act (FIRREA) पारित गऱ्यो, जसले महत्त्वपूर्ण सुधारहरूका उपायहरू अवलम्बन गऱ्यो। प्रथम, यसले तत्कालीन नियामक Federal Home Loan Bank Board खारेज गरी Office of Thrift Supervision को स्थापना गऱ्यो। दोस्रो, दिवालिया FSLIC खारेज गरी FDIC अन्तर्गत नै थ्रिफ्टहरूका लागि निक्षेप बीमा कोषको स्थापना गरिदियो। तेस्रो, Resolution Trust Corporation (RTC) को स्थापना गरी बाँकी रहेका समस्याग्रस्त थ्रिफ्टहरूको फरफारक गर्न पर्याप्त स्रोत प्रदान गरियो। आवश्यक स्रोत भने एकैपटकमा उपलब्ध नगराई पटकपटक किस्ताबन्दीमा मात्र प्रदान गरिएको थियो।

RTC ले ४०७ अर्ब भन्दा बढीको सम्पत्ति फरफारक गरी कूल ७४७ वटा थ्रिफ्टहरू बन्द गऱ्यो। FSLIC ले RTC स्थापना हुनअगावै २९६ थ्रिफ्टहरू बन्द गरिसकेको थियो। यस सङ्कटका कारणले ५०० अर्ब डलर भन्दा बढी बराबरको सम्पत्ति नियन्त्रण गर्ने कूल १०४३ वटा थ्रिफ्टहरू बन्द भएका थिए। सन् १९९५ को अन्तिम दिनमा RTC बन्द भएसँगै थ्रिफ्टहरूको सङ्कट आधिकारिक रूपमा समाप्त भयो। करदाताहरूको लागि अन्तिम लागत १२४ अर्ब डलर जति रहेको अनुमान गरिएको छ।

अमेरिकी सरकारले सेभिङ्गस् एण्ड लोन सङ्कटको अन्त्य भएपश्चात् सन् १९८९ देखि थ्रिफ्ट र वाणिज्य बैङ्कहरूको कार्यक्षेत्र र सीमालाई छुट्टयाउने परिधिहरू खारेज गर्न थाल्यो। आजका दिनमा थ्रिफ्ट र बैङ्किङ्ग उद्योगमा खासै तात्विक भिन्नता छैन। अधिकांश थ्रिफ्टहरू बैङ्कहरूमा नै गाभिएका वा बैङ्क होल्डिङ कम्पनीमार्फत समाहित भएका छन्। सन् २००४ को अन्त्यमा कूल ८८६ वटा थ्रिफ्टहरू रहेकोमा मे २०२४ को अन्त्यमा उक्त संख्या २४१ मात्र रहेको छ।

६.४.२ जर्मनीमा बचत सङ्कट समाधान

सन् १८६४ बाट सुरू भएको जर्मन सहकारी अभियानमा सहकारी संस्थाहरूको व्यवस्थापकीय कमजोरीका कारण बचतकर्ताहरूको रकम फिर्ता गर्न नसकी सन् १८८० मा सहकारीमा सङ्कट देखिएको, तत्काल नियमित लेखापरीक्षणमा जोड दिइएको, सन् १८८९ मा लेखापरीक्षण सम्बन्धी प्रावधान सहकारी ऐनमा व्यवस्था गरी लागू गरिएको पाइन्छ।

त्यस्तै, सन् १९२० मा विश्वमा आएको आर्थिक मन्दीका कारण सो वर्षको अन्त्यतिर जर्मनीका सहकारीमा सङ्कट आएको थियो। सहकारी ऐनमा संशोधन गरी सहकारी संघ, संस्थाको आन्तरिक लेखापरीक्षण German Cooperative and Raiffeisen Confederation Association (DGRV)

शीर्षस्थ महासंघबाट गर्नुपर्ने प्रावधान राखिएको, DGRV क्षेत्रीय अडिट संघहरूमार्फत नियमित आन्तरिक लेखापरीक्षण गर्ने गरिएको, DGRV ले स्वायत्त रूपमा अडिट गर्न सक्ने व्यवस्थाका साथै प्रारम्भिक सहकारी संस्थाहरू अनिवार्य रूपमा क्षेत्रीय अडिट संघको सदस्य बन्नु पर्ने प्रावधान ऐनमा नै व्यवस्था भएको, क्षेत्रीय अडिट संघको कम्तीमा एक जना सञ्चालक लेखापरीक्षक हुनु पर्ने व्यवस्था भएको, संस्थामा लेखापरीक्षणको एजेण्डा रहेको बैठकमा संघको प्रतिनिधि सहभागी हुने अधिकार रहेको, यसरी भएको आन्तरिक लेखापरीक्षणको प्रतिवेदन केन्द्रीय बैङ्कमा अनिवार्य पठाउनु पर्ने व्यवस्था र केन्द्रीय बैङ्कले समस्याउन्मुख संस्थाहरूको अनुगमन र सुपरिवेक्षण गरी समाधान र नियमन गर्ने व्यवस्था भएको थियो।

त्यसैगरी सहकारीमा सङ्कट आउन नदिन सन् १,९३७ मा बचत सुरक्षण कोषको स्थापना गरिएको थियो। हाल जर्मनमा ९७२ सहकारी बैङ्क २,१८६ राइफाइसन वस्तु तथा सेवा सहकारी र १,३९३ खरिद तथा बजारीकरण, ८५३ उर्जा सहकारी र ३५९ उपभोक्ता सहकारी गरी जम्मा ५,६६४ मात्र स्थानीय तहमा सहकारी संस्थाहरू क्रियाशील रहेका छन्। त्यसैगरी क्षेत्रीय तहमा ५ वटा अडिट फेडेरेशन र ८ वटा तालिम प्रशिक्षण केन्द्र रहेको र शीर्षस्थ निकायका रूपमा DGRV क्रियाशील रहेको अवस्था छ।

६.४.३ भारतः सङ्कट बचत तथा ऋणमै

सन् १९०४ बाट सुरू भएको भारतीय सहकारी अभियानमा सन् १९१४ मा आएको विश्व आर्थिक मन्दीले बचत तथा ऋण सहकारी प्रभावित भई समस्यामा परेको थियो। समस्या समाधानका लागि सरकारबाट अध्ययन समिति गठन भएकोमा उक्त समितिले विशेष गरी बचत तथा ऋण सहकारीहरूको प्रारम्भिक संस्थादेखि जिल्ला हुँदै प्रदेशसम्म सबल सञ्जालको निर्माण गर्नुपर्ने, स्टेट सहकारी बैङ्कमार्फत अल्पकालीन र मध्यकालीन ऋण प्रवाह गर्नु पर्ने, सदस्य शिक्षा, नियामक निकाय तथा सञ्चालक र कर्मचारीहरूका लागि तालिमको व्यवस्था गर्नुपर्ने सुझाव दिएको थियो। सहकारी बैङ्कहरूले बचत फिर्ता गर्न नसकेको सन्दर्भमा बैङ्किङ्ग ऐनमा नै परिवर्तन गरी सहकारी बैङ्कहरूलाई रिजर्व बैङ्क अफ इण्डियाको नियमनमा समेटिएको, रिजर्व बैङ्कद्वारा पुँजी पर्याप्तता, सम्पत्ति वर्गीकरण, तरलता व्यवस्थापन, व्यवस्थापनको योग्यता निर्धारण लगायतका क्षेत्रमा मानकको व्यवस्था गरिएको थियो।

बचत तथा ऋणका क्षेत्रमा हाल भारतमा ८८,८९१ प्रारम्भिक कृषि ऋण सहकारी, ३२८ जिल्लास्तरीय सहकारी बैङ्क र ३३ प्रान्तीय सहकारी बैङ्क रहेका छन्। कूल जनसंख्याको ३० प्रतिशत व्यक्ति सहकारीमा आवद्ध छन्। भारतमा १९ राष्ट्रियस्तर, ३६१ प्रान्तीयस्तर, २,५७२ जिल्लास्तर र १,४३५ बहुप्रान्तीय सहकारी छन्। अन्तर्राष्ट्रिय सहकारी महासंघबाट प्रकाशित ३०० वटा ठूला कारोबार गर्ने संस्थाहरूको सूचीमा भारतको इफ्को र अमुल नियमित परिरहेका छन्।

६.४.४ इण्डोनेशिया

सन् १८९६ देखि सुरू इण्डोनेशियन सहकारी अभियानमा केही समयअगाडि बचत तथा ऋण सहकारीहरू समस्यामा परेका थिए। सरकारद्वारा समस्या समाधानका लागि बचत बिमा संस्थाको स्थापना, बचत तथा ऋण सहकारी संस्थाका लागि स्थिरीकरण कोषको स्थापना र सञ्चालन, सदस्यहरूका लागि वित्तीय साक्षरता सञ्चालनमा जोड र संस्थाको व्यावसायिक योजना निर्माणमा सहयोग पुऱ्याएको थियो। हाल इण्डोनेशियामा १४८,२२० सक्रिय सहकारी मध्ये ५१.७८ प्रतिशत सहकारी बचत तथा ऋण सहकारी भएको, सहकारी मन्त्रालयद्वारा सहकारी संस्थाहरूलाई सक्रिय र

निस्क्रिय संस्थाका रूपमा वर्गीकरण गरी तथ्याङ्कको गुणस्तर पहिचान गर्ने अभ्यास भएको, ३ करोड ७ लाख कूल जनसंख्याको करिब १५ प्रतिशत व्यक्तिहरू सहकारीमा आबद्ध रहेको पाइन्छ।

६.५ समस्याग्रस्त सहकारी घोषणा प्रक्रिया

सहकारी ऐन, २०७४ को दफा ९५ ले सहकारी विभागका रजिस्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्ने अधिकार प्रदान गरी सहकारी विभागलाई सहकारी संस्थाको नियमन गर्ने प्रमुख निकायका रूपमा प्रबन्ध गरेको छ। यसैगरी, नेपाल राष्ट्र बैङ्कले निश्चित आर्थिक कारोबार गर्ने सहकारी संस्थाको हिसाब किताब वा वित्तीय कारोबारको निरीक्षण वा जाँच गर्न, गराउन सक्ने व्यवस्था छ। यसरी सहकारी संस्थाभित्र आन्तरिक सुशासन कायम गर्न, गराउन सहकारी विभाग वा राष्ट्र बैङ्कले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। यसैगरी ऐनले कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हितविपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत काम गरेको भनी सम्बन्धित सहकारी संस्थाको २५ जना सदस्यले छानबिनका लागि निवेदन दिएमा सहकारी विभागले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्ने प्रबन्ध छ।

कानूनले संघको सहकारी विभाग र राष्ट्र बैङ्कले सम्बन्धित सहकारी संस्थाको हिसाबकिताब वा वित्तीय कारोबारको निरीक्षण र जाँचबुझ गरी आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ। यस्तै सहकारी विभागबाट गर्नुपर्ने जिम्मेवारी पूरा नगरेको वा गरेको कार्य प्रभावकारी नभएकाले सहकारी संस्थाहरू सदस्यको हितमा प्रतिकूल असर परेको भनी मन्त्रालयमा जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो सहकारी संस्थाको निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुने उल्लेख छ। कानूनले सहकारी संस्थामा सुशासन कायम गरी बचतकर्ताको हितविपरीत काम हुन नसकोस् भनी निरीक्षण, अनुगमन र नियमन गर्ने जिम्मेवारी सहकारी विभाग र सम्बन्धित मन्त्रालयको देखिन्छ। यसैगरी सहकारी संघ/सङ्गठनले आफ्ना सदस्य सहकारी संस्थाको काम कारवाहीको निरीक्षण तथा अनुगमन गरी त्यसको प्रतिवेदन सहकारी विभाग तथा सम्बन्धित कार्यालयमा दिनु पर्ने व्यवस्था समेत कानूनले गरेको छ।

सहकारी संस्थाहरूले सहकारीको सिद्धान्त, मूल्य-मान्यता र कानूनी व्यवस्थाको अधीनमा रही कारोबार गर्नु पर्ने र नगरेमा गर्न लगाउने जिम्मेवारी सहकारी विभाग, सहकारी बैङ्क, सहकारी संघ, सङ्गठन, नेपाल राष्ट्र बैङ्क र सम्बन्धित मन्त्रालयको जिम्मेवारीभित्र रहेको देखिन्छ। सहकारी विभागले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको निरीक्षणसम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नु पर्ने व्यवस्था छ। ऐनको दफा १०० ले गरेको व्यवस्था बमोजिम प्रभावकारी निरीक्षण र अनुगमन सहकारी विभागबाट कानूनले तोकेको समयभित्रै गर्ने हो भने सहकारी संस्थाहरू समस्याग्रस्त भई बचतकर्ताहरूको बचत अपचलन हुने अवस्था कम हुने अवस्था छ।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम कुनै पनि सहकारी संस्थामा निरीक्षण वा हिसाब जाँचबाट देहायको अवस्था देखिएमा सहकारी विभागको रजिस्ट्रारले समस्याग्रस्त घोषणा गर्न मन्त्रालयमा सिफारिस गर्ने व्यवस्था छः-

(क) सहकारी संस्थाका सदस्यको हितविपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) बचत फिर्ता गर्न नसकेको,

(घ) कानून विपरीत हुने गरी सहकारी संस्था सञ्चालन भएको,

(ङ) दामासाहीमा पर्न सक्ने अवस्था भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) बचत रकम फिर्ता नगरेको भनी सम्बन्धित सहकारी संस्थाका २५ जना सदस्यले दिएको निवेदन उपर सहकारी विभाग वा रजिष्ट्रारले गरेको छानबिनबाट त्यस्तो अवस्था देखिएको।

उल्लिखित कुनै अवस्था विद्यमान भएमा सहकारी विभागको रजिष्ट्रारको सिफारिसमा मन्त्रालयले त्यस्तो सहकारी संस्थालाई समस्याग्रस्त संस्थाका रूपमा घोषणा गर्न सक्ने व्यवस्था छ। यसका अतिरिक्त नेपाल सरकारले गठन गरेको आयोगको सिफारिसमा पनि मन्त्रालयले त्यस्तो सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी सम्पत्ति र दायित्वको भुक्तानीको व्यवस्थापन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा पठाउने व्यवस्था गरिएको छ।

६.६ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गठन, कार्यादेश र भूमिका

नेपाल सरकारले समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति गठन गर्ने व्यवस्था ऐनमा गरिएको छः-[१०४]

(क)	उच्च अदालतको न्यायधीश भइसकेको वा सो सरहको पदमा काम गरिसकेको व्यक्ति मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति	- अध्यक्ष
(ख)	निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सरहको व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनित गरेको एकजना	- सदस्य
(ग)	राष्ट्रिय सहकारी महासंघले तोकेको सञ्चालक प्रतिनिधि एकजना	- सदस्य
(घ)	सहकारी क्षेत्रका विज्ञमध्येबाट दुईजना	- सदस्य
(ङ)	बैङ्क तथा वित्तीय संस्थाको तहमा काम गरेका व्यक्तिहरूमध्येबाट एकजना	- सदस्य
(च)	नेपाल सरकारले तोकेको रा.प. द्वितीय श्रेणीको अधिकृत	- सदस्य- सचिव

समस्याग्रस्त व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि बढीमा २ वर्षको हुने र नेपाल सरकारले २ वर्ष थप गर्न सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यस किसिमबाट गठन हुने व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहेको देखिन्छः-

(क) समस्याग्रस्त संस्थाको साधारणसभा, सञ्चालक समिति, लेखा सुपेरिवेक्षण समितिले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) आवश्यक प्रमाण बुझ्न सक्ने, कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको यकिन गरी मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्थाको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

---

[१०४] दफा १०५, सहकारी ऐन, २०७४।

(च) असुल गर्नुपर्ने ऋण, बक्यौता रकम असुल गर्ने,

(छ) समस्याग्रस्त संस्थाको सम्पत्ति लिलाम गर्ने,

(ज) बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(झ) समस्याग्रस्त संस्थाका सञ्चालक, कर्मचारी, निजका पारिवारिक सदस्य वा अन्यको नाममा राखेको संस्थाको चल अचल सम्पत्ति कब्जामा लिने, लिलाम बिक्री गर्ने।

६.७ सम्पत्ति व्यवस्थापन र यसमा विद्यमान समस्या

समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्नुपर्ने जिम्मेवारी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई कानूनले तोकेको छ। यसका निम्ति समितिले अचल सम्पत्ति, नगद, सुन चाँदी तथा शेयर लगानी, धितोमा राखेका जग्गा जमिन र भवन, स्वदेश तथा देशमा रहेका चल अचल सम्पत्तिको लगत तयार गर्ने, कानूनले तोकेको प्रक्रिया अपनाई सम्पत्ति रोक्का, नियन्त्रण र लिलामको प्रक्रिया अपनाई प्राथमिकताको आधारमा दायित्व भुक्तानी गर्नु पर्ने हुन्छ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी सम्बन्धी काम गर्दा दावी पेश गर्न सूचना सार्वजनिक गर्ने, विवरण सङ्कलन, विश्लेषण र मूल्याङ्कन गर्ने, लेखापरीक्षण प्रतिवेदन तयार गर्न लगाउने, चलअचल सम्पत्ति रोक्का राख्ने, राहदानी रोक्का राख्ने, ऋण नतिरेकाहरूको नाम कालोसूचीमा समावेश गर्ने, उपचारात्मक कार्य गर्न सक्नेजस्ता विभिन्न अधिकार प्रयोग गरी सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्नु पर्ने कानूनी जिम्मेवारी देखिन्छ। सहकारी ऐन, २०७४ ले समस्याग्रस्त घोषणा गरेको सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा बचतकर्ताहरूको रकम भुक्तानीको कार्य समितिको कार्यक्षेत्रभित्र रहेको देखिएता पनि समितिको जनशक्ति, पूर्वाधार र क्षमताको स्थितिबाट हेर्दा संस्थाका सञ्चालकहरूले लुकाएका चल अचल सम्पत्ति पत्ता लगाउन समस्या भएको, समस्याग्रस्त घोषणा गर्नुपूर्व नै सम्पत्ति बिक्री वितरण गर्ने, लुकाउने, विदेश लैजाने, सम्बन्धित मुख्य व्यक्ति नै देशबाट भागी बाहिर जाने, संस्थाको सम्पत्ति पनि बैङ्क तथा वित्तीय संस्थाहरूबाट सम्बन्धित सहकारीले लिएको ऋण वापत पहिले नै रोक्का गरी लिलाम गरी लिने जस्ता कार्यले सम्पत्तिको व्यवस्थापन गर्न सहज हुन नसकेको अवस्था छ। त्यसमा पनि भएका जग्गा जमिन घरजस्ता अचल सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने लामो कार्यविधि र लिलाममा सकार गर्न नआउनेजस्ता समस्याहरू पनि रहेको देखिन्छ।

६.८ समितिबाट भएका अन्य प्रयास र समस्याहरू

नेपाल सरकारबाट समस्याग्रस्त घोषणा गरिएका २२ वटा सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीका निम्ति गठित समितिले गरेका कामको अध्ययन गर्दा समितिले समस्याग्रस्त सहकारी संस्थाको चल अचल सम्पत्तिको रोक्का गरेको, ऋणीहरूलाई ऋण तिर्न आउने सूचनाहरू पत्राचार गरेको केही ऋणीले ऋण पनि तिरेको, केही सहकारीको साना बचतकर्ताहरूलाई बचत पनि फिर्ता गरेको, समितिले आफूले गरेको काम र प्रगति विवरण मन्त्रालयमा पेश गर्ने र सार्वजनीकरण गर्ने समेत गरेको देखिन्छ। समितिका अनुसार हालसम्म समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाहरूमध्ये तीनवटा सहकारी संस्थाको बचत मागदावी बमोजिम दायित्व भुक्तानी र हिसाब राफसाफ गरी समस्याग्रस्त फुकुवाको लागि मन्त्रालयमा लेखी पठाइएको छ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले कानूनले तोकेको जिम्मेवारी बहन गर्न मूलतः देहायका समस्या छन्:-

- आवश्यक जनशक्तिको अभाव,
- भौतिक पूर्वाधारको समस्या,
- सहकारी संस्थाका कागजात मेसिनरी लगायतका सामग्री कब्जा गरेपछि कार्यालयमा ल्याउन ढुवानीको समस्या, सवारी साधनको अभाव,
- जोखिमपूर्ण काम गर्नुपर्ने हुँदा पर्याप्त सुरक्षाको अभाव,
- निकायगत समन्वयको समस्या,
- एउटै विषय प्रहरी अनुसन्धानबाट अदालतमा मुद्दा चलाइएकोमा त्यही विषय समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा पनि कारवाहीको दायरामा रहेको,
- कार्यसम्पादनमा दोहोरोपन र जटिलता,
- लुकाएको सम्पत्ति पत्ता लगाउन जटिलता,
- सम्बन्धित निकायको सहयोगको अभाव आदि।

परिच्छेद-७

सहकारीमा वित्तीय सुशासनः निरन्तर अनुगमन, सुधार शून्य

सहकारीहरू स्वनियमनमा रहने मूल मर्म तथा सिद्धान्तलाई आधार मानी नियमन निकायको आवश्यकता नपर्ने मान्यतामा सहकारी ऐन, २०४८ तर्जुमा भएको देखिन्छ। तथापी, २०५० को दशकमा सहकारीको संख्या र सदस्यहरूको आबद्धताका साथै वित्तीय कारोबारको आकार पनि बढ्दै जाँदा २०६० को दशकबाटै सहकारी क्षेत्रमा विकृती देखा पर्न थाले। यस प्रसङ्गमा, आर्थिक वर्ष २०६०/६१ को वार्षिक बजेट तथा कार्यक्रममा "सहकारी बचत तथा वित्तीय संस्थाहरूले सहकारी सिद्धान्त विपरीत सर्वसाधारणबाट समेत बचत सङ्कलन गर्ने र अनियन्त्रित रूपमा ऋण प्रवाह गर्ने कार्य गरी वित्तीय विकृति फैलाएकोले यसलाई नियन्त्रण गरी विशुद्ध सहकारीताको विकास गर्न विद्यमान कानूनमा आवश्यक सुधार गरिने भन्ने उल्लेख गरेको पाइन्छ। सहकारी क्षेत्रमा सहकारी सिद्धान्त उल्लङ्घन गर्ने र गैरसदस्यहरूबाट बचत सङ्कलन गर्नेजस्ता विकृति त्यतिबेलै देखिएको यसले पुष्टि गर्दछ।

वित्तीय कारोबार गर्ने अधिकांश सहकारीले आफ्नो लगानीलाई घरजग्गा व्यवसायमा केन्द्रित गरेपछि नेपाल राष्ट्र बैङ्कले २०६६ सालतिर घरजग्गा व्यवसायमा जाने बैङ्क तथा वित्तीय संस्थाको ऋण लगानीलाई केही कडाई गरेपछि यसको असर सहकारी क्षेत्रमा परेर कतिपय सहकारीमा समस्या देखिन थाल्यो। कोभिड महामारीबाट भर्खर त्राण पाउँदै गरेको अर्थतन्त्रमा सहकारी क्षेत्रबाट समेत असावधानीपूर्वक बढाइएको ऋण लगानीको पृष्ठभूमिमा २०७७ सालमा पुनः बैङ्किङ्ग क्षेत्रमा तरलताको अवस्था खस्कन गई घरजग्गा तथा शेयर बजारको कारोबार कमजोर हुन पुग्यो। यसको थप असर सहकारीमा पऱ्यो। सहकारीले सदस्यका बचत फिर्ता गर्न असमर्थ भए। परिणाम, २०७९ सालको माघ/फागुनमा काठमाडौंको माईतीघर मण्डलामा ठूलो संख्याका सहकारी बचतकर्ताहरू आफ्नो बचत फिर्ता नपाएको भन्दै विरोध प्रदर्शनमा उत्रिए। पीडित बचतकर्ता र सरकारबीच बचत फिर्ता गर्ने सम्बन्धमा २०८० साउन र चैतमा गरी दुईपटक सम्झौता पनि भयो। तर परिणाम आएन।

२०६० को दशकको सुरूआतबाटै सहकारीमा बढेको अपारदर्शिता, सहकारी मूल्य मान्यता एवम् सिद्धान्तमा विचलन र वित्तीय सुशासनको अभावजस्ता कारणले कतिपयमा जटिलता देखा पर्न थालेपछि सरकारले केही सहकारीको अनुगमन गर्न नेपाल राष्ट्र बैङ्कको सहयोग मागेपछि सहकारी विभाग र राष्ट्र बैङ्कको संयुक्त टोलीले २०६६ माघदेखि २०६९ कार्तिकसम्म १३५ वटा सहकारी संस्थाको स्थलगत निरीक्षण गरेको थियो। सहकारी क्षेत्रका समस्या बढ्दै गएको अवस्थामा राष्ट्र बैङ्कको सहभागितामा भएको स्थलगत निरीक्षणलाई सकारात्मक रूपमा लिएपनि निरीक्षणमा जनाइएको कैफियतबमोजिम सुधार र कार्यान्वयन गर्नेतर्फ सहकारी विभागले प्रभावकारिता ल्यान सकेन। विभागले बैङ्कका कर्मचारीलाई २०६९ कार्तिकमा फिर्ता गऱ्यो। २०७७ सालको मध्यतिर पुनः बैङ्किङ्ग क्षेत्रमा तरलताको अवस्था खस्किन पुग्यो। यसको असर पनि सहकारीमा पऱ्यो। समस्या बढ्दै गयो र कतिपय सहकारीले बचत फिर्ता गर्न असमर्थ भए। सहकारीमा देखा परेका सङ्कट र वित्तीय सुशासन परीक्षण गर्ने उद्देश्यले सहकारी विभागको अनुरोधमा राष्ट्र बैङ्कबाट खटाइएको विज्ञ सहितका ३ वटा अनुगमन टोलीले २०८० फागुन १० गतेदेखि २०८१ जेठ २३ गतेसम्म १९ वटा संघ तथा सहकारीको स्थलगत निरीक्षण गरी विभागमा प्रतिवेदन बुझायो। नेपाल राष्ट्र बैङ्कका कर्मचारी सेमत सहभागी भई दुइपटकमा १५४ वटा सहकारीमा स्थलगत निरीक्षण गर्ने क्रममा देखिएका र प्रतिवेदनमा उल्लेख गरिएका चुनौति र कैफियतहरू देहाय बमोजिम रहेका छन्:-

७.१ आधारभूत चुनौति

१. सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी व्यवसाय सदस्यद्वारा स्थापित, सञ्चालित र नियन्त्रित रहनु पर्नेमा अधिकांश सहकारी स्वनियमनमा सञ्चालन हुन नसकेको,

उदाहरणः साधारणसभा नगर्ने वा गरे पनि कानूनले निर्धारण गरेको विधि र प्रक्रिया बमोजिम नगर्ने, लेखा सुपरीवेक्षण समितिको निस्क्रियता, आन्तरिक नीति तथा विधि एवं कार्यविधिको अभाव, सीमित सञ्चालकले संस्थाको श्रोतलाई आफुखुशी निजी व्यवसाय र स्वार्थमा उपयोग गर्ने प्रवृत्ति, कर्मचारीलाई नियुक्तिपत्र नदिई काममा लगाउने, कमजोर आन्तरिक नियन्त्रण प्रणाली आदि।

२. सहकारी ऐन, २०४८ र त्यसलाई प्रतिस्थापन गरेको सहकारी ऐन, २०७४ (दफा १२४ र १२५) मा सहकारी संघ, संस्थाको नियामक तथा सुपरीवेक्षकीय अधिकार अन्तर्गत सुपरीवेक्षणको क्रममा देखिएका कैफियतको कारबाहीका लागि निर्देशन दिने, जरिवाना लगाउने र सजाय गर्नेसम्मको अधिकार स्पष्ट रूपमा सहकारी विभागका रजिष्ट्रारलाई प्रदान गरिएको छ। तर विभागले अनुगमन गरेका संस्थालाई निर्देशन दिनेभन्दा बढी कुनै कारबाही भएको देखिँदैन। साथै, विभागले वार्षिक रूपमा स्थलगत अनुगमन गर्ने केही संस्था बाहेक गैरस्थलगत सुपरीवेक्षण र कैफियत कार्यान्वयनको संयन्त्र निर्माण भएको वा विभागमा सुपरीवेक्षकीय दक्षता रहेका जनशक्तिको व्यवस्था गरेको देखिँदैन। सहकारी विभागले आर्थिक वर्ष २०७१/७२ देखि २०८०/८१ सम्म अनुगमन गरेका सहकारीको विवरण तल प्रस्तुत गरिएको छः-

सहकारीको अनुगमन सम्बन्धी सहकारी विभागको वार्षिक कार्यविवरण

आर्थिक वर्ष	रजिष्ट्रार	कार्ययोजना	यथार्थ	थयार्थ अनुपात	कैफियत
२०७१/०७२	केदार न्यौपाने विष्णुहरी पौडेल	५० वटा	४० वटा	८० प्रतिशत	न्यून
२०७२/७३	काशिनाथ मरासिनी केशवप्रसाद रेग्मी	५० वटा	५० वटा	शतप्रतिशत	सामान्य
२०७३/७४	केशवप्रसाद रेग्मी	५० वटा	६८ वटा	१३६ प्रतिशत	बढी
२०७४/०७५	केशवप्रसाद रेग्मी	१५ वटा	१५ वटा	शसतप्रतिशत	सामान्य
२०७५/७६	केशवप्रसाद रेग्मी शिवकुमार कार्की डा. टोकराज पाण्डे	५० वटा	१९ वटा	३८ प्रतिशत	न्यून
२०७६/७७	डा. टोकराज पाण्डे	५० वटा	३५ वटा	७० प्रतिशत	न्यून
२०७७/७८	डा. टोकराज पाण्डे	५० वटा	२६ वटा	५२ प्रतिशत	न्यून
२०७८/७९	डा. टोकराज पाण्डे लिलाप्रसाद शर्मा झलकराम अकिारी	७० वटा	५३ वटा	७५ प्रतिशत	न्यून

२०७९/८०	रुद्रप्रसाद पण्डित	७० वटा	४४ वटा	६३ प्रतिशत	न्यून
२०८०/८१	नमराज घिमीरे पिताम्बर घिमिरे	७० वटा	५० वटा	७१ प्रतिशत	न्यून

सहकारी ऐन, २०७४ वमोजिम सहकारी विभाग नियामक तथा सुपरीवेक्षकीय निकाय हो। देशभर ३१ हजारभन्दा बढी सहकारी रहेको र पछिल्ला १० वर्षदेखि कतिपय सहकारीले बचतकर्ताको बचत फिर्ता गर्न नसकी अवस्था सङ्कटपूर्ण हुँदै गएको *पृष्ठभूमिमा* वार्षिक ७० वटाभन्दा सहकारी अनुगमनको कार्ययोजना बनाएर सो वमोजिम समेत अनुगमन कार्य हुन नसक्नु विडम्बनापूर्ण छ। विभागबाट प्राप्त विवरण अनुसार कार्यरत २२ जना कर्मचारीमध्ये रजिष्ट्रार र चालक बाहेक सबै पदका कर्मचारीलाई अनुगमनमा खटाउने गरिएको देखिन्छ।

२.१) सहकारी सम्बन्धी *भरपर्दो* तथ्याङ्कको अभाव लामो समयदेखि रहँदै आएको छ। सन् २०१७ देखि कार्यान्वयनमा ल्याइएको तथ्याङ्कीय सफ्टवेयर (Cooperative and Poverty related Management Information System-COPOMIS) ले सात वर्षसम्ममा पनि सहकारीको विश्वसनीय र पर्याप्त तथ्याङ्क सङ्कलन गर्न सकेको देखिँदैन।

२.२) सहकारी ऐन, २०७४ को दफा ९५ को उपदफा (१), दफा ९७ र सहकारी नियमावलीको नियम ७२ को उपनियम (१ग) वमोजिम विभागका रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीले पचास करोड रूपैयाँभन्दा बढी कूल सम्पत्ति भएका कुनै पनि सहकारीको जुनसुकै बखत निरीक्षण तथा हिसाव जाँच गर्न, गराउन सक्ने व्यवस्था रहेकोमा विभाग एकातिर एकभन्दा बढी प्रदेश कार्यक्षेत्र भएका सहकारी, सहकारीका केन्द्रीय सङ्घहरू, राष्ट्रिय सहकारी बैङ्क लि. र सहकारी महासङ्घको गरी जम्मा १४७ वटा संघ, संस्थामात्र आफ्नो कार्यक्षेत्रमा रहेको र अनुगमन गर्न सक्ने बताउँछ भने अर्कोतिर सबैखालका कार्यक्षेत्र र कारोबार भएका सहकारीलाई जुनसुकै बेला अनुगमन टोली पठाई अनुगमन गराउँदै आएको देखिन्छ।

२.३) सहकारी विभागको नियामकीय क्षेत्राधिकारमा रहेको भनिएका १४७ वटा सङ्घ, संस्थामध्ये ११६ वटाले मात्र साधारणसभा सम्पन्न गरी विभागमा प्रतिवेदन बुझाउने गरेको देखिन्छ। १४७ मध्ये ३८ वटा सङ्घ, संस्थाको दर्ता मिति समेत खुल्न नसकेको देखिन्छ।

२.४) सहकारीमा वित्तीय सुशासन विपरीतका कार्य बढ्दै गएका कारण वित्तीय दक्षता हासिल गरेका कर्मचारीमार्फत नियमित अनुगमन गराउनु पर्ने आवश्यकता बढ्दै गएको सन्दर्भ एकातीर छ तर वित्तीय विश्लेषण गर्ने कर्मचारीको अभाव रहेको बताउने विभागले राष्ट्र बैङ्कबाट फिर्ता माग नहुँदै फिर्ता पठाएको देखिन्छ।

२.५) विभागले आर्थिक बर्ष २०७५/७६ मा अनुगमन गरेको संस्था नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स र २०८०/८१ मा अनुगमन गरेको संस्था सामुदायिक स्वास्थ्य इन्स्टिच्युटलाई सहकारी संस्था मान्न सकिने अवस्था देखिँदैन।

२.६) सहकारी विभागमा संघ, संस्थाको अनुगमनका लागि राजपत्राङ्कित द्वितीय श्रेणीका एकजना बरिष्ठ वित्तीय विश्लेषकको दरबन्दी रहेता पनि हालसम्म उक्त पदपूर्ति भएको देखिँदैन।

२.७) सहकारी विभागले आर्थिक वर्ष २०६६/६७ देखि विभिन्न समयमा अनुगमन गरेका देहाय वमोजिमका संस्था हाल समस्याग्रस्त वा सङ्कटग्रस्त रहेको पाइएको छ।

सहकारी विभागले अनुगमन गरेका समस्याग्रस्त र सञ्चालन समस्यामा रहेका सहकारी संस्थाहरू

क्र.सं.	संस्था	जिल्ला	अनुगमन भएको आर्थिक वर्ष	हालको अवस्था
१	गोरखा सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	ललितपुर	२०७२७३/, २०७४७५/, २०८०८१/	समस्याग्रस्त
२	सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि.	काठमाडौं	२०७२७३/	समस्याग्रस्त
३	पशुपति सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	ललितपुर	२०७५७६/	समस्याग्रस्त
४	श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.	ललितपुर	२०७४७५/, २०७६७७/, २०७८७९/, २०८०८१/	समस्याग्रस्त
५	सिभिल सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	काठमाडौं	२०७४७५/	समस्याग्रस्त
६	कान्तिपुर सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	काठमाडौं	२०७४७५/, २०७९८०/	समस्याग्रस्त
७	नेपाल सहकारी वित्तीय संस्था	काठमाडौं	२०७८७९/, २०८०८१/	समस्याग्रस्त
८	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	भक्तपुर	२०७९८०/	समस्याग्रस्त
९	ओरियन्टल कोअपरेटिभ लि.	काठमाडौं	२०६६६७/	समस्याग्रस्त
१०	तुलसी बहुउद्देश्यीय सहकारी संस्था लि.	मोरङ	२०७९८०/	समस्याग्रस्त

११	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	ललितपुर	विभागको प्रतिवेदनमा उल्लेख नभएको	समस्याग्रस्त
१२	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि.	काठमाडौं	२०७९ ८०/मा टोली खटाएको तर टोलीलाई संस्थाले अनुगमनमा सहयोग नगरेको	समस्याग्रस्त
१३	हाम्रो नयाँ कृषि सहरकारी संस्था लि.	काठमाडौं	२०८० ८१/मा टोली खटाएको तर टोलीलाई संस्थाले अनुगमनमा सहयोग नगरेको	समस्याग्रस्त
१४	नागरिक विकास सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	भक्तपुर	२०७२) ७३/दुईपटक(	सञ्चालन समस्यामा
१५	हिमाल सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	भक्तपुर	२०७३७४/, २०७४७५/, २०७६७७/, २०७९८०/	सञ्चालन समस्यामा
१६	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	ललितपुर	२०७४) ७५/ (२०८० जेठमा ५ वटा संस्था एकीकरण(	सञ्चालन समस्यामा
१७	सुमेरु सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	ललितपुर	२०७४७५/, २०७८७९/	सञ्चालन समस्यामा
१८	कुमारी सेभिंस एण्ड क्रेडिट सहकारी संस्था लि.	काठमाडौं	२०७४७५/, २०७६७७/	सञ्चालन समस्यामा
१९	मिलन बहुउद्देश्यीय सहकारी संस्था लि.	काठमाडौं	२०७४७५/	सञ्चालन समस्यामा
२०	सङ्कटा बचत तथा ऋण सहकारी संस्था लि.	काठमाडौं	२०७२७३/, २०७८७९/	सञ्चालन समस्यामा

२१	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.	कास्की	२०७८७९/	सञ्चालन समस्यामा
२२	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.	काठमाडौं	२०७९ ८०/मा टोली खटाएको तर टोलीलाई संस्थाले अनुगमनमा सहयोग नगरेको	सञ्चालन समस्यामा
२३	जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.	काठमाडौं	२०७८७९/	सञ्चालन समस्यामा
२४	क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.	काठमाडौं	२०७८७९/	सञ्चालन समस्यामा
२५	आई.एम.ई .बचत तथा ऋण सहकारी संस्था लि.	काठमाडौं	२०८० ८१/	अज्ञात) विभागको प्रतिवेदनमा उल्लेख नभएको(
२६	प्रभु बचत तथा ऋण सहकारी संस्था लि.	काठमाडौं	२०८०८१/	

२.८) सहकारी विभागले विभिन्न सहकारीको हाल कायम रहेको नाम परिवर्तन, कार्य परिवर्तन, विषयगत सहकारीलाई एकीकरण, जिल्लामा दर्ता भएका सहकारीलाई देशभर कार्यक्षेत्र थप (ऐंचोपैंचो बचत तथा ऋण सहकारी, कालिमाटी), देशभर ५२ वटासम्म सेवाकेन्द्र बिस्तार (एस.एन.एस. कोअपरेटिभ्स, काठमाडौं), लगातारका वर्षहरूमा (एस.एन.एस. कोअपरेटिभ्स, काठमाडौं) सेवाकेन्द्र बिस्तार, एकै वर्षसमेत एकभन्दा बढी पटक सेवाकेन्द्र बिस्तार (विकु बचत तथा ऋण सहकारी, नवलपरासी, द सहारा लोन सेभिस एण्ड क्रेडिट कोअपरेटिभ्स, सर्लाही), स्वीकृत कार्यक्षेत्रभन्दा बाहिरका जिल्लामा पनि कार्यक्षेत्र बिस्तार (किसान बहुउद्देश्यीय सहकारी, कैलाली) र सेवाकेन्द्र बिस्तारको स्वीकृति नलिई विभिन्न जिल्लामा ३९ वटा सेवाकेन्द्र बिस्तार (नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ) पाइएको छ।

२.९) सहकारीको कार्यक्षेत्र र सेवाकेन्द्र बिस्तार रजिष्ट्रारहरू डा. टोकराज पाण्डे र लिलाप्रसाद शर्माको कार्यकालमा बढी भएको देखिन्छ। बिस्तार भएका २७ मध्ये पाण्डेले १२ र शर्माले ६ वटालाई स्वीकृति दिएका छन्।

३. सहकारीमा लाखौं जनताको अर्बौं रकमको बचत सङ्कटमा परिरहेको सन्दर्भमा, सहकारी ऐन, २०४८ र सहकारी ऐन, २०७४ बमोजिम देशका सहकारीको नियमन र सुपरीवेक्षण गर्ने कानूनी जिम्मेवारी पाएको सहकारी विभागबाट संस्था दर्ता स्वीकृति, विनियम स्वीकृति तथा संशोधन, संस्थाको कार्यक्षेत्र

बिस्तार, संस्थाको सम्पत्ति खरिद एवम् अनुगमनको क्रममा जोडिएका विकृति र अनुगमनको क्रममा देखिएका कैफियत कार्यान्वयन तथा कारबाहीको अभावका बारेमा, लामो समयदेखि सञ्चालनमा रहेको COPOMIS ले सहकारीको यथार्थ तथ्याङ्क उपलब्ध गराउन नसक्नुको कारण र विभागको अनुरोधमा राष्ट्र बैङ्कले पठाएका कर्मचारी फिर्ता गरिएको सम्बन्धी विषयमा प्रश्न उठिरहेका छन्।

केही उदाहरण हेरौः

- २०६९।०३।३१ मा सहकारी विभागले सोल्टिमोड, काठमाडौंस्थित सिभिल सेभिङ्गस सहकारीमा सम्पन्न गरेको अनुगमन प्रतिवेदनमा उल्लेख गरिएको कैफियतमा सहकारी ऐन, २०४८ को दफा १५ (४) बमोजिम संस्थाको विनियम संशोधनका लागि कूल सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भई प्रस्ताव पारित गर्नुपर्ने व्यवस्था विपरीत संस्थाको मिति २०६७।०७।१३ गतेको दशौं साधारणसभामा विनियम संशोधन प्रस्ताव पेश तथा पारित समेत नभएको अवस्थामा सञ्चालक समितिको मिति २०६८।०२।३० को निर्णय मात्रैका आधारमा सहकारी विभागको मिति २०६८।०३।१७ को निर्णयानुसार संस्थाको कार्यक्षेत्र साविक काठमाडौं जिल्लाबाट काठमाडौं उपत्यकामा बिस्तारको स्विकृति प्रदान भएको देखिन्छ। उक्त निर्णय विभागबाटै जारी मापदण्डको दफा २० (२) बमोजिम काठमाडौं उपत्यकाभित्रका साबिक कुनै एक जिल्ला कार्यक्षेत्र भएका संस्थाले ३ जिल्लाभित्रका साबिक कार्यक्षेत्रसँग जोडिएका गाउँ विकास समिति र नगरका केही वडाहरूसम्म मात्र कार्यक्षेत्र थप्न सक्ने प्रावधान विपरीत रहेको देखिन्छ।
- नेपाल राष्ट्र बैङ्कले २०७९ माघ महिनातिर राष्ट्रिय सहकारी बैङ्कमा गरेको अनुगमनमा दिएको निर्देशनमा राष्ट्रिय सहकारी बैङ्कको खर्चमा सहकारी विभागका तत्कालिन रजिष्ट्रारलाई भियतनाम र बेल्जियम भ्रमण गराएको सन्दर्भमा खर्च भएको रकम सम्बन्धितबाट असुलउपर गर्ने स्पष्ट उल्लेख गरिएको छ।
- २०६६ सालमा सहकारी विभागबाट नेपाल सहकारी वित्तीय संस्था लि. नयाँ बानेश्वर, काठमाडौंमा भएको अनुगमन प्रतिवेदनमा उल्लेख भएको कैफीयतः संस्थाको सोह्रौं साधारणसभामा डिभिजन सहकारी कार्यालय काठमाडौंका २ जना अधिकृतहरूले प्रति व्यक्ति रू. २,०००।- का दरले रकम बुझेको सहिछाप भएको भर्पाई सोही सभाको निर्णय पुस्तिकामा टाँस गरिएको।
- सहकारी विभागवाट २०६५।०५।३० मा जारी भएको "सहकारी संघ, संस्था दर्ता तथा नियमन सम्वन्धी मापदण्ड, २०६५" को दफा १.९ मा हरेक संस्थाको सञ्चालक समितिको आकार ७ सदस्यीय हुनु पर्ने व्यवस्था रहेको तर सङ्कटा बचत तथा ऋण सहकारी संस्था लि. न्यूरोडको विनियममा रहेको मौजुदा ७ सदस्यीय सञ्चालक समितिको आकार घटाई डिभिजन सहकारी कार्यालय काठमाडौंबाट मिति २०६५।११।१९ मा ५ सदस्यीय कायम गरी विनियम संशोधन गरिएको।

४. सहकारीका सदस्यको सहकारी साक्षरता र सक्रियता कमजोर रहेको देखिन्छ। आधिकांश सदस्यहरू संस्थाको जानकारी लिएर, सञ्चालकहरूको पहिचान गरी, सहकारी भनेको के हो, किन हो र कस्तो मानिसहरू आधारभूत सूचना सङ्कलन गरेरभन्दा अरूको लहैलहैमा, बढी व्याज पाउने लोभमा र सहकारीमा समस्या परेमा नेपाल सरकारले त्यसको तिरोभरो गर्छ भन्ने मानसिकतामा बचत राख्ने गरेको देखिन्छ।

५. सहकारीमा हाल सहकारी महासङ्घ, विषयगत सहकारी केन्द्रीय सङ्घ, प्रदेश सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ र विषयगत जिल्ला सहकारी सङ्घ गरी ६ तहका करीब ३५० वटा सङ्घीय संरचना गठन भएका देखिन्छन्। यी संरचनामध्ये अधिकांशले आफ्ना सदस्यबाट बचत सङ्कलन गरी सदस्यमा ऋण लगानी समेत गर्ने गर्दछन्।

उदाहरणका लागि, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि., नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घ लि., वाग्मती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि., भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि., काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि., काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को २०८१ असार मसान्तको कूल सम्पत्ति क्रमशः २९ अर्ब, ३४.४२ करोड, ३.७ अर्ब, ३.५ अर्ब, १.४ अर्ब र १.४ अर्ब रहेको देखिन्छ। यद्यपि, सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा सहकारीका कुनै पनि सङ्घीय संरचनाले वित्तीय कारोबार गर्ने व्यवस्था रहेको देखिँदैन। यस प्रसङ्गमा, केही वित्तीय कारोबार गर्ने केन्द्रीय सहकारी सङ्घहरूमा सहकारी विभागद्वारा गरिएको अनुगमनको क्रममा देखिएका केही कैफियत देहाय वमोजिम रहेका छन्।

५.१) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि., नयाँ बानेश्वर

- कर्मचारीमार्फत विभिन्न सेवा केन्द्रबाट तोकिएको रकमका शेयर बिक्री, बचत सङ्कलन तथा ऋण लगानी, तोकिएको संख्यामा सफ्टवेयर बिक्री तथा विज्ञापन सङ्कलन र विमा पोलिसी बिक्री गर्ने गरेको,
- सङ्घको वित्तीय विवरण अध्ययन तथा विश्लेषण गर्दा अधिकांश PEARLS परिसूचकहरू नकारात्मक देखिएको,
- बीस करोड रूपैयाँसम्मको ऋण लगानी विनाधितो (व्यक्तिगत जमानीमा) समेत गर्ने गरेको,
- सङ्घले आर्थिक बर्ष २०७९/८० मा सहकारी मापदण्डले तोकेकोभन्दा रू. ५.३६ अर्बले न्यून ऋण नोक्सानी व्यवस्था गरेको, सोही वर्ष नियमानुसारको ऋण नोक्सानी व्यवस्था नगरी रू. १५,९२,६८२।-लाभांस कोषमा छुट्याइएको।
- सहकारी मूल्य मान्यता र सिद्धान्तको पालना नगर्ने, घरजग्गा व्यवसायमा केन्द्रित र निजी कम्पनीका रूपमा सञ्चालनमा रहेका र असल अभ्यास नगर्ने धेरै सहकारीलाई पुराना ऋण असुलउपर समेत नभएको अवस्थामा पटक-पटक विभिन्न शीर्षकमा (व्यक्तिगत जमानी मात्रैको आधारमा समेत) ठूला रकमको ऋण लगानी गरेको,
- सङ्घको अन्तरलगानी नीति, २०७५ मा भएको व्यवस्था "व्यापार थोक कर्जाको सीमा कूल सम्पत्तिको २० प्रतिशत रहने" प्रावधान विपरीत सदस्य सेवा साकोस, जेष्ट साकोस र हिमाल साकोसलाई क्रमशः रू. २० करोड, रू.१६ करोड र रू. २० करोड ऋण लगानी गरेको,
- ऋण लगानीको व्याज सावाँमा पूँजीकरण गर्ने गरेको,
- सहकारी ऐन, २०७४ र नियमावली, २०७५ ले तोके वमोजिमको अनुपातमा विभिन्न कोषहरूमा रकम बाँडफाँट नगरेको र बाँडफाँट गरिएको रकम समेत कोषको उद्देश्य अनुरूप खर्च नगरेको,

- मापदण्ड बमोजिम पूँजीकोषले निर्धारण गरेको सीमाभन्दा बढी ११ वटा सहकारीलाई ऋण लगानी गरेको, जस्तैः हिमाल साकोस, भक्तपुर (रू. ३७ करोड), सामुदायिक साकोस, पनौती (रू.३५ करोड), जेष्ट साकोस (रू.२९.८३ करोड) आदि,
- सङ्घले ऋण लगानी गरेका ३० ठूला ऋणमध्ये २८ वटा ऋण लगानीको सावाँव्याज असुली सन्तोषजनक नरहेको,
- पाँच करोढ रुपैयाँसम्मको ओभरड्राफ्ट प्रकृतिको लाइन अफ क्रेडिट ऋण लगानी गर्ने गरेको,
- सङ्घबाट ऋण लगानी गरिएका कान्तिपुर साकोस र सोसाइटल साकोस (क्रमशः १२.७१ करोड र १.८६ करोड) लाई नेपाल सरकारले समस्याग्रस्त घोषणा गरेको,
- विवेकपूर्ण पोर्टफोलियो व्यवस्थापन र तरलता व्यवस्थापनको दृष्टिकोणले प्रतिकूल हुने गरी सदस्य संस्थाहरूबाट आवधिक निक्षेपका रूपमा लिइएको निक्षेप रू. ८.४६ अर्ब मध्ये रू.३.९ अर्ब (करिब ३६ प्रतिशत) रकम राष्ट्रिय सहकारी बैङ्क लिमिटेडको आवधिक निक्षेप खातामा राखेको,
- स्वीकृति नलिई देशभरका विभिन्न जिल्लामा ३९ वटा सेवा केन्द्र सञ्चालन गर्दै आएको,
- अनुगमन प्रतिवेदनमा उल्लिखित कैफियतको आधारमा सङ्घको अवस्था उच्च जोखिममा रहेको उल्लेख भएको, यस प्रसङ्गमा, सहकारी विभागमा उक्त सङ्घका अधिकांश सञ्चालक, अनुगमनकर्ता र सहकारी विभागका प्रतिनिधिहरूबीच भएको छलफलमा "रजिष्ट्रारबाट सङ्घको बचत सङ्कलनमा रोक लगाउने" कारबाही घोषणा भएको, साथै, उक्त प्रतिवेदनमा सहकारी ऐन, २०७४ मा उल्लेख भएअनुसार सङ्घ बचत तथा ऋणको कारोबारमा भन्दा सहकारी व्यवसायको विकास, प्रवर्द्धन, वजारीकरण र समन्वयकारी भूमिका निर्वाह गर्न समर्थ छ भन्ने आधार नभएको उल्लेख गरिएको।

५.२) नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घ लि.

- प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गरी मुद्दती तथा बचत निक्षेप राख्ने गरेको, जस्तैः श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.,
- कूल ऋण लगानीको दुई तिहाईभन्दा बढी रकमको ऋण लगानी एकै संस्थामा केन्द्रित,
- तरलताको अनुपात ०.१४ प्रतिशत रहेको,
- नवौं र दशौं वार्षिक साधारणसभा नगरी २०८०।१०।२६ मा एघारौं साधारणसभा सम्पन्न गरेको,
- संघबाट अध्यक्ष संलग्न रहेको श्री लालिगुराँस बहुउद्देश्यीय सहकारीमा रू. ९७ लाख साधारण बचत, रू. ६ करोड मुद्दती निक्षेप, रू. १ लाखको शेयर लगानी र रू. ११ करोड (संघको वक्यौता ऋण लगानीको ७५ प्रतिशत) ऋण लगानी गरेको,
- एसोसियनको ठूलो ऋण लगानी खराव अभ्यास गरिरहेका सीमित सहकारीमा केन्द्रित, असुलीको अवस्था निकै कमजोर,
- पुँजी कोषको सीमाभन्दा बढी हुने गरी ११ वटा सहकारीलाई ऋण लगानी गरेको,

- अनुगमन प्रतिवेदनमा उल्लिखित कैफियतको आधारमा सङ्कको अवस्था उच्च जोखिममा रहेको उल्लेख भएको।

६. सहकारी विभागको २०७४ सालको तथ्याङ्कअनुसार देशभर जम्मा सहकारी, बचत तथा ऋण सहकारी र बहुउद्देश्यीय सहकारीका नाममा दर्ता रहेका संस्थाको संख्या क्रमशः ३४,५१२, १३,५७८ र ४,३७१ रहेको देखिन्छ। यस तथ्याङ्कको आधारमा बचत तथा ऋण सहकारीको संख्याको अनुपात करीब ३९.३४ प्रतिशत मात्र रहेको देखिएता पनि धेरैजसो अन्य विषयगत र बहुउद्देश्यीय सहकारीले बचत तथा ऋणको कार्य गर्नाले सहकारीहरूबीच वित्तीय कारोबार गर्ने अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएको देख्न सकिन्छ।

७. कतिपय सहकारीले लामो समयमसम्म वार्षिक साधारणसभा नगर्ने गरेको साथै कतिपयले विधिपूर्वक नगरेको पाइएको छ। यस्ता विधि नपुऱ्याई गरिने साधारणसभामा उपस्थित हुन सदस्यहरूलाई गरिने सूचनाको अप्रभावकारिता, कानूनबमोजिम साधारणसभाको आधिकारिकता पुष्टि हुन आवश्यक गणपुरक संख्याको अभाव साधारणसभामा पेश गरिने प्रतिवेदन एवं प्रस्ताव तथा छलफलको अभाव, आदि रहेका छन्। कतिपय सहकारीको साधारणसभामा संस्थाको वार्षिक गतिविधि तथा आगामी दिनमा संस्थाले गर्ने कामको बारेमा छलफल गर्नुको सट्टा विभिन्न सेलिब्रेटी वा सार्वजनिक उच्च पदमा रहेका व्यक्ति तथा राजनीतिक नेतृत्वको उपस्थितिमा केन्द्रित हुने, उद्घाटन कार्यक्रममा बढी समय दिने, साँस्कृतिक कार्यक्रमको आयोजना हुने, सदस्यहरूलाई बाटो खर्च उपलब्ध गराउने र भोजभतेरलाई प्राथमिकता दिने गरेको देखिन्छ।

८. सहकारी विभागले २०६६ माघदेखि २०६९ मंसीरसम्म नेपाल राष्ट्र बैङ्कको सहयोगमा सम्पन्न गरेको अनुगमन कार्यलाई निरन्तरता दिन नसक्नु र भएको अनुगमनका कैफियत कार्यान्वयन गराई संस्था सुधार तथा कारबाही गर्न नसक्नु हालको सहकारी सङ्कटका प्रमुख आधार हुन्।

उदाहरणः २०८१ साउन मसान्तसम्म समस्याग्रस्त घोषणा भएका र संसदीय छानविन समितिको अध्ययनको दायरामा समेटिएका सहकारीमध्ये देहाय वमोजिमका सहकारी उक्त अवधिमा नेपाल राष्ट्र बैङ्कको सहयोगमा अनुगमन सम्पन्न भएका सहकारी हुन्। यसबाहेक, उक्त समयमा अनुगमन भएका धेरैजसो सहकारी लामो समयदेखि सङ्कटपूर्ण अवस्थामा रहेको विभिन्न सञ्चार माध्यममार्फत पनिजानकारीमा आएको छ।

सहकारी विभागको सिफारिसमा समस्याग्रस्त घोषणा भएका

- कान्तिपुर सेभिंस एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं
- ओरियन्टल कोअपरेटिभ लि., काठमाडौं
- सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं
- नेपाल सहकारी बित्तिय संस्था लि., काठमाडौं
- श्री लालीगुरास बहुउद्देश्यीय सहकारी संस्था लि., ललितपुर
- श्री गोरखा सेभिड. एण्ड क्रेडिट कोअपरेटिभ लि., ललितपुर
- स्टयान्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं
- पशुपति सेभिंस एण्ड क्रेडिट कोअपरेटिभ लि., ललितपुर
- गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं

वाग्मती प्रदेश रजिष्ट्रारको कार्यालयद्वारा समस्याग्रस्त घोषणा भएका

- सिभिल सेभिंस एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं

काठमाडौं महानगरपालिकाद्वारा समस्याग्रस्त घोषणा भएका

- हिरो बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं
- नगरिक दैनिक बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं

छानविन समितिलाई दिइएको कायदिशको अनुसूची-२ मा समावेश भएका सङ्कटग्रस्त सहकारी

- स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., चितवन
- सूर्यदर्शन बचत तथ ऋण सहकारी संस्था लि., कास्की
- सुमेरू बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं

छानविन समितिमा विभिन्न माध्यमबाट पीडित बचतकर्ताहरूले गुणासो तथा उजुरी गरेका समस्यामा परेका सहकारी

- प्राइम बचत तथा ऋण सहकारी संस्था लि., कास्की
- नागरिक बिकास बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर
- हिमाल बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर
- क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं
- कुमारी सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं
- लालीगुराँस सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., काठमाडौं

७.२ स्थलगत निरीक्षणको क्रममा देखिएका मुख्य कैफियतहरू

१. देशभर समस्याग्रस्त भएका र सङ्कटपूर्ण अवस्थामा सञ्चालनमा रहेका, सञ्चालनमा रहन नसकी बन्द रहेका अधिकांश सहकारी संस्था सीमित ऋणी सञ्चालकको नियन्त्रणमा देखिएका छन्। यसप्रकारका संस्थामा एकभन्दा बढी संख्यामा कार्यकारी सञ्चालक रहेको अवस्था देखिनुका साथै ती सबैले संस्थाबाट नियमित रूपमा उपभोग गरेको मौद्रिक तथा अमौद्रिक सुविधाका केही उदाहरण देहाय बमोजिम रहेको पाइन्छः

१.१) कार्यकारी सञ्चालकहरूले संस्थामा लामो समयदेखि विनाप्रयोजन पेश्कीखाता खोली ठूलो रकम पेश्कीका रूपमा लिई निजी व्यवसायमा लगाएको,

१.२) कार्यकारी सञ्चालकहरूले संस्थाको बचत रकमबाट संस्थाको नाममा गाडी खरिद गर्ने र निजी कामको लागि नियमित रूपमा उपयोग गर्ने, गाडीमा इन्धन, मर्मत तथा चालक खर्च संस्थाबाट व्यहोर्ने गरेको,

१.३) कार्यकारी सञ्चालकहरूले संस्थाबाट गरिएको ऋण लगानी वापतको अचल सम्पत्ति धितो संस्थाको नाममा दृष्टिबन्धक पारित गर्नुको सट्टा आफ्नो नाममा पास गराई राख्ने गरेको,

१.४) कार्यकारी सञ्चालकहरूले संस्थाबाट नियमित रूपमा ठूलो रकमको तलब तथा भत्ता, व्यापार प्रवर्द्धन खर्च, स्टेशनरी, मोबाईल तथा सञ्चार खर्च, दशैं खर्च, खाजा तथा टिफिन भत्ता, औषधी

उपचार खर्च, विभिन्न इन्सेन्टिभ्स लिएको पाइएको, तर, कार्यकारी सञ्चालकहरू संस्थामा नियमित हाजिर हुने नगरेको,

१.५) कार्यकारी सञ्चालकहरूले संस्थाबाट लिएको ऋणको सेवा शुल्क तथा व्याज अन्य ऋणी सदस्यको भन्दा न्यून रहने गरी विभेदात्मक निर्णय गरेको, साथै, कार्यकारी सञ्चालक वा तिनका चिनेजानेका र नातागोताका व्यक्तिलाई ठूलो रकमको ऋण समेत विना परियोजना र विनाधितो समेत प्रदान गर्ने गरेको देखिएको, कतिपय सहकारीमा नक्कली ऋणीको नाममा ऋण प्रवाह गरी सो रकम सञ्चालकले उपयोग गरेको,

१.६) सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूमध्ये मापदण्डले तोकेको व्यवस्था विपरीत एकै समयमा ४९ प्रतिशतभन्दा बढीले संस्थाबाट ऋण लिएको पाइएको, कतिपय सञ्चालकलाई निर्व्याजी ऋण लगानी समेत गर्ने गरेको,

१.७) कतिपय संस्थाका सञ्चालक सो संस्थाको सदस्य नरहेको तथा तोकिएको कार्यक्षेत्र बाहिरका व्यक्ति रहेको पाइएको, केही संस्थामा एकबाट अर्को बैठकमा पुग्दा सञ्चालक समितिका सदस्यको नाम र संख्या समेत फरक पर्ने गरेको,

१.८) एकै व्यक्ति एउटै समयमा एकभन्दा बढी सहकारीको कार्यकारी अध्यक्ष तथा सञ्चालक भई विभिन्न शीर्षकमा मौद्रिक तथा गैरमौद्रिक सुविधा लिने गरेको,

१.९) हालसम्म जानकारीमा आएका सहकारीका सञ्चालक तथा सञ्चालकका आफन्त संलग्न रहेका निजी व्यावसायिक कम्पनी मा लगानीका केही उदाहरणः टेलिभिजन/एफ.एम., रियल स्टेट (प्लटिङ/हाउजिङ/अपार्टमेन्ट/रिसोर्ट) कम्पनी, ईन्भेष्टमेन्ट कम्पनी, यातायात (बस, ट्रक, कार, आदि) कम्पनी, हवाई सेवा कम्पनी, कन्सल्टेन्सी कम्पनी, हाईड्रो परियोजना, मनि ट्रान्सफर कम्पनी, विद्यालय/क्याम्पस, अस्पताल/पोलिक्लिनिक/नर्सिङ होम, सिनेमा कम्पनी, समानान्तर सहकारी, आदि,

१.१०) सञ्चालकको नाममा वा निजका आफन्तको नाममा रहेका घरजग्गा पटकपटक संस्थाको नाममा अपारदर्शी ढङ्गले खरिद वा बिक्री गर्दै त्यसबाट निजी लाभ लिने गरेको।

२. सहकारी संस्थाको दर्ता, सम्पत्ति खरिद, कार्यक्षेत्र तथा सेवा केन्द्र बिस्तार, संस्था अनुगमन, आदिका क्रममा पनि सहकारी सुशासन प्रतिकूलका प्रवृत्ति देखा परेका छन्।

जस्तैः १) स्थानीय तहको सिफारिसविना बागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट दर्ता भएका सहकारी,

२) संस्थाको साधारणसभाबाट पारित नभएको विनियम संशोधनको प्रस्ताव सम्बन्धित निकायबाट स्वीकृत।

३. सदस्यलाई ऋण प्रवाह गर्दा सहकारी मापदण्डले तोकेको पूँजी कोषको सीमाभन्दा बढी रकमका ऋण लगानी गर्ने गरेको, मापदण्ड विपरीत ऋणमा पाकेको व्याज (हरेक ३ महिनामा) सावाँमा पूँजीकरण गरी ऋणलाई हरितीकरण गर्ने गरेको, एउटै शीर्षकमा प्रवाह गरिएको ऋणको व्याजदरमा पनि सदस्यपिच्छे विभेद गर्ने गरेको, मापदण्ड विपरीत ऋण लगानीमा (धेरैले ३ प्रतिशत र केहीले ५-८ प्रतिशतसम्मको) चर्को सेवा शुल्क असुल गर्ने गरेको, मापदण्ड विपरीत ऋण लगानीमा समदरमा व्याज निर्धारण गर्ने गरेको पाइएका छन्।

४. सहकारीको मर्म, सिद्धान्त र मापदण्ड विपरीत विभिन्न समूहद्वारा सञ्चालित वा प्रवर्द्धित भनी साईनवोर्ड, पम्प्लेट वा संस्थाका विभिन्न कागजपत्रमा उल्लेख गर्ने गरेको पाइएको छ।

जस्तैः "ब्रिटिस गोरखा ग्रुपद्वारा प्रवर्द्धित", "Cash Group द्वारा प्रवर्द्धित", "गोरखा ग्रुपद्वारा प्रवर्द्धित", "बैङ्कर तथा इन्जिनियरहरूद्वारा प्रवर्द्धित" भनी धेरै सहकारीहरू नेटवर्क खडा गरी सञ्चालनमा रहेका, यसप्रकारको समूहमा सञ्चालित सहकारीहरूको सञ्चालमा अन्तर-सहकारी वित्तीय कारोबारका नाममा बचत, शेयर, ऋण तथा पेश्कीको नाममा रकमान्तर हुनुका साथै केही समूहभित्र कर्मचारी सरुवा समेत हुने गरेको पाइएको।

५. संस्था सञ्चालनका क्रममा स्टेशनरी लगायतका अफिस सामान खरिद, ठूलो रकमको बैठक भत्ता, विज्ञापन, ईन्धन, घरभाडा भुक्तानी लगायतका अनावश्यक, अपारदर्शी र अवाञ्छित तरिकाबाट संस्थागत खरिद समेतबाट संस्थाको खर्च बढाउने गरेको पाइएको छ। यसप्रकारका सामान प्रायः सञ्चालक वा निजकै आफन्त सप्लायरबाट खरिद गर्ने गरेको पाइएको छ।

जस्तैः विराटनगरस्थित स्टार बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि.मा रू. १०० को शेयर खरिद गरेका सदस्यलाई समेत संस्थाको साधारणसभामा उपस्थित भएवापत जनही रू. ५,०००।— बाटो खर्च उपलब्ध गराएको भनी भर्पाइ वेगर खर्च लेखिएको, भाडामा रहेको कार्यालय भवनको मर्मतका लागि भनी ठूलो रकम खर्च लेखिएको, तालिम, भ्रमण तथा यातायात खर्च शीर्षकमा ठूलो रकम खर्च लेखिएको, आदि।

६. कार्यक्षेत्रभित्र नरहेका विभिन्न व्यक्तिहरूलाई समेत आकर्षक व्याजको प्रलोभन देखाई बचत सङ्कलन र ठूलो रकमको व्याज र सेवा शुल्क असुल गरी ऋण प्रवाह गर्ने गरेको पाइएको र यसप्रकारका अधिकांश बचतकर्ता तथा ऋणीलाई रू. १०० को एक कित्ता शेयर बिक्री गरेको देखाउने गरेको पाइएको छ। साथै, सो शेयर पनि बचत वा ऋणको कारोबार सकिए पश्चात स्वतः संस्थामा फिर्ता गर्ने कबुल समेत गराउने गरेको देखिएको छ। यसबाट पनि अधिकांश एक कित्ता शेयर खरिद गर्ने व्यक्तिहरू कारोबारी सदस्यका रूपमा रहने गरेको देखिएको छ।

७. कतिपय सहकारीले कमिसन र आकर्षक व्याजको प्रलोभन, चिट्ठा बिक्री, दोब्बर भुक्तानीको स्किम, सुन/चाँदीका गहना तथा सिक्का उपहार तथा विज्ञापन गरी निक्षेप सङ्कलन गर्ने गरेको पाइएको छ।

८. अधिकांश सहकारीमा दर्ता गर्दाको बखत स्वीकृत हुने विनियम बाहेक संस्थाले अनिवार्य रूपमा बनाउनु पर्ने ऋण लगानी तथा असुली कार्यविधि, कर्मचारी प्रशासन विनियमावली, संस्थागत खरिद, बचत तथा ऋण लगानी सम्बन्धी आर्थिक प्रशासन विनियमावली तथा अन्य आन्तरिक नीतिगत संरचना नबनाई संस्था सञ्चालन गर्ने गरिएको पाइएको छ। यसबाट पनि सहकारीको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहने गरेको देखिन्छ।

९. ऋण प्रवाह गर्दा परियोजना विवरण माग गर्ने र सोको आधारमा परियोजना मूल्याङ्कन गर्ने, ऋणीको आयश्रोतको विश्लेषण गर्ने, धितो मूल्याङ्कन गरी धितोले खाम्ने हदसम्म मात्र ऋण स्वीकृत र लगानी गर्ने, मूल्याङ्कन गरिएको रकमभन्दा बढी ऋण लगानी नगर्ने, उक्त धितो कानून वमोजिम दृष्टिबन्धक पारित गराउने, समय-समयमा परियोजना मूल्याङ्कन गर्ने, ऋण स्वीकृति प्रक्रियाको पालना गर्ने लगायतका विधि तथा प्रक्रिया पूरा गर्ने र आवश्यक कागजपत्रको माग गर्ने नगरेको, ऋण लगानीमा ३ प्रतिशतसम्म सेवा शुल्क, १ प्रतिशतसम्म फिल्ड भिजिट शुल्क र ५ प्रतिशतसम्म मूल्याङ्कन शुल्क असुल्ने गरेको पाइएको छ। साथै, स्वीकृत ऋण रकमको २० प्रतिशतसम्म रकम होल्ड गरेर राख्ने र निश्चित रकमको अनिवार्य

शेयर खरिद गर्न लगाउने गरेको, तर व्याज भने स्वीकृत सावाँ रकममै गणना गर्ने गरेको समेत पाइएको छ।

१०. अधिकांश लेखापरीक्षकले संस्थाको वित्तीय विवरण र कागजातहरूको विस्तृत अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गरी संस्थामा आवश्यक सुझाव तथा कैफियत आफ्नो लेखापरीक्षण प्रतिवेदनमा उल्लेख नगर्ने गरेको पाइएको छ। साथै, कतिपय लेखापरीक्षण प्रतिवेदनमा पर्याप्त मात्रामा खुलासा उल्लेख नगर्ने गरेको पाइएको छ।

यस सन्दर्भमा, संस्थाको एकै अवधिको दुईवटा अलग अलग (साधारणसभामा प्रस्तुत गर्ने एउटा र अन्य प्रयोजनका लागि अर्को) वित्तीय विवरण उल्लेख गरिएको लेखापरीक्षण प्रतिवेदन तयार गर्ने गरेको समेत पाइएको छ। सहकारी विभागको अनुगमनका क्रममा, २०६८ सालमा, लेखापरीक्षकले आफ्नो कर्तव्य पालना गर्न कमजोरी देखाएको सन्दर्भमा सहकारी विभागले त्यस्ता लेखापरीक्षक कम्पनीलाई कारबाही गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) लाई पत्राचार समेत गरेको थियो।

११. कतिपय सहकारीमा एकै अवधिमा नियमित क्रियाकलापको लागि एउटा र घरजग्गा व्यापार सम्बन्धी अलग निर्णय पुस्तिका प्रयोगमा ल्याउने गरेको पाइएको छ। केही संस्थामा अनुगमनका बखत किर्ते निर्णय किताब खडा गरेको समेत पाइएको थियो।

१२. सहकारीको वित्तीय विधि तथा मापदण्डको परिपालनाका हकमा आवश्यक तरलताको व्यवस्थापन गर्ने नगरेको, कतिपयले लगानी भएको ऋणको जोखिमका आधारमा वर्गीकरण गर्ने नगरेको, ऋण नोक्सानी व्यवस्था नै नगरेको वा कतिपयले मापदण्डले तोकेको अनुपातमा ऋण नोक्सानी व्यवस्था राख्ने नगरेको, मापदण्ड बमोजिम सदस्यको शेयर रकम बढीमा दश गुणासम्म मात्र बचत सङ्कलन गर्नु पर्ने व्यवस्थाको पालना गर्ने नगरेको, मापदण्ड विपरीत संस्थाकै शेयर धितोमा ऋण प्रवाह गर्ने गरेको, मापदण्ड विपरीत बैङ्क तथा वित्तीय संस्थाको शेयरमा लगानी गर्ने गरेको, राजनीतिक तथा धार्मिक संघ, संस्थालाई चन्दा प्रदान गर्ने गरेको, मापदण्डले तोके बमोजिम बचत तथा ऋणतर्फको स्प्रेड व्याजदरको पालना गर्ने नगरेको, संस्थाको नकमाउने सम्पत्तिको मात्रा अत्यधिक रहेको, आपसी समझदारीमा समेत व्याजदर तोक्ने गरेको, घाटामा रहेका संस्थाले समेत अन्य शीर्षकमा लाभांश वितरण, कानूनले तोकेको अनुपातभन्दा बढी समेत लाभांश वितरण गर्ने गरेको, मापदण्ड विपरीत १५ वर्षसम्मका मुद्दति निक्षेप लिने गरेको, कानून बमोजिमका कोष व्यवस्थापन गर्ने नगरेको पाइएको छ।

१३. सहकारीमा सुशासनको अभिन्न अङ्गका रूपमा रहेको पारदर्शिता अत्यन्त फितलो रहेको पाइएको छ। जस्तैः वेबसाइट, वार्षिक प्रतिवेदन प्रकाशन, वित्तीय विवरणको अनुसूची, सामाजिक सञ्जाल आदिको सञ्चालन र नियमित सूचना तथा जानकारीको उपलब्धता र पर्याप्तताको अभाव, आदि।

१४. संस्थाको सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन पारदर्शी, व्यवस्थित, कानूनसम्मत र विधिवत हुने नगरेको पाइएको छ। एकै व्यक्ति लामो समयदेखि अध्यक्ष पदमा लगातार रहँदै आएको देखिन्छ। सञ्चालक समितिका पदाधिकारीको संख्या आफुखुशी थपघट गर्ने र आफु अनुकूलका व्यक्तिहरू नियुक्त गर्ने गरेको, सञ्चालक समितिले लेखा सुपरीवेक्षण समिति गठन गर्ने गरेको पाइएको छ। सहकारी ऐन, २०७४ को व्यवस्था बमोजिम दुई करोड रूपैयाँभन्दा बढी कारोबार गर्ने सहकारीको सञ्चालक कार्यकारी प्रमुख बन्न नपाउने व्यवस्थाको पालना भएको पाइँदैन।

१५. संस्थाको ढुकुटीमा रहने रकम सञ्चालकले आफुखुशी सापटीको रूपमा विनालिखत लिने गरेको पाइएका छन्। संस्थाको नगद पुस्तिका र भल्टमा भएको नगद रकम परीक्षण गर्दा यसप्रकारको आर्थिक अनुशासनहीनता लामो समयदेखि चल्दै आएको पाइएको छ।

१६. नियमनकारी निकायबाट गरिने अनुगमनपश्चात् संस्थामा प्रतिक्रिया तथा प्रतिबद्धताका लागि पठाइने प्रतिवेदन संस्थाको सञ्चालक समितिमा छलफल हुने नगरेको पाइएको छ।

१७. राष्ट्रियस्तरका पुरस्कार तथा सम्मान प्राप्त गरेका कतिपय सहकारीले नै तत्सम्ममा घरजग्गा व्यवसायमा संलग्न, नर्सिङ होम व्यवसायमा संलग्न, कारोबारी सदस्यसँग कारोबार गर्ने, सदस्यहरूलाई प्रमोटर र अन्य भनी विभेद गर्ने गरेको पाइएका छन्।

१८. सम्पत्ति शुद्धीकरण सम्बन्धमा विभागबाट जारी गरिएको निर्देशिकाको पालना गर्ने गरेको पाइएको छैन।

७.३ नेपाल राष्ट्र बैङ्क र सहकारी

१. सहकारी ऐन, २०४८ को दफा २६ मा "सहकारी संस्था वा संघले आफ्ना सदस्यहरूभित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र ऋण लगानी गर्ने लगायतका अन्य बैङ्किङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैङ्कको पूर्वस्वीकृति लिनुपर्ने र यस्ता संस्था वा संघले नेपाल राष्ट्र बैङ्कले तोकेको शर्त तथा निर्देशन पालना गर्नुपर्ने" व्यवस्था रहेको थियो। यस व्यवस्थाले बैङ्क र सहरकारीको नियमनकारी सम्बन्धको सुरूआत गरेको देखिन्छ।

२. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ र सहकारी ऐन, २०४८ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी २०५९ साउन १ गतेदेखि "बैङ्कबाट सीमित बैङ्किङ्ग कारोबार गर्ने गरी ईजाजतपत्र प्रदान गरिएका सहकारीलाई लागू हुने गरी" निर्देशन जारी गऱ्यो।

३. सहकारी ऐन, २०४८ को दफा २६ मा व्यवस्था भए वमोजिम वित्तीय पहुँच वृद्धि गर्ने उद्देश्यले सन् १९९३/९४-२०००/०१ सम्म नेपाल राष्ट्र बैङ्कबाट सीमित बैङ्किङ्ग कारोबार गर्ने गरी ईजाजतपत्र प्रदान गरिएका सहकारीको संख्या ३५ पुगेको देखिन्छ। यसरी बैङ्कबाट ईजाजतपत्रप्राप्त सहकारीलाई वित्तीय संस्था सुपरीवेक्षण विभागमार्फत नियमित सुपरिवेक्षण गर्ने र नियमित सुपरिवेक्षणका क्रममा बैङ्कले दिएका निर्देशन सम्बन्धित सहकारीले लगातार पालना नगरेमा बैङ्कबाट प्रदान गरेको ईजाजतपत्र खारेज गर्ने सम्मका कारबाही हुने गरेका थिए।

४. सहकारी ऐन, २०७४ लागू भएपश्चात् नेपाल राष्ट्र बैङ्कले सहकारीलाई बैङ्किङ्ग कारोबार गर्ने गरी ईजाजतपत्र प्रदान गर्ने व्यवस्था उक्त ऐनमा नरहेकोले २०७५ साउन १ गतेदेखि लागू हुने गरी तात्कालिन अवस्थामा नेपाल राष्ट्र बैङ्कबाट सीमित बैङ्किङ्ग कारोबार गर्न ईजाजतपत्रप्राप्त बाँकी १४ वटा सहकारीलाई बैङ्कको नियामकीय र सुपरिवेक्षकीय दायराबाट अलग गरिएको थियो।

५. हाल, नेपाल राष्ट्र बैङ्कबाट "घ" वर्गको वित्तीय संस्थाका रूपमा "साना किसान विकास लघुवित्त वित्तीय संस्था लि." र अन्य संस्थाको वर्ग अन्तर्गत "राष्ट्रिय सहकारी बैङ्क लि. (२०६७।४।४)" ले ईजाजतपत्र प्राप्त गरेको देखिन्छ। दुवै संस्थाले सहकारी क्षेत्रमा थोक ऋण दिने कार्य गर्दछन्।

६. कृषि सहकारीलाई सहुलियत दरमा थोक ऋण प्रदान गर्ने उद्देश्यले स्थापित "ग्रामिण स्वावलम्बन कोष"को सञ्चालन स्थापनाकालदेखि नेपाल राष्ट बैङ्कले गर्दै आएकोमा २०७६ साउन १ गतेदेखि साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले गर्दै आएको छ। २०४७ साल फागुन १७ गते नेपाल सरकारको ५४ करोड रूपैयाँ र राष्ट्र बैङ्कको २५ करोड ३४ लाख रूपैयाँको लगानीमा उक्त कोषको स्थापना गरिएको थियो।

७. नेपाल राष्ट्र बैङ्कको सहभागितामा २०६६ माघदेखि २०६९ कार्तिकसम्म जम्मा १३५ र २०८० फागुन १० देखि २०८१ जेठ २३ गतेसम्म जम्मा १९ संघ,संस्था गरी कूल १५४ वटा सहकारी संघ, संस्थाको सघन अनुगमन सम्पन्न भएको थियो।

८. हालसालै, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० अन्तर्गत नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा भएका केही संशोधन व्यवस्था देहाय वमोजिम रहेको देखिन्छः-

क) दफा ५ को उपदफा (१) मा खण्ड (च१) र (च२) थपी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने र पचास करोड रुपैयाँ शेयर पुँजी भएको वा त्यति नै रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारीको वित्तीय सुशासन र जोखिमका आधारमा सहकारी विभागको अनुरोधमा सहकारी सम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने समेतका प्रबन्ध समावेश भएको

ख) दफा १००क. थपी तोकिएका सहकारी संस्थाले यस ऐन तथा प्रचलित कानून वमोजिम बैङ्कले जारी गरेका आदेश वा निर्देशनको उल्लंघन गरेमा त्यस्ता सहकारी वा सहकारीका सञ्चालक तथा पदाधिकारी वा कर्मचारीलाई दफा ९९ वमोजिम जरिवाना गर्न वा दफा १०० वमोमिज सजाय गर्न सक्ने भन्ने प्रबन्ध थपिएको।

९. २०८१ सालको मौद्रिक नीतिमा सहकारी सम्बन्धमा देहायका व्यवस्था भएको पाइन्छः-

क) बचत तथा ऋण सहकारी संस्थाको नियमन र सुपरिवेक्षणका लागि छुट्टै संयन्त्र निर्माणका लागि आवश्यक कानून बनाउन नेपाल सरकारसँग समन्वय गरिने, र

ख) नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएको बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघर परिवारको सदस्यको नाममा रहेको सम्पत्तिको धितो सुरक्षणमा पाँच लाख रुपैयाँसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारलाई सहजीकरण गरिने।

१०. नेपाल राष्ट्र बैङ्कले सहकारीमार्फत हुन सक्ने सम्पत्ति शुद्धीकरणका प्रयास नियन्त्रणका लागि विभिन्न सहकारीलाई वित्तीय जानकारी एकाइमार्फत तालिम तथा अभिमुखीकरण प्रदान गर्ने गरेको पाईन्छ।

७.४ निष्कर्ष

१. अधिकांश अवस्थामा गैरसदस्यबाट समेत बचत तथा ऋणको कारोबार गरिरहेका सहकारीमा स्वनियमनको सम्भावना विगतदेखि नै नदेखिएको हो। त्यसैले सहरी र अर्धसहरी क्षेत्रमा सञ्चालित सहकारी स्वनियमनमा सञ्चालन हुने मोहको दुरुह स्थितिबाट मुक्त हुन आवश्यक छ।

२. वित्तीय कारोबार गर्ने कुनै पनि प्रकृतिको संस्थामा सरकारी संयन्त्र नियामक तथा सुपरीवेक्षक बन्न नसक्ने अवस्था विगतदेखि नै अनुभूत हुँदै आएकाले सहकारी विभाग वा प्रादेशिक रजिष्ट्रार कार्यालय वा स्थानीय तहबाट सहकारीको प्रभावकारी नियमन सुपरीवेक्षण हुने मोहबाट पनि मुक्त हुनु आवश्यक छ। सहकारी क्षेत्रमा जटिलता र संकट आउनुमा नियामकीय कमजोरी प्रमुख जिम्मेवार रहेको देखिन्छ।

३. अधिकांश सहकारीका सदस्यलाई सहकारीको आधारभूत ज्ञान, संस्थाको सञ्चालकका बारेमा जानकारी र सहकारी भनेको कस्तो प्रकृतिको कारोबारका लागि हो भन्ने कुराको साक्षरताको अभावका कारणले विभिन्न प्रलोभन तथा उपहार, कमिसन तथा छुट र धेरै व्याजको प्रलोभनमा परी बचत राख्ाले सीमित व्यक्तिले यसको अवाञ्छित फाइदा उठाउन पुगेका हुन्।

४. सहकारीका प्रतिनिधिमूलक निकाय वा सङ्गहरूले सहकारी स्वनियमनमा चल्ने संस्था हुन्, यसमा नियामकीय हस्तक्षेप वा नियन्त्रण आवश्यक नपर्ने दलिल पेश गर्दै व्यावसायिक नियमन सुपरीवेक्षणलाई अस्वीकार गर्ने क्रममा निरन्तर रहँदा सोही कुरामा नियामक निकायको निरन्तर रूपमा सहमति रहँदै आउँदा सहकारीका समस्या जटिल बन्दै गएको हो।

५. सहकारीका बचतकर्ताको निक्षेप सुरक्षा र यस क्षेत्रको निरन्तर रूपान्तरण एवम् विकासका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सशक्तीकरण सहित बचतकर्ताको बचत फिर्ता, एक सय करोड रुपैयाँ वा सोभन्दा बढी कूल सम्पत्ति भएका सहकारीलाई नियमन तथा सुपरीवेक्षणका लागि नेपाल राष्ट्र बैङ्क, एक सय करोड रूपैयाँभन्दा कम र दश करोड रूपैयाँभन्दा बढी कूल सम्पत्ति भएका सहकारीलाई नियमन तथा सुपरीवेक्षणका लागि दोश्रो तहको नियामक निकायको गठन तथा सोभन्दा साना सहकारीको लागि दर्ता भएको स्थानको स्थानीय तहलाई जिम्मेवारी दिनु वाञ्छनीय हुने देखिन्छ।

परिच्छेद-८

सहकारी कसुरमा कारबाही

८.१ परिचय

कसुर भन्नाले कुनै व्यक्ति वा संस्थाले कानूनले तोकेको ऐन, नियम, अधिकार वा कर्तव्यको उल्लङ्घन गर्दै गैरकानूनी कार्य वा अपराध गर्नु हो। कानूनले गर्नु भनेको काम नगर्नु वा कानूनले नगर्नु भनेको काम गर्नुलाई कसुर भनिन्छ। नेपाली वृहत शब्दकोषले कसुरलाई "प्रचलित कानूनले निषेध गरेका कामकुरा गरेमा सजायभागी बन्नुपर्ने कार्य" भनी परिभाषित गरिएको छ।[१०५]

कानून व्याख्या सम्बन्धी ऐन, २०१० ले कानून बमोजिम गरेमा वा नगरेमा सजाय हुने कार्य भनी परिभाषित गरिएको छ।[१०६] मुलुकी अपराध संहिताले कसुरलाई यस संहिता वा कानून बमोजिम सजाय हुने काम सम्झनुपर्ने भनी परिभाषित गरेको छ।[१०७] कसुर कायम अर्थात् घोषणा गर्ने कसुरका लागि सजायको व्यवस्था विधायिका निर्मित कानूनबाट हुने गर्दछ। कानूनको कसुरको प्रबन्ध गर्नुको उद्देश्य गैरकानूनी अर्थात् कानून विपरीतका क्रियाकलापलाई कानूनी रूपमा कसुरको श्रेणीमा राखेर कसुर गर्नेलाई सजायको व्यवस्था गर्नु हो।

सहकारी सम्बन्धी कसुर भन्नाले प्रचलित कानून बमोजिम सहकारी संस्थामा हुने आर्थिक अनियमितता वा कानून विपरीतका क्रियाकलापलाई जनाउँछ। सहकारी ऐन, २०७४ मा कसुर भन्नाले ऐनको दफा १२२ बमोजिम परिभाषित गरिएका कसुर सम्झनु पर्ने उल्लेख छ। यस परिच्छेदमा सहकारी सम्बन्धी अन्य संस्थागत प्रबन्धसँग सम्बन्धित कसुर भन्दा पनि बढी सहकारी संस्थामा बचतकर्ताको बचत अपचलनसँग सम्बन्धित कसुरमा केन्द्रित रही चर्चा, विवेचना र विश्लेषण गरिएको छ।

नेपालमा सहकारीको विकासले सामाजिक, आर्थिक र साँस्कृतिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ। सहकारी प्रणालीले ग्रामीण तथा सहकारी क्षेत्रमा बसोबास गर्ने नागरिकहरूलाई आर्थिकरूपमा सशक्त बनाउनुको साथै सामाजिक तथा साँस्कृतिक एकता कायम राख्न, र स्थानीयस्तरमा विकासको गतिलाई तीव्र बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। तर, सहकारीको प्रवर्द्धन लोकप्रियता बढेसँगै यस क्षेत्रमा गलत कार्यहरू पनि भइरहेका छन्। सदस्यहरूलाई प्रलोभनमा पारी बचत सङ्कलन, वित्तीय हिनामिना, अस्वभाविक बचत सङ्कलन, लेखापरीक्षणमा अनियमितता, कागजातमा नक्कली विवरण राख्ने प्रवृत्ति, नक्कली ऋणी राख्ने, नाम मात्रको सञ्चालक राख्ने, अस्वाभाविक कारोबार गर्ने, निजी स्वार्थमा केन्द्रित भई सहकारीका रकम हिनामिना गरी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण जस्ता कसुरजन्य क्रियाकलाप गर्ने प्रवृति देखिएको छ। यही प्रवृत्तिले गर्दा सहकारीको विश्वसनीयता र सदस्यहरूको आर्थिक सुरक्षामा प्रत्यक्ष असर पुग्याएको छ।

८.२ कानूनी प्रबन्ध

सहकारी कानून र अन्य प्रचलित कानूनमा सहकारी संस्थाको रकम दुरुपयोग सम्बन्धी आकर्षित हुने विषयमा केन्द्रित कसुर, दण्ड, जरिवाना तथा सजाय सम्बन्धमा केही ऐनमा गरिएका व्यवस्था यहाँ प्रस्तुत गरिएको छ।

---

[१०५] नेपाली वृहत शब्दकोष, नेपाल प्रज्ञा प्रतिष्ठान, २०७६, काठमाडौं, पृष्ठ २०६।

[१०६] दफा २ को खण्ड (ध), कानून व्याख्या सम्बन्धी ऐन, २०१०।

[१०७] दफा ३ को खण्ड (ग), मुलुकी अपराध संहिता, २०७४।

८.२.१ सहकारी ऐन, २०७४:

सहकारी ऐन, २०७४ सहकारी संस्थाहरूको सञ्चालन, व्यवस्थापन र नियमनसँग सम्बन्धित विशेष कानून हो। विशेष कानून तब लागू हुन्छ जब कुनै विशेष वा क्षेत्रसँग सम्बन्धित कानूनी प्रश्नको समाधान आवश्यक हुन्छ। विशेष कानूनमा प्रबन्ध भएको विषयमा विशेष कानून लागू हुन्छ भन्ने सामान्य सिद्धान्त रही आएको छ। समान्यतया हरेक कानूनमा कसुर र सजायको प्रबन्ध गरिएको हुन्छ। सहकारी मूल्य मान्यता र सिद्धान्तका अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तीकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सँस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सदस्यकेन्द्रित लोकतान्त्रिक स्वायत्त र स्वशासित सङ्गठनका रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दीगो एवं समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल समेत बनाई एन जारी भएको हो।[१०८]

यस ऐनको परिच्छेद-९ मा कसुर, दण्ड जरिवाना तथा पुनरावेदन सम्वन्धी व्यवस्था गरेको छ। उक्त दफा १२२मा सहकारी ऐन विपरीतका कार्य हुने गरी देहायका कार्यलाई कसुर कायम गरिएको छः-[१०९]

(क) दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अङ्ग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुली हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्य एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफूखुसी परिचालन गरी सहकारी संस्थालाई हानि नोक्सानी पऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

---

[१०८] प्रस्तावना, सहकारी ऐन, २०७४।

[१०९] दफा १२२, सहकारि ऐन, २०७४।

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा सहकारी संस्थालाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्य प्रयोग गरे वा गराएमा,

(ढ) सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्के अर्थ निस्कने वेहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्नेजस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा वेहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरूप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संस्थालाई हानि नोक्सानी पऱ्याउने कार्य गरे वा गराएमा,

(त) सहकारी सस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, विनामूल्य वा कम मूल्यमा कुनै माल वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै सहकारी संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानि नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

तर कुनै काम गर्दा असल नियतले गरेकोमा भने कानूनले बचाउँ गरेको छ।[११०] त्यस्तै उल्लिखित कसुर गरेकोमा देहाय बमोजिम सजाय हुने गरी प्रबन्ध गरिएको छः-[१११]

(क) खण्ड (क), (ग), (ङ) र (थ) को कसुरमा एक वर्षसम्म कैद र एक लाख रुपैँयाँसम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसुरमा दुई वर्षसम्म कैद र दुई लाख रूपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ख) को कसुरमा बिगो बराबरको रकम जरिवाना गरी तीन वर्षसम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च),(छ), (ज), (झ), (आकलन), (ट), (ण) र (त) को कसुरमा बिगो भराई बिगोबमोजिम जरिवाना गरी देहायबमोजिमको कैद हुनेछः

(१) दस लाख रूपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

---

[११०] दफा १२३, सहकारी ऐन, २०७४।

[१११] दफा १२४, सहकारी ऐन, २०७४।

(२) दस लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रूपैयाँभन्दा बढी दस करोड रूपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद ,

(४) एक करोड रूपैयाँ भन्दा बढी दस करोड रूपैयाँसम्म बिगो भए चार वर्ष देखि ६ वर्ष सम्म कैद,

(५) दस करोड रूपैयाँभन्दा बढी एक अर्ब रूपैयाँसम्म बिगो भए ६ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रूपैयाँभन्दा बढी जतिसुकै रूपैयाँ बिगो भए पनि आठ वर्षदेखि दस वर्ष सम्म कैद।

(ङ) खण्ड (ढ) को कसुरमा दश वर्षसम्म कैद।

त्यस्तै कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने र कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा संघ, संस्था भए त्यस्तो निकाय वा संघ, संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्यसम्पादन गर्ने व्यक्तिलाई सजाय हुने व्यवस्था छ।

सहकारी संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै वेहोराबाट कसैले कुनै कार्य गरको पाइएमा त्यस्तो कार्यको प्रकृति र गम्भीरताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था रहेको छ:-[११२]

(क) यो ऐन वा यस अन्तर्गत बनेका नियमविपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको व्ययाजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पुँजीकोषको तोकिएबमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्यबाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गरेमा,

(च) प्राथामिक पुँजीकोषको पन्ध्र गुणाभन्दा बढी हुने गरी बचत सङ्कलन गरेमा,

(छ) शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैरसदस्यसँग कारोबार गरेमा,

[११२] दफा १२५, सहकारी ऐन, २०७४।

(झ) सहकारी संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

त्यस्तै उल्लिखित वेहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छः-

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम दिएको कुन निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐनबमोजिम निर्वाचन नगरी सीमित तथा लेखा सुपरिवेक्षणसम्म समितिका पदाधिकारीहरू आफूखुसी परिवर्तन गरेमा,

(घ) कुनै सहकारी संस्थाले दफा १५ को उपदफा (४) बमोजिमको तोकिएको सर्त पालना नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमविपरीत अन्य कार्य गरेमा।

रजिष्ट्रारले माथि उल्लेख भएबमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख सम्बन्धित निकायलाई सिफारिस गर्न सक्ने र सोको जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई दिनुपर्ने व्यवस्था छ।[११३] एकपटक जरिवाना भैरहेको व्यक्तिले पुनः सोही कसुर गरेका दोस्रोपटकको लागि दोब्बर जरिवाना गर्ने व्यवस्था छ।[११४] सर्वोच्च अदालतले नारायण थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा आफ्नो सहकारी संस्था राम्रो व्याज दिने भनी आकर्षण देखाई रकम जम्मा गर्न लगाई निजहरूले भागेका वखत रकम फिर्ता नदिई संस्था नै वन्द गरी हिंडेको कार्यलाई बचतकर्ताहरूलाई गफलतमा पारी धोका दिएको होइन भन्न कानूनतः नमिल्ने भनी व्याख्या गरेको छ।[११५]

त्यसैगरी अजीतराज ढुङ्गेल विरुद्ध नेपाल सरकार भएको मुद्दामा सहकारीको रकम आफू खुशी नियम, विनियम तथा संस्थागत प्रक्रिया बाहेक खर्च गर्न सक्दैन। त्यस्ता कार्यमा आपराधिक मनसाय थिएन भन्न सकिँदैन। मुद्दा आरम्भ भैसकेपछिका कुनै भनाई वा पत्रचार विवादित कार्य हुँदाका कुनै अभिलेखबाट पुष्टि नभएमा सो लाई प्रमाणका रूपमा ग्रहण गरी कुनै न्यायिक अवधारणा वनाउन नमिल्ने। ऐन, विनियमको व्यवस्था नै नगरेको प्रक्रिया अपनाई संस्थाको कुनै कारोबार गरिन्छ भने सो कार्यमा संलग्न व्यक्ति व्यक्तिगतरूपमा जिम्मेवार हुनुपर्ने भनी व्याख्या गरेको छ।[११६]

८.२.२ मुलुकी अपराध संहिता २०७४

मुलुकी अपराध संहिता, २०७४ फौजदारी कसुर सम्बन्धी सामान्य कानून हो। यसले सबै खालका फौजदारी कसुरलाई समेट्दछ। कुनै विशेष कानूनमा विशेष प्रबन्ध गरी कसुरको घोषणा भई दण्डसमेत कायम भएकोमा बाहेक त्यस्तो छुट्टै प्रबन्ध नभएकोमा यस कानूनको प्रबन्ध आकर्षित

[११३] दफा १२६, सहकारी ऐन, २०७४।

[११४] दफा १२७, सहकारी ऐन, २०७४।

[११५] नेपाल कानुन पत्रिका २०६६, अङ्क ४ निर्णय नम्वर ८११९।

[११६] नेपाल कानून पत्रिका २०७०, अङ्क ४, निर्णय नम्वर ८९९९।

हुन्छ।[११७] यो कानून सबैका लागि लागू हुन्छ। विशेष कानूनको अभाव र दैनिक जीवनका सामान्य कानूनी विवाद, जस्तै सम्पत्ति विवाद, व्यक्तिगत अधिकार लगायत मुद्दाहरूमा सामान्य कानून लागू हुन्छ।

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद -२१ अन्तर्गत ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) लाई आपराधीकरण गरी कसुरको रूपमा व्यवस्था गरेको छ। दफा २४९ ले ठगीसम्बन्धी कसुरका सम्बन्धमा उल्लेख गरेको छ। उक्त दफाले "कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, झुक्काई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानी, नोक्सानी वा क्षती पुर्याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा" ठगी गरेको मानिने उल्लेख गरिएको छ।

तसर्थ, ठगी भन्नाले कसैको विश्वासमा धोका दिएर, गलत जानकारी वा झुटो प्रस्तुत गरेर, वा कुनै सामान, सेवा, वा सम्पत्ति प्राप्त गर्नका लागि प्रलोभन देखाएर, अर्को व्यक्तिको सम्पत्ति वा अधिकारमा हानी पुऱ्याउनु हो। यो एक त्यस्तो कसुर हो जसमा कसुरवालाले पीडितलाई छलछाम र भ्रममा पारेर उसको सम्पत्तिमाथि कब्जा जमाउने वा आर्थिक नोक्सानी पुऱ्याउने कार्य गर्दछ। सहकारी संस्थामा संलग्न सञ्चालक, कर्मचारी तथा व्यक्तिहरूले, सदस्यहरू तथा संस्थाको सम्पत्ति तथा वित्तीय व्यवस्थालाई गलत तरिकाले हानि पुऱ्याउने, धोका दिने वा छलकपट गरी प्रचलित कानूनको उल्लङ्घन गरी संस्थालाई आर्थिक क्षति पुऱ्याउँछन् भने त्यस्तो अवस्थामा यो कानून आकर्षित गरी मुद्दा चलाउने प्रचलन रहेको छ। सहकारी ऐनले परिकल्पना नगरी किटानी नगरेका कसुर भएको अवस्थामा पनि सामान्य कानून अन्तर्गत मुद्दा चल्न सक्ने अवस्था रहन्छ।

ठगीको कसुर गर्ने व्यक्तिलाई कैद र जरिवाना दुवैको व्यवस्था गरेको छ। ठगीको प्रकृति र रकमअनुसार सजायको प्रावधान पनि फरक फरक छ। सजायको व्यवस्था देहाय बमोजिम गरेको छ:-[११८]

(क) भ्रष्टचार हुनेमा बाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा दश वर्षसम्म कैद र एक लाख जरिवाना,

(ख) आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटी ठगी गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना,

(ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमको ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना।

त्यस्तै बालबालिका, होस ठेगानामा नरहेको व्यक्ति, असहाय, निरक्षर वा पचहत्तर वर्ष माथिको व्यक्तिलाई ठगी गरेकोमा माथि उल्लिखित सजायमा थप एक वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।[११९]

यसै सन्दर्भमा सर्वोच्च अदालतले नेपाल सरकार विरुद्ध रमिलादेवी राउत ठगी मुद्दामा सहकारी संस्थाको सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूलाई के कस्तो अवस्थामा ठगीको कसुरमा

[११७] दफा ५, मुलुकी अपराध संहिता, २०७४।

[११८] दफा २४९ को उपदफा (३), मुलुकी अपराध संहिता, २०७४।

[११९] दफा २४९ को उपदफा (४), मुलुकी अपराध संहिता, २०७४।

संलग्न रहेको मान्नुपर्ने भन्ने व्याख्या गरेको छ।[१२०] उक्त फैसलामा *ठगीको सम्बन्धमा, "the law does not define fraud: it needs no definition: it is old as falsehood and as variable as human ingenuity" भन्ने Judge Holmes को भनाई महत्त्वपूर्ण देखिन्छ। ठगी कतिपय अवस्थामा ठगीको तरिकालाई मात्र नहेरी त्यसको प्रभावलाई पनि हेरिन्छ। कानूनमा ठगीको परिभाषा सामान्य अथवा विशेष रूपमा हुन सक्दछ तर ठगीको कसुरको प्रकृतिको तरलतालाई हेर्दा न्यायिक व्याख्याको क्रममा सम्बन्धित ऐनमा ठगीको कसुरलाई विशेषरूपमा उल्लेख नगरिएको भएमा साबिक मुलुकी ऐन, प्रारम्भिक कथनको ४ नं. को आधारमा सामान्य कानूनको प्रावधान आकर्षित हुने नै देखिन्छ। यसर्थ ठगी जुनसुकैरूपमा भएको भएता पनि सामान्य कानूनको प्रावधान आकर्षित हुने नै देखिन्छ। सामान्य कानून विद्यमान भएको अवस्थामा कुनै विशेष ऐनमा ठगीसम्बन्धी प्राबधान छैन भनी उक्त कसुर सम्बोधन नहुने अवस्था रहने देखिँदैन* भनी सहकारीसँग सम्बन्धित कसुरलाई आपराधीकरण गर्ने अलग्गै विशेष कानून भएता पनि उक्त कसुरका सम्बन्धमा सामान्य कानूनमा भएको ठगी सम्वन्धी व्यवस्था आकर्षित हुने व्याख्या गरेको छ।

त्यसैगरी नेपाल सरकार विरुद्ध दीपक वस्याल भएको ठगी मुद्दामा संस्थाका पदाधिकारीहरूले नियतबश बचतकर्तालाई झुक्याई रोजगारी वा उच्च प्रतिफल दिने भन्ने गफलतमा पारी रकम जम्मा गरेको देखिन आएबाट साविक मुलुकी ऐन, ठगीको १ नं. मा उल्लिखित सम्पूर्ण तत्वहरू विद्यमान रहकोले ठगीतर्फ अनुसन्धान, कारबाही भई अभियोग दायर भएको कार्य कानूनसम्मत देखिने, प्रलोभन देखाएर सर्वसाधारणको रकम लिने र कवूल गरिएको शर्त अनुसार फिर्ता नगर्ने कार्यलाई सामान्य अर्थमा शुद्ध लेनदेन सम्बन्धी व्यवहार मात्र नमिल्ने भनी व्याख्या गरेको पाइन्छ।[१२१]

८.२.३ संगठित अपराध निवारण ऐन, २०७०

संगठित अपराध आपराधिक क्रियकलापमा संलग्न समूहहरूद्वारा नियन्त्रित र दीर्घकालीन आपराधिक संगठन हो जुन आर्थिक लाभ हासिल गर्ने कार्यमा संलग्न हुन्छन्। सहकारी र संगठित अपराधबीचको सम्वन्ध जटिल र संवेदनशील छ। कतिपय अवस्थामा सहकारी संस्थाहरूलाई सहकारीको मूल्य मान्यता विपरीत संगठित अपराधका समूहहरूले आफ्नो अवैध गतिविधिहरूलाई ढाकछोप गर्न वा वित्तीय फाईदा लिने माध्यमका रूपमा प्रयोग गर्ने गर्दछन्।

विशेष बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरू आर्थिक लेनदेनमा संलग्न हुने भएकोले, संगठित अपराधसँग सम्बन्धित स्रोत र स्थलका रूपमा रहन सक्ने खतरा हुन्छ। नेपालमा हाल समस्यामा परेका केही सहकारीको विकासक्रम अध्ययन गर्दा सहकारीको स्थापना गर्नु पहिला विभिन्न नेटवर्किङ व्यवसाय गोल्डक्वैष्ट (Gold Quest) र इफिम्याक्स जस्ता विदेशी कम्पनीले मल्टीलेभल मार्केटिङ मोडल प्रयोग गरी नेटवर्क व्यवसाय गरी जनतालाई उच्च प्रतिफल दिने भनि भ्रममा पारी सुनको सिक्का तथा अन्य विलासिताका समानहरू वेच्न लगाई नयाँ सदस्य बनाई करोडौं रकम उठाई ठगी गरेको कम्पनीमा मार्केटिङमा संलग्न भएका व्यक्तिहरू नै पछि हर्वो इन्टरनेशनल खोली नेटवर्किङ व्यवसायमा संलग्न भएको र नेटवर्किङ व्यवसायमा कानूनी बन्देज लागेपछि पैसा कमाउने माध्यमका रूपमा सहकारीलाई लिएको देखिन्छ।

एकै व्यक्तिले ४/५ वटा सहकारी सञ्चालन गर्ने, सहकारी संस्थामा नाम मात्रको सञ्चालकहरू राख्ने, अध्यक्ष एवं संरक्षक मात्रको एकल मौखिक निर्णयमा व्यवस्थापक वा कर्मचारीले विना सुरक्षण कर्जा प्रवाह गर्ने, ऋण समयमा नै असुलउपर नगर्ने, ऋणमाथि ऋण गाभ्ने, ऐनको मूल्य मान्यता विपरीत

---

[१२०] नेपाल कानून पत्रिका २०७९, अङ्क ९, निर्णय नम्वर १०९४१।

[१२१] नेपाल कानून पत्रिका २०६७, अङ्क १, निर्णय नंम्वर ८३०२।

असामान्य आर्थिक लेनदेन, प्राइभेट कम्पनीमा लगानी, फर्जी ऋणी देखाई आर्थिक अपचलन गर्ने, पारदर्शिता नराखी संस्थाको दीर्घकालीन स्थायित्वलाई जोखिममा पार्ने जस्ता कार्य गर्ने गरेका छन्। यसरी सञ्चालकहरूले एक आपसमा मिली सहकारीको नाममा सदस्यहरूबाट बचत सङ्कलन गर्ने र तिनीहरूको बचत दुरूपयोग गरी व्यक्तिगत फाइदाका लागि रकम हिनामिना, आर्थिक लाभ प्राप्त गर्नका लागि गैरकानूनी गतिविधि गर्ने प्रवृत्ति समेत देखिएका छन्।

नेपालमा संगठित अपराध निवारण ऐन, २०७०, संगठित अपराध नियन्त्रणलाई लक्ष्य बनाएको छ। यो आफैमा मूल कसुर नभई अन्य कसुर गर्ने क्रममा अपनाइने बाट वा मार्गसँग सम्बन्धित हुन्छ। कानूनमा सङ्गठित अपराध अनुसन्धानमा थप अवधि लिन सकिने र थप सजाय हुने गरी प्रबन्ध गरिएको छ। तर मूल कसुर स्थापित हुन नसकेसम्म सङ्गठित अपराध कसुर स्थापित हुन सक्दैन। संगठित अपराध निवारण ऐन, २०७० ले तीन जना वा सोभन्दा बढी मिलेर गरेको देहायका कसुरलाई सङ्गठित अपराध मानेको छ। यसका तत्वहरू देहाय बमोजिम रहेका छन्:-[१२२]

- आपराधिक समूहको लाभको लागि,
- आपराधिक समूहको निर्देशनमा,
- आपराधिक समूहको तर्फबाट,
- आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गर्नु।

यस ऐनका मुख्य व्यवस्थाहरूमा अनुसन्धानमा प्रहरीले विशेष अधिकार पाउने, तहकिकातका लागि आवश्यकतानुसार विशेष अनुसन्धान टोली गठन गर्न सक्ने तथा विशेष अनुसन्धान पद्धति अपनाउन सकिने, अदालतको अनुमति लिई अभियुक्तलाई पटक पटक गरी ६० दिनसम्म हिरासतमा राख्न सकिने, सम्पत्ति रोक्का राख्न सकिने, कारोबारको विवरण माग्न वा खाता रोक्का राख्न सकिने, राहदानी रोक्का राख्न सकिने, टेलिफोन खास सञ्चारको विवरण माग गर्न सकिने, सञ्चार माध्यम निस्क्रिय गर्न सकिने, सजायको मागदावीमा छुट दिन सकिने, थप अभियोग लगाउन सकिने, अभियुक्तलाई श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने लगायत रहेका छन्।

त्यस्तै प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर र भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसुरबाहेक आपराधिक समूह स्थापना गर्न नहुने, न्यायिक कारबाहीमा अवरोध गर्न नहुने, विध्वंसात्मक कार्य गर्न नहुने र आपराधिक लाभ (एक्सटर्सन) लिन नहुनेः कसैले नियमतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउ ज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरू कसैको लागि नगदी, जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गर्न वा गराउन नहुने लगायतका कसुरलाई गम्भीर अपराधका रूपमा सूचीकृत समेत गरेको छ। ऐनमा सङ्गठित अपराध कसुर गरेकोमा मूल सजायमा थप सजाय हुने र क्षतिपूर्ति समेत भराउनु पर्ने व्यवस्था छ।

राहदानी ऐन, २०७६ को दफा १२ मा राहदानी, अध्यागमन, भ्रष्टचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, अपहरण, लागू औषध, अवैध हातहतियार कारोबार, संगठित अपराध वा आतङ्कवाद सम्बन्धी कसुरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का

[१२२] दफा ३, सङ्गठित अपराध निवारण ऐन, २०७०।

राख्न लेखी पठाएमा र राहदानी, अध्यागमन, भ्रष्टचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, अपहरण, लागू औषध, अवैध हातहतियार कारोबार, संगठित अपराध वा आतङ्कबाद सम्वन्धी कसुरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेश बमोजिम त्यस्ता व्यक्तिको राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएमा राहदानी जारी नगर्ने वा रोक्का राख्ने व्यवस्था गरेको छ त्यसैगरी सोही ऐनको दफा १५ ले राहदानी रद्द गर्न सक्ने व्यवस्था अन्तर्गत अदालतको आदेशबाट राहदानी रद्द वा खारेज भएमा राहदानी रद्ध गर्न सक्ने व्यवस्था गरेको छ।

सर्वोच्च अदालतले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत भएको मुद्दामा संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ। अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न। वृहत योजना र विस्तारित तयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ। पृथक पृथक व्यक्तिको फरक फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ भनी व्याख्या गरेको पाइन्छ।[१२३]

८.२.४ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४

नेपालमा सहकारीमा सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय बढ्दो चिन्ताको विषय बनेको छ। सहकारी संस्थाहरू स्थानीयस्तरमा बचत र ऋणको व्यवस्थापन गर्ने वित्तीय संस्थाहरू हुन्। यी संस्थाहरूले शेयर सदस्यहरूबाट बचत सङ्कलन र ऋण प्रवाह गरी वित्तीय कारोबारमा संलग्न हुन्छन्, तसर्थ यी संस्थाहरूलाई पनि गलत प्रयोजनका लागि प्रयोग गर्ने सम्भावना रहन्छ। यस्ता संस्थाहरूले सञ्चालन गर्ने वित्तीय गतिविधिहरूमा सम्पत्ति शुद्धीकरणको जोखिम रहन सक्छ।

सम्पत्ति शुद्धीकरण प्रक्रियामा अवैध स्रोतबाट रकमलाई वैध देखाउन वित्तीय प्रणालीमा पुनः लगानी गरिने हुनाले विशेष गरी सहकारीमा सङ्कलित बचतलाई शुद्धीकरणको माध्यम बनाउन खोज्ने तत्वहरूको उच्च जोखिम हुन सक्दछ। हाल समस्याग्रस्त वा समस्यामा परेका सहकारीमा बचतको अवस्था हेर्दा एकै व्यक्तिले करोडौं रूपैयाँ सम्म पनि बचत गरेको देखिन्छ भने त्यसको आयस्रोत तिर सहकारीको ध्यान गएको अवस्था देखिँदैन। तसर्थः आयस्रोत वा आर्थिक अवस्थाको तुलानामा कुनै सदस्यको सहकारीमा बचत अस्वभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुन सक्दछ त्यसको अनुसन्धान हुन आवश्यक छ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन,२०६४ तथा सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०६५ को प्रभावकारी कार्यान्वयनद्धारा सहकारी संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्न सहकारी ऐन, २०७४, को दफा १५०.क ले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन पालना गर्नु पर्ने भनि व्यवस्था गरेको छ भने सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, को दफा ७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्विकृतिमा सहकारी विभागले २०७४ सालमा सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धि सहकारी संघसंस्थालाई निर्देशन समेत जारी गरी निम्न व्यवस्था गरेको छ।

सदस्यको पहिचान (KYM) सहकारीहरूले आफ्नो सदस्यको पहिचान र सम्वन्धित जानकारीको सही तरिकाले अभिलेख राख्नु पर्दछ। KYM फारममा सदस्यको नाम, ठेगाना, व्यावसायिक विवरण, नागरिकता प्रमाण र अन्य आवश्यक विवरणहरूको सङ्कलन गरी व्यक्तिको हकमा औंठा छाप र संस्थाको हकमा संस्थाको आधिकारिक छाप लगाउनु पर्दछ। वास्तविक धनीको पहिचानः सदस्यले

---

[१२३] नेपाल कानून पत्रिका २०६७, अङ्क २, निर्णय नम्वर ८३२१।

पेश गरेको विवरण, कारोबार र निजको हैसियत मिल्छ वा मिल्दैन?, सदस्यको काम कारोबार उपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ छैन?, सदस्यको पुख्यौंली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ, देखिँदैन ? लगायतका कुराहरू। असामान्य कारोबार मान्नु पर्नेः एकैपटक वा पटक-पटक गरी वार्षिक रू. ३० लाख भन्दा बढीको बचत तथा कर्जा भुक्तानी लगायत। सीमा कारोबारको स्रोत खुलासा गर्नुपर्नेः संस्थाले १० लाख वा सोभन्दा बढीको देहायको कारोबार गर्दा सम्बन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनुपर्ने। निरन्तर अनुगमन गर्ने, वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नु पर्ने जस्ता व्यवस्था गरेको छ। तर, यो निर्देशन हाल समस्यामा आएका कतिपय सहकारीहरूले पालना गरेको अवस्था देखिएको छैन। गैरकानूनी गतिविधिहरूको नियन्त्रण, आर्थिक पारदर्शिता, सहकारीको स्थायित्व र प्रतिष्ठाको लागि सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण गर्न जरुरी देखिन्छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४, नेपालमा सम्पत्ति शुद्धीकरण अर्थात अवैध स्रोतबाट आर्जन गरिएको सम्पत्तिलाई कानूनी रूपमा वैध देखाउने कार्यको नियन्त्रण गर्न बनाइएको कानून हो। यस ऐनको प्रास्तावनामा नै अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने भन्ने उद्देश्य रहेको छ। अपहरण, भ्रष्टचार, आतंकबाद तथा राजश्वको छली आदि गैरकानूनी लगायत कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस र आपाराधिक कार्य रोकियोस भनि निवारणात्मक प्रयोजनको लागि यो ऐन आएको हो। यस ऐनको दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलानामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको छ। अस्वभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भनी प्रमाणित गर्नु पर्ने भार प्रतिवादीमा राखिएको छ। यस ऐनले अवैध रूपमा आर्जन गरिएका सम्पत्तिहरूको पहिचान, अनुसन्धान, कारबाही र रोकथामको लागि आवश्यक प्रक्रिया र दण्ड सहितका प्रावधानहरूको व्यवस्था गरेको छ।

यस ऐनमा उल्लेख गरेका कसुरहरूमाः सम्पत्ति शुद्धीकरण गर्न नहुने, आतंककारी कार्यमा वित्तीय लगानी गर्न नहुने, विदेशमा गरेको कार्य कसुर हुने, बेनामी वा काल्पनिक नाममा कारोबार गर्न नहुने, ग्राहकको पहिचान गर्न पर्ने, वास्तविक धनीको पहिचान गर्नु पर्ने, खास कारोबारमा विशेष ध्यान दिनुपर्ने, नियमनकारी निकायको काम,कर्तव्य र अधिकार प्रति कर्तव्यनिष्ठ हुनु पर्ने; सूचक संस्थाको जोखिमको पहिचान, मूल्याङ्कन तथा अनुगमन गर्ने तथा जोखिमको पहिचान, मूल्यांकन, तथा अनुगमन गर्ने तथा जोखिम व्यवस्थापन गर्न पर्याप्त तथा प्रभावकारी उपाय अवलम्बन गर्ने लगायतका व्यवस्थाहरू यस ऐनले गरेको छ।

यस ऐनको परिच्छेद ५ मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा लगानी गर्नेलाई सजाय सम्बन्धि व्यवस्था गरेको छ। दफा ३० को (१) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्य हेरी दुई वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुने, (२) दफा ३ को उपदफा (२) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गर्ने व्यक्तिलाई उपदफा (१) मा उल्लिखित सजायको आधा सजाय हुनेछ भन्ने लगायत अन्य उपदफामा कसुर बमोजिमको सजायको उल्लेख गरेको छ।

त्यसैगरी दफा ३४ मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसुर प्रमाणित भएमा कसुरसँग सम्बन्धित जोसुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको स्वार्थ रहे भएमा देहायको सम्पत्ति वा साधन जफत हुनेछ भनि व्यवस्था गरेको छ जसमाः

शुद्धीकरण गरिएको सम्पत्ति,

- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसुरसँग सम्बन्धित साधन,
- आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसुरबाट प्राप्त सम्पत्ति,
- आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसुरबाट प्राप्त सम्पत्ति,
- आतङ्ककारी कार्यमा वित्तीय लगानीको लागि वा आतङ्ककारी कार्य वा आतङ्कारी व्यक्ति, आतङ्ककारी संगठनले प्रयोग गरेको वा प्रयोग गर्न छुट्टाइएको वा प्रयोग गर्न खोजिएको सम्पत्ति, र
- आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसुर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको साधन।

यसैगरी दफा ३४(क)। यस ऐन बमोजिमको कसुरबाट कसैलाई हानी नोक्सानी पुगेको रहेछ भने हानि नोक्सानीको विगो खुलेकोमा कसुरदारबाट त्यस्तो बिगो असुल गरी पीडितलाई भराई दिनु पर्नेछ। दफा ३४ (ख) कसैले यस ऐन अन्तर्गतको कुनै कसुर गरेको कारणबाट कसैको जीउ, धनको हानि नोक्सानी भएको रहेछ भने कसुरबाट पीडित व्यक्तिलाई त्यसको मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ भनी व्यवस्था गरेको छ।

त्यसैगरी सर्वोच्च अदालतले, नेपाल सरकार विरुद्ध माधवकुमार भागत (ने का प २०६७ अंक २ नि नं ८३२१) मा सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४५ को दफा २८ मा भएको कानूनी व्यवस्था अनुसार बरामद भएको अबैध रूपैयाँ सम्पति शुद्धीकरण गर्ने उद्धेश्य नराखी आफूले व्यापार व्यवसाय वा अन्य कुनै व्यक्ति वा स्रोतबाट प्राप्त गरेको हुँ भन्ने पक्षले वस्तुनिष्ठ प्रमाणबाट सो कुरा प्रमाणित गर्नुपर्ने भनी व्याख्या गरेको छ।

त्यसै गरी विशेष अदालतले नेपाल सरकार विरुद्ध इच्छाराज तामाङ समेत भएको (मुद्दा नं ०७९-CR-०२२) मा प्रतिवादी इच्छाराज तामाङलाई सम्पत्ति सुद्धिकरण निवारण ऐन, २०६४ को दफा ३०(क) बमोजिम विगो रु १,७२,४४,५९,०९७/७५ बराबर जरिवाना र ३ वर्ष कैद हुने, प्रतिवादी श्रृजना शाक्यलाई ऐ.ऐ दफा बमोजिम विगो रु. १,०३,५४,४३,४८७/१० बरावर जरिवाना र १ वर्ष ६ महिना कैद हुने ठहर। प्रतिवादी केशवलाल श्रेष्ठको हकमा ऐ.ऐ. बमोजिम विगो रु. २५,६५,८६,१२४/३७ बराबर जरिवाना र १ वर्ष ६ महिना कैद हुने ठहर गरेको छ। ऐ ऐनको दफा ३४(१) र २८ (२) बमोजिम प्रतिवादी इच्छाराज तामाङ, श्रृजना शाक्य तामाङ, प्रतिक्षा तामाङ, र प्रतिष्ठा तामाङ, केशबलाल श्रेष्ठको नाममा रहेको सम्पत्ति जफत हुने ठहर गरी यिनै प्रतिवादीहरूउपर काठमाडौं जिल्ला अदालतमा विचराधीन ठगी मुद्दामा यी प्रतिवादीहरू उपर कसुर ठहर भएमा पीडितको विगो भरिभराउ गर्ने कार्यले नै प्राथमिकता पाउने भनि फैसला गरेको छ। यसको पूर्ण फैसला आउन बाँकी रहेको छ।

८.३ कसुरको वर्तमान अवस्था

सहकारी संस्थाहरूमा वित्तीय अपचलन, ठगी, अनियमितता र पारदर्शिताको अभावले सहकारी कसुरका घटनाहरू बढेका छन्। यसै सन्दर्भमा विगत दशवर्षको अवधिमा सहकारी संस्थाको बचत रकम अपचलन सम्बन्धमा प्रहरीमा उजुरी दर्ता भएका सहकारीको विवरण, सहकारी संस्थाको बचत रकम अपचलन सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालय, उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ता कार्यालयमा हाल

चलिरहेका मुद्दाको विवरण र सहकारी ठगी एवं रकम हिनामिना सम्बन्धी मुद्दामा जिल्ला अदालतहरूबाट भएका फैसला र कार्यान्वयनको अवस्थाबारे देहाय बमोजिम उल्लेख गरिएको छ।

८.३.१ कसुरको सूचना दर्ता सम्बन्धी विवरण

विगत दश वर्ष अवधिमा प्रहरीमा उजुरी दर्ता भएका सहकारीको संख्या

क्र.सं.	प्रदेशको नाम	प्रहरीमा कसुरको सूचना दर्ता भएका सहकारी संख्या	प्रकाउ शङ्कित/अभियुक्त	फरार अभियुक्त
१	कोशी प्रदेश	३४	८१	८४
२	मधेश प्रदेश	२७	५०	११८
३	बागमती प्रदेश	१८	४६	९६
४	गण्डकी प्रदेश	२०	१४८	२३९
५	लुम्बिनी प्रदेश	१८	८६	१४२
६	कर्णाली प्रदेश	०६	७	२२
७	सुदूरपश्चिम प्रदेश	०८	२७	५४
काठमाडौं उपत्यका र केन्द्रीय अनुसन्धान ब्यूरोको विवरण				
१	काठमाडौं उपत्यका	१०७	१५५	६६६
२	केन्द्रीय अनुसन्धान ब्यूरो	२०	६९	१२७
कूल जम्मा		२५८	६६९	१५४०

स्रोतः प्रहरी प्रधान कार्यालय, काठमाडौं

८.३.२ अदालतमा दायर भएका मुद्दाहरूको विवरण

मुद्दा चलेको सहकारी संस्थाको बचत रकम अपचलन सम्बन्धमा जिल्ला सरकारी वकील, उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ता कार्यालयको विवरण

क्र.सं.	जिल्ला सहकारी वकील कार्यालयहरूमा			जम्मा बिगो
	जाहेरवालाको संख्या	अभियुक्तको संख्या	जम्मा मुद्दा	
१	२४२२४	१३९१	१११	१९०,४६,४१,५५७,
पुनरावेदनको रोहमा				
२	उच्च सहकारी वकिल कार्यालयहरूमा			१०८०,५६,८९९,
	नेपाल सरकारको पुनरावेदन	प्रतिवादीको पुनरावेदन	जम्मा	
	५	३	८	
३	महान्यायाधिवक्ताको कार्यालयमा			१८४५,६६,५५६,
	नेपाल सरकारको पुनरावेदन	प्रतिवादीको पुनरावेदन	जम्मा	
	९	५	१४	

स्रोतः महान्यायाधिवक्ताको कार्यालय

८.३.३ सहकारी ठगी एवं रकम हिनामिना सम्बन्धी विचाराधीन मुद्दाको जिल्लागत विवरण

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
१	सल्यान जिल्ला अदालत	१	०८०-C१-००५४	ठगी	हरीकला मल्ल समेतको जाहेरीले नेपाल सरकार	हेमन्त वली	
२	नवलपुर जिल्ला अदालत	२	०८०-C१-०१८३	सहकारी रकम हिनामिना(सहकारी ठगी)	सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेशको च.नं ४३२ मिति २०८०।१२।२३ गतेको पत्र जाहेरीले नेपाल सरकार	बर्ष ३६ योगेन्द्र पाण्डे समेत ३५	जिल्ला नवलपरासी पूर्व कावासोती-३ स्थित छिपछिपे सहकारी लि
३	डडेलधुरा जिल्ला अदालत	३	०८०-C१-००३६	सहकारी ठगी	हिक्मत बहादुर ठकुराठी समेत ने.स	गिता शर्मा समेत १६	
४	सिन्धुपाल्चोक जिल्ला अदालत	४	०८०-C१-००९०	ठगी	जंगलाल श्रेष्ठको जाहेरीले नेपाल सरकार	लक्ष्मी नारायण श्रेष्ठसमेत १४ जना	चालु
	सिन्धुपाल्चोक जिल्ला अदालत	५	०८०-C१-००३५	ठगी	हेम लाल प्रधान को जाहेरीले नेपाल सरकार	राज सापकोटा सुनार भन्ने राज सापकोटा	मिति २०८१।०३।३१ मा अभियोगदावी नपुग्ने फैसला भएकोमा फैसलाको पूर्ण पाठ तयार हुन बाँकी रहेको
५	लमजुङ जिल्ला अदालत	६	०८०-C१-००४३	सहकारी ऐन, २०७४ अन्तर्गतको कसुर र ठगी	चिजकाजी घले समेत जना ७४ को जाहेरीले वादी नेपाल सरकार	शिवराम शिलवाल समेत जना ३४	चालु

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
६	मकवानपुर जिल्ला अदालत	७	०८०-C१-००४६	सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	राजु शाखकर्मी चागुँनारायण-३ भक्तपुर	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	तेजबहादुर तामाङ काठमाडौं-३४ काठमाडौं	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	सरस्वती सेढाई हेटौंडा-१४ मकवानपुर	तारेखमा
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	निभा अवाले खैरहनी-८ चितवन	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	लिलानाथ गौतम मध्यपुरठिमी-४ भक्तपुर	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	रोशन भट्टराई हेटौंडा-११ मकवानपुर	तारेखमा

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	अमिश राजभण्डारी ललितपुर-४ ललितपुर	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	गीता शर्मा काठमाडौं-४ काठमाडौं	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	बिपना चौलागाई हेटौंडा-५ मकवानपुर	तारेखमा
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	यशोधा कुमाल हेटौंडा-११ मकवानपुर	तारेखमा
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	केदारनाथ शर्मा काठमाडौं-४ काठमाडौं	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	पुस्कर मल्लटोखा-११ काठमाडौं	फरार

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	सुर्दशन गुरुङ हेटौंडा-१० मकवानपुर	तारेखमा
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	प्रज्जवल पौडेल हेटौंडा-१ मकवानपुर	तारेखमा
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	युवराज थापा भरतपुर-९ चितवन	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	दिपक बहादुर ऐर गोदावरी-२ कैलाली	फरार
				सहकारी ऐन, २०७४ को कसुर तथा संगठित अपराध	रामशरण कार्की समेत जना ३२१ जनाको जाहेरीले वादी नेपाल सरकार	सुशिल बानिया काठमाडौं-७ काठमाडौं	फरार
७	भक्तपुर जिल्ला अदालत	८	०७९-C१-०३४५	सहकारी रकम हिनामिना	भुवन महर्जन समेत जान १०४१ को जाहेरीले वादी नेपाल सरकार	पुष्कर मल्ल समेत जना १०	३८ करोड विगो

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
		९	०८०-C१-०३६०	सहकारी रकम हिनामिना	गोविन्द भट्टराई समेत जना ३५६ को जाहेरीले वादी नेपाल सरकार	गिता शर्मा समेत जना १७	४४ करोड विगो
८	ओखलढुङ्गा जिल्ला अदालत	१०	०८०-C१-००३८	ठगी सम्बन्धी कसुर	तिलक श्रेष्ठ समेतको जा.नेपाल सरकार	विन्दु भन्ने विनोद कुमार सुनुवार समेत	
९	कैलाली जिल्ला अदालत	११	०८०-C१-०३०२	सहकारी ऐन अन्तरगतको कसुर	बैकुण्ठ देव अवस्थी समेतका २८९९ को जाहेरीले नेपाल सरकार	केदारनाथ शर्मा समेत १५ जना	
		१२	०८०-C१-०३०१	सहकारी ऐन अन्तरगतको कसुर	प्रबेश राना समेतका ७४५ जना को जाहेरीले नेपाल सरकार	केदारनाथ शर्मा समेत १५ जना	
		१३	०८०-C१-०३००	सहकारी ऐन अन्तरगतको कसुर	शोभा बि.क.समेतका २६४ जना को जाहेरीले नेपाल सरकार	केदारनाथ शर्मा समेत १५ जना	
		१४	०८०-C१-०७०५	सहकारी ऐन अन्तरगतको कसुर	तुलाराम उपाध्यायको को जाहेरीले नेपाल सरकार	देबकी कुमारी जोशी समेत ४ जना	
१०	बाग्लुङ जिल्ला अदालत	१५	०७९-C१-०१३९	सहकारी ठगी	निरूपमा थापा समेतको जाहेरीले नेपाल सरकार	देव बहादुर दर्जी भन्ने देव कुमार	ईमेज बचत तथा ऋण सहकारी संस्था लि.

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी नेपाली समेत ११ जना	कैफियत
		१६	०८०-C१-००२१	सहकारी ठगरी तथा संगठित अपराध	सुमन थापा समेतको जाहेरीले नेपाल सरकार	केदारनाथ शर्मा समेत १० जना	शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.
		१७	०८०-C१-००२९	सहकारी ठगी	चन्द्रमणी गैरे समेतको जाहेरीले नेपाल सरकार	चित्र बहादुर भण्डारी समेत १३ जना	ईमेज बचत तथा ऋण सहकारी संस्था लि.
११	सिराहा जिल्ला अदालत	१८	०८०-C१-०१६७	सहकारी ठगी	लक्ष्मी मुखिया समेत	मुकेश मण्डल समेत	
१२	कास्की जिल्ला अदालत	१९	०८०-C१-०२५१	सहकारी ठगी	सुर्य बहादुर नेपाली सार्की को जाहेरीले नेपाल सरकार	राजु शाखकर्मी समेत ११ जना	शिव शिखर बचत तथा ऋण सहकारी संस्था
		२०	०८०-C१-०२९८	सहकारी ठगी।	हरी बहादुर खत्री को जाहेरीले नेपाल सरकार	देव कुमार नेपाली समेत १५ जना	इमेज बचत तथा ऋण सहकारी संस्था
		२१	०८०-C१-०४२६	सहकारी ठगी।	कृष्ण प्रसाद जैसी को जाहेरीले नेपाल सरकार	शिव बहादुर गुरुङ महेन्द्र भोटे समेत १९ जना	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था
		२२	०८०-C१-०५१८	सहकारी ठगी।	सुर्य सिंजाली को जाहेरीले नेपाल सरकार	अजय श्रेष्ठ समेत १५ जना	बलिदानी बचत तथा ऋण सहकारी संस्था

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
		२३	०८०-C१-०७०२	सहकारी ठगी।	प्रकाश पौडेल को जाहेरीले नेपाल सरकार	भरत भट्टराई समेत ३३ जना	मित्र मिलन बचत तथा ऋण सहकारी संस्था
		२४	०८०-C१-१०९५	सहकारी ठगी।	डिल बहादुर गुरुङ समेतको जाहेरीले नेपाल सरकार	सुनिल के.सी समेत ३१ जना	बिन्दवासिनी बचत तथा ऋण सहकारी संस्था
		२५	०८०-C१-१३३६	सहकारी ठगी।	बलराम चापागाई समेतकाको जाहेरीले नेपाल सरकार	इन्दिरा हेका घजु समेत ६५ जना	प्राइम बचत तथा ऋण सहकारी संस्था
१३	बारा जिल्ला अदालत	२६	०७८-C१-०३९१	सहकारी ऐन अन्तरगतको कसुर	जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा वडा १५स्थित समाज सुधार कृषि सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष हरिशरण कार्कीको जाहेरीले बादी नेपाल सरकार	जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा वडा १५स्थित समाज सुधार कृषि सहकारी संस्थाको सञ्चालक समितिको निवर्तमान अध्यक्ष नारायणदत्त अधिकारीसमेत १५ जना	मिति२०८१।०५।३१ गतेको साधारण तारेख तोकिएको
१४	सुनसरी जिल्ला अदालत	२७	०८०-C१-०७१८	सहकारीको रकम हिनामिना गरेको	नेपाल सरकार	लिला खड्का समेत ५६ जना	
		२८	०८०-C१-१२७४	सहकारीको रकम हिनामिना(ठगी)	नेपाल सरकार	खनार बचत तथा ऋण सहरकारी	

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
						संस्थाको सञ्चालक समितिको अध्यक्ष सुदिप तामाङ समेत १५ जना	
		२९	०८०-C१-१३१२	सहकारीको रकम हिनामिना गरेको(ठगी)	नेपाल सरकार	हलेसी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका वर्तमान उपाध्यक्ष रोविन कुमार राई समेत १२ जना	
		३०	०८०-C१-१३१५	सहकारीको रकम हिनामिना(ठगी)	नेपाल सरकार	कलस बचत तथा ऋण सहकारी संस्थामा सञ्चालक समितिको अध्यक्ष मिन बहादुर तामाङ	
		३१	०८०-C१-१३३५	सहकारीको रकम हिनामिना गरेको(ठगी)	नेपाल सरकार	श्रेय बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक अध्यक्ष लोक बहादुर लिम्बु	

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
१५	सप्तरी जिल्ला अदालत	३२	०८०-C१-०१७३	ठगी र आपराधिक विश्वासघात (सहकारी संस्था)	चन्दन कुमार दास समेत जना ३९ को जाहेरीले नेपाल सरकार	भोला प्रसाद यादव समेत १४ जना	
		३३	०८०-C१-०२३६	ठगी र आपराधिक विश्वासघात (सहकारी संस्था)	चन्दन कुमार दास समेत जना ३९ को जाहेरीले नेपाल सरकार	उमेश प्रसाद यादव समेत १४ जना	
		३४	०८१-C१-००१३	ठगी तथा आपराधिक विश्वासघात (सहकारी संस्था)	लक्ष्मीनिया देवी खंग समेत जना ४६ को संयुक्त को जाहेरीले नेपाल सरकार	बेचन यादव समेत १२ जना	
१६	उदयपुर जिल्ला अदालत	३५	०७९-C१-०२३४	सहकारी संस्थाको रकम हिनामिना गरेको	अनिता कुमारी साहसमेत ४७४ जनाको जाहेरीले नेपाल सरकार	अतिता गौतम समेत १२ जना	
१७	स्याङ्जा जिल्ला अदालत	३६	०८०-C१-०००७	सहकारी ठगी	धुव्र नारायन श्रेष्ठ समेतको जाहेरीले वादी नेपाल सकार	जीवन वाग्ले , तारेन्द्र बहादुर के.सी. , सन्ध्या भण्डारी , सूर्य बहादुर कुँवर	
१८	काभ्रेपलाञ्चोक जिल्ला अदालत	३७	०८०-C१-०२६१	सहकारी ठगी	कृष्ण बहादुर तामाङ समेतको संयुक्त को जाहेरीले नेपाल सरकार	डम्बर प्रसाद गौतम समेत १५ जना	

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
		३८	०८०-C१-००९०	सहकारी ठगी	श्यामकृष्ण सुवाल समेतको संयुक्त को जाहेरीले नेपाल सरकार	सलिना थापा समेत १३ जना	
		३९	०८१-C१-००१४	ठगी	हर्कजित तामाङ समेतको जाहेरीले नेपाल सरकार को जाहेरीले नेपाल सरकार	गौतम मानन्धर समेत १३ जना	
१९	चितवन जिल्ला अदालत	४०	०८०-C१-०६९४	सहकारी रकम अपचलन/ठगी	भरतपुर न.पा ७ बस्ने लक्ष्मी न्यौपानेसमेत १८९१ जना	का.म.पा ४ बस्ने केदारनाथ शर्मासमेत १४ जना	चालु अवस्थामा रहेको
२०	पर्वत जिल्ला अदालत	४१	०८०-C१-००२७	सहकारी सम्वन्धी कसुर	सकुन्तला श्रेष्ठ समेत	बालगोपाल श्रेष्ठ समेत	विचाराधिन
		४२	०८०-C१-००२८	सहकारी सम्वन्धी कसुर	लक्ष्मीदेवी शर्मा समेत	लेखनाथ शर्मा समेत	विचाराधिन
		४३	०८०-C१-००३३	सहकारी ठगी सम्वन्धी कसुर	सकुन्तला श्रेष्ठ समेत	किशोर श्रेष्ठ समेत	विचाराधिन
२१	सुर्खेत जिल्ला अदालत	४४	०८०-C१-०३१९	सहकारी संस्थाको रकम हिनामिना गरेको	राजु वि.क.समेत को जाहेरीले नेपाल सरकार	पुष्कर मल्ल समेत ११ जना	
		४५	०८०-C१-०१०८	सहकारी संस्थाको रकम हिनामिना गरेको	गणेश थापा समेत को जाहेरीले नेपाल सरकार	छवि डांगी समेत ११ जना	

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
२२	मोरङ जिल्ला अदालत	४६	०८०-C१-१३३०	ठगी	कृष्ण गोयल समेत	पुनिता दास कायस्तसमेत	दावीको विगो रु.१५९४०००
		४७	०७९-C१-०६७०	ठगी	गोपाल प्रसाद अधिकारीको जाहेरी	चित्र कुमारी बस्नेतसमेत	दावीको विगो रु.६१२७६८५१
		४८	०८०-C१-०२१७	ठगी	देवेन्द्र काफ्लेको जाहेरी	चित्र कुमारी बस्नेतसमेत	दावीको विगो रु.३०८७९३८१
		४९	०७९-C१-०८२१	सहकारी संस्थाको रकम हिनामिना गरेको	रमा पौडेलसमेतको जाहेरी	आदित्य राज भट्टराईसमेत	दावीको विगो रु.६७८६२१२६८
		५०	०७९-C१-०६०४	सहकारी ऐन अन्तर्गतको कसुर	मिना कार्की जाहेरी	मेनुका सिवा	दावीको विगो रु.३८२९६११
		५१	०७९-C१-०२३९	सहकारी ऐन अन्तर्गतको कसुर	तारा खड्कासमेतको जाहेरी	लालबहादुर भण्डारीसमेत	दावीको विगो रु.३७०००००
		५२	०८०-C१-११६७	सहकारी ऐन अन्तर्गतको कसुर	तारा खड्कासमेतको जाहेरी	लालबहादुर भण्डारीसमेत	दावीको विगो रु.१८०६१७२९
		५३	०८०-C१-०१५०	सहकारी ऐन अन्तर्गतको कसुर	संजय कुमार मंडलसमेतको जाहेरी	उमेश कुमार मंडलसमेत	दावीको विगो रु.१३२१७४५४
२३	कञ्चनपुर जिल्ला अदालत	५४	०८०-C१-०२७९	सहकारी ठगी	नेपाल सरकार	केदारनाथ शर्मासमेत	

क्र.सं	जिल्ला अदालत	मु.सं	मुद्दा नं.	मुद्दाको नाम	वादी	प्रतिवादी	कैफियत
		५५	०८०-C१-०२६५	सहकारी रकम हिनामिना	नेपाल सरकार	सिद्धराज जोशी समेत	
२४	धादिङ जिल्ला अदालत	५६	०८०-C१-०१२१	सहकारी ठगी	शारदा पाण्डेको जाहेरीले नेपाल सरकार	शान्ता अधिकारी सुवेदी	विगो दावी रु २४०६३७३
२५	बाँके जिल्ला अदालत	५७	०८०-C १-०८५२	सहकारी रकम हिनामिना(अपचलन) ठगी र संगठित अपराध	यामुना गौडेल पाण्ड समेतको जाहेरीले नेपाल सरकार	आरती क्षेत्री समेत ३१ जना	
		५८	०८०-C१-१०९१	सहकारी रकम हिनामिना(अपचलन) ठगी र संगठित अपराध	मनिषा गिरी समेतका ३५११ जनाको जाहेरीले नेपाल सरकार	शुसिल बानिया समेत २० जना	

स्रोतः फैसला कार्यान्वयन निर्देशनालय (सर्वोच्च अदालत)

८.३.४ अदालतमा चलेका मुद्दामा भएको सजाय र सोको कार्यान्वयनसम्बन्धी अवस्था

जिल्ला अदालत को नाम	मुद्दा क्रसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हद्द	महिना	(रु.)	(रु.)	हद्द	महिना	दिन	(रु.)	(रु.)	हद्द	महिना	दिन	(रु.)	(रु.)
सिन्धुपाल् चोक	१	०७४-CR ००८६	नेपाल सरकार	राजन श्रेष्ठ	३	०	१८७६१७९	०	०	०	२९	०	०	२	११	१	१८७६१७९	०
			नेपाल सरकार	दिपकराज गिरी	३	०	१८७६१७९	०	०	१	६	०	०	२	१०	२४	१८७६१७९	०
भक्तपुर	२	०७७-CI-००४४	विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	सन्तोष राज न्यौपाने	१	४	२०,०००	२००००००	१	४	०	२०,०००	०	०	०	०	०	२००००००
			विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	उद्धव प्रसाद हुमागाई	१	०	१०,०००	४८८०५८९.६७	०	०	०	०	०	१	०	०	१००००	४८८०५८९.६७
			विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	राजन न्यौपाने	१	०	१०,०००	४८८०५८९.६७	०	१	१३	०	०	०	१०	१७	१००००	४८८०५८९.६७
			विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	दिपक शिलवाल	१	०	१०,०००	४८८०५८९.६७	०	२	४	०	०	०	९	२६	१००००	४८८०५८९.६७
			विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	विजय कस्नेत	१	०	१००००	४८८०५८९.६७	०	१	२४	०	०	०	१०	६	१००००	४८८०५८९.६७
			विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	नानीराम न्यौपाने	१	०	१०,०००	४८८०५९०.६७	०	१	१५	०	०	०	१०	१५	१००००	४८८०५९०.६७
			विनोद कुमार राउत समेतको जाहेरीले वादी नेपाल सरकार	करुणा ढुंगेल	०	९	१०,०००	४८८०५९०.६७	०	१	१५	०	०	०	७	१५	१००००	४८८०५९०.६७
दैलेख	३	०७६-CI-००५३	शर्मिला शाही (चन्द) समेत	किरण विसी भन्ने कर्ण सिंह टमटा	३	०	३००००	१५५१४२५	३	०	०	३००००	१५५१४२५	०	०	०	०	०
			शर्मिला शाही (चन्द) समेत	दान बहादुर सार्की	०	६	५०००	०	०	६	०	५०००	०	०	०	०	०	०
कपिलव स्तु	४	लगत नं. ४२६४	नेपाल सरकार	निलाभभन्द्र देव पाण्डे	५	०	०	०	०	०	०	०	०	५	०	०	०	०
			नेपाल सरकार	सुन्दर केवट गुप्त	५	०	०	०	०	०	०	०	०	५	०	०	०	०

जिल्ला अदालत को नाम	मुद्दा क्रसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हि	महिना	(रु.)	(रु.)	हि	महिना	दिन	(रु.)	(रु.)	हि	महिना	दिन	(रु.)	(रु.)
ललितपुर	५	०७६-CI-०२५३	नीर बहादुर श्रेष्ठको जाहेरीले नेपाल सरकार	तोया कुमारी के.सी	०	३	०	०	०	३	०	०	०	०	०	०	०	०
			नीर बहादुर श्रेष्ठको जाहेरीले नेपाल सरकार	ईश्वरी श्रेष्ठ भुजु	०	६	९९००००	०	०	०	२७	०	०	०	५	३	९९००००	०
	६	०७६-CI-०२५२	निरण कुमार राईको जाहेरीले नेपाल सरकार	गौतम कुमार राई	२	०	०	४२६५९७३	०	७	२२	०	४२६५९७३	१	४	८	०	०
	७	०७७-CI-००३२	जमुना खड्डी समेतको जाहेरीले नेपाल सरकार	भवानी खकुरेल	४	०	०	०	४	०	०	०	०	०	०	०	०	०
दाङ	८	०७७-CI-०४२५	नेपाल सरकार	गुरु प्रसाद सुवेदी	७	०	५७९१३२४.२	०	०	०	०	०	०	७	०	०	५७९१३२४.२	०
			नेपाल सरकार	प्रताप चौधरी	७	०	७३९०३४८	०	०	०	८	०	०	६	११	२२	७३९०३४८	०
			नेपाल सरकार	विकास न्यौपाने	७	०	१३१८१६७३	०	०	०	८	०	०	६	११	२२	१३१८१६७३	०
			नेपाल सरकार	विक्रम राणा	७	०	१३१८१६७३	०	०	०	०	०	०	७	०	०	१३१८१६७३	०
			नेपाल सरकार	मनिराम भण्डारी	७	०	१३१८१६७३	०	०	०	८	०	०	६	११	२२	१३१८१६७३	०
गुल्मी	९	०७९-CI-००६७	नेपाल सरकार	कुमारी थापा	१	०	१००००	८१८९३४०	१	०	०	१००००	८१८९३४०	०	०	०	०	०
			नेपाल सरकार	मुना गाहा मगर	१	०	१००००	४२६९०९४	१	०	०	१००००	४२६९०९४	०	०	०	०	०
सुनसरी	१०	०७६-CI-००८१	नेपाल सरकार	कृष्णबहादुर विश्वकर्मा	५	६	८२३२५४९२	४११६२७४६	५	६	०	८२३२५४९२	०	०	०	०	०	४११६२७४६
			नेपाल सरकार	मोहन दर्नाल विश्वकर्मा	५	६	८२३२५४९२	४११६२७४६	०	०	२८	२०००००	०	५	५	२	८२१२५४९२	४११६२७४६
			नेपाल सरकार	कमला देवी विश्वकर्मा	२	९	१०९५५६८२.५	०	०	४	१५	२०००००	०	२	४	१५	१०७५५६८२.५	०
काठमाण्डौ	११	०७४-C-०९६२	रोशनी गौतम क्षेत्रीसमेत	रमेश मान्नधर	१	०	५००००	११४७९५००.७५	१	०	०	५००००	०	०	०	०	०	११४७९५००.७५
			रोशनी गौतम क्षेत्रीसमेत	सुरजदत्त पाण्डे	१	०	५००००	५८६२३८१.०७	१	०	०	५००००	०	०	०	०	०	५८६२३८१.०७

जिल्ला अदालत को नाम	मुद्दा क्रसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हद्द	महिना	(रु.)	(रु.)	हद्द	महिना	दिन	(रु.)	(रु.)	हद्द	महिना	दिन	(रु.)	(रु.)
			रोशनी गौतम क्षेत्रीसमेत	रामकाजी मानन्धर भन्ने प्रमोद प्रसाद मानन्धर	०	६	३००००	५८६२३८१.०७	०	६	०	३००००	०	०	०	०	०	५८६२३८१.०७
			रोशनी गौतम क्षेत्रीसमेत	रामकुमार पाण्डे	०	६	३००००	५८६२३८१.०७	०	६	०	३००००	०	०	०	०	०	५८६२३८१.०७
			रोशनी गौतम क्षेत्रीसमेत	राजिव लामा भन्ने राजिव लामा(शेर्पा)	०	४	२००००	५८६२३८१.०७	०	४	०	२००००	०	०	०	०	०	५८६२३८१.०७
	१२	०७५-ब्रि-०५२०	प्रवेश पाण्डेको जाहेरी	रमेश मान्नधर	०	३	१५०००	१००८८००	०	३	०	१५०००	०	०	०	०	०	१००८८००
			प्रवेश पाण्डेको जाहेरी	सुरजदत्त पाण्डे	०	३	१५०००	१००८८००	०	३	०	१५०००	०	०	०	०	०	१००८८००
			प्रवेश पाण्डेको जाहेरी	रामकाजी मानन्धर भन्ने प्रमोद प्रसाद मानन्धर	०	३	१५०००	१००८८००	०	३	०	१५०००	०	०	०	०	०	१००८८००
			प्रवेश पाण्डेको जाहेरी	रामकुमार पाण्डे	०	३	१५०००	१००८८००	०	३	०	१५०००	०	०	०	०	०	१००८८००
			प्रवेश पाण्डेको जाहेरी	राजिव लामा भन्ने राजिव लामा(शेर्पा)	०	३	१५०००	१००८८००	०	३	०	१५०००	०	०	०	०	०	१००८८००
	१३	०७२-ब्र-२८१७,	सेती रुम्बा समेत	वीर बहादुर खत्री	४	०	४००००	१९९६०४२२	४	०	०	०	०	०	०	०	४००००	१९९६०४२२
	१४																	
	१५	०७२-ब्र-३०१७, ०७२-ब्र-३७०५, ०७४-ब्र-००५५																
	१६		सेती रुम्बा समेत	निरन्न महर्जन	२	०	२००००	१९९६०४२२	२	०	०	०	०	०	०	०	२००००	१९९६०४२२
	१७	०७९-ब्रि ६६३२	अरुण पाठक	कल्याण उपकार सेभिङ एण्ड केडिट को-अपरेटिभ	०	०	०	३७५००००					९०००००	०	०	०	०	२८५००००
	१८	०७९-ब्रि ६०२३	पुष्पा ओली	कान्तिपुर सेभिङ्ग एण्ड केडिट को-अपरेटिभ लिमिटेड समेत	०	०	०	३५७६६८१.८५						०	०	०	०	३५७६६८१.८५
	१९	०७२-ब्रि ००२७	सुन्दरमान श्रेष्ठ समेतको जाहेरीले नेपाल सरकार	रमेश कुमार राई समेत-४	४	०	२८००००	२०२६७८०७	३	२	३	२१००००	२२०००००	०	९	२७	७००००	१८०६७८०७

जिल्ला अदालत को नाम	मुद्दा क्रसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हद	महिना	(रु.)	(रु.)	हद	महिना	दिन	(रु.)	(रु.)	हद	महिना	दिन	(रु.)	(रु.)
	२०	०७५-CI-२३१९	सुन्दरमान श्रेष्ठ समेतको जाहेरीले नेपाल सरकार	अनिता ढुंगेल समेत-४	४	०	२८००००	२५४७०१६८.४८	३	२	३	२१००००	०	०	९	२७	७००००	२५४७०१६८.४८
झापा	२१	०७१-CR-०२४१	खगेन्द्रप्रसाद पौडेलको जाहेरीले नेपाल सरकार	वासुदेव सिजाली	४	०	५००००	०	४	०	०	५००००	०	०	०	०	०	०
				कमला राई	१	०	१००००	०	१	०	०	१००००	०	०	०	०	०	०
				सन्तोष राई	१	०	१००००	०	१	०	०	१००००	०	०	०	०	०	०
				ईश्वरकुमार श्रेष्ठ	१	०	१००००	०	१	०	०	१००००	०	०	०	०	०	०
				कृष्ण श्रेष्ठ	१	०	१००००	०	१	०	०	१००००	०	०	०	०	०	०
				बुद्धराज राई	१	०	१००००	०	१	०	०	१००००	०	०	०	०	०	०
	२२	०७१-CR-०२०१	दिलबहादुर खत्री समेतको जाहेरीले नेपाल सरकार	वासुदेव सिजाली	४	०	७००००	०	४	०	०	७००००	०	०	०	०	०	०
				कमला राई	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				खमबहादुर मगर	४	०	७००००	०	०	०	०	०	०	४	०	०	७००००	०
				बालकुमार भुजेल	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				बुद्धराज राई	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				कृष्ण श्रेष्ठ	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				गणेश श्रेष्ठ	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				दलबहादुर पुलामी	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				बेनुकुमार लिम्बु	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
				सरिता मगर	१	०	०	०	०	०	०	०	०	१	०	०	०	०
	२३	०७१-CR-००५७	श्याम धिमाल समेतको जाहेरीले नेपाल सरकार	वासुदेव सिजाली	१	६	१७६४९९८.४३	०	१	६	०	१७६४९९८.४३	०	०	०	०	०	०
				बालकुमार भुजेल	१	६	१०००००००	०	१	६	०	१००००००.००	०	०	०	०	०	०
				कमला राई	१	६	१७६४९९८.४३	०	१	६	०	१७६४९९८.४३	०	०	०	०	०	०
				गणेश श्रेष्ठ	१	६	१०००००००	०	१	६	०	१००००००.००	०	०	०	०	०	०
				बेनुकुमार लिम्बु	१	६	१७६४९९८.४३	०	१	६	०	१७६४९९८.४३	०	०	०	०	०	०
				खमबहादुर मगर	१	६	१७६४९९८.४३	०	०	०	०		०	१	६	०	१७६४९९८.४३	०

जिल्ला अदालत को नाम	मुद्दा कसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवाना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हि	महिना	(रु.)	(रु.)	हि	महिना	दिन	(रु.)	(रु.)	हि	महिना	दिन	(रु.)	(रु.)
				ईश्वरकुमार श्रेष्ठ	१	६	१०००००.००	०	१	६	०	१०००००.००	०	०	०	०	०	०
				सन्तोष राई	१	६	१०००००.००	०	१	६	०	१०००००.००	०	०	०	०	०	०
				उषा राना मगर	१	६	१७६४९९८.४३	०	०	०	०		०	१	६	०	१७६४९९८.४३	०
				सरिता मगर	१	६	१०००००.००	०	१	६	०	१०००००.००	०	०	०	०	०	०
				खेमकुमारी मगर	१	६	१७६४९९८.४३	०	०	०	०		०	१	६	०	१७६४९९८.४३	०
				डम्बरकुमारी उप्रेती	१	६	१७६४९९८.४३	०	१	६	०	१७६४९९८.४३	०	०	०	०	०	०
				रोमादेवी बराल	१	६	१७६४९९८.४३	०					०	१	६	०	१७६४९९८.४३	०
				यशोदा पराजुली	१	६	१७६४९९८.४३	०	१	६	०	१७६४९९८.४३	०	०	०	०	०	०
				मञ्जु भट्टराई	१	६	१७६४९९८.४३	०	०	०	०		०	१	६	०	१७६४९९८.४३	०
				गोमा बराल	१	६	१७६४९९८.४३	०	०	०	०		०	१	६	०	१७६४९९८.४३	०
				विक्रम बस्नेत	१	६	१७६४९९८.४३	०	१	६	०	१७६४९९८.४३	०	०	०	०	०	०
				शान्तिदेवी वि.क.	१	६	१०००००.००	०	१	६	०	१०००००.००	०	०	०	०	०	०
				निर्मला अधिकारी	१	६	१७६४९९८.४३	०					०	१	६	०	१७६४९९८.४३	०
				श्यामबहादुर लिम्बु	१	६	१०००००.००	०	१	६	०	१०००००.००	०	०	०	०	०	०
				गणेश न्यौपाने	१	६	१७६४९९८.४३	०	०	०	०	०	०	१	६	०	१७६४९९८.४३	०
	२४	०७१-CR-००६९		खमबहादुर मगर	४	०	५०००००.००	०	०	०	०	०	०	४	०	०	५००००	०
				बासुदेव सिजाली	४	०	५०००००.००	०	०	०	०	०	०	४	०	०	५००००	०

जिल्ला अदालत को नाम	मुद्दा क्रसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हद	महिना	(रु.)	(रु.)	हद	महिना	दिन	(रु.)	(रु.)	हद	महिना	दिन	(रु.)	(रु.)
			कमला पौडेल समेतको जाहेरीले नेपाल सरकार	कमला राई	२	०	५००००	०	०	०	०	०	०	२	०	०	५००००	०
				भगतबहादुर खपाङ्गी	४	०	५००००	०	०	०	०	०	०	४	०	०	५००००	०
	२५	०७१-CR ०२४७	प्रेमबहादुर वस्नेत समेतको जाहेरीले नेपाल सरकार	टीका काम्वाङ लिम्बु	१	०	५००००	०	१	०	०	५००००	०	०	०	०	०	०
				उर्मिला तामाङ	१	०	५००००	०					०	१	०	०	५००००	०
				मुगाधन राई	१	०	५००००	०	१	०	०	५००००	०	०	०	०	०	०
				कानूनहाङ शेर्मा	१	०	५००००	०	०	०	०	०	०	१	०	०	५००००	०
				टीका शेर्मा	०	६	५००००	०	०	०	०	०	०	०	६	०	५००००	०
				निरा चाम्लिङ	१	०	५००००	०	०	०	०	०	०	१	०	०	५००००	०
				हस्तमाया तामाङ	१	०	५००००	०	०	०	०	०	०	१	०	०	५००००	०
सुर्खेत	२६	०७५-CR ०११७	प्रेमराज पाठकको जाहेरीले वादी नेपाल सरकार	भुपेन्द्र कुमार गिरी	३	०	७००८५७६.९५	७००८५७६.९५	३	०	०	७००८५७६.९५	०	०	०	०	०	७००८५७६.९५
				बौद्द कुमार आचार्य	०	३	१९८१९०	१९८१९०	०	३	०	१९८१९०	१९८१९०	०	०	०	०	०
				छविलाल राना	०	१	१००००	०	०	१	०	१००००	०	०	०	०	०	०
	२७	०७५-CR ०००४	हरीमाया भट्टराईको जाहेरीले वादी नेपाल सरकार	दुर्गा प्रसाद वास्कोटा	४	०	८८११६६१	८८११६६१	४	०	०	८८११६६१	०				०	८८११६६१
तनहु	२८	०७८-CI-०१४५	लावण्य प्रसाद पाण्डेसमेतको जेहरीले नेपाल सरकार	सुरेन्द्र पन्थ	३	३	३२०००	०	३	३	०	३२०००					०	०
				निर्मला तामाङ	०	३	२५००	०	०	३	०	२५००	०				०	०
				आशा वस्नेत	०	३	२५००	०	०	३	०	२५००	०				०	
मोरङ	२९	०७९-CI-००२९	याम प्रसाद सिग्देलको जाहेरी	विवेक खवास	२	०	३९११२०८		२	०	०	३९११२८					३५२००८०	०
वर्दिया	३०	मु.ल.नं.२ २११	गणेश माझीको जाहेरीले नेपाल सरकार	बेफुराम चौधरी बाबु-गणेश बहादुर चौधरी	२	०	२५५५५६०.८४	०	०	०	०	०	०	२	०	०	२५५५५६०.८४	०
	३१	मु.ल.नं. २१७४	सहकारी अधिकृत लक्ष्मी कुमर वि.क को जाहेरीले नेपाल सरकर	हरिराम थारु बुवा-करीङे थारु	०	०	८७८९११५.३१	०	०	०	०	०	०	०	०	०	८७८९११५.३१	०

जिल्ला अदालत को नाम	मुद्दा क्रसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हि	महिना	(रु.)	(रु.)	हि	महिना	दिन	(रु.)	(रु.)	हि	महिना	दिन	(रु.)	(रु.)
नवलपरासी	३२	०७६-CR-०१४३	नेपाल सरकार	उमेश चौधरी	१	३	१००००	०	०	०	०	०	०	१	३	०	१००००	०
	३३	०७०-CR-०२०२	नेपाल सरकार	विन बहादुर घर्ति क्षेत्री	१	०	४३५५९	४३५५९	०	०	०	०	०	१	०	०	४३५५९	४३५५९ (दामासाहीले भराउने)
				मोहन भण्डारी	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६० (दामासाहीले भराउने)
				घनश्याम गुप्ता	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६१ (दामासाहीले भराउने)
				दिलिप कुमार पाण्डे	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६२ (दामासाहीले भराउने)
				टिकाराम कण्डेल	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६३ (दामासाहीले भराउने)
				आनन्द कन्द मिश्र	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६४ (दामासाहीले भराउने)
				चन्द्रकला पाण्डे	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६५ (दामासाहीले भराउने)
				मिना खनाल	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६६ (दामासाहीले भराउने)
				खेमराज भट्ट	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६७ (दामासाहीले भराउने)
				पवित्रा ढकाल	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६८ (दामासाहीले भराउने)

जिल्ला अदालत को नाम	मुद्दा कसं	मुद्दा नं.	वादी	प्रतिवादी	ठहरिएको				कार्यान्वयनको अवस्था (असुल तर्फ)					असुल हुन बाँकी				
					कैद		जरिवना	विगो	कैद			जरिवाना	विगो	कैद			जरिवाना	विगो
					हाँ	महिना	(रु.)	(रु.)	हाँ	महिना	दिन	(रु.)	(रु.)	हाँ	महिना	दिन	(रु.)	(रु.)
				नर्मदा न्यौपाने	१	०	४३५५९		०	०	०	०	०	१	०	०	४३५५९	४३५६९ (दामासाहीले भराउने)
	३४	०७०-CR ०२३१	नेपाल सरकार	राधेश्याम अग्रहरी, धिरजराज रेग्मी	१	०	०	०	१	०	०	०	०	०	०	०	०	०
बाँके	३५	०७६-CI-०१८८	बाँके जिल्ला सहकारी संघ लि.समेतको पत्र जाहेरीले नेपाल सरकार को जाहेरीले नेपाल सरकार	अम्बर बहादुर खडका	५	०	५००००		१	०	१९			३	११	११	५००००	०
				हरदेव बक्स चौधरी	५	०	५००००		०	६	२३			४	५	७	५००००	०
				सिद्दि कुमार महजन	२	६	५०००		०	०	०			२	६	०	५०००	०
				स्थिरमणी बज्राचार्य	१	०	५०००		०	२	११			०	९	१९	५०००	०
				लिला शाह	१	०	५०००		०	०	०			१	०	०	५०००	०
				सन्धी भन्ने सन्दिप शर्मा	१	०	५०००		०	०	१७				११	१३	५०००	०
				तुसार साहा	२	०	५०००		०	०	०			२	०	०	५०००	०
				ओम प्रकाश चौधरी	२	०	५०००		०	२	१८			१	९	१२	५०००	०
				रविन्द्र कुमार थापा	३	०	५०००		०	५	१७			२	६	१३	५०००	०
				लिलाधर भन्ने लिला प्रसाद वली	५	०	५००००	८९२९७२५	०	०	०			५	०	०	५००००	८९२९७२५
				किरण श्रेष्ठ	५	०	५००००	८६३५४५४	०	४	२९			४	७	१	५००००	८६३५४५४
				सुरतराम खटिक	५	०	५००००	९८४८२७४	०	०	६			४	११	२४	५००००	९८४८२७४
				अरुण कुमार पाठक	५	०	५००००	२४९१३३४२८	५	०	०	५००००		०	०	०	०	२४९१३३४२८
				गंगाधर सुवेदी	५	०	५००००	२८३७३२९५	५	०	०	५००००		०	०	०	०	२८३७३२९५
				सुर्य बहादुर वि.क.	५	०	५००००	३३६०६८१	५	०	०	५००००		०	०	०	०	३३६०६८१
				बलराम यादव	४	०	४००००	५३७९६५२	४	०	०	४००००		०	०	०	०	५३७९६५२
				गोपाल भण्डारी	५	०	५००००	४४८००९५९	५	०	०	५००००		०	०	०	०	४४८००९५९
				गौरव कुमार श्रेष्ठ	४	०	४००००	१२९४९१	४	०	०	४००००		०	०	०	०	१२९४९१
				शारदा कुमारी थापा	१	०	५०००		१	०	०	५०००		०	०	०	०	०
					२७४	६	२९२६६६१५४.८	६५७४९६३३६.३	१२३	८	८	१११७७७०३९	२१५७४०२२	१५१	३	२२	१८०८८९११६.३	६३५८७८७५५.३

स्रोतः फैसला कार्यान्वयन निर्देशनालय (सर्वोच्च अदालत)

८.४ निष्कर्ष

सहकारी मूल्य मान्यता र सिद्धान्तका आधारमा सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा परिचालन गरी मूलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउन, सहकारी संस्थामार्फत समाजमा साझा पुँजी र स्रोतको प्रयोग गरी आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने उद्देश्य राखी सहकारीलाई संवैधानिक तथा कानूनी आधार दिएको छ। सहकारी संस्थाहरू नेपालमा धेरै पुराना, लोकप्रिय र सहकारीको मूल्यमा मान्यतामा रहेर राम्रोसँग सञ्चालनमा रहेका पनि छन्। तर केही सहकारीहरूले ब्याजको लोभ देखाई अनुचित प्रलोभनमा पारी व्यक्तिगत तवरमा विश्वासमा पारी बचत रकम उठाउने, बचत उठाउँदा कुनै सीमा नतोकी एकै व्यक्तिको करोडौं रकमसम्म पनि बचत जम्मा गर्ने, त्यसको आयस्रोत के हो नखुलाउने र यसरी जम्मा गरेको रकम सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित ऐन नियम विपरीत क्षेत्राधिकार भन्दा बाहिर गई प्रक्रिया समेत पूरा नगरी ऋण प्रवाह गर्ने, सहकारीबाट आफ्नो व्यक्तिगत, निजी कम्पनीहरूको खातामा, विभिन्न व्यक्तिहरूको खातामा र विनाधितो रकम परिचालन गर्ने प्रवृत्ति देखिएको छ। सहकारी संस्थाका सञ्चालक, संरक्षक, कर्मचारी वा अरु कुनै व्यक्तिले सहकारीका सदस्यहरूलाई झुक्याएर, गफलतमा पारेर आर्थिक लाभ लिने, सदस्यहरूको बचत रकम हिनामिना गर्ने वा सहकारीको सम्पत्ति दुरपयोग गरी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण जस्ता आपराधिक गतिविधिले सामाजिक, आर्थिक र नैतिक पक्षलाई समेत व्यापक असर पार्ने भएकाले यिनको रोकथाम र नियन्त्रण समयमै गर्नु जरूरी देखिन्छ।

परिच्छेद-९

समस्यामा रहेका सहकारीका वित्तीय विश्लेषण र देखिएका समस्या

यस परिच्छेदमा २२ वटा समस्याग्रस्त र १८ वटा सार्वजनिक रूपमा प्रश्न उठेका अन्य सहकारी संस्थाहरूको वित्तीय विश्लेषण गरिएको छ। त्यसका अतिरिक्त गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रकम प्रवाहको स्थिति सन्दर्भमा गोरखा मिडिया प्रा.लि.को पनि वित्तीय विश्लेषण गरिएको छ। सबै सहकारी संस्थाहरूको सम्पूर्ण विवरणहरू उपलब्ध नभएकोमा समस्याग्रस्त सहकारीहरूको हकमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट र अन्य सहकारीहरूको विवरण समितिमा उपलब्ध भएबमोजिमका विवरणलाई मात्र आधार मानी विश्लेषण गरिएको छ।

<u>खण्ड कः सहकारीसँग सम्बन्धित वित्तीय विश्लेषण</u>

९क.१ समस्याग्रस्त सहकारीको विश्लेषण

समस्याग्रस्त कूल २२ वटा सहकारी संस्थाहरूको कूल निक्षेप तथा बचत दाबी[१२४] रकम रु. ४२ अर्ब ८१ करोड छ। त्यसमध्ये ११ वटा सहकारीको शेयर पुँजी रु. १ अर्ब ९१ करोड रहेको छ। यसर्थ, बचतकर्ताहरूको ऋण रकम यकिन गरी बाँकी भुक्तानी गर्नुपर्ने रकम निर्धारण गर्नु आवश्यक छ। कूल २२ मध्ये ११ सहकारीको विवरणअनुसार रु.१ अर्ब १३ करोड नगद तथा बैङ्क मौज्दात रहेको छ। सोमध्ये ८ वटा सहकारीको विवरणअनुसार रु. २ अर्ब ७३ करोडको लगानी ७ वटा सहकारीको रु. ३८ करोड ६७ लाख बराबरको गैरबैङ्किङ्ग सम्पत्ति र १० वटा सहकारीको रु. ७ अर्ब ९१ करोडको अन्य सम्पत्ति रहेको छ।

उल्लिखित २२ वटा सहकारीको सम्पत्ति तथा दायित्वको विस्तृत विवरण अनुसूची-१३ मा प्रस्तुत गरिएको छ।

९क.२ सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी संस्थाको विश्लेषण

सार्वजनिक रूपमा प्रश्न उठेका सहकारीमध्ये १८ वटा सहकारी संस्थाहरूको कूल निक्षेप तथा बचत दायित्व रकम रू. २८ अर्ब ४८ करोड र रू. १ अर्ब ८९ करोडको शेयर पुँजी रहेको छ। ती सहकारीहरूको विवरणअनुसार रु. ९३ करोड ९४ लाख नगद तथा बैङ्क मौज्दात रू. १५ करोड ९३ लाखको लगानी, रू. २९ करोड ६९ लाखको गैरबैङ्किङ्ग सम्पत्ति र रु. ४ अर्ब ५१ करोडको अन्य सम्पत्ति रहेको छ।

उल्लिखित सहकारीहरूको सम्पत्ति तथा दायित्वको विस्तृत विवरण अनुसूची-१३ मा प्रस्तुत गरिएको छ।

---

[१२४] विवरण प्राप्त गर्न नसकिएका कतिपय समस्याग्रस्त सहकारी संस्थाहरूको कहमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट आह्वान गर्दा आफ्नो बचतको दावी गर्ने बचतकर्ता सदस्यहरूको दावीबमोजिम नै उक्त संस्थाको निक्षेप कायम गरिएको छ।

९क.३ ऋण तथा नोक्सानी व्यवस्थाको तुलना

यस तालिकामा १८ वटा सहकारी संस्थाहरूको ऋण रकम र नोक्सानी व्यवस्थाको विवरण प्रस्तुत गरिएको छ। केहीले सहकारी संस्थाले ऋण नोक्सानी व्यवस्था शून्य देखाएका छन्, जस्तै *तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड* र *गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड*मा ऋण नोक्सानी व्यवस्था शून्य रहेको छ। यसले सहकारी संस्थाहरूको जोखिम व्यवस्थापनमा असमानताको स्थिति देखाउँछ।

१८ वटा सहकारी संसथाहरूको ऋण तथा नोक्सानी व्यवस्थाको तुलनात्मक अवस्था

क.सं.	समस्याग्रस्त सहकारी संस्था	ऋण रकम (रु.)	ऋण नोक्सानी व्यवस्था (रु.)
१	तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड	४२,६९,६६,१०१.६६	०
२	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	७,४८,५६,३०,४७७.११	६,२३,०१,३५८.३८
३	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६५,४६,०९,२१५.६९	१,३५,२५१.३१
४	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	३,१०,०८,२५,९०४.९२	१६,९१,८९,९०७.०४
५	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४,४७,१७,३२,५३४.७४	१५,३०,७१,१३९.३१
६	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,६९,०३,८४,७३५.६१	०
७	गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१,५२,४०,४८,७०९.४१	२,८८,४१,३९४.०९
८	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	१४,८०,९८,८६४.३३	२,५६,६२,३४२.५३
९	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१,३१,५३,८२,९०८.१८	५,२१,८९,५५५.९०
१०	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	९९,४४,८४,१३१.६१	१,३४,९१,८८१.०६
११	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१४,५६,४१,०१५.२९	१७,५०,४६६.९६
१२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	५२,४०,७८,१३१.०६	७४,५६,६४८.५८
१३	सानोपाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१,३५,४१,६५,९११.१८	१,३५,४१,६५९.११
१४	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,५२,३८,८६,४८१.७३	५,५३,८५,०३५.९२
१५	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८,९६,०७,१४,७००.३३	४१,७३,२६,३०७.५२
१६	इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२७,७६,८०,९७५.००	२७,७६,८०९.७५
१७	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय संस्था लिमिटेड	६,८६,१७,६५,३९४.२१	३४,३०,८८,२६९.७१
१८	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२,५४,५५,११,०२६.००	७,८१,५६,९१२.००

स्रोतः सम्बन्धित सहकारी संस्थाहरूको वित्तीय विवरण

माथिको तालिकाका आधारमा ऋणको नोक्सानी व्यवस्थामा उच्च भिन्नता रहेको पाइयो। तालिकामा विभिन्न सहकारी संस्थाहरूबीच ऋणको नोक्सानी व्यवस्थामा ठूलो भिन्नता देखिन्छ। उदाहरणका लागि, शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कूल ऋण रु.७,४८,५६,३०,४७७.११ रहेकोमा नोक्सानी व्यवस्था रु.६,२३,०१,३५८.३८ मात्र रहेको देखिन्छ। यसको विपरीत तुलसी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको ऋण रु. ४२,६९,६६,१०१.६६ छ, तर यस सहकारीले कुनै पनि ऋणको नोक्सानी व्यवस्था गरेको देखिँदैन। न्यून ऋण नोक्सानी व्यवस्थाले जोखिम व्यवस्थापनको अवस्था अत्यन्तै कमजोर रहेको सङ्केत गर्दछ। ऋण नोक्सानी व्यवस्था सम्बन्धमा

सहकारी विभागले जारी गरेको एकीकृत निर्देशन, २०७९ मा उल्लेख भएको व्यवस्था बमोजिम ऋण प्रवाह गर्नेबित्तिकै ऋण रकमको एक प्रतिशत, एक वर्षभन्दा कम अवधिले भाखा नाघेको ऋण रकमको ३५ प्रतिशत र एक वर्ष भन्दा बढी अवधिले भाखा नाघेको ऋणको १०० प्रतिशत ऋण नोक्सानी व्यवस्था गर्नुपर्नेमा सो बमोजिम हुन सकेको देखिँदैन।

९क.४ ऋण र बचत खाताको संख्याको तुलनात्मक विश्लेषण

केही सहकारी संस्थाहरूको ऋण र बचत प्रस्तुत गरिएको छ।

सहकारी संस्थाहरूको बचत तथा ऋण खाताको अवस्था

क.सं.	समस्याग्रस्त सहकारी संस्था	ऋण खाताको संख्या	बचत खाताको संख्या
१	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,५६९	९,७९१
२	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१४८	२०,२६०
३	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	४,४३२	६१,२१७
४	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१,०५२	४९,५९०
५	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	३२९	५,४५४
६	गोर्खा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१,००५	२८,७१२
७	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	१५२	६,१८५
८	सूर्यदर्शन बचत तथा ऋण सहकारी	४४७	१८,७००
९	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२६६	१९,०३५
१०	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	९८९	४,०५५
११	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१२८	१०,११२
१२	सुमेरु बचत तथा ऋण सहकारी	८६८	२६,०९०

स्रोतः सहकारी संस्थाहरूको वित्तीय विवरण

कतिपय सहकारी संस्थामा बचतकर्ता सदस्यको तुलनामा ऋणी सदस्यहरूको संख्या निकै कम देखिएको हुँदा संस्थाको ऋणको प्रवाह सीमित सदस्यमा भएको देखिन्छ। बचतको उच्च संख्या हुनुको बावजुद, ऋणको सीमित वितरणले संस्थाको लाभदायकता र आर्थिक विकासमा अवरोध पुऱ्याउन सक्छ। यो अवस्थाले संस्थालाई निम्न जोखिमहरूसँग सामना गराउन सक्छः

(१) **एकाग्रता जोखिम (Concentration Risk):** धेरै मात्राको ऋण रकम एउटै क्षेत्र वा केही सीमित क्षेत्रहरूमा केन्द्रित हुँदा, यदि त्यो क्षेत्रमा आर्थिक अवरोध आएमा संस्थालाई ठूलो असर पार्न सक्छ। ऋण वितरणमा विविधता नहुँदा पनि यो जोखिम बढ्न सक्छ।

(२) **नगद प्रवाहको असन्तुलन:** बचत धेरै भएता पनि ऋणहरूको कम वितरणले संस्थाको नगद प्रवाहमा असन्तुलन सिर्जना गर्न सक्छ, जसले दीर्घकालीन वित्तीय स्थायित्वलाई प्रभावित पार्न सक्छ।

(३) **लाभदायकता कमी:** ऋण वितरण सीमित हुँदा, संस्थाको ब्याज आयमा कमी आउन सक्छ, जसले संस्थाको समग्र लाभमा असर पार्न सक्छ।

९क.५ कम्पनी तथा सञ्चालकलाई प्रवाह गरिएको ऋण

विभिन्न सहकारीबाट प्रचलित सहकारी कानूनविपरीत अप्राकृतिक व्यक्ति (विभिन्न निजी कम्पनी) र संस्थाका सञ्चालकहरूका नाममा गरिएको ऋण लगानीको अवस्था देहाय बमोजिम रहेको छ।

सहकारी संस्थाहरूबाट विभिन्न निजी कम्पनी र ससञ्चालकहरूका नाममा गरिएको ऋण लगानीको अवस्था

क.स	सहकारी संस्था	कूल ऋण (रु.)	कम्पनीलाई ऋण (रु.)	अनुपात	सञ्चालकलाई दिएको ऋण (रु.)	अनुपात
१	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	७,४८,५६,३०,४७७	४,७४,४९,७३,०३०	६३.३९%	७७,१०,३८,४८८	१०.३०%
२	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६६,२०,७७,२८४	१५,७४,५४,९४९	२३.७८%	९,३७,४२,०११	१४.१६%
३	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	३,१०,०८,२५,९०४	२०,११,३७,६२५	६.४९%	३२,४०,८१,७०५	१०.४५%
४	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४,४७,१७,३२,५३४	१,९१,१९,५६,११५	४२.७६%	२,३०,१६,०८४	०.५१%
५	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१,५२,४०,४८,७०९	२७,०४,६५,८३०	१७.७५%	प्राप्त नभएको	
६	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१,३१,५३,८२,९०८	२७,१८,६३,९४६	२०.६७%	प्राप्त नभएको	
७	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	९९,४४,८४,१३१	२६,५९,८७,८७८	२६.७५%	प्राप्त नभएको	
८	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	५२,४०,७८,१३०	३१,९९,१८,६७६	६१.०४%	प्राप्त नभएको	
९	सानोपाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१,३५,४१,६५,९११	५,१०,६८,५०८	३.७७%	प्राप्त नभएको	
१०	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,५२,३८,८६,४८१	२३,१०,३३,९१३	९.१५%	प्राप्त नभएको	
११	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८,९६,०७,१४,७००	५,९९,००,००,०००	६६.८५%	प्राप्त नभएको	

स्रोतः सम्बन्धित सहकारीको वित्तीय विवरण

९क.६ कूल सम्पत्तिमा ऋण लगानी अनुपात विश्लेषण

कूल सम्पत्तिमा ऋण लगानी अनुपात (Debt-to-Asset Ratio) को उचित मापदण्ड ७०-८० प्रतिशत रहेकोमा २१ वटा सहकारीको कूल सम्पत्तिमा ऋण लगानी अनुपात देहाय बमोजिम रहेको छ।

सहकारी संस्थाको कूल सम्पत्तिमा ऋण लगानीको अनुपात

क.स.	संस्थाको नाम	परिसूचक	विश्लेषण

१	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१६.६२%	अनुपात धेरै कम हुँदा, संस्थाले उपलब्ध सम्पत्तिहरूलाई पूर्ण क्षमतामा प्रयोग नगरेको देखिन्छ। यसले सहकारीको विकासको अवसर गुम्ने सम्भावना निम्त्याउँछ, किनभने संस्थाले आफ्नो पूँजीलाई प्रभावकारी रूपमा लगानी गर्न असफल हुन्छ।
२	गोर्खा सेभिंग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	२१.३४%	
३	तुलसी बहुउद्देश्य सहकारी संस्था लि.	२७.९५%	
४	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	३०.१२%	
५	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	३२.६८%	
६	नेपाल सहकारी वित्तीय संस्था लि.	३५.३२%	
७	कान्तिपुर सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लि.	३९.९६%	
८	लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४६.७३%	
९	इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड	४७.०३%	
१०	श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४९.७१%	
११	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६८.६१%	अपेक्षित लक्ष्यको नजिक, यो स्थिति सन्तोषजनक छ, तर लक्ष्यसम्म पुग्न अझै प्रयास गर्न आवश्यक छ।
१२	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८०.६५%	
१३	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८१.०४%	
१४	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८२.००%	
१५	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८३.१५%	यो स्थिति संस्थाको वित्तीय अस्थिरता र दीर्घकालीन वित्तीय समस्याहरूको संकेत हुन सक्छ।
१६	छिपछिपे उपभोक्ता सहकारी संस्था	८३.१९%	
१७	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८५.१५%	
१८	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय संस्था लिमिटेड	८७.००%	
१९	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८९.३१%	
२०	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.	९६.३६%	
२१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.	९७.३०%	

स्रोतः विभिन्न सहकारीको वित्तीय विवरण

९क.७ कूल सम्पत्तिमा बचत अनुपात विश्लेषण

कूल सम्पत्तिमा बचत अनुपात (Savings-to-Total Assets Ratio) को उचित मापदण्ड ७०-८० प्रतिशत रहेकोमा १४ वटा सहकारीको कूल सम्पत्तिमा बचत अनुपात देहाय बमोजिम रहेको छः

सहकारी संस्थाहरूको कूल सम्पत्तिमा बचत अनुपात

क्र.स.	संस्थाको नाम	परिसूचक	विश्लेषण
१	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५.०७%	कूल सम्पत्तिमा बचतको अनुपात कम देखिनुले सहकारी संस्थाको बाह्य स्रोतमा निर्भरता बढेको देखिन्छ, जसले संस्थाको आर्थिक स्थिरता कमजोर भएको आँकलन गर्न सकिन्छ।
२	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५७.६९%	
३	गोर्खा सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	५७.६९%	
४	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	५७.८३%	
५	इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड	६८.०९%	
६	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८७.६०%	अत्यधिक बचतको कारण, संस्थाले आफ्नो पूँजीलाई प्रभावकारी रूपमा लगानी गर्न असफल हुन सक्छ। उच्च अनुपातले संस्थालाई नयाँ लगानी अवसरहरूको प्रयोग गर्न
७	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८७.८७%	
८	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८८.६९%	
९	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	९६.३३%	
१०	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड	९९.२६%	

११	कान्तिपुर सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लि.	१०२.८०%	असमर्थ वनाउँछ, जसले विस्तार र विकासको अवसर गुमाउँछ।
१२	समानता वचत तथा ऋण सहकारी संस्था लिमिटेड	१०५.१६%	
१३	कृषिविकास वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१३५.५०%	
१४	लु:निभा वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२१२.५०%	

स्रोतः विभिन्न सहकारीको वित्तीय विवरण

९क.८ कूल सम्पतिमा बाह्य ऋण अनुपात विश्लेषण

कूल सम्पत्तिमा बाह्य ऋण अनुपात (External Debt-to-Total Assets Ratio) को उचित मापदण्ड बढीमा पाँच प्रतिशत रहेकोमा ६ वटा सहकारीको कूल सम्पत्तिमा बाह्य ऋण अनुपात देहाय वमोजिम पाइएको छ।

सहकारी संस्थाहरूको कूल सम्पत्तिमा वाह्य ऋणको अनुपात

क्र.सं.	संस्थाको नाम	परिसूचक	विश्लेषण
१	छिपछिपे उपभोक्ता सहकारी संस्था	७.६६%	यसले बाह्य ऋणको अत्यधिक निर्भरता र वित्तीय स्थिरतामा समस्या देखाउँछ। उच्च अनुपातले उच्च वित्तीय जोखिम र ऋणको व्यवस्थापनमा समस्या ल्याउन सक्छ, जसले संस्थाको आर्थिक स्थिरता र दीर्घकालीन वित्तीय स्वास्थ्यमा नकारात्मक प्रभाव पार्नसक्छ।
२	इमेज वचत तथा ऋण सहकारी संस्था लिमिटेड	८.८५%	
३	आइडियल यमुना हाम्रो वहुउद्देश्यीय संस्था लिमिटेड	१२.३९%	
४	मित्रमिलन वचत तथा ऋण सहकारी संस्था	१२.६१%	
५	जेष्ट वचत तथा ऋण सहकारी संस्था लिमिटेड	१८.००%	
६	सहारा वचत तथा ऋण सहकारी संस्था लिमिटेड	६९.५७%	

स्रोतः विभिन्न सहकारीको वित्तीय विवरण

९क.९ कूल सम्पत्तिमा शेयर पुँजीको अनुपात (Share capital to total asset ratio) विश्लेषण

कूल सम्पत्तिमा शेयर पुँजीको अनुपात (Share capital to total asset ratio) को उचित मापदण्ड बढीमा २० प्रतिशत रहेकोमा १७ वटा सहकारीको कूल सम्पत्तिमा शेयर पुँजीको अनुपात देहाय वमोजिम रहेको छ।

सहकारी संस्थाहरूको शेयरपूँजीको अनुपात

क्र.स	संस्थाको नाम	परिसूचक	विश्लेषण
१	स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१.३५%	कूल सम्पत्तिमा शेयर पुँजीको कमजोर अनुपातले यी सहकारी सदस्यको आफ्नो लगानीभन्दा धेरै गुणा वचत परिचालन गरी सञ्चालनमा रहेको देखिन्छ।
२	गौतमश्री वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१.६२%	
३	कान्तिपुर सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लि.	१.८९%	
४	गोर्खा सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	२.०७%	
५	सुप्रिम वचत तथा ऋण सहकारी संस्था लिमिटेड	२.४१%	
६	लु:निभा वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२.६१%	
७	सहारा वचत तथा ऋण सहकारी संस्था लिमिटेड	३.०९%	
८	सूर्यदर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेड	३.२२%	
९	आइडियल यमुना हाम्रो वहुउद्देश्यीय संस्था लिमिटेड	४.१२%	

१०	कृषिविकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४.८९%	
११	सुमेरु बचत तथा ऋण सहकारी	४.९८%	
१२	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४.९९%	
१३	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	६.००%	
१४	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६.४३%	
१५	इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड	६.८६%	
१६	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	७.२२%	
१७	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	७.५७%	

स्रोतः विभिन्न सहकारीको वित्तीय विवरण

९क.१० कूल सम्पत्तिमा जगेडा तथा अन्य कोषको अनुपात (Reserves and other funds to total asset ratio) विश्लेषण

कूल सम्पत्तिमा जगेडा तथा अन्य कोषको अनुपात (Reserves and other funds to total asset ratio) को उचित मापदण्ड कम्तिमा ५ प्रतिशत रहेकोमा ७ वटा सहकारीको कूल सम्पत्तिमा जगेडा तथा अन्य कोषको अनुपात देहाय बमोजिम रहेको छ।

सहकारी संस्थाहरूको जगेडा तथा अन्य कोषको अनुपात

क्र.स.	संस्थाको नाम	परिसूचक	विश्लेषण
१	लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	-१४२%३४.	अपेक्षित लक्ष्यभन्दा कम, कम अनुपातले पुँजी संरचनामा असन्तुलन र सम्भावित वित्तीय अस्थिरता देखाउँछ।
२	कृषिविकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	-६१%६२.	
३	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	-२७%३४.	
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	-८%२४.	
५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२.००%	
६	गोर्खा सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	२.४१%	
७	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४.९२%	

स्रोतः सहकारी संस्थाहरूको वित्तीय विवरण

९क.११ आयआर्जन नगर्ने सम्पत्ति अनुपात विश्लेषण

संस्थाको कूल सम्पत्तिमा नकमाउने सम्पत्तिको अनुपात (non-performing asset to total asset ratio) बढीमा ५ प्रतिशत हुनुलाई राम्रो मानिन्छ भने विभिन्न १८ वटा सहकारीको नकमाउने सम्पत्तिको अनुपातको अवस्था देहाय बमोजिम रहेको छ।

सहकारी संस्थाहरूको आयआर्जन नगर्ने सम्पत्ति अनुपात

क्र.स.	संस्थाको नाम	परिसूचक	विश्लेषण
१	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५.६९%	अपेक्षित लक्ष्यभन्दा बढी, उच्च अनुपातले आय आर्जन नगर्ने सम्पत्तिको प्रभावकारी व्यवस्थापनमा कमी देखाउँछ।
२	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	६.००%	
३	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	७.१२%	
४	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	९.३५%	
५	कान्तिपुर सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लि.	११.६४%	

६	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१२.००%	
७	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय संस्था लिमिटेड	१२.५०%	
८	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१४.७६%	
९	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१६.१०%	
१०	छिपछिपे उपभोक्ता सहकारी संस्था	१६.३४%	
११	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१६.३७%	
१२	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१८.९५%	
१३	कृषिविकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४४.२२%	
१४	इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड	५२.३७%	
१५	लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५३.२६%	
१६	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	५७.५४%	
१७	तुलसी बहुउदेश्य सहकारी संस्था लिमिटेड	६१.७७%	
१८	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	६६.९६%	

स्रोतः विभिन्न सहकारीको वित्तीय विवरण

९क.१२ तरल सम्पत्ति र कूल बचतको अनुपात (Liquid asset to total deposit ratio) विश्लेषण

एकीकृत निर्देशन, २०७९ को दफा २८ बमोजिम सहकारीले राख्नु पर्ने तरलताको अनुपात कूल निक्षेप दायित्वको कम्तिमा १० प्रतिशत रहनुपर्नेमा देहाय बमोजिमका १८ वटा सहकारीको तरलताको अनुपात यस्तो पाइएको छ।

सहकारी संस्थाहरूको तरलता अनुपात

क्र.स.	संस्थाको नाम	परिसूचक	विश्लेषण
१	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	०.००%	अपेक्षित लक्ष्यभन्दा कम, तरलता व्यवस्थापन गर्न कठिन हुने।
२	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	०.०२%	
३	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	०.१०%	
४	सुमेरु बचत तथा ऋण सहकारी	०.१०%	
५	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड	०.१२%	
६	कान्तिपुर सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लि.	०.१४%	
७	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	०.१५%	
८	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड	०.१७%	
९	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	०.२८%	
१०	गोर्खा सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१.१७%	
११	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१.३७%	
१२	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१.४१%	
१३	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१.९७%	
१४	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	२.९१%	
१५	इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड	३.०९%	
१६	सानोपाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	३.८३%	

१७	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय संस्था लिमिटेड	६.९८%	
१८	छिपछिपे उपभोक्ता सहकारी संस्था	७.७३%	

स्रोतः सहकारी संस्थाहरूको वित्तीय विवरण

९क.१३ कूल ऋणमा ठूला ऋणको अनुपात (Larger value loan to toal loan ratio) विश्लेषण

कूल ऋणमा ठूला ऋणको अनुपातले संस्थाको ऋण प्रवाहको दिशा सीमित संख्याका ठूला ऋणीतर्फ केन्द्रित रहेको वा नरहेको भन्ने अवस्था देखाउँछ। १० वटा सहकारी संस्थाको कूल ऋणमा ठूला ऋणको अनुपात तलको तालिकामा देखाइएको छ।

सहकारी संस्थाहरूको कूल ऋणमा ठूला ऋणको अनुपात

क.स.	संस्थाको नाम	ठूला ऋणको संख्या	ठूला ऋणको रकम	कूल ऋण	ठूला ऋणको अनुपात
१	कान्तिपुर सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लि.	५०	१,९१,०८,६१,८९३	३,१०,०८,२५,९०४	६१.६२%
२	गोर्खा सेभिंग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	४५	६१,२५,२०,२२९	१,५२,४०,४८,७०९	४०.१९%
३	कृषिविकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२५	६०,७०,५९,७१२	६६,२०,७७,२८४	९१.६९%
४	नेपाल सहकारी वित्तीय संस्था लिमिटेड	१६	९,२५,७९,९१७	१४,८०,९८,८६४	६२.५१%
५	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५०	३,१२,३७,४७,७६१	४,४७,१७,३२,५३४	६९.८६%
६	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२५	६,५४,४३,६९,९०३	७,४८,५६,३०,४७७	८७.४३%
७	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२५	१२,८२,२९,४६९	१४,५६,४१,०१५	८८.०४%
८	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२९	३५,९२,७६,८५६	९९,४४,८४,१३१	३६.१३%
९	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५६	१,१५,१८,०२,६७८	२,५२,३३,८१,९५७	४५.६५%
१०	सुमेरु बचत तथा ऋण सहकारी	३४	७,७४,०७,५४,१६३	८,९६,०७,१४,७००	८६.३९%

स्रोतः सहकारी संस्थाहरूको वित्तीय विवरण

९क.१४ निष्कर्ष

नेपालमा बचत तथा ऋण सहकारी संस्थाहरूको समस्याका कारणहरूको विस्तृत चर्चा गर्दा विभिन्न पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। सहकारी क्षेत्र नेपालको आर्थिक प्रणालीको महत्त्वपूर्ण

हिस्सा भएता पनि, पछिल्लो समय थुप्रै बचत तथा ऋण सहकारी संस्थाहरू समस्यामा परेका छन्। यसका लागि मुख्यतः व्यवस्थापकीय कमजोरी, कानूनी नियमनको अभाव, वित्तीय अनुशासनको कमी र दुरुपयोग भएका स्रोत साधनहरूलाई मुख्य कारणहरू मान्न सकिन्छ।

९क.१४.१ व्यवस्थापकीय कमजोरी र दुरुपयोग

सहकारी संस्थाहरूको असफलताको पहिलो कारण भनेको व्यवस्थापन पक्षको कमजोरी हो। धेरै सहकारी संस्थाहरूमा कुशल व्यवस्थापनको अभाव पाइन्छ। व्यवस्थापनमा रहेका व्यक्तिहरूले सहकारीको पारदर्शिता, जिम्मेवारी र दीर्घकालीन योजनालाई बेवास्ता गरेका कारण सहकारीहरू समस्यामा परेको पाइन्छ। साथै, कतिपय अवस्थामा, सहकारीका उच्च पदस्थ अधिकारीहरूले आफ्नो पदको दुरुपयोग गर्दै संस्थाका वित्तीय स्रोतलाई व्यक्तिगत लाभका लागि प्रयोग गर्ने गरेका छन्, जसले सहकारीको वित्तीय स्थिति कमजोर बनाएको छ।

९क.१४.२ नियमनको अभाव

नेपालमा बचत तथा ऋण सहकारीहरूका लागि एकीकृत र प्रभावकारी नियमनको अभाव पनि यस समस्याको अर्को कारण हो। सहकारी संस्थाहरूलाई नियमन गर्ने निकायहरूको अभाव र उनीहरूको कमजोर क्षमता तथा संरचना भनेको सहकारीको दिगोपनमा चुनौति हो। सहकारी क्षेत्रको प्रभावकारी नियमनको अभावले सहकारीहरूको पारदर्शिता, वित्तीय अनुशासन र उनीहरूको दीर्घकालीन स्थिरतामा नकारात्मक असर पुऱ्याउछ।

सहकारी विभागले सहकारी संस्थाहरूलाई नियमन गर्ने कानूनी व्यवस्था त गरेको छ, तर त्यो कानून प्रभावकारी रूपमा लागू हुन नसक्नु र सहकारीहरूको अनुगमनको अभावले गर्दा सहकारीहरू गलत बाटोमा लाग्न बाध्य भएका छन्। धेरै सहकारीहरूले ऋण नोक्सानी व्यवस्थाको उल्लङ्घन गरेर अनियमित वित्तीय कारोबार गर्नाले उनीहरू समस्यामा परेका छन्।

९क.१४.३. वित्तीय अनुशासनको कमी

सहकारी संस्थाहरूमा वित्तीय अनुशासनको अभाव समस्याको प्रमुख कारण हो। बचत तथा ऋण सहकारी संस्थाहरूले सदस्यहरूबाट सङ्कलित रकमलाई विवेकपूर्ण रूपमा प्रयोग गर्नुपर्ने हुन्छ। तर, सहकारीहरूले यसमा लापरबाही गरेका छन्। संस्थाहरूले वित्तीय जोखिमको पर्याप्त मूल्याङ्कन नगरी ऋण दिने, सहकारीले लिएको जोखिमको स्तर उच्च हुनु, र वित्तीय सुरक्षाको अभावजस्ता समस्याहरूले संस्थालाई समस्यातर्फ धकेलेका छन्।

सहकारी संस्थाले आर्थिक स्रोतलाई व्यवस्थित रूपमा लगानी नगर्ने, व्यावसायिक अभ्यासलाई बेवास्ता गर्ने र वित्तीय प्रतिवेदनहरूको पारदर्शिता नदेखाउने गरेका छन्। यसले गर्दा सहकारी संस्थाहरू आर्थिक संकटमा फस्ने र दीर्घकालीन रूपमा समस्या हुने गरेका छन्।

९क.१४.४. अनियमित ऋण वितरण

सहकारीहरूमा अनियमित ऋण वितरण पनि समस्याको कारण हो। सहकारी संस्थाहरूले सदस्यहरूलाई ऋण दिँदा वित्तीय संस्थाहरूले भन्दा सहजै दिन्छन्, तर कतिपय अवस्थामा ऋण दिने प्रक्रिया नै अनियमित हुन्छ। संस्थाले ऋण लिने व्यक्तिको वित्तीय स्थिति, ऋणको जोखिम र फिर्ता गर्ने क्षमताको विश्लेषण नगरी ऋण दिने गर्दा संस्थालाई ठूलो आर्थिक हानी भएको पाइन्छ।

ऋण फिर्ता नगर्ने प्रवृत्ति पनि बढ्दै गएको छ। कतिपय सदस्यहरूले सहकारीबाट लिएको ऋण समयमै फिर्ता नगर्ने वा फिर्ता नगर्ने नीति अपनाउने हुँदा सहकारीको वित्तीय स्थिति कमजोर भएको छ। साथै, अनियमित ऋण वितरणले गर्दा सहकारी संस्थाको सन्तुलित आर्थिक संरचना बिग्रेको छ र यसले समस्यामा पुऱ्याउने छ।

९क.१४.५. वित्तीय शिक्षाको अभाव

सहकारी संस्थाहरूमा सदस्यहरूको वित्तीय सचेतता र जिम्मेवारीको अभाव पनि असफलताको कारण हो। सहकारी संस्थामा संलग्न धेरै सदस्यहरूलाई वित्तीय प्रणाली, बचत तथा ऋण व्यवस्थापन र लगानीको आधारभूत ज्ञान नभएको हुँदा सहकारीले उनीहरूलाई शिक्षित गर्न असफल भएको पाइन्छ। वित्तीय शिक्षाको कमीले गर्दा सदस्यहरू सहकारीको दीर्घकालीन लक्ष्य, वित्तीय अनुशासन र फाइदाबारे बेखबर हुन्छन्।

सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई वित्तीय शिक्षामा ध्यान दिन नसक्दा सदस्यहरूले अनियमित वित्तीय गतिविधिहरू अपनाउने र सहकारीको वित्तीय स्थायित्वलाई नकारात्मक असर पुऱ्याउने सम्भावना हुन्छ। आर्थिक शिक्षाको अभावमा सदस्यहरूले सहकारीको महत्त्व नबुझेका कारण पनि सहकारीहरू असफल भएका छन्।

९क.१४.६. संस्थागत नीतिको अभाव

सहकारीहरूको असफलताको अर्को महत्त्वपूर्ण कारण भनेको संस्थागत नीतिहरूको अभाव हो। सहकारीहरूले वित्तीय नीति, ऋण नीति र बचत नीतिलाई व्यवस्थित गर्न नसक्दा वित्तीय अस्थिरता निम्त्याएका छन्। सहकारी संस्थाहरूमा योजना, नीतिगत ढाँचा र दीर्घकालीन वित्तीय स्थिरताको योजना बनाउन नसक्दा सहकारीहरू असफल भएका छन्।

अधिकांश सहकारीहरूले सही नीतिको अभावमा सदस्यहरूको बचतको प्रभावकारी उपयोग गर्न असफल भएका छन्। सहकारीहरूले ठोस रणनीति र वित्तीय योजना नअपनाउँदा दीर्घकालीन रूपमा संस्थागत संकट उत्पन्न भएको देखिन्छ।

९क.१४.७ सञ्चालक र प्रमुख कर्मचारीहरूबाट पदको दुरुपयोग

नेपालका थुप्रै बचत तथा ऋण सहकारी संस्थाहरू असफल हुनुको अर्को महत्त्वपूर्ण कारण भनेको सहकारीका सञ्चालक र प्रमुख कर्मचारीहरूले आफ्नो पदको दुरुपयोग गर्नु हो। कतिपय अवस्थामा, सहकारीका उच्च पदस्थ अधिकारीहरूले सहकारीको स्रोतसाधनलाई आफ्नो निजी फाइदाका लागि प्रयोग गर्ने गरेका छन्। उनीहरूले सहकारीको ऋण प्रणालीलाई व्यक्तिगत स्वार्थमा प्रयोग गर्दै आफ्ना आफन्त, परिवारका सदस्य वा आफ्नै कम्पनीहरूलाई प्राथमिकता दिएर ऋण दिने गरेका छन्।

यस्तो अवस्था हुँदा सहकारीको वित्तीय संशाधन सीमित व्यक्तिहरूमा मात्र केन्द्रित हुन्छ, जसले सहकारीको सर्वाङ्गिण विकासमा नकारात्मक असर पुऱ्याउँछ। सहकारीको सिद्धान्त भनेको सबै सदस्यहरूको समान फाइदाका लागि वित्तीय स्रोतहरूको उपयोग गर्नु हो, तर जब सीमित पदाधिकारी र सञ्चालकहरूले केवल आफ्ना आफन्त वा निकटका व्यक्तिहरूलाई मात्र ऋण दिने प्रवृत्ति देखाउँछन्, सहकारीको वित्तीय स्थिति कमजोर बन्छ।

साथै, यस्ता ऋणहरू धेरै जसो अनियमित र जोखिमपूर्ण हुने हुँदा सहकारीको ऋण असुलीदर कम हुन्छ, जसले दीर्घकालीन रूपमा सहकारीलाई वित्तीय सङ्कटमा धकेल्छ। यसरी पदको दुरुपयोग र असमान ऋण वितरणले सहकारीको असफलताको जोखिमलाई अझ बढाउँछ।

खण्ड खः गोर्खा मिडिया नेटवर्क प्रा.लि.सँग सम्बन्धित वित्तीय विश्लेषण

गोर्खा मिडिया नेटवर्क प्राइभेट लिमिटेड कम्पनी संवत् २०७७ साल भदौ १४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नम्बर २४०९११/०७७/०७८ मा दर्ता भएको हो। कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाढौं महानगरपालका वडा नं. ५ भिमसेनमार्ग, हाँडीगाउँमा हरेको छ। कम्पनी आन्तरिक राजश्व कार्यालय महाराजगञ्जमा स्थायी लेखा नम्बर ६०९७८६५०३ मा दर्ता रहेको छ। कम्पनीको संस्थापक शेयरधनी गितेन्द्रबाबु राई र छबिलाल जोशी रहेकोमा पछि २०७७को अन्त्यतिर[१२५] रवी लामिछाने शेयरधनीका रूपमा प्रवेश गर्नुभएको देखिन्छ। २०७८ र २०७९ मा क्रमशः छविलाल जोशी र रवी लामिछानेले उक्त कम्पनीको शेयर छाडेपछि हाल गितेन्द्रबाबु राई, कुमार रम्तेल र जीबी ग्रुप अफ कम्पनीज प्रा.लि. उक्त कम्पनीका सञ्चालक रहेका छन्।

९ख.१ गोर्खा मिडिया नेटवर्क प्रा.लि.को शेयर पुँजी

विभिन्न सहकारी संस्थाहरूबाट गोर्खा मिडिया नेटवर्क प्रा.लि. का अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई र निजका विभिन्न आफन्तको नाममा प्रचलित सहकारी कानून विपरीत ऋण तथा पेश्की गरी जम्मा रु. २ अर्ब ५८ करोड बराबरको रकम पठाई अपचलन भएको पाइएको छ। यसको विवरण अनुसूची-१२ (१२.१)मा प्रस्तुत छ। उक्त रकममध्ये ६५,५४,०४,५३८ गोर्खा मिडिया नेटवर्क प्रा.लिको खातमा जम्मा भएको देखिन्छ। उक्त रकम मध्ये रू. २२,४६,३०,००० सूर्यदर्शन, सुप्रिम, सानो पाइला, स्वर्णलक्ष्मी, समानता, सहारा सहकारीबाट जम्मा भएका देखिन्छन् भने ४३,०७,७४,५३८ विभिन्न व्यक्तिका नाममा ऋण देखाई रकम गोर्खा मिडियामा जम्मा गरी जीबी राईको नाममा ऋण कायम गरिएको देखिन्छ। यो विवरण अनुसूची-११ मा प्रस्तुत गरिएको छ।

जम्मा भएको रकम मध्ये रू. बाह्र करोड गोर्खा मिडिया नेटवर्क प्रा.लि.को शेयर पुँजीवापत जम्मा गरिएको, अनुसूची-१४ बमोजिमको रू ८,२०,९१,६४३ जीबी राई स्वयंले प्रयोग गरेको देखिन्छ। पछि रवी लामिछाने सेमतले गोर्खा मिडिया छाडेपछि गोर्खा मीडयाको सञ्चालकको रूपमा भित्रिएको जीबी ग्रुप अफ कम्पनीजले मिति २०७९।०३।३० मा सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट रु. २ करोडको ऋण लिई गोर्खा मिडिया नेटवर्क प्रा.लि.लाई मिति २०७९।०३।३१ मा २० लाखको ऋण प्रबाह गरेको देखिन्छ।

---

125 रवी लामिछानेको शेयर दाखिला कम्पनी रजिष्ट्रारको कार्यालयमा २०७८।०१।१५ मा भएको देखिएता पनि निज २०७७ चैत २० गते कम्पनीमा प्रवेश गर्नुभएको निर्णयको प्रतिलिपिबाट देखिन्छ। तर निजले २०७७ को माघ महिनादिख नै गोर्खा मिडिया नेटवपर्क प्रा.लि.बाट तलव लिएको देखिन्छ। समितिसमक्षको सोधपुछमा पनि उहाँले २०७७ माघ महिनादिख कम्पनीसँग आवद्ध भएको उल्लेख गर्नुभएको छ। २०७७।१०।०८ मा निज रवी लामिछानेको नामवाट ७५ लाख रूपैया कम्पनीको बैङ्क खातामा जम्मा भएको देखिन्छ।

९ख.२ गोर्खा मिडियाले गरेको खर्च विश्लेषण

९ख.२.१ पेश्की सम्बन्धमा

- गोर्खा मिडिया नेटवर्क प्रा.लि.ले आर्थिक वर्ष २०७८/०७९ सम्ममा विभिन्न व्यक्तिहरूलाई जम्मा रु. ६,९२,९७,४५२ पेश्की प्रवाह गरेको देखिन्छ। हालसम्म पेश्की फछ्यौंट भएको देखिँदैन। पेश्कीको विवरण देहाय बमोजिम छ।

क्र.स.	विवरण	रकम
१	नोवडी प्रोडक्सन प्रा.लि	४,२१,९३,७५०
२	गोपीकृष्ण मुभिज प्रा.लि	८१,२५,०००
३	ग्रीन ट्री डेभलपर्स प्रा.लि	५५,००,०००
४	आश्रा इन्टरनेशनल प्रा.लि	५०,७२,०१६
५	जुनकिरी इन्टरएक्टिभ प्रा. लि.	४०,००,०००
६	कार्य वोर्क्स प्रा.लि	२२,५५,०००
७	माउन्टेन रिभर फिल्म्स प्रा.लि	१०,००,०००
८	अयान्स टेक्नोलोजी प्रा.लि	५,८१,०००
९	अन्य	५,७०,६८६
	जम्मा	६,९२,९७,४५२

- गोर्खा मिडिया नेटवर्क प्रा.लि.ले आर्थिक वर्ष २०७७/७८ मा नोबडी प्रोडक्सन प्रा.लि.लाई रु. ५,३५,००,००० पेश्की दिएको र आर्थिक वर्ष २०७८/७९ सम्ममा पनि रु. ४,२१,९३,७५० पेश्की फछ्यौंट हुन बाँकि देखिन्छ।
- गोर्खा मिडिया नेटवर्क प्रा.लि. ले आर्थिक वर्ष २०७७/७८ मा गोपीकृष्ण मुभिज प्रा.लि.लाई रू.२५,००,००० पेश्की दिएको र आर्थिक वर्ष २०७८/७९ मा थप रू. ६६,२५,००० गरी रू. ८१,२५,००० पेश्की फछ्यौंट हुन बाँकि देखिन्छ।
- गोर्खा मिडिया नेटवर्क प्रा.लि.ले आर्थिक वर्ष २०७८/७९ मा कर्मचारीहरूलाई रु. १,१७,३०,८९२ पेश्की प्रदान गरेको छ जसको विवरण तल उल्लेख छ।

क्र.स.	नाम	रकम (रु.)
१	शम्भु गुरागाई	८१,०३,१९८
२	रवि लामिछाने	१७,००,१८६
३	विपिन कुमार आचार्य	९,७९,९१२
४	पुष्पराज गिरी	६,१२,०१९
५	टीकाराम राई	१,८५,०००
६	अन्य	१,५०,५७७
	जम्मा	१,१७,३०,८९२

- आर्थिक वर्ष २०७७/७८ मा शम्भु गुरागाईंले कर्मचारी पेश्की रु. ८१,०३,१९८ लिई आर्थिक वर्ष २०७८/७९ सम्म पनि पेश्की फछ्यौंट गरिएको देखिँदैन। साथै रवी लामिछानेले आर्थिक वर्ष २०७७/७८ मा कर्मचारी पेश्की रु. ६,४५,३१.७१ लिएको र

आर्थिक वर्ष २०७८/७९ मा थप रु.१०,५५,०५५.५ पेश्की लिई जम्मा रु. १७,००,१८६.६७ पेश्की फछ्यौंट गर्न बाँकी देखिन्छ।

- कम्पनीले कुनै बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको देखिएको छैन, लेखापरीक्षण प्रतिवेदनसाथै रहेको व्यवस्थापन प्रतिनिधित्व पत्रले समेत कम्पनीमा आएको व्यक्तिगत ऋण निर्व्याजी रहेको उल्लेख भएता पनि आर्थिक वर्ष २०७८/०७९ मा व्याजवापत रु. १,५५,५२,९८० भुक्तानी गरिएको देखिन्छ।

९ख.२.२ तलब सम्बन्धमा

- गोर्खा मिडिया नेटवर्क प्रा.लि. पहिलो २ वर्षमै १६ करोडको नोक्सानीमा रहनुको एक मुख्य कारण सुरूवाती चरणमा अधिकतम तलब खर्च रहनु हो। गोर्खा मिडिया नेटवर्क प्रा.लि.ले आर्थिक वर्ष २०७७/७८ मा मात्र ६ महिनामा ११२ जना कर्मचारीको तलब खर्च रु. २,१९,३५,७११.९८ लेखाङ्कन गरेको छ भने आर्थिक वर्ष २०७८/७९ मा २४४ जना कर्मचारीको तलब खर्च रु. १२,७३,८६,३२१.९० लेखाङ्कन गरेको छ। गोर्खा मिडिया नेटवर्क प्रा.लि. नोक्सानीमा रहेता पनि सम्पूर्ण तलब भत्ता समयमै भुक्तानी भएको र कर्मचारीलाई पेश्की समेत दिएको देखिन्छ।
- तलबसँग सम्बन्धित विभिन्न शीर्षकमा नेपाल सरकारलाई १ करोड ३६ लाख ७६ हजार ५६३ तिर्नु पर्ने कर बाँकी देखिन्छ।

९ख.२.३ बैङ्क खाता सञ्चालन सम्बन्धमा

- गोरखा मिडिया नेटवर्क प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक रवी लामिछाले समितिसमक्ष भएको सोधपुछमा आर्थिक कारोबारका सम्बन्धमा अध्यक्ष गितेन्द्रबाबु राई नै जिम्मेवार रहेको उल्लेख गरेको भएता पनि समितिलाई प्राप्त विवरणअनुसार निज रवी लामिछानेले नै कारोबार गर्न गरेको पाइएको छ। निजले हस्ताक्षर गरेका समितिमा प्राप्त चेकहरुको विवरण देहाय बमोजिम रहेको छः

मिति	नाम	रकम
२४/१२/२०२१	नोवडी प्रोडक्सन प्रा.लि.	६,५६७,१८७.५०
२३/१२/२०२१	नोवडी प्रोडक्सन प्रा.लि.	६,५६७,१८७.५०
०४/०८/२०२१	नोवडी प्रोडक्सन प्रा.लि.	१२,७०३,१२५.००
०४/०१/२०७८	कला बिल्डिङ एंड कन्स्ट्रक्सन प्रा.लि.	१३,५६०,०००.००
२०/१२/२०७७	नोवडी प्रोडक्सन प्रा.लि.	१०,०००,०००.००
१०/०९/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	१५,९३०,७५५.००
११/१०/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	१५,९३०,७५५.००
२५/०७/२०७७	राष्मिता देवी गुरागाईं	५,०००,०००.००
२५/०७/२०७७	सम्भु गुरागाईं	५,०००,०००.००
०७/०८/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	३०,०००,०००.००
०८/०८/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	२०,०००,०००.००
०९/०८/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	२०,०००,०००.००

०६/०९/२०७७	नोवडी प्रोडक्सन प्रा.लि.	१५,०००,०००.००
०६/०९/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	२५,७९९,९६६.००
०८/०९/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	२०,०००,०००.००
०७/१०/२०७७	कम्यूनिकेशन एण्ड ब्रोडकाष्टि प्रा.लि.	१५,९३०,७५५.००
जम्मा		२३७,९८९,७३१.००

९ख.३ निष्कर्ष

गोर्खा मिडिया नेटवर्क प्रा.लि. असफल हुनुको प्रमुख कारण ठूलो लगानी, अत्यधिक खर्च तर न्यून आय रहेको देखिन्छ। खर्चको विश्लेषण गर्दा कम्पनीलाई घाटा हुँदाहुँदै सञ्चालकहरूले अत्यधिक रूपमा लगेको तलब रहेको छ। कुनै पनि सहकारी संस्थाले प्राकृतिक व्यक्ति बाहेकलाई ऋण प्रदान गर्नु हुँदैन र लगानी समेत गर्नु हुँदैन। तर सञ्चालकहरूको सहकारी संस्थामा आफ्नो शक्तिको गलत उपयोग गरी अत्यधिक रूपमा ऋण लिई कम्पनीलाई ऋण प्रदान गरी सहकारी संस्थाहरूको रकम अपचलन गरेको पुष्टि हुन्छ।

खण्ड गः समस्यामा रहेका सहकारीका वित्तीय विश्लेषण र देखिएका समस्या

९ग.१ कान्तिपुर सेभिंग्स एण्ड क्रेडिट को-अपरेटिभ लि., मिनभवन, काठमाडौं

१. पृष्ठभूमि

कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ संवत् २०५४ मा दर्ता भएको थियो। तत्कालीन अध्यक्ष चन्द्र (सिबी) लामाको नेतृत्वमा लामो समयसम्म चलेको संस्था समस्याग्रस्त घोषणा हुँदाको समयमा अध्यक्षका रूपमा हिमालयविक्रम मल्ल ठकुरी थिए। कान्तिपुरसँगै पशुपति सेभिङ एण्ड क्रेडिट संस्था पनि चलाएका पछिल्लो केही वर्ष संस्थाको अध्यक्षलगायत सञ्चालकको भूमिका छाडेको भएता पनि कार्यकारी भूमिकामा उनले प्रेमध्वज लामालाई राखेको पाइन्छ।

साबिक कान्तिपुर फाइनान्स को-अपरेटिभ लि.बाट कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ सहकारी संस्था लि. कायम भएको हो। देवराज पराजुलीले नेतृत्व गरेको सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि., कुटीर बचत तथा ऋण सहकारी संस्था र मेरिगोल्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभसमेत, कान्तिपुर सेभिंग एण्ड क्रेडिट को-अपरेटिभ सहकारी संस्था गाभिएका छन्।

- एकै व्यक्ति एक भन्दा बढी सहकारीको सञ्चालक, सदस्य तथा ऋणी हुनु,
- बचत तथा ऋण सहकारी संस्थालाई नियमन गर्ने छुट्टै विशेष कानून नहुनु,
- बचतकर्ता फिर्ता हुन नसक्दा सहकारी क्षेत्रको विश्वास गुम्नु,
- स्थानीय पुँजी निर्माण र बचत परिचालनमा योगदान गरेको सहकारी क्षेत्र राज्यको प्राथमिकतामा नपर्नु,
- सहकारी क्षेत्रलाई नाफा कमाउने क्षेत्रको रूपमा अवलम्बन गर्नु, आदि।

- समाधानका उपायहरू
  - समस्यामा परी बचत फिर्ता गर्न नसकेका सहकारीहरूको तथ्याङ्क यकिन गरी कम्तिमा पाँच वर्षभित्र बचत फिर्ता गर्ने गरी बचत फिर्ता कार्ययोजना निर्माण गरी लागू गर्नु पर्ने,
  - बचत तथा ऋण सहकारीहरूलाई बचत तथा कर्जा सुरक्षण निगम र कर्जा सूचना केन्द्रमा तत्काल पहुँच दिनु पर्ने,
  - सहकारी ऐनमा उल्लेख भए बमोजिमको ऋण असुली न्यायाधिकरण तत्काल गठन गरी सञ्चालन गर्नु पर्ने,
  - तत्काल स्थायी प्रकृतिको जिम्मा जमानी परिषद् दर्ता गरी गैरबैंकिङ्ग सम्पत्ति व्यवस्थापनमा सहजीकरण गर्नु पर्ने,
  - सहकारीको बचत अपचलन गर्नेलाई कडा कारबाहीका लागि नीतिगत व्यवस्था गर्नु पर्ने,
  - दोहोरो सहकारी सदस्य हुने, दोहोरो सञ्चालक समितिको सदस्य हुने र एक भन्दा बढी सहकारीबाट ऋण लिने कार्य तत्काल अन्त्य गर्नु पर्ने,
  - बचत तथा ऋण सहकारी संस्थाको लागि छुट्टै कानूनी व्यवस्था गरी नेपाल राष्ट्र बैंक र सहकारीको केन्द्रीय नियमनकारी निकायबाट नियमित अनुगमनको व्यवस्था गर्नु पर्ने,
  - बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको पुनः इजाजत दिने व्यवस्था गर्नु पर्ने,
  - सदस्यकेन्द्रित भई कारोबार गर्ने बाहेकका सहकारीलाई बैङ्क तथा वित्तीय संस्था सरह कर लगाउनु पर्ने,
  - उत्पादनमुलक सहकारीका हकमा प्राथमिक पुँजीको व्यवस्था गर्नु पर्ने,
  - सहकारी ऐनसँग बाझिएका कानून तत्काल संशोधन गर्नु पर्ने,
  - बचत तथा ऋण सहकारीको हकमा प्राविधिक सञ्जालीकरण गरी स्थिरीकरण कोषमार्फत सुपरीवेक्षणको व्यवस्था मिलाउनु पर्ने, आदि।

१३.२ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाल कम्युनिष्ट पार्टी (एमाले) दलको दस्तावेजमा सहकारी क्षेत्रले समाजवादको आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गरेको छ। न्याय, समानता र सहभागितामा आधारित मिश्रित र सामुहिक आर्थिक प्रणालीमार्फत देशलाई समृद्ध बनाउने अभिभारा पूरा गर्न सहकारी महत्त्वपूर्ण हुने उल्लेख छ। मिश्रित र सामुहिक आर्थिक प्रणालीलाई प्रोत्साहन गर्दै उत्पादन प्रक्रियामा पुँजीबाट श्रममाथि हुने शोषण कम गर्दै श्रोत र साधनमा उत्पादन शक्तिको हिस्सा बढाउन सहकारीलाई माध्यमका रूपमा लिने उद्देश्य छ। एमालेको पाँचौं र छैठौं राष्ट्रिय महाधिवेशनमा सहकारीलाई राजनीतिक दस्तावेज नै बनाएर छलफल चलाएको उल्लेख गरेको छ। सातौं महाधिबेशनदेखि केन्द्रीय सहकारी विभाग गठन गरेको छ। नवौं राष्ट्रिय महाधिवेशनमा सहकारी क्षेत्रलाई मूल विषयका रूपमा लिंदै सामाजिक न्याय, व्यावसायिक क्रियाकलाप र वित्तीय एवं पुँजीगत परिचालनको शसक्त माध्यमका रूपमा स्वीकार गरेको छ।

- समस्याका कारणहरू
    - सहकारी सम्बन्धी शिक्षा र चेतनाको बिस्तार अपेक्षित रूपमा हुन नसक्नु,
    - सहकारीहरूमा उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोबारमा बढी देखिनु,
    - सहकारीका सिद्धान्त, मूल्य, मान्यताको अनुशरणको अवस्था कमजोर रहनु,
    - कतिपय सहकारी संस्थामा वित्तीय सुशासनको कमीका कारण र सुशासनको अभाव हुनु,
    - सहकारीलाई प्रदान गरिएको संवैधानिक जिम्मेवारी अनुकूल राज्यको नीति तथा कार्यक्रममा प्राथमिकता र जिम्मेवारीमा नपर्नु,
    - पञ्चवर्षिय योजनाहरूमा सहकारीको भूमिका र जिम्मेवारीमा संकुचन हुनु,
    - दिगो विकास लक्ष्य २०३० हासिल गर्न सहकारी क्षेत्रमो जिम्मेवारीमा राज्यको साझेदारी नहुनु,
    - सहकारी मूल्यलाई आत्मसात गर्न नसकेका ४६ कानूनमा संशोधन हुन नसक्नु,
    - सहकारी प्रवर्द्धनात्मक व्यवस्थाहरूको कार्यान्वयन नहुनु, ऐन संसोधनमा ढिलाई हुनु,
    - सहकारी नीति २०६९ को १२ वर्षसम्म पुनरावलोकन नहुनु,
    - अनुगमनका विद्यमान संरचना र संयन्त्र कमजोर हुनु,
    - तीनवटै संघीय एकाइमा सहकारी कानूनमा एकरुपता नहुनु,
    - समस्याग्रस्त सहकारी व्यवस्थापन समिति पर्याप्त जनशक्ति र साधन श्रोतले युक्त नहुनु,
    - सहकारी तथा वित्तीय संस्थाका विरुद्धमा आम जनमानसमा गलत अफवाह फैलिनु, विश्वास घट्नु,

- सहकारीका सञ्चालक तथा कर्मचारीमा वित्तीय अनुशासनको कमी देखिनु,
- सहकारीको क्षेत्रमा काम गर्ने निजामती कर्मचारीका लागि विशेष सहकारी सेवा/समूह नहुनु,
- वित्तीय कारोबार गर्ने सहकारीका लागि छुट्टै वित्तीय सहकारी कानून नहुनु,
- सरकारी निकायहरूबीच समन्वयको अभाव, कृषिजन्य उद्योगहरूको स्थापना एवं सहकारी बजार केन्द्रहरू निर्माणका लागि संघ, संस्थाहरूसँग पुँजीको अभाव हुनु,
- दक्ष र तालिम प्राप्त व्यवस्थापकको अभाव, आदि।

- समाधानका उपायहरू
  - सहकारीसँग सम्बन्धित संविधान तथा प्रचलित ऐन कानूनहरूको प्रभावकारी कार्यान्वन गर्नुका साथै वर्तमान आवश्यकता र समयानुकूल संशोधन तथा परिमार्जन गर्नु पर्ने,
  - सहकारी अभियानको संरक्षण र प्रवर्द्धनका लागि कालोसूची सम्बन्धी व्यवस्था, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बाँकी बक्यौता असलु उपर गर्ने, रोक्का राख लेखी पठाउने, अग्राधिकार रहने र कारबाही गर्न बाधा नपर्ने लगायतका सहकारी कानूनका व्यवस्थाहरू कार्यान्वयन गर्नु पर्ने,
  - बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन हुने गरी नयाँ राष्ट्रिय सहकारी नीति तर्जुमा गरी गन्तव्य र प्राथमिकता निर्धारण गर्नु पर्ने,
  - संघ, प्रदेश र स्थानीय तहका सहकारी कानूनमा एकरुपता र समाञ्जस्यता कायम गरी नियमनसँगै शिक्षा तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नु पर्ने,
  - अपचलन तथा दुरुपयोग गर्ने सञ्चालक, सदस्य, नियामक निकाय तथा संस्थाका कर्मचारीलाई निर्मम कारबाही हुनु पर्ने,
  - सहकारी अभियानले गलत प्रवृत्ति र पात्रको ढाकछोप तथा संरक्षण गर्न नहुने,
  - सहकारीहरूलाई समस्याग्रस्त, समस्याउन्मुख र असल सहकारीका रूपमा वर्गीकरण गरी समस्याग्रस्त सहकारीका सञ्चालकउपर कानूनी कारबाही गरी बचत फिर्ताको प्रबन्ध गर्ने,
  - समस्याउन्मुख सहकारीहरूलाई राज्य र अभियानले आवश्यक सहजीकरण र संरक्षण गरी सबल बनाउने र असल सहकारीहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने,
  - सहकारी शिक्षा र प्रशिक्षणबाट सहकारी सिद्धान्त र मूल्य मान्यताप्रति जागरुक बनाउँदै आन्तरिक सुशासन र नियन्त्रण प्रणाली स्थापना गर्नु पर्ने,
  - ऋण नतिर्ने उक्साउने वा अफवाह फैलाउनेमाथी कडा कानूनी कारबाही गर्नु पर्ने,
  - सहकारी संघसंस्थाहरूको एकिकरण गर्नु पर्ने,
  - बचत तथा ऋण सहकारीहरूका लागि वित्तीय सहकारी कानून जारी हुनु पर्ने,

- सहकारीको रकम दुरुपयोग गर्नेलाई राज्यका सेवा सुविधाबाट बञ्चित गर्दै राजनीतिक नियुक्ति तथा कुनै पनि राजकीय जिम्मेवारी दिन नमिल्ने व्यवस्था गरिनु पर्ने,
- स्थानीय सरकारले सहकारीलाई विकास साझेदारको रूपमा अपनाउनु पर्ने आदि।

१३.३ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

संविधान अनुसार सार्वजनिक निजी र सहकारी तीनखम्बे मिश्रित आर्थिक नीति नै अहिले देशको अर्थनीति मानिएको हो। सरकारको आर्थिक नीतिमा राष्ट्रिय साझा एवं मानवतावादी दृष्टिकोण, निजी क्षेत्र-मुनाफामुखी र सहकारी सहयोगात्मक, सामाजिक न्यायमुखी सामुहिक उत्पादन र न्यायिक वितरणमा जोड दिने आर्थिक प्रणाली रहेकोले सहकारी अभियान समाजवादको भ्रुण मानिएको दृष्टिकोण नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को रहेको छ।

- समस्याका कारणहरूः
    - अवधारणागत सीमितता वा अस्पष्टता,
    - सञ्चालकको नियतमा खोट,
    - राज्यका निकायहरूले दायित्व बहन गर्न नसक्नु,
    - सञ्चालक, बचतकर्ता तथा ऋणीको मनोविज्ञान,
    - दल, नेता तथा सहकारी अभियन्तामा सहकारीप्रतिको दृष्टिकोण र बुझाइमा समस्या,
    - पारिस्थितिजन्य कारणहरू,
    - कानूनी मापदण्ड र दर्ता प्रक्रिया लगायत।
- समाधानका उपायहरूः
    - ऐन कानूनको प्रभावकारी पालना गरी कानूनमा उल्लेख भएका कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, सहकारी बचत तथा कर्जा सुरक्षण कोष संयन्त्रहरूको तत्काल गठन गर्नु पर्ने,
    - सहकारीका सिद्धान्तको पालना गरे, नगरेको सम्बन्धमा राज्यका निकायहरूले प्रभावकारी अनुगमन गर्नु पर्ने,
    - सहकारी निती, नियम र कानूनमा आवश्यक परिमार्जन गरी राज्यको भूमिकालाई अझ प्रभावकारी बनाउनु पर्ने
    - सहकारीको रकम अपचलन गर्नेलाई तत्काल रकम जम्मा गर्न लगाई राज्यका सुविधाबाट बञ्चित गर्नु पर्ने,
    - सहकारीको वर्गीकरण एवं व्यावसायीकरण गर्नु पर्ने,
    - चेतना अभिवृद्धि, राज्यको भूमिका प्रवर्द्धन गर्नु पर्ने,

- सहकारी संघ, संस्थाहरूको गुणस्तरीय अनुगमन तथा नियमनका लागि संस्थागत स्मरणसहितका स्थायी प्रकृतिका कर्मचारी रहने गरी राष्ट्रिय सहकारी बिकास बोर्डलाई रुपान्तरण गर्नु पर्ने,
- सहकारी अभियानलाई उद्देश्य अनुकूल व्यवस्थित रूपमा सञ्चालन गर्न करिव ४७ वटा कानूनहरूमा संशोधन गरिनु पर्नेलगायत।

१३.४. राष्ट्रिय स्वतन्त्र पार्टी

सहकारी क्षेत्रको समस्या समाधानको लागि राष्ट्रिय स्वतन्त्र पार्टीले नेपाल सरकारलाई सहकारी तथा लघुवित्त संस्थाको संकट र समाधानका उपाय शीर्षकको प्रतिवेदन बुझाएको छ। सुशासन, पारदर्शिता, राष्ट्र निर्माणको भावनाले ओतप्रोत भई देशको अवस्था रूपान्तरण गर्न र सहकारी क्षेत्रको पुनर्उत्थान गर्नु पर्दछ भन्ने राष्ट्रिय स्वतन्त्र पाटीको धारणा छ।

- **समस्याका कारणहरू:**
  - कानूनमा उल्लिखित विधि र प्रक्रिया बमोजिम सहकारीको वार्षिक साधारणसभा नहुँदा सदस्यहरूको निर्णय प्रक्रियामा सहभागिता नहुनु,
  - सहकारीका सदस्यले संस्थाप्रति निगरानी र चासो नराख्नु,
  - सञ्चालकको मनोमानी, समिति तथा एकाघरका सदस्य तथा आफन्तहरूलाई गैरकानूनी कर्जा प्रवाह,
  - स्वीकृत कार्यक्षेत्रभन्दा बाहिरका सदस्यसँग बचत सङ्कलन,
  - ठूला कारोबारी ऋण लगानी
  - अनुगमन तथा नियमनको लागि छुट्टै स्वायत्त संस्था गठन गरी सञ्चालन नगर्नु,
  - नियमन गर्ने प्रर्याप्त तथा दक्ष जनशक्तिको अभाव हुनु,
  - पचास करोडभन्दा बढीको कारोबार गर्ने सहकारी संस्थालाई नेपाल राष्ट्र बैङ्कले अनुगमन तथा नियमन गर्ने व्यवस्था भएता पनि कार्यान्वयन नहुनु,
  - सहकारी संस्थाको वित्तीय स्वस्थताको जाँच, तरलता जोखिम विश्लेषण, पुँजीको अनुपातमा ऋण लगानी आदि विषयमा दक्ष एवं सक्रिय लेखासुपरिवेक्षण समिति नहुँनु,
  - विना सुरक्षण ऋण लगानी हुनु,
  - सदस्यहरूको आयआर्जन हुने क्षेत्रमा सुरक्षित ढङ्गवाट ऋण लगानी गर्नु पर्नेमा अनुत्पादक क्षेत्रमा अधिक ऋण लगानी गर्नु,
  - एकै व्यक्ति धेरै सहकारीमा सदस्य भै एक भन्दा बढी सहकारीबाट ऋण लिने कारण निर्धारित समय सिमाभित्र ऋणको सावाँ व्याज भुक्तानी गर्न नसक्नु,

- समाधानका उपायहरू
    - सहकारी ऐन बमोजिम ऋण असुली न्यायाधिकरण, वित्तीय जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र र कर्जा सुरक्षण कोषको स्थापना गर्नु पर्ने,
    - आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु पर्ने,
    - सहकारी संस्थाका विवरणहरू सहकारी सूचना प्रविधि प्रणाली (COMOPIS)मा अद्यावधिक गर्नु पर्ने,
    - सञ्चालक समिति तथा उच्च व्यवस्थापनमा रहेका कर्मचारी र उनका एकाघरका परिवार भित्र ऋण लगानी गर्न नपाउने नीतिगत व्यवस्था गर्नु पर्ने,
    - PEARLS सूचकाङ्कको आधारमा सहकारी संस्था अनिवार्य सञ्चालन हुने नीतिगत व्यवस्था गर्नु पर्ने,
    - सहकारी संस्थावाट ऋण लिई भुक्तानी नगर्ने गलत मनाशाय भएका सदस्यहरूलाई स्थानीय, प्रदेश र संघीय सरकारवाट सिफारिस लगायतका सेवासुविधा, निर्वाचन लगायतका राजनीतिक रूपमा नियुक्ति हुन नपाउने व्यवस्था गर्नु पर्ने,
    - सहकारी संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा एकरुपता ल्याउन सूचिकृत सफ्टवेयर मात्र प्रयोग गराउने,
    - सहकारी संस्थाको नियमित अनुगमन र निरीक्षणका लागि स्वायत्त नियामक निकायको व्यवस्था गर्नु पर्ने,
    - समस्याउन्मुख देखिएका सहकारी संस्थाका सञ्चालक र व्यवस्थापन प्रमुखहरूको बैङ्क खाता, अचल सम्पत्ति र राहदानी रोक्का गर्नु पर्ने,
    - सहकारीको मूल्य, मान्यता र सिद्धान्त विपरीत काम गर्ने संस्थालाई कारवाही गर्ने,
    - समस्याउन्मुख सहकारीहरूको समयमै पहिचान गरी सदस्यहरूको बचत सुरक्षणका लागि आवश्यक प्रक्रिया सुरु गर्नु पर्ने
    - सहकारी ऐन, २०७४ को दफा ८२ मा व्यवस्था भए बमोजिम कर्जा असुली न्यायाधिकरण गठन गर्ने,
    - विद्यालय तथा विश्वविद्यालय तहका पाठ्यक्रममा सहकारी विषयलाई समावेश गराउनु पर्ने,
    - बचत तथा ऋण सहकारी संस्था दर्ता प्रक्रिया हाललाई स्थानीय तह भित्र सीमित गर्ने,
    - सहकारी संस्थाको कार्यक्षेत्र तथा सेवाकेन्द्र वा सञ्जाल बिस्तारमा रोक लगाउनु पर्ने,
    - पचास करोड भन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्न नेपाल राष्ट्र बैङ्कको समन्वयमा छुट्टै निरीक्षणको व्यवस्था मिलाउने,

१३.५ राष्ट्रिय प्रजातन्त्र पार्टी

छरिएर रहेको स-साना पुँजी सङ्कलन गरी समुदायको ससाना आवश्यकता पूरा गर्ने गरी सहकारी सञ्चालन हुनु स्वागतयोग्य भएको राष्ट्रिय प्रजातन्त्र पार्टीको धारणा रहेको छ। ग्रामीण तथा दुर्गम क्षेत्रमा वित्तीय संस्थाहरू नपुगेको अवस्थामा कृषक, कालिगढ, श्रमिक, न्यून आय भएका समूह एवं सिमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको स-साना पुँजीलाई एकत्रित गरी कृषिजन्य, लघु उद्यम, घरेलु उद्योग, व्यापारिक व्यवसायमा लगानी भई मूलतः ग्रामिण अर्थतन्त्र चलायमान हुने गरेको र सोबाट प्रत्यक्ष ९४ हजार जनाले रोजगार पाइरहेको अवस्थाले सहकारी क्षेत्रलाई एक प्रमुख आर्थिक गतिविधिको क्षेत्रको रूपमा लिएको छ।

- समस्या तथा चुनौतिका कारणहरू
    - सहकारीको सिद्धान्त विपरीत ठूलो परिमाणमा बचत सङ्कलन गर्ने र त्यस्तो रकम सञ्चालकले आफु वा आफ्ना नातेदार तथा साझेदारबाट स्थापना गरिएका व्यावसायिक कम्पनीहरूमा लगानी गर्ने गैरजिम्मेवार वित्तीय कारोबार हुनु,
    - नियमनकारी निकायले प्रभावकारी अनुगमन गरी नियमन र नियन्त्रण गर्न नसक्नु,
    - बहुउद्देश्यीय सहकारीले ऐन विपरीत बचत तथा ऋण प्रवाह गर्ने गर्नु,
    - पर्याप्त धितो नलिई ठूलो परिणाममा घर जग्गामा ऋण प्रवाह गर्नु, ऋण जोखिम कोषको सम्बन्धमा सञ्चालकहरूको पर्याप्त ज्ञान र ध्यान नहुनु,
    - तरलता जोखिमको मापन नगरी वित्तीय असन्तुलन कायम गर्नु, नियमित वित्तीय स्वास्थ्य जाँच नगर्नु, नगराउनु,
    - बचतको अनुपातमा तरलता कायम गर्ने पर्याप्त र ठोस योजना नहुनु,
    - पाँच प्रतिशतभन्दा कम जगेडा कोष रहेका सहकारी संस्थाहरूको संख्या पचास प्रतिशत भन्दा बढी हुनु,
    - एक भन्दा बढी सहकारी संस्थामा सदस्य भै ऋण लिने र निर्धारित समयमा ऋण चुक्ता नगर्नु,
    - सहकारीमा रहेका जनशक्तिहरूमा दक्षताको अभाव हुनु लगायत।
- समाधानका उपायहरू
    - एकैपटक एकै परिवारका एकभन्दा बढी सदस्य एउटै सहकारी संस्थाको सञ्चालक हुने कार्यलाई रोक्नु पर्ने,
    - सहकारी संस्थाको अध्यक्ष तथा सञ्चालक समितिका सदस्यहरू दुई पटक भन्दा बढी निर्वाचित हुन नपाउने व्यवस्था गरिनु पर्ने,
    - पुँजीको आधारमा सहकारीको वर्गीकरण गरी ठूला सहकारीले हरेक तिन महिनामा वित्तीय प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने,

- नियमनकारी निकायहरूको जनशक्तिको क्षमता विकास गरी अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षणको कार्यलाई प्रभावकारी बनाउनु पर्ने,
- संरक्षित पुँजी फिर्ताकोषको रकम नियमनकारी निकायको खातामा राख्ने व्यवस्था गर्नु पर्ने,
- सहकारी ऐन र नियमावलीमा भएका सहकारी संस्थाको नियमनकारी संयन्त्रहरू तत्काल गठन गरी प्रभावकारी सञ्चालन गर्नु पर्ने,
- सहकारी विभागमा सूचीकृत लेखापरिक्षकबाट मात्र सहकारीको नियमित लेखापरीक्षण गर्ने र लेखापरीक्षकले दिएका सिफारिसहरू तत्काल प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पर्ने,
- सहकारी ऐन नियम तथा मूल्य मान्यता बमोजिम पारित गरिएको ऋण नीतिको मातहतमा रहेर मात्र ऋण प्रवाह गर्नु पर्ने,
- तीनवटै संघीय एकाइ क्रियाशील हुने गरी संघमा जस्तै समस्याग्रस्त सहकारीलाई नियमन गर्न समिति निर्माण गर्नु पर्ने,
- समस्याग्रस्त सहकारीका सञ्चालक, कर्मचारी तथा नातेदारहरू समेतको चल अचल सम्पत्ति तत्काल रोक्का राख्नु पर्ने,
- बचत तथा ऋण सहकारी संस्थाको नियमनको लागि छुट्टै कानूनी प्रबन्ध गर्नु पर्नेलगायत।

१३.६ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले आफ्नो दशौं राष्ट्रिय महाधिवेशनबाट पारित नेपाली विशेषताको समाजवादी कार्यक्रममा समाजवादी कार्यक्रमलाई पूर्ण बनाउन र समाजवाद निर्माणको अभियानलाई सफल बनाउन सहकारी अभियानको अहम भूमिका छ भन्ने निष्कर्ष निकालेको छ। समाजवादउन्मुख अर्थतन्त्रको निर्माणमा यस क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने हुँदा सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित, व्यावसायिक र अनुशासित बनाई अगाडि बढाउनु पर्ने उक्त दलको धारणा छ।

- समस्याका कारणहरू
  - सहकारी संस्थाहरूको वर्गीकरण नहुनु र सबै सहकारीहरूले बचत सङ्कलन गर्न पाउने व्यवस्था जोखिमपूर्ण रहनु,
  - अधिकांश सहकारी संस्थाहरूको लेखापरीक्षण चुस्त दुरूस्त नहुनु,
  - कर्जा सूचना केन्द्रको स्थापना र कालो सूचीमा समावेश गर्ने व्यवस्था कार्यान्वयन नहुनु,
  - वित्तीय कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा आउनको लागि निश्चित योग्यता वा अनुभवको व्यवस्था नहुनु,
  - समितिका पदाधिकारी नै व्यवस्थापकीय (कार्यकारी) जिम्मेवारीमा रहनु,

- वित्तीय कारोबार गर्ने संस्थाले वित्तीय स्वस्थता मापनका लागि PEARLS Monitoring System पूर्ण रूपमा प्रयोग नगर्नु,
- सदस्यहरूमा सहकारी शिक्षाको कमी रहनु, राज्य तथा सहकारी संस्थाहरूले पनि वित्तीय साक्षरता नदिनु,
- गैरउत्पादनशील क्षेत्रमा ऋण लगानी हुनु,
- लेखा सुपरिवेक्षण समितिको भूमिका सशक्त नहुनु, सुशासन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहनु,
- कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत ऋण सुरक्षण कोषको स्थापना नहुनु,
- प्रविधिमा एकरूपता नहुँदा प्रभावकारी अनुगमन र नियमन नहुनु,
- बचत तथा ऋण सहकारीहरूका लागि छुट्टै कानूनी प्रबन्ध नहुनु,
- नियामक निकायको अनुगमन प्रभावकारी नहुनु तथा नियमनका लागि आवश्यक सक्षम जनशक्ति एवम् संरचनाको व्यवस्था नहुनु।

- समस्या समाधानका उपायहरूः
  - सहकारीहरूको वर्गिकरण जति सक्दो छिटो विद्यमान सहकारी ऐनमा व्यवस्था भए बमोजिम गर्नु पर्ने,
  - पुँजीको सिमा तोकी पर्याप्त पुँजी नभएका सहकारीहरूलाई एकीकरण वा खारेज गर्नु पर्ने,
  - सबै सहकारी संस्थाहरूको लेखापरीक्षणलाई चुस्त दुरूस्त बनाउनु पर्ने, लेखा सुपरिवेक्षण समितिको भूमिका प्रभावकारी बनाउनु पर्ने,
  - कर्जा सूचना केन्द्रको स्थापना र कालो सूचीमा समावेश गर्ने व्यवस्था तत्काल कार्यान्वयन गर्नु पर्ने,
  - वित्तीय कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा आउनका लागि निश्चित अनुभव र योग्यता गर्ने व्यवस्था गर्नु पर्ने,
  - वित्तीय कारोबार गर्ने संस्थाले वित्तीय स्वस्थता मापनको लागि PEARLS Monitoring System पूर्ण रूपमा लागु गराउनु पर्ने,
  - उत्पादनमूललक क्षेत्र र प्रतिफल दिने क्षेत्रमा ऋण लगानी गर्ने परिपाटीको विकास गर्नु पर्ने,
  - ऐनमा भएको कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत ऋण सुरक्षण कोषको स्थापना तत्काल हुनु पर्ने,

- प्रविधिमा एकरूपता ल्याई प्रभावकारी अनुगमन तथा नियमनको संयन्त्र निर्माण गर्नु पर्ने,
- वित्तीय कारोबार गर्ने सहकारीहरूको लागि अनिवार्य कारोबारको अनुमति लिनु पर्ने व्यवस्था सहितको छुट्टै ऐन जारी गर्नु पर्ने।

१३.७ जनता समाजवादी पार्टी

- समस्याका कारणहरू
  - सञ्चालक र उच्च पदाधिकारीहरूको बदनियतले संकटमा पर्नु,
  - संक्रामक प्रभाव (Conation Effect) वा आर्थिक मन्दीको कारण संकटमा पर्नु,
  - सामान्य व्यवस्थापनको कमजोरीका कारण संकटमा पर्नु।
- समाधानका उपायहरू:
  - सञ्चालक र उच्च पदाधिकारीहरूको बदनियतका कारण सङ्कटमा परेको, संक्रामक प्रभाव (Conation Effect) वा आर्थिक मन्दीको कारण सङ्कटमा परेको र सामान्य व्यवस्थापनको कमजोरीका कारण सङ्कटमा परेको आधारमा अलग गरी सो अनुरुप समाधानको उपायहरूको खोजी गरिनु पर्ने,
  - नियमनकारी निकायबाट पर्याप्त नियमन र सुपरिवेक्षण गरिनु पर्ने,
  - बदनियत र अनियमितताका कारण समस्यामा परेका सहकारीलाई तत्काल संकटग्रस्त घोषणा गरी सरकारी निकायले नियन्त्रणमा लिएर छानविन गरिनु पर्ने,
  - अनियमितता गर्ने सञ्चालक तथा पदाधिकारीको सम्पत्ति र राहदानी रोक्का राखी कारबाही अगाडी बढाउनु पर्ने,
  - ऋण प्रवाह गर्दा धितो लिएको सम्पत्ति लिलाम तथा बिक्री वितरण गरी वा सञ्चालक वा पदाधिकारीको घरघराना, जायजेथाबाट बचतकर्ताको बचत रकम फिर्ता गर्ने व्यवस्था गर्नु पर्ने,
  - संकटग्रस्त सहकारीहरूको सम्पत्ति व्यवस्थापनका लागि छुट्टै संयन्त्रको निर्माण गरी पर्याप्त अचल सम्पत्ति भएका सहकारीले बचतकर्ताको बचत रकम बराबरको शेयर दिने व्यवस्था गरी त्यसरी दिएको शेयर धितोपत्र बोर्डमा सूचीकरण गरिदिनु पर्ने,
  - संक्रामक प्रभाव वा आर्थिक मन्दिका कारण संकटमा परेका सहकारीलाई तरलता व्यवस्थापनको लागि सरकार र राष्ट्र बैङ्कले भूमिका खेल्नु पर्ने,
  - कानूनी संयन्त्रहरूको गठन गरी सहकारी संस्थाहरूको अनुगमन र सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउनु पर्ने,
  - नियमन निकायको क्षमता अभिवृद्धि गरिनु पर्ने,

- कम पुँजी र सदस्य संख्या भएका एकै क्षेत्र भित्रका सहकारीहरूको एकीकरण गर्ने र एक भन्दा बढी सहकारीको सदस्य हुन नपाउने व्यवस्था गर्नु पर्ने,
- सहकारी शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्ने।

१३.८ जनमत पार्टी

देशमा सहकारीतामार्फत जनतालाई बचत गर्ने बानीको विकास गरी राष्ट्रिय पुँजी निर्माण गर्दै गरिबी निवारण, स्वावलम्बन प्रवर्द्धन, स्थानीय श्रम सीप एवं छरिएर रहेको पूँजीको सदुपयोग, लघु उद्यम विकास लगायतका कार्यहरू गर्दै आम उपभोक्तामा वित्तीय साक्षरता प्रदान गरी उनीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय विकासमा सहकारी क्षेत्रले उल्लेख्य भूमिका निर्वाह गर्ने र जुनसुकै अर्थतन्त्रमा पनि अट्न सक्ने आर्थिक तथा सामाजिक आन्दोलन हो भन्ने जनमत पार्टीको दृष्टिकोण रहेको छ।

- समस्याका कारणहरू
    - सहकारी संस्थाहरू सहकारीको मूल्यमान्यता विपरीत सञ्चालन हुनु
    - नेतृत्ववर्गमा स्वयंसेवी भावना तथा क्षेत्रगत ज्ञानको न्यूनता
    - राज्यको सहकारी क्षेत्रमा कमजोर उपस्थिति
    - सरकारले अहिलेसम्म सहकारी क्षेत्रको समस्या पहिचान गरी समाधान गर्न आफैले गठन गरेका आयोग, कार्यदल र समितिहरूको सुझाव प्रतिवेदन कार्यान्वयनमा नगर्नु,
    - सहकारी संस्थाहरूमा देखिएको विकृति र ठगी धन्दामा संलग्नलाई कानूनी बारबाही नहुनु।
- समस्या समाधानका उपायहरू
    - सहकारी क्षेत्रको समस्या पहिचान गरी समाधान गर्न गठन गरेका आयोग, कार्यदल र समितिहरूको सुझाव प्रतिवेदन कार्यान्वयन गर्नु पर्ने,
    - सहकारी संस्थाहरूमा देखिएको विकृति र ठगी धन्दामा संलग्नलाई कारबाही गर्नु पर्ने,
    - सहकारी अभियानलाई सुरक्षित, दिगो र विश्वासिलो बनाउन सरकारले पहल लिनु पर्ने।
    - बचतकर्ताहरूको बचत फिर्ता र सुरक्षा गरिनु पर्ने।

१३.९ जनता समाजवादी पार्टी नेपाल

सहकारीले मुख्य रूपमा न्यून आय भएको वर्गलाई बचत गर्न अभिप्रेरित गर्ने र सहकारी सदस्यहरूको जीवनस्तर उकास्न कम ब्याजदरमा ऋण प्रवाह गरी उत्पादनशील क्षेत्रमा लगानी गर्दै आयआर्जनको व्यवस्था गर्न सिकाउँछ भन्ने जनता समाजवादी पार्टी नेपालको मान्यता रहेको छ। गरीब, मजदुर,

किसान तथा सिमान्तकृत समुदायका व्यक्तिले बैङ्क तथा वित्तीय संस्थाबाट सहजरूपले कर्जा सुविधा उपयोग गर्ने अवस्था नभएको अवस्थामा अनुचित लेनदेनको कारण कतिपय मानिसहरू घरबारविहिन हुन पुगेको अवस्थामा सहकारी विकल्प हुन सक्ने धारणा छ।

- समस्याका कारणहरू
    - कमजोर अर्थतन्त्र भएको मुलुक नेपाल र त्यसमा कोभिडपश्चात्को प्रभाव तथा रसिया-युक्रेन युद्धको बाछिटाको कारण अर्थतन्त्र र वित्तीय क्षेत्रमा प्रभाव परेको कारण सहकारीले गरेको लगानी उठ्न नसक्नु,
    - सहकारीमाथि विश्वास नभई निक्षेप झिक्ने चाप बढ्न जाँदा सहकारी क्षेत्र तरलताबाट समस्या प्रभावित हुन पुग्नु,
- समाधानका उपायहरू
    - सहकारी संस्था दर्ता गरी प्रमाणपत्र दिने नियामक निकाय दायित्वविहीन बन्नु हुँदैन, मूल दायित्व सहकारी संस्थाकै भएता पनि राज्यले नियमन गरी पीडितको निक्षेप फिर्ता गराई दिनु पर्ने,
    - सहकारीमा सर्वसाधारणको रकम अपचलन गर्नेलाई निष्पक्ष छानबिन गरी दोषीलाई कानूनी कठघरामा उभ्याउनु पर्ने,
    - सहरकारी संस्थालाई पारदर्शी, जवाफदेही, मर्यादित र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने मुख्य दायित्व सरकारकै हुने हुँदा नियमित सुपरिवेक्षण, लेखापरीक्षण गर्ने,
    - जनसमुदायमा सहकारी शिक्षा क्षमता अभिवृद्धि जस्ता तालिम एवं प्रशिक्षणको व्यवस्था गर्नु पर्ने,
    - सहकारी क्षेत्रको सुधारको लागि सहकारी क्षेत्र सुधार कार्यक्रम घोषणा गरी सहकारी क्षेत्र सुधार सम्बन्धी आयोगका प्रतिवेदनअरू कार्यान्वयन गर्ने।

१३.१०लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

- समस्याका कारणहरू
    - सहकारी तथा वित्तीय संस्थाहरूको ऋण तिर्नु नपर्ने भनी अभिव्यक्ति दिने समूह र सडकमा लागेका नाराबाट प्रभावित भै ऋणीहरूले समयमै साँवा व्याज भुक्तानी नगर्नु,
    - एकैपटक धेरै बचतकर्ताहरूले रकम फिर्ता माग्नु,
    - ठूला सहकारीहरूले बचत रकम अन्य व्यवसायमा लगाएका कारण वर्तमान आर्थिक मन्दीका कारण असुल हुन नसक्नु।
- समाधानका उपायहरू
    - सहकारी तथा वित्तीय संस्थाहरूको वीस लाखसम्मको ऋण मिनाह गर्नु पर्ने,

- विगतमा संकटग्रस्त बैङ्कहरूलाई नियमन गरी समस्या समाधान गरेको अनुभवको आधारमा समस्यामा रहेका सहकारीहरूको नियमन गरी ऋण असुलीलाई प्रभावकारी बनाई बचतकर्ताको बचत रकम फिर्ता गर्नु पर्ने,
- सहकारीको बचत रकम अपचलन गर्ने सञ्चालक तथा कर्मचारीहरूलाई आवश्यक कानूनी कारवाही गर्नु पर्ने लगायत।

१३.११ नागरिक उन्मुक्ति पार्टी

- समस्या समाधानका उपायहरू:
  - सहकारीको कार्यक्षेत्र घटाई एक स्थानीय तहभित्र मात्र सीमित गरी अनुगमन र नियमनलाई प्रभावकारी बनाउनु पर्ने,
  - बहुउद्देश्यीय सहकारी दर्तामा रोक लगाई कानून संशोधन गरी सहकारीलाई एकल र विशेष क्षेत्रमा काम गर्ने गरी अनुमति दिनु पर्ने,
  - समस्यामा रहेका सहकारीलाई कानून बमोजिम नियमन गर्न राजनीतिक अवरोध हुन नहुने,
  - सहकारीलाई राजनीति गर्ने थलो बनाइन नहुने,
  - सहकारी सम्बन्धी नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिनु पर्ने,
  - सहकारी मार्फत स्थानीय स्रोत साधनको प्रयोग, उत्पादन र सहकारीबाट उत्पादित बस्तुको बजारीकरणको माध्यमबाट सहकारीमा संलग्न सदस्यहरूलाई आत्मनिर्भर बनाउन सकिने नीति अङ्गिकार गर्नु पर्ने।

१३.१२नेपाल मजदुर किसान पार्टी

- समस्याका कारणहरू
  - विनाधितो र कमसल धितोको आधारमा ठूला-ठूला अङ्कमा सहकारी संस्थाले ऋण लगानी गर्नु,
  - सहकारी संस्थाको रकममा भ्रष्टाचार भएको विषयमा प्रतिनिभिसभामा आवाज उठ्दा समेत कसुरदारलाई तुरुन्तै आवश्यक कारवाही नहुनु,
  - सहकारी रकम अपचलनमा संलग्नहरू संरक्षित हुनु।
- समाधानका उपायहरू
  - सहकारीलाई समुदायमा आधारित बनाई सञ्चालक तथा सदस्य स्थानीय तहको एउटा वडाको नागरिक मात्र हुन पाउने गरी व्यवस्था गर्नु पर्ने,
  - सर्वसाधारणको बचत रकम ठगी गर्ने सञ्चालक र ठगीमा संलग्न सबैको घर घरानाबाट ठगी भएको रकम छिटोभन्दा छिटो असूल उपर गर्नु पर्ने।

१३.१३राष्ट्रिय जनमोर्चा

राष्ट्रिय जनमोर्चा सहकारीलाई समाजवादी अर्थप्रणालीको एउटा महत्त्वपूर्ण हिस्सा ठान्दछ। तर त्यसलाई पुँजीवादी व्यवस्थाभित्रको अर्थतन्त्रको एउटा खम्बाको रूपमा अगाडि बढाउन खोजिएको छ। पुँजीवादी अर्थतन्त्रले सहकारीलाई स्वीकार गरे पनि त्यसलाई विकृत पारेर लागू गरिरहेको परिणाम, मुलुकको अर्थतन्त्रमाथि नकारात्मक रूपमा गम्भीर असर पुगिरहेको राष्ट्रिय जनमोर्चाको ठम्याई रहेको छ।

- समस्याका कारणहरुः
    - बचत तथा ऋण सहकारी र सिङ्गो सहकारी क्षेत्रको समस्या समाधानका लागि हालसम्म बनेका आयोग, कार्यदल तथा अध्ययन समितिले दिएका सुझावहरू सरकारले प्रभावकारी रूपमा समयमा नै कार्यान्वयन नगर्नु,
    - समस्यालाई समाधान गर्न सरकारको उदासिनताका पछाडि राजनीतिक उद्देश्य हुनु,
    - फितलो सहकारी कानूनका कारण सहकारीको नाममा बैङ्क सञ्चालन गर्न खोज्ने तर सुविधा सहकारीको लिनेहरूलाई राजनीतिक संरक्षण हुनु,
    - दलहरूले नै छरिएर रहेको पुँजीलाई एकत्रित पारी राजनीतिक स्वार्थमा प्रयोग गरिनु,
    - सहकारी कानून निर्माण प्रक्रियामा सहकारी सञ्चालकहरूको मुख्य भूमिका र प्रभाव रहनु,
    - स्वार्थ समूहको दबावका कारण सहकारी क्षेत्रमा कसैले सुधार गर्न खोजे पनि त्यसमा बाधा पुऱ्याइनु, आदि।
- समस्या समाधानका उपायहरूः
    - सहकारी ऐन र नियमावली व्यवस्था भएका कर्जा असुली न्यायाधिकरण, सहकारी प्रवर्द्धन कोष, बचत तथा कर्जा सुरक्षण कोष लगायतका संयन्त्रहरूको तत्काल गठन तथा कार्यान्वयन गर्नु पर्ने,
    - बचत तथा ऋण सहकारी संस्था बाहेकका विषयगत, बहुउद्देश्यीय सहकारी संस्थालाई बचत तथा ऋणको कारोबार गर्न रोक लगाई सहकारीको मुख्य कारोबार मात्र गर्न दिई सहकारीको संख्या घटाई अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने,
    - बचत तथा ऋण सहकारी संस्थालाई नियमन, गर्न "क्रेडिट एक्ट"का रूपमा विशेष ऐन बनाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने,
    - समस्याग्रस्त घोषणा गरेका सहकारी तथा बचतकर्ताको रकम ठगी भागी गएका सहकारीका सञ्चालक, व्यवस्थापक, कर्मचारी तथा तिनीहरूका एकाघर सगोलका तथा नजिकका नातेदारहरू समेतको सम्पत्ति रोक्का गरी लिलाम बिक्री गरेर असुलउपर गर्नु पर्ने र त्यसरी असुल गरेको रकम पीडित बचतकर्तालाई तुरून्तै उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने,

- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग सम्बन्धित कार्यविधिले लामो तथा झण्झटिलो प्रक्रिया भएकाले फास्ट ट्रयाकबाट (दुर्तमार्ग) समस्या समाधानको लागि कानूनी व्यवस्था गर्नु पर्ने।

१३.१४ आम जनता पार्टी

देशको अर्थतन्त्रलाई चलायमान बनाउन राज्यसँगको सहकार्यमा स-साना पुँजीलाई एकीकृत रूपमा परिचालन गर्न सहकारीले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको आमजनता पार्टीको धारणा छ।

- **समस्याका कारणहरू**
    - नियमनकारी निकायको लापरवाही,
    - रकम लिने र दिनेका साथै नियमनकारी निकाय र व्यक्तिको संलग्नता।
    - फर्जी सदस्यता खडा गरी आफ्नै मान्छे अथवा हुँदै नभएका सदस्यलाई पुँजी परिचालन,
    - राजनीतिक तथा उच्च अधिकारीसँगको पहुँचका आधारमा उद्देश्य र प्राथमिकता विपरीत पुँजी परिचालन।
- **समाधानका उपायहरू**
    - सहकारी क्षेत्रलाई पारदर्शी र प्रभावकारी बनाउनु पर्ने,
    - वस्तुवादी एवं प्रभावकारी ऐन कानून बनाई कार्यान्वयन गर्नु पर्ने,
    - रकम लिने र दिनेका साथै नियमनकारी निकाय र व्यक्तिमाथि समेत छानबिन गरी कानूनी कारबाही चलाउने,
    - फर्जी सदस्यता खडा गरी आफ्नै मान्छे अथवा हुँदै नभएका सदस्यलाई पुँजी परिचालन गरेकोमा वित्तीय अडिटसँगै सदस्य तथा कमिटीको पनि अडिट गर्नु पर्ने,
    - राजनीतिक तथा उच्च अधिकारीसँगको पहुँचका आधारमा उद्देश्य र प्राथमिकता विपरीत पुँजी परिचालन रोक्न ठोस नियम र कानून बनाउनु पर्ने।

१३.१५ नेपाल समाजवादी पार्टी

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको एउटा महत्त्वपूर्ण खम्बाका रूपमा स्थापित गर्न खोजेको र सहकारी ऐन, २०७४ ले सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप देशका कृषक, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिक आधारमा सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर, दिगो राष्ट्रिय अर्थतन्त्रको विकासको ध्येय लिएको धारणासँग नेपाल समाजवादी पार्टी सहमत छ।

संविधानले अंगीकार गरेको नीति तथा कानूनले निर्दिष्ट गरेबमोजिम सहकारी मूल्य मान्यता र सिद्धान्तको अनुशरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै समग्र विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न देशको आर्थिक सामाजिक

विकासमा सहयोग र सहकार्य गर्ने माध्यमको रूपमा सहकारी क्षेत्रलाई अंगीकार गर्ने, स्वनियमनमा सञ्चालित सहकारी क्षेत्रले स्थानीय स्रोत साधन, श्रम, सीप र पुँजीलाई संस्थामा परिचालन गरी रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहयोग पुऱ्याउनुका साथै मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सदस्यहरूको सामाजिक आर्थिक र साँस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्नमा उपयोग गर्ने, आर्थिक, सामाजिक र मानवीय पूँजीको विकास सहकारी क्षेत्रले गर्नसक्ने हुँदा सहकारी क्षेत्रलाई गरिबी निवारण एवं आर्थिक समृद्धिको आधार मानी सहकारीलाई समुदायको सम्भावना, सीप एवं ससानो पूँजी संगठित र उत्पादनमा उपयोग गरी रोजगारी सिर्जनाको माध्यम बनाउनु पर्ने धारणा उक्त पार्टीको छ। ,

- समस्याका कारणहरू
    - सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ का प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयनमा आउन नसक्नु,
    - सहकारी क्षेत्रमा देखिएका समस्या समाधानको लागि सरकारले प्रभावकारी कार्य गर्न नसक्नु
    - म गर्न नसक्दा सहकारी क्षेत्रमा समस्या आएको भनी नेपाल समाजवादी पार्टीले समिति समक्ष सुझाव दिएको छ।
    - सहकारी संघ/संस्थाको दर्ता नियमन र प्रवर्द्धनको जिम्मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई रहेको हुँदा तीनै तहका सरकारलाई सहकारीमैत्री बनाउने कार्य चुनौतिपूर्ण देखिनु,
    - संविधानले समृद्ध अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रलाई विशेष भूमिका प्रदान गरेता पनि कार्यान्वयन चुनौतिपूर्ण देखिनु,
    - सहकारी ऐन, नियमका केही प्रावधानहरू सहकारीमैत्री हुन नसक्नु र भएका प्रावधानहरू पनि कार्यान्वयनमा आउन नसक्नु।
- समाधानका उपायहरू
    - राज्यको सहकारी नियमन तथा व्यवस्थापन क्षमताको विकास गर्नु पर्ने,
    - सहकारीको आन्तरिक सुशासन कायम हुने गरी नीतिगत सुधार गर्नु पर्ने,
    - निश्चित भौगोलिक सिमाभित्र मात्र कार्य गर्ने गरी सहकारीलाई अनुमती दिनु पर्ने,
    - सहकारीको नियमन राष्ट्र बैङ्कले गर्नु पर्ने,
    - सहकारी संस्थाको नियमन गर्न बेग्लै विशिष्टिकृत निकायको स्थापना गरिनु पर्ने,
    - समस्याग्रस्त सहकारीको कर्जा लगाानी असुल गरी बचतकर्ताको बचत रकम फिर्ता गर्न नेपाल राष्ट्र बैङ्क वा सहकारी विभागको निगरानीमा डेडिकेटेड व्यवस्थापन समूह बनाई समस्याग्रस्त बैकहरूको समस्या समाधान गर्दा अपनाइएको तरिका अवलम्बन गर्नु पर्ने,

- ऋण असुली न्यायाधीकरण र समस्याग्रस्त सहकारीको सम्पत्ति तथा दायित्व व्यवस्थापनको लागि कानूनी संयन्त्रको निर्माण गरिनु पर्ने,
- समस्याग्रस्त सहकारीका सञ्चालकलाई कानूनी दायरामा ल्याउनु पर्ने,
- सहकारी कर्जा सूचना केन्द्रको स्थापना गरिनु पर्ने,
- भविष्यमा सञ्चालन हुन नसक्ने गरी समस्याग्रस्त भएका सहकारी संस्थाहरूको सम्पत्ति दायित्व यकिन गरी बिक्रीमार्फत तरलतामा परिणत गरी बचत फिर्ता तथा दायित्व राफसाफ गर्न कानून निर्माण गरी लिक्वीडेशन (खारेजी) प्रक्रियामा लैजानु पर्ने,
- सहकारी संस्थाहरूमा राखिने निश्चित सिमासम्मको बचतको ग्यारेण्टी गर्न अनिवार्य निक्षेप बिमाको व्यवस्था गर्नु पर्ने,
- सहकारी प्रवर्द्धन कोषको व्यवस्था गरी पाँच लाख रुपैयाँसम्मका साना बचतकर्तालाई चरणवद्धरूपमा बचत रकम फिर्ता गर्न सरकारले तत्काल पहल गर्नु पर्ने।

१३.१६ नेपाल कम्युनिष्ट पार्टी

- समस्या समाधानका उपायहरू
  - सहकारीको सैद्धान्तिक एवं नीतिगत मान्यतालाई कडाइपूर्वक पालना र प्रयोग गर्नु पर्ने,
  - आधारभूत सैद्धान्तिक र कानूनी ज्ञान हासिल गरेका व्यक्तिलाई मात्र सहकारी सञ्चालनको अधिकार दिनु पर्ने,
  - सहकारीको पुँजी परिचालनमा एकजनाको सर्वाधिकार नराखी दुई, तीन जनाले सिफारिस गर्नु पर्ने र निश्चित रकमभन्दा ठूलो पुँजी निकासा गर्नु परेमा उपल्लो निकायको परामर्श लिने व्यवस्था गर्नु पर्ने,
  - सहकारीको लक्ष्य र कार्यक्षेत्रभन्दा बाहिर पुँजी परिचालन गर्न नहुने, लगानी गर्नुपूर्व मागकर्ताको योजना, आवश्यकता र क्षमताबारे जानकारी लिनु पर्ने, अनुगमन गर्नु पर्ने र जोखिम बढेमा पूरक योजना) निर्माणमा सहयोग गर्नु पर्ने,
  - शेयर सदस्य र बचतकर्तालाई विश्वस्त बनाउन चारदेखि छ महिनाको अवधिमा सहकारीको वितीय अवस्थाबारे जानकारी दिने व्यवस्था गर्नु पर्ने।

परिच्छेद-१४

संघीयतामा सहकारी नियमन

१४.१ पृष्ठभूमि

आर्थिक तथा सामाजिकरूपमा पिछडिएको, स्रोत र साधनमा सीमितरूपमा पहुँच पुगेको वा पहुँच नै नपुगेको वर्गले सहकारीमार्फत आफ्नो पेशा व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्न, स्वदेशमा नै रोजगारीका अवसरको सिर्जना गर्न तथा गाउँको उत्पादन शहरमा पुऱ्याउने र शहरको पैसा गाउँले किसानको हातमा पुऱ्याई राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान बढाउन सहकारी एउटा भरपर्दो र दिगो माध्यम बन्न सक्छ। यसका लागि सहकारीसम्बन्धी नीतिगत, कानूनी तथा संस्थागत/संरचनागत व्यवस्था सुदृढ हुन जरुरी हुन्छ। सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूमा आधारित सहकारी अभियान सञ्चालन हुने वातावरण सिर्जना गर्न, सहकारी अभियानको स्वायत्तता र स्वतन्त्रताको सुनिश्चितताको साथै सहकारीको नियमनसम्बन्धी कामलाई प्रभावकारी बनाउन तदनुकूल कानूनी प्रबन्ध गर्नुका साथै संस्थागत रूपमा छिटो, छरितो र प्रभावकारी सेवा प्रदान गर्न सक्ने खालको सहकारी सङ्गठनको निर्माण हुन आवश्यक हुन्छ। यस्ता सहकारी सङ्गठनमार्फत शेयर सदस्यहरू र सर्वसाधारणलाई घरदैलोमा सेवा पुऱ्याउने उद्देश्यले सहकारी संघ संस्थाहरूको गठन गरिएको हुन्छ।

मुलुकको राजनीतिक प्रणाली संघीय ढाँचामा गइसकेको र संविधान बमोजिम सहकारीको विषय संघ, प्रदेश र स्थानीय तहको एक तथा साझा अधिकारक्षेत्रभित्र रहेको सन्दर्भमा तीनवटै संघीय इकाईबाट सहकारीको गठन, दर्ता तथा सञ्चालन र नियमन हुने सन्दर्भमा राज्य संरचनाको तीनै तहमा सहकारी सम्बन्धी कानूनी व्यवस्था तथा संरचनाहरू आवश्यक पर्ने देखिन्छ।

१४.२ सहकारी नियमनमा देखिएका समस्या

१४.२.१ सहकारीको विकासको स्पष्ट मार्गचित्र नहुनु

नेपालको सहकारी अभियानले झण्डै ७० वर्षको अवधि व्यतित गरिसक्दा पनि सहकारी क्षेत्रमा मुख्यतया सहकारी अभियानको संरचनात्मक स्वरूप, सहकारीले गर्न सक्ने कार्यहरूको निर्धारण (Scoping), सरकार र सहकारी अभियानको भूमिका तथा सीमा आदि विषयमा अझसम्म पनि नीतिगत अस्पष्टता कायम रहेको देखिन्छ। सहकारी अभियानका यी महत्त्वपूर्ण पक्षका कतिपय विषयहरूमा नेपाल सरकार र सहकारी अभियानको बीचमा साझा धारणा समेत बन्न नसकेको कारण पनि सहकारी क्षेत्रका विद्यमान समस्याहरू सिर्जना भएका हुन् भन्न सकिन्छ।

सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्यालाई सुक्ष्म ढङ्गले अध्ययन गर्ने हो भने सहकारी ऐन, २०४८ आउनुअघि करिब ८०० साझा संस्था रहेका र ती साझा संस्थाहरू मध्ये अधिकांश साझा संस्थाहरू प्रायः निस्क्रिय थिए। ती संस्थाहरूले हालको जस्तो सर्वसाधारणबाट ठूलो मात्रामा बचत रकम सङ्कलन नगरेका र सरकार नियन्त्रित रहेका कारण अहिले जस्तो बचत रकम अपचलन र हिनामिना भएको पनि थिएन। संवत् २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् जनताद्वारा निर्वाचित संसदबाट बनेको सहकारी ऐन,

२०४८ ले सहकारी सिद्धान्त अनुरूप आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक विकासका लागि सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले सहकारी संघ, संस्था गठन गर्न सकिने व्यवस्था गऱ्यो। सहकारी ऐन, २०४८ र सो अन्तर्गत बनेको नियमावली, २०४९ बमोजिम प्रारम्भिक तहमा विभिन्न प्रकृतिका स्वायत्त र स्वशासित सहकारी संस्थाहरू गठन हुन पुगे भने जिल्लास्तरमा विषयगत जिल्ला सहकारी संघ तथा जिल्ला सहकारी संघहरू तथा केन्द्रीयस्तरमा विषयगत केन्द्रीय सहकारी संघहरू र सबै संघहरू सदस्य रहेको राष्ट्रिय सहकारी महासंघको गठन भयो। तर सो ऐनले सहकारी संघहरूको जिम्मेवारी स्पष्टरूपमा निर्धारण नगरेको कारण सहकारी संघहरूले आफ्ना सदस्य एवं सहकारी संस्थाहरूप्रतिको जिम्मेवारी प्रभावकारीरूपमा निर्वाह गर्न सकेनन्। सहकारी संघ, संस्थालाई थोक कर्जा प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिई राष्ट्रिय सहकारी बैङ्कको स्थापना भए पनि यसका पनि आफ्नै समस्याहरू रहेका छन्।

१४.२.२ आवश्यकताको आधारमा भन्दा लहडमा सहकारी संस्थाको गठन

सहकारी ऐन, २०४८ जारी भएपछि सहकारी संघ, संस्थाको गठन तथा दर्तामा बढोत्तरी आयो। सहकारीको सामान्य जानकारी नभए पनि सहकारीको गठन र दर्ता प्रक्रिया तुलनात्मकरूपमा सरल भएको कारण यसमा त्यस्ता व्यक्तिहरूको आकर्षण बढ्न गयो। यस अवधिमा उपभोक्ता लक्षित, उत्पादनमूलक तथा बजारलाई जोड्ने सहकारी संस्थाभन्दा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरू "च्याउ उम्रेसरी" गठन तथा दर्ता हुन पुगे।

सहकारी विभागको एकीकृत तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७३/०७४ सम्ममा जम्मा सहकारी संस्थाहरू ३४,५१२ रहेकोमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी १३५७८, बहुउद्देश्यीय ४,३७१, कृषि १०,९२१, दुग्ध १,६५८, उपभोक्ता १,४२३, विद्युत ४६३ र बाँकी तरकारी तथा फलफूल, माहुरीपालन, जुनार, उखु, कफी, चिया र जडिबुटी सहकारी संस्थाहरू करिब ८२८ र बाँकी अन्य रहेका छन्।[१५१] यीमध्ये पनि बहुउद्देश्यीय, कृषि र दुग्ध सहकारीले पनि मुख्यरूपमा बचत र ऋणकै कारोबार गर्दछन्। त्यसरी हेर्दा ३०,५२८ सहकारी संस्थाले बचत तथा ऋणको कारोबार गर्दछन् भने कृषि उत्पादनसँग सम्बन्धित सहकारी संस्थाहरू एकदमै कम ८२८ ले मात्रै कृषि उत्पादनको काम गर्दछन्।

सहकारी ऐन, २०७४ कार्यान्वयनमा आएपछि आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म संघ अन्तर्गत १४७, प्रदेश अन्तर्गत करिब ७,००० र स्थानीय तह अन्तर्गत करिब २४,००० सहकारी संस्थाहरू गरी करिब ३१,००० सहकारी संघ संस्थाहरू हाल क्रियाशील रहेका छन्। यसबाट पनि उद्देश्यअनुरूपका सहकारीको चित्र स्पष्टरूपमा देख्न

---

[१५१] विस्तृत सहकारी तथ्याङ्क, २०७४, सहकारी विभाग
(https://www.deoc.gov.np/downloadfile/Coop_data_2074_1544686478.pdf हेरिएको मितिः२०८१ भाद्र २७)

सकिन्छ। संघीय नियमनमा रहेका १४७ सहकारीको विवरण अनुसूची ..... मा प्रस्तुत गरिएको छ।

१४.२.३ नियमनसम्बन्धी कमजोर कानूनी तथा संस्थागत प्रबन्ध

सहकारी ऐन, २०४८ मा सहकारी नियमनको सम्बन्धमा एकदमै कमजोर व्यवस्था रहेको थियो। सो ऐनमा संस्था वा संघले प्रत्येक वर्ष कारोबारको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन राजिष्ट्रार वा निजले तोकेको अधिकारीलाई पेश गर्नु पर्ने[१५२] र विवरण पेश नगरेमा पन्ध्रसय रुपैयाँसम्म जरिवाना हुने[१५३] व्यवस्था रहेको पाइन्छ। त्यस्तै कुनै संस्था वा संघले सन्तोषजनक काम नगरेको वा व्यावसायिक कारोबार सन्तोषजनक नदेखिएमा रजिष्ट्रार आफैंले वा कुनै अधिकारीमार्फत निरीक्षण गराउन सक्ने[१५४] र रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संघ संस्थाको निरीक्षण गर्दा ऐन, नियम वा विनियम बमोजिमको व्यवस्था गरेको नपाइएमा ऐन, नियम वा विनियम बमोजिमको व्यवस्था गर्न आवश्यक सुझाब दिन सक्ने[१५५] व्यवस्था रहेता पनि त्यस्तो सुझावको पालना नगरेमा सम्बन्धित सहकारी संघ, संस्थालाई कारबाही गर्ने सम्बन्धमा कुनै व्यवस्था रहेको थिएन भने अर्कोतर्फ सहकारी संघ, संस्थाको वित्तीय कारोबारको विश्लेषण गर्न सक्ने दक्ष जनशक्तिको सहकारी विभाग र अन्तर्गतका कार्यालयमा अभाव रहेको थियो। दक्ष जनशक्तिको अभावको स्थिति हालसम्म पनि रहेको सम्बद्ध अधिकारीले समितिसँगको छलफलमा समेत खुलाएका छन्।[१५६]

सहकारी संघ, संस्थाको गठन र दर्ता नेपालभर बिस्तार हुँदै जाने तर नेपाल सरकारले साविकमा ६८ जिल्लामा रहेका जिल्ला सहकारी कार्यालयहरूलाई बिस्तार गरी ७५ जिल्लामा सहकारी कार्यालय स्थापना गर्नुको सट्टा मिति २०५९ बैशाख १ देखि लागू हुने गरी ३३ जिल्लामा डिभिजन सहकारी कार्यालय, ५ जिल्लामा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, केन्द्रमा सहकारी विभाग १ र केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र १ गरी ३८ जिल्लामा मात्र सहकारी कार्यालयहरू रहने गरी संगठनात्मक संरचना बनाएकोले संरचनागतरूपमा संकुचन भई सहकारी संघ, संस्थाको निरीक्षण तथा अनुगमन प्रभावकारी बन्न नसकेकको कारण सहकारी संघ, संस्थाहरूमा वित्तीय अनुशासन कायम हुन सकेन।

१४.२.४ एकीकृत दर्ता सूचनाको अभाव

सहकारी क्षेत्रमा एकीकृत दर्ता सूचना प्रणाली र एकीकृत दर्ता तथ्याङ्कको अभाव विगतदेखि नै देखिदै आएको हो। मुलुक संघीय प्रणालीमा प्रवेश गरेपछि त्यो तथ्याङ्क प्रणालीमा अझै धेरै समस्या देखियो। सहकारी तथ्याङ्क नै यकिन हुन नसकेको अवस्थामा समितिले संघ,

---

[१५२] दफा ३४, सहकारी ऐन, २०४८।

[१५३] दफा ४३, सहकारी ऐन, २०४८।

[१५४] दफा ३५, सहकारी ऐन, २०४८।

[१५५] दफा ३६, सहकारी ऐन, २०४८।

[१५६] समितिको मिति २०८१ असार ४ गतेको बैठक र मिति २०८१ भदौं ३१ को बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री, सचिवसहित उपस्थित भएका सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले विभागले चाहेर पनि वित्तीय परीक्षण गर्न नसक्ने र त्यसतो जनशक्ति सहकारी विभागमा नरहेको उल्लेख गर्नुभएको हो। मन्त्रालय नेतृत्वको पनि यस सम्बन्धमा समान धारणा रहेको पाइन्छ।

प्रदेश र स्थानीय तहका नियमाकहरूमार्फत तथ्याङ्क सङ्कलन गर्न खोजेकोमा उक्त प्रयास समेत सम्भव हुन सकेन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघबाट संयुक्त प्रयास गर्दा समेत पूर्ण विवरण आउन सकेन। समितिले प्रतिवेदन टुङ्गो गर्दाका दिनसम्म विवरण पठाउने प्रदेश तथा स्थानीय तहको विवरण अनुसुची २६ मा उल्लेख छ। संघीय नियमनमा रहेका १४७ सहरकीको विवरण अनुसूची-२०, अनुसूची-२१ र अनुसूची-२२ मा प्रस्तुत गरिएको छ।

१४.२.५ बचत तथा ऋण सहकारी संस्थाको गैरसदस्यसँग कारोबार

ऐनमा आफ्ना सदस्यहरूबाट बचत निक्षेप स्वीकार गर्न र आफ्ना सदस्यहरूलाई मात्र कर्जा दिन सक्ने व्यवस्था रहेकोमा[१५७] सो विपरीत गैरसदस्यसँग बचत निक्षेप स्वीकार गर्ने तथा गैरसदस्यलाई ऋण प्रदान गर्ने, सहकारीको सिद्धान्त विपरीत बचतकर्तालाई वास्तविक सदस्य नबनाई बचत सङ्कलन गर्ने र ऋण प्रदान गर्ने प्रयोजनको लागि नाम मात्रको (Pseudo Member) सदस्य बनाउने, संस्थाको रकम हिनामिना गर्ने सहकारी संस्था र त्यसका पदाधिकारीलाई कारबाही गर्ने व्यवस्था नरहेकोले सहकारी विभाग र मातहतको कार्यालयका कर्मचारीले दिएको सामान्य निर्देशन वा सुझावलाई त्यस्तो कारोबार गर्ने संस्थाहरूले पालना नगर्ने तथा कर्मचारीहरूले पनि त्यस्ता संस्थाहरूबाट अनुचित लाभ लिई त्यस्ता संस्थाहरूले गरेको कारोबारलाई नजरअन्दाज गर्ने वा छुट दिने प्रवृत्ति मौलाउन पुग्यो। सहकारी लागू हुँदाका बखत सहकारी विभागले नेपाल राष्ट्र बैङ्क समेतका जनशक्तिको सहभागितामा गरेको स्थलगत निरीक्षणमा उल्लिखित कैफियत जनाइएका विषयले समेत यस विषयमा स्पष्ट पार्दछ। तर कैफियतमा उल्लेख भए बमोजिमका विषय न सम्बन्धित सहकारी संस्थाले सुधार गरे न त नियामक निकायबाटै सुधारका लागि दबाब र ताकेता गर्न सकियो। परिणामतः आजको सहकारी समस्या देखिएको छ।

१४.२.५ बचत तथा ऋणको कारोबार संस्थालाई राष्ट्र बैङ्कको नियमन दायरामा नल्याइनु

सहकारी ऐन, २०४८ बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्वस्वीकृति लिएर मात्र सहकारी संस्था वा संघले आफ्ना सदस्यहरूभित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैङ्किङ्ग कारोबार गर्न सक्ने व्यवस्था रहेकोमा[१५८] नेपाल राष्ट्र बैङ्कले पूर्वस्वीकृति दिएका बचत तथा ऋण सहकारी संस्थाको स्वीकृति रद्द गर्ने र नेपाल राष्ट्र बैङ्कमा स्वीकृति माग गर्ने नयाँ सहकारी संस्थाहरूलाई पनि पूर्वस्वीकृति नदिई सहकारीलाई राष्ट्र बैङ्कको नियमनको दायरा बाहिर राख्ने नीति लियो। कानूनले बाध्यकारी प्रबन्ध गर्दा समेत राष्ट्र बैङ्कले कार्यक्षेत्रबाहिरको काम (None of its business) ठानिरह्यो। सरकारले त्यसमा कडाई गर्न सकेन। सहकारी अभियान त नियमनबाहिरै रमाउने नै भयो। परिणाम, पूर्वस्वीकृति प्रदान गर्ने र नियामनको भूमिकाबाट उम्कन खोज्ने राष्ट्र बैङ्कलाई झनै सहज बन्यो। त्यसपछि पूर्वस्वीकृति माग गर्दा नपाएका सहकारी संस्था र पूर्वस्वीकृति लिएर पछि रद्द भएका सहकारी संस्था र पूर्वस्वीकृति प्राप्त सहकारी संस्थाका बचत तथा ऋणको

---

[१५७] दफा ३६ को उपदफा (१), सहकारी ऐन, २०४८।

[१५८] दफा २६ को उपदफा (२), सहकारी ऐन, २०४८।

कारोबारको प्रकृतिमा कुनै फरक रहेन। राष्ट्र बैङ्कका विशेषज्ञ कर्मचारीबाट हुने निरीक्षण पनि रोकियो र सहकारी संस्थाहरू राष्ट्र बैङ्कको नियमन दायराबाट पूर्णतया बाहिर रही मनमौजी गर्न थाले। त्यस्ता सहकारी संस्थाको प्रलोभन र दक्ष कर्मचारीको अभावमा सहकारी विभाग र अन्तर्गतका सहकारी कार्यालयबाट प्रभावकारी निरीक्षण तथा अनुगमन हुन पनि सकेन। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था वा संघको वित्तीय विश्लेषण तथा कारोबारको ड्यू डेलिजेन्स अडिट (Due Diligence Audit (DDA)) को काम विभागमा रहेको जनशक्तिबाट सम्भव हुने कुरै भएन।

१४.२.६ बचत तथा ऋण सहकारीको असीमित कार्यक्षेत्र बिस्तार हुनु

सहकारी संस्था वा संघको कार्यक्षेत्र सोही संस्था वा संघको विनियममा व्यवस्था भए बमोजिम हुने भन्ने सहकारी ऐन, २०४८ को व्यवस्थाको व्यापक दुरुपयोग हुन पुग्यो। एउटा प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्र नेपाल राज्यभर राखी विनियम स्वीकृत गर्ने तथा कुनै एक ठाँउमा मुख्य कार्यालय स्थापना गरी अन्य विभिन्न ठाउँमा त्यस्तो संस्थाको सम्पर्क कार्यालय वा शाखा कार्यालय अथवा सेवाकेन्द्र खोल्न स्वीकृति दिने कार्य विभागबाट भएको थियो। कानूनको छिद्र प्रयोग गरेर सहकारी मूल्य मान्यता विपरीत सहकारी दुरूपयोग गर्ने सञ्चालकको चाहनामा सहकारी विभागले न्यूनतम स्वविवेकको प्रयोग समेत नगरी छाप लगाइदिँदै गयो र बैङ्कभन्दा ठूलो कार्यक्षेत्र र पुँजी भएका सहकारी बन्न थाले। सोको आधारमा सहकारी संस्थाहरूबाट नाम मात्रको सदस्य (Pseudo Member) बनाई व्यक्तिहरूसँग बचत तथा ऋणको कारोबार गर्ने र त्यस्ता सहकारी संस्थालाई कुनै कारबाही नहुने भएबाट बचतकर्ताको बचत निश्चित अवधिपश्चात् फिर्ता गर्नु पर्दछ भन्ने दायित्वबोध नगरी बचतका रूपमा प्राप्त रकमलाई आयआर्जन ठान्ने प्रवृत्ति विकास भयो। त्यसरी सङ्कलन गरेको बचत निक्षेप सञ्चालक समितिका पदाधिकारीले आफूखुशी आफ्ना निजी कम्पनीमा लगानी र व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने, आर्थिक अनुशासन कायम नगर्ने, कार्यालय सञ्चालनमा मितव्ययिता अवलम्बन नगरेका कारण सदस्य तथा सर्वसाधारण बचतकर्ताको बचत निक्षेप फिर्ता गर्न नसक्ने अवस्थामा पुगेको देखिन्छ। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा देखिएका मुख्य समस्याहरूमा समुदायमा आधारित भई सञ्चालन गर्नु पर्ने प्रारम्भिक सहकारी संस्थाको कुनै आधारबिना कार्यक्षेत्र मनपरी बिस्तार तथा जथाभावी शाखा कार्यालय वा सम्पर्क कार्यालय र सेवाकेन्द्र खोल्न स्वीकृति दिएको कारण पनि आजको समस्या उत्पन्न भएको हो।

१४.२.७ उत्पादनमूलक र बजारीकरणसँग सम्बन्धित सहकारी प्रवर्द्धनमा कमी

नेपालको संविधान बमोजिम मुलुक संघीय प्रणालीमा गइसकेपछि संवत् २०४९ मा जारी सहकारी ऐन, २०४८ लाई खारेज गरी सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्यकेन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा

व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी ऐन, २०७४ जारी भएको देखिन्छ। तर सहकारी ऐनको प्रस्तावना बमोजिम सहकारीहरूको विकास, बिस्तार र प्रवर्द्धन भएको अवस्था भने छैन।

१४.२.८ सहकारी ऐन, २०७४ मा नियमन

सहकारी ऐन, २०७४ ले मूलतः प्रारम्भिक सहकारी संस्थालाई समुदायमा आधारित बनाउन कार्यक्षेत्रमा स्पष्टता, कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य बन्न नपाउने, एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक र लेखा समितिको पदमा निर्वाचित हुन नपाउने, वार्षिक २ करोड रुपैंयाभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए कर्मचारीको पद त्यागनु पर्ने, बचत तथा ऋण परिचालनको सम्बन्धमा छुट्टै परिच्छेदको व्यवस्था, व्यक्तिगत बचतको सीमा, कर्जा सूचना केन्द्र तथा कर्जा असुली न्यायाधिकरण, सहकारी बचत तथा कर्जा सुरक्षण कोष, स्थिरीकरण कोषको व्यवस्था, सहकारी विभागको रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीले र राष्ट्र बैङ्कले सहकारी संस्था वा संघको निरीक्षण तथा हिसाब जाँच गर्न सक्ने व्यवस्था, बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको निरीक्षण सम्बन्धी विशेष व्यवस्था, समस्याग्रस्त संस्था वा संघ सम्बन्धी व्यवस्था, समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्न व्यवस्थापन समितिको गठन, ऐन विपरीतको केही कार्यलाई सरकारवादी फौजदारी कसुरका रूपमा व्यवस्था, सहकारी मूल्य मान्यता विपरीतका केही कार्यलाई जरिवाना गर्ने तथा नेपाल राष्ट्र बैङ्कले समेत सजाय गर्न सक्ने व्यवस्था गरेको छ। तथापि यी प्रबन्ध बमोजिम संस्थागत प्रबन्ध नहुनु र अनुगमन, निरीक्षण र जरिवाना समेतका कार्यमा खासगरी सरकार उदासिन रहेको र नियमनबाहिर बस्दा रमाउने सहकारी अभियानका कारण कानूनी प्रबन्धका बावजुद सुधारको सङ्केत समेत देखा परेन र झनै बेथिति बढ्यो।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० ले सहकारी ऐन, २०७४ को दफा १५० मा संशोधन गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नु पर्ने, स्थानीय तहमा दर्ता भई वार्षिक पच्चीस करोड रुपैयाँसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण सम्बन्धित स्थानीय तहबाट हुने, स्थानीय तहमा दर्ता भई वार्षिक पच्चीस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्मको कारोबार गर्ने सहकारी संस्था र प्रदेशमा दर्ता भएको वार्षिक पचास करोड रुपैयाँसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण सम्बन्धित प्रदेशबाट हुने, स्थानीय तह वा प्रदेशमा दर्ता भई वार्षिक पचास करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी संस्था र विभागमा दर्ता भएको सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण विभागबाट हुने, पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा विभागको अनुरोधमा त्यस्ता संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण नेपाल

राष्ट्र बैङ्कले समेत गर्ने व्यवस्था गरेबाट सहकारी संस्थाको नियमनको सम्बन्धमा सहकारी ऐन, २०७४ ले केही कठोर कानूनी प्रबन्ध गरेको देखिन्छ तर कार्यान्वयनमा उदासिनता रहेसम्म वाञ्छित उपलब्धि हासिल हुन सक्दैन।

१४.२.९ सहकारी विभागमा दक्ष जनशक्तिको अभाव

ऐन कार्यान्वयनका लागि तदअनुरूपको जनशक्ति सहकारी विभागमा रहनु पर्ने हुन्छ तर त्यस्तो जनशक्ति विभागमा उपलब्ध छैन। हाल विभागमा ३१ जना कर्मचारीको दरबन्दी रहेको छ र त्यसमा १० जना कर्मचारी मात्र अधिकृतस्तरका रहेका छन्।

१४.३ संविधानको अनुसूची ५,६,७,८ र ९ मा सहकारी रहनु पछाडिको विधायकी उद्देश्य र कारण

नेपाली जनताको करिब ७० वर्षदेखिको सपनाका रूपमा रहेको संविधानसभामार्फत आफ्नो संविधान आफैले निर्माण गर्ने चाहना २०७२ सालमा संविधानसभाबाट पारित भएको नेपालको संविधान जारी भएपछि संस्थागत भएको छ। वर्तमान संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम रहने व्यवस्था गरेको छ।[१५९] नेपालको संविधानको अनुसूची-५ मा संघको एकल अधिकारको सूचीमा सहकारी नियमन, अनुसूची-६ मा प्रदेशको एकल अधिकारको सूचीमा सहकारी संस्था, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको सूचीमा सहकारी, अनुसूची-८ मा स्थानीय तहको अधिकारसूचीमा सहकारी संस्था र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा सहकारी राखिएको छ। यसरी सहकारी सम्बन्धी विषयलाई राज्यका तीनवटै संघीय एकाइको एकल र साझा अधिकारमा बाँडफाँट गरिएको छ।

सहकारी नियमनको विषय संघको हुने भनी स्पष्ट व्यवस्था गरेको भएता पनि प्रदेश र स्थानीय तहको एकल अधिकार सूचीमा "सहकारी संस्था" भन्ने र संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा उल्लिखित "सहकारी" भन्ने शब्द मात्र प्रयोग भएको कारणले सहकारी संघ, संस्थाको गठन, दर्ता तथा सञ्चालन लगायतका विषयहरूमा सम्बन्धित तहको कानूनद्वारा समन्वयात्मक रूपमा व्यवस्थित गर्नु पर्ने देखिन्छ।

यसका अतिरिक्त राज्यको निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख गरिएको छ।[१६०] त्यस्तै, राज्यका नीतिहरू अन्तर्गत अर्थ, उद्योग तथा वाणिज्य नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने तथा सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन

---

[१५९] धारा ५६, नेपालको संविधान।

[१६०] धारा ५० को उपधारा (४), नेपालको संविधान।

गर्ने नीति राज्यले अवलम्बन गर्ने उल्लेख छ।[१६१] यसरी वर्तमान संविधानले सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एउटा महत्त्वपूर्ण हिस्साका रूपमा प्रस्तुत गरेको छ।

ठूला विदेशी लगानी आकर्षित नहुने र निजी क्षेत्रको रुची नभएको स-साना उद्यम व्यवसायको सिर्जना गरी स्वावलम्बी अर्थतन्त्रको विकास गर्न विकसित तथा विकासशील राष्ट्रहरूले सहकारीसम्बन्धी नीतिलाई अवलम्बन गरेका छन्। नेपालले पनि संवत् २०१० साल देखि २०४८ सालसम्म सरकार नियन्त्रित सहकारी वा साझा संस्थाका रूपमा र २०४८ सालपछि स्वायत्त र स्वशासित सहकारी अभियानलाई अगाडि बढाएको छ। यसै क्रममा नेपालको अन्तरिम संविधान, २०६३ मा सरकारी, सहकारीता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्नेछ[१६२] भन्ने उल्लेख भएको सन्दर्भमा वर्तमान संविधानले अझ विस्तारित नीति अवलम्बन गरी सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा यसलाई अत्यधिक परिचालन गर्नेतर्फ दिशानिर्देश गरेको छ।

संवत् २०६८ सालको राष्ट्रिय जनगणना अनुसार नगरपालिकामा बस्ने जनसंख्या १७.१ प्रतिशत र गाउँ विकास समितिमा वस्ने जनसंख्या ८२.९ प्रतिशत रहेकोमा राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा वस्ने जनसंख्या ६६.२ प्रतिशत र गाउँपालिकामा बस्ने जनसंख्या ३३.८ प्रतिशत रहेको छ। पछिल्लो जनगणना अनुसार नगरपालिका अर्थात सहरमा बस्ने जनसंख्या बढेको देखिएता पनि मुलुकलाई संघीय संरचनामा पुनर्संरचना गर्दा नगरपालिकामा बस्ने जनसंख्या बढी देखिएको भएता पनि नगरपालिकाका लागि हुनु पर्ने वार्षिक आन्तरिक आय, पूर्वाधारको विकास, स्वास्थ्य सुविधा, विद्यालय, सडक, बैङ्क तथा वित्तीय संस्थामा पहुँच आदि सुविधाको दृष्टिकोणबाट हेर्दा व्यावहारिक रूपमा गाउँमा बस्ने जनसंख्या अद्यापि अधिक रहेको छ। आधारभूतरूपमा सहकारी क्षेत्रलाई ग्रामीण अर्थतन्त्रको मेरुदण्डको रूपमा लिइने गरिएको सन्दर्भमा समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्न महत्त्वपूर्ण साधनका रूपमा सहकारी क्षेत्रलाई ग्रहण गरी सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि वर्तमान संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार र जिम्मेवारी बाँडफाँट गरेको छ। एकल अधिकारको हकमा संविधान र आफ्नो तहको कानून बमोजिम र साझा अधिकारको हकमा संविधान र सम्बन्धित तहको साझा कानून बमोजिम सहकारी सम्बन्धी अधिकारको प्रयोग र जिम्मेवारी बहन गर्ने गरी सहकारीलाई संविधानका अनुसूचीहरूमा व्यवस्थित गरिएको छ।

१४.४ नियमन र विद्यमान सहकारी समस्याबीचको सम्बन्ध

सहकारी संस्थाहरूको नियमनसम्बन्धी विद्यमान कानूनी व्यवस्था तथा संरचनागत व्यवस्थाको सम्बन्धमा प्रकरण १ मा विस्तृतरूपमा उल्लेख गरिएको छ। नेपालको सहकारी अभियानको समग्र पक्षमा हेर्दा आर्थिक वर्ष २०८०/८१ सम्ममा सहकारी विभागको नियमनको दायरामा रहेका १८ वटा विषयगत केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैङ्क १, राष्ट्रिय सहकारी महासंघ १ गरी २० र सहकारी संस्थाहरू १२७ गरी जम्मा १४७ वटा मात्र सहकारी रहेका छन्। प्रदेशस्तरमा करिब ७,००० सहकारी संस्थाहरू रहेका छन् भने स्थानीय तहमा करिब २४,००० सहकारी संस्थाहरू

[१६१] धारा ५१ को खण्ड (घ), नेपालको संविधान।

[१६२] धारा ३५ को उपधारा (२), नेपालको अन्तरिम संविधान, २०६३।

रहेका छन्। सबैगरी करिब ३१,००० सहकारी संस्थाहरू दर्ता छन्। सहकारी ऐन, २०७४ कार्यान्वयनमा आउनु अघिसम्म सहकारी विभाग र ३८ वटा डिभिजन सहकारी कार्यालयबाट सबै सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा अनुगमन हुने गर्दथ्यो भने सहकारी संस्थाहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएपछि संघको अधिकारक्षेत्रभित्रका सहकारी संस्थाहरूको सहकारी विभागबाट सहकारी ऐन, २०७४ र अन्तर्गत बनेको नियमावली बमोजिम र प्रदेशको अधिकारक्षेत्रभित्रका सहकारी संस्थाको हकमा प्रदेश सहकारी कानून बमोजिम र स्थानीय तहको अधिकारक्षेत्रभित्रका सहकारी संस्थाहरूको हकमा स्थानीय तहको सहकारी कानून बमोजिम सहकारी संस्थाहरूको नियमन कार्य हुँदै आएको छ।

सहकारी ऐन, २०७४ मा कसैले देहायको कुनै कार्य गरेमा कसुर मानिने व्यवस्था रहेको छः-[१६३]

- दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अङ्ग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,
- सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,
- तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,
- समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,
- ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,
- समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,
- झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,
- सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,
- कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,
- धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,
- झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

[१६३] दफा १२२, सहकारी ऐन, २०७४।

- कुनै व्यक्ति वा सहकारी संस्थालाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,
- सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,
- सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने वेहोरा पारी मिलाई लेखे वा अर्को भिन्नै श्रेस्ता राखे जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा वेहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,
- ऋणको धितो स्वरूप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,
- सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,
- कुनै सहकारी संस्था वा सो को सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानि नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

माथि उल्लिखित कसुरमा विगो हेरी अधिकतम १० वर्षसम्म कैद सजाय र विगो भराई विगोबमोजिम जरिवाना समेत हुने व्यवस्था छ। यस्तो कसुरसम्बन्धी मुद्दा नेपाल सरकारवादी हुने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था छ।

सहकारी विभागको रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीले कार्यको प्रकृति र गम्भीरताको आधारमा ५ लाख रुपैयाँसम्म नियमाकीय जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ। प्रस्तुत व्यवस्थाले विगतमा सहकारी क्षेत्रमा रहेको दण्डहीनताको अन्त्य गरेको छ र प्रस्तुत कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सके सहकारी संस्थाका सञ्चालकहरूमा संस्थामा आफूखुशी जे गरे पनि हुन्छ भन्ने धारणामा परिवर्तन भई बढी जिम्मेवार बन्ने देखिन्छ।

यस्तै व्यवस्था प्रदेश सहकारी ऐन र स्थानीय तहको सहकारी ऐनहरूमा पनि रहेका छन्। कतिपय प्रदेशले सहकारी कसुर, दण्ड जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुने व्यवस्था गरेको देखिन्छ भने कतिपय प्रदेशले सहकारी ऐन, २०७४

मा भएको व्यवस्थालाई नै आफ्नो सहकारी ऐनमा समावेश गरेको पाइन्छ। सबै प्रदेशहरूले सहकारी ऐन बनाई कार्यान्वयन गरेको अवस्था छ।

त्यस्तै स्थानीय तहले पनि सहकारी ऐन बनाई कार्यान्वयन गरिरहेका छन्। स्थानीय तहको सहकारी ऐनबाट दश वर्षसम्म कैद सजाय हुने गरी कसुर कायम गर्ने, सहकारी दर्ता गर्ने अधिकारीले पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने र सो ऐन अन्तर्गतको मुद्दा जिल्ला अदालतमा लाग्ने गरी अदालतको अधिकारक्षेत्र सिर्जना गर्नेसम्मको व्यवस्था गरिएको देखिन्छ। कतिपय स्थानीय तहले आफ्नो सहकारी ऐनमा सहकारी सम्बन्धी कसुर कायम गरी सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम कैद तथा जरिवाना हुने व्यवस्था गरेका छन्। कतिपय स्थानीय तहको कानूनमा कसुर कायम गरिएको मुद्दामा नेपाल सरकारवादी हुने र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था समेत गरिएको छ। जबकि सरकारी मुद्दा सम्बन्धी ऐन, २०७५ श्रावण मसान्तदेखि नै अस्तित्वमा छैन।

संविधानले फौजदारी कानूनको निर्माण गर्ने अधिकार संघको अधिकारक्षेत्रभित्र राखेको सन्दर्भमा सहकारी ऐन, २०७४ बमोजिम सहकारी सम्बन्धी कसुरमा प्रहरीले अनुसन्धान गर्ने, सरकारी वकिलले सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने विषय स्पष्ट रहेको भएता पनि प्रदेश तथा स्थानीय तहको ऐनबाट कसुर कायम भएमा त्यसको अनुसन्धान र अभियोजन कसले गर्ने, मुद्दा कसले चलाउने, त्यस्ता मुद्दाको प्रतिनिधित्व र प्रतिरक्षा कसले गर्ने भन्ने जस्ता विषयहरू अनुत्तरित छन्। यद्यपि, प्रदेश र स्थानीय तहको कानूनको परिपालना गराउनका लागि त्यस्तो कानूनको उल्लङ्घन भएको अवस्थामा प्रशासनिक कारबाहीको लागि जरिवाना गर्न सक्ने गरी कानूनी व्यवस्था गर्न सक्ने संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा रहेको छ।

१४.५ नियमनका समस्या समाधानका लागि गरिनु पर्ने सुधार

नेपालको सहकारी अभियान मूलतः बचत तथा ऋणको कारोबारमा केन्द्रित रहेको छ। संवत् २०५० को दशकमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको कारण सर्वसाधारणको वित्तीय पहुँच अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुगेको थियो। तापनि प्रभावकारी नियमनको अभाव सँगै बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका सञ्चालकहरूले शेयर सदस्य तथा सर्वसाधारण बचतकर्ताको रकम हिनामिना गरी संस्था बन्द गरी फरार हुने प्रवृत्ति पनि मौलायो र यसको विस्तारित स्वरूपमा मुलुकले हाल यो विकराल समस्या भोगिरहेको छ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने संविधानमा उल्लेख भएको र राष्ट्रिय अर्थतन्त्रको एउटा स्तम्भ (Pillar) सहकारी क्षेत्र रहेको सन्दर्भमा हाल सञ्चालनमा रहेका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमनमार्फत शेयर सदस्य र सर्वसाधारणको बचत रकम सुरक्षित हुने विश्वासको वातावरणमा सञ्चालन गर्ने र कृषि, पशुपालन, फलफूल, तरकारी लगायतका उत्पादन र बजारसँग सम्बन्धित सहकारी संस्थाको गठन र सञ्चालनमा

अधिक जोड दिने नीति संघ, प्रदेश र स्थानीय तहले लिनु पर्ने देखिन्छ। प्रस्तुत सन्दर्भमा देहायका विषयमा देहाय बमोजिम सुधार गर्नु पर्ने देखिन्छः-

१४.५.१ सहकारी क्षेत्र सुधार

- सहकारी संस्थाहरूले स्थानीय साधन, स्रोत, श्रम र पुँजीको परिचालनबाट विशेष गरी साना उद्यम एवं उत्पादन सामग्री आपूर्ति, कृषि उत्पादन, प्रशोधन, सञ्चय तथा बजार व्यवस्थापनमा सहकारी व्यवसायको बाहुल्यता कायम गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासद्वारा गरिबी निवारणमा टेवा पुऱ्याउने सहकारीको दीर्घकालीन अवधारणा कायम गर्ने,
- प्राथमिक तहमा सञ्चालन हुने सहकारी संस्थाहरूले ऋण लगानी, आर्थिक कारोबार, ग्रामीण बचत परिचालन तथा उत्पादन वृद्धि तथा बेचबिखनमा जोड दिने,
- सहकारी संस्थाले बचत तथा ऋणको कारोबारमा मात्र केन्द्रित नभई सदस्यको उत्पादन, सेवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरी उत्पादन र सेवालाई कुनै न कुनै रूपमा बजार प्रणालीसँग आबद्ध गराउने,
- सदस्यको जीविकोपार्जनमुखी उत्पादन पद्धतिलाई व्यावसायिक उत्पादन प्रणालीतर्फ आकर्षित गर्न उत्पादन सामग्रीदेखि बजार प्रणालीसम्मका पक्षलाई सम्पादनका लागि दुर्गम तथा ग्रामीण क्षेत्रमा आवश्यक पर्ने पूर्वाधार निर्माण, सेवा टेवा (Support Service), तालीम आदिको भरपर्दो व्यवस्थाद्वारा पुनर्बल (Reinforcement) प्रदान गर्ने,
- सहकारी शिक्षा, तालिम, अध्ययन अनुसन्धान कार्यका लागि स्वतन्त्र प्राज्ञिक निकायको व्यवस्था गर्ने,
- सहकारी संघ, संस्थाहरूमा व्यावसायिक व्यवस्थापनको विकास, संस्थागत वित्तीय पहुँचमा वृद्धि गरी सहकारी व्यवसायलाई उत्पादनमुखी र प्रतिस्पर्धी बनाउँदै सदस्यहरूको सामाजिक तथा आर्थिक हितमा केन्द्रित व्यावसायिक सङ्गठनका रूपमा विकसित गर्ने,
- स्थानीय तहमा उत्पादन हुने वस्तुहरूको प्रशोधन, बजार व्यवस्थापन कार्यक्रम सञ्चालन गरेका दुर्गम, ग्रामीण क्षेत्रका सहकारी संघ, संस्थालाई विशेष छुट सुविधा, विशेष पूर्वाधार व्यवस्था, सेवा टेवाको व्यवस्था गर्ने,
- सहकारी क्षेत्रमा कार्यरत सरकारी कर्मचारी, संघ, संस्थाका साधारण सदस्य, सञ्चालक र कर्मचारी समेतलाई समेटेर सहकारी जनशक्ति व्यवस्थापन गरी विशेषज्ञताको विकास गर्ने र सोका लागि उच्च शिक्षा तालीमको व्यवस्था गर्ने,
- सहकारी संस्थाको प्रवर्द्धनका लागि बजार अनुसन्धान, सूचना सङ्कलन, सूचना प्रवाहको प्रभावकारी व्यवस्था गर्ने,

- स्थानीय श्रम, सीप र पुँजी परिचालनबाट सहकारी बजार प्रणालीको स्थापना गर्न सहयोग पुऱ्याउने,
- प्राथमिक वस्तु उत्पादनक्षेत्र, माध्यमिक वस्तु उत्पादन (उद्योग) क्षेत्र (कृषिजन्य र गैरकृषि कच्चा पदार्थमा आधारित) र सेवा व्यवसायको क्षेत्र गरी सहकारीको कार्यक्षेत्र निर्धारण गर्ने,
- सहकारी संघ, संस्थाहरूलाई आवश्यक पर्ने प्राविधिक सेवा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उपलब्ध गराउने,
- कृषि उत्पादन गर्ने, कृषि उपजको प्रशोधन र अन्य मूल्य अभिवृद्धिको कारोबार गर्ने, उपजमा प्राथमिक योगदानकर्ताको हितमा हुने गरी बजारीकरणमा टेवा पुऱ्याउने र उत्पादक कृषकका सहकारी संघ, संस्थाहरूलाई सम्पूर्ण कर छुट सुविधा समेत दिने तथा त्यस्ता सहकारी संघ, संस्थाहरूलाई कृषि नीति र कृषि क्षेत्रका आयोजनाहरूसँग सम्बद्ध गरी थप सहुलियतको व्यवस्था गर्ने,
- एकै स्थानमा एकै प्रकृतिका धेरै सहकारी संस्थाहरू दर्ता गर्ने प्रवृत्तिलाई दर्ता व्यवस्थापनको माध्यमबाट निरुत्साहित गर्ने, व्यावसायिकताका आधारमा भौगोलिक क्षेत्र विशेषमा सबल तथा सक्षम संस्थाहरूको विकास गर्न, गाभिन र एकीकृत हुन उत्प्रेरित हुने कार्यक्रम सञ्चालन गर्ने,
- सार्वजनिक वितरण प्रणालीलाई प्रभावकारी बनाउन सहकारी संस्था र स्थानीय तहबीच समन्वय गरी परिचयपत्र मार्फत विक्री वितरण गर्ने व्यवस्था मिलाउने।

१४.५.२ कानूनी सुधार

संविधानको अनुसूची-५ मा संघको एकल अधिकार अन्तर्गत "सहकारी नियमन" र अनुसूची-९ मा साझा अधिकार अन्तर्गत "सहकारी" उल्लेख भएको र संघअन्तर्गत सहकारी ऐन, २०७४ कार्यान्वयनमा रहेको छ भने सहकारी ऐन, २०७४ मा रहेका व्यवस्थाहरूलाई नै समावेश गरी प्रदेशमा प्रदेश सहकारी ऐन र स्थानीय तहमा स्थानीय सहकारी ऐन निर्माण भई कार्यान्वयनमा रहेको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहमा निम्न बमोजिम सहकारी कानूनमा सुधार हुनु पर्ने देखिन्छः-

- सहकारी विभागले संघको अधिकारक्षेत्रभित्रका सहकारी संघ, संस्थाको दर्ता, निरीक्षण तथा अनुगमनको कार्य गर्ने तथा सहकारी क्षेत्रको प्रवर्द्धन तथा सुधारसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने गरी प्रचलित संघीय सहकारी कानूनमा संशोधान वा नयाँ जारी गर्ने,
- संघले सहकारीको नियमनसम्बन्धी कानूनको निर्माण गर्ने, त्यसरी कानून निर्माण गर्दा प्रदेश र स्थानीय तहका सहकारी संस्थाहरूको नियमन सम्बन्धी मापदण्ड पनि निर्धारण गर्ने,
- ग्रामीण र शहरी क्षेत्रका लागि नियमनकारी सीमा (Regulatory Threshold) कायम गरी नियमन सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

- बचत तथा ऋण सहकारी संस्थाको लागि PEARLS Rating प्रणाली र अन्य संस्थामा वित्तीय अनुपातहरू (Ratios) लागू गर्नु पर्ने कानूनी व्यवस्था गर्ने,
- प्रत्येक सहकारी संस्थासँग सम्बन्धित विषयगत जिल्ला संघ, प्रदेशस्तरीय विषयगत संघमा र विषयगत जिल्ला सहकारी संघ, प्रदेशस्तरीय सहकारी संघहरू र राष्ट्रिय सहकारी महासंघमा अनिवार्यरूपमा आबद्ध हुनु पर्ने व्यवस्था गर्ने,
- सहकारी संस्थाको अनुगमन र मूल्याङ्कनलाई जिम्मेवार बनाउन पहिलो पक्षका रूपमा संस्थाका सदस्यहरू, सञ्चालक समिति, लेखा समिति तथा अन्य उपसमिति, दोस्रो पक्षका रूपमा विषयगत जिल्ला संघहरू, प्रदेशस्तरीय विषयगत संघहरू र राष्ट्रिय सहकारी महासंघ र तेस्रो पक्षकारूपमा सहकारी विभाग, प्रदेश र स्थानीय तहका सहकारी हेर्ने कार्यालयहरूलाई जिम्मेवार बनाई अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धति बसाल्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक तथा सदस्यहरूको लागि आचार संहिताको व्यवस्था गर्नु पर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नु पर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक समितिको गठन विधि, सञ्चालकको पदावधि, नयाँ निर्वाचनबाट आउन सक्ने सञ्चालकहरू, कार्यकारी सञ्चालकहरूको संख्या अनुपात र कार्यविधिबारे कानूनमै एकरूपता कायम पर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरू एकीकरण हुन सक्ने कानूनी व्यवस्थालाई व्यावहारिक तुल्याउन कार्यविधिहरू सरलीकरण गर्ने,
- बचत तथा ऋण सहकारी संस्थाहरूको लेखापरीक्षण दुरुस्त गर्न लगाउने र निश्चित सीमासम्मका सहकारीहरूको लेखापरीक्षण गर्ने क्षमता सहकारी संघहरूमा विकास गरी तिनलाई नै लेखापरीक्षण गर्न लगाउने,
- सहकारी संस्थाले बचत र ऋणमा दिने ब्याजदरको सीमा निर्धारण गर्ने र ब्याजदरमा नियन्त्रण गर्न बचत र कर्जाको ब्याजदरको अन्तर निर्धारण गर्ने र लिने ब्याजदरको स्ल्याब निर्धारणलाई कडाईका साथ निगरानीमा राख्ने,
- लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण नगराउने र साधारणसभा नबसाल्ने सहकारी संघ, संस्थाहरूको प्रक्रिया पूरा गरी दर्ता खारेज हुने व्यवस्था गर्ने,
- सहकारी संघ, संस्थामा स्वनियमन र आन्तरिक नियन्त्रण प्रणालीको पद्धति स्थापित गर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको मुख्य कार्यालय रहेको जिल्ला वा प्रदेशभन्दा बाहिर खोलेका शाखा कार्यालय वा सम्पर्क कार्यालयहरू जुन क्षेत्रमा रहेका छन्, ती शाखा वा सम्पर्क कार्यालयहरूलाई पाँच वर्षभित्र सम्बन्धित स्थानीय तह, जिल्ला वा प्रदेशमा रहने गरी प्रारम्भिक सहकारी संस्थाको रूपमा विकसित गर्ने,

- संघ, प्रदेश र स्थानीय तहको अधिकारक्षेत्रभित्र रहेका सहकारी संस्थाहरूमा भएका सहकारीसम्बन्धी कसुरको हकमा समान प्रकारको कैद सजाय र दण्ड जरिवानाको व्यवस्था गर्ने र त्यस्ता कसुर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश हुने व्यवस्था गर्ने,
- राष्ट्रिय सहकारी विकास बोर्डको पुनर्संरचना गरी सहकारी अभियानको प्रवर्द्धन तथा सहकारी क्षेत्रमा नीतिगत सुधार गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिन सक्ने विज्ञ संस्था (Think Tank) का रूपमा विकास गर्ने, राष्ट्रिय सहकारी विकास बोर्डको मौजुदा संरचनालाई छरितो र बढी व्यावहारिक बनाउन, विद्यमान राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ लाई संशोधन गर्ने,
- राष्ट्रिय सहकारी विकास बोर्ड सहकारी सम्बन्धी समग्र नीति, परामर्श, समन्वय र प्रवर्द्धन सम्बन्धी कार्यमा केन्द्रित रहनु पर्ने।

१४.५.३ संस्थागत सुधार

- प्रदेश र स्थानीय तहमा करिब ३१ हजार सहकारी संघ, संस्थाहरू हस्तान्तरण भइसकेको र सहकारी विभागअन्तर्गत १४७ वटा सहकारी संघ, संस्थाहरू रहेको सन्दर्भमा सहकारी विभागको सङ्गठन संरचनामा पुनरावलोकन गर्ने र विभागमा रहने कर्मचारीलाई छिटो सरुवा नगर्ने प्रणाली बसाउने,
- सहकारी विभागमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न सहकारी सम्बन्धी ज्ञान सीप तथा तालीम निरन्तर प्रदान गर्ने,
- सहकारी विभागमा नयाँ नियुक्ति भई वा सरुवा भई आउने कर्मचारीलाई सहकारी सम्बन्धी काम सुरु गर्नुअगावै कम्तीमा ३ महिनाको तालीम दिने र सो तालीमपछि मात्र उपयुक्त जिम्मेवारी दिने प्रणाली बसाल्ने,
- सहकारी शिक्षा, सचेतना, सूचना र तालीमलाई बिस्तार गर्न हालको सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रलाई उच्चस्तरीय सहकारी सम्बन्धी तालीमप्रदायक संस्थाका रूपमा राष्ट्रिय सहकारी प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानका रूपमा विकसित गर्ने र सो प्रतिष्ठान मार्फत संघ, प्रदेश र स्थानीय तहका सहकारी संस्थाका सञ्चालक र शेयर सदस्यहरूलाई उच्चस्तरीय र विशिष्ट प्रकृतिको तालीम प्रदान गर्ने,
- प्रदेश र स्थानीय तहमा पनि सहकारी विषय हेर्ने छुट्टै इकाई खडा गर्ने,
- सहकारी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम कर्जा सूचना केन्द्रको स्थापना, कर्जा असुली न्यायाधिकरण गठन तथा सहकारी बचत तथा कर्जा सुरक्षण कोष यथाशिघ्र स्थापना गर्ने र त्यसमा प्रदेश र स्थानीय तहलाई पनि संलग्न गराउने,
- सहकारी क्षेत्रको विकास र नीतिगत पृष्ठपोषणका लागि संघमा सहकारी मन्त्रीको, प्रदेशमा सहकारी विषय हेर्ने मन्त्रीको र स्थानीय तहमा अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्थायी प्रकृतिको उच्चस्तरीय सहकारी क्षेत्र समस्या समाधान संयन्त्र बनाउने।

१४.६ प्रदेश र स्थानीय तहका नियामकीय क्षमता र व्यवस्थित गरिनु पर्ने सवालहरू

सहकारी विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म प्रदेश अन्तर्गत करिब ७,००० र स्थानीय तह अन्तर्गत करिब २४,००० सहकारी संस्थाहरू क्रयाशील रहेका छन्। देशभरका प्रायः सबै सहकारी संघ, संस्थाहरू (राष्ट्रिय सहकारी बैङ्क, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय सहकारी संघ तथा एकभन्दा बढी प्रदेशमा कार्यक्षेत्र रहेका सहकारी संस्थाहरू बाहेक) प्रदेश सरकार र स्थानीय तहअन्तर्गत नियमनमा रहेको यस तथ्याङ्कबाट देखिन्छ। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको कारोबारको वित्तीय विश्लेषण गर्ने, त्यसको ड्यू डेलिजेन्स अडिट (Due Diligence Audit-DDA) गर्ने दक्ष जनशक्ति सहकारी विभागजस्तो २०१० सालमा स्थापना भएको संस्थामा नरहेको अवस्थामा भर्खर मात्र स्थापना भएका प्रदेश र स्थानीय तहका सम्बन्धित विषय हेर्ने निकाय वा एकाइमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा अनुगमन सम्बन्धी कार्य प्रभावकारी रूपमा सम्पादन हुन सक्छ भन्ने विषयमा आश्वस्त हुन सकिने अवस्था देखिँदैन।

प्रदेश र स्थानीय तहको सहकारी संस्थाहरूको नियामकीय क्षमता कमजोर रहेको अवस्थामा संघअन्तर्गतका सहकारी संस्थाहरूमा देखिएका विकृति तथा समस्याहरू प्रदेश र स्थानीय तहका सहकारी संस्थाहरूमा समेत नदेखिएला भन्न सकिन्न। प्रदेश र स्थानीय तहबाट पनि आफ्नो अधिकारक्षेत्रभित्रका सहकारी संस्थाहरूको सम्बन्धमा समयमा नै उचित व्यवस्थापन गर्न नसकिएमा संघका सहकारी संस्थाहरूमा देखिएको समस्या प्रदेश र स्थानीय तहमा पनि बिस्तार हुन जान्छ। संघमा रहेको सहकारीका समस्यालाई प्रदेश र स्थानीय तहमा बिस्तार हुन नदिन संघ, प्रदेश र स्थानीय तहले देहायका कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्ने देखिन्छः-

- संघले संघीय सहकारी ऐनमार्फत प्रदेश र स्थानीय तहले सहकारी नियमन सम्बन्धी पालन गर्नु पर्ने मापदण्ड निर्माण गर्ने र सोका आधारमा प्रदेश र स्थानीय तहले आ-आफ्नो सहकारी ऐनमा नियमन सम्बन्धी मापदण्ड समावेश गरी कार्यान्वयन गर्ने,
- नेपाल राष्ट्र बैङ्कअन्तर्गत निश्चित सीमाभन्दा माथिको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा अनुगमन संघीय कानूनद्वारा स्थापना हुने दोस्रो तहको नियमनकारी निकाय (Second Tier Regulatory Institution-STI) मार्फत गर्ने र सो स्थापना नभएसम्म सहकारी विभाग र नेपाल राष्ट्र बैङ्कले प्रदेश र स्थानीय तहमा सञ्चालित सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्न प्रदेश र स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने,
- प्रदेश र स्थानीय तहअन्तर्गतका सहकारी संस्थाहरूमा फौजदारी कसुर मानिने कार्यहरू भएमा संघीय सहकारी कानून बमोजिम फौजदारी कसुर भएको मानी त्यस्तो कार्य गर्ने व्यक्तिहरू विरुद्ध संघीय कानून बमोजिम मुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायर हुने एकीकृत कानूनी व्यवस्था गर्ने,
- प्रदेश र स्थानीय तहमा सरकारी सेवा गठन गर्दा त्यस्ता सेवाअन्तर्गत सहकारी समूह वा उपसमूह गठन गरी समूह वा उपसमूहको विशिष्टीकरण गरी सो समूह वा उपसमूहमा

रहेका कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम प्रदान गर्ने र वृत्तिविकासको अवसर पनि सुनिश्चित गर्ने,

- प्रदेश सरकारले आफूअन्तर्गतका एकभन्दा बढी जिल्लामा कार्यक्षेत्र रहेका सहकारी संस्थाको कार्यक्षेत्र ३ वर्षभित्र एउटा जिल्लामा मात्र सीमित गर्ने नीति अख्तियार गर्ने,
- प्रदेश र स्थानीय तहका सहकारीमा कार्यरत सरकारी कर्मचारीलाई सहकारीसम्बन्धी आधारभूत तथा विशिष्टीकृत तालिम सहकारी विभाग अन्तर्गतको सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र र प्रदेश सहकारी प्रशिक्षालयमार्फत निरन्तर प्रदान गर्ने,
- सहकारी शिक्षा, सूचना तथा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- प्रदेशमा रहेका प्रदेश सहकारी प्रशिक्षालयलाई सहकारी सम्बन्धी तालिमप्रदायक विशिष्टीकृत संस्थाका रूपमा विकास गर्ने।

परिच्छेद-१५

सहकारी सङ्कटः स्थलगत निरीक्षणको वस्तुस्थिति

सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिलाई प्राप्त कार्यादेश बमोजिम समितिको पूर्व निर्धारित कार्ययोजनाका आधारमा मिति २०८१ भाद्र २७ गते बसेको समितिको बैठकको निर्णयानुसार सोही दिन उपत्यकामा रहेका नियामक निकाय, समस्याग्रस्त र समितिमा उजुरी आएका केही सहकारी संस्थाहरूको स्थलगत अनुगमन देहाय बमोजिम सम्पन्न भयो।

१५.१ अनुगमन गरिएका संस्था तथा कार्यालयहरू

(क) निरीक्षण गरिएका नियामक निकायका कार्यालयहरू

१. सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं

२. सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर, काठमाडौं

३. समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाडौं।

(ख) अनुगमन/निरीक्षण गरिएका सहकारी संस्थाहरू

१. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालिमाटी, काठमाडौं,

२. सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालिमाटी, काठमाडौं,

३. सिभिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालिमाटी, काठमाडौं,

४. गौतमश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कुलेश्वर, काठमाडौं,

५. मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, महालक्ष्मीस्थान, ललितपुर,

६. सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पुल्चोक, ललितपुर,

७. श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पुल्चोक, ललितपुर,

८. गुण को-अपरेटिभ लिमिटेड, पुल्चोक, ललितपुर,

९. गोरखा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सातदोवाटो, ललितपुर,

१०. शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कौशलटार, भक्तपुर,

११. नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कौशलटार, भक्तपुर,

१२. कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, मिनभवन, काठमाडौं र

१३. नेपाल वित्तीय सहकारी संस्था, नयाँ वानेश्वर, काठमाडौं।

१५.२ स्थलगत अनुगमनबाट प्राप्त विवरणः

स्थलगत अनुगमनका क्रममा समितिले नियामक निकाय र सहकारी संस्था सम्बन्धी प्राप्त गरेका तथ्य एवं जानकारीहरू निम्नानुसार उल्लेख गरिएको छ।

१५.२.१ सहकारी विभाग

सहकारी विभागको संरचना, विगतदेखि हालसम्म सम्पादन हुँदै आएका कार्य, भोग्नुपरेका समस्यासहितको विभागको संक्षिप्त छोटो प्रस्तुती भएपश्चात् समितिले कोपोमिस प्रणालीको सञ्चालन र व्यवस्थापनका सम्बन्धमा कोपोमिस सञ्चालन हुने कक्षको अवलोकन गऱ्यो। अनुगमनका क्रममा विद्यमान सहकारी संस्थाहरूको संख्या भन्दा धेरै संख्यामा सहकारीहरूको तथ्याङ्क रहेको देखियो। तथ्याङ्कहरूमा देखिएको फरकपनले गर्दा उक्त प्रणालीको विश्वसनीयता र सञ्चालन प्रक्रियामा प्रश्न उठ्यो। यसरी सहकारी संस्था नियमनको मुख्य औजारको रूपमा रहेको कोपोमिस प्रणालीलाई प्रभावकारी रूपमा लागू गराउने मुख्य जिम्मेवार निकाय नै कोपोमिस प्रणालीप्रति नाजवाफ देखिएकोले कर्मचारीहरूको कार्यदक्षता एवं क्षमता र इमान्दारितामा नै आशंका गर्ने प्रशस्त ठाउँहरू रहेको समितिले पायो।

सहकारी विभागको अनुगमन पश्चात् सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र अवलोकन गरियो। अवलोकनका क्रममा सहकारी क्षेत्रको एकमात्र आइएसओ सर्टिफाइड सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रले नेपालभरबाट वार्षिक रूपमा सरदर करिब १००० जना सहकारी संस्थाका सञ्चालक, व्यवस्थापक एवं नियामक निकायका कर्मचारीहरूलाई सहकारी सम्बन्धी तालिम प्रदान गर्दैआएको पाइयो। जुन सहकारी संस्था र त्यसमा आबद्ध संख्याका आधारमा न्यून रहेको पाइयो। हाल तीनै तहबीच आपसी समन्वय र पाठ्यक्रममा एकरुपता कायम नगरी आआफ्नै तरिकाले पाठ्यक्रम निर्माण गरी बिभिन्न खाले तालिमहरू प्रदान गर्दैआएको भन्ने जानकारी पाइयो।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका समस्या समाधानार्थ अनुसन्धानमूलक कार्यलाई व्यापक बनाउनु पर्नेमा एकातर्फ अनुसन्धानका लागि ज्यादै न्यून रूपमा वार्षिक रू. १,५०,०००/- मात्र बजेट विनियोजन भएकोले अध्ययन अनुसन्धान नभएको बुझियो भने अर्कोतर्फ पर्याप्त प्रशिक्षण तथा स्रोतसाधनको व्यवस्थापन नगरी सहकारी नियामकका रूपमा निजामती कर्मचारीलाई सर्वज्ञ ठानी जिम्मेवारी सुम्पिएको देखियो।

तत्पश्चात् अनुगमनटोलीले बुद्धनगरस्थित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा गई त्यहाँको समस्याग्रस्त सहकारी संस्थाहरू उपर हाल हाल भइरहेको कामकारवाही एवं वस्तुस्थितिबारे अद्यावधिक जानकारी लियो। अनुगमनका क्रममा समस्याग्रस्त घोषणा भएका २२ वटामध्ये ३ वटा सहकारी संस्थाको फरफारक भैसकेको, बाँकीको कार्ययोजना निर्माण गरिएको, समस्या हल गर्न तिव्र गतिमा लागिपरिरहेको र कार्ययोजना अनुसार काममा तिव्रता दिन आवश्यक जनशक्तिसहित स्रोतसाधनको व्यवस्था गर्न मन्त्रालयलाई अनुरोध गरिएको जानकारी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्षबाट प्राप्त भयो। छलफलका क्रममा समितिका माननीय सदस्यहरूले बचत फिर्ताको लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सि.आई.वी.) र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा बचतकर्ताहरूले निवेदन दिँदा दोहोरो अनुसन्धान भएको विषय राख्नुभयो।

१५.२.२ स्थलगत अनुगमन गरिएका सहकारी संस्थाहरुः

समिति सर्वप्रथम कालिमाटीस्थित स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा पुग्दा केही समयदेखि बन्द गरिएको संस्थाको आफ्नै जग्गामा भव्य/ठूलो भवन रहेको पाइयो। उक्त संस्थाबारे जानकारी दिने कोही नभेटिएको र सहकारीमा ताला लगाएको अवस्था देखियो। तत्पश्चात् अनुगमन टोली नजिकै रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा पुग्यो। त्यहाँ भने फरक दृश्य देखियो। ताला बाहिर लगाएतापनि भित्रभने खुला नै रहेको र कर्मचारी आइ काम गर्ने गरेको स्थानीय बासिन्दाबाट जानकारी प्राप्त भयो।

अनुगमन कै क्रममा सिभिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालिमाटीमा टोली पुग्दा पालेले निकै ढिला गरी गेट खोली भित्र हेर्दा सिभिल ग्रुप नाम लेखिएको मूल्यवान जमिनमा विशाल कम्प्लेक्स भवन रहेको पाइयो। भित्री ढोका बन्द रहेकोले बाहिर बँगैचाबाट वरिपरि झार र लेउ उम्रिएको, कम्पाउन्ड भित्र रहेको गाडी र भवनहरू बिस्तारै बिग्रिन लागेको देखियो।

अर्को समस्याग्रस्त गौतमश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कुलेश्वर, काठमाडौंमा अनुगमन टोली पुग्दा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सहयोगमा ताला खोली भित्र हेर्दा करोडौं मूल्यका हाइड्रोपावरका सामानहरू भवनभित्र यत्रतत्र छरिएका र बिग्रिने अवस्थामा पुगेको देखियो। वरिपरिका सटरहरू बन्द अवस्थामा रहेको र उक्त भवन एभरेष्ट बैङ्कको भएको जानकारी बैङ्कबाट टासिएको सूचनामा देखियो। टोलीलाई प्राप्त जानकारी अनुसार अन्दाजी पचासौं करोड मूल्य बराबरको भवनसहितको उक्त सम्पत्ति बैङ्कले करिब १२ करोडमा लिलाम गरेको पाइयो।

त्यसपछि मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, महालक्ष्मीस्थान, ललितपुरमा अनुगमन टोलीले स्थलगत अनुगमन गऱ्यो। अनुगमनका क्रममा उक्त सहकारी संस्थाका अध्यक्ष कुम्मराज गुरुङसँग बसी जानकारी लिने क्रममा भूतपूर्व गोरखा सैनिकहरूबाट सञ्चालित उक्त संस्थामा प्रबन्धक ज्योती गुरुङले सहकारीको करोडौं बचत रकम दुरुपयोग गरी संस्थालाई समस्यामा पारेको जानकारी दिए। संस्था भने अहिले पनि नियमित रूपमा सञ्चालनमा रहेको पाइयो।

पुल्चोक ललितपुर मूल सडकमा अवस्थित सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा अनुगमन टोली पुग्दा कर्मचारीहरू कार्यालयभित्रै रहेको र संस्था सञ्चालनमा रहेको पाइयो। संस्थाका अध्यक्ष नियमित कार्यालयमा उपस्थित भई बचतकर्ताको अलि अलि बचत फिर्ता गर्दैआएको र नियमित रूपमा बचत तथा ऋणको कारोबार २३ जना कर्मचारीबाट हुँदैआएको जानकारी त्यहाँका कर्मचारीबाट प्राप्त भयो।

सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड नजिकै मूलबाटो मै रहेको अर्को समस्याग्रस्त श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका हालका अध्यक्ष श्री सुरेन्द्र भण्डारीसहितको सहभागितामा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले ताला

खोली विशाल भवन भित्र अनुगमन टोली पसी हेर्दा अध्यारो, धुलाम्मे र खाली कोठाहरू रहेको पाइयो।

तत्पश्चात् गुण को-अपरेटिभ लिमिटेड, पुल्चोक खुला अवस्थामा रहेको देखियो। हाल संस्था राम्रोसँग सञ्चालन भइरहेको जानकारी सहकारी संस्थाका कर्मचारीहरूबाट पाइयो।

ललितपुरको चापागाँउ जाने मूल बाटोको भव्य भवनमा रहेको गोरखा बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा लगाइएको ताला खोली हेर्दा सहकारीका कम्प्युटर लगायतका मेशिनरी र कागजातहरू पूर्णरूपमा यत्रतत्र छरिएको र कार्यालयको लेआउट कुनै बैङ्कभन्दा कम नरहेको पाइयो। भवनको तल्लो तला लगायतका कोठाहरू भाडामा दिइएको र मासिक दुई लाख भन्दा बढी भाडा आउने गरेको जानकारी संस्थाका निलम्बित अध्यक्ष श्री इमानसिंह राईबाट प्राप्त भयो।

त्यसैगरी भक्तपुर कौशलटारमा अवस्थित शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको समेत स्थलगत अनुगमन भयो। उक्त संस्थाका अध्यक्ष हाल कारागारमा रहेका र संस्था पूर्णरूपमा बन्द रहेको पाइयो।

नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कौशलटार, भक्तपुरमा स्थलगत अनुगमन क्रममा संस्थाका अध्यक्ष नुनम सुब्बा हाल कारागारमा रहेका र उनकी श्रीमतीसँग संस्थाबारे सोधपुछ गर्दा १२ बजेदेखि ३ बजेसम्म कारोबारसहित संस्था सञ्चालन हुदैआएको जानकारी प्राप्त भयो। उक्त संस्था नेफ्स्कुनले लिलामी गरी लिएको जानकारी पाइयो।

मिनभवन, काठमाडौंमा अवस्थित कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट - कोअपरेटिभ लिमिटेडका अध्यक्ष सी.वी. लामा हाल कारागारमा रहेका हुँदा संस्था बन्द अवस्थामा रहेको र कार्यालयमा दुईवटा ताला लगाइएको पाइयो। स्थलगत अनुगमनका क्रममा शिशा बाहिरबाट भित्र हेर्दा धुलाम्मे रहेको देखियो।

अनुगमनको अन्तिममा नेपाल वित्तीय सहकारी संस्था लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं रहेको थियो। संस्था रहेको घरका केही कोठाहरू भाडामा लगाइएको र संस्था हाल बन्द अवस्थामा रहेको पाइयो।

१५.३ अनुगमन टोलीको निष्कर्ष

अनुगमन टोलीबाट उल्लिखित ३ वटा नियामक निकाय र १३ वटा सहकारी संस्थाहरूको स्थलगत अनुगमन निरीक्षणमा प्रायजसो सहकारी संस्थाहरू एकैखालको समस्याबाट गुज्रिरहेको पाइयो। एकाध बाहेक सबै सहकारी संस्थाहरू बन्द थिए। केही संस्थाका सञ्चालकहरू थुनामा रहेका, केहीं फरार भएका, सहकारीका भवनहरू बैङ्क र सम्बन्धित संस्थाबाट लिलाम भैसकेका तथ्य जानकारी प्राप्त भयो। उक्त अनुगमनका क्रममा निकालिएको निष्कर्षलाई निम्न बुदागत रूपमा प्रस्तुत गरिएको छ।

- अनुगमन गरिएका कतिपय सहकारी संस्थाका सञ्चालकहरूलाई थुनामा राखिएको पाइयो। स्वयं सञ्चालक थुनामा रहदा सहकारीको हिसाव फरफारक गर्ने, बचतकर्ताको बचत रकम फिर्ता गर्ने, प्रवाह गरिएको ऋण उठाउने लगायतका काम गर्न समस्या रहेकोले निश्चित समयावधि तोकेर

सहकारी संस्थाको प्रकृति हेरी सञ्चालकबाटै सहकारी संस्थामा देखिएको समस्या यथाशिघ्र समाधानको उचित प्रबन्ध मिलाउन आवश्यक देखिन्छ।

- तालाबन्द अवस्थामा रहेका सहकारी संस्था भित्र भण्डारण गरिएका करोडौ मूल्यका सरसामानहरू विग्रिएर खेर जाने अवस्थामा रहेको पाइयो। बचतकर्ताहरूको बचत रकमबाट खरिद गरिएका उक्त सामाग्रीहरू खेर जान नदिन समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट तत्काल बन्द अवस्थामा रहेका ती सामानहरूको विक्री वितरण लगायत उचित व्यवस्था हुनुपर्ने देखिन्छ।

- बढी मुल्यका सहकारी संस्थाका घरजग्गा लगायतका सम्पत्तिलाई बैङ्क र नेफ्सकुन लगायतका संस्थाहरूबाट सस्तो मूल्यमा लिलामी गरी लिदाँ बचतकर्ताको बचत फिर्ता गर्न र सहकारी संस्थाको हिसाव मिलानमा समेत समस्या पर्ने देखिन्छ। तसर्थ विभिन्न बैङ्क, सहकारी विकास बैङ्क र नेफ्सकुनमा सहकारीको नाममा रहेको धितोको उचित मूल्यांकन गरी कम मूल्यमा लिलाम सकार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी छ।

- सहकारी संस्थाहरू सहरकेन्द्रित र धेरै सदस्य बनाइ राम्रै सञ्चालनमा आइरहेको अवस्थामा एकाएक समस्यामा परी बचतकर्ता विचल्ली हुने अवस्थामा पुग्न नदिनका लागि नियामक निकायबाट समय मै नियमन, नियन्त्रण र अनुगमन गरिएको देखिँदैन। कुन सहकारी कहाँ र कुन अवस्थामा छन् समेत यकिनसाथ भन्न नसक्ने नियामकहरू छन्। तसर्थ तीनै तहका नियामकहरूबाट अनिवार्य नियमित नियमन हुन जरुरी छ। तीनै तहका नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य गरी कुनै सहकारीमा समस्या आउनासाथ तत्काल समस्या समाधानमा जुट्नसक्ने विज्ञसहितको डेडिकेटेड टिम गठन गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ। नियामक निकायहरू सजग र क्रियाशिल भई समस्या आउनुपूर्व नै समस्याउन्मुख सहकारी संस्थाको पहिचान गर्नसक्ने गरी सक्षम र जिम्मेवार बन्नुपर्ने देखिन्छ।

- सहकारी शिक्षाको अभावमा सहकारी संस्थाका सञ्चालक एवं शेयरधनी सदस्यहरूमा सचेतनाको कमीका कारण अधिकांश सहरकेन्द्रित बचत तथा ऋण सहकारी संस्थाहरूमा समस्या देखिएको हुँदा सहकारी शिक्षालाई व्यापक र प्रत्येक सदस्यसम्म पुर्याउन जरुरी छ। हाल सहकारी पुन्याउन प्रशिक्षण केन्द्र लगायतका निकायबाट प्रदान गरिदै आएको तालिम पर्याप्त र प्रभावकारी देखिँदैन। अतः वर्षभरी नै प्रशिक्षण केन्दबाट नियमित रूपमा तालिम प्रदान गर्ने व्यवस्था मिलाइ कोही पनि सदस्य सहकारी तालिमबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्ने।

- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यगत ढिलासुस्तीका कारण ती अनुगमन भएका सहकारी लगायत अन्य समस्याग्रस्त सहकारी संस्थाको समस्याको समाधान समय मै नभइ झन् बढी समस्या आइरहने देखिएकोले समितिले शिघ्रातिशिघ्र कार्यसम्पादनमा जुट्नुपर्ने देखिन्छ। यसका लागि समितिलाई पर्याप्त दक्ष जनशक्तिसहित स्रोतसाधनको प्रबन्ध मिलाउनुपर्ने देखिन्छ।

- सरकारी स्तरबाट भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय र सहकारी पीडित बचतकर्ताबीच विभिन्न मितिमा वार्तामार्फत गरिएका सहमतिको सम्बन्धमा पीडित बचतकर्ता एवं तिनका संघ संगठनहरूले समितिलाई जानकारी गराउदै आएको सन्दर्भमा समितिको ध्यानाकर्षण हुँदा कार्यविधिको व्यवस्था बमोजिम स्थलगत अनुगमन सम्पन्न गरिएको हो। पीडित

बचतकर्ताहरूसँग नेपाल सरकारले यसअघि वार्तामार्फत तीनवटा सम्बझौता गरेको छ। सम्झौताको पूर्ण पाठ अनुसूची-२५ मा प्रस्तुत गरिएको छ।

१५.४ स्थलगत अनुगमनमा सहभागी माननीय सदस्य तथा कर्मचारीहरू

(क) माननीय सदस्यहरू

१. माननीय सभापति सूर्य बहादुर थापा क्षेत्री

२. माननीय सदस्य दिलेन्द्र प्रसाद बडू

३. माननीय सदस्य ध्रुव बहादुर प्रधान

४. माननीय सदस्य लेखनाथ दाहाल

५. माननीय सदस्य शिशिर खनाल

६. माननीय, सदस्य सरिता भुसाल

(ख) सचिवालयका कर्मचारीहरू

१. समिति सचिव श्री बविता मिश्र

२. उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क डा. रमेश चौलागाई,

३. प्रहरी नायव उपरीक्षक श्री धनबहादुर बोहरा

४. नायब सुब्बा श्री डिलेश्वरी बिष्ट

५. परामर्शदाता श्री कल्पना गिरी, समिति सचिवालय

६. फोटोग्राफर, संघीय संसद सचिवालय श्री शालिकराम तिवारी

परिच्छेद-१६

सहकारी समस्याको समाधानः विहङ्गम विश्लेषण

सहकारी क्षेत्रको अहिलेको समस्या कुनै एउटा विन्दुमा देखिएको एउटामात्र कारणले नभई विगतदेखि एकीकृत हुँदै आएका धेरै कारणहरूबाट सिर्जित भएको देखिन्छ। शेयर सदस्यहरूको स्वनियमनप्रतिको उदासिनता, सरकारका नियामक निकायको नियमन असफलता, सञ्चालकहरूको मनमौजी निजी उद्देश्यपूर्ति, कानूनी प्रबन्धहरूको कार्यान्वयन भए वा नभएको सन्दर्भमा अनुगमन असफलता आदिजस्ता कारणले सहकारी क्षेत्रमा आजको सङ्कट देखा परेको देखिन्छ। यस परिच्छेदमा समितिलाई प्राप्त कार्यादेशको सीमामा रही नेपालका सहकारी संस्थाहरूमा खास गरी बचत रकम अपचलनसँग सम्बन्धित समस्या आउनुका कारणहरूको विवेचना र विश्लेषण गरिएको छ।

आत्मानुशासन नियमनभन्दा उच्च श्रेणीको सुशासनको सूचक हो। सहकारीजस्तो स्वनियमनमा चल्ने संस्थाहरूमा त झन् आत्मानुशासनको मूल्य अझै बलियो हुन्छ तर जब आत्मानुशासन असफलतातिर अगाडि बढ्छ, तब हरक्षेत्रमा समस्याहरू देखा पर्दछन्। सहकारी क्षेत्रमा वर्तमान समस्या आउनुमा प्रमुख कारक स्वयं सहकारी सञ्चालकहरूमा आत्मानुशासनको पक्ष कमजोर हुनु नै देखिन्छ। त्यसका अतिरिक्त सरकार, नियामक निकाय र जिम्मेवारीविमुख बचतकर्ता सदस्यलगायत समग्र सामाजिक प्रणाली नै यो समग्र प्रक्रियामा भूमिका अनुसार जिम्मेवार देखिन्छन्।

समितिको समग्र अध्ययन, छलफल र अन्तरक्रिया समेतको आधारमा हेर्दा सहकारी क्षेत्रमा देखिएका समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छः-

१६.१ सहकारी कानूनको सीमा र दिशाहिनता

सहकारी संस्थाहरूको दर्ता, नियमन, सुपरिवेक्षण गर्ने सम्बन्धी कार्यकारी आदेश जारी भएसँगै संवत् २०१० सालमा सहकारी विभागको स्थापना भएको पाइन्छ। त्यसको छ वर्षपछि २०१६ सालमा सहकारी संस्था ऐन जारी गरिएपछि सहकारी क्षेत्र कानूनबमोजिम नियमन भएको पाइन्छ। सोही बमोजिम २०१८ सालमा नियमावली जारी भई २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना भएको पाइन्छ। २०२० सालमा स्थापना भएको सहकारी बैङ्कलाई २०२४ सालमा कृषि विकास बैङ्क बनाइएपछि २०२७ सालमा कृषि विकास बैङ्कलाई नै सहकारीको व्यवस्थापन तथा अनुगमनको जिम्मेवारी समेत दिइएको पाइन्छ। पञ्चायतकालमा सहकारी संस्थाहरूलाई साझा कार्यक्रमका रूपमा चलाइएकोमा प्रजातन्त्र पुनर्स्थापनापछि सहकारी ऐन, २०४८ जारी भई विधिवत रूपमा सहकारीहरूको दर्ता, निरीक्षण, सुपरिवेक्षण भएको पाइन्छ। सहकारी आन्दोलनलाई व्यापक बनाउन र यसको प्रवर्द्धनमा यस ऐनको महत्त्वपूर्ण भूमिका छ। यस ऐनले बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूलाई नेपाल राष्ट्र बैङ्कको नियामकीय दायरामा ल्याउने प्रबन्ध गरेको थियो। पछिल्लो सहकारी ऐन, २०७४ ले उक्त प्रबन्धलाई झिकी स्वनियमनको मूल्यमा मात्र सीमित गरेकोमा २०८० चैत ३० मा भएको संशोधनबाट सहकारी विभागको अनुरोधमा मात्र राष्ट्र बैङ्कको न्यून संलग्नता रहन सक्ने गरी प्रबन्ध गरेको पाइन्छ। यसबाट बचत तथा ऋणको कारोबार गर्ने सहकारीको नियमनमा राज्य स्पष्टता र गम्भीरताका साथ निर्देशित हुन नसकेको अवस्था देखिन्छ।

सहकारी ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधिकरण, बचत सुरक्षण कोष जस्ता प्रबन्धलाई सरकारले अहिलेसम्म कार्यान्वनमा ल्याउन सकेको देखिँदैन। त्यस्तै सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीका रूपमा रहने ऋण उपसमिति, लेखा समितिजस्ता संयन्त्रहरू निस्क्रियप्रायः छन्, जसलाई राज्यका नियामकीय निकायबाट कडाइका साथ लागू गरी सुविधाबाट वञ्चित गरिने प्रबन्ध गर्न सकिएन। नियामकीय उदासिनता र निरीहताको अवस्थामा राज्य संयन्त्र रहे। नियामक निकायमा विषयविज्ञ छैनन्, स्वनियमनमा चल्ने संस्था हुन् भनेर मात्र सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन तर यथार्थ अवस्था त्योभन्दा फरक छैन।

सहकारी संस्थाहरू सहकारीताको मूल उद्देश्य र सिद्धान्तबाट विमुख भए। गैरसदस्यबाट ठूलो मात्रामा बचत जम्मा गर्ने, आवधिक बचत राख्ने, गैरसदस्य र अप्राकृतिक व्यक्तिमा कानून विपरीत लागनी गर्ने, जग्गा तथा शेयरमा लगानी गर्ने समेतका कार्य भइरहँदा त्यस्तो सहकारीलाई नियमन गर्न नसक्ने निरीह कानूनको मारमा सहकारी क्षेत्र परेको छ।

वर्तमान संविधान जारी भई संघीय संरचनामा मुलुक प्रवेश गरिसकेको अवस्थामा सहकारी ऐन, २०७४ तर्जुमा गर्दाका बखत विधायिकाले प्रस्तावित नियमनकारी प्रावधान केही हटाइयो, केहीलाई खुकुलो पारिदियो। यसरी एकातिर नियमनको प्रावधान खुकुलो हुनु र अधिकतम पाँच लाख रुपैयाँ जरिवाना गर्ने र समस्याग्रस्त घोषणा गर्ने बाहेक अरु अधिकार नियामकीय संस्थालाई नभएको भन्ने गुणासो रहेको स्थिति पनि छ। त्यसबाट सहकारी क्षेत्रको नियमन दिशाविहीन हुँदै आजको अवस्थामा पुगेको हो। सहकारी संस्थाभित्रको सञ्चालन शैली सदस्यकेन्द्रित र सदस्यनियन्त्रित हो, हुनु पर्दछ तर राज्य नियमन र नियन्त्रणबाट शतप्रतिशत खुला र खुकुलो हुनुले सहकारी क्षेत्रको भविष्यलाई मार्गनिर्देश गर्दैन। भविषय सुरक्षित रहँदैन भन्ने अवस्था स्पष्ट देखिन्छ।

संविधानको अनुसूची ५ देखि ९ सम्म सहकारी संस्था सम्बन्धमा उल्लिखित प्रबन्ध बमोजिम संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा क्षेत्राधिकारमा सहकारी शब्द उल्लेख भएबाट[१६४] नियामकीय क्षेत्राधिकारमा झनै अनिश्चय बढ्यो। कुनै एउटा संघीय एकाइको कानूनमा गरिने प्रबन्ध मात्र पर्याप्त हुने अवस्था रहेन।

त्यसलाई थप व्याख्या गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७३ माघ १८ गते स्वीकृत "नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतीकरण सम्वन्धी प्रतिवेदनअनुसार संघ, प्रदेश र स्थानीय तहबाट देहाय बमोजिम कार्य गर्नु पर्ने गरी तोकिएको छः-[१६५]

१६.१.१. संघको समष्टिगत कार्य विस्तृतीकरणको सूची

---

[१६४] नेपालको संविधानको अनुसूची-५: संघको अधिकारको सूची अन्तर्गत क्रमसंख्या २८ मा "सहकारी नियमन", अनुसूची-६: प्रदेशको अधिकारको सूची अन्तर्गत क्रमसंख्या २ मा "सहकारी संस्था", अनुसूची-७: संघ र प्रदेशको अधिकारको सूची अन्तर्गत क्रमसंख्या ७ मा "सहकारी", अनुसूची-८: स्थानीय तहको अधिकारको सूची अन्तर्गत क्रमसंख्या २ मा "सहकारी संस्था" र अनुसूची-९: संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची अन्तर्गत क्रमसंख्या १ मा "सहकारी" उल्लेख रहेको छ।

[१६५] संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको वाँडफाँट र विस्तृतीकरण (परिच्छेद-४), नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतीकरण सम्वन्धी प्रतिवेदन (https://www.opmcm.gov.np/federalism-admin/ हेरिएको मितिः२०८१ भाद्र २० गते)।

अनुसूचीको क्र.सं.	संविधानको अधिकार सुचीका विषय	अधिकार सूचीका विषयको विस्तृतीकरण	
संघको एकल अधिकारको (अनुसूची-५) विस्तृतीकरण			
२८	... सहकारी नियमन ... (अनुसूची-९ को १ र अनुसूची-७ को ७ समेत)	२८.२	सहकारी नियमन
		२८.२.१	सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन
		२८.२.२	राष्ट्रियस्तरमा स्थापना हुने सहकारी बैङ्कको अनुमति र नियमन
		२८.२.३	सहकारी सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्थासँग समन्वय र सहकार्य
		२८.२.४	सहकारी सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
		२८.२.५	सहकारी सम्बन्धी राष्ट्रिय तथा केन्द्रीय विषयगत संघ, संस्थासँग सम्बन्ध र सहकार्य
		२८.२.६	अन्तरप्रादेशिक सहकारी समन्वय
		२८.२.७	सहकारी सम्बन्धी क्षमता अभिवृद्धि
		२८.२.८	सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन
		२८.२.९	बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन

१६.१.२ प्रदेशको अधिकार तथा कार्य विस्तृतीकरण

प्रदेशको एकल अधिकारको (अनुसूची-६) विस्तृतीकरण			
अनुसूचीको क्र.सं.	संविधानको अधिकार सूचीका विषय	अधिकार सूचीका विषयको विस्तृतीकरण	
२	... सहकारी संस्था, ...	२.४	सहकारी संस्था
		२.४.१	सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		२.४.२	प्रादेशिक सहकारी संस्था, सहकारी संघ, सहकारी बैङ्क सम्बन्धी अनुमति, सञ्चालन र नियमन
		२.४.३	सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड नियमन

		२.४.४	सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक संघ, संस्थासँग समन्वय र सहकार्य
		२.४.५	सहकारी सम्बन्धी प्रादेशिक एवं स्थानीय तहभित्रका संघ, संस्थासँग समन्वय र सहकार्य
		२.४.६	सहकारी सम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
		२.४.७	सहकारी सम्बन्धी क्षमता अभिवृद्धि
		२.४.८	सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन
संविधानको अनुसूची-७ मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण			
७	... सहकारी, ...	७.१	... सहकारी, ... सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
संविधानको अनुसूची-९ मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण			
१	सहकारी	१	अनुसूची ६(२) मा समावेश भएको

१६.१.३ स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण

स्थानीय तहको एकल अधिकारको (अनुसूची-८) विस्तृतीकरण			
अनुसूचीको क्र.सं.	संविधानको अधिकार सूचीका विषय	अधिकार सूचीका विषयको विस्तृतीकरण	
२	सहकारी संस्था	२.१	सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		२.२	स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन
		२.३	सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड नियमन
		२.४	सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ, संस्थासँग समन्वय र सहकार्य
		२.५	सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
		२.६	सहकारी सम्बन्धी क्षमता अभिवृद्धि
		२.७	स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन
		२.८	सहकारी संस्थाको प्रवर्द्धन र विकास
संविधानको अनुसूची-९ मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण			
१	सहकारी	१.१	सहकारी अनुसूची ८(२) मा समावेश भएको

संविधान जारी भएपश्चात् सहकारी नियमनको पक्ष अस्पष्ट रहेकै अवस्थामा कार्यविस्तृतीकरणले नियमन समेतलाई तीनवटै तहमा विभाजन गरी मुलुकभर ७६१ वटा सहकारी कानूनको परिकल्पना गरेपछि सहकारी नियमन अझै कमजोर बन्यो। सहकारी विभागले कार्यक्षेत्रको आधारमा ७६१ वटा शासकीय एकाइमा विभक्त सहकारी संस्थाको दर्ता र नवीकरणसँग सम्बन्धित कागजात हतार-हतार पोका पारी सम्बन्धित निकायमा पठायो। अहिले, सहकारी विभाग भन्छ, "हामीसँग केही छैन। सबै सम्बन्धित नियामक निकायमा पठाएका छौं।" तर सम्बन्धित नियामकको गुणासो छ, "नमूना कानूनका भरमा बल्लतल्ल सहकारी कानूनसम्म बनेको छ। सहकारीका कागजातका पोका खोलिएको छैन।" संविधान जारी भएको ९ वर्ष पूरा भयो, तथा केन्द्रमा सहकारी ऐन आएको र कार्यविस्तृतीकरण पारित भएको सात वर्ष पूरा भयो। तर सहकारीका अभिलेख फेला पार्न नसकिने अवस्था छ, अनुगन, सुपरिवेक्षण र नियमन त धेरै परको कुरा भयो।

संघले नै आफूसँग सहकारीक्षेत्रको खासगरी बचत तथा ऋण हेर्ने दक्ष जनशक्ति छैन भनिरहेकै बेला प्रदेश तथा स्थानीय तहले त्यसलाई कसरी व्यवस्थापन गर्ने हो ? अहं चुनौति छ। अर्कोतर्फ सरकार जसलाई कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र, बचत तथा कर्जा संरक्षण कोष जस्ता संरचना निर्माण गर्नु पर्दछ भन्ने कुरा थाहा नै नभएको वा सात वर्षसम्म केही नगरी बसेको अवस्था छ। यसले सहकारीहरूको निगरानी, नियमन र नियन्त्रणसँगै प्रवर्द्धन र सशक्तीकरणमा समेत समस्या सिर्जना गरेको छ। अहिलेसम्म सरकार आफैंले बनाएका आयोग र कार्यलदलका सुझाव तथा सिफारिसका सम्बन्धमा पाना पल्टाएर तदनुरूप सुधारको चेष्टासम्म गरेको भए सहकारी क्षेत्रमा आजको समस्या आउने थिएन।

कानूनतः बचत तथा ऋण र कृषि सहकारी, उपभोक्ता सहकारी, माहुरी सहकारी, पर्यटन, चिया, कफी, बहुउद्देश्यीय, सञ्चार आदिलाई एउटै स्वरूप र कानूनी ढाँचामा सञ्चालन गर्न खोज्नु अर्को अदूरदर्शिता हो। यसलाई सम्बोधन गर्न नसके सहकारी क्षेत्र कानूनतः र व्यवहारतः दिशाहीन रहिरहने अवस्था छ। प्रचलित सहकारी ऐन, २०७४ ले परिकल्पना गरेका कानूनी र संरचनागत प्रबन्धलाई समयसापेक्ष संशोधन तथा परिमार्जन गर्दै निर्दिष्ट संरचना निर्माण गरी बलियो नियमन र सुपरिवेक्षणको प्रबन्ध गर्ने र संविधानको अनुसूची बमोजिम संघ, प्रदेश र स्थानीय तहबीचको जिम्मेवारीलाई स्पष्ट पार्ने गरी विधायिकी कानूनमा प्रबन्ध गर्ने र आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन समेत गर्नु पर्ने देखिन्छ।

१६.२ अत्यधिक प्रवर्द्धन, स्वनियमनमा समस्या

सहकारी कानूनहरूले सहकारी क्षेत्रलाई संस्थागत विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। सहकारीको मूल्य, मान्यता अनुरूप संस्थागत विकास होस् भन्ने सहकारी ऐन, २०४८ र २०७४ का प्रबन्धहरू देखिन्छन्। नियमावली, २०४९ र २०७५ ले पनि त्यसका कार्यविधिगत प्रबन्धहरू गरेको पाइन्छ। तर सहकारी सञ्चालकहरूले कानूनसम्मत् बाटो बिराउँदा नियमनमा राख्नु पर्ने सहकारी संस्थाका शेयर सदस्यहरूले त नियन्त्रण र सुधार गर्न सकेनन् नै, बाटो देखाइदिनु पर्ने सहकारी नियामक निकायले समेत ध्यान दिन सकेनन्। खुकुलो खालको कानूनी

प्रबन्ध हुनु एवं संविधान, कानून, आवधिक योजना, नीति र कार्यक्रमगा सहकारी क्षेत्रलाई अर्थतन्त्रको खम्बाका रूपमा लिएसँगै जुन रूपमा सहकारी क्षेत्रको प्रवर्द्धन भयो, सोही रूपमा नियमन हुन सकेन। खास गरी २०७४ सालको सहकारी कानून बनाउँदाका बखत सिङ्गो सहकारी अभियान जुन रूपमा सहकारी नियमन होइन स्वनियमनको पक्षमा उभियो, सञ्चालकहरूले निजी स्वार्थ र लाभका लागि सहकारी मूल्य र मान्यतालाई बिर्सिदा समेत सरकार बेखबर रह्यो भन्ने आवाज पनि सशक्त छ। सहकारी अभियानले सहकारी जागरण ल्याउन नसकेका कारण पनि सञ्चालकहरूले निजी लाभका लागि काम गर्ने अवसर पाएको देखिन्छ।

शहकारी विभागले समय-समयमा आफ्नै प्रयासमा र नेपाल राष्ट्र बैङ्कबाट दक्ष जनशक्ति मगाएर पनि स्थलगत निरीक्षण गरी सहकारी सुशासन काम हुन नसकेका विषयमा कैफियत जनाई टिप्पणी गरिएको पाइन्छ तर ती कैफियत बमोजिम सुधार गर्न, गराउनमा न त सहकारी संस्थाहरू लागे, न नियायक सहकारी विभाग नै। आर्थिक वर्ष २०६६/०६७ देखि हालसम्मका त्यस्ता निरीक्षण प्रतिवेदनहरू हेर्दा त्यतिबेलै कतिपय सहकारी संस्थाहरूले सुशासनको मार्ग छाडेको सहज रूपमा आकलन गर्न सकिन्छ तर त्यस बमोजिम सुधार हुन सकेन, गराउन सकिएन। यसमा सहकारी सञ्चालकलाई मात्र दोष दिएर उम्कने अवस्था छैन, नियामक निकायले पनि जवाफ दिनु पर्ने अवस्था छ।

समस्या निकामकमा मात्र छैन। सहकारी संस्थाका सदस्यहरूमा ठूलो समस्या रहेको पाइएको छ। स्वनियमनको सबैभन्दा ठूलो मञ्च मानिने साधारणसभामा संस्था स्वयंले तयार पारी लेखापरीक्षकबाट सही गराई राखिने वित्तीय विवरणसम्म वाचन र वितरण गर्ने गरिएता पनि लेखापरीक्षकले गर्ने टिप्पणीका सम्बन्धमा छलफल नै नगरिने र सदस्यहरूले लेखापरीक्षकको त्यस्तो टिप्पणी माग समेत नगर्ने गरेको सहकारीमा लेखापरीक्षण गर्ने लेखापरीक्षकहरूकै अनुभव छ।[१६६] त्यस अतिरिक्त लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति लगायतले सञ्चालकका काम, कारबाहीले परीक्षण गर्नु पर्नेमा सो हुन सकेको पाइँदैन। खासगरी ग्रामीण क्षेत्रका सहकारीहरू बाहेकमा त्यस्ता समितिहरू सञ्चालकको छायाँमा पर्ने गरेको गुणासो छ।

त्यसो त, व्यावसायिक मानिने विषयविज्ञहरूमा पनि समस्या नरहेको होइन। लेखापरीक्षकहरूले सञ्चालकले चाहेजस्तो वित्तीय विवरण तयार पारिदिने गरेको भन्ने पनि छ। आज सहकारीका सञ्चालकसँगै मुद्दा खेप्ने लेखापरीक्षकहरूको संख्या पनि ठूलै छ। कतिपय अवस्थामा त लेखापरीक्षकको हस्ताक्षर कीर्ते गरी नक्कली छाप र प्याड बनाई आफैं लेखापरीक्षण प्रतिवेदन तयार गर्ने गरेको समेत पाइएको छ। सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. ले यस समितिलाई उपलब्ध गराएको लेखापरीक्षण प्रतिवेदन अनुसार सम्बन्धित लेखापरीक्षकसँग सम्पर्क गर्दा उक्त विवरण आफूले तयार नगरेको र त्यसमा प्रयोग भएको छाप, दस्तखत र कागजात (लेटरहेड) समेत आफ्नो नभएको भनी चार्टर्ड एकाउन्टेन्ट अस्मित आचार्यले यस समितिमा निवेदन नै दिएको स्थिति छ।

---

[१६६] समितिको मिति २०८१ साउन १३ गतेको बैठकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीसहित चार्टर्ड एकाउन्टेन्ट्स र रजिष्टर्ड अडिटरहरूका पेशागत सङ्गठनका प्रतिनिधि र केही सहकारी लेखापरीक्षकहरूसँग भएको छलफलमा लेखापरीक्षकहरूबाट यस्तो धारणा व्यक्त भएको हो।

खुला र उदार लोकतान्त्रिक व्यवस्था अनुरूप सहकारीहरूलाई व्यापक समर्थन दिएकाले सहकारीहरूको दर्ता अभियान तीव्र भयो। संवत् २०८० सालसम्म ३१ हजारभन्दा बढी सहकारी संस्थाहरू दर्ता भएका छन्। तर आवश्यकताको मूल्याङ्कन र औचित्यतामा ध्यान नदिएका कारण गुणस्तरभन्दा संख्यामा मात्र वृद्धि हुन पुग्यो। साधारण सभा, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति क्रियाशील भएनन्, भए त केबल एक/दुई जना सञ्चालक र व्यवस्थापकमा मात्रै क्रियाकलाप सीमित रहेको अवस्था पनि छ।

तथ्याङ्कअनुसार, २०८० सालसम्म सहकारी क्षेत्रमा करिब ४ खर्ब ७८ अर्ब भन्दा बढीको बचत कारोबार भएको छ, जसमा वित्तीय पारदर्शिता कायम गर्न र स्वनियमनको सिद्धान्तलाई प्रभावकारी बनाउन गुणस्तरीय शिक्षा, तालिम र अनुगमन आवश्यक देखिन्छ। यो स्थिति मूलतः स्वनियमनको अभाव र अत्यधिक प्रवर्द्धनको प्रतिफलका रूपमा देखा परेको हो। जसरी सहकारी क्षेत्रको संख्यात्मक वृद्धि भएको छ, त्यसरी नै गुणात्मकता प्रदान गर्न गुणस्तरीय शिक्षा, तालिम र अनुगमनको सुदृढ व्यवस्थापन गर्नु आवश्यक छ।

१६.३ कमजोर नियामक, फितलो नियमन

सहकारी ऐन, २०४८ ले सहकारी संस्थाले आफ्ना सदस्यहरूभित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैङ्कको पूर्वस्वीकृति लिनु पर्ने प्रबन्ध गरी त्यस्तो कारोबार गर्ने संस्थाले बैङ्कले दिने आदेशको पालना गर्नु पर्ने प्रबन्ध समेत गरेको थियो।[१६७] सो प्रबन्ध अन्तर्गत ३४ वटा सहकारी संस्थाले पूर्वस्वीकृति लिएका समेत राष्ट्र बैङ्कको अभिलेखबाट देखिन्छ। तर नियमित अनुगमनका क्रममा मापदण्ड पूरा नगर्ने संस्थाको स्वीकृति खारेज गर्ने गरेका कारण उक्त संख्या बढ्न नसकेको देखिन्छ।

सहकारी ऐन, २०७४ निर्माणका क्रममा स्वनियमनको मूल्यलाई प्रवर्द्धन गर्ने भनी राष्ट्र बैङ्कबाट पूर्वस्वीकृति लिनु पर्ने प्रबन्ध झिकेपछि सहकारी क्षेत्र नियमनबाहिर जस्तै रह्यो। सहकारी विभाग र सीमित डिभिजन सहकारी कार्यालयबाट नियमन हुँदै आएकोमा २०७२ साल असोज ३ मा संविधान जारी भएसँगै सहकारी क्षेत्रमा पुनः अन्यौलता छायो। झन्डै ६५ जिल्लामा पुगेको जिल्ला सहकारी, पाँच वटा क्षेत्रीय प्रशिक्षण केन्द्र खुम्चिएर हाल ३० जना जनशक्तिमा सीमित भएको छ जुन नियमनका लागि पर्याप्त छैन।

संविधानका अनुसूचीहरूको कार्यविस्तृतीकरणले तिनवटै संघीय एकाइमा नियामकीय संयन्त्र, नियमन कानून रहने गरी प्रबन्ध गरियो। विगतदेखि नै सहकारी क्षेत्र हेर्ने विषयगत दक्ष जनशक्तिको अभाव भएको सहकारी विभागलाई धेरै सहकारी संस्थाहरूको भारी प्रदेश र स्थानीय तहमा सार्दा केही हल्का भयो होला, तर सहकारी क्षेत्रको नियमन झनै कमजोर भयो। न विगतमा सहकारी विभागले गर्न सकेको थियो, न त प्रदेश र स्थानीय तहमा रहेका नियमन संयन्त्रले प्रभावकारी अनुगमन र नियमन गर्न सके। सहकारी विभागमा रहेको दक्ष जनशक्ति अभावको स्थिति तल्ला संघीय एकाइहरूमा पनि रहिरह्यो।

---

[१६७] दफा २६, सहकारी ऐन, २०७४।

नियमन फितलो हुनुको अर्को कारण हो, ठूलो पुँजी र उच्च राजनीतिक पहुँच भएका सहकारी सञ्चालक। विषयगतसँग राजनीतिक सम्बन्ध जोड्न सक्ने ठूला पुँजीवाल सञ्चालकहरूले सहकारी विभागमा कर्मचारी तहबाट नियमनमा रहन अप्ठ्यारो मान्न र "माथि"बाटै आदेश दिन लगाउन थाले। परिणाम, सहकारी विभागमा हुने सरुवालाई "पेलिएको" रूपमा बुझ्ने प्रवृत्ति मौलाउदै गयो र सहकारी नियमन झनै फितलो हुँदै गयो। केही संस्थाका सञ्चालक तथा कर्मचारीले नियामकको फितलोपन र स्वनियमनको फाइदा उठाउदै आर्थिक अनियमितता तथा व्यक्तिगत लाभका लागि निक्षेप दुरूपयोग गर्न थाले।

कमजोर नियमन हुनुको अर्को एउटा महत्त्वपूर्ण कारण हो, सहकारी विषय हेर्ने मन्त्रालय। जानकारहरूका अनुसार सहकारी हेर्ने मन्त्रालयको ९५ प्रतिशत ध्यान अन्य विषयमै रहन्छ। संविधानले परिकल्पना गरेको आर्थिक समृद्धिको एउटा खम्बाका लागि एउटा मन्त्रालयको पाँच प्रतिशतको प्रयास पूर्णतः अपर्याप्त छ, हुन्छ। यसले सही नीतिगत मार्गदर्शन प्राप्त गर्न सकेन। खासमा भन्ने हो भने, सहकारीक्षेत्रले वास्तविक अभिभावक (Real Custodian) नै प्राप्त गर्न सकेन। अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्क पन्छिरहने र सहकारी मन्त्रालयको पाँच प्रतिशत मात्र लगानी हुने अवस्थाले सहकारी क्षेत्रको नियमन असाध्यै फितलो बन्दै गयो। दक्ष जनशक्तिको अभाव, प्रभावकारी सूचना प्रणालीको अभाव, चुस्त सङ्गठन प्रणाली नहुनु, स्रोत साधनको कमी आदिको कारणले तीन वटै संघीय एकाइमा नियमन कमजोर र नियामक निरीह बनेका छन्। आवश्यक संख्यामा नियामक संरचना, स्रोतसाधन र दक्ष जनशक्तिको व्यवस्थापन गरी सहकारीको प्रभावकारी सञ्चालनमा जोड दिनुपर्ने देखिन्छ। सहकारी डिभिजन कार्यालयहरूको खारेजी र हस्तान्तरणपछि अधिकांश स्थानीय तहहरूमा आवश्यक संरचना र जनशक्ति विकास गर्नु पर्ने संघ, प्रदेश, र स्थानीय तहबीच प्रभावकारी र नियमित समन्वय, गर्नु आवश्यक छ।

नियामक बमजोर हुनुकै परिणाम सहकारी सञ्चालकहरूले उन्मुक्ति पाएका उदाहरण समेत छन्। सहकारी ठगीमा आरोपित गितेन्द्रबाबु राईलाई २०८० असार २० मा यात्रा रोक्का राखिएकोमा आठ दिनपछि सहकारी विभागबाट फुकुवा गरिउको पाइन्छ। उक्त कार्य राजनीतिक प्रभावमा भएको बताइन्छ। गितेन्द्रबाबु राईकझ यात्रा अनुमति रोक्का र फुकुवासँग सम्बन्धित समितिमा प्राप्त कागजातहरू अनुसूची-१८ मा प्रस्तुत गरिएको छ।

१६.४ कमजोर अनुगमन र सुपरिवेक्षण

काम कारबाहीलाई प्रभावकारी बनाउन निरन्तर सुधार आवश्यक हुन्छ। नियमित अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण सुधारका लागि महत्त्वपूर्ण औजार हुन्। त्यसैले सहकारी क्षेत्रमा रहेका गलत अभ्यासलाई निरुत्साहित गरी सुधार गर्न र सहकारी सञ्चालकहरूको गलत नियत रहेकोमा समयमै नियन्त्रण गरी सही अवस्थामा ल्याउनका लागि अनुमगन, निरीक्षण र सुपरिवेक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ। तर अनुगमन सुपरिवेक्षकीय भूमिका र जिम्मेवारी रहेको सहकारी विभागसँग पहिलो कुरा त सुपरिवेक्षकीय सामर्थ्यको नै अभाव देखिन्छ। दोस्रो कुरा, अनुगमन र निरीक्षणबाट पत्ता लागेका कैफियतहरू प्रतिवेदनमा उल्लेख गर्ने बाहेक थप कारवाही गर्न सकेको अवस्था देखिँदैन। पछिल्लो समय प्रदेश र स्थानीय तहका नियामक निकायमा पनि त्यस्तै समस्या रहेका छन्।

वास्तवमा, सहकारी मन्त्रालय, सहकारी विभाग र सहकारी नियमन गर्ने स्थानीय तहले बचत तथा ऋण सहकारी संस्थाहरूको बारेमा आर्थिक स्थायित्व, वित्तीय जोखिम, पारदर्शिता तथा वित्तीय उत्तरदायित्व जस्ता पक्षलाई समयमै ध्यान नदिई स्वनियमनको सिद्धान्त र महासंघ तथा जिल्ला संघहरू समेतको भर परेजस्तो गरी आवधिक रूपमा अनुगमन तथा सुपरिवेक्षण नगर्ने, संस्था दर्ता मात्र गरिदिए पुग्ने व्यवहार गरेका कारण पनि आजको समस्या आएको हो। सहकारी विभागले हाल कूल सहकारी संस्थाको ०.४१ प्रतिशत सहकारी संस्था र ५० करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी र सम्पत्ति शुद्धीकरणको हिसाबले जोखिम देखिएका १० करोडभन्दामाथि वार्षिक कारोबार गर्ने सहकारीहरूको स्रोतको उपलब्धताका वार्षिक १३० देखि १५० वटासम्मको अनुगमन र सुपरीवेक्षण गर्दै आएको छ। तर, ९९ प्रतिशत भन्दाबढी सहकारी संस्थाहरू अनुगमन र सुपरिवेक्षणबाहिर छन्। सहकारी विभागले नेपाल राष्ट्र बैङ्कबाट दक्ष जनशक्ति समेत माग गरी आर्थिक वर्ष २०६६/०६७ यता स्थलगत निरीक्षण गरेका सहकारी संस्थाका प्रतिवेदन हेर्दा जुन-जुन संस्थाको बारेमा सहकारी सुशासनसँग जोडेर कैफियत जनाइएका थिए, आज तिनै संस्थाहरू समस्यामा परेका देखिन्छन्। अतः नियमित अनुगमन तथा सुपरिवेक्षण हुन नसक्नु र निरीक्षण, अनुगमनबाट औल्याइएका कैफियतमा सुधार गर्न नसकेका कारण आजको सहकारी सङ्कट प्रकट भएको हो भन्न सकिने अवस्था छ। विषयगत दक्ष कर्मचारीहरू जस्तै, वित्तीय प्रशासन, सूचना प्रविधि, बैङ्क तथा वित्तीय परिचालन जस्ता विषयका दक्ष र विषयविज्ञ कर्मचारीहरूको सहयोग लिई अनुगमन, निरीक्षण र सुपरिवेक्षण मार्फत आवश्यकताअनुसार उचित नियमन अनिवार्य भइसकेको छ।

नियमन, अनुगमन र सुपरिवेक्षण गर्न सक्ने एक स्वायत्त प्रकृतिको नियामकको स्थापना गरी बचत तथा ऋण सहकारीहरूको संख्यात्मकभन्दा पनि गुणात्मक विकास, नयाँ संस्था दर्तामा कडाई, समस्याग्रस्त संस्थाहरूलाई लिक्विडेसनमा लैजाने, कमजोर र सदस्यहरूको प्रकृति तथा लगानी हेरी एकीकरण (एकीकरण) तथा व्यवस्थापन हस्तान्तरण (एक्युजेसन) मा लैजाने र दण्ड, जरिवाना र पुरस्कारको व्यवस्था गरी विषयगत विज्ञहरूको सल्लाह तथा सहयोगमा यो क्षेत्रलाई सुधार गर्न सकिन्छ। सहकारी क्षेत्रको प्रभावकारी अनुगमन र सुपरीवेक्षणका लागि संघ, प्रदेश, र स्थानीय तहमा आवश्यक स्रोत साधन र दक्ष जनशक्तिको वृद्धि गर्नु आवश्यक छ। संघको नियामक निकायमा विषयविज्ञ सहितको टिम अनिवार्य छ। आधुनिक सूचना प्रविधि र डिजिटल प्रणालीको प्रयोगबाट अनुगमन प्रक्रियालाई प्रभावकारी र सहज समेत बनाउनु आवश्यक छ।

१६.५ कानून कार्यान्वयनमा उदासिनता

संघमा सहकारी ऐन २०७४, नियमावली, २०७५ भएता पनि तदनुकूलको कानूनी प्रबन्ध प्रदेश तथा स्थानीय तहमा नभएको अवस्था छ। सहकारी ऐन, २०७४ मा व्यवस्था भएका संरचनाहरू जस्तैः कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण र बचत तथा कर्जा संरक्षण कोष अझै स्थापना हुन सकेका छैनन्। यी संरचनाहरू सहकारी क्षेत्रको वित्तीय सुरक्षा, पारदर्शिता र सुशासनका लागि अत्यन्तै महत्त्वपूर्ण छन्। सहकारी क्षेत्रलाई कानूनी रूपमा सुशासित र व्यवस्थित बनाउनका लागि विभिन्न मापदण्ड र निर्देशनहरूको पालना गर्नुपर्ने व्यवस्था गरेको छ। तर, सहकारी अभियान अन्तर्गत सहकारी महासंघ, केन्दीय संघ आफैले पनि मातहतका सस्थाको

कानूनमा भएको दोहोरो सदस्यताको अन्त्य गर्नु पर्ने, मापदण्ड पालना सुनिश्चितता गर्ने र नियमनकारी निकायहरूको निर्देशनलाई पालना गर्ने कार्यमा सहकारी अभियानले बेवास्ता नै गर्ने गरेको छ। बरू राजनीतिक पहुँचका भरमा सिङ्गो सहकारी क्षेत्रलाई स्वनियमनका नाममा अझै बेथितितर्फ धकेल्ने कुरामा सिङ्गो सहकारी अभियान लागेको जस्ता केही दृष्टान्तहरू देखिन्छन्। सहकारी मूल्य-मान्यताको प्रवर्द्धन, सदस्यकेन्द्रित कारोबार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने, नियमित साधारणसभा गर्ने, सहकारी सुशासन प्रवर्द्धनको भूमिका खेल्दै संघ, प्रदेश र स्थानीय तह एवं नेपाल राष्ट्र बैङ्क, सहकारी अभियान, सम्बन्धित सहकारी संस्था एवं सदस्यको सामुहिक र सामन्जस्यतापूर्ण काम कारबाहीको माध्यमबाट अगाडि बढ्न सकेको देखिँदैन।

मौजुदा सहकारी ऐन २०७४ कार्तिक १ मा जारी भएको देखिन्छ। उक्त ऐन जारी भइसकेपछिको अवस्थामा उक्त ऐन जारी हुनुपूर्व दायर भएको एउटा सार्वजनिक सरोकारको विवाद सम्बन्धी रीटमा सर्वोच्च अदालतबाट *बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूले सरकारी ऐन, २०४८ तथा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट इजाजत लिने तथा नेपाल राष्ट्र बैङ्कबाट नियमित रूपमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने गर्नु वाञ्छनीय देखिँदा नेपाल सरकारका सम्बद्ध निकाय, नेपाल राष्ट्र बैङ्क तथा सहकारी संस्थाको नियमन गर्ने निकायहरू समेतका बीच आवश्यक समन्वय कायम गरी सहकारी संस्थाहरूबाट सञ्चालन गरिने बैङ्किङ्ग प्रकृतिका कारोबारको नियमन र व्यवस्थापन गरी स्वस्थ र उत्तरदायित्वपूर्ण बैङ्किङ्ग कारोबारको व्यवस्था मिलाउन बैङ्किङ्ग प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैङ्कबाट पूवस्वीकृति लिनु पर्ने तथा कारोबारको जानकारी लिने, अनुगमन गर्ने, तथ्याङ्क राख्ने समेतका कार्य गर्नु, गराउनु* भनी परमादेश जारी भएको देखिन्छ।[१६८] सहकारी ऐन, २०४८ लाई प्रतिस्थापन गरी सहकारी ऐन, २०७४ जारी भइसकेको सन्दर्भमा अदालतबाट जुन आदेश भएको छ, असाध्यै सान्दर्भिक र महत्त्वपूर्ण देखिन्छ। २०४८ को ऐन बहाल रहेको अवस्थामा दायर भएको रीटमा भएको आदेश भएता पनि नयाँ सहकारी ऐन लागू भएको तीन महिना १५ दिन बितिसक्दा अदालतले उक्त कानूनको विद्यमानतालाई नबुझी आदेश भएको थियो भनी अनुमान गर्न सकिँदैन। अदालतले उक्त रीटमा निवेदकले खुलाए जस्तो ... *सर्वसाधारणलाई विगतमा परेको, हाल परिरहेको र भविष्यमा पर्न सक्ने क्षतिसँग सम्बन्धित* ... रही उक्त आदेश भएको देखिन्छ। उक्त रीटमा अदालतले एक कदम अगाडि बढी *बैङ्किङ्ग प्रकृतिको कारोबार निश्चित मापदण्डभित्र रही सञ्चालन गर्नु पर्ने देखिँदा यसका लागि निश्चित नीतिगत स्पष्टता कायम गरी तथा निश्चित मापदण्ड तयार गरी काम कारबाही सञ्चालन गर्नु/गराउनू* भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश समेत जारी गरेको छ। यसको अर्थ बचत तथा ऋण सहकारीहरूको आजको बेथितिलाई निवेदक र अदालतले पूर्वानुमान (Foresee) गरेका थिए वा अदालतबाट २०४८ को ऐनको तुलनामा २०७४ को ऐनबाट झिकिएको नियमनको पाटोमा दृष्टि पुऱ्याइएको थियो भन्न सकिन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल राष्ट्र बैङ्क विपक्षी रहेको रीटमा आदेशको कार्यान्वयन गर्ने वा निर्देशनात्मक आदेश बमोजिम मापदण्ड तयार गरी लागू गर्ने गराउनेतर्फ विपक्षीहरूबाट कुनै पहल भएको देखिँदैन। संविधानतः मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको

[१६८] धर्मप्रसाद पौडल समेत विरुद्ध नेपाल राष्ट्र बैङ्क समेत, मुद्दाः परमादेश समेत, मुद्दा नं.: ०७२-CO-०८३९, फैसला मितिः २०७४।१०।१५।

सहकारी विभाग र नेपाल राष्ट्र बैङ्क विपक्षी रहेको रीटमा आदेशको कार्यान्वयन गर्ने वा निर्देशनात्मक आदेश बमोजिम मापदण्ड तयार गरी लागू गर्ने गराउनेतर्फ विपक्षीहरूबाट कुनै पहल भएको देखिँदैन। संविधानतः मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वियन भए वा नभएको अनुगमन गर्ने वा गराउने जिम्मेवारी पाएको महान्यायाधिवक्ताबाट पनि यस सम्बन्धमा कुनै अनुगमन भई प्रतिवेदन दिएको अवस्था छैन। कानूनमा भएको व्यवस्था लागू नगर्ने र अदालतको आदेशको समेत पालना नगर्ने गर्दा पनि सहकारी क्षेत्रमा आजको सङ्कट देखापरेको हो। त्यसैले सहकारी क्षेत्रको प्रभावकारी नियमन र व्यवस्थापनका लागि कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण र बचत तथा कर्जा संरक्षण कोष जस्ता संरचनाहरूको स्थापना छिटोभन्दा छिटो गर्नु पर्दछ। सहकारी महासंघ र केन्द्रीय संघले कानूनी व्यवस्थाको परिपालनामा तदारुकता देखाउनु पर्दछ।

१६.६ स्वविवेकीय अधिकारको अनियन्त्रित प्रयोग

सहकारी संस्थाहरू विशेषत बचत तथा ऋण सहकारी संस्थाहरू सजिलै र थोरै पुँजीमा दर्ता र सञ्चालन गर्न सकिने वित्तीय संस्था भएका कारण यो सहरदेखि दुर्गम गाउँसम्मको रोजाइ बन्यो। सहकारी ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयनपछि सहकारी संस्थाहरूका लागि तदनुकूलका कार्यविधि र निर्देशिकाहरूको आधारमा कार्य गर्नु पर्ने भएता पनि सो निर्माण नगर्दै निर्णयकर्ताहरूको स्वेच्छाचारी निर्णयले सहकारी संस्थाको शाखा र सेवा केन्द्र बिस्तारमा अनियन्त्रित वृद्धि भएको छ। सहकारी विभागबाट पनि परिणामको कुनै बिचारै नगरी सहकारी संस्थाका सेवा केन्द्र बिस्तार गर्ने स्वीकृति प्रदान भएका देखिन्छन्। बागमती प्रदेशमा मात्र एकै महिनामा ३१५ वटा सहकारी संस्थाहरू सम्बन्धित स्थानीय तहको स्वीकृतिबिना दर्ता भएका छन्। यस्तो अनियमित र अनियन्त्रित दर्ता प्रक्रियाले सहकारी क्षेत्रको विश्वसनीयता र आर्थिक स्थायित्वमा गम्भीर असर पारेको छ। परिणामस्वरूप २६ वर्षमा करिब १४,५०० को संख्यामा सहकारी संस्थाहरू थपिए।

हाल समस्याग्रस्त घोषणा भएका अधिकांश सहकारी संस्थाहरूको सेवाकेन्द्र बिस्तारको निर्णयमा पनि सहकारी विभागका रजिस्ट्रारको स्वविवेकीय अधिकारको अनियन्त्रित प्रयोग देखिएको पाइन्छ। राजिष्ट्रारको एकल निर्णयका आधारमा एकै दिन सहकारीको ३५ जिल्लामा सेवाकेन्द्र बिस्तार गरिएका छन्। तिनै रजिष्ट्रारको निर्णयबाट दर्जनभन्दा बढी सहकारीका नेपालभर सेवाकेन्द्र बिस्तार भएको पाइन्छ। यसप्रकारको अनियन्त्रित सेवा बिस्तारले सहकारीहरूलाई आर्थिक सङ्कटमा धकेलेको छ।

सहकारी संस्थाहरूको एकीकरण तथा एकीकरणको स्वीकृति प्रक्रियामा पनि स्वविवेकीय अधिकारको दुरुपयोग भएको देखिन्छ। सहकारी मूल्य-मान्यता र सिद्धान्तअनुसार एकीकरण नभई सहकारीका सदस्यहरूको स्वीकृति र सहमतिबिना सीमित सञ्चालकका सिफारिसको भरमा स्वेच्छाचारी निर्णय भएका छन्। उदाहरणका लागि पछिल्लो पटक हब र प्रभु को-अपरेटिभबीच एकीकरण भई बनेको प्रभु को-अपरेटिभ र आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी सस्थामा गाभिएका पाँचवटै सहकारीका सदस्यहरूको स्वतन्त्र सहमति नभएको पीडितहरूले समिति समक्ष

धाराणा व्यक्त गरेका छन् भने एकीकरण गर्नुपूर्व बागमती प्रदेश रजिस्ट्रारको सहमति लिएको समेत पाइँदैन।

सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, सहकारी संस्थाहरूका लागि आवश्यक कार्यविधि र निर्देशिकाहरू छिटोभन्दा छिटो निर्माण गर्नु पर्दछ। बचत तथा ऋण सहकारीहरूको दर्ता र सेवा बिस्तारमा अनियन्त्रित वृद्धि रोक्न संघ, प्रदेश र स्थानीय तहले कुनै निश्चित अवधिसम्म दर्ता र सेवाकेन्द्र बिस्तार प्रक्रियालाई स्थगन गर्नु जरुरी छ। रजिस्ट्रारको स्वविवेकीय अधिकारलाई उत्तरदायी र जवाफदेही बनाई सहकारीहरूको सेवा बिस्तार र एकीकरण प्रक्रियामा पारदर्शिता र सदस्यहरूको सहमतिलाई अनिवार्य बनाउनु आवश्यक छ।

१६.७ सहकारी अभियानः सीमारहित नियामक र प्रवर्द्धक

सहकारीका सम्बन्धमा आम जनमानसमा जागरण पैदा गरी सहकारीलाई एकीकृत पुँजी निर्माण मार्फत उद्यमशीलता प्रवर्द्धनमा योगदान दिन सहकारी नियमनलाई थप व्यवस्थित र वस्तुपरक बनाउन आवश्यक समन्वय समेत गर्ने उद्देश्यले सङ्गठित सहकारी सञ्चालक तथा सहकारी सदस्यहरूको साझा मञ्चका रूपमा सहकारी अभियानलाई हेर्ने गरिन्छ। सहकारी प्रवर्द्धनको एउटा कालखण्डमा साँच्चिकै नतिजामूलक कार्य गरी सामाजिक योगदान दिएका सहकारी अभियान पछिल्लो समय स्वार्थकेन्द्रित बन्दै आफूलाई राज्य सरह रूपमा प्रस्तुत गर्न थालेका कारण पनि सहकारी क्षेत्रमा समस्या देखिएको हो।

छाता संस्थाका रूपमा रहेको राष्ट्रिय सहकारी महासंघले राष्ट्रियस्तरमा सहकारी आन्दोलनको प्रवर्द्धन र नियमन दुवैमा निर्णायक भूमिका खेल्छ। देशभरका सहकारीको लागि नीति निर्माण र दिशानिर्देशका लागि जिम्मेवार पैरवी गर्न सक्दछ। यसको प्रवर्द्धनात्मक भूमिकामा सदस्यता बिस्तार, वकालत, क्षमता निर्माण र सहकारी सिद्धान्त र मूल्यहरू पालना एवं प्रवर्द्धन लगायत पर्दछन्। सहकारी मूल्य मान्यतामा नचल्ने सहकारीलाई सही मार्गनिर्देश गर्न सहकारी अभियान नियामकसँगै रहनु पर्ने हुन्छ। तर यसैमा मूल समस्या छ।

सहकारी ऐन, २०७४ ले संघले आफ्ना सदस्य रहेका संस्थाहरूको अनुगमन गरी सम्बन्धित नियामकलाई प्रतिवेदन बुझाउने प्रबन्ध गरेको छ।[१६९] यस प्रबन्ध बमोजिम महासंघ, विषयगत केन्द्रीय संघहरू नियामकीय निकाय पनि देखिन्छन्। तर आज सहकारी सुशासन अभिवृद्धि र समग्र सहकारी क्षेत्रको दिगोपनलाई बढावा दिने कार्यमा संघहरूको योगदान के छ? मूल्याङ्कन गर्नु पर्ने बेला आएको छ। हित समूहलाई हित समूह नै रहन दिनु उपयुक्त हुन्छ। हित समूहलाई समानान्तर नियामक बनाइदिने तर स्वनिमयनको मूल्यलाई क्रियाशील बनाउने सहकारी क्षेत्रको प्रमुख समस्या हो। यसको मुख्य दोष सिङ्गो सहकारी अभियानले लिन सक्नु पर्ने अवस्था छ।

सङ्घीयतासँगै सहकारी आन्दोलनमा प्रादेशिक सङ्घले महत्त्व पाएका छन्। यी संघहरू आ-आफ्नो प्रदेशभित्र सहकारीको प्रवर्द्धनका लागि जिम्मेवार छन्। तिनीहरूले प्रदेशस्तरका विशिष्ट आवश्यकता र सन्दर्भहरूमा जोड दिँदै नियमनका अतिरिक्त सुशासन प्रवर्द्धनमा योगदान दिन नसके सहकारी क्षेत्रको भविष्य अझै अन्योलपूर्ण देखिन्छ। जिल्लास्तरीय संघहरू सहकारी

[१६९] दफा ९९, सहकारी ऐन, २०७४।

आन्दोलनका तल्लो तहका अभियन्ता हुन्। उनीहरूको प्राथमिक भूमिका आफ्नो जिल्लाभित्र सहकारीको स्थापना र वृद्धि गर्नु मात्र होइन, हरेक संस्थामा सहकारी सुशासन प्रवर्द्धन गर्न, गराउन भूमिका खेल्नु पनि हो।

नेपालको सहकारी आन्दोलनलाई प्रवर्द्धन र नियमनबीच सन्तुलन आवश्यक छ। सहकारीहरूको वृद्धि र दिगोपनका लागि प्रवर्द्धन आवश्यक भएता पनि उनीहरूले पारदर्शी, नैतिक रूपमा र आफ्ना सदस्यहरूको सर्वोत्कृष्ट हितमा सञ्चालन गर्ने सुनिश्चितताबाट मात्रै प्रभावकारी नियमन सम्भव छ। हित समूहलाई सर्तविहीन प्रबर्द्धक बनाएर सहकारी क्षेत्रको सुधार कल्पना गर्न सकिने देखिँदैन।

हाल राज्यका नियामकसँगै सिङ्गो सहकारी अभियानले सहकारी सदस्यका यी प्रश्नको जवाफ दिन तयार हुनु पर्ने अवस्था छः

- सहकारीको सञ्चालन सहकारी मूल्यभित्र रही गर्ने,
- सदस्यहरूसँग मात्र बचत र ऋणको कारोबार गर्ने,
- ऋणीहरूबाट ऋण असुल उपर गर्ने,
- सञ्चालक र कर्मचारीलाई अनुशासनमा राख्ने,
- बचतकर्ताको बचत फिर्ताको सुनिश्चितता प्रदान गर्ने।

नेपालको सहकारी आन्दोलनलाई सुदृढ र दिगो बनाउन प्रवर्द्धन र नियमनबीच सन्तुलन आवश्यक छ। केन्द्रीय संघ, विषयगत केन्द्रीय संघ, प्रादेशिक संघ र जिल्लास्तरीय संघहरूले एक अर्कासँग समन्वय गर्दै, पारदर्शिता, नैतिकता र सदस्यहरूको सर्वोत्कृष्ट हितमा केन्द्रित भएर काम गर्नुपर्दछ। राजनीतिक प्रभाव र भागबण्डा रहेसम्म त्यस्ता सङ्गठन सहकारी सदस्यप्रति जवाफदेही हुन सक्दैनन्।

१६.८ नियमनमा रहेका कानूनी समस्या

सहकारी कानूनहरूबाट सहकारी नियामकका रूपमा सहकारी विभाग र यसका रजिष्ट्रारलाई तोकिएको छ। सहकारी नियमनको अधिकारका सन्दर्भमा धेरै स्थानमा रजिष्ट्रार वा निजले तोकेको अधिकृत भन्ने प्रबन्ध देखिन्छ। यद्यपि रजिष्ट्रार नेपाल प्रशासन सेवा अन्तर्गत सामान्य प्रशासन समूहको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत रहनु र छोटो समयमै त्यस्ता अधिकृतको सरुवा भइरहने हुँदा नियमनको संस्थागत स्मरण नहुने अवस्था छ। यसले दुइखालको परिणाम दिन्छ। पहिलो, संस्थाले अविच्छिन्न उत्तराधिकार ग्रहण गर्ने भएता पनि काम गर्न मन नगर्ने अधिकृतलाई "अध्ययन गर्दैछु" मै समय लगाउने र काम सुरू गर्नु अगाडि नै सरुवा हुने अवसर प्रदान गर्दछ। दोस्रो, संस्थागत स्मरणको अभावमा कुन सहकारी संस्थाको विगत के थियो? भन्ने सम्बन्धमा जानकारी अभाव हुँदा नियमन अप्रभावी हुन जान्छ।

सहकारी ऐन, २०७४ ले सहकारी विभागका रजिष्ट्रार वा निजले तोकेको अधिकृत वा नेपाल राष्ट्र बैङ्कलाई जुनसुकै बखत निरीक्षण वा हिसाब किताब जाँच गर्ने अधिकार दिन्छ।[१७०] तर सहकारी

[१७०] दफा ९५, सहकारी ऐन, २०७४।

विभागको स्रोत, क्षमता जनशक्ति समेतले अक्षमता देखाउँछ भने नेपाल राष्ट्र बैङ्कले सहकारी क्षेत्रलाई आफूले नियमन गर्नुपर्ने निकायका रूपमा गणनासम्म नगरेको समितिको बैठकमा आएका बैङ्कका उच्च अधिकारीहरूले खुलाएको अवस्था छ। यस अवस्थामा सहकारी ऐनको दफा ९५, ९६, ९७, १२८, १२९ जस्ता नियमनसँग सम्बन्धित दफाहरू निष्प्रयोजन साबित भएका देखिन्छन्। दफा ९८ बमोजिम मन्त्रालयले र दफा ९९ मा रहेको केन्द्रीय संघबाट अनुगमन गराउने प्रबन्ध समेत प्रबन्धमै सीमित छन्। नियमनको अर्को मूल समस्या हो "सहकारी अभियान"। राजनीतिक रूपमा पहुँचयुक्त सहकारी अभियानले सामान्यताः सरकारी निकायबाट हुने नियन्त्रणकारी नियमनलाई राम्रो मान्दैन, स्वनियमनका नाममा स्वतन्त्र छोड्नु पर्ने कुरा गर्दछ। मन्त्रालय र समग्र मुलुकको नेतृत्व गर्ने राजनीतिक पदाधिकारी तिनै "सहकारी अभियान"को पहुँचमा हुने हुँदा कर्मचारी तहबाट केही हुन नसक्ने अवस्था छ। त्यसैगरी सहकारी सञ्चालकको राजनीतिक पहुँचका आधारमा पनि त्यस्ता नियमनका प्रयासहरूलाई निस्क्रिय तुल्याइने कुरा नयाँ होइनन्।

नियमनको अर्को समस्या नियामक निकायका राष्ट्रसेवकहरूमा पनि छ। मौद्रिक र गैरमौद्रिक निजी लाभका लागि सहकारी मूल्यलाई भुसुक्कै बिर्सिने समस्या राष्ट्रसेवकमा देखिन्छ। कानूनले दिएको स्वविवेकीय अधिकार प्रयोग गर्दा सम्भावित नतिजाको आँकलन गर्नु जरुरी छ। बागमती प्रदेशले कानूनी व्यक्तिलाई सहकारीको सदस्य बनाउन सक्ने व्यवस्था राखिएको छ[१७१] भने ललितपुरको गोदावरी नगरपालिकाको सहकारी कानूनले संघीय कानूनसँग बाझिने गरी कानून बनाएको हुँदा कानूनको व्याख्या र कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहहरूमा आफ्नो अनुकूल व्याख्या र उपयोग गरेको पाइन्छ। यसले एकरूपताको अभाव निम्त्याएको छ, जसले गर्दा सहकारीहरूको व्यवस्थापनमा अवरोध पुगेको छ। मापदण्ड र अभ्यासहरूको एकरूपता नहुँदा विभिन्न क्षेत्रहरूमा अलग-अलग नियामक दृष्टिकोणहरू देखिएका छन्, जसले समग्रमा सहकारी क्षेत्रको प्रभावकारितामा समस्या ल्याएको छ। संघीय, प्रादेशिक र स्थानीय तहहरूले सहकारीहरूको नियमनमा आ-आफ्नो अधिकार जमाउने प्रयास गर्दा विभिन्न तहहरूबीच समन्वयको कमी र भद्रगोल सिर्जना भएको छ।

सहकारी क्षेत्रको अवज्ञा व सरकारी नियामकको अकर्मण्यताले सहकारी ऐन, २०७४ मा भएका कतिपय कानूनी व्यवस्थाको पालना समेत हुन नसकेको अवस्था भएको हुँदा तत्काल देहायका कार्य गर्नु पर्ने देखिन्छः-

- सहकारी ऐन, २०७४ मा सामयिक संशोधन/पछिल्लो संशोधन बमोजिम नेपाल राष्ट्र बैङ्कको नियामकीय संलग्नता अविलम्ब कार्यान्वयन,
- बचत तथा ऋण सहकारीमा पूर्वाधार चरणदेखि नै नेपाल राष्ट्र बैङ्कको नियामकीय संलग्नता,
- सहकारी नियमावली, २०७५ मा संशोधन,
- कर्जा सूचना केन्द्रको स्थापना र सञ्चालन,

---

[१७१] दफा २६ को उपदफा (२), प्रदेश सहकारी ऐन, २०७६ (बागमती प्रदेश)।

- बचत तथा कर्जा सुरक्षण कोष स्थापना र सञ्चालन,
- कर्जा असुली न्यायाधिकरणको स्थापना र सञ्चालन,
- सहकारी नियामकका रूपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा आवश्यक संशोधन आदि।

नेपालको सहकारी क्षेत्रको नियमन र व्यवस्थापनलाई सुधार गर्न, कानूनी प्रावधानहरूलाई स्पष्ट र एकरूप बनाउन अत्यावश्यक छ। संघीय, प्रादेशिक र स्थानीय तहका कानूनहरूको समन्वय गर्दै एकरूपमा कानूनी संरचना बनाउनु पर्दछ, जसले समन्वय सहितको कार्यान्वयनलाई मद्दत गर्न सकोस्। नियामक निकायको सुधारको गतिका साथै सहकारी क्षेत्रको प्रभावकारिता र स्थायित्वलाई पनि बलियो बनाउन सकिन्छ।

१६.९ विषयगत संघ, महासंघः छाता सङ्गठन कि प्रारम्भिक सहकारी ?

सहकारी क्षेत्र सामाजिक-आर्थिक ढाँचाको एक महत्त्वपूर्ण अङ्ग हो। सहकारी क्षेत्र समाजवादको भ्रुण पनि हो। विशेषगरी वित्तीय समावेशीकरण, स्थानीय विकास र सामुदायिक सशक्तीकरणको प्रवर्द्धनमा सहकारी क्षेत्रको अतुलनीय योगदान छ। विषयगत केन्द्रीय सहकारी संघ, प्रदेश संघ, जिल्ला संघ सबैको चासो र ध्यान बचत तथा ऋण कारोबारमा केन्द्रित भएको छ, जसले अन्य सहकारी गतिविधिहरूलाई ओझेलमा पार्छ। सहकारी संघहरूले व्यक्तिगत सहकारी सदस्यहरू र सहकारीहरू आफैंको हितको प्रतिनिधित्व गर्छन्। तिनीहरूको प्राथमिक भूमिका सहकारी प्रवर्द्धनमा हुनु पर्दछ न कि बिस्तारमा। नीतिहरूको वकालत गर्ने, तालिम र स्रोतहरू उपलब्ध गराउने र सहकारी र सरकारबीचको नीतिगत सञ्चारलाई सशक्त बनाउने मञ्च हुन् संघ, महासंघहरू तर ती आजपर्यन्त बचत तथा ऋणमै बढी केन्द्रित छन्।

राष्ट्रियस्तरका संघ तथा महासंघहरूले त झन् देशभरका सहकारी गतिविधिको निरीक्षण गर्ने, मानक निर्धारण गर्ने, निर्देशन गर्ने र समन्वय गर्ने शीर्ष निकायको रूपमा काम गर्नु पर्ने हो। ऐन नियमको पालना सुनिश्चित गर्न, गराउन र सहकारी सिद्धान्तहरू प्रवर्द्धन गर्न लाग्नु पर्ने हो। तर यस्तो महत्त्वपूर्ण जिम्मेवारीका बावजुद, बचत र ऋणको कारोबारमा लाग्नु कदापि सकारात्मक मान्न सकिँदैन। सहकारी ऐन, २०७४ ले संघ, महासंघहरूलाई नियामकका रूपमा प्रबन्ध गरिरहँदा सायदै यस्तो परिकल्पना गरेको थियो। आज बचत तथा ऋण सहकारीहरूको केन्द्रीय संघबाट कर्जा लिएका सहकारीहरू समस्याग्रस्त भएसँगै सिङ्गो संघ समस्यामा छ भन्दा के सन्देश जान्छ? सहकारी क्षेत्र पुनः उठ्न सक्छ भन्ने सन्देश दिन सक्छौं? नेतृत्वले सहकारीहरूको छाता भएर प्रारम्भिक सहकारी जस्तो बचत, ऋण र ब्याजको हिसाब किताबमा फस्नु हुँदैन भनेर सोच्न किन सकेन? अहं प्रश्न छ। केन्द्रीय, प्रदेश र जिल्ला संघहरू बचत तथा ऋणको कारोबारमा केन्द्रित हुँदा सेवाक्षेत्रका अन्य १२ थरी सहकारीका मुद्दा र सरोकार ओझेलमा परेको अनुभूति भएको मात्र होइन, सिङ्गो सहकारी अभियानलाई सहकारी सुशासनका पक्षमा उभ्याउने कुराको मुख्य बाधक नै यही देखिएको छ।

सुरु-सुरुका दिनमा प्रवर्द्धनका लागि राम्रा काम भएका थिए। बचत तथा ऋण सहकारी संस्थाहरूले संघ, महासंघबाट ज्ञान र शिक्षा लिएर लाभान्वित पनि भएका हुन्। सफ्टवेयर सञ्चालन, लेखा, समिति गठन र भूमिका जस्ता प्रशिक्षण एवं सहकारी सेमिनार तथा स्थलगत निरीक्षण आदिबाट

योगदान दिएका नेफ्स्कून जस्ता संघ, महासंघहरू प्रारम्भिक सहकारीको कारोबारमा लागेसँगै मूलबाटो बिराएर सहायक मार्गतर्फ लागे जस्तो भएका छन्।

अहिले उनीहरू निर्वाचनकेन्द्रित सदस्यता बिस्तारमा मात्र ध्यान दिन्छन्। सकेसम्म आफू संलग्न भएको बेला आफू संलग्न भएको प्रारम्भिक सहकारीमा ऋण लिन्छन्, त्यत्ति हो। कानूनले उनीहरूलाई दिएको सदस्य संस्थाको अनुगमन, निरीक्षण गरी रजिष्ट्रार समक्ष प्रतिवेदन दिने कुराबाट उनीहरू पूर्णतः विमुख छन्।

सहकारी क्षेत्रको प्रभावकारिता र दिगोपनालाई सुनिश्चित गर्न बचत र ऋण सेवाहरूको अलावा अन्य सहकारी गतिविधिहरूमा पनि ध्यान दिनु आवश्यक छ। राष्ट्रिय, प्रदेश र जिल्ला संघहरूले सहकारीहरूको समग्र विकासको लागि व्यापक दृष्टिकोण अपनाउनुपर्दछ। केवल वित्तीय सेवाहरूमा मात्र होइन, कृषि, उपभोक्ता, र सामुदायिक विकासजस्ता अन्य सहकारी क्षेत्रका गतिविधिहरूमा पनि समान चासो राख सक्नु पर्दछ। तालिम, स्रोतहरू र नीतिहरूको प्रवर्द्धनलाई सुसङ्गत बनाउनेतर्फ ध्यान दिनु पर्दछ। संघीयताको व्यावहारिक कार्यान्वयनका लागि आवश्यक संरचना बिस्तार गर्नु पर्ने अवस्था छ।

१६.१०सुरक्षणबिनाको बचतः जोखिम र सङ्कटको दीर्घ रोग

बैङ्क तथा वित्तीय संस्थाहरूमा निश्चित बचत रकमको बिमा रहेको हुन्छ। सहकारी ऐन, २०७४ को दफा १०१ मा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्ने व्यवस्था गरेको भएता पनि हालसम्म त्यस्तो कोषको कार्यान्वयन हुन सकेको छैन। प्रतिसदस्य ३ लाख रुपैयाँसम्मको निक्षेपको सुरक्षण गर्ने गरी बहस र छलफल चले पनि हालसम्म त्यस्तो हुन सकेको पाईदैन।

सहकारी नियमावली, २०७५ ले नियम ६४, ६५ र ६६ मा कोषको स्थापना, सञ्चालन र तत्सम्बन्धी व्यवस्था गरेको भएता पनि कोष क्रियाशील हुन नसक्नु दुःखद् हो। यसमा सरकारको पनि गम्भीर लापरवाही देखिन्छ। ऐनले न्यूनतम चुक्ता पुँजी साठी करोड हुने गरी कोष स्थापना गर्ने र त्यसको साठी प्रतिशत सहकारी संस्थाले राखी चालिस प्रतिशत सरकारले दिनु पर्ने[१७२] व्यवस्था भएकोमा जम्मा २४ करोड रकमको प्रबन्ध गर्न नसक्दा कोष स्थापना हुन नसकेको देखिन्छ। भारतमा बचतको १२ प्रतिशत रकमबाट Credit Guarantee दिने अभ्यास रहेको छ। यस्तै कानूनी प्रबन्धलाई अभ्यासमा लिन नसकेका कारण हामीले आजको समस्या व्यहोर्नु परेको हो। अन्यथा बिमा गरिएको भएमा खासगरी साना बचतकर्ताको समस्या सोही कोषबाट नै व्यहोरिने हुँदा हालको बचत रकम फिर्ताको समस्या धेरै सदस्यहरूको हकमा हल भइसकेको हुने थियो। साना बचतकर्ताको सुरक्षण भई फिर्ता निश्चित हुँदा न्यून पुँजी भएका गरिब, मजदुर सदस्यहरूले सजिलै बचत जम्मा गर्न सक्ने र बचत गर्ने बानीको विकास हुनुका साथै समग्र सहकारी क्षेत्र बदनाम हुनबाट रोकिने थियो भन्ने देखिन्छ। त्यस्तै उक्त कोषबाट कर्जाको असी प्रतिशतसम्मको सुरक्षण अर्थात् क्षतिपूर्ति दिने[१७३] व्यवस्था हुने हुँदा बचत र कर्जा दुवैको सुरक्षामा यस्ता कोषको

[१७२] दफा ६४ को उपदफा (४) र (५), सहकारी ऐन, २०७४।

[१७३] दफा ६७, सहकारी ऐन, २०७४।

महत्त्वपूर्ण भूमिका हुने देखिन्छ। कोष के वा कस्तो बनाउने मूल प्रश्न होइन तर सुरक्षणको अनिवार्यतातर्फ आगामी दिनमा समेत ध्यान दिन जरूरी देखिन्छ।

सहकारीमा बचत असुरक्षाको मुद्दा अहिले मात्र उठेको होइन, पटक-पटक उठ्दै आएका छन्। पछिल्लो समय समस्यामा परेका ओरियण्टल लगायतमा समस्या डेढ दशकदेखि ज्यूकात्यूँ छन्। त्यसैले सुरक्षण अभावमा बचत तथा ऋणको कारोबार कहिल्यै सुरक्षित हुन सक्दैन। नेपालको सहकारी क्षेत्रको एउटा प्रमुख समस्याका रूपमा यो समस्या देखिएको छ। यसलाई कर्यान्वयन गर्नेतर्फ सरकार अगाडि बढीसकेको भन्ने सम्बन्धित मन्त्रीले समितिमा आश्वस्त पारिसक्नु भएको हुँदा शिघ्र कार्यान्वयनको अपेक्षा गर्न सकिन्छ।[१७४]

नेपालमा सहकारीहरूको गठन र सञ्चालनमा ग्यारेन्टी वा धितो बिना बचत तथा कर्जा लगानी समस्यापूर्ण रहेको छ, जसलाई प्रायः देशको सहकारी क्षेत्रका लागि "दीर्घ रोग"का रूपमा लिने गरिन्छ। सहकारी विभागले सहकारी सदस्यको बचत तथा विश्वसनीय व्यवहार हेरेर एक लाख रुपैयासम्म विनाधितो कर्जा उपलब्ध गर्न सक्ने निर्देशन भएता पनि नेपालभरका धेरै सहकारीहरूले पर्याप्त धितो वा ग्यारेन्टीबिना नै कर्जा प्रवाह गरिरहेका देखिन्छन्। यो दृष्टिकोणले प्रायः वित्तीय सेवाहरूलाई फराकिलो जनसंख्याको पहुँचमा पुऱ्याउने र वित्तीय समावेशीकरणलाई प्रोत्साहन र योगदान गर्ने सिद्धान्तसँग सम्बन्धित भएता पनि सामाजिक विकासको स्तरसँग मेल खाने अवस्थामा देखिँदैन।

सामुहिक कार्यप्रणाली र विश्वास सहकारीहरूको आधारशीला हो। नेपालमा बचत तथा ऋण सहकारी सस्था दर्ता गर्न कुनै जमानत राख्नु नपर्ने र सहकारी संस्था नवीकरण समेत गर्नु नपर्ने भएकाले संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा सदस्यहरूकै सक्रियता जरूरी हुन्छ। सदस्यको बचत सङ्कलन जति हुन्छ, अर्को सदस्यलाई ग्यारेन्टीबिना नै दिइन्छ भने त्यो विश्वासमा आधारित हुन्छ। तर कूल ऋणको ५ प्रतिशतभन्दा कम राख्नुपर्ने, असल ऋणमा १ प्रतिशत, बाह्र महिनासम्म भाखा नाघेको ऋणमा ३५ प्रतिशत र बाह्र महिनाभन्दा बढी भाखा नाघेको ऋणमा शतप्रतिशत loan loss provision गर्नु पर्नेमा यस्तो व्यवस्था नगरी लाभांश वितरण गर्न नपाइने प्रचलित व्यवस्थामा कडाई गर्नु आवश्यक छ।

१६.११बचत तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्रः अपरिहार्य आवश्यकता

सहकारी ऐन, २०७४ को दफा १०१ बमोजिम बचतकर्ताको बचत तथा संस्थाको कर्जा लगानीको सुरक्षणका लागि बचत तथा कर्जा सुरक्षण कोष अपरिहार्य छ। नेपालको सहकारी क्षेत्र बलियो बचत र ऋण सुरक्षण प्रणालीको अभावबाट पनि पीडित छ। यस्तो सुरक्षण प्रणालीको अभावमा, विशेष गरी खराब रूपमा व्यवस्थापन गरिएका सहकारीहरूमा सदस्यहरूको बचत जोखिममा पर्दछ। सहकारी असफल हुँदा, सदस्यहरूले आफ्नो बचत फिर्ता गर्ने कुनै उपाय नपाउँदा, आर्थिक नोक्सान सहनु पर्दछ, जसले गर्दा सहकारीप्रति नै विश्वास गुम्न सक्छ। यो अवस्थाले कम आय भएका व्यक्तिहरूलाई सहकारीमा सामेल हुन हतोत्साहित गर्छ, जसले गर्दा संविधानको प्रस्तावनामा

---

[१७४] भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले समितिको मिति २०८१ भदौं २१ गतेको बैठमा कोष स्थापनाका लागि सरकारले गृहकार्य गरीसक्को जानकारी गराउनु भएको थियो।

४१५ सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१

परिकल्पना गरिएको समाजवादउन्मुख अर्थ व्यवस्थाको पहुँच र वित्तीय समावेशीकरण प्रवर्द्धन गर्ने क्षमतामा समेत बाधा उत्पन्न हुन जान्छ।

त्यस्तै ऋण असुली तथा बाँकी बक्यौताको सम्बन्धमा उल्लेख गरी दफा ८० मा ऋणको अपचलन गर्ने, बाँकी बक्यौता भाखाभित्र नतिर्नेलाई कालोसूचीमा राख्न सकिने र दफा ८१ मा कर्जा प्रवाहमा शुद्धता कायम गर्न, कर्जा सम्बन्धी सूचना प्राप्त गर्ने समेतका कार्य गर्न कर्जा सूचना केन्द्र स्थापना गर्न सकिने व्यवस्था छ। हाल बैङ्किङ्ग क्षेत्रमा कर्जा सूचना केन्द्र सञ्चालनमा रहेको छ। सहकारी ऐनले प्रबन्ध गरेको कर्जा सूचना केन्द्र नेपाल राष्ट्र बैङ्क ऐनमा प्रबन्ध भए बमोजिमको कर्जा सूचना केन्द्र[१७५]को काम, कारबाहीको प्रकृति एउटै खालको देखिएको अवस्थामा सोही केन्द्रलाई नै कानून बमोजिम अधिकार प्रदान गरी अधिकारसम्पन्न बनाउने वा सहकारी क्षेत्रको लागि छुट्टै कर्जा सूचना केन्द्र आवश्यक पर्ने हो भन्ने सम्बन्धमा बहस र फरक फरक विचार सहितका तर्क वितर्कहरू चल्ने गरेका पनि छन्। तथापि, एउटा महत्त्वपूर्ण कूरा के देखिन्छ भने दुवै ऐनले प्राप्त गर्न खोजेको सूचनाको प्रकृति सोको अभावमा देखा पर्ने परिणाम समेत उही र उस्तै हो। कुन संस्थाका लागि सूचना उपलब्ध गराउने भन्ने मात्र हो। सहकारीको छुट्टै कर्जा सूचाना केन्द्र रहनुभन्दा केन्द्रको कानूनी अधिकार र जनशक्ति संरचनामा केही बिस्तार गरी एउटै केन्द्रलाई प्रभावकारी बनाउनु पर्ने मत बलियो बन्दै गएको छ। तसर्थ, कुन संस्थाको आवश्यकता के हो भन्दा पनि आवश्यकता के हो ? भन्नेमा ध्यान केन्द्रित गर्नु आजको अपरिहार्यता हो। यदि सहकारीको छुट्टै कर्जा सूचना केन्द्र बनाउने हो भने बैङ्किङ्ग प्रणालीमा खराब कर्जा भएका व्यक्तिहरू समेत संस्थालाई झुक्काएर तथा प्रणालीको कमजोरीको फाइदा उठाएर सहकारी कर्जा प्राप्त गर्ने सम्भावना रहने हुदाँ दीर्घकालीन रूपमा पर्न सक्ने समस्यालाई मध्यनजर गरी कर्जा सूचना केन्द्र सम्पूर्ण वित्तीय क्षेत्रहरू अर्थात बैङ्क, वित्तीय संस्थाहरू, माइक्रोफाइनान्स र सहकारी संस्थाहरू आदिको एकीकृत रूपमै रहनु उपयुक्त र औचित्यपूर्ण देखिन्छ।[१७६]

---

[१७५] नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ मा कर्जा सूचना केन्द्रको स्थापना देहायको प्रयोजनका लागि हुने व्यवस्था गरेको छः-

(क) कर्जा प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्न वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जाको सूचना प्राप्त गर्न,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनालाई सोही खण्डमा उल्लिखित प्रयोजनको निमित्त वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरूको बीचमा आदानप्रदान गर्न,

(ग) समयमा कर्जा नतिर्ने वा कर्जाको दुरुपयोग गर्ने ऋणीहरुको नामावली अनिवार्य रूपमा केन्द्रलाई उपलब्ध गराउन,

(घ) बैङ्कले तोकेको सीमा भन्दा बढीको लगानी गर्नु वा कर्जा दिनु अघि केन्द्रबाट अनिवार्य रुपमा सूचना लिन,

(ङ) खण्ड (ग) बमोजिम प्राप्त नामावलीलाई केन्द्रले यकिन गरी कालो सूचीमा राख्न तथा सो सम्बन्धमा आवश्यक कारवाही गर्न, र

(च) प्रत्येक वाणिज्य बैङ्क वा वित्तीय संस्थाले यस्तो सूचना आदानप्रदान गरे, नगरेको तथा त्यस्तो सूचना अनुरुप ऋण लगानी गर्ने गरे, नगरेकोबारे निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गरी बैङ्कलाई प्रतिवेदन पेश गर्न।

[१७६] समितिको २०८१ असार २४ गतेको बैठकमा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम स्थापित कर्जा सूचना केन्द्रका अध्यक्ष गुणाखर भट्टले छुट्टै कर्जा सूचना केन्द्र बनाउनु जटिल हुने तर कानूनी पूर्वाधारविना अहिलेको कर्जा सूचना केन्द्रको कार्यक्षेत्र विस्तार हुन नसक्ने धारणा राख्नु भएको थियो भने कर्जा सूचना केन्द्रका प्रमुख कार्यकारी अधिकृत अनिलचन्द्र अधिकारीले सहकारी कर्जा सूचनाका लागि पनि सम्बद्ध विशिष्टीकृत निकाय चाहिने उल्लेख गर्दै कानूनले अधिकार र थप जनशक्ति पाएमा आफूहरू सहकारीका लागि पनि कर्जा सूचना दिन सक्ने उल्लेख गर्नु भएको थियो।

१६.१२ बचत तथा ऋणः सहकारीभित्रको बेलगाम बैङ्किङ्ग कारोबार

कमजोर नियामक तथा फितलो सुपरिवेक्षणको फाइदा उठाउँदै बचत तथा ऋण सहकारी संस्थाभित्र बेलगाम बैंकिङ्ग कारोबार गर्ने प्रवृत्तिको विकास हुनु सहकारी अभियानका लागि ठूलो समस्या हो। हाल सञ्चालनमा रहेकामध्ये करिब ४२ प्रतिशतले बचत तथा ऋणको कारोबार गर्दछन्। त्यसबाहेक विषयगत संघ र बहुउद्देश्यीय संस्थाहरू पनि बचत तथा ऋणमै छन्। यस्ता प्रकारका सहकारी संस्थाहरूबाट ठूलो परिणामको वित्तीय र मौद्रिक कारोबार हुनु समग्र वित्तीय अनुशासनको पक्षमा छैन भन्ने स्पष्ट छ।

सहकारीहरू मौलिक रूपमा पारस्परिक लाभका लागि स्रोतहरू जम्मा गरेर आफ्ना सदस्यहरूलाई सेवा दिन डिजाइन गरिएको हुनु पर्दछ तर बचत र ऋण सहकारीहरूको द्रुत र प्रायः अनियमित वृद्धिले देशको वित्तीय स्थिरतामा धेरै चुनौतिहरू खडा गर्ने समानान्तर बैङ्किङ्ग प्रणाली सिर्जना गरेको छ। नेपालमा हाल करिब ३१ हजार सहकारी संघ, संस्था रहेको र यसको झन्डै ७५ प्रतिशतले प्रत्यक्ष वा परोक्ष रूपमा बचत तथा ऋणको कारोबार गरेको पाइन्छ। नेपालमा बचत तथा ऋण सहकारीहरूको दर्ता मुख्यतः प्रदेश तथा स्थानीय तहमा दर्ता गर्ने अभ्यास छ। जसलाई धेरैले यी संस्थाहरूभित्र अनियन्त्रित बैङ्किङ्ग लेनदेनको रूपमा वर्णन गर्छन्। नेपालमा सहकारी आन्दोलनले बचत तथा ऋण क्षेत्रमा उल्लेख्य वृद्धि गरेको छ। यो वृद्धि धेरै हदसम्म दर्ताको सहजता, न्यूनतम् नियामक निरीक्षण र औपचारिक बैङ्किङ्ग सेवाहरू पहुँचयोग्य वा अपर्याप्त भएका समुदायहरूमा धेरै व्यक्तिहरू बचत र ऋणका माध्यमबाट सहकारीमा आबद्ध पुगेका छन्। सहकारी संस्थाहरूले शेयर सदस्यको बचतका अतिरिक्त राष्ट्रिय सहकारी बैङ्क लि. र अन्य विभिन्न कार्यक्रमहरूमा समेत रकम लिई ऋणका रूपमा परिचालन गर्ने गरेको पाइन्छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयबाट प्राप्त विवरणअनुसार कोषबाट मात्र हाल १५६८ सहकारी संस्थामा करिब ३ अर्ब ६९ करोड लगानी रहेको देखिन्छ। एक सदस्यबाट असुल गरी अर्को सदस्यमा पुनः परिचालन गर्नु पर्ने प्रकृतिका त्यस्ता कोष सञ्चालनमा समेत सदस्या देखिएका छन्।

सहकारीभित्रको अनियन्त्रित बैङ्किङ्ग कारोबारसँग सम्बन्धित प्राथमिक जोखिममध्येको एउटा वित्तीय अपचलन र जालसाजीको सम्भावना हो। धेरै सहकारीका सञ्चालक तथा व्यवस्थापकहरू सदस्यलाई १८ प्रतिशतसम्म लाभांश दिनु पर्ने मानसिक दबाबमा छिटो नाफाको लोभ र स्वार्थमा जोखिमपूर्ण ऋण लगानीमा संलग्न हुन्छन्। लगानीको लागि पर्याप्त धितोको जोखिम मूल्याङ्कन वा विनाधितो कर्जा प्रवाह गर्छन्। यसले गर्दा ऋण चुक्ता नभई सहकारीको वित्तीय स्वास्थ्यलाई खतरामा पारेका छन्।

त्यसबाहेक यस्ता सहकारीहरू बैङ्कजस्तै नियामकीय जाँचको अधीनमा छैनन्, सञ्चालकको मनपरीसरहको व्यवहार छ। प्रभावकारी रूपमा जोखिम व्यवस्थापन गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणाली छैन। उनीहरू बेलगाम छन्। ओरियण्टल को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष सुधीर बस्नेतले ओरियण्टल सहित भेगास बचत तथा ऋण सहकारी संस्था लि., कन्जुमर बचत तथा ऋण सहकारी संस्था लि., कोहिनुर हिल सेभिङ्ग एण्ड क्रेडित को-अपरेटिभ लि. र प्यासिफिक सेभिङ्गस एण्ड क्रेडिट कोअपरेटिभ लि. मा जो-जुन व्यक्ति सञ्चालक वा पदाधिकारी

रहेता पनि त्यहाँको कारोबारको जिम्मेवारी आफूले लिने[१७७] बताएबाट स्वनियमन कति कमजोर छ भन्ने देखाउछ। समान खालको अवस्था स्ट्याण्डर्ड सेभिङ्गस् एण्ड क्रेडिट को-अपरेटिभ लि., स्ट्याण्डर्ड मल्टीप्रपोज, चार्टर्ड सेभिङ्ग, कुवेर सेभिङ्गस र प्रभु सेभिङ्गसमा देखिन्छ। यी सबैको मूल सञ्चालक भनेका राजेश श्रेष्ठ र सहयोगी खुशचन्द्र श्रेष्ठ, राजु श्रेष्ठ, स्वरूप मरासिनी र खेमराज निरौला मात्र हुन्।[१७८]

सहकारीभित्रको बेलगाम बैङ्किङ्ग कारोबारले देहायका समस्याहरू देखा पारिरहेका छन्:-

- निक्षेपको ठूलो हिस्सा एकै व्यक्ति वा परिवारमा कर्जा प्रवाह हुने,
- उच्चतम ब्याजदरको निक्षेप स्वीकार गर्ने र लामो अवधिको समेत मुद्दति निक्षेप स्वीकार गर्ने तर फिर्ता गर्न नसक्ने,
- निक्षेपको उचित सदुपयोग गर्न नसक्ने तथा गलत उपयोग गर्ने,
- सफ्टवेयर प्रणाली निरीक्षण नगरी जे मन लाग्यो त्यही गर्ने, निक्षेपको सुरक्षा र डाटाको सुरक्षामाथि समेत प्रश्न उठ्ने,
- बैङ्किङ्ग कारोबारको लागि महङ्गो र तामझामयुक्त कार्यालय तथा सेवा केन्द्र निर्माणमा निक्षेपको रकम प्रयोग गर्ने,
- चेक र ATM जस्ता बैकिङ्ग प्रणालीतर्फ झुकाव बढ्ने,
- बजार प्रतिनिधिहरू मार्फत असुरक्षित ठूलो रकम दैनिकी घरघरबाट रकम सङ्कलन गर्ने र फिर्ता नगर्ने।

१६.१३ बचत तथा ऋण सहकारीको आर्थिक कारोबार नै मूल समस्या

नेपालका करिब ७५ प्रतिशत सहकारी संस्थाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बचत तथा कर्जा कारोबारमा संलग्न छन्, जसको कारणले सहकारी संस्थाहरूमा वित्तीय कारोबारको परिमाण निरन्तर बढ्दो छ। तर, वित्तीय कारोबारको परिमाण बढ्दै जानुका साथै, वित्तीय जोखिम र असुरक्षाको परिणामप्रति कुनै सचेतनता पाइँदैन। बचत तथा ऋण कारोबारको बढोत्तरीसँगै वित्तीय जोखिमको सम्भावना पनि निरन्तर बढीरहेको छ। बचत तथा ऋण सहकारी संस्थाले उद्देश्य विपरीत गएर फाइनान्स कम्पनी वा बैङ्कले जसरी काम गरिरहेका छन्। मुलुकी अर्थतन्त्रको तीन खम्बामध्ये एक सहकारी क्षेत्रमा चार खर्ब ७८ अर्ब रूपैँयाँ जम्मा भएको छ। त्यो रकम कसरी र कुन रूपमा प्रयोग अर्थात् लगानी भइरहेको छ भनेर नेपाल सरकारका नियमनकारी निकाय तथा केन्द्रीय बैङ्कले हेर्दैनन्। यस्तै, सहकारीलाई सही बाटोमा हिँडाउन सहकारी मन्त्रीको अध्यक्षतामा २० सदस्यीय उच्चस्तरीय राष्ट्रिय सहकारी नीति निर्देशन समिति छ। तर, समितिले सहकारीका समस्या केलाएर ठीक नीति निर्माण गर्न सकेको देखिँदैन।

---

[१७७] वस्नेतले मिति २०८१।०४।१६ को समितिको बैठकमा जानकारी लिने क्रममा र मिति ३०८१।०४।३१ मा समिति समक्ष भएको सोधपुछका क्रममा खुलाएको विवरणमा आधारित।

[१७८] स्ट्याण्डर्ड सेभिङ्गसका अध्यक्ष समेत रहेका खेमराज निरौलाले मिति २०८१।०५।०२ मा समितिसमक्ष भएको सोधपुछमा खुलाउको तथ्यका आधारमा।

नेपालमा दर्ता भएका ३१ हजार सहकारीमध्ये प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बचत तथा ऋणको कार्य गर्ने करिब २५ हजार रहेको पाइन्छ। सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई नियमित र अनिवार्य बचत गर्न लगाउनु पर्नेमा कार्यक्षेत्र बाहिरका गैरसदस्यहरू समेतबाट ठूलो-ठूलो रकमहरू खोजी गरी आवधिक बचतका रूपमा जम्मा गर्ने, गराउने अस्वस्थ्य प्रतिस्पर्धा देखिन्छ। बचत सङ्कलनमा उच्च ब्याजदर (२४ प्रतिशतसम्म) दिनका लागि संस्थाहरूकै बीचमा प्रतिस्पर्धा देखिन्छ। सदस्यहरूलाई क्रमिक स-सानो रकम बचत गराउनेतर्फ ध्यान दिएको पाइँदैन। पुँजी निर्माणको नाममा अन्धाधुन्ध रकम जम्मा गर्ने होडबाजीले गर्दा दीर्घकालीन दायित्वभन्दा अल्पकालीन दायित्व वृद्धि भई संस्थाहरूमा जोखिम बढ्दै गएको देखिन्छ। पर्ल्स अनुगमन प्रणाली अनुरूप जगेडा कोषमा रकम जम्मा नगरी रुग्ण जगेडा कोष अर्थात कूल सम्पत्तिको आधारमा पाँच प्रतिशतभन्दा कम जगेडा कोष रहेका संस्थाहरूको संख्या करिब पचास प्रतिशत भन्दा वढीको संख्यामा रहनु जटिल समस्या रहेको देखिन्छ।

प्रजातन्त्र पुनःस्थापनासँगै २०४८ सालपछि विनाशर्त सहकारी दर्ता गर्न पाइने भयो। तर, यो खुला वातावरणको दुरुपयोग भयो। बचत गर्दा बढी ब्याज दिने प्रलोभन देखाउँदै च्याउसरी सहकारी खुल्न थाले। सहकारी मूल्य, मान्यता र सिद्धान्ततर्फ कुनै ध्यान दिइएन। सर्वसाधारणको बचत रकम घरजग्गा, हाउजिङ, बस कम्पनी र हुँदाहुँदा वायुसेवा कम्पनीमा समेत लगानी गरियो। सहकारीको लगानीतर्फ सरकार र नेपाल राष्ट्र बैङ्क कसैले पनि हेरेनन्। परिणाम, बचत तथा ऋणको कारोबार (बचत ऋणको कारोबार गर्ने बहुउद्देश्यीय सहकारी समेत) गर्ने २२ वटा सहकारी सस्था समस्याग्रस्त घोषणा भई छानबिनको दायरामा समेत आइसकेका छन्। अन्य धेरैमा सञ्चालन समस्या देखिई ती सहकारीका सञ्चालकहरू अहिले थुनामा वा फरार छन्।

नेपालको सन्दर्भमा बचत तथा ऋण सहकारी क्षेत्रमा देखा परेका मुख्य समस्याहरू देखिनुमा देहायका कारणहरू जिम्मेवार देखिन्छन्:-

- संस्थागत सुशासनको कमी,
- संस्थागतभन्दा सञ्चालकको व्यक्तिवादी सोंच र अभ्यासअनुरूप संस्था सञ्चालन,
- नियामक निकाय प्रभावकारी हुन नसक्नु,
- नियामक निकायले प्रविधिको उचित प्रयोग नगर्ने तथाङ्क नराख्ने, उचित नियमन नगर्ने आदिले बचतकर्ताको निक्षेप सुरक्षामा समस्या,
- सहकारीहरू, संघ, महासंघ र सहकारी बैङ्कबीचको आवश्यक समन्वय हुन नसक्नु, आदि।
- सदस्यहरूमा सहकारी शिक्षाको कमी,
- दक्ष र विज्ञ जनशक्तिको कमी,
- सदस्यहरूका स्वामित्वबोधको कमी, सञ्चालक समितिका सदस्यहरूमा वित्तीय परिचालन र व्यवस्थापनसम्बन्धी ज्ञानको अभाव,
- ऐन, कानून समयसापेक्ष संशोधन/परिमार्जन नहुनु,

- अनावश्यक प्रतिस्पर्धात्मक भावनाले गलत संस्कार बस्नु,
- पारदर्शिताको कमी,
- कतिपय नीतिगत समस्याहरू रहनु,

सहकारी संस्थाहरूले वित्तीय कारोबारमा बढ्दो जोखिमलाई सम्बोधन गर्न एक संरचित र समन्वित दृष्टिकोण अपनाउनु आवश्यक छ। पहिलो, सहकारी ऐन र नियमावलीमा उल्लिखित नियामक प्रावधानहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्दछ। यसमा सरकार र केन्द्रीय बैङ्कले सहकारी संस्थाहरूको नियमित निरीक्षण र मूल्याङ्कन गर्नु पर्दछ। दोस्रो, उच्च ब्याजदर र अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न, सरकारले बचत र ऋण सहकारीहरूका लागि न्यूनतम ब्याजदरको सीमा र मापदण्डहरू निर्धारण गर्नु पर्दछ। तेस्रो, विशिष्ट नियमहरूको पालनामा सुधार गर्दै जगेडा कोषको न्यूनतम प्रतिशत लागू गर्न अनिवार्य गर्नु पर्दछ, जसले दीर्घकालीन दायित्व र स्थिरता सुनिश्चित गर्नेछ। चौथो, सहकारी नीति निर्देशन समितिलाई अधिकार र संसाधन प्रदान गरेर नीति निर्माणमा सुधार ल्याउन र सहकारी क्षेत्रको व्यापक पुनरावलोकन गर्नुपर्दछ। यसरी, सहकारी क्षेत्रलाई स्पष्ट नियम र निगरानी प्रणालीमार्फत वित्तीय स्थिरता र सदस्यहरूको बचतको सुरक्षा सुनिश्चित गर्न सकिन्छ।

१६.१४ व्यवस्थापन समस्यामा उद्देश्यहीन बहुउद्देश्यीय

बहुउद्देश्यीय सहकारी संस्थाहरू सहकारी प्रवर्द्धनको सुरुको चरणमा निकै राम्रो अवस्थामा रहेको र सदस्य, समाज र देशको अर्थतन्त्रलाई सबल तुल्याउन समेत तिनको निकै राम्रो भूमिका रहेको थियो। सहकारी ऐनले विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाले बचत तथा ऋणको मुख्य कार्य गर्न नपाउने व्यवस्था[१७९] स्पष्ट रूपमा गरी बचत तथा ऋणको कारोबार गर्न रोक समेत लगाएको देखिन्छ। तर दर्ता गर्दाका बखत बहुउद्देश्यीय उल्लेख गरी दर्ता हुने सहकारी संस्थाहरूले विनियममा बचत तथा ऋणको कारोबार समावेश गर्ने र सोही बमोजिम काम गर्ने समेत गरेको देखिन्छ। सहकारी क्षेत्रमा कुनै खास उद्देश्यका लागि सहकारी संस्था खोल्ने प्रचलन रहे तापनि एकभन्दा बढी उद्देश्य पूरा गर्ने उद्देश्यले बहुउद्देश्यीय सहकारी दर्ता र सञ्चालन गर्ने अभियान नै चलेको पाइन्छ। जब गन्तव्यमा पुग्ने बाटाहरू धेरै हुन्छन् र विषय बिज्ञताको अभावमा संस्था समस्यामा पर्न सुरु हुन्छ। नाममा बहुउद्देश्यीय रहेता पनि केही अपबाद बाहेक खास र मुख्य कारोबार बचत तथा ऋण नै रहेको पाइएको छ।

बहुउद्देश्यीय सहकारी संस्थाहरू सञ्चालन गर्ने सञ्चालक तथा कर्मचारीहरूले पछि ठूलो हिस्सामा मुनाफा खोज्ने, उत्पादनशील भन्दा पनि धेरै क्षेत्रमा हाल हाल्ने, विज्ञताको कमी, स्रोत साधनको कमी, उचित योजना नहुँदै हचुवाको भरमा लगानी गर्ने अभ्यासका कारण घाटा व्यहोर्ने र Sustainable Development And Durable नहुँदा सहकारी संस्थाहरूमा निकै ठूलो समस्यामा परेको देखिन्छ। बहुउद्देश्यीय सहकारी संस्थालाई बचत तथा ऋण सहकारीहरूभन्दा बेग्लै किसिमले नियमन तथा सुपरिवेक्षण गरी उत्पादनशील क्षेत्रमा सदस्यको शेयर रकम लगानी गर्ने व्यवस्था

[१७९] दफा ५०, सहकारी ऐन, २०७४।

गर्नाले सदस्यहरूलाई लघु उद्यमी, व्यपारी तथा पशुपालन र कृषकका रूपमा उत्पादन तथा विकास गर्नमा मद्दत पुग्ने देखिन्छ।

धेरैजसो बहुउद्देश्यीय सहकारी संघ, संस्थाहरूमा सञ्चालक तथा व्यवस्थापनमा रहने कर्मचारीहरू आफ्नो विषयमा दक्ष नहुनु, अधिकांश संस्थाहरूमा सम्बन्धित विषयको तालीम प्राप्त व्यावसायिक कर्मचारीको अभाव रहनु, सहकारी संघ, संस्थाहरूका लागि कर्मचारी नियुक्तिसम्बन्धी छुट्टै निकायको व्यवस्था नहुँदा आफन्त र छोरा, भाइ, भतिजा, छोरी, बुहारीलाई रोजगार सिर्जना गर्ने थलोका रूपमा पाइन्छन्।

सहकारी क्षेत्रमा देखिएका उल्लिखित समस्याहरूका कारण सहकारी संस्थाहरूमा सङ्कट सिर्जना मात्र भएको छैन, बहुउद्देश्यीय सहकारीप्रति नै अविश्वास पैदा गरेको छ। केही बहुदेश्यीय सहकारी संस्थाले वित्तीय विश्लेषणबिना अत्यधिक लाभको लोभमा घरजग्गा र अन्य स्थिर सम्पत्ति घर जग्गा, विद्युत, सवारी साधनमा लगानी गरेका कारण संस्थाहरूमा नकमाउने सम्पत्ति अधिक रहन गएको देखिन्छ। तर त्यस्ता बहुउद्देश्यीयहरूले गर्नु पर्ने उत्वपादन, ब्राण्डिङ्ग र उपभोक्तासँग सम्बन्धित विषयमा ध्यान नदिँदा बचत तथा ऋणको कारोबार समस्यामा पर्नेबित्तिकै सिङ्गो संस्था नै समस्यामा पर्ने गरेको पाइएको छ।

१६.१५ आवश्यकता उत्पादन र सेवाकेन्द्रित सहकारी

सहकारी संस्थाहरूको आवश्यकता औचित्यता तथा महत्त्व हाम्रोजस्तो विकासोन्मुख देशमा अत्यधिक छ। विकासक्रमसँगै बैङ्क तथा वित्तीय संस्थाहरूको संख्या र सञ्जाल समेत सम्पूर्ण जिल्लामा अत्यधिक रहेको सन्दर्भमा सहरकेन्द्रित बचत तथा ऋण सहकारीहरू मात्र धेरै हुनुमा होइन, सहकारीले आफूलाई ग्रामीण क्षेत्रमा कृषि सामग्री आपूर्ति, कृषि उत्पादनको बजारीकरण, ग्रामीण विकासका लागि पर्या-पर्यटन, होमस्टे जस्ता मौलिक र अत्यावश्यक क्षेत्रमा हात हाल्न जरूरी छ। यो सहकारी आन्दोलनको मुख्य स्पिरिट पनि हो। सहकारीले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गर्दछ। सहकारीको मूलभूत उद्देश्य सदस्यहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउनु हो। नेपालमा बहुउद्देश्यीय, कृषि, दुग्ध, उत्पादक, पर्यटन, उपभोक्ता, फलफूल तथा तरकारी, चिया, कफी, उखु, मौरीपालन, जडिबुटी, पशुपक्षी, माछापालन, सुपारी, बिउबिजन, अदुवा, श्रमिक, यातायात, स्वास्थ्य, शिक्षा, अलैची, अदुवा, श्रमिक, यातायात, स्वास्थ्य, सञ्चार, विद्युत र बचत तथा ऋणको कारोबारमा केन्द्रित छन्। नेपालमा उत्पादनमुखी सहकारी कम छन्। भारतको ठूलो दुग्ध उद्योग अमुल सहकारीबाटै सुरू भएको हो। तर, नेपालका सहकारी त्यस किसिमको ठूलो स्तरको व्यवसायमा जान सकेका छैनन्। यद्यपि, ग्रामीण क्षेत्रमा सञ्चालित कृषि सहकारी, दुग्ध सहकारी, चिया सहकारी, अलैंची सहकारी, कफी सहकारी, महिला सहकारी आदि भने सहकारीको मूल्य, मान्यता अनुसार प्रभावकारी रूपमा चलेका उदाहरण पनि छन्। समितिले छानबिन र अध्ययनका क्रममा केही राम्रा चलेका सहकारी संस्थाहरू, महिलाको नेतृत्वमा चलेका सहकारी संस्थाहरू र सानाकिसान कृषि सहकारी संस्थाका प्रतिनिधिहरूसँग प्रतिनिधिमूलक छलफल समेत गरेको थियो।

नेपालमा ३१ हजार सहकारीमध्ये करिब ७५ प्रतिशत सहकारीहरू बचत तथा ऋणको कारोबारमा संलग्न छन् तर सहकारीहरू उत्पादन र सेवाको क्षेत्रमा बढी केन्द्रित हुनुपर्दछ भन्ने

मान्यता छ। कृषि अर्थतन्त्रको मेरुदण्ड बनेको नेपालजस्तो देशमा उत्पादन र सेवा प्रबन्धमा केन्द्रित सहकारीहरूको औचित्य अत्यावश्यक छ। सहकारीहरूले उत्पादकत्व वृद्धि गर्न, रोजगारी सिर्जना गर्न र आफ्ना सदस्य एवं बृहद् समुदायलाई आवश्यक सेवाहरू उपलब्ध गराउन परिवर्तनकारी भूमिका खेल्न सक्छन्। स्रोतहरू, सीपहरू र ज्ञानहरू जम्मा गरेर उत्पादन सहकारीहरूले साना किसान र उत्पादकहरूलाई तिनीहरूका कार्यहरू मापन गर्न, राम्रो बजारहरूमा पहुँच स्थापित गर्न र तिनीहरूको जीविकोपार्जनमा सुधार गर्न सक्षम बनाउन सक्छन्। त्यो नेपालका सहकारीहरूका लागि अवसर पनि हो।

अर्कोतर्फ, सेवामुखी सहकारीहरूले स्वास्थ्य सेवा, शिक्षा, यातायात र अन्य सामुदायिक आवश्यकताका तमाम क्षेत्रमा अर्को तहको सरकारका रूपमा योगदान दिन सक्छन्। यस्ता सहकारीहरूले विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा जहाँ सरकारी र निजी क्षेत्रको पहुँच सीमित हुन सक्ने स्थानमा सेवा पुऱ्याउन सक्छन्। उदाहरणका लागि, स्वास्थ्य सेवा सहकारीहरूले क्लिनिक वा घुम्ती स्वास्थ्य सेवाहरू स्थापना गर्न सक्छन्, जबकि शैक्षिक सहकारीहरूले विद्यालय वा व्यावसायिक तालिम केन्द्रहरू स्थापना गर्न सक्छन्, जसले आफ्ना सदस्यहरूको कल्याण र विकासमा प्रत्यक्ष रूपमा योगदान पुऱ्याउन सक्छन्।

सहकारीलाई उत्पादन र सेवातर्फ केन्द्रित गर्नाले नेपालमा सहकारी आन्दोलनलाई विविधिकरण गर्न मद्दत गर्छ, बचत र ऋणको मोडेलमा हुने अत्यधिक निर्भरता घटाउँछ। यसबाहेक, उत्पादन र सेवा सहकारीहरू सरकारको फराकिलो विकास लक्ष्यसँग पङ्क्तिबद्ध हुन्छन्, विशेष गरी स्थानीय उद्योगहरूको प्रवर्द्धन, रोजगारी सिर्जना र समग्र जीवनस्तरमा सुधार गर्न सहकारीहरूले सामुहिक समस्या समाधान र सदस्यहरूबीच उत्कृष्ट अभ्यासको साझेदारीलाई प्रोत्साहित गर्न सक्छन्।

त्यस्तै सेवाकेन्द्रित रूपमा स्वास्थ्य, शिक्षा, सञ्चार, रक्तसञ्चारजस्ता विषयगत सार्वजनिक सेवाकेन्द्रित सहकारीले समाज र देशको उन्नतिलाई शिघ्र व्यवस्थापन र विकासमा टेवा पुऱ्याउन सक्ने प्रचुर सम्भावना रहेको हुँदा सहकारी मोडेल, उत्पादन र सेवाकेन्द्रित क्षेत्रमा बिस्तारित हुनु पर्ने नै आज देशको आवश्यकता हो। केही मोडेल यस्ता हुन सक्छन्:-

- सानो सानो बचत तथा ऋण परिचालनलाई सदस्यहरूको मल, विउ खरीद र कृषि उत्पादनको बजारीकरण,
- स्वास्थ्य तथा शिक्षामा सहयोग आदिजस्ता कार्य बिस्तार,
- साना तथा मझौला उद्योग व्यवसाय सञ्चालन,
- कृषि तथा पशुपालन,
- सामुदायिक स्वास्थ्य सेवा,
- सीप विकास र
- यस्तै अन्य सामाजिक कार्यहरू।

नेपालमा सहकारी क्षेत्रलाई उत्पादन र सेवामुखी भूमिकामा केन्द्रित गर्नाले ठूलो परिवर्तन ल्याउन सकिन्छ। बचत तथा ऋण कारोबार सहकारीमा निर्भरता घटाएर, सहकारीहरूले कृषि, स्वास्थ्य, शिक्षा, यातायात र अन्य क्षेत्रहरूमा योगदान गर्न सक्ने क्षमता विकास गर्नु आवश्यक छ। यस्ता

सहकारीहरूले साना किसान र स्थानीय समुदायलाई उत्पादन क्षमता वृद्धि गर्न, बजार पहुँच सुधार्न, र रोजगारी सिर्जना गर्न सहयोग पुऱ्याउन सक्छन्। उदाहरणका लागि, कृषि सहकारीहरूले सामुहिक खेती र नवप्रवर्तनलाई प्राथमिकता दिन सक्छन्, जसले उत्पादन वृद्धि र मूल्य श्रृङ्खला सुधार्न मद्दत गर्नेछ। स्वास्थ्य र शैक्षिक सहकारीहरूले ग्रामीण र दुर्गम क्षेत्रहरूमा आवश्यक सेवाहरू उपलब्ध गराउन सक्छन्, जसले समुदायको समग्र विकासमा योगदान पुऱ्याउछ। यसले सहकारी आन्दोलनलाई विविधता प्रदान गर्न, बचत र ऋणको मोडेलमा निर्भरता घटाउन र समग्र जीवनस्तरमा सुधार गर्न मद्दत पुऱ्याउँछ।

१६.१६ सहकारी-कम्पनी लगानी सम्बन्धः कानून विपरीतको अभ्यास

सहकारी कानूनअनुसार सहकारी संस्थाले कारोबार, व्यवसाय र उद्योग वा परियोजना सञ्चालन गर्न चाहेमा संस्थाको उद्देश्य र कार्यक्षेत्रसँग सम्बन्धित रही छुट्टै संस्था दर्ता नगरी कानून बमोजिम इजाजतपत्र जा अनुमितपत्र लिनु पर्ने भएमा सोसमेत लिई रजिष्ट्रारलाई जानकारी गराई सहकारीकै नाममा ब्राण्डिङ्ग गर्ने गरी त्यस्तो कारोबार, व्यवसाय र उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने गरी प्रबन्ध[१८०] गरे बाहेक कुनै कम्पनी वा निजी फर्ममा लगानी गर्न वा सापटी दिने कुराको परिकल्पना छैन। ऋणसम्बन्धी शर्तहरूमा सदस्यसँग मात्र कारोबार गर्न पाउने गरी सीमित गरेको अवस्था छ। सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्ने कानूनी प्रबन्ध छ।[१८१]

ऐनले व्यवस्था नगरेको कर्जा वा सापटी कम्पनीमा प्रवाह गर्ने र व्यक्तिको नाममा विनाधितो कर्जा लगानी वा निर्ब्याजी ठूलो रकम लगानी गर्ने वा रकम कानूनमा प्रबन्ध नभएको रकम सापटी लिएर मार्ट, शेयरबजार, जग्गा प्लटिङ्ग आदिमा प्रवाह गरिएको अधिकांश सहकारी सञ्चालकहरूको भनाइ छ। प्रस्तुत छानबिन कार्यकै दौरान समितिको सोधपुछमा आएका सबैजसो सहकारी सञ्चालकले कानूनमा प्रबन्ध नभएको यस्तो कार्य गरेको स्वीकार समेत गरेका छन्।

बैङ्क तथा वित्तीय संस्थाहरूले कानूनबमोजिम गर्ने गरेका कार्यहरूको सिको गर्दै ऐन, नियम, निर्देशनको विरुद्ध हुने गरी सहकारीले सीमित सञ्चालकको निजी लाभका लागि रकम दुरुपयोग गरेका यस्ता कार्य निन्दनीय मात्र होइन कानूनतः दण्डनीय छन्। यस्तो कानून विपरीतको अभ्यासले सहकारी आन्दोलनलाई दुरुपयोग र बिर्सजनको बाटोतर्फ धकेल्दै छ। समयमै सम्हाल्न सकिएन भने "अर्थतन्त्रको एक खम्बा" कहलिएको नेपालको सहकारी आन्दोलन पनि विसर्जनतर्फ जाने नै खतरा उत्पन्न हुन जान्छ।

सहकारीले नकमाउने सम्पत्ति (Non-Performing Assets) जलविद्युत् आयोजना, आवास विकास, उपकरण र जग्गाजस्ता दीर्घकालीन सम्पत्तिहरूमा कूल सम्पत्तिको पाँच प्रतिशतभन्दा बढ्ता नहुने गरी लगानी गर्न सक्ने व्यवस्था गरिएकोमा सो व्यवस्थालाई सिधै उल्लङ्घन गरी बचतकर्ताको रकम सञ्चालक तथा व्यवस्थापकको व्यक्तिगत सम्पत्ति सरह लगानी गरेका यस्ता परियोजनाहरूलाई महत्त्वपूर्ण पुँजी चाहिन्छ र लामो अवधि हुन्छ, जसको अर्थ तिनीहरूले प्रतिफल दिन सुरु गर्न वर्षौं लिन्छन्। त्यस्तो स्थिर सम्पत्ति सहकारीले एकल लगानी नगरी सहवित्तीयकरण

[१८०] दफा २१, सहकारी ऐन, २०७४।

[१८१] दफा ५० को उपदफा (१), सहकारी ऐन, २०७४।

गर्नु पर्ने र विशिष्टकृत सहकारी मार्फत मात्र लगानी गर्नु पर्ने कानूनी व्यवस्था हो। तर यी स्थिर सम्पत्तिहरूबाट प्रतिफल उत्पन्न गर्ने दबाबले प्रायः सहकारीहरूलाई जोखिमपूर्ण वा अवैध गतिविधिहरूमा संलग्न हुन प्रेरित गर्छ। लगानी उठाउन वा घाटा ढाकछोप गर्नको लागि केही सहकारीहरूले थप निक्षेपहरू आकर्षित गर्न गलत वित्तीय विवरणहरूको प्रस्तुति गर्न सक्छन्। उदाहरणका लागि जग्गा बैनाको सम्झौता वा अस्वीकृत आवास वा रुग्ण परियोजनाहरूमा सहकारीहरूको संलग्नताले कानून उल्लङ्घनहरू निम्त्याएको छ। कतिपय अवस्थामा, सहकारी संस्थाहरूले कानूनी व्यवस्थालाई नजरअन्दाज गर्ने, विवाद र कानूनी कारबाहीमा जानु पर्ने गरी गलत कार्यमा संलग्न हुने गरेको पाइएका छन्। सहकारीहरूले तरलता कायम राख्न संघर्ष गर्दा, उनीहरूले सदस्यहरूप्रतिको आफ्नो दायित्व पूरा गर्न खोज्दा विशेष गरी न्यून आय भएकाहरूका लागि विश्वासको क्षति र आर्थिक विनाश निम्त्याउन सक्छन्। सहकारी व्यवस्थापनको यस्तो गतिविधिले सहकारीको प्रतिष्ठा धमिलो बनाएकाले सहकारी क्षेत्रले क्षति बेहोर्नु परेको छ।

तसर्थ यी आधारमा सहकारी संस्थाहरूबाट कम्पनीमा रकम प्रवाह हुनु नै कानून विपरीत र बचतकर्ताको बचत सुरक्षाका दृष्टिले जोखिमपूर्ण छ। कम्पनीमा प्रवाह भएको रकमको हकमा के हुन्छ भन्ने कुरा सहकारीसँग सम्बन्धित कारोबार सहकारी कानून बमोजिम र कम्पनीसँग सम्बन्धित कारोबार कम्पनी कानून बमोजिम होला तथापि यस्तो कार्यमा जो, जुन व्यक्तिको जे-जुन प्रकारको संलग्नता र अभ्यास छ ती सबै गैरकानूनी छन् र कानूनबमोजिम सजायका भागिदार रहेका छन्।

जब सहकारी संस्थाहरूमा तरलता बढ्छ, त्यहाँ कम्पनी वा व्यावसायिक क्षेत्रमा लगानी गर्ने सोच पलाउँछ। केही सहकारीहरू त्यस्तो परिस्थितिजन्य कारणले समस्यामा परेको पाइएको पनि छ। तर पछिल्लो समस्य बिस्तार र विकास भएका केही सहकारीका सञ्चालकहरू आफ्ना निजी कम्पनी नै सहकारीका बचतकर्ताको बचत रकमबाट चलाउने उद्देश्यबाट प्रेरित भई कार्य गरेको देखियो, त्यो सर्वथा अनुचित गैरकानूनी र सजाययोग्य कार्य हो।

१६.१७ सहकारी नियमन र अन्तर-तह नियामकीय अधिकार

नेपालको संविधानले सहकारी संघीयता अबलम्बन गरेको सन्दर्भमा सहकारीलाई अर्थतन्त्रका तीनवटा खम्बामध्ये एउटा महत्त्वपूर्ण आधारस्तम्भ मानेको छ। संविधानको अनुसूची अन्तर्गत संघको एकल अधिकारसूची अन्तर्गत अनुसूची-५ को क्रम संख्या २८ मा "सहकारी नियमन", प्रदेशको एकल अधिकार सूची अन्तर्गत अनुसूची-६ को क्रमसंख्या २ मा "सहकारी संस्था" र स्थानीय तहको एकल अधिकारको सूची अन्तर्गत अनुसूची-८ क्रमसंख्या २ मा "सहकारी" राखिएको छ। यसैगरी संघ र प्रदेश एवं संघ, प्रदेश र स्थानीय तहबीचको साझा अधिकार सूचीमा "सहकारी" समावेश रहेको देखिँदा संघ, प्रदेश र स्थानीय तहले सहकारीसम्बन्धी अभ्यास गर्ने कार्यक्षेत्र निर्धारण गरेको देखिन्छ। त्यसैगरी सहकारी ऐन, २०७४ को दफा १५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारमा सहकारी सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण र नियमनको कार्य गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। वित्तीय व्यवस्था अन्तर्गत सहकारी पर्ने भएकोले संवैधानिक रूपले संघले नियमन गर्ने, प्रदेशले प्रवर्द्धन गर्ने र स्थानीय तहले सञ्चालन र साझेदारी गर्ने गरी अधिकार बाँडफाँटको व्यवस्था गर्ने गरी कार्य विस्तृतीकरण प्रतिवेदन तर्जुमा नभएको र ऐनहरू निर्माण गर्दा विभिन्न तहका नियामक निकायहरूका जिम्मेवारी र अधिकार क्षेत्रको सही सीमाङ्कनमा

अस्पष्टता रहेकोले सहकारी संस्थाहरूको व्यवस्थापन र नियमनमा केन्द्रीय, प्रादेशिक र स्थानीय अधिकारीहरूबीच अधिकार र काम कारबाहीमा जिम्मेवारीको विवाद र केहीमा दोहोरोपना कायम हुँदै आएको देखिन्छ।

सहकारी ऐन र नियमावलीले सहकारी संस्थाहरूको सञ्चालन, व्यवस्थापन र नियमनका लागि विस्तृत दिशानिर्देशहरू प्रदान गरेता पनि स्थानीय सरकारको भूमिका बारे स्पष्ट उल्लेख नगर्दा, संघीय एकाइपिच्छे रहेका नियामकहरूबीच द्वन्द्व उत्पन्न हुने गरेका छन्। सहकारीहरूको अनुगमन र निरीक्षणमा स्थानीय सरकारको आफ्नै दिशानिर्देश गर्ने कुरा केन्द्रीय नियमनसँग विरोधाभास हुने अवस्था विद्यमान छ।

नेपालमा सहकारी संघीयता र अधिकार बाँडफाँटको स्पष्टता सुधार गर्नका लागि, संघ, प्रदेश र स्थानीय तहबीचको जिम्मेवारी र कार्यक्षेत्रलाई स्पष्ट पार्न विशेष ध्यान दिनु आवश्यक छ। संविधान र ऐन अनुसार, तीनवटा तहका निकायहरूले सहकारीहरूको नियमन, प्रवर्द्धन र साझेदारीको भूमिकालाई स्पष्ट रूपमा परिभाषित गर्न कानूनी ढाँचामा सुधार गर्नु आवश्यक छ। कार्यविस्तृतीकरण प्रतिवेदनमा परिमार्जनको क्रममा प्रत्येक तहका नियामक निकायहरूको दायित्व र अधिकारको सीमाङ्कनको किटानी प्रबन्ध गरिनु हालसम्मको सिकाइबाट अनिवार्य देखिएको छ। यसले सहकारी संस्थाहरूको व्यवस्थापन र नियमनलाई प्रभावकारी र पारदर्शी बनाउने अपेक्षा गर्न सकिन्छ।

१६.१८ दोस्रो तहको नियमन निकायः कार्यान्वयन नभई बितेका दुई दशक

खासगरी वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूको अनुगमन, निरीक्षण र वित्तीय सुशासन कायम गर्नका लागि बलियो नियमनकारी निकायको बहस सुरू भएको धेरै भइसकेको छ। २०६१/०६२ को बजेटमा तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले सहकारी क्षेत्रसम्बद्ध धेरै विषय समावेश गरेकोमा नियमनसँग सम्बन्धित देहायका दुई बुँदाहरू समावेश गरेको देखिन्छः-

- *वित्तीय सहकारी संस्थाहरूलाई वित्तीय प्रणालीको दायरामा ल्याउने, नियमन गर्ने र सुपरिवेक्षण गर्ने संस्थागत व्यवस्था गरिनेछ।*[१८२]
- *"गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारी" को अवधारणा अनुरुप सहकारी क्षेत्रको विकासमा संस्थागत टेवा उपलब्ध गराइनेछ। सहकारी क्षेत्रको वित्तीय सुदृढीकरणका लागि आर्थिक वर्ष २०६१/६२ मा राष्ट्रिय सहकारी विकास कोष खडा गरिनेछ। सहकारी प्रशिक्षण केन्द्रलाई राष्ट्रिय सहकारी संघ समेतको सहभागितामा स्वायत्त प्राज्ञिक संस्थाको रूपमा विकसित गरिनेछ। यसबाट सहकारी विकासमा सरकार र नागरिक समाजबीचको समझदारी सुदृढ हुने विश्वास लिएको छु।*[१८३]

त्यस्तै उक्त बजेट प्रस्तुत भए लगत्तै सरकारले २०६१।०४।१३ मा तत्कालीन राष्ट्रिय योजना आयोगका सदस्य डा. युवराज खतिवडा संयोजक रहने गरी गठन गरेको राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्थासम्बन्धी अध्ययन समितिले

---

[१८२] बुँदा १७८ को उपबुँदा (४), आर्थिक वर्ष २०६१/६२ को आय-व्ययको वक्तव्य, नेपाल सरकार अर्थ मन्त्रालय।

[१८३] बुँदा १४४, आर्थिक वर्ष २०६१/६२ को आय-व्ययको वक्तव्य, नेपाल सरकार अर्थ मन्त्रालय।

आफ्नो प्रतिवेदनमा दोस्रो तहको नियमनकारी संस्था स्थापना गर्नु पर्ने देहायको सुझाव दिएको थियो:-

> *राष्ट्रिय सहकारी बैङ्क, नेपाल राष्ट्र बैङ्कबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution-STI) स्थापना गर्नु पर्ने।*[१८४]

बजेटले आशय बुझिने गरी र समितिले किटानी प्रबन्ध गरेपछि दोसो तहको नियमनकारी निकाय (STI) को बहस निरन्तर चलिरह्यो। तर नियमनलाई बलियो बनाउनुको सट्टा नेपाल राष्ट्र बैङ्कलाई नियमनको प्रक्रियाबाट एकाएक हात झिक्न दिइयो। स्वनियमनका नाममा बचत तथा ऋण सहकारीहरूको अनियन्त्रित बचत परिचालन बढीरह्यो। २०६१ पछिका दुई दशकसम्म कुनै न कुनै रूपमा दोसो तहको नियमनकारी निकाय (STI) को बहस चलिरहे पनि यसलाई सरकारले गम्भीर रूपमा लिएन। २०७४ को ऐन निर्माणका क्रममा पनि यो विषयलाई समावेश गरिएन। अझै स्पष्ट रूपमा भन्दा पहिलेभन्दा नियमनको पक्षलाई कमजोर तुल्याई सहकारी संघ, महासंघहरूलाई नियमाकसरह नै बनाइयो।

सरकारका नीति तथा कार्यक्रम, बजेट र राष्ट्रिय प्राथमिकताका दस्तावेजहरूले पहिलो दशकमा कहीँकतै र पछिल्लो दशकमा नियमितजसो लेखिरहने दोस्रो तहको नियमनकारी निकाय (STI) राजनीतिक प्राथमिकतामा पर्न सकेन।

संघीयताको कार्यान्वयनपछि सहकारी नियमन, प्रवर्द्धन र संस्थागत क्षमता विकासको कार्यक्रम ७६१ वटा संघीय एकाइमा विभाजित हुन पुगेको अवस्थामा कस्तो STI आवश्यक पर्ने हो ? गम्भीर विवेचना हुन जरूरी छ। खासगरी बचत तथा ऋण सहकारीहरूको असफल स्वनियमन अभ्यासबाट सहकारी मूल्य, मान्यता अनुकूल सीमित नियमन आवश्यक पर्दछ भन्नेमा सायदै कसैको विमति होला तर यसको स्वरूप र नियमन शैलीका सम्बन्धमा विवेचना जरूरी छ। दोस्रो तहको नियमनकारी निकाय (STI) को विवेचना गर्दा ध्यान दिनु पर्ने एउटा पक्ष भनेको नियमन, प्रवर्द्धन र संस्थागत क्षमता विकासको कार्य एकै नेतृत्वबाट सम्पादन हुँदा त्यहा स्वार्थको द्वन्द (conflict of interest) हुने खतरा रहन्छ। त्यसलाई पनि विचार गर्नु जरूरी हुन्छ।

यस सुझावलाई पछिल्लोपटक संवत् २०८० सालमा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको सिफारिस अनुसार नेपालमा ठूलो आकारको वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण तथा अनुगमन गर्न छुट्टै कानून तर्जुमा गरी सहकारी अनुगमन तथा सुपरिवेक्षण गर्ने शक्तिशाली अर्धसरकारी निकाय गठन गर्न सिफारिस गरिएको पाइन्छ। यस विषयलाई त्यस अघिदेखि नै बजेट वक्तव्य, मौद्रिक नीतिमा समेत समावेश गरिएको पाइन्छ। पटक-पटक उठ्दै सेलाउँदै आएको दोश्रो तहको नियामक निकाय गठन गर्ने विषयलाई नीतिगत तथा बजेट वक्तव्य समेतले सम्बोधन गरेता पनि हालसम्म कार्य रूपमा परिणाम प्राप्त हुन सकेको देखिँदैन। राउत कार्यदलले नेपाल सरकारले अध्यक्ष र सदस्यको नियुक्तिका लागि निश्चित मापदण्डको आधारमा सिफारिस पेश गर्न सम्बन्धित

---

[१८४] बुँदा नं. १, सुझावहरूको सारांश, राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समितिको प्रतिवेदन, २०६१।

मन्त्रालयको सचिव, नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर र मन्त्रालयले तोकेको विषयविज्ञ रहेको सिफारिस समिति गठन गर्ने र त्यस्तो स्वायत्त निकायको अध्यक्ष र दुई सदस्यमा पाँच वर्षको लागि नियुक्ति गर्ने गरी सेवा सर्तबारे कानूनमा स्पष्ट व्यवस्था गर्नु उपयुक्त हुन्छ भनी रुपरेखा समेत सिफारिस गरेको छ।

संवत् २०४८ सालदेखि सहकारीको प्रवर्द्धनको युग सुरु भई संख्यात्मक दृष्टिले उल्लेख्य वृद्धि भएको कालखण्डका रूपमा इतिहासमा दर्ज भएको छ। संवत् २०६३ अघि सहकारी संस्थाहरू सहकारीको सिद्धान्तमध्ये निक्कै महत्त्वपूर्ण सिद्धान्त स्वनियमन अर्थात स्वायत्तता र स्वतन्त्रता भन्ने रहेको र सो बमोजिम पूर्णकार्यान्वयनको अभ्यास गर्ने गर्दथे। कतै-कतै केही भाग जानी-नजानी केही संस्थाहरूमा समस्याहरू देखिएता पनि त्यो नगण्य मात्रामा र संस्थाले नै समाधान गर्न सक्ने तहसम्मका थिए। त्यस्तै कर्जा प्रवाह समेत सानो मात्रामा हुने हुँदा वित्तीय महत्त्वाकांक्षाभन्दा पनि सदस्यहरू आर्थिक तथा सामाजिक समस्यामा बढी केन्द्रित भएको पाइन्थ्यो। तर त्यसपश्चात् बसाईसराईको दर तथा प्रकृति समेत परिवर्तन भई खासगरी सहरी क्षेत्रमा घरजग्गाको माग बढेको र राजश्व प्रयोजनार्थ समेत जग्गाको मूल्य सरकारले नै बढाएको पाइन्छ। उक्त समयदेखि हालसम्म सहरका अधिकांश वित्तीय संस्थाहरू, सहकारीहरू, इन्भेष्टमेन्ट कम्पनी र घरजग्गाको कारोबार गर्ने व्यक्ति तथा संस्थाहरूको मुख्य आर्कषक पेसा र क्षेत्र हुनपुग्दा सहरकेन्द्रित बचत तथा ऋण सहकारी संस्थाहरू र बहुउद्देश्यीय सहकारी संस्थाहरूको मुख्य लगानीको क्षेत्र शेयर बजार र घरजग्गा व्यवसाय बनेको देखिन्छ। उक्त समयमा निक्षेपको रकम र प्रकृति समेत अस्वाभाविक वृद्धि भएको र कतिपय स्रोत देखाउन नपर्ने रकम समेत सहकारी संस्थाहरूमा सजिलो तवरले जम्मा हुने र उच्च ब्याज समेत भएकाले उक्त क्षेत्र नै आकर्षक भइरहेका दृष्टान्त कैयौं छन्। हाल आर्थिक मन्दी, सहकारीप्रतिको विश्वासमा कमी र मुख्य गरी कोभिड-१९ को प्रभाव र वित्तीय सङ्कटले गर्दा सहकारी क्षेत्र थला परेको छ। सुमेरू बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष हेमराज दाहालका अनुसार कुनै समय सहकारीमा निक्षेपको चाङ् लाग्ने तर कर्जा माग गर्न कोही नआउने अवस्था थियो र लगानीका अन्य क्षेत्र खोज्नु पर्ने अवस्थामा सहकारी क्षेत्र पुगेको थियो।[१८५] यी सबै दृष्टान्तले दोस्रो तहको नियमनकारी निकायको आवश्यकता र औचित्यलाई थप बल प्रदान गरेका छन्। जनसरोकार तथा जनताको निक्षेप दायित्व समेत जोखिमा परेको कारण र बचत तथा ऋण सहकारी संस्थाहरूले समयमै सदस्यहरूको रकम फिर्ता गर्न असफल भएको र त्यस्ता सहकारीको संख्या बढीरहेको अवस्थामा विभाग, मन्त्रालय तथा संघ, महासंघमा भर गर्न सकिने अवस्था छैन। तथापि यस्तो संस्था बनाउँदा वृहद् सहमतिको वातावरण निर्माण गर्न सके प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ। यस्तो संस्थाको स्थापना गर्न औचित्यमा बहस गरी अविलम्ब ठोस निर्णयका साथ अघि बढ्नु अपरिहार्य आवश्यकता रहेको छ।

---

[१८५] समितिको मिति २०८१।०४।२७ को बैठकमा सोधपुछका क्रममा दाहालले केही करोड त रकमै होइन जस्तो लाग्ने समय पनि थियो भनेर खुलाउनुभएको कुराले सम्पत्ति शुद्धीकरणको दृष्टिले सहकारी क्षेत्र आकर्षक गन्तव्य बनेको थियो भन्ने निष्कर्षमा पुग्न सहज हुन्छ।

नियमावली, २०७५ को नियम २८ (३) र (४) मा ५ करोड भन्दा बढीको जायजेथा भएको सहकारीले सफ्टवेयर एप्लिकेशनमा अभिलेख राखी सोही सूचनालाई विभागको सफ्टवेयरमा प्रविस्ट गर्नु पर्ने कानूनी व्यवस्था व्यवहारमा कार्यान्वयनमा आउन सकेको छैन।

सहकारीसम्बन्धी सूचनालाई एकीकृत गर्नका लागि २०७५ असारदेखि (Cooperative and Poverty related Management Information System अर्थात COPOMIS) प्रणालीको प्रयोग थालिएको भएता पनि यसको निरन्तर अद्यावधिक गर्न dedicated दक्ष जनशक्ति र सहकारी विभागका जिम्मेवार पदाधिकारीको सक्रियता र इच्छाशक्तिको अभावका कारण प्रभावकारी कार्यन्वयन हुन सकेको छैन। COPOMIS प्रणालीमा प्रविष्टिका लागि संघीय सहकारी विभागले कर कार्यालयबाट करचुक्ता प्रमाणपत्र लिँदा होस् वा मालपोत कार्यालयबाट धितो रोक्का राख्दा वा फुकुवा गर्दा COPOMIS को समष्टिगत विवरण अनिवार्य प्रविष्टि गर्नै पर्ने बाध्यात्मक व्यवस्था गरेता पनि ती अभियानहरूको निरन्तरताको अभावको कारण प्रविष्टि सुस्ताउने गरेको देखिएको छ।

संवत् २०१० सालमा स्थापना भएको सहकारी विभागले पछिल्लोपटक २०७७ सालमा सहकारी झलक प्रकाशन हुँदाको समयमा नेपालमा कूल सहकारी ३०८७९ रहेकोमा त्यसका सदस्य ७३ लाख ३६ हजार २ सय ५२ रहेको र ५६ प्रतिशत महिला रहेको भनी उल्लेख गरेको देखिन्छ। नेपालमा रहेका सहकारीमध्ये ०.४१ प्रतिशत संघ, २०.०८ प्रतिशत प्रदेश र ७९.४९ प्रतिशत स्थानीय तहको नियमन क्षेत्राधिकारमा रहेका देखिन्छन्। यी सबै सहकारीको कूल शेयरपुँजी ९४ अर्ब १२ करोड, बचत ४ खर्ब ७८ अर्ब, कर्जा ४ खर्ब ३६ अर्ब ३१ करोड रहेको अनुमान गरिएको पाइन्छ। अद्यावधिक तथ्याङ्क सहितको सूचना नियमित रूपमा प्रकाशन हुन नसक्नुले सूचना व्यवस्थापन प्रणालीको प्रभावकारिता र विश्वसनीयतामा प्रश्न चिन्ह खडा भएको छ। यसले सहकारी क्षेत्रको सूचनालाई अद्यावधिक राख्न र नियमनमा चुनौतिको सामना गर्नु परेको छ।

सहकारी क्षेत्रको Real Time Data को अभावमा प्रभावकारी योजना तर्जुमा, कार्यन्वयन, अनुगमन र सुपरिवेक्षणका लागि एकीकृत सूचना प्रणालीको अभाव गम्भीर चुनौति बनेको छ। सूचनाको केन्द्रीय भण्डार नहुँदा सहकारीहरूको कार्यसम्पादन, अनुपालन स्थिति र सहकारी दर्ता, वित्तीय प्रतिवेदन र अन्य जानकारीहरू ट्रयाक गर्न केन्द्रीय, प्रादेशिक र स्थानीय समस्या पहिचान गर्न नियामकहरूले कठिनाइको सामना गर्नु परेको छ। उदाहरणका लागि, संस्थामा रहेका अभिलेख अनुरुप केन्द्रीयस्तरका नियामक निकायमा र स्थानीय नियामक निकायमा पेश गरिएका प्रतिवेदनहरूसँग मेल नखानु, सूचना प्रणालीको शुद्धता र विश्वसनीयतामा प्रतिकूल प्रभाव परेको देखिन्छ, जसले नीति निर्माण र रणनीतिक निर्णयमा असर पुऱ्याउँछ।

सहकारी क्षेत्रको सूचनालाई अद्यावधिक राख्न र प्रभावकारी व्यवस्थापन गर्न, सहकारी विभागले वास्तविक समय तथ्याङ्क (Real time data) सङ्कलन र विश्लेषणका लागि एकीकृत सूचना COPOMIS प्रणालीलाई सुदृढ बनाई यसको कार्यान्वयनलाई प्राथमिकता दिनुपर्दछ। यसका लागि, समर्पित दक्ष जनशक्ति र सक्रियता सुनिश्चित गर्नुपर्दछ, साथै सिस्टमलाई नियमित रूपमा अपडेट गर्न विशेष अभियान सञ्चालन गर्नु आवश्यक छ। सूचनाको केन्द्रीय भण्डार स्थापना गरेर नियामक निकायहरूले कार्यसम्पादन र अनुपालन स्थिति पहिचान गर्न सजिलो बनाउनुपर्दछ, जसले नीति निर्माण र रणनीतिक निर्णयमा सुधार ल्याउन मद्दत गर्नेछ।

समर्पित दक्ष जनशक्ति र सक्रियता सुनिश्चित गर्नुपर्दछ, साथै सिस्टमलाई नियमित रूपमा अपडेट गर्न विशेष अभियान सञ्चालन गर्नु आवश्यक छ। सूचनाको केन्द्रीय भण्डार स्थापना गरेर नियामक निकायहरूले कार्यसम्पादन र अनुपालन स्थिति पहिचान गर्न सजिलो बनाउनुपर्दछ, जसले नीति निर्माण र रणनीतिक निर्णयमा सुधार ल्याउन मद्दत गर्नेछ।

१६.२० प्रतिवेदनका सिफारिस कार्यान्यनमा सरकारी उदासिनता

सत्तरी वर्षको इतिहास बोकेको सहकारी क्षेत्रमा विभिन्न कालखण्डमा सहकारी क्षेत्रमा उतारचढाव आउने गरेको र देखिएका समस्याको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन समय-समयमा विभिन्न समिति, कार्यदल, आयोग गठन हुने र प्रतिवेदन सरकारलाई बुझाउने गरेको पाइन्छ। सहकारी सम्बन्धमा देखिएका समस्या समाधानका लागि २०४७/७/३० मा राधाकृष्ण मैनालीको संयोजकत्वमा सात सदस्यीय साझा कार्यक्रम कार्यन्वयन, २०६१/४/१३ मा योजना आयोगका सदस्य डा. युबराज खतिवडाको संयोजकत्वमा बचत तथा ऋण सहकारी संस्थाको उपयुक्त कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन, असोजमा तुलसी प्रसाद उप्रेतीको संयोजकत्वमा बचत तथा ऋण सहकारी संस्थाको उपयुक्त कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन, मिति २०६९/५/५ मा अर्थ मन्त्रालयका तत्कालीन सहसचिव बैकुण्ठ अर्यालको संयोजकत्वमा पाँच सदस्यीय बचत तथा ऋण सहकारी संस्थाको नियमन गर्ने सम्बन्धी समिति, मिति २०६९/१०/१२ मा तत्कालिन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको संयोजकत्वमा आठ सदस्यीय समस्याग्रस्त बचत तथा ऋण कारोबार गर्ने सहकारी सस्थाहरूको छानबिन समिति, मिति २०७०/७/१४ को निर्णयानुसार गौरी बहादुर कार्कीको अदक्षतामा तिन सदस्यीय बचत तथा ऋण सहकारीको कारोबार गर्ने समस्याग्रस्त सहकारी सस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०८०/०१/२६ गते राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा तह सदस्यीय सहकारी क्षेत्र सुधार सुझाव कार्यदल लगायतका समिति, कार्यदल र आयोग गठन भएका देखिन्छन्। समितिको संयोजक रहनुभएका सहसचिव बैकुण्ठ अर्याल सचिव हुँदै मुख्यसचिव, महाप्रसाद अधिकारी डेपुटी गभर्नर हुँदै हाल गभर्नर र युबराज खतिवडा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, गभर्नर र अर्थमन्त्री जस्तो कार्यकारी पदमा रहँदा समेत आफ्नै सिफारिसहरू कार्यान्वयन हुन सकेका देखिँदैनन्।

प्रतिवेदनका सिफारिस एकै प्रकृतिका भएता पनि कार्यान्वयनमा सरकारको उदासिनताले सहकारी क्षेत्रको प्रभावकारी व्यवस्थापन र सहकारीको कार्यशैली र विकासमा धेरै असर हुँदा समेत पहिचान भएका समस्यालाई सम्बोधन गर्ने कार्यमा सरकारको जवाफदेहिताको अभाव देखिएको छ। यसले प्रभावकारी नीति तर्जुमा कार्यान्वयन र सहकारीहरूले सामना गर्ने वास्तविक आवश्यकता र चुनौतिहरूलाई सम्बोधन गर्न राज्य असफल भएको परिणाम दिन्छ। प्रतिवेदनहरूले सहकारी दक्षता, सुशासन वा वित्तीय स्थिरता बढाउन सुधार वा पहलहरू अघि बढाउन सुझाव दिएको पाइन्छ, जुन सरकारी हस्तक्षेप र कार्यान्वयनबिना सम्भव हुन सक्दैन।

सरकारको निरन्तर उदासिनताले आमसर्वसाधारणको सहकारी क्षेत्र र राज्य संयन्त्रप्रति विश्वास घटाउन र यस क्षेत्रमा सुधार गर्न सरकारको प्रतिबद्धतामाथिको विश्वासलाई कमजोर बनाएको छ र अझै कमजोर बनाउँछ। यस विश्वासको कमीले सहकारी सहभागिता र समुदायबाट प्राप्त समर्थन कम गर्न सक्छ। सिफारिसहरूमा काम गर्न सरकार असफल हुनुको अर्थ सहकारीहरूलाई समयमै

हस्तक्षेपद्वारा व्यवस्थित वा न्यूनीकरण गर्न सकिने जोखिमहरूको सामना गर्न छोडिएकोले सहकारी क्षेत्रमा वित्तीय अस्थिरता वा सञ्चालन अवरोधमात्र होइन दीर्घकालमा आम नागरिकमा असन्तुष्टि र विरोध बढ्न गई विद्रोहको सम्भावना समेत बढाउँछ।

१६.२१ समस्याग्रस्त सहकारी व्यवस्थापनमा ढिलाई

संघको नियमन क्षेत्राधिकारमा रहेका सहकारीलाई सहकारी विभागको रजिष्ट्रारले सहकारी ऐन, २०७४ को दफा ९७ तथा १०४ बमोजिम कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हितविपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत वा २५ जना सदस्यले छानबिनको लागि निवेदन पेश गरी जाँचबुझ गर्दा सदस्यको हित विपरीत कार्य भएको, वित्तीय दायित्व पूरा नभएको, सदस्यको बचत निर्धारित शर्तबमोजिम फिर्ता गर्न नसकेको, कानून विपरीत संस्था सञ्चालन भएको, गम्भीर आर्थिक संकट देखिएको अवस्थामा अन्य सुधारात्मक उपाय नभएको (जरिवाना गर्ने, आंशिक वा पूर्णरूपमा कारोबारमा रोक लगाउने आदि) अवस्थामा उपदफा (१) बमोजिम गरिएको सिफारिसमा उपदफा (२) अनुसार मन्त्रालयले समस्याग्रस्त सहकारी संस्थाको रूपमा घोषणा गर्न सक्छ। यसै व्यवस्थाअन्तर्गत मन्त्रालयले अर्बौं रुपैयाँ अपचलनमा संलग्न भएका हालसम्म २२ वटा सहकारी संस्थाई समस्याग्रस्त घोषणा गरेको करिब पाँच वर्षपछि बल्लतल्ल ३ वटाको मात्र समस्या समाधान भएको बताइए पनि सरकारबाट त्यसको औपचारिक घोषणा अहिलेसम्म हुन सकेको छैन। सहकारी ऐनको दफा १०४ देखि दफा १२१ सम्मको कानूनी व्यवस्था र पटक-पटक गठन भएका समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट समस्याको निराकरण समयमै सम्पादन नहुँदा केही बचतकर्ताको उपचारका लागि समेत बचत फिर्ता नपाई मृत्यु समेत भइसकेको देखिन्छ।

सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त घोषणा भएका २२ वटा सहकारी संस्थाको चल-अचल सम्पत्ति र सञ्चालकहरूको निजी सम्पत्ति लिलामी गरेर बचतकर्ताहरूको पैसा फिर्ताको जिम्मेवारी पाएको छ। तर सहकारी संस्थाका सञ्चालकहरूले बचतकर्ताहरूको पैसाबाट घरजग्गा किन्ने र त्यस्तो सम्पत्ति बैङ्कमा धितो राखेर ऋण लिएको पाइएका कारण लिलामी प्रक्रियामा समस्या भएको देखिन्छ। सहकारी ठगी र बचतकर्ताको रकम अपचलनको विषय बचतकर्ताहरू र निजको परिवारको जीवनसँग समेत जोडिएको हुन्छ। दैनिक सानोतिनो कारोबार गरेर जनताले नजिकको सहकारीमा थोरै-थोरै रकम जम्मा गरेका हुन्छन्। उक्त रकम सहकारीमा सुरक्षित हुने र आफूलाई आवश्यक परेको समयमा काम लाग्ने उनीहरूको विश्वास हुन्छ। सोझा र न्यून आए भएका जनताको त्यही रकम हिनामिना गरिदिनु ठूलो अपराध हो भने ठगी कार्यमा संलग्नलाई समयमै ठेगान नलगाउँदा बचतकर्ताले हैरानी व्यहोर्नु परेको अवस्थामा समग्र सहकारीप्रतिको आम धारणामा नकारात्मकता बढ्दै गएको देखिन्छ।

१६.२२ सञ्चालन र नियमनको द्वन्द्वमा बचत तथा ऋणको बैङ्किङ्ग कारोबार

सहकारीको मूल्य, मान्यता, आदर्श र सिद्धान्तमा प्रतिबद्ध नेपालको संविधान र सहकारी ऐनले लक्षित गरेको वर्गबाट सञ्चालित सहकारी संस्थामा समस्या छैन। छ त केबल सामजिक कार्यकर्ता

र सर्वसाधारण उपभोक्ताको नाममा सहकारी संस्थामा प्रवेश गरी संस्थालाई आफ्नो कब्जामा लिई बचत तथा ऋण कारोबारको नाममा "मिनी बैङ्क" चलाउन खोज्नेहरूमा। आकर्षक ब्याजको प्रलोभन देखाई सङ्कलन गरेको निक्षेप रकमबाट राज्यशक्तिलाई प्रभावमा पारी कानून बनाउने र समस्याको कारण खोज्दा समस्याको पहिचान गर्न समेत नदिने प्रवृत्ति र त्यसैलाई संरक्षण गर्ने राज्य संयन्त्र नै समस्याको मूल जड हो। उत्कृष्ट सहकारी पुरस्कार पाएका संस्थाहरू एक वर्ष/छ महिना नहुँदै समस्यामा पर्नु यसका उदाहरण हुन्। सहकारीमा आफ्नो श्रम र पसिना बेची आर्जेको बचत रकम फिर्ता नपाएका कारण उपचारसम्म गर्न नपाई मृत्युवरण गर्न बाध्य पीडितहरूको हित सुरक्षा राज्यको दायित्व हो।

बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सहकारी ऐनको दफा १३ बमोजिम दर्ता हुनुका साथै नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७६ वा दफा ७८ बमोजिमको अनुमति[१८६] समेत लिएर मात्र बैङ्किङ्ग प्रकृतिको कारोबार गर्नु पर्ने हो। उक्त ऐनको परिभाषामा वित्तीय संस्थाको परिभाषामा सहकारी समेत समेटिएको पनि छ। राष्ट्र बैङ्क ऐन अनुसार नेपाल राष्ट्र बैङ्कबाट पूर्वस्वीकृति वा इजाजत नलिई बैङ्किङ्ग प्रकृतिको कारोबार गर्नु कसुरजन्य कार्य हो।[१८७] तर सहकारीक्षेत्रका लागि विशेष कानूनका रूपमा रहने सहकारी ऐन, २०४८ को दफा २६ मा सोही प्रकृतिको व्यवस्था भएको देखिएता पनि सहकारी ऐन, २०७४ मा त्यस्तो प्रबन्ध नरहेको र विशेष कानून नै प्रचलन गर्ने भएका कारण त्यस्तो प्रबन्ध कार्यान्वयन हुन सकेन।

सर्वोच्च अदालतले सहकारी ऐन, २०७४ जारी भैसकेपछि २०७४ माघ १५ मा सो ऐन जारी हुनुपूर्व सहकारी ऐन, २०४८ बहाल रहेको अवस्थामा दायर भएको सार्वजनिक सरोकारको विवाद सम्बन्धी रीटमा बैङ्किङ्ग प्रकृतिका कारोबार गर्ने सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैङ्कबाट पूर्वस्वीकृति लिनु पर्ने तथा कारोबारको जानकारी लिने, अनुगमन गर्ने, तथ्याङ्क राख्ने समेतका कार्य

---

[१८६] नेपाल राष्ट्र बैङ्क ऐन ,२०५८ को दफा ७६ र ७८ मा देहायको प्रबन्ध छ-:

७६. <u>निक्षेप लिन वा कर्जा दिन बैङ्कको स्वीकृति लिनु पर्ने</u> :(१) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै पनि प्रकारको निक्षेप लिन वा कर्जा दिन बैङ्कबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

)२) उपदफा (१) बमोजिमको स्वीकृति प्रदान गर्दा बैङ्कले तोकिए बमोजिम आवश्यक शर्त समेत निर्धारण गरी स्वीकृति प्रदान गर्न सक्नेछ र त्यस्तो शर्तहरुको पालना गर्नु सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ।

७८. <u>बैङ्कबाट इजाजतपत्र लिनु पर्ने</u> :(१) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न बैङ्कबाट तोकिए बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

)२) उपदफा (१) बमोजिमको इजाजतपत्र प्रदान गर्दा बैङ्कले तोकिए बमोजिम आवश्यक शर्त समेत निर्धारण गरी इजाजतपत्र प्रदान गर्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ।

[१८७] नेपाल राष्ट्र बैङ्क ऐन-:मा देहायको प्रबन्ध छ ७८र ७६को दफा २०५८ ,

९५. <u>यस ऐन बमोजिम कसुर गरेको मानिने</u> :(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुने गरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिवेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा बैङ्कले निर्धारण गरेको नीति विपरीत ब्याज लिनु वा दिनु गरेमा वा जाली वा खोटो वा नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा त्यस्तो मुद्रा वितरण वा लेनदेनमा संलग्न भएमा, विदेशी विनिमय कारोबार गरेमा वा त्यस्ता कार्यमा संलग्न भएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन पालना नगरेमा समेत निजले यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

गर्नु गराउनू भनी विपक्षीहरूका नाममा परमादेश पारी भएको छ।[१८८] उक्त रीटमा तत्सम्बन्धी नीतिगत मापदण्ड तय गर्न निर्देशनात्मक आदेश समेत जारी भएको देखिन्छ। सहकारी ऐन, २०७४ जारी भएको तीन महिना १५ दिनपछिको उक्त आदेशउपर विपक्षी बनाइएका नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल राष्ट्र बैङ्कमध्ये कुनै पनि निकायले उक्त निर्णयलाई पुनरावलोकन गरी चुनौति दिएको अवस्था पनि छैन। सहकारी ऐन, २०७४ मा त्यसपछि भएका संशोधनले उक्त विषयलाई सम्बोधन गरेको पनि देखिँदैन।

बरू उल्टै नेपाल राष्ट्र बैङ्कबाट पूर्वस्वीकृति लिएका ३४ संस्थामध्ये बाँकी रहेका १५ संस्थाको स्वीकृति समेत एउटै निर्णयबाट खारेज गरियो। बेलगाम बैङ्किङ्ग प्रकृतिको कारोबार गर्ने संस्था वित्तीय अनुशासनमा रहनु पर्दछ भन्ने कुराको आकलन अदालतले सम्म गरेको देखिएता पनि सरकारका अन्य निकायले गर्न सकेनन्। विधि निर्माताहरूले स्वनियमनकै सिद्धान्तले काम गर्ने ठाने र सोही बमोजिम सहकारी कानून बनाउँदा राष्ट्र बैङ्कको पूर्वस्वीकृति लिने कुरालाई झिकियो। राष्ट्र बैङ्कले सहकारी नियमनबाट आफूलाई झिक्दै गयो। वास्तविक कार्यकारी सरकार "सबै ठिकठाक चलिरहेको छ" भनेर सोच्नु यसको चरित्र नै भैहाल्यो। आफूलाई "सहकारी अभियान"को नाम दिने अभियन्ताहरू सहकारी संस्थाका बढ्दै गरेका "साइन बोर्ड" हेर्दै रमाए। त्यस बाहेक सोच्ने कुरा भएन। परिणाम, बैङ्कजसरी सहकारी चलाउनेहरू बेलगाम बने र आजको समस्या आयो।

तथापि सरकारमा अझै पनि आयोग र समिति बनाएरै अल्मल्याउने मनोदशा देखिन्छ। त्यस्ता आयोग कार्यदलका प्रतिवेदन बेलैमा कार्यान्वयन भएका भए आजको समस्या आउने नै थिएन। युनिटी टावर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको मुद्दामा सर्वोच्च अदालतबाट "कुनै व्यक्ति, संस्था वा कम्पनीहरूबाट सञ्चालित गैह्रकानूनी कारोबार तथा अन्य अनियमित काम कारवाहीबाट आम जनताको सम्पत्तिसम्बन्धी हकमा असर परेको, जनताहरू ठगिने, झुक्किने काम कारबाही भए गराइएका छन् भन्ने कुरा सार्वजनिक जानकारीमा आएपछि यस सम्बन्धमा सत्य तथ्य पत्ता लगाई दोषीहरूमाथि कानूनी कारवाहीको प्रक्रिया सुरु गर्ने गराउने कुरा नेपाल सरकारमा अन्तर्निहित संवैधानिक दायित्व तथा कर्तव्य हुने" भनी नजिर प्रतिपादन भएको पनि छ।[१८९] तर सरकारको सोही रूपको सक्रियता अनुभूत हुन सकेको छैन।

१६.२३ औचित्यको बहसमा बचत तथा ऋण सहकारीको भिन्न नियमन

आजको समस्याले बचत तथा ऋण सहकारीको नियमनमा केही कडाई गरी भिन्न नियमनमा जानै पर्ने देखाएको छ। आजको दिनमा सार्वजनिक रूपमा चलेको बहस, हालसम्म हामीले गरेको अभ्यास र समितिमा भएको लामो छलफल, जाँचबुझ र तथ्य पहिचान एवं विश्लेषण समेतका आधारमा बचत तथा ऋण सहकारी नियमनका केही मोडल हुन सक्छन्। सहकारी नियमनको सिङ्गो ढाँचाभित्र बचत तथा ऋण सहकारी नियमनका तीनवटा विकल्प हुन सक्छन्। पहिलो, हालकै संरचनामा सहकारी नियमनलाई केही प्रभावकारी बनाउने र बचत तथा ऋण सहकारी

---

[१८८] अधिवक्ता धर्मप्रसाद पौडेल विरूद्ध नेपाल राष्ट्र बैङ्क समेत भएको नं ०७२-WO-०८३९। फैसला मितिः २०७४।१०।१५।

[१८९] नेपाल कानून पत्रिका २०६९, अङ्क ४, निर्णय नं ८८१४, युनिटी टावर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषणयुक्त परमादेश समेत।

जति सबैलाई निश्चित सीमाभन्दा बढीको आर्थिक कारोबार गर्ने विषयगत, उत्पादनमूलक र बहुउद्देश्यीय सहकारी संस्था समेतलाई नेपाल राष्ट्र बैङ्कबाट नियमन गर्ने, गराउने। यस मोडेलमा जाँदा सहकारी संस्थाको दर्ता गर्ने निकाय र वित्तीय नियमन गर्ने निकाय अलग-अलग हुन जाने देखिन्छ। एउटा निकाय दुईवटा निकायको नियमन क्षेत्राधिकारमा रहनु पर्ने देखिन्छ। यद्यपि बचत तथा ऋणको कारोबारका लागि मात्र नेपाल राष्ट्र बैङ्क उत्तरदायी हुनु पर्ने स्थिति रहन्छ। यो ढाँचामा जाँदा नेपाल राष्ट्र बैङ्कमा केही जनशक्ति र स्रोतको प्रबन्ध गर्नु पर्ने हुन्छ। एक जना डेपुटी गभर्नर वा निर्देशक दर्जाका अधिकारीको नेतृत्वमा बचत तथा ऋण हेर्ने स्थायी संरचना रहन्छ।

यो ढाँचाको दुईवटा दर्शन हुन सक्छ। एउटा, केन्द्रीय बैङ्कले नियमन गर्ने हुँदा सहकारी संस्थाहरू वित्तीय रूपमा बलिया हुँदै जान्छन्। वित्तीय सुशासन प्रभावकारी हुन्छ। सहकारी मूल्य, मान्यताको प्रवर्द्धनमा सहकारी हेर्ने अर्को नियामकबाट पनि हेरिरहेकै अवस्था हुन्छ। सहकारी मूल्य पनि मर्दैन र वित्तीय स्वास्थ्य पनि सकारात्मक हुन्छ। बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरू बढ्ता उत्पादन, बजारीकरण जस्ता सहकारी मूल्य प्रवर्द्धनमा लाग्ने र बचत तथा ऋण सहकारी संस्थाहरू वित्तीय परिचालनमा केन्द्रित हुने अवस्था रहन्छ। अर्को दर्शन, साना-साना सहकारी संस्थाको नियमनमा लाग्ने हो भने समग्र मुलुकको मौद्रिक स्वास्थ्य हेर्नु पर्ने केन्द्रीय बैङ्कको सामर्थ्य विकेन्द्रित हुन्छ र राष्ट्र बैङ्कको विज्ञतालाई राज्यले जुन रूपमा उपयोग गर्नु पर्ने हो, सो रूपमा उपयोग गर्न सक्दैन।

दोस्रो मोडल लामो समयदेखि बहसमा रहेको दोस्रो तहको नियमनकारी निकाय (Second Tier Institution -STI) को स्थापना गरी सोही संस्थाबाट समग्र सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षण गर्ने हो। नेपाल सरकारको सहकारीसम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल राष्ट्र बैङ्कको निगरानी वा दृष्टिमा रहने गरी विज्ञ सम्मिलित मुलुकको नीति तथा कार्यक्रम र बजेटको सीमामा रही स्वायत्त र स्वतन्त्र रूपमा कार्यसञ्चालन हुने गरी दोस्रो तहको नियमनकारी निकाय स्थापना गरी सोही निकायबाट सहकारी संस्थाहरू इजाजतदेखि अनुगमन, नियमन र खारेजसम्मका कार्य गर्ने विकल्प उपयुक्त हुन सक्छ। यस ढाँचाको चुनौति भनेको हाल सहकारी संस्थाहरू प्रदेश र स्थानीय तह अन्तर्गत नियमन हुने गरी प्रबन्ध गर्न खोजिएको अवस्थामा संघमा त्यस्तो निकाय स्थापना गर्नु कति उपयुक्त र सान्दर्भिक हुन्छ भन्ने हो। दोस्रो तहको नियमनकारी निकाय स्थापना गर्दा पनि त्यस अन्तर्गत बचत तथा ऋण सहकारी हेर्ने अलग्गै वित्तीय विश्लेषक सहितको जनशक्ति र सङ्गठन संरचना भने अपरिहार्य हुने देखिन्छ।

तेस्रो मोडल वा विकल्प भनेको अमेरिका लगायतका देशहरूमा रहे जस्तो क्रेडिट युनियन कानून बनाई बचत तथा ऋण सहकारीहरूलाई अलग्गै कानूनी प्रबन्ध अन्तर्गत नियमन गर्नु हो। यसरी नियमन गरिएमा बचत तथा ऋण सहकारीहरू अलग्गै कानूनी हैसियत भएका सहकारी संस्था हुने र यसको नियमन र सञ्चालन सम्बन्धमा विशेष व्यवस्था सोही कानूनबाटै हुने अवस्था रहन्छ। नियामक समेत फरक रूपमा प्रबन्ध गर्नु पर्ने आवश्यकता महसुस हुन सक्छ। यसरी अलग्गै कानूनबाट नियमन गर्दाको प्रभाव भनेको अन्य सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरू फरक-फरक हुन् भन्ने सन्देश स्थापित हुने अवस्था आउन सक्दछ। राज्यको स्रोत र

साधनको बढ्ता खर्च हुने अवस्था समेत रहन जान्छ। बचत तथा ऋण सहकारी संस्थाहरूलाई नियमन गर्ने सन्दर्भमा माथि उल्लिखित विकल्पहरूमध्ये कुनै एउटामा जानु सान्दर्भिक देखिन्छ।

यसै सन्दर्भमा केही अन्तर्राष्ट्रिय दृष्टान्त हेर्दा ल्याटिन अमेरीकी मुलुक ब्राजिलमा National Monetary Council ले वित्तीय सहकारीलाई नियमन गर्दछ भने केन्द्री बैङ्क Banco Central do Brasil ले सुपरिवेक्षण गर्ने गर्दछ। अफ्रिकी मुलुक केन्यामा The SACCO Societies Regulatory Authority (SASRA) नामक सरकारी निकायले बचत तथा ऋण सहकारीलाई दर्ता, नियमन तथा सुपरिवेक्षण गर्दछ। मध्यपूर्वी इजरायलमा सरकारी निकाय Registrar of Cooperative Societies ले सहकारीको दर्ता, नियमन तथा सुपरिवेक्षण गर्दछ। फिलिपिन्समा सरकारी निकायका रूपमा रहेको Cooperative Development Authority ले सहकारीको नियमन र सुपरिवेक्षण दुबै कार्य गर्दछ भने दक्षिण कोरियामा National Credit Union Federation of South Korea (NACUFOK) ले देशभरका जम्मा ८८८ वटा Credit Union अर्थात सहकारीलाई नियमन र सुपरिवेक्षण दुबै कार्य गर्दछ।

त्यस्तै दक्षिण एसियाली मुलुक पाकिस्तानमा सरकारी निकायका रूपमा रहेको Cooperative Societies Department ले सहकारीको दर्ता, नियमन र सुपरिवेक्षण गर्दछ भने अफ्रिकी मुलुक युगाण्डामा Ministry of Trade, Industry and Cooperatives ले सहकारीको दर्ता, नियमन र सुपरिवेक्षण गर्दछ। युरोपेली मुलुक आयरल्याण्डमा केन्द्रीय बैङ्कको महाशाखा The Registry of Credit Unions (RCU) ले Credit Union को दर्ता, नियमन र सुपरिवेक्षण गर्दछ। भारतमा Registrar of Cooperative Societies ले सहकारीको दर्ता तथा नियमन गर्ने तथा National Bank for Agricuture and Rural Development (NABARD) ले सहकारीको सुपरिवेक्षण गर्दछ भने बङ्गलादेशमा सरकारी निकाय Department of Cooperatives ले सहकारीको नियमन र सुपरिवेक्षण गर्ने गरेको देखिन्छ। यी केही दृष्टान्तका आधारमा नेपालले माटो सुहाउँदो एउटा मोडल तय गर्नु उपयुक्त हुने देखिन्छ।

१६.२४ सम्पत्तिमा गणनाअयोग्य असुरक्षित ऋण

यस समितिमा सोधपुछका लागि बोलाइएका सबै सहकारी सञ्चालकहरूले भन्ने गरेको एउटा कुरा साझा रह्यो। त्यो हो, "म/हामीसँग दायित्वभन्दा सम्पत्ति बढी छ। समय पाएमा समस्या समाधान हेतु व्यवस्थापन गर्न सक्छौं।" सबै सञ्चालकले यही भन्ने र सुशासनपूर्वक संस्था चलाएको दावी गरिरहँदा प्रश्न उठेको छ। समस्या कहाँ छ त ? के समस्या बचतकर्तामा हो ? के समस्या ऋणीमा हो ? के समस्या नियामकमा हो ? समितिले वित्तीय विश्लेषणका क्रममा हेरेका केही तथ्यअनुसार सुरूमा छ करोड सावाँ रहेको ऋण आजका दिनमा लेखाप्रणालीमा ५६ करोड भन्दा बढी पुगेर जनिएर रहेको छ। ८ करोड रूपैयाँ सावाँ आज ७६ करोड पुगेको स्थिति छ।[१९०] लेखाप्रणालीले उक्त पूरा मूल्यलाई सम्पत्ति जनाउने नै भयो। के त्यो औचित्यपूर्ण र कानूनसम्मत छ त ? अहं प्रश्न छ।

केही त्यस्ता ऋणीहरूले समिति समक्ष निवेदन पनि दिएका थिए। समितिले केही ऋणीहरूलाई समितिमै बोलाएर जानकारी लिएको पनि थियो। ऋणीले ऋण चुक्ता गरिसकेपछि लेखाप्रणालीमा

[१९०] गोरखा बचत तथा ऋण सहकारी संस्था लि.मा यस्ता ऋणहरू देखिएका छन्।

त्यसलाई खुलाई जनाइदिने काम नभएको ऋणीहरूको गुणासो छ। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा ऋणी देखिएका नेत्रपाणी बास्तोलाले आफूले एकपटक उक्त सहकारीबाट ऋण लिएको र चुक्ता गरेको तर संस्थाले आफ्नो नाममा पुनः कर्जा खडा गरेको देखाएको भन्दै यस समितिमा निवेदन दिएका छन्। पछिल्लो पटकको ऋणसँग सम्बन्धित कुनै कागजमा भएको दस्तखत आफ्नो नभएको उनको दावी रहेको छ। पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री समेत रहेका रवी लामिछानेसहितका ऋणीहरूले आफ्नो नाममा देखाइएको ऋण प्रवाहको कुनै प्रक्रियामा आफू संलग्न नभएको भनी समिति समक्षको सोधपुछमा खुलाएका छन्।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा अहिले दिनकै यस्ता सवालहरू आउने गरेका छन्। वरिष्ठ सैनिक अधिकारीसँग सहकारी सञ्चालकको हिमचिम भएका कारण ती सैनिक अधिकारी र सहकारी सञ्चालकका बीचमा भएको अज्ञात लेनदेनको रकम बुझिदिन गएका सैनिक यतिबेला खराब ऋणीको रूपमा कालोसूचीमा पर्ने अवस्थामा रहेका छन्। ललितपुरमा रहेको श्री लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि. ले २०६१ सालतिरै कर्जावापतको धितो सकारी चुक्ता गरेको ऋण अहिलेसम्म लेखाप्रणालीको सिस्टममा फरफारक नदेखाउँदा एकजना कलाकारमा नाममा आज पनि अथाह ऋणको भारी देखिन्छ। प्राज्ञिक क्षेत्रमा ख्यातिप्राप्त, राजनीतिक रूपमा चर्चित र अन्य पेशा व्यावसायमा रहेका धेरै व्यक्तिको नाममा यस्ता ऋणहरू देखिन्छन्।

यस्ता कुराको वास्तविकता त ती दुवै पक्ष आमनेसामने भएका बखत वा आधिकारिक निकायबाट तत्सम्बन्धमा छानबिन घोषणा हुँदाका बखत नै यकिन होला तर सहकारी संस्थाहरूले ठूलो सम्पत्तिका रूपमा प्रस्तुत गरेका ऋणहरू सुरक्षित छैनन् भन्नचाँहि सकिन्छ। समितिको अध्ययनका क्रममा यो समस्याको अर्को गम्भीर पाटोको रूपमा देखिएको छ। संस्थाले सम्पत्तिका रूपमा प्रस्तुत गरेका ती ऋणहरू सम्पत्तिका रूपमा गणनाअयोग्य त होइनन् भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ।

१६.२५ सहकारी-गोरखा मिडिया कारोबारः बेखबर सञ्चालक र नियामक

सहकारी कानूनअनुसार सहकारी संस्थाले कारोबार, व्यवसाय र उद्योग वा परियोजना सञ्चालन गर्न चाहेमा संस्थाको उद्देश्य र कार्यक्षेत्रसँग सम्बन्धित रही छुट्टै संस्था दर्ता नगरी कानून बमोजिम इजाजतपत्र वा अनुमितपत्र लिनु पर्ने भएमा सो समेत लिई रजिष्ट्रारलाई जानकारी गराई सहकारीकै नाममा ब्राण्डिङ्ग गर्ने गरी त्यस्तो कारोबार, व्यवसाय र उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने गरी प्रबन्ध गरेबाहेक कुनै कम्पनी वा निजी फर्ममा लगानी गर्न वा सापटी दिने कुराको परिकल्पना छैन। तर पोखराको सूर्यदर्शन र बुटवलको सुप्रिम लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. मा नियमितजसो रकम प्रवाह भइरह्यो तर कानून विपरीतको त्यो कार्य कसैले थाहा पाएनन्।

अरू त बेखबर रहे, रहे। गोरखा मिडिया नेटवर्क प्रा.लि.कै सञ्चालकहरूले सोछपुछको क्रममा आफूहरूलाई समेत उक्त रकम सहकारीबाट प्रवाह भएको कुरा आफूहरूलाई थाहा नभएको बताए। कम्पनीको शेयर स्वामित्व सहितका सञ्चालकहरूले कम्पनीमा आएको रकमका सम्बन्धमा के दायित्व रहन्छ भन्ने सम्बन्धमा प्रचलित कानूनी व्यवस्थाकै आधारमा व्याख्या होला। सोधपुछका क्रममा सञ्चालक मध्ये पैतिस प्रतिशत स्वामित्व रहेका छबिलाल जोशी ले आफू गोरखा

मिडिया नेटवर्क प्रा.लि को दैनिक कार्य सञ्चालनमा नरहेकाले आर्थिक मामलामा जानकारी नरहेको बताउनु भयो। त्यसैगरी, पन्ध्र प्रतिशत शेयर स्वामित्व रहेको रबी लामिछानेले कम्पनीमा आएको सम्पूर्ण रकमको जिम्मेवारी कार्यकारी अध्यक्ष गितेन्द्रबाबु (जीबी) राईले लिएको र उक्त जिम्मेवारी कम्पनीको लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा जी वी राईले गरेको प्रमाणीकरणले पनि पुष्टि हुने कुरा सोधपुछमा समितिलाई बताउनु भएको थियो। समितिले सहकारी र कम्पनीका लेखापरीक्षकहरूसँग गरेको थप छलफलले पनि तत्कालीन अवस्थामा गोर्खा मिडियामा प्रवाह भएको रकम उक्त कम्पनीको बैङ्क स्टेटमेण्ट मार्फत प्रत्यक्ष सहकारीबाट आएको नदेखिने र अध्यक्ष राईले सबै रकम आफ्नो जिम्मेवारीमा रहेको लिखित प्रतिवद्धता व्यक्त गरिसकेपछि सोहीअनुसार लेखापरीक्षण प्रतिवेदन तयार पारिएको जानकारी गराउनु भयो।

गोरखा मिडिया नेटवर्क प्रा.लि. कै तत्कालीन सञ्चालकद्वय छबिलाल जोशी र रबी लामिछानेले उक्त कम्पनीको शेयर किने र बेचेवापतको पूरा रकम समेत बैङ्कमा दाखिला गरेको देखिँदैन। समिति समक्षको सोधपुछको क्रममा रवि लामिछाने जीले आफूले "Sweat Equity" का रूपमा पन्ध्र प्रतिशत शेयर लिएको र उक्त कुरा पहिले पनि सार्वजनिक गरिसकेको बताउनु भयो। साथै कम्पनीको स्वामित्व हस्तातरण (share transfer) को व्यवस्थापन गर्ने जिम्मा पनि कार्यकारी अध्यक्षलाई नै दिएको समेत बताउनु भएको थियो। निजहरूकै जवाफलाई आधार मान्ने हो भने रकम जम्मा गरेको भौचर पेश गरी बैङ्किङ्ग कारोबार गरेको देखाई पछि रकम नलिई/नदिई शेयर किनवेच भएको भन्ने देखिन्छ। यसबाट सहकारीमात्र होइन कम्पनीकै कागजातहरू कसरी तयार गरिन्थे/गरिन्छन् भन्ने एउटा चित्र छर्लङ्ग हुन आउँछ। बैङ्कले छाप लगाएको भौचर हुने तर रकम नजाने कसरी हुन्छ ?

सहकारीहरू सूर्यदर्शन, पोखरा, सुप्रिम, बुटवल, स्वर्णलक्ष्मी, काठमाडौं, सहारा चितवन, चितवन र सानोपाइला, वीरगञ्ज सेमतबाट गोरखा मिडिया नेटवर्क प्रा.लि.मा प्रवाह भएको रकम प्रवाह भएको तथ्य स्पष्ट छ। ऋणको कुनै पनि प्रक्रिया पूरा नगरी, कुनै ऋणमागको फारम वा धितो नराखी सहकारीहरूबाट ठूलो रकम प्रवाह भएको छ। तर कम्पनीका दुवैजना सञ्चालक मात्र होइन, सहकारीकै सञ्चालक समितिका अध्यक्ष लगायत अन्य सञ्चालकहरूले पनि यती ठूलो रकम सहकारीबाट कम्पनी मा प्रवाह भएको आफूलाई जानकारी नभएको कुरा यस समितिलाई बताउनु भयो कम्पनी र सहकारी कानूनले परिकल्पना गरेको सुशासन यहीं हो त ? प्रश्न अहं छ। यसले सहकारी क्षेत्रमात्र हैन हाम्रो समग्र बैकिक प्रणाली भित्रको पारदर्शीता नै प्रश्नको घेरामा परेको देखिन्छ।

१६.२६ नयाँ संरचनाको प्रस्तावः वित्तीय अपराध अनुसन्धान ब्युरो

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा बचत रकम ठगी गरेको अभियोगमा सहकारी ठगी मुद्दामा थुनामा रहेका भविश्वर अर्यालले यस समितिसँगको सोधपुछमा आफूले नै प्रहरीलाई सूर्यदर्शन सेमतका सहकारी र गितेन्द्रबाबु राई स्वामित्वमा रहेका कम्पनीहरूको लेखाप्रणाली रहेको सफ्टवेयरका बारेमा जानकारी दिएको र सफ्टवेयरबाट सूचना निकाल्न समेत सहयोग

गरेको उल्लेख गर्नु भयो।[१९१] आफू एकाउन्टिङ्ग सफ्टवेयर डेभलपर भउको हुँदा सहकारीसँग जोडिएको तर सहकारीको शेयर सदस्य वा सञ्चालक नरहेको र हस्ताक्षर समेत कीर्ते गरिएको उहाँको जिकिर थियो। जब-जब प्राविधिक विषयमा अध्ययन-अनुसन्धान र जाँचबझ गर्नु पर्ने हुन्छ अनुसान्धानकारी निकायलाई त्यसको विज्ञ सेवाको जरुरत पर्दछ। वित्तीय परिचालन समेत आफैंमा प्राविधिक प्रकृतिको काम भएको हुँदा यस विषयको अनुसन्धानमा पनि विशिष्टीकृत अनुसन्धान निकायको आवश्यकता महसुस हुन्छ।

विशिष्ट प्रकृतिका कसुरहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-२ मा राखी विशिष्ट निकायबाट अनुसन्धान गराउने अभ्यास छ।[१९२] अनुसूची-१ मै रहेका कसुरका सम्बन्धमा समेत अनुसन्धान गर्ने विशिष्टीकृत निकायको आवश्यकता महसुस गरी प्रहरीले लागू औषध नियन्त्रण ब्युरो, मानब बेचबिखन नियन्त्रण ब्युरो, साइबर ब्युरोलगायतका विशिष्टीकृत निकाय खडा गरेको पाइन्छ। यि सबै प्रयासहरूको पछाडिको उद्देश्य एउटै छ। त्यो हो, अनुसन्धानकारी निकाय विशिष्ट ज्ञान र क्षताले युक्त हुनु पर्दछ। वित्तीय अपराधका सम्बन्धमा पनि यस विषयमा हुने अपराध अनुसन्धानका लागि विशिष्टीकृत निकायको अत्यावश्यकता महसुस भइरहेको छ। हाल वित्तीय कसुरको अनुसन्धान गरीरहेका प्रहरी अधिकृतहरू समेत प्रहरीभित्रै वा बाहिर जहाँ भए पनि वित्तीय अपराधमा अनुसन्धान गर्ने विशिष्टीकृत निकायको स्थापनामा जोड दिन्छन्।[१९३] त्यस्तो निकाय स्थापना नभएका कारण प्रहरीले सहकारी कसुर सम्बन्धी मार्गदर्शन तयार गरी २०८० जेठ २८ गते मातहतका प्रहरी कार्यालयहरूमा पठाएको थियो।[१९४] यद्यपि हरेक कसुरभिन्न र फरक प्रकृतिको हुने भएको हुँदा कनै एउटा मार्गदर्शन सबैका लागि उपयोगी नहुन समेत सक्दछ।

त्यसैले सहकारी समेतका समग्र वित्तीय अपराध हेर्न र अनुसन्धान गर्नका लागि विशिष्टीकृत निकायका रूपमा वित्तीय अपराध अनुसन्धान एकाइ खडा गर्नु अपरिहार्य भैसकेको छ। जिल्लाहरूका मौजुदा निकायबाटै अनुसन्धान हुने भएता पनि ठूला सहरका वित्तीय कसुरको आकार र प्रकृति दुवै ठूलो हुने भएको हुँदा त्यस्तो विशिष्टीकृत संरचना मार्फत अनुसन्धान गर्ने, गराउने प्रबन्ध गर्न सकिएमा प्रभावकारी हुने देखिन्छ।

---

[१९१] अर्यालसँग २०८१ साउन २९ मा भएको सोधपुछमा त्यस्तो व्यहोरा खुलाउनुभएको हो। सोधपुछको पूर्णविवरण अनुसूचीमा समावेश छ।

[१९२] अध्यागमन सम्वन्धी कसूरमा अध्यागमन विभागबाट, राष्ट्रिय निकुञ्ज र वन्यजन्तुसँग सम्वन्धित कसूरमा निकुञ्ज कार्यालयबाट, वन सम्वन्धी कसूरमा डिभिजन वन कार्यालयबाट, राजश्व सम्बन्धी विषयमा राजश्व अनुसन्धान विभागबाट अनुसन्धान गरिने व्यवस्था छ। त्यस्तै संविधानले नै भ्रष्टाचार सम्वन्धी कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान हुने व्यवस्था गरेको छ।

[१९३] समितिमा २०८१ असार २१ गतेको बैठकमा उपस्थित नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोका प्रमुख अतिरिक्त प्रहरी महानीरिक्षक श्यामलाल ज्ञवालीले वित्तीय अपराधमा अनुसन्धान गर्ने छुट्टै व्युरो स्थापना गर्न सकेका प्रभावकारिता हुने वताउनुभएको थियो।

[१९४] सोही बैठकमा नेपाल प्रहरीको अपराध अनुसन्धान विभागका प्रमुख अतिरिक्त प्रहरी महानीरिक्षक टैकवहादुर तामाङ्गले जानकारी गराउनुभएको थियो।

१६.२७ सम्पत्ति व्यवस्थापनको उपाय विशिष्टीकृत पब्लिक कम्पनी

समितिमा छानबिनका क्रममा सोधिएका ४७ जना सहकारी सञ्चालकहरू सबैले कुनै न कुनै रूपमा आफ्नो सम्पत्ति भएको र त्यस्तो सम्पत्तिको व्यवस्थापनबाट बचतकर्ताको बचत रकम फिर्ता गर्न सक्ने उल्लेख गरे। तर कति वर्षसम्म त ? ओरियण्टल को-अपरेटिभ्सका बचर्तकर्ताहरूले बचत फिर्ता माग्न थालेको बाह्र वर्ष नाघिसकेको छ। बैङ्क तथा वित्तीय संस्थाले समेत सामान्यतया आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्छन् तर सहकारी संस्थाहरूमा उनीहरूले परिचान गरेको रकम सुरक्षित स्थानमा छ वा छैन? त्यो महत्त्वपूर्ण हुन्छ। विकसित केही देशहरूमा यस्तो सङ्कटलाई सम्बोधन गर्ने गरी पब्लिक कम्पनीका रूपमा Asset Management Company स्थापना गरी त्यस्तो कम्पनी मार्फत सम्पत्ति लिने र बिक्री गर्ने गर्न सकिन्छ।

वर्तमान सहकारी सङ्कट समाधानका लागि एउटा सञ्चालक तथा तिनका परिवारको सम्पत्ति व्यवस्थापनको प्रबन्ध गर्न सकियो भने त्यसले बचतकर्ताको बचत सुरक्षण र बचत रकम फिर्ता गर्ने कुरामा नतिजा दिन सक्ने सम्भावना रहन्छ। त्यस्तो पब्लिक कम्पनी बैङ्किङ्ग संस्थाहरूसँग सम्बन्धित हुने र बैङ्कहरूले पुँजी प्रबन्ध गरी तत्काल सम्पत्ति लिएर समस्याको समाधान गर्ने र पछि त्यस्तो सम्पत्ति बिक्री गरी कम्पनीले असुल उपर गरी बैङ्कले गरेको लगानी चुक्ता गर्ने अवस्था रहन्छ।[१९५] कम्पनीका रूपमा रहँदा त्यस्तो संस्थाले नाफामूलक ढङ्गले समेत काम गर्न सक्ने सम्भावना रहने र बैङ्कसँग आबद्ध हुने हुँदा पुँजीको अभाव नहुने अवस्था रहन्छ। साथै निश्चित मापदण्ड बमोजिम चल्ने हुँदा बाध्यात्मक हिसाबले बचतकर्तालाई महङ्गो मूल्यमा सम्पत्ति किन्नका लागि बाध्य पार्ने अवस्था पनि रहँदैन।

त्यस्तो कम्पनीले केही नाफामुखी ढङ्गले समेत यस खालको व्यासायलाई अगाडि बढाउन सक्ने सम्भावना रहन्छ र त्यो दिगो पनि हुन जान्छ।

१६.२८ संस्थागत नक्कली अभ्यास

जति पनि समस्यामा परेका सहकारीहरू छन्। ती सबैमा नक्कली अभ्यास निकै व्याप्त देखिन्छ। गितेन्द्रबाबु राईको संरक्षणमा चलेका सहकारी संस्थाहरूमा पदाधिकारी र सञ्चालकका रूपमा रहेका धेरैले यस समिति समक्षको सोधपुछमा आफूलाई थाहा नदिई पदाधिकारी राखिएको भन्दै आपत्ति समेत जनाएका छन्।[१९६] निज गितेन्द्रबाबु राईले आफू साथ-साथमा रहेको हुँदाहुँदै पनि एकैपटक धेरै सहकारी संस्थाको पदाधिकारीमा राखेको बताएका छन्। अन्य सम्पूर्ण प्रमाणहरूको परीक्षणबिना नै उनीहरूको कथन आधिकारिक रहेको घोषणा गर्न सक्ने अवस्थामा त समिति छैन। तथापि त्यो एउटा प्रवृत्ति र शैली हेर्ने गतिलो उदाहरण भने अवश्य हो।

गितेन्द्रबाबु मात्र होइन ओरियण्टल को-अपरेटसिभ्सका अध्यक्ष सुधीर बस्नेतले आफू अध्यक्ष रहेको बाहेकका चारवटा सहकारी संस्थाको समेत हरहिसाब सम्पूर्ण आफ्नो दायित्व हुने भनी उल्लेख गरेका छन्। यसको अर्थ ती सबै संस्थामा रहेका पदाधिकारी एवं सञ्चालक समेतका

---

[१९५] पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले २०८१ असार १६ गतेको बैठकमा यस प्रकारको पब्लिक कम्पनी खडा गरी सम्पत्ति व्यवस्थापनका माध्यमबाट बचतकर्ताको बचत सुरक्षण गर्न सकिने सम्भावनातर्फ सुझाउनुभएको थियो।

[१९६] सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का सचिव दिपेश पुन, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य भविश्वर अर्याल लगायतले आफ्नो हस्ताक्षरबिना नै त्यस्तो पदहरूमा राखिएको भन्दै गुनासो समेत गरेका छन्।

विवरणहरू नक्कली र झुटो हो। सहकारीमा ऋणपत्र झुटो र नक्कली हुनेभन्दै ऋणीहरूले समेत समितिमा जानकारी गराएका छन्। कुनै एउटा सन्दर्भको काममा प्रयोग गरिएका कागजातका आधारमा नक्कली ऋण खडा गर्ने र कीर्ते दस्तखत समेत गरिदिने व्यवहारहरू सामान्य सोचसमझको मान्छेले गर्न नमिल्ने र नसक्ने कुरा हुन्।

सहकारीकै कारण कतिपयले नक्कली विवाह समेत गर्ने गरेका चर्चा छन्। मितेरी बचत तथा ऋण सहकारीमा कार्यरत ज्योती गुरुङ्गले पति धनराज गुरङ्गसँग सम्बन्ध बिच्छेद गरेर पनि एकसाथमै बस्ने गरेको चर्चा छ। निजहरूको सम्बन्ध विच्छेदको मिलापत्र फैसला अनुसूची-२३ मा प्रस्तुत गरिएको छ। सहकारी संस्थाका तर्फबाट निज ज्योती गुरूङ र धनराज गुरूङ समेतका उपर प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, हेटौंडामा उजुरी परी केन्द्रीय अनुसन्धान ब्युरोमा आएकोमा समितिले सो सम्बन्धमा थप अनुसन्धान गरी शिघ्र कानुनी कारबाही अगाडि बढाउन समितिको अन्तिम बैठकबाट निर्देशित समेत गरेको छ। यसअघि समितिले ज्योती गुरुङ्गलाई खोजी गरी समितिसमक्ष उपलब्ध गराइदिन गृह मन्त्रालयमा पत्राचार गरीसकेको छ। त्यस्तै भरत महर्जन र राममाया महर्जनबीचको समबन्ध बिच्छेद सहकारीकै प्रयोजनका लागि भएको थियो र बेलायत जाने प्रयोजनका लागि पुनःएकापसमा विवाह गरी पति पत्नी भए भन्ने देखिन्छ। यी सबै नक्कली कारबोबार श्रृङ्खलाहरू हुन्। निज महर्जनल् पुनः विवाहका लागि पेश गरेको समितिमा उपलब्ध भएको फाराम अनुसूची-२४ मा प्रस्तुत गरिएको छ।

झुट र नक्कली कारोबारको श्रृङ्खलाकै कारण अहिले म सहकारी संस्थामा आबद्ध नरहेको कुरा अभिलेख गराइपाउँ भन्ने वेहोराको निवेदनको चाङ् सहकारी निकायहरूको कार्यालयमा लाग्न थालेको छ।

१६.२९ सहकारी सूचना प्रणालीः आवश्यकता अद्यावधिक अभिलेखको

सहकारीको वित्तीय नियमन प्रयोजनार्थ एकै प्रकृतिका सफ्टवेयरहरू सहकारी संस्थाबाट प्रयोगमा ल्याउन सकियो भने त्यसको नियमन र व्यवस्थापन सहज हुन जान्छ। सहकारी नियामकहरूबाटै तिनका काम, बारबाही र कारोबार सेमतलाई व्यवस्थित बनाउने गरी नियमन गर्न अपरिहार्य देखिन्छ। सहकारी संस्थासँग विवरणहरू सहकारी सूचना प्रणाली (COPOMIS) मा आबद्ध गर्ने र एक क्लिकमा देशभरका सहकारीहरूको तथ्याङ्क प्राप्त गर्न सक्ने प्रबन्ध अत्यावश्यक भैसकेको छ।

त्यसरी नै सहकारीको लेखा प्रणालीलाई पनि एउटै प्रणालीमा आबद्ध गरी गराई उपयुक्त नियमन र सुपरिवेक्षण गरिनु पर्दछ। सहकारी संस्थाहरूको लेखा राख्ने प्रणालीलाई एकरूप बनाउने र नियमन वा दर्तालाई एउटै प्रणालीमा आबद्ध गरी तत्काल सूचना प्राप्त हुने प्रबन्ध गरिनु पर्दछ। मुलुकी अर्थतन्त्रको आधारका रूपमा लिइएको सहकारी क्षेत्रलाई सुधार गरी अगाडि बढाउनका लागि सरकारले प्रयास गर्नु पर्दछ। एउटै प्रणालीमा सबै विवरण अद्यावधिक गर्ने कुरालाई प्रभावकारी र व्यवस्थित गर्न, गराउन सकिएको खण्डमा मात्र एउटै व्यक्ति धेरै सहकारीमा सञ्चालक हुन नपाउने, एकाघरका सदस्यहरूको नाममा कर्जा प्रवाह हुने, आदि जस्ता समस्यालाई प्रणालीगत ढङ्गले ट्रयाक गरी नियमनलाई प्रभावकारी बनाउन सहज हुन्छ।

त्यस्तै सहकारी सम्पूर्ण कारोबारलाई अनलाईन प्रणालीमा आधारित बनाउँदै लगिनु पर्दछ। लेसपेपर हुँदै पेपरलेस बनाउने फेसलेस तरिकाले नै सेवा दिने गरी काम गर्न नसकिएसम्म न त सहकारी क्षेत्र सुधार हुन्छ न नियामकहरू नै। त्यसैले आजको पुस्ताको सहकारी नियमन प्रविधिमा आधारित हुनु अपरिहार्य छ।

१६.३० बचत तथा ऋणको सीमा र वित्तीय सुशासनको उपाय

सहकारी समुदायमा आधारित र सदस्यकेन्द्रित उद्यम हो। यसले बचत तथा ऋणको कारोबारभन्दा पनि बढी उत्पादनमा केन्द्रित हुनु पर्ने चुनौति छ। यद्यपि नेपालमा सञ्चालित धेरै सहकारीको समस्या नै यही रहेका छन्। सहकारीका शेयर सदस्यहरूले नै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्नेमा सदस्यहरूको ध्यान त्यतातर्फ पुगन सकेको पाउन सकिँदैन। सहकारी सम्बन्धी प्रचलित नीतिगत मापदण्डहरूबमोजिम एकजना सदस्यले कतिसम्म बचत गर्न पाउने, एकजना शेयर सदस्यले कतिसम्म कर्जा लिन पाउने भन्ने सीमाको प्रभावकारिता जरुरी हुन्छ। सहकारीका बचतकर्ताको बचत मात्र सहकारीमा जम्मा गरिन्छ, तर ठूलो रकम राख्नु पर्ने बचतकर्ताले बैङ्कमै आफ्नो निक्षेप जम्मा गर्नु पर्दछ भन्ने सन्देश पनि दिन जरुरी हुन्छ।

वित्तीय कारोबार जहिल्यै जोखिमयुक्त हुन्छ। बचत परिचालन गरेर कर्जा प्रवाह गर्दा समयमा कर्जा उठ्न नसक्दा बचतकर्ताको बचत फिर्ता गर्न गाह्रो हुन्छ। त्यसका लागि वित्तीय कारोबार गर्ने संस्थाका लागि अनिवार्य नगद मौज्दात राख्नु पर्ने र आपतकालीन तरलता उपलब्ध हुने व्यवस्था हुनु पर्दछ। यस्तो व्यवस्था बैङ्क तथा वित्तीय संस्थाहरूको लागि नेपाल राष्ट्र बैङ्कले गरेको छ। साथै, बचत परिचालन गरेको संस्था कुनै कारणले डुबेमा बचतकर्ताको केही हदसम्मको निक्षेप सुरक्षित होस् भनेर निक्षेप बीमा गर्ने चलन पनि रहेको छ। बैङ्क तथा वित्तीय संस्थाहरूको प्रतिव्यक्ति प्रतिखाता रु. ५ लाखसम्मको निक्षेपको बीमा गर्ने व्यवस्था छ। यस्तो कार्य गर्नको लागि नेपाल सरकारको रु. ९ अर्ब र नेपाल राष्ट्र बैङ्कको रु. १ अर्ब गरी रु. १० अर्बको पूँजी लगानीमा स्थापित निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम कार्यरत रहेको छ। यसले बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेपको अतिरिक्त ती संस्थाहरूले प्रवाह गरेको निश्चित सीमा तोकिएको क्षेत्रमा गएको कर्जाहरूको पनि सुरक्षण गर्ने गरेको छ। निक्षेप बीमाको लागि बैङ्क तथा वित्तीय संस्थाहरूले प्रिमियम बुझाउने गर्दछन्।

बचत तथा ऋण सहकारीको सम्बन्धमा सहकारी यसरी बचतको बीमा हुन नसक्दा समस्याग्रस्त सहकारीहरूको बचत फिर्ता गर्ने कार्य अहिले जटिल भएको छ। यस सम्बन्धमा पनि छुट्टै बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने कार्य समय र लागतको हिसाबले उपयुक्त नहुन सक्छ। तसर्थ, विद्यमान निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत नै बचत तथा ऋण सहकारी संस्थाहरूको निश्चित सीमासम्मको रकम (जस्तै रु २ लाख) बीमा गर्न सकिने व्यवस्था गर्दा उपयुक्त हुने हुन्छ। ज्यादै साना सहकारीहरूको बचत बीमा गर्न निक्षेप तथा कर्जा सुरक्षण कोषलाई व्यावहारिक कठिनाइ हुन सक्ने हुँदा निश्चित आकार भन्दा ठूला (रु. १० करोड भन्दा बढी) कारोबार गर्ने संस्थाहरूबाट निक्षेप बीमा कार्य सुरु गर्न सकिन्छ।

बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेपको आकार बढी रहेको सन्दर्भ र बचत तथा ऋण सहकारीहरूलाई पनि समावेश गराउने हो भने निक्षेप तथा कर्जा सुरक्षण कोषको चुक्ता पुँजी वृद्धिसँगै यसको क्षमता बृद्धि गर्नु पर्ने आवश्यकता छ।

विद्यमान कर्जा सूचना केन्द्र र निक्षेप तथा सुरक्षण कोषमार्फत कर्जा सूचना लिने र निक्षेप बीमाको काम गर्ने हो भने सहकारी ऐन र नियामावलीमा सो अनुरुपको परिवर्तन गर्नुका साथै ती संस्थाहरूको क्षमता र कार्य क्षेत्र पनि अभिवृद्धि गर्नु पर्ने हुन्छ।

१६.३० सहकारीको समग्र नियमनःआवश्यकता सक्षम नियामकको

सहकारी संस्थाका नियामकहरू सक्षम नहुँदा हालको सहकारी समस्या देखा परेको हो भन्ने विश्लेषण माथि गरिसकिएको छ। खासगरी राजनीतिक रूपमा पहुँचयुक्त सहकारी संस्थाका सञ्चालकहरूलाई नियमन गर्ने नियामकहरू सबै हिसाबले सक्षम र सुदृढ हुन जरूरी छ। स्रोत र साधनले युक्त पनि हुन जरुरी छ। स्थानीय तह र प्रदेशमा सहकारी नियमन कमजोर हुनुका धेरै पक्षहरूमध्ये स्थानीय स्तरका सहकारी सञ्चालकहरूलाई भएको राजनीतिक संरक्षण पनि हो।

राजनीतिक रूपमा उच्च पदमा आसिनहरू नै सहकारीका सञ्चालह हुने र त्यसता सञ्चालकले नियामक निकायका कर्मचारीहरूलाई पनि दबाबमा पार्ने, पारिने गर्दछ। तर कानूनी रूमा सुदृढ र अधिकारसम्पन्न एवं स्रोत र साधनले युक्त हुन सकेका नियामकहरूले नियामकीय अधिकारको पर्याप्त प्रयोग गरी सहकारी नियमनलाई प्रभावकारी बनाउन सक्ने सम्भावना रहन्छ। अन्यथा सहकारी क्षेत्रको बर्तमान समस्याको समाधान हुन सक्दैन। नियामक निकायमा वित्तीय विश्लेषकको दरबन्दी अनिवार्य गर्नु पर्ने देखिन्छ। त्यसका साथै निकायमक निकायमले तटस्थता र निष्पक्षता कायम गरी दबाब र प्रभावबाट मुक्त भई काम गर्न अति आवश्यक छ।

समितिले प्रस्तुत अध्ययनकै सन्दर्भमा देशभरका सहकारीहरूको एकीकृत तथ्याङ्क प्राप्त गर्ने उद्देश्ले सात सय ६१ वटै नियामकहरूबाट तथ्याङ्क सङ्कलन गर्न खोजेकोमा परिणाम हात पर्न सकेन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्री, सचिव, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका पदाधिकारी एवं कार्यकारी समेतसँग छलफल गरी पटक पटक समन्वय गर्न लगाउँदा समेत पचास प्रतिशत सूचना प्राप्त हुन नसकेको तितो यथार्थसाथ समिति एकीकृत दर्ता सूचना केन्द्र हुनु पर्ने र त्यस्तो निकाय अधिकारसम्मन्न सहकारी प्राधिकरण हुन सक्ने निष्कर्षमा पुगेको छ। त्यसले संविधान र कानून बमोजिम प्रदेश तथा स्थानीय तहमा दर्ता भएका सहकारी संस्थाहरूलाई समेत प्राधिकरणले मार्गदर्शन गर्न सक्ने अवस्था समेत रहन्छ।

१६.३१ तत्कालको नियमन भूगोलमाथि सीमा

सहकारी संस्था समुदायमा आधारित तथा सदस्यकेन्द्रित हुनु पर्दछ। तर बैङ्कसरह देशभर वा प्रदेशभर कार्यक्षेत्र लिएका सहकारी संस्थाका कारण समस्या बढी भएका छन्। आर्थिक अराजकता पनि त्यस्तै संस्थामा बढी देखिएका छन्। त्यसैले पहिलो हस्तक्षेप गर्नु पर्ने विषय भौगोलिक सीमाबद्ध गर्नु पर्ने देखिएको छ। सदस्य सेवाकेन्द्रका नाममा देशभरबाट पैसा असुल गर्ने इजाजत मात्र दिने भन्दा पनि सहकारी संस्थाहरूलाई प्रभावकारी बनाउने गरी सीमित क्षेत्रका प्रभावकारी कार्यशैली अवलम्बन गर्नु पर्दछ।

सहकारी नियमनको स्पष्ट प्रबन्ध नहुन्जेलका लागि सदस्य सेवा केन्द्र बिस्तारको कार्यमा रोकी नियमन सुरू गर्नु उपयुक्त हुने देखिन्छ।

१६.३२ नवीकरणीय प्रबन्ध नहुँदा समस्या

सहकारी संस्था एक पटक दर्ता गरिसकेपछि कार्यक्षेत्र बिस्तार, सेवाकेन्द्र बिस्तार वा यस्तै कुनै स्वीकृतिका लागि बाहेक संस्था दर्ता गर्ने निकायमा उपस्थित हुनु पर्ने बाध्यकारी प्रबन्ध राख सकेको पाइँदैन। नियमित नवीकरण समेत गर्नु पर्ने नभएका कारण सहकारी संस्थाहरूमा वित्तीय सुशासन समेतका सूचकहरू परीक्षण गर्ने समेत अवसरबाट नियामक वञ्चित रहेको पाइयो। समय-समयमा सहकारी विभागबाट हुने अनुगमनमा देखिएका कैफियत बमोजिम सुधार गरे नगरेको हेर्नका लागि पनि नियामकसम्म सहकारी संस्था वा सञ्चालकलाई जोड्ने गरी प्रबन्ध गरिनु उपयुक्त हुन्छ।

निश्चित कागजात पेश गरी नयाँ आर्थिक वर्षका कार्य गर्ने स्विकृति लिनु पर्ने जस्तो कुनै प्रबन्धबाट सहकारी नवीकरण गरे सरह गराउने गरी आवश्यक प्रबन्ध गरिनु उत्तम हुन्छ।

१६.३३ आवश्यकता कर्जा असुली न्यायाधिकरणको

कर्जा बचतकर्ताको बचत रहने ठाउँ हो। सिद्धान्ततः सहकारीमा कर्जाको सुरक्षण आवश्यक पर्दैन। सदस्य जमानतमा बसी प्रदान गरिने हुँदा सदस्यहरू आफैले नै असुलउपरको मार्ग खोज्दछन् भन्ने गरिन्छ। तर हाम्रो जस्तो सामाजिक संस्कारमा स्वनियमन र आन्तरिक नियन्त्रणको यो उपाय धेरै प्रभावकारी बन्न सक्ने देखिएन। कर्जा लिने तर नतिर्ने समस्याले अन्ततः बचतकर्तालाई नै प्रभावित पारेको हुन्छ। बचतकर्ताले बचत फिर्ता पाउन सक्ने अवस्थाको विद्यमानता रहेको देखिँदैन।

त्यसैले सहकारी संस्थाबाट प्रवाह भएको कर्जा असुलउपर गर्ने प्रयोजनका लागि कर्जा असुली न्यायाधिकरण अनिवार्य भएको छ। यस्तो संस्थाको स्थापनापछी कर्जा नतिर्ने सहकारी सदस्यलाई कालो सूचीमा राखी कर्जा तिर्न बाध्य पार्न सहज हुन्छ त त्यसले अन्ततः बचतकर्ताको बचतको पनि सुरक्षा सम्भव हुन्छ। त्यसैले कर्जा असुली न्यायाधिकरण पनि बचत तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्र जत्तिकै महत्त्वपूर्ण विषय हो।

परिच्छेद-१७

निष्कर्ष

समितिलाई प्रतिनिधि सभाबाट चार कार्यादेश प्राप्त भएका थिए। चारवटै कार्यादेशमा केन्द्रित रही सुझाव सिफारिस गर्नु पर्ने भएको हुँदा चार कार्यादेशका अलग-अलग निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ।

१७.१ कार्यादेश एकमा समितिको निष्कर्ष

समितिलाई प्राप्त कार्यादेशमध्ये पहिलो कार्यादेशमा देहायको वेहोरा उल्लेख छः-

> *"सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानूनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने,"*

समितिको समग्र अध्ययन एवं छानबिनका आधारमा प्रस्तुत कार्यादेशउपरको निष्कर्ष देहाय बमोजिम रहेको छः-

- नेपालको सहकारी कानूनको विकासक्रम हेर्दा सहकारी ऐन, २०१६ मा निश्चित समूह लक्षित सहकारीको परिकल्पना गरियो। पञ्चायतकालमा राज्य नियन्त्रित अवधारणा आत्मसात् गरियो। २०४८ को सहकारी कानूनमा बचत तथा ऋणमा केही नियमन र सुपरिवेक्षण सहित अन्य सहकारीलाई स्वनियमनमा छाडियो। २०७४ को कानूनमा स्वनियमन अधिनस्थ प्रबन्ध बढाइयो र नियमन सम्बन्धी प्रबन्ध घटाइयो। त्यो परिवर्तनले केही हदसम्म अन्योलताको स्थिति पनि सिर्जना गऱ्यो। सहकारी सिद्धान्ततः स्वनियमन हो भन्नेमा दुई मत नहुँदानहुँदै पनि हाम्रो सामाजिक परिवेश र माटो सुहाउँदो भयो वा भएन भन्ने सन्दर्भमा हेर्दा सहकारीमा सीमित नियमन आवश्यक छ, जुन अहिलेको मौजुदा कानूनी र संस्थागत प्रबन्धबाट सम्भव छैन।
- सहकारी संस्था दर्ता गर्नुपूर्व नै दर्ता गराउने व्यक्ति पूर्वप्रशिक्षित भएको सुनिश्चित गर्न नसकिएका कारण समस्याहरू देखा परेका छन्। यसलाई सुधार गरिनु पर्दछ। सहकारीमा राख्न सकिने अधिकतम बचत र लिन सकिने अधिकतम ऋणको सीमासम्बन्धमा मापदण्डहरूबाट नियमन भएको भएता पनि पालना हुन नसक्दा समस्या देखिएका छन्।
- सहकारी नियमनमा समस्या देखिएका छन्। दोस्रो तहको नियमनकारी निकाय (Second Tier Institution -STI)का रूपमा सहकारी प्राधिकरणमार्फत नियमनलाई प्रभावकारी बनाउनु उपयुक्त हुने देखिएको छ। यसलाई नीतिगत रूपमा सरकारसँग जोडिने तर कार्यात्मक रूपमा स्वायत्त र स्वतन्त्र बनाइनु पर्ने देखिन्छ। यस्तो संरचना नेपाल सरकारसँग सम्बन्ध राख्दा सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमार्फत राख्नु पर्ने र खासगरी बचत तथा ऋण परिचालनको नीतिगत विषयका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कसँग समन्वयमा रही काम गर्ने गरी संरचनाबद्ध गरिनु पर्ने देखिन्छ।

- सहकारी संस्थाहरूको लेखापरीक्षण अर्को समस्याका रूपमा रहेको छ। सहकारी प्राधिकरणमा सूचीकृत लेखापरीक्षकहरूले मात्र लेखापरीक्षण गर्न पाउने प्रबन्ध गर्न सकिएमा सहकारीभित्रको वित्तीय बेथितिलाई नियन्त्रण गर्न सकिने अवस्था हुन्छ। सहकारी संस्थाको गलत लेखापरीक्षण गर्ने लेखापरीक्षकको इजाजतपत्र सम्बन्धमा कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने अधिकार प्राधिकरणलाई दिइनु पर्दछ।
- सहकारी संस्थाहरूको वित्तीय परीक्षण एउटा प्रमुख सवालका रूपमा रहेका पाइयो। नियमन र अनुगमनमा प्रभावकारिताका लागि वर्षको एकपटक हरेक सहकारी संस्थाको अनुगमन भएको हुनुपर्ने र उक्त आर्थिक वर्षको लेखापरीक्षण गर्दा लेखापरीक्षकले वित्तीय विवरणको जाँचका अतिरिक्त अनुगमनमा देखिएका कैफियत सुधार गर्नेतर्फ प्रगति भए, नभएको छुट्टै प्रतिवेदन सहकारी प्राधिकरणमा दिने प्रबन्ध गरिनु पर्दछ। आवश्यकता अनुसार यस्तो निकायका कार्यालय बिस्तार गर्न सक्ने अधिकार प्रदान गरिनु पर्दछ।
- सहकारीका सञ्चालकहरूले नै बढी कर्जा प्रयोग गरे, सामान्यतया सानो आकारमा सञ्चालन हुनु पर्ने वित्तीय सहकारी संस्थाहरूले ठूलो आकारमा कारोबार बढाए। तर सोहीअनुरूप वित्तीय जोखिम व्यवस्थापन भने गरेको देखिएन।
- कानून बमोजिम बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरण र कर्जा सूचना केन्द्र स्थापना नभएका कारण बचतकर्ताको बचतको सुरक्षण गर्न र ऋणीलाई जिम्मेवार बनाउन नसकिएको अवस्था रहेको पाइयो।

१७.२ कार्यादेश दुईमा समितिको निष्कर्ष

समितिलाई प्राप्त कार्यादेशमध्ये दोस्रो कार्यादेशमा देहायको वेहोरा उल्लेख छः-

> *"समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने,"*

समितिको समग्र अध्ययन एवं छानबिनका आधारमा प्रस्तुत कार्यादेशउपर निष्कर्ष देहाय बमोजिम रहेको छः-

- **बचतकर्ताको बचतलाई सुरक्षित बनाउने चुनौतिः** बचतकर्ताको बचतलाई सुरक्षित गर्न सकेको पाइएन। खासगरी सहकारीको मूल्यअनुसार नचलेका, समुदायमा आधारित र सदस्यकेन्द्रित हुन नसकेका सहकारीमा बचत सुरक्षणको समस्या बढी छ। मूल्य मान्यताको आधारमा बचत सुरक्षण प्रभावकारी हुन नसकेपछि नियमन प्रभावकारी हुनुपर्दथ्यो, बचत तथा कर्जा सुरक्षण कोषको स्थापना नहुनु टड्कारो रूपमा समस्या देखियो। अर्को महत्त्वपूर्ण पक्ष बचतकर्ताको बचत लगानी हुने ऋणमा पनि धितो वा सुरक्षण प्रभावकारी हुन नसकेको पाइएको छ।
- **थुना होइन, सम्पत्ति व्यवस्थापनः** समितिको लामो अध्ययन, सोधपुछ र छलफलबाट सहकारीहरू समस्यामा पर्नुका कारणबारे केही साझा बुझाइ तय भयो। मूलतः सञ्चालकहरूको बदमासी र नियतजन्य खोट देखियो। सहकारीका सञ्चालक वा मुख्य भई

काम गर्ने व्यक्तिमा बचतकर्ताको बचत रकममा निजी लाभ हासिल गर्ने स्वार्थ पलायो। सङ्कलित रकमको गलत परिचालन सुरु भयो। लगानी गरेका क्षेत्र धराशयी बने र समस्या भयो। सुरूमै कर्जा गलत रूपमा परिचालन भएपछि परिस्थितिजन्य कारणले समस्या भएको हो भन्ने सञ्चालकहरूको भनाई[१९७] विश्वासलायक रहेको पाइएन। कानूनविपरीतको कार्यको परिणाम कानून विपरीत नै हुन्छ। Fruits of the Poisonous Tree को सिद्धान्तअनुसार गलत तरिकाले गरिएको कामको नतिजा अन्ततः गलत नै हुन्छ। त्यसकारण सहकारीमा सुशासन अपरिहार्य छ। यो परिस्थितिजन्य असफलताभन्दा पनि नियतजन्य कार्यका कारण सिर्जना भएको हो। तथापि समस्यालाई नियन्त्रण गर्ने चरणभन्दा परिस्थिति धेरै अगाडि बढीसकेको दखिएको हुँदा अब निरोधात्मक वा उपचारात्मक उपायले काम गर्ने अवस्था देखिएन। सञ्चालक थुनामा पर्दैमा बचतकर्तालाई न्याय हुने अवस्था भएन। सञ्चालक स्वयंले पनि थुनामा बसेर फर्केपछि पनि दायित्व फरफारक गर्नैपर्दछ। "जरिवानावापत कैद" र "क्षतिपूर्तिवापत कैद" सम्बन्धी हाल प्रचलनमा जुन कानूनी व्यवस्था छ, त्यसबाट पीडितलाई न्यायको अनुभूति गर्न वा गराउन सकिन्छ कि सकिँदैन भन्ने प्रश्न अहं देखियो। विद्यमान अवस्थामा बचतकर्ता के चाहन्छन्, "आफ्नो बचत फिर्ता होस्। बाँकी राज्यले जे गर्ने हो गरोस्, त्यो राज्यको कुरा हो।" उनीहरू हिजो सहकारीमा रकम बचत गरिरहँदाका बखत उक्त संस्था विधिमा चलेको छ वा छैन ? सदस्य नरहेको व्यक्तिले आवधिक बचत जम्मा गर्न मिल्ने हो, होइन ? केही सोचेनन्। निक्षेप राख्ने ठाउँ सहकारी होइन, बैङ्क हो भन्ने उनीहरूलाई थाहा थियो तर सहकारी सञ्चालकले देखाएको ब्याजको प्रलोभनको भूलभुलैयामा उनीहरू परे।[१९८] सहकारी सञ्चालक के चाहन्छन्, "जसोतसो समस्याबाट निस्कन पाए नयाँ व्यवसाय सुरुवात गर्ने थिएँ।" थुनामा बसेर निस्केकाहरू पनि आज सम्पत्ति व्यवस्थापन गरी दायित्व फरफारकमा लागिरहेकै अवस्था पनि छ।[१९९] नियामकहरूले नियमन गर्न सकेनन्, राज्यको उपस्थिति कमजोर भयो, नियमन हुन सकेन। त्यसैले सम्पत्ति व्यवस्थापन एउटा अपरिहार्य विकल्पका रूपमा देखियो।

---

[१९७] समितिसमक्ष भएको सोधपुछका क्रममा सहकारीका सञ्चालकहरूको भनाई यस्तै प्रकृतिका छन्। ओरियण्टल को-अपरेटिभका सञ्चालक सुधीर वस्नेतले मिति २०८१ साउन १६ गतेको समितिको बैठकमा जानकारी दिदै र मिति २०८१ साउन ३१ गतेको बैठकमा सोधपुछको जवाफ दिदै भनेका थिए, "अत्यधिक बचत जम्मा भयो। सदस्यभित्रै कर्जा लगानी गरिएका साना कर्जाहरू असुलउपर हुन सकिरहेका थिएनन्। रकमको परिचालन कसरी गर्ने भन्ने विकल्पका रूपमा हामी घर-जग्गा वा सामुहिक आवासमा प्रवेश गर्यौं। त्यो सुरक्षित लाग्यो। तर सोचेजस्तो भएन।"सुमेरू सहकारीका पूर्वअध्यक्ष हेमराज दहालको कथन थियो. "दैनिक कलेक्सन यति धेरै हुन थाल्यो कि लगानीका क्षेत्र नथपी भएन।"

[१९८] समितिमा प्राप्त उजुरीहरू हेर्दा पढेलेखेका, सार्वजनिक र बैङ्कको सेवाबाट निवृत्त भएकाहरू, गैरसरकारी संस्थाको सेवाबाट अवकाश भएकाहरू, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमजस्ता अन्तरसरकारी सङ्गठनमा काम गरेकाहरू, विश्वविद्यालय र सरकारी सेवाबाट सेवा निवृत्तहरू समेतले सहकारीमा लगेर रकम जम्मा गरेका छन्। सेवानिवृत्त कर्मचारी जसले उहीं सहकारीका सञ्चालकको एउटा व्यापारिक फर्मलाई घरजग्गा बेचेर त्यहीं रकम सहकारीमै राखेका दृष्टान्त समेत छन्। बैङ्क तथा वित्तीय संस्थाको प्रयोजन के हो ? र सककारीको प्रयोजन के हो ? भन्नेमा घण्टौं प्रशिक्षण दिन सक्नेहरू मात्र ब्याजको लोभमा सहकारीमा आकर्षित भएका हुन् भन्ने देखिन्छ।

[१९९] समितिको मिति २०८१ भदौ २ गतेको बैठकमा स्टयाण्डरड सेभिङ्गस एण्ड क्रेडित को-परेटिभ्स लि. का अध्यक्ष खेमराज निरौलाले आफुले सहकारी ठगी सम्बन्धी कसूरमा तीन वर्ष कैद भुक्तान गरी फर्केपश्चात् पनि पुनः सम्पत्ति व्यवस्थापन गरी तीनवटा सहकारीको बचत फिर्ता गर्ने अवस्थामा पुगेको बताउनुभएको छ।

- अपवादबाहेक सञ्चालक र बचतकर्ता दुवै यो बचतकर्ताको बचत रकम आपसी सहमतिमा लेनदेन भएरै भए पनि व्यवस्थापन (Settlement) होस् भन्ने चाहन्छन्। सञ्चालकलाई थुनामा राखेर बचतकर्ताको बचत सुरक्षा गर्न सकिँदैन। सरकारको निगरानीमा पासपोर्ट र यात्रा अनुमति चल अचल सम्पत्ति र बैङ्क खाता समेत रोक्का राखी सहकारीको मुख्य कार्यालय रहेको सहरबाहेक बाहिर जानु पर्दा सरकारको सम्बन्धित निकायबाट स्वीकृति लिनु पर्ने गरी सहकारी संस्थाको कार्यालय खोल्नु पर्ने शर्त सहित समस्या रहेका सहकारीका सञ्चालकलाई settlement का लागि निश्चित अवधि तोकी उक्त अवधिभित्र पूर्ण समाधान हुन नसकेमा पुनः कानूनी कारबाहीमा जाने गरी व्यवस्थापन गर्न दिने व्यवस्था गर्नु पर्ने बहसतर्फ समिति सकारात्मक रह्यो।
- सहकारी संस्थाका बचतकर्ताहरूबाट उजुरी वा निवेदन परी वा नपरी नियामक निकायबाट छानबिन कुनै कैफियत वा वित्तीय सुशासनमा समस्या रहेको देखिएमा तत्काल सो सुधार गर्न निर्देशन दिने र परिस्थितिको मूल्याङ्कन गरी राहदानी, यात्रा अनुमति, सम्पत्ति र बैङ्क खाता समेत रोक्का राखी कारबाही अगाडि बढाई नियामकलाई अधिकार सहित जवाफदेही बनाउनु पर्ने देखिएको छ। त्यसका अतिरिक्त समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अहिलको काम गर्ने प्रक्रिया परिणाममुखी नदेखिएको हुँदा फिल्डमा गई कार्यालय खोली Takeover को शैलीमा व्यवस्थापन हेर्ने प्राविधिक टिम खटाइदा settlement को प्रक्रियाबाट छिटो फिर्ता हुने देखिन्छ।
- **सरकारको प्रभावकारी हस्तक्षेपः** संसारभर वित्तीय सङ्कटका समयमा सरकारले हस्तक्षेप गरेर नियन्त्रणमा लिएका उदाहरण छन्। सरकारले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो सहयोग गर्नु पर्ने देखिन्छ। अन्ततः जो-जसले अपचलन वा दुरुपयोग गरेको छ, सोही व्यक्तिबाटै असुलउपर गरी भरी भराउनु पर्ने हुन्छ तथापि तत्कालका लागि साना बचतकर्ताहरूलाई सरकार र राज्य भएको अनुभूति दिलाउनका लागि पनि राज्यले केही लगानी गर्नैपर्ने हुन्छ। त्यसका लागि केही फरक ढङ्गले सोचेर पनि व्यवस्थापन गर्न सकिन्छ। सरकार जमानी बसी आन्तरिक ऋणपत्र (Bond) जारी गर्ने कुरा पनि एउटा विकल्प हुन सक्दछ।

१७.३ कार्यादेश तीनमा समितिको निष्कर्ष

समितिलाई प्राप्त कार्यादेशमध्ये तस्रो कार्यादेशमा देहायको वेहोरा उल्लेख छः-

> *"नेपाल सरकार, सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ ? सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने,"*

समितिलाई कार्यादेश उपलब्ध हुँदाका बखत २० वटा सहकारी संस्थाहरू समस्याग्रस्त रहेकोमा हाल २२ वटा सहकारी संस्थाहरू समस्याग्रस्त रहेका छन्। समितिले उपलब्ध सूचना र तथ्य

तथ्याङ्कको आधारमा २२ वटै सहकारी संस्थाहरूलाई हेर्ने प्रयत्न गरेको छ। समितिको समग्र अध्ययन एवं छानबिनका आधारमा प्रस्तुत कायदिशाउपरको निष्कर्ष देहाय बमोजिम रहेका छन्:-

- यो प्रतिवेदन तयार पार्दासम्म नेपाल सरकारबाट २२ वटा, बागमती प्रदेश सरकारबाट एउटा र काठमाडौं महानगरपालिकाबाट दुईवटा सहकारी संस्थाहरू समस्याग्रस्त घोषणा भएको पाइयो। बाग्मती प्रदेशमा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन भएको छ तर काठमाडौं महानगरपालिकामा समिति नै बन्न सकेको छैन। संघीय क्षेत्राधिकार अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समिति आफै समस्यामा रहेको समितिको ठम्याइ रह्यो। समिति त्यहाँ कार्यरत पात्र वा पदाधिकारीका कारण भन्दा पनि यसको गठनको मापदण्ड र ढाँचाका कारण समस्यामा रहेको पाइयो। सहकारीमा भएको लगानी उठाउनु पर्नेछ, सहकारी नियन्त्रणमा लिएर जिम्मेवारी बहन गर्नु पर्ने हुन्छ। सहकारीका सञ्चालकलाई बोलाएर केरकार गर्नु पर्नेछ, आवश्यक पर्दा पक्राउ गराउनु पर्नेछ, त्यस्तो दैनिकी सक्रियता देखाउनु पर्ने संस्थाको नेतृत्व वित्तीय परिचालनमा अनुभवी, सम्पत्ति व्यवस्थापनमा अनुभवी व्यक्ति र कार्यालय खोलेर फिल्डको काम गर्न र गराउन सक्ने खालको संयन्त्र र संरचना बनाउनु उपयुक्त हुने देखियो। Settlement गर्ने वा गराउने कुरा संवाद र सौदावाजीबाट हुने हुँदा समितिको परिकल्पना गरी जुन मापदण्ड तय गरियो, त्यसमा समस्या छन् भन्ने देखिन्छ।
- **समस्याग्रस्त सहकारी व्यवस्थापनको ढाँचामा पुनर्संरचनाः** प्रचलित सहकारी कानून बमोजिम सहकारीलाई समस्याग्रस्त घोषणा गरी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट सम्पत्ति व्यवस्थापन र दायित्वको फरफारक गराउने सम्बन्धी हालको प्रबन्ध बढ्ता प्रक्रियामूलक देखिन्छ, त्यसलाई कार्यमूलक र परिणाममुखी बनाउन जरूरी छ। समितिको गठनदेखि कार्यसञ्चालन प्रणाली र त्यहाँ रहेको जनशक्ति संरचनाले समस्याग्रस्त सहकारी संस्थाका समस्या समाधान गर्नेमा धेरै आशावादी हुन सकिने अवस्था पछिल्लो पाँच वर्षको अनुभवले देखाउन सकेन। त्यसका लागि समस्याग्रस्त सबै सहकारी हेर्ने आयोग वा न्यायिक प्रकृतिको समितिभन्दा पनि सहकारी संस्थाका सञ्चालक समितिका सदस्यलाई सहकारीकै कार्यालयमा रूजु हाजिरी गराई कार्यालय खोली सम्पत्ति र दायित्वको व्यवस्थापन गर्ने Dedicated Team परिचालन गर्नु पर्ने वा त्यस्तो टिमलाई जिम्मेवारी दिनु पर्ने देखिन्छ। वर्तमानमा रहेको नीतिगत शैलीको नभई फिल्डमा गई कार्यालय खोली Takeover को शैलीमा व्यवस्थापन हेर्ने प्राविधिक टिम खटाइनु उपयुक्त हुने देखिन्छ। त्यस्तो टोलीमा सहकारी, वित्त व्यवस्थापन र कानूनको विषयमा जानकारी राख्ने सरकारी वा सार्वजनिक सेवामा बहाल रहेका अधिकृत तहका कर्मचारी वा आवश्यकताअनुसार बाहिरबाट समेत लिन पाउने गरी कायदिश र समयसीमा दिएर व्यवस्थापन गर्नु पर्दछ। समस्या समाधान भएपछि त्यस्तो सहकारी संस्थालाई खारेजी, एकीकरण र पुनःसञ्चालनका लागि आधार र कारण सहित सिफारिस गर्ने जिम्मेवारी त्यस्तो टोलीलाई नै दिनु उपयुक्त हुन्छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट हरेक सहकारी संस्थाका लागि अलग्गै Dedicated Team गठन गरी बन्द सहकारीका कार्यालय सञ्चालनमा ल्याई settlement मार्फत समस्या समाधान गर्नु उपयुक्त हुने समितिको निष्कर्ष रहेको छ।

- सामुहिक आवासमा लगानी गरेका सहकारी संस्थाहरूका त्यस्ता आवासगृह वा अन्य जे-जुन सम्पत्ति छन् ,ती सबैलाई सम्पत्ति गणना गरी settlement मा जानुको विकल्प देखिँदैन। नगदै जम्मा गरी व्यवस्थापन गर्न नसक्नेको हकमा अन्य कुनै सम्पत्ति लिएर भए पनि settle गर्न बचतकर्ताहरू तयार भएमा सो कुरामा र बचतकर्ताको बचत फिर्ता गर्ने प्रयोजनार्थ सञ्चालकले कुनै सम्पत्ति बिक्री वा बचतकर्तालाई हस्तान्तरण गर्न चाहेमा समितिले सो प्रक्रियामा सहजीकरण गर्नु गराउनु पर्ने हुन्छ।
- समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाहरूका कार्यालय खोली सञ्चालन गर्न सम्भव नभएमा हालको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिभित्रै छुट्टै Dedicated team को कार्यालय खडा गरी settlement को प्रक्रियामा लैजानुपर्दछ।

१७.४ कार्यादेश चारमा समितिको निष्कर्ष

समितिलाई प्राप्त कार्यादेशमध्ये चौथो कार्यादेशमा देहायको वेहोरा उल्लेख छः-

> *"सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानूनी रूपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानूनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।"*

समितिको समग्र अध्ययन एवं छानबिनका आधारमा प्रस्तुत कार्यादेशउपरको निष्कर्ष देहाय बमोजिम रहेको छः-

- सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायतका कम्पनीहरूमा रकम प्रवाह भएको देखिन्छ। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि., स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. र सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि.बाट जम्मा रू. ६५,५४,०४,५३८ रकम गोर्खा मिडिया नेटवर्क प्रा. लि.मा प्रवाह भएको देखिन्छ।[२००] जसमध्ये २२ करोड ४६ लाख ३० हजार सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्कको बैङ्क जम्मा भएको देखिन्छ भने ४३ करोड ७ लाखा ७४ हजार ५३८ सहकारीको रकम अन्य व्यक्ति तथा संस्थाको हरूको नामबाट गोरखा मिडिया नेटवर्क प्रा.लि.को बेङ्क खातामा जम्मा भएको देखिन्छ। कतिपयले कम्पनीलाई सापटीका रूपमा, कतिमा कम्पनीलाई ऋणका रूपमा, कतिमा सञ्चालकका नाममा ऋण खडा गरी कम्पनीमा र कतिमा कम्पनीका सञ्चालकको नाममा ऋण खडा गरी कम्पनीमै रकम प्रवाह भएको देखियो। जुन विधि वा मार्ग अपनाइएको भएता पनि ती कारोबारहरू कानूनसम्मत

[२००] समितिको वित्तीय विश्लेषणको प्राप्ती।

देखिएनन्। सहकारीको बचत रकम सदस्यबाहेकमा कारोबार हुने वा रकम प्रवाह हुने परिकल्पना कानूनतः गरेको देखिँदैन। कानूनको एउटा मान्य सिद्धान्त के रहेको छ भने कानूनको अनभिज्ञता क्षम्य हुँदैन। तसर्थ, सहकारीबाट कुनै पनि कम्पनी वा गोरखा मिडिया नेटवर्क प्रा.लि.मा सिधा रकम प्रवाह हुनु गैरकानूनी हो।

- गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रकम पठाउने सहकारी संस्थाका मुख्य जिम्मेवार एवं पाउने संस्था गोरखा मिडिया नेटवर्क प्रा.लि.का अध्यक्ष समेत रहेका गितेन्द्रबाबु राईलाई समितिले बुझ्ने र सुन्ने कोशिस गरेको भएता पनि पूरा हुन पाएन। सहकारी संस्थाबाट प्रवाह भएबमोजिम नै गोरखा मिडिया नेटवर्क प्रा.लि.को खातामा जम्मा भएको रकमलाई गोरखा मिडिया नेटवर्क प्रा.लि.को लेखापरीक्षण प्रतिवेदनले भने सहकारीबाट आएको रकमका रूपमा स्वीकार गरेको देखिँदैन। लेखापरीक्षण प्रतिवेदनले उक्त रकमहरूलाई गितेन्द्रबाबु राईले छोटो अवधिको लागि दिएको निर्व्याजी सापटीका रूपमा उल्लेख गरेको छ। यद्यपि गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रहेको गितेन्द्रबाबुर राईको ऋण खातामा नियमित रकम आउने जाने भैरहेको तथ्यबाट देखिन्छ।

- गोरखा मिडिया नेटवर्क प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक रवी लामिछानेले सोधपुछका क्रममा सहकारीबाट कम्पनीमा रकम आएको सम्बन्धमा आफूलाई जानकारी नभएको र सो सम्बन्धमा गितेन्द्रबाबु राईलाई थाहा हुने उल्लेख गर्नुभएको देखिन्छ। अर्का तत्कालीन सञ्चालक छबिलाल जोशीले रकम आएको सम्बन्धमा गितेन्द्रबाबु राई वा रवी लामिछानेलाई थाहा हुने उल्लेख गर्नुभएको छ। तर उक्त समयका प्रा.लि.को आन्तरिक प्रशासन सञ्चालनमा आफ्नो भूमिका र जिम्मेवारी रहेको कुरा रवी लामिछानेले समितिमा खुलाउनु भएको र सो समयमा निजले सम्पादन गरेका खाता सञ्चालन समेतका कामहरूको विवरण समेतबाट देखिन्छ। सहकारी संस्थाबाट रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा आउने सम्पूर्ण प्रक्रियामा रवी लामिछानेको संलग्नता पुष्टि हुने कागज प्रमाण रहेको नभेटिएता पनि सोही रकम गोरखा मिडियामा आइसकेपछि सोको परिचालन र खर्च प्रक्रियामा उहाँको सहभागिता देखिन्छ।

- गोरखा मिडिया नेटवर्क प्रा.लि.को ग्लोबल आइएमई बैङ्कमा भएको खातामा अध्यक्ष गितेन्द्रबाबु राईसहित रवी लामिछाने र छबिलाल जोशीको हस्ताक्षर रहेको र तिनमध्ये एकजनाको हस्ताक्षरमा चेक काटिन सक्ने अर्थात् खाता चल्ने देखिएबाट तिनै जनाले गोरखा मिडिया नेटवर्क प्रा.लि.को आन्तरिक वित्तीय परिचालनको अधिकार राखेको देखिन आयो। बैङ्कमा खाता खोल्दाका बखत पेश गरिएको ग्राहक पहिचान फाराम (KYC) मा उल्लिखित विवरण र दस्तखत नमूना कार्डमा भएको अस्ताक्षर र सोसँगै रहेको संस्थागत खाता खोल्ने फारामको दोस्रो पानामा तीनमध्ये एक जनाको हस्ताक्षरमा खाता सञ्चालन हुने वेहोरा रहेको देखिन्छ। समितिमा प्राप्त चेकहरूमा रवी लामिछानेका एकल हस्ताक्षरका जारी चेकहरू धेरै रहेका छन्। हस्ताक्षरलगायतको सम्पूर्ण प्रक्रियामा सहमति रहनु, आन्तरिक प्रशासन सञ्चालनमा प्रभावकारी भूमिका रहनु, सञ्चालकमध्येका रवी लामिछानेको नामबाट लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित Equity Share Capital शीर्षकमा रकम समेत जम्मा भएको देखिनु र समितिसमक्ष सोधपुछका क्रममा उक्त रकम पेश्की लिई जम्मा गरेको हुँ

भन्ने वेहोरा लेखाएता पनि पेश्की लिएको खुल्ने आधार प्रमाण पेश गर्न सकेको नदेखिएको समेतको आधार प्रमाणबाट निज सञ्चालकहरूले कम्पनीको जिम्मेवार भूमिका निर्वाह गर्नु भएको देखिन्छ। कम्पनी चलाउने रकम के-कहाँबाट आउछ ? कसरी आउछ ? कति आउँछ ? भन्ने कुरा खाता सञ्चालन गर्ने सञ्चालकले जान्ने र बुझ्ने नै अवस्था हुने तथा निजहरूमध्ये कसैले रकमको स्रोतमाथि प्रश्न गरी कुनै विमती वा फरक मत दर्ज गराएको अवस्था समेत रहे/भएको नदेखिएको हुँदा निज सञ्चालकद्वय रवी लामिछाने र छबिलाल जोशी कम्पनीमा जिम्मेवार पदाधिकारी रहुन्जेल निजहरूले सहकारीबाट आएको रकम खर्च वा परिचालन गरेवापत सिर्जना हुने उत्तरदायित्व बहन गर्नु पर्ने देखिन्छ।

- कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेखअनुसार लामिछाने र जोशी दुवैजनाले शेयर खरिद गरी कम्पनीमा प्रवेश गरेको र शेयर बिक्री गरी कम्पनी छाडेको भन्ने देखिन्छ। यद्यपि उहाँहरूको समितिसमक्षको जवाफमा आफूहरूले पैसा नलिए-नदिएको भनी खुलाउनु भएको छ। शेयर खरिद बिक्री गर्दाका बखत कार्यालयमा पेश गरिएका कागजात एवं तिनमा भएका हस्ताक्षरको सम्बन्धमा भने दुवै जनाले कुनै असहमति जनाएको वा उक्त दस्तखत आफूले गरेको होइन भनी भनेको अवस्था छैन। कार्यालयको प्रमाणित अभिलेख अनुसार निजहरू दुवै जना शेयर रकम लगानी गरी सञ्चालकको भूमिकामा रहेको देखिन आउछ। सञ्चालक तथा प्रबन्ध निर्देशक समेत रहनुभएका रवि लामिछानेले आफूलाई स्वेट शेयर दिएको भनी बताएता पनि प्रथमतः श्वेट शेयरसम्बन्धी कानूनी प्रबन्ध नेपालमा रहे वा भएको नदेखिएको तथा निज सञ्चालकहरूका बीचमा एकापसमा श्वेट शेयर लिने-दिने सम्बन्धमा कुनै सम्झौता भएको लिखत प्रमाण समेत रहे भएको अवस्था देखिँदैन। समितिसमक्ष सोधपुछका क्रममा निज लामिछानेले शेयर सम्वन्धी प्रबन्ध निज गितेन्द्रबाबु राईले गर्ने सहमति भएको थियो भनी खुलाएको वेहोरा निजकै कथनबाहेक अर्को कुनै प्रमाणबाट समर्थित भएको अवस्था देखिँदैन।
- अर्कोतर्फ करार सम्बन्धी प्रचलित कानूनअनुसार कानूनतः पालना गराउन नसकिने गरी भएको करार बदरभागी हुने अवस्था समेतका आधारमा गोरखा मिडिया नेटवर्क प्रा.लि.मा भएका तत्समयका कारोबार र दायित्वका विषयबाट अध्यक्ष गितेन्द्रबाबु राई, तत्कालीन प्रबन्ध निर्देशक रवी लामिछाने र सञ्चालक सदस्य छबिलाल जोशीले कम्पनीमा बहाल रहेको अवधिसम्मका लागि जिम्मेवारी र दायित्व लिनु पर्ने अवस्था देखिन आयो।
- निजहरू रवी लामिछाने र छबिलाल जोशीले सोधपुछका क्रममा खुलाउनुभएको भौचर पेश गरिएको थियो तर रकम जम्मा भएको थिएन भन्ने वेहोराबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा गलत विवरण दिएको भन्ने देखिन्छ। तत्सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयकै क्षेत्राधिकार हुने हुँदा यहाँ बोलिरहनु परेन। यद्यपि रकम दाखिला नगरी भौचरको प्रमाणीकरण सम्बन्धित बैङ्कबाट कसरी भयो र कम्पनी रजिष्ट्रारको कार्यालयले शेयरवापतको रकम लिनादिना भएको भन्ने कुरा के-कसरी यकिन गरेको हो भन्ने कुरा समेत देखिँदैन।
- गोरखा मिडिया नेटवर्क प्रा.लि. मात्र होइन, स्वर्णलक्ष्मी, सूर्यदर्शन, सुप्रिम, समानता, सानो पाइला समेतका सहकारीहरूबाट गितेन्द्रबाबु राई र कुमार रम्तेलको स्वमित्वमा रहेका अन्य कम्पनीहरूमा, सुमेरु बचत तथा ऋण सहकारीबाट सुमेरू अस्पताल लगायत

कम्पनीहरूमा, श्री लालीगुराँस सहकारीबाट भैरबकुण्ड जलविद्युत आयोजनामा, शिवशिखर सहकारीबाट केदारनाथ शर्माका कम्पनीहरूमा कर्जा प्रवाह भएको निकै लामो सूची छ। ती सबै कर्जा गैरकानूनी र वेरीतका छन्।

- कम्पनीमा शेयर खरिद बिक्री गर्दा भुक्तानीका माध्यमको परीक्षण नगरी कीर्ते रूपमा तयार गरिएको देखावटी कागजलाई समेत कम्पनी रजिष्ट्रारको कार्यालयले मान्यता दिने अभ्यास रहेको समितिसमक्ष सोधपुछका क्रममा गोरखा मिडिया नेटवर्क प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक रवी लामिछाने र सञ्चालक छबिलाल जोशीको भनाई समेतबाट देखिन्छ। त्यसले एकातर्फ कम्पनी प्रशासनमा वित्तीय सुशासन विपरीतका क्रियाकलापलाई प्रोत्साहन हुने र आयकरवापत सरकारले प्राप्त गर्ने राजश्वमा समेत छली भएको देखिन आयो।

परिच्छेद-१८

सुझाव तथा सिफारिस

१८.१ सुझाव तथा सिफारिसहरू

समितिलाई प्रतिनिधि सभाबाट प्राप्त चार कार्यादेशमा केन्द्रित रही देहाय बमोजिम सुझाव सिफारिस गरिएको छः-

१८.१.१ कार्यादेश एकका सम्बन्धमा सिफारिस

१. सहकारी संस्था दर्ता गर्नुपूर्व त्यस्तो व्यक्ति पूर्वप्रशिक्षित भएको सुनिश्चित गर्ने, सरकारी तवरबाटमात्र सम्भव नभएमा निजी क्षेत्रका तालिम सेवाप्रदायकहरूलाई समेत अधिकार दिने गरी प्रबन्ध गर्ने,

२. सहकारीमा राख्न सकिने अधिकतम बचत र लिन सकिने अधिकतम कर्जाको सीमा निर्धारण गरी त्यसलाई कडाइका साथ पालना गर्ने, गराउने र बचतकर्ताले लिएर आउने रकमको कानून बमोजिम स्रोत खुलाउने कुरालाई प्रभावकारी बनाउने,

३. सहकारी संस्थाहरूको नियमनका लागि दोस्रो तहको नियमनकारी निकाय (Second Tier Institution -STI) का रूपमा सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँग प्रत्यक्ष समन्वयमा रही काम गर्ने गरी स्वायत्त संस्थाका रूपमा सहकारी प्राधिकरण स्थापना गरिनु पर्ने, प्राधिकरण स्थापना गर्दा देहायका कुरामा ध्यान दिनेः-

- सहकारीको सञ्चालन ईजाजतपत्र प्रदान गर्ने, नियमित रूपमा नियमन (नियम जारी गर्ने वा निर्देशन दिने) गर्ने एवं सुपरीवेक्षण गर्ने, सुपरीवेक्षणको क्रममा देखा पर्ने कैफियत कार्यान्वयन गर्ने, गराउने र नगरेमा कारबाही गर्ने अधिकार दिइनु पर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सबै प्रारम्भिक सहकारी र वित्तीय कारोबार गर्ने सबै महासङ्घ, सङ्घहरूलाई नियमन, सुपरीवेक्षण, कार्यान्वयन र कारबाही गर्ने अधिकार प्राधिकरणलाई दिइनु पर्ने,
- सञ्चालक समितिमा विषयविज्ञ र अनुभवी व्यक्तिहरूको आवश्यकता रहने हुँदा, नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क र सहकारी क्षेत्रका जानकार र विज्ञ व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नु पर्ने,
- आवश्यक विज्ञ जनशक्ति (जस्तैः सहकारी, बैङ्किङ्ग, चार्टर्ड एकाउण्टेन्ट तथा व्यवस्थापन) को योग्यता निर्धारण, छनौट, भर्ना, पदोन्नति एवं यसै निकायभित्र मात्र सरुवा गर्ने गरी संस्थागत स्मरण समेतलाई ध्याद दिइनु पर्ने,
- पच्चिस करोड रूपैयाँभन्दा बढी कूल सम्पत्ति भएका सहकारीले प्राधिकरण गठन भएको मितिले ६ महिनाभित्र वित्तीय कारोबार सञ्चालन ईजाजतपत्र लिनु पर्ने गरी कानूनी प्रबन्ध गर्नु पर्ने,

- सहकारीको नियमन तथा सुपरीवेक्षणका लागि कानूनले अधिकार दिए बमोजिम निर्देशिका, मापदण्ड तथा कार्यविधि जारी गर्ने अधिकार दिनु पर्ने,
- प्राधिकरण स्थापना भएपछि राष्ट्रिय सहकारी विकास बोर्ड र सहकारी विभागको आवश्यकता नरहने हुँदा सम्पत्ति र दायित्व सर्ने गरी कानूनी प्रबन्ध गर्नु पर्ने,

४. प्राधिकरण गठन नभएसम्म नेपाल राष्ट्र बैङ्क र सहकारी विभागको संयुक्त अनुगमन टोलीले ठूलो वित्तीय कारोबार गर्ने सहकारीलाई प्राथमिकतामा राखी सहकारीको अनुगमनलाई नियमितता दिनु पर्ने,

५. बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति बाक्लो रहेका सहरी वा अर्धसहरी क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई कम संख्यामा कायम राख्ने नीति लिई एकीकरणलाई प्राथमिकता दिने, सहकारी बैङ्कलाई आवश्यकताअनुसार प्रदेश तहमा समेत बिस्तार गर्ने,

६. सहकारी संस्थाहरूलाई पुँजी/वित्तीय परिचालन क्षमताका आधारमा क, ख र ग वर्गमा विभाजन गरी नियमन गर्नु उपयुक्त हुने,

७. सहकारी संस्थाहरूको लेखापरीक्षण सहकारी प्राधिकरणमा सूचीकृत लेखापरीक्षकहरूबाट गराउने प्रबन्ध गर्ने र हरेक वर्ष कम्तिमा एकपटक सहकारी संस्थाको अनुगमन गर्ने र उक्त आर्थिक वर्षको लेखापरीक्षण गर्दा अनुगमनका क्रममा जनाइएका कैफियत कार्यान्वयन भए, नभएका सम्बन्धमा उल्लेख गर्ने गरी कानूनी प्रबन्ध गर्ने,

८. संविधानको अनुसूची (५), (७) र (९) समेतका आधारमा सहकारी संस्थाको नियमन र मापदण्ड संघले बनाउने, प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता तथा अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाउनतर्फ पहल गर्ने र नियमनलाई पुनर्विभाजन र पुनर्व्यवस्थित गरी नियमनको अधिकार संघीयस्तरमा स्थापना हुने प्राधिकरणलाई प्रदान गरिनु पर्ने,

९. सहकारी प्राधिकरण तीन महिनाभित्र स्थापना गर्नु पर्ने, स्थापना नहुँदासम्म सहकारी ऐन, २०७४ र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा २०८० चैत ३० गते भएको संशोधन बमोजिम २०८१ असार मसान्तको लेखापरीक्षण प्रतिवेदनलाई आधार मानी पचास करोड रूपैयाँ वा सोभन्दा बढी कूल सम्पत्ति भएका वा वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई नेपाल राष्ट्र बैङ्कले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम नियमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने,

१०. सहकारी कानूनमा सद्‌नियतले काम गर्दागर्दै लगानी समस्यामा परेकोमा राज्यले हेर्नु पर्ने र सानो क्षति भएको खण्डमा सदस्यहरूले पनि दामाशाहीले घाटापूर्ति गर्नु पर्ने र बद्‌नियतले काम गरेका कारण संस्था समस्यामा परेकोमा कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्ने गरी किटानी प्रबन्ध गरी सहकारी कानूनलाई समयानुकूल बनाउने,

११. सहकारी संस्थालाई सदस्यकेन्द्रित र समुदायआधारित बनाई सदस्यकै सामुहिक प्रयासमा आर्थिक, सामाजिक र साँस्कृतिक उन्नयन गर्ने प्रयोजनका लागि उत्पादनमूलक र सेवामुखी सहकारीलाई प्रवर्द्धन गर्ने,

१२. सहकारी मूल्य, मान्यता, सिद्दान्त र प्रचलित सहकारी कानून विपरीत सञ्चालनमा रहेका, आफ्नो विनियममा निर्धारित उद्देश्य विपरीत कार्य गरेका तथा निस्क्रिय अवस्थामा रहेका सहकारी संस्थाहरूको दर्ता खारेजी र विघटन गरी सम्बन्धित संस्थाले नै खर्च वेहोर्ने गरी लिक्विडेटर नियुक्त गरी लिक्विडेशन र सम्पत्ति एवं दायित्व फरफारक गर्ने,

१३. सहकारी महासंघ र संघलाई प्रारम्भिक सहकारी सरह बचत तथा ऋण कारोबार गर्न नदिने,

१४. देशभरका सहकारी संघ संस्थामा भएका असल अभ्यासहरू संकलन गरी केन्द्रबाट दिइने तालिमको पाठ्यक्रममा समावेश गरेर प्रशिक्षणको माध्यमबाट प्रचार प्रसार गर्ने गराउने र सहकारी शिक्षा विषयमा विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा समावेश गर्ने।

१८.१.२ कार्यदिश दुईका सम्बन्धमा सिफारिस

१. सहकारी कानूनमा व्यवस्था भएबमोजिम बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र र बचत बीमा देहाय बमोजिम प्रबन्ध गर्ने:-

- **कर्जा सूचना केन्द्रः** कर्जा प्रवाह गर्दा कर्जा सूचना केन्द्रबाट सूचना लिनु पर्ने हुन्छ। ऋणीले कहाँबाट कति कर्जा लिइरहेको छ भन्ने जानकारी हुने हुँदा थप कर्जा प्रवाह गर्ने वा नगर्ने भन्ने निर्णय गर्न सजिलो हुन्छ। व्यक्तिको वित्तीय स्वास्थ्य थाहा पाउने उपाय कर्जा सूचना केन्द्र हो। अहिले नेपाल राष्ट्र बैङ्क लगायत बैङ्क तथा वित्तीय संस्थाहरूका लागि खोलिएको कर्जा सूचना केन्द्रले बैङ्क तथा वित्तीय संस्थाहरूलाई कर्जा सूचना प्रदान गरिरहेको छ। सहकारीका लागि कानूनमा कर्जा सूचना केन्द्रको प्रबन्ध भएता पनि केन्द्र स्थापना नभएको हुँदा यसको अपरिहार्यता महसुस भएको छ। छुट्टै संस्था स्थापना र सञ्चालन गर्न समय र लागत बढी लाग्ने हुँदा अहिले भइरहेको कर्जा सूचना केन्द्रमै कानूनी अधिकार र स्रोत प्रदान नगरी कर्जा सूचना केन्द्रलाई व्यवस्थित गर्न सकिन्छ। सहकारी र बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिने ऋणीका लागि समेत यो प्रभावकारी हुन्छ।
- **बचतको बीमाः** बैङ्क तथा वित्तीय संस्थाहरूको प्रतिव्यक्ति प्रतिखाता ५ लाख रूपैयाँसम्मको निक्षेपको बीमा गर्ने व्यवस्था छ। यसका लागि सरकारको ९ अर्ब र नेपाल राष्ट्र बैङ्कको १ अर्ब गरी रु. १० अर्बको लगानीमा स्थापित निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम छ। बचत तथा ऋण सहकारीका लागि बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्न सक्ने व्यवस्था कानूनमा रहे पनि अहिलेसम्म स्थापना हुन सकेको छैन। छुट्टै बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्न समय र लागत धेरै लाग्ने हुँदा विद्यमान निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत नै बचत

तथा ऋण सहकारी संस्थाहरूको निश्चित सीमासम्मको रकमको बीमा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ। आवश्यकताअनुसार कानूनमा सुधार गरी विमा अनिवार्य गरिनु पर्दछ।

- **कर्जा असुली न्यायाधिकरणः** बैङ्क तथा वित्तीय संस्थाको कर्जा असुलीका लागि कर्जा असुली न्यायाधिकरण रहेकै हुँदा सहकारी कानूनमा प्रबन्ध भएबमोजिम कर्जा असुली न्यायाधिकरण नहुँदा ऋणीहरूलाई जिम्मेवार बनाउन सकिएको छैन। यसका लागि भइरहेको ऋण असुली न्यायाधिकरणलाई जनशक्ति, कानूनी अख्तियारी र स्रोतले युक्त बनाई सहकारीको कर्जा समेत हेर्ने जिम्मेवारी बिस्तार गर्नु उपयुक्त हुन्छ।

२. समस्यामा रहेका सहकारी संस्थाका सञ्चालकलाई सरकारको निगरानीमा निज तथा निजको एकाघरका सदस्य समेतको नाममा रहेको अचल सम्पत्ति, बैङ्क खाता, पासपोर्ट र यात्रा अनुमति रोक्का राखी सहकारीको मुख्य कार्यालय रहेको सहरबाहेक बाहिर जानु पर्दा सरकारको सम्बन्धित निकायको अनुमति लिनु पर्ने गरी नियमित कार्यालय खोल्नु पर्ने शर्त सहित settlement का लागि निश्चित अवधि तोकी उक्त अवधिभित्र पूर्ण समाधान हुन नसकेमा पुनः कानूनी कारबाहीमा जाने गरी व्यवस्थापन गर्न समय दिने,

३. वर्तमान सहकारी सङ्कट समाधानार्थ सरकारका तर्फबाट औचित्यपूर्ण हस्तक्षेप भई पाँच लाखसम्मका साना बचतकर्ताको रकम सरकारको जमानीमा आन्तरिक ऋणपत्र (Bond) जारी गरी प्राधिकरणमार्फत फिर्ता गर्ने र सरकारले पछि सरकारी बाँकी सरह असुलउपर गर्ने कार्यक्रमिक प्रबन्ध गरी तत्काल काम सुरू गर्ने र क्रमशः ठूला बचतकर्ताहरूको बचत रकम कानून बमोजिम स्रोत खुलाई करको दायरामा ल्याई फिर्ताको लागि सहजीकरण गर्ने,

४. समस्याग्रस्त बचत तथा ऋण सहकारीका सम्बन्धमा देहायका उपायहरू कार्यान्वयन गर्नेः

(१) समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाहरूको सम्पूर्ण कारोबारहरूका विवरणहरू छानबिन गरी यथार्थ स्थिति पत्ता लगाउने,

(२) सहकारीको रकम गलत ढङ्गले ऋणको रूपमा प्रवाह गर्ने र कर्जा अपचलन गर्नेलाई कानूनी कारवाही गर्ने, उनीहरूका चल अचल सम्पत्तिहरू जफत गर्ने,

(३) कर्जा असुली गरेर बचतकर्ताको रकम फिर्ता गर्ने, सहकारीले लगानी गरेका सम्पत्तिहरू जफत गरी सरकारको नाममा ल्याउने र सरकारले साना बचतकर्ताको बचत रकम फिर्ता गर्ने र कर्जा असुलीपछि सो रकम शोधभर्ना लिने।

५. देहायका कार्यक्रम सहित सहकारी पुनरोत्थान योजना लागू गर्ने

- मुलुकको उत्पादन, आत्मनिर्भरता र औद्योगिक विकास प्रक्रियामा सहकारी क्षेत्रको योगदान बढाउने,
- कतिपय सहकारीका कारण हाल गुमेको सहकारी क्षेत्रको विश्वास र साख पुनःआर्जन गर्ने,
- बचत अपचलनकर्तालाई सजाय गर्ने,
- अपचलित रकम सम्बन्धितहरूबाट असुलउपर गर्ने,

१८.१.३ कार्यादेश तीनका सम्बन्धमा सिफारिस

१. **समस्याग्रस्त सहकारीको हरहिसाब राफसाफ गर्नेः** समस्याग्रस्त घोषणा भइसकेका सहकारी सामान्यतया पुनः सञ्चालनमा आउन सक्ने सम्भावना एकदमै क्षीण रहेको छ। प्रत्येक सहकारीको हरहिसाब फरफारक गर्न सहकारीको पछिल्लो वित्तीय कारोबारको आकारलाई दृष्टिगत गरी बैङ्किङ्गविज्ञ, सहकारीविज्ञ र चार्टर्ड एकाउन्टेन्ट सहितको ३ देखि ५ जनासम्मको संस्थापिच्छे अलग कार्यसमूह (Dedicated Team) बनाई निश्चित कार्यादेश र कार्यविधि प्रदान गर्ने र सोही कार्यसमूहबाट सम्पत्ति र दायित्वको फरफारक गर्नेदेखि पुनर्सञ्चालन वा खारेजीसम्मको अधिकार प्रदान गर्ने।

२. समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताको बचत रकम फिर्ता गर्ने सम्बन्धमा प्राथमिकताको आधारमा फिर्ता योजना अगाडि बढाउनु पर्ने देखिन्छः-

क. **संस्थागत सम्पत्तिबाट बचत फिर्ता गर्ने (प्रथम चरण)**

- सहकारी संस्थाहरूको संस्थागत सम्पत्ति तथा त्यसका सञ्चालक एवं संलग्न व्यक्तिको तत्काल सम्पत्ति रोक्का गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहमा आ-आफ्नो जिम्मेवारीभित्र पर्ने गैरकानूनी कारोबार गर्ने सहकारी संस्थाहरू र त्यससँग सम्बन्धित व्यक्तिहरूको सम्पत्ति जिम्मा लिने, बेचबिखन गर्ने, ऋण असुली गर्ने, निक्षेप कर्ताहरूको निक्षेप फिर्ता गर्ने लगायतका कार्यहरू गर्न कानूनी र संस्थागत प्रबन्ध गर्ने,
- गैरकानूनी कारोबार गर्ने सहकारी संस्थाहरू र तिनका सञ्चालक एवं अन्य संलग्न व्यक्तिहरूको सम्पत्तिको लगत तयार गर्ने,
- लगतअनुसार संस्थागत सम्पत्ति संयन्त्रले जिम्मा लिने,
- संस्थाबाट लगानी भएको ऋणलाई सरकारी बाँकीसरह असुल गर्ने,
- त्यस्ता संस्थाहरूको अचल सम्पत्तिलाई चलमा परिणत गर्ने (बेचबिखन गर्ने)

- बचतकर्ताको प्राथमिकता र उपलब्ध सम्पत्तिको आधारमा फिर्ता गर्ने रकमको अनुपात निर्धारण गर्ने,
- निर्धारण भएबमोजिमको प्राथमिकताक्रममा बचत फिर्ता गर्ने।

ख. संस्थागत सम्पत्ति अपुग भएमा व्यक्तिगत सम्पत्तिबाट फिर्ता गर्ने (दोश्रो चरण)

- सञ्चालक/संलग्न व्यक्ति र परिवारको सदस्य र संलग्न देखिएका अन्यको चल/अचल सम्पत्ति नियन्त्रणमा लिने,
- अचल सम्पत्तिलाई चलमा परिणत गर्ने (बेचबिखन गर्ने),
- बचतकर्ताको प्राथमिकता र उपलब्ध सम्पत्तिको आधारमा फिर्ता गर्ने रकमको अनुपात निर्धारण गर्ने,
- निर्धारण भएको प्राथमिकताअनुसार बचत फिर्ता गर्ने।

३. सहकारी संस्थाहरू समस्याग्रस्त भएसँगै कार्यालय बन्द हुने र सञ्चालकहरू समेत निलम्बन वा थुनामा पर्न सक्ने हुँदा बचतकर्ताको बचत रकम लगानी भएका सम्पत्ति धितो राखी ऋण लिएकोमा सोको व्याज समेत पुँजीकृत गर्ने र बचतकर्ताको बचत रकमको वेवास्ता गरी ऋण रकममै लिलाम गरी लिने खालका प्रवृत्ति देखिएको हुँदा बजार मूल्यमा लिलाम गरी ऋण रकम असुल गरी बाँकी रकम समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई उपलब्ध गराउने सम्बन्धमा आवश्यक समन्वय गर्न नेपाल राष्ट्र बैङ्कमार्फत बैङ्क तथा वित्तीय संस्थाहरूलाई पत्राचार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

४. सहकारी संस्थाहरूले पुँजी प्रवाहको सन्तुलन देखाउन केही नक्कली ऋणीहरू खडा गर्ने वा चुक्ता गरिसकेका ऋणको लगत कट्टा नगर्ने जस्ता समस्या देखिएका छन्, यसमा सुधार हुनु पर्ने।

५. चालु आर्थिक वर्षको बजेटमा व्यवस्था भई मौद्रिक नीतिले स्पष्ट पारेको पाँच लाख रुपैयाँसम्मका बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने सम्बन्धमा शिघ्र नतिजा देखिने गरी तत्काल कार्यारम्भ गर्नु पर्ने देखिन्छ।

१८.१.४ कार्यदिश चारका सम्बन्धमा सिफारिस

१. सहकारी संस्थाहरूबाट कम्पनीमा रकम प्रवाह भएकोमा विवाद रहेन, त्यसरी सहकारी संस्थाहरूबाट निजी कम्पनीमा लगानी गर्न वा रकम प्रवाह गर्न मिल्ने कानूनी व्यवस्था नभएको हुँदा उक्त कानून विपरीतको कार्यलाई रोकी कानूनी प्रबन्धको कडाइका साथ पालना गर्ने/गराउने,

२. निजी कम्पनीमा लगानी गर्नुको सट्टा उत्पादनकेन्द्रित सहकारीलाई प्रवर्द्धन गरी सहकारीको आफ्नै ब्राण्ड स्थापित गर्नेतर्फ प्रोत्साहन दिने र त्यसको सहकारी-व्यवसायमा कर छुट लगायतका सुविधा प्रदान गर्ने गरी नीतिगत प्रबन्ध गर्ने,

३. सहकारी कानून विपरीत गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रकम प्रवाह गर्ने सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरा, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.,बुटवल, स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं, सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि., चितवन र सानोपाइला बचत तथा ऋण सहकारी संस्था लि., वीरगञ्जका सञ्चालक एवं निर्णय प्रक्रियामा संलग्न सबैलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन नेपाल सरकारलाई सिफारिस गर्ने, यसैगरी कम्पनीमा रकम पठाएको देखिएका इमेज बचत तथा ऋण सहकारी संस्था लि., समानता बचत तथा ऋण सहकारी संस्था लि., सुमेरू बचत तथा ऋण सहकारी संस्था लि., आइएमई कोअपरेटिभ्स र यस्तै कानून विपरीतको कार्य गरेका सहकारी संस्थाका सञ्चालक एवं निर्णय प्रक्रियामा संलग्न सबैलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन नेपाल सरकारलाई सिफारिस गर्ने,

४. कुनै पनि कम्पनीको आफ्नै उद्देश्य र मर्म हुन्छ। कम्पनीका सञ्चालक वा शेयरहोल्डरहरू त्यस्तो संस्थामा मुख्य जिम्मेवार हुन्छन्। शेयर सदस्य, सञ्चालक सदस्य र प्रबन्ध निर्देशकको भूमिका र जिम्मेवारीमा रहेका पात्रहरूले कम्पनीमा प्राप्त हुने रकमप्रति जिम्मेवारी र दायित्वबोध नगर्ने मिल्दैन। खातावाल हस्ताक्षरकर्ताहरू जसले खाता सञ्चालन अर्थात् वित्त परिचालनमा सहभागी हुन्छन्, त्यसवापत दायित्व ग्रहण गर्नु पर्दछ। सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रा.लि.को खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको देखिन आएबाट निज सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवी लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानून बमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

५. सहकारी बचत रकम अपचलनमा संलग्न रही फरार रहेका गितेन्द्रबाबु राई, थानबहादुर बुढा मगर-सूर्यदर्शन पोखरा, दिनेश रोक्का-सहारा चितवन, सागर के.सी.-सुप्रिम, बुटवल, तस्वीरण खातुन-सानो पाइला, बिरगञ्ज र भूपेन्द्र राई-स्वर्णलक्ष्मी, काठमाडौंलाई शिघ्र खोजी गरी कानूनी दायरामा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने,

६. समितिले छानबिनको लागि खोजी गरेर उपस्थित गराइ दिन गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई निर्देशन गरेका अन्य फरार व्यक्तिहरूलाई अविलम्ब कानूनको दायरामा शिघ्र ल्याई बचत अपचलनमा कारबाही अघि बढाउन सिफारिस गर्ने,

७. कार्यदिशको अनुसूची-२ मा उल्लिखित अन्य सहकारी संस्थाहरूबाट गैरकानूनी प्रक्रियाबाट रकम लिई उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा सहभागी भएका सबै कम्पनीका सञ्चालक, निर्णयकर्ता एवं मुख्य जिम्मेवारहरूलाई आफू बहाल रहेको अवधिमा कम्पनीमा आएको रकमको हकमा उत्तरदायी र जवाफदेही बनाउने गरी सम्बद्ध कानूनअनुसार सम्बद्ध निकायबाट अनुसन्धान गरी कानून बमोजिम गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

८. गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायतका कम्पनीहरूमा शेयर खरिद बिक्री गर्दा कानूनबमोजिम पेश हुने भुक्तानीका साधन र उपकरणहरू पूर्ण नभई किर्ते कागजकै आधारमा खरिद बिक्री भएको पाइएको हुँदा भुक्तानी प्रक्रिया पूर्ण भएको यकिन गरी र सोबमोजिमको कर समेत तिर्ने सम्बन्धमा बाध्यकारी प्रबन्ध गर्न र ग्रेट शेयर सम्बन्धी कानूनी प्रबन्धबारे अध्ययन गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराउन नेपाल सरकारलाई सिफारिस गर्ने।

१८.२ अन्य सुझावहरू

१. नेपालको सहकारी आन्दोलनलाई सुदृढ र दिगो बनाउन प्रवर्द्धन र नियमनबीचको सन्तुलन आवश्यक छ। केन्द्रीय संघ, विषयगत केन्द्रीय संघ, प्रादेशिक संघ र जिल्लास्तरीय संघहरूले एक अर्कासँग परस्परमा समन्वय गर्दै पारदर्शिता, नैतिकता र सदस्यहरूको सर्वोत्कृष्ट हितमा केन्द्रित भएर काम गर्नुपर्दछ।

२. नेपालको सहकारी क्षेत्रको नियमन र व्यवस्थापनलाई सुधार गर्न, कानूनी प्रावधानहरूलाई स्पष्ट र एकरूप बनाउन अत्यावश्यक छ। संघीय, प्रादेशिक र स्थानीय तहका कानूनहरूको समन्वय गर्दै एकरूप कानूनी संरचना बनाउनु पर्दछ, जसले समन्वय सहितको कार्यान्वयनलाई मद्दत गर्नेछ।

३. सहकारी क्षेत्रको प्रभावकारिता र दिगोपनालाई सुनिश्चित गर्न बचत र ऋणको कारोबार सेवाबाहेक कृषि, उपभोक्ता र सामुदायिक विकासजस्ता अन्य सहकारी क्रियाकलापमा केन्द्रित हुनु आवश्यक छ।

४. सहकारी क्षेत्रको संख्यात्मक वृद्धिसँगै गुणात्मकतामा ध्यान दिन गुणस्तरीय शिक्षा, तालिम, र अनुगमनको सुदृढ व्यवस्थापन गर्नु पर्दछ।

५. सहकारी क्षेत्रको प्रभावकारी अनुगमन र सुपरीवेक्षणका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक स्रोतसाधनसहित नियामक निकायमा विषयविज्ञससहितको दरबन्दी र तत्काल पदपूर्तिको प्रबन्ध गर्नु गर्दछ।

६. बचत तथा ऋण सहकारीहरूको दर्ता, कार्यक्षेत्र र सेवाकेन्द्र बिस्तार हाललाई रोकी प्रभावकारी नियमनमा ध्यानकेन्द्रित गर्नु पर्दछ।

७. सहकारीको मुख्य प्रशासनिक अधिकारीको स्वविवेकीय अधिकारलाई उत्तरदायी र जवाफदेही बनाई सहकारी संस्थाहरूको सेवा बिस्तार र एकीकरण (एकीकरण) प्रक्रियामा पारदर्शिता र सदस्यहरूको सहमतिलाई अनिवार्य बनाउनु आवश्यक छ।

सन्दर्भ सामग्रीहरू

कानून

- नेपालको संविधान (पुराना संविधानहरू सहित),
- मुलकी अपराध संहिता, २०७४
- सहकारी ऐन, २०७४
- संगठित अपराधा निवारण ऐन, २०७०
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४
- प्रतिनिधि सभा नियमावली, २०७९
- राष्ट्रिय सभा नियमावली, २०७५

योजना/कार्यक्रम

- नेपालको आवधिक योजनाहरू (१-१६ सम्म)

पुस्तक/लेख (नेपाली खण्ड)

- ढङ्गेल, रमेश र प्रधानाङ्ग, ऐश्वर्यलाल (वि.सं.२०५६) काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास. काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय।
- दाहाल, डिल्लीराम (वि.सं.२०३६) धिमाल लोक जीवन अध्ययन. काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
- पाँडे, सरदार भिमवहादुर (वि.सं.२०७६) त्यस वखतको नेपाल भाग २ र ३ पाँचौं संस्करण काठमाडौं: फिनिक्स बुक।
- संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मूल्यांकन सम्बन्धी अनुसन्धानमूलक अध्ययन, २०७४, महान्यायाधिवक्ताको कार्यालय।

पुस्तक/लेख (अङ्ग्रेजी खण्ड)

- Akerlof, G.A. and Romer, P.M., 1993. Looting: The economic underworld of bankruptcy for profit. Brookings papers on economic activity, 1993(2), pp.1-73.
- Bellur, V. V., Singh, S. P., Chaganti, R., & Chaganti, R. (1990). The white revolution—How Amul brought milk to India. *Long Range Planning*, *23*(6), 71-79..
- Blake, W. William Black on Financial Fraud. EconTalk podcast. - Econtalk (2012). https://www.econtalk.org/william-black-on-financial-fraud/.
- Brandão, Janaina Balk & Breitenbach, Raquel, 2019. *"What are the main problems in the management of rural cooperatives in Southern Brazil?*," Land Use Policy, Elsevier, vol. 85(C), pages 121-129.
- Chen, F., Xu, Z., & Luo, Y. (2023). *False prosperity: Rethinking government support for farmers' cooperatives in China.* Annals of Public and Cooperative Economics, 94(3), 905-920।
- Curry, T. and Shibut, L., 2000. The Cost of the Savings and Loan Crisis: Truth and Consequences.
- da Silva, S. S., de Freitas, A. F., de Freitas, A. F., & dos Santos Macedo, A. (2023). *Cooperativism as a Solution or as an Obligation? The Formation of Cooperatives in Small-Scale Mining in Brazil.* Resources Policy, 85, 104041.
- Deller, S., Hoyt, A., Hueth, B., & Sundaram-Stukel, R. (2009). *Research on the Economic Impact of Cooperatives.* University of Wisconsin Center for Cooperatives, 231(2209), 232-31

- Dr. William King and the Co-operator 1828-1830, Ed. T.W. Mercer, The Co-operative Union Limited, Holyoake House, Hanover Street. Manchester, 1922.
- Ely, B. and Vanderhoff, V., 1991. Lessons Learned from the S & L Debacle: The Price of Failed Public Policy. Institute for Policy Innovation.
- Ely, B. Savings and Loan Crisis - Econlib (2018). https://www.econlib.org/library/Enc/SavingsandLoanCrisis.html.
- Golovina, S., Antonova, M., & Abilova, E. (2020, January). *ASSESSMENT OF AGRICULTURAL COOPERATIVES' PERFORMANCE IN RUSSIA: THE CASE OF THE KURGAN REGION.* In Ecological-Socio-Economic Systems: Models of Competition and Cooperation (ESES 2019) (Page 370-376). Atlantis Press.
- Harimaya, K., & Kagitani, K. (2022). *Efficiency, and economies of scale and scope in Japanese agricultural cooperatives.* Journal of Economic Structures, 11(1), 21।
- Hilson, M. (2017). *Rochdale and Beyond: Consumer Co-operation in Britain before 1945.* A Global History of Consumer Co-operation since 1850 (Page 59-77)।
- Hove Jr, A.C., Hanc, G., Davison, L., Freund, J., Curry, T., Hirsch, P., Kelley, T., Moysich, A., Lamm, B. and Reidhill, J., 1997. FDIC History of the Eighties-Lessons for the Future (Volume 1).
- Jung, H., & Rosner, H. J. (2012). *Cooperative Movements in the Republic of Korea.* The Cooperative Business Movement, 1950 to the Present (Page 83-106).
- Kamboj, S., Yadav, M., & Rahman, Z. (2017). Bharat to India: a case of connecting IFFCO brand with generation Y. *International Journal of Business Excellence*, *13*(4), 415-427.
- Kane, E.J. and Yu, M.T., 1995. Measuring the true profile of taxpayer losses in the S & L insurance mess. *Journal of Banking & Finance*, *19*(8), pp.1459-1477.
- Karki, Sarthak, 2023. Cassandra Syndrome: International Banking Crisis and Credit Risk. Mirmire, 52(1).
- Kislev, Y. (2015). *Agricultural cooperatives in Israel: Past and present.* Agricultural transition in post-Soviet Europe and Central Asia after, 25, 175-191.
- Kumar, V., Wankhede, K.G. and Gena, H.C. (2015) *Role of Cooperatives in Improving Livelihood of Farmers on Sustainable Basis*. American Journal of Educational Research, 3, 1258-1266.
- Kuznetsova, N. A., Ilyina, A. V., Korolkova, A. P., & Marinchenko, T. E. (2021, March). *Agricultural consumer cooperatives in Russia: state and prospects for development.* In IOP Conference Series: Earth and Environmental Science (Vol. 677, No. 2, p. 022043). IOP
- Lohlein, D., & Wehrheim, P. (2003). *The Role of Credit Cooperatives in Rural Russia.* Policy Paper, 1-20.
- Miroro, O. O., Anyona, D. N., Nyamongo, I., Bukachi, S. A., Chemuliti, J., Waweru, K., & Kiganane, L. (2023). *Determinants of smallholder farmers' membership in co-operative societies: evidence from rural Kenya.* International Journal of Social Economics, 50(2), 165-179.
- National Commission on Financial Institution Reform and Enforcement (US), 1993. *Origins and Causes of the S&L Debacle: A Blueprint for Reform: A Report to the President and Congress of the United States*. The Commission.
- Neves, M. D. C. R., Silva, F. D. F., Freitas, C. O. D., & Braga, M. J. (2021). *The Role of Cooperatives in Brazilian Agricultural Production.* Agriculture, 11(10), 948.
- Okoye, C. U. (1997). Some Administrative and Management Problems of Cooperatives in Development Countries: The Case of Nigeria. *Journal of Rural Development and Administration*, *29*(1).
- Park, A. L. (2016). *Social renewal through the rural: Agricultural cooperatives in South Korea as a form of critiquing capitalism.* Global Environment, 9(1), 82-107.
- Pitman, L. (2018). *History of Cooperatives in the United States: An Overview.* Center for Cooperatives, University of Wisconsin (https://resources.platform.coop/resources/history-of-cooperatives-in-the-united-states-an-overview Cited on: 12 September 2024)

- Publishing. Lohlein, D., & Wehrheim, P. (2003). *The Role of Credit Cooperatives in Rural Russia.* Policy Paper, 1-20.
- Rajan Raghuram (2019) The Third Pillar: How Markets and the State Leave the Community Behind. Harper Collins, India, 464 pp.
- Reischauer, R.D., 1992. Congressional Budget Office. *Letter report to Hon FP Stark. Washington: CBO, 17.*
- Robinson, B.K.J. Savings and Loan Crisis – Federal Reserve History (2013). https://www.federalreservehistory.org/essays/savings-and-loan-crisis.
- Rosenthal, G., & Eiges, H. (2014). *Agricultural Cooperatives in Israel.* Journal of Rural Cooperation, 42(1), 1-29.
- Solomon, P. (2023). *Can cooperatives be a tool for poverty reduction? Social capital perspectives of fisher's cooperatives in India.* Marine Policy, 147, 105373.Song, Y., Qi, G., Zhang, Y., & Vernooy, R. (2014). Song, Y., Qi, G., Zhang, Y., & Vernooy, R. (2014), *Farmer cooperatives in China: diverse pathways to sustainable rural development,* International Journal of Agricultural Sustainability, 12(2), 95-108.
- Song, Y., Qi, G., Zhang, Y., & Vernooy, R. (2014). Song, Y., Qi, G., Zhang, Y., & Vernooy, R. (2014), *Farmer cooperatives in China: diverse pathways to sustainable rural development,* International Journal of Agricultural Sustainability, 12(2), 95-108.
- Suh, J. (2015). *Communitarian cooperative organic rice farming in Hongdong District, South Korea.* Journal of Rural Studies, 37, 29-37.
- Theeuwen, A., Duplat, V., Wickert, C., & Tjemkes, B. (2021). *How Do Women Overcome Gender Inequality by Forming Small-Scale Cooperatives? The Case of the Agricultural Sector in Uganda.* Sustainability, 13(4), 1797.
- Varma, G. R. (2017). GREEN GROWTH AND SUSTAINABLE DEVELOPMENT IN DAIRY INDUSTRY: A STUDY ON AMUL DAIRY. *Editorial Board, 6*(4), 40.
- Wimalasena, H. D., & Rupamoorthy, K. (2005). *A review of the present status of fishermen's co-operatives of Sri Lanka.*
- Wolz, A., Kopsidis, M., & Reinsberg, K. (2009). *The Transformation of Agricultural Production Cooperatives in East Germany and Their Future.* Journal of Rural Cooperation, 37(1), 5-19.
- Yamori, N., Harimaya, K., & Tomimura, K. (2017). *The efficiency of Japanese financial cooperatives: An application of parametric distance functions.* Journal of Economics and Business, 94, 43-53.

वेबसाइट

- www.opmcm.gov.np
- https://www.deoc.gov.np/
- https://businesspati.com/नेपालमा-सहकारीको-इतिहास/
- https://hr.parliament.gov.np/np/videos?search_category=parliamentary-meetings
- https://ica.coop/en
- www.ekantipur.com
- www.onlinekhabar.com

अनुसूची-१

राजनीतिक सहमतिका आधारमा तयार पारिएको समितिको कार्यादेश

पृष्ठभूमि:

सङ्घीय संसदमा प्रमुख विपक्षी दल नेपाली काँग्रेस र अन्य विपक्षी दलका प्रतिनिधि सभाका सदस्यहरूले विगत केही समयदेखि मुलुकको वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याका बारेमा उठाउनुभएका मुद्दा र कानून विपरीत बचतकर्ताहरूको बचत दुरुपयोग भएको भनी संसदीय छानबिन समितिको माग हुँदै आएको विषयमा अध्ययन गर्न प्रतिनिधिसभा नियमावली २०७९ को नियम १८० बमोजिम "सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति" गठन गरिएको छ।

कार्यक्षेत्र:

१. सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने।

२. समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने।

३. नेपाल सरकार सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनिकीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ता को प्रक्रिया कहाँ पुगेको छ सो को अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने।

४. सहकारी सस्था सदस्य (शेयर धनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुऱ्याएको भनी सङ्घीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची २ मा उल्लेखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैर कानुनी रूपमा प्रवाह भए-नभएको, र त्यस्तो गैर कानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरुलाई कानुन बमोजिम कारवाहीका लागि आवश्यक सिफारिस गर्ने।

सदस्य संख्या: ७
अवधि: ३ महिना

कार्यदल:

मा. पदम गिरी
संयोजक
मन्त्री, कानून, न्याय तथा संसदीय मामिला

मा. जीवन परियार
सदस्य
प्रतिनिधि सभा सदस्य

मा.महेश कु बर्तौला
सदस्य
प्रतिनिधि सभा सदस्य

मा. थिर्शिर् खनाल
सदस्य
प्रतिनिधि सभा सदस्य

विशेष उपस्थिति:

मा. हित राज पाण्डे
मुख्य सचेतक, प्रतिनिधि सभा

मा. ज्ञानेन्द्र बं कार्कि
सदस्य, प्रतिनिधि सभा

मिति: २०८१-०२-१५

अनुसूचि १

समस्याग्रस्त र सार्वजनिकरुपमा प्रश्न उठेका सहकारी संस्थाहरुको नाम:

१ ओरेण्टल को–अपरेटिभ लिमिटेड

२ स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ

३ प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को–अपरेटिभ

४ प्रभु बचत तथा ऋण सहकारी संस्था

५ कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ

६ कन्जुमर बचत तथा ऋण सहकारी संस्था

७ कुवेर बचत तथा ऋण सहकारी संस्था

८ चार्टर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ

९ भेगास बचत तथा ऋण सहकारी संस्था

१० स्ट्याण्डर्ड मल्टिप्रपोज को–अपरेटिभ लिमिटेड

११ सोसाइटल बचत तथा ऋण सहकारी संस्था

१२ लु:निभा बहुउद्देश्यीय सहकारी संस्था

१३ पशुपति सेभिङ क्रेडिट को–अपरेटिभ लिमिटेड

१४ शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

१५ तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड

१६ हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड

१७ कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था

१८ कान्तिपुर सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लिमिटेड

१९ लालीगुरास बहुउद्देश्यीय सहकारी संस्था

२० गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

अनुसूचि २

१ आईडियल यमुना बहुउद्देश्यी संस्था

२ ईमेज बचत तथा ऋण सहकारी संस्था लि

३ सहारा बचत तथा ऋण सहकारी,

४ समानता बचत तथा ऋण सहकारी

५ सानो पाइला बचत तथा ऋण सहकारी

६ सुप्रिम बचत तथा ऋण सहकारी,

७ सूर्यदर्शन बचत तथा ऋण सहकारी,

८ सुमेरु बचत तथा ऋण सहकारी

९ स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी,

लगायत अन्य

अनुसूची-२
समितिको आन्तरिक कार्यविधि

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८१

पारित मितिः २०८१/०३/०२

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम सभाबाट मिति २०८१ जेठ १५ मा गठित सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका आन्तरिक काम, कारबाहीलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,-

सभाबाट प्राप्त कार्यदिशले दिएको अधिकार प्रयोग गरी सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नियमावली" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७९ सम्झनु पर्छ।

(ख) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको सहकारी विभाग सम्झनु पर्छ।

(ङ) "विषयविज्ञ" भन्नाले समितिले छानबिनमा सहयोग लिन सक्ने विज्ञ, विशेषज्ञ वा विषयको जानकार व्यक्ति सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ।

(छ) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(झ) "सभा" भन्नाले प्रतिनिधि सभा सम्झनु पर्छ।

(ञ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले प्रतिनिधि सभाबाट मिति २०८१ जेठ १५ मा गठित सहकारी संस्था

बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति सम्झनु पर्छ।

३. <u>समितिको कार्यक्षेत्र</u>: समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः-

(क) सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानूनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने,

(ख) समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने,

(ग) नेपाल सरकार, सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आवद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने, र

(घ) सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानूनी रूपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानूनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।

४. <u>समितिको बैठक</u>: (१) सभापतिले समितिको बैठक बोलाउनेछ र बैठकको सूचना सचिवले सदस्यहरूलाई दिनु पर्नेछ।

(२) सभापतिले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(३) सभापतिले सदस्यहरूलाई बोल्ने समयको निर्धारण गरी समय दिनेछ र सभापतिले समय दिएपछि सम्बन्धित सदस्यले बोल्नु पर्नेछ।

५. <u>निर्धारित समयमा बैठक सुरू हुने</u>: समितिको बैठक निर्धारित मिति, समय र स्थानमा सुरू हुनेछ।

तर कुनै कारणले निर्धारित समयमा बैठक बस्न नसकेमा सभापतिले त्यस्तो बैठक स्थगित गरी अर्को बैठक बोलाउन सक्नेछ।

६. <u>बैठकको कार्यसूची र जानकारी</u>: (१) समितिको बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकबाट तय गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूची तय नभएमा सचिवले सभापतिको निर्देशन अनुसार कार्यसूची तय गरी बैठक बस्नुभन्दा अघिल्लो दिन सदस्यहरूलाई जानकारी गराउनेछ।

(३) सचिवालयले बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात सामान्यतया बैठक बस्ने दिनभन्दा एक दिन अगावै सदस्यहरूलाई विद्युतीय माध्यम वा अन्य कुनै उपयुक्त माध्यमबाट उपलब्ध गराउनेछ।

७. <u>उपस्थितिको अभिलेख</u>: बैठकमा उपस्थित सदस्यले नामको पहिलो अक्षरको वर्णानुक्रम अनुसार राखिएको निर्णय पुस्तिकामा उपस्थिति जनाउन दस्तखत गर्नु पर्नेछ।

८. <u>गणपूरक संख्या</u>: समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।

९. <u>छलफलमा विशेष ध्यान दिनु पर्ने</u>: सदस्यले बैठकको छलफलमा भाग लिँदा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) समितिमा सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाई नाम टिपाउनु पर्ने,

(ख) सभापतिबाट अनुमति पाएपछि एक पटकमा एकजनाले मात्र बोल्ने,

(ग) अर्को सदस्य बोलिरहेको समयमा बोल्न वा एक-आपसमा कुरा गर्न नहुने,

(घ) बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरी बोल्ने,

(ङ) कसैलाई व्यक्तिगत आक्षेप लाग्ने गरी वा अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द नबोल्ने,

(च) बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पर्ने गरी दुरुपयोग नगर्ने,

(छ) बैठक अवधिभर मोबाइल फोनलाई स्वीच अफ वा मौन अवस्था (साइलेन्ट मोड) मा राख्ने, र

(ज) अत्यावश्यक परेमा सभापतिको अनुमति लिएर बैठक कक्षबाहिर गएर कुरा गर्ने।

१०. <u>छलफलमा सहभागी नहुने</u>: समितिमा विचाराधीन रहेको कुनै विषयमा सदस्यको आफ्नो वा पारिवारको सदस्य संलग्न रही स्वार्थ गाँसिएको भएमा सोको स्वघोषणा सहित सभापतिलाई जानकारी गराई निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।

तर त्यस्तो विषयको छलफल सकिएपछि बैठकमा भाग लिन सक्नेछ।

११. <u>पूरा समय बैठकमा भाग लिने</u>: विशेष कारण परेको अवस्थामा सभापतिको अनुमति लिएर बाहेक बैठक

प्रारम्भ भएदेखि अन्त्य नभएसम्म सदस्यले बैठक छाँडेर जानु हुँदैन।

१२. <u>पूर्वसूचना दिनु पर्ने</u>: बैठक बोलाइएको समयमा उपस्थित हुन नसक्ने अवस्था भएमा सदस्यले सभापति वा सचिवलाई पूर्वजानकारी गराउनु पर्नेछ।

१३. <u>सहयोग पुऱ्याउनु पर्ने</u>: बैठक सञ्चालन र सुव्यवस्था कायम गर्न सबै सदस्यले सहयोग गर्नु पर्नेछ।

१४. <u>छानबिन सम्बन्धी कार्यविधि</u>: समितिले कार्यक्षेत्रलाई समग्रतामा अगाडि बढाई छानबिनका क्रममा देहायकामध्ये कुनै वा सबै कार्य गर्न सक्नेछः

(क) **सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनः**

(१) सञ्चार माध्यममा प्रकाशित/प्रसारित सूचनाको सङ्कलन र अन्य निकायबाट कागजात माग तथा सङ्कलन,

(२) संघीय संसद वा संसदीय समितिका बैठकमा सहकारी समस्या सम्बन्धमा भएका छलफलमा व्यक्त धारणा, तथ्य आदि सम्बन्धी अभिलेख संङ्कलन,

(३) सर्वोच्च अदालतबाट भएका फैसला, प्रतिपादित नजिर सिद्धान्त र आदेशहरूको संकलन,

(४) सहकारी नियमनसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैङ्क र अन्य निकायहरू, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय र सम्बन्धित स्थानीय तहबाट भए गरेका काम, कारबाही, निर्णय, टिपोट, अध्ययन प्रतिवेदनका बारेमा जानकारी वा धारणा र अभिलेख माग,

(५) बचतकर्ताको बचत रकमको सुरक्षा एवं फिर्ता गर्ने सम्बन्धमा यसपूर्व भएका अध्ययन, अनुसन्धानका सुझाव सिफारिस र कार्यान्वयनको प्रगति विवरण,

(६) सहकारी, कम्पनि तथा वित्तीय नियमन र सञ्चालनसँग सम्बन्धित संवैधानिक र कानूनी प्रबन्धहरूको अध्ययन तथा विश्लेषण,

(७) अनुसूचीमा नाम उल्लेख भएका लगायत अन्य सहकारी संस्था मध्ये केही वा सबै,

(८) अनुसूची-१ मा उल्लिखित सहकारी संस्थाका समस्या सम्बोधन गर्न नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल, समितिका प्रतिवेदन र सम्बद्ध कागजात तथा सुझाव र सिफारिस कार्यान्वयनमा सम्बन्धित निकायले गरेका प्रयास,

(९) अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूका बेङ्किङ्ग कारोबार र सो सम्बन्धी विवरण,

(१०) अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया

नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति सम्बन्धी बैङ्किङ्ग कारोबार र त्यससँग सम्बन्धित तथ्य प्रमाण, र

(११) समितिले उपयुक्त ठानेका अन्य सूचना, तथ्याङ्क, प्रतिवेदन, विश्लेषण वा प्रमाण।

(ख) छलफल, सोधपुछ र अन्तर्क्रियाः

(१) सहकारी संस्था अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने मन्त्रालय, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, निकाय, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय, सम्बन्धित स्थानीय तह र नेपाल राष्ट्र बैङ्कका जिम्मेवार अधिकारी,

(२) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाका अध्यक्ष, सञ्चालक वा व्यवस्थापक र व्यवस्थापकीय भूमिकामा रहेका अन्य व्यक्ति,

(३) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरूबाट रकम प्रवाह भएका गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूका तत्कालीन र वर्तमान सञ्चालक, व्यवस्थापक वा र व्यवस्थापकीय भूमिकामा रहेका अन्य व्यक्ति, र

(४) सहकारी पीडितका तर्फबाट पीडितका प्रतिनिधिहरू,

(५) कानून, बैङ्क तथा वित्तीय व्यवस्थापन क्षेत्रका विषयविज्ञहरू,

(६) समितिले उपयुक्त ठानेका अन्य सरोकारवाला व्यक्ति तथा संस्था र विषयविज्ञहरूसँग।

(ग) स्थलगत अध्ययन, निरीक्षण र जाँचबुझः

(१) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरू,

(२) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरूबाट रकम प्रवाह भएका गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरू, र

(३) समितिले उपयुक्त ठानेका अन्य कार्यालय, स्थान वा निकाय।

१५. <u>सदस्यहरूको आचार संहिता</u>ः सदस्यहरूले देहायको आचार संहिताको पालना गर्नु पर्नेछः-

(क) छलफलमा भाग लिँदा तत्काल छलफलको विषयवस्तुमा केन्द्रित भई धारणा राख्नु पर्ने,

(ख) समितिको कार्यक्षेत्रसँग सम्बन्धित सूचना, तथ्य वा प्रमाण सदस्यहरूका बीचमा आदान-प्रदान गर्ने,

(ग) समितिको बैठकको निर्णय वा अनुसन्धानको प्रक्रियामा रहेका प्रसङ्गहरू, विषयहरू,

छानबिन सम्बन्धी रणनीति र अन्य गोप्य कागजातलाई सार्वजनिक गर्न वा दुरुपयोग गर्न नहुने,

(घ) बैठकमा छलफल, सोधपुछ वा अन्तर्क्रियाका लागि आमन्त्रण गरिएका विषय विज्ञ, विशेषज्ञ वा सम्बन्धित सरोकारवालालाई प्रश्न राख्दा शिष्टतापूर्वक राख्नु पर्ने, र

(ङ) छानबिनका क्रममा प्राप्त तथ्य तथा जानकारीहरूको गोपनियता कायम राख्ने।

१६. <u>समितिको प्रतिवेदन</u>: (१) समितिले छानबिनको कार्य पूरा गरेपछि सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कम्तीमा देहायका कुरा खुलाउनु पर्नेछः-

(क) समितिको कार्यक्षेत्रको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया तथा सङ्कलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य, तथ्य विवरण,

(घ) समितिको ठहर वा निष्कर्ष,

(ङ) समितिको सिफारिस, र

(च) समितिले उपयुक्त ठानेका अन्य कुरा।

१७. <u>समन्वय र सहकार्य गर्न सक्ने</u>: समितिले आवश्यकता अनुसार सभाका अन्य विषयगत समितिहरू, विषयसम्बद्ध नेपाल सरकारको मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैङ्क र अन्य निकायहरू, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय र सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

१८. <u>सहयोग लिन सक्ने</u>: समितिले अध्ययन, अवलोकन, वित्तीय अवस्थाको विश्लेषण, अनुगमन तथा मूल्याङ्कन लगायत समितिको समग्र कामका लागि विषयविज्ञ वा विशेषज्ञको सहयोग लिन सक्नेछ।

१९. <u>समितिको कार्यावधि</u>: समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले तीन महिनाको हुनेछ।

२०. <u>निर्णय प्रक्रिया</u>: (१) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

तर सर्वसम्मति कायम हुन नसकेमा बहुमत सदस्यबाट समितिको निर्णय हुनेछ।

(२) उपदफा (१) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकी कुनै सदस्य वा सदस्यहरूले लिखित रूपमा फरक मत अभिलेखबद्ध गराउन चाहेमा त्यस्तो फरक मत लिखित रूपमा समितिमा दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम फरक मत प्राप्त भएमा समितिले अभिलेख राखी अन्तिम प्रतिवेदनमा समेत समावेश गर्नेछ।

२१. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>: (१) समितिले आवश्यकताअनुसार कार्यक्षेत्रभित्रको कुनै निश्चित कार्य गर्न वा छानबिन सम्बन्धी कुनै निश्चित कार्य गर्नका लागि समितिका कुनै सदस्य संयोजक रहने गरी

उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलको कार्यादेश र कार्यावधि समितिले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

२२. <u>कार्यतालिका बनाई लागू गर्न सक्ने</u>: (१) समितिले आवश्यकताअनुसार कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी समितिको कार्यतालिका अनुसूची-३ बमोजिम हुनेछ।

२३. <u>निर्णयको प्रमाणीकरण</u>: (१) बैठकको निर्णयमा सभापति र सचिवले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(२) समितिको निर्णय, काम कारबाही तथा अन्य कागजात सम्बन्धी आधिकारिक जानकारी सभापतिबाट सार्वजनिक हुनेछ।

२४. <u>समितिको काम कारबाहीको अभिलेख</u>: (१) समितिमा भएको छलफल, निर्णय, छानबिनका क्रममा समितिमा प्राप्त भएका कागजात, प्रमाण, छलफलमा उठेका विषय, प्रतिवेदनको एक प्रति, सङ्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरूको अभिलेख सभापतिको निर्देशन अनुसार सचिवालयले व्यवस्थित गरी राख्नेछ।

(२) समितिको कार्यावधि पूरा भएपछि उक्त अभिलेख संघीय संसदको महासचिव मार्फत संघीय संसद सचिवालयमा बुझाइनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि छानबिनको सिलसिलामा समितिलाई प्राप्त भएका सूचना वा जानकारी र समितिले बुझेका वा सङ्कलन गरेका प्रमाणलाई प्रचलित कानून बमोजिम गोप्य राखिनेछ।

२५. <u>समितिको निर्णय बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून र नियमावलीको अधीनमा रही समितिले निर्णय गरे बमोजिम हुनेछ।

२६. <u>कार्यविधिमा संशोधन</u>: समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

समस्याग्रस्त र सार्जनिक रूपमा प्रश्न उठेका सहकारी संस्थाहरूको नाम

१. ओरेण्टल को-अपरेटिभ लिमिटेड,
२. स्ट्याण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
३. प्यासिफिक सेभिङ् एण्ड इनभेष्टमेन्ट को-अपरेटिभ,
४. प्रभु बचत तथा ऋण सहकारी संस्था,
५. कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
६. कन्जुमर बचत तथा ऋण सहकारी संस्था,

७. कुवेर बचत तथा ऋण सहकारी संस्था,
८. चार्टर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
९. भेगास बचत तथा ऋण सहकारी संस्था,
१०. स्ट्याण्डर्ड मल्टीप्रपोज को-अपरेटिभ लिमिटेड,
११. सोसाइटल बचत तथा ऋण सहकारी संस्था,
१२. लुः निभा वहुउद्देश्यीय सहकारी संस्था,
१३. पशुपति सेभिङ् क्रेडिट को-अपरेटिभ लिमिटेड,
१४. शिव शिखर वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
१५. तुलसी वहुमुखी सहकारी संस्था लिमिटेड,
१६. हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड,
१७. कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था,
१८. कान्तिपुर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
१९. लालीगुराँस वहुउद्देश्यीय सहकारी संस्था,
२०. गौतमश्री वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड।

अनुसूची-२

१. आइडियल यमुना वहुउद्देश्यीय संस्था,
२. इमेज बचत तथा ऋण सहकारी संस्था लि.,
३. सहारा बचत तथा ऋण सहकारी,
४. समानता बचत तथा ऋण सहकारी,
५. सानो पाइला बचत तथा ऋण सहकारी,
६. सुप्रिम बचत तथा ऋण सहकारी,
७. सूर्यदर्शन बचत तथा ऋण सहकारी,
८. सुमेरू बचत तथा ऋण सहकारी,
९. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी, लगायत अन्य।

अनुसूची-३

समितिको कार्यतालिका

क्र.सं.	कामको विवरण	महिना र हप्ता																कैफियत
		जेठ		असार					श्रावण					भाद्र				
		चौथो	अन्तिम	पहिलो	दोस्रो	तेस्रो	चौथो	अन्तिम	पहिलो	दोस्रो	तेस्रो	चौथो	अन्तिम	पहिलो	दोस्रो	तेस्रो	चौथो	
१.	जिम्मेवारी प्राप्ती																	
२.	कार्यविधि र कार्ययोजना निर्माण																	
३.	सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनका लागि पत्राचार र सङ्कलन																	
४.	उपलब्ध सन्दर्भ सामग्री एवं मौजुदा कानूनी प्रबन्धको अध्ययन तथा आवश्यकता अनुसार यसअघि अध्ययन, अनुसन्धान गरेका निकाय वा व्यक्तिसँग छलफल																	
५.	सहकारी नियामक निकायसँग छलफल (प्रदेश र स्थानीय तह समेत)																	
६.	सहकारी पीडितहरूसँग प्रतिनिधिमूलक छलफल																	
७.	विषयविज्ञसँग छलफल एवं सूचना साझेदारी																	
८.	सहकारी संस्थाहरूको अध्ययन र अनुसूची-२ मा उल्लिखित सहकारीको प्रतिनिधिमूलक निरीक्षण																	

*समितिले २०८१।०२।२३ बाट कार्य प्रारम्भ गरेको।

*समितिले २०८१।०५।२२ भित्र कार्य सम्पन्न गर्ने।

९.	सहकारी संस्थाका अध्यक्ष, सञ्चालक, व्यवस्थापक र व्यवसथापकीय भूमिकामा रहेका व्यक्तिसँग छलफल, सोधपुछ																
१०.	समितिले उपयुक्त ठानेका अन्य व्यक्ति वा निकायसँग छलफल वा त्यस्तो निकायको अध्ययन र निरीक्षण																
११.	गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाका तत्कालीन र वर्तमान पदाधिकारीसँग छलफल, सोधपुछ																
१२.	समग्र तथ्यहरूको विश्लेषण र प्रतिवेदन मस्यौदा																
१३.	समस्याको व्यावहारिक समाधान वा आगामी बाटोका सम्बन्धमा राष्ट्रिय कार्यशाला																सम्पन्न, उपस्थिति र विषयवस्तु सहित
१४.	प्रतिवेदन पुनरावलोकन र समितिबाट पारित																
१५.	सम्माननीय सभामुखसमक्ष प्रतिवेदन पेश																

(सविता मिश्र)
सचिव

(सूर्यबहादुर थापा क्षेत्री)
सभापति

अनुसूची - ३

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष समितिको ६३औँ बैठकमा राख्नुभएको प्रतिबद्धता

माननीय सभापतिज्यू

माननीय सदस्यज्यूहरू

तपाईहरुले मेरा विचारलाई पनि महत्व दिएर, मेरा कुरा पनि सुन्न चाहेर र मबाट समेत केही प्रतिबद्धताहरुको अपेक्षा गर्नु भएकोमा धन्यवाद छ।

पहिलो कुरा—हामीले संविधानमा, हाम्रा आर्थिक नीतिहरुमा संविधान बन्नुभन्दा अगाडि पनि संविधानमा व्यवस्था गरेर हाम्रो अर्थतन्त्रलाई तीन खम्बे अर्थतन्त्र (सार्वजनिक, निजी र सहकारी) भनेर भनेका छौं। सहकारीलाई हामीले त्यति महत्व दिएका छौं। तदअनुसार संविधानबाटै तीन खम्बे अर्थतन्त्र अथवा हाम्रो अर्थतन्त्रका तीनवटा पिलर, त्यस तीनवटा पिलरमध्ये एउटा सहकारी भनेका छौं। यद्यपि मोटामोटी रुपमा सहकारी भनेको पनि निजी नै हो, सार्वजनिक होइन। दुई प्रकारकै भित्र यो पर्ने हो तर यसलाई हामीले विशेष महत्व दिएका छौं र निजी भनेर वैयक्तिक निजी वा अरु ढंगको निजीभन्दा ससानो पुँजीलाई जम्मा गरेर ठूलो रकम जम्मा गर्ने र अरु ठूला कामहरु गर्ने भनेका छौं। त्यसरी मानिसहरुलाई उद्यमशीलता र त्यस पुँजीबाट विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गरी विविध क्षेत्रका क्रियाकलापहरु मार्फत् मान्छेलाई रोजगारीका अवसरहरु पनि प्रदान गर्ने र सानोतिनो भए पनि आम्दानीका अवसर उपलब्ध गराउने काम यसले गर्छ। त्यसो गर्दा मान्छेको आम्दानी पनि भयो, रोजगारी पनि भयो र सानोतिनो आफैंले सहकारीबाट ऋण, सापटी पनि लिन सक्ने र त्यसको पनि सदुपयोग गरेर आम्दानी बढाएर त्यसलाई फेरि फिर्ता गर्न सक्ने अवस्था बन्ने, ऋण तिर्न सक्ने अवस्था बन्छ। सहकारीका थुप्रै महत्वपूर्ण पक्षहरु छन्।

विश्वमा सहकारीको प्रचलन नै अर्थतन्त्र अप्ठ्यारोमा भएका बेला सुरु भएको हो। तर, सहकारीमा स्वभाविक रुपमा साना पुँजीबाट सुरु गरिने भएको हुनाले यसको झन बढी अनुशासन आवश्यक छ। कहाँ लगानी गर्ने, कहाँ नगर्ने, कस्तोमा गर्ने, कस्तोमा नगर्ने, को ऋणी हुन पाउने, को नपाउने, कसलाई कुन ढंगले सहयोग गर्न सकिने वा नसकिने र यसको सञ्चालन खर्चको लिमिट के हुने, यसका सञ्चालकहरु र बियररहरुले के कस्तो मात्राको खर्च गर्न र सुविधा लिन पाउने, पुँजीको भोलुम हेरेर प्रतिशतका हिसाबले पनि जानुपर्ने र त्यो प्रतिशत पनि अरबौं छ भने त्यसलाई धेरै तल लिमिटमै राख्नुपर्ने, यस्ता थुप्रै खालका यसका अनुशासन र नियमहरु हुन्छन्। यसको मर्मअनुसारको नियम अन्तर्गत चलाइयो भने सहकारी डुब्दैन र डुब्ने पनि सम्भावना हुँदैन। यसले कसैलाई डुबाउँदैन पनि। तर यसका निम्ति एउटा कुरा छ, सहकारीमा गैरसहकारी तत्वहरु प्रवेश गर्न दिने वा बेग्लै उद्देश्यले, ठगीका उद्देश्यले सहकारी गठन गर्ने, सञ्चालन गर्ने, रकम संकलन गर्ने विभिन्न ठाउँमा देखिन्छन्। सहकारीको मर्मभन्दा विपरीत उद्देश्य नै ठगीको लिएको देखिन्छ। एकजनाको नामबाट अर्काको नाममा सार्ने, अर्काको नामबाट अर्काको नाममा

सार्ने, नयाँ ऋणी बनाउने गर्दा गर्दै धेरै जनाको नाममा सार्दासार्दै एउटा बैंकबाट अर्को बैंकमा गर्ने खालको तरिकाहरु देखिन्छ। तपाईहरुले यति धेरै दिनमा अध्ययन काफी गर्नु भएको छ। मैले त्यसमा धेरै भनिरहनु परेन।

यतिसम्म चलाखी कि विभिन्न सहकारीहरुमा कसले पैसा लियो भन्ने पनि थाहा छैन, कहाँ गयो भन्ने पनि थाहा छैन। सर्वसाधारणले ऋण लिंदा त्यहाँ त कडीकडाउ हुन्छ। तर सहकारीबाट पैसा कहाँ कहाँ पुगेको हुन्छ, फुत्तफुत्त एउटा रुखको डालोबाट अर्को रुखमा जस्तो गरी सरेको हुन्छ तर सन्यो कसरी भन्ने कुरा अनौठो ढंगले सरेको जस्तो देखिन्छ। यस्ता कुराहरुलाई नियमन र नियन्त्रण गर्नु पर्दथ्यो। राज्यको तर्फबाट कहीं कमी रह्यो। जब आर्थिक क्रियाकलाप गर्न छुट दिएको छ भने र त्यहाँ साना लगानीकर्ताहरु हुन्छन्, त्यहाँ ठूला पुँजीपतिहरुले लगानी गर्दैनन्, सानासानाहरुले लगानी गर्छन्, साँच्चैको सहकारीमा। त्यसमा हिनामिना हुन नपाओस् भन्नेगरी राज्य पनि उत्तरदायी हुने गरी जवाफदेहिता लिनु पर्दथ्यो। त्यस कुरामा उदासिन देखिएको तपाईंहरुले पनि अध्ययनबाट हेर्नु भएकै होला। त्यसमा उदासिनता पनि देखिएको छ। तत्सम्बन्धमा जुन कानुनी प्रबन्धका कुरा र कतिपय ठाउँमा अदालतको आदेश भए पनि यस्तो कुराहरुमा सरकारको अलिक ध्यान नपुगेको देखिन्छ। यसमा बैंकहरु मुछि नै नचाहने। बैंकहरुले पहिलेदेखि यसमा रुचि राखेको भए सायद यस्तो खालको अवस्था पर्ने थिएन होला। सर्वसाधारणलाई त्यसको विधि थाहा हुँदैन, विश्वासमा चलेका हुन्छन्। बैंक ठूला पुँजीपति बाहेक साधारण मान्छेहरुसँग कुनै विश्वासमा चल्दैनन्। साधारण मान्छेहरुप्रति बैंकले विश्वास गरेको मैले देखेको छैन। धरौटी नराखिकन पनि ऋण पाउने केही घराना छन् नि। बिना धरौटीमा ऋण लिने र दिने घरानाहरु छन्। त्यस्तोमा दिने तर सहकारीहरुप्रति झन गरिबका लगानी भएका संस्थाहरु चल्दा त्यसमा ध्यान दिनु पर्दैन ? अनि डुब्दा बैंकले आफ्नो जति हो त्यति असुल गरिहाल्ने? यो कुरा यहाँहरुले आफ्नो निष्कर्षहरुमा पनि राख्नु भएको छ। आफ्नो उठाइहाल्ने, जति आफ्नो ऋण दिएको छ वा जति लगानी छ, त्यतिमै लिलाम गर्दिने, त्यति उठे भयो भन्ने खालको र आफ्नो मात्रै स्वार्थ हेर्ने कुरा बैंकको उत्तरदायी कुरा भएन। त्यसकारण बैंकको सुझावहरुका बारेमा केही प्रश्नहरु उठाउनु भएको छ, मलाई लाग्छ, समितिले उठाएका कुराहरु ती जायज छन्।

सहकारी बिना अहिले पनि अर्थतन्त्रलाई अगाडि बढाउने अवस्था म देख्दिनँ। किनभने हाम्रो उत्पादन सम्बन्ध पहिलेभन्दा परिवर्तन भएको छ। पहिले एउटा परिवार उत्पादनको एउटा युनिट हुने गर्दथ्यो। अब परिवार उत्पादनको युनिट नभएर उत्पादन सम्बन्धहरु पूरै फेरिएका छन्। एउटा परिवार नै उत्पादनको युनिट हुने अवस्था रहेन। किनभने त्यहाँबाट जीविका चल्ने अवस्था छैन।

हिजो मानिसले अत्यन्त कठिन जीवन पनि स्वीकार गरेको थियो। आजको मानिस कठिन जीवन स्वीकार गर्न तयार छैन। पहाडमा हिजोको अर्थतन्त्रको उद्देश्य, आर्थिक क्रियाकलापको उद्देश्य जीवन निर्वाहसँग सम्बन्धित थियो र एकमानाको बन्दोवस्तको चलन थियो। त्यो एक मानाको बन्दोवस्त हिजो सम्बन्धित थियो। अब मानिस एकमानाको बन्दोवस्तमा चित्त बुझाउँदैन। आज मार्केट इकोनोमी भएको छ। यो कुनै देशले अरुलाई आफ्ना उत्पादनको बजार र उपभोक्ता बनाउन खोज्छ या सक्दैन भने आफैं उपभोक्ता

हुन्छ। जस्तो नेपाली अहिले अन्तर्राष्ट्रिय उत्पादनको बजार बनेका छौं र उपभोक्ता भएका छौं। हामीसँग पठाउने उत्पादन सामान केही पनि छैन। ६० प्रतिशत जनता कृषिमा निर्भर छ भने कृषिमा निर्भर रहेको ६० प्रतिशत जनतालाई कृषि क्षेत्रबाट बाहिर निकाल्नु छ। कृषि क्षेत्रबाट बाहिर निकाल्ने हो भने सबैभन्दा बढी ध्यान कृषिको आधुनिकीकरणमा दिनुपर्ने हुन्छ। अथवा सहकारीका माध्यमबाट ठूलो उत्पादन गर्नु पन्यो। त्यो सानो उत्पादनले जीविका चल्दैन र मान्छे जमिन नै छाडेर पलायन हुन्छ। अहिले पहाडतिर त्यही चलेको छ। जमिन सित्तैमा छोडेर मान्छे पलायन हुन्छन्। तीन वर्ष अगाडि तेह्रथुम जिल्लाको आठराई भन्ने चौहान डाँडामा आगलागी भयो, १५ घर जले। १५ घरमध्ये ६ घरमा मान्छेको बसोवास थियो। ९ घर मान्छेले छोडेर हिंडेर घरबारी, जमिन सबै छोडेर हिंडेका थिए। पशुधन बिक्री भयो भने बिक्री गरेका होलान् नभने छोडेर हिंडे। किनभने त्यहाँको कसैले किन्दा पनि किन्दैन, बिक्री पनि हुँदैन र त्यसबाट जीविका पनि चल्दैन भने त्यसबाट के गर्ने ! पहिले पहिले जस्तो अहिले धेरै भाइमा एउटा भाइलाई अंश लगाएर छोडिदिओं भन्ने हुँदैन। अहिले त प्राय एक भाइ एक बहिनी भएका हुन्छन् र उसकै पनि जीविका चल्दैन। सुविधा पुगेपछि मान्छेले झन शहर देख्यो। गाउँमा हामी सुविधा पुग्यो भन्छौं, सुविधा उपयोग गर्न मान्छेलाई सिकायो। सुविधा झन् देखायो। अहिले मोबाइलमा सामाजिक सञ्जालबाट जेजस्ता झिलिमिलि देखिन्छ, दुनियाँमा यस्तो झिलिमिलि छ भने मेरो गाउँमा के भएको भनेर मान्छे हिंड्छ। पहिले जस्तो तीन घन्टा हिंडेर पानी बोक्ने होइन कि दुई मिनेटको बाटो पनि मान्छे पानी बोक्न तयार हुँदैन। उसलाई पनि घरभित्रै चाहिन्छ। त्यसो भएर एक घर एक धारा भन्ने कुरा गर्दा पनि ऊ सन्तुष्ट छैन। उसले भनेका ठाउँमा धारा पुर्‍याउनुपर्छ। कृषिबाट ६० प्रतिशत जनता अल्मलिएको छ, त्यसलाई कसरी बाहिर निकाल्ने भन्नेभन्दा कृषिको आधुनिकीकरण, बजारीकरण, व्यवसायिकरण, यान्त्रीकीकरण, प्रविधिको प्रयोग गर्नुपर्छ। सानो जमिनको टुक्रा ओगटेको किसानले त्यो सबै गर्न सक्दैन। जसले गर्दा उत्पादन वृद्धि होइन, ह्रास हुन्छ। माटोको विरामी बढ्दो छ। यसर्थ यी चिजहरुलाई परिवर्तन गर्नका निम्ति सहकारीको आवश्यकता छ। सहकारीबाट अनेक मानिसहरु मिलेर एक ठाउँमा एक खालको बाली लगाउने, ठूलो मात्रामा पैदा गर्ने हो भने बजार प्राप्त हुन्छ। अहिले सबै ठाउँमा बाटाहरु पुगेका छन्। बाटोका कारणले होइन, उत्पादनको भोलुम सानो भएको कारणले बजार प्राप्त हुँदैन। हामी अन्तर्राष्ट्रिय बजारमा पनि उत्पादन पठाउन सक्छौं। गाउँबाट प्लेन चल्ने ठाउँमा ल्याएर पठाउन सक्छौं। दीर्घकालीन हुने हो भने अन्त पठाउन सक्छौं। ओखरजस्ता चिजहरु पानीजहाजबाट पठाए पनि केही बिग्रिँदैन। थुप्रै यस्ता चिजहरु छन्, जो अलिक समय लगाएर पठाएपनि केही बिग्रिँदैन। छिटै पठाउने चिजहरु हामी प्लेनबाट पठाउन सक्छौं। तर, उत्पादनको भोलुम ठूलो हुनु पन्यो। दुई डोका फलाएर हुँदैन। त्यही कुरा हरेकका घरमा फलेको छ, गाउँका साना बजारमा निकालेर बिक्री हुँदैन। मेरा घरमा पनि त्यही, अर्काको घरमा पनि त्यही फलेको छ भने त्यहाँको सानो बजारमा लगेर कसले किन्ने ? मेरो पनि त्यही उत्पादन छ, अरुकोमा पनि त्यही उत्पादन छ। त्यसपछि मैले आक्रोस देखाउँछु, बाटोमा छर्छु, बिक्री भएन बजार पाइएन भन्छु। दुई डोका किन्न सरकार त्यहाँ पुग्दैन। काठमाडौंका बजारसम्म पनि उसले ल्याउन सक्दैन। त्योभन्दा बाहिरका ठूला बजारहरुमा पनि पुग्दैन। त्यसो भएको हुनाले परिमाणको उत्पादनमा जानुपर्छ कृषि क्षेत्र। अहिले सहकारी बढी छन् भने कृषि क्षेत्रसँग सम्बन्धित गाउँगाउँमा

होलान्। नियमभित्र बसेका सहकारीहरु डुबेका छैनन्। जो नियममा बस्न जानेनन्, मानेनन् वा चाहेनन् अथवा बेग्लै उद्देश्यले सञ्चालन गरे यस्ता कुराहरुलाई छुट्याउनुपर्छ। गर्दागर्दै तजबिजी नमिलेर नसकेका हुन्, ढंग नपुगेको हो भने हामीले सहजीकरण गर्नुपर्ने हुन्छ। त्यसो नगरेर त्यसबाट अनुचित लाभ लिन खोजेका हुन् भने त्यसलाई हामीले कडाइका साथ पनि हेर्नुपर्छ। त्यो अपराधको विषय हुन्छ, सजायको भागी हुन्छ।

हामीले संसदबाट यहाँहरुको समिति बनाएका छौं। म विश्वास गर्छु। तपाईंहरुको समितिले यस सम्बन्धमा निष्पक्ष ढंगले सोधपुछ, बयान लिनेदेखि लिएर खोज अध्ययन, अनुसन्धान गर्दा पूर्ण रुपमा निष्पक्षता अपनाउनु भएको होला। म त्यो विश्वास गर्दछु। तपाईंहरुका निष्कर्ष पनि निष्पक्ष आउलान्। सरकारको तर्फबाट यहाँहरुले जुन प्रतिबद्धताको कुरा गर्नु भयो कि हामी सहकारी क्षेत्रका समस्या समाधान गर्न सम्भव, व्यवहारिक के के हुन्छन्, यहाँहरुका ती सुझाव आउन्। यहाँहरुको सुझाव आऊन्, त्यो हामी कार्यान्वयन गर्छौं। हामीले यतिबेला समितिलाई कुनै निर्देश गर्ने होइन। समितिले सरकारलाई निर्देश गरोस्। समितिले सरकारलाई निर्देश गर्ने हो। छानबिनका निष्कर्षबाट यो देखियो, यो यो ठाउँमा नियन्त्रण गर्नु पऱ्यो, यो ठाउँमा अनुगमन गर्नुपऱ्यो, यी यी सर्तका साथ सहकारी खोल्नु पऱ्यो, त्यसको वार्षिक प्रतिवेदन हेरिनु पऱ्यो र सहकारी कसैप्रति उत्तरदायी नहुने र एकदुई जना मान्छेहरुको गरी खाने भाँडो, ठगी खाने भाँडो हुनु भएन भन्ने कुरालाई ध्यान दिनु पऱ्यो। आज गुरुङ कि के जाति हरायो, यति अर्ब हरायो । त्यो के भएको? मतलब बेलगाम छोड्नुको पनि हद हुन्छ नि।

अनि बैंकहरुमा १० लाख कसैले कसैलाई दियो भने सरकारले स्रोतको पिछा गर्छ। राष्ट्र बैंकमा सूचना पठाउँछ। अनि यत्रो अबाँको रकम यताबाट उता, उताबाट उता पुग्दा न बैंकले हेर्छ, न कसैले हेर्छ, यो के भएको ? म पनि अन्योलमा छु, यो के भएको? कोही किन छैन थाहा पाउने, देख्ने, समयमै नियन्त्रण कसले गर्ने । त्यो के हो ? अब यो इन्फ्लुयन्स भएको हुनाले त्यसै गर्दा पनि हुने हो कि। यसो हेर्दा धेरै मान्छे राज्यको तहमा इन्फ्लुयन्स हुने, राज्यलाई इन्फ्लुयन्समा पारेर चलाउने खालको पनि देखिंदैन। राज्य इन्फुलेन्समा परेको हो भन्ने पनि मिल्ने स्थिति होइन। तर, राज्यको जानकारीभन्दा बाहिर बाहिरै ठूल्ठूला कामहरु भएका छन्। यस्तो सुविधा कसरी भयो ? अस्ति मैले एउटा समाचार पढेको थिएँ, एउटा मान्छे ट्याक्सी वा गाडीमा खानतलासी गर्दा तीन लाख रुपैया भेटियो, स्रोत नखुलेको। तीन लाखको स्रोत सँधै मान्छेसँग नहुन सक्छ नि। तीन लाखको स्रोत खोज्ने सरकार, तीन लाखको स्रोत खुलेन भनेर । मेरै पैसा हो भन्छ, अनि कहाँबाट ल्याएको हो भनेर भन्छ। मेरै घरबाट ल्याएको हो, अनि घरमा कहाँबाट ल्याएको हो भनेर सोध्छ। कहिले कहिले कस्तो हुन्छ भने, आफन्तले दिएको हुन्छ, यो कतै नबताउनु है हाम्रो घरझगडा पर्छ तपाईलाई पैसा दिएको थाहा पायो भने भनिन्छ। दुई चार लाख त गाउँघरमा पनि दिन्छन् नि। स्रोतको बारे भन्ने हो भने ससुरालीसँग बिग्रिन्छ कि, मावलीसँग बिग्रिन्छ कि अथवा दाजुभाइ बीचको सम्बन्ध बिग्रिन्छ कि भन्ने अनेक जटिलता हुन्छन्। तीन लाख, दुई लाख, डेढ लाख स्रोत खुल्नु पर्ने, जेट प्लेन उडेर गएको जस्तै प्लेन छैन, रामायणमा पाइन्छ नि पुष्पक विमान, एयरपोर्ट छैन, पुष्पक विमान जान्छ, उठाउँछ हिंड्छ जस्तै गरेर। एयरपोर्ट बिना ठूलाठूला विमान ल्याण्डिङ गरेको देखिन्छ, कहाँ कहाँबाट ल्याण्डिङ र टेकअप गऱ्यो त। त्यसकारण यो अनौठो खालको देखिन्छ। मैले प्रधानमन्त्रीका

हिसाबले कसैप्रति आग्रह र पूर्वाग्रह राख्न मिल्दैन। आग्रह छैन पनि र हुनु पनि हुँदैन। यति हो, यस समस्याको समाधान हुनुपर्छ भनेर सरकार पनि लागेको छ। हामी यहाँहरुको रिपोर्टको सुझावको प्रतिक्षामा पनि छौं।

तपाईंहरुले अर्को पनि प्रश्न उठाउनु भएको छ कि यसरी कारबाही गर्नु पर्ने ठाउँमा यस्तो बाटोबाट गर्ने कि यस्तो बाटोबाट गर्ने भन्ने यहाँनिर उठाउनु भएको छ। अहिले भइरहेका संस्थाहरुबाट हुन्छ कि अरु केही बनाउनु पर्छ भन्ने कुरा। यो पनि तपाईहरुले नै सुझाव दिनु राम्रो हुन्छ। किनभने हामी त भएकैबाट गरिराखेका छौं। भएकैबाट पहिले पनि गरेको थियो होला। हुँदाहुँदै यस्तो स्थिति भित्रभित्र बनिसकेको रहेछ। यो त एउटा भयानक राष्ट्रिय समस्याको रुपमा आइसकेको रहेछ। त्यसो भएर अहिलेकै राज्य संयन्त्रहरुबाट छानबिन कारबाही जेजस्ता सकारात्मक, नकारात्मक कारबाही जे होस्। लगानीकर्ताहरुको नडुबोस् र त्यसमा ठग्ने मनसाय भएका मान्छेहरुले अन्तिममा ठग्न सफलता प्राप्त नगरुन्। एकछिन् सफलता प्राप्त गर्नु बेग्लै कुरा हो। त्यो पैसा त कहीं न कहीं त गएको छ। कति विदेश पनि गएको होला। नत्रभने प्राय विदेश गएको छैन। अब यहाँ कस्तो छ भने कतिपय मान्छेहरुका बारेमा जति जेसुकै भए पनि प्रश्न उठाउनै पाइँदैन। अहिले नेपाल त्यस्तो बनेको छ। प्रश्न उठाउनै पाइँदैन, प्रश्न उठायो भने ओहो ! स्वर्गबाट आगो ल्याउने प्रमिथस मानव जातिको कल्याणका लागि साहित्यको कुरा महाकवि लक्ष्मपप्रसाद देवकोटाले आफ्नो प्रमिथस भन्ने महाकाव्यमा लेख्नु भएको छ। त्यो महाकाव्यमा जस्तै स्वर्गबाट आगो ल्याएर धर्ती उज्यालो पार्ने मान्छेको बारेमा प्रश्न उठाउने को हौं ? भनेर प्रमिथसको कथा बन्छ। त्यस्तो होइन, सरकार यस्ता कुराहरुसँग कुनै कम्प्रमाइज गर्ने मुडमा पनि हुँदैन। सरकार कुनै हल्लाका पछाडि लाग्दै लाग्दैन। यहाँहरुले पनि कुनै हल्लाका पछाडि नलागेर दृढता, स्पष्टताका साथ नै काम गर्नु हुन्छ भन्ने मैले विश्वास लिएको छु। यसमा पनि सुझाव पाउँ।

फरार व्यक्तिहरुका सम्बन्धमा सरकारले खोज्ने कोसिस गरिरहेको, विभिन्न प्रकारका प्रयास गरेको मैले जानकारी पाएको छु। तर, फेरि सफलता प्राप्त भइराखेको छैन। त्यसो भएको हुनाले यसमा थप प्रयास अगाडि बढाउनुपर्छ। रेडकर्नर नोटिस जारी गरेर अथवा भ्रष्टाचारमा गिरफ्तारीको आदेश छ भन्ने कुरा स्थापित गरेर झिकाउनु पन्यो भने इन्टरपोलले पनि सहयोग गर्ने स्थिति बन्छ। तर दोष त पहिले स्थापित हुनु पन्यो। अहिले छानबिनको चरणमा भएको हुनाले पनि त्यो स्थापित भइनसकेको अवस्थाले पनि हामीले दह्रोगरी भन्न नसकेको स्थिति पनि भएर इन्टरपोलले पर्याप्त सहयोग गर्न नसकेको स्थिति हो कि। त्यसकारण यी चिजहरु स्थापित गरेर भए पनि अन्ततोगत्वा कोही पनि अरुको सम्पति हिनामिना गरेर, विभिन्न सुनको स्वर्गको सपना देखाएर पछि मान्छेलाई सर्वनाश गरेर छोडिदिने खालका कुराहरु स्वीकार्य र सह्य हुन सक्दैनन्। २०७४ कात्तिक १ गते एउटा ऐन आएको र त्यस ऐनले ०४८ सालको प्रबन्धलाई सहकारी सञ्चालनमा ल्याउनुभन्दा अगाडि नेपाल राष्ट्र बैंकबाट पूर्वस्वीकृति लिनु पर्नेलाई झिकेको देखिन्छ। माघ १५ गते फैसला गर्दै सर्वोच्च अदालतले बैङ्किङ प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट स्वीकृति, अनुगमन र निरीक्षण गर्नु/गराउनु। एउटा के छ भने बचत तथा ऋण सहकारी संस्था, बचत त हुने भयो तर त्यो ऋण सहकारी भनेर बैङ्किङ कारोबारमा गएपछि बढी बैङ्किङ कारोबार देखिन्छ। सहकारीको उद्देश्य बैङ्किङ क्रियाकलाप सञ्चालन गर्ने होइन, बैंक होइन

सहकारी। साना पुँजीहरुले लगानी गरेर कुनै उत्पादन गर्ने हो। खासगरी सामूहिक उत्पादन गर्ने हो। एक्लो लगानी सहकारी हुँदैन। एक्लो लगानी निजी कारोबार भयो। जब धेरै मिलेर सहकारी संस्था बनाइन्छ भने सहकारी संस्थाले गर्ने कारोबार भनेको बचतकर्ताहरुको रकम सङ्कलन गर्ने र त्यसलाई उत्पादनकार्यहरुमा लगाउने, उत्पादन बढाउने र त्यसबाट आएको प्रतिफल फिर्ता गर्ने हो। त्यसमै बढाउँदै लान पनि सकिन्छ, फिर्ता गर्न पनि सकिन्छ। त्यसको उद्देश्यभन्दा विपरीत यहाँ अरब पैसा उता कुदेको छ, अरब पैसा उता कुदेको छ। त्यो न सहकारीको उद्देश्य हो, न ती सहकारी हुन्। नाम सहकारी कानुन छल्नका लागि र दुनियाँलाई बेकुफ बनाउनका लागि मात्रै सहकारीको नाम लिएको देखिन्छ। नत्र यस्तो करोडौं, अर्बौं यो खाताबाट अर्को खातामै नअट्ने गरी, रजिष्टरमै नअट्ने गरी कम्प्युटरमा नअट्नेगरी पैसा कुदेको छ। यदि त्यो पैसा गर्ने हो भने ! धन्न अंक कुद्ने हो, पैसा नै कुद्ने हो भने के हालत हुन्थ्यो होला ! कति ट्रक कुद्नु पर्थ्यो होला, कति लोडअनलोड गर्नु पर्थ्यो होला। त्यही भाइब्रेशन त बैङ्किङ कारोबारका क्षेत्रमा त आउन्थ्यो होला। बैंकले त सुइको पाउँछ नि यस ठाउँबाट यस ठाउँमा पैसा गयो भनेर। यो अलिकति धेरै लापरवाही, अनुगमनको बिल्कुल अभाव देखिन्छ। २०७४ माघ १५ गतेको परमादेशले फेरि पहिलेको भन्दा अझ स्पष्ट गरी त्यसमा स्वीकृत गर्ने, अनुगमन गर्ने, कार्यान्वयन गर्ने र गराउने कुराहरु गर्नु/गराउनु भनेर परमादेश जारी गरेको स्थितिमा त्यो नहुनु गम्भीर कमजोरी देखिन्छ। त्यो राष्ट्र बैंकले गर्नु पर्थ्यो। नियामक निकाय धेरै भए होलान् तर कसैले गरेनन्। अनुगमनकर्ताहरु धेरै भए होलान् तर अनुगमन कसैले गरेनन्। सहकारी धेरै भए सहकारीको काम कसैले गरेनन् अथवा केहीले गरे। बद्मासी केहीले गरेका छन्। ठूलोठूलो रकम बिगारेका छन् तर बिगारेको केहीले हो। सहकारी त धेरै छन्, धेरै बिग्रिएका छैनन्। झापा जिल्लामा पनि सहकारीहरु थुप्रै छन्। ती सहकारीहरुले राम्रो उन्नती प्रगति गरेका छन्। तिनीहरुको हिसाब किताब राम्रो छ, राम्ररी सञ्चालन गरेका छन्। तिनीहरुको बारेमा कति जानकारी साथीहरुलाई आयो थाहा छैन। त्यसो भएर सरकार अनियमितता, बेथिति र अनेक तरिकामार्फत गरिएको शोषण अथवा किर्ते, लुट र ठगीहरुलाई नियन्त्रण गर्न सरकार सजग छ। त्यसलाई कसरी रोक्ने भन्ने यहाँहरुको सुझाव आओस्। सरकार त्यसलाई कार्यान्वयन गर्न तत्पर छ। सरकारले आवश्यक ऐन बनाउनु पर्ने ठाउँमा ऐन बनाएर, ऐनलाई नियममा परिणत गर्नु पर्दा नियम बनाएर, कहीं अनुगमन वा नियमन गर्दा नियमन गरेर, एउटा सीमा कट्न नदिएपछि त बद्मासी हुनै सक्दैन। त्यसकारण सहकारी भनेको समुन्द्रमा पौडी खेल्ने जातै होइन। बढीमा बाटोमा नुहाउँछ, स्विमिङ पुलसम्म त्योभन्दा बढी यसको क्षेत्र नै होइन। त्यसो भएर जति ठूलो दायरामा उडेको देखिन्छ, त्यो अनौठो भएकै हो। यसलाई रोक्न यहाँहरुका सुझाव आऊन्। मलाई साथीहरुले यहाँ बोलाउनु भयो र मेरो कुरा सुन्ने र त्यसलाई पनि महत्व दिनुभयो। म धन्यवाद भन्न चाहन्छु। फेरि दोहोऱ्याएर भन्न चाहन्छु, सरकार यहाँहरुको सुझावको प्रतिक्षामा छ। कोही निर्दोषमाथि कुनै प्रकारको औलो नठडियोस्। निर्दोषहरु नपरुन्, कोही पनि दोषी नउम्कियोस्। अनुहार हेरेर काम होइन, व्यवहार हेरेर तपाईंहरुको निष्कर्षहरु र सुझावहरु आउन्। यति भन्दै सभापतिजीलाई विशेष धन्यवाद भन्न चाहन्छु। सबै साथीहरुलाई पनि धन्यवाद भन्न चाहन्छु। धन्यवाद।

२८ भदौ, सिंहदरबार

अनुसूची - ४

समितिको बैठक संख्या र बैठकमा आमन्त्रित व्यक्तिहरूको सूची

क्र.सं.	बैठक संख्या र मिति	उपस्थित व्यक्तिहरू/छलफल	कैफियत
१	बैठक संख्या : १ सम्वत् २०८१ जेठ २३ गते	प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरे र संघीय संसदको महासचिव पद्म प्रसाद पाण्डेयको उपस्थिति।	
२	बैठक संख्या : २ सम्वत् २०८१ जेठ २५ गते	समितिको आन्तरिक बैठक।	
३	बैठक संख्या : ३ सम्वत् २०८१ असार २ गते	सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति गठनको लागि कार्यादेश (TOR) तयारी कार्यदलका सदस्य एवम् प्रतिनिधि सभाका सदस्यहरू मा. जीवन परिवार, मा. महेश कुमार बर्तौला, मा. रमेश लेखक, मा. हितराज पाण्डे, मा. ज्ञानेन्द्र बहादुर कार्कीको उपस्थिति)।	
४	बैठक संख्या : ४ सम्वत् २०८१ असार ४ गते	माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री बलराम अधिकारी, सचिव गोकर्णमणि दुवाडी, उपसचिव रघुनाथ महत, कानुन अधिकृत गोकुल भुजेल र माननीय मन्त्रीका प्रमुख स्वकीय सचिव भेषराज पाण्डे; राष्ट्रिय सहकारी विकास बोर्डका सह अध्यक्ष मित्रराज दवाडी र सदस्य सचिव विष्णु पौडेल; समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र सदस्य सचिव केशव प्रसाद पौडेल; सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेको उपस्थिति।	
५	बैठक संख्या : ५ सम्वत् २०८१ असार ५ गते	नेपाल कानुन आयोगका सचिव तोयानाथ अधिकारी र सहसचिव पाराश्चर दुङ्गाना; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सहसचिव मान बहादुर अर्यालयको उपस्थिति।	
६	बैठक संख्या : ६ सम्वत् २०८१ असार १२ गते	राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्षहरू एवम् सहकारी क्षेत्रका विज्ञ दिपक प्रकाश बास्कोटा र केशव बडालको उपस्थिति।	

७	बैठक संख्या : ७ सम्वत् २०८१ असार १६ गते	सहकारी क्षेत्रसँग सम्बन्धित यसअघि गठन भएका विभिन्न अध्ययन समिति/कार्यदल/आयोगका अध्यक्ष/संयोजकहरू मध्ये गौरी बहादुर कार्की, डा. युवराज खतिवडा र राधाकृष्ण मैनालीको उपस्थिति।	
८	बैठक संख्या : ८ सम्वत् २०८१ असार १८ गते	राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष ओमदेवी मल्ल, निवर्तमान अध्यक्ष मिनराज कँडेल, उपाध्यक्ष डी.वी. बस्नेत, महाप्रवन्धक चित्रा कुमारी थाम्सुहाङ, सञ्चार अधिकारी रामसुदन तिमल्सिना, राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी. उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाई; नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (NEFSCUN) का अध्यक्ष चन्द्रप्रसाद ढकालको उपस्थिति।	
९	बैठक संख्या : ९ सम्वत् २०८१ असार २० गते	माननीय महालेखापरीक्षक तोयाम राया, महालेखा परीक्षकको कार्यालयका नायव महालेखापरीक्षक हुमनाथ सुवेदी, निर्देशक रमेश सुवेदी, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक कमल प्रसाद भट्टराई, निर्देशक शिव पोखरेल, नायव सुब्बा प्रकाशचन्द्र सापकोटा, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे र उपरजिष्ट्रार टोलराज उपाध्याय तथा समिति सचिवालयको लागि नियुक्त चार्टर्ड एकाउन्टेण्ट (CA) पियुष आनन्दको उपस्थिति।	
१०	बैठक संख्या : १० सम्वत् २०८१ असार २१ गते	गृह सचिव एकनारायण अर्याल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, गृह मन्त्रालयका सहसचिव (कानून) भरतमणि रिजाल, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवाली र प्रहरी बरिष्ठ उपरिक्षक सुवास हमाल, अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको उपस्थिति।	
११	बैठक संख्या : ११ सम्वत् २०८१ असार २४ गते	नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, कार्यकारी निर्देशक रामबहादुर मानन्धर, कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, निर्देशक मुक्तिनाथ सापकोटा, उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईं; नेपाल बैंकर्स संघको अध्यक्ष सुनिल केसी, कार्यकारी निर्देशक अनिल शर्मा; कर्जा सूचना केन्द्र लिमिटेडका अध्यक्ष डा. गुणाकर भट्ट, कार्यकारी प्रमुख अनिलचन्द्र	

		अधिकारी, प्रवक्ता विजय कुँवर र स. प्रमुख कार्यकारी प्रमुख ओमकार श्रेष्ठ तथा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल-२०८० का संयोजक डा. जयकान्त राउतको उपस्थिति।	
१२	बैठक संख्या : १२ सम्वत् २०८१ असार २५ गते	सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे, पूर्व रजिष्ट्रारहरू केशवप्रसाद रेग्मी, डा. टोकराज पाण्डे, नमराज घिमिरे, रुद्रप्रसाद पण्डितको उपस्थिति।	
१३	बैठक संख्या : १३ सम्वत् २०८१ असार २६ गते	सहकारी संस्थाहरूबाट पीडित बचतकर्ताहरूको प्रतिनिधित्वहुने गरी ५८ जना पीडित बचतकर्ता प्रतिनिधिहरूको उपस्थिति।	
१४	बैठक संख्या : १४ सम्वत् २०८१ असार २७ गते	अर्थ सचिव मधुकुमार मरासिनी, राजस्व सचिव डा. राम प्रसाद घिमिरे, आन्तरिक राजस्व विभागका महानिर्देशक शिवलाल तिवारी, भन्सार विभागका महानिर्देशक ढुण्डिप्रसाद निरौला, ऋण असुली न्यायाधिकरणका अध्यक्ष कमलराज गौतम र बैंकिङ्ग सदस्य नरेश राज अर्यालको उपस्थिति।	
१५	बैठक संख्या : १५ सम्वत् २०८१ असार २७ गते	राजस्व न्यायाधिकरणका माननीय अध्यक्ष रमेश ढकाल, सदस्य बासुदेव खनाल र रजिष्ट्रार देवी चौधरीको उपस्थिति रहेको।	
१६	बैठक संख्या : १६ सम्वत् २०८१ साउन १ गते	पूर्व हालेखापरीक्षक टंकमणी शर्मा (दंगाल), नेपाल सरकारका पूर्व सचिवद्वय गोपीनाथ मैनाली र डा. दामोदर रेग्मीको उपस्थिति।	
१७	सम्वत् २०८१ साउन २ गते (सचिवालयको बैठक)	समितिको लागि सम्पर्क व्यक्तिको रुपमा तोकिनुभएका व्यक्तिहरू सहित सचिवालयको बैठक (अपराध अनुसन्धान विभागका प्रहरी नायब समितिका माननीय सभापति सूर्य बहादुर थापा क्षेत्री, प्रहरी नायब महानिरीक्षक जनक भट्टराई र प्रहरी नायब उपरीक्षक धन बहादुर बोहरा; समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र सदस्य सचिव केशव प्रसाद पौडेल, नेपाल राष्ट्र बैंक उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईं, कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार प्रदिराज अधिकारी र कानून अधिकृत शम्भु निरौला, सहकारी विभागका शाखा अधिकृत भेषराज घिमिरे, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका निर्देशक शिव पोखरेल, समिति	

		सचिवालयको लागि नियुक्त चार्टर्ड एकाउन्टेण्ट (CA) पियुष आनन्दको उपस्थिति।)	
१८	बैठक संख्या : १७ सम्वत् २०८१ साउन ३ गते	विभिन्न सञ्चार माध्यम/मिडियाका सम्पादक/ सञ्चारकर्मी/ मिडियाकर्मीहरूको प्रतिनिधित्व हुने गरी २५ जना सञ्चारकर्मी प्रतिनिधिको उपस्थिति।	
१९	बैठक संख्या : १८ सम्वत् २०८१ साउन ४ गते	बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका रजिष्ट्रार राजन घिमिरे र कानून अधिकृत मनोज कुमार गुप्ता, लुम्बिनी प्रदेशको सहकारी दर्ता अधिकारीको कार्यालयका अधिकृत भिमराज पोखेल, काठमाडौं महानगरपालिकाका सहकारी विभाग प्रमुख बलराम त्रिपाठी, विज्ञ टिकाराम कार्की (सी.ए.), पोखरा महानगरपालिकाका सहकारी शाखा प्रमुख अनिल कार्की, सहकारी समिति सदस्य दिपक प्रकाश आचार्य; वीरगंज महानगरपालिका शाखा प्रमुख सुनिल कुमार कर्ण र प्रमुखज्यूको स्वकीय सचिव सत्यराज घिमिरे तथा बेन्चमार्क ल एसोसिउट्स एण्ड रिसर्च सेन्टरको अधिवक्ता राधा जि.सी. को उपस्थिति।	
२०	बैठक संख्या : १९ सम्वत् २०८१ साउन ७ गते	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौला र सहसचिव सुमन दाहाल, नेपाल नगरपालिका संघका अध्यक्ष भीम प्रसाद ढुंगाना, महासचिव नरुलाल चौधरी, कार्यकारी निर्देशक कलानिधि देवकोटा; गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष लक्ष्मी देवी पाण्डे, महासचिव खिम बहादुर थापा, कार्यक्रम संयोजक प्रतिज्ञा न्यौपाने मिश्र र सल्लाहकार लेखनाथ पोखेलको उपस्थिति।	
२१	बैठक संख्या : २० सम्वत् २०८१ साउन १० गते	माननीय महान्यायाधिवक्ता रमेश बडाल, सर्वोच्च अदालका मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकाल, महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताहरू डा. टेक बहादुर घिमिरे, गोपालप्रसाद रिजाल, संजीवराज रेग्मी, खेमराज ज्ञवाली, सहन्यायधिवक्ता सूर्यराज दाहाल तथा फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक सूर्यवंश शर्मा कंडेलको उपस्थिति।	
२२	बैठक संख्या : २१ सम्वत् २०८१ साउन ११ गते	नेपाल सरकारका पूर्व अर्थमन्त्रीहरू डा. प्रकाश चन्द्र लोहनी, महेश आचार्य, सुरेन्द्र पाण्डे तथा राष्ट्रिय	

		जनमोर्चाका नेता कृष्ण प्रसाद अधिकारी र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशव प्रसाद पौडेलको उपस्थिति।	
२३	बैठक संख्या : २२ सम्वत् २०८१ साउन १३ गते	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (ICAN)का अध्यक्ष सी.ए. प्रविन कुमार झा, पूर्व अध्यक्ष युद्धराज ओली, उपाध्यक्ष निलबहादुर सारू मगर निर्देशक किरण कुमार खत्री, लेखा परीक्षक ज्ञानेन्द्र सुवेदी, पार्षद उमेशराज पाण्डेय, एसोसियसन अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ नेपाल (ACAN) का अध्यक्ष अरूण राउत र सदस्य प्रवेश कुमार आचार्य र नेपाल अडिटर्स एशोसियसन (AUDAN) का बरिष्ठ उपाध्यक्ष बद्रिप्रसाद भट्टराई तथा समिति सचिवालयका लागि नियुक्त विज्ञ सी.ए. पियुष आनन्दको उपस्थिति।	
२४	बैठक संख्या : २३ सम्वत् २०८१ साउन १४ गते	माननीय गृह मन्त्री रमेश लेखक, गृह सचिव एकनारायण अर्याल, नेपाल प्रहरीको प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर र अपराध अनुसन्धान विभागका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईको उपस्थिति।	
२५	बैठक संख्या : २४ सम्वत् २०८१ साउन १४ गते	गुण को-अपरेटिभ लिमिटेडका अध्यक्ष राजेन्द्र शाक्य र राजन प्रजापतिको उपस्थिति।	
२६	बैठक संख्या : २५ सम्वत् २०८१ साउन १५ गते	देशभरीका सहकारी संस्थाहरूको प्रतिनिधित्व हुने गरी राम्ररी सञ्चालनमा रहेका भनिएका ३४ वटा सहकारी संस्थाका ५० जना पदाधिकारी एवम् कर्मचारी प्रतिनिधिहरूको उपस्थिति।	
२७	बैठक संख्या : २६ सम्वत् २०८१ साउन १६ गते	ओरेण्टल को-अपरेटिभका अध्यक्ष सुधिर बस्नेत र निजका कानुनी सल्लाहाकार अधिवक्ता मधुकुमार चौलागाईको उपस्थिति।	
२८	बैठक संख्या : २७ सम्वत् २०८१ साउन १६ गते	साझा केन्द्र (सहकारी) का संस्थापक अध्यक्ष विश्वबन्धु थापा, राष्ट्रिय सहकारी बोर्डका सदस्य सचिव विष्णुप्रसाद पौडेल लगायत विनोद सिजापती र विनायक थापाको उपस्थिति।	
२९	बैठक संख्या : २८ सम्वत् २०८१ साउन १७ गते	समितिको आन्तरिक बैठक।	
३०	सम्वत् २०८१ साउन १७ गते	समितिको कामकारवाहीलाई सहयोग पुऱ्याउन विभिन्न निकायहरूबाट समितिको लागि सम्पर्क व्यक्ति तोकिनु भएका पदाधिकारी एवम् कर्मचारीहरूहरू सहितको	

		कार्यदलको उपस्थिति (अपराध अनुसन्धान विभाग प्रहरी नायब महानिरीक्षक जनक भट्टराई र प्रहरी नायब उपरीक्षक धनबहादुर बोहरा, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका निर्देशक शिव पोखरेल र नायब सुब्बा प्रकाशचन्द्र सापकोटा, नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईं, कम्पनी रजिष्ट्रारको कार्यालयका कानुन अधिकृत शम्भु निरौला, सहकारी विभागका शाखा अधिकृत देवराज लुइँटेल, समिति सचिवालयको लागि विज्ञ पियुष आनन्द र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशव प्रसाद पौडेलको उपस्थिति।)	
३१	बैठक संख्या : २९ सम्वत् २०८१ साउन २१ गते	समितिको आन्तरिक बैठक।	
३२	बैठक संख्या : ३० सम्वत् २०८१ साउन २२ गते	समितिको आन्तरिक बैठक	
३३	बैठक संख्या : ३१ सम्वत् २०८१ साउन २२ गते	देश सञ्चारका सम्पादक युवराज घिमिरेसहित संसदीय मामिला पत्रकार समाज, आर्थिक पत्रकार संघ, नेपाल आर्थिक पत्रकार समाज र सहकारी पत्रकार समाजको प्रतिनिधित्व हुनेगरी २६ जनाको उपस्थिति।	
३४	बैठक संख्या : ३२ सम्वत् २०८१ साउन २५ गते	समितिको आन्तरिक बैठक।	
३५	बैठक संख्या : ३३ सम्वत् २०८१ साउन २५ गते	गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व अध्यक्ष डी.बी बम्जन भनिने डम्बर बहादुर तामाङ्ग बम्जन, गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष इमानसिंह राई, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. अध्यक्ष रामबहादुर गौतम र श्रीलालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था लि. का सचिव सुरेन्द्र भण्डारीको उपस्थिति।	
३६	बैठक संख्या : ३४ सम्वत् २०८१ साउन २६ गते	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार, भक्तपुरका अध्यक्ष नुनम सुब्बा, शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका शेयर सदस्य गीता शर्मा, कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का पूर्व अध्यक्ष सिवी लामा भनिने चन्द्र बहादुर तामाङ्ग र तुलसी बहुमुखी सहकारी संस्था लि.-विराटनगरका अध्यक्ष/शिवशिखर बहुउद्देश्यीय	

		सहकारी संस्था लि. का पूर्व अध्यक्ष केदानाथ शर्माको उपस्थिति।	
३७	बैठक संख्या : ३५ सम्वत् २०८१ साउन २७ गते	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का प्रस्तावित अध्यक्ष वीरेन्द्र महर्जन, सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. (पुल्चोक), ललितपुरका अध्यक्ष कृष्णप्रसाद कँडेल, पूर्वअध्यक्ष हेमराज दाहालको उपस्थिति।	
३८	बैठक संख्या : ३६ सम्वत् २०८१ साउन २८ गते	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य राजबहादुर सिंह, कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका निलम्बित अध्यक्ष हिमालय बिक्रम मल्ल ठकुरी, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष कृष्ण बहादुर उप्रेती (के.बी. उप्रेती) र सिभिल बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष इच्छाराज तामाङको उपस्थिति।	
३९	बैठक संख्या : ३७ सम्वत् २०८१ साउन २९ गते	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व सदस्य शिवबहादुर गुरूङ, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का कोषाध्यक्ष, समानता बचत तथा ऋण सहकारी संस्था लि. का सचिव एवम् स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का कोषाध्यक्ष कुमार रम्तेल र सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समितिको पूर्वसदस्य भविश्वर अर्यालको उपस्थिति।	
४०	बैठक संख्या : ३८ सम्वत् २०८१ साउन ३० गते	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का पूर्व अध्यक्ष कल्पना कुमारी श्रेष्ठ, प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि., पोखराका अध्यक्ष शंकर कार्की, बलिदानी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा र सिद्धिदाता बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुरका अध्यक्ष अजय श्रेष्ठ, प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत् एवम् पूर्व सचिव सुरेन्द्रमणि पौडेल र मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष रमण पौडेलको उपस्थिति।	
४१	बैठक संख्या : ३९ सम्वत् २०८१ साउन ३१ गते	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का कार्यरत कर्मचारी (क्यासियर) रोशनी गुरुङ, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	

		ओमप्रकाश गुरुङ, ओरेन्टल को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष तथा प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को. अपरेटिभ, भेगास बचत तथा ऋण सहकारी लि., कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट र कन्जुमर बचत तथा ऋण सहकारीका मुख्य सञ्चालक सुधिर बस्नेत र सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव दिपेश कुमार पुनको उपस्थिति।	
४२	बैठक संख्या : ४० सम्वत् २०८१ साउन ३२ गते	सनराइज बचत तथा सहकारी संस्था लि. र नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्थ लि. चितवनका अध्यक्ष तथा छिपछिपे बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव नगेन्द्र बहादुर रिमाल, देउराली बचत तथा ऋण सहकारी संस्था लि. ललितपुरका अध्यक्ष रविन्द्र चौलागाईं, कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का अध्यक्ष लिलाबहादुर गुरुङ र बराह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मानबहादुर विश्वकर्माको उपस्थिति।	
४३	बैठक संख्या : ४१ सम्वत् २०८१ भदौ १ गते	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि. का निलम्बित अध्यक्ष र कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष तेजविक्रम थापा र हाम्रो नयाँ कृषि सहकारी संस्था लि. का पूर्वअध्यक्ष सूर्यबहादुर गुरूङ र ज्येष्ठ बचत तथा ऋण सहकारी संस्था लि. सामाखुसीका सचिव मधुसुदन पाठकको उपस्थिति।	
४४	बैठक संख्या : ४२ सम्वत् २०८१ भदौ २ गते	गोरखा मिडिया नेटवर्क प्रा.लि. द्वारा सञ्चालित ग्यालेक्सी 4K टि.भि. का क्रियटिभ डाइरेक्टर विपिन कुमार आचार्य, स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष खेमराज निरौला, सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटीका कोषाध्यक्ष एवम् सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोकका लेखाप्रमुख रामकृष्ण अवाले, दर्शन बचत तथा ऋण सहकारी संस्था लि. कीर्तिपुरका अध्यक्ष दिनेश दर्शनधारी र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लि. का निलम्बित अध्यक्ष मीनकृष्ण श्रेष्ठको उपस्थिति।	

४५	बैठक संख्या : ४३ सम्वत् २०८१ भदौ ५ गते	कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिड लि. का पूर्वअध्यक्ष एवम् सञ्चालक सदस्य सूर्यध्वज न्यौपाने, क्यापिटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का अध्यक्ष रामचन्द्र शर्मा, नेपाल सहकारी वित्तीय संस्था लि. का निलम्बित अध्यक्ष डा. तुलसीप्रसाद भट्टराई र हिमाल बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वअध्यक्ष विज्ञान राई उपस्थिति।	
४६	बैठक संख्या : ४४ सम्वत् २०८१ भदौ ६ गते	हर्बो इन्टरनेशनलका तत्कालीन कार्यकारी निर्देशक एवम् हाम्रो ग्रुप अफ कम्पनीका संस्थापक अध्यक्ष पुष्पराज पौडेल (पुरुष), आर्जन बचत तथा ऋण सहकारी संस्था लि. अध्यक्ष दलबहादुर आले, सोसाइटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष लक्ष्मी प्रसाद पाण्डे, लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि. खुसिबू लिंकरोडका अध्यक्ष धन बहादुर तामाङ र मितेरी बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष कुम्मराज गुरूङको उपस्थिति।	
४७	बैठक संख्या : ४५ सम्वत् २०८१ भदौ ७ गते	गोरखा मिडिया नेटवर्क प्रा.लि.का पूर्व सञ्चालक छविलाल जोशी र गोरखा मिडिया नेटवर्क प्रा.लि.का पूर्व सञ्चालक एवम् पूर्व प्रबन्ध निर्देशक रवि लामिछानेको उपस्थिति।	
४८	बैठक संख्या : ४६ सम्वत् २०८१ भदौ ८ गते	समितिको आन्तरिक बैठक।	
४९	बैठक संख्या : ४७ सम्वत् २०८१ भदौ १२ गते	समितिको आन्तरिक बैठक।	
५०	बैठक संख्या : ४८ सम्वत् २०८१ भदौ १५ गते	सहकारी पीडित बचतकर्ता राष्ट्रिय अभियान (महसंघ) का पदाधिकारी एवम् आन्दोलनरत सहकारी पीडित बचतकर्ताहरूको प्रतिनिधित्व हुने गरी १२ जना प्रतिनिधिहरूको उपस्थिति।	
५१	बैठक संख्या : ४९ सम्वत् २०८१ भदौ १६ गते	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री राजकुमार गुप्ता, सचिव भरतमणि सुवेदी र नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाको उपस्थिति।	
५२	बैठक संख्या : ५० सम्वत् २०८१ भदौ १६ गते	महिलाहरूद्वारा सञ्चालित विभिन्न सहकारी संस्थाहरूको प्रतिनिधित्व हुने गरी राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष मिनराज कडेलसहित	

		३८ जना पदाधिकारी एवम् कर्मचारी प्रतिनिधिहरूको उपस्थिति।	
५३	बैठक संख्या : ५१ सम्वत् २०८१ भदौ १७ गते	साना किसान कृषि सहकारी संस्था लि. को प्रतिनिधित्व हुनेगरी नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेम पाठकसहित ३३ जना पदाधिकारी एवम् कर्मचारी प्रतिनिधिहरूको उपस्थिति।	
५४	बैठक संख्या : ५२ सम्वत् २०८१ भदौ १९ गते	बरिष्ठ अधिवक्ता, अधिवक्ता, कानुन व्यवसायीहरू (अधिवक्ता रविन्द्र प्रसाद शर्मा, अधिवक्ता धर्मप्रसाद पौडेल, अधिवक्ता हिमेश कृष्ण खरेल, अधिवक्ता केदार प्रसाद कोइराला, अधिवक्ता भद्र प्रसाद नेपाल (स्वागत नेपाल), अधिवक्ता डा. कुन्साङ लामा, बरिष्ठ अधिवक्ता सानुराज पोखरेल, अधिवक्ता मधुकुमार चौलागाईं, अधिवक्ता राजेन्द्र श्रेष्ठ, अधिवक्ता मदन रेग्मी, अधिवक्ता रादिका चम्लागाई, बरिष्ठ अधिवक्ता प्रा.डा. गान्धी पंडित, अधिवक्ता अनिता थापा के.सी र अधिवक्ता सरस्वती थापाको उपस्थिति।	
५५	बैठक संख्या : ५३ सम्वत् २०८१ भदौ २१ गते	भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका माननीय मन्त्री बलराम अधिकारी, सचिव अर्जुनप्रसाद पोखरेल, उपसचिव विष्णु पौडेल, उपसचिव रघुनाथ महत, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र उपसचिव केशव प्रसाद पौडेल, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे र नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईंको उपस्थिति।	
५६	बैठक संख्या : ५४ सम्वत् २०८१ भदौ २३ गते	माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल, माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, अर्थ मन्त्रालयका सचिव (राजस्व) दिनेश कुमार घिमिरे र सहसचिव दीर्घराज मैनाली, नेपाल राष्ट्र बैंकका निर्देशक मुक्तिनाथ सापकोटा र उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईंको उपस्थिति।	
५७	बैठक संख्या : ५५ सम्वत् २०८१ भदौ २४ गते	विभिन्न सहकारी संस्थाका ऋणीहरू (सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि. का अनन्तकान्त मैनाली, सुरेश आचार्य र कुन्दन अर्याल, सुमेरू बचत	

		तथा ऋण सहकारी संस्था लि. का सागर बगाले, लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. का रामकृष्ण ढकाल र कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का विदुर धमाला) को उपस्थिति।	
५८	बैठक संख्या : ५६ सम्वत् २०८१ भदौ २५ गते	सहकारी विभागका पूर्व रजिष्ट्रारहरू झलकराम अधिकारी, लिलाप्रसाद शर्मा र शिवकुमार कार्की तथा बागमती प्रदेशका सहकारी हेर्ने मन्त्रालय अन्तर्गतको सहकारी हर्ने नियामक निकायका पूर्वरजिष्ट्रार नारायण प्रसाद ज्ञवाली र बिक्रम प्रसाद पाण्डेयको उपस्थिति।	
५९	बैठक संख्या : ५७ सम्वत् २०८१ भदौ २५ गते	विभिन्न सहकारी संस्थाका लेखा परीक्षण गरेका चार्टर्ड एकाउन्टेन्टहरू (गोरखा मिडिया नेटवर्क प्रा.लि. का सी.ए. बिशेष विभु आचार्य, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., सहरा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि . का सी.ए. सागर भण्डारी, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. का सी.ए. दामोदर बस्ताकोटी, कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभका सी.ए. बिकल पौडेल, लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. का सी.ए. दिपक ज्ञवाली, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. का सी.ए. प्राइम श्रेष्ठ र सुमेरू बहुउद्देश्यीय सेभिङ एण्ड क्रेडिड को-अपरेटीभ लि. का सी.ए. भरत सुवेदी) को उपस्थिति।	
६०	बैठक संख्या : ५८ सम्वत् २०८१ भदौ २६ गते	सहकारी विभागका पूर्व रजिष्ट्रारहरू झलकराम अधिकारी, नमराज घिमिरे र डा. टोकराज पाण्डे तथा बागमती प्रदेशका सहकारी हेर्ने मन्त्रालय अन्तर्गतको सहकारी हेर्ने नियामक निकायका पूर्व रजिष्ट्रारहरू नारायण प्रसाद ज्ञवाली र बिक्रम प्रसाद पाण्डेयको उपस्थिति।	
६१	बैठक संख्या : ५९ सम्वत् २०८१ भदौ २७ गते	समितिको आन्तरिक बैठक।	
६२	बैठक संख्या : ६० सम्वत् २०८१ भदौ २८ गते	समितिको आन्तरिक बैठक।	
६३	बैठक संख्या : ६१ सम्वत् २०८१ भदौ २८ गते	गृह मन्त्रालयका माननीय गृह मन्त्री रमेश लेखक, सचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर र अपराध	

		अनुसन्धान विभागका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईको उपस्थिति।	
६४	बैठक संख्या : ६२ सम्वत् २०८१ भदौ २९ गते	समितिको आन्तरिक बैठक।	
६५	बैठक संख्या : ६३ सम्वत् २०८१ भदौ २९ गते	सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थिति।	
६६	बैठक संख्या : ६४ सम्वत् २०८१ भदौ २९ गते	समितिको मस्यौदा प्रतिवेदनमाथि छलफल।	
६७	बैठक संख्या : ६५ सम्वत् २०८१ भदौ ३० गते	समुन्नत नेपाल गुठीका अध्यक्ष एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको उपस्थिति।	
६८	बैठक संख्या : ६६ सम्वत् २०८१ भदौ ३१ गते	समितिको प्रतिवेदन सर्वसहमत रूपमा पारित।	

अनुसूची-५

समितिको बैठकमा सोधपुछ गरिएका व्यक्तिहरूको सूची

क्र.सं.	नाम	आवद्ध सहकारी संस्था/निकाय	कैफियत
१	डी.बी बम्जन भनिने श्री डम्बर बहादुर तामाङ्ग बम्जन	गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व अध्यक्ष	
२	श्री इमानसिंह राई	गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
३	श्री रामबहादुर गौतम	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. अध्यक्ष	
४	श्री सुरेन्द्र भण्डारी	श्री लालीगुँरास बहुउद्देश्यीय सहकारी संस्था लि. का सचिव	
५	श्री नुनम सुब्बा	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार, भक्तपुरका अध्यक्ष	
६	श्री गीता शर्मा	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका शेयर सदस्य	
७	सिबी लामा भनिने श्री चन्द्र बहादुर तामाङ्ग	कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का पूर्व अध्यक्ष	
८	श्री केदानाथ शर्मा	तुलसी बहुमुखी सहकारी संस्था लि. विराटनगरका अध्यक्ष/शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. का पूर्व अध्यक्ष	
९	श्री वीरेन्द्र महर्जन	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का प्रस्तावित अध्यक्ष	
१०	श्री कृष्णप्रसाद कँडेल	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
११	श्री हेमराज दाहाल	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वअध्यक्ष	
१२	श्री राजबहादुर सिंह	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य	
जवाफ २० कारागारबाट बाहिर निस्किनु पर्यो, ऋण उठाउनको लागि ऋणीहरुलाई कर्जा सूचना केन्द्रले कालो सूचीमा राखिदिनुपर्यो, समस्या समाधानको लागि बढीमा दुई वर्ष समय दिइयो भने व्यवस्थापन गर्न सक्छु। सहकारीका १३,००० सदस्य मध्ये ३९ जनाले सुरुमा र म पक्राउ परिसकेपछि थप ९ जनाले निवेदन दिएर समस्या भएको हो। बाहिर निस्कन पाएमा समस्या समाधान गर्न सक्छु।

सवाल २१ तपाईको थप भन्नु केही छ?

जवाफ २१ संविधानमा नै सहकारीको विषयमा उल्लेख गरिएको अवस्था भएकोले सरकारले गम्भिर रुपले समस्या समाधान गर्न भूमिका निर्वाह गरोस् भन्ने चाहन्छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः नुनम सुब्बा

पदः अध्यक्ष

संस्थाः नागरिक विकास बचत तथा ऋण सहकारी संस्था

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ साउन २६ गते शनिबार

समयः अपराह्न ४:३० बजे।

स्थानः संसद सचिवालय भवन, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाका शेयर सदस्य श्री गिता शर्मा सँग भएको सोधपुछ ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो बाजेको नाम हरिलाल भट्टराई, बुबाको नाम भानुभक्त भट्टराई, आमाको नाम दुर्गा भट्टाराई, श्रीमानको नाम केदारनाथ शर्मा र मेरो नाम गिता शर्मा हो। म वर्ष ४२ को भए मेरो जन्म २०३८ साल भाद्र ८ गते भएको हो। मेरो घर साविक कोहलपुर ११ बाँके जिल्ला भेरी अञ्चल हाल काठमाडौं वडा नं. ४ सुकेधारा हो। मेरो परिवारमा मेरो छोरा कल शर्मा (वर्ष २१) र छोरी केनिशा शर्मा (वर्ष १४) समेत ४ जनाको परिवार छ। मेरो फन नं. ९८५१२२०८३०, मैले जिल्ला प्रशासन कार्यालय बाँकेबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेको छु। गहुँगोरो वर्ण ४ फिट ५ ईन्च रहेको छ।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ?

जवाफ २ मेरो शारिरीक मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था जिल्ला भक्तपुर कौशलटारमा रहेको छ यस संस्थाको ३६ वटा शाखाहरु १७ वटा जिल्लाहरुमा सञ्चालनमा रहेका छन्। म शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थामा शेयर सदस्य रहेको छु।

सवाल ४ तपाईले शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाबाट कति ऋण लिनुभएको हो। सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारीबाट तपाईले ऋण लिनुभएको हो/थियो ?

जवाफ ४ मैले शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाबाट ६५ करोड ऋण लिएको हो यसबारे कानून बमोजिम हो/होईन मेरो श्रीमानलाई मात्र थाहा छ। अन्य मलाई थाहा भएन।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ म सञ्चालक रहेको शिव शिखर खाद्य उद्योग कम्पनी भक्तपुरको खरिपाटीमा रहेको छ। यस कम्पनीबाट घिउ, मह, अचार, दालहरु, चुक, चिउरा लगायतका खाद्य सामानहरु उत्पादन र खरिदबिक्री गर्ने कार्यहरु हुन्छ ।

सवाल ६ तपाईं शेयर सदस्य रहेको शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा

को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ म शेयर सदस्य रहेको शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाको संस्थापक/पुर्व अध्यक्ष मेरो श्रीमान केदारनाथ शर्मा हुनुहुन्थ्यो हाल सुशिल बानियाँ हुनुहुन्छ, बाँकी थाहा छैन ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था सञ्चालनमा छैन । उक्त संस्था समस्यामा पर्नुको कारण कोरोनाको कारण; गौतम श्री सहकारी संस्थामा समस्या आउनु, सञ्चारमाध्यमहरुमा समाचार सम्प्रेषण भएको, सामाजिक सञ्जाल लगायतका कारण बचतकर्ताहरु एकै पटक बचत फिर्ता माग गर्न आए, कार्यालयमा बस्ने वातावरण भएन त्यसैले समस्या आएको हो ।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवारको श्रीमान् केदारनाथ शर्मा बाहेक कोही हुनुहुन्न।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ त्यस सम्बन्धमा मलाई थाहा भएन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी पनि रहेका थिए। म शेयर सदस्य मात्र रहेकाले थप कुरा मलाई जानकारी भएन।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन?

जवाफ ११ म शेयर सदस्य मात्र भएकोले मलाई यसबारे जानकारी भएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ मलाई थाहा भए अनुसार तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिहरु बाहेक अन्य व्यक्तिहरु पनि शेयर सदस्य थिए।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ मेरो श्रीमान केदारनाथ शर्मा संस्थापक भएको हुनाले उहाँलाई थाहा छ मलाई यस बारे थाहा/जानकारी भएन ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ म शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाको शेयर सदस्य र ऋणी भएकोले अन्तरसहकारी कारोबारबारे मलाई थाहा छैन ।

सवाल १५ विद्यमान अवस्थामा तपाइको नाममा रहेको ऋण सहकारीलाई चुक्ता गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १५ विद्यमान अवस्थामा मेरो नाममा रहेको ऋण चुक्ता गर्न सक्छु। कारागारबाट निस्किन पाउनु पर्यो, मेरो नाममा रहेको खाताहरु रोक्का फुकुवा हुनुपर्यो, मेरो नाममा रहेका सम्पत्ति बेचबिखन गरेर र कम्पनीहरु पुन सञ्चालन गर्न पाएमा मेरो दायित्वको ऋण चुक्ता गर्न सक्छु।

सवाल १६ तपाईं शेयर सदस्य रहेको शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाको समस्या समाधान गर्न तपाईं, तपाईको परिवार, सरकार र कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला?

जवाफ १६ म यस शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थामा शेयर सदस्य र ऋणी मात्र भएको हुनाले समग्र सहकारीको समस्याहरु समाधान गर्न के-के गर्नु पर्छ मलाई थाहा भएन। मेरो श्रीमान् यस सहकारी संस्थाको संस्थापक भएकोले उहालाई सोधपुछ गर्दा राम्रो होला।

सवाल १७ तपाईं शेयर सदस्य रहेको शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.को लगानीमा सञ्चालित शिखर दीप एग्रो प्रा.लिं.का लागि चितवनमा व्यापार व्यवसायका लागि घरजग्गा आवश्यक रहेको बताई मेरो घरको छ करोड मूल्य गरी मेरो खातामा रकम जम्मा गरेको भन्ने भौचर देखाई मेरो घर समेत रजिष्ट्रेसन पारित गराई लिई उक्त रकम मेरो खातामा जम्मा नगराई ठगी गरेको भन्ने समेत व्यहोराको शान्ता अधिकारीको निवेदन यस समितिमा प्राप्त भएको छ। सहकारी संस्थाबाट उक्त कम्पनीमा के कति रकम लगानी गर्नुभएको छ ?

जवाफ १७ यस बारे मलाई थाहा भएन। मेरो श्रीमान केदारनाथ शर्मालाई थाहा छ।

सवाल १८ सहकारीको लगानी रहेका अन्य के-कति कम्पनी रहेका छन् ? खुलाई दिनुहोस्।

जवाफ १८ मलाई यस बारे जानकारी भएन ।

सवाल १९ त्यसरी सहकारीबाट कम्पनीमा लगानी गर्न मिल्छ त?

जवाफ १९ म शेयर सदस्य मात्र भएकोले मलाई जानकारी भएन ।

सवाल २० तपाईको भन्नु पर्ने थप केही छ ?

जवाफ २० म गृहणी हुँ। मलाई आर्थिक कारोबारको विषय थाहा भएन। म २०८० बैशाख १२ गते सहकारी विभागमा गएको थिएँ र सहकारीको तरलताको समस्या दर्साए विभागमा मलाई मिलाई दिन्छु भनियो तर कागज बनाउनुपर्छ भन्नु भएको थियो। सहकारीका स्टाफहरुको सहयोग हामीलाई प्राप्त भएन। मेरो कम्पनिहरुको २९९ वटा गाडीहरु कहाँ कुन अवस्थामा छन् भन्ने समेत थाहा छैन। म यस सहकारी संस्थाको शेयर सदस्य र ऋणी पनि भएकोले मलाई केही थाहा भएन। मेरो हकमा म कारगारबाट छुटे भने मेरो नामको ऋण भुक्तान गर्छु। उक्त माग सम्बोधन होस् भन्ने चाहन्छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः गिता शर्मा
पदः शेयर सदस्य
संस्थाः शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २६ गते शनिबार।
समयः अपराह्न ०४:५० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. सहकारी संस्थाका पुर्व अध्यक्ष हाल केन्द्रीय कारागार जगन्नाथदेवल, काठमाडौंमा रहेको श्री सि वि लामा भन्ने चन्द्र बहादुर तामाङ सँग भएको सोधपुछ ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम चन्द्र बहादुर तामाङ हो मलाई सि बि लामा भनी चिनिन्छ। मेरो बाजेको नाम काजिमान तामाङ, बुवाको नाम सानुमाईला तामाङ, आमाको नाम ज्योमो तामाङ हो। मेरो परिवारमा म मेरी श्रीमति शान्ती तामाङ छोरा सुयोग्य तामाङ र छोरी प्रज्ञा तामाङ छौं। म वर्ष ४९ को भए । मेरो जन्म २०३२ भाद्र ४ गते भएको हो । मेरो घर साविक जिल्ला काभ्रेपलाञ्चोक पोखरीनारायण स्थान ८, परिवर्तित तिमाल गा.पा. ५ हाल जिल्ला काठमाडौं महानगरपालिका वडा नं १० बानेश्वरमा बस्छौं। मेरो फोन नं. ९८५१०२५९५७ मैले जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेको छु । नागरिकता नं. ४१२७८/८०४ हो । म हाल केन्द्रीय कारागार, सुन्धारामा सहकारी ठगी मुद्दामा पुर्पक्षमा कारागारमा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छु। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेको र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.को पुर्व अध्यक्ष हुँ र हाल पशुपति बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष रहेको छु। कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं महानगरपालिका वडा नं ३१ मिनभवन र ललितपुर कुमारीपाटीमा रहेको छ। कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.मा ०७५/०७६ सम्म म अध्यक्ष रहँदा शेयर पुँजी चौवालिस करोड, बचतकर्ता अन्दाजी.६०००, बचत रकम अन्दाजी. तीन अर्ब साठ्ठी करोड, ऋणी संख्या अन्दाजी. ३०००, ऋण लगानी अन्दाजी तीन अरब पचास करोड र कम्पनिको नाममा fixed asset अन्दाजी. चार अर्ब जतिको चल अचल सम्पति (घरजग्गा धितो, लिलामी जग्गा, कार्यालय उपकरण र मोटरगाडी) रहेको थियो हालको अवस्था के छ थाहा भएन । सेवा केन्द्र ४ वटा रत्नपार्क, न्युरोड, बनेपामा र मुख्य कार्यालय कुमारीपाटी ललितपुरमा

रहेका छन् । पशुपति बचत तथा ऋण सहकारी संस्थाको हकमा शेयर पुजी अन्दाजी १२ करोड, बचतकर्ताहरु अन्दाजी १२००, बचत रकम अन्दाजी १ अर्ब, ऋणी संख्या अन्दाजी ९००, ऋण लगानी अन्दाजी १ अर्ब ५२ करोड, संस्थाको नाममा अन्दाजी ४ करोड बराबरको चल अचल सम्पत्ति (घरजग्गा धितो, लिलामी जग्गा, कार्यालय उपकरण, शेयरमा लगानी र मोटरगाडी) रहेको छ। पशुपति सहकारी संस्था लि.को मुख्य कार्यालय कुमारीपाटी ललितपुरमा र सेवा केन्द्र २ वटा भक्तपुर र जमल काठमाडौंमा रहेका छन् ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरेको हो ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य पेशा अन्तर्गत जि.बि.स. काभ्रेमा प्रविधिक सहायकको रुपमामा र सञ्चारकर्मी रही २०५२ सालदेखि सहकारीमा आवद्ध रही आएको र व्यवसायमा पनि आबद्ध थिए । कान्तिपुर एकेडेमी अफ हेल्थ साईन्समा अध्यक्ष थिए ।

सवाल ६ तपाई मुख्य सञ्चालक रहेको पशुपति बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ पशुपति बचत तथा ऋण सहकारी संस्थाको संस्थापक अध्यक्षमा म आफै (सि वि लामा), उपाध्यक्ष सौगात दाहाल, सचिव हनुमान लाल श्रेष्ठ, कोषाध्यक्ष जिवनाथ पोखेल, सदस्य उद्धव पाण्डे बहुनुहुन्थ्यो अन्य बारे जानकारी भएन । कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाको हकमा संस्थापक अध्यक्ष राजेश श्रेष्ठ त्यस पछी म र लगतै हिमालय बिक्रम मल्ल ठकुरी, सचिव जोगलाल लामा, कोषाध्यक्ष र प्रबन्ध सञ्चालक प्रेम ध्वोज लामा , सदस्यहरुमा ईन्दु थापा, देवराज पराजुली, नारयण प्रसाद रिमाल रहेका थिए ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ कान्तिपुर बचत तथा ऋण सहकारी संस्था र पशुपति बचत तथा ऋण सहकारी संस्था दुवै संस्थालाई समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले हेरिरहेको छ । हाल सञ्चालनमा छैनन्।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ कान्तिपुर बचत तथा ऋण सहकारी संस्था र पशुपति बचत तथा ऋण सहकारी संस्थामा मेरो परिवार र नातागोताका व्यक्ति कोही नभएको जानकारी गराउदछु।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्तिहरु म आबद्ध सहकारीको

सञ्चालक समितिमा छैनन्। मेरो हकमा कान्तिपुर बचत तथा ऋण सहकारी संस्थामा पुर्व अध्यक्ष रहेको थिए भने पशुपति बचत तथा ऋण सहकारी संस्थामा अध्यक्ष पदमा रहेको छु। पशुपती सहकारीको सञ्चालक तथा व्यवस्थापक जुली श्रेष्ठ हाल अष्ट्रेलियामा हुनु हुन्छ ।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० कान्तिपुर बचत तथा ऋण सहकारी संस्थामा कोषाध्यक्ष संस्थाको कार्यकारी प्रमुख रहेका थिए । पशुपति बचत तथा ऋण सहकारी संस्थाको हकमा सञ्चालकहरू कर्मचारी उरेका थिएन। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा विनियमावली अनुसार छनौट गर्ने गरिएको थियो ।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक अन्य व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन । सहकारीको शेयर सदस्य भएको ३ महिना पछि व्यावसायिक क्षमता हेरेर मात्र ऋण प्रवाह गर्ने गरेको छ । सहकारीको कार्यक्षेत्र भित्र बसोबास गरेका र कार्यक्षेत्र भित्र नै व्यवसाय गरेका शेयर सदस्यहरुलाई ऋण लगानी गर्ने गरेको थियो।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ सहकारीको कार्यक्षेत्र भित्र बसोबास गरेका व्यक्ति मात्र शेयर सदस्य हुने भएकोले अन्यलाई बनाइएको छैन।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा विवरण सहित गएको छ । सहकारी बैंकमा धितोमा गएको छ। काठमाडौं, तिनकुनेमा ४२ आना जमीन मध्य ४८ हजार स्वायर फिटमा ६ तल्लाको कान्तिपुर हस्पिटल नामको भवन र काभ्रे जिल्ला धुलीखेलमा ७७ रोपनी जग्गा रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छ । सहकारी बैंक र बचत ऋणको केन्द्रीय संघमा बचत गरिएको छ र शेयर सदस्य पनि छ । कति छ थाहा भएन ।

सवाल १५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १५ विद्यमान अवस्थामा म आबद्ध सहकारीको समस्या समाधान गर्न सक्छु। ऋण उठाउछु, आफ्नो नाममा भएको सम्पत्ति बेचबिखन गर्छु र सहकारीको समस्या समाधान गर्छु। जसको कार्ययोजना सहकारी विभाग, सहकारी मन्त्रालय र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा

बुझाएको छु। सोही अनुसर भयो भने सहकारीको समस्या समाधान हुन्छ र सहकारी पुन सञ्चालनमा ल्याउन सक्छु।

सवाल १६ तपाई मुख्य सञ्चालक रहेको पशुपति बचत तथा ऋण सहकारी र कान्तिपुर बचत तथा ऋण सहकारी संस्था समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १६ पुर्पक्षबाट निस्किन सहयोग गर्नुपर्यो, नेपाल सरकारले बन्द गरेको सहकारी सञ्चालनमा ल्याउन सहजीकरण गरिदिनुपर्यो। बचत परिचालन, ऋण असुली, सम्पत्ति बेचबिखन गर्न समयावधि तोकी ऋण भुक्तानी गर्ने समय दिनुपर्यो। ऋण भुक्तानी नगर्ने ऋणीहरुलाई कर्जा सूचना केन्द्रले कालो सूचीमा राखी सम्पत्ति रोक्का, बैंक खाता रोक्का र विदेश जान रोक लगाई ऋण असुली गर्न सहयोग गर्नुपर्यो।

सवाल १७ कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को तपाई अध्यक्ष रहेका बखत २०६६ माघमा भएको स्थलगत निरीक्षणबाट अमेरिकाको नेपालस्थित कुटनीतिक नियोगको नाममा एक करोड खर्च भएको देखाइएको रहेछ ? त्यो के-कस्तो खर्च थियो ? सहकारीको मूल्य र मान्यताले त्यस्तो खर्च गर्न मिल्छ ?

जवाफ १७ अमेरिकाको नेपालस्थित कुटनीतिक नियोगको नाममा कुनै पनि खर्च भएको छैन। कुनै ऋणीले ऋण बापत लगेको हुन सक्छ। ऋणीलाई भुक्तानी दिएको जस्तो लाग्छ। यस विषयमा २ दिन भित्र जानकारी समितिलाई गराउनेछु।

सवाल १८ तपाईले बचतकर्ताको बचत रकमबाट अस्पताल, फाइनान्स कम्पनी र विकास बैङ्कहरूमा लगानी गरेको देखिन्छ। साथै तपाई स्वयंलाई ३४ लाख र विभिन्न व्यक्ति तथा संस्थालाई पाँच करोड ९१ लाख पेश्की दिएको देखिन्छ, आर्थिक अपचलनको सुरूआत त्यतिबेलै भएको रहेछ भनेर बुझ्दा हुन्छ ?

जवाफ १८ कार्यालय प्रयोजनको लागि आफ्नो नाममा गएको हुन सक्छ तर प्रत्येक वर्ष असार मसान्तमा फछ्यौंट भएको छ । अन्य कुरा मलाई थाहा छैन ।

सवाल १९ संस्थाको सिस्टममा बचत कर्ताको निक्षेप तथा मुद्दती रु. ७ अर्ब ९७ करोड ७५ हजार देखिए तापनि बचत कर्ताद्वारा मागदाबी मात्र रु.६ अर्ब ७८ करोड ५१ लाख बराबर मात्र माग गरिएकोले फरक रकम रु. १ अर्ब १९ लाख २४ हजार के कति कारणले भएको हो ?

जवाफ १९ माग दावी नआएको हुन सक्छ। सफ्टवेयर हेरेपछि थाहा हुन्छ। बचतकर्ताको मृत्यु भएको, online form भर्न नजानेको, कैफियतपुर्ण बचत रकम जम्मा गरेको कारण हुनसक्छ।

सवाल २० संस्थाका सदस्यहरुबाट ठुलो मात्रामा बचत रकम जम्मा गरेको र सो मा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्यता कसरी पुस्टी गर्नुहुन्छ ?

जवाफ २० ३ किसिमका बचत कर्ता रहेका छन्: एकमुष्ट बचत गर्ने, थोरै थोरै बचत गर्ने एकमुष्ट लिने र दैनिक रुपमा बचत गर्ने र समय समयमा लिने। दैनिक सानो बचतकर्ताहरुसँग स्रोत खोज्ने गरेको छैन। एकमुष्ट १० लाख भन्दा माथि बचत गर्न आएमा बचतकर्ताको स्रोत खुलाउन लागाईएको छ।

सवाल २१ सदस्यहरुलाई (कम्पनी समेत) दिइएको कुल ऋण रकमको ६६.२२% जति ऋण रकम ठुला ऋणीहरुलाई दिनु भएको छ, यो कानून सम्मत छ कि छैन ?

जवाफ २१ म हुँदा सम्म ३ अर्ब ऋण थियो त्यसपछि कसले कति लिए मालाई थाहाछैन। ६ अर्बको ऋणको विषयमा मैले जवाफ दिन सकिन। हामीले सहकारीको निति नियम भित्र रहेर दिएको हो। ऋण अनुसारको धितो राखेर दिएको छ।

सवाल २२ एकै ऋणी चन्द्र बहादुर तामांगलाई २७ वटा फाइल खडा गरी जम्मा ऋण रकमको ८% रु. ५४ करोड ७१ लाख बराबरको ऋण रकम के उद्देश्यले दिइएको हो ? साथै सो ऋणको हाल अवस्था के कस्तो छ , ऋणीले साँवा र ब्याज समय समयमा तिरी रहेको छ कि छैन?

जवाफ २२ यसको लागि मैले धितो राखेको छु । समय समयमा व्याज पनि तिरेको छु। २०५३ साल देखि २०७५ साल सम्मला २२ वटा फाईल भएका होलान्। वर्षमा १ वटा ऋण लिएमात्रमा पनि यति फाईल बन्यो होला। पटक पटक ऋण लिएको छु। हरेक ऋणको नयाँ र छुट्टै फाईल हुन्छ। मैले तिर्नु पर्ने रकम म तिर्छु।

सवाल २३ ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्याप्त रूपमा लिनु भएको छ कि छैन ?

जवाफ २३ तत्कालिन समयमा ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्याप्त रूपमा लिएको छु । Software मा ऋणको विषयमा देखिएको विवरण शंकास्पद छ।

सवाल २४ ब्याज रकम पुजिकृत गर्नु भएको छ कि छैन ?

जवाफ २४ ब्याज रकम पुजिकृत गरेको छैन । Accounting System बारे मलाई थाहा भएन।

सवाल २५ बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?

जवाफ २५ बचत र ऋणको ब्याजदरको अन्तर ४ देखि ७ प्रतिशतको फरकमा लिएको छ ।

सवाल २६ गैर सम्पति रु. १ करोड ५२ लाख बराबरको, आसामी रु. १० करोड ४१ लाख बराबरको र ५३ लाख बराबरको अन्य ऋण उठाउन किन पहल नगरेको ?

जवाफ २६ म २०७६ सालसम्म मात्र अध्यक्ष भएकोले यसबारे मलाई जानकारी भएन ।

सवाल २७ तपाईको भन्नु पर्ने थप केही छ ?

जवाफ २७ सहकारीको समस्या समाधान गर्न सम्पूर्ण सहकारी संस्थाबाट एउटा समिति गठन गरी सरकारले उक्त समितिले पेश गरेको कार्ययोजना अनुरुप गरेमा सहकारीको समस्या समाधान गर्न सकिन्छ। म लगायत समस्याग्रस्त सहकारीहरुका सदस्यहरुबाट तिन किसिमका अल्पकालिन, मध्यकालिन र दिर्घकालिन कार्ययोजना नेपाल सरकारलाई दिन्छौं सोही अनुरुपको कार्य गरेमा सहकारीको समस्या समाधान गर्न सकिन्छ। सरकारले सहकारीहरुको समस्या समाधान गर्न

र दिर्घकालिन रुपमा सहकारी संस्था संचालनका लागि सहकारी ऋण कोष सरकारी स्तरबाट स्थापना गर्नु पर्यो उक्त कोषमा सबै सहकारी संस्थाहरुले आफ्नो तरलताको मौजात रकम जम्मा गर्नु पर्ने व्यवस्था हुनुपर्यो। कुनै पनि सहकारी संस्थाका सञ्चालक सल्लाहाकार कर्मचारी लेखासमिति लगायत सहकारी सम्बन्धी व्यक्तिहरुलाई पुर्पक्षमा नराखी जाहेरीकर्ताहरुको माग बमोजिम धरौटि वा बैंक जमानत लिइ वा घर जग्गाहरु रोक्का राखि बचतकर्ताहरुको बचत भुक्तानी सम्बन्धि प्रकृयाको लागि अघि बढाई सहकारीको समस्या समाधान गर्नु पर्ने।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ..... को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखत:

नाम: सि वि लामा भन्ने चन्द्र बहादुर तामाङ

पद: पुर्व अध्यक्ष

संस्था: कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मिति: २०८१ साउन २६ गते शनिबार

समय: अपराह्न ७:०० बजे।

स्थान: संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष तुलसी बहुउद्देश्यीय सहकारी संस्था लि., बिराटनगरका अध्यक्ष श्री केदारनाथ शर्मासँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो बाजे रवीलाल शर्मा, बुवा रत्नाखर शर्मा, आमा मनकुमारी शर्मा, मेरो नाम केदारनाथ शर्मा, मेरो श्रीमती गिता शर्मा हो। छोरा काल्स शर्मा र छोरी केनिषा शर्मा पढाईको सिलसिलामा भारत, लखनाउमा बस्दै आएका छन्।.मेरो स्थायी ठेगाना जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ०३ कोहलपुर, हाल जिल्ला काठमाडौं, का.म.पा. वडा नं. ०४ सुकेधारा हो। बाँके जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेको छु। ना.प्र.नं. २१७३९/बाँके हो। हाल म सहकारी ठगी मुद्दामा नख्खु कारागार कार्यालयमा छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ २०७६ सालसम्म शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष थिए। हाल म तुलसी बहुउद्देश्यीय सहकारी संस्थाको निलम्बित अध्यक्ष हुँ। तुलसी बहुउद्देश्यीय सहकारी संस्था जिल्ला मोरङ, विराटनगर मुख्य कार्यालय रही सेवा केन्द्र झापा दमक, उदयपुर गाईघाट, सिराहा गोलबजारमा रहेका छन्। त्यस्तै शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था मुख्य कार्यालय जिल्ला भक्तपुर, कौशलटारमा रही नेपालभर ३६ वटा शाखा कार्यालयहरू रहेका छन्।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ डिभिजन सहकारी कार्यालयका सेवानिवृत्त कर्मचारी हरी बशिस्टलाई कानूनी सल्लाकारको रुपमा राखेका थियौं। मलाई सहकारीमा संलग्न उहाँले नै गाउनुभएको हो। सम्पूर्ण कानुनी पाटो उहाँले भनेअनुसार हुने भएकोले सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरेका थियौं भन्ने लाग्थ्यो। अहिले कानूनअनुसार नभएको देखियो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ म २०५२ सालदेखि व्यापारमा आवद्ध थिए। कोहलपुरमा ढकाल किराना स्टोर स्थापना गरेको थिए। २०५८ मा कठमाडौं आई शान्तिनगरमा ओम शिव स्टोर, होलसेल पसल सञ्चालनमा ल्याए। २०६१ सालमा गोरखा टोबाको ईन्डष्ट्री, नेपालगञ्जमा, गोरखा टी ईन्डष्ट्री अर्जुनधारामा मुख्य कार्यालय काठमाडौंमा रहने गरी सञ्चालन गरेको थिए।

सवाल ६ तपाई मुख्य सञ्चालक रहेको तुलसी बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ म २०७६ सालसम्म शिवशिखर कृषी सहकारी संस्था लि.मा अध्यक्ष थिए। शिवशिखर कृषी सहकारी संस्था लि. र शिखरदीप सहकारी संस्था लि. मर्ज भएपश्चात् शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. नामकरण भई सोही संस्थामा म स्वयं अध्यक्ष थिए र २०७६ सालमा सधारणसभा गरी अध्यक्ष शुशिल बानियालाई बनाएका थियौं, त्यसैगरी उपाध्यक्ष भोजराज पौडेल, सचिव तेजबहादुर तामाङ, सदस्य पुस्कर मल्ल, अमिष राजभण्डारी, राजु साखकर्मी रहेका थिए। २०७५ सालदेखि म आवद्ध भएको तुलसी बहुउद्देश्यीय सहकारी संस्था लि. मा म अध्यक्ष, उपाध्याक्ष अमिता गौतम, सचिव सबिना न्यौपाने, सदस्यहरू छबिलाल बि.क., बन्टी अधिकारी थिए। अन्य पदाधिकारीको नाम हाल मलाई याद भएन। सहकारीको बैठकमा हरी बशिस्ट जानु हुन्थ्यो, सबै कुरा उहाँलाई नै थाहा छ।

सवाल ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छन्/छैन् ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छैनन्। समस्यामा पर्नुको कारण यी संस्थाहरू विगत १०/१५ वर्षदेखि सञ्चालनमा रहेका सहकारी हुन्। २ लाख २५ हजार भन्दा बढी शेयर सदस्य रहेको संस्थामा नेपालमा कोभिड आएपश्चात् काठमाडौंमा रहेका गैतमश्री र देउराली सहकारीमा समस्या आएपछि नेपालमा सहकारीमा बचत गर्दा होसियारी अपनाउने भन्ने नेपाल सरकारको आधिकारिक विज्ञापन नेपाल विज्ञापन बोर्डले विभिन्न मिडियाहरुबाट प्रकाशन गरेपछि धेरै बचतकर्ताहरूले एकै पटक बचत रकम फिर्ता मागन आउँदा हाम्रो सहकारीले रकम फिर्ता दिन सकेन। बजारमा गरेका लगानी उठाउन नपाउँदा यो समस्या देखिएको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमा मेरो परिवार तथा नातागोता कोही पनी छैनन्, थिएनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ २०७४ सालको ऐन नवन्दासम्म दुवै सहकारीमा म अध्यक्ष थिए। १ वर्ष भित्र एउटा मात्र



कायम गर्ने सुचना भएपछि आर्थिक वर्ष २०७५/०७६ को वार्षिक साधारणसभापछि मैले शिवशिखर बहुउद्देश्यीय सहकारी छोडी तुलसी बहुउद्देश्यीय सहकारी संस्थामा मात्र अध्यक्ष रहेको थिए। तेजबहादुर तामाङ कल्याण उपकार सहकारीमा सञ्चालकमा रहेको कुरा अनुसन्धानको क्रममा केन्द्रीय अनुसन्धान ब्युरोबाट जानकारी पाएको थिए। अन्य कुनै पनी छैनन्।

सवाल १० सहकारी संस्थाको सञ्चालक समिति साधारण सभाबाट चयन हुनुपर्नेमा तपाईले सञ्चालकमा नाम राखिदिएका कारण कानूनी उल्झनमा आउनु परेको भन्ने गुनासो समितिमा आएको छ। यसबारे तपाईको भनाई के छ ?

जवाफ १० विगतमा सहकारी राम्ररी चल्दा कर्मचारीहरूबाट सञ्चालक समितिमा बस्न तछाडमछाड हुने गर्थ्यो तर संस्था समस्यामा परेपछि उहाँहरूले त्यस्तो भनाई राख्नु भएको हो।

सवाल ११ सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ ११ हाम्रो सहकारीमा कर्मचारी नै सञ्चालक समितिका सदस्य हुने गर्थियो। विगत १५/१८ वर्ष मसँग कर्मचारीको रूपमा काम गरेका कर्मचारीलाई मैले विश्वास गर्न सक्ने भएकाले मैले उनीहरूलाई नै संस्थाको सञ्चालक राखेको थिए। तर सञ्चालक भएपछि उनीहरूको कर्मचारीको भूमिका रहदैनथ्यो।

सवाल १२ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ १२ देशैभरी २ लाख २५ हजार शेयर सदस्य र ८६ हजार ऋणीहरू छन्। सहकारी संस्थाका शेयर सदस्य बाहेकका व्यक्तिलाई शेयर सदस्य बनाएर मात्र ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थियो।

सवाल १३ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १३ तुलसीको कार्यक्षेत्र नेपालभरी नै रहेको हुँदा कार्यक्षेत्रको समस्या आएन। शिवशिखरको कोशी र मधेश प्रदेशबाहेकको कार्यक्षेत्र भएको हुँदा कार्यक्षेत्रभित्रका मात्र सदस्य बनाइएको थियो।

सवाल १४ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १४ नेपालभरी शिवशिखर बहुउद्देश्यीय सहकारीका २६ वटा डिपार्टमेन्ट स्टोर, डरेलधुरामा लालिगुरासको फुलबाट तेल उत्पादन गर्ने प्लान्ट, सोही स्थानमा Fresh Vegetable को cold

store, कञ्चनपुरको बेलौरीमा खाद्यान्न संकलन केन्द्र छ। डिपार्टमेन्ट स्टोरको विभिन्न स्थानमा जम्मा १३ वटा भवन रहोका छन्, तुल्सीपुर दाङमा सुठो प्रशोधन प्लान्ट, धादिङको गल्छिमा १८ रोपनी जग्गामा Multi-chamber cold store बन्दै थियो, भक्तपुर जिल्लामा ८ रोपनी १० आना, कोहलपुरमा साढे चार विगाह जग्गा रहेको छ। तुलसी बहुउद्देश्यीय सहकारीको झापा, गौरादह नजिक साढे चार बिघामा राईस, चिउरा, मुर्रे, ब्रिकेट प्लान्ट रहेको छ र झापाकै दमक बजारमा ६ तल्लाको तुलसी भवन, बिराटनगर नेताचोकमा एक बिगाहमा दाल प्लान्ट, उदयपुर गाईघाटमा ५ तल्लाको भवन, उदयपुरकै खाँबुमा ८६ रोपनीमा मल्टी फार्म रहेका छन्। तुलसी बहुउद्देश्यीय सहकारीको बचत १४५ करोड, ११२ करोड आफ्नै निजी सम्पत्ति, ३० करोड ऋण प्रवाह गरेको र सहकारी बैंकबाट लिएको ऋण साढे ७ करोड छ। शिवशिखर बहुउद्देश्यीय सहकारीको बचत ९४७ करोड, २२५ करोड आफ्नै निजी सम्पत्ति, ७२२ करोड ऋण प्रवाह गरेको र १० करोड सहकारी बैंकबाट लिएको ऋण लिएको छ। मसँग सम्बन्धित १८ वटा उत्पादन कम्पनी र २३ वटा ट्रेडिड कम्पनी गरी जम्मा ४१ वटा कम्पनीहरू रहेका छन्।

सवाल १५ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १५ गाउँका साना सहकारीहरूले शिवशीखरमा बचत खाता खोलेर रकम जम्मा गर्ने गरेका थिए। हामीले अरूकोमा रकम राखेका थिएनौं।

सवाल १६ तपाईंले म शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.को अध्यक्ष तथा सो सहकारीको लगानीमा सञ्चालित शिखर दीप एग्रो प्रा.लि.को एकल संस्थापक सञ्चालक रहेको हुँदा चितवनमा व्यापार व्यवसायका लागि घरजग्गा आवश्यक रहेको बताई मेरो घरको छ करोड मूल्य गरी संस्थाका कर्मचारी शिव शर्मालाई अख्तियारी दिई मेरो खातामा रकम जम्मा गरेको भन्ने भौचर देखाई मेरो घर समेत रजिष्ट्रेसन पारित गराई लिई उक्त रकम मेरो खातामा जम्मा नगराई ठगी गरेको भन्ने समेत व्यहोराको शान्ता अधिकारीको निवेदन यस समितिमा प्राप्त भएको छ ? निजलाई रकम जम्मा गरेको भनी झुक्याई किन ठगी गर्नुभएको हो ?

जवाफ १६ निवेदक शान्ता अधिकारीका पति भोजराज पौडेल शिवशिखरका उपाध्यक्ष हुन्। शिवशिखर सहकारी संस्थाबाट उहाँले लिएको ऋण गितानगर, नारायणघाटको जग्गा बेची तिर्न सहमति गरी उक्त जग्गा शिखरदीप एग्रो प्रा.लि को नाममा पास गरी, निजको शिवशिखर संस्थाबाट लिएको ऋण चुक्ता गरी बाँकी रकम शिखरदीप एग्रो प्रा.लि ले एकान्टपेयी चेकमार्फत निजलाई पेमेन्ट गरेको हो। उहाँको श्रीमान् हाल फरार हुनुहुन्छ।

सवाल १७ सहकारी संस्थाबाट उक्त कम्पनीमा के-कति रकम लगानी गर्नुभएको छ ? सहकारीका लगानी रहेका अन्य के-कति कम्पनी रहेका छन् ? खुलाई दिनुहोस्।



जवाफ १७ मेरा ४१ वटा कम्पनी मध्ये ९ वटा कम्पनीमा ऋण लगानी रहेको छ। ३०० करोड बराबरको लगानीमा ब्याज जोडेर हाल ४३४ करोड बराबरको रकम मैले तिर्न बाँकी छ।

सवाल १८ तपाईको स्वामित्वमा गोरखा टि एण्ड कफी इन्डस्ट्रिज, फोर स्टार ग्रुप, गोरखा सोप एण्ड केमिकल इन्डस्ट्रिज, गोर्खा गोल्डेन ट्रेड, गोर्खा बेभरेज, गोर्खा स्पाइस एण्ड फुड प्रोडक्ट, शिखर मेसिनरी एण्ड अटोमोवाइल, नटराज एग्रो, तुलसी मोटर पम्प इन्डस्ट्री, तुलसी कृषि अनुसन्धान केन्द्र, गार्डेन मार्ट, शिवशिखर इन्भेष्टमेन्ट, उपकार मिडिया ग्रुप, उपकार गार्मेन्ट, शिखर मिनरल वाटर एण्ड बेभरेज, उपकार आयल इन्डस्ट्रिज, हिमालयन कन्स्ट्रक्सन एण्ड मल्टी सोलुसन, उपकार लाइफ इन्सोरेन्स कम्पनी, उपकार जेनेरल इन्सोरेन्स कम्पनी, तुलसी फुड इन्डस्ट्रिज, नटराज फुड इन्डस्ट्रिज, शिखर ग्रुप सेक्युरिटी सर्भिस, उपकार फाउण्डेसन, उपकार अगरवत्ती उद्योग, तुलसी माहुरी फार्म, तुलसी कफी उद्योग, तुलसी काउ फार्म एण्ड डेरी, उपकार एक्सपोर्ट इम्पोर्ट, शिखर प्रेस, न्यूज अखबार मिडिया, युरोप ओभरसिज स्टडिज कन्सल्टेन्सी, शिखर स्पाइस फुड एण्ड इन्डस्ट्रिज, शिव शिखर एग्रो, शिखर दीप फुड इन्डस्ट्रिज, शिखर अर्गनाइजेसन, शिखर दीप एग्रो समेतका के-कति कम्पनीहरू रहेका छन् ? ति कम्पनीमा लगानी गर्ने तपाइको आर्थिक स्रोत के हो ?

जवाफ १८ यी सबै शिवशिखर र तुलसी सहकारी संस्थाले आफैले स्थापना गरेका व्यापार हुन। म सहकारीमा आवद्ध हुनुभन्दा अगाडी ९ वडा कम्पनीहरू रहेका थिए। जसमध्ये २ वटा manufacturing र अरु trading company रहेका थिए। बाँकी कम्पनीहरू २०६५ सालपछि खोलिएको थियो। सहकारीलाई इम्पोर्ट, एक्सपोर्ट र ब्राण्डिङ्ग गर्न अनुमति नभएकोले काम गर्नका लागि प्रा.लि.हरू खोलिएका हुन्। तर सहकारी र प्रा.लि. कम्पनीहरू सँग सँगै लगेर काम गरेको हो।

सवाल १९ त्यसरी सहकारीबाट कम्पनीमा लगानी गर्न मिल्छ त ?

जवाफ १९ कानूनमा नमिल्ने रहेछ तर बहुउद्देश्यीय बनाएपछि मिल्छ कि भनी गरेको हो। कानूनले मिल्दैन भन्ने थाहा भएको भए हामी त्यसो गर्ने थिएनौं।

सवाल २० तपाई अध्यक्ष रहेको तुलसी बहुउद्देश्यीय सहकारी संस्था लि.को कूल निक्षेप १,६५,६५,९३,२९१/- रहेकोमा संस्थाको ऋण तथा लगानी भएको भनी लेखांकन भएको रकम रु. १,४८,६८,५०,७९१/- लाई कूल निक्षेपबाट घटाँउदा देखिने अन्तर रकम रु १६,९७,४२,५४०/- केदारनाथ शर्माले संस्थाको हिसाब एवं वित्तीय विवरणमा प्रविष्ट नगरी सोझै अपचलन गरेको देखिन्छ, किन गर्नु भएको हो ?

जवाफ २० उक्त विषय २०८० सालको साधारण सभाको प्रतिवेदनमा उल्लेख भएको छ। यस विषयमा मलाई जानकारी भएन र मैले अपचलन गरेको पनि होईन।

सवाल २१ तपाईले आफ्नो नाममा भएको विभिन्न ९ वटा कम्पनीहरू तुलसी राइस एण्ड चिउरा उद्योगमा रु ३६,५५,६४,५२० /- गार्डेन मार्टलाई रु २७,९२,२१,०४०/- तुलासी अनुसन्धान केन्द्रमा रु ४,०३,४४,२०२/- गोरखा टि एण्ड कफी गद्योगमा रु २१५,७८,७८७/- र तुलसी मोटर प्रा.ली. मा रु २४,०५,५७,६००/- लगायतका अन्य कम्पनीहरूमा समेत ऋण दिएको देखिन्छ ? सहकारी मूल्य मान्यता र कानूनले यसो गर्न मिल्छ ?

जवाफ २१ माथी उल्लिखित कम्पनीहरू मध्ये गोरखा टि एण्ड कफी गद्योगमा ऋण लगानी गरेको हो र अन्य कम्पनीहरू सहकारी संस्था अन्तर्गतका कम्पनीहरू हुन् तर सहकारी संस्थाले मालसामान आयात गर्न र ब्रान्डिङ्ग गर्न कानूनसम्मत नभएको हुँदा मेरो नाममा कम्पनी दर्ता गरी सामान आयात गरी सोही संस्थालाई दिएको हो।

सवाल २२ कुनै सहकारी संस्थाले आफ्ना १५ गुणाभन्दा बढी बचत जम्मा गर्न नपाउने व्यवस्था सहकारी ऐनमा रहेता पनि संस्थाले १७.६ गुणा बढी बचत किन जम्मा गर्नुभएको हो ?

जवाफ २२ शेयर पुँजीको १५ प्रतिशतको सीमाभित्रै छ भन्ने मलाई लाग्छ।

सवाल २३ संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सोमा ब्याज समेत लेखाकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्य कसरी पुष्टी गर्नुहुन्छ ?

जवाफ २३ बचतकर्ताले रकम जम्मा गर्दाका बखत पेश गरेका कागजातहरूमा आफै स्रोत खुलाएर ल्याएको कागजातहरू कार्यालयमा राखे गरेका छौं तर त्यसको भेरीफाई गर्ने गरेका थिएनौं।

सवाल २४ सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ८९.९८% जति ऋण रकम ठूला ऋणीहरूलाई दिनु भएको छ, यो कानूनसम्मत छ त ?

जवाफ २४ अन्दाजी ९०% ऋण ठूला ऋणीहरूलाई दिन नमिल्ने थियो। मलाई त्यसो भएको छैन भन्ने लागेको थियो, यस्तो देखिन्छ भने यो गलत भयो।

सवाल २५ एकै ऋणी शिखरदीप एग्रो प्रा. लि.लाई २५ वटा फाइल खडा गरी जम्मा ऋण रकमको ४०% रु. ३ अर्ब ३३ करोड २१ लाख बराबरको ऋण रकम के उद्देश्यले दिइएको हो ?

साथै सो ऋणको हाल अवस्था के कस्तो छ, ऋणीले साँवा र ब्याज समय समयमा तिरी रहेको छ कि छैन ?

जवाफ २५ संस्थाले गरेको व्यापारलाई अगाडि बढाउनका लागि ऋण रकम दिएको थियो। संस्था बन्द नभएसम्म साँवा र ब्याज तिरिरहेको थियो।

सवाल २६ गार्डेन मार्ट प्रा.लि. लाई रु. ७१ करोड ८१ लाख र शिखर ओर्गनाइजेसन लि. लाई रु. ५७ करोड १२ लाख गरी जम्मा रकम रु. १ अर्ब २८ करोड ९४ लाख के उद्देश्यले दिइएको हो ? साथै सो ऋणको हाल अवस्था के कस्तो छ, ऋणीले साँवा र ब्याज समय-समयमा तिरी रहेको छ कि छैन ?

जवाफ २६ पटक-पटक गरी ऋण प्रवाह भएको थियो। संस्था बन्द नभएसम्म साँवा र ब्याज तिरी रहेका थियौं।

सवाल २७ ब्याज रकम पूँजिकृत गर्नु भएको छ कि छैन ?

जवाफ २७ ब्याज रकम पूँजिकृत गरको छैन।

सवाल २८ बैंक मौज्दात रु. ९३ लाख ९१ हजार बराबरको देखिएता पनि सोको प्रमाणित कागजात किन नभेटिएको ?

जवाफ २८ सिस्टममा रु. ९३ लाख ९१ हजार बराबरको देखिएता पनि केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान गर्ने क्रममा हेर्दा २६ करोड बराबारको रकम देखिएको थियो।

सवाल २९ सहकारी सम्बन्धी वा कुनै फौजदारी कसुरमा थुना वा कैदमा पर्नु भएको छ वा छैन ? परेको भए हाल उक्त मुद्दा के-कुन अवस्थामा छ ?

जवाफ २९ म सहकारी ठगी मुद्दामा नख्खु कारागारमा छु। हाल १६ ओटा जिल्लामा सहकारी ठगी र काठमाडौं उपत्यकामा सहकारी ठगी सम्बन्धी कसुरमा संगठित अपराध मुद्दा चलिरहेको छ।

सवाल ३० विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ३० यस्तो समस्या समाधान गर्न सकिन्छ। बचतकर्ताले भन्दा प्रतिष्पर्धीहरूले गर्दा समस्या बढेको हो। कारागारभित्र बसेर समस्याको समाधान गर्न सकिदैन। म बाहिर निस्कंन पाए र सुरक्षाको प्रबन्ध भएमा १ वर्षभित्र समस्या समाधान गर्न सक्छु। हाम्रो एउटा कुनै कम्पनी बेचेर मात्र पनि सहकारीका साना बचतकर्ताको रकम फिर्ता दिएर सहकारी पुनः सञ्चालन गर्न सक्छु।

सवाल ३१ तपाई मुख्य सञ्चालक रहेको तुलसी बहुउद्देश्यीय सहकारी संस्था लि. र शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ३१ मैले पैसा कमाउनको लागि मात्र सहकारी स्थापना गरेको होईन, तर व्यापार गर्नका लागि सहकारीलाई गाउँ-गाउँ पुऱ्याएको थिए। बैंकले मेरा केही उद्योगहरू NPA गरेको छ, ती उद्योगहरू केही समय दिएर सञ्चालन गर्न दिनुपर्ने, म सम्पूर्ण समस्याहरू समाधान गर्न सक्ने हर प्रयासहरू गर्न तयार छु।

सवाल ३२ तपाईको थप भन्नु केही छ ?

जवाफ ३२ सबै सहकारी नराम्रा छैनन्। राम्रा सहकारीलाई चलाउन दिनु पर्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ८ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः केदारनाथ शर्मा

पदः अध्यक्ष/पूर्वअध्यक्ष

संस्थाः तुलसी बहुउद्देश्यीय सहकारी संस्था लि./शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ साउन २६ गते शनिबार

समयः अपराह्न ०७:०० बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. का प्रस्तावित अध्यक्ष श्री विरेन्द्र महर्जनसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम विरेन्द्र महर्जन, बाजे आशामरु महर्जन, बुवा आशालाल महर्जन, आमा गुन्टेश्वरी महर्जन हो। मेरो परिवारमा मेरी श्रीमती सरला महर्जन लिम्बू, छोरी स्वच्छता महर्जन, छोरा विभु महर्जन र म छौं। हाल हामी स-परिवार जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं ५ कुमारीपाटीमा बस्छौं, छोरी अष्ट्रेलीयामा चिकित्सक पेशा गर्छिन। मेरो नागरिकता नं ४२२२४ हो। मेरो मोबाइल नं ९८५१०१२५५० हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आवद्ध रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था हो। म यस सहकारीको पहिला शेयर सदस्यको रूपमा रहेको थिएँ र २०८१ साल असार ३ गतेको साधारण सभाबाट अध्यक्ष पदमा सर्वसम्मत रूपमा चयन गरिएको हो। बागमति प्रदेश सहकारी मन्त्रालयमा दर्ता गर्न प्रक्रियामा रहेका छौं।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ म मिति २०८१ साल असार ३ गतेदेखि यस संस्थाको अध्यक्ष भएकोले यसपछिका कार्यहरू सहकारी ऐन र प्रचलिन कानून बमोजिम सञ्चालन गर्नेछु। त्यस अघिको अवस्था थाहा भएन।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ म सञ्चालक रहेको मेरो महर्जन निर्माण सेवा प्रा.लि. नामको निर्माण कम्पनी र गुनासाभु रोडा ढुङ्गा कम्पनी सञ्चालन गर्दै आएको छु।

सवाल ६ तपाईं प्रस्तावित अध्यक्षको रूपमा रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ मिति २०८१/०३/०३ गतेको साधारणसभाबाट म अध्यक्ष, हरिस चन्द उपाध्यक्ष, वरविल गुरुङ सचिव, राजन राई कोषाध्यक्ष, गोकुल रोकाया, ध्रुब शाह र अनिल मल्ल सदस्य रहेका छन्।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सन्चालनमा रहेको छ। उक्त संस्थाको पूर्वअध्यक्ष भरत महर्जन सहकारी संस्थाको सम्पत्ति अपचलन गरी सपरिवार बेलायत भागी गएकोले संस्था समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा हाल छैनन् त्यस अघि म बचतकर्ता मात्र भएकोले थाहा भएन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। यस भन्दा अगाडि सुमेरु बचत तथा ऋण सहकारी लि. कालिमाटीको सञ्चालक मध्ये दुई जना सरोज महर्जन र रामकृष्ण अवाले यस संस्थाको लेखापालको पदमा कार्यरत भएको मलाई जानकारीमा आएको थियो। म भर्खरै सञ्चालक भएकोले अब कर्मचारी छनौट गर्न परेमा कानूसम्मत संस्थाको आचार संहितामा रहेर गर्नेछु।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ यस विषयमा मलाई थाहा जानकारी भएन। हाल म यस विषयको अध्ययन गर्दैछु।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ यस विषयमा मलाई थाहा जानकारी भएन।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ पूर्व सञ्चालक समितिले श्वेतपत्र जारी गरेको छ सोही अनुरूप मैले अध्ययन गरिरहेको छु। अहिले साथमा छैन आवश्यक परेमा म यस समितिमा पेस गर्नेछु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग? खुलाउनुहोस्।

जवाफ १४ हाल थाहा जानकारी भएन, म अध्ययन गर्दै छु र आवश्यक परेमा म यस समितिमा उपलब्ध गराउनेछु।

सवाल १५ तपाईं अध्यक्ष रहेको सहकारी संस्थाको आर्थिक वर्ष २०६६।०६७ मा भएको स्थलगत निरीक्षण अनुसार अध्यक्ष तथा सञ्चालकहरूले विना उद्देश्य समय समेत नतोकी पेश्की लिएको, अध्यक्षले मात्र कूल पुँजीको २० प्रतिशत भन्दा बढी शेयर लिएको, अध्यक्षको एकल स्वामित्वको सुमेरू एण्ड इन्भेष्टमेन्टको वासलातमा रहेको ३४ लाख रकमलाई सहकारीको लगानीका रूपमा

र र सुमेरू इनभेष्टमेन्ट एण्ड रेमिटेन्सको बैङ्क व्यालेन्सलाई सम्पत्तिका रूपमा वासलातमा खुलाएको देखिन्छ, आर्थिक अपचलनको सुरूआत त त्यतिबेलैबाट भएको रहेछ नी, होइन ?

जवाफ १५ यस बारेमा मलाई थाहा भएन।

सवाल १६ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १६ विद्यमान अवस्थामा यस सहकारी संस्थाको समस्या समाधान गर्न सक्छु। हाल बचतकर्ताहरूबाट आवश्यक सहयोग प्राप्त भएको छ साथै कानूनमा रहेको उल्झन जस्तै पूर्व सञ्चालकहरूले तरलताको उपलब्धता बिना १,३०० वटा चेक बाडेकोमा सात जना व्यक्तिले संस्थालाई कालोसूचीमा राखेकोमा ६ जना सहमतिमा आएर कालोसूचीबाट संस्थालाई कालोसूचीबाट हटाउन प्रतिबद्दता गरेको र १ जना मात्र नमानेको हुनाले उक्त व्यक्तिलाई समन्वय गरी कालोसूचीबाट हटाउन सहयोग गरेमा संस्थाको बैङ्किङ कारोबार सुचारु रूपमा सञ्चालन गर्दै बचतकर्ताको रकम विस्तारै फिर्ता गर्न सहज हुन्छ। साथै पूर्वअध्यक्ष भरत महर्जन र उनको परिवारको सदस्यहरूको नाममा रहेको सम्पत्तिहरू, भागेर बेलायतमा बसेर पनि यहाँको सम्पत्ति बेचविखन गरिरहेको अवस्था छ तसर्थ ती सबै सम्पत्तिहरू रोक्का राख्न सहयोग गरिदिएमा सहज हुने थियो। साथै संस्थाको नाममा रहेको र भरत महर्जनको नाममा रहेको सवारी साधनहरू विभिन्न व्यक्तिहरूले प्रयोग गरिरहेको हुँदा ति सवारी साधनहरू मध्ये ६६६ नं.को V8 गाडी शारदा प्रसाद अधिकारीले प्रयोग गरीरहेको अवस्था छ त्यस बाहेक अन्य साधन संस्थामा फिर्ता गरिदिन सहजीकरण भएमा र भरत महर्जनले यस संस्थाको रकम अपचलन गरी विभिन्न ठाउँमा घर जग्गामा लगानी गरेको हुँदा सो घर जग्गाको बहाल पनि अमुक व्यक्तिहरूले प्रयोग गरिरहेको हुँदा उक्त बहाल यस संस्थाको नाममा ल्याउन सहजीकरण गरिदिएमा समस्या समाधान सहज हुन्छ। त्यस्तै निजका कम्पनीहरु समेत नामसारी गर्न रोक्का राख्न सहयोग आवश्यक छ।

सवाल १७ तपाईं समेतले मिति २०८१ जेष्ठ १७ गते सुमेरू बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको जिम्मेवारी लिने भनी सहमति गर्नु भएको रहेछ, स्वनियमनमा सञ्चालन हुने सहकारी संस्थाको निजी कम्पनी सरह स्वामित्व र दायित्व लिन मिल्छ ? के यो सहकारीको मूल्य मान्यता अनुरूप हुन्छ ?

जवाफ १७ यो विषयमा हामीले धेरै विश्लेषण गर्यौं। सहकारी र कम्पनी छुट्टा-छुट्टै छन्। म भन्दा अगाडिका अरु व्यक्तिहरुले कम्पनी मात्र लिन खोजे तर मैले कम्पनी भन्दा सहकारीको समस्या समाधान गर्नको लागि सहकारीको समस्या व्यवस्थापन गरी त्यसपछि मात्र सहकारीलाई सञ्चालकले नै कम्पनीको सञ्चालक हुने सहमती गरेको हुँ। सहकारी व्यवस्थित भईसकेपछी मात्र कम्पनीहरु लिन पाउने सहमती गरिएको छ। यो सहमतीपत्रमा सहकारीमा पछिल्लो पटक शेयर होल्डर बन्नु भएका राज बहादुर सिंह समेतको सहमतीमा हस्ताक्षर भएको हो। उहाँ र हामी सञ्चालकहरु मिली स्रोतको व्यवस्था गरी बचतकर्ताको रकम फिर्ता गर्ने गरी सहमती गरेका हौं।

सवाल १८ तपाई मुख्य सञ्चालक रहेको सुमेरु बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १८ म प्रस्तावित अध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न सरकारले सहयोग गर्नुपर्यो, कर्जा सूचना केन्द्रले संस्थालाई कालो सूचिबाट हटाउनु पर्यो, पूर्व अध्यक्ष भरत महर्जन र उसको परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्ति रोक्का राखी उक्त घर जग्गाहरूबाट हुने आम्दानी संस्थामा आउने वातावरण मिलाई दिनु पर्यो। साथै संस्थाको नाममा रहेको र भरत महर्जनको नाममा रहेको सवारी साधनहरू विभिन्न व्यक्तिहरूले प्रयोग गरिरहेको हुँदा ति सवारी साधनहरू संस्थाको नाममा फिर्ता गरिदिन सहजीकरण गरिदिनुपर्दछ।

सवाल १९ तपाईको थप भन्नु केही छ ?

जवाफ १९ सुमेरु बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्न सि.ए.हरूलाई नियुक्ति गरी सम्पूर्ण वासलत निकाल्न लगाएको छु। यसको लागि करिब २ महिना समय लाग्छ। त्यस पश्चात बचतकर्ताहरूको बचत फिर्ता दिई समस्या समाधान गरी सुचारु गर्ने छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः विरेन्द्र महर्जन

पदः प्रस्तावित अध्यक्ष

संस्थाः सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २७ गते आइतबार

समयः अपराह्न २:४५ बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोक ललितपुरका अध्यक्ष श्री कृष्ण कंडेलसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो बाजे मोतिलाल कंडेल, बुबा तिलकराम कंडेल आमा साबित्रा कंडेल म आफु कृष्ण कंडेल हो। मेरो परिवारमा तिन दाजुभाई छौं। ठुलो दाई भेषराज कंडेल गुल्मीमा बसोबास गर्नुहुन्छ, माईलो म, कान्छो भाई विष्णु कंडेल हाल बुटवलमा बसोबास गर्छन्। श्रीमती सरिता कंडेल, छोरी करुना कंडेल, छोरा किरण कंडेल हामी सबै संगै जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं २३ हात्तीबनमा बसोबास गर्दै आएका छौं।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था राम्रो छ। सोधिएका प्रश्नको उत्तर म राम्ररी दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म मिति २०७९/११/२० गते जिल्ला ललितपुर, पुल्चोक स्थित मुख्य कार्यालय रही भक्तपुर गठ्ठाघर र ललितपुर धापाखेलमा शाखा कार्यालाय रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्थामा अध्यक्ष पदमा प्रवेश गरी मिति २०७९/१२/१५ गते राजिनामा दिएको थिए। मिति २०८०/०२/०५ गते बिशेष साधारणसभाबाट मेरो राजिनामा स्वीकृती भई हेमराज दाहालको अध्यक्षतामा नयाँ सञ्चालक समिति गठन भएको थियो। तर प्रदेश सहकारी विभागमा पटक पटक छलफल र संमन्वय गर्दा बिचका विभिन्न मितिका निर्णयहरू कार्यान्वयन नभई हाल सम्म कागजीरुपमा मात्र रहेको मिति २०८१/०३/०३ गते सहकारीको २३ औं बार्षिक साधारणसभा गरी बिरेन्द्र महर्जनको अध्यक्षतामा सञ्चालक समिति चयन भएको हो। यसको जानकारी प्रदेश

सहकारी विभागलाई जानकारी गराएको छु। मैले अध्यक्ष रहदा राजिनामा गरी सकेपछि हाल सम्म कुनै कार्यकारी भुमिकामा मैले निर्वाह गर्न पाएको छैन। अन्य कुनै सहकारी तथा संघ संस्थामा म आवद्ध छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ मैले सहकारी ऐन अनुसार सञ्चालन गरेको देखिन।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ म औषधी व्यवसाय सञ्चालन गर्छु।

सवाल ६ तपाई मुख्य सञ्चालक रहेको श्री सुमेरु बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ म अध्यक्ष, उपाध्यक्ष दिपेश थापा, सचिव तिलबहादुर चितौरेमगर, कोषाध्यक्ष प्रेमप्रकाश ओली, सदस्यमा क्रमश रविन्द्र चौलागाई, सुमन थापा क्षेत्री, माधव पाठक रहेका थिए।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल संस्था सञ्चालनमा छ। कार्यालयहरू खुली रहेका छन्। संस्था समस्यामा पर्नुको मुख्य कारण भनेको सम्पत्ति प्रयास छ तर बचत फिर्ता गर्ने तरलता नभएको हो। अध्यक्ष भरत महर्जन बेलायत पलायन भएपछी मुख्य समस्या देखिएको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ मेरो कार्यकालमा सञ्चालक समितिका सदस्यमध्ये हाम्रो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि हुनुहुन्न।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ देउराली सहकारी संस्थाका अध्यक्ष रबिन्द्र चौलागाई सुमेरु बचत तथा ऋण सहकारीमा सदस्य रहेका थिए। अन्यको हकमा मलाई जानकारी भएन। उक्त कुरा कानूनसम्मत् भए/नभएको बारे मलाई जानकारी भएन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० कर्मचारीहरू सञ्चालक समितिमा थिएनन्। मेरो कार्यकालमा कर्मचारी भर्ना गर्न पाइन।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ मेरो कार्यकालमा कुनैपनि व्यक्तिबाट बचत रकम जम्मा भएको र कुनै व्यक्तिलाइ ऋण प्रवाह भएको मेरो जानकारीमा छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोवास भएका ब्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ मेरो कार्यकालमा कुनैपनि व्यक्तिलाई शेयर सदस्य बनाइएन।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ मलाई देखाइए अनुसार सहकारी संस्थाको सम्पत्ति, पुल्चोक स्थित आफ्नै भवन, पुल्चोकको सुमेरु सिटी हस्पिटल र सो रहेको भवन, सातदोबाटो स्थित रहेको सुमेरु मार्ट र सो रहेको भवन, धापाखेल स्थित सुमेरु हस्पिटल र सो रहेको भवन, धापाखेल हाईटमा रहेको घोडापालन क्षेत्रमा करिब ३५ रोपनी जग्गा रहेको र त्यसबाहेक पनि अन्य सम्पत्ति रहेको सुनेको थिए तर विष्तृत खुलाउना सकिन।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग गर्नुभएको छ? खुलाउनुहोस्।

जवाफ १४ म अध्यक्ष भएता पनी संस्थाको सिस्टमसा पहुँच राख्न नपाएकोले मलाई जानकारी भएन।

सवाल १५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान गर्न सहज हुन्छ ?

जवाफ १५ मैले बुझे अनुसार सुमेरु सहकारीमा सम्पत्ति र दायित्वको अन्तर सकारात्मक रहेको छ। त्यसलाई व्यस्थापन गर्न पुर्व सञ्चालक, हालका सञ्चालक तथा विज्ञ सहित यस सहकारीका लागि मात्र केन्द्रीत हुने गरी व्यवस्थापन गर्ने समुह बनाउँदा समस्या समाधान हुन्छ।

सवाल १६ तपाईं मुख्य सञ्चालक रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १६ भरत महर्जन सहितको पुराना सञ्चालक समिति सबैले चाहने हो भने यस सहकारीका समस्या समाधान गर्न सम्भव छ।

सवाल १७ तपाईं अध्यक्ष रहेको सहकारी संस्थाको आर्थिक वर्ष २०६६।०६७ मा भएको स्थलगत निरीक्षण अनुसार अध्यक्ष तथा सञ्चालकहरूले विना उद्देश्य समय समेत नतोकी पेश्की लिएको, अध्यक्षले मात्र कूल पुँजीको २० प्रतिशत भन्दा बढी शेयर लिएको, अध्यक्षको एकल



स्वामित्वको सुमेरू एण्ड इन्भेष्टमेन्टको वासलातमा रहेको ३४ लाख रकमलाई सहकारीको लगानीका रूपमा र सुमेरू इन्भेष्टमेन्ट एण्ड रेमिटेन्सको बैङ्क व्यालेन्सलाई सम्पत्तिका रूपमा वासलातमा खुलाएको देखिन्छ, आर्थिक अपचलनको सुरूआत त त्यतिबेलैबाट भएको रहेछ नी, होइन ?

जवाफ १७ संस्थाको हिसाब किताब बरबुझारथ नभएको हुँदा मलाई जानकारी भएन।

सवाल १८ सोही निरीक्षणले एकै परिवारका सदस्यहरू सञ्चालक समितिमा रहन नपाउने प्रबन्ध विपरीत अध्यक्ष भरत महर्जनकी श्रीमती राममाया महर्जन सञ्चालक रहेको भनी कैफीयत जनाएको देखिन्छ, किन सुधार गर्नु भएन ?

जवाफ १८ म मिति २०७९/११/२० गते देखि मात्र संस्थाको जिम्मेवारीमा रहेको हुँदा पहिलेका विषयमा मलाई जानकारी भएन।

सवाल १९ आ.व. २०७८/७९ र आ.व. २०७९/८० को लेखापरीक्षक को-कुन व्यक्ति वा संस्थाबाट गराउनुभएको थियो ? प्रतिवेदनमा उल्लेख भएको तथ्यहरू सत्य हुन् त ? खुलाइदिनुहोस्।

जवाफ १९ प्रक्रिया पुर्याउनका निम्ति नियमित रुपमा हुदै आएका कार्यहरूमा अध्यक्षको हैसियतले हस्ताक्षर गरेको हो।

सवाल २० ४२ करोड ७५ लाख बराबरको रकम नाम नखुलाई अन्य शिर्षकमा भुक्तानी दिनु पर्ने भनी लेखांकन गर्नु भएको छ, त्यति ठूलो रकम कसलाई भुक्तानी गर्नु पर्ने हो ?

जवाफ २० सिष्टममा पहुच नदिएका कारण जानकारी भएन।

सवाल २१ २०७९ फागुन २० गते सहज रुपमा बचत फिर्ता गर्ने प्रयोजनका लागि बिशेष साधारण सभा गर्नु भएको थियो त्यसको उपलब्धि के-के भयो त ?

जवाफ २१ तत्कालिन सञ्चालक समिति, उपसमिति, तथा स्थानीय बचतकर्ता समेतले तर्साउने, धम्क्याउने र मेरो घर समेत तोडफोड गरी काम गर्ने वातावरण नदिएकोकारण उद्धेश्य पुरा भएन र केही उपलब्धि हासिल गर्न सकिएन।

सवाल २२ २०८१ आशार ३ गते गरेको संस्थाको २३ औ वार्षिक साधारण सभा कानूनसम्मत छ वा छैन ?

जवाफ२२ कानुन सम्मत पुर्याएर नै साधारण सभा आयोजना गरिएको हो।

सवाल २३ श्वेतपत्रमा पेश गरिएको कार्ययोजनाको पहिलो त्रैमासिकमा संस्थाको जग्गा बिक्री गर्ने, दोश्रो र तेश्रोमा घोडापालेको जग्गा बिक्री गर्ने, अस्पतालको शेयर बेच्ने, चौथो त्रैमासिकमा सुमेरु मार्ट लगायतका जग्गाहरू सबै बेचेपछि संस्थाको निरन्तरता कसरी हुन्छ ?

जवाफ २३ हेमराज दाहाल, विनोद आचार्य समेतको पुर्व सञ्चालक समितिले स्वेतपत्र तयार गर्दा र जारी गर्दा मलाई बोलाईएको थिएन। त्यसैले कार्ययोजनाको विषय मलाई थाहा भएन।

सवाल २४ संस्थाको सिस्टममा बचतकर्ताको निक्षेप तथा मुद्दती रु. १० अर्ब ८२ कारोड ८० लाख देखिएकोमा कालिमाटीको जम्मा रू. १ अर्ब ९७ करोड ८४ लाख देखिएको छ तर कालिमाटीको बचतमात्र देखिएको र ऋण किन नदेखिएको ?

जवाफ २४ यस बिषयमा पुर्व सञ्चालकहरूलाई सोध्दा राम्रो होला। यस बारे मलाई जानकारी भएन।

सवाल २५ संस्थाले बचतको तथ्याङ्क मिति २०७९/११/२६ सम्मको मात्र किन दिएको ?

जवाफ २५ यस बिषयमा पुर्व सञ्चालकहरूलाई सोद्दा राम्रो होला। यस बारे मलाई जानकारी भएन।

सवाल २६ सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ७२% जति ऋण ठूला ऋणीहरूलाई दिएको छ, यो कानूनसम्मत छ कि छैन ?

जवाफ २६ मेरो कार्यकालमा कुनैपनि ऋण प्रवाह नभएको तर पुर्व सञ्चालकहरूले प्रवाह गरेको हो। यो कानूनसम्मत होइन।

सवाल २७ सुमेरु सामुदायिक अस्पताल, सुमेरु सिटी हस्पिटल प्रा.लि. र एसियन कलेजमा प्रवाह गरिएको ऋण कानूनसम्मत छ ? सिस्टममा किन ब्याजमात्र देखिरहेको छ ?

जवाफ २७ सिस्टममा पहुँच नभएकौ कारण यो बिषयमा मलाई जानकारी भएन।

सवाल २८ बिशेष वज्राचार्यलाई १८ करोड ७२ लाख बराबरको ऋण प्रदान गर्नु कानून बमोजिम छ वा छैन? त्यसका लागि पर्याप्त धितो लिइएको छ कि छैन ?

जवाफ २८ यसरी ऋण जानु गैरकानुनी हो। यो मेरो पालामा गरेको होइन।

सवाल २९ ब्याज रकम पुजिकृत गर्नु भएको छ कि छैन ?

जवाफ २९ ब्याज रकम पुँजीकृत गरिएको जानकारीमा छैन।

सवाल ३० ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजको दर कति प्रतिशत लिनु भएको छ ?

जवाफ ३० सहकारी ऐन अनुसार गर्ने कोसिस छ।

सवाल ३१ बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?

जवाफ ३१ ४ % को अन्तर छ।

सवाल ३२ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम सरकारलाई किन नतिरेको?

जवाफ ३२ बिभिन वर्षको करको बक्यौता पुराना सञ्चालकहरूले किन बुझाउनु भएन जानकारी भएन।



सवाल ३३ तपाईको थप भन्नु केही छ?

जवाफ ३३ आम्दानीका श्रोतहरू एकै ठाउँ केन्द्रीत गरेर सञ्चालक गरियो भने सहकारीका साना बचत कर्ताको बचत रकम फिर्ता गर्न सम्भव छ। आम्दानी आ-आफैले चुडेर लिने, केन्द्रिकृत हुन नसकेकोले सहकारीमा समस्या आएको देखिन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः कृष्ण कंडेल

पदः अध्यक्ष

संस्थाः सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ साउन २७ गते आइतबार

समयः अपराह्न ०२:४५ बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. सहकारी संस्थाका पूर्वअध्यक्ष श्री हेमराज दाहालसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम हेमराज दाहाल हो। बाजेको नाम कृति प्रसाद उपाध्याय, बुबाको नाम बाला नन्द दाहाल र आमाको नाम जानकी दाहाल हो। मेरो परिवारमा म, मेरो बुबा, आमा, मेरो श्रीमती सुनिता दाहाल, छोराहरू सार्थक दाहाल र सम्सिद्ध दाहाल हो। मेरो घर ललितपुर म.न.पा. वडा नं १३ कुसुन्ती हो। मेरो ना.प्र.नं. १९५२९६०५७ हो। मेरो मोबाइल नं ९८५१११८३२४ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सुमेरु बचत तथा ऋण सहकारी संस्थामा आबद्ध रहेको छु। अन्य कुनैमा आबद्ध छैन। यस सहकारी ललितपुर मनपा वडा नं. ३ पुल्चोकमा रहेको छ। सम्बद्ध कागजातहरू समितिमा मिति २०८१-०४-२३ मा पेस गरी समितिमा दर्ता (दर्ता नं १०७) गराएको छु। अन्य कुनैमा संलग्न छैन। यसको शेयर पुँजी अन्दाजी ४५ करोड, बचतकर्ताको बचत करीब ७ अर्ब ६५ करोड, शेयर सदस्यहरूमा प्रवाह भएको कर्जा अन्दाजी तीन अर्ब व्यावसायिक प्रतिष्ठानहरूमा लगानी भएको रकम ४ अर्ब गरी करीब ७ देखि साढे सात अर्बसम्मको ऋण लगानी र यस संस्थाको सेवा केन्द्र दुईवटा ललितपुरको धापाखेल र भक्तपुरको गठ्ठाघर रहेको थियो भने यसको कार्यक्षेत्र उपत्यकाको तिन जिल्ला रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो?

जवाफ ४ जानेबुझेसम्म नियम कानूनलाई पालना गरी सहकारी सञ्चालन गरेको थिएँ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ?

जवाफ ५ म सुमेरु अस्पताल र सुमेरु कलेजमा शेयरहोल्डरको रूपमा आबद्ध रहेको छु।

सवाल ६ तपाई पूर्वअध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा

को-को हुनुहुन्छ/हुनुहुन्थ्यो?

जवाफ ६ म अध्यक्ष हुँदा २०७६ पुस १९ देखि २०७९ फाल्गुन २० गतेसम्म उपाध्यक्षमा दिलिप कुमार डंगोल, सचिवमा विनोद आचार्य, कोषाध्यक्षमा सुनिल डंगोल, सदस्यहरूमा रमेश महर्जन, धर्मेन्द्र कट्टेल, स्वच्छन्दा मानन्धर थियौं। सो अवधिमा व्यवस्थापकको रूपमा धनेन्द्र कट्टेल, प्रबन्धकमा अनुप पौडेल र पछिल्लो समय प्रमुख कार्यकारी अधिकृत विरु महर्जन थिए। यस सहकारीको स्थापनाकालदेखि म अध्यक्ष हुनु अगाडिसम्म करीब २० वर्ष भरत महर्जन अध्यक्षको रूपमा हुन्हुन्थ्यो।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन? उक्त संस्था समस्यामा पर्नुको कारण के हो?

जवाफ ७ हाल उक्त संस्था नियमित सञ्चालनमा छ। उक्त संस्था समस्यामा पर्नुको प्रमुख कारण १) देशैभरिका सहकारीमा समस्या देखिएपछि र हाम्रो वरिपरिका संस्थाहरू बन्द भएपछि अस्वाभाविक रूपमा बचतकर्ताहरूले बचत फिर्ता माग्नुको कारण उत्तपन्न तरलताको अभाव, २) विगत करीब २० वर्ष देखि एकल नेतृत्व गर्दै आउनुभएको संस्थाका संस्थापक अध्यक्ष भरत महर्जन षडयन्त्रपूर्वक सपरिवार बेलायत फरार भईदिँदा उत्पन्न अविश्वास र आशंकाका कारण बचतकर्ताहरूको अस्वाभाविक भिड बढ्नु र ३) मुख्य नेतृत्व पलायन भएपश्चात् निजको कार्यकालमा भएको लगानीहरू असुलीमा समस्या आउनु ऋणीहरूले समेत समयमा ऋण चुक्ता नगर्नु, असामान्य परिस्थिति सिर्जना हुनु र निजका आफन्त र निज समर्थक कर्मचारीहरू र स्थानीय समाजका केही व्यक्तिहरूबाट असहयोग हुनु, अनावश्यक झटा समाचारहरू मिडियामा प्रकाशन गरी संस्था डुबाउने प्रपन्च गर्नु। आदि कारणले समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो परिवार वा नातागोताका व्यक्ति कोही छैनन्/थिएनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन्? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा कोही पनि छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन्? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो?

जवाफ १० सञ्चालकहरू कर्मचारीको रूपमा रहेका थिए। केन्द्रीय कार्यालयको व्यवस्थापकको रूपमा धनेन्द्र कट्टेल रहनु भएको थियो, सेवा केन्द्र धापाखेलको प्रबन्धकको रूपमा रमेश महर्जन हुनुहुन्थ्यो, सहकारीको पनि लगानीबाट सञ्चालित सुमेरु सिटी अस्पतालको कार्यकारी

निर्देशकको रूपमा सुनिल डंगोल हुनुहुन्थ्यो, सुमेरु अस्पताल धापाखेलको कार्यकारी निर्देशकको रूपमा दिलिप कुमार डंगोल हुनुहुन्थ्यो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन?

जवाफ ११ शेयर सदस्य बाहेकका व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गरिएको थिएन। शेयर सदस्य बाहेकको पनि बचत रकम लिइएको थियो।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र बनाइएको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारीको सम्पत्तिहरू संस्था मातहत मै रहेको छ। संस्थाका लगानीहरू विभिन्न व्यावसायिक प्रतिष्ठानहरूको नाममा समेत रहेका छन् र केही लगानी संस्थापक अध्यक्ष भरत महर्जन र निजका परिवारका नाममा गरिएको देखिन्छ। लगानीको विस्तृत विवरण समितिसमक्ष पेस भएको श्वेतपत्रको भाग ३ मा उल्लेख छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ? छ भने कुन-कुन संस्थासँग? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छ। अरुणिमा सहकारी, एकता सहकारी, महिमा सहकारी, सुमेरु सहकारी कालिमटी लगायत करिब दर्जन सहकारीहरूमा कारोबार गरिएको छ। साना कारोबारदेखि करोडौं कारोबार गरिएको छ।

सवाल १५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ?

जवाफ १५ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिन्छ। क) विलम्ब नहुने गरी ऋण असुली गर्न सकिने कानून र व्यावहारिक प्रावधान, ख) छिटोछरितो र सहजतापूर्वक धितो लिलामीको प्रावधान, ग) संस्थाले लगानी गरेका विभिन्न व्यावसायिक प्रतिष्ठानहरूलाई सहकारीकरण गर्न पाइने कानूनी प्रावधान भएमा वा ती संस्थाहरूको मातहतमा रहेका श्री सम्पत्तिहरू व्यवस्थापन गरी नगदमा रुपान्तरण गर्न लाग्न सक्ने समयको प्रावधान, घ) सहकारीको स्रोत दुरूपयोग गरी आफ्नो र आफ्नो परिवारको नाममा अर्बौंको सम्पत्ति राखी हाल षडयन्त्रपूर्वक फरार रहेका संस्थाका संस्थापक अध्यक्ष भरत महर्जन र निजका परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्ति संस्था मातहतमा ल्याउने व्यवस्था वा जफत गरी नगदमा रुपान्तरण गर्ने प्रावधान भएमा समस्यको सहज समाधान हुन सक्छ।

सवाल १६ तपाई पूर्वअध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला?

जवाफ १६ सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. सहकारीको समस्या समाधान गर्न क) विलम्ब नहुने गरी ऋण असुली गर्न सकिने कानून र व्यावहारिक प्रावधान, ख) छिटोछरितो र सहजतापूर्वक धितो लिलामीको प्रावधान, ग) संस्थाले लगानी गरेका विभिन्न व्यावसायिक प्रतिष्ठानहरूलाई सहकारीकरण गर्न पाइने कानूनी प्रावधान भएमा वा ती संस्थाहरूको मातहतमा रहेका श्री सम्पत्तिहरू व्यवस्थापन गरी नगदमा रुपान्तरण गर्न लाग्न सक्ने समयको प्रावधान भएमा, घ) सहकारीको स्रोत दुरूपयोग गरी आफ्नो र आफ्नो परिवारको नाममा अर्बौंको सम्पत्ति राखी हाल षड्यन्त्रपूर्वक फरार रहेका संस्थाका संस्थापक अध्यक्ष भरत महर्जन र निजका परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्ति संस्था मातहतमा ल्याउने व्यवस्था वा जफत गरी नगदमा रुपान्तरण गर्ने प्रावधान, ङ) संस्थाले बचतकर्ताको रकम फिर्ता गर्न नसक्दा बचतकर्ताको विभिन्न उजुरबाजुरको आधारमा प्रहरी अनुसन्धानमा दैनिक घण्टौं बिताउनु पर्ने, संस्थाका सञ्चालकहरूको बाध्यता रहेको छ। त्यस्तै प्रावधान अनुरूप संस्थाका ऋण नतिर्ने ऋणीहरू र नेतृत्वलाई असर गर्ने कर्मचारीहरूलाई समेत सञ्चालक समितिको उजुरीको आधारमा प्रहरीले चासो दिई ऋण असुलीमा आवश्यक सहयोगमा ध्यान दिन जरुरी छ।

सवाल १७ तपाई अध्यक्ष रहेको सहकारी संस्थाको आर्थिक वर्ष २०६६।०६७ मा भएको स्थलगत निरीक्षण अनुसार अध्यक्ष तथा सञ्चालकहरूले विना उद्देश्य समय समेत नतोकी पेश्की लिएको, अध्यक्षले मात्र कूल पुँजीको २० प्रतिशत भन्दा बढी शेयर लिएको, अध्यक्षको एकल स्वामित्वको सुमेरू एण्ड इन्भेष्टमेन्टको वासलातमा रहेको ३४ लाख रकमलाई सहकारीको लगानीका रूपमा र सुमेरू इनभेष्टमेन्ट एण्ड रेमिटेन्सको बैङ्क ब्यालेन्सलाई सम्पत्तिका रूपमा वासलातमा खुलाएको देखिन्छ, आर्थिक अपचलनको सुरूआत त त्यतिबेलैबाट भएको रहेछ नी, होइन?

जवाफ १७ हुन सक्छ। तर आर्थिक वर्ष २०६६।०६७ पश्चात अनुगमनको प्राप्त सुझावहरूलाई करेक्सन गर्दिदै लगिएको थियो। संस्थापक अध्यक्ष भरत महर्जनको कार्यकालमा निज आबद्ध व्यावसायिक प्रतिष्ठानहरूमा संस्थाको रकम लगानी भएको देखिन्छ।

सवाल १८ सोही निरीक्षणले एकै परिवारका सदस्यहरू सञ्चालक समितिमा रहन नपाउने प्रबन्ध विपरीत अध्यक्ष भरत महर्जनकी श्रीमती राममाया महर्जन सञ्चालक रहेको भनी कैफीयत जनाएको देखिन्छ, किन सुधार गर्नु भएन?

जवाफ १८ कैफियत जनाएको ठिंक हो। त्यसपश्चात संस्थापक अध्यक्ष भरत महर्जनको श्रीमती राजमाया महर्जनलाई सञ्चालक समितिबाट हटाई निजले आफ्ना भान्जाहरूलाई सञ्चालक समितिमा ल्याएको देखिन्छ।

सवाल १९ कालिमाटीमा कार्यालय रही सञ्चालन भएको सुमेरू बचत तथा ऋण सहकारी संस्था लि.को कार्यक्षेत्र सुमेरू हाउजिङ्ग डेभलपर्स प्रा.लि.सँग आबद्ध सदस्यहरु भनिएको छ, त्यसबाहेकका व्यक्तिलाई के आधारमा शेयर सदस्यता प्रदान गर्नु भयो?

जवाफ १९ मलाई पूर्ण आधिकारीक जानकारी भएन। तथापि संस्थाको सहकारीबाट भौगोलिक सहकारीमा निश्चित कार्यक्षेत्र बनाई बीचमा कार्यक्षेत्र परिवर्तन भएको हुन सक्छ।

सवाल २० आ.व. २०७८/७९ र आ.व. २०७९/८० को लेखापरीक्षक को-कुन व्यक्ति वा संस्थाबाट गराउनुभएको थियो? प्रतिवेदनमा उल्लेख भएको तथ्यहरू सत्य हुन् त? खुलाइदिनुहोस्।

जवाफ २० विविध कारणले यी २ वर्षका लेखापरीक्षकहरू, २ जना सि.ए.ले गर्नुभएको थियो जसमध्ये तथ्याङ्कहरू एउटै भए पनि सि.ए.को हस्ताक्षरमा विवाद देखियो र १ जनाले हस्ताक्षर गर्नुभयो र अर्कोले हस्ताक्षर गर्नु भएन। कर्मचारीले विवरण दिएको आधारमा अडिट भएको जहासम्म तथ्याङ्कहरू सत्य नै हुनुपर्छ।

सवाल २१ संस्थाका प्रायः ऋण किर्ते प्रकृतिको देखिएपछि कर्जा नोक्सानी व्यवस्था पर्याप्त मात्रमा किन लेखांकन नगरिएको?

जवाफ २१ संस्थामा किर्ते ऋण लगानी गरिएको थिएन र छैन। लेखापरीक्षणले लेखाङ्कन गर्नुपर्ने विषय भएकोले यस विषयमा मलाई विस्तृत रूपमा जानकारी भएन।

सवाल २२ ४२ करोड ७५ लाख बराबरको रकम नाम नखुलाई अन्य शिर्षकमा भुक्तानी दिनु पर्ने भनी लेखांकन गर्नु भएको छ, त्यति ठूलो रकम कसलाई भुक्तानी गर्नु पर्ने हो?

जवाफ २२ यससँग सम्बद्ध प्रमाण हालसँग भएन। समितिलाई पछि उपलब्ध गराउँछु।

सवाल २३ साधारण जगेडा कोषको रकम के-केमा खर्च गर्न पाइन्छ? आ.व. २०७९/८० को नोक्सानी जगेडा कोषमा मिलान गर्न मिल्छ?

जवाफ २३ यससँग सम्बद्ध प्रमाण हालसँग भएन। समितिलाई पछि उपलब्ध गराउँछु।

सवाल २४ वित्तीय विवरणमा जग्गाको मूल्य NFRS बमोजिम ९ करोड ९ लाख १८ हजार उल्लेख छ जुन Fair value (बजार मूल्य हुनु पर्ने) हो तर पुँजी व्यवस्थापन गर्दा उक्त जग्गा ३० करोडमा बिक्री गर्ने भनिएको छ, यो कसरी सम्भव हुन्छ?

जवाफ २४ यससँग सम्बद्ध प्रमाण हालसँग भएन। समितिलाई पछि उपलब्ध गराउँछु।

सवाल २५ २०७९ फागुन २० गते सहज रूपमा बचत फिर्ता गर्ने प्रयोजनका लागि विशेष साधारण सभा गर्नु भएको थियो त्यसको उपलब्धि के-के भयो त?

जवाफ २५ त्यसबीचमा श्वेतपत्र जारी गर्ने, कार्ययोजना सार्वजानिक गर्ने, ऋणी र बचतकर्ताबीच समन्वय गराई बचतकर्ताको ऋण रकम असुली गर्ने, ऋणीको धितो बचतकर्तालाई दिई बचत सुरक्षित गर्ने लगायत बचतकर्ता समिति गठन सञ्चालक समितिबीच सौहार्दपूर्ण सहकार्य र बचतकर्ता समिति सहितको प्रावधानमा बचतकर्ताहरूको रकम बराबरको जग्गा दिई बचत घटाउने सम्मको कार्य भएको थियो। समग्र उपलब्धिको रूपमा हेर्नुपर्दा करिब ४ अर्ब बचत घटाउन सफल भएका थियौ। सहकारी समस्यामा परिसकेपछि अध्यक्ष कृष्ण कंडेल, देउराली बचत तथा ऋण सहकारीका अध्यक्ष रविन्द्र चौलागाई, राष्ट्रिय बाणिज्य बैंकका अध्यक्ष बलराम पाठक

र गणेश लामा लगायतले संस्था चलाउँछौ भनि आउनु भएको थियो तर उहाँहरुले दायित्व बहन गर्नु भएन।

सवाल २६ २०८१ असार ३ गते गरेको संस्थाको २३ औ वार्षिक साधारण सभा कानूनसम्मत छ वा छैन?

जवाफ२६ सम्वन्धित निकायहरूसँग औपचारिक-अनौपचारिक छलफल गरेर, सार्वजानिक सूचना प्रकाशन गरेर, साधारण सभा सम्पन्न गरेका हौ र साधारण सभाका विवरणहरू सम्वन्धित निकायहरूमा बुझाएका छौ।

सवाल २७ संस्थाले गरेको निम्न सम्झौताको औचित्यता के हो? उक्त सम्झौता कानूनसम्मत छ?

- डा. मिरा थापा र डा. रश्मि श्रीष; निक्षेपसँग सिटी अस्पतालको शेयर खरिद बिक्री,
- सुमन महर्जन र रोमिन महर्जनसँग गरिएको दमौली जग्गाको सम्झौता,
- पनौती हाउजिंगसँगको सम्झौता,
- घोडापालेको स्थानको जग्गाको सम्झौता,
- धापाखेलको जग्गाको सम्झौता।

जवाफ २७ यो सबै बचतकर्ताहरूको बचतलाई सुरक्षित गर्ने उद्देश्यले गरिएका हुन्। कतिपय बचतकर्ताहरूलाई नगद हातमा दिन नसकेको अवस्थामा जग्गा जमिन, वा संस्थाको लगानी भएको कम्पनीहरूको शेयर दिएर भए पनि बचत व्यवस्थापन वा सुरक्षित गर्ने उद्देश्यले उल्लिखित व्यक्तिहरूसँग सम्झौता गरिएको हो। दुवै पक्षले तथा संस्थामा आएका नयाँ नेतृत्व समेतले पालना गर्दै बचतकर्ताहरूको बचत सुरक्षित व्यवस्थापन गर्ने, संस्थाको शाख जोगाउने र संस्थालाई भविष्यसम्म गतिशीलता दिन आवश्यक रणनितिहरू अवलम्वन गर्न आवश्यक छ।

सवाल २८ श्वेतपत्रमा पेस गरिएको कार्ययोजनाको पहिलो त्रैमासिकमा संस्थाको जग्गा बिक्री गर्ने, दोश्रो र तेश्रोमा घोडापालेको जग्गा बिक्री गर्ने, अस्पतालको शेयर बेच्ने, चौथो त्रैमासिकमा सुमेरु मार्ट लगायतका जग्गाहरू सबै बेचेपछि संस्थाको निरन्तरता कसरी हुन्छ?

जवाफ २८ उल्लेखित जग्गा जमिनहरूलाई बिक्री गर्नु भन्नाले अचललाई चलमा रुपान्तरण गर्न खोजिएको हो वा नगद व्यवस्थापन गर्न खोजिएको हो। यसरी नगद व्यवस्थापन भए पश्चात बचत फिर्ता गर्न सहजता हुने तरलता अभावलाई केही हदसम्म सम्बोधन गर्न सकिने तथा सङ्कटको यस क्षणमा बचतकर्ताहरूको बचत फिर्ता गर्न विश्वसनीय वातावरण बनाउनको लागि संस्थाको समेत लगानी भएका विभिन्न व्यावसायिक प्रतिष्ठानको नाममा रहेका उल्लिखित जग्गाहरू बिक्री



वितरण गर्न खोजिएको हो। तर कार्ययोजनामा भनेको जस्तो हालसम्म बिक्री वितरण भएको छैन।

सवाल २९ संस्थाको संस्थापक अध्यक्ष भरत महर्जन र निजको स्वामित्वमा रहेको जग्गा जमिन बिक्रि गरी झन्डै २ अर्ब उपार्जन जर्ने भनिएको छ, उक्त सम्पति धितो बिक्रीबाट हो कि अन्य कुनै तरिकाले उपार्जन गर्नुहुन्छ?

जवाफ २९ निजले आफ्नो २० औं वर्षसम्मको कार्यकालभित्र आफ्नो र परिवारको नाममा संस्थाको अर्बौं रकम दुरूपयोग गरी सम्पत्ति खरिद गर्नुभएको छ। विगतमा सहकारी संस्थाहरूलाई सहज भएको अवस्थामा बेलायत पलायन हुनुको प्रारम्भिक चरणमा यी सबै सम्पत्तिहरूको स्रोत सहकारी नै हुन् र संस्था बचाउनतर्फ लाग्नुस म मेरो पुर्खौली सम्पत्ति बाहेक सबै सम्पत्तिहरू जग्गा जमिनहरू सहकारीको बचत फिर्ता गर्नुपरेमा म पनि राजी छु भनी सोही संस्थाका संस्थापक अध्यक्ष समेतले आश्वासन दिने प्रतिबद्धता व्यक्त गर्नु भएको हुँदा सो सम्पत्ति बिक्री वितरण गरी बचत व्यवस्थापन गर्नु पर्छ भन्ने हाम्रो मान्यता हो।

सवाल ३० श्वेतपत्रमा बैङ्क कर्जा समेत गरी दायित्व १ अर्ब ३५ करोड भुक्तानी गर्नु पर्ने भनिएको छ तर आ.व. २०७९/८० को वित्तीय विवरणमा उक्त रकम किन उल्लेख गरिएन?

जवाफ ३० संस्थाको समेत लगानी रहेको विभिन्न व्यावसायिक प्रतिष्ठानहरूको श्री सम्पत्ति बिक्री वितरण गर्दा दशौं अर्ब आउने देखिन्छ। सोही व्यावसायिक प्रतिष्ठानहरूको नाममा करिब १ अर्ब ३५ करोड कर्जा पनि देखिन्छ। अरु सबै सहकारी संस्थाको लगानी हो।

सवाल ३१ संस्था वा सञ्चालकहरूको नाममा रहेको सम्पत्ति बिक्री गर्ने भनी तोकिएको बजार मूल्य वा एकमुष्ट के आधारमा तय गरिएको हो? त्यसको औचित्य कसरी पुष्टि गर्नु हुन्छ?

जवाफ ३१ बचतकर्ता समिति, सञ्चालक समिति सुभेच्छुकहरू, सम्बन्धित स्थानका स्थानीय भद्र-भलादम्मीहरूसँग पर्याप्त छलफल र राय लिई मूल्य निर्धारण गरिएको हो र तोकिएको मूल्य अनुसार नै सम्बन्धित स्थान वरिपरीकै खरिद बिक्री गरिएको मूल्यलाई समेत आधार लिई तय गरिएको हो।

सवाल ३२ विभिन्न कम्पनीहरूको अचल सम्पति लगायत बिक्री गरी बचत फिर्ता गर्ने भनिएको छ तर सम्बन्धित कम्पनीको दायित्वको बारेमा यकिन नगर्दा उल्लिखित रकम कसरी प्राप्त गर्नु हुन्छ?

जवाफ ३२ श्वेतपत्रमा उल्लेख गरिएका श्री सम्पत्तिहरू सहकारी संस्थाको समेत लगानी भई स्थापित सुमेरु नाम गरेका विभिन्न व्यावसायिक प्रतिष्ठानहरू हुन्। जस्तै सुमेरु सिटी अस्पताल, सुमेरु मार्ट, सुमेरु हाउजिङ, सुमेरु मेडिकल कलेज, सुमेरु बृद्धाश्रम, सुमेरु एग्रो फार्म, एसियन कलेज, शंकरापुर एकेडेमी लगायतका नाममा छन्। अघिल्लो प्रश्नमा सोधिएका जस्तै यी सबै व्यावसायिक प्रतिष्ठानहरूको नाममा प्रत्यक्ष देखिने कूल दायित्व अन्दाजी १ अर्ब ३५ करोड हो। त्यसरी दायित्व घटाउदा समेत बाँकी हुने मुल्य बराबरको नगद रकमले बचतकर्ताको दायित्व फिर्ता गर्न पर्याप्त आधार देखिन्छ। तर यी सबै प्रतिष्ठानहरूका श्री सम्पत्तिहरूलाई बिक्री



वितरण गरी नगद व्यवस्थापन गर्न चाहिने व्यवहारिक कानूनी, सामाजिक सहयोगहरू जरूरी छ।

सवाल ३३ संस्थाको सिस्टममा बचतकर्ताको निक्षेप तथा मुद्दती रु. १० अर्ब ८२ करोड ८० लाख देखिएकोमा कालिमाटीको जम्मा रू. १ अर्ब ९७ करोड ८४ लाख देखिएको छ तर कालिमाटीको बचतमात्र देखिएको र ऋण किन नदेखिएको?

जवाफ ३३ संस्थाको बचत रकम नै १० अर्ब ८२ करोड ८० लाख होईन। अन्तर सेवा केन्द्र कारोबारहरू दोहोरिएर बचत बढेको देखिन्छ। त्यसलाई पुन र गम्भीरतापूर्वक बचत रकम एकिन गर्न जरुरी छ। जहासम्म मेरो बुझाईमा सुमेरु सहकारी पुलचोक, धापाखेल, गठ्घर गरेर अन्दाजी करिब ७/८ अर्ब भन्दा बढी बचत रकम रहेको छैन। जहा सम्म सुमेरु कालिमाटी सहकारीको सवाल छ यो आफैमा स्वायत्त छुट्टै निकायमा दर्ता भई स्थापित स्वतन्त्र संस्था हो। यस संस्थाका अध्यक्ष हाम्रो संस्थाका संस्थापक अध्यक्ष भरत महर्जनको श्रीमती राजमाया महर्जन र निजका छोरा सचिन महर्जन र निजका भान्जा बिकास महर्जनले आलोपालो नेतृत्व प्रदान गरी सञ्चालल गरिरहेका छन्। पुलचोकको सुमेरु र कालिमाटीको सहकारीबीच अन्तरसहकारी कारोबार बाहेक अन्य कुनै समन्वयता र संलग्नता र कानूनी आबद्धता छैन। जहासम्म १ अर्ब ९७ करोड ८४ लाख देखिएको छ त्यो रकम बदनियतपूर्वक संस्थापक अध्यक्ष भरत महर्जनले आफू बेलायत फरार हुनु भन्दा अगाडि २०७९ पौष १४ देखि १९ गते भित्रको मितिमा सफ्टवेयर कम्पनीका प्रतिनिधि तत्कालिन सि.ए. र निजका नातामा आफ्नै भान्जा पर्ने केन्द्रीय कार्यालयका लेखापाल समेतको मिलेमतोमा ४७ करोड / पुन ४७ करोड र पुन ४७ करोड गरी ३ कोलम गरी जम्मा अन्दाजी १ अर्ब ४२ करोड जति तथ्यहिन रकम खातामा प्रविष्ट गरेका हुन्। यस खातालाई थप अनुसन्धान गर्न जरुरी छ। सो रकमको भौचर लगायत अन्य प्रमाण देखिने कागजात भेटिदैन, केही रकम कालिमाटी सहकारीलाई फिर्ता गर्नु पर्ने भएता पनि उल्लिखित रकममा पूर्णतया सत्यता छैन।

सवाल ३४ संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सोमा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्य कसरी पुष्टी गर्नुहुन्छ?

जवाफ३४ संस्थाले तयार पारेको KYM फारममा बचतकर्ताहरूले स्वयम् घोषणा गरेको स्रोत बाहेक अन्य स्रोतको जानकारी हामीसँग छैन तर विगतका वर्षहरूमा नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण अन्तर्गतका शाखामा १० लाख भन्दा माथिको कारोबार गर्ने बचतकर्ताहरूको विवरण मासिक, त्रैमासिक र वार्षिक रूपमा पठाउने गरिएको व्यहोरा जानकारीमा छ।

सवाल ३५ संस्थाले बचतको तथ्याङ्क मिति २०७९/११/२६ सम्मको मात्र किन दिएको?

जवाफ ३५ संस्थामा तरलता अभाव तथा अन्य कारणले समस्या आएपश्चात नयाँ बचतकर्ताहरू थपिएका छैनन्। पछिल्लो समय २०८१ असार ३१ सम्मको तथ्याङ्क समेत पेस गरिएको छ।

सवाल ३६ सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ७२% जति ऋण ठूला ऋणीहरूलाई दिएको छ, यो कानूनसम्मत छ त?

जवाफ ३६ यसमा कमी कमजोरी भएकै छ। त्यसलाई सहकारी ऐन अनुसार मिल्ने गरी निश्चित सिमाभित्र राख्न असुली कार्य प्रारम्भ भएको छ।

सवाल ३७ सुमेरु सामुदायिक अस्पताल, सुमेरु सिटी हस्पिटल प्रा.लि. र एसियन कलेजमा प्रवाह गरिएको ऋण कानूनसम्मत छ? सिस्टममा किन ब्याजमात्र देखिरहेको छ?

जवाफ ३७ कानूनसम्मत छैन। संस्थाका संस्थापक अध्यक्षले आफूखुसी तत्कालीन अवस्थामा लगानी गर्नु भएको हो। हाल आएर निजको कार्यकाल पश्चातका समितिले उक्त लगानी भएका रकम असुल उपर गर्नुपर्छ र आवश्यक परेमा ती उल्लिखित व्यावसायिक प्रतिष्ठानहरूलाई बिक्री वितरण गरी नगद व्यवस्थापन गर्दै बचतकर्ताको रकम फिर्ता गर्ने अभियान सञ्चालन गर्न पछि पर्न नहुने धारणा समेत छ।

सवाल ३८ विशेष बज्राचार्यलाई १८ करोड ७२ लाख बराबरको ऋण प्रदान गर्नु कानून बमोजिम छ वा छैन? त्यसका लागि पर्याप्त धितो लिइएको छ कि छैन?

जवाफ ३८ कानूनसम्मत थिएन। तत्कालीन अवस्थामा संस्थाका संस्थापक अध्यक्ष लगायतको दवावका कारण फरक मतका बावजुत लगानी गरिएको हो। हाल आएर उक्त रकम असुल उपर भईसकेको छ।

सवाल ३९ ब्याज रकम पुँजीकृत गर्नु भएको छ कि छैन?

जवाफ ३९ ब्याज रकम पाँजीकृत गरिएको छैन।

सवाल ४० ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजको दर कति प्रतिशत लिनु भएको छ?

जवाफ४० ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजको दर १५ देखि १८ प्रतिशत कानूनसम्मत लिएको छ। लामो समयसम्म ऋण तिर्न अटेरी गर्नेको सम्बन्धमा झण्डै बराबर जस्तो देखिन्छ।

सवाल ४१ बचत र ऋणको ब्याजदरको अन्तर कति छ?

जवाफ ४१ बचत र ऋणको ब्याजदरको अन्तर ३ देखि ५ प्रतिशत सम्म छ।

सवाल ४२ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम सरकारलाई किन नतिरेको?

जवाफ ४२ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम सरकारलाई नियमित तिर्ने गरेको छ। समयमा नै कर चुक्ता प्रमाणपत्र समेत लिने गरेको थियो र छ। पछिल्लो समय संस्थामा समस्या आएपश्चात तरलता अभाव कर्मचारी अभावको कारण तलब वितरण

गर्न, ब्याज कर रकम सम्बन्धित निकायहरूमा दाखिला लगायत अन्य खर्चहरू समेत बाँकी रहेको थियो।

सवाल ४३ तपाईं समेतले मिति २०८१ जेष्ठ १७ गते सुमेरू बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको जिम्मेवारी लिने-दिने भनी सहमति गर्नु भएको रहेछ, स्वनियमनमा सञ्चालन हुने सहकारी संस्थाको निजी कम्पनी सरह स्वामित्व र दायित्व हस्तान्तरण गरीलिन किन मिल्छ ? के यो सहकारीको मूल्य मान्यता अनुरूप हुन्छ?

जवाफ ४३ कुनै समयमा सहकारीसँग प्रशस्त मात्रामा रकम रहेको थियो। तत्कालीन अवस्थामा सहकारीहरुले विभिन्न कम्पनीहरुमा लगानी गर्ने गरेको र सुमेरु सहकारीले पनि अस्पताल, कलेज आदिमा लगानी गरिएको थियो। हाल सहकारीमा समस्या भएको र बचतकर्ताको बचत रकम फिर्ता हुन नसकीरहेको हुनाले मिति २०८१ जेष्ठ १७ गते सुमेरू बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको जिम्मेवारी लिने भनी सहमति गर्नु हाम्रो वाध्यता थियो। यस सहकारीका संस्थापक अध्यक्षले सुमेरु सहकारीको रकम हिनामिना गरी बेलायतमा समेत आफु र श्रीमतीको लागि एउटा र छोरी ज्वाईको लागि एउटा गरी २ वटा घर किनेको भनी सुन्नमा आएको छ। पछिल्लो समय सहकारीमा आएको समस्या समाधान गर्ने कार्य अनिवार्य भएकोले यो कार्य गरिएको हो। कानून बमोजिम भन्दा पनि परिस्थितिजन्य कारणले यो सहमति गरिएको हो।

सवाल ४४ तपाईको थप भन्नु केही छ?

जवाफ ४४ बिगत २३ वर्षदेखि संस्था सञ्चालनको दौरानमा कतिपय निर्णयहरू प्रशंसनीय भए होलान्, कतिपय निर्णयहरू आलोचनात्मक पनि भए होलान् अर्थात् कतिपय कानूनसम्मत् भए होलान् कतिपय कानून प्रावधान विपरीत पनि भए होलान तर हालसम्म आएर संस्था र बचतकर्ताहरूको भविष्यको सम्बन्धमा निष्कर्ष निकाल्ने गरी समीक्षा गर्ने हो भने संस्थामा प्रवाह भएका कर्जाहरू र विभिन्न कालखण्डमा लगानी गरी स्थापित संस्था मातहतका व्यावसायिक प्रतिष्ठानहरूको श्री सम्पत्ति लगायतलाई व्यवस्थापन गर्न सबै सञ्चालकको सहमति भएको अवस्थामा फरार संस्थाका संस्थापक अध्यक्षलाई कानूनी दायरामा ल्याई बिक्री वितरण गर्न अवसर दिने र शेयर दाखिला गर्न लगाई बचत घटाउन अवसर दिने वा सोही प्रतिष्ठानका जग्गा जमिनहरूलाई बचतसँग विनिमय गर्ने अवसर दिएमा वा सबै प्रतिष्ठानका जायजेथाहरू बिक्री गर्न मिल्ने, सहकारीकरण गर्न मिल्ने गरी संस्थामा फिर्ता ल्याउन सक्ने अवस्था भएमा संस्थामा अझै पनि दायित्व भन्दा सम्पत्तिको मात्रा बढी देखिन्छ। त्यसैले सम्बन्धित सबै पक्षबाट धैर्यता, त्याग, परिश्रम र आवश्यक सहयोग भएमा र वर्तमान, निवर्तमान, पूर्व, सबै सञ्चालकहरूले उच्चतम् न्यायको संस्कार देखाई कार्य गरेमा सुमेरु सहकारीका कोही पनि बचतकर्ताहरूको बिल्लीबाठ हुने अवस्था देखिदैन। यसको लागि राज्यले कानूनी, व्यावहारिक, नीतिगत, सहयोगको भूमिका निर्वाह गरिदिन हुन आवश्यक छ। साथै संस्थापक अध्यक्ष भरत महर्जन बेलायतमा भएकै

अवस्थामा आफ्नो नाममा रहेको सुमेरु बृद्दाश्रम वारेस मार्फत आफ्नो ज्वाई निमित्त राज श्रेष्ठको नाममा नामसारी गर्नुभएको बुझिएको छ तसर्थ निजको सम्पूर्ण सम्पत्ति रोक्का गरिदिनहुन समेत अनुरोध गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ११ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः हेमराज दाहाल
पदः पूर्वअध्यक्ष
संस्थाः सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.
पुल्चोक, ललितपुर ।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २७ गते आइतबार
समयः अपराह्न ०५:५० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा; सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोक, ललितपुरका शेयर सदस्य श्री राजबहादुर सिंहसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम राजबहादुर सिंह, बाजे बखतबहादुर सिंह, बुबा नवराज बहादुर सिंह, आमा उषा सिंह, श्रीमती प्रेरणा राज्यालक्ष्मी देवी सिंह, छोरा पार्थव बहादुर सिंह हो। मेरो स्थायी ठेगाना जिल्ला बाजुरा, साविक काँडादह गा.वि.स हाल परिवर्तित खप्तड छेडेदह गाउँपालिका वडा नं. ०९ हो। हाल सपरिवार काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३ छाउनीमा बस्छौं।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेको र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म जिल्ला ललितपुर, पुल्चोकमा मुख्य कार्यालय भएको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. मा शेयर सदस्यको रूपमा आबद्ध छु। अन्य सहकारीमा आवद्ध छैन।

सवाल ४ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ ४ सहकारीमा यस पुर्व नै आबद्ध रहेका बिरेन्द्र महर्जनले मलाई सहकारीको बारेमा जानकारी दिनु भयो। त्यसपछि यस सहकारीको बित्तीय विवरण हेरेपछि बचतकर्ताको बचत रकम फिर्ता गरी सहकारी सञ्चालन गर्न सक्ने मलाइ लाग्यो। निजले मलाई साधारण शयेरबाट सुरुवात गर्न भन्नु भयो र मैले सोही अनुसार गरे। यस सहकारीको सम्पत्तिको बारे भन्नु पर्दा सहकारीको ब्यालेन्स सिटमा सम्पत्ति र दायित्व मिसिलेकोले सहकारीको यस अघि कायम रहेका सञ्चालक समितिलाई

जानकारी गरी विस्तृत कुरा नबुझेसम्म म शेयर होल्डर मै बस्ने निर्णय गरेको हुँ।

सवाल ५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ५ पछिल्लो साधारण सभापछि सहकारी समस्थालाई कालोसूचीमा राखी खाता रोक्का भएका छ। खाता सञ्चालन गर्न दिईयो र भरत महर्जनले सहकारीको बचत रकमबाट आर्जन गर्नु भएको सम्पत्ति फिर्ता दिनुभयो भने सहकारीको समस्या छिटो समाधान गर्न सकिन्छ।

सवाल ६ तपाई समेतले मिति २०८१ जेष्ठ १७ गते सुमेरू बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको जिम्मेवारी लिने भनी सहमति गर्नु भएको रहेछ, स्वनियमनमा सञ्चालन हुने सहकारी संस्थाको निजी कम्पनी सरह स्वामित्व र दायित्व लिन मिल्छ ? के यो सहकारिको मूल्य मान्यता अनुरूप हुन्छ ?

जवाफ ६ मिल्ने/ नमिल्ने भन्ने ठूलो प्रश्न छ। यसअघि नै सहकारीमा बचत भएको रकमले विभिन्न कम्पनीहरू सञ्चालनमा रहेका छन। बचतकर्ताको रकम फिर्ता दिनुलाई मुख्य उद्देश्य राखेर यो सहमती गरिएको हो।

सवाल ७ हाल सञ्चालनमा समस्या देखा परीसकेको सहकारी संस्था पुनःसञ्चालन गर्न सक्ने आधार र स्रोत के हो ? भोली पुनः समस्यामा पर्ने र बचतकर्ताको बचतको सुरक्षा नहुने अवस्था रहला की ?

जवाफ ७ यस्तो अवस्था रहदैन। सकारात्मक नै रहन्छ किनभने यस सहकारीको देखाइएको सम्पत्तिको मुल्याङ्कन ले बचतकर्ताको रकम फिर्ता दिन सकिन्छ। सहकारीको सम्पत्ति बेचेर बचतकर्ताको रकम फिर्ता दिने भन्दा पनि हालका लागि आवश्यक परे मेरो निजी सम्पत्तिद्वारा बचतकर्ताको आंशिक रकम सेटल गर्ने र बचत कर्ताको विश्वास जिती क्रमिक रूपमा सहकारीलाई नियमित रूपमा सञ्चाल गर्ने योजना छ।

सवाल ८ तपाइले सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा र व्यवस्थापन हुन्छ भन्नुभयो, कुनै कारणवश भविषयमा समस्या समाधान हुन सकेन भने त्यो अब आउने नेतृत्वको कमजोरी हुन्छ वा पूर्वसञ्चालकको जिम्मेवारी ?

जवाफ ८ सहमती पत्रमा हस्ताक्षेर गर्ने सबैजनाको जिम्मेवारी हुन्छ।

सवाफ ९ सुमेरु बचत तथा ऋण सहकरी संस्थाका संस्थापक अध्यक्ष एवं यसका मुख्य सञ्चालक भरत महर्जन विरुद्ध इन्टरपोलबाट रेड कर्नर नोटिस जारी भएको अवस्था छ। सहकारी संस्थाका धेरै सम्पत्ती उहाँकै नाममा रहेको भन्ने बुझिन्छ। निजको निजी सम्पत्तीलाई सहकारीमा ल्याउने सम्बन्धमा कुनै सञ्चार सम्पर्क भएको छ वा के-कस्तो योजना छ?





जवाफ ९ यस विषयमा मेरो कसैसँग सम्पर्क भएको छैन। बिरेन्द्र महर्जले कुराकानी गरेको छु भन्नु भएको थियो, मलाई जानकारी भएन।

सवाल १० तपाई समेतले व्यवस्थापन लिने गरी सहमति गर्नुभएको सुमेरू बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १० सबै भन्दा पहिला आफ्नै निजी सम्पत्ती राखी सुरुवात गर्ने सोचेको छु, सरकारबाट कालोसूचीमा राखेको हटाउने र समस्या समाधानका लागी कनूनी कारबाही केही समय स्थगित गरी समय व्यवस्थापान गरीदिए सहज हुन्छ।

सवाल ११ तपाईको थप भन्नु केही छ?

जवाफ ११ मेरो भन्न बाँकी केही छैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ३ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखत:

नाम: राजबहादुर सिंह

पद: शेयर सदस्य

संस्था: सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.
पुल्चोक, ललितपुर।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मिति: २०८१ साउन २८ गते सोमबार

समय: अपराह्न १२:५० बजे।

स्थान: संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि.का निलम्बित अध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय डिल्लीबजारमा रहनुभएका श्री हिमालयविक्रम मल्ल ठकुरीसँग भएको सोधपुछः

सवाल १	आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।
जवाफ १	मेरो नाम हिमालयविक्रम मल्ल ठकुरी, बाजेको नाम हरिबहादुर मल्ल ठकुरी, बुबाको नाम पदमबहादुर मल्ल ठकुरी र आमाको नाम मायाकुमारी मल्ल ठकुरी हो। मेरो परिवारमा म, मेरो छोरा हिमांशु विक्रम मल्ल ठकुरी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ पेप्सीकोलामा बस्छौं। श्रीमती सबिना मल्ल संग डेढ वर्ष अगाडि डिभोर्स भएको हो मेरो नागरिकता नं. ४६/९०५, कपिलवस्तु। मोबाईल नं. ९८५१०३१००२ हो। म हाल सहकारी ठगी मुद्दामा मिति२०८०।११।१ गते पक्राउ परी अनुसन्धान पश्चा काठमाडौं जिल्ला अदालतको मिति २०८०।११।३० गतेको आदेशले पुर्पक्षका लागि कारागार कार्यालय डिल्लीबजारमा छु ।उक्त मुद्दामा सचिव जोगलाल लामा, कोषाध्यक्ष तथा प्रबन्धक सञ्चालक प्रेमध्वज लामा, सञ्चालकहरु देवराज पराजुली, नारायण प्रसाद रिमाल, सानु कान्छा लामा, ईन्दु थापा, लेखा समितिका संयोजक कञ्चन लामा तामाङ र सदस्यहरु उद्धव प्रसाद पाण्डे र अम्बिका थपलीया समेत ९ जना फरार रहेका छन्।
सवाल २	तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?
जवाफ २	मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ सोधिएका प्रश्नहरूको जवाफ दिन सक्छु।
सवाल ३	तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३	म आबद्ध रहेको कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोआपरेटिभ संस्था लि. मात्र हो। यो संस्था लि. जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ३१ मिनभवनमा रहेको छ।
सवाल ४	सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?
जवाफ ४	सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सञ्चालन गरेका थियौं।
सवाल ५	सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?
जवाफ ५	सहकारी संस्था सञ्चालन बाहेक अन्य व्यवसाय छ। कान्तिपुर एकेडेमी अफ हेल्थ साईन्स, पेन्टागन कलेजमा आबद्ध छु । नवज्योति बोर्डिङ स्कूलमा आबद्ध थिए ।
सवाल ६	तपाईं अध्यक्ष रहेको कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोआपरेटिभ संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?
जवाफ ६	कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोआपरेटिभ संस्था लि.को अध्यक्षमा म, सचिव जोगलाल लामा, कोषाध्यक्ष तथा प्रबन्धक सञ्चालक प्रेमध्वज लामा, सञ्चालकहरु देवराज पराजुली, नारायण प्रसाद रिमाल, सानु कान्छा लामा, ईन्दु थापा रहेको जानकारी गराउन चाहन्छु।
सवाल ७	हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?
जवाफ ७	कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोआपरेटिभ संस्था लि. हाल सञ्चालनमा छैन। समस्याग्रस्त घोषणा भएको छ। समस्या पर्नुको कारण आर्थिक मन्दी हो। कोभिड १९ को प्रभाव र अन्तराष्ट्रिय द्वन्द्वको विश्वव्यापी मन्दीले नेपालमा पनि असर पर्नु, कर्जा असुली नहुनु, लगानी समयमा नउठ्नु, बचतकर्ताहरूले एकै साथ रकम फिर्ता माग्नु लगायतको कारण समस्या आएको हो।
सवाल ८	सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?
जवाफ ८	सञ्चालक समितिका सदस्यमध्ये परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।
सवाल ९	अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन? खुलाइदिनुहोस्।
जवाफ ९	अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध संस्थामा हाल सहकारीको सञ्चालक समितिमा छैनन् तर यस भन्दा अगाडि पशुपति सेभिङ एण्ड क्रेडिट कोआपरेटिभ संस्थाको अध्यक्ष सि.बि. लामा भन्ने चन्द्र बहादुर तामाङ कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोआपरेटिभ संस्थाको सञ्चालक समितिको पनि अध्यक्ष हुनुहुन्थ्यो।

सवाल १०	सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?
जवाफ १०	सञ्चालकहरू कर्मचारी छन्। प्रबन्ध सञ्चालक प्रेमध्वज लामा कोषाध्यक्ष पनि हेर्ने व्यवस्थापक वा कर्मचारी छनौट गर्दा कर्मचारी संस्थाको विनियमावली अनुसार नै छनोट गर्ने गरेका थियौं।
सवाल ११	सहकारी संस्थाका सदस्य बाहेकका व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?
जवाफ ११	सहकारी संस्थाका सदस्य बाहेकका व्यक्तिको बचत तथा ऋण प्रवाह गर्ने गरिएको छैन। शेयर सदस्य बनाएर मात्र बचत जम्मा र ऋण प्रवाह गर्ने गरिएको थियो।
सवाल १२	शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?
जवाफ १२	शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो। अरुलाई जोसुकैलाई बनाइएको थिएन।
सवाल १३	सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।
जवाफ १३	सहकारी संस्थाको सम्पत्ति जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ३२ सुविधानगर तिनकुनेमा कान्तिपुर अस्पताल रहेको जग्गा तथा भवन, जिल्ला काभ्रेपलाञ्चोक पनौतीमा करीब ३५ देखि ४० रोपनी जग्गा, धुलिखेल न.पा. रविओपीमा करीब ६० रोपनी जग्गा, बनेपा बजारमा ७ आना जग्गा, ललितपुर म.न.पा. कुपण्डोलमा ५ आना जग्गामा बनेको ६ तले भवन र जिल्ला मोरङको कानेपोखरी स्थित ४२ कट्ठा जग्गा रहेकोछ। अन्य ठाँउमा रहेको विवरण अहिले याद भएन । यसको सम्पूर्ण विवरण सहकारी विभागमा पेस गरेका हौं। त्यहाँबाट प्राप्त गर्न सकिने छ।
सवाल १४	अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।
जवाफ १४	अन्तरसहकारी कारोबार गरेको छैन।
सवाल १५	कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को २०६६ माघमा भएको स्थलगत निरीक्षणमा घण्टाघर शाखाबाट अमेरिकाको नेपालस्थित कुटनीतिक नियोगको नाममा एक करोड खर्च भएको देखाइएको रहेछ ? त्यो के-कस्तो खर्च थियो ? सहकारीको मूल्य र मान्यताले त्यस्तो खर्च गर्न मिल्छ ?

जवाफ १५	अमेरिकाको नेपालस्थित कुटनीतिक नियोगको नाममा एक करोड खर्च भएको म अध्यक्ष भएको बेला होइन यसबारे मलाई एकिन जानकारी भएन।
सवाल १६	सोही समयमा बचतकर्ताको बचत रकमबाट अस्पत्ताल, फाइनान्स कम्पनी र विकास बैङ्कहरूमा लगानी गरेको देखिन्छ। चन्द्रबहादुर तामाङ्गलाई ३४ लाख र विभिन्न व्यक्ति तथा संस्थालाई पाँच करोड ९१ लाख पेश्की दिएको देखिन्छ, आर्थिक अपचलनको सुरूआत त्यतिबेलै भएको रहेछ भनेर बुझ्दा हुन्छ ?
जवाफ १६	त्यतिबेलाको कानूनी प्रक्रिया बमोजिम नै कान्तिपुर अस्पतालमा लगानी गरिएको हो। म २०७६ साल पौष २७ मां मात्र अध्यक्ष भएको हुँदा विस्तृतमा जानकारी भएन।
सवाल १७	संस्थाको सिस्टममा बचतकर्ताको निक्षेप तथा मुद्दती रु. ७ अर्ब ९७ कारोड ७५ हजार देखिएतापनि समस्याग्रस्त समितिमा बचतकर्ताद्वारा मागदाबी रु. ६ अर्ब ७८ करोड ५१ लाख मात्र माग गरिएकोले देखिन्छ रु. १ अर्ब १९ लाख २४ हजार के कति कारणले फरक देखिएको हो ?
जवाफ १७	यस बारेमा कोषाध्यक्ष तथा प्रबन्ध सञ्चालकलाई थाहा होला। समस्याग्रस्तमा गइसकेपछि पनि केहि सेटल भएको छ तर त्यो सिस्टम अपडेट नभएको कारण यस्तो देखिएको हुन सक्छ।
सवाल १८	संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सो मा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्य कसरी पुष्टी गर्नुहुन्छ ?
जवाफ १८	संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गर्दा KYM फर्म भरी बचत संकलन गरेका थियौं। कतिपय सदस्यको स्रोत खुलाएको कागजात नेपाल राष्ट्र बैङ्क र सहकारी विभागलाई बुझाइएको छ। कतिपय बुझाउन बाँकी रहेको छ।
सवाल १९	सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ६६.२२% जति ऋण रकम ठूला ऋणीहरूलाई दिनु भएको छ, के यो कानूनसम्मत छ ?
जवाफ १९	कान्तिपुरका जम्मा शेयर सदस्य १४,००० छन्। साना ऋणी पनि छन्। धेरैजसो ठूला ऋणीहरूलाई ऋण लगानी गर्दा पर्याप्त धितो राखेर दिइएको छ। म अध्यक्ष भए लगत्तै कोभिड १९, आर्थिक मन्दीले गर्दा खासै कर्जा प्रवाह भएन।

सवाल २०	एकै ऋणी चन्द्रबहादुर तामाङलाई २७ वटा फाइल खडा गरी जम्मा ऋण रकमको ८% रु. ५४ करोड ७१ लाख बराबरको ऋण रकम के उद्देश्यले दिइएको हो ? अरु जुलि श्रेष्ठ, बहादुर तामाङ, दोङ् ईन्भेष्मेट लगायत ३८ जनाको नाममा ९१ करोड ऋण प्रवाह भएको देखिन्छ, यो के भएको हो? साथै सो ऋणको हाल अवस्था के कस्तो छ, ऋणीले साँवा र ब्याज समय समयमा तिरी रहेक छन् कि छैनन?
जवाफ २०	चन्द्रबहादुर तामाङको नामको ऋण निज स्वयं अध्यक्ष भएको बेलामा लिएको ऋण हो। म अध्यक्ष भएपश्चात ४ करोड बराबरको ऋण असुल भएको थियो। अन्य साँवा ब्याज असुल हुन बाँकी छ। जुलि श्रेष्ठको नामको ऋण निज चन्द्रबहादुर तामाङले नै चलाएको भनी हामी समक्ष स्वीकार गरेको हो। बहादुर तामाङ निजका दाजु हुन्, दोङ् ईन्भेष्मेट उनैको निजि कम्पनी हो। ति सबै ऋण म अध्यक्ष हुनु अगावै लगानी गरिएका ऋण हुन्। त्यस बाहेक पशुपती सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभमा गएको रकम समेत निज अध्यक्ष हुँदा नै लगानी गरिएको हो।
सवाल २१	ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्याप्त रूपमा लिनु भएको छ कि छैन ?
जवाफ २१	ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्याप्त रूपमा लिएको नहोला।
सवाल २२	ब्याज रकम पूँजीकृत गर्नु भएको छ कि छैन ?
जवाफ २२	ब्याज रकम पुँजीकृत कतिपयको गरिएको छ कतिपयको गरिएको छैन यस बारेमा प्रबन्ध सञ्चालकलाई थाहा होला।
सवाल २३	ब्याज र ऋण लगभग बराबर भएका ऋणीहरूको ब्याजको दर कति प्रतिशत लिनु भएको छ ?
जवाफ २३	ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजको दर १३ देखि २१ प्रतिशतसम्म लिएको थियो।
सवाल २४	बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?
जवाफ २४	बचत र ऋणको ब्याजदरको अन्तर ६ प्रतिशत सम्म थियो।
सवाल २५	गैर सम्पति रु. १ करोड ५२ लाख बराबरको, आसामी रु. १० करोड ४१ लाख बराबरको र ५३ लाख बराबरको अन्य ऋण उठाउन किन पहल नगरेको ?
जवाफ २५	पहल भै रहेको थियो परिणाम आउन नसकेको हो।



सवाल २६	बैङ्क मौज्जात रु. ८८ लाख बराबरको देखिएता पनि सो को प्रमाणित कागजात किन नभेटिएको?
जवाफ२६	संस्थालाई आवश्यक पर्ने बैङ्क खाताहरू विभिन्न बैङ्कमा खोलिएको, कुनै बैङ्क मर्ज भएर, खाता डोरम्याट भई पुन सञ्चालन हुने प्रक्रियामा रहेकोले नभेटिएको होला ।
सवाल २७	नेपाल सरकारलाई तिर्नुपर्ने रु. १७ करोड बराबरको कर कति अवधि देखिको हो र किन नतिरिएको हो ?
जवाफ २७	तिर्नु पर्ने बाँकी छ तर कहिले देखिको हो यकिन मिति थाहा भएन।
सवाल २८	संस्थाले लिएको कार्यशील पूँजी ऋण रकम रु. ७ करोड ८२ लाख बराबरको (Working Capital Loan) साँवा र ब्याज तिर्न कति वर्षदेखि बाँकी छ र सो तिर्नका निम्ति के कस्तो पहल भएको छ ?
जवाफ २८	यो लिने दिने भैरहेको हुन्छ, समस्याग्रस्त जानु अगाडि अन्तिम समयमा लिएको हुनुपर्छ, यकिन याद भएन।
सवाल २९	विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?
जवाफ २९	म आबद्ध सहकारीको समस्या समाधान गर्न सकिन्छ। संस्थाको करिब ८ अर्ब दायित्व छ। साढे पाँच अर्ब कर्जा प्रवाह भएको र साढे चार अर्ब सम्पत्ती भएको हुँदा समय पाएमा समाधान हुन सक्छ। सञ्चालकहरूलाई थुनामा राखेर समस्याको समाधान हुँदैन, लगानी गरिएको कर्जा असुली गर्न सरकारले सहयोग गर्नुपर्यो, कर्जा सूचना केन्द्रको स्थापना गर्नुपर्यो, संस्थाबाट लगानी भएका ऋण तदारुकताका साथ कर्जा असुल उपर गर्नलाई सरकारले सहयोग गर्नुपर्यो भन्ने सुझाव दिन चाहन्छु।
सवाल ३०	तपाईं अध्यक्ष रहेको कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि को समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?
जवाफ ३०	कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि. को समस्या समाधान गर्न सञ्चालकहरूलाई थुनामा राखेर समस्याको समाधान हुँदैन, तसर्थ थुनामुक्त गर्नुपर्यो, कम्तीमा ३ वर्ष अवधिको समयावधि राखेर सञ्चालक समितिलाई काम गर्ने वातावरण दिनुपर्यो, राष्ट्रिय सहकारी बैङ्क मार्फत संस्थाको अथवा संचालकहरूको जायजेथा धितो राखी वा नराखी ऋण प्रवाह गरी बचतकर्ताहरूको ऋण फिर्ता गर्ने वातावरण सरकारले सिर्जना गर्नुपर्यो भन्ने मेरो भनाई छ।।

सवाल ३१	तपाईको थप भन्नु केही छ?
जवाफ ३१	सहकारीको समस्या राष्ट्रिय समस्या भएकोले यो संसदिय बिषेशब छानविन समितिले छिटो भन्दा छिटो समस्याको समाधान गरी ठोस निष्कर्ष निकाल्नु पर्यो, म लगायत सम्पूर्ण सहकारीका सञ्चालक तथा कर्मचारीहरूलाई कारागारमुक्त गरी बचतकर्ताहरूको बचत फिर्ता गर्ने वातावरण मिलाईदिनु पर्यो।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भनें बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः हिमालयविक्रम मल्ल ठकुरी
पदः निलम्बित अध्यक्ष
संस्थाः. कान्तिपुर सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ संस्था लि.
मिनभवन काठमाडौं।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २८ गते सोमबार
समयः अपराह्न ०३:०० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. काठमाडौंका अध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहनुभएका कृष्ण बहादुर उप्रेती (के.बी. उप्रेती) सँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम कृष्ण बहादुर उप्रेती हो। मलाई के.बी. उप्रेती भनेर चिनिन्छ। मेरो बाजे गोपी लाल उप्रेती, बुवा जगतबहादुर उप्रेती र आमा रत्नमाया उप्रेती हो। मेरो परिवारमा श्रीमती सुलोचना उप्रेती, छोरा एलिस उप्रेती, छोरी एलिसा उप्रेती हाल जिल्ला काठमाडौं तारकेश्वर नगरपालिका वडा नं. ८ मा बस्छौं। मेरो स्थयी ठेगाना बैतेश्वर गाउँपालिका वडा नं. ७ दोलखा हो। म हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहेको छु। म ६५ वर्षको भएँ। मेरो ना.प्र.नं. १२०९, दोलखा र मोबाइल नं ९८५१०८४६०९ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ?

जवाफ २ मेरो शारीरिक र मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षको रूपमा कार्यरत रहेको छु। साथै राष्ट्रिय सहकारी बैंकको अध्यक्षको रूपमा पनि रहेको छु। यस आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, काठमाडौं महानगरपालिका वडा नं ४ सुकेधारामा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गरेको छु।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ म २०६० साल देखि २०७५ साल सम्म राष्ट्रिय सहकारी बैंकको प्रबन्ध सञ्चालकको रूपमा पूर्णकालीन रूपले कार्यरत रहेको थिए। अन्य कुनै पेशा वा व्यवसाय छैन।

सवाल ६ तपाई अध्यक्ष रहेको आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. काठमाडौंको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ उक्त सहकारी संस्थामा म अध्यक्ष, मनोज कुमार थापा उपाध्यक्ष, कोयाङ दोर्जे लामा सचिव, प्रकाशमान शाही कोषाध्यक्ष, गोपिनाथ घिमिरे, मोहित लामा र श्रवण कुमार सदस्य समेत ९ जनाको सञ्चालक समिति रहेको छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था आंशिक खुला छ। म पक्राउ परे पश्चात् विभिन्न स्थानमा रहेको सेवा केन्द्रहरू क्रमशः बन्द हुँदै गएका छन्। उक्त सहकारी विभिन्न ५ वटा सहकारी एकीकरण हुने क्रममा करीब ७ महिनाको अवधि लागेको, सो समयमा सहकारीप्रति बचतकर्ताको अविश्वास पैदा भयो, तरलताको अभाव, कर्जा लगानी अनुत्पादक क्षेत्रमा हुनु, ऋण रकम समयमा नै नउठ्न, विभिन्न मिडियाले नकारात्मक कुरा फैलाउनु र त्यो समयमा राज्यमा वित्तीय संकट समेत आउनु र सोको प्रभावका कारण समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा छैन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० यो सहकारी विभिन्न सहकारी एकिरण भई बनेको र हाल यस सहकारी बनेपछि कुनै पनि कर्मचारी भर्ना गरिएको छैन। एकिकरण हुन अगाडी म आवद्ध रहेको साबिक हाम्रो सगरमाथामा कर्मचारी सञ्चालक थिएनन्। अन्यको हकमा थाहा भएन।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाएका छं।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ यस आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था, साबिक हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, घेधुङ बहुउद्देश्यीय सहकारी संस्था, तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था र नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था एकिकरण भएर सो सहकारीहरू मध्ये मैले साबिक हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारीबाट प्रतिनिधित्व गरेको र यस आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाले कुनै पनि कारोबार नगरेको हुनाले हाल म साबिक हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारीको मात्र सम्पत्तिको जानकारी गराउन सक्छु। तत्कालिन साबिक हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्थाको ऋण लगानीहरू छ अन्य गैरबैंकिङ् सम्पत्तिहरू छन्। के/कहाँ/कति छन् याद भएन बृष्तित विवरण पछि पेस गर्नेछु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरेको छैन।

सवाल १५ विद्यमान अवस्थामा तपाई अध्यक्ष रहेको आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ?

जवाफ १५ हाम्रो संस्थाको करिब ८ अर्ब बचतमा ३ अर्ब व्यवस्थापन गरी ५ अर्ब बाँकी छ। गैरबैंकिङ्ग सम्पत्ति र लगानी समेत ६ अर्ब जती बाँकि छ। त्यसबाट असुल उपर र सम्पत्ती व्यवस्थापनबाट समस्या समाधान हुन सक्छ। ऋण असुल्नको लागि सरकारले सहयोग गर्नु पर्दछ। त्यसो गर्दापनी व्यवस्थापन हुन सकेनभने संस्था सर्ता देखि हाल सम्मका सबै सञ्चालकहरूको सम्पत्ति रोक्का गरी आफ्नो कार्यकालमा भएको निर्णयको हकमा जिम्मेवार बनाई असुल गरिनु पर्दछ। यसरी म अध्यक्ष भएको सहकारी संस्थाको समस्या समाधान हुन सक्छ।

सवाल १६ तपाई शेयर सदस्य रहेको आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार र कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला?

जवाफ १६ आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाको समस्या समाधान गर्न सरकारले कर्जा उठाउन सहयोग गर्नु पर्यो, धुनामुक्त गर्नुपर्यो, बचतकर्ताको बचत फिर्ता गर्न ३ वर्षको समयावधि दिनुपर्यो, राष्ट्रिय सहकारी बैंक मार्फत सफ्टलोन उपलब्ध गराउनुपर्यो। संस्था दर्ता भएदेखि हाल सम्मको सञ्चालक समिति र लेखा समितिलाई आफ्नो कार्यकालको उत्तरदायी बनाउने, मर्ज भएका संस्थाहरू बीच विभाजन प्रक्रियामा रहेको यसलाई डिमर्ज गर्नु सहयोगको अपेक्षा गरिएको रकम फर्ता गर्ने दायित्व छ।

सवाल १७ तपाई आफै अध्यक्ष रहेको साबिक हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि. सहित पाँचवटा सहकारी संस्थाहरू एकीकरण गरी मिति २०८०।०२।०९ मा आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. सञ्चालन गर्न स्वीकृति प्राप्त गर्नुभयो। तर सबै सहकारी संस्थाहरूको कारोबारलाई किन एकीकरण गर्नु भएन ? एकीकृत सहकारी किन सञ्चालन गर्नुभएन ?

जवाफ १७ यसमा चाहि संस्था एकीकरण हुन ढिला हुनु, देशमा आर्थिक समस्या पर्नु, सहकारी प्रति विश्वासको वातावरण कम हुदै जानु, तरलताको अभाव, मुलुकभर धेरै कार्यक्षेत्र भई नियन्त्रण गर्न गाह्रो भएको कारण त्यसको प्रभाव सहकारी संस्थाहरूमा पर्न गई एकिकृत कारोबार हुन नसकी विभाजनको लागि प्रकृया अगाडि बढाइएको।

सवाल १८ एकीकरण भएको एक वर्ष पूरा हुँदासम्म पनि साधारण सभा गरी सबै सहकारी संस्थाका शेयर सदस्यहरूको साझा एकत्व र अपनत्व सिर्जना किन गर्नु भएन ?

जवाफ १८ प्रत्येक वर्ष साधारसभा हुदै आइरहेको छ। पछिल्लो समय २०८० असोज ६ गते साधाणसभा बसी डिमर्जको लागि सर्वसम्मत निर्णय गरी सहकारी विभागमा पेस गरिएको छ। तर हालसम्म विभाजन हुन नसकेकोले संस्थाका शेयर सदस्यहरूको साझा एकत्व र अपनत्व सिर्जना नभएको हो।

सवाल १९ तपाई अध्यक्ष रहेको एकीकृत सहकारीका कूल बचतकर्ता, कूल बचत रकम, कूल ऋणी, कूल ऋण रकम र संस्थाको सम्पत्ती के-कति छ ? खुलाइदिनुहोस्।

जवाफ १९ एकीकृत कारोबार नभएकोले आफ्नो प्रतिनिधित्व गरेको साबिक हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्थाको मात्र जानकारी दिन सकिन्छ। अन्य संस्थाको बारेमा जानकारी छैन। अन्य विवरण पछि पेश गर्नेछु।

सवाल २० कानूनी रूपमा एकीकरण गरेर केही पनि नगर्ने तर चार महिना पनि पूरा नहुँदै पुनः एकीकरण खारेजीको माग लिएर जाने, सहकारीको मूल्य र मान्यता यही हो ? एकीकरण गर्नुको उद्देश्य के थियो ?

जवाफ २० एकीकरण गर्नुको उद्देश्य कारोबार बढ्ने, बचत बढ्ने, समस्या समाधान गर्न सहज होला भन्ने उद्देश्य राखेर एकीकरण गरियो तर त्यसो हुन नसकि केही संस्थाहरूमा समस्या देखिएको कारणले, तरलता अभाव समेतको कारणले अरु संस्थाहरूलाई असर नपरोस भन्नलाई विभाजनको प्रक्रिया अघि बढाईएको हो।

सवाल २१ एकीकरण भएका पाँच सहकारी संस्थालाई एकीकरण खारेज गरी पाँचमध्ये एउटा सहकारी संस्थाको बचत अपचलन नगरी चारवटा सहकारी संस्था सञ्चालन गर्ने उद्देश्य र योजनाका लागि एकीकरण खारेजी गराउन खोजिएको भन्ने बचतकर्ताको गुनासो छ, के यो सत्य हो ?

जवाफ २१ यो सत्य होईन। पाँचवटै संस्था विभाजन गर्न लागिएको हो। जुन साधारणसभाबाट सर्वसम्मत पारित गरिएको छ।

सवाल २२ तपाईलाई राजनीतिक आड र संरक्षणमा रही बचतकर्ताको बचत हिनामिना गर्नुभयो भन्ने आरोप छ नि, के हो ?

जवाफ २२ यो आरोप गलत हो। अध्यक्षसँग कार्यकारी अधिकार हुदैन, अध्यक्ष भनेको सामुहिक सञ्चालकहरूको नेतृत्व मात्र गर्ने हो। अध्यक्षको चेकमा समेत हस्ताक्षर चल्दैन। सेवा सुविधा पनि नलिएको, आफ्नो र आफ्नो परिवार र नातागोताको नाममा कुनै ऋण लिएको छैन बचत जम्मा गरिएको हुँदा बचत अपचलन गर्ने कुरै आएन। अपचलन गरिएको छैन।

सवाल २३ बहुउद्देश्यीय सहकारी संस्था भएर पनि किन बचत तथा ऋणको मात्र कारोबार गर्नु भएको हो ?

जवाफ २३ बचत तथा ऋण बाहेक अन्य उद्देश्यका कामहरू कार्ययोजना बनाई कार्यन्वयन प्रक्रियामा रहेको थियो।

सवाल २४ यस संस्थाले नगद बहीहरूको व्यवस्था गरेको नदेखिएको हुँदा, प्राप्त भएको जम्मा नगद मौज्दातलाई कसरी प्रमाणित गर्नुहुन्छ ?

जवाफ २४ साबिक हाम्रो सगरमाथा सहकारी संस्थामा बहीहरूको व्यवस्था गरिएको छ। अन्यको हकमा संयुक्त कारोबार नभएको हुँदा मलाई अहिले जानकारी भएन।

सवाल २५ संस्थाको वित्तीय विवरणमा बैंक मौज्दात रू. ३५ करोड ७ लाख देखिएको छ, यसलाई कसरी प्रमाणित गर्नुहुन्छ ?

जवाफ २५ साबिक हाम्रो सगरमाथा सहकारी संस्थामा उक्त नगद मौज्जाद छैन। अन्यको हकमा एकिकृत कारोबार नभएकोले जानकारी हुन सकेन।

सवाल २६ नेपाल सरकारलाई तिर्नु पर्ने कर रकम रु. ६ करोड २९ लाख किन नतिर्नुभएको हो ?

जवाफ २६ मर्ज भएका ५ वटै संस्थाको छुट्टाछुट्टै स्थायी लेखा नम्बर भएको हुँदा केही रकम बुझाउन बाँकी रहेको हो।

सवाल २७ संस्थाले PEARLS अनुसार अनुगमन विधि पालना नगरेको कैफियत अनुगमन निरीक्षणले उल्लेख गरेको छ, संस्थाको वित्तीय अवस्थाको यथार्थता लुकाउन खोजिएको हो ?

जवाफ २७ संस्थाको वित्तीय अवस्थाको यथार्थता लुकाउन खोजिएको होईन। PEARLS क्रमश कार्यान्वयन गरिदै लगिएको छ।

सवाल २८ संस्थाले कर्जा जोखिम व्यवस्थापन सहकारी ऐन बमोजिम गरेको छ कि छैन ?

जवाफ २८ संस्थाले कर्जा जोखिम व्यवस्थापन सहकारी ऐन बमोजिम क्रमश गरिदै छ।

सवाल २९ शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को नाममा रहेको ३ आना जग्गा र सो जग्गामा बनेको ३.५ तल्ले पक्की घरको बिक्रि मूल्य रु. ४ करोड कसरी निर्धारण गर्नुभयो ?

जवाफ २९ संस्थाको सञ्चालक समिति साधारसभाले सहकारी ऐन बमोजिम निर्णय गरी बोलपत्र आह्वान गरी अधिकतम मूल्य तोक्ने व्यक्तिलाई उक्त रकममा बिक्री गरिएको हो।

सवाल ३० सहकारीले सुशीला रिजालबाट कति ऋण असुल उपर गर्नुपर्ने थियो र सो ऋणीको घरजग्गाको बिक्री मूल्य रु. १ करोड ७० लाख कसरी मूल्याङ्कन गरियो ?

जवाफ ३० यसबारे मलाई जानकारी भएन।

सवाल ३१ पाँच वटै सहकारी संस्थाको जगेडा कोष जोड्दा, जम्मा रु. ६,६८,८१,९७७ रहेकोमा एकीकरण पश्चात् जगेडा कोषको आ.ल्या. किन रू. ९,८१,८४,३६५ कसरी हुन गयो ?

जवाफ ३१ हाल तथ्याङ्क एकिन नभएकोले यथार्थ बुझी पछि पेस गर्नेछु।

सवाल ३२ सहकारी ऐन अनुसार निक्षेप तथा बचत र शेयर पुँजी तथा अन्य कोषहरूको अनुपात १५ गुणा हुनु पर्नेमा संस्थाले आ.व. २०७८/७९ मा नियम विपरीत ४२ गुणा किन राखियो ?

शेयर पुँजी	अन्य कोषहरू	निक्षेप तथा बचत
५५,२४०,८००	१८,३६९,६०८	३,०९०,६०१,९५०
जम्मा ७३,६१०,४०८		

जवाफ ३२ साबिक हाम्रो सगरमाथा सहकारी संस्थाको हकमा प्राथमिक पुँजीको हकमा १५ गुणा भन्दा बढी रहेको छैन एकिकरण भएका अन्य सहकारीको हकमा एकिकरण पश्चात् कारोबार नभएको हुँदा अहिले जनकारी हुन सकेन।

सवाल ३३ बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?

जवाफ ३३ बचत र ऋणको ब्याजदरको अन्तर ६ प्रतिशत भन्दा कम छ।

सवाल ३४ संस्थाले ऋणीहरूलाई ऋण रकम उपलब्ध गराए वापत धरौटी रकम कति राखेको भनी खुलासा किन नगरेको ?

जवाफ ३४ नियमानुसार धरौटी रकम राख्न पाईदैन र राखेको पनि छैन।

सवाल ३५ एकीकरण भएका पाँचवटै सहकारी संस्थाको पुँजी र कोष गरी रू. १० करोड ७० लाख बराबर भएता पनि संस्थाको आर्थिक अवस्था किन कमजोर देखियो ?

जवाफ ३५ तरलता अभाव, विश्वासको कमी, बचत जम्मा नहुनु, कर्जा नउठ्नु, लगायतका कारण संस्थाको आर्थिक अवस्था कमजोर देखिएको हो।

सवाल ३६ आइडियल यमुना संस्थाको २०७८/७९ मा रू. ५२ लाखको खुद नाफा भएको संस्था २०७९/८० मा जगेडा तथा कोषको घाटा रु. ४२ करोड ५० लाख हुने गरी तथा नेटवोर्थ समेत रु. १० करोड १८ लाखले नकारात्मक हुने गरी सहकारी संस्थाहरूको एकीकरण किन गरिएको हो ?

जवाफ ३६ विस्तृत अध्ययन गर्नु पर्नेमा उक्त अध्ययन हुन नसकेको कारण यो समस्या भएको हो।

सवाल ३७ राष्ट्रिय सहकारी बैंकबाट साबिकका ५ वटै सहकारीले लिएको ऋण जोर्दा रकम रू. ९७ करोड ५० लाख बराबरको रकम के प्रयोजनका लागि लिएको हो ?

जवाफ ३७ कर्जा लगानी र तरलता व्यवस्थापनको लागि एकीकरणपूर्व नै लिएको हो।

सवाल ३८ नाम नखुलाई सिस्टममा दायित्व रु. ८९ लाख ७९ हजार भनेको कसलाई तिर्नु पर्ने हो ?

जवाफ ३८ संयुक्त कारोबार नभएकोले यसबारे जानकारी भएन।

सवाल ३९ रेमिटान्ससँग सम्बन्धित कार्यमा रु. ५६ लाख ६० हजार बराबरको रकम प्राप्त गर्नु पर्ने भनी देखाइएको छ, संस्था रेमिटान्स सम्बन्धित कार्यमा समेत आबद्ध भएको हो ?

जवाफ ३९ एकिकरण पूर्व आबद्ध भएको हो।

सवाल ४० तपाईको भन्नु पर्ने थप केही छ ?

जवाफ ४० पहिलो कुरा कारागारमा अध्यक्ष तथा सञ्चालकहरूलाई राख्दा सहकारीका सदस्यहरूमा नकारात्मक प्रभाव परी संस्थामा झन समस्या बढ्ने हुँदा कारागार भन्दाबाहिर राखि संस्था दर्ता देखि बाहेकका सञ्चालक समिति, लेखा समिति र व्यवस्थापनका व्यक्तिहरूको सम्पत्ति रोक्का गरी कारोबार सञ्चालन गर्न लगाउनु पर्ने हुन्छ। दोस्रो कुरा एकीकरण वा विभाजन जे गर्दा संस्था सञ्चालन हुन्छ सोही अनुसार यो संस्थाको हकमा विभाजन गर्दा संस्था सञ्चालन हुने हुँदा सो कार्य गर्नुपर्छ। तेस्रो कुरा तीन वर्षको कार्ययोजना पेस गर्न लगाई सरकारी प्रतिनिधि समेत राखी ३/३ महिनामा प्रगति समीक्षा गरी थप निर्देशन गरी संस्था सञ्चालन गर्ने वातावरण गराउनु पर्दछ चौथो कुरा संस्थाको तिर्नुपर्ने भन्दा लिनुपर्ने रकम नै बढी भएको हुँदा ऋणीहरूबाट रकम उठाई गैर बैंकिङ सम्पत्ति बिक्री गरी क्रमश बचत रकम फिर्ता गर्ने वातावरण सिर्जना गर्नु पर्दछ पाँचौं कुरा यदि सञ्चालकहरूले हिनामिना गरेको भए आन्तरिक छानविन समिति बनाई हिनामिना गरेको रकम असुल गर्न सरकारले सहयोग गर्नुपर्ने हुन्छ। छैटौं कुरा हरेक ६ महिनामा नियामक निकायले अनुगमन गर्ने व्यवस्था गरिनु पर्दछ सातौं पछिल्लो सहकारी सुधार सुझाव कार्यदलले दिएको बचत तथा ऋण सुरक्षण कोष, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण लगायतको सुझावहरूलाई कार्यान्वयन गर्नु पर्दछ र आठौं कुरा सञ्चालक तथा संस्थाका कर्मचारीहरूमा असुरक्षाको महसुस भएको हुँदा आवश्यक सुरक्षाको व्यवस्था गरिदिनु पर्यो। यी माथिका उपायहरू अपनाउँदा पनि राम्रो संग सहकारी सञ्चालन हुन नसकेमा दर्ता हुँदादेखि हाल सम्मका आ-आफ्नो कार्यकालको

जिम्मेवारी लिँदै सञ्चालक समिति लेखा समितिका व्यक्तिहरूले चलअचल सम्पत्तिबाट रकम व्यवस्था गरी बचतकर्ताको बाँकी बचत रकमको व्यवस्था गर्नुपर्ने देखिन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ९ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः कृष्ण बहादुर उप्रेती

पदः अध्यक्ष

संस्थाः आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, सुकेधारा, काठमाडौं।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २८ गते सोमबार।
समयः अपराह्न ०५:०० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सिभिल कोअपरेटिभ संस्था लि.का संस्थापक अध्यक्ष हाल सहकारी ठगी र सम्पति शुद्धिकरण मुद्दामा कारागार कार्यालय डिल्लीबजार कारागार कार्यालयमा कैदमा रहेका ईच्छाराज तामाङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम इच्छाराज तामाङ हो, बाजे अङ्गजित तामाङ, बुवा चन्द्र बहादुर तामाङ र आमा स्व. शुरेखा तामाङ हो। मेरो परिवारमा श्रीमती सिर्जना शाक्य तामाङ, छोरीहरू प्रतिक्षा तामाङ र प्रतिष्ठा तामाङ छौं। मेरो छोरीहरू अध्ययनको सिलसिलामा बेलायतमा छन्। मेरो स्थायी ठेगाना किर्तिपुर नपा वडा नं १ ट्याङ्लाफाट हो। मेरो ना प्र नं २४५६/१४१० र मोवाइल नं ९८५१०३५२०० हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ?

जवाफ २ मेरो शारीरिक र मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म २०६७ सालदेखि कुनै पनि सहकारीमा सञ्चालकको भूमिकामा छैन। २०५७ सालदेखि २०६७ सालसम्म सिभिल बचत तथा ऋण सहकारी संस्था लि.मा अध्यक्षको रूपमा रहेको थिएँ। त्यस पश्चात कुनै अन्य सहकारी मा संलग्न छैन। त्यस अघि गोरखा बचत तथा ऋण सहकारी लि. २ वर्ष अध्यक्ष भएको थिए। यस सहकारीको प्रधान कार्यालय काठमाडौं मनपा वडा नं १३ कालिमाटीमा रहेको छ र काठमाडौं सुन्धारा स्थित सिटिसी मलमा सेवा केन्द्र रहेको थियो।

सवाल ४ संहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी संचालन भएको छ/थियो ?

जवाफ ४ मेरो कार्यकाल २०५७ देखि २०६७ सम्म उक्त सहकारी संस्था सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सञ्चलन गरिएको थियो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य पेशा अन्तर्गत म ईन्जिनियरिङ र हाउजिङ व्यवसाय गर्दथे। म पुलचोल ईन्जिनियरिङ् कलेजमा १९९५ देखि १९ वर्ष सहप्राध्यापकको रूपमा कार्यरत थिए।

सवाल ६ तपाईं पूर्व अध्यक्ष रहेको सिभिल बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौंको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ उक्त संस्थामा हाल म कुनै पनि पद तथा जिम्मेवारीमा रहेको छैन। उक्त संस्थाको सञ्चालक समितिमा हाल अध्यक्ष केशवलाल श्रेष्ठ, सचिव प्रविण मुखिया, कोषाध्यक्ष सुमन नन्द बैद्य, सदस्य अष्टरत्न तुलाधर, मुकुन्द प्रसाद न्यौपाने र दानहिरा कंसाकार रहेका छन्। म संचालक समितिमा रहँदा अध्यक्षमा म स्वयं, सचिव केशवलाल श्रेष्ठ, कोषाध्यक्ष प्रवीण मुखिया, सदस्यहरू हरिहर लामिछाने, जयन्द्रलाल श्रेष्ठ, प्रविन प्रसाद प्रधान र सुमन नन्द बैद्य थियौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छैन। बागमती प्रदेश सहकारी मन्त्रालयबाट मिति २०८०/०५/२१ गते समस्याग्रस्त घोषित भएको छ। उक्त संस्थाको ऋणी लालकाजी गुरुङ र हालका अध्यक्ष केशवलाल श्रेष्ठ मिली सिभिल सहकारीको ५० प्रतिशत शेयर स्वामित्व रहेको सिभिल मल जसको हालको बजार मूल्य अं. १४ अर्ब जति पर्छ सो सम्पत्ति हडप्ने नियतले सिभिल सहकारीको सम्बन्धमा २०७५ सालमा विभिन्न मिडियामा सहकारीको नकारात्मक र भ्रामक समाचारहरू सम्प्रेषण गरेको, त्यसैगरी मिति २०७२ सालको महाभूकम्पको कारण सिभिल होम्स लगायतका सहकारी संस्थाको लगानीमा सञ्चालित हाउजिङ परियोजनामा ठूलो हानि नोक्सानी भएको र मिति २०७५/०७६ मा विश्वव्यापी कोभिड १९ को कारण व्यापार व्यवसायमा ठूलो नोक्सानी र गिरावट आएकोले सहकारी र सिभिल होम्स लगायतमा नकारात्मक असर परेकोले सहकारी समस्यामा परेको हो। साथै सहकारीको विरोध गर्न पिडीत ३०% र बाँकी ७०% सहकारी कै ऋणी सडकमा आउने र सहकारीको विरोध गर्ने र समस्या समाधान गर्न नदिने कार्य गर्दै आउनु।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं संस्थापक अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन्? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म संस्थापक अध्यक्ष भएको सहकारीको सञ्चालक समितिमा छैनन्/थिएनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० उक्त सहकारीमा सञ्चालकहरू कर्मचारी रहेका थिएनन्/छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा संस्थाको विनियम अनुसार नै गराउने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति कहाँ कुन रूपमा छ भन्ने सम्पूर्ण विवरण सम्मानित काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दासँग पेस गरिएको अभियोग पत्रमा उल्लेख भएको छ। केही कागज प्रमाण आज बयान साथ पेस गरेको छु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ मेरो कार्यकालमा अन्तरसहकारी कारोबार गरिएको थिएन।

सवाल १५ तपाईं पूर्वअध्यक्ष रहेको सहकारी संस्थामा २०६८-२०६९ सालमा स्थलगत निरीक्षण हुँदा १५३४ शेयर वितरण गरेको, लेखापरीक्षण प्रतिवेदनमा ६०५ उल्लेख भएको, शेयर दर्ता रजिष्ट्रमा ४५१ जना र व्यक्तिगत शेयर रजिष्ट्रर खातामा ९६१ रहेको र सदस्य संख्या नै यकिन नभएको भनी कैफीयत जनाइएको रहेछ। त्यतिबेलादेखिका यस्तै वेथितिलाई सुधार नगरेका कारण सहकारी समस्यामा परेको हो ?

जवाफ १५ उक्त मितिमा म संस्थाको कुनै पदीय जिम्मेवारीमा नभएकोले यस विषयमा मलाई केही जानकारी भएन।

सवाल १६ सोही प्रतिवेदन अनुसार तपाइहरूले त्यतिवेला नै कानून विपरीत शेयर सदस्य र कारोबारी सदस्य भनी सदस्य बाहिरको कारोबार सुरू गर्नुभएको देखिन्छ, किन सुधार गर्नु भएन ?

जवाफ १६ उक्त मितिमा म संस्थाको कुनै पदीय जिम्मेवारीमा नभएकोले यस विषयमा मलाई केही जानकारी भएन।

सवाल १७ सहकारी संस्थाबाट सिभिल होम्स प्रा.लि. लगायत १६ वटा कम्पनीहरूमा ऋण प्रवाह कुन कानून बमोजिम गर्नुभएको हो ? बचत तथा ऋण कारोबार गर्ने तपाईको सहकारी संस्थाको कार्यक्षेत्र घरजग्गा र रियल स्टेटमा काम गर्ने त देखिदैन नी ? के भएको हो ?

जवाफ १७ उक्त कार्य संस्थाको स्वीकृत विनियमावली बमोजिम गरिएको थियो। सहकारी ऐन, २०४८ बमोजिम संस्थाको स्वीकृत विनियमावली बमोजिम घर, जग्गा र रियल स्टेटमा लगानी गरिएको हो।

सवाल १८ २०६८/०६९ को प्रतिवेदन अनुसार तपाई आफै अध्यक्ष रहेको सिभिल होम्स प्रा.लि.बाट ऋण माग गर्ने र आफै अध्यक्ष रहेको सहकारीको कूल ऋणको ७५ प्रतिशत ऋण आफ्नै कम्पनीमा लगानी गर्ने निर्णय र तमसुकमा समेत दुबै तर्फ तपाईले नै हस्ताक्षेर गरेको भन्ने देखिन्छ। यो त स्वार्थको द्वन्द्व भएन र ?

जवाफ १८ उक्त समयमा म संस्थाको कुनै पनि पदीय जिम्मेवारीमा थिइन सो विषयमा मलाई जानकारी छैन। सिभिल होम्स प्रा.लि. सिभिल सहकारीको सतप्रतिशत शेयर लगानीमा स्थापित भगिनी कम्पनी भएको हुनाले नियम विनियम बमोजिम नै कर्जा लगानी भएको हुनु पर्छ।

सवाल १९ व्याजलाई हरेक छ महिनामा पुँजीकरण गर्नुभएको देखिन्छ, यसो गर्न मिल्छ?

जवाफ १९ मेरो कार्यकालमा व्याजलाई पुँजीकरण गरिएको थिएन त्यसपछि के भयो मलाई जानकारी भएन।

सवाल २० संविधान सभा र तत्कालीन रूपान्तरित व्यवस्थापिका संसदको सदस्य समेत रहनुभएका तपाईलाई सहकारी ऐन, २०७४ निर्माणमा सहकारीलाई नियमनबाहिर राख्न भूमिका खेलेको तथा राजनीतिक आड र संरक्षणमा रही बचतकर्ताको बचत हिनामिना गर्नुभयो भन्ने आरोप छ नि, के भन्नु हुन्छ ?

जवाफ २० यो झुटो आरोप हो, यसमा सत्यता छैन र यसमा मेरो भन्नु केही छैन।

सवाल २१ सिभिल समूहका ३ वटै कम्पनीलाई मात्र कूल रु. ७ अर्ब ४२ करोड ७३ लाख कर्जा के-का लागि प्रवाह गरिएको हो?

जवाफ २१ मेरो कार्यकालमा करीब २ अर्ब जति मात्र ऋण लगानी भएको थियो। मेरो कार्यकालपछि भएको लगानीको विषयमा मलाई जानकारी भएन र विगत ३ वर्षदेखि कारगारमा भएको हुनाले यकीन साथ भन्न सक्दिँन।

सवाल २२ सहकारीले घर जग्गामा कूल ऋणको २५ प्रतिशत मात्र लगानी गर्नु पर्नेमा ९० प्रतिशत भन्दा बढी किन गरियो ?

जवाफ २२ २५ प्रतिशत लगानी भनेको नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार हो। सहकारी ऐन, विनियममा कर्जा लगानीको सीमा उल्लेख नभएको हुनाले लगानी भएको हुन सक्छ। मेरो कार्यकालमा कूल ऋणको करीब २० प्रतिशत मात्र घर जग्गा तथा हाउजिङमा लगानी थियो।

सवाल २३ उक्त कर्जा प्रवाह गर्दा पर्याप्त धितो लिएको छ कि छैन?

जवाफ २३ मेरो कार्यकालमा पर्याप्त धितो राखेर र सिधै सहकारीको नाउँमा नै जग्गा खरीद गरी लगानी भएको थियो।

सवाल २४ नियम अनुसार कुनै सदस्यलाई कूल पुँजीको १० प्रतिशत भन्दा बढी ऋण दिन मिल्दैन तर एकै समूहलाई करिब ९० प्रतिशत ऋण किन दिएको हो?

जवाफ २४ मेरो कार्यकालमा यति ठूलो रकम लगानी भएको थिएन त्यसपछी के भयो मलाई जानकारी भएन।

सवाल २५ सिभिल बचत तथा ऋण सहकारीमा रु ७ करोड बराबरको जम्मा रकम लगानी गर्न रोजगारी आय र व्यापार व्यवसायबाट प्राप्त आयश्रोत भनिएको छ, के यो यथार्थ हो?

जवाफ २५ यथार्थ हो। कर चुक्ता प्रमाणहरू पेस गरेर भेरीफाई गरेको छ।

सवाल २६ सहकारीको स्वमित्वमा रहेको सिभिल विजनेस कम्प्लेक्स प्रा.लि.को शेयर तपाईले खरिद गरेको हो कि होइन?

जवाफ २६ सिभिल विजनेस कम्प्लेक्स प्रा.लि.को मेरो नाममा शेयर छैन। उक्त शेयर सिभिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिवको नाममा ५०% र लालकाजी गुरुङ र मिना गुरुङको नाममा मा ५०% शेयर रहेको छ। हाल निज लालकाजी गुरुङ र मिना गुरुङको शेयर धितो राखेर लिएको ऋण नतिरेको हुनाले सहकारीले निजहरुको २५% धितो लिलाम गरी ७५% सहकारीको नाममा ल्याउने प्रक्रियामा छ।

सवाल २७ सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि.ले पुँजी कोषको सिमा (१५ गुणा) नाघी बचत संकलन किन गरेको?

जवाफ २७ मेरो कार्यकालमा यो कार्य भएको थिएन र हाल के छ मलाई थाहा भएन।

सवाल २८ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २८ विद्यमान अवस्थामा उक्त सहकारीको नाउँमा रहेको चल अचल सम्पत्ति बेचविखन गरी र सिभिल मलको शेयर र सहकारीका सदस्यहरूमा गरिएको कर्जा लगानी विषेश गरी ठूला ऋणीहरू लालकाजी गुरुङ र मिना गुरुङ समेतबाट कर्जा असूल उपर गरी समस्या समाधान गर्न सकिन्छ। म, मेरो श्रीमति र छोरीहरू माथि लगाइएको ठगी मुद्दा र सम्पत्ति शुद्धीकरण मुद्दा सरकारले फिर्ता लिई कारागारमुक्त गरेमा तिन वर्ष भित्रमा सहकारीको नाउमा रहेको सम्पत्ति विक्री गरी र ऋणी सदस्यहरूबाट कर्जा रकम असुल उपर गरी सम्पूर्ण बचतकर्ता सदस्यहरूको निक्षेप रकम फिर्ता गर्न सकिन्छ।

सवाल २९ तपाईं मुख्य सञ्चालक/शेयर सदस्य रहेको सिभिल बचत तथा ऋण सहकारी संस्था लि. को समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार र कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला?

जवाफ २९ म शेयर सदस्य रहेको सहकारी संस्थाको समस्या समाधान गर्न सरकारले म र मेरो परिवार माथि लगाएको मुद्दा फिर्ता लिई सवाल जवाफ २८ अनुसार गर्नुपर्छ।

सवाल ३० अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ ३० सिभिल सहकारीको नाउमा रहेको घर जग्गा र सिभिल मल लगायतका चल अचल सम्पत्तिको बजार मूल्य करीब १९ अर्ब रुपैया रहेको छ। सिभिल सहकारीको बचतकर्ताहरूको निक्षेप दायित्व ६ अर्ब रुपैया रहेको छ त्यसैले उक्त चल अचल सम्पत्ति विक्रि गरी सजिलै बचतकर्ताहरूको निक्षेप रकम फिर्ता गर्न सकिन्छ। यसका लागि सरकारले म र मेरो परिवारमाथि दायर गरेको ठगी तथा संगठित अपराध मुद्दा (हाल काठमाडौं जिल्ला अदालतमा



विचाराधिन) र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा फिर्ता लिई मलाई कारागार मुक्त गरेमा तिन वर्ष भित्रमा सहकारीमा आएको समस्या समाधान गर्न सकिन्छ। सहकारीको सञ्चालकहरुलाई थुन्नु समाधान होइन। यसरी सबै सहकारीका सञ्चालकहरुलाई थुन्दै जाने हो भने तिन लाख व्यक्ति थुन्नु पर्ने हुन्छ जबकी नेपालको कारागारको क्षमता ४५ हजार मात्र छ। तसर्थ सहकारीको समस्या समाधानको उपयुक्त उपाय निकाल्न राज्यले उचित कदम चालोस्।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः ईच्छाराज तामाङ
पदः संस्थापक अध्यक्ष
संस्थाः सिभिल बचत तथा ऋण सहकारी संस्था लि.

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २८ गते सोमवार।
समयः अपराह्न १७:४५ बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.का पूर्वसदस्य हाल सहकारी ठगी मुद्दमा कारागार कार्यालय कास्कीमा रहनुभएका श्री शिवबहादुर गुरुङसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ म शिवबहादुर गुरुङ। मलाई महेन्द्र भोटे भनेर समेत चिन्दछन्। मेरो बाजे शेरबहादुर गुरुङ, बुवा भिम बहादुर गुरुङ हो। हाल मेरो परिवारमा आमा आशमाया गुरुङ, श्रीमती निता गुरुङ, छोरी नव्या गुरुङ र माण्या गुरुङ बस्छौं। मेरो स्थायी ठेगाना जिल्ला कास्की, साविक भाचोक गा.वि.स. वडा नं. ०६ हाल माडी गा.पा. वडा नं. १० भई पोखरा म.न.पा. वडा नं. १२ मा बस्छौं। मेरो ना.प्र.नं. १०६८३०/ कास्की हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा अबद्ध थिए। यस सहकारीमा आबद्ध हुनुको कारण अनुज नकर्मीले २०६८ सालमा गितेन्द्र बाबु राई लाई चिनाएको थियो। निजहरू पोखराभन्दा बाहिरको भएरका कारणले म पोखरामै बस्ने हुँदा यस सहकारीमा आबद्ध गराएको हो। म आबद्ध भएको सहकारी जिल्ला कास्की पोखरा म.न.पा वडा नं. ०४, मा कार्यलय सही सथ्चालित छ। उक्त सहकारीमा २०७३ मंसिर १८ गरेदेखि २०७८/०६/१० सम्म सञ्चालक समिति सदस्यको रूपमा राखिएको रहेछ र शेयर सदस्यको रूपमा आवद्ध भएको याद छैन। सुरुमा ४७००० बचत गरेको थिए। अरु कुनै पनि सहकारीमा आबद्ध छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून वमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी सम्बन्धी मेरो पेशा नरहेको कारणले यस विषयमा मलाई जानकारी भएन।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ म पर्यटन व्यवसायमा २०६७ सालबाट आवद्ध छु। मेरो २०७४ सालदेखि २०७७ साल सम्म होटल कुमारी ईनमा, ओजन डिस्को प्रा.लि. मा २०६७ सालबाट सञ्चालन गरेको कोभिड पछि बन्द भएको छ। म नेपाली तथा विदेशी पर्यटकहरूलाई मध्यनजर गर्दै off roading travel को रूप ozan expedition Nepal प्रा.लि. नाम राखेर सञ्चालनमा ल्याई मनाङ्क तिलिचो ताल, मुस्ताङको कोरोला नाका र पश्चिममा रहेको रारा तालको प्रर्वदन गर्ने काम गरेको थिए। पछिल्लो समय पोखरा एउटा पर्यटकीय नगरी भएको कारणले २४ घण्टा खुलाउनको लागि त्यहाँका जिल्ला प्रमुख अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुख सँग छलफल चलाई Trager Restaurant and Lunch Bar लाई २४ सौं घण्टा खुलाउने गरी सञ्चालन गरिएको थियो र अहिले पछिल्लो समय पर्यटकहरूलाई पोखरालाई सबै मध्यमबाट चिनाउने सोच राखी विश्वको टप १०० भित्रको बार खुलाउनका लागि nexix music bar प्रा.लि . कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरी निर्माण गर्ने अवस्थामा छ।

सवाल ६ तपाईं सञ्चालक समितिको सदस्य रहेको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ अध्यक्ष गितेन्द्र बाबु राईले २०७३ देखि आफ्नो भाई भूपेन्द्र राईलाई अध्यक्ष बनाए। त्यसपछि व्यस्थापक थानबाहदुर बुढामगर २०७८ मा निज अध्यक्ष भए। यस सहकारीमा मलाई कुनै पनि बैठक भएको जानकारी गराइएन तर २०७६ सालमा अनुज नकर्मिको ग्यारेजमा थानबाहदुर बुढामगरले सामान्य उपस्थिति बैठक भनी अनुज नकर्मी र मेरो हस्ताक्षर गराएको थियो। त्यस कारण यस संस्थाका सञ्चालक समितिका अन्य साथिहरू सँग मेरो चिनजान छैन।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ यस संस्था हाल सञ्चालनमा छैन। बचतकर्ताहरूको रकम दिन नसकेको कारणले २०७८ सालदेखि निकै ठूलो समस्या झेली रहेको थियो। केही आफन्तहरू त्यहाँबाट बचत निकाल्न गएपछी मैले जि.बी राईलाई समन्वय गर्ने प्रयास धेरै पटक गरेको थिएँ तर उहाँको नियत खराब भएको कारणले आफुलाई एक व्यवसायी नभई ठगीको व्यवहार देखाँउदै स-परिवार मलेसिया भगेको थियो। मैले whatsapp सहित विभिन्न माध्यमबाट सम्पर्कमा ल्याई म आफुले कास्की छोडेर जान नस्क्ने भएको कारणले पोखराका बचतकर्ताहरूसँग भेट गराउने काम गरे। त्यसपछि बचतकर्ताहरूलाई पनि काउन्टर खोल्छु भन्ने आश्वासन दिएको थियो। त्यसपछि पनि काउन्टर खोल्नको लागि पैसा नभएको कारणले संस्था सञ्चालनमा ल्याउन सकेन। पोखरा महानगरपालिकाको मेयर र सहकारी विभागका प्रमुखसँग भेट गराउन खेजे पनि जि.बि राई जान मान्नुभएन र मैले कुमार रम्तेललाई लिएर गएको थिए। महानगरले काजगाजहरू ल्याएर बुझाउनुस तपाईको संस्था चलाउने वातावारण हामी बनाउछौं भन्दा खेरी पनि उहाँले कागजातहरू ल्याउन सक्नु भएन। यी सबै कारणले जि.बी राईको आश्वासन आश्वासनमै मात्र सिमित भयो र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन जन्छु भनी बचतकर्ताहरूले जि.बी. राईलाई भन्न सुरु गरे पछी

मलाई संस्थाको सदस्य भएको कारणले मध्यस्थकर्ता भई बचतकर्ताहरू सँग समन्वय गरी समस्या समाधन गर्न अनुरोध गर्दै जि.बी. राईले galaxy 4k Television को ३० करोडको शेयर दिएर बचतकर्ताहरूलाई बचत रकम मिलाउछु भनी तमसुक गरेता पनि सो बमोजिम गर्न नसकेपछि समस्या बढेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ म अन्य सहकारीको सञ्चालक समितिमा थिईन भन्ने बारे मलाई जानकारी भएन। जि.बी. राई एउटा जनजाति समुदायको व्यक्ति भएको कारणले पनि कास्की जिल्लामा केही गर्ने देखेर मैले हरतरहले सहयोग गरेको थिए।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० म एक दिन पनि कार्यालयमा नगएको कारणले सञ्चालकहरू कर्मचारी भए/नभएको विषयमा मलाई थाहा जानकारी भएन।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ मेरो आफन्त र नातागोताका अन्दाजी १५० जना व्यक्तिहरूले र "फिर्के तमु समाज" का लगभग ८०० भन्दा बढी व्यक्तिहरूले मलाई चिनेको आधारमा बचत गरेका थिए। व्यक्तिलाई बचत गराउने र ऋण दिने विषयमा म कुनै पनि दिन कार्यालयमा नगएको कारण र संस्थाको कर्मचारीसंग चिनजान नभएको कारण यस विषयको प्रक्रियागत कुरा मलाई जानकारी भएन। तर स्थानीय भएको करण म उनीहरूयको स्वार्थमा प्रयोग भएछु।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ सहकारीको कार्यक्षत्र हुन्छ भन्ने विषयमा मलाई जानकारी भएन।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ यस सहकारीको सम्पत्तिहरूमा जि.बी. राईले देशभरी सञ्चालन गरेका सहकारीको केन्द्रीय कार्यालय काठमाडौं बुद्धनगरमा बनाएको मलाई जानकारी थियो। म यी कार्यालयहरूमा म गएको छैन। पोखराका बचतकर्तालाई ३० करोड बारावरको शेयर दिने तमसुक जि.बी. राईले गरेको कारण

Galaxy 4k Television मा ३० करोड बराबर पोखराको लागानी भएको हुनु पर्छ भन्ने मलाई लागेको छ। उक्त तमसुक हाल जिल्ला अदालत कास्कीमा ठगी मुद्दमा मिसिल संलग्न रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबारबारे मलाई जानकारी भएन।

सवाल १५ तपाइले उक्त सहकारी संस्थामा के-कति रकम बचत गर्नुभएको छ र के-कति रकम कर्जा लिनुभएको छ ? खुलाइदिनुहोस्।

जवाफ १५ मैले सुरुमा खाता खोल्दा ४७ हजार राखेको थिए, एक पटक १ करोड २५ लाख ऋण लिएको थिए, उक्त ऋण चुक्ता भइ सकेको छ।

सवाल १६ तपाईंको सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रा.लि., हर्बो इन्टरनेसनल प्रा.लि., स्प्रिङ् उड रियल स्टेट एण्ड हाउजिङ् प्रा.लि., बेटाज एजुकेसन कन्सल्टेन्सी, गोर्खा ग्रुप अफ कम्पनी, जि.टि.आर. लिङ्ग, गोर्खा आयुर्वेद कम्पनी, नेचर नेष्ट प्रा.लि., गोर्खा वेभलिङ्ग प्रा.लि., गोर्खा ग्रुप मल्टी इन्भेष्टमेन्ट प्रा.लि., एपिवान मिडिया प्रा.लि., मन्दरा स्पा एण्ड वेलनेस सेन्टर प्रा.लि., भगवती बालुवाखानी प्रा.लि., गोर्खा ग्रुप अफ इन्टरनेसनल, मन्दरा टुर एण्ड एक्पिडिसन प्रा.लि., नेचर हर्व्स इन्टरनेसनल प्रा.लि., नेपाल श्री मल्टिमिडिया प्रा.लि., जि.बी. ग्रुप अफ कम्पनीज प्र.लि., हिमालयन किङ्गडम एक्सपोर्ट प्रा.लि., स्टेप इन मार्ट होल्डिङ्ग प्रा.लि. मा के-कुन मितिमा के-कति रकम प्रवाह भएको छ ? यसबाहेक अन्य कम्पनीहरूमा समेत कुनै रकम प्रवाह भएको भए सो समेत खुलाई दिनुहोस्।

जवाफ १६ नेचर हर्व्स इन्टरनेसनल प्रा.लि, गोरखा मिडिया नेटवर्क प्रा.लि र नेचर नेष्ट बाहेक माथि उल्लेखित कम्पनीहरूबारे मैले भर्खर जानकारी पाए। यी कम्पनीहरूमा रकम गए/नगएको सम्बन्धमा मलाई जानकारी भएन।

सवाल १७ पोखरा महानगरपालिका वडा नं. ९ पुरून्चौर बस्ने नेत्रपाणी बास्तोलाले आफुले लिएको कर्जा चुक्ता गरी सकेपछि पुनः नक्कली दस्तखत गरी मेरो नाममा कर्जा प्रवाह भएको देखाइएको रहेछ तर सो कर्जा मैले लिएको होइन भन्ने व्यहोराको निवेदन यस समितिमा दिनुभएको छ। संस्थाबाट ऋण प्रवाह गर्दा के-कस्तो प्रक्रिया अपनाउने गरिन्छ, चरणगत रूपमा खुलाउनुहोस्।

जवाफ १७ यस विषयमा मलाई भर्खर जानकारी भयो।

सवाल १८ मिति २०७९/०३/३२ मा तपाईको नाममा भवन शिर्षकमा कर्जा खडा गरी तमसुक बनाएको देखिन्छ। सो व्यवहार के-कसो हो?

जवाफ १८ पहिलो कुरा, क्लोजिङको महिनामा वित्तीय संस्थाहरूले लगानि गर्दैनन्, त्यसबाहेक उक्त मितिमा शनिवार परेको छ र मेरो खातामा देखाइएको भनेको रकमबाट उसै दिन जि.बि. राई र मैले नचिनेका अन्य व्यक्तिहरूको नाममा रकम गएको देखिएको हुँदा, उक्त कागजात कृत्रिम रूपमा खडा गरिएको हो।

सवाल १९ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको मिति २०८०।०५।२१ को कर्जा सापटी बासलात अनुसार रु. १,३१,५३,८२,९०८ देखिन्छ तर कम्प्युटर लेखाप्रणालीकै कर्जा सूचीअनुसार जम्मा कर्जा रु. १,३१,५६,३७,४४५ देखिन्छ, दुवैतर्फको विवरणअनुसार फरक कसरी हुन गयो ?

जवाफ १९ यस्तो फरक फरक हिसाब धेरै ठाउँमा देखिन्छ।

सवाल २० सम्बन्धित अध्यक्ष/कर्मचारीको कार्यकालमा ऋण प्रवाह गरिएको देहायका ऋणका लागि पर्याप्त धितो लिनु भएको छ कि छैन ? सो ऋणमा लाग्ने ब्याज पुँजीकृत गरेको छ कि छैन ? ऋणहरू प्रक्रिया पूरा गरी उपलब्ध गराएको हो कि होइन ?

ज्ञान बहादुर बोम्जन	रु.१,५४,४९,८३६
गितेंद्र बाबु राई	रु.२९,९८,२०,९३१
भूपेन्द्र राई	रु.५४,०७,६५,००८
थान बहादुर बूढामगर	रु. २,७०,१५,७१६
शिव बहादुर गुरुङ	रु.१७,०८,०५,२४९
कुमार रम्तेल	रु.७७,३२,३२७
हेमन्त अधिकारी	रु.२,३३,२२,५२५

जवाफ २० मैले एकपटक १ करोड २५ लाख ऋण लिएर चुक्ता गरेको थिए अन्य कुनै ऋण लिएको छैन। अन्य कुरा थाहा भएन।

सवाल २१ सहकारी संस्थाले निजी कम्पनीलाई ऋण दिन मिल्छ पाइन्छ ? गोरखा मेडिया नेटवर्क प्रा.लि. लाई रु. ५ करोड ५८ लाख, नेचर नेस्टलाई रु. १ करोड ७८ लाख ५४ हजार र नेचर हर्ब्सलाई रु. २ करोड ५३ लाख १३ हजार बराबर ऋण के-कुन आधारमा उपलब्ध गराएको हो ? खुलाइदिनुहोस्।

जवाफ २१ म यस सहकारीको सदस्य हुँ तर सहकारीको ऐन, कानूनबारे मलाई जानकारी नभएको कारणले यस विषयमा मलाई जानकारी भएन।

सवाल २२ सहकारी संस्थाले मिति २०७८।०७।२१ मा कार्यालय भवन रु. ७ करोड २५ लाखमा खरिद गर्ने निर्णय गरेको देखिन्छ। तर सो सम्बन्धित आधिकारिक कागजात नरहेकोले, सो अङ्कलाई कसरी पुष्टी गर्नु हुन्छ ?

जवाफ २२ म त्यस समयमा सञ्चालक समितिमा थिइन। उक्त विषयमा मलाई जानकारी भएन।

सवाल २३ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम रु. ८५,६१,४५३.२१ सरकारलाई किन नतिरेको ?

जवाफ २३ उक्त विषयमा मलाई जानकारी भएन।

सवाल २४ संस्थाले कर्मचारीलाई पेश्की रकम रु. १ करोड ८३ लाख बराबर उपलब्ध गराएको देखिन्छ, के कारणले उपलब्ध गराइएको हो ? सोको औचित्य कसरी पुष्टी गर्नु हुन्छ ?

जवाफ २४ कर्मचारीलाई दिने विषयमा कुनै बैठक बसेको थिएन। उक्त विषयमा मलाई जानकारी भएन।

सवाल २५ यस संस्थाले सानो पाईला सेभिंग एण्ड क्रेडिट सहकारी लगायत अन्य संस्थाबाट केका लागि रु. १ करोड ४९ लाख ऋण लिएको हो ? खुलाइदिनुहोस्।

जवाफ २५ उक्त विषयमा मलाई जानकारी भएन।

सवाल २६ ब्रिज ऋण (Bridge Loan) भनेको के हो ? यस सहकारीले सूर्यदर्शन ब्रिज ऋण अन्तर्गत जम्मा ऋण रकमको ८१% हुन आउने रकम रु. १ अर्ब ६ करोड ५६ लाख किन र के उद्देश्यले कसलाई प्रवाह गरेको हो ? खुलाइदिनुहोस्।

जवाफ २६ उक्त विषयमा मलाई जानकारी भएन।

सवाल २७ संस्थाले आसामी रु. ३५ लाख कोसँग असुल गर्नु पर्ने हो ?

जवाफ २७ त्यस विषयमा मलाई जानकारी भएन।

सवाल २८ व्यक्तिगत प्रयोजनका लागि रु ३८,७२,०१७ ब्याज खर्च देखाई गितेन्द्रबाबु राईको बचत खाता नं ३१-१४४५३ मा जम्मा किन गरिएको हो ?

जवाफ २८ यस विषयमा मलाई जानकारी भएन।

सवाल २९ जग्गा शीर्षकमा रु. ३७,०७,९५३ र सवारी साधनमा शीर्षकमा रु २५,८२,६०८ देखाइएको छ तर आधिकारिक रूपमा संस्थाको नाममा कुनै जग्गा खरिद गरेको प्रमाण भेटिदैन, किन ?

जवाफ २९ जग्गाको विषयमा जानकारी भएन। थानबहदुर बुढामगरले चड्ने गाडी संस्थाको हो भनिएको थियो। उक्त गाडि हाल बचतकर्ता संघर्ष समितिका अध्यक्ष किरण कुमार श्रेष्ठले मासिक ९० हजार भाडामा लगाएको छ भन्ने कुरा अन्य बचतकर्ताहरूबाट मलाई जानकारी आएको छ।

सवाल ३० ब्याज पुँजीकृत गरिएको रु. ३९ करोड २२ लाख बराबरको कर्जाको विवरणमा कर्जा खाता नं. ००१-००१-११६-०००४४५६ मा मिति २०७९ आषाढ मसान्तमा १४,७५,००१ र २०८०।०३।१३ मा १६,१३,७३१ रकम रवि लामिछानेको नाममा देखाइएको छ, उक्त ऋण के प्रयोजनको लागि दिइएको हो ? निज पूर्वगृहमन्त्री एवं प्रतिनिधि सभाका माननीय सदस्य रबी लामिछाने हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ३० यस्तो निर्णय हामीसँग कुनै सरसल्लाह हुने गरेको थिएन। फरार तिन व्यक्तिहरू मध्ये थानबहादुर बुढामगरलाई यस विषयमा थाहा होला। रवि लामिछाने पोखराको हुन सक्छ तर गोरखा मेडीया सँग जोडिएको रवि लामिछाने भन्ने व्यक्ति पोखराको अरु व्यक्ति हुन सक्दैन।

सवाल ३१ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ३१ यसको समाधान गर्नको लागि राज्यले फरार रहेका तीन जना अध्यक्षहरू जि.बी. राई, भूपेन्द्र राई र थानबाहदुर बुढामगरलाई कानूनको दायरामा ल्याई यस संस्थाका समस्या समाधान गर्न सकिन्छ।

सवाल ३२ तपाई पूर्व सदस्य रहेको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ३२ म कारागार बाहिर निस्कन पाएँ भन्ने मैले आफुले सक्ने जती सबैकाम गर्नेछु।

सवाल ३३ सञ्चालक समितिका पूर्व अध्यक्ष वा अन्य सञ्चालकहरूबारे तपाईलाई कुनै जानकारी छ?

जवाफ ३३ अन्यको बारे थाहा भएन। गितेन्द्र बहादुर राई हाल मलेसियास्थित ZOHAR BAHABA मा अपार्टमेन्ट लिई DB6312 नम्बरको SHINING BLACK कलरको गाडी र HH7586 नम्बरको

MATT BLACK को अर्को गाडी प्रयोग गर्दै आएको कुरा हाल मलेसियामा रहेका नेपालीहरूले जानकारी गाएका छन्।

सवाल ३४ अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ ३४ सूर्यदर्शनमा मुद्दा चलेका १९ जना मध्ये ५ जना हाल कारागारमा थुनामा छौं, १४ जना फरार रहेका छन्। राज्यले फरार अभियुक्तहरूलाई छिटो भन्दा छिटो कानूनको दायरामा ल्याउनु पर्यो। म अन्यायमा परेको छु। मलाई जानकारी नगराईकन मेरो नाम कृत्रिम खाता खोलेर मलाई फसाइएको छ। म थुनामा भएको र मेरो खाता र कम्पनीहरू बन्द भएको कारणले म एक्लैले केहि गर्न सक्दैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः शिवबहादुर गुरुङ

पदः सञ्चालक समितिको पूर्वसदस्य

संस्थाः सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा, कास्की।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २९ गते मंगलवार
समयः अपराह्न ०३:४० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.का कोषाध्यक्ष, समानता बचत तथा ऋण सहकारी संस्था लि का सचिव र स्वर्णलक्ष्मी बुउद्देश्यीय सहकारी संस्था लि.का कोषाध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय कास्कीमा रहेका श्री कुमार रम्तेलसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम कुमार रम्तेल हो। म वर्ष ४४ को भए। मेरो बाजेको नाम स्व. बल बहादुर रम्तेल, बुवाको नाम स्व. शंकर रम्तेल, आमा स्व. नेप्टी रम्तेल हो। मेरो परिवारमा मेरी श्रीमती कविता तामाङ, बहिनी पूर्णिमा रम्तेल, छोराहरू अलौकिक रम्तेल र अद्वित जंग रम्तेल समेत गरी ५ जनाको परिवार जिल्ला ललितपुर गोदावरी न.पा. वडा नं. २ गोदावरीमा बस्छौं। मेरो फोन नं. ९८५१०८७६४३ मैले जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट नागरिकताको प्रमाणपत्र लिएको छु। मेरो नागरिकता नं. ८७३९६ हो। हाल म सहकारी ठगी मुद्दामा कास्की सुधार गृहमा छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको कोषाध्यक्ष पदमा रहेको हुँ तर कारोबार गर्न पाएको होईन। नेचर नेष्ट प्रा.लि.मा २०७४ सालदेखि बजार व्यवस्थापकको रूपमा नियुक्ति भएको थिए। यसै सिलसिलामा नेचर नेष्ट प्रा.लि. का. कार्यकारी अध्यक्ष गितेन्द्र बहादुर राईले उक्त सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा कोषाध्यक्ष पदमा राखिदिएका रहेछन् जुन कुरा मलाई थाहा जानकारी थिएन र कोषाध्यक्षको हैसियतले उक्त संस्थाले गर्ने कुनै पनि निर्णय, कागजातमा हस्ताक्षर गरेको छैन। यस विषयमा केही जानकारी छैन। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.मा आबद्ध नभई गितेन्द्र बाबु राईले सञ्चालन गरेको नेचर

नेष्ट प्रा.लि.मा मिति २०७४ सालदेखि कर्मचारीको हैसियतमा कार्यरत थिए। त्यसै सिलसिलामा मिति २०७४ साल भाद्र महिनातिर गितेन्द्र बाबु राईले सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिमा मलाई कोषाध्यक्ष पदमा राखिदिने कुरा बताएका थिए। मैले सहकारी संस्थाको सञ्चालन कसरी हुन्छ, काम कर्तव्य अधिकार के-कसरी हुन्छन् कुनै पनि विषय आफूलाई थाहा नभएकोले समितिमा नबस्ने जवाफ दिएपछि कोरम पुर्याउनका लागि मात्र राख्न लागेको, संस्थाको सम्पूर्ण कार्य सम्पादन अध्यक्ष एवं व्यवस्थापक र कर्मचारीहरूले गर्नुहुन्छ भनी मिति २०७४ असोज ३ गते संस्थाले वार्षिक साधारणसभा आयोजना गरी मलाई सञ्चालक समितिको कोषाध्यक्ष पदमा मनोनीत गरेको थियो। उक्त सहकारीको कोषाध्यक्ष बन्नु मेरो व्यक्तिगत आकांक्षा नभई मनोवैज्ञानिक दवावमा पारी मलाई उक्त पदमा मनोनीत गरिएको हो। उक्त साधारणसभामा म उपस्थित नभएको र माईन्युटमा मेरो हस्ताक्षर समेत छैन।

सवाल ४ तपाई सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि.,चितवन समानता बचत तथा ऋण सहकारी संस्था लि. नेपालगञ्ज, सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्ज, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवल र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. मा के कुन पद र जिम्मेवारीमा हुनुहुन्छ खुलाईदिनुहोस्।

जवाफ ४ सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि. मा कुनै पदमा छैन। स्थापनाकालदेखि समानता बचत तथा ऋण सहकारी संस्था लि. नेपालगञ्जमा म सचिव छु। सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा मलाई जानकारी नगराई संचिव बनाईएको रहेछ। सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्ज, स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. र सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा कोषाध्यक्ष बनाएको रहेछ। स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. मा कोषाध्यक्ष रहने भएपछि अन्यमा राजिनामा दिएको थिए तर सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा राजिनामा स्वीकृती भएको छैन। स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का सञ्चालक समितिमा अध्यक्ष जि.बी राई, उपाध्यक्ष देवेन्द्र बाबु राई, सचिव ईरान लामा, कोषाध्यक्ष कुमार रम्टेल, व्यवस्थापक नविन अछामि, सह-सचिव कविता तामाङ, सदस्यमा हेमन्त अधिकारी र रविना रिमाल रहेका थिए।

सवाल ५ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ५ मैले सहकारी सञ्चालन गरेको थिइन म डमी पदाधिकारी मात्र भएकोले अध्यक्ष र व्यवस्थापकको हालीमुहाली थियो कसरी सञ्चालन गरेका थिए थाहा भएन।

सवाल ६ सहकारी संस्था सञ्चालन वाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ६ म नेचर नेष्ट कम्पनीको मार्केटिङ म्यानेजरको रूपमा काम गर्दथे। यस भन्दा अगाडी गोर्खा आयुर्वेदमा मार्केटिङ अफिसर र हर्बो ईन्टनेश्नलमा वितरकको काम गर्थे। हर्बो ईन्टनेश्नलमा त्यतिवेला अनन्तबहादुर राई डाईरेक्टर र जि.बी. राई प्रिजेन्टरको रुपमा कार्यरत थिए।

सवाल ७ तपाईं पदाधिकारी रहेका सूर्यदर्शन, स्वर्णलक्ष्मी र समानता सहकारी संस्थाहरूको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ७ सहकरी संस्थाहरूको साधारणसभामा मेरो उपस्थिति नरहेको कारण सञ्चालक समितिमा अध्यक्ष थानबहादुर बुढामगर बाहेक अन्य सहकारीका पदाधिकारीबारे मलाई जानकारी भएन।

सवाल ८ हाल उक्त संस्थाहरू सञ्चालनमा छन्/छैनन् ? उक्त संस्थाहरू समस्यामा पर्नुको कारण के हो ?

जवाफ ८ हाल उक्त संस्थाहरू सञ्चालनमा छैन। समस्यामा पर्नुको कारण सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. हकमा रकम दुरुपयोग भई माग बमोजिमको बचत रकम समयमा फिर्ता गर्न नसक्नु हो । समानताको हकमा संस्था बन्द हुनु र कर्मचारीहरुले काम छोडेर हिन्नु हो। स्वर्णलक्ष्मीको हकमा सञ्चालक हुन सक्ने अवस्था छ तर कर्मचारी नभएको कारण सञ्चालन गर्न सकेको छैन्

सवाल ९ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ९ अन्य सहकारीको सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही छैन। स्वर्णलक्ष्मी सहसचिव कविता तमाङ मेरो श्रीमती हुन र व्यवस्थापक नबिन अछामी मेरो भान्जा हुन्।

सवाल १० अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ १० अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्तिको समानता सहकारी संस्था र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको हकमा मं स्वयं, गितेन्द्र बाबु राई र देवेन्द्र बहादुर राई सहकारीको सञ्चालक समितिमा आबद्ध रहेको जानकारी छ। यो कानून अनुसार मिल्ने होईन।

सवाल ११ सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ ११ सञ्चालकहरू कर्मचारी पनि रहेका छन्। सूर्यदर्शनको हकमा अध्यक्ष थान बहादुर बुढामगर व्यवस्थापक पदमा पनि रहेका थिए। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गरिएको थियो यसबारे मलाई थाहा जानकारी भएन। सनो पाईला बिरगंजमा तस्विरण खातुन सचिव र व्यवस्थापनमा रहेको छ।

सवाल १२ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ १२ म विभिन्न पदमा राखिएका हुनाले कामको बारे थाहा जानकारी भएन। जि.बी. राईको निर्देधनमा सबै काम व्यवस्थापनले गर्दथे।

सवाल १३ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १३ यस विषयमा मलाई थाहा जानकारी भएन।

सवाल १४ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १४ नेचर नेष्ट प्रा.लि., गोर्खा मिडिया नेटवर्क प्रा.लि. र स्प्रिइ उड रियल स्टेट एण्ड हाउजिइ प्रा.लि.मा लगानी रहेको छ भन्ने कुरा थाहा छ। के कति छ, थाहा जानकारी भएन।

सवाल १५ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १५ त्यसबारे मलाई थाहा जानकारी भएन।

सवाल १६ तपाइको गितेन्द्रबाबु राईसँग कसरी चिनजान भएको हो ?

जवाफ १६ गोर्खा आयुर्वेद कम्पनी प्रा.लि.को मार्केटिड अफिसर हुदाँको सिलसिलामा गितेन्द्र बाबु राईले नेचर नेष्ट प्रा.लि. सञ्चालन गरेका रहेछन्। गोर्खा आयुर्वेद कम्पनीको उत्पादनको सोल डिष्ट्रिब्युटरको अनुमति लिने क्रममा चिनजान भएको हो। त्यसपछि मलाई नेचर नेष्ट प्रा.लि. मा जागिरको लागि अफर गर्नु भयो। सोही अनुसार म नेचर नेष्टको कर्मचारीमा नियुक्त भएँ।

सवाल १७ तपाई आबद्ध सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. लगाएतको चेक वा अन्य भुक्तानीका साधनहरू तपाई स्वयं नै विभिन्न पदमा रहेका अन्य सहकारी संस्थाहरु सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि., समानता बचत तथा ऋण सहकारी संस्था लि. नेपालगञ्ज, सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्ज, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवल र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. मा सटही हुने गरेको थियो/थिएन ? खुलाईदिनुहोस्।

जवाफ १७ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल १८ तपाईले माथि उल्लिखित सहकारी संस्थाहरूमा के-कति रकम बचत गर्नुभएको छ र के-कति रकम कर्जा लिनुभएको छ ? खुलाइदिनुहोस्।

जवाफ १८ उक्त सहकारी संस्थाहरूमा मैले कुनै रकम लिएको र बचत गरेको छैन। मलाई डमी कोषाध्यक्षको रूपमा नियुक्ति गरी मेरो नाममा बचत तथा ऋण खाताहरू कृत्रिम रूपमा सञ्चालन गरिएको रहेछ। मेरो नाममा पेश्की कारोबारहरू सञ्चालन गरिदाँ मेरो हस्ताक्षर मञ्जुरी जनाउने कुनै पनि प्रक्रिया पूरा गरिएको छैन। मेरो नामको बचत खाताबाट रकमान्तर गरिदा हस्ताक्षर सहितको अनुमति जनाउने नगद रसिद भौचरहरू छैनन्। पछिल्लो साधाणसभामा समेत उक्त

संस्थाले माईन्युटमा किर्ते हस्ताक्षर गरी साधारणसभा सम्पन्न गरेको पाईयो। मेरो बैंक खातामा ११ जुलाई २०१८ मा १३ लाख १५ हजार, ४ अक्टोबर २०१८ मा १६ लाख ८५ हजार गरी जम्मा रु. ३० लाख रकम सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. बाट आएको रहेछ। उक्त रकम आउदा ३० लाख रुपैया तपाईको खातामा आउछ व्यक्ति र संस्थालाई दिनु भनी गितेन्द्र बाबु राईको निर्देशन बमोजिम नै जि.एम.ई. रेमिट प्रा.लि. लाई १० लाख, पुनः १२ लाख, सिद्धार्थ रेमिटबाट चन्द्रकला राईलाई ५ लाख, ड्रिम कोएष्ट ईन्भेष्मेन्टलाई ३ लाख १४ हजार ४० रुपैया दिएको हो। ३० लाख मध्ये १४ हजार ४० रुपैया मेरो व्यक्तिगत रकम बढी गएको हो। पछि गितेन्द्र बाबु राईबाट क्यास नगद फिर्ता लिएको हो। यसको भौचर र बैंक स्टेटमेन्ट यसै साथ संलग्न गरेको छु। सानो पाईलाबाट विभिन्न समयमा रु ७ करोड ८७ लाख ९६ हजार रकम, स्वर्ण लक्ष्मीबाट ९ लाख ४७ हजार ९ सय रकम, साहारा चितवनबाट ९७ लाख ५५ हजार रकम र सुप्रिमबाट १ करोड ६२ लाख ६५ हजार ६ सय रकम जम्मा भएको हो। तर गितेन्द्र बाबु राईले सैवु ललितपुरको जग्गा खरिद गर्ने प्रयोजनको लागि मेरो खाता प्रयोग गरेका थिए सो रकम जग्गा बिक्री गर्ने व्यक्तिको खातामा गितेन्द्र बाबु राईको निर्देशन बमोजिम जम्मा गरेको हो। उक्त जग्गा सुरूमा मेरो नाममा बैना गरे र पछी गितेन्द्र बाबु राईको नाममा पास भएको छ। यस बाहेक मैले सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.बाट कुनै पनि रकम, पेश्की बुझेको छैन, मेरो नाममा देखिएको छैन।

सवाल १९ तपाई आबद्ध सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.मा तपाईको ७७ लाख ३२ हजार ३ सय २७ कसरी बाँकी देखियो?

जवाफ १९ जहा सम्म मेरो संलग्नताको कुरा छ गितेन्द्र बाबु राई सँग सम्बन्धित सम्पूर्ण सहकारीहरूमा तरलता अभाव, कोभिड १९ को कारण व्यापार व्यवसायमा आएको मन्दीले परेको वित्तिय संकटले यी संस्थाहरूलाई पनि अछुतो राखेन जसका कारण बचतकर्ताहरूको माग बमोजिम बचत फिर्तामा समस्या आयो। आक्रोशित बचतकर्ताहरूलाई समन्वय गर्नका लागि ती संस्थाहरूमा २०७९ साल भाद्र महिनामा समन्वयात्मक भूमिका निर्वाह गर्न मलाई पठईएको थियो सोही कारण मेरो संलग्नता देखिन गयो। त्यसबेला बचतकर्ताहरू सँग समन्वय गर्दा गितेन्द्र बाबु राई लगायत व्यवस्थापकहरूले बचत फिर्ता गर्ने भनि दिएको योजना अनुसार मैले बचतकर्ताहरूलाई समन्वय गरेको हो। यस क्रममा उहाहरूसँग भएको सवारी साधन बिक्री गरी तत्कालको समस्या समाधान गर्न तर्फ लाग्नुभयो। दोस्रो चरणमा जग्गा जमिनहरू बेचबिखन गरेर बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने क्रम रहदाँ रहदै तोकिएको समयमा जग्गा जमिन बिक्री नहुँदा बचतकर्ताहरू आक्रोशमा आई कार्यालय तोडफोड तथा उजुरबाजुर तर्फ लाग्नुभयो। त्यस पश्चात संस्था बन्द भयो र गितेन्द्र बाबु राई लगायत सहकारीका सम्पूर्ण व्यवस्थापकहरू फरार भए। उनको दैनिक गतिविधि खर्च, विदेश भ्रमण, पाहुना सत्कार, अन्य व्यक्ति एवं संस्थाहरूसँग

कारोबारी लेनदेन आदि व्यवस्थापनमा गर्नु पर्ने जिम्मेवारी अन्तर्गत रही उक्त रकम गितेन्द्र बाबु राईसँग सम्बन्धित कार्यहरूमा खर्च गरिएको हो। मैले निजि प्रयोजनमा कुनै रकम प्रयोग गरेको छैन। उक्त रकमहरू मेरो खातामा रकमान्तरण हुँदा सम्बन्धित संस्थाको कुनै पनि पदिय जिम्मेवारीमा म थिईन। ते सूर्यदर्शनबाट मेरो नाममा आएको रकम ३० लाख मात्रहो ७७ लाख कसरी आयो मलाई जानकारी भएन। मैले सम्पूर्ण प्रक्रिया पूरा गरी सुप्रिमबाट व्यक्तिगत रूपमा लिएको ऋण ३५ लाख र स्वर्णलक्षम्मीबाट लिएको २५ लाख रकम तिरीसकेको छु।

सवाल २० तपाई आबद्ध सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि., हर्बो इन्टरनेसनल प्रा.लि., स्प्रिड् उड रियल स्टेट एण्ड हाउजिङ् प्रा.लि., बेटाज एजुकेसन कन्सल्टेन्सी, गोर्खा ग्रुप अफ कम्पनी, जि.टि.आर. लिङ्क, गोर्खा आयुर्वेद कम्पनी, नेचर नेष्ट प्रा.लि., गोर्खा वेवलिङ्क प्रा.लि., गोर्खा ग्रुप मल्टी इन्भेष्टमेन्ट प्रा.लि., एपिवान मिडिया प्रा.लि., मन्दरा स्पा एण्ड वेलनेस सेन्टर प्रा.लि., भगवती बालुवाखानी प्रा.लि., गोर्खा ग्रुप अफ इन्टरनेसनल, मन्दरा टुर एण्ड एक्सिडिसन प्रा.लि., नेचर हर्ब्स इन्टरनेसनल प्रा.लि., नेपाल श्री मल्टिमिडिया प्रा.लि., जि.बी. ग्रुप अफ कम्पनीज प्रा.लि., हिमालयन किङ्गम एक्सपोर्ट प्रा.लि., स्टेप इन मार्ट होल्डिङ्ग प्रा.लि. मा के-कुन मितिमा के-कति रकम प्रवाह भएको छ ? यसबाहेक अन्य कम्पनीहरूमा समेत कुनै रकम प्रवाह भएको भए समेत खुलाई दिनुहोस्।

जवाफ २० यसबारे मलाई थाहा जानकारी भएन।

सवाल २१ पोखरा महानगरपालिका वडा नं. ९ पुरून्चौर बस्ने नेत्रपाणी वास्तोलाले आफुले लिएको कर्जा चुक्ता गरी सकेपछि पुनः नक्कली दस्तखत गरी मेरो नाममा कर्जा प्रवाह भएको देखाइएको रहेछ तर सो कर्जा मैले लिएको होइन भन्ने समेत व्यहोराको निवेदन यस समितिमा दिनुभएको छ। संस्थाबाट ऋण प्रवाह गर्दा के-कस्ता प्रक्रिया अपनाउने गरिन्छ, चरणगत रूपमा खुलाउनुहोस्।

जवाफ २१ मलाई डमी कोषाध्यक्ष रूपकामा खडा गरिएको हुनाले मलाई कारोबारको बारेमा जानकारी छैन।

सवाल २२ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको मिति २०८०।०५।२१ को कर्जा सापटी वासलात अनुसार रु. १,३१,५३,८२,९०८ देखिन्छ तर कम्प्युटर लेखाप्रणालीकै कर्जा सूचीअनुसार जम्मा कर्जा रु. १,३१,५६,३७,४४५ देखिन्छ, दुवैतर्फको विवरण कसरी फरक हुन गयो ?

जवाफ २२ मलाई डमी कोषाध्यक्ष रूपकामा खडा गरिएको हुनाले मलाई कारोबारको बारेमा जानकारी छैन।

सवाल २३ सम्बन्धित अध्यक्ष/कर्मचारीको कार्यकालमा ऋण प्रवाह गरिएको देहायका ऋणका लागि पर्याप्त धितो लिनु भएको छ कि छैन ? सो ऋणमा लाग्ने ब्याज पूँजीकृत गरेको छ कि छैन ? ऋणहरू प्रक्रिया पूरा गरी उपलब्ध गराएको हो कि होइन ?

ज्ञान बहादुर बोम्जन	रु.१,५४,४९,८३६
गितेंद्र बाबु राई	रु.२९,९८,२०,९३१
भूपेन्द्र राई	रु.५४,०७,६५,००८
थान बहादुर बूढामगर	रु. २,७०,१५,७१६
शिव बहादुर गुरुङ	रु.१७,०८,०५,२४९
कुमार रम्तेल	रु.७७,३२,३२७
हेमन्त अधिकारी	रु.२,३३,२२,५२५

जवाफ २३ मेरो खातामा ३० लाख रकम गितेन्द्र बाबु राईको प्रयोजनका लागि आएको बाहेक अन्य रकम कसरी आयो मलाई जानकारी छैन। यस ऋणमा मेरो माग र हस्ताक्षर केही पनि रहेको छैन अन्यको हकमा थाहा भएन।

सवाल २४ सहकारी संस्थाले निजी कम्पनीलाई ऋण दिन मिल्छ ? गोरखा मिडिया नेटवर्क प्रा.लि. लाई रु. ५ करोड ५८ लाख, नेचर नेस्टलाई रु. १ करोड ७८ लाख ५४ हजार र नेचर हर्व्सलाई रु. २ करोड ५३ लाख १३ हजार बराबर ऋण के-कुन आधारमा उपलब्ध गराएको हो ? खुलाइदिनुहोस्।

जवाफ २४ सहकारी संस्थाले निजी कम्पनीलाई ऋण दिन मिल्छ मिल्दैन त्यो मलाई थाहा भएन। नेचर हर्व्सको हकमा सुरुदेखि आबद्ध भएको हुदाँ त्यसको अडिट रिपोर्ट अनुसार जति पनि रकम बैंक खातामा दाखिला भएको छ, त्यो रकम डाइरेक्टर लोन भनेर गितेन्द्र बाबु राईको नाममा देखिएको छ। जुन रकम नगद र सवारी साधन बिक्री गरेर फिर्ता गरिसकिएको छ। अन्यको हकमा कारोबार हुदाँको बखत मेरो उपस्थिति नभएकोले थाहा जानकारी भएन।

सवाल २५ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाले मिति २०७८।०७।२१ मा कार्यालय भवन रु. ७ करोड २५ लाखमा खरिद गर्ने निर्णय गरेको तर सो सम्बन्धित आधिकारिक कागजात नरहेकोले, सो अङ्कलाई कसरी पुष्टी गर्नु हुन्छ ?

जवाफ २५ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल २६ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम रु. ८५,६१,४५३.२१ सरकारलाई किन नतिरेको ?

जवाफ २६ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल २७ संस्थाले कर्मचारीलाई पेश्की रकम रु. १ करोड ८३ लाख बराबर उपलब्ध गराएको देखिन्छ, के कारणले उपलब्ध गराइएको हो ? सोको औचित्य कसरी पुष्टी गर्न सक्नुहुन्छ ?

जवाफ २७ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल २८ यस संस्थाले सानो पाईला सेभिंग एण्ड क्रेडिट सहकारी लगायत अन्य संस्थाबाट केका लागि रु. १ करोड ४९ लाख ऋण लिएको हो ? खुलाइदिनुहोस्।

जवाफ २८ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल २९ ब्रिज ऋण (Bridge Loan) भनेको के हो ? सहकारीले सूर्यदर्शन ब्रिज ऋण अन्तर्गत जम्मा ऋण रकमको ८१% हुन आउने रकम रु. १ अर्ब ६ करोड ५६ लाख किन र के उद्देश्यले कसलाई प्रवाह गरेको हो ? खुलाइदिनुहोस्।

जवाफ २९ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल ३० संस्थाले आसामी रु. ३५ लाख कोसँग असुल गर्नु पर्ने हो ?

जवाफ ३० यसबारे मलाई थाहा जानकारी भएन।

सवाल ३१ व्यक्तिगत प्रयोजनका लागि रु ३८,७२,०१७ ब्याज खर्च देखाई गितेन्द्रबाबु राईको बचत खाता नं ३१-१४४५३ मा जम्मा किन गरिएको हो ?

जवाफ ३१ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल ३२ जग्गा शीर्षकमा ३७,०७,९५३ र सवारी साधनमा शिर्षकमा रु २५,८२,६०८ देखाइएको छ तर आधिकारिक रूपमा संस्थाको नाममा कुनै जग्गा खरिद गरेको प्रमाण भेटिदैन, किन ?

जवाफ ३२ जग्गाबारे ईटहरी र चितवनमा हेर्न गएको र फर्केर आएपछी राति होटल नारायणगढमा बस्ने क्रममा बचतकर्ता संघर्ष समितिका संयोजक किरण कुमार श्रेष्ठले १० लाख रकम लिई थानबाहदुर बुढामगरलाई भगाई थानबहादुर बुडामगरले चढ्ने गरेको सहकारीको नाममा भएको गाडी समेत निज किरण श्रेष्ठले धेरै अगाडि देखि जफत गरी चड्ने गरेको छ।।

सवाल ३३ मिति २०७८।०३।३१ मा रबि लामिछानेलाई १४.७५% ब्याजदर लिने गरी रु.१ करोडको पहिलो वर्ष को ब्याज १४,७५,००० र दोश्रो वर्षको ब्याज रु.१६,१३,७३० गरी जम्मा रु. १ करोड ३० लाख ८९ हजार मिति २०८०।०३।१३ मा ऋण चुक्ता नगरी गोरखा मिडिया प्रा.लि. को नाममा ऋण कसरी कायम गरिएको हो र यो कानून सम्मत छ कि छैन ? निज पूर्वउपप्रधान तथा गृहमन्त्री एवं प्रतिनिधि सभाका माननीय सदस्य रबी लामिछाने हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ३३ सूर्यदर्शन बाट भएको कारोबार बारे मलाई जानकारी भएन तर सुप्रिम बचत तथा ऋण सहकारी संस्था बुटवलबाट मेरो नाममा करीब १ करोड ९० लाखको कृत्रिम ऋण खडा गरी करीब ७ लाख किस्ता तिरिएको ऋणी रबि लामिछाने र करीब १७ लाख किस्ता तिरिएको छविलाल बन्जाडे जोशीको किस्ता तिरिएको हो। ऋणी रबि लामिछाने पुर्व उपप्रधान तथा गृह मन्त्रि एवम् प्रतिनिधि सभाका माननिय सदस्य र करीब किस्ता तिरिएको छविलाल बन्जाडे जोशी पुर्व नायव महानिरीक्षक हुनुहुन्छ भन्नेमा म यकीन छु। सो ऋणको बाँकी रकम गोरखा मिडिया नेटवर्कको खातामा गएको देखिन्छ।

सवाल ३४ तपाईले यस अघिका सवाल जवाफमा सहकारीका कारोबारसँग सम्बन्धित धेरै कुरा थाहा नभएको उल्लेख गर्नुभयो समितिमा यस पूर्व प्राप्त जानकारी अनुसार रवि लामिछानेको सूर्यदर्शन, पोखरामा सृजना चोक कास्की र सुप्रिम, बुटवलमा बुटवल ठेगाना राखि पहिचान खुल्ने आवश्यक कागजात र प्रक्रिया पुरा नभएको अवस्था छ। तपाईले के कुन आधारमा निज रवि लामिछाने पुर्व उपप्रधान तथा गृह मन्त्रि र प्रतिनिधि सभाका माननिय सदस्य भनि एकिन गर्नुभयो ?

जवाफ ३४ मेरो नाममा खडा गरिएको ऋण कृत्रिम ऋण हो। मैले चिनेको रवि लामिछाने निज पूर्वउपप्रधान तथा गृहमन्त्री नै हुन्। मेरो नाममा खडा गरिएको कृत्रिम ऋणबाट किस्ता तिरी बाँकी रकम गोर्खा मिडिया नेटवर्क प्रा.लि.को खातामा जानुले पनि यो कुरा पुष्टि हुन्छ। त्यसैले उक्त रकम तिरिएको व्यक्ति पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने नै हुन् भन्ने कुरा म यकिन साथ भन्न सक्छु। तर निज रवि लामिछानेको ऋण खाता वास्तविक हो वा कृत्रिम हो भन्न सक्दिन। निज रवि लामिछाने उँहाको पर्टीको बुटवल-नारायणगढ पदयात्रामा हुँदा मैले दिपक बोहोराको मोबाइलमा सम्पर्क गरी उहाँसँग कुरा गर्दा सहकारी चलाउने र ऋण लिनेमा तपाईको कागजात र हस्ताक्षर नभएता पनि आजको स्थिति आउनमा तपाईको भूमिका छ समेत भनेको थिए। Galaxy TV मा कम्तिमा ५ बर्ष काम गर्ने सहमति भएको र नियमित किस्ता तिरीरहेको अवस्थामा तपाईले ८ महिनामै छोडेका कारण समस्या भयो भन्दा उहाँले यस विषयमा जि.वि. राई सँग कुरा भइसकेको छ भन्नु भएको थियो।

सवाल ३५ सहकारीले कूल निक्षेपको १०% तरलता राख्नुपर्नेमा, ०.१२% मात्र किन राखेको हो?

नगद मौज्दात	रु.१४,९५,५१०.००
बैंक मौज्दात	रु. १,०२,२१०.४७
राष्ट्रिय सहकारी बैंक लि. मा शेयर लगानी	रु.१०,०००.००
जम्मा रकम	रु.१६,०७,७२०.४७
जम्मा निक्षेप	रु. १,३५,४९,८७,९६२.९२

जवाफ ३५ यसबारे मलाई थाहा जानकारी भएन।

सवाल ३६ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रवन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ३६ बचतकर्ताहरूको माग बमोजिम बचत फिर्तामा समस्या आएपछि बचतकर्ता समन्वय गर्नका लागि जाँदा गितेन्द्र बाबु राई र व्यवस्थापक थानबहादुर बुढामगरले दिएको योजना अनुसार, उहाँको नाममा भएको जग्गा जमिन, सवारी साधन बिक्री गरेर प्राप्त रकम, कम्पनीको शेयरहरू बिक्री गरेर नगद बनाएर चलायमान गरेको अवस्थामा संस्थाले समस्या समाधान गर्न सक्छ जस्तो लाग्छ।

सवाल ३७ तपाई पदाधिकारी रहेको विभिन्न संस्थाहरू को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ३७ फरक फराक सहकारीमा फरक फरक पदमा रहेको कारणले समस्या समाधान गर्न कसले के-के गर्नुपर्छ थाहा भएन।

सवाल ३८ अन्त्यमा तपाईको थप भन्नु केही छ ?

जवाफ ३८ यी सहकारी ठगीमा संलग्न मुख्य व्यक्तिहरु ज्ञानबहादुर बम्जन, गितेन्द्र बाबु राई, देबेन्द्र बाबु राई, भुपेन्द्र राई, दिनेश रोक्का, सागर के.सी., थानबहादुर बुढामगर, असरफ अली र तस्वीरन खातुन् हुन्। मैले बचतकर्ताको रकम फिर्ता गर्न हाल पनि प्रयास गरिरहेको छु तर बिगतमा मैले जि.बी. राईलाई त्यति धेरै सहयोग गर्दा पनि मलाई धोका दिइ भागेका छन्। बिगत १२ महिना देखि म कारागारमा बस्दा समेत कोही कसैले भेट्न समेत आएको छैन। म बसिरहेको घर लिलाम भई म कारागारमा मेरो परिवार हाल डेरामा बस्नु पर्ने अवस्थामा पुगे। मेरो छोरा बहिनी सँग बसिरहेको छ। श्रीमतीको स्थिती अज्ञात छ। तर कोही कसैले मलाई सहयोग गर्नु भएन। मलाई थाहा जानकारी भएसम्म उनको मातहतमा रहेका व्यावसायिक एवं वित्तीय संस्थाहरूको आर्थिक कारोबार उनी स्वयम् र व्यवस्थापकहरू भूपेन्द्र राई, (स्वर्णलक्ष्मी), सागर के.सी. (सुप्रिम), दिनेश रोका (सहारा चितवन), थान बहादुर बुढामगर (सूर्यदर्शन), तस्विरन खातुन (सानोपाईला), सँग सम्बन्धित रहेर मात्र गर्ने गरेका थिए। यसको जानकारी कुनै पनि डमी सञ्चालक समितिहरूलाई कहिले पनि थाहा दिएनन् र जानकारी भएन। म हाल शेयर धनी देखिएको गोर्खा मिडिया नेटवर्क प्रा.लि. र जि.बी. ग्रुप अफ कम्पनी प्रा.लि.मा सहकारी संस्थाहरूबाट रकम कारोबारहरू गरिदाँको समयमा म यी संस्थाहरूमा कुनै पनि हिसाबले संलग्न थिईन। यो कुरा उक्त संस्थाको शेयर लागतहरूबाट स्पष्ट हुन्छ। यी संस्थाहरूको सञ्चालनमा समस्या आउदै गएपछि उक्त बाध्यात्मक परिस्थितिमा गितेन्द्र बाबु राईले उक्त संस्थाहरूबाट केही प्रतिशत रोयल्टी शेयरको व्यवस्था सहित मलाई संस्था सु-व्यवस्थापनको जिम्मेवारी दिनुभएको थियो। म पदाधिकारी थिईन। उक्त कारोबार गरिदाँको बखत रकम लिनेदिने दुबै तर्फको संस्थाहरूका तत्कालिन पदाधिकारीहरूलाई जिम्मेवार ठहऱ्याउनु पर्नेमा उनीहरूलाई उन्मुक्ति दिने र मलाई पुर्पक्षको लागि थुनामा राख्ने कुरा न्यायोचित भएको मलाई लाग्दैन। गितेन्द्र बाबु राईसँग जोडिएका सहकारी संस्थाहरूमा मेरो नाम जोडिएको छ ती मैले नेचर नेष्ट प्रा.लि. सँग गरेको १५ वर्षे सम्झौताको आडमा कति थाहै नदिई, कति मञ्जुरी नलिई, कति बाध्यातामा पारी डमी पदाधिकारीको रूपमा उभ्याईएको पात्र मात्र हुँ। तसर्थः फरार रहेका सहकारीका सञ्चालक तथा व्यवस्थापकहरूलाई झिकाई कानूनसम्मत् काम गर्ने वातावरण सिर्जना गरिदिएमा समस्या समाधान हुन्छ। यी सम्पूर्ण गतिविधिहरूमा मेरो संलग्नता नभएको कारण म निर्दोष छु, म अन्यायमा परेको छु यथाशीघ्र न्याय पाउँनुपर्छ भन्ने माग गर्दछु।

सहकारीका संस्थाका अध्यक्ष र व्यवस्थापकहरुलाई यथाशिघ्र देशभित्र ल्याई वचतकर्ताको रकम फिर्ता गर्ने गराउने काम गर्नु पर्दछ। उनीहरु उपस्थित भएमा समस्याको समाधान हुन सक्दछ। उनीहरुलाई उन्मुक्ति दिएर समस्याको समाधान पनि हुँदैन न्याय पनि हुन सक्दैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ११ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः कुमार रम्तेल

पदः कोषाध्यक्ष/सचिव/ कोषाध्यक्ष

संस्थाः सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि./ समानता बचत तथा ऋण सहकारी संस्था लि/ स्वर्णलक्ष्मी बुउद्देश्यीय सहकारी संस्था लि.

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ साउन २९ गते मंगलबार

समयः अपराह्न ०७:२५ बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समितिको पूर्वसदस्य हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय कास्कीमा थुनामा रहनु भएका श्री भविश्वर अर्यालसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम भविश्वर अर्याल हो। बाज्ये टोपिलाल अर्याल, बुबा प्रेमनारायण अर्याल, आमा यमुना अर्याल हो। मेरो परिवारमा श्रीमती कुन्ता काफ्ले अर्याल, छोरा युजेन अर्याल सहित म हाल सपरिवार ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. १ मा बस्छु। मेरो स्थयी ठेगाना जिल्ला स्याङ्जा, गल्याङ नगरपालिका वडा नं. ९ हो। मेरो ना.प्र.नं. ४२२०२२/२९७ र मोबाइल नं ९८५१२२१३१५ हो। म हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय कास्कीमा थुनामा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ गितेन्द्र बाबु राईद्वारा सञ्चालित गोर्खा वेबलिङ्क प्रा.लि.मा म सिनियर सफ्टवेयर निर्माणकर्ताको रूपमा १६ मे २०१५ देखि १५ नोभेम्बर २०२२ सम्म कार्यरत थिएँ। त्यसको बिक्री वितरण सबै गोर्खा वेबलिङ्कले गर्दथ्यो। स्वयं गितेन्द्र बाबु राईले सञ्चालन गरेको ६ वटा सहकारी संस्थाहरू सहारा चितवन बहुउद्देश्यीय सहकारी, समानता बचत तथा ऋण सहकारी, सानो पाइला बचत तथा ऋण सहकारी, सुप्रिम बचत तथा ऋण सहकारी, सूर्यदर्शन बचत तथा ऋण सहकारी र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाहरूमा जि.सि.एस. बैंकिङ्ग नामको सफ्टवेयर प्रयोग गरिएको छ। उक्त सफ्टवेयरमा गोर्खा वेबलिङ्क प्रा.लि.को कपिराईट रहेको छ र उक्त कम्पनीको सफ्टवेयर डेभलपर (कर्मचारी) हुँ। म हालसम्म कुनै पनि सहकारीमा सञ्चालक तथा कर्मचारी रहेको छैन।

सवाल ४ तपाईले सहकारीमा अबद्ध छैन भन्नुभयो, तर पोखरा महानगरपालिकाद्वारा भएको छनबिन प्रतिवेदन अनुसार सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को २०७३ मंसीर १७ गतेदेखि २०७८ असोज १० सम्म सञ्चालक समितिको सदस्य रहेको र उपस्थिति लगायतका कागजातमा हस्ताक्षर

भएको देखिन्छ, के हो?

जवाफ ४ यस विषयमा मलाई जानकारी छैन। उक्त सहकारीमा सञ्चालक सदस्यको लागि मैले कुनै आवेदन पनि दिएको छैन, कुनै बैठक, निर्णय र साधारणसभामा संलग्न भएको पनि छैन र राजिनामा पनि दिएको छैन। अहिलेको सञ्चालक समितिमा पनि छैन। उक्त सहकारीको कुनै पनि निर्णयमा हस्ताक्षर गरेको छैन। मैले विभिन्न माइन्युट लगायतका कागजात हेर्दा फरक फरक हस्ताक्षर छ। यस समितिले पनि हेर्न सक्छ। सो हस्ताक्षरको आधिकारिकता पुष्टी गर्न अदालत समक्ष माग गरेको छु।

सवाल ५ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ५ यो विषयमा मलाई जानकारी भएन।

सवाल ६ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ६ मेरो पेशा पहिलेदेखि नै सफ्टवेयर डेभलपर हो। म फ्रि-लान्सर डेभलपरको रूपमा पनि काम गर्दछु।

सवाल ७ तपाई पूर्व सञ्चालक सदस्य रहेको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ७ मिति २०७३ सालदेखि २०७८ सालसम्म मेरो जानकारी बिना सञ्चालक समितिको सदस्यको रूपमा उक्त सहकारीमा मेरो नाम मात्र उल्लेख गरिएको पाइयो। मं उक्त सहकारीको कुनै पनि बैठक साधारणसभा लगायतका सञ्चालक समितिको सदस्यको कार्यमा उपस्थित थिइन र मलाई सो विषयमा जानकारी थिएन। कुनै निर्णय र कागजातमा मेरो हस्ताक्षर पनि छैन। उक्त सहकारीमा तत्कालिन समयमा सञ्चालक समितिमा अध्यक्ष भूपेन्द्र राई, उपाध्यक्ष कैलाश दर्लामीमगर र कोषाध्यक्ष कुमार रम्तेल हुनुहुन्थ्यो अरु थाहा भएन। हाल उक्त सहकारीमा अध्यक्ष थानबहादुर बुढा मगर, उपाध्यक्ष कैलाश दर्लामी मगर र कोषाध्यक्ष कुमार रम्तेल रहेका छन् अरु जानकारी भएन।

सवाल ८ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ८ हाल उक्त संस्था सञ्चालनमा छैन। उक्त संस्था समस्यामा पर्नुको मुख्य कारण तरलताको अभाव, गितेन्द्र बाबु राईको आफ्ना निजी कम्पनीहरूमा पेश्कीको माध्यमबाट ठूलो मात्रामा रकम प्रवाह भएको तर फिर्ता नआएको सफ्टवेयरबाट देखिन आउँछ। सफ्टवेयरमा हेर्दा ऋणको सूचिमा देखिन्छ तर साँवा वा व्याज फिर्ता आएको देखिदैन।

सवाल ९ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ९ सञ्चालक समितिका सदस्यहरूमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।



सवाल १० अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई सञ्चालक सदस्य रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ १० मैले थाहा पाए अनुसार गितेन्द्र बाबु राई स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था र समानता बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष र अन्य सहकारीमा संरक्षकको रूपमा हुनुहुन्छ। साथै भूपेन्द्र राई सूर्यदर्शन बचत तथा ऋण सहकारीको अध्यक्ष, स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको व्यवस्थापक र सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था चितवनको सञ्चालक समितिको सदस्यको रूपमा हुनुहुन्थ्यो। त्यसैगरी कुमार रम्तेल एकै समयमा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी र सूर्यदर्शन बचत तथा ऋण सहकारीको कोषाध्यक्ष र सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा सचिव पदमा हुनुहुन्छ। त्यसैगरी देवेन्द्र बाबु राई स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको उपाध्यक्ष, सानो पाइला बचत तथा ऋण सहकारी र साहारा चितवन बहुउद्देश्यीय सहकारी चितवनमा सदस्य पदमा हुनुहुन्छ। अनन्तबाबु राई सानो पाइला बचत तथा ऋण सहकारीको अध्यक्ष र साहारा चितवन बहुउद्देश्यीय सहकारीको सदस्यको रूपमा हुनुहुन्छ। यी सबै सहकारीका काम कारबाही गितेन्द्र बाबु राईको प्रत्यक्ष निर्देशनमा हुने गर्दथ्यो।

सवाल ११ सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ ११ सञ्चालकहरू कर्मचारी पनि रहेका थिए। सूर्यदर्शन बचत तथा ऋण सहकारीका अध्यक्ष थानबहादुर बुढा मगर सोही संस्थामा व्यवस्थापकको भूमिकामा रहेका छन्। साथै अन्य पनि यस्तै भूमिकामा रहेका छन्। व्यवस्थापक वा कर्मचारी छनौट कुनै विधि र पद्धति अनुसार भएको लागेन।

सवाल १२ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ १२ सहकारी संस्थाका सदस्य बाहेकका व्यक्तिको नाममा पनि ऋण प्रवाह भएको सफ्टवेयरबाट देखिन्छ तर कागजमा पूर्ण रूपमा भौतिक प्रमाण देखिदैन।

सवाल १३ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १३ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्र भन्दा बाहिरका व्यक्ति पनि सदस्य रहेको सफ्टवेयरबाट देखिन्छ।

सवाल १४ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १४ यस विषयमा मलाई थाहा जानकारी भएन।

सवाल १५ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १५ माथि उल्लिखित ६ वटा सहकारीहरूको अकाउन्टिङ लेजर सिर्जना गरी कारोबार गरेको सफ्टवेयरबाट देखिन्छ।

सवाल १६ तपाइको गितेन्द्रबाबु राईसँग कसरी चिनजान भएको हो ?

जवाफ १६ गितेन्द्र बाबु राईलाई गोरखा वेबलिङ्गको लागि सफ्टवेयर डेभलपर आवश्यक परेको र म हिमालयन होस्ट डट कममा सर्भर किन्न जाँदा सो विषयमा जानकारी पाई निजसँग सफ्टवेयर डेभलपरको रूपमा भेट गरेको थिएँ।

सवाल १७ तपाइले उक्त सहकारी संस्थामा के-कति रकम बचत गर्नुभएको छ र के-कति रकम कर्जा लिनुभएको छ ? खुलाइदिनुहोस्।

जवाफ १७ उक्त सहकारीमा मेरो शेयर, ऋण र बचत केही पनि छैन।

सवाल १८ तपाई आबद्ध सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को चेक वा अन्य भुक्तानीका साधनहरू सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि., चितवन, समानता बचत तथा ऋण सहकारी संस्था लि. नेपालगञ्ज, सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्ज, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवल र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. काठमाडौंबाट सटही हुने गरेको थियो/थिएन ? खुलाईदिनुहोस्।

जवाफ १८ संस्थाको सफ्टवेयरका विवरण अध्ययन गर्दा माथि उल्लिखित प्रत्येक सहकारीसँग यस प्रकारको कारोबार गरेको देखिन्छ।

सवाल १९ तपाईं उल्लिखित सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रा.लि., हर्बो इन्टरनेसनल प्रा.लि., स्प्रिङ् उड रियल स्टेट एण्ड हाउजिङ् प्रा.लि., वेटाज एजुकेसन कन्सल्टेन्सी, गोर्खा ग्रुप अफ कम्पनी, जि.टि.आर. लिङ्क, गोर्खा आयुर्वेद कम्पनी, नेचर नेष्ट प्रा.लि., गोर्खा वेबलिङ्क प्रा.लि., गोर्खा ग्रुप मल्टी इन्भेष्टमेन्ट प्रा.लि., एपिवान मिडिया प्रा.लि., मन्दरा स्पा एण्ड वेलनेस सेन्टर प्रा.लि., भगवती बालुवाखानी प्रा.लि., गोर्खा ग्रुप अफ इन्टरनेसनल, मन्दरा टुर एण्ड एक्सिपडिसन प्रा.लि., नेचर हब्र्स इन्टरनेसनल प्रा.लि., नेपाल श्री मल्टिमिडिया प्रा.लि., जि.बी. ग्रुप अफ कम्पनीज प्रा.लि., हिमालयन किङ्गडम एक्सपोर्ट प्रा.लि., स्टेप इन मार्ट होल्डिङ्ग प्रा.लि. लगायतका कम्पनीहरूमा के-कुन मितिमा के-कति रकम प्रवाह भएको छ ? यसबाहेक अन्य कम्पनीहरूमा समेत कुनै रकम प्रवाह भएको भए खुलाई दिनुहोस्।

जवाफ १९ सफ्टवेयरमा देखिए अनुसार जि वि ग्रुप अफ कम्पनीज, नेचर हब्र्स, नेचर नेष्ट, नेक्सस म्युजिक बार, गोर्खा मिडिया नेटवर्क प्रा.लि., नो बडी प्रोडक्सन, गोर्खा ग्रुप मल्टिइन्भेष्टमेन्ट, मन्दरा स्पा, नागरिक खबर डट कम, भगवती बालुवाखानी, स्प्रिङ उड रियल स्टेट लगायतका कम्पनीमा रकम

प्रवाह भएको देखिन्छ। हाल मिति र रकम यकिन भएन। आवश्यक परेमा सर्भरबाट प्रिन्ट गरेर देखाउन सकिन्छ।

सवाल २० सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको मिति २०८०।०५।२१ को कर्जा सापटी बासलात अनुसार रु. १,३१,५३,८२,९०८ देखिन्छ तर कम्प्युटर लेखाप्रणालीकै कर्जा सूचीअनुसार जम्मा कर्जा रु. १,३१,५६,३७,४४५ देखिन्छ, दुवैतर्फको विवरण कसरी फरक हुन गयो ?

जवाफ २० यस विषयमा २०७३ साल भन्दा पहिले फिन्याक्ट (Fin act) सफ्टवेयरबाट माइग्रेट गर्दा नै बासलात र लोन मास्टर सिटमा फरक रहेको थियो। यस विषयमा तत्कालिन लेखापाल सन्ध्या परियारसँग बुझ्दा गितेन्द्र बाबु राईले यसरी नै राखिदिन भन्नु भएको हुँदा उक्त सफ्टवेयरमा जे जसो थियो सोही अनुसार नै जिसिएस बैंकिङ्गमा पनि सिफ्ट गरिएको हो।

सवाल २१ सम्बन्धित अध्यक्ष/कर्मचारीको कार्यकालमा ऋण प्रवाह गरिएको देहायका ऋणका लागि पर्याप्त धितो लिनु भएको छ कि छैन ? सो ऋणमा लाग्ने ब्याज पुँजीकृत गरेको छ कि छैन ? ऋणहरू प्रक्रिया पुरा गरी उपलब्ध गराएको हो कि होइन ?

ज्ञान बहादुर बोम्जन	रु.१,५४,४९,८३६
गितेन्द्र बाबु राई	रु.२९,९८,२०,९३१
भूपेन्द्र राई	रु.५४,०७,६५,००८
थान बहादुर बुढामगर	रु. २,७०,१५,७१६
शिव बहादुर गुरुङ	रु.१७,०८,०५,२४९
कुमार रम्तेल	रु.७७,३२,३२७
हेमन्त अधिकारी	रु.२,३३,२२,५२५

जवाफ २१ यसमा सफ्टवेयरमा पुँजिकृत गरेको देखिन्छ। कतिपय ऋणहरू प्रक्रिया पुरा नगरी उपलब्ध गराएको भौतिक प्रमाणको अनुसन्धान पश्चात थाहा पाएँ।

सवाल २२ सहकारी संस्था ले निजी कम्पनीलाई ऋण दिन मिल्छ ? गोरखा मेडिया नेटवर्क प्रा.लिलाई रु. ५ करोड ५८ लाख, नेचर नेस्टलाई रु.१ करोड ७८ लाख ५४ हजार र नेचर हर्व्सलाई रु. २ करोड ५३ लाख १३ हजार बराबर ऋण के-कुन आधारमा उपलब्ध गराईएको हो ? खुलाइदिनुहोस्।

जवाफ २२ यसरी दिन मिल्दैन तर पेश्की र कागजात पुरा नगरी ऋण प्रवाह भएको सफ्टवेयरबाट देखिन्छ।

सवाल २३ सहकारी संस्थाले मिति २०७८।०७।२१ मा कार्यालय भवन रु. ७ करोड २५ लाखमा खरिद गर्ने निर्णय गरेको तर सो सँग सम्बन्धित आधिकारिक कागजात रहेको पाईदैन, सो अङ्कलाई कसरी पुष्टी गर्नु हुन्छ ?

जवाफ २३ सो विषयमा मलाई जानकारी भएन।

सवाल २४ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम रु. ८५,६१,४५३.२१ सरकारलाई किन नतिरेको ?

जवाफ २४ सफ्टवेयरमा व्याज खर्चको (२०८० असार मसान्त सम्म) ५ प्रतिशत र त्यसपछि हाल ६ प्रतिशत कर कट्टा सिस्टमले Interest tax liabilities भनि क्रेडिटमा राख्छ। तर उक्त रकम किन नतिरेको सो विषयमा जानकारी भएन।

सवाल २५ संस्थाले कर्मचारीलाई पेश्की रकम रु. १ करोड ८३ लाख बराबर उपलब्ध गराएको देखिन्छ, के कारणले उपलब्ध गराइएको हो ? सोको औचित्य कसरी पुष्टी गर्नु हुन्छ ?

जवाफ २५ सो विषयमा जानकारी भएन।

सवाल २६ यस संस्थाले सानो पाईला सेभिंग एण्ड क्रेडिट सहकारी लगायत अन्य संस्थाबाट केका लागि रु. १ करोड ४९ लाख ऋण लिएको हो ? खुलाइदिनुहोस्।

जवाफ २६ सफ्टवेयरमा देखिन्छ तर के कति कारणले ऋण लिएको, हो जानकारी भएन।

सवाल २७ ब्रिज ऋण (Bridge Loan) भनेको के हो ? यस सहकारीले सूर्यदर्शन ब्रिज ऋण अन्तर्गत जम्मा ऋण रकमको ८१% हुन आउने रकम रु.१ अर्ब ६ करोड ५६ लाख किन र के उद्देश्यले कसलाई प्रवाह गरेको हो ? खुलाइदिनुहोस्।

जवाफ २७ ब्रिज ऋण भनेको पुलेसो कर्जा हो। यो प्रकारको ऋण २०६५ सालदेखि खडा गरिएको हो। विभिन्न कम्पनी र व्यक्तिलाई प्रवाह गरेको देखिन्छ तर के उद्देश्यको लागि गरिएको हो जानकारी भएन।

सवाल २८ संस्थाले आसामी रु. ३५ लाख कोसँग असुल गर्नु पर्ने हो ?

जवाफ २८ यसको विस्तृत जानकारीको लागि सफ्टवेयरबाट लेजर हेर्नु पर्ने हुन्छ।

सवाल २९ व्यक्तिगत प्रयोजनका लागि रु ३८,७२,०१७ ब्याज खर्च देखाई गितेन्द्रबाबु राईको बचत खाता नं ३१-१४४५३ मा जम्मा किन गरिएको हो ?

जवाफ २९ यो विषय मलाई जानकारी भएन।

सवाल ३० जग्गा शीर्षकमा रु.३७,०७,९५३ र सवारी साधनमा शीर्षकमा रु २५,८२,६०८ देखाइएको छ तर आधिकारिक रूपमा संस्थाको नाममा कुनै जग्गा खरिद गरेको प्रमाण भेटिदैन, किन ?

जवाफ ३० यो विषयमा सफ्टवेयरमा देखिन्छ अन्य विषय जानकारी भएन।

सवाल ३१ मिति २०७८/०३/३१ मा रवि लामिछानेलाई १४.७५% ब्याजदर लिने गरी रु एक करोडको पहिलो वर्षको व्याज रु.१४,७५,०००/- र दोस्रो वर्षको व्याज रु.१६,१३,७३०/- गरी जम्मा रु १ करोड ३० लाख ८९ हजार मिति २०८०/०३/१३ मा चुक्ता नगरी गोरखा मिडिया प्रा.लि.को नाममा कायम किन गरिएको हो? सो कानुनसम्मत छ कि छैन? निज पूर्व उपप्रधान तथा गृहमन्त्री एवं प्रतिनिधि सभाका माननीय सदस्य रबी लामिछाने हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ३१ यस सहकारीबाट पचास-पचास लाख गरी दुई पटक गोरखा मिडिया नेटवर्क प्रा.लि को नाममा रु १ करोड पेश्की देखाई गोरखा मिडिया नेटवर्क प्रा.लि.को बैंक खातामा रकम जम्मा गरिएको देखिन्छ। उल्लिखित रकमलाई रवि लामिछानेको नाममा ऋण बनाई गोरखा मिडिया नेटवर्क प्र.लि. को नाममा भएको पेश्की फछर्यौट गरेको देखिन्छ। तत्पश्चात विभिन्न मितिमा ब्याजलाई पुँजीकृत गरी साँवा ब्याज दुबैलाई गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा कर्जा खडा गरी रवि लामिछाने नामको ऋण चुक्ता गरिएको देखिन्छ। उक्त कार्य किन गरिएको हो मलाई जानकारी भएन। यो कार्य कानुन सम्मत छैन। अनुसन्धानको क्रममा भौतिक सबुत प्रमाण नभेटिएको हुनाले यकीन साथ भन्न सक्दिन। निज रवि लामिछाने नाम गरेको व्यक्तिको नागरिकता र अरु प्रामाण कागजात नभेटिएको हुँदा पूर्व उपप्रधान तथा गृहमन्त्री र प्रतिनिधिसभाको माननिय सदस्य नै हो होईन, यकिन साथ भन्न सक्दिन तर गोरखा मिडिया नेटवर्क प्रा.लि. को खातामा रकम गएको देखिएकोले उँहा नै हुन सक्ने देखिन्छ। कुमारीपाटी ललितपुरमा रहेको जी.बी ग्रुप अफ कम्पनिजमा म आफ्नो नियमित कामको लागि जादाँ निज रवि लामिछानेलाई बैठकमा देखिरहन्थे। गोरखा मिडिया नेटवर्क प्रा.लिको एउटा बैठकमा गितेन्द्रबाबु राई, रवि लामिछाने र दिपेश पुनसँगै म पनि थिएँ। रवि लामिछानेले गोरखा मिडिया नेटवर्क प्रा.लि.बाट राजिनामा दिएर छाडेपछि सोहि रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा सारिनुले उक्त रवि लामिछाने भन्ने व्यक्ति पूर्वउपप्रधान तथा गृहमन्त्री र प्रतिनिधिसभाका माननिय सदस्य हुन की भन्न सकिन्छ।

सवाल ३२ सहकारीले कूल निक्षेपको १०% तरलता राख्नुपर्नेमा, ०.१२% मात्र किन राखेको हो?

नगद मौज्दात	रु.१४,९५,५१०.००
बैंक मौज्दात	रु. १,०२,२१०.४७
राष्ट्रिय सहकारी बैंक लि. मा शेयर लगानी	रु.१०,०००.००
जम्मा रकम	रु.१६,०७,७२०.४७
जम्मा निक्षेप	रु. १,३५,४९,८७,९६२.९२

जवाफ ३२ गितेन्द्र बाबु राईको विभिन्न निजी कम्पनीहरूमा ठूलो रकम प्रवाह भएको, समयमै फिर्ता नआएको र दिन प्रतिदिन बचतकर्ताहरूले ठूलो मात्रामा रकम झिकेको सफ्टवेयरमा देखिन्छ सोही कारणले यस्तो भएको हुनसक्छ। आवश्यक परेको खण्डमा कारोबारको दैनिक अनुपात सफ्टवेयरबाट निकाल्न सकिन्छ।

सवाल ३३ विद्यमान अवस्थामा उक्त सहकारीहरूको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ३३ गितेन्द्र बाबु राईले आफ्ना कम्पनीहरूमा लगानी गरेको रकम फिर्ता गरेमा, अन्य ऋणीहरूबाट ऋण असुल गरेमा र फरार भएका मुख्य पदाधिकारीहरूलाई नियन्त्रणमा लिई उनीहरू मार्फत लगानी भएका रकम फिर्ता गरिएमा उक्त सहकारीको समस्या समाधान गर्न सकिने देखिन्छ।

सवाल ३४ तपाई पूर्व संचालक सदस्य रहेको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ३४ यसमा संस्थाका सञ्चालकहरूलाई थुनेर समस्या समाधान हुँदैन। बरु उनीहरूलाई बाहिर ल्याई काम गर्ने वातावरण निर्माण गरेमा बचतकर्तालाई संस्थाको सम्पत्तिहरू बिक्री गरेर र ऋण असुल गरेर बचत रकम फिर्ता गराउन सकिने देखिन्छ। सरकारले उचित कदम चालोस्।

सवाल ३५ अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ ३५ मैले उक्त सहकारीमा प्रयोग भएको सफ्टवेयर मात्र निर्माण गरेको हुँ। मेरो भूमिका सफ्टवेयर निर्माण सम्म मात्र हो। उक्त सफ्टवेयर प्रयोग गर्न सहकारीका विभिन्न विभागका कर्मचारीहरूलाई छुट्टा छुटै युजर आइडी उपलब्ध गराइएको हुन्छ। कर्जा प्रवाह गर्ने विभागका कर्मचारीलाई सोही अनुसारको फिचरमा मात्र पहुँच हुन्छ।

जस्तै क भन्ने ऋणीलाई जिसिएस बैंकिङ्ग सफ्टवेयरमा ऋण प्रवाह गर्नको लागि KYC अपडेटबाट सिस्टमले एउटा मेम्बर आइडि जेनेरेट गर्छ, त्यो आईडीलाई भौतिक रूपमा KYC फाराममा उल्लेख गर्नुपर्ने हुन्छ। यदि त्यही आईडीमा केही फरक गरिएमा सोको प्रमाण भौतिक रूपमा राखिएको KYC फारममा हेरी विवरण भिडाउन सकिन्छ। कोही कसैले उक्त विवरण फरक पारेमा को-कसको USER ID बाट लग इन गरिएको हो भनी सिस्टम लग हिस्ट्रिबाट हेर्न सकिन्छ। यहि आइडि नै संस्थाको सदस्यता नं. हो। उक्त आइ.डि. व्यक्तिको बचत खाता खोल्न, शेयर खाता खोल्न र ऋण प्रवाह गर्नको लागि प्रयोग हुन्छ। उक्त आइ.डि. भएको सदस्यलाई ऋण प्रवाह गर्नु परेमा ऋणको प्रकार छनौट गरी ऋणीबाट माग भए बमोजिमको रकम संस्थाको नियमानुसार सेवा शुल्कहरू कटाई निज ऋण माग गर्ने व्यक्तिको बचत खातामा क्रेडिट गरिन्छ। सोही अनुसारको भौतिक भौचरहरू पनि ऋण प्रवाह गर्ने संस्थाका ऋण प्रवाह गर्ने विभागका कर्मचारीले कम्प्युटर पोस्टीङ नं सहित राखी तयार पारेको हुन्छ। उक्त जम्मा रकम लिनको लागि ऋण माग गर्ने ऋणी टेलर डिपार्टमेन्टमा जानु पर्ने हुन्छ र त्यहाँ आवश्यक चेक अथवा भौचरमा हस्ताक्षर गरी रकम लिने प्रक्रिया पुरा हुन्छ। यो सम्पूर्ण प्रक्रिया पूरा गर्दा संस्थाका भिन्दा भिन्दै विभागमार्फत कार्य पूरा गरिएको हुन्छ, जसको मुख्य उद्देश्य कुनै पनि कर्जा फाइलको अध्ययन पूर्ण रूपमा होस् र कर्जा लगानीमा कुनै किसिमको कैफियत नआओस् भन्ने हो। यदि यो प्रक्रिया पूरा नगरेमा संलग्न कर्मचारीहरू नै जवाफदेही रहन्छन्।

साथै दैनिक क्यास भल्ट भेरिफिकेसन (cash vault verification) डे इन्ड (day end) गर्नु भन्दा अगाडि क्यासीयर(cashier)ले सबै टेलरबाट रकम जम्मा गरी ब्यालेन्स सिटको लेजर क्याससँग भेरिफिकेसन गरी डे इन्ड(day end) गर्ने सफ्टवेयरमा सिस्टम रहेको हुन्छ। यसो गर्दा कोही कसैले पुरानो मितिमा गएर कुनै किसिमको क्यास(cash)सँग सम्बन्धित परिवर्तन गरेमा तुरुन्त पत्ता लगाउन सकिन्छ। Cash and bank reconciliation गरे पश्चात् मात्र डे इन्ड (day end) गर्ने सिस्टम छ। यसले गर्दा दैनिक डे बुक, ट्रयाल व्यालेन्स, नाफा घाटा, वासालात, क्यसफ्लो स्टेटमेन्ट भेरिफिकेसन गर्न सजिलो हुन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ९ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः भविश्वर अर्याल

पदः संचालक समितको पूर्व सदस्य/सफ्टवेयर डेभलपर

संस्थाः सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. पोखरा।

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ साउन २९ गते मंगलबार

समयः बेलुका ८:०० बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.का पूर्व अध्यक्ष श्री कल्पना कुमारी श्रेष्ठसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम कल्पना कुमारी श्रेष्ठ हो। मेरो बाजेको नाम जगत प्रसाद श्रेष्ठ, बुवा सुर्य बहादुर श्रेष्ठ, आमा उमादेवी श्रेष्ठ, श्रीमान राम श्रेष्ठ, ससुरा कर्ण बहादुर श्रेष्ठ, सासु छमैया श्रेष्ठ, छोराहरु, आविस्कार श्रेष्ठ र आभूषण श्रेष्ठ समेत ६ जनाको परिवार जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ११ बबरमहलमा बस्छौं। मेरो फोन नं. ९८४१६६५६४५ (नागरिकता नं. ९३१२१/२०४४ दैलेख) हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म हिमाल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ्स, भक्तपुरमा मिति २०६५ देखि २०७० सम्म कार्यकारी निर्देशकको रुपमा ५ वर्ष कार्यरत थिएँ। त्यसै विचमा ज्ञानबहादुर बम्जनको अनुरोधमा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीमा आएको हुँ। मिति २०७१ देखि २०७६ को साधारणसभा सम्म स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा अध्यक्षको रुपमा कार्य गरेको थिएँ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरेका थियौं।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक मिति २०६२ सालदेखि २०६४ सालसम्म कल्याण सेभिङ एण्ड क्रेडिट कोअपरेटिभमा क्यासियर पदमा कार्यरत थिए। मिति २०६५ सालदेखि २०७० सालसम्म हिमाल सेभिङ एण्ड क्रेडिट सहकारी संस्थामा कार्यकारी निर्देशकको रुपमा कार्यरत थिए। मिति २०७१ सालदेखि २०७५ सालसम्म स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष पदमा कार्यरत थिए। हाल म कुनै पेशा व्यवसायमा छैन।

सवाल ६ तपाईं पूर्व अध्यक्ष रहेको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा तत्कालिन अवस्थामा म अध्यक्ष, उपाध्यक्ष देवेन्द्र बाबु राई, सचिव दिपक लामा, सह सचिव माया राई, कोषाध्यक्ष सविना आले मगर, सदस्य प्रदिप लामा रहेकोमा मेरो कार्यकाल पछि अध्यक्षमा दिपक लामाको नेतृत्वमा, उपाध्यक्ष देवेन्द्र राई, कोषाध्यक्ष

सविना आले मगर हुनुहुन्थ्यो बाँकी पदाधिकारी को-को हुनुहुन्थ्यो हाल याद भएन भने हाल अध्यक्षमा गितेन्द्र बाबु राई, उपाध्यक्षमा देवेन्द्र बाबु राई, कोषाध्यक्ष कुमार रम्तेल, सचिव इरान लामा, सह-सचिव कविता तामाङ, सदस्यहरु हेमन्त अधिकारी र रबिना रिमाल रहेका छन्।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था कहिले काही मात्र खुला रहने सम्मको जानकारी छ। म हुदाँसम्म राम्रो थियो, समस्यामा परेको थिएन हाल बचतकर्ताहरुको बचत रकम सही ठाउँमा लगानी भएन, अनुत्पादक क्षेत्रमा साथै सञ्चालकका निजि कम्पनीमा लगानी भयो। सदस्य केन्द्रित लगानी भएन जसको कारण समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिमा आफ्नो परिवार वा नातागोताका कोही व्यक्ति थिएनन्। लेखा समितिको संयोजकमा भने मेरो दाई गणेश राज श्रेष्ठ हुनुहुन्थ्यो।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ मेरो कार्यकालमा अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्तिहरु म आबद्ध सहकारीमा थिएनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका थिए वा थिएनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू मध्ये देवेन्द्र बाबु राई महाराजगञ्ज सेवा केन्द्रबाट तलब भत्ता पाउने गरी कर्मचारी रहेकोजस्तो लाग्छ अन्यको हकमा एकिन थाहा भएन। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा सहकारी विनियमावली अनुसार नै गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ मेरो कार्यकालमा संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भय वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाईएक थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ? छ भने आवश्यक कागज प्रमाण समे पेश गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति कालिमाटीमा अंदाजी ५ आना जग्गामा संस्थाको आफ्नै ४ तल्ले भव रहेको, गैर बैंड्रिङ अन्तर्गत कालिमाटीमा अंदाजी ४ आनामा साढे २ तल्ले घर, गोलढुङ्गामा अंदा

५ आना, साँखुमा अंदाजी ११ आना भन्दा बढी जग्गा रहेको थियो हाल के-कुन अवस्थामा ह मलाई जानकारी भएन।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार सहकारी बैंकसंग गरिएको थियो। त्यस बाहेक कतिपय सहकारीका चेकहर सटही गर्ने गरिएको थियो।

सवाल १५ तपाई आबद्ध स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को चेक वा अन्य भुक्तानीका साधनहर सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि., समानता बचत तथा ऋण सहकारी संस्था लि नेपालगञ्ज, सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्ज, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवल र सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. पोखराबाट सटही हुने गरेको थियो/थिएन ? खुलाईदिनुहोस्।

जवाफ १५ चेक वा अन्य भुक्तानीका साधनहरू सटही हुने गरेको थियो। मेरो कार्यकालको पछिल्लो समयम सूर्यदर्शन पोखरा, सुप्रिम बुटवल, सानोपाइला बिरगन्जका चेकहरु यस सहकारीबाट सटही हुन्थ्यो।

सवाल १६ तपाईको सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रा.लि., हर्बो इन्टरनेसनल प्रा.लि., स्प्रिङ उ रियल स्टेट एण्ड हाउजिङ् प्रा.लि., बेटाज एजुकेसन कन्सल्टेन्सी, गोर्खा ग्रुप अफ कम्पनी जि.टि.आर. लिङ्ग, गोर्खा आयुर्वेद कम्पनी, नेचर नेष्ट प्रा.लि., गोर्खा वेभलिङ्ग प्रा.लि., गोर्खा ग्रु मल्टी इन्भेष्टमेन्ट प्रा.लि., एपिवान मिडिया प्रा.लि., मन्दरा स्पा एण्ड वेलनेस सेन्टर प्रा.लि., भगवत बालुवाखानी प्रा.लि., गोर्खा ग्रुप अफ इन्टरनेसनल, मन्दरा टुर एण्ड एक्सिपडिसन प्रा.लि., नेचर हर्ब्स इन्टरनेसनल प्रा.लि., नेपाल श्री मल्टिमिडिया प्रा.लि., जि.बी. ग्रुप अफ कम्पनीज प्रा.लि. हिमालयन किङ्गडम एक्सपोर्ट प्रा.लि., स्टेप इन मार्ट होल्डिङ्ग प्रा.लि.मा के-कुन मितिमा के-कति रकम प्रवाह भएको छ? यसबाहेक अन्य कम्पनीहरूमा समेत कुनै रकम प्रवाह भएको भए समेत खुलाई दिनुहोस्।

जवाफ १६ मेरो कार्यकालमा मैले स्वीकृत गरेर स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट उल्लिखित कम्पनीहरुमा कुनै पनि रकम प्रवाह गरेको थिएन।

सवाल १७ तपाइको सहकारीको बचतकर्ता राजेश्वरी देवी चन्द समेतले आफूहरूले संस्थामा गरेको बचत फिर्ता नपाएको भनी यस समितिमा निवेदन दर्ता गराउनु भएको छ? बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ?

जवाफ १७ स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा मिति २०७१ सालदेखि २०७६ सालसम्म मेरो कार्यकाल रहेकोले, यस अवधिमा कुनै पनि बचतकर्ताद्वारा बचत रकम फिर्ता माग गर्न निवेदन आएको थिएन। बचतकर्ता राजेश्वरी देवी चन्द समेतले निवेदन दर्ता गरेको विषयमा मलाई थाहा भएन।

सवाल १८ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १८ म आ.व. २०७५/०७६ देखि स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध नरहेकोले, यस विषयमा केही भन्न सक्दिन।

सवाल १९ तपाई पूर्व अध्यक्ष रहेको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ१९ म आ.व. २०७५/०७६ देखि स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध नरहेकोले, यस विषयमा म केही भन्न सक्दिन।

सवाल २० यसमा तपाईको थप भन्नु केही छ?

जवाफ २० २०७१ सालमा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा निर्मल राज पौडेल अध्यक्ष रहेको बेलामा त्यस संस्थामा कर्मचारीहरुले युनियन गठन गरी सञ्चालक समिति र कर्मचारीहरु बीच मनमुटाव सुरु भएकोले संस्था राम्रो संग सञ्चालन हुन सकेको थिएन। सोही समयमा मलाई कार्यवाहक अध्यक्ष दिई सञ्चालक समिति र कर्मचारी बीच रहेको मनमुटावलाई मैले समाधान गरे र पछि मलाई साधारणसभाले अध्यक्षमा चयन गर्यो र त्यसको २ वर्ष सम्म संस्था राम्रोसँग सञ्चालन भएको थियो। मिति २०७३ साल पछि गितेन्द्र बाबु राईको समूहले मलाई दबाब दिन थाल्यो, संस्थाले सञ्चालन गर्ने सफ्टवेयरमा समेत एक्सेस दिईएन। संस्थाको वित्तीय व्यवस्था कस्तो थियो त्यो समेत हेर्न दिईएन। संस्थाको सम्पूर्ण काम कारवाही कार्यकारी प्रमुख भुपेन्द्र राईद्वारा गराइयो मलाई प्रयोग मात्र गरियो त्यस पश्चात यस संस्थामा रहेर राम्रो काम गर्न सक्ने वातावरण छैन भन्ने लागेर मिति २०७६ सालमा साधारणसभा गरी बरबुझारथ गरी त्यस संस्थाबाट बाहिर निस्केको हो। त्यस पश्चात उक्त संस्थामा के-के भयो मलाई थाहा जानकारी भएन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः कल्पना कुमारी श्रेष्ठ

पदः पुर्व अध्यक्ष

संस्थाः स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३० गते बुधबार

समयः विहान ९:३० बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष प्राइम बहुउद्देश्यीय सहकारी संस्थाका लि. का अध्यक्ष सहकारी ठगी मुद्दामा हाल कारागार कार्यालय कास्कीमा रहनु भएका श्री शंकर क्रार्कीसँग भएको सोधपुछ :

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम शंकर कार्की हो। मेरो बाजे रत्नबहादुर कार्की, बुबा बलराम कार्की, आमा लक्ष्मी कार्की हो। हाल मेरो परिवारमा मेरो श्रीमती दुर्गाकुमारी थापा, छोराहरू सौगात कार्की र सौरभ कार्कीसँगै जिल्ला कास्की, पोखरा महानगरपालिका वडा नं. १४ चाउथे राधाकृष्ण टोलमा बस्छौं। मेरो सम्पर्क नं. ९८५६०३०४१४ हो। २०८१ सांल जेष्ठ १ गते सहकारी ठगी मुद्दामा पक्राउ परी हाल कारागार कार्यालय कास्कीमा छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेको र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि.पोखरामा अध्यक्ष छु। अन्य सहकारी संस्थामा आबद्ध रहेको छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरिएको थियो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ म विगत २५ वर्षदेखि जिल्ला कास्की, पोखरा चाउथेमा हार्डवेयर व्यवसाय गर्छु। जिल्ला कास्की, नागढुङ्गामा मुख्य कार्यालय भई पोखरा जिल्लामा २० वटा शाखा कार्यालय भएको पानीपधेरो नाम गरेको डिपार्टमेन्टल स्टोर पार्टनरसिपमा सञ्चालन गर्दैआएको छु।

सवाल ६ तपाईं अध्यक्ष रहेको प्राइम बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ प्राइम बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा म स्वयं अध्यक्ष, उपाध्यक्ष दिपा कोईराला, सचिव ओमप्रकाश उपाध्याय, कोषाध्यक्ष सन्दिप अर्याल, सदस्यहरू अनन्त नागीला, राजकुमार अर्याल, रोशन महर्जन, सन्तोषकुमार श्रेष्ठ र रामजी ध्वजु रहेका छन्।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छैन। संस्था समस्यामा पर्नुको कारण भनेको ऋण नउठ्नु, बचतकर्ताहरूको रकम फिर्ता दिन नसक्नु, लगानी गरेको ठाउँबाट रकम नउठ्नु र जग्गा जमिन बिक्री नहुनु हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही थिएनन् र छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्यमा रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा छैनन् र उक्त कुरा कानूनसम्मत् पनि होईन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालक समितिका सदस्यहरू कर्मचारी रहेका छैनन् तर संस्थापक सचिव सुरेन्द्रमणी पौडेल हाल सहकारीको प्रवन्ध निर्देशक रहेका छन। कर्मचारी छनौट गर्दा विनियावली अनुसार हुनु पर्ने हो तर म अध्यक्ष भएको अवधिमा कुनै व्यवस्थापक वा कर्मचारी नियुक्ति गरिएको थिएन।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ म २०७४ सालमा शेयर सदस्यको रूपमा प्रवेश गरी २०७४ मा उपाध्यक्ष र २०७८ साल असोज महिनादेखि यस संस्थाको अध्यक्ष भई २०८१ साल जेष्ठ १ गते सहकारी ठगी मुद्दामा पक्राउ परेको थिएँ। त्यस अवधिभित्र कोही कसैलाई ऋण प्रवाह गरेको थिइन। सदस्य बाहेकका व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको

छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारीको नाममा पोखरा म.न.पा. वडा नं. ०४ गैरापाटन मा ४ तल्ला र बुढीबजारमा साढे दुई तल्लाको भवन (हाल बेचेर बचतकर्ताको रकममा सेटल गरेको), पन्नेरीमा ७ रोपनी ९ आना जग्गा, जिल्ला गोरखाको च्याङ्लीमा ४५ रोपनी जग्गा रहेका छन्। सहकारीको बचत रकमबाट स्थापना देखि २०७४ सम्मका सचिव तथा हालको प्रबन्ध निर्देशक सुरेन्द्र मणी पौडेलको नाममा पोखरा गैरापाटनमा अन्दाजी एक रोपनी जग्गामा बनेको साढे दुई तल्लाको भवन, पन्नेरीमा अन्दाजी २७ रोपनी जग्गा, कास्की जिल्लाको फल्याङ्गोटमा ११ रोपनी जग्गा, पूर्वअध्यक्ष नितेशप्रसाद कोइरालाको श्रीमतीको नाममा सुनसरी जिल्लाको ईटहरीमा साढे दुई तल्लाको भवन, हालको व्यवस्थापक निरु थापाको नाममा कास्की जिल्लाको फल्याङ्गोटमा ११ रोपनी जग्गा र निजको श्रीमान् को नाममा जिल्ला चितवनमा अन्दाजी ८ कट्ठा बराबरको जग्गा रहेको छ। अन्य विवरण हाल मलाई याद भएन।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ नेफ्स्कुन र राष्ट्रिय सहकारी बैंकबाट ऋण लिएको थियो ती बाहेक अन्य सहकारीमा कारोबार गरेको छैन।

सवाल १५ तपाईंको सहकारी संस्थाको सेवा केन्द्र के-कति रहेका छन् ? सेवा केन्द्र विस्तारको निर्णय कुन-कुन मितिमा भएको हो ?

जवाफ १५ यस सहकारीको शाखा कार्यालयहरू क्रमशः जिल्ला पोखरा, पोखरा महानगरपालिका वडा नं. ०१ बगर, टाल्चोन, नयाँपूल समेत तीनवटा सेवाकेन्द्रहरू रहेका छन् र मुख्य कार्यालय पोखरा महानगरपालिका वडा नं. ०४ गैरापाटनमा रहेको छ। उक्त कार्यालयहरू विस्तारको निर्णय गरेको मिति याद भएन।

सवाल १६ सेवा केन्द्र विस्तारमा गैरकानूनी कारोबार भई कानूनी कारवाही चलिरहेको अवस्था छ ? खास के भएको हो ? खुलाईदिनुहोस्।

जवाफ १६ माथि उल्लिखित विषयबारे सहकारी ठगी मुद्दामा पक्राउ परी अनुसन्धानको क्रममा सोधपुछ गर्दा मात्र जानकारी भएको हो। सेवा केन्द्र विस्तार गर्ने कार्य म अध्यक्ष रहेको कार्यकालमा नभएको कारण यस विषयमा मलाई जानकारी भएन।

सवाल १७ तरलता निक्षेपको १५% हुनुपर्नेमा ०.७% मात्र किन राखेको हो ?

जवाफ १७ कानूनअनुसार तरलता निक्षेपको १५% हुनु पर्ने हो। तर संस्थामा पैसाको कमी देखियो र बचतकर्ताहरू बचत रकम लिन आउँदा संस्थामा पैसा हुँदा हुँदै बचतकर्तालाई फिर्ता पठाउन सकिएन। त्यसैले तरलता ०.७% मात्र कायम हुन गएको हो।

सवाल १८ पर्ल्स विश्लेषणअनुसार कूल सम्पत्तिमा बाह्य ऋणको अनुपात बढीमा ५ प्रतिशत हुनुपर्नेमा यस संस्थाको बाह्य ऋण ३२% किन राखिएको हो ?

जवाफ १८ सहकारीको नाममा, सञ्चालक समितिका सञ्चालकहरू र निजका परिवारहरूको नाममा जग्गा र भवनमा लगानी गरियो। आवश्यक अवस्थामा उक्त सम्पत्ति बेच्न सकिएन र बाहय ऋण लिएर रकम व्यवस्थापन गरेको हुनाले कूल सम्पत्तिमा बाहय ऋणको अनुपात ३२% राखिएको हो।

सवाल १९ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम जम्मा रु. २६,३५,९५९ सरकारलाई किन नतिरिएको ? यस्तो गर्न मिल्छ ?

जवाफ १९ यस्तो गर्न मिल्दैन। यस विषयमा मलाई जानकारी भएन, हालमात्र जानकरी पाएँ।

सवाल २० सहकारीको आर्थिक वर्ष २०७९/८० को वासलात अनुसार "अन्य ऋण" शीर्षकमा रु. ४०,४१,२९,५३६ रकम प्रवाह गरेको देखिन्छ, सो के-कस्तो ऋण हो र कसलाई उपलब्ध गराएको हो ? साथै खुलस्त हुने कुनै पनि कागजात किन नराख्नुभएको हो ? खुलाइ दिनुहोस्।

जवाफ २० ऋण प्रवाह सम्बन्धी मलाई कुनै जानकारी दिइदैनथ्यो। सबै काम व्यवस्थापक निरु थापा र प्रबन्ध निर्देशक सुरेन्द्रमणी पौडेल मार्फत हुने गर्थ्यो। त्यसैले जानकारी छैन।

सवाल २१ संस्थाले राष्ट्रिय सहकारी बैंक लि.बाट रु. २७,२६,२७,०८९ र नेफ्स्कुनबाट रु. ११,७९,६७,१४१ गरी जम्मा रु. ३९ करोड ५ लाख ९४ हजार के प्रयोजनका लागि ऋण लिएको हो ?

जवाफ २१ माथी उल्लिखित रकमहरू संस्थाका शेयर सदस्य बचतकर्ताहरूलाई ऋण प्रवाह गर्ने प्रयोजनका लागि लिएको हो।

सवाल २२ सदस्यहरूलाई दिइएको कूल ऋण रकमको ८८% जति ठूला ऋणीहरूलाई मात्र दिइएको छ, यो कानूनसम्मत छ त ?

जवाफ २२ कूल ऋण रकमको ८८% जति ठूला ऋणीहरूलाई मात्र दिनु कानूनसम्मत होइन। ठूला ऋणी भनिएका व्यक्तिहरू सबै पुराना ऋणीहरू हुन्। यी ऋणीहरूलाई ऋण तिर्नुहोस् भन्दा हाम्रो यति धेरै ऋण छैन भनी तिर्न नमान्दा संस्थामा समस्या देखिएको हो।

सवाल २३ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २३ विद्यमान अवस्थामा हाम्रो सहकारीको समस्या समाधान गर्न सकिन्छ। कारागारबाट मुक्त भइयो भने, प्रवन्धनिर्देशक, व्यवस्थापक, निवर्तमान अध्यक्ष, हालका सञ्चालक समितिका सम्पूर्ण व्यक्तिहरू र कर्मचारीहरूले साथ सपोर्ट गरे र विगतबाट पाठ सिक्दै गल्ती महसुस गरी पूर्ण रूपमा संस्थालाई साथ दिइयो भने समस्या सामाधान हुन्छ।

सवाल २४ तपाईं अध्यक्ष रहेको प्राइम बहुउद्देश्यीय सहकारीको समस्या समाधान गर्न तपाई, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २४ म अध्यक्ष रहेको प्राइम बहुउद्देश्यीय सहकारीको समस्या समाधान गर्न म र मेरो परिवारको पूर्ण साथ रहने छ। सम्पूर्ण सहकारीको समस्या समाधान गर्न सञ्चालक समितिका सदस्यहरूलाई कारागारमा थुनेर हुँदैन। सरकार पक्षबाट हामीलाई केही समय दिई कारागार मुक्त गरी संस्था सञ्चालन गर्ने वातावरण मिलाई दिनुपर्छ। बैंकहरूले पनि ऋण भुक्तानीको लागि थप समय र बजारमा पैसा चलायमान गर्न सहयोग गर्नु पर्छ।

सवाल २५ अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ २५ अपराध गरेका व्यक्तिलाई कारवाही हुनै पर्छ। निर्दोष व्यक्तिलाई सजाय हुन भएन। अनुसन्धान निष्पक्ष रूपमा हुनु पर्यो। कुनै पनि संस्थाको अध्यक्ष हुँदैमा दोषी नै हुन्छ भन्ने हुँदैन। अध्यक्षलाई जानकारी नगराई संस्थाको धेरै निर्णय र काम हुने गर्छ। यस संस्थाको एक वटा चेक समेतमा मैले हस्ताक्षर गरेको छैन। यो बाहेक अरु मेरो भन्नु केही छैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः शंकर कार्की
पदः अध्यक्ष
संस्थाः प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि.
पोखरा।

<u>प्रमाणित गर्ने</u>

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३० गते बुधबार
समयः अपराह्न ०४:३० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष बलिदानी बचत तथा ऋण सहकारी समस्था लि. पोखरा र सिद्दीदाता बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुरका अध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय कास्कीमा रहनुभएका श्री अजय श्रेष्ठसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम अजय श्रेष्ठ हो। मेरो बाजेको नाम पूर्णकुमार श्रेष्ठ, बुवाको नाम राजकुमार श्रेष्ठ, आमा नानीछोरी श्रेष्ठ, श्रीमती शर्मिला श्रेष्ठ, छोरी सुविना श्रेष्ठ, छोरा सुनज श्रेष्ठ सुर्यविनायक न.पा. वडा नं. १ भक्तपुरमा वस्छौं। म ३७ वर्षको भए। मेरो जन्म मिति २०४३ साल मंसीर १३ गते भएको हो। मेरो फोन नं. ९८४९२८६५०० हो। नागरिकता नम्बर १२८३८/भक्तपुर हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ मैले ज्ञान बाहदुर बम्जनको उपकार बचत तथा ऋण सहकारी संस्था लि. मा अन्तर्वार्ता दिईको थिए उँहाले मलाई भक्तपुरको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.मा बजार प्रतिनिधीको रुपमा नियुक्त गर्नु भयो। उक्त सहकारीमा ४८ महिना काम गरे। त्यस पश्चात विहानी बचत तथा ऋण, सुर्यकिरण, जनसक्ती जस्ता सहकारीमा समेत काम गरेको थिए। हाल म बलिदानी बचत तथा ऋण सहकारी संस्था, पोखराको अध्यक्ष रहेको छु। यसको कार्यालय जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ८ पृथ्वी चोकमा रहेको छ, त्यस्तै म सिद्धीदाता बहुउद्देश्यीय सहकारी संस्थाको पनि अध्यक्ष रहेको छु। यसको कर्यालय ललिपुर जिल्ला, ललिपुर महानगपालिका वडा नं. ५ ग्वार्कोमा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो?

जवाफ ४ विनाधितो ऋण परिचालन गरिएको छ। त्यसबाहेक सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरिएको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य पेशा वा व्यवसायमा शुभ यातायात ड्राइभिङ स्कूल बनेपामा, पकाण्डोल ईन्भेष्टमेन्ट कम्पनी र चखण्डी हाउजिङ सूर्यविनायक नगरपालिका ४ मा रहेका छन्।

सवाल ६ तपाईं अध्यक्ष रहेको सहकारी संस्थाहरूको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ बलिदानी बचत तथा ऋण सहकारी संस्थामा अध्यक्ष म, उपाध्यक्ष राजन लम्साल, सचिव लक्ष्मी गिरी, कोषाध्यक्ष स्वर्णमान नकर्मी, सदस्यहरू निरु बराल रहेको छन, त्यसबाहेक बाँकी थाहा भएन। त्यसै गरी सिद्दिदाता बहुउद्देश्यीय सहकारी संस्थामा अध्यक्ष म, उपाध्यक्ष अभिनास श्रेष्ठ, कोषाध्यक्ष दिप्सन प्रजापती, सचिव दिनेश अधिकारी, सदस्य राजु मानन्धर अन्य सदस्य याद भएन।

सवाल ७ हाल उक्त सहकारी संस्थाहरू सञ्चालनमा छन्/छैनन् ? उक्त संस्थाहरू समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल दुबै संस्था संचालनमा रहेका छैनन्। बलिदानी बचत तथा ऋण सहकारी संस्था हाल बन्द अवस्थामा रहेको छ। संस्था समस्यामा पर्नुको कारण बचतकर्ताहरूले एकै पटक बचत रकम फिर्ता माग गर्न आएको, बचतकर्ताहरूको भिड देखेर कर्जा तिर्न आएका व्यक्तिहरू पनि नतिरी फर्केको कारण संस्था समस्यामा परेको हो। त्यसैगरी सिद्दिदाताको हकमा बचतकर्ताहरूको रकम सेटलभई रहेको छ।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सिद्दिदाता बहुउद्देश्यीय सहकारी संस्थाको उपाध्यक्ष मेरो सालो अभिनास श्रेष्ठ छ अन्य सञ्चालक समितिका सदस्यमा आफ्नो परिवार वा नातागोताका व्यक्तिहरू कोही पनि रहनु भएको छैनन्/थिएनन्।

सवाल ९ सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ ९ सञ्चालकहरू कर्मचारी रहेका छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा ५ वर्ष अनुभव भएको आधारमा र विज्ञापन गरेर छनौट गर्ने गरिएको थियो।

सवाल १० सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ १० सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्नेको हकमा शेयर सदस्य नभएको व्यक्तिको पनि बचत गर्ने गरिएको छ भने ऋण प्रवाह गर्दा शेयर सदस्य अनिवार्य भएको हुनुपर्दछ।

सवाल ११ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ ११ शेयर सदस्य बनाउँदा कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र शेयर सदस्य बनाइएको छ।

सवाल १२ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस् ।

जवाफ १२ बलिदानी सहकारी संस्थाको रु ६ करोड जति रकम ऋण परिचालनन भएको छ। अन्दाजी १ करोड ६५ लाख बराबरको जग्गा जिल्ला कास्की पोखरा महानगरपालिका ३४ कोटडाँडाँमा लगभग ४ रोपनी जग्गा रहेको छ। त्यस्तै जिल्ला तनहुँ व्यास नगरपालिका वडा नं. ५ दमौलीमा १ करोड ५० लाख बराबरको अन्दाजी ४५ आना जग्गा रहेको छ। यी दुवै जग्गा र ऋण मेरो नाममा रहेका छन्। त्यस्तै सिद्दिदाता सहकारीको हकमा करीब १४ करोड निक्षेप रकम रहेको छ। उक्त रकम धेरै मात्रामा बिना धितो ऋण लगानी रहेको छ।

सवाल १३ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १३ शुभ बचत तथा ऋण सहकारी संस्था भक्तपुरसँग एकआपसमा अन्तरसहकारी कारोबार गरिएको छ।

सवाल १४ यस सहकारी संस्थाले बचतकर्ताबाट सङ्कलित निक्षेप रकम कानून विपरीत सञ्चालक तथा सञ्चालक समितिका आफन्तलाई कर्जा पेश्की एवं घर जग्गा खरिदमा दिएको देखिन्छ, यो किन गरिएको हो ?

जवाफ १४ बचतकर्ताबाट सङ्कलित निक्षेप रकम कानून विपरीत आफन्तलाई कर्जा पेश्की एवं घर जग्गा खरिद गर्न दिएको छैन। म आफै अध्यक्षले जिल्ला कास्की पोखरा महानगरपालिका ३४ कोटडाँडाँमा लगभग ४ रोपनी जग्गा, जि. तनहुँ व्यास नगरपालिका वडा नं. ५ दमौलीमा १ करोड ५० लाख

बराबरको अंदाजी ४५ आना जग्गा खरिद गर्ने क्रममा कर्जा लिएको हो। त्यो सहकारी कै सम्पत्ति हो।

सवाल १५ संस्थाले कम्प्युटर लेखाप्रणालीमा कृत्रिम बचत खाता (जस्तै इन्टु अफिस) प्रयोग गरी पेश्की हिसाब मिलान गरेको देखिन्छ, यस्ता कारोबार वास्तविक कारोबार हो भनी पुष्टि गर्न सक्नुहुन्छ?

जवाफ १५ यस बिषयमा मलाई जानकारी भएन।

सवाल १६ स्थीर सम्पत्ति मध्ये घरजग्गा शीर्षकमा रहेको रु. २,७२,३३,२६५ को कुनै पनि आधिकारिक प्रमाण प्राप्त हुन सकेन साथै उक्त रकम २०८०।०३।३१ मा देहाय बमोजिम रकमान्तर गरी खडा किन गरेको हो ? यस्तो कार्य कानून सम्मत हो ?

नाम थर	जम्मा रकम
अभिनाश श्रेष्ठ	२५,००,०००/-
रबिन त्यात	२५,६०,७६५/-
अभिनाश श्रेष्ठ	८७,१२,५००/-
अजय श्रेष्ठ	१,३४,६०,०००/-
	२,७२,३३,२६५/-

जवाफ १६ स्थीर सम्पत्ति मध्ये घरजग्गा शीर्षकमा रहेको उक्त रकम लिएको हो। उक्त हिसाब सबै मिलान गरिसकिएको छ। संस्थामा मुनाफा देखाउनकोलागी यस्तो गरिएको हो जुन कानून सम्मत होइन।

सवाल १७ सहकारी ऐन अनुसार कुनै एक व्यक्तिले कूल पुँजीको बढीमा २०% शेयर खरिद गर्ने व्यवस्था रहेता पनि कानून विपरीत तपाईले ३०% शेयर खरिद किन गरेको हो ?

जवाफ १७ बलिदानी बचत तथा ऋण सहकारी संस्था बचतकर्ताहरूको बचत फिर्ता दिन नसकेर समस्यामा परी बन्द अवस्थामा रहेको थियो। सो समयमा तत्कालीन अध्यक्ष राजकुमार दुलालसँग सल्लाह गरी उक्त सहकारीका बचतकर्ताहरूको रकम फिर्ता गर्ने र सहकारीको शेयर मेरो नाममा लिने क्रममा २० लाखको शेयर लिई बचतकर्ताहरूको रकम फिर्ता गरेको थिए। उक्त शेयर घटाउदै लैजादा ३० प्रतिशत सम्म पुगेको छ र अझै घटाउन बाँकी छ।

सवाल १८ यस सहकारी संस्थाको २०८०।०६।१७ को वासलातअनुसार बैंक मौज्दात रु. ५४ लाख ६२ हजार रहेको रकमलाई कसरी प्रमाणित गर्नुहुन्छ ?

जवाफ १८ यस सम्बन्धमा मलाई थाहा भएन। लेखापाल सचिना थापालाई थाहा जानकारी छ। यसबारेमा समितिलाई आवश्यक परेमा पछि बुझेर सम्पूर्ण विवरण पेस गर्नेछु।

सवाल १९ सोही मितिमा "ऋणमा ब्याज कमाउन बाँकी रहेको" शीर्षक अन्तर्गत जम्मा रकम रु. १,०२,०६,०५८ वासलातमा देखिएको छ, यो कति यथार्थ हो ?

जवाफ १९ सोही मितिमा "ऋणमा ब्याज कमाउन बाँकी रहेको" शीर्षक अन्तर्गत जम्मा रकम रु. १,०२,०६,०५८ वासलातमा देखिएको रकम सही हो। बचतकर्ताहरू बचत रकम फिर्ता लिन आउने क्रममा भिडभाड देखी आफूले ऋण तिर्न पर्दैन भन्ने ठानी ऋणीहरूले ऋण रकम भुक्तानी नगरेको कारण उक्त रकम वासलातमा देखिएको हो।

सवाल २० यस सहकारीले आ.व २०७८/७९ मा अन्य कोषमा रकम व्यवस्था नगरेको तर संस्था नोक्सानीमा रहेता पनि लाभांश वितरण किन गरेको ?

जवाफ २० सहकारी संस्थाको समस्या पूर्ति गरिएको कारणले अन्य कोषमा रकम व्यवस्था नगरिएको हो। संस्था निक्सानीमा रहेतापनि शेयरधनीहरूलाई यदि लाभांश दिएन भने शेयरधनीहरूले आफ्नो शेयर फिर्ता (Withdraw) लिन सक्ने भएकोले लाभांश वितरण गरिएको हो।

सवाल २१ उक्त सहकारीले २०७९।०४।०१ देखि २०८०।०५।२१ सम्ममा ६७१ वटा रु. १,०१,५७,९७,७६४ बचत भएको खाताहरू अचानक के कारणले बन्द गर्नु पऱ्यो ?

जवाफ २१ ६७१ वटा खाताहारुमा रु १०००/- भन्दा मुनीका बचतहरु रहेका थिए। लामो समयसम्म खाता ती खाताहरु संचालन नआएकाले पटकपटक गरी बन्द गरीएको हो।

सवाल २२ सहकारी ऐन अनुसार गैरसदस्यसँग कारोबार गर्न नपाउने व्यवस्था रहेता पनि, कानून विपरीत गैरसदस्यहरूलाई रु. २ करोड सम्मको ऋण किन प्रवाह गरेको हो ?

जवाफ २२ मेरो आफ्नै नाममा जग्गा खरिद गर्नको लागि गैरसदस्यहरूलाई रु. २ करोड सम्मको ऋण प्रवाह गरेको हो। यसको हिसाब मिलान भईसकेको छ। सिस्टममा अपडेट गर्न बाँकी रहेको थियो।

सवाल २३ यस संस्थाको वासलातमा मूल्याङ्कन गरे अनुसार "सिस्टम दायित्व" मा जम्मा रु. ८,९२,८८३ के हो र सो को विस्तृत विवरण खुलासा किन गर्नु भएन ?

जवाफ २३ सो रकम फर्निचर, डेकोरेसनमा खर्च भएको थियो। त्यसको भ्याट बिल नआएकोले विस्तृत विवरण खुलासा नगरिएको हो।

सवाल २४ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २४ विद्यमान अवस्थामा म अध्यक्ष रहेको बलिदानी सहकारीको समस्या समाधान गर्न सक्छु। त्यसकालागि म कारागारबाट निस्किन पाउनु पर्यो, १ देखि २ वर्षको समय दिईएमा, बचतकर्ताहरूको रकम फिर्ता गर्न सहज हुन्छ। त्यसै गरी सिद्दिदाता बहुउद्देश्यीय सहकारी संस्थाको पनि समस्या तिर्न सक्छु।

सवाल २५ तपाई अध्यक्ष रहेको बलिदानी बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २५ बलिदानी बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न म कारागारबाट निस्किन पाउनु पर्यो, १ देखि २ वर्षको समय दिईएमा, बचतकर्ताहरूको रकम फिर्ता गर्न सहज हुन्छ। त्यसै गरी सिद्दिदाता बहुउद्देश्यीय सहकारी संस्थाको पनि समस्या तिर्न सक्छु।

सवाल २६ अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ २६ बलिदानी बचत तथा ऋण सहकारी संस्था डुबिसकेको थियो र यो सहकारी सञ्चालनमा ल्याउनको लागि मैले २० लाखको शेयर लिएको थिए। मभन्दा अगाडीका अध्यक्ष राज कुमार दुलालसँग सहकार्य गरेर सहकारी सञ्चालन गरेको हो। हाल आएर पुन संस्था समस्यामा परेको भएता पनि मेरो दाई श्याम कृष्ण श्रेष्ठ आएर बचतकर्ताहरूलाई विस्तारै बचत रकम फिर्ता गर्दै जानु भएको छ। २ वर्षको समयावधि दिनु भयो भने सम्पूर्ण बचतकर्ताहरूको बचत फिर्ता गर्नेछु। आवश्यक परेमा बाँकी विवरण पेस गर्नेछु। ऋण तिर्नु नपर्ने भन्ने प्रदर्शनमा आएका विभिन्न ऋणीहरू मध्य

हाम्रो सहकारीको तिन लाख ऋण भएको ऋणी ऋण तिर्नु पर्दैन भनेर काठमाडौं सम्म जुलुसमा आएको थियो। ज्ञान बहादुर बम्जनले चलाएका सहकारीहरू नेपालभर १०० वटा भन्दा बदी छन्। जस मध्य भक्तपुर र पोखरामा १५/१५ वटा होलान्। हामीलाई बिना धितो ऋण लिन निजले नै सिकाएको हो। त्यसैले समस्या अहिले देखिएको छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः अजय श्रेष्ठ
पदः अध्यक्ष / अध्यक्ष
संस्थाः बलिदानी बचत तथा ऋण सहकारी लि. पोखरा / सिद्दिदाता बहुउद्देश्यीय सहकारी संस्था लि., ललितपुर।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३० गते बुधबार
समयः अपराह्न ०५:४० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को प्रमुख कार्यकारी अधिकृत एवं/पूर्व सचिव हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय कास्कीमा रहनु भएका श्री सुरेन्द्रमणि पौडेलसँग भएको सोधपुछ :

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम सुरेन्द्रमणि पौडेल, हजुरबुवा देवी प्रसाद पौडेल, बुवा सूर्यमणि पौडेल, आमा नारायणी पौडेल हो। मेरो परिवारमा श्रीमती नारायणी सुवेदी, छोरी जेनिया पौडेल र छोरा आर्नभ पौडेल छन्। मेरो स्थायी ठेगाना पोखरा महानगरपालिका वडा नं २७ हो। मेरो ना.प्र.नं. १४८९४१ र मोबाइल नं. ९८५६०००००४ हो। हाल म कारागार कार्यालय कास्कीमा सहकारी ठगी मुद्दामा थुनामा रहेको छु।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आबद्ध रहेको सहकारी प्राइम बहुउद्देश्यीय सहकारी संस्था हो। यसको मुख्य कार्यालय पोखरा महानगरपालिका वडा नं. ४ गैरापाटनमा रहेको छ। यसका सेवा केन्द्रहरू कास्कीको नयाँपुल, बगर र लेखनाथमा थियो हाल उक्त सेवा केन्द्रहरू बन्द अवस्थामा रहेका छन्। उक्त सहकारीमा स्थापना काल २०६६ साल देखि २०७८ सालसम्म सचिव पदमा रही काम गरेकोमा २०७८ असोजमा भएको साधारणसभाले प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएपछि सोही भूमिकामा काम गर्दै आईरहेको छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलिन कानून बमोजिम सहकारी सञ्चालन गरिएको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ मेरो जेनिया एग्रिकल्चर कृषि फार्म नामको कृषि फार्म रहेको छ। पहिला जेनिया डिपार्टमेन्टल स्टोर नामको स्टोर पनि रहेको थियो। मैले २०६५ सालको अन्त्य तिर सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा मार्केटिङ अफिसर पदबाट सहकारीमा काम गर्न सुरु गरेको

थिए। त्यति बेला सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा ज्ञानबहादुर बम्जन अध्यक्ष र दिपक पौडेल व्यवस्थापक हुनुहुन्थ्यो। उक्त संस्थामा ४ महिना जती काम गर्दा सहकारी सम्बन्धमा ज्ञान हासील गरी त्यस अघि सूर्यदर्शनमै काम गरेको अनिल जोशी अध्यक्ष र म सचिव भई प्राईम सहकारीको यात्रा थालनी गरेका थियौं।

सवाल ६ तपाई प्रमुख कार्यकारी अधिकृत रहेको प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ हाल उक्त सहकारीको अध्यक्ष शंकर कार्की, उपाध्यक्ष दिपा कोइराला, सचिव ओमप्रकाश उपाध्यक्ष, कोषाध्यक्ष सन्दिप अर्याल, सदस्यहरू रामजी घजु, सन्तोष कुमार श्रेष्ठ, रोशन महर्जन, राजकुमार अर्याल र अनन्त नागिला हुनुहुन्छ। म मिति २०६६ सालदेखि मिति २०७८ सालसम्म सचिवको पदमा रहेको थिएँ। उक्त समयमा अध्यक्ष निदेश प्रसाद कोइराला, उपाध्यक्ष शंकर कार्की, सचिव म, कोषाध्यक्ष कुलदीप भट्टराई, सदस्यहरू जीवन सार्की, सिता गुरुङ्ग र धन कुमारी गुरुङ हुनुहुन्थ्यो। यस सहकारी संस्थाका संस्थापक अध्यक्ष अनिल जोशी हुनुहुन्थ्यो। उँहाको जिम्मेबारी मा डा. दिग बिजय शर्मा, लोकेन्द्र प्रकाश राजभण्डारी र गिता देवी शर्माको नाममा ऋण जारी भएको थियो। अहिले उँहाको स्थिती अज्ञात छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो?

जवाफ ७ हाल उक्त सहकारीको मुख्य कार्यालय खुला छ तर कारोबार भएको छैन। उक्त सहकारीका ऋणीहरूले समयमै ऋण नतिर्दा र सहकारीको नाममा भएको जग्गा बिक्री गर्न नपाउँदा तरलताको अभावले एकै पटकमा बचतकर्ताहरूको रकम फिर्ता गर्न नसकेकोले समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही छैनन्/थिएनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ यस विषयमा हामीले हाम्रो सहकारीको सञ्चालक समितिमा बस्नुपूर्व सबैलाई स्वघोषणा गर्नु भनेका थियौं, कोही कसैले पनि यस किसिमको जानकारी गराउनु भएको छैन। तसर्थ मेरो जानकारीमा भएसम्म कोही पनि हुनुहुन्न।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० हालका सञ्चालक कर्मचारी छैनन्। निवर्तमान अध्यक्ष निदेश प्रसाद कोइराला हाल उक्त सहकारीको आर्थिक प्रशासन शाखा हेर्ने गरी कर्मचारीको रूपमा रहनु भएको छ। संस्थाको कर्मचारी प्रशासन विनियमावली अनुसार कर्मचारी छनौट गर्ने गरिन्थ्यो। मलाई प्रमुख कार्यकारी अधिकृतको रूपमा २०७८ सालको वार्षिक साधारणसभाबाट नै नियुक्ति गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन/थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको छ। कोही-कोही कार्यक्षेत्र भित्र नभएकालाई सहकारी मापदण्ड, २०७५ अनुसार कार्यक्षेत्रभित्र घर, जग्गा खरीद गरेको व्यापार, व्यवसाय गरेको र बसाईसराई गरेकोलाई सोही आधारमा शेयर सदस्य बनाइएको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारीको कार्यालय रहेको भवन पार्वती थापाको नाममा रहेको छ। त्यो भवरन सहकारीको आफ्नै हो। जसको बजार मुल्य साढे ५ करोड बराबरको रहेको छ। सहकारीको नाममा डुम्रे बजार छेउ गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं ७ मा करीब ४७ रोपनी जग्गा, पोखरा महानगरपालिका वडा नं. २९ मा ७ रोपनी १२ आना जग्गा, तनहुँको व्यास नगरपालिका क्यामिनमा २ रोपनी जग्गा संस्थाको नाममा रहेको छ। त्यस्तै चन्द्र कुमारी गुरुङको नाममा पोखरा महानगपालिका वडा नं. ३० मा करीब ३ रोपनी जग्गा निजको बचत बापत पास गरी दिएकोमा निजले पुरानो स्टेटमेन्ट देखाइ करीब ९० लाख पाउनु छ भनि जाहेरी समेत दिएकोले उक्त जग्गा सहकारीको नाममा फिर्ता ल्याउन बाँकी रहेको छ। सल्लाहकार मानबहादुर गुरुङको नाममा दमौली मालपोत कार्यालय गेट अगाडि करीब ६ करोड मुल्य पर्ने घर, कोत्रे हाईवेमा दुईवटा घडेरी र तनहुँ सुरौदीमा ९ रोपनी १२ आना जग्गा रहेको छ। जसको बजार मूल्य हाल ८ देखि ९ करोड रहेको छ र निजलाई करिब २ करोड भुक्तानी गरेमा उक्त जग्गा सहकारीको नाममा आउँछ। निवर्तमान अध्यक्ष निदेश प्रसाद कोइरालाको

श्रीमती विजया कोइरालाको नाममा सुनसरी जिल्लाको ईटहरी संगित चोकमा १४ धुरमा बनेको २ तले घर जसको बजार मूल्य हाल ४ करोड रहेको छ। संस्थाको शेयर सदस्य उत्तम मगरको र आमा यमकुमारी मगर नातेदा र परिवारको नाममा पोखरा महानगरपालिका वडा नं. २९ पटनेरीमा करीब ९ रोपनी जग्गा रहेको हालको बजार मूल्य ९ करोड बराबरको रहेको छ। उक्त जग्गाहरू सहकारीको नाममा आउन बाँकी रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ डल्फिन बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष खिमबहादुर गुरुङको नाममा ९० लाख रुपैया यस सहकारी संस्थाबाट कर्जा प्रवाह भएको र उक्त कर्जा वापतको करीब ७० लाख फिर्ता लिन बाँकी रहेको छ। सोबाहेक अन्तरसहकारी कारोबार गरिएको छैन।

सवाल १५ तपाईंको सहकारी संस्थाको सेवा केन्द्र के-कति रहेका छन् ? सेवा केन्द्र विस्तारको निर्णय के-कुन मितिमा भएको हो ?

जवाफ १५ यस सहकारीको पोखरा महानगरपालिका वडा नं. १ बगर, वडा नं २६ लेखनाथ र अन्नपूर्ण गाउँपालिका वडा नं. ५ स्थित नयाँपुलमा सेवा केन्द्रहरू रहेकोमा हाल तीन वटै स्थानको सेवा केन्द्रसँग सम्बन्धित बचतकर्ताहरूको अधिकांश बचत फिर्ता गरीसकिएको छ र हाल सो सेवाकेन्द्रहरू बन्द अवस्थामा रहेका छन्। सेवा केन्द्र विस्तारको निर्णय मिति हाल याद भएन। आवश्यक कागजात समितिलाई पेस गर्नेछु।

सवाल १६ सेवा केन्द्र विस्तारमा गैरकानूनी कारोबार भई कानूनी कारवाही चलिरहेको अवस्था छ ? खास के भएको हो ? खुलाइदिनुहोस्।

जवाफ १६ सेवा केन्द्र र कार्यक्षेत्र विस्तार गर्दा गण्डकी प्रदेश सहकारी रजिष्ट्रार कार्यालय कास्कीका रजिष्ट्रार उदयबहादुर पराजुलीले गोरखामा सहकारीको जग्गा भएको र गोरखा जिल्ला सहकारीको कार्यक्षेत्र नभएकोले समस्या आउन सक्ने हुँदा उक्त समस्या मिलाइदिन्छु, सो कार्यको लागि केही रकम खर्च र तत्कालिन रजिष्ट्रार कार्यालयका चोलाकान्त वाग्लेलाई समेत रकम दिनु पर्छ भनी निज उदयबहादुर पराजुलीले पहिलोपटक नौ लाख र दोस्रोपटक दश लाख गरी उन्नाईस लाख रकम लिनु भएको थियो। चोलाकान्त वाग्लेले उदयबहादुर पराजुलीबाट रकम प्राप्त नगरेको र पछि छानविनको क्रममा उदयबहादुर पराजुलीले हामीसँग पैसा लगेको थाहा जानकारी पाएर आफ्नो हिस्सा नपाएको कारण रिस साँधी सहकारी ऐन, २०७४ दफा ४७ उपदफा (३) र (४) को सुविधा समेत नदिई अचानक प्रहरी कार्यालयमा

पत्र जाहेरी पठाएका थिए। निज उदयबहादुर पराजुलीसँग हाम्रो सहकारीको कारोबार प्रतिवेदनबाट देखिएकोले निजलाई समेत यस सहकारी ठगी मुद्दामा प्रतिवादी कायम गरिएको छ।

सवाल १७ तपाईले माथि खुलाउनु भएको १९ लाख रुपैया के-कुन माध्यमबाट निज उदयबहादुर पराजुलीलाई प्रदान गर्नुभएको थियो? खुलाईदिनुहोस्।

जवाफ १७ म र निवर्तमान अध्यक्ष निदेश कोइराला सँगै गई निज उदयबहादुर पराजुलीको घर छेउको गल्लीमा भेटी सेवाकेन्द्र बिस्तार सम्बन्धी निर्णय हुँनु भन्दा एक दिन अगाडी नगदै दिईएको हो।

सवाल १८ तरलता निक्षेपको १५% हुनुपर्नेमा ०.७% मात्र किन राखेको हो ?

जवाफ १८ बचतकर्ताहरूको बचत रकम फिर्ता गर्नु पर्ने भएको र सहकारीका ऋणीहरूले ऋण रकम फिर्ता नगरेकोले यस्तो हुन गएको हो।

सवाल १९ पर्ल्स विश्लेषण अनुसार कूल सम्पत्तिमा बाहय ऋणको अनुपात बढीमा ५ प्रतिशत हुनुपर्नेमा यस संस्थाको बाहय ऋण ३२% किन राखिएको हो ?

जवाफ १९ राष्ट्रिय सहकारी बैंक लि. र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघले नै यतिसम्म ऋण लान मिल्छ भनेको हुनाले ऋण लिई प्रवाह गरिदिएको हो। हामीलाई यस सम्बन्धमा तालिम दिने, प्रोत्साहन गर्ने र सिकाउने निकायले नै मिल्छ भनेको हुनाले र कर्जा स्वीकृत गरिदिएको हुनाले वाह्य ऋणको अनुपात बढी आएको हो।

सवाल २० बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम जम्मा रु. २६,३५,९५९ सरकारलाई किन नतिरिएको ? यस्तो गर्न मिल्छ ?

जवाफ २० हाम्रो सहकारी संस्थामा समस्या आउनुभन्दा अगाडिसम्म निरन्तर कर चुक्ता गरी समयमै कर चुक्ता प्रमाणपत्र लिने गरेका थियौं। हाल तरलता अभाव भएको हुँदा सदस्यको बचत रकम फिर्तालाई नै प्राथमिकतामा राखिएको हुनाले कर रकम अडिट रिपोर्टको तिर्नु पर्ने हिसाबमा राखिएको छ।

सवाल २१ सहकारीको आर्थिक वर्ष २०७९/८० को वासलात अनुसार "अन्य ऋण" शीर्षकमा रु. ४०,४१,२९,५३६ रकम प्रवाह गरेको देखिन्छ, सो के-कस्तो ऋण हो र कसलाई उपलब्ध गराएको हो ? साथै खुलस्त हुने कुनै पनि कागजात किन नराख्नुभएको हो ? खुलाइ दिनुहोस्।

जवाफ २१ राष्ट्रिय सहकारी बैंक लि. र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघबाट सापटी लिएको कर्जाहरू यो शीर्षकमा लगानी गरिएको छ। जसमा लोकेन्द्र प्रकाश राजभण्डारी, उत्तम मगर, ईन्द्रमाया के.सी., बखत नारायण श्रेष्ठ, विमला श्रेष्ठ, शंकर नारायण श्रेष्ठ, गणेश मोहन भट्टराई, सरीता कुमारी श्रेष्ठ, दुर्गा के.सी. लगायतलाई यो कर्जा लगानी गरिएको छ। यस विषयमा आवश्यक कागजातहरू संस्थाले उपलब्ध गराउने छ।

सवाल २२ संस्थाले राष्ट्रिय सहकारी बैंक लि. बाट रु. २७,२६,२७,०८९ र नेफ्स्कुनबाट रु. ११,७९,६७,१४१ गरी जम्मा रु. ३९ करोड ५ लाख ९४ हजार के प्रयोजनका लागि ऋण लिएको हो ?

जवाफ २२ उल्लिखित रकम शेयर सदस्यलाई कर्जा प्रवाहको लागि लिइएको हो।

सवाल २३ सदस्यहरूलाई दिइएको कूल ऋण रकमको ८८% जति ठूला ऋणीहरूलाई मात्र दिइएको छ, यो कानूनसम्मत छ त ?

जवाफ २३ यसमा उक्त ऋणीहरू सहकारीसँग नियमित रूपमा कारोबार गरिरहने र समयमै ऋण रकम चुक्ता गर्ने खालका भएकोले ऋण रकम प्रवाह गरिएको हो। पछिल्लो समय नियमित रूपमा ऋण चुक्ता नगरेको र हामीले लिएको बाह्य ऋण नियमित बुझाउनुपर्ने भएकोले सहकारीमा तरलताको समस्या आएको हो।

सवाल २४ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २४ यसमा सहकारीबाट ऋण लिने ऋणीहरूलाई आफुले लिएको ऋण प्रति दायीत्व बहन गर्ने गराउने र ऋण असुली सुनिश्चित गर्ने गरी कानूनी प्रबन्ध हुन सकेमा उक्त ऋणीहरूले समयमै ऋण चुक्ता गर्ने थिए र बचतकर्ताको रकम फिर्ता गर्न सहज हुने थियो।

सवाल २५ तपाईं प्रमुख कार्यकारी अधिकृत रहेको प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २५ हाम्रो सहकारीका विभिन्न पदाधिकारीहरू सहित ६५ जना प्रतिवादीहरूको यस सहकारीमा करीब १८ करोड बचत रकम हुन आउँछ र सो बाहेक हाल बचतकर्तालाई चुक्ता गर्नु पर्ने रकम करीब २९ करोड रहेको छ। उक्त रकमहरू सहकारीको सम्पत्तिबाट तिर्न सकिने किसिमको रहेको छ। तसर्थ, हामी सञ्चालक र पदाधिकारीहरूलाई थुनाबाट बाहिर ल्याई ऋण रकम उठाउने वातावरण बनाएमा र रोक्का गरिएको सहकारीको सम्पत्ति बेच्न दिएमा बचतकर्ताको रकम फिर्ता गर्न सकिन्छ।

सवाल २६ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २६ हामी प्रतिवादीहरू ६५ जनाको करीब ५ अर्ब सम्पत्ति रोक्का रहेको छ। उक्त सम्पत्ति रोक्का नै राखी हाम्रो परिवार समेतलाई जिम्मेवार बनाई थुनाबाहिर ल्याई काम गर्ने वातावरण दिएर एउटा समय सीमा दिएमा समस्या समाधान गर्न सकिन्थ्यो। संस्थाका नाममा भएका घर जग्गाको लालपूर्जाको प्रतिलिपि र संस्थामा तरलताको अभाव भएपछि २०८०/०९/२८ गते वार्षिक साधारणसभा गराई सदस्यहरुलाई समस्याको जानकारी गराई तयार गरिएको कार्ययोजना समेत म यस समितिलाई उपलब्ध गराउँछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः सुरेन्द्रमणि पौडेल
पदः प्रमुख कार्यकारी अधिकृत/पूर्व सचिव
संस्थाः प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि.,पोखरा

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३० गते बुधबार
समयः बेलुकी ०७:०० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय कास्कीमा थुनामा रहनु भएका श्री रमण पौडेलसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम रमण पौडेल हो। मेरो बाजे मोती प्रसाद उपाध्याय, बुवा राम प्रसाद शर्मा पौडेल, आमा दुर्गा देवी पौडेल, श्रीमती सौजना अधिकारी, छोरी सौरभी पौडेल हो। मेरो स्थायी ठेगाना जिल्ला स्याङ्जा आँधिखोला गाउँपालिका वडा नं. ४ हो। म वर्ष ३२ को भए। मेरो जन्म २०४८ साल वैशाख ५ गते भएको हो। मेरो फोन नं. ९८५६०२४१६६ र नागरिकता नं. ९९५१३ हो। हाल कारागार कार्यालय कास्कीमा छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष हुँ। यसको कर्यालय पोखरा ९ नयाँबजार, कास्कीमा रहेको छ। स्थापना २०७१ बैशाख २ गते भएको हो। शेयर पुँजी लगभग ३ करोड रहेको छ, बचतकर्ता अन्दाजी २ हजार रहेका छन्। बचत रकम अन्दाजी २० करोड, ऋणी संख्या ३३ जना। २०८० भाद्र ११ सम्मको ऋण १५ करोड २ लाख ७१ हजार साँवा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो?

जवाफ ४ अधिकाशं प्रक्रियामा सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गरिएको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक वाईल्ड डिस्कभरी टुर्स एण्ड ट्राभल्स प्रा.लि. को सञ्चालक, सौरभी रियल स्टेट एण्ड हाउजिङ कम्पनी प्रा.लि. को सञ्चालक रहेको छु।

सवाल ६ तपाईं अध्यक्ष रहेको मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा म, उपाध्यक्ष विजय लम्साल, सचिव कुशल पौडेल, कोषाध्यक्ष भिमलाल पौडेल, सदस्यहरू संगिता रेग्मी सुवेदी, रनिता थापा र गोपाल खनाल छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो?

जवाफ ७ मित्रमिलन बचत तथा ऋण सहकारी संस्था हाल सञ्चालनमा रहेको छ। २०८१ साउन २ गतेबाट साउन १५ गते सम्म गरेर २ करोड १० लाख राष्ट्रिय सहकारी बैंक लि. को खातामा जम्मा गरी त्यहाँ भएको कर्जा दायित्व घटाइएको छ। उक्त संस्था समस्यामा पर्नुको कारण कोभिड १९ पछि सम्पूर्ण व्यापार व्यवसायहरू धरासायी भएको, बजारमा लगानी गरेको सावाँ ब्याज समयमा असुल उपर हुन नसकेको, नयाँ कर्जा लगानी गर्ने सुरक्षित स्थान नभएको हुनाले केही बचत रकमबाट घर जग्गामा लगानी गरियो, घरजग्गामा आएको मन्दीले उक्त जग्गाहरू समयमा बिक्री नभएको, खरिद गरेको मुल्य भन्दा कम मुल्यमा बिक्री गर्नु पर्ने अवस्था र सहकारी क्षेत्रमा आएको नकारात्मक हल्लाले बचतकर्ताहरूको बचत रकम फिर्ताको चाप एकै पटक परेको हुनाले समयमा नै बचत फिर्ता गर्न असमर्थ भयौं। उक्त कारण संस्था समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको संस्थामा छैनन् / थिएनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?



जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा कर्मचारी विनियमावली अनुसार खुला प्रतिस्पर्धाद्वारा, लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा लिई स्थानीय व्यक्तिलाई प्राथमिकतामा राखी छनौट गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने र ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति अन्दाजी १५ करोड र त्यसको सावाँ ब्याज ऋणीहरूबाट असुल उपर गर्नु पर्ने छ। बाँकी सम्पत्ति म अध्यक्ष रमण पौडेल, उपाध्यक्ष विजय लम्साल, कोषाध्यक्ष भिम लाल पौडेल, संस्थाको प्रेस सल्लाहकार अर्जुन गिरी लगायतका संस्थाका पदाधिकारीहरूको नाममा रहेको छ। जसको विस्तृत विवरण समितिमा पेस गर्नेछु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छैन।

सवाल १५ राष्ट्रिय सहकारी बैंक लि. बाट रु. ७ करोड ५८ लाख ४८ हजार के प्रयोजनका लागि ऋण लिएको हो ?

जवाफ १५ उक्त रकम शेयर सदस्यहरूलाई ऋण प्रवाह गर्नका लागि लिएको हो। उक्त रकम मध्ये २ करोड ६१ लाख ५७ हजार २ सय ४७ साँवा मात्र राष्ट्रिय सहकारी बैंक लि. मा भुक्तानी गर्न बाँकी छ। स्टेटमेन्ट यसै साथ पेस गरेको छु।



सवाल १६ यस सहकारीको आ.व २०७७/७८ मा नगद तथा बैंक मौज्दात रु. १,०२,७६,७१०/- लाई कसरी प्रमाणित गर्न सक्नुहुन्छ ?

जवाफ १६ उक्त बैंक मौज्दात तत्कालीन अवस्थाको बैंक खाताबाट प्रमाणित हुन्छ। आवश्यक कागजातहरू समितिले माग गरेमा पछि पेस गर्नेछु।

सवाल १७ बैंक मौज्दात हुँदा हुँदै निक्षेपको ब्याजमा कट्टा गरेको कर रकम रु. ७,५६,६८१/- नेपाल सरकारलाई किन भुक्तानी नगरिएको हो ?

जवाफ १७ प्रत्येक वर्षको पौष मसान्त भित्र साधारणसभा सम्पन्न गरी चैत्र देखि असार त्रैमासको असार भित्रमा जम्मा गरिसक्नु पर्नेमा विविध कारणले बुझाउन बाँकी रहेको थियो। संस्था समस्यामा आएपछि बुझाउन असमर्थ भएको हो।

सवाल १८ वित्तिय विष्लेषक निर्मल गौतमको छानबिनको ३४ पृष्ट लामो प्रतिवेदनले औल्याएका तथ्यहरुका बारेमा तपाई के भन्नु हुन्छ? केही संचालकहरुको मिलेमतोमा संस्थालाई सम्पत्ति बिहिन गरेर निजीलाभमा प्रयोग गरेको भन्ने भनाई प्रति तपाईको भनाई के हो?

जवाफ १८ संस्थाको नाममा सम्पत्ति राख्दाखेरी समयमा बेच्न कानूनी झन्झट पर्ने हुँनाले सञ्चालक, नीज आफन्तहरु र व्यक्तिहरुका नाममा जग्गा खरिद गरिएको हो। वित्तिय विष्लेषक निर्मल गौतमको छानबिनको प्रतिवेदनमा आएका कुराहरु अपुरो छन्। जस्तै सञ्चालक र व्यक्तिबाट संस्थाको नाममा आएका आम्दानी देखाईएको छैन। संस्थाको नाममा सम्पत्ति नभए पनि हामी सञ्चालकहरुको नाममा संस्थाको सम्पत्ति छ। संस्थाको बचत रकम फिर्ता गर्नको लागि सञ्चालक, सञ्चालकका आफन्तहरु र विभिन्न व्यक्तिहरुको नाममा रहेको सम्पत्तिहरुको विवरण स्वेतपत्र मार्फत जारी गरी बचतकर्ताहरूलाई विश्वासको वातावरण दिलाउन तयार छौं।

सवाल १९ मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको गण्डकी प्रदेश भरी ११ जिल्ला कर्या बिस्तार गर्न प्रदेश सहकारी रजिस्ट्रारलाई कति रकम दिनु भएको हो र कसरी भुक्तानी दिनु भएको हो?

जवाफ १९ मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र पहिला पोखरा महानगरपालिका भित्र ६ वटा वडामा मात्र सिमित थियो। पटक-पटक कार्यक्षेत्र बिस्तार गर्नको लागि प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयमा सम्पुर्ण कागजापत्रहरु पेस गर्दा पनि कार्यक्षेत्र बिस्तार हुन सकेन पछि र सन्जय पौडेल भन्ने मान्छेले म मिलाई दिन्छु भनि १ करोड २० लाख रकम नगद लगेको हो। सो रकम तत्कालिन प्रदेश सहकारी रजिस्ट्रार कार्यालयका प्रमुख उदयबहादुर पराजुलीलाई मैले स्वयंले दिएको होइन, तर पहिला कार्यक्षेत्र बिस्तार नभएको र उक्त रकम दिए पछि पोखरा महानगरपालिका अन्तर्गतका बाँकी सबै वडाहरू र जिल्ला स्याङ्जा आँधीखोला गाउँपालिकाको सबै वडाहरूमा कार्यक्षेत्र बिस्तार भई आँधीखोला गाउँपालिका वडा नं. ०५ मा सेवा केन्द्र स्वीकृत भयो र हाल पनि सञ्चालनमा रहेको छ। नियामक निकायहरुबाट हुने अनुगमन पनि आर्थिक प्रलोभनका लागि चाँडबाडको मुखमा बढी हुने गरेको छ।

सवाल २० विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २० मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको समाधान गर्न सक्छु। त्यसका लागि कर्जा असुली प्रकृया सहजीकरण गरिदिनुपर्यो, कर्जा सूचना केन्द्र स्थापना गरिदिनुपर्यो, कम्तीमा १ वर्षको समयावधि दिनुपर्यो, सहकारी बैंकले देखाएको रबैयामा नियन्त्रण गर्नुपर्दछ, संस्था निर्बाध रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो।

सवाल २१ तपाईं अध्यक्ष रहेको मित्रमिलन बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २१ मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्नका लागि कर्जा असुली प्रकृया सहजीकरण गरिदिनुपर्यो, कर्जा सूचना केन्द्र स्थापना गरिदिनुपर्यो, कम्तीमा १ वर्षको समयावधि दिनुपर्यो, सहकारी बैंकले देखाएको रबैयामा नियन्त्रण गर्नुपर्दछ, संस्था निर्बाध रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो। हामीलाई समयसमयमा नियमन निकायमा हाजिर हुने, परिवार जमानत बस्ने, पासपोर्ट रोक्का गरेर भए पनि कारागारबाट मुक्त गरी निर्बाध रुपमा काम गर्ने वातावरण सिर्जना गरियोस।

सवाल २२ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २२ सहकारी संस्था समस्या आउनुमा हाम्रो नियत भन्दा नियतिको कारणले गर्दा समस्यामा परेका हौं। संस्था पूर्ण रुपमा सञ्चालन गरी नेपाल सरकारलाई तिर्नु पर्ने राजश्व तथा करहरू तिरी नेपालमै केही गर्छु भन्ने युवाहरूलाई रोजगारी दिने तथा सम्पूर्ण बचतकर्ताहरूको बचत फिर्ताको अक्षरशं पालना गर्न तयार छौं।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः रमण पौडेल

पदः अध्यक्ष

संस्थाः मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३० गते बुधवार
समयः बेलुकी ८:०० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुप्रिम बचत तथा ऋण सहकारी संस्थाका लि. को प्रधान कार्यालय, बुटवलमा कार्यरत क्यासियर श्री रोशनी गुरुङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम रोशनी गुरुङ हो। बाजे निमबहादुर गुरुङ, बुबा मिलन गुरुङ, आमा जौमाया गुरुङ हो। मेरो स्थायी वतन जिल्ला स्याङ्जा वालिङ नगरपालिका वडा नं. ०३ हो। हाल मेरो परिवारमा ससुरा हर्षबहादुर गुरुङ, सासु लक्ष्मी गुरुङ, श्रीमान सुदिप गुरुङ, छोरा राज गुरुङ (१ वर्ष), छोरी नुष्का गुरुङ (५ वर्ष) र म जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ११, देवीनगरमा वस्छौं। मेरो सम्पर्क नं. ९८४७४६९६३५ रहेको छ।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. जिल्ला रूपन्देही, बुटवल उपमहानगरपालिका वडा नं. ०९ मा कार्यरत थिए। यस सहकारीका सेवाकेन्द्रहरू जिल्ला रूपन्देहीको भैरहवा, जिल्ला कपिलबस्तुको जितपुरमा रहेका थिए। म यस सहकारीमा मिति २०७३/०४/०६ गते स्थापना भए देखि मुख्य कार्यालय बुटवलमा क्यासियरको पदमा कार्यरत थिए।

सवाल ४ तपाईले उक्त संस्थामा के-के काम गर्नु हुन्थ्यो?

जवाफ ४ म यस संस्थामा क्यासियरको रूपमा काम गर्थे, संस्थाका व्यवस्थापक सागर के.सी.ले भने बमोजिम क्यास बैंकमा डिपोजिट गर्ने, बचतकर्ताहरूको हस्ताक्षर भेरिफाई गरेर रकम एक खाताबाट अर्को खातामा स्थानान्तरण गर्ने काम गर्थे।

सवाल ५ सहकारी संस्था कर्मचारी बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ अन्य कुनै पेसा/व्यवसाय छैन।

सवाल ६ तपाई मुख्य सञ्चालक रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाका लि. को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ यस संस्थाका अध्यक्ष ओम प्रकाश गुरुङ र व्यवस्थापक सागर के.सी. लाई चिन्थे। सचिव दिपेशकुमार पुनलाई ईलाका प्रहरी कार्यलय, बुटवलमा जाँदा भेटेको थिए। जि.बी. राईलाई संस्थाको सुरुमा अफिस खोल्दा देखेको थियो। त्यस बाहेक अरु कसैलाई म चिन्दीन।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छैन। संस्था समस्यामा पर्नुको कारण एकैसाथ बचत कम फिर्ता माग गर्न आएका र बचतकर्ताहरूको रकम फिर्ता दिन नसक्नु हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ कोहि पनि हुनुहुन्थेन।

सवाल ९ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ ९ यस बिषयमा मलाई जनाकारी भएन।

सवाल १० अन्तरसहकारी कारोबार हुन्थ्यो वा हुदैनथ्यो ? हुन्थ्यो भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १० सूर्यदर्शन पोखरा, सानोपाईला बिरगंज, स्वर्णलक्ष्मी काठमाडौं, सहारा चितवन चितवन र समानता नेपालगंजका सहकारीहरूका चेकहरू यस संस्थामा र यस सहकारीको चेक ती संस्थाहरूमा IBT प्रक्रियाबाट साटिने गरिन्थ्यो। यसका लागी जिमेलबाट चेकको स्क्यान कपी पठाइन्थ्यो र भेरीफाई गरेर क्यास पेमेन्ट गरिन्थ्यो।

सवाल ११ तपाईले सहकारीको सफ्टवेयस प्रयपग गर्दा के-कुन User Id बाट प्रयोग गर्ने गर्नु हुन्थ्यो?

जवाफ ११ Roshani_acc_001 नामको user ID बाट प्रयोग गर्ने गर्थे। उक्त user ID व्यवस्थापक सागर के.सी. ले प्रदान गर्नुभएको थियो।

सवाल १२ मि मिति २०७७।१२।१८ मा तपाईले सहकारीको सफ्टवेयर system मा Membership ID 001-058506 रबी लामिछानेको नाम इन्ट्री गर्नु भएको देखिन्छ, उक्त तथ्याङ्क के-कुन आधार र कागजातका आधारमा इन्ट्री गर्नु भएको हो ? खुलाइदिनुहोस्।

जवाफ १२ व्यवस्थापक सागर के.सी. ले फाराम फिलआप नभरी "रवि लामिछाने" को नाममा खाता खोल्ने र ठेगाना " डट-डट" राखी छिटो उक्त खाता नं. मलाई दिनु भन्नु भएको थियो। मैले ठेगाना, कागजात, नागरिकता, सम्पर्क नं. मा के लेख्न भन्दा "डट-डट" मात्रै लेक्नु भन्नु भएको थियो।

यस्तै प्रक्रिया छविलाल जोशीकोमा पनि गरिएको थियो। यसप्रकारको खाता अन्य केहि व्यक्तिहरू को पनि गरिएको थियो मलाई हाल ती व्यक्तिहरूको नाम याद भएन।

सवाल १३ तपाईंले इन्ट्री गरेको रबी लामिछाने भन्ने व्यक्ति पूर्वउपप्रधान तथा गृहमन्त्री एवं प्रतिनिधि सभाका माननीय सदस्य रबि लामिछाने हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ १३ त्यस विषयमा मलाई जानकारी भएन। रबि लामिछानेको नाममा खाता खोल्न लगाउनु भयो, मैले खाता खोलेको थिए। उक्त खातावाला को हुन मलाई थाहा भएन। यस बिषयमा समाचारमा रोसनीले नै पूर्वउपप्रधान तथा गृहमन्त्री एवं प्रतिनिधि सभाका माननीय सदस्य रबि लामिछानेको खाता खोलेको भन्ने समाचार आएर मलाई साथीहरूले लिङ् पठाउन थाले पछि, यस्तो पो रहेछ कि भन्ने मलाई लाग्यो। संस्थामा हामीले व्यवस्थापाक सागर के.सी.ले भने अनुसार सबै काम गर्ने गर्थौं।

सवाल १४ अध्यक्ष ओमप्रकाश गुरुङ्ग हुनुहुन्छ। उहाँको भुमिका के थियो?

जवाफ १४ कार्यालयमा हामीले सबै काम व्यवस्थापक सागर के.सी.ले भने बमोजिम गर्ने गर्थ्यौं। सागर सर कार्यालयमा नहुँदा मात्र अध्यक्ष ओमप्रकाश गुरुङ्गलाई सोधेर काम गर्ने गर्थ्यौं।

सवाल १५ तपाइले २०७७।१२।१८ मा रबी लामिछानेको नाममा स्वीकृत भएको ऋण रकम रू. २ करोड गोरखा मिडिया नेटवर्कको नाममा रहेको ग्लोबल आइएमई बैङ्कको खातामा जम्मा गराउनु भएको भन्ने वित्तीय विश्लेषण प्रतिवेदनवाट देखिन्छ। के-कुन आधारमा उक्त रकम जम्मा गराउनु भएको हो ? खुलाइदिनुहोस्।

जवाफ १५ के-कुन आधारमा भन्ने मलाई जानकारी भएन। व्यवस्थापक सागर के.सी. सरले गोरखा मिडिया नेटवर्कको नाममा ग्लोबल आई.एम.ई बैंकमा रहेको खातामा रकम जम्मा गरेर आउनु भन्नु भयो, मैले जम्मा गरेको हो। चेक र क्यास कुन मार्फतबाट रकम जम्मा गरेको थिएँ मलाई याद भएन तर ठुलो रकम त चेकबाटै हुन्थ्यो। रकम बैंकमा डिपोजिट गर्दा डिपोजिटरको नाममा रबि लामिछाने देखिनु पर्छ भनेर सागर सरले भन्नु भएको थियो तर बैंकका कर्मचारीले डिपोजिटरको नाममा रहेको मान्छे कि उपस्थित हुनु पर्छ कि रबि लामिछाने/ रोसनी गुरुङ लेख्दा मिल्छ भन्नु भएको थियो। मैले सोही विषय सागर सरलाई भने पछि बैंकले भने अनुसार रबि लामिछाने/ रोसनी गुरुङ लेख्दापनि हुन्छ भन्नुभयो र सोहि अनुसार गरेको थिए।

सवाल १६ अन्त्यमा, तपाईको थप भन्नु केही छ?



जवाफ १६ कारवाही हुनु पर्ने व्यक्तिहरूलाई कारवाही हुन सकेको छैन तर सामान्य कर्मचारीलाई अनावस्यक टर्चर भईरहेको छ। मेरो एक वर्षको काखेबालक लिएर म हिडि रहनु परेको छ। उक्त संस्थामा काम गरेबापत मासिक २१ हजारको तलब पाउँथे। मेरो १ वर्षको तलब सोही संस्थको मेरो नामको खातामा डिपोजिट हुने भएकोले त्यो रकम पनि पाएको छैन। सहकारी ठगी मुद्दामा २०८१ बौशाखमा जिल्ला अदालतत रुपन्देहीको आदेशले २ लाख धरौटी तिरी छुटेको थिए। यस मुद्दाबाट चाँडो भन्दा चाँडो मुक्तहुन पाएँ हुन्थ्यो।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः
नामः रोशनी गुरुङ
पदः कर्मचारी (क्यासियर)
संस्थाः सुप्रिम बचत तथा ऋण सहकारी संस्थाका लि. रुपन्देही।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३१ गते बिहिबार
समयः अपराह्न ०१: १५ बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय रूपन्देहीमा रहनुभएका श्री ओमप्रकाश गुरुङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम ओम प्रकाश गुरूङ हो। मेरो बाजे देउबहादुर गुरुङ, बुवा पदमबहादुर गुरूङ, आमा मिनसरी गुरूङ, श्रीमती प्रियंका गुरुङ, र छोरी सङ्गमित्र गुरुङ हो। मेरो स्थायी ठेगाना जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ७ दिपनगर हो। म ४९ वर्ष को भए। मेरो जन्म मिति २०३३ फागुन २४ गते हो। फोन नं. ९८४७०२७११७, ना.प्र.नं. २८२७३३ हो। हाल सहकारी ठगी मुद्दमा कारागार कार्यालय रूपन्देहीमा थुनामा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष रहेको छु। यसको कार्यालय बुटवल उपमहानगरपालिका वडा नं. ९ चौराहामा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सुप्रिम बचत तथा ऋण सहकारी संस्था पहिले सहकारी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालन भएको थियो। पछि कारोबार बुझ्दै जाँदा सहकारी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालन नभएको थाहा जानकारी भयो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेसा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक रेमुकाई संस्थामा २०५७ देखि २०७४ सम्म कर्मचारीको रूपमा कार्यरत थिए। हाल भोलेन्टियरको रूपमा रहेको छु।

सवाल ६ तपाईं अध्यक्ष रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाका सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्षमा म, उपाध्यक्ष असरफ अली, सचिव दिपेश पुन, कोषाध्यक्ष आशिष आनन्द, सदस्यमा बुद्धि गुरुङ रहेका छन। सहकारी समस्यामा परेपछि भएको भेलामा दिपेश पुनले राजीनामा दिएका सन्दर्भमा कुनै छलफल भएको थिएन तर संस्थाका संरक्षक जि.बी. राई को निर्देसनमा कार्यकारी प्रमुख सागर के.सी. ले दिपेश पुनको राजिनामा स्वीकृत गरी कुमार रम्तेललाई सचिव बनाइएको उल्लेख गरी लुम्बिनी प्रदेश सहकारी दर्ता कार्यालयमा पठाइएको रहेछ। म संस्थाको अध्यक्ष हुँ तर दिपेश पुनको राजिनामा अहिलेसम्म देखेको छैन।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. को प्रधान कार्यालय बुटवल र सेवा केन्द्र भैरहवा सञ्चालनमा रहेको छैन। सेवाकेन्द्र जितपुर-कपिलवस्तु भने सञ्चालनमा रहेको छ। संस्था समस्यामा पर्नुको कारण पूर्व अध्यक्ष, वर्तमान कार्यकारी संरक्षक गितेन्द्र बाबु राईले आफ्नो विभिन्न कम्पनीहरू जस्तै गोरखा मिडिया प्रा.लि. जि.बी. ग्रुप अफ कम्पनीज, नेचर हर्ब्स, स्प्रीड उड हाउजिङ प्रा.लि.मा करोडौं लगानी गरेको, लगानी गरेदेखि एक किस्ता पनि रकमको ब्याज तथा सावाँ चुक्ता नगरेको, संस्थाका कार्यकारी प्रमुख सागर के.सी. ले आफूखुसी एउटै व्यक्तिलाई १२ करोडसम्म सञ्चालक समितिलाई थाहेनदिई धितो राखी केही धितो बिना नै, विभिन्न व्यक्तिहरूलाई लगानी गरेको, सो ऋण उठाउन कुनै चासो नदिएको र लगानी सम्बन्धी सञ्चालक समितिलाई कुनै जानकारी नदिएको कारण संस्था समस्यामा परेको हो। ऋण उठाउन नसकेपछि बचत माग गर्ने बचतकर्तालाई बचत फिर्ता गर्न नसकेकोले समस्या आएको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्तिहरू कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन्। सागर के.सी. सहारा चितवनको अध्यक्ष र सुप्रिम सहकारीको कार्यकारी प्रमुख रहेका थिए। असरफ अली सुप्रिमको उपाध्यक्ष, सानो पाईला विरगञ्जको मार्केटिङ अफिसर र उनको श्रीमती तस्विरन खातुन कार्यकारी प्रमुख रहेका थिए। सहकारीमा

सञ्चालक समितिको सदस्य बुद्धी गुरुङ सूर्यदर्शन पोखराको ऋण अधिकृत र सुप्रिमको सञ्चालक रहेका थिए। सुप्रिम सहकारीको कोषाध्यक्ष आशिष आनन्द, समानता सहकारी नेपालगञ्जको व्यवस्थापक रहेका थिए।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा हामीलाई केही जानकारी दिईदैन थियो। गितेन्द्र बाबु राईले के-कसरी छनौट गर्ने गरेको थिए यसबारे हामीलाई जानकारी हुदैन थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी ऐन, नियम अनुसार शेयर सदस्य बनाएर मात्र बचत रकम जम्मा गर्ने र ऋण प्रवाह गर्ने गरेको जस्तो मलाई लागेको थियो तर कार्यकारी प्रमुख सागर के.सी. ले व्यक्तिहरूलाई थाहा जानकारी नदिई शेयर सदस्य बनाउने र उनीहरूको नाममा ऋण प्रवाह गर्ने गरेको रहेछ। मलाई अनुसन्धानको क्रममा सोधपुछ गर्दा र अनुसन्धान मिसिल हेर्दा मात्र थाहा भयो। सहकारीबारे मेरो जानकारी शुन्य बारावरको थियो। ऋण जारी गर्नुपूर्व ऋण स्वीकृत गराउँदैन थियो। बुटवलमै लगानी गरेका केही फाइलहरु बाहेक अन्य कुनै ऋण मैले स्वीकृत गरेको थिएन। तर चेकमा कुनै अङ्क नलेख्दै मलाई हस्ताक्षर गराएर राखिन्थ्यो।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ मलाई नाम मात्रको अध्यक्ष बनाइएकोले यसबारे केही थाहा जानकारी भएन। कार्यकारी प्रमुखले यी सबै कार्य गर्नुभएकोले के-कसरी गराइएको थियो मलाई थाहा भएन।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ हाल सहकारी संस्थाको नाममा कुनै पनि सम्पत्ति छैन। संस्थाको नाममा भएका सवारी साधनहरू बिक्री गरेर के गरे थाहा भएन। सहकारीको नाममा दुईवटा सवारी साधन थिए। अनुसन्धानको क्रममा मलाई थाहा जानकारी भएसम्म गोरखा मिडिया प्रा.लि., जे.बि.ग्रुप अफ कम्पनीज, नेचर हर्ब्स, स्प्रीड उड हाउजिड प्रा.लि., लगायतका कम्पनीहरू र करोडभन्दा माथि ऋण प्रवाह गरिएका व्यक्तिहरू गितेन्द्रबाबु राईको दाई देवेन्द्र बाबु राई, भाउजु अरुणा राई, भाई भूपेन्द्र



राई, रवि लामिछाने, छविलाल ओझा, विपिनकुमार आचार्य, नरेश जि.सी.,लगायतलाई बिना धितो ऋण प्रवाह गरेको थाहा भएको हो। यस सहकारीको लगानीमा रुपन्देहीको तिलोत्त नगरपालिका भित्र स्प्रिडउड रियलिस्टिक एण्ड हाउजिङ प्रा.लि. को नाममा १ बिगाहा जग्गा अन्दाजी १२ करोड बराबरको हरेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छ। गितेन्द्रबाबु राईद्वारा सञ्चालित सबै सहकारीहरू सूर्यदर्शन सहकारी, स्वर्ण लक्ष्मी सहकारी, सानो पाईला सहकारी, समानता सहकारी, साहारा चितवन सहकारी र सुप्रिम सहकारीहरू बीच अन्तरसहकारी कारोबार हुने गर्दथ्यो।

सवाल १५ तपाइको सहकारी संस्थाले बचतकर्ताको बचत सङ्कलन गरी गितेन्द्रबाबु राई समेतले सञ्चालन गरेका विभिन्न कम्पनीहरूमा सोझै र व्यक्तिको नाममा ऋण खडा गरी त्यस्ता कम्पनीहरूमा ऋण प्रवाह गरेको देखिन्छ। के-कुन कम्पनीमा के-कति ऋण प्रवाह गर्नु भएको छ ? खुलाई दिनुहोस्।

जवाफ १५ मलाई थाहा जानकारी नदिई प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी. को मिलेमतोमा गितेन्द्रबाबु राई समेतले सञ्चालन गरेका विभिन्न कम्पनीहरू र व्यक्तिहरूको नाममा अन्दाजी ६० करोड जति ऋण प्रवाह गरेका रहेछन्। जुन कुरा मलाई प्रहरी अनुसन्धान मिसिलबाट जानकारी भयो। के-कुन कम्पनीमा के-कति ऋण प्रवाह भएको छ त्यसको आधिकारिक जानकारी गितेन्द्रबाबु राई र सागर के.सी. लाई मात्र थाहा छ।

सवाल १६ भूपेन्द्र बाबु राईको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा सिद्धार्थ बैङ्कमा भएको खातामा मिति २०७७।०६।११ मा १ करोड, गोरखा मिडिया नेटवर्क प्रा.लि. ग्लोबल आइ.एम.ई. बैङ्कमा भएको खातामा मिति २०७८।०१।०५ मा १ करोड, २०७८।०१।०९ मा ३० लाख र मिति २०७८।०३।०४ मा १ करोड गरी जम्मा ३ करोड ३० लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी निजी कम्पनीमा रकम पठाउन मिल्छ ?

जवाफ १६ यसबारे मलाई थाहा जानकारी नदिई प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी. ले विभिन्न मितिमा ऋण प्रवाह गरेको हो। संस्थाको कार्यसञ्चालनमा भनी मलाई खाली चेकमा एकै पटक हस्ताक्षर गर्न लगाई उनीहरूले ऋण लगानी र संस्थाको लागि दैनिक कार्य

सञ्चालन गर्ने गर्दथे। साथै बुटवलका बचतकर्ता व्यापारीहरूले काठमाडौंमा सामान खरिद गर्दा सुप्रिम सहकारीको चेक दिने गरेको र उक्त चेक स्वर्णलक्ष्मी सहकारी काठमाडौंले सटही गरिदिने गर्दथ्यो त्यो वापत रकम भुक्तानी गर्नुपर्ने कारण देखाई विभिन्न बैंकहरूको खाली चेकमा मलाई हस्ताक्षर गर्न लगाईन्थ्यो। मेरो सोझोपनको फाईदा उठाई गलत कार्य गरेका रहेछन् भन्ने कुरा आहिले आएर मात्र मलाई थाहा भयो।

सवाल १७ छबिलाल जोशीको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७७।११।२९ मा २ करोड ५० लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ?

जवाफ १७ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी. को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिइएको थिएन।

सवाल १८ रबी लामिछानेको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइ.एम.ई. बैङ्कमा भएको खातामा मिति २०७७।१२।१८ मा २ करोड रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो के हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी निजी कम्पनीमा रकम पठाउन मिल्छ ? निज ऋणी पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रबी लामिछाने हो, होइन खुलाईदिनुहोस्।

जवाफ १८ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको हो। म पक्राउ परेपछि मात्र उक्त कुरा अनुसन्धानबाट थाहा भयो जुन कुरा गलत हो। निज ऋणी पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रबी लामिछाने नै हो। कसरी भने गोरखा मिडिया नेटवर्क प्रा.लि. द्वारा सञ्चालित ग्यालेक्सी टेलिभिजन अध्यक्ष गितेन्द्रबाबु राई र प्रबन्ध निर्देशक रवि लामिछाने र सुप्रिम सहकारीबाट गोरखा मिडियामा जम्मा भएको रकमबाट नै रवि लामिछानेको ग्यालेक्सी टेलिभिजनमा शेयर कायम भएको प्रहरीको अनुसन्धानबाट मैले थाहा पाएकोले निज ऋणी पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रबी लामिछाने नै हुन भन्ने मलाई लाग्छ।

सवाल १९ विपिनकुमार आचार्यको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७८।०९।१२ मा १ करोड ५६ लाख १५ हजार रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी निजी कम्पनीमा रकम पठाउन मिल्छ ?

जवाफ १९ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिइएको थिएन।

सवाल २० कुमार रम्तेलको नाममा १ करोड ९० लाखको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइ.एम.ई. बैङ्कमा भएको खातामा मिति २०७८।०३।२२ मा १ करोड ३३ लाख ६ हजार जम्मा गरी बाँकी रकम पुरानो ऋणहरू कुमार रम्तेल १०५-५० मा रु. ५९,९३,४२०।-, रवी लामिछाने १०५-२२४ मा रु ७,००,०००।-, छविबाल जोशी १०५-२११ मा रु १५,८०,०००।- जम्मा गरी उक्त ऋणहरू फर्स्यौट गरी निज कुमार रम्तेलकै नाममा ऋण कायम गरेको देखिन्छ, यस्तो किन गरिएको हो ? कुमार रम्तेललाई कूल ५ करोड ५९ लाख बराबरको ऋण कायम गर्दा के-कुन धितो लिनुभएको छ ? खुलाइदिनुहोस्।

जवाफ २० प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी. को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिइएन। उक्त ऋणमा धितो लिइएको वा नलिईएको बारे मलाइ जानकारी दिइएन।

सवाल २१ भूपेन्द्र बाबु राईको नाममा २०७७।०६।११, २०७८।०१।०५ र २०७८।०३।०४ मा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. मा पठाइएको ३ करोड ३० लाख २०७८।०३।३१ मा फर्स्यौट देखाई पुनः मिति २०७८।०६।१३ मा ५० लाख र २०७९।०२।०४ मा ३० लाख गरी जम्मा ८० लाख पेश्की के-कुन आधारमा के-कुन प्रयोजनका लागि दिनुभएको हो ? खुलाइदिनुहोस्।

जवाफ २१ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिइएको थिएन।

सवाल २२ सहकारी संस्थाले आर्थिक वर्ष २०७८/०७९ आषाढ मसान्तसम्मका ऋणीहरूलाई कानून विपरीत सबै किसिमका ऋणहरूमा मात्र १ % नोक्सानी प्रावधान किन गरिएको हो ?

जवाफ २२ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिईएको थिएन।

सवाल २३ आर्थिक वर्षमा पुँजी कोषको १०% नबढाई प्रत्येक सदस्यलाई कर्जा प्रदान गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्ड विपरीत अधिक लगानी किन गरिएको हो ?

जवाफ २३ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिईएन। क-कसो भएको हो मलाई थाहा छैन।

सवाल २४ संस्थाले पाउनु पर्ने ब्याजलाई सहकरी ऐन नियम बमोजिम मुल्तवी खातामा लेखाङ्कन नगरी ब्याजलाई ऋणमा पुँजीकृत गरी आम्दानी लेखाँकन किन गरिएको हो ? सो गर्न मिल्छ ?

जवाफ २४ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिइएको थिएन। क-कसो भएको हाल मलाई थाहा छैन।

सवाल २५ सहकारी ऐन अनुसार कूल निक्षेपको १०% तरलता कायम राख्नु पर्नेमा मिति २०८०।१२।१६ को तथ्याङ्क अनुसार ०.२% मात्र तरलता किन राखिएको हो ?

जवाफ २५ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा उक्त कार्य भएको रहेछ। मलाई थाहा जानकारी दिईएको थिएन। क-कसो भएको मलाई थाहा छैन।

सवाल २६ यस संस्थाले आफ्ना केही सदस्यहरूलाई ऋण प्रवाह गर्दा विनाधितो र जमानी आवश्यक कागजात समेत नजुटाई किन ऋण प्रवाह गरिएको हो ?

जवाफ २६ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को आफ्नो नियम बनाई बिना धितो ऋण प्रवाह गरेका हुन्। यसबारे मलाई थाहा जानकारी दिईएको थिएन।

सवाल २७ दिनेश रोक्काको नाममा मिति २०७७।०३।०९ मा दिएको ऋण रकम जम्मा रु. ३ करोड २० लाख, हाल ब्याज रकम सहित रु. ४ करोड ५७ लाख बराबरको रकम चेकमार्फत जि.बि राईको स्टयान्डर्ड चार्टर्ड बैंकको खातामा दाखिला किन गरिएको हो ?

जवाफ २७ यसबारे मलाई थाहा जानकरी छैन। प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.ले गरेका हुन्।

सवाल २८ २०७५।१२।०९ मा लिएको रु. ६० लाखको ऋण विशाल तामाङको नाममा पेश्की देखाई हिसाब मिलान गरी ऋण चुक्ता किन गरिएको हो ?

जवाफ २८ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा भएको हुन सक्छ। मलाई थाहा जानकारी भएन।

सवाल २९ समानता सहकारी (बाँके) लाई विभिन्न मितिमा नेपालगञ्ज प्रोजेक्ट भनी पेश्की रकम किन दिनु भयो ? मिति २०७७।०३।३१ मा रु. २ करोड ६० लाख बराबरको हिसाब केमा मिलान गर्नुभएको हो ?

जवाफ २९ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा भएको हुन सक्छ। मलाई थाहा जानकारी भएन।

सवाल ३० देहायको मितिमा गोरखा ग्रुप मल्टि इन्भेस्टमेन्ट प्रा.लि. मा जम्मा रु. ३ करोडको ऋण रकम मात्र ८% ब्याजदरमा ऋण प्रक्रिया पूरा नगरी अध्यक्षले केको आधारमा सदर गरेको हो?

Supreme Saving & Credit Co-Operative Ltd(HO)
Butwal, Chaurahachowk
071-544116, 544417
Ledger Statement

GLCODE NO: 2.6
GL HEAD: Garkha Group Multi-Investment Pvt.ltd (00501550 CA)

VNO	VDATE	DESCRIPTION	DEBIT	CREDIT	BALANCE	DC

जवाफ ३० म २०७५/०७६ तिर मात्र अध्यक्ष भएको हुँ, सो भन्दा अगाडी निज गितेन्द्र बाबु राई नै अध्यक्ष रहेका थिए। उनको कार्यकालमा के भयो मलाई जानकारी भएन्। मेरो कार्याकालमा यस्तो गरेको थिएन।

सवाल ३१ संस्थाले सदस्यहरूलाई केको आधारमा ०% ब्याजमा उच्चतम ऋण रकम प्रवाह गरेको हो ? साथै ०% ब्याजदर हुँदा हुँदै ब्याज रकम केको आधारमा गणना गरिएको हो ?

जवाफ ३१ यहा आएर मात्र थाहा जानकारी पाँए। प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.लाई थाहा छ मलाई यसबारे थाहा भएन।

सवाल ३२ संस्थाले विभिन्न सदस्यहरूलाई पेश्की रकम उपलब्ध गराएपश्चात् उल्लिखित सह-संस्थाको नाममा किन ऋण कायम गरेको ?

जवाफ ३२ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.को मिलेमतोमा भएको हुन सक्छ। मलाई थाहा जानकारी भएन।

सवाल ३३ सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ७२% जति ऋण रकम ठूला ऋणीहरूलाई दिइएको छ, यो कानूनसम्मत छ ?

जवाफ ३३ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.लाई थाहा जानकारी छ। मलाई थाहा जानकारी भएन।

सवाल ३४ एस ओभरसीजलाई मिति २०७८।०२।३० मा मेगा बैंकको खातामा चेकमार्फत रु. ५० लाख किन पेश्की दिएको हो?

जवाफ ३४ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.लाई थाहा जानकारी छ। मलाई थाहा जानकारी भएन।

सवाल ३५ मिति २०८०।१२।१६ मा विभिन्न सहकारीबाट उठाउनु पर्ने जम्मा रकम रु. ९ करोड १४ लाख बराबर देखिन्छ, उक्त रकम उठाउन कतिको पहल गर्नु भएको छ ?

जवाफ ३५ म कारागारमा छु, संस्था बन्द छ, प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी., अरु प्रमुख पदाधिकारी र सञ्चालक फरार छन्। त्यसैले पहल गर्न सकिएको छैन।

सवाल ३६ संस्थाले के प्रयोजनको लागि रु. २ करोड ७३ लाख ८५ हजार बराबरको ऋण लिएको हो ?

जवाफ ३६ नेफ्स्कुन बाट ऋण लिएको छ। मलाई २ करोड हुनु पर्छ जस्तो लाग्छ। उक्त ऋण स्वर्णलक्ष्मी काठमाडौंमा समस्या परेपछी त्यँहाको समस्या व्यवस्थापन गर्नको लागी पठाउने भनेको थियो। मकवानपुरमा रहेको असरफ अली र सागर के.सी. को नामको जग्गा धितो राखी उक्त ऋण लिएको थियो।

सवाल ३७ सड्री साहु (Sundry Creditors) शीर्षकमा रु. १ करोड बराबरको रकम कसलाई र केवापत तिर्नुपर्ने हो ?

जवाफ ३७ मलाई नाम मात्रको अध्यक्ष बनाईएकोले मलाई थाहा जानकारी भएन।

सवाल ३८ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम जम्मा रु. ६३,१६,१९८ /-सरकारलाई किन नतिर्नु भएको हो ?

जवाफ ३८ संस्थामा रकम अभावको कारणले संस्थाको सवारी साधन बिक्री गरेर कार्यकारी प्रमुखले सरकारलाई राजश्व तिरेको भनेर मलाई जानकारी दिएका थिए। उक्त रकम किन तिरिएन मलाई थाहा जानकारी भएन। प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी.लाई जानकारी छ।

सवाल ३९ सहकारी ऐन अनुसार निक्षेप तथा बचत र प्राथमिक पुँजीकोषको अनुपात १५ गुणा हुनु पर्नेमा संस्थाले मिति २०८०।१२।१६ को तथ्याङ्कअनुसार नियम विपरीत २४.७५ गुणा किन राखियो ?

प्राथमिक पूँजीकोष		निक्षेप तथा बचत
शेयर पूँजी	जगेडा कोष	१,०३५,९३७,५१७
२८,१३०,५००	१३,७१३,४६०	
जम्मा ४१,८४३,९६०		

जवाफ ३९ प्रमुख संरक्षक गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी. लाई थाहा छ। मलाई थाहा भएन।

सवाल ४० विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ४० विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिछ। गितेन्द्र बाबु राईले सञ्चालन गरेका कम्पनीहरू र गितेन्द्रबाबु राईले विभिन्न व्यक्तिहरूको नाममा प्रवाह गरेको ऋणहरू असुल गर्न प्रबन्ध मिल्यो भने समस्या समाधान गर्न सकिन्छ। अहिलेको अवस्थामा म कारागार रहेको अवस्थामा संस्थाका कुनै पनि कर्मचारीहरूले बचतकर्ता तथा ऋणीहरू सँग समन्वय नगरेको,

सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरू फरार रहेकोले मलाई कारागारबाट बाहिर निकाली कार्य गर्न दिएमा समस्या समाधान गर्न सकिन्छ।

सवाल ४१ तपाई अध्यक्ष रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाका सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ४१ सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्न संस्थाले जिम्मेवारी लिएर कार्य गर्नुपर्यो। गितेन्द्रबाबु राईले सञ्चालन गरेका कम्पनीहरू र विभिन्न व्यक्तिहरूको नाममा प्रवाह गरेको ऋणहरू असुल गर्न सरकारले सहयोग गर्नुपर्यो। फरार रहेका प्रमुख व्यक्तिको रूपमा गितेन्द्रबाबु राई र कार्यकारी प्रमुख सागर के.सी. तथा अन्य सञ्चालकहरूलाई अनिवार्य रूपमा सम्पर्कमा ल्याउने र बचतकर्ताहरूको बचत फिर्ता गर्न पहल गर्नुपर्यो। मलाई कारागारबाट मुक्त गराई काम गर्ने वातावरण मिलाईदिनुपर्यो।

सवाल ४२ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ ४२ २०५७ सालमा जिल्ला सहकारी कार्यालय नवलपरासीमा दर्ता भई बुटवल कार्यक्षत्र मैत्रेय बचत तथा ऋण सहकारी संस्था २०६१/६२ तिर बुटवलको वडा प्रहरी कार्यालय सँगै सटिएको गुरुङ समुदायको भवनमा रहेको कार्यालयलाई जनयुद्धको समसयमा माओवादीले वडा प्रहरी कार्यालय जलाउँदा सहकारीको संस्थाको कार्यालय पनि जलेको र त्यस समय देखि निष्क्रिय भएको संस्था डिभिजन सहकारी कार्यालयका प्रमुख नेत्र प्रसाद घिमिरेले गितेन्द्रबाबु राईलाई मसँग सम्पर्क गराई यस संस्थालाई क्रियाशील बनाउँनको लागि गितेन्द्रबाबु राईले विभिन्न योजनाहरू हाम्रो संस्थाका पदाधिकारीहरू समक्ष पेस गरेको थियो। त्यसबाट प्रभावित भई उहाँको नेतृत्वमा उक्त संस्था सुप्रिम बचत तथा ऋण सहकारी संस्था नाम परिवर्तन गरी सञ्चालनमा ल्याएको हो। सोही क्रममा समय-समयमा डिभिजन सहकारी तथा राष्ट्रिय सहकारी विभागबाट निरीक्षण समेत आउने गर्दथ्यो। उँहाहरूले सुप्रिम सहकारीलाई उत्कृष्ट सहकारीको रूपमा व्याख्या गर्नुहुन्थ्यो। त्यसबाट मैले विश्वास गरेर सहयोग गर्ने क्रममा मेरा आफन्त ईष्टमित्रहरूलाई समेत बचत गर्न प्रोत्साहन गरे। संस्था २०७९ कार्तिक देखि समस्याग्रस्त भईसके पश्चात बचतकर्ताहरूको बचत सुरक्षित गर्नको लागि मैले संरक्षक गितेन्द्रबाबु राईको विभिन्न कम्पनी तथा सम्पत्तिहरू रोक्का गर्न लुम्बिनी प्रदेश गृह तथा सहकारी मन्त्रालय र लुम्बिनी प्रदेशका

सहकारी रजिष्ट्रार कार्यालयमा विवरण पेस गर्दा समेत ती सम्पत्तीहरु अहिलेसम्म रोक्का राख्ने कार्य हुन सकेको छैन। गोरखा मिडिया नेटवर्क प्रा.लि.मा ग्यालेक्सी टेलिभिजनका अध्यक्ष एवं सुप्रिम सहकारीका प्रमुख संरक्षक गितेन्द्रबाबु राई, सुप्रिम सहकारीका कार्यकारी प्रमुख सागर के.सी. र ग्यालेक्सी टेलिभिजनका प्रबन्ध निर्तदेशक रवि लामिछानेको मिलेमतोमा ठूलो रकम लगानी भएको देखिन्छ। सुप्रिम सहकारीका कार्यकारी प्रमुख सागर के.सी.लाई म पक्राउ पर्नु भन्दा २ महिना अगाडि इलाका प्रहरी कार्यालय बुटवलमा खोजी गरी पाऊँ भनि निवेदन दिएता पनि हालसम्म कुनै सुनुवाई भएको छैन। गितेन्द्रबाबु राईद्वारा सञ्चालित ७ वटा सहकारीको सञ्चालक तथा कार्यकारी प्रमुखहरूको नाममा करोडौं ऋणहरू देखिदा पनि पक्राउ नपर्नु शंकाको विषय देखिन्छ। सुप्रिम सहकारीको हकमा संस्थाका संरक्षक गितेन्द्रबाबु राई र संस्थाका कार्यकारी प्रमुख सागर के.सी. लाई पक्राउ गरेमा छिटो समस्या समाधान हुने देखिन्छ। सबै सहकारीको सफ्टवेयर काठमाडौंबाट गितेन्द्रबाबु राईको नियन्त्रणमा हुन्थ्यो। हाल सुप्रिम सहकारीको सबै कागजातहरू अदालतमा भएकोले कारोबार बन्द छ। ऋण असुली र संस्था सञ्चालनको लागि उचित वातावरण मिलाउनको लागि अनुरोध छ। मेरो हकमा म अध्यक्ष रहेता पनि कुनै अधिकार नभएकोले म निर्दोष रहेको छु। उचित छानविन गरी न्यायको अपेक्षा राख्दछु।

सवाल ४३ तपाईले गितेन्द्रबाबु राई, सागर के.सी र रबि लामिछानेको मिलेमतोमा गोरखा मिसिडा नेटवर्क प्रा.लि.मा रकम लगानी भएको उल्लेख गर्नु भयो। रबि लामिछाने सहकारी संचालक रहेको देखिदैन। के-कुन आधारमा मिलेमतो भएको भनि खुलाउनुभएको हो?

जवाफ ४३ ईलाका प्रहरी कार्यालय, बुटवलमा अनुसन्धानको क्रममा सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बाट अन्दाजी १२ करोड रकम गोरखा मेडिया नेटवर्क प्रा.लि. को खातामा गएको देखिन्छ। गोरखा मेडिया नेटवर्क प्रा.लि. का अध्यक्ष गितेन्द्र बाबु राई, प्रबन्ध निर्देशक रबि लामिछाने, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.का प्रमुख संरक्षक गितेन्द्र बाबु राई, कार्यकारि प्रमुख सागर के.सी. भएको हुनाले ती सबै रकम सहकारी मार्फत गएर लगानी भएको हुनाले यी तिन जना व्यक्तिहरुको संरसल्लाहबाट सहकारीको रकम उक्त संस्थामा लगानि भएको बुझिन आएको हुँदा उक्त व्यवहोरा लेखाएको हुँ।

सवाल ४४ तपाई आफु अध्यक्ष रहेको सहकारीको कारोबारका सम्बन्धमा केही जानकारी छैन भन्नु हुन्छ तर अमुक कम्पनीको कर्मचारी प्रकृतिको प्रबन्ध निर्देशक पदमा रहेकै कारण रवि लामिछानेको मिलेमतो भन्न मिल्छ ?

जवाफ ४४ मलाई के कसो हो पूर्ण जानकारी छैन। मुद्दा अनुसन्धानको क्रममा ईलाका प्रहरी कार्यालय, बुटवलमा म ६४ दिन बसेको थिए। उक्त समयमा हाम्रो सहित ७ वटै सहकारीको सफ्टवेयर काठमाडौंबाट झिकाइएको थियो। उक्त अनुसन्धानमा खुलेको आधारमा मैले माथि उल्लिखित व्यहोरा भनेको हुँ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना १३ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः ओमप्रकाश गुरुङ
पदः अध्यक्ष
संस्थाः सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.
बुटवल

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३१ गते बिहिबार
समयः अपराह्न ४:४० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष ओरियन्टल को-अपरेटिभ लि.का निलम्बित अध्यक्ष तथा प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ, भेगास बचत तथा ऋण सहकारी लि., कोहीनुर हिल सेभिङ एण्ड क्रेडिट र कन्जुमर बचत तथा ऋण सहकारीका मुख्य सञ्चालक श्री सुधिर बस्नेतसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम सुधिर बस्नेत हो। बाजे गोहेन्द्र बहादुर बस्नेत, बुबा सुशिल बस्नेत, आमा सुनिता बस्नेत हो। म हाल काठमाडौं महानगरपालिका वडा नं. १० नयाँबानेश्वरमा बस्छु। मेरो ना.प्र.नं. ८०४७ मिति २०४७-०४८ र मोबाइल नं ९८२७४३५४९० हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था सामान्य रहेको छ। सोधिएको प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म काठमाडौं महानगरपालिका मैतिदेवी स्थित प्रधान कार्यालय भएको ओरियन्टल को-अपरेटिभ लि.मा अध्यक्ष, ओरियन्टल को-अपरेटिभ लि. ले माइन्युटिङ गरी खोलिएको काठमाडौं न्यूरोडमा प्रधान कार्यालय भएको भेगास बचत तथा ऋण सहकारी लि., काठमाडौं हात्तिसार प्रधान कार्यालय भएको कन्जुमर बचत तथा ऋण सहकारी, काठमाडौं न्यूरोडमा प्रधान कार्यालय भएको कोहीनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.मा संरक्षकको रूपमा र ओरियन्टल कोअपरेटिभ लि.को सञ्चालकले संचालन गरेको काठमाडौं पुतलिसडक स्थित प्रधान कार्यालय भएको प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ जुन पछिल्लो समय अप्रत्यक्ष रूपमा ओरियन्टल कोअपरेटिभ लि.का सञ्चालकहरूद्वारा नै सञ्चालन गरिएको थियो। स्ट्याण्डर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, प्रभु बचत तथा ऋण सहकारी संस्था, कुबेर बचत तथा ऋण सहकारी संस्था, चार्टड सेभिङ एण्ड केडीट को-अपरेटिभ र स्ट्याण्डर्ड मल्टिप्रपोज को-अपरेटिभ लिमिटेडसँग मेरो कुनै संलग्नता छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन २०४८ र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरिएको थियो। २०६८ सालमा नेपाल राष्ट्र बैंक र सहकारी विभागको संयुक्त निरीक्षणमा जग्गा जमिनमा बढी लगानी

गरिएको र यसलाई घटाउनु भनि सुझाव दिइएको थियो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ म सुरुमा गाडि सम्बन्धि र सप्लायर्स सम्बन्धी कार्य गर्दथें। म हाउजिङ व्यवसायी हुँ। साथै अग्नि वायु सेवा सञ्चालन गर्दथे। पहिले म

सवाल ६ तपाई अध्यक्ष रहेको ओरियन्टियल को-अपरेटिभ लि. र तपाई आबद्ध अन्य सहकारीको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ उक्त सहकारीमा अध्यक्षमा म, उपाध्यक्ष धिरेन्द्रप्रसाद प्रधान, सदस्यहरू यवजंग रायमाझी, रिजेश थापा, कुमार के.सी., कालिन्द्रबहादुर जि.सी. र लक्ष्मण थापा हुन्। उक्त सहकारीमा स्थापनाकाल देखि नै म अध्यक्षको रूपमा रहेको थिएँ।

सवाल ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छैन। सुरुमा उक्त संस्थाबाट प्रवाह भएको कर्जाहरू उठाउन गाह्रो भएको हुनाले संस्थाको नाममा जग्गा जमिन खरीद गर्न थालियो र पछि सहकारी विभागबाट सहकारीको नाममा सिमित मात्रामा जग्गा खरीद गर्ने निर्देशन भएकोले सहकारीको नाममा भएको जग्गाहरू विभिन्न व्यक्तिहरूको नाममा ऋण खडा गरियो। पछिल्लो समय नेपाल राष्ट्र बैंकको नीतिमा भएको परिवर्तनले जग्गा जमिन बिक्री गर्न गाह्रो भयो र बचतकर्तालाई बचत फिर्ता गर्न सकिएन र संस्था धरासायी हुन गएको हो। हाल ति ऋणीहरूले जग्गा संस्था कै सम्पत्ति हो उक्त जग्गाहरू संस्थाको नाममा फिर्ता गर्न मन्जुर भएको भनि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा लिखित रूपमा कागज समेत पेस गरिसकेका छन्। यी जग्गाहरू मध्ये केही जग्गा बचतकर्ताहरूलाई बचत रकम फिर्ता गर्नको लागि विभिन्न फाइनान्स कम्पनीहरूमा सहकारीद्वारा धितो राखी रकम निकालि बचतकर्ताहरूलाई बाँडिएको थियो। उक्त फाइनान्स कम्पनीहरूलाई समयमै ऋण भुक्तान गर्न सकिएन। मैले प्रहरी तथा विभागमा दिएको बयानको क्रममा सम्पत्तिको विवरण उपलब्ध गराई रोक्का राख्न निवेदन दिएकोथिएँ तर विभागबाट जग्गा रोक्का भएको र केही फाइनान्स कम्पनिहरूले उक्त रोक्का विरुद्धमा मुद्दा दायर गरी मुद्दा जिती केही जग्गाहरू लिलाम बिक्री गरिसकेका छन्। हाल हामीसँग लिलाम बाँकी भएको जग्गा जमिनबाट बचतकर्ताहरूलाई बचत रकम फिर्ता गर्न हामी सक्षम छौं।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिमा रहेका मध्ये यवजंग रायमाझी नाताले मेरो मामा हुनुहुन्छ। अन्य कोही हुनु हुन्न।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत हो, होइन ? खुलाइदिनुहोस्।



जवाफ ९ प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभका अध्यक्ष हाम्रो ओरियन्टल सहकारीको उपाध्यक्ष हुनु हुन्थ्यो अन्य कोहिपनि हुनुहुन्न। तत्कालिन समयमा प्रचलिन सहकारी ऐन अनुसार एउटा सहकारीमा संचालक भएको व्यक्ति अरु सहकारीमा संचालक समितिमा बस्न नमिल्ने भन्ने कानुन थिएन। पछील्लो समयमा हामीले उक्त प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लाई ओरियन्टियल कोअपरेटिभ लि.मा मर्ज गर्ने तयारीमा थियौं।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी थिएनन्। ओरियन्टियल को-अपरेटिभ लि. बाहेक अरु सहकारीमा सञ्चालकहरू कर्मचारी थिए। व्यवस्थापक र कर्मचारी छनौट गर्दा सहकारीको आफ्नै कर्मचारी नियमावली अनुसार गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेकका व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो। यस सहकारीको नेपाल भर नै कार्यक्षेत्र रहेको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ २०७१ सालमा सहकारी छानबिनको लागि गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन भएको आयोगले तत्कालिन समयमा सम्पूर्ण विवरणहरू लगेको थियो। हाल उक्त विवरणहरू समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा रहेको छ। मलाई हाल याद भए अनुसार पोखरा, दमौली, चितवन, हेटौंडा, पर्सा, दाङ, बाँके र वर्दियामा जग्गाहरू रहेका छन्। साथै संस्थाको रकमबाट भक्तपुर गुन्डुमा २७६ रोपनी जग्गा खरीद गरीएको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ हाम्रो संरक्षकत्वमा भएको सहकारी बाहेक अन्य सहकारीहरूसँग अन्तर सहकारी कारोबार गरिएको छैन।

सवाल १५ तपाईं अध्यक्ष रहेको ओरियन्टल को-अपरेटिभ लि. सहकारी संस्था र तपाईं आवद्ध भएका अन्य सहकारी संस्थाहरूको बचत रकम, ऋण लगानी, बैङ्किङ्ग तथा गैरबैङ्किङ्ग समेत कूल सम्पत्ती र कूल दायित्व के-कति छ ? खुलाइदिनुहोस्।

जवाफ १५ उक्त सहकारीहरूको कुल दायित्व करीब २ अर्ब ९४ करोड रहेको छ। हाम्रो सहकारीहरूका नाममा रहेको माथि उल्लेखित जग्गा जमिनको हालको बजार मूल्य करीब चार अर्ब रहेको छ। सहकारीको सम्पत्तिको विवरण यस समितिमा पेस गरेको कार्ययोजनामा उल्लेख गरिएको छ।

सवाल १६ तपाई अध्यक्ष रहेको सहकारी संस्थासँग बचतकर्ताको कूल निक्षेप रु. ४ अर्ब २१ करोड बराबर रहेको तर समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट बचतकर्ताहरूले मागदावी गर्दा जम्मा रकम. रू. ३ अर्ब ६७ करोड लेखाङ्कन हुन आएको छ ? किन फरक पर्न गयो ? खुलाइदिनुहोस्।

जवाफ १६ यस सहकारी समस्यामा आएको समय देखि समस्याग्रस्त सहकारी व्यवस्थान समितिमा बचतकर्ताहरूले मागदाबी लिएको समयसम्ममा केही बचतकर्ताहरूको बचत रकम बराबरको जग्गा उपलब्ध गराई फिर्ता गरिएको हुनाले दाबी रकम कम हुन गएको हो। हाल मागदाबी रु २ अर्ब ९४ करोड रहेको छ।

सवाल १७ बचतकर्तालाई करकट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम जम्मा रु. ५३ करोड १० लाख बराबरको कर दायित्व सरकारलाई किन नतिरेको हो ?

जवाफ १७ ओरियन्टल को-अपरेटिभ समेत बन्द हुँदाको समयसम्म सम्पूर्ण. कर चुक्ता गरि कर चुक्ता प्रमाण पत्र समेत लिईएको थियो। यो सिस्टममा देखिएको कर रकम मेरो अन्य व्यापार व्यवसायसँग सम्बन्धित हो र यी सहकारीहरूसँग कुनै सम्बन्ध रहेको छैन। उक्त करको विषयमा कर कार्यालयले एकतर्फी रूपमा कर निर्धारण गरेको हुँदा पुनः निरीक्षण गरि कर निर्धारण गरी पाउँ भनि सम्मानित सर्वोच्च अदालतमा निवेदन दायर गरेको छु र हाल उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको व्यहोरा अनुरोध गर्दछु।

सवाल १८ संस्थाले विभिन्न बैंङ्क तथा वित्तीय संस्थाबाट के-कुन प्रयोजनको लागि रु. १ अर्ब ७ करोड ८४ लाख बराबरको कूल ऋण रकम लिएको हो ?

जवाफ १८ ओरियन्टल को-अपरेटिभ लि. समेतले कुनै पनि बैंकबाट कर्जा लिएको छैन। यो ऋण रकम मेरो व्यक्तिगत व्यापार व्यवसायसँग सम्बन्धित ऋण रकम हो।

सवाल १९ साथै "अन्य साहु" शीर्षकमा रु. १९ करोड ७० लाख कसलाई र केका निम्ति तिर्नुपर्ने हो ? खुलाइदिनुहोस्।

जवाफ १९ सिस्टममा देखिएको साहु मेरो व्यक्तिगत व्यापार व्यवसायका साहुहरू हुन् सहकारीसँग सम्बन्धित छैन।

सवाल २० जुन सम्पतिलाई बैंकमा धितो राखी ऋण लिएको, त्यहि सम्पत्तिको नाममा अपार्टमेन्टको Advanced Booking भनी अधिकतम रकम किन लिएको हो ?

जवाफ २० जन सम्पत्ति बैंकमा राखिएको हुन्छ, उक्त सम्पत्तिको ऋण कम निस्किन्छ र अपार्टमेन्टको निर्माण कार्य गर्नको लागि अत्याधिक रकम आवश्यक पर्छ। सो रकम मध्ये केही रकम बुकिङकर्ताहरूसँग लिने गरिएको हो। बिक्रीको सुनिश्चितताको लागि बुकिङकर्ताहरूसँग उक्त रकम लिइएको हुन्छ अधिकतम रकम लिइएको होइन।

सवाल २१ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २१ विद्यमान अवस्थामा हामी सहकारीको समस्या समाधान गर्न सक्छौं। सो को लागि हामीले हाम्रो कार्ययोजना समेत समस्याग्रस्त व्यवस्थापन समितिलाई पटक पटक बुझाएका छौं। सो कार्ययोजना अन्तर्गत लिन मन्जुरी भएका बचतकर्ताहरूलाई बचत बराबरको सम्पत्ति बाँडेर बचत फिर्ता गर्न सकिन्छ। हामीले सोही अनुरुपको कार्य समेत सुरु गरिसकेका थियौं। जसमध्ये भक्तपुर गुन्डुको १३ रोपनी जग्गा समितिबाट फुकुवा भएपछि करीब २३ करोड रकम बराबर भएका बचतकर्ताहरूलाई बाँडियो। सो पश्चात थप जग्गा लिन मन्जुर भएका १ अर्ब ७२ करोड रकम बराबरको बचत भएका बचतकर्ताहरूको नामावलि समस्याग्रस्त व्यवस्थापन समिति समक्ष पेस गरेका छौं। जसमध्ये १८ करोड बराबर रकम बचत भएका बचतकर्ताहरूलाई सनाखत समेत गराइसकिएको छ। हाल आएर समस्याग्रस्त व्यवस्थापन समितिका पदाधिकारी परिवर्तन भएको हुँदा उहाँरूले बुझ्न समय लाग्ने र मन्त्रालयमा स्वीकृतिको लागि पत्र पठाउनु भएको भनि जानकारी गराउनु भएको छ। हाल बचतकर्ताहरूसँग सनाखत गर्ने कार्य समेत रोक्नु भएको छ। यदि हामीले हाम्रो कार्ययोजना अनुरुप सहज रूपमा सम्बन्धित बचतकर्ताहरूलाई जग्गा वितरण गर्न पाएमा नौ महिना देखि एक वर्ष भित्रमा सम्पूर्ण बचतकर्ताहरूलाई बचत फिर्ता गर्न सक्ने अवस्थामा छौं। साथै साना बचतकर्ताहरूको हकमा विभिन्न जिल्लामा भएका सम्पत्ती र भक्तपुर गुन्डुका केही जग्गाहरू बिक्री गरी बचत रकम फिर्ता गर्न सकिने छ। हाम्रो कार्ययोजनाको एक प्रति प्रतिलिपि यस समितिमा पनि पेश गरिसकेका छौं। नेपाल सरकार कै रोहबरमा बचतकर्ताहरूलाई बचत रकम बराबरको जग्गा बाँड्न पाएमा समस्या समयमै समाधान हुने थियो।

सवाल २२ तपाई अध्यक्ष रहेको ओरियन्टियल कोअपरेटिभ लि. सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २२ हामीसँग भएको सम्पत्तिहरू बचतकर्ताहरूको मन्जुरीमा उनीहरूलाई उपलब्ध गराउन नेपाल सरकारले बचतकर्ताहरूको मन्जुरी लिएर सनाखत गराई नेपाल सरकार कै रोहबरमा बचतकर्ता वा बचतकर्ताहरले मन्जुरी दिएको व्यक्ति कै नाममा पास हुने गरि फुकुवा भएमा सहकारीको समस्या समाधान गर्न सहज हुने थियो।

सवाल २३ सहकारीका अहिलेको समस्या समाधान गर्न कम्पनिमा रुपान्तरण गर्दा समस्या समाधान गर्न सकिन्छ? यसमा तपाईको भन्नु के छ?

जवाफ २३ अहिलेको कानुन अनुसार उपयुक्त हुँदैन। मेरो विचारमा कुनै पनि सहकारी यसरी कम्पनिमा जाँदैनन्। बरु बचत तथा ऋणका संचालक र सहकारीको संख्या समेत कम गर्नु पर्छ। सहकारीमा रु १०० मा सदस्य बनाइएको हुन्छ जुन कार्यविधि पुरा गर्न गरिएको मात्र हुन्छ

सवाल २४ तपाईले सञ्चालन गर्नु भएको ग्राण्ड अपार्टमेन्ट समेतमा लगानी गरेका लगानीकर्ताहरूको तर्फबाट सुनिता श्रेष्ठ र राजु श्रेष्ठ समेतले १२ बर्ष देखि हामीले लगानी गरेको लगानीको प्रतिफल प्राप्त हुन सकेन समस्याग्रस्त सहकारी व्यवस्थापन समिति लगायतबाट रोक्का रहेको हुँदा यस समस्याको सिघ्र समाधान गरि हाम्रो लगानीको प्रतिफल हाम्रै नाममा गरिपाउँ भन्ने समेत व्यहोराको निवेदन प्राप्त भएको छ। उक्त समस्या के कति कारणले सृजना भएको हो? तपाईको ग्राण्ड अपार्टमेन्ट लगायतका अपार्टमेन्टहरूका समस्या के कसरी समाधान गर्नु हुन्छ?

जवाफ २४ ग्राण्ड अपार्टमेन्ट हामीले २०६६/०६७ सालमा नै हस्तान्तरण गरेका थियौ। हामीले हस्तान्तरण गर्दा सबै युनिटको पुर्जा बनिसकेको थियो। सो बिल्डिङ पास गर्नको लागि हामीले चार करोड अन्यत्रबाट व्यवस्थापन गरी बैंकको कर्जा भुक्तानी गरिदिएका थियौं। सो समयमा समितिका अध्यक्ष राजु श्रेष्ठले बैंक डिल गर्ने, पास गराउने लगायतका सम्पूर्ण कार्य गर्नु हुन्थ्यो। राजु श्रेष्ठ २०६६-२०६७ सालदेखि उक्त बिल्डिङमा बसोबास गर्दै आउनु भएको छ। हाल उहाँले उक्त बिल्डिङ भाडामा लगाउनु भएको छ। सो बिल्डिङको विषयमा अन्य कुनै समस्या भएको भए अन्य व्यक्तिहरू पनि यहाँ निवेदन गर्न उपस्थित हुनु हुन्थ्योहोला। हाम्रो तर्फबाट राजु श्रेष्ठसँग कुनै समस्या रहेको छैन। उक्त आवास संयुक्त आवास भएको हुनाले एक जनाले मात्र भुक्तानी गरेर फुकुवा हुँदैन सम्पूर्ण भुक्तानी भएमा मात्र फुकुवा हुन्छ र बिल्डिङमा टासिएको रातो स्टिकर हटाई हरियो स्टिकर टाँस गर्न सबैले मिलि खर्च गरि मर्मत सम्भार गरेमा हुन्छ। यसमा हाम्रो कम्पनिको कुनै गल्ति छैन। यसमा कम्पनिले गरेको करार बमोजिम निजलाई ब्याज बमोजिमको रकम भुक्तान गरि निजले उक्त अपार्टमेन्टबाट लिएको फाइदा समेत सबै कट्टा गरि अपार्टमेन्ट फिर्ता लिन तयार छौं।

सवाल २५ कुनै सहकारी सम्बन्धि वा फौजदारी मुद्दामा थुना वा कैदमा पर्नु भएको छ की छैन? खुलाईलेखाई दिनुहोस्।

जवाफ २५ मलाई सहकारी ठगि मुद्दामा दुई बर्ष कैद तोकिएकोमा १८ महिना कैद भुक्तान गरिसकेको छु। धेरै मुद्दामा कैद भुक्तान गरि बाँकी केही मुद्दा विचाराधिन अवस्थामा छ।

सवाल २६ अन्त्यमा तपाईको थप केही भन्नु छ?

जवाफ २६ यस सहकारीको सम्पत्ति दायित्व भन्दा धेरै रहेको छ। तसर्थ सहकारीको बचतकर्ताहरूलाई सहकारीको सम्पत्ति र सहकारीको रकमबाट खरीद गरेर रोक्का राखिएको सम्पत्ति दिएर हिसाबकिताब मिलाउन सरकारले उचित वातावरण निर्माण गरिदियोस् भन्न चाहन्छु। सामाजिक

दायित्वका कारण समस्या छिटो भन्दा छिटो समाधान भएमा राम्रो हुन्थ्यो। उक्त समयमा जग्गामा धेरै लगानी भएको हुनाले समस्या श्रृजना भएको हो। मैले पछिल्लो १२ वर्षमा अत्याधिक मुद्दा झेल्नु परेकोले समयमै यी सबैबाट मुक्त हुनका लागि बचतकर्ताको रकम फिर्ता गर्न पाए हुन्थ्यो। म १२ वर्ष देखि यस सहकारीहरूको समस्या समाधान गर्न लागि परिरहेको छु। समयमै समाधान गर्न पाए हुन्थ्यो।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः सुधिर बस्नेत
पदः निलम्बित अध्यक्ष
संस्थाः ओरियन्टियल कोअपरेटिभ लि. संस्था लगायत

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३१ गते विहिबार
समयः अपराह्न ७:०० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव श्री दिपेशकुमार पुनसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम दिपेश कुमार पुन हो। बाजे रामसुर पुन, बुवा नन्द बहादुर पुन, आमा हस्तमाया पुन, श्रीमती सबिना पुन, छोराहरू कर्मद पुन, योगकिशोर पुन हो। मेरो स्थायी ठेगाना जिल्ला रोल्पा सविक राडसि गाउँ विवास समिति वडा नं. ९ परिवर्तन गाउँपालिका वडा नं. २ हो। हाल काठमाडौ जिल्ला चन्द्रागिरी नगरपाकलिका वडा नं. १ मा बस्छौं। मेरो जन्म मिति २०४४।०३।१० हो। म हाल ३६ वर्षको भएँ। फोन नं. ९८५१२१७२२२ र ना.प्र. नं. १०२४६/५४१०३४/२७९/ रोल्पा हो।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूका नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा मलाई थाहा जानकारी नदिई सचिवको रूपमा राखिएको रहेछ सो कुरा थाहा पाएपछि मैले तत्काल राजिनामा दिएको थिए उक्त राजिनाम साधारणसभाबाट अनुमोदन भई सहकारी विभागमा समेत पेस गरेको छ। उक्त सहकारीको कार्यालय जिल्ला रूपन्देही बुटवल उप-महानगरपालिकामा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ उक्त संस्थाको साधारणसभामा म लगायत प्रदेश मन्त्रीहरू जनप्रतिनिधिहरू, सहकारी विभागका कर्मचारीहरूलाई अतिथिको रूपमा बोलाइएको थियो। सोही साधारणसभामा अन्य अतिथिहरूले जस्तै मैले पनी सहकारीको बारेमा जाने, बुझेका कुराहरू राखेको थिए। त्यसबेला मैले उपस्थितीमा हस्ताक्षर गरी हिडेको हुँ। त्यसबेला मलाई थाहा जानकारी नदिई सचिव पदमा राखेका रहेछन्। त्यसको ६ महिनापछि उक्त संस्थाका कार्यकारी निर्देशक सागर के.सी. ले यस संस्थामा अधिकांश बचतकर्ताहरू गुरुङ र मगर समुदायको भएको र तपाई पनि यहि प्रदेशको भएको हुनाले तपाईलाई सचिवमा राखिएको छ भनी थाहा जानकारी गराएका थिए। यसरी जानकारी पाउँने बित्तिकै मैले राजिनामा दिएको हुँ। उक्त संस्था के कसरी सञ्चालन गरेका थिए, मलाई थाहा जानकारी भएन।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य मेरो पेशा वा व्यवसाय छैन। म राजनीतिक तथा सामाजिक क्षेत्रमा सक्रिय छु।

सवाल ६ तपाई सचिव रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ मलाई सचिव पदमा राखिएको सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा अध्यक्ष ओमप्रकाश गुरुङ रहेछन् भन्ने कुराको जानकारी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहदा थाहा पाएको हुँ। अन्य को-को हुनुहुन्छ मलाई थाहा जानकारी भएन।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छैन। उक्त संस्थामा मेरो सहमती बिना नै मलाई सचिव पदमा राखिएको र मैले थाहा जानकारी पाए लगत्तै राजिनामा दिएको थिए त्यसैले संस्थामा समस्या पर्नुको कारण सम्बन्धमा मलाई थाहा जनकारी भएन।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ मेरो परिवार वा नातागोताका व्यक्ति कोही पनि थिएनन्/छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई सचिव रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ यसबारे मलाई जानकारी छैन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० मलाई जानकारी छैन।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ यस विषयमा मलाई जानकारी भएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ यस विषयमा मलाई जानकारी भएन।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ यस विषयमा मलाई जानकारी भएन।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ यस विषयमा मलाई जानकारी भएन।

सवाल १५ तपाई सचिव रहेको सहकारी संस्थाको वित्तीय विश्लेषणमा तपाईले मिति २०७३/०७/०९ मा नगदै रु तिन लाख बुझिलिएको भौचर देखिएको छ, उक्त रकम के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट त्यसरी नगदै रकम बुझिलिन पाइन्छ?

जवाफ १५ उक्त विश्लेषणमा खुलेको ३ लाख रकम मैले लिएको होइन। उक्त भौचरमा दिपेश पुन भनी नाम उल्लेख गरिएको छ तर मेरो नाम दिपेशकुमार पुन हो र भौचरमा गरिएको हस्ताक्षर पनि मेरो होइन र संलग्न गरिएको कागजातहरूमा मेरो नागरिकता पनि थिएन।

सवाल १६ २०७९ मंसीर २४ मा भएको सहकारीको साधारणसभामा तपाई उपस्थित हुनुहुन्थ्यो, हुनु हुन्थेन?

जवाफ १६ २०७९ मंसीरमा भएको साधारणसभामा म उपस्थित थिइन।

सवाल १७ गितेन्द्रबाबु राईसँग तपाईको के-कसरी चिनजान भई व्यावसायिक साझेदारी कहिलेबाट कुन-कुन व्यवसायमा गर्नुभएको छ? खुलाइदिनुहोस्।

जवाफ १७ गितेन्द्रबाबु राईसँग आदिवासी जनजाति सम्बन्धी कार्यक्रममा भेट भएको थियो। निज र निजको परिवार र निजको कम्पनी कुनैमा पनि मेरो व्यावसायिक साझेदारी र संलग्नता छैन। पारिवारीक सम्बन्ध रहेको भन्ने विषय सत्य होइन। म राजनीतिक मान्छे पोखराको महेन्द्र भोटे भनिने शिवबहादुर गुरङ्ग पनि राजनीतिक मान्छे, म विद्यार्थी र उँहा युवाको जिम्मेवारी थियौं। त्यहाँ जाने क्रमा गितेन्द्रबाबु राई र शिवबहादुर गुरङसँग भेट भएको थियो र एकपटक हाम्री हेलिकप्टरमा पोखराबाट काठमाडौं सँगै आएका पनि थियौं।

सवाल १८ तपाईको सहकारी संस्थाले बचतकर्ताको बचत सङ्कलन गरी गितेन्द्रबाबु राई समेतले सञ्चालन गरेका विभिन्न कम्पनीहरूमा सोझै र व्यक्तिको नाममा ऋण खडा गरी त्यस्ता कम्पनीहरूमा ऋण प्रवाह गरेको देखिन्छ। के-कुन कम्पनीमा के-कति ऋण प्रवाह गर्नु भएको छ ? खुलाई दिनुहोस्।

जवाफ १८ यसबारे मलाई जानकारी भएन।

सवाल १९ भूपेन्द्र बाबु राईको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा सिद्धार्थ बैङ्कमा भएको खातामा मिति २०७७।०६।११ मा १ करोड, गोरखा मिडिया नेटवर्क प्रा.लि.कै ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७८।०१।०५ मा १ करोड, २०७८।०१।०९ मा ३० लाख र मिति २०७८।०३।०४ मा १ करोड गरी जम्मा ३ करोड ३० लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ?

जवाफ १९ यसबारे मलाई जानकारी भएन।

सवाल २० छबिलाल जोशीको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७७।११।२९ मा २ करोड ५० लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ?

जवाफ २० यसबारे मलाई जानकारी भएन।

सवाल २१ रबी लामिछानेको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७७।१२।१८ मा २ करोड रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो के हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ? निज ऋणी पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रबी लामिछाने हो, होइन खुलाइदिनुहोस्।

जवाफ २१ यस विषयमा मैले समाचरहरूमा सुनेको थिए तर के-कसरी भएको हो मलाई जानकारी भएन।

सवाल २२ विपिनकुमार आचार्यको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७८।०९।१२ मा १ करोड ५६ लाख १५ हजार रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ?

जवाफ २२ विपिनकुमार आचार्य को हुन्, म चिन्दिन र यस विषयमा मलाई जानकारी छैन।

सवाल २३ कुमार रम्तेलको नाममा १ करोड ९० लाखको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७८।०३।२२ मा १ करोड ३३ लाख ६ हजार जम्मा गरी बाँकी रकम पुरानो ऋणहरू कुमार रम्तेल १०५-५० मा रु. ५९,९३,४२०।-, रबी लामिछाने १०५-२२४ मा रु. ७,००,०००।-, छविवाल जोशी १०५-२११ मा रु. १५,८०,०००।- जम्मा गरी उक्त ऋणहरू फर्स्यौट गरी निज कुमार रम्तेलकै नाममा ऋण कायम गरेको देखिन्छ, यस्तो किन गरिएको हो ? कुमार रम्तेललाई कूल ५ करोड ५९ लाख बराबरको ऋण कायम गर्दा के-कुन धितो लिनुभएको छ ? खुलाइदिनुहोस्।

जवाफ २३ कुमार रम्तेल, जि.बी. राईको नेचर हर्व्स नामको कम्पनीमा संलग्न रहेको भन्ने कुरा मैले सुनेको थिए तर माथि उल्लिखित ऋणको विषयमा मलाई जानकारी छैन।

सवाल २४ भूपेन्द्र बाबु राईको नाममा २०७७।०६।११, २०७८।०१।०५ र २०७८।०३।०४ मा खडा गरी गोरखा मिडिया नेटवर्क प्र.लि. मा पठाइएको ३ करोड ३० लाख २०७८।०३।३१ मा फर्स्यौट देखाई पुनः मिति २०७८।०६।१३ मा ५० लाख र २०७९।०२।०४ मा ३० लाख गरी जम्मा ८० लाख पेश्की के-कुन आधारमा के-कुन प्रयोजनका लागि दिनुभएको हो ? खुलाइदिनुहोस्।

जवाफ २४ यस विषयमा मलाई जानकारी छैन।

सवाल २५ सहकारी संस्थाले आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्तसम्मका ऋणीहरूलाई कानून विपरीत सबै किसिमका ऋणहरूमा मात्र १ % नोक्सानी प्रावधान किन गरिएको हो ?

जवाफ २५ यस विषयमा मलाई जानकारी छैन।

सवाल २६ संस्थाले सो आर्थिक वर्षमा पुँजी कोषको १०% नबढाई प्रत्येक सदस्यलाई कर्जा प्रदान गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्ड विपरीत अधिक लगानी किन गरिएको हो ?

जवाफ २६ यस विषयमा मलाई जानकारी छैन।

सवाल २७ संस्थाले पाउनु पर्ने ब्याजलाई सहकरी ऐन,नियम बमोजिम मुल्तवी खातामा लेखाङ्कन नगरी ब्याजलाई ऋणमा पुँजीकृत गरी आम्दानी लेखाँकन किन गरिएको हो ? यस्तो गर्न मिल्छ ?

जवाफ २७ यस्तो गर्न नमिल्ने हो तर के-कसो गरेका हुन् मलाई जानकारी भएन।

सवाल २८ सहकारी ऐन अनुसार कूल निक्षेपको १०% तरलता कायम राख्नु पर्नेमा मिति २०८०।१२।१६ को तथ्याङ्क अनुसार ०.२% मात्र तरलता किन राखिएको हो ?

जवाफ २८ म यस अवधिमा संस्थाबाट राजिनामा दिइसकेकोले यस विषयमा जानकारी भएन।

सवाल २९ यस संस्थाले आफ्ना केही सदस्यहरूलाई ऋण प्रवाह गर्दा विनाधितो र जमानी, आवश्यक कागजात समेत नजुटाई किन ऋण प्रवाह गरिएको हो ?

जवाफ २९ यस विषयमा संस्थाका संरक्षक जि.बी. राई र कार्यकरी निर्देशक सागर के.सी. लाई जानकारी होला।

सवाल ३० दिनेश रोक्काको नाममा मिति २०७७।०३।०९ मा दिएको ऋण रकम जम्मा रु. ३ करोड २० लाख, हाल ब्याज रकम सहित रु. ४ करोड ५७ लाख बराबरको रकम चेकमार्फत जि.बि राईको स्टयान्डर्ड चार्टर्ड बैंकको खातामा दाखिला किन गरिएको हो ?

जवाफ ३० यस विषयमा मलाई जानकारी छैन।

सवाल ३१ २०७५।१२।०९ मा लिएको रु. ६० लाखको ऋण विशाल तामाङको नाममा पेश्की देखाई हिसाब मिलान गरी ऋण चुक्ता किन गरिएको हो ?

जवाफ ३१ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३२ समानता सहकारी (बाँकै) लाई विभिन्न मितिमा नेपालगञ्ज प्रोजेक्ट भनी पेश्की रकम किन दिनु भयो ? मिति २०७७।०३।३१ मा रु. २ करोड ६० लाख बराबरको हिसाब केमा मिलान गर्नुभएको हो ?

जवाफ ३२ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३३ देहायका मितिमा गोरखा ग्रुप मल्टि इन्भेस्टमेन्ट प्रा.लि. मा जम्मा रु. ३ करोडको ऋण रकम मात्र ८% ब्याजदरमा ऋण प्रक्रिया पूरा नगरी अध्यक्षले केको आधारमा सदर गरेकोहो?

Supreme Saving & Credit Co-Operative Ltd(HO)
Butwal, Chaurahachowk
071-544116, 544417
Ledger Statement
3/30/2024
12:00:00 AM

GLCODE NO: 2.6
GL HEAD: Gorkha Group Multi-Investment Pvt.ltd (00691556 CA)

VNO	VDATE	NARRATION	DEBIT	CREDIT	BALANCE	DC
[illegible]	[illegible]	[illegible]	[illegible]		[illegible]	Dr
[illegible]	2073/06/19	[illegible]	10,000,000.00		30,000,000.00	Dr
[illegible]	[illegible]	[illegible]		5,000,000.00	25,000,000.00	Dr
[illegible]	2073/12/01	[illegible]		25,000,000.00	0.00	Dr

जवाफ ३३ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३४ संस्थाले सदस्यहरूलाई केको आधारमा ०% ब्याजमा उच्चतम ऋण रकम प्रवाह गरेको हो ? साथै ०% ब्याजदर हुँदा हुँदै ब्याज रकम केको आधारमा गणना गरिएको हो ?

जवाफ ३४ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३५ संस्थाले विभिन्न सदस्यहरूलाई पेश्की रकम उपलब्ध गराएपश्चात् उल्लिखित अन्य संस्थाको नाममा किन ऋण कायम गरिएको हो ?

जवाफ ३५ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३६ सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ७२% जति ऋण रकम ठूला ऋणीहरूलाई दिएको छ, यो कानूनसम्मत छ कि छैन ?

जवाफ ३६ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३७ एस. ओभरसीजलाई मिति २०७८।०२।३० मेगा बैंकको खातामा चेकमार्फत रु. ५० लाख किन पेश्की दिइएको हो?

जवाफ ३७ यस विषयमा मलाई जानकारी छैन।

सवाल ३८ मिति २०८०।१२।१६ मा विभिन्न सहकारीबाट उठाउनु पर्ने जम्मा रकम रु. ९ करोड १४ लाख बराबर देखिन्छ, उक्त रकम उठाउन कतिको पहल गर्नु भएको छ ?

जवाफ ३८ यस विषयमा मलाई जानकारी नभएको कारण मेरो तर्फबाट पहल हुने कुरै भएन।

सवाल ३९ संस्थाले के प्रयोजनको लागि रु. २ करोड ७३ लाख ८५ हजार बराबरको ऋण लिएको हो ?

जवाफ ३९ यस विषयमा मलाई जानकारी छैन।

सवाल ४० संड्री साहु (Sundry Creditors) शीर्षकमा रु. १ करोड बराबरको रकम कसलाई र केवापत तिर्नुपर्ने हो ?

जवाफ ४० यस विषयमा मलाई जानकारी छैन।

सवाल ४१ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम जम्मा रु. ६३,१६,१९८ सरकारलाई किन नतिरेको ?

जवाफ ४१ यस विषयमा मलाई जानकारी छैन।

सवाल ४२ सहकारी ऐन अनुसार निक्षेप तथा बचत र प्राथमिक पुँजीकोषको अनुपात १५ गुणा हुनु पर्नेमा संस्थाले मिति २०८०।१२।१६ को तथ्याङ्कअनुसार नियम विपरीत २४.७५ गुणा किन राखियो ?

प्राथमिक पूँजीकोष		निक्षेप तथा बचत
शेयर पूँजी	जगेडा कोष	१,०३५,९३७,५१७
२८,१३०,५००	१३,७१३,४६०	
जम्मा ४१,८४३,९६०		

जवाफ ४२ यस विषयमा मलाई जानकारी छैन।

सवाल ४३ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ४३ यस सहकारीको समस्या समाधानको निम्ति व्यक्तिगत रूपमा मैले सकेसम्म पहल गर्नेछु। बजारमा भएको ऋण लागनी उठाउनका लागि सरकारको तर्फबाट सहयोग भए समस्या समाधान सहज हुन्छ। सहकारीमा समस्या आउनुमा नियमन निकायको पनि भूमिका छ। सरकारको तर्फबाट उक्त नियमन निकायलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

सवाल ४४ तपाई पूर्वसचिव रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ४४ सरकारको तर्फबाट वर्तमान सञ्चालकहरूलाई ३ देखि ५ वर्षको समयवधि दिएर बचतकर्ताहरूसँग समन्वय गरेर ऋणीहरूबाट ऋण रकम उठाउन कार्यलय सञ्चालन गर्ने वातावरण दिएमा समस्या समाधान हुने देख्दछु। समस्या भएका सहकारी सञ्चालकले समस्या समाधान गर्ने विश्वास लागेमा बैंकले सस्तोमा निश्चित समयको लागि ऋण दिन सरकारले सहजीरण गर्नु पर्ने देखिन्छ।

सवाल ४५ अहिले देखिएको सहकारीका बचतकर्ताहरूको बचतरकम दुरूपयोग र अपचलनसँग सम्बन्धित कसूरलाई कसरी हेर्नु भएको छ ? एउटै व्यक्तिबाट देशभरका विभिन्न सहरमा बचतकर्ता पीडित हुनु पर्ने विषयलाई कसरी कनूनको दायरामा ल्याउन सकिएला?

जवाफ ४५ सरसरी हेर्दा यो कसूर ठगी वा सहकारी ठगी जस्तो देखिन्छ। तर प्राभावको व्यापकता र आकार हेर्दा यो विशिष्ट प्रकृतिको देखिन्छ। एकै व्यक्तिको निर्देशनमा खास गरी व्यवस्थापकहरू मार्फत रकमको दुरुपयोग भएको देखिदा अलि संगठित प्रकृतिको देखिन्छ। त्यसैले पीडित समस्याग्रस्त सहकारीका प्रतिनिधि समेत भई राज्यको निगरानीमा राखी व्यवस्थापन गर्न दिनु उपयुक्त हुन्छ।

सवाल ४६ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ ४६ यस संस्थामा गितेन्द्र बाबु राईको निर्देशनमा कार्यकारी निर्देशक सागर के.सी. ले सहकारीको सम्पूर्ण कार्य गरेको देखिन्छ। अन्य पूर्वसञ्चालकहरू, वर्तमान सञ्चालकहरू र कर्मचारीहरूको संस्था समस्यामा पर्नुमा महत्वपूर्ण भूमिका छैन। गितेन्द्रबाबु राईको संरक्षणमा रहेको कुनैपनि सहकारीका व्यवस्थापकहरू कानूनको दायरामा आएको नदेखिनु र निज जि.बी. राई का परिवारका सदस्यहरू पनि कानूनी रूपमा सुरक्षीत भएकोले पनि यस संस्था समस्यामा पर्नुमा निजहरूको मुख्य भूमिका रहेको देखिन्छ। तसर्थ, गितेन्द्र बाबु राई र कार्यकारी निर्देशक सागर के.सी. लाई सम्बन्धित निकायमा उपस्थित गराएमा संस्थाको यथार्थ स्थिति थाहा हुन्छ। यस

संस्थामा मेरो जानकारीविना मलाई सञ्चालक समितिको सचिव पदमा राखिएको थियो। मेरो जानकारीमा आउनासाथ उक्त संस्थामा कानूनी र आर्थिक दायित्व नहुने गरी मैले राजिनामा दिएको थिए। उक्त राजिमाना साधारणसभाले अनुमोदन गरी सहकारी विभागमा जानकारी समेत दिइसकेको र नयाँ सञ्चालकले दायित्व लिइसकेको अवस्थामा संस्था समस्मा पर्नुमा मेरो कुनै भूमिका छैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना १० को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः दिपेश पुन
पदः पूर्वसचिव
संस्थाः सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवल।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३२ गते शुक्रबार
समयः अपराह्न ०१:४० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सनराइज बचत तथा ऋण सहकारी संस्था लि. र नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष तथा छिपछिपे बचत तथा ऋण सहकारीका पूर्वसचिव हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय चितवनमा रहनु भएका श्री नगेन्द्र बहादुर रिमालसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम नगेन्द्र बहादुर रिमाल हो। मेरो बाजे ऋषिराम रिमाल, बुवा दुर्गा बहादुर रिमाल, आमा पदम कुमारी रिमाल, श्रीमती सुनिता बस्नेत, छोरीहरू प्रशन्ना रिमाल र श्रेया रिमाल हो। मेरो स्थायी ठेगाना जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं. ५ ज्योतिनगरमा रहेको हो। म वर्ष ४९ को भएँ। मेरो जन्म मिति २०३१ मंसीर २४ गते हो। फोन नं. ९८६६२२८३७४ र ना.प्र.नं. ३६७८ हो। हाल म सहकारी ठगी मुद्दामा कारागार कार्यालय चितवनमा थुनामा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नहरूको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म अध्यक्ष रहेको सनराइज बचत तथा ऋण सहकारी संस्था लि. जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. ३ लायन्सचोकमा रहेको छ। त्यस्तै म नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष पदमा रहेको छु। यसको कार्यालय जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं. ८ जिल्ला प्रहरी कार्यालय चोकमा रहेको छ। म यस अघि मिति २०७४ देखि २०७८ सम्म छिपछिपे उपभोक्ता बहुउद्देश्यीय सहकारी संस्था लि. को सचिव थिएँ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ म अध्यक्ष र पूर्व सचिव रहेका सबै सहकारी संस्थाहरू सहकारी ऐन र प्रचलित कानून

बमोजिम नै सञ्चालन गरेका थियौं।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?.

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक कृष्णसार रिसोर्ट प्रा.लि. बर्दियाको सञ्चालक रहेको छु। पहिले म बैदेशीक रोजगारको लागि १२ वर्ष साउदीमा थिए। फर्केर आए पछी मेरो ठूलोबुबाको छोरा मेरो भाई हुनुहुन्छ। बिष्णुबहादुर रिमाल (नमस्ते गुलरीया बचत तथा ऋण सहकारी संस्थको तत्कालिन अध्यक्ष) मार्फत सहकारी क्षेत्रमा लागेको थिएँ। पछि उनी नमस्ते बाँके बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष भए। नमस्ते गुलरीया र नमस्ते बाँकिको बचत दुरुपयोग पछि उनी सम्पर्क बिहिन छन्।

सवाल ६ तपाईं अध्यक्ष रहेको सनराइज बचत तथा ऋण सहकारी संस्था लि. र नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ सनराइज बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा म, उपाध्यक्ष सन्तोषी के.सी., सचिव योगेन्द्र पाण्डे, कोषाध्यक्ष कृष्ण ज्ञवाली, सदस्यहरूमा ढुण्डीराज गौतम, माया सुनुवार, मैत बहादुर वि.क.रहेका छन्। त्यस्तै नमस्ते बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष म, उपाध्यक्ष गोमा के.सी., सचिव मुकुन्द सुवेदी, कोषाध्यक्ष देवीराम लामिछाने, सदस्यहरू देवी रिमाल, सन्तोषी के.सी. लगायत रहेका छौं। त्यसैगरी छिपछिपे उपभोक्ता बहुउद्देश्यीय सहकारी संस्थामा म सचिव रहँदा अध्यक्ष योगेन्द्र पाण्डे, कोषाध्यक्ष टेकबहादुर शाही, सुर्य नाम गरेको उपाध्यक्ष थर याद भएन, सदस्य कृष्ण ज्ञवाली, ढुण्डीराज गौतम, सुनिता न्यौपाने थिए, अन्य याद भएन।

सवाल ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छन्/छैनन् ? उक्त संस्थाहरू समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा रहेको छ। सनराइज बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा छैन। संस्थामा समस्या आएपछि २०८० मंसीरदेखि बन्द रहेको छ। उक्त संस्था समस्यामा पर्नुको कारण बचतकर्ताहरूको रकम फिर्ता गर्न नसक्नु, लगानी गरेको ऋण नउठ्नु, व्यक्तिगत कम्पनीमा लगानी हुनु लगायतका कारण संस्था समस्यामा परेको हो। छिपछिपे उपभोक्ता बहुउद्देश्यीय सहकारी संस्था हाल सञ्चालनमा रहेको छ। उक्त संस्थाको हालको अध्यक्ष गोपीलाल शर्मा हुनुहुन्छ। उँहा म सँगै सहकारी ठगी मुद्दामा पर्नु भएकोमा हाल धरौटीमा हुनुहुन्छ।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्था मा सदस्य रहेको देवी रिमाल मेरी बहिनी



हो। त्यसबाहेक सञ्चालक समितिका सदस्यमध्ये मेरो परिवार वा नातागोताका व्यक्ति कोही पनि हुनुहुन्न।

सवाल ९ अन्य कुनै सहकारीहरूमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य सहकारीमा सञ्चालक रहेको व्यक्ति समितिको सदस्य रहेका छन्। योगेन्द्र पाण्डे (अध्यक्ष छिपछिपे, सचिव सनराइज), ढुण्डीराज गौतम (सदस्य छिपछिपे र सनराइज) र कृष्ण ज्ञवाली (सदस्य छिपछिपे र सनराइज) रहेका छन्। नमस्ते बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष र सनराइज बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष म आफै रहेको छु। यो कानूनसम्मत होइन। तर साधारणसभाले मलाई नै चयन गरेपछि म दुवै संस्थाको अध्यक्ष भएको हुँ।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छन्। ढुण्डीराज गौतम बजार व्यवस्थापक र कृष्ण ज्ञवाली व्यवस्थापकमा रहेका छन्। संस्थाको कर्मचारी विनियमावली बमोजिम विज्ञापन गरेर, कर्मचारी छनौट गरिन्छ।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाईएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सनराइज बचत तथा ऋण सहकारी संस्थाको सम्पत्ति नेफ्सकुनमा अन्दाजी १२ देखि १५ लाख, राष्ट्रिय सहकारी बैंक लि. मा अन्दाजी ५ लाख, जिल्ला सहकारी संघमा अन्दाजी ५

लाख, संस्थाको नाममा बैङ्क नगद मौज्दात अन्दाजी ६० लाख रहेको छ। अन्य सञ्चालकको व्यक्तिगत कम्पनीमा अन्दाजी ७/८ करोड ऋण लगानी रहेका छन्। त्यस्तै नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्थाको गुलरियामा १ कट्ठा जग्गा भवन निर्माणको लागि लिएको छ। छिपछिपे उपभोक्ता बहुउद्देश्यीय सहकारी संस्था लि.को बचतकर्ताको अन्दाजी ८ करोड बचत बाहेक अन्य सम्पत्ति छैन।

सवाल १४ त्यसरी सहकारीको सम्पत्ति सञ्चालकको व्यक्तिगत कम्पनीमा ऋण लगानी गर्न मिल्छ?

जवाफ १४ ऋण सदस्यहरुको नाममा जनाएका छौं।

सवाल १५ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १५ सनराईज, छिपछिपे र नमस्ते सहकारी संस्थाहरूका बीचमा अन्तरसहकारी कारोबार गर्ने गरेको थियौं।

सवाल १६ छिपछिपे समेतका सञ्चालकहरूले नीतिगत तरिकाले संस्थाको सम्पत्तिलाई आफ्नो र आफ्नो नजिकको आफन्तको नाममा स्थानान्तरण गरी अपचलन गरेको, सो सम्बन्धमा अभियोगपत्र दायर भएपश्चात् सो सम्पत्ति संस्थाको नाममा पुनः स्थानान्तरण भएको छ कि छैन ?

जवाफ १६ सञ्चालकहरूले संस्थाको सम्पत्तिलाई आफ्नो र आफ्नो नजिकको आफन्तहरूको नाममा स्थानान्तरण गरी अपचलन गरेको छैन। संस्थाको सबै सम्पत्ति अन्दाजी २३ करोड बराबरको ऋण लगानी, नेफ्सकुनमा अन्दाजी १२/१५ लाख, राष्ट्रिय सहकारी बैंक लि. मा अन्दाजी ५ लाख, जिल्ला सहकारी संघमा अन्दाजी ५ लाख, संस्थाको नाममा बैंक नगद मौज्दात अन्दाजी ६० लाख लगानी रहेको छ।

सवाल १७ सहकारीले ऋणीहरूलाई कर्जा प्रवाह गर्दा धितोमा राखेको जग्गा कर्जा असुल नहुँदै किन र के को आधारमा फुकुवा गरेको हो ?

जवाफ १७ जहाँसम्म ऋणीहरूलाई कर्जा प्रवाह गर्दा धितोमा राखेको जग्गा कर्जा असुल नहुँदै फुकुवा गरेको छैन। यदि गरिएको रहेछ भने कार्यकारी निर्देशक कृष्ण ज्ञवालीलाई थाहा छ। यसबारे उहासँग बुझेर मात्र भन्न सक्छु अहिले भन्न सक्दिन।

सवाल १८ यस सहकारीले सञ्चालक र सञ्चालकसँग सम्बन्धित कम्पनीलाई ऋण कति वर्षदेखि प्रवाह गर्दै आएको हो र सहकारीको रकमले नीजि सम्पति आर्जन गर्नु कानूनसम्मत हुन्छ ?

जवाफ १८ २०७२ सालदेखि हामीले कृष्णसार रिसोर्ट प्रा.लि.लाई मात्र ऋण प्रवाह गरेका छौं। त्यसबाहेक सञ्चालक सँग सम्बन्धित व्यक्तिहरूलाई ऋण प्रवाह गरिएको छैन।

सवाल १९ संस्थाको कूल निक्षेप रु. १७,९९,१५,६७३/- र कूल ऋण लगानी रु. २०,९३,०९,२४८/- रहेकोमा सो थप ऋण रकम लगानी गर्न कुन आयश्रोतबाट पुँजीको व्यवस्था गरिएको हो ?

जवाफ १९ उक्त रकम जाहेरी परेको हिसाबले देखिएको होला। सनराईजको हाकमा कुल निक्षेप अन्दाजी ३५/४० करोड रहेको, ऋण लगानी अन्दाजी २२/२३ करोड भएको छ। बचतकर्ताहरूको बचत अंदाजी ४/५ करोड फिर्ता समेत गरेको तर सिस्टमबाट घटेको छैन। उल्लिखित हिसाब के-कसरी आयो मलाई थाहा जानकारी भएन।

सवाल २० तपाई आबद्ध रहेका सहकारी संस्थाहरू सँग सम्बन्धित सहकारी ठगी कसूरमा प्रतिनिधीसभाका माननीय सदस्य गितादेवी बस्नेत समेत कानूनी कारबाहीको प्रक्रिया रहेको देखिन्छ। सहकारी संस्थाबाट उँहा अध्यक्ष रहेको कृष्णसार रिसोर्ट प्रा.लि. मा रकम प्रवाह गर्दा के-कुन प्रक्रिया र कागजातका आधारमा ऋण लागानी गरिएको हो, खुलाइदिनुहोस्।

जवाफ २० गितादेवी बस्नेत मेरो सासु हुनुहुन्छ। उँहा म आवद्ध रहेका तीन वटै सहकारी संस्थाको शेयर सदस्य र वचतकर्ता हुनुहुन्न। उँहाको नाममा ऋण लगानि पनि भएको छैन। २०७२ सालमा सञ्जीव कुमार महतोले बर्दियाको गुलरीयामा सञ्चालन गर्ने गरी दर्ता गर्नु भएको कृष्णसार रिसोर्ट प्रा.लि. मा म, गितादेवी बस्नेत र योगन्द्र पाण्डेले १०/१० लाखको शेयर किनी ४ जना भई सामुहिक रूपमा उक्त प्रा.लि. सञ्चालन गर्दै आएका छौं जसमा गितादेवी बस्नेत अध्यक्ष हुनुहुन्छ। सनराईज सहकारीबाट म, ढुण्डीराज गौतम र कृष्ण ज्ञवालीको नाममा करिब ९ करोड ऋण जारी गरी उक्त कम्पनीमा लागनी गिएको छ। छिपछिपे सहकारीबाट योगेन्द्र पाण्डेले १८ लाख जुति लगानि गर्नु भएको छ। नमस्ते सहकारीबाट सञ्जीवकुमार महतोको नाममा २५ लाख ऋण लिई उक्त कम्पनीमा लागनी गरिएको छ। त्यस बाहेक गितादेवी बस्नेतको नाममा कुनै ऋण जारी भएको छैन।

सवाल २१ यस सहकारी संस्थाले के प्रयोजनका लागि रु. २ करोड ५४ लाख बराबरको ऋण लिएको हो ?

जवाफ २१ सहकारी संस्थाको लगानी रकम नउठेकोले बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न उक्त ऋण लिएको हो।

सवाल २२ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २२ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सक्छु। कार्यालय सुचारु गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो, बजारमा लगानी गरेको ऋण उठाउन सरकारले सहजीकरण गरिदिनुपर्यो।

सवाल २३ तपाईं अध्यक्ष रहेको सनराइज बचत तथा ऋण सहकारी संस्था, नमस्ते बचत तथा ऋण सहकारी संस्था समेतका समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २३ कारागारबाट बाहिर निस्किन पाउनु पर्यो, नियमित रूपमा कार्यालय सञ्चालन गर्न सहज वातावरण सिर्जना गरिदिनुपर्यो, ऋणीहरूबाट ऋण असुल उपर गर्न सहजीकरण गरिदिनुपर्यो।

सवाल २४ सहकारी सम्बन्धी वा कुनै फौजदारी कसुरमा थुना वा कैदमा पर्नु भएको छ वा छैन ? परेको भए हाल उक्त मुद्दा के-कुन अवस्थामा छ ?

जवाफ २४ म मिति २०८० चैत्र २५ गते सहकारी ठगी मुद्दामा पक्राउ परेको थिए। हाल कारागार कार्यालय, चिवतनमा थुनामा छु। उक्त मुद्दा नवलपुर जिल्ला अदालत मा विचाराधिन रहेको छ।

सवाल २५ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २५ बैङ्कले धितो लिएर सहुलियत दरमा ऋण दिएमा बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न सहज हुने थियो। बैंक खाता रोक्का फुकुवा गरिदिएमा साना बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न सहज हुने थियो। कृष्णसार रिसोर्ट प्रा.लि.मा नमस्ते बर्दीय सहकारी संस्थाबाट अन्दाजी रु. २५ लाख रुपैंया र सनराइज सहकारी संस्थाबाट अन्दाजी ८/९ करोड लगानी भएकोमा ब्याज सहित १५ करोड जती पुगेको होला। उक्त कृष्णसार रिसोर्ट प्रा.लि. लाई ठूला बचतकर्ताहरूले आफै मूल्याङ्कन गरी रु. २५ करोडमा लिने सहमति भएको पनि छ। तर वैधानिक नभएकाले एउटा वैधानिक समिति गठन गर्नमा सरकारको सहयोग भएमा

बचतकर्ताहरूको बचत रकम फिर्ता हुने थियो र समस्या समाधान भई सहकारी निरन्तर रूपमा सञ्चालन हुने थियो भन्ने अपेक्षा रहेको छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखत:
नाम: नगेन्द्र बहादुर रिमाल
पद: अध्यक्ष
संस्था: सनराइज बचत तथा ऋण सहकारी संस्था लि.चितबन/नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्था लि. बर्दिया।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मिति: २०८१ साउन ३२ गते शुक्रवार
समय: अपराह्न ०४:०० बजे
स्थान: संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष देउराली बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष हाल सहकारी ठगी मुद्दामा थुनामा कारागार कार्यालय नख्खुमा रहेका श्री रविन्द्र चौलागाईसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम रविन्द्र चौलागाई हो। बाजे बालकृष्ण चौलागाई, बुवा डिल्ली प्रसाद चौलागाई आमा हेमाकुमारी चौलागाई हो। मेरो परिवारमा श्रीमती पुजा खत्री र छोरा प्रान्जल चौलागाई हुनुहुन्छ। हाल महालक्ष्मी नगरपालिका वडा नं. ९ मा वस्छौं। हाल म सहकारी ठगी मुद्दामा नख्खु कारागारमा थुनामा रहेको छु। मेरो मोबाइल नं. ९८५११६२९३० हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म देउराली बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष हुँ। अन्य कुनै सहकारी संस्थामा आबद्ध रहेको छैन। देउराली बहुउद्देश्यीय सहकारी संस्थाको प्रधान कार्यालय ललितपुर महानगरपालिका वडा नं. १५ सातदोबाटोमा रहेको छ। कागजातहरू आवश्यक परे समितिलाई पेस गर्ने छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलिन कानून बमोजिम सहकारी सञ्चालन गरेको छु।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था बाहेक मेरो पुजा पोल्ट्री फार्म, अन्नपूर्ण डिस्ट्रिलरी नामको लिक्वेर फ्याक्ट्री र देउराली रियल स्टेट विजनेस रहेको छ। साथै युनिलिभर नेपाल, डाबर नेपाल, गोर्खा ब्रुअरी र पार्लेजी बिस्कुटको काठमाडौं उपत्यकाको डिस्ट्रिव्युटर समेत हुँ।

सवाल ६ तपाईं अध्यक्ष रहेको देउराली बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ देउराली बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा म, उपाध्यक्ष अस्मिता खत्री, सचिव मनोज भण्डारी, कोषाध्यक्ष मनोहर बस्नेत, सदस्यहरू आशालाल महर्जन, राजु महर्जन, सुमन महर्जन रहेका छन्। स्थापनाकालदेखि म नै अध्यक्ष रहेको छु।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ उक्त सहकारी हाल सञ्चालनमा छैन। कोभिड १९ पछि घर जग्गाको कारोबारमा आएको मन्दिका कारण सहकारीले आफ्नो नाममा भएको जग्गा बिक्री गर्न नसकेको र बजारमा तरलताको अभावको कारण बजारबाट उठ्नु पर्ने ऋण उठ्न नसकेर बचतकर्तालाई एकै पटक बचत रकम फिर्ता गर्न सकिएन। जसको कारण सहकारी समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सहकारी स्थापना हुँदा पहिलो एक वर्ष मेरी श्रीमती पुजा खत्री उपाध्यक्ष हुनुहुन्थ्यो तत्पश्चात सञ्चालक समितिमा परिवार र नातागोताका व्यक्ति कोही हुनुहुन्न।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा थिएनन्। म २०७९ साल मंसिरदेखि माघसम्म सुमेरु बचत तथा ऋण सहकारीसँग देउराली बहुउद्देश्यीय सहकारी संस्था एकीकरण गर्ने भनी देउरालीका सल्लाहकार कृष्णप्रसाद कंडेल अध्यक्ष र म उक्त सहकारीमा सञ्चालक समितिका सदस्यका रूपमा रहेको थिएँ। तर पछि सुमेरुमा रहेको आर्थिक कारोबार पारदर्शी नभएको र भरत मर्हजनका परिवारजन र आफन्तहरुको नाममा रहेको सम्पत्ति बिक्री वितरण गरी बचतकर्ताको बचत रकम फिर्ता गरी समस्या समाधान गर्ने नियत नदेखिएकोले एकीकरणको प्रयास सफल नहुने देखिएपछी म उक्त संस्थासँग आबद्ध रहिन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० ऋण उपसमितिका संयोजक राजेन्द्र खत्री भक्तपुर सेवा केन्द्रको लोन म्यानेजर हुनुहुन्थ्यो। अन्य कोही सञ्चालक समितिका पदाधिकारी कर्मचारी हुनुहुन्न। यस सहकारी संस्थाको कर्मचारी विनियमावली अनुसार नै कर्मचारीहरू छनौट गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेकका व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ यस सहकारीको सम्पत्ति सहकारीका सञ्चालकहरूको नाममा रहेको छ। मेरो नाममा किर्तिपुर नगरपालिका वडा नं. ३ पुष्पलाल मार्गमा चार रोपनी, झापाको शिवगंज नगरपालिका वडा नं ९ मा तिन विगाह र ललितपुर लामाटार वडा नं ३ मा पाँच रोपनी जग्गा रहेको छ। साथै पूर्वसञ्चालक पुजा खत्रीको नाममा ललितपुर महानगरपालिका वडा नं. १५ मा साढे ६ आनामा बनेको घर, ललितपुर सुनाकोठीमा २१ आना, ललितपुर धापाखेलमा आठ आना रहेको छ। भक्तपुर बोडेमा राजेन्द्र खत्रीको नाममा ९ आना जग्गामा साढे तिन तल्लाको घर, सोही स्थानमा ७ आना जग्गा, काभ्रे पाँचखालमा पोल्ट्री व्यवसायका लागि लिएको साढे आठ रोपनी जग्गा रहेको छ। सचिव मनोज भण्डारीको नाममा ललितपुर महानगरपालिका वडा नं. ३ मा चार रोपनी जग्गा रहेको छ। अन्य विवरण म समितिलाई पेस गर्नेछु।

सवाल १४. अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार ललितपुर महानगरपालिका पुल्चोकको पुच्च बचत तथा ऋण सहकारी संस्था, ललितपुर हात्तीवनस्थित विसनदेवी बचत तथा ऋण सहकारी संस्था, ललितपुर सातदोबाटोस्थित महाभगवती बहुउद्देश्यीय सहकारी संस्था लगायतका सहकारीहरूसँग गरिएको थियो।

सवाल १५ तपाईं सुमेरू बचत तथा ऋण सहकारी संस्थामा के-कति समय सञ्चालक समितिमा रहनुभएको हो ? उक्त समयमा उक्त सहकारी संस्थाका के-कति सम्पत्ति र कर्जा व्यवस्थापन गर्नुभएको थियो ?

जवाफ १५ मेरो सहकारी र सुमेरु बचत तथा ऋण सहकारी समेत समस्यामा परिसकेपछि दुईवटा संस्था एकीकरण गरी एकीकृत कारोबार गरी समस्या समाधान गर्ने भन्ने उद्देश्यले सुमेरु बचत तथा ऋण सहकारीका सञ्चालकहरूसँग २०७९ मंसीरमा सहमति गरियो। उक्त सहकारीसँगको सहमति अनुसार पूर्वअध्यक्ष भरत महर्जनले सम्पूर्ण जिम्मेवारी तत्कालीन अध्यक्ष कृष्ण प्रसाद कंडेललाई दिने भनिएको थियो तर भरत महर्जनले उक्त जिम्मेवारीहरू नदिने भनेपछी उक्त सहकारीसँगको सम्झौताबाट म पछि हटेको हुँ। उक्त समयमा सुमेरुको कर्मचारी मनिषा लामाको नाममा रहेको काठमाडौं फर्पिङको ७५ आना जग्गा १ करोड ८० लाखमा बेची उक्त रकम कृष्ण प्रसाद कंडेलको नेतृत्वमा सुमेरु बचत तथा ऋण सहकारीमा कृष्णप्रसाद कंडेलको खाता खोली रकम जम्मा गरी बचतकर्ताहरूलाई बाँडिएको थियो।

सवाल १६ तपाईंका निजी लगानीका के-कुन कम्पनीहरू रहेका छन् ? व्यावसायिक साझेदारहरूको विवरण खुलाउनु होस्।

जवाफ १६ मेरो निजी लगानीका कम्पनीहरू पुजा मार्केटिङ प्रा.लि., थ्रि ब्रदर्श मार्केटिङ प्रा.लि., पुजा पोल्ट्री फार्म, पुजा ट्रेडिङ एण्ड मार्केटिङ प्रा.लि.. अन्नपूर्ण डिस्ट्रिलरी प्रा.लि. लगायतका लगभग १५ वटा कम्पनीहरू रहेका छन्। मेरो निजी कम्पनीहरूमा म, मेरी श्रीमती पुजा खत्री र जेठान राजेन्द्र खत्री रहेका छौं।

सवाल १७ संस्थाको आ.व. २०७७/७८ आषाढ मसान्त सम्मको वासलातअनुसार नगद मौज्दात जम्मा रु. ८ करोड ४५ लाख बराबर र बैङ्क मौज्दात रु. २ करोड ३ लाख रहेता पनि संस्था कसरी समस्याग्रस्त हुन पुग्यो ?

जवाफ १७ तत्कालिन समयमा "सहकारी खबर" भन्ने अनलाइन मिडियाले देउराली सहकारी संस्थाले घर जग्गामा लगानी गरेको कारण डुब्दैछ छ भनी समाचार सम्प्रेषण गरेको कारण उक्त समाचार बुस्ट भएको १ दिन नवित्दै करीब २००० हाराहारी बचतकर्ता एकैपटक हाम्रो सहकारीमा आए। त्यसपछि हामीले तत्कालिन समयमा थोरै-थोरै रकम बचतकर्तालाई दिदैं जाँदा उक्त मौज्दात रकम बचतकर्ताहरूलाई बाँडिएको थियो। तत्पश्चात सहकारी समस्यामा आएको हो।

सवाल १७ यस संस्थाले रु. ८ करोड ४५ लाख बराबरको अधिकतम नगद रकम बैंक खातामा नराखेर बिमा समेत गरी नगदमा किन राखिएको हो ?

जवाफ १७ हाम्रो सहकारीमा बढी जसो सदस्यहरू कृषि सम्बन्धी व्यावसाय गर्ने हुँदा उक्त सदस्यहरूले बैंकिङ मार्फत नभई नगदै लिन खोज्नेहुँदा उल्लिखित रकम बिमा समेत गरी राखिएको थियो।

सवाल १८ संस्थासँग कूल नगद तथा बैङ्क मौज्दात रु. १०,४८,८७,०२०/- भएता पनि राष्ट्रिय सहकारी बैङ्क लि. बाट थप रु. ६,४८,००,०००।- ऋण किन र के प्रयोजनका लागि लिइएको हो ?

जवाफ १८ राष्ट्रिय सहकारी बैङ्क लि. सँग लिइएको कर्जा कोभिडको समयमा लिइएको कर्जा हो। तत्कालिन समयमा पनि धेरै बचतकर्ताहरूले बचत रकम माग गरेको हुनाले एकैपटक धेरै रकम माग गर्दा रकम उपलब्ध गराउनका लागि कर्जा लिइएको थियो।

सवाल १९ संस्थाको कूल निक्षेप रु. १,९३,३३,७३,५६३/- र कूल ऋण लगानी रु. २,२४,३१,७०,८४५/- रहेकोमा सो थप ऋण रकम लगानी गर्न कुन आय श्रोतबाट पुँजीको व्यवस्था गरी लगानी गरिएको हो ?

जवाफ १९ राष्ट्रिय सहकारी बैंक लि. बाट ४० करोड रकम कर्जा लिइएको थियो। त्यस्तै नेफ्सकुनबाट ५ करोड र सहकारी बहुउद्देश्यीय संघबाट ५ करोड कर्जा लिइएको थियो।

सवाल २० ऋण लगानी गर्दा कति प्रतिशत ब्याजदरमा गर्नु हुन्छ ? ऋण रकम रु. २,२४,३१,७०,८४५/- को ब्याज मात्र रु. २१,८६,०१८।- कसरी भएको हो ?

जवाफ २० सहकारीको नियम अनुसार लिनु पर्ने ब्याज लिइएको थियो। कर्मचारीको हकमा ९ प्रतिशत र अन्य ऋणीको हकमा १६ प्रतिशत ब्याजदरमा ऋण प्रवाह भएको थियो। माथि उल्लिखित ब्याज रकम कति समयको हो स्पष्ट भएन। ब्याज रकम सिस्टमले नै देखाउने हो।



सवाल २१ संस्थाले कूल ऋण रकमको १% हुन आउने गरी रु. २,२४,३१,७०८/- रकमको मात्रै ऋण नोक्सानी व्यवस्था कतिको कानूनसम्मत् छ ?

जवाफ २१ ऋणीहरूले समयमा नै ऋणको किस्ता तिरिरहेको अवस्था थियो। संस्था राम्रैसँग चलिरहेको हुँदा उक्त ऋण नोक्सानी व्यवस्था कानून सम्मत नै छ।

सवाल २२ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २२ विद्यमान अवस्थामा मेरो अध्यक्षताको सहकारीको समस्या समाधान गर्न सक्छु। मैले थुनामा रहेको अवस्थामा पनि ऋणी र बचतकर्ताहरूसँग छलफल गरी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने प्रयास गरिरहेको छु। हालसम्म ३५ जनाको अन्दाजी कारोबार अन्दाजी ११ करोड बराबरको हिसाबकिताब मौखिकरुपमा मिलाएपनी सिस्टममा लोड गरी औपचारी व्यवस्थापन गर्न पाएको छैन। थुनामा बसी रोक्का रहेका सम्पत्तिबाट बचतकर्ताहरूलाई बचत रकम फिर्ता गर्न सहज छैन। तसर्थ थुना बाहिर बसी सहकारीको समस्या समाधान गर्ने मौका दिएमा करिब एक वर्ष भित्र सम्पूर्ण समस्या समाधान गर्ने थिएँ। साथै सरकारले रोक्का गरेको सम्पत्ति क्रमिक रूपमा फुकुवा गरी बचतकर्तालाई उपलब्ध गराउने वातावरण सिर्जना गरिदिएमा समस्या समाधान गर्न सहज हुने थियो।

सवाल २३ तपाई अध्यक्ष रहेको देउराली बहुउद्देश्यीय सहकारी संस्थाको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २३ सहकारीका सञ्चालक समिति र जिम्मेवार कर्मचारीलाई सरकारले कुनै निकायको मातहतमा काम गर्ने वातावरण बनाइदिनु पर्छ। साथै सहकारीका सम्पत्तिहरू बैंकबाट लिलाम बिक्री गर्न रोकी सञ्चालकहरूलाई बचत रकम फिर्ता नगरुन्जेलसम्मको लागि सुरक्षाको अनुभुति गराइदिनु पर्छ। सहकारी र व्यापार व्यवसाय बन्द भएको समयदेखिको व्याज रकम मिनाहा गरी उक्त सम्पत्ति र व्यवसाय लिलाम गर्नबाट रोकी दिएमा समस्या समाधान गर्न सहज हुने थियो।

सवाल २४ देउराली बहुउद्देश्यीय सहकारीको सेन्चुरी बैंक लि. संग को कर्जा प्रवाहमा विषयमा के भएको हो? खुलाईलेखाइदिनुहोस्।

जवाफ २४ देउराली बहुउद्देश्यीय सहकारीले सेन्चुरी कमर्सियल बैंकसँग कुनै किसिमको कर्जा लिएको होइन। उक्त सेन्चुरी कमर्सियल बैंकमा मेरो व्यक्तिगत र मेरो अन्य कम्पनिहरुको नाममा लिइएको कर्जा हो।

सवाल २५ सहकारी सम्बन्धी वा कुनै फौजदारी कसुरमा थुना वा कैदमा पर्नु भएको छ वा छैन ? परेको भए हाल उक्त मुद्दा के-कुन अवस्थामा छ ?



जवाफ २५ मिति २०८०/०६/१६ मा पक्राउ परि २०८०/०८/२२ गते देखि सहकारी ठगी तथा संगठित अपराध सम्बन्धी कसुर मुद्दामा कारागार कार्यालय नख्खुमा थुनामा छु। हाल उक्त मुद्दा ललितपुर जिल्ला अदालतमा विचाराधिन रहेको छ।

सवाल २६ अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ २६ अन्त्यमा सहकारीको बचतकर्ताहरूको रकम समयमै फिर्ता गर्नको लागि सञ्चालकहरूलाई थुनामा राखेर मात्र हुँदैन। सञ्चालकलाई बाहिर ल्याई काम गर्ने वातावरण बनाइदिएमा सहज हुने थियो। सहकारीको सम्पत्तिबाट र ऋण रकम उठाई बचतकर्तालाई बचत रकम तिर्न समयमै सहज वातावरण बनाइ दिनु हुन र उचित कदम चालिदिन अनुरोध गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखत:
नाम: रविन्द्र चौलागाई
पद: अध्यक्ष
संस्था: देउराली बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मिति: २०८१ साउन ३२ गते शुक्रवार
समय: अपराह्न ०५:२० बजे
स्थान: संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय नख्खुमा रहनुभएका अध्यक्ष श्री लिलाबहादुर गुरुङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम लिलाबहादुर गुरुङ हो। बाजे कुल बहादुर गुरुङ, बुवा भिम बहादुर गुरुङ र आमा सेवक कुमारी गुरुङ हो। मेरो परिवारमा जेठी श्रीमती नन्दाकुमारी बम्जनको तर्फबाट छोरीहरू लिना गुरुङ र योजना गुरुङ, कान्छी श्रीमती सृजना श्रेष्ठको तर्फबाट छोरी लिजा गुरुङ सहित ललितपुर महानगरपालिका १३ स्थित नख्खु अपार्टमेन्टमा बस्छौं। जेठी श्रीमती नन्दाकुमारी बम्जनसँग छोडपत्र भई सकेको छ तर छोरीहरू म सँगै बस्छन्। मेरो मोबाइल नं ९८५१००१४२९ हो। हाल म सहकारी ठगी मुद्दामा नख्खु कारागारमा थुनामा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मलाई मुटु सम्बन्धी समस्या छ। हाल अवस्था ठीक छ। सोधिएका प्रश्नहरूको उत्तर दिनसक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आबद्ध रहेको सहकारी कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ संस्था लि हो। यसको प्रधान कार्यालय ललितपुर महानगरपालिका वडा नं. २० मा रहेको छ। प्रधान कार्यालय, भक्तपुर र मिनभवनको सेवाकेन्द्रहरू बन्द अवस्थामा छ भने गोङ्गबुमा रहेको सेवा केन्द्र खुला रहेको छ। म मिति २०६० सालदेखि २०६५/६६ सम्म उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.को सञ्चालक समितिमा सचिव पदमा रहेको थिएँ र २०८० सालको असोज महिना देखि हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. को उपाध्यक्ष पदमा रहेको छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलिन कानून बमोजिम नै सहकारी सञ्चालन गरेका थियौं।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ म घरजग्गा व्यवसायी समेत हुँ।

सवाल ६ तपाईं अध्यक्ष रहेको कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.को सञ्चालक

समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ उक्त सहकारीमा अध्यक्षमा म, संचालकहरू रामकृष्ण जयखु श्रेष्ठ, मोहन कृष्ण गुरुङ, सरीता महर्जन, मुन्ना गुरुङ र रोशन मान वैद्य हुनुहुन्छ। यस सहकारीको संस्थापक अध्यक्ष म नै हुँ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था बन्द अवस्थामा रहेको छ। गोङ्गबुस्थित सेवा केन्द्र भने सञ्चालनमा छ। आर्थिक मन्दिका कारण बचतकर्ताहरू एकैपटक बचत रकम फिर्ता लिन आएकोले तरलताको अभावका कारण सहकारी समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिमा मेरो आफ्नो परिवारको सदस्य र नातागोताका व्यक्ति कोही पनि हुनुहुन्न।

सवाल ९ तपाईका आफन्तहरू को कहाँ कुन कनु सहकारी संचालनमा आवद्ध हुनुहुन्छ?

जवाफ ९ मेरो जेठान डम्बर बहादुर बम्जनले २०५३ सालतिर निजका जेठान ईच्छा राज तामाङको अध्यक्षतामा आफु प्रबन्ध निर्देशक भई गोर्खा सेभिङ एण्ड क्रेडिट नामको सहकारी खोलेका थिए। २०५९ साल तिर मेरा अर्का जेठान ज्ञानबहादुर बम्जनको अध्यक्षतामा, म र सूर्यध्वज न्यौपाने समेत संचालक सदस्य भई उपकार सेभिङ एण्ड क्रेडिट नामको सहकारी खोलिएको थियो। तत्पाश्चात हामी उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभकै सदस्यहरूको अगुवाईमा सूर्यध्वज न्यौपानेको नेतृत्वमा कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. नामको सहकारी सञ्चालनमा ल्यायौं। २०६२ सालमा मेरो अध्यक्षतामा कल्याण सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. खोल्यौं। तत्पश्चात पोखरामा ज्ञान बहादुर बम्जनको अध्यक्षतामा सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था खोलियो। ज्ञान बहादुर बम्जनकै अगुवाईमा कालिमाटी, काठमाडौंमा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी खोलिएको थियो र तत्कालिन समयमा नै डम्बर बहादुर बम्जनको अगुवाइमा लालिगुराँस सेभिङ एण्ड क्रेडिट खुशिबुमा खोलिएको थियो। ज्ञानबहादुर बम्जनले चितवनमा स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी लि. र काठमाडौं थानकोटमा देव दर्शन बचत ऋण सहकारी समेत खोलेका थिए। यी विभिन्न सहकारीहरूमा काम गरेर गएका कर्मचारीहरूले नेपालभर २०० भन्दा बढी सहकारी खोलेका छन्। तसर्थ नेपालमा सहकारीको विकासका लागि डम्बर बहादुर बम्जनको धेरै ठुलो योगदान रहेको छ।

मेरो ससुरा दोस्रो विश्वयुद्ध लडेर फर्केका सिपाही दर्ज बहादुर तामाङको दुई बटी श्रीमती (बिपीमाया र आईतमाया) बाट ९ जना छोरा र ७ जना छोरी गरी जम्मा १६ जना सन्तान छन्। जसमध्ये निजको जेठी श्रीमती पट्टिको जेठो छोरा उत्तर बहादुर तामाङ नेपाली सेनाको जागिरबाट पेन्सन भइ अवकास प्राप्त हुन्। माइलो छोरा खेति गर्दछन्। साइलो छोराको रमेश तामाङ शिक्षक सेवाबाट अवकास प्राप्त हुन्। काइलो छोरा नेपाली सेनाबाट पेन्सन भई अवकासप्राप्त हुन् र कान्छो छोरा डम्बर बहादुर बम्जन ब्रिटिस आर्मीको सेवा निर्वित हुन्। निज

२ वर्ष हुँदा आमाको निधन भएपछी दर्जबहादुरले कान्छि श्रीमती आइतमायासँग विवाह गर्नुभएको थियो। निजको कान्छी श्रीमती पट्टिको जेठो छोरा खड्गबहादुर बम्जन न्युजिल्याण्डमा स्थायी रूपमा बसोबास गर्दै आइरहेका छन्। माइलो छोरा शेरबहादुर बम्जन कृषक हुन्। साइलो छोरा ज्ञानबहादुर बम्जन हुन्। कान्छो खिला बहादुर तामाङ घरबार त्यागि हिँडेका सन्यास लिएर हिडेका छन्।

निजको जेठी श्रीमती पट्टीबाट जेठी छोरी विष्णु तामाङ हुन्, ज्वाइको विषयमा जानकारी भएन। कान्छी छोरी हेमकुमारी तामाङ २०७४ सालको निर्वाचनमा जिल्ला ओखलढुङ्गा, मेलुङ्ग गाउँपालीकामा उपाध्यक्ष भएका हुन् र कान्छी ज्वाइ भने नरेन्द्र बल हुन्।

निजको कान्छी श्रीमती पट्टिको जेठी छोरी नन्दा कुमारी बम्जन मेरी जेठी श्रीमती हुन्। माइली छोरी निर कुमारी बम्जन र ज्वाई कृष्ण लामा जो चितवनको स्वर्णलक्ष्मी सहकारीमा अध्यक्ष रहेका छन। साइली नेत्र कुमारी बम्जन र ज्वाइ अमेरिका तिर छन्। काइली भगवती बम्जन र ज्वाई गितेन्द्र बाबु राई हुन्। कान्छि रेश्मा बम्जन गायीका हुन् र ज्वाइ दिपक लामा २०७९ सालको निर्वाचनमा काठमाडौं महानगरपालिका वडा नं. ०६ को वडा अध्यक्ष पदमा नेपाली काइग्रेसको तर्फबाट उमेद्वार हुन्।

सवाल १० अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ १० अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा छैन/थिएन। म मिति २०६० सालदेखि २०६५/६६ सम्म उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.को सञ्चालक समितिमा सचिव पदमा रहेको थिएँ। हाम्रो नायाँ कृषि बहुउद्देश्यीय सहकारी संस्थामा उपाध्यक्ष छु।

सवाल ११ सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ ११ सञ्चालकहरू कर्मचारी छैनन्। व्यवस्थापक र कर्मचारी छनौट गर्दा सहकारीको कर्मचारी विनियमावली बमोजिम विज्ञापन खुलाई, आवेदन लिई छनौट गरिन्थ्यो।

सवाल १२ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ १२ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १३ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १३ हाम्रो सहकारीको कार्यक्षेत्र काठमाडौं उपत्यकाभित्र मात्र रहेको छ, तसर्थ उपत्यकामा बसोबास

र व्यवसाय गर्ने व्यक्तिहरूलाई शेयर सदस्य बनाइएको छ।

सवाल १४ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १४ यस सहकारीको सेवा केन्द्र भएको मिनभवनको भवन, काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा करीब २० करोड रकम बजार मूल्य बराबरको जग्गा र काठमाडौं उपत्यकाबाहिर करीब २० करोड बराबर बजार मुल्य भएको जग्गा रहेको छ। उक्त सम्पूर्ण विवरण सहकारीको श्वेतपत्रमा स्पष्ट उल्लेख गरिएको छ। उक्त श्वेतपत्र म यस समितिलाई उपलब्ध गराउने छु।

सवाल १५ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १५ अन्तरसहकारी कारोबार अर्जुन दृष्टि बहुउद्देश्यीय सहकारी संस्था, कलंकीसँग मात्र गरिएको छ।

सवाल १६ तपाई अध्यक्ष रहेको कल्याण सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. र ज्ञानबहादुर बम्जन अध्यक्ष रहेको उपकार सेभिंङ एण्ड क्रेडिट को-अपरेटिभ लि. बिच के-कुन मितिमा के-कुन उद्देश्यले एकीकरण गर्नुभएको हो ? खुलाईदिनुहोस्।

जवाफ १६ मिति २०७१ सालमा उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटि लि.मा अध्यक्ष पदमा नरेन्द्र बल हुँदा म अध्यक्ष रहेको कल्याण सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ एकीकरण भई कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ निर्माण भएको हो। उक्त एकीकरण पश्चात अध्यक्ष पदमा म र निज नरेन्द्र बल महाप्रबन्धक हुनुभयो। हाम्रो एउटै उद्देश्यका साथ सहकारी खुलेको र कार्यक्षेत्र विस्तार गर्नको लागि एकीकरण गरिएको थियो।

सवाल १७ तपाईले राम्रोसँग चलाइरहनु भएको सहकारी एकीकरण पाछि समस्यामा परेको भन्ने बचतकर्ताको गुनासो छ। के यो सत्य हो? किन यसो गर्नु भएको हो?

जवाफ १७ तत्कालिन समयमा एकीकरणपछि समस्यामा परेको होइन। कोभिडको कारण लगानी भएको कर्जा असुल उपर गर्न समस्या भएपछि सहकारीमा समस्या देखा परेको हो। हाम्रो सहकारी भन्दा उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.को खराब कर्जा भने धेरै नै थियो।

सवाल १८ तपाई कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.को अध्यक्ष रहेकै समयमा हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.को मिति २०७९/०६/२२ देखि उपाध्यक्ष किन बन्नुभएको हो?

जवाफ १८ तत्कालिन अवस्थामा तीनवटा सहकारी कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि., लालिगुँरास सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी लि. एकीकरण गर्ने भन्ने छलफल भएर अगाडी बढिरहेको अवस्थामा आफ्नो कार्यक्षेत्र वृद्धि र उद्देश्य वृद्धि गर्नको लागि सूर्य बहादुर गुरुङ अध्यक्ष र डोल प्रसाद अर्याल उपाध्यक्ष रहेको हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारीलाई एकीकरण गरी संयुक्त रूपमा चलाउने निर्णय भएको हुँदा समस्याग्रस्तकै अवस्थामा भएपनि सँगै अगाडी बढाउने निर्णय भएको थियो। त्यसपछि हाम्रो

नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्थामा म उपाध्यक्ष रहन गएको हो। तर पछि त्यो संस्थाको अवस्था खराब भएको हुनाले एकीकरण नगर्ने निर्णय गर्यौं।

सवाल १९ जि.बी. राईसँग तपाइको चिनजान के-कसरी भएको हो? उहाँसँग सहकारीमा कसरी जोडिनुभएको हो ? व्यावसायिक साझेदारी छ छैन?

जवाफ १९ जि.बी. राई नाताले मेरो साढु भाई हुन्। निज जि.बी. राईले कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि., लालिगुँरास सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. एकिकरण गरी हाम्रो नयाँ कृषि सहकारीको मातहतमा रही गरी सहकारी सञ्चालन गर्ने भनिएकोले म जि.बी. राईसँग जोडिएको हुँ। अन्य व्यावसायिक साझेदारी केही छैन।. जि.बी. राई को दाई अनन्तबाबु राई बागबजारमा Situational Language Institute चलाउथे। मेरो सालीं भगवती सोही Institute मा अङ्ग्रेजी भाषा सिक्न जाँदाका बखत प्रेमसम्बन्ध भई जि.बी. राई सँग विवाह गरे पछि मैले जि.बी. राईलाई चिनेको हुँ। निजको शैक्षिक योग्यता औषत रहेता पनि निज निकै मेहनती र तिक्ष्ण थिए। विवाह पश्चात केहि समय मेरै घरमा बसेका पनि हुन्। उनले सहकारी अभियानमा जुन ढङ्गले सहकारीहरुको संख्या विस्तार गरे उनकै मेहनतको फल हो। मैले उनलाई बुझेसम्म बचतकर्ताहरुको रकम डुब्ने ठाउँमा लगाएको नहोलान् अवसर पाए सहकारीका अहिलेको समस्या समाधन गर्न सक्छन् होला।

सवाल २० विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २० कल्याण उपकारको साढे बाह्र हजार जती बचतकर्ताहरुको निक्षेप १५३ करोड, १२५ करोड ऋण लगानी, ७२ करोड बराबरको सम्पत्ति र गैर बैङ्किङ्ग सम्पत्ति अझै थप हुन सक्छ, राष्ट्रिय सहकारी बैंक लि. मा ८ करोड ऋण रहेको छ। यस अवस्थामा सम्पत्ति व्यवस्थापनबाट विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिन्छ। हामी सञ्चालकहरू थुनामा नभइ बाहिर बसेर काम गर्न पायौं भने दुई वर्ष भित्र सहकारीको समस्या समाधान गर्न सकिन्छ।

सवाल २१ तपाईं अध्यक्ष रहेको कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. को समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २१ हामी सञ्चालकहरूलाई थुना मुक्त गरी, ऋण असुलीमा सरकारले सहयोग गर्नुपर्यो, बन्द रहेको कार्यालयहरू खोल्नका लागि सहयोग गर्नु पर्यो। म अमेरिका वा अन्य देशमा गएर पनि बस्न सक्थे तर यहाँ सृजना भएको समस्या आफै समाधान गर्नु पर्छ भन्ने लागी यहि बसेको हुँ।

सवाल २२ सहकारी सम्बन्धी वा कुनै फौजदारी कसूरमा थुना वा कैदमा पर्नु भएको छ वा छैन ? परेको भए हाल उक्त मुद्दा के-कुन अवस्थामा छ ?

जवाफ २२ हाम्रो नयाँ कृषि सहकारी संस्थाको सहकारी ठगी मुद्दामा मिति २०८०/१२/२६ गते पक्राउ परी ७ दिन हिरासतमा बसी बचतकर्ताहरुसँग मिलापत्र गरी उक्त मुद्दा नचल्ने गरी सेटल भइसके पश्चात कल्याण उपकारको सहकारी ठगी मुद्दामा ललितपुर जिल्ला अदालतको आदेशले कारागार कार्यालय नख्खुमा थुनामा छु। हाल उक्त मुद्दा ललितपुर जिल्ला अदालत मा बिचाराधिन छ।

सवाल २३ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २३ अहिलेको संरचना अनुसार सहकारी सञ्चालन गर्न सकिदैन। सहकारीको कर्जा सूचना केन्द्रको स्थापना र बलियो अनुगमन गर्ने निकाय भयो भने सहकारीहरू चल्न सक्छ। बिद्यमान सहकारी विभाग र अन्य नियमनकारी निकायहरुबाट मात्र समस्या समाधान हुने देखिदैन। सरकारले छिटो भन्दा छिटो वातावरण बनाउनु पर्यो नत्र सबै सहकारीको अवस्था विग्रिएका सहकारीहरूको जस्तै हुनेछ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः लिला बहादुर गुरुङ

पदः अध्यक्ष

संस्थाःकल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
ललितपुर

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३२ गते शुक्रवार
समयःबेलुका ७:०० बजे
स्थानः संघीय संसद् सचिवालय

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष बराह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्री मान बहादुर विश्वकर्मासँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम मान बहादुर विश्वकर्मा हो। बाजे छविलाल विश्वकर्मा, बुवा स्व. धनबिर विश्वकर्मा, आमा कालीमाया विश्वकर्मा, श्रीमती जतनमाया विश्वकर्मा, र छोराहरू संयोग दियाली वि.क., जसमिन दियाली वि.क. र छोरी लक्ष्मी दियाली वि.क.हो। मेरो स्थायी ठेगाना जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं.११ विष्णुपादुकामार्गमा हो। म वर्ष ४९ को भए। मेरो जन्म मिति २०३२ बैशाख २४ गते भएको हो। फोन नं. ९८५२०४५७६६/९८०२७१६७६६ ना.प्र.नं. २२४३/१२११७ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था सामान्य रहेको छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आबद्ध बराह बचत तथा ऋण सहकारी संस्था लि. जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ८ भोटेपुलमा रहेको छ। संस्था २०६६ भाद्र २१ गते स्थापना भएको हो। २०८१ जेष्ठ ३२ सम्मको शेयर पुँजी १०,१८,६४,७००/- रहेको , शेयर सदस्य ५,२१३ जना रहेका छन्। बचत रकम अन्दाजी रु. ६८,८३,१०,८१६.१ रहेको, ऋणी संख्या ३७९, ऋण रु. ७१,५८,६४,५३७.६२ रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी संस्था सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी संस्था सञ्चालन गर्न खोजेका थियौं।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ मेरो सहकारी संस्था सञ्चालन बाहेक विभिन्न व्यावसायिक कम्पनीहरू बराह ज्वेलरी प्रा.लि., बराह फेमली किचेन प्रा.लि., बराह डिपार्टमेन्ट स्टोर प्रा.लि., (सञ्चालक शेयर सदस्य) बराह भेडेटार मल्टि प्रपोज प्रा.लि. (अध्यक्ष), बराह कृषि उपज तथा पशुपालन प्रा.लि.(अध्यक्ष),

नारायणी बराह ज्वेलरी प्रा.लि., (शेयर सदस्य) रहेका छन्।

सवाल ६ तपाईं मुख्य सञ्चालक रहेको बराह बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ बराह बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष ईन्द्रकुमार बिश्वकर्माको हैसियतमा २०६९ माग १६ गते मृत्यु भए पश्चात अध्यक्षमा म, उपाध्यक्षमा ईन्द्रकुमार बिश्वकर्माको श्रीमती विष्णुमाया विश्वकर्मा (मृत्यु २०८० चैत्र २ गते), सञ्चालक सदस्यहरू गंगा बहादुर कालिकोटे, विष्णु कुमारी तुलाधर, अमर बहादुर विश्वकर्मा र फुलमाया राई हनुहुन्छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा रहेको छ। संस्थामा ऋण असुली गर्न नसकेको कारण माग बमोजिम बचतकर्ताहरूलाई बचत फिर्ता दिन नसकेको, केही बचतकर्ताहरू मिलेर सहकारी पिडित संघर्ष समिति गठन भयो। सञ्चालनमा रहेको कार्यालयमा उक्त समितिले तोडफोड र कर्मचारी कुटपिट गरी कार्यालय सञ्चालनमा अवरोध गर्ने कार्य गरेको थियो। सो समितिले धरान उपमहानगरपालिकामा समेत निवेदन दिई उपमहानगरपालिकाको कार्यालय समेत तोडफोड गरेको थियो। मेयरको लिखित आदेशमा सम्पूर्ण सञ्चालक, सञ्चालकले सञ्चालन गरेका व्यावसायिक प्रतिष्ठानहरूका बैंक खाता र जग्गाजमिन साथै कर्मचारीहरूको बैंक खाता रोक्का गरिएकोले संस्था समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही नभएको जानकारी गराउँदछु।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। संस्थाको कार्यविधि अनुसार विज्ञापन गरी खुला प्रतिष्पर्धाद्वारा व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरेको थियो।

सवाल ११ सहकारी संस्थाका शेयर सदस्य बाहेक अन्य व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका शेयर सदस्य बाहेक अन्य व्यक्तिको बचत जम्मा गर्ने गरिएको थियो। विशेष बचत अन्तर्गत १३,५७८ जना कारोबारीको ४,९५,५८,३७,३०१/- र व्याज ३,७३,२१,७२,२७१/- गरी जम्मा ८,६८,८०,०९,५९२/- रकम बचत गरिएको छ। सहकारीको कूल निक्षेप ६८,८३,१०,८१६.१७ शेयर पूँजी १०,१८,६४,७००/- र ऋण लगानी ७१,५८,६४,५३७.६२ रकम रहेको छ। ऋण वा कर्जा प्रवाह गर्दा भने संस्थाको शेयर होल्डर र ज्वेलरी कम्पनीका शेयर होल्डरहरू बीच गरिएको थियो।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र शेयर सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिका साथै अन्यलाई पनि शेयर सदस्य बनाइएको थियो। सहकारी विभागको सुझाव पश्चात् तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र शेयर सदस्य बनाउन सुरु गरिएको थियो। यसै बीचमा सहकारीमा समस्या देखा पर्यो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको नाममा केही सम्पत्ति छैन तर सहकारी संस्थाको ऋण लागनीमा गरिएको छ। करिब १५% जति ऋण धितो राखी र बैंकी ८५% धितो नराखी सहकारी संस्थाका सञ्चालकहरू मार्फत विभिन्न व्यावसायिक कम्पनी, प्रतिष्ठानहरूमा लगानी गरेको छ। यस सहकारीको राष्ट्रिय सहकारी बैंक लि.मा २०,०५,०००, जिल्ला सहकारी संघमा २६,०००, जिल्ला बचत तथा ऋण सहकारी संघ, सुनसरी इटहरीमा ३०,०००, नेफ्स्कुनमा ११,३३,९०० को रकम बराबरको शेयर रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरेको छैन।

सवाल १५ तपाई अध्यक्ष रहेको बराह बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्य शंकर थापा क्षेत्री समेतले यस समितिमा दिनुभएको निवेदन अनुसार तपाई समेतले ४,९९१ जना शेयर सदस्यहरूको बचत रकम रु. ८३ करोड र १३,३५४ विशेष बचतकर्ताहरूको बचत रकम ९ अर्ब १७ करोड रकम हामी सदस्यहरूलाई थाहै नदिई अपचलन गरी निजी सम्पत्ती आर्जनमा लगानी भएको भन्ने समेत व्यहोराको निवेदन दिनुभएको छ। तपाईको सहकारीमा के-कस्ता शीर्षकमा बचत जम्मा गर्नुहुन्छ? बचतकर्तालाई बचत रकम किन फिर्ता गर्नुभएन?

जवाफ १५ म अध्यक्ष रहेको बराह बचत तथा ऋण सहकारी संस्था लि. २०६६ सालमा स्थापना भएको

हो। यस सहकारीमा हाल ५२१३ जना शेयर सदस्यको बचत रहेको छ। सहकारीमा हामीले तिन प्रकारको बचत जम्मा गर्ने गर्छौं, आवाधिक बचत (fixed deposit), दैनिक बचत र मासिक बचत। यस बाहेक २०५२ सालमा बराह ज्वेलरी ट्रेड सेन्टरको नामबाट सुरुवात भई २०६४ सालमा कम्पनी रजिष्ट्रारको कार्यालयमा बराह ज्वेलरी ईन्डस्ट्रिज प्रा.लि. को नाममा दर्ता रहेको व्यावसायिक कारोबारको सन्दर्भमा तत्कालिन समयबाट १२ देखि ३० प्रतिशत ब्याज दिने गरी पासबुक समेत छपाई रकम जम्मा गर्ने र ब्याज दिने गरी काम गर्दै आएको रहेछ। २०६६ सालमा सहकारी खुलेपश्चात् उक्त प्रा.लि.मा जम्मा भएको रकम समेतलाई सहकारीमा आबद्ध गर्ने विषयमा छलफल हुँदा विषेश बचत नामाकरण गरी शेयर सदस्यबाहेकका व्यक्तिहरूका पनि बचत जम्मा गर्ने गरिएको रहेछ। हाल सहकारीको विशेष बचततर्फको ४,९५,५८,३७,३०१/- र उक्त रकमको व्याज रु. ३,७३,२१,७२,२७१/- गरी जम्मा ८,६८,८०,०९,५९२/- र आवधिक, दैनिक र मासिक बचतको निक्षेप तर्फ बराह सहकारीको बचत रु. ६८,८३,१०,८१६.१ कूल रकम रु. ९,४७,८१,८५,१०९/- रहेको छ। समितिमा परेको निवेदनका निवेदकहरू सहकारीतर्फका नभई बराह ज्वेलरी ईन्डस्ट्रिज प्रा.लि. का विषेश बचतकर्ता हुन्। निवेदकहरू सहितको सहमतिमा संस्था पनि चलाउने र बचतबाट प्रवाह भएको ऋण उठाई र सम्पत्ति व्यवस्थापन गरी बचतकर्ताको बचत फिर्ता गर्ने गरि सहमति भएको छ।

सवाल १६ संस्थाले कूल ऋण रकम को ३९.४४% हुन आउने रकम रु. २८,५१,२९,००० आफ्नै कम्पनीमा लगानी किन गर्नुभएको हो ?

क.स.	ऋण लगानी भएका कम्पनी	रकम
१.	बराह ज्वेलरी प्रा.लि.	१४,०९,३७,५५४
२.	बराह फेमली किचेन प्रा.लि.	२२,६३,३६०
३.	बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.	९,७९,२४,१८५
४.	बराह भेडेटार मल्टी प्रपोज प्रा.लि.	५४,४२,६२६
५.	बराह कृषि उपज तथा पशुपालन प्रा.लि.	३,८५,६१,२७४

जवाफ १६ बचतकर्ताहरूबाट बचत रकम उठाउदा बढी ब्याजमा जम्मा भएको रकमलाई तरलता धेरै भएर बैंकमा राख्दा ब्याज कम आउने तर उत्पादन एवं रोजगारमूलक व्यवसायमा ऋण प्रवाह गर्दा ब्याज धेरै आउने हुनाले र बचतकर्ताहरूलाई भने बमोजिमको ब्याज दिन सकिने उद्देश्यले उक्त ऋण लगानी गरिएको हो। माथि उल्लिखित विवरण निरीक्षण प्रतिवेदनमा खुलेको विवरण होला तर हाल सम्म यस सहकारीबाट भएको ऋण लगानी निम्न अनुसार रहेको छः

क.स.	ऋण लगानी भएका कम्पनी	रकम
१.	बराह ज्वेलरी प्रा.लि.	२७,२८,४९,५४१
२.	बराह फेमली किचेन प्रा.लि.	३,०४,२७,६६०

३.	बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.	८७,९६,१८८
४.	बराह भेडेटार मल्टी प्रपोज प्रा.लि.	४,८६,८९,०२१
५.	बराह कृषि उपज तथा पशुपालन प्रा.लि.	४,६८,०३,३८२
६.	बराह भेडेटार मल्टी प्रपोज प्रा.लि.	२८,२५,२३८

सवाल १७ संस्थाले बराह ज्वेलरी सरंचना निर्माण पेश्की भनी रु. १५ लाख र बराह ज्वेलरीबाट सहकारीले पाउनुपर्ने हिसाब भनी रु. ८ करोड २३ लाख बराबरको धेरै वर्षदेखि अ.ल्या. सार्दै आएकोमा सो रकम असुल गर्न पुग्ने धितो लिनुभएको छ, छैन ? असुलीतर्फ प्रक्रिया के भइरहेको छ ?

जवाफ १७ कर्जा भन्दा धितो कम लिएको छ। उक्त व्यावसायिक कम्पनीले बुझाउनुपर्ने रकम नबुझाएकोले सो रकम अ.ल्या. गर्नु पर्यो। केही जग्गा रोक्का गरिएको छ। धितो लिलाम गर्ने प्रक्रिया अगाडि बढेको छ।

सवाल १८ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम रु. ३० लाख बराबर सरकारको राजश्व खातामा किन जम्मा नगर्नु भएको हो ?

जवाफ १८ २०७७/७८ सम्म कर चुक्ता गरेको छ। त्यस पश्चात सहकारीमा समस्या आएको कारण उक्त कर रकम जम्मा गर्न सकिएको छैन। संस्था सहज रूपमा सञ्चालनमा आएपछि उक्त रकम कर चुक्ता गर्नेछौं।

सवाल १९ सहकारीले ऋणीहरूलाई ०.१२% मात्र तरलता हुने गरी किन ऋण प्रवाह गरेको हो र सोमा सुधार ल्याउन के कस्तो योजनाको व्यवस्था गरेको छ ?

जवाफ १९ सहकारीले ऋणीहरूलाई ०.१२% मात्र तरलता हुने गरी संस्था मजबुत हुन्छ भन्ने सोचले ऋण प्रवाह गरेको थियो। तर त्यो नियम विपरीत भयो। यसबारे बनाएको योजनामा अब आगामी लगानी गर्दा सहकारी ऐन र नियमलाई आत्मसात गरी लगानी गर्ने प्रतिबद्धता जनाउछु।

सवाल २० विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २० विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सक्छौं। ऋणीहरूबाट ऋण असुल गरेर, सञ्चालकको सम्पत्ति र सञ्चालकले लगानी गरेका व्यावसायिक प्रतिष्ठानहरूको सम्पत्ति बिक्री वितरण गरी रकम जम्मा गरी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्नको लागि रोक्का भएको सम्पत्ति र बैंक खाता फुकुवा गरी चलायमान हुने वातावरण सिर्जना हुनु पर्छ, बैंकमा धितो

राखिएको सम्पत्ति लिलाम गरी सस्तो मुल्यमा बैंकले लैजाने अवस्था भएकोले बैंकको लिलामी प्रक्रियालाई रोक लगाई पुर्न एवं सरल कर्जाको व्यवस्था भएमा समाधान हुन्छ।

सवाल २१ तपाई अध्यक्ष रहेको बराह बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २१ बराह बचत तथा ऋण सहकारी संस्थाको समस्या समाधान गर्न सक्छौं। यसका लागि ऋणीहरूबाट ऋण असुली गर्नमा सहजीकरण, सञ्चालकको सम्पत्ति र सञ्चालकले लगानी गरेका व्यावसायिक प्रतिष्ठानहरूको सम्पत्ति बिक्री वितरणबाट रकम जम्मा गरी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्नको लागि रोक्का भएको सम्पत्ति र बैंक खाता फुकुवा गरी चलायमान हुने वातावरण सिर्जना हुनुपर्छ। बैंकमा धितो राखिएको सम्पत्ति लिलाम गरी सस्तो मूल्यमा बैंकले लैजाने अवस्था भएकोले बैंकको लिलामी प्रक्रियालाई रोक लगाई पुनः एवं सरल कर्जाको व्यवस्था भएमा समाधान हुन्छ।

सवाल २२ इन्द्रकुमार बिश्वकर्माको छोरा बराह ग्रुपको अध्यक्ष शिवकुमार बिश्वकर्मा पनि सहकारीको बचत रकम अपचलनमा तानिनु भएको छ? खुलाइदिनुहोस्।

जवाफ २२ अभिमत बचत तथा ऋण सहकारी संस्था, न्यूरोडका बचतकर्ताहरूको रकम फिर्ता नदिएको मैले सुनेको छु। उँहाको चेक अनादर र ठगी मुद्दा चितवन जिल्ला अदालतमा परेको सुनेकोथिएँ त्यस पश्चात उहाँ सम्पर्कबिहिन हुनु भएको थियो। निज शिवकुमार बिश्वकर्मा अभिमत बचत तथा ऋण सहकारी, बराह ज्वेलरी इन्डष्ट्री प्रा.लि., बराह ग्रुप र बराह ग्रुपसँग सम्बन्धित नारायणी बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि., सिर्पा सुपरमार्केट स्टोर प्रा.लि. धरानका अध्यक्ष रहेको छ। गोरखा एण्ड बराह ज्वेलरि ईन्डष्ट्रिज प्रा.लि पोखरा निजको परिवार समेतको गरी ९८% शेयर रहेको छ। बराह ज्वेलरी एच के लि. हङकङमा अध्यक्ष प्रमुख निजको श्रीमती रिना राई, भराह डिपाटमेन्ट स्टोर धरानका निजको बहिनी मन्दिरा लामिछाने अध्यक्ष रहेको छ। बराह फेमिली किचेन प्रा.लि. (हाल बन्द रहेको), बराह भेडेटार मल्टिप्रपोज प्रा.लि. र बराह कृषि उपज तथा पशुपालन प्रा.लि. मा अध्यक्ष म छु।

सवाल २३ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २३ बचतकर्ताहरूबाट मुद्दा मामिला, प्रहरी प्रशासनबाट धरपकड नगरी भयरहित र निर्बाध रूपमा काम गर्न पाएमा सम्पूर्ण बचतकर्ताहरूको दायित्व रकम फिर्ता-गर्न सकिने छ। यसमा सरकारको

कानूनी संरक्षण र सहजीकरण आवश्यक देखिन्छ। सहकारी विभागबाट संस्थालाई नियमित अनुगमन गरिनुपर्न हुन्छ भन्न चाहन्छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः मान बहादुर विश्वकर्मा
पदः अध्यक्ष
संस्थाः बराह बचत तथा ऋण सहकारी संस्था लि.धरान

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन ३२ गते शुक्रवार
समयः बेलुका ७:३० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.का निलम्बित अध्यक्ष र कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष हाल सहकारी ठगी मुद्दामा कारागार कार्यालय नख्खुमा रहनु भएका श्री तेज विक्रम थापासँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम तेज विक्रम थापा हो। बाजे रण बहादुर थापा, बुबा ओज बहादुर थापा, आमा रुकुमाया थापा, श्रीमती सजना राजकर्णिकार र छोरी तेजस्वीनी थापा हो। मेरो स्थायी ठेगाना जिल्ला तनहुँ, साविक तनहुँ सुर गा.वि.स. वडा नं. ७ हाल व्यास नगरपालिका वडा नं. ११ हो। म वर्ष ४३ को भए। मेरो जन्म २०३७ वैशाख ०२ गते भएको हो। फोन नं. ९८५१०४३६४० र ना.प्र.नं. २०९२ हो। हाल कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था समान्य रहेको छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.को अध्यक्ष रहेको छु। उक्त सहकारीको कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपलिका वडा नं. ५ कुमारीपाटीमा रहेको छ। २७ जिल्ला कार्यक्षेत्र रहेको यस संस्थाको सदस्य सेवा केन्द्र जिल्ला काठमाडौं, किर्तिपुर नगरपालिका वडा नं. ७ मा रहेको छ। म पूर्वअध्यक्ष रहेको कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय जिल्ला भक्तपुर, मध्यपुर ठिमी नगरपालिका वडा नं. ३ गट्ठाघरमा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरेको जस्तो लाग्छ कामको प्रकृतिले गर्दा कहिलेकाही प्रचलित कानूनभन्दा बाहिर पनि गएको हुन सक्छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक समिट अस्पताल (अध्यक्ष), कृषि टेलिभिजन (अध्यक्ष), IMADC Pvt.Ltd (अध्यक्ष), अन्नपूर्ण फर्टिलाईजर प्रा.लि. (सञ्चालक), कृषि ईन्भेष्टमेन्ट प्रा.लि. (अध्यक्ष), साझा संसार मिडिया नेटवर्क प्रा.लि. (गोरखा टेलिभिजन) को (अध्यक्ष), National Wine House

Pvt. Ltd. (अध्यक्ष),काष्टमण्डप वाईन (सञ्चालक) मा आबद्ध रहेको छु।

सवाल ६ तपाई अध्यक्ष रहेको कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था र पूर्व अध्यक्ष रहेको कृषि विकास बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.को अध्यक्ष म, उपाध्यक्ष उमेशजंग थापा, सचिव कृष्ण जि.सी., कोषाध्यक्ष स्व. निरेस थापा, सदस्यहरू भिमसेन महर्जन, सञ्जय सापकोटा, विष्णु कुमार महत रहेका थियौं। हाल सबै सञ्चालकहरू निलम्बनमा परेका छौं। कृषि विकास बचत तथा ऋण सहकारी संस्थामा म अध्यक्ष रहदा, उपाध्यक्ष उमेशजंग थापा, सचिव कृष्ण जि.सी., कोषाध्यक्ष राजु तामाङ, सदस्यहरूमा उर्मिला ताम्राकार, पदम मास्के र सन्जय सापकोटा हुनुहुन्थ्यो।

सवाल ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छन्/छैनन् ? उक्त संस्थाहरू समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि. सञ्चालनमा हुँदाहुँदै नेपाल सरकारले समस्याग्रस्त घोषणा गरी संस्थाका सम्पूर्ण कागजात लगी कार्यालय समेत सिल गरिदिएको थियो। संस्था समस्यामा पर्नुको कारण एकैपटक धेरै बचतकर्ताहरूले बचत रकम भुक्तानी माग गर्न आउनु र तर बचत फिर्ता गर्न नसक्नु, कर्जा प्रवाह गर्दा कृषि लगायतका परियोजनामा लगानी गरिएको कारण तत्काल प्रतिफल आउन नसक्नु, सम्पूर्ण सहकारी क्षेत्रमा सिर्जना भएको विश्वासको कमी हुनु, यसले बिगारेको भुक्तानी सन्तुलनको कारण सहकारी संस्था समस्यामा परेको हो। यसैगरी कृषि विकास बचत तथा ऋण सहकारी संस्थामा पनि हामी सञ्चालकहरू नै रहेको हुँदा कृषि विकास बहुउद्देश्यीयमा समस्या परेपछि कृषि विकास बचत तथा ऋण सहकारीमा पनि समस्या परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्/थिएनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ कृषि विकास बहुउद्देश्यीयमा र कृषि विकास बचत तथा ऋण सहकारी हामी पदाधीकारी र चञ्चालकहरू दोहोरो जिम्मेवारीमा रहेका थियौं। यस संस्थाको उपाध्यक्ष उमेशजंग थापा चन्द्र दर्शन बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष रहेको भन्ने जानकारी संस्था समस्यामा आएपछि थाहा भयो।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० २०७४ साल अगाडि म नै संस्थाको अध्यक्ष र व्यवस्थापक रहेको थिएँ। तर २०७४ पश्चात सञ्चालकहरू कर्मचारी रहेका छैनन्। विज्ञापन मार्फत र कर्मचारी नियमावली अनुसार व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति मुख्यतया अन्दाजी १ अर्ब जति भएको धितो लिएर सदस्यहरूमा कर्जा प्रवाह गरिएको छ। केही सामुहिक जमानी र सदस्यको साख (Good Will) को आधारमा ऋण प्रवाह गरिएको छ। संस्थाले सञ्चालन गरेका कृषि परियोजनाहरू म र उपाध्यक्ष उमेश जंग थापाले सञ्चालन गरेका परियोजाहरूमा पनि लगानी गरिएको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ हामी सञ्चालकहरूले नै सञ्चालन गरेको कृषि विकास बहुउद्देश्यीय र कृषि विकास बचत तथा ऋण सहकारीका बिचमा बचत रकम आदानप्रदान गर्ने गर्दथ्यौं। त्यस बाहेक चन्द्र दर्शन बचत तथा ऋण सहकारी संस्थासँग अन्तरसहकारी कारोबार गरिएको छ। उक्त संस्थाबाट अन्दाजी १ करोड रुपैया कर्जा असुली गर्न बाँकी रहेको छ।

सवाल १५ तपाईको सहकारी संस्था समस्याग्रस्त घोषणा भैसकेपछि समस्या समाधानका लागि के-कस्ता प्रयास गर्नु भएको छ ? खुलाइदिनुहोस्।

जवाफ १५ सहकारी विभागबाट उक्त संस्था समस्याग्रस्त घोषणाको लागि सिफारिस भैसकेपछि २ दिनको अवधिभित्र ६६४ जना शेयर सदस्यहरूबाट समस्याग्रस्त घोषणा नगरी दिनु र बचत फिर्ता कार्ययोजना पेस गरिपाऊँ भनी मन्त्रालयमा निवेदन पेस गरेका थियौं। मन्त्रालयबाट सो निवेदनमा सुनुवाई भई विभागमा पुनः अध्ययन गरी फाइल पेस गर्नु भनी फाइल फिर्ता गरेको तर विभागले

पुनः अध्ययन नगरी हाम्रो कुरामा सुनुवाई समेत नगरी पुनः समस्याग्रस्त घोषणा सिफारिस गरिदिएको थियो। समस्याग्रस्त घोषणा गर्न सिफारिस र घोषणा भइसके पश्चात पनि अन्दाजी २५० जना सदस्यहरूको करिब ४० करोड बराबरको हिसाब मिलान गरिएको छ। त्यस पश्चात् पक्काउ पूर्जी जारी भइसकेपछि काम नै गर्न पाइएन।

सवाल १६ तपाइको सहकारी संस्थामा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति रहेका छन् ? खुलाई दिनुहोस्।

जवाफ १६ बचतकर्ताहरूको कूल बचत रकम अन्दाजी २ सय २५ करोड रहेको छ। ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात लिएको छैन। शेयर सदस्यहरूलाई अन्दाजी १ अर्ब ऋण लगानी गरिएको बाँकी संस्थाले सञ्चालन गरेको परियोजनाहरूमा लगानी गरिएको छ। तर समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा अन्दाजी २ सय ८२ करोडको अनलाईन दावी आएको भन्ने जानकारी पाएको छु। यो के-कसरी माग दाबी आएको हो? त्यसको लेखा प्रणालीमा प्रमाणित गरी वास्तविकता के-हो? बुझी यथार्थ व्यहोर्न तयार छु।

सवाल १७ तपाईको सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता नपाएको भनी गुनासो गरेका छन्? बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो? खुलाई दिनुहोस्।

जवाफ १७ बचतकर्ताहरूको बचत रकम फिर्ता माग सामान्य भन्दा बढी आएको कारण भुक्तानी सन्तुलन बिग्री माग बमोजिमको बचत रकम फिर्ता गर्न नसकी समस्या पर्न गएको हो। संस्था समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सिल गर्नु, अध्यक्ष लगायत सञ्चालक र कर्मचारीहरूलाई पक्काउ गरी थुनामा राखेको कारणले बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न समस्या परेको हो। फिर्ता गर्न तयार छौं।

सवाल १८ कृषि विकास नै तपाईको सहकारीको मुख्य कार्यक्षेत्र देखिन्छ। हालसम्म के-कति कृषि उद्योग स्थापना गर्नुभयो? कृषि उद्यमका लागि कति युवालाई ऋण प्रवाह गर्नुभयो? खुलाइदिनुहोस्।

जवाफ १८ नेपाल कृषिप्रधान देश हो। यो क्षेत्र र यस क्षेत्रमा लाग्ने मानिसहरू पछाडि परिरहेको देख्दा यो क्षेत्रमा नै केही गर्न पाइयो भने यो क्षेत्र र समग्र देशको नै आर्थिक र सामाजिक सम्वृद्धि हुने भएको हुँदा हामीले पनि यो क्षेत्रलाई नै मुख्य उद्देश्यभित्र राखी संस्था सञ्चालन गरेको हो। यही क्रममा देशमा संस्थागत खेती प्रणालीको विकास, अनुसन्धान, व्यावसायिक व्यवस्थापनमा हामीले केन्द्रित गरेका हौं। संस्थाले गरेका केही उल्लेखनीय कार्यहरूमा उत्पादनमूलक मिश्रित बाली, विषादीरहित खेती प्रणाली र प्राङ्गारिक खेतीलाई आधार बनाई विभिन्न परियोजना तथा उद्योगहरूमा

लगानी गरिएको हो। बृहद् कृषि परियोजना टिकाथलीमा २ सय रोपनी जग्गामा भौतिक पूर्वाधार निर्माण गरी १ सय ५० जना स्थानीय महिला तथा पुरुषहरूलाई तालिम दिई मिश्रित तरकारी बाली अनुसन्धान तथा उत्पादन केन्द्रको रूपमा कार्य सञ्चालन गरिएको थियो। जसले उपत्यका भरी विषादीरहित प्राङ्गारिक तरकारी तथा खाद्यवस्तु उत्पादन गरी संस्थाकै १७ वटा बिक्री केन्द्र लगायत अन्य मार्टहरूबाट बिक्री वितरण गर्दै आएका थियौं। त्यसैगरी IMADC Pvt. Ltd, अन्नपूर्ण फर्टिलाईजर प्रा.लि., कृषि ईन्भेष्टमेन्ट प्रा.लि., कृषि फ्रेस प्रा.लि. लगायतका परियोजना तथा उद्योग सञ्चालन गरी करिब १५ सय जनालाई प्रत्यक्ष रोजगारी, नेपालभरका करिब ५६ हजार किसान तथा उद्यमीहरूलाई तालिम प्रदान गरिएको थियो। हालसम्म करिब ९ सय जना युवा उद्यमीलाई तालिम प्रदान गरी अन्दाजी ६ करोड ५५ लाख जति कर्जा प्रवाह गरी ऋण असुली समेत गरी सकिएको छ। त्यस मध्ये करिब ९० जनाको अन्दाजी १ करोड ७५ लाख ऋण असुली गर्न बाँकी रहेको छ।

सवाल १९ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १९ संस्थाको परियोजनाहरू रहेको सम्पत्ति तथा लगानी व्यवस्थापन गरी उक्त समस्या समाधान गर्न मलाई कारागारबाट मुक्त गरी १८ महिनाको समयावधि दिइयो भने विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सक्छु।

सवाल २० तपाई अध्यक्ष रहेको **कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था**को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २० कारागारबाट बाहिर निकाली विशेष निगरानीमा म लगायत सञ्चालक र संस्थाका कर्मचारीहरूलाई काम गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो। सञ्चालकहरूसँग सम्बन्धित कम्पनी तथा निजी सम्पत्ति माथिको रोक्का फुकुवा गरी हिसाब मिलानको लागि सहजीकरण हुने वातावरण सिर्जना गरिदनुपर्यो, संस्थाले प्रवाह गरेको कर्जा असुलीमा समितिबाट सहजीकरण गरिदिनुपर्यो, बैंकले सञ्चालकको नाममा रहेको धितो कम मूल्याङ्कन गरी लिलाम गरेको छ। यसमा न्यायोचीत मुल्याङ्कन गरी व्यवस्थापन गर्न समितिले सहजीकरण गरिदिनुपर्यो।

सवाल २१ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २१ सहकारी समस्या राष्ट्रिय समस्या बनेको छ। यो समस्या समाधान गर्नका लागि सरोकारवाला पक्ष, संस्था र सरकार जिम्मेवार भएर व्यावहारिक निर्णय गरी समस्या समाधान गर्ने अवस्था तत्काल निर्माण गरीनुपर्छ। हाल सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई पक्राउ गरी "थुन अनी सुन" को अवस्था आएको छ। सो कुराले समाधान हुँदैन। पहिले पर्यास सुन्ने र त्यसपछि समस्या समाधान हुन नसक्ने भएमा मात्र थुन्ने बाटो अवलम्बन गर्नु उपयुक्त हुन्छ भन्ने मलाइ लाग्छ। यसतर्फ सरकारको ध्यान जान जरुरी छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः
नामः तेज विक्रम थापा
पदः अध्यक्ष (निलम्बित)/ अध्यक्ष
संस्थाः कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.ललितपुर/ कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०१ गते शनिवार
समयः अपराह्न ३:३० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष हाम्रो नयाँ कृषि सहकारी संस्थाका पूर्वअध्यक्ष श्री सूर्यबहादुर गुरुङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम सूर्यबहादुर गुरुङ हो। बाजे कुल प्रसाद गुरुङ, बुवा कृष्ण बहादुर गुरुङ र आमा रिता गुरुङ हुन्। मेरो परिवारमा श्रीमती साइडोल्मा तामाङ गुरुङ र छोरा यफिल गुरुङ हुनुहुन्छ। हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. ९ मण्डिकाटारमा बस्छौं। मेरो ना.प्र.न. ८९८६ र मोबाइल नं. ९८५१०००१५० हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था सामान्य रहेको छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म हाम्रो नयाँ कृषि सहकारी संस्था लि. मा अध्यक्ष पदमा रहेको थिएँ। यो बाहेक अन्य कुनै सहकारी संस्थामा संलग्न रहेको छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलिन कानून बमोजिम नै सहकारी सञ्चालन गरेको थिएँ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ मैले पहिला युनाईटेड इन्टरन्यास्नल म्यानेजमेन्ट नामको म्यानपावर कम्पनिमा म्यानेजिङ डाइरेक्टरको रूपमा १५ वर्ष कार्य गरेको थिएँ।

सवाल ६ तपाई मुख्य सञ्चालक रहेको हाम्रो नयाँ कृषि सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ हाल उक्त सहकारीको सञ्चालक समितिमा अध्यक्ष गितेन्द्र बाबु राई, उपाध्यक्ष लिला बहादुर गुरुङ, कोषाध्यक्ष नविन अछामी, सचिव ओमप्रकाश गुरुङ, सदस्यहरू रामहरि अधिकारी, असरफ अलि सिद्दिकी र दुर्गा पाण्डे रहेका छन्। म संचालक हुँदा अध्यक्षमा म, उपाध्यक्ष डोल प्रसाद अर्याल, कोषाध्यक्ष जनक गौतम, सचिव, उत्तम अधिकारी, सदस्यहरू कविन्द्र बुर्लाकोटी, कृष्ण कुमार न्यौपाने र सर्मिला तामाङ हुनुहुन्थ्यो। उक्त संस्थाको संस्थापक अध्यक्ष शक्ति बहादुर बस्नेत हुनुहुन्थ्यो। उँहा मेरो मामाको छोरी सत्या पहाडीको श्रीमान् हुनुहुन्छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छैन। उक्त संस्थालाई नेपाल सरकारबाट समस्याग्रस्त घोषणा भए पश्चात समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा रहेको छ।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही हुनुहुन्न।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आवद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति मेरो कार्यकालमा कोही पनि थिएन। हालका सदस्यहरूको बारेमा जानकारी भएन। केही सदस्यहरू अन्य सहकारीमा पनि संलग्न हुनुहुन्छ भन्ने कुरा पछि पत्र पत्रिकाबाट जानकारी पाँएको थिएँ।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० मेरो कार्यकालमा सञ्चालकहरू कर्मचारी रहेका थिएनन्। कर्मचारी विनियमावली बमोजिम व्यवस्थापक र कर्मचारीहरू पत्रिकामा आवेदन आह्वान गरि छनौट प्रक्रियाबाट छनौट गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ मेरो कार्यकालमा सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ यस सहकारीको कार्यक्षेत्र नेपालभर भएकोले कार्यक्षेत्रमा बसोबास गरेका व्यक्तिलाई मात्र सदस्य बनाइएको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ यस सहकारीको सम्पत्ति बर्दिया गुलेरियामा ४ कट्ठा जमिनमा स्लटरिङ् हाउस् रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरेको छैन।

सवाल १५ तपाइको सहकारी संस्थामा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति रहेका छन् ? खुलाई दिनुहोस्।

जवाफ १५ उक्त सहकारीमा बचतकर्ताको कुल बचत रकम करीब ४ करोड ७५ लाख रहेकोमा करीब ३ करोड ५० लाख बचतकर्तालाई फिर्ता गरिसकिएको छ। सहकारीले ऋण लिएको छैन। नगद मौज्दात, बैंक मौज्दात कति छ जानकारी भएन। कुल ऋण लगानी करीब ३ करोड रहेको छ। यस सहकारीको सम्पत्ति बर्दिया गुलेरियामा ४ कट्ठा जमिनमा स्लटरिङ् हाउस् रहेको छ। जग्गाको अन्दाजी डेढ करोड बराबरको मुल्याङ्कन रहेको छ।

सवाल १६ कृषि उत्पादन खरिद विक्री गर्ने, किसानलाई सहुलियत दरमा ऋण दिने र दशैंमा शेयर सदस्यलाई बोनस वापत खर्च दिने भनी प्रलोभन देखाई शेयर सदस्य बनाउनु भएको देखिन्छ। त्यसबमोजिम सदस्यहरूलाई सुविधा दिइरहनुभएको छ त?

जवाफ १६ यसरी कसैलाई हामीले प्रलोभन देखाएको छैन। यसरी प्रलोभन देखाई शेयर सदस्य बनाउनु ठगि हो जस्तो लाग्छ।

सवाल १७ उन्नत जातको फलफुल उत्पादन गर्न ऋण लगानी गर्ने, गाउँमै दुध डेरी खोल्ने र उत्पादित फलफूल विदेश लगेर महङ्गोमा विक्री गर्ने समेतका आश्वासन दिई सदस्य बनाउनु भएको देखिन्छ, हाल यहाँहरूसँग के-कति कृषि उद्योग रहेका छन्? अहिलेसम्म के-कति कृषि उत्पादन विदेश निर्यात गर्नुभयो? खुलाईदिनुहोस्।

जवाफ १७ नेपालका विभिन्न ठाउँबाट रैथानै बालिलाई काठमाडौं ल्याई विक्री वितरण गर्ने, काठमाडौंमा नै फुड बैंक खोल्ने लगायतका कार्य गर्ने भनि फुड बैंक समेत दर्ता गरिएको थियो तर नयाँ सञ्चालक समिति गठन भएपछि उक्त कार्य रोकियो। हाल सम्म कुनै पनि कृषि उत्पादन विदेश निर्यात गरिएको छैन।

सवाल १८ विदेशबाट फर्केका युवालाई कृषि उद्यमका लागि नि: शुल्क ऋण दिने घोषणा गरी बर्दिया र मकवानपुरका धेरै युवालाई शेयर सदस्य बनाउनु भएको देखिन्छ। के कति युवालाई बिना धितो ऋण प्रवाह गर्नुभयो?

जवाफ १८ यस सहकारीमा बर्दिया जिल्लाका कोही पनि युवालाई यसरी भनिए बमोजिम शेयर सदस्य बनाइएको छैन। मकवानपुर जिल्लाका हाम्रो सहकारीका शेयर सदस्य समेत रहेका सरोज पुडासैनीले यसरी नै केही व्यक्तिलाई शेयर सदस्य बनाएको भन्ने जानकारीमा आएको थियो। तत्पश्चात उक्त शेयर सदस्यहरूलाई निज सरोज पुडासैनीले नै सो रकम फिर्ता गरिसकेका छन्।

सवाल १९ नाम कृषि बहुउद्देश्यीय भएतापनि काम चाही बचत तथा ऋणको मात्र गर्नु भएको हो?

जवाफ १९ हामीले उपसमिति गठन गरी बर्दियामा बङ्गुर पालन गरेका थियौं। साथै स्लटरिङ् हाउस् पनि सञ्चालनमा ल्याएका थियौं। तसर्थ बचत तथा ऋण मात्र गरेका होइनौं।

सवाल २० तपाई नेतृत्व गरिरहेकै अवस्थामा तपाईको सहकारीमा गितेन्द्र बाबु राईको प्रवेश के-कसरी भयो? निजसँग तपाईको के-कसरी चिनजान भई सहकारी अभियानमा जोडिनु भयो? २०७९ को साधारण सभाबाट पूर्णत: नयाँ सञ्चालक समिति निर्वाचित भएको देखिन्छ, सहकारी बिक्री गर्नु भएको त होइन?

जवाफ २० म अध्यक्ष हुँदा निज गितेन्द्र बाबु राईसँग कैलाश दर्लामी मगर मार्फत भेटघाट चिनजान भएको थियो। तत्पश्चात निजहरूले हामीले सञ्चालन गरिरहेको सहकारी जस्तो सहकारी सञ्चालन गर्न खोजिरहेको भनी जानकारी गराएका थिए। मलाई उपाध्यक्ष पद दिई अध्यक्ष गितेन्द्र बाबु राई बस्ने भनिएता पनि गितेन्द्रबाबु राईको अध्यक्षतामा गठन भएको समितिमा पुरानो व्यवस्थापक रामहरि अधिकारी मात्र रहनु भएको छ। पछि निज गितेन्द्र बाबु राईले देशैभरि कृषि सम्बन्धी उद्योगहरू खोल्ने र उक्त उद्योगहरू हेर्ने डाइरेक्टरमा मलाई नियुक्त गर्ने भनेका थिए तर त्यो कार्य भएन। तत्पश्चात निजहरूले उक्त सहकारी सञ्चालन गर्ने हो भने बचतकर्ताहरूको रकम हिनामिना नगरी संस्था संचालन गर्नु पर्छ भनेर मैले भनेको थिएँ र निज गितेन्द्रबाबु राईको अध्यक्षतामा सहकारी संचालन भएको ९ महिनापछि सहकारी समस्यामा आउन थालेपछि निज गितेन्द्र बाबु राई समेतको सञ्चालक समितिले सहकारी विभागमा रजिष्ट्रार र बचतकर्ताको रोहबरमा १० करोड पचास लाख सम्मको सम्पूर्ण जिम्मेवारी आफुले लिने भनि कागज गर्नु भएको थियो। मैले सहकारी बिक्री गरेको होइन। मैले निज गितेन्द्रबाबु राईसँग कुनै किसिमको व्यक्तिगत फाइदा लिएको छैन। त्यस्तो फाइदा लिएको प्रमाणित भएमा कानून बमोजिम सहन तयार छु। यस संस्थामा गितेन्द्रबाबु राईले नेतृत्व लिएपछि कुनै पनि बचत र ऋण अपचलन भएको छैन। नेपालमा कोभिड आउँदा सहकारीले लगानी गर्ने र व्यवस्थापन गर्न नसकेर समस्या आएको हो। त्यस बाहेक म अध्यक्ष र डि.पी. अर्याल उपाध्याक्ष भएपछि हामीले मासिक पच्चिस हजार भाडाको घर छाडेर मासिक अढाइ लाख भाडाको घरमा सर्यौं। त्यसको इन्टेरियरमै पचास लाख जति खर्च भयो। यसमा हाम्रो झण्डै एक करोड बढि खर्च भयो।

सवाल २१ विद्यमान अवस्थामा उक्त सहकारी संस्थाको समस्या समाधान हुन सक्छ सक्दैन ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २१ उक्त सहकारीको ७५ प्रतिशत समस्या समाधान भइसकेको छ। निज गितेन्द्र बाबु राईले कबुलियत गरेको निजको कम्पनिको नाममा रहेको कृषि सहकारी विभागले रोक्का रहेको जग्गा हाम्रो नयाँ कृषि सहकारीको नाममा गरिदिए सो जग्गाबाट संस्थाको सम्पूर्ण रकम मिलाई बाँकी निजलाई नै फिर्ता गरिदिई कानुन बमोजिम नयाँ सञ्चालक समितिको लागि आह्वान गरी शेयर सदस्यहरूले इच्छाएका सदस्यहरूलाई सञ्चालक बनाई संस्था सञ्चालनमा ल्याउन सकिन्छ।

सवाल २२ तपाईं पूर्व अध्यक्ष रहेको हाम्रो नयाँ कृषि सहकारी संस्थाको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २२ सरकारले बन्द रहेको संस्था सञ्चालनमा ल्याउनको लागि माथि उल्लेख गरे अनुसार अध्यक्ष गितेन्द्रबाबु राईले कबुलियत गरेको जग्गा सहकारीको नाममा ल्याई नयाँ सञ्चालक समिति गठन गर्ने वातावरण बनाई दिएमा सहकारी सञ्चालनमा ल्याई बचतकर्ताहरूको रकम फिर्ता गर्न सहज हुने थियो।

सवाल २३ अन्त्यमा तपाईंको थप भन्नु केही छ?

जवाफ २३ सहकारीको नाममा बर्दियाको जग्गा र संरचनामा म र मेरा आफन्तको करीब १ करोड ५० लाख रकम लगानी परेको छ। साथै, हालको सञ्चालक समितिका सदस्य र पूर्व व्यवस्थापक समेत रहेका रामहरी अधिकारी, उपाध्यक्ष लिलाबहादुर गुरुङ र कोषाध्यक्ष नविन अछामी सहकारी ठगी मुद्दामा अनुसन्धानको क्रममा रहेको अवस्थामा सञ्चालक समितिको तर्फबाट रामहरी अधिकारीले गितेन्द्रबाबु राईको जग्गाबाट फिर्ता गर्ने गरी २ करोड २५ लाख रुपैया नगद र जिन्सी मेरो पहलमा बचतकर्तालाई फिर्ता गरिएको थियो। त्यस्तै ६० लाख नविन अछामीको तर्फबाट निजको एकाघरको दिदीले जग्गा दिई बचतकर्ताहरूलाई उपलब्ध गराएको र मेरै पहलमा सञ्चालक समितिका सचिव ओमप्रकाश गुरुङबाट बचतकर्तालाई जग्गा दृष्टिबन्धक गरी बचत फिर्ता गरिएको थियो। तसर्थ, निज गितेन्द्रबाबु राईले कबुलियत गरेको जग्गा सहकारीको नाममा ल्याई सम्पूर्ण समस्याहरू समाधान गर्न सकिने हुनाले उक्त जग्गा सहकारीको नाममा ल्याउन सरकारले वातावरण निर्माण गरिदियोस्। उक्त समस्या समाधान हुने विश्वास सहकारी सञ्चालनमा ल्याउन सकिन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः सूर्य बहादुर गुरुङ

पदः पूर्व अध्यक्ष

संस्थाः हाम्रो नयाँ कृषि सहकारी संस्था लि.

बालुवाटार।

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ भाद्र ०१ गते शनिबार

समयः अपराह्न ४:४० बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष जेष्ट बचत तथा ऋण सहकारी संस्था, सामखुसीका सचिव श्री मधुसुदन पाठकसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम मधुसुदन पाठक हो। बाजे स्व.देवी प्रसाद पाठक, बुबा गोपीकृष्ण पाठक, आमा सरस्वती पाठक, श्रीमती रिजु पौडेल, छोरा युग पाठक र छोरी युना पाठक हो। मेरो स्थायी ठेगाना जिल्ला काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका वडा नं.१३ हो। हाल जिल्ला कठामाडौं टोखा नगरपालिका वडा नं.१० गणेस्थानमा परिवार सहित बस्छौं। म वर्ष ३७ को भएँ। मेरो जन्म २०४४ पौष ०९ गते भएको हो। मेरो फोन नं. ९८५१०१०१४२ ना.प्र.नं. १५२७७०/काभ्रेपलाञ्चोक हो।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सञ्चालकको रूपमा आबद्ध रहेको जेष्ट बचत तथा ऋण सहकारी संस्था लि. मात्र हो। म शेयर सदस्य रहेका संस्थाहरुः- जेष्ट आईडोलोजि सेभिङ एण्ड क्रेडिट संस्था लि. मैतिदेवी, नेचुरल सेभिङ एण्ड क्रेडिट संस्था लि. जोरपाटी, शुभलाभ सेभिङ एण्ड क्रेडिट संस्था लि. कुलेश्वर, जिवनदीप सेभिङ एण्ड क्रेडिट संस्था लि. न्यूरोड, नवललित बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुर, समृद्ध काभ्रे कृषि सहकारी संस्था लि. काभ्रेपलान्चोक र गणना बहुउद्देश्यीय सहकारी संस्था लि. माछापोखरी हुन्।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरिएको विश्वास छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक सामुहिक कृषि व्यवसाय, सामुहिक रेष्टुरेन्ट व्यवसाय, फिटनेस क्लब तथा खेलकुद व्यवसाय र कलाकारिता तथा पत्रकारिता लगायत रहेका छन्। केही प्राथामिक स्कुलहरु सञ्चालनमा आबद्ध रहेको थिएँ हाल कुनै किसिमको आबद्धता छैन।

सवाल ६ तपाईं सचिव रहेको जेष्ट बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ जेष्ट बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष इन्दिरा अधिकारी, उपाध्यक्ष बद्री प्रसाद हुमागाई, सचिव म, कोषाध्यक्ष निशा रिमाल, सदस्यहरू राज तुलाधर, शुसिल सिग्देल र कुशल पाठक

रहेका छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल संस्था सञ्चालनमा रहेको छ। ऋण असुलीमा कठिनाई तथा आर्थिक मन्दी, मिडियाबाट अनावश्यक प्रचार प्रसार, अनावश्यक होहल्ला, चरम अविश्वासका कारण तरलता व्यवस्थापन गर्न नसक्नु समस्यामा पर्नुको कारण हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार भित्रको कोही छैनन्। नाताले भाई पर्ने कुशल पाठक सञ्चालक समितिमा रहेका छन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी छैनन्। संस्थाको कर्मचारी विनियमावली अनुसार व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरेको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत, ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको छ/थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ हाल यस सहकारीको भल्टमा १६ लाख रहेको छ भने बैंक मौज्दात रहेको छैन। व्याज समेत गरी करिब २ अर्ब २६ करोड ऋण लगानी भएको छ। अन्य सम्पत्तिमा स्थाई सम्पत्ति हालको बजार मुल्य करिब १८ करोड ६५ लाख बराबरको रहेको छ। विस्तृत प्रतिवेदन आवश्यक परेमा पछि पेस गर्नेछु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ जेष्ट आईडोलोजी सेभिङ एण्ड क्रेडिट, नवललित बहुउद्देश्यीय सहकारी संस्था लि., शुभलाभ सेभिङ एण्ड क्रेडिट, समृद्ध काभ्रे कृषि सहकारी संस्थासंग अन्तरसहकारी कारोबार गरिएको थियो। हाल छैन।

सवाल १५ तपाइको सहकारी संस्थामा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति रहेका छन् ? खुलाई दिनुहोस्।

जवाफ १५ यस सहकारीमा बचतकर्ताको फिर्ता गर्न बाँकी कुल बचत रकम करीब १ अर्ब ३० करोड रहेको छ। यस सहकारीले राष्ट्रिय सहकारी बैंक नेपाल केन्द्रिय बचत तथा ऋण सहकारी संघ र काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघहरुलाई ४४ करोड ४१ लाख रकम तिर्न बाँकी रहेको छ। हाल यस सहकारीको भल्टमा १६ लाख रहेको छ भने बैंक मौज्दात रहेको छैन। व्याज समेत गरी करीब २ अर्ब २६ करोड ऋण लगानी भएको छ। अन्य सम्पत्तिमा स्थाई सम्पत्ति हालको बजार मुल्य करीब १८ करोड ६५ लाख बराबरको रहेको छ।

सवाल १६ तपाईको सहकारी संस्थाका बचतकर्ताहरू सुजनकुमार श्रेष्ठ भारी, कल्पना उप्रेती पाठक, राधिका पाठक र सुमित्रा पाठक समेतले आफूले जम्मा गरेको बचत रकम फिर्ता नपाएको भनी यस समितिमा निवेदन दर्ता गराउनु भएको छ। उहाँहरुको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाई दिनुहोस्।

जवाफ १६ तरलता अभावका कारण सम्पूर्ण बचत रकम फिर्ता गर्न नसकिएको हो। केही रकम फिर्ता गरिसकिएको छ। बाँकी रकम क्रमशः फिर्ता गर्नेछौं।

सवाल १७ तपाईको सहकारीसँग शुभलाभ बचत तथा ऋण सहकारी संस्था लि., नवललित बचत तथा ऋण सहकारी संस्था लि., समृद्ध बचत तथा ऋण सहकारी संस्था लि., झरना बचत तथा ऋण सहकारी संस्था लि., अम्बे बचत तथा ऋण सहकारी संस्था र रारा बचत तथा ऋण सहकारीसंग के-कस्तो सम्बन्ध र कारोबार रहेको छ? खुलाईदिनुहोस्।

जवाफ १७ झरना बचत तथा ऋण सहकारी संस्था लि., अम्बे बचत तथा ऋण सहकारी संस्था लि. र रारा बचत तथा ऋण सहकारीसंस्था लि.हरूसँग मेरो कुनै सम्बन्ध छैन। सहकारी अभियानका क्रममा चिनजान भएका साथिहरु हुनुहुन्छ। शुभलाभ बचत तथा ऋण सहकारी, नवललित बचत तथा ऋण सहकारी संस्था लि., र समृद्ध बचत तथा ऋण सहकारी संस्था लि.मा शेयर सदस्य रहेको छु र व्यक्तिगत रुपमा बचत तथा ऋणसमेतको कारोबार रहेको छ।

सवाल १८ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १८ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सम्भव छ र गर्न सकिन्छ। ऋण असुलीमा उल्लेखनीय सहयोग, तरलता व्यवस्थापनको लागि पुर्न कर्जाको व्यवस्था, कर्जा सुरक्षण केन्द्र सहित विश्वासका लागि सहकारी नीतिको विशेष कार्यान्वयन भएमा र अवमूल्यन भएको सम्पत्तिको उचित मूल्याङ्कन हुने अवस्था सिर्जना भएमा सहकारीको समस्या समाधान गर्न सकिन्छ।

सवाल १९ तपाईं सचिव रहेको जेष्ट बचत तथा ऋण सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १९ म आफ्नो हकमा ऋण असुली र सुरक्षित तरिकाले दैनिक कार्य सञ्चालन गर्न सक्नुपर्ने, परिवारको हकमा काम गर्ने उत्प्रेरणा प्रदान गर्ने गरी द्वन्द्व, लाञ्छना, आपसी मतभेद र दुर्व्यवहारपूर्ण नगरी समस्या समाधानमा सर सहयोग गर्नु पर्ने साथै परिवार भित्र रहेका कर्जा असुली व्यवस्थापनमा पनि ध्यान दिनुपर्ने, बैंक तथा संघले सहकारीको सम्पत्ति हेरी तरलता व्यवस्थापनमा साथै दैनिक सहकारी सञ्चालनमा सहयोग गर्नका लागि विभिन्न कर्जा उपलब्ध गराउने र रहेको कर्जालाई पुनर्मुल्याङ्कन, पुनर्तालिकीकरण गरी थप कर्जा उपलब्ध गराउन सकिएमा समस्या समाधान हुनेछ।

सवाल २० अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २० यसरी संस्थाको प्रतिनिधिलाई बोलाई सोधपुछ गरी संस्थाको गतिविधि र समकालिन समस्याको विषयमा छलफल गरी स्पष्ट अवधारणा राख्ने मौका दिनु साथै सल्लाह सुझाव संकलन गर्ने प्रभावकारी भुमिका खेल्नु, सरकार छ र सहकारी क्षेत्र जोगाउन सकिन्छ भन्ने प्रत्याभूति मिल्नु हो। यसका लागि यस समितिलाई विशेष धन्यवाद दिन चाहन्छु। थप जानकारी एवं विवरण आवश्यकतानुसार प्रतिवेदन मार्फत यस समितिलाई उपलब्ध गराउने छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः मधुसुदन पाठक
पदः सचिव
संस्थाः जेष्ट बचत तथा ऋण सहकारी संस्था

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०१ गते शनिवार
समयः अपराह्न ५:५५ बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष गोर्खा मिडिया नेटवर्क प्रा.लि.द्वारा संचालित ग्यालेक्सी 4k टि.भि.का क्रियटिभ डाइरेक्टर श्री विपिन कुमार आचार्यसँग भएको सोधपुछ :

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम बिपिन कुमार आचार्य हो। बाजे ज्योतिप्रसाद शर्मा, हजुरआमा पार्वता शर्मा हो। मेरो परिवारमा बुवा शिवकुमार शर्मा, आमा शान्ता आचार्य, श्रीमती सुरक्षा अधिकारी, छोरीहरू आध्या आचार्य र अनाया आचार्य, भाई इलिच कुमार शर्मा हुनुहुन्छ। मेरो स्थायी ठेगाना जिल्ला दाङ साबिक टरिगाउँ गा.वि.स. वडा नं. ०२, परिवर्तित तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ टरिगाउँ हुनुपर्छ। हाल म जिल्ला काठमाडौं, बुढलिनकण्ठ नगरपालिका वडा नं. ०३ चपलीहाईट मा बस्छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म नेपालभरका कुनै पनि सहकारीको सञ्चालक र शेयर सदस्य छैन।

सवाल ४ तपाईले सहकारीमा आबद्ध छैन भन्नुभयो, तर सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को बचत खाता नं. ४९-०१२५० तपाईंको नाममा कायम भएको देखिन्छ। के हो? खुलाईदिनुहोस्।

जवाफ ४ यस विषयमा मलाई कुनै जानकरी छैन, समाचारबाट जानकारी पाएको थिएँ। के-कसो हो पत्ता लगाउन ईच्छुक छु।

सवाल ५ तपाईको कुनै पेशा वा व्यवसाय के हो?

जवाफ ५ पढाईका हिसाबले बायोटेक इन्जिनियरिङ्ग र एम बि.ए हो। मेरो मुख्य पेसा भनेको नोबडी प्रोडक्सन प्रा.लि.बाट हामी टेलिभिजन/ डिजिटल प्लेटफर्मका लागि कार्यक्रमहरू बनाउने हो। मेरो डोको मोबाईल एप पनि छ। म स्कूल/कलेजका लागि किताबहरू पनि लेख्ने गर्छु।

सवाल ६ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्न वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्न र ऋण वा कर्जा लिन पाइन्छ पाइदैन ? तपाईलाई के थाहा छ? खुलाइदिनुहोस्।

जवाफ ६ पहिला केही थाहा थिए। मिडियामा आए पश्चात सदस्य हुन अनिवार्य रहेछ, सदस्य नभई बचत गर्न, ऋण लिन र ऋण दिन पाइदैन भन्ने थाहा भयो।

सवाल ७ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवलको वित्तीय विश्लेषण प्रतिवेदन अनुसार मिति २०७८।०९।१२ मा तपाईको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा रहेको खातामा १ करोड ५६ लाख १५ हजार रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? के-कुन प्रयोजनका लागि के-कुन आधारमा उक्त ऋण लिनुभएको हो ?

जवाफ ७ यस विषयमा पनि मलाई मिडियामा आएपछि मात्र थाहा भएको हो। म सहकारीको शेयर सदस्य नै छैन। तत्कालिन समयमा म यस प्रा.लि. को सामान्य कर्मचारी मात्र थिए। म गोरखा मिडिया नेटवर्क प्रा.लि.को लागि ऋण लिने पदमा नभएको बखतमा मेरो नाममा उल्लिखित ऋण कसरी आयो जनाकारी भएन। मेरो लागि मेरो खातामा तलब दिए/नदिएको र मलाई तोकिएको काम सँगमात्र मतलब थियो अरु मलाई जानकारी भएन।

सवाल ८ तपाई अर्थात् व्यक्तिको नाममा ऋण खडा गरी सहकारी संस्थाबाट कम्पनीमा रकम पठाउन मिल्छ ? उक्त रकम प्राप्त गर्ने कम्पनीको जिम्मेवार पदाधिकारी समेत रहेको आधारमा खुलाइदिनुहोस्।

जवाफ ८ सहकारीबाट सहकारीको सदस्य नभएको व्यक्ति र कम्पनीको नाममा ऋण लिन र सहकारीले ऋण पठाउन मिल्दैन भन्ने पछि थाहा भयो। यो मेरो जानकारीमा नभएको कुरा हो।

सवाल ९ सोही सहकारीबाट २०७७।०७।०६ मा तपाई सञ्चालक रहेको Nobody Production Pvt. Ltd. को नाममा NIC Asia बैङ्कमा रहेको खातामा ७५ लाख १ रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो? के-कुन प्रयोजनका लागि के-कुन आधारमा उक्त ऋण लिनुभएको हो ?

जवाफ ९ सन् २०२०/०९/२८ मा मेरो श्रीमतीको स्वामित्वमा रहेको Nobody Production Pvt. Ltd र गोरखा मिडिया प्रा.लि. का बीचमा गोरखा मिडिया नेटवर्क प्रा.लि को Galaxy 4K को लागि वार्षिक ३ वटा गरी ५ वर्षमा जम्मा १५ सिजन कार्यक्रम बनाउने सम्झौता भएको थियो। कार्यक्रमहरू: को बन्छ कोरडपति, सारेगमप लिटिल च्याम्पस नेपाल, क्राईम पेट्रोल नेपाल कार्यक्रमहरूको लागि १५ करोड प्रतिवर्षको सम्झौता भएको थियो। उक्त मितिमा आएको रकम यस प्रा.लि.को खातामा आएको थियो, जुन गोरखा मिडिया नेटवर्क प्रा.लि बाट कार्यक्रम उत्पादन गर्नका लागि पेश्कि रकम आएको हो। सम्भवत पहिलो पटक आएको रकम हो।

सवाल १० सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखराको वित्तीय विश्लेषण प्रतिवेदन अनुसार मिति २०७८।०९।०६ मा तपाईंको कर्जा खाता नं. ११६ ४६१६ मा रु. १ करोड कर्जा देखाई बचत खाता नं. ४९-०१२५० मा जम्मा गरिएको र उक्त कर्जा रकमको सेवा शुल्क एवं अन्य शुल्कहरू गितेन्द्रबाबु राईको बचत खाता नं. ३१-१४४५३ बाट रकमान्तर गरी कट्टा गरी उक्त रकम गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा गोर्खा फाइनान्सको चेक नं. १०००८५१५२८ बाट भुक्तानी भएको देखिन्छ। उक्त ऋण के-कुन प्रयोजनका लागि लिनुभएको हो ? त्यसका लागि के-कुन धितो दिनु भएको छ ? खुलाइदिनुहोस्।

जवाफ १० मैले ऋण लिएको छैन। ऋण नलिएपछि धितो दिने कुरा पनि भएन। अरु मलाई थाहा भए। मेरो कम्पनीको बैंक खातामा प्राप्त भएको रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. बाट आएको जस्तो लागेको थियो, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. बाट आएको पछि मात्र थाहा पाएँ। उक्त रकम सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.बाट आएको भन्ने कुरा मिडीयामा आएपश्चात जानकारी भएको हो।

सवाल ११ गोरखा मिडिया नेटवर्क प्रा.लि.बाट आर्थि तपाई सञ्चालक रहेको Nobody Production Pvt. Ltd. आर्थिक वर्ष २०७७/०७८ मा ५ करोड ३५ लाख र आर्थिक वर्ष २०७८।०७९ मा ४ करोड २१ लाख ९३ हजार ७ साय ५० पेश्की लिनुभएको देखिन्छ, उक्त पेश्की के-कुन प्रयोजनका लागि लिनु भएको हो? आर्थिक वर्ष विल्दा समेत किन फर्स्यौट नगर्नु भएको हो ?

जवाफ ११ माथि उल्लिखित रकमहरू को बन्छ कोरडपति, सारेगमप लिटिल च्यामस् नेपाल र क्राईम पेट्रोल नेपाल कार्यक्रम बनाउनको लागि लिएको हो। यि मध्ये सारेगमप लिटिल च्याम्पस नेपालको ३० वटा एपिसोड र आपसी सहमतिमा थप ७ वटा एपिसोड थपेर ग्रयाण्ड फिनाले प्रसारण भयो। क्राईम पेट्रोल नेपालको आधा काम सकियो र अरु प्रसारण हुने क्रममा थियो। को बन्छ करोडपतिका लागि तयारी सबै पूरा भएको थियो तर सुटिङ हुनेबेला रोकियो। त्यही कारणले हिसाबकिताव फरफारक भएको थिएन, त्यसैले पेश्की नै कायम रहेको होला। यस्तो स्थितीमा पनि Nobody Production Pvt. Ltd.ले सम्झैता अनुसार पाउनु पर्ने लगभग ६ करोड रकम प्राप्त भएको छैन।

सवाल १२ तपाईले गोरखा मिडिया नेटर्वक प्रा.लि.बाट पाउने चेकमा को-कुन व्यक्तिको हस्ताक्षर हुने गर्दर्थ्यो/ छ?

जवाफ १२ गोरखा मिडिया नेटवर्क प्रा.लि बाट मैले व्यक्तिगत रूपमा पाउने भनेको तलब हो जुन मेरो व्यक्तिगत खातामा प्राप्त गर्ने गर्थे। Nobody Production Pvt. Ltd. को हकमा पहिले हामीले पाउने चेकमा रबि लामिछाने र जि.बी. राई दुवैको हस्ताक्षर हुने गर्दथ्यो तर हाल मसँग भएको मिति २०७९/०४/१७ गतेको चेकमा जि.बी. राईको मात्र हस्ताक्षर रहेको छ। पुरानो चेकहरूको हकमा मैले बैंकबाट मागेर समितिलाई बुझाउने छु।

सवाल १३ गोरखा मिडिया नेटवर्क प्रा.लि.बाट कर्मचारी पेश्की शिर्षकमा आर्थिक वर्ष ०७८/७९ मा ९ लाख ७९ हजार ९१२ लिनु भएको देखिन्छ । उक्त रकम के-कुन प्रयोजनका लागि लिनु भएको हो ? आर्थिक वर्ष विल्दा समेत किन फर्स्यौट नगर्नु भएको हो ?

जवाफ १३ गोरखा मिडिया नेटवर्क प्रा.लि.को म क्रियटिभ डिरेक्टरको रूपमा कर्यारत थिए। मासिक मेरो खातामा तलब बाहेक अरू रकम आउनेनथ्यो। कुनै समयमा एक दुई महिनाको तलब एकैचोटि आएको हुनसक्छ। तर मैले पेश्कीकै रूपमा रकम लिएको थिएन। के-कुन कारणले पेश्की देखाईएको हो जानकारी भएन।

सवाल १४ सुप्रीम र सूर्यदर्शन सहकारीसँग सम्बन्धित माथी उल्लिखित विषयहरूमा जानकारी नभएको र ती सहकारीबाट आएको रकम गोरखा मिडिया नेटवर्कबाट आएको भन्ने विश्वासमा परेको उल्लेख गर्नुभयो। यो विषय सार्वजनिक भई सकेपश्चात सो सम्बन्धमा तपाई कार्यरत रहेको गोरखा मिडिया नेटवर्कका तत्कालिन र वर्तमान नेतृत्व र सम्बन्धित सहकारीका पदाधिकारीसँग जानकारी माग गर्नु भएन?

जवाफ १४ सुप्रीम र सूर्यदर्शन सहकारीसँग मैले सोधिन। गोरखा मिडिया नेटवर्क प्रा.लि.को हकमा मैले आन्तरीक लेखापरिक्षक CA विशेषविभु आचार्यसँग यस विषयमा सोधेको थिए। उहाँले मलाई पनि थाहा छैन, अचम्मित छु भन्नुभयो। त्यसपश्चात् रबि लामिछानेसँग पनि बुझ्दा, उँहाले पनि जानकारी नभएको र अचम्ममा परेको भन्नु भयो र यो विषय फर्ड होला भन्नु भएको थियो।

सवाल १५ विद्यमान अवस्थामा गोरखा मिडिया नेटवर्क प्रा.लि. र सहकारी संस्थाहरूको समस्या समाधान गर्न के गर्नु पर्ला? तपाईका के सुझाव छन्?

जवाफ १५ बैंक कारोबार गर्दा आफ्नो खातामा कसले किन रकम डिपोजिट गरेको हो भन्ने विषय बैंक स्टेट्मेन्टमा समावेस हुनु पर्ने देखिन्छ। रोजगारी वा अन्य कामका सिलसिलामा सार्वजनिक

वा निजी संस्थाहरूमा पेस गरिएका कागजात वा पहिचान खुल्ने व्यक्तिगत विवरणहरूको सम्भावित दुरुपयोगलाई रोक्न निवारणात्मक उपाय अवलम्बन गर्ने गरी नितिगत र कानूनी प्रबन्ध समेत हुनु पर्ने देखिन्छ। यस्ता घटनाहरूबाट सर्वसाधारण जनताहरू पीडित नहोस भनेर जनचेतना जगाउनु आवश्यक देखिन्छ।

सवाल १६ अन्त्यमा तपाईको थप भन्नु केही छ?

जवाफ १६ दोषी नउम्किउन् र निर्दोषले दुःख पाउन भएन। यो समस्याबाट पीडितहरूले छिटो भन्दा छिटो न्याय पाउनु पर्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः विपिन कुमार आचार्य

पदः गोर्खा मिडिया नेटवर्क प्रा.लि. द्वारा संचालित ग्यालेक्सी 4k टि.भि.का क्रियटिभ डाइरेक्टर

संस्थाः गोर्खा मिडिया नेटवर्क प्रा.लि./ग्यालेक्सी 4k टि.भि.का क्रियटिभ डाइरेक्टर

<u>प्रमाणित गर्ने</u>

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २ गते आइतबार
समयः अपराह्न २:४५ बजे
स्थानः संघीय संसद सचिवालंय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि.का निलम्बित अध्यक्ष श्री खेमराज निरौलासँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम खेमराज निरौला हो। बाजे नाम भगिरथ निरौला, बुवा तुलसीराम निरौला, आमा हेम कुमारी निरौला, श्रीमती अनिता निरौला, छोरा निराज निरौला र छोरी सरिना निरौला हो। मेरो स्थायी ठेगाना जिल्ला सुनसरी मधेसा गाउँ विकास समिति वडा नं.४ परिवर्तित ईनरूवा नगरपालिका वडा नं.६ हो। हाल जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० मध्यवानेश्वरमा बस्छु। म वर्ष ५२ को भएँ। मेरो जन्म मिति २०२९ मंसीर २५ गते हो। फोन नं. ९८२४४३११४३ र ना.प्र.नं. ३१/९६२- सुनसरी हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आबद्ध ५ वटा सहकारी रहेका छन्। स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट लि., पुतलीसडक, स्टयाण्डर्ड मल्टीप्रपोज सहकारी संस्था लि., जावलाखेलमा (सञ्चालक सदस्य), चार्टर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., न्युप्लाजा, कुबेर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. महाराजगञ्ज, प्रभु सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. न्युरोडमा रहेका छन्। स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. सञ्चालक अध्यक्ष म नै हुँ। यस भन्दा अघि खुशचन्द्र श्रेष्ठबाहेक ओरियन्टल कोअपरेटिभ लि. का कर्मचारी थियौं।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ थाहा भएसम्म सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरिएको थियो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय छैन।

सवाल ६ तपाईं अध्यक्ष रहेको स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को अध्यक्ष म, स्टयाण्डर्ड मल्टीप्रपोज सहकारी संस्था लि., जावलाखेलको अध्यक्ष राजु श्रेष्ठ, चार्टर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को

अध्यक्ष युवराज अर्याल, कुबेर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को अध्यक्ष रमेश भण्डारी, प्रभु सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को अध्यक्ष खुशचन्द्र श्रेष्ठ रहेका छन्। अन्य सञ्चालकहरूको हकमा संस्थाहरू सञ्चालनमा नआएको धेरै समय भएकोले हाल याद भएन। आवश्यक परेमा पछि पेस गर्नेछु। यी संस्थाहरूको सञ्चालकहरूमा जो जुन रहे पनि पाँच वटै सहकारीका सम्पूर्ण जिम्मेवार व्यक्तिहरू राजेश श्रेष्ठ, खुशचन्द्र श्रेष्ठ, राजु श्रेष्ठ, स्वरूप मरासिनी, र म खेमराज निरौला हो। यी संस्थाहरूको हामी ५ अध्यक्षहरू मध्येबाट पनि मुख्य व्यक्ति भनेको राजेश श्रेष्ठ हुन्।

सवाल ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छन्/छैनन् ? उक्त संस्थाहरू समस्यामा पर्नुको कारण के हो?

जवाफ ७ हाल उक्त संस्थाहरू सञ्चालनमा छैनन्। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले हेरेको छ। संस्थाहरू समस्यामा पर्नुको कारण मुख्य नेतृत्व लिएको व्यक्ति राजेश श्रेष्ठ देश छोडेर विदेश पलायन हुनु, आर्थिक मन्दी हुनु, संस्थाहरू घाटामा सञ्चालनमा रहेको कारण संस्था समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्तिहरू कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आवद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आवद्ध सहकारीको सञ्चालक समितिमा थिए। को-को थिए हाल मलाई सम्झना भएन। कार्यक्षेत्र फरक-फरक जिल्ला भएकोले उक्त कुरा कानूनसम्मत थियो।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका थिएनन्। विज्ञापन मार्फत आह्वान गरेर व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरेको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोवास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र शेयर सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति हाल के-कुन स्वरूपमा छ, त्यसको विस्तृत विवरण हाल म सँग छैन। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा छ। यस बारेमा आवश्यक विवरण चाहिएमा यस समितिमा पछि पेस गर्नेछु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. पुतलीसडक, स्ट्याण्डर्ड मल्टीप्रपोज सहकारी संस्था लि. जावलाखेल, चार्टर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. न्युप्लाजा, कुबेर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. महाराजगञ्ज, प्रभु सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. न्युरोडमा रहेका छन्। स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट लि.ले ओरियन्टल सहकारी सँस्था लि. सँग अन्तरसहकारी कारोबार गरिएको थियो।

सवाल १५ तपाइको सहकारी संस्थामा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ १५ मलाई थाहा भएसम्म स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को हकमा बचत रकम अन्दाजी ४० करोड रहेकोमा २०६९ देखि हालसम्म बचतकर्ताहरूको बचत रकम फिर्ता गरी हाल अन्दाजी साढे ७ करोड बाँकी रहेको छ। स्ट्याण्डर्ड मल्टीप्रपोज सहकारी संस्था लि., कुबेर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., चार्टर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को हकमा मागदावी अनुसार बचत फिर्ता गरिसकेको र केही छुटफाट आएको जानकारी रहेको छ। प्रभु सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को हकमा हिसाबमिलान गर्न अन्दाजी १३ करोड बाँकी रहेको जानकारी गराउँदछु। २०६९ देखि उक्त संस्थाहरू समस्यामा आएका, म पक्राउ परी ४ वर्ष कैदमा बसेको र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले संस्थाहरू हेरेकोले विस्तृत विवरण दिन सकिन।

सवाल १६ तपाइको सहकारी संस्था समस्याग्रस्त घोषणा भैसकेपछि समस्या समाधानका लागि के-कस्ता प्रयास गर्नु भएको छ ? खुलाइदिनुहोस्।

जवाफ १६ सहकारी संस्था समस्याग्रस्त घोषणा भैसकेपछि समस्या समाधानका लागि म एक्लैले २०६९ देखि हालसम्म निरन्तर रूपमा समस्या समाधानको लागि प्रयास गर्दै आएको छु। स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को मागदावी करिब ११ करोड रहेकोमा हाल साढे ७ करोडमा झरेको र स्टेण्डर्ड मल्टीप्रपोज सहकारी संस्था लि., कुबेर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., चार्टर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को लगभग हिसाब मिलान भएको र प्रभु सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को हकमा हिसाबमिलान गर्न अन्दाजी १३ करोड बाँकी रहेको तर उक्त समस्या समाधान गर्न म एक्लैले गर्न सक्ने अवस्था छैन। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले उचित वातावरण श्रृजना गरिदिएमा म तीन महिना भित्र समस्याको समाधान गर्न सक्छु।

साथै अध्यक्ष खुशचन्द्र श्रेष्ठ मुख्य जिम्मेवार व्यक्ति राजेश श्रेष्ठ सम्पर्कमा आई समन्वय गरेमा उक्त समस्या पनि समाधान हुने देखिन्छ।

सवाल १७ तपाईको सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता नपाएको भनी रूबी श्रेष्ठ, बालकुमारी श्रेष्ठको हकमा निजको छोरा दिपककुमार श्रेष्ठ, उमा शर्मा, सुशीला श्रेष्ठ, अनिमा श्रेष्ठ लगायतले यस समितिमा निवेदन दिनुभएको छ। निज निवेदक समेतका बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाइ दिनुहोस्।

जवाफ १७ यसबारेमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हेरिरहेको हुँदा उहाहरूसँग समन्वय गरी निजहरूको बचत फिर्ता गर्न सकिन्छ। हाल संस्था समस्यामा रहेको हुँदा उहाँहरूको बचत रकम फिर्ता गर्न सकिएको छैन।

सवाल १८ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १८ विद्यमान अवस्थामा स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि.को समस्या समाधान गर्न सक्छु। प्रभु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि.को हकमा खुशचन्द्र श्रेष्ठ, राजेश श्रेष्ठलाई सम्पर्कमा ल्याइदिनु पर्यो, सहकारी व्यवस्थापन समितिले सहजीकरण गरिदिनुपर्यो।

सवाल १९ तपाईं अध्यक्ष रहेको स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १९ समस्याग्रस्त सहकारी व्यवस्थापन समिति समक्ष मैले ऋणी र ऋण असुलीको प्रक्रियाबारे विस्तृत रूपमा कार्ययोजना पेस गरेको छु। सो कार्ययोजनालाई कार्यान्वयमा ल्याईदिएमा स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को समस्या समाधान गर्न सक्छु।

सवाल २० संस्थाको सन्तुलन परीक्षण अनुसार आसामीबाट रु १ करोड ३४ लाख १८ हजार उठाउनुपर्ने देखिन्छ। उक्त आसामी कोसँग उठाउनु पर्ने हो ?

जवाफ २० साना साना ऋणीहरू मिलाउँदा उक्त रकम भएको हो। कति असुल भयो समस्याग्रस्त समितिमा अभिलेख होला।

सवाल २१ अन्य पेश्की शीर्षकमा १८ लाख ९९ हजार देखिन्छ। पेश्की कसलाई दिइएको हो?

जवाफ २१ उक्त पेश्की रकम कर्मचारीहरूलाई दुई पाङ्ग्रे सवारीसाधन खरिदका लागि दिइएको हो। कति पएले फर्स्यौट गरिसकेको होलान्।

सवाल २२ लेखापरीक्षण प्रतिवेदन अनुसार २ करोड ३० लाख ७८ हजार बिना धितो कर्जा प्रवाह भएको देखिन्छ। उक्त कर्जाको सुरक्षा कसरी गर्नुहुन्छ?

जवाफ २२ उक्त ऋण मध्य १ करोड ९८ लाख अझै उठाउन बाँकी छ। कतिको बैङ्क खाता रोक्का गरेर असुलउपर गरिरहेका छौं।

सवाल २३ राजेश श्रेष्ठ, खुसचन्द्र श्रेष्ठ, राजु श्रेष्ठ, हाल कहा हुनुहुन्छ? तपाईलाई थाहा भएको व्यहोरा खुलाइदिनुहोस्।

जवाफ २३ राजेश श्रेष्ठ अमेरिकामा रहेको थाहा छ। अन्यको हकमा थाहा जानकारी भएन।

सवाल २४ तपाईं सहकारी सम्बन्धी कुनै मुद्दामा थुनामा रहनु भएको छ/थियो?

जवाफ २४ म सहकारी ठगी सम्बन्धी मुद्दामा सम्मानित ललितपुर जिल्ला अदालतबाट ३ वर्ष कैद र ५६ लाख जरीवानाको फैसला भएकोमा करिब ४ वर्ष कारागार कार्यालय नख्खुमा रहेको थिएँ।

सवाल २५ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २५ हिजोका दिनमा जे जस्तो भएपनि हाल आएर समाधानको नजिक पुगेको हुदाँ मुख्य सञ्चालकहरू फरार रहेको हुँदा राजेश श्रेष्ठ र खुशचन्द्र श्रेष्ठलाई उपस्थित गराएमा छिटो समाधान हुने आशा राख्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः खेमराज निरौला
पदः निलम्बित अध्यक्ष
संस्थाः स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि., पुतलिसडक।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २ गते आइतबार
समयः अपराह्न ०३:४० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटीका कोषाध्यक्ष एवं सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.पुल्चोकका लेखाप्रमुख श्री रामकृष्ण अवालेसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम रामकृष्ण अवाले, बाजे मंगल लाल अवाले हो। मेरो बुवा रामलाल अवाले, आमा कृष्णकुमारी अवाले, श्रीमती निर्मला महर्जन, छोरीहरू भेनिषा महर्जन र मेडीषा महर्जन सहित म हाल ललितपुर महानगरपालिका वडा नं. १४ नख्खिपोटमा बस्छौं। मेरो ना.प्र.नं. ३४२४९ र मोबाइल नं ९८५१२२२५३५ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोक ललितपुरमा लेखाप्रमुखको रूपमा बिगत १४ वर्ष देखि कार्यरत छु। साथै सुमेरु बचत तथा ऋण सहकारी संस्था लि., कालिमाटीमा बिगत १० वर्ष देखि कोषाध्यक्ष रहेको छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सुमेरु बचत तथा ऋण सहकारी संस्था लि., कालिमाटीमा सञ्चालक समितिमा नाम मात्रको कोषाध्यक्ष रहेको हुनाले मेरो कुनै व्यवसायिक/ दायित्व थिएन। म सुमेरु बचत तथा ऋण सहकारी संस्था लि., पुल्चोकको लेखा प्रमुख मात्र हुँ। यी सहकारीहरू सहकारी ऐन र प्रचलित कानून बमोजिम नै चलेका थिए भन्ने लाग्छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक, अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ काठमाडौं जिल्ला कागेश्वरीमनोहरा नगरपालिका गागलफेदीमा कागेश्वरी नामको रिसोर्ट म, सचिन श्रेष्ठ, र राज थापाले संयुक्त सञ्चालन गर्दै आइरहेका छौं।

सवाल ६ तपाईं कोषाध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ म कोषाध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. मा अध्यक्ष सचिन महर्जन, उपाध्यक्ष मनिषा महर्जन, सचिव नविन श्रेष्ठ, कोषाध्यक्षमा म, सदस्यहरू सरोज महर्जन, बाबु रत्न महर्जन र बादल सिल्पकार रहेका छन्। यस सहकारीको संस्थापक अध्यक्ष राजमाया महर्जन हुन्। तत्पश्चात विकास महर्जन अध्यक्ष रहनुभयो हाल उँहा सुमेरु अस्पताल, पुल्चोकको सञ्चालक समितिमा हुनु हुन्छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छ। करिब २ अर्ब २० करोड रकम सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोकको खातामा रहेको र उक्त रकम सूमेरु ग्रुप अन्तर्गतका कम्पनीहरूमा लगानी गरेको हुनाले बचतकर्तालाई समयमै बचत फिर्ता गर्न सकिएन र सहकारी समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका अध्यक्ष सचिन महर्जन मेरो मामा भरत महर्जनका छोरा हुन्। उपाध्यक्ष मनिषा महर्जन मेरो आमाको फुपुको नातिनी हुन्। सदस्य सरोज महर्जन मेरो मामा हुयुकाजी महर्जनको छोरा हुन्। अरु सदस्य नातागोता भित्र पर्दैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ यस सहकारीको सञ्चालक समितिका सदस्यहरू अन्य कुनै सहकारीको सञ्चालक समितिमा हुनुहुन्न।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सुमेरु बचत तथा ऋण सहकारी कालिमाटीका सञ्चालक समितिमा सदस्यहरू यसै सहकारीमा कर्मचारी छैनन्। तर उपाध्यक्ष मनिषा महर्जन सुमेरु बचत तथा ऋण सहकारी, पुल्चोकको पूर्वक्यासियर हुन्। सचिव नविन श्रेष्ठ सुमेरु बचत तथा ऋण सहकारी संस्था, पुल्चोकको धापाखेलस्थित सेवाकेन्द्रमा ऋण अधिकृत हुनुहुन्छ। म सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोकको लेखा प्रमुख हुँ। सदस्यहरू सरोज महर्जन सुमेरु बचत तथा ऋण सहकारी संस्था, पुल्चोकको गट्ठाघरस्थित सेवा केन्द्रमा लेखापाल, बादल सिल्पकार सुमेरु सिटी अस्पतालको लेखापाल र बाबुरत्न महर्जन सुमेरु प्रिन्टिङ प्रेसको व्यवस्थापक हुनुहुन्छ।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन/थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ कार्यक्षेत्र भन्दा बाहिरका व्यक्तिलाई पनि शेयर सदस्य बनाइएको छ। के कुन आधारमा बनाइएको हो थाहा भएन। शाखा प्रबन्धकमार्फत पेश भइ सञ्चालक समितिले निर्णय गरे बमोजिम हुन्थ्यो।



सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ करीब २ अर्ब २० करोड रकम सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोकमा रहेको छ। सो बाहेकका रकम शेयर सदस्य र सुमेरु ग्रुप अन्तर्गतका कम्पनीहरू ऋण लगानी रहेको सिस्टमबाट देखिन्छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार सुमेरु बचत तथा ऋण सहकारी संस्था लि., पुल्चोक र यसका सेवा केन्द्रहरू गट्ठाघर र धापाखेलसँग हुन्छ। त्यो बाहेक अरु म लेखापाल भई कार्यरत सहकारीको कुभिन्डो बचत तथा ऋण सहकारी, गतिशील बचत तथा ऋण सहकारी, सुत्र बहुउद्देश्यीय सहकारी संस्था लि., गेनबेल बचत तथा ऋण सहकारी संस्था लगायतका ललितपुरका करीब २५ वटा सहकारीसँग कारोबार रहेको छ।

सवाल १५ तपाई कोषाध्यक्ष रहेको सुमेरू बचत तथा ऋण सहकारी संस्था लि.को कार्यक्षेत्र सुमेरू हाउजिङ्ग डेभलपर्स प्रा.लि.सँग आवद्ध सदस्यहरू भनिएको छ, त्यसबाहेकका व्यक्तिलाई के आधारमा शेयर सदस्यता प्रदान गर्नु भयो ?

जवाफ १५ यस विषयमा मलाई जानकारी भएन।

सवाल १६ सुमेरु बचत तथा ऋण सहाकरी संस्था लि. पुल्चोकका पदाधिकारीहरूमार्फत यस समितिमा प्राप्त हुन आएको कागजात अनुसार आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षण चार्टर्ड एकाउन्टेन्ट अस्मित आचार्यले गर्नु भएको भनी उहाँको हस्ताक्षर सहितको प्रतिवेदन देखिन्छ। तर निज आचार्यलाई बुझ्दा उक्त दस्तखत आफ्नो नभएको र आफुले लेखा परीक्षण समेत नगरेको व्यहोरा खुलाउनु भएको छ। के-कुन कारणले किर्ते लेखापरीक्षण प्रतिवेदन तयार गर्नु भएको हो खुलाई दिनुहोस्।

जवाफ १६ सुमेरुमा लेखापरिक्षणको लागि दिपेन्द्र मिश्र र उहाँका सहयोगीहरूलाई कागजात उपलब्ध गराएको थिए। सुमेरु कालिमाटीमा समस्या आएपछि म सुमेरु पुल्चोकमा नियमित उपस्थित हुन सकिन, त्यस समयमा पूर्वअध्यक्ष हेमराज दाहाल र पूर्वसचिव विनोद आचार्यले को-कसलाई लेखापरीक्षण गराउनु भयो, मलाई जानकारी भएन। म कार्यलयमा नभएको समयमा उँहाहरूले आर्थिक विवरण तयार गरी हस्ताक्षर गर्न पठाउनु भएको थियो। मैले हस्ताक्षर गरेको हो, त्यहा लेखा परिक्षको नाम उल्लेख गरिएको थियो, याद गरिन

सवाल १७ तपाई आवद्ध दुवै सहकारी संस्थाको आ.व. २०७८/७९ र आ.व. २०७९/८० को लेखापरीक्षण को-कुन व्यक्ति वा संस्थाबाट गराउनुभएको थियो ? प्रतिवेदनमा उल्लेख भएको तथ्यहरू सत्य हुन् त? खुलाइदिनुहोस्।

जवाफ १७ उक्त समयमा दिपेन्द्र मिश्रले सुमेरु ग्रुपको सबै संस्थाहरूको लेखापरीक्षण गर्नु हुन्थ्यो, उहाँले नै यस संस्थाको पनि गर्नु भएको हो। सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोकको कागजात मैले नै उपलब्ध गराउने भएकोले उक्त विवरण ठिक छ। बाँकी शाखाको विषयमा जानकारी भएन।

सवाल १८ तपाई कोषाध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.को बचत रकम सुमेरु पुल्चोकमा किन राख्नु भएको हो?

जवाफ १८ सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटी पनि पुल्चोकस्थित सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कै शाखा कार्यालय हो भनी अध्यक्ष भरत महर्जनले हामीलाई जानकारी गराउनु भएको थियो। सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटीको व्यवस्थापक स्वच्छन्दा मानन्धरले उक्त कार्यालयको सम्पूर्ण जिम्मेवारी लिनु भएको थियो। सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष भरत महर्जन र पुल्चोकस्थित सहकारीका सञ्चालक समितिको निर्देशनमा उक्त रकमहरू सुमेरु बचत तथा ऋण सहकारी संस्था लि., पुल्चोकमा राखिएको हो। अन्य विषयमा जानकारी भएन।

सवाल १९ सुमेरु पुल्चोकको प्रायः ऋण किर्ते प्रकृतिको देखिएपछि कर्जा नोक्सानी व्यवस्था पर्याप्त मात्रमा किन लेखांकन नगरिएको ?

जवाफ १९ सुमेरु पुल्चोकले धेरै लगानी सुमेरु सिटि अस्पताल, सुमेरु सामुदायिक अस्पताल, एसियन कलेज, शंखरापुर कलेज र सुमेरु मार्टमा सञ्चालक समितिको माइन्युटिड मार्फत कर्जा फाइल खडा नगरिकन लगानी गरेको छ। सो लगानी गरिएका कम्पनीहरूबाट ऋण वापतको रकम फिर्ता नआएको हुनाले सहकारी समस्यामा परेको हो। पुल्चोकस्थित कार्यालयको कर्जा अधिकृत सुदीप मल्लले केही बचतकर्ताहरूको नाममा फिक्स्ड लोन निकाली आफूले प्रयोग गरेको थियो। उक्त रकमहरू निजले फिर्ता गरिसकेको छ। त्यो बाहेक अन्य कर्जा किर्ते गरेको भन्ने सम्बन्धमा मलाई जानकारी भएन।

सवाल २० ४२ करोड ७५ लाख बराबरको रकम नाम नखुलाई अन्य शीर्षकमा भुक्तानी दिनु पर्ने भनी लेखांकन गर्नु भएको छ, त्यति ठूलो रकम कसलाई भुक्तानी गर्नु पर्ने हो ?

जवाफ २० यो कुन रकम हो भन्ने विषयमा मलाई जानकारी भएन।

सवाल २१ साधारण जगेडा कोषको रकम के-केमा खर्च गर्न पाइन्छ ? आ.व. २०७९/८० को नोक्सानी जगेडा कोषमा मिलान गर्न मिल्छ ?

जवाफ २१ अडिटरले गरेको होला मलाई जानकारी भएन।

सवाल २२ वित्तीय विवरणमा जग्गाको मूल्य NFRS बमोजिम ९ करोड ९ लाख १८ हजार उल्लेख छ जुन Fair value (बजार मूल्य हुनु पर्ने) हो तर पुँजी व्यवस्थापन गर्दा उक्त जग्गा ३० करोडमा बिक्री गर्ने भनिएको छ, यो कसरी सम्भव हुन्छ ?

जवाफ २२ यो कार्य पनि अडिटरले गर्ने हुँदा मलाई जानकारी भएन।

सवाल २३ संस्थाको संस्थापक अध्यक्ष भरत महर्जन र निजको स्वामित्वमा रहेको जग्गा जमिन बिक्री गरी झन्डै २ अर्ब उपार्जन गर्ने भनिएको छ, उक्त सम्पति धितो बिक्रिबाट हो की अन्य कुनै तरिकाले उपार्जन गर्नुहुन्छ ?

जवाफ २३ भरत महर्जन र उहाँको परिवारको सम्पत्ति करीब २ अर्ब जति भएको र कालिमाटी स्थित सहकारीको नाममा कही कतै जग्गा जमिन नभएको र उक्त सहकारीको अध्यक्ष सचिन महर्जन भएको हुनाले भरत महर्जनको जग्गा जमिनबाट उपार्जन गर्ने भनिएको हो।

सवाल २४ संस्थाको सिस्टममा बचतकर्ताको निक्षेप तथा मुद्दती रु. १० अर्ब ८२ करोड ८० लाख देखिएकोमा कालिमाटीको जम्मा रू. १ अर्ब ९७ करोड ८४ लाख देखिएको छ तर कालिमाटीको बचतमात्र देखिएको र ऋण किन नदेखिएको ?

जवाफ २४ देखिएको रकम पुल्चोकमा कालिमाटीको डिपोजिटको रूपमा देखिएको हो। कालिमाटीको दायीत्व कालिमाटीको सिस्टममा देखिन्छ।

सवाल २५ संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सोमा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात,र संस्थाको उक्त दायित्वको औचित्य कसरी पुष्टी गर्नुहुन्छ ?

जवाफ २५ शेयर सदस्यको बचत खाता खोल्दाका बखत व्यक्तिगत (तिनपुस्ते) विवरण सहित, रकम बचत गर्दा त्यसको स्रोत खुलाउने फारम भरी बचत कलेक्सन गरिन्छ। र पछिल्लो समयमा वार्षिक रूपमा KYC फाराम समेत भरिन्थ्यो।

सवाल २६ संस्थाले लेखापरिक्षण गर्दा बचतको तथ्याङ्क मिति २०७९/११/२६ सम्मको मात्र किन दिएको ?

जवाफ २६ संस्थाको लेखापालले उपलब्ध गराउनु पर्ने हो। किन गराउनु भएन उहाँसँग बुझेरमात्र भन्न सक्छु।

सवाल २७ सदस्यहरूलाई (कम्पनी समेत) दिइएको कूल ऋण रकमको ७२% जति ऋण ठूला ऋणीहरूलाई दिएको छ, यो कानूनसम्मत छ कि छैन ?

जवाफ २७ ऋण प्रवाह गर्ने बेलामा संस्थाको कुनै पनि माईन्युटमा मेरो हस्ताक्षर छैन। मलाई नामको मात्र कोषाध्यक्ष बनाइएकोले यसमा के-कसो भएको छ अध्यक्ष सचिन महर्जन र व्यवस्थापक स्वच्छन्दा मानन्धरलाई मात्र जानकारी छ होला मलाई यस विषयमा थाहा जानकारी भएन।

सवाल २८ सुमेरु सामुदायिक अस्पताल, सुमेरु सिटी हस्पिटल प्रा.लि. र एसियन कलेजमा प्रवाह गरिएको ऋण कानूनसम्मत छ ? सिस्टममा किन ब्याजमात्र देखिरहेको छ ?

जवाफ २८ सञ्चालक समितिको निर्णय अनुसार उल्लिखित संस्थाहरूमा ऋण प्रवाह गरिएको हो। म उक्त संस्थाको कर्मचारी (लेखापाल) मात्र भएकोले उहाँहरूको निर्देशन बमोजिम मैले सिस्टममा ईन्ट्री गरेको हो। कानूनसम्मत थियो/ थिएन मलाई थाहा जानकारी भएन। सञ्चालक समितिले कानूनी राय लिई ऋण प्रवाह गर्नु भएको होला।

सवाल २९ विशेष वज्राचार्यलाई १८ करोड ७२ लाख बराबरको ऋण प्रदान गर्नु कानून बमोजिम छ वा छैन ? त्यसका लागि पर्याप्त धितो लिइएको छ कि छैन ?

जवाफ २९ सञ्चालक समितिको निर्णयअनुसार उक्त व्यक्तिलाई पर्याप्त धितो लिई ऋण प्रवाह गरिएको हो। मैले बोर्डको निर्देशन अनुसार कर्मचारीको हैसियतले काम गरेको हो। कानून बमोजिम थियो थिएन मलाई जानकारी भएन उक्त ऋण भुक्तानी भइसकेको भन्ने सुनेको हुँ। के-कस्तो अवस्थामा छ थाहा भएन।

सवाल ३० ब्याज रकम पुँजीकृत गर्नु भएको छ कि छैन ?

जवाफ ३० ब्याज रकम पुँजीकृत गरिएको छैन।

सवाल ३१ ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजको दर कति प्रतिशत लिनु भएको छ ?

जवाफ ३१ ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजको दर १६ देखि १८ प्रतिशतसम्म लिएको छ। धेरै वर्ष नतिरेका ऋणीहरूको हकमा ब्याज र ऋण लगभग बराबर भएको हुन सक्दछ।

सवाल ३२ बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?

जवाफ ३२ बचत र ऋणको ब्याजदरको अन्तर ३ देखि ५ प्रतिशत रहेको छ।

सवाल ३३ बचतकर्तालाई कर कट्टा गरी ब्याज दिने तर कट्टा गरेको कर रकम सरकारलाई किन नतिरेको?

जवाफ ३३ संस्था समस्यामा आउनु भन्दा अगाडिसम्म तिरी कर चुक्ता प्रमाणपत्र समेत लिएको थियो। तर समस्यामा आएपछि रकमको अभावले कर तिरेको छैन।

सवाल ३४ सुमेरु पुलचोकका के-कुन प्रकृती के-कति सम्पत्तिहरू छन्? हाल ती सम्पत्तिहरू के-कुन अवस्थामा रहेका छन्? खुलाइदिनुहोस्।

जवाफ३४ मेरो जानकारीअनुसार सुमेरु ग्रुपका २० वटा जति कम्पनीहरू होलान्। सुमेरु हस्पिटल धापाखेल, सुमेरु सिटी हस्पिटल पुल्चोक, सुमेरु डायग्नोस्टिक पुल्चोक, सुमेरु किड्नी हस्पिटल धापाखेल, एसियन कलेज सातदोबाटो, शंखरापुर कलेज सातदोबाटो, सुमेरु मार्ट सातदोबाटो, सुमेरु रेमिट्यान्स पुल्चोक, सुमेरु प्रिन्टिड प्रेस सातदोबाटो, सुमेरु हाउजिङ सातदोबटो, सुमेरु ग्रुप अफ अर्गनाईजेसन सातदोबाटो, सुमेरु हार्डवियर सातदोबाटो, सुमेरु व्यामशाला धापाखेल, निगाँलो रिसोर्ट टौदह, सुमेरु हर्स राइडिङ धापाखेल, सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी संस्था पुल्चोक, सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी संस्था कलिमाटी, ल्याडक्रुजर V8, सुमेरु र सुमेरु सि.टी हस्पिटलको नाममा लगभग ४ वटा एम्बुलेन्स, ३ वटा ईको भ्यान र २ वटा बाईक, कलेजको स्वामित्वमा २ वटा बसहरू, सहकारीका सञ्चालक समितिका सदस्यहरूले ६ वटा कारहरू र सञ्चालकहरू मध्ये अध्यक्ष हेमराज दाहाल र विनोद आर्चायलाई आवास सुविधा दिएको छ। हाल ल्याडक्रुजर V8 भरत महर्जन बोटस्वानाको लागि महावाणिज्य दूत रहेको समयमा कुटनीतीक नम्बर लिई ८८८८ नम्बर कायम बनाएकोमा निजले नेपाल छाडेपछि निजका कानून व्यवसायी प्रमोदकुमार यादवले चढ्नु भएको थियो। त्यसको केही समय पछि उक्त सवारी शारदाप्रसाद अधिकारीले लिनुभएको र उँहाले नै प्रयोग गरेको भन्ने बुझेको छु। भरत महर्जन, श्याम महर्जन र कुमार थापा भई अल्का अस्पताल खोलेकोमा पछि कुमार थापाले अल्का, भरत महर्जनले सुमेरु र श्याम महर्जनले निदान अस्पताल चलाउने गरी अलग-अलग भएका थिए।

सवाल ३५ भरत महर्जन आफु, श्रीमती, छोरा, छोरी ज्वाई सहित बेलायत जाँदा सहकारीको के-कति रकम लैजानु भएको छ? सहकारीको रकम लगानी भएको तौदह, नागदह र गोदामचौरका जग्गा जमिनहरू हाल को कस्को स्वामित्वमा रहेका छन? खुलाईदिनुहोस।

जवाफ ३५ राजमाया महर्जन र बाबुरत्न महर्जनको नाममा रहेको गोदामचौरमा रहेको जग्गा बिरु महर्जनले प्लटिङ गरी बिक्री भइसहेको छ। नागदहमा रहेको जग्गा बिरु महर्जनले प्लटिङ गरी रहनु भएको छ। टौदहमा निँगालो रिसोर्टको नाममा रहेको ३५ रोपनी जग्गा आधा आधा गरी छोरी सरला र छोरा सचिन लाई क्रमशः दाईजो र अंश बापत पास गरेको भन्ने बुझेको छ। रकम के-कति लैजानु भयो यकिन थाहा छैन।

सवाल ३६ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ ३६ सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटी र सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोकसँग एकिकरण भयो भने समस्या समाधान हुन्छ। सुमेरू कालिमाटीको अन्दाजी २ अर्ब सुमेरु पुल्चोकमा बचत रहेको छ। यदि त्यो रकम फिर्ता आयो भने, रसचिन महर्जन र भरत महर्जनलाई नेपालमा ल्याउन सकियो भने उनीहरूको नाममा रहेको सम्पत्तिबाट असुल उपर गरी संस्थाको समस्या समाधान गर्न सकिन्छ।

सवाल ३७ तपाईं कोषाध्यक्ष रहेको सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ३७ सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटी र सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोकसँग एकिकरण भयो भने समस्या समाधान हुन्छ। सुमेरू कालिमाटीको अन्दाजी २ अर्ब सुमेरू पुल्चोकमा बचत रहेको छ। यदि त्यो रकम फिर्ता आयो भने र सचिन महर्जन र भरत महर्जनलाई नेपालमा ल्याउन सकियो भने उनीहरूको नाममा रहेको सम्पत्तिबाट असुल उपर गरी संस्थाको समस्या समाधान गर्न सकिन्छ।

सवाल ३८ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ ३८ सुमेरू कालिमाटीमा म नाम मात्रको कोषाध्यक्ष रहेको, भरत महर्जन नाताले मामा पर्ने भएकोले उहाँको निर्देशन बमोजिम रहेको हुँ। उक्त संस्थाको सञ्चालक समितिको बैठक बस्दा मलाई केही थाहा जानकारी दिइएको थिएन। हालसम्म म एकपटक पनि बैठकमा उपस्थित भएको छैन। पुल्चोकको हकमा म कर्मचारी (लेखापाल) भएकोले तत्कालिन अध्यक्ष भरत महर्जन, हेमराज दाहाल र सञ्चालक समितिको निर्णय, निर्देशन बमोजिम काम गरेको हुँ। यी संस्थाहरू समस्या पर्नुमा मेरो कुनै संलग्नता छैन भन्ने व्यहोरा अनुरोध गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः रामकृष्ण अवाले

पदः लेखापाल (पुल्चोक)/ कोषाध्यक्ष (कालिमाटी)

संस्थाः सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.पुल्चोक,
सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटी

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ ~~साउन २७~~ भदौ २ गते आइतबार

समयः अपराह्न ५:३० बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष दर्शन बचत तथा ऋण सहकारी संस्था लि. किर्तिपुरका अध्यक्ष श्री दिनेश दर्शनधारीसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम दिनेश दर्शनधारी हो। बाजे कृष्ण बहादुर दर्शनधारी, बुवा गणेश दर्शनधारी र आमा बसला दर्शनधारी हो। मेरो परिवारमा श्रीमतीहरू सरस्वती दर्शनधारी र आयुषा दर्शनधारी र छोराहरू डेलुइस् र संयाक दर्शनधारी हुनुहुन्छ। मेरो स्थायी बसोवास किर्तिपुर नगरपालिका वडा नं ३ ढल्पामा रहेको छ। मेरो ना.प्र.नं. १०६६२५०/४६ र फोन नं ९८५१११४१३७ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म दर्शन बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष हुँ। यस सहकारीको कार्यालय कीर्तिपुर नगरपालिका वडा नं. ९ नगाउँमा रहेको छ। इस्टर्न स्टार कृषी सहकारी बिराटनगरको शेयर सदस्य रहेको छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलिन कानून बमोजिम सहकारी सञ्चालन गरिएको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ म कृषि व्यवसायमा संलग्न छु। करीब एक वर्ष अगाडीसम्म बाइक सोरुम, इलेक्ट्रोनिक सामानहरू र मोबाइलको सोरुम रहेको थियो हाल उक्त व्यवसाय छैन।

सवाल ६ तपाईं मुख्य सञ्चालक रहेको दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्षमा म, उपाध्यक्षमा तारा तुलाधर, सचिव यशोदा राई, कोषाध्यक्ष जेनु महर्जन, सदस्यहरू जेनिस महर्जन, अनिल अधिकारी र शान्ति कुमारी राई हुनुहुन्छ। यस दर्शन बचत तथा ऋण सहकारी संस्थाको स्थापना काल देखि नै म अध्यक्षको पदमा रहेको छु। हालको दर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा अन्य पाँच वटा सहकारीहरू सोनित्य बचत तथा ऋण सहकारी संस्था लि., आदिवासी जनजाति महिला बचत तथा

ऋण सहकारी संस्था लि., आरोग्य बचत तथा ऋण सहकारी संस्था लि., हाम्रो भरोसा बहुउद्देश्यीय सहकारी संस्था लि. र निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लि. एकिकरणबाट जोडिएका छन्।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा रहेको छ। बचतकर्ताहरू एकैपटक बचत फिर्ता माग्न आउँदा तरलताको अभावले गर्दा बचत फिर्ता गर्न सकिएन र सहकारी समस्यामा आएको हो। राष्ट्रिय सहकारी विकास बैंक लि. सँग हामीले हालको बजार मूल्य करीब १ अर्ब ५० करोड पर्ने सम्पत्ति धितो राखेर करीब ३५ करोड मात्र कर्जा लिएकोमा उक्त जग्गाहरू सहकारी बैंक ले रोक्का राखेको र अन्य कुनै बैंकमा धितो राखेर कर्जा लिन समेत असहज बनाइदिएको कारण हाम्रो सहकारी समस्यामा परेको हो। यस सहकारीका गैरसदस्यहरूले थोरै लगानी भएका सदस्यहरूलाई उक्साएर सहकारीविरोधी कार्य गर्ने गराउने गरेकाले पनि सहकारी समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्। तर मेरो श्रीमती आयुषा दर्शनधारी प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ म संलग्न सहकारीको सचिव यशोदा राई इस्टन स्टार कृषि सहकारीको अध्यक्ष हुनुहुन्छ। उक्त इस्टर्न स्टार कृषि सहकारीमा दर्शन बचत तथा ऋण सहकारीको म लगायत धेरै जना सदस्यहरूको शेयर लगानी रहेको छ र मोरङको रङ्गेली नगरपालिकामा करीब ४० बिगाह जमिनमा कृषि वन परियोजना विकास गरिरहेका छौं। एकैपटक विभिन्न सहकारीको सञ्चालक समितिमा सदस्य हुन पाइँदैन भन्ने विषयमा हालसालै जानकारी पायौं। निज यशोदा राईले यस सहकारीमा राजिनामा दिने तयारीमा हुनुहुन्छ।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चलाकहरू कर्मचारी रहेका छैनन्। यस सहकारीको कर्मचारी विनियमावली अनुसार कर्मचारी छनौट गर्ने गरिएको छ।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ सुरु-सुरुमा थाहा नपाउँदा अन्जानमा शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास बाहेकका सदस्य पनि थिए, जसलाई पछि हटाइयो। हाल विभिन्न सहकारीसँग एकिकरणमा गएपछि यस सहकारीको कार्यक्षेत्र पनि विस्तार भएको छ। हामीसँग एकिकरण प्रक्रियामा आउनुभएको आदिवासी जनजाति महिला बचत तथा ऋण सहकारीको देशभर कार्यक्षेत्र थियो र उक्त सहकारीको सदस्यको हकमा, सदस्यहरू विभिन्न ठाउँबाट भएकोमा उक्त सदस्य मध्येका हाम्रो सम्पर्कमा आएका सदस्यहरूको बचत रकम फिर्ता गरी कानून बमोजिम सदस्यबाट हटाएका छौं, अन्यको हकमा सम्पर्कमा आएपछि सोही अनुसार गर्ने छौं।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारीको किर्तिपुर स्थित १० आनामा बनेको प्रधान कार्यालय भएको साढे तिन तले भवन र किर्तिपुर नगरपालिका वडा नं. ९ स्थित ४ आना २ पैसामा बनेको तत्कालिन निर्मलबुद्ध बचत तथा ऋण सहकारी संस्थाको कार्यालय भएको ५ तले भवन रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ एकिकारण हुनु भन्दा पहिले एकिकृत भएका सहकारीहरूसँग गरेका थियौं। सो बाहेक इस्टर्न स्टार कृषि सहकारी संस्थासँग कारोबार रहेको थियो। हाल कुनै सहकारीसँग कारोबार छैन।

सवाल १५ तपाइको सहकारी संस्थामा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ १५ यस सहकारीमा कूल बचत रकम करीब २ अर्ब ७ करोड रहेको छ। हामीले लगानी गरेको इस्टर्न स्टार कृषि सहकारी संस्थाको कृषि फार्ममा लगानी गरिएका हाम्रो सहकारीका सदस्यहरूलाई ४ वर्षभित्र फाइदा दिलाउने प्रतिवद्धता गरेकोमा हालको मन्दिका कारण उक्त फाइदा रकम उपलब्ध गराउन नसकिएका कारण उक्त फाइदा रकम बराबरको रकमलाई हाम्रो सहकारीमा आवधिक बचत (fixed deposit) मा उल्लेख गरीयो। तत्पश्चात संस्थाको वित्तिय स्थिती घाटामा गएको देखिने हुँदा त्यस्तो प्रतिवेदन सार्वजनिक गर्दा बचतकर्ताहरूको विश्वाष गुम्ने हुँदा सो बराबरको रकम हामी सञ्चालकहरू र केही सदस्यहरूको मन्जुरीमा उनिहरूकै नाममा ऋण उल्लेख गरी मिलाइएको छ। यसमा उक्त इस्टर्न स्टार कृषि सहकारी संस्थाको कृषि फार्मबाट भविष्यमा आउने फाइदालाई निज लगानीकर्ताहरूलाई उपलब्ध गराई ऋणीहरूको ऋण रकमबाट घटाउने प्रतिवद्धताका साथ योजना गरिएको छ। हाम्रो सहकारीले राष्ट्रिय सहकारी बैंकसँग करीब ३५ करोड र काठमाडौं बचत तथा ऋण सहकारी संघसँग करीब ८० लाख ऋण लिएको छ। नगद मौज्दात २० लाख जति रहेको छ जुन बचतकर्ताहरूलाई फिर्ता गरिदै छ। बैंक मौज्दात छैन। साथै ऋण लगानी करीब २ अर्ब ६० करोडको रहेको छ।

सवाल १६ तपाईंको सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता नपाएको भनी यस समितिमा गुनास गर्नुभएको छ। बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाई दिनुहोस्।

जवाफ १६ तरलताको अभावको कारण बचतकर्तालाई बचत रकम फिर्ता गर्न गाह्रो भएको हो। साथै आर्थिक मन्दीका कारण ऋणीहरूबाट ऋण रकम असुलउपर गर्न समस्या भएकोले बचत रकम फिर्त गर्न नसकिएको हो।

सवाल १७ २०८१ जेष्ठ २१ देखि शेयर सदस्यहरूलाई बचत फिर्ता गर्ने भनी प्रतिबद्धता जनाउनु भएकोम उल्टै सहकारी संस्थाको कारोबार र सेवा प्रवाह किन बन्द गर्नुभएको हो?

जवाफ १७ केही दिन बचतकर्ताहरूले आन्दोलन गरी तोडफोड गरेकोले बन्द गरिएको हो। हाल सहकारी सञ्चालनमा ल्याई बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने कार्य गरिरहेका छौं।

सवाल १८ तपाईको सहकारीका बचतकर्ताको बचत रकम के-कुन कम्पनीमा लगानी गर्नु भएको छ?

जवाफ १८ बचत तथा ऋण सम्बन्धी सहकारी भएकोले कम्पनीमा लगानी गरिएको छैन। एकीकृत कृषि फार्म सञ्चालन गर्दा सदस्यहरूले धितो राखी ऋण लिई, उक्त ऋणीहरूले सो कृषि कम्पनीहरू र कृषि सहकारीमा लगानी गरेका छन्।

सवाल १९ हालसम्म के-कुन सहकारी एकीकरण गर्नु भएको छ?

जवाफ १९ हालको दर्शन बचत तथा ऋण सहकारी संस्था लि. मा अन्य पाँच वटा सहकारीहरू सोनित्य बचत तथा ऋण सहकारी संस्था लि., आदिवासी जनजाति महिला बचत तथा ऋण सहकारी संस्था लि., आरोग्य बचत तथा ऋण सहकारी संस्था लि., हाम्रो भरोसा बहुउद्देश्यीय सहकारी संस्था लि. र निर्मल बुद्धभुमि बचत तथा ऋण सहकारी संस्था लि. एकिकरणबाट जोडिएका छन्।

सवाल २० सहकारीले कुन-कुन संस्थाबाट के-कति ऋण लिएको छ?

जवाफ २० हाम्रो सहकारीले राष्ट्रिय सहकारी बैंक लि.सँग करीब ३५ करोड र काठमाडौं बचत तथा ऋण सहकारी संघसँग करीब ८० लाख ऋण लिएको छ।

सवाल २१ तपाईको सहकारीबाट ६० करोड भन्दा बढी ऋण बिनाधितो लगानी गरिएको देखिन्छ। उक्त ऋणलाई कसरी सुरक्षित गर्नुभएको छ?

जवाफ २१ राष्ट्रिय सहकारी बैंक लि.ले लघुवित्त ऋण भनी हामीलाई विना धितो ऋण प्रवाह गरेको र उक्त ऋण सदस्यहरूलाई विनाधितो नै लगानी गर्नु भनी निर्देशन दिएकोले हामीले सोही बमोजिम विनाधितो लगानी गरेका थियौं। एकिकरणबाट नयाँ सहकारी बन्दा सबै सहकरीको सोही अनुसारको ऋण रकम धेरै देखिएको हो। हाल अभियन्ताहरूले लघुवित्तको ऋण नतिर्ने भनी अभियान चलाएकाले उक्त ऋण रकम नउठेको हो। यदि यो ऋण लगानी नउठेमा हामी सञ्चालकहरूले आफ्नो सम्पत्ति बेचेर भए पनि सहकारीको ऋण बराबरको रकम उठाउँन प्रतीबद्ध छौं।

सवाल २२ नेपाल प्रहरीका पूर्व प्रहरी नायवमहानिरीक्षक छविलाल जोशी र नायक शिव श्रेष्ठसँग तपाई र दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को-के-कस्तो कारोबार र सम्बन्ध रहेको छ?

सामाजिक सञ्जालमा अमर्यादित गालिगलौज गर्ने जस्ता कार्य भइरहदा समेत सहकारी अभियान र राज्यको नजर नपुग्दा हामी सञ्चालकहरूको ज्यान समेत असुरक्षित भएको अवस्था छ। गैरसदस्यहरूले पैसाको बार्गेनिङ गरी धाक धम्की दिने जस्ता कार्य गरिरहेको हुँदा राज्यले उचित कदम चालोस्।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः दिनेश दर्शनधारी

पदः अध्यक्ष

संस्थाः दर्शन बचत तथा ऋण सहकारी संस्था लि. किर्तिपुर।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २ गते आइतबार
समयः अपराह्न ७:१० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष लुःनिभा बहुउद्देश्यीय सहकारी लि. संस्थाका निलम्वित अध्यक्ष श्री मिन कृष्ण श्रेष्ठसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम मिन कृष्ण श्रेष्ठ हो। बाजे पदम बहादुर श्रेष्ठ, बुबा राधा कृष्ण श्रेष्ठ, आमा जगत कुमारी श्रेष्ठ, श्रीमती अम्बिका श्रेष्ठ (सम्बन्ध विच्छेद भएको), छोरीहरू अजुसा श्रेष्ठ र अस्मिना श्रेष्ठ हो। मेरो स्थायी ठेगाना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१५ स्वयम्भू हो। म वर्ष ५७ को भए। मेरो जन्म २०२२ मंसीर ०३ गते भएको थियो। मेरो फोन नं. ९८५१०४४५०४ र ना.प्र.नं.२२७६/३३८४/४५०८४-काठमाडौं हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म अध्यक्ष रहेको लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३० असन कमलाछीमा रहेको छ। यो सहकारी २०५९ सालमा स्थापना भएको हो। यस बाहेक अन्य कुनै सहकारीमा आबद्ध छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ मैले थाहा पाएसम्म सहकारी ऐन र प्रचलित कानून बमोजिमं नै सहकारी सञ्चालन गरेको थिएँ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय छैन।

सवाल ६ तपाईं अध्यक्ष रहेको लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि.को अध्यक्षमा म, उपाध्यक्ष रामेश्वर श्रेष्ठ, सचिव स्व. हरि कृष्ण थापा, कोषाध्यक्ष रविन श्रेष्ठ, सदस्यहरू सुरेस कुमार डंगोल, राजेश शाक्य, सुरज वज्राचार्य र लेखा समिति संयोजकमा कृष्ण बहादुर वज्राचार्य थियौं। तेसै गरी लेखा

समितिका सदस्यहरू पुष्प बहादुर चित्रकार, सञ्जय चित्रकार रहेका थिए।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ यो संस्था २०७६ साल श्रावण १२ गते समस्याग्रस्त घोषणा भएको हो। त्यस पश्चात संस्था बन्द अवस्थामा रहेको छ। २०७२ सालको भूकम्पको मुख्य कारणले गर्दा संस्था समस्यामा परेको हो। भूकम्पमा कतिपय ऋणीहरूका घर भत्केका र उनीहरूले समयमा पैसा तिर्न नसकेको र बचतकर्ताले बचत जम्मा गर्न समेत नआएको कारणले समयमा बचत रकम फिर्ता गर्न नसकेको कारण समस्या परेको हो। मेरो भाई नायक श्रीकृष्ण श्रेष्ठको निधन, नाकाबन्दी पछी पनी सहकारीमा समस्या देखिएको थियो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही नभएको जानकारी गराउँदछु।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा रहेका थिएनन् ।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालक समितिका सचिव स्व. हरि कृष्ण थापा कर्मचारीको रूपमा समेत रहेका थिए। बचतकर्ताहरूबाट आएको सुझावका आधारमा व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरेका थियौं।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने गरिएको थिएन र त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गरिएको थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र शेयर सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ती संस्थाको नाममा नरहेको तर ऋणीहरूलाई अन्दाजी ११ करोड ऋण प्रवाह भनि गरिएको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छैन। न्युरोडको नवबिकास बहुउद्देश्यीय सहकारीको बचत हाम्रो सहकारीमा रहेको छ।

सवाल १५ तपाइको सहकारी संस्थामा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ १५ संस्थाको शेयर पुँजी करिब १ करोड रहेको छ। कुल बचत रकम अन्दाजी २० करोड रहेको छ। जम्मा बचतकर्ता करिब ९ सय मध्ये अन्दाजी २ सय १४ जना बचतकर्ताहरूको बचत फिर्ता माग बमोजिम ११ करोड ७४ लाख ४४ हजार २६ रुपैया फिर्ता गर्न बाँकी रहेको छ। २ सय १४ बाहेक अन्य माथि उल्लिखित बचतकर्ताहरूको हकमा समस्याग्रस्त घोषणा हुनु भन्दा अगाडि नै ऋणीहरूबाट कर्जा उठाएर घर-घरमा गई बचत फिर्ता गरी सेटल भईसकेको थियो। ११ करोड ७४ लाख ४४ हजार २६ रुपैया मध्येमा पनि १ सय ३ जना बचतकर्ताहरूको ५ करोड ६८ लाख ५ हजार १ सय ७५ रुपैया फिर्ता दिई बाँकी ६ करोड ६३ लाख ८ हजार ८ सय ५१ मात्र बाँकी रहेको छ। कूल कर्जा प्रवाह अन्दाजी २० करोड मध्ये कर्जा असुली गर्न बाँकी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अभिलेख अनुसार जम्मा ९ करोड २१ लाख ४ हजार ९ सय ४१ रुपैया रहेको छ।

सवाल १६ तपाइको सहकारी संस्था समस्याग्रस्त घोषणा भैसकेपछि समस्या समाधानका लागि के-कस्ता प्रयास गर्नु भएको छ ? खुलाइदिनुहोस्।

जवाफ १६ संस्था समस्याग्रस्त घोषणा भैसकेपछि पनि समस्या समाधान गर्नका लागि म स्वयम् समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सहयोगमा ऋणीहरूको घर-घरमा गई घरजग्गा रोक्का गरी असुल उपर गर्ने कार्य गरेको छु। जसले गर्दा माग बमोजिमको रकम फिर्ता गर्दै गएको र गर्ने क्रममा रहेको छ।

सवाल १७ तपाईको सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता नपाएको भनी यस समितिमा गुनासो गर्नुभएको छ। बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाई दिनुहोस्।

जवाफ १७ बचतकर्ताको बचत रकम फिर्ता गर्ने पहल र प्रयास जारी छ। ऋणीहरूबाट कर्जा असुली

नभएकोले उहाँहरूको बचत रकम फिर्ता गर्न ढिलाई भएको हो। निवेदकहरूको बचत रकम ऋणीहरूबाट कर्जा असुली हुनासाथ फिर्ता गर्नेछु।

सवाल १८ नामअनुसार साच्चिकै बहुउद्देश्यीय कारोबार पनि गर्नुभयो वा बचत तथा ऋणको मात्र कारोबार गर्नु भएको हो ? खुलाइदिनुहोस्।

जवाफ १८ बचत तथा ऋणको मात्र कारोबार गरिएको थियो।

सवाल १९ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १९ विद्यमान अवस्थामा यो सहकारीको समस्या समाधान गर्न सकिन्छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले ऋणीहरूको रोक्का गरेको जायजेथा लिलामी गरी सहजीकरण गर्दै संस्थाको समस्या समाधान गर्न सकिन्छ।

सवाल २० तपाई अध्यक्ष रहेको लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार र कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २० लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि.को हालको दायित्व जम्मा ६ करोड ६३ लाख ८ हजार ८ सय ५१ मात्र बाँकी रहेको हुँदा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हामीले सिफारिस गरेको ऋणीहरूको घर जग्गा रोक्का राखिदिने र लिलामी प्रक्रियामा गई सहजीकरण गरिदिनुपर्यो।

सवाल २१ तपाईले सरला श्रेष्ठलाई हेटौंडामा जग्गा बिक्री गरेको देखिन्छ। निज सरला श्रेष्ठसँग तपाईको नाता सम्बन्ध के रहेको छ? उक्त जग्गा हाल के-कुन अवस्थामा छ? खुलाइदिनुहोस्।

जवाफ २१ हेटौंडामा जग्गा बिक्री गरेको सरला श्रेष्ठसँग मेरो कुनै नाता सम्बन्ध छैन। निज श्रेष्ठको बाबुको नाम मित्रलाल श्रेष्ठ हो र श्रीमान् को नाम रविमणि श्रेष्ठ हो। मेरो आफ्नै दिदी सरला श्रेष्ठ (ना.प्र.नं.७४५३/५१/५२-काठमाडौं) बाबुको नाम राधा कृष्ण श्रेष्ठ हो र श्रीमानको नाम चन्द्र प्रसाद श्रेष्ठ हो। नाममात्र मिल्न गएकोले आफ्नै दिदीलाई जग्गा बेचेको हो की भन्ने बचतकर्ताहरूमा भ्रम पर्न गएको हो। मेरो दिदी सहकारीको शेयर सदस्य हो, ऋणी होइन। त्यस कारोबार सँग मेरो दिदीको केही सम्बन्ध छैन। तर मेरो दिदी सरला श्रेष्ठको जिल्ला काठमाडौं तारकेश्वर नरगपालिका वडा नं. ०२, काभ्रेस्थलीमा रहेको कि.नं. ६३ (०-१३-२-०), कि.नं. ६५ (२-०-१-०), कि.नं. २२४ (०-१५-३-०), कि.नं. २७९ (१-१३-०-०) को जग्गा र निजको बैंक खाता समेत समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले रोक्का गरेको छ। जुन अन्यायपूर्ण छ। तत्काल फुकुवाको प्रबन्ध गरी दिनुहुन अनुरोध गर्दछु। यस सम्बन्धी कागजात (प्रमाण) यस समितिमा पेस गरेको छु।

सवाल २२ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २२ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले मिति २०८० चैत्र २१ गते मेरो निवेदनउपर छलफल गर्ने क्रममा ऋण असुली गर्नेतर्फ सहजीकरण नगरी केवल मेरो मात्र दायित्व देखाई जबरजस्ती रूपमा मबाट असुलउपर गराउने कागज गराएको छ। जुन अन्यापूर्ण छ। किनभने मेरो सिफारिसमा गएको ऋणीहरूको जायजेथा रोक्का गरेर पनि कार्यान्वयन नगरेकोले उक्त रोक्का लिलामी प्रक्रिया अगाडि बढाउन सहजीकरण गरिदिनुहुन अनुरोध गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः मिन कृष्ण श्रेष्ठ

पदः निलम्बित अध्यक्ष

संस्थाः लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि. काठमाडौं

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ भाद्र २ गते आइतवार

समयः बेलुका ८:०० बजे

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष कुमारी सेभिङ्ग्स एण्ड क्रेडिट कोअपरेटिभ्स लि. का पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य श्री सूर्यध्वज न्यौपानेसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम सूर्यध्वज न्यौपाने हो। मेरो बाजे भक्तबहादुर न्यौपाने, बुबा छत्रबहादुर न्यौपाने, आमा रत्नकुमारी न्यौपाने हो। मेरो श्रीमती सुनीता कार्की न्यौपाने, छोरा ओजस न्यौपाने र अस्मान न्यौपाने हुन्। मेरो स्थायी ठेगाना जिल्ला सिन्धुली साविक ककुरथाकुर गा.वि.स, परिवर्तित दुधौली नगरपालिका वडा नं. १४ भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ कपनमा बस्छौं। मेरो ना.प्र.नं. ३९७९/३२६८ र मोबाइल नम्बर ९७६८३८३०२३ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म २०६१ सालदेखि कुमारी सेभिङ्ग्स एण्ड क्रेडिट कोअपरेटिभ्स लि.मा आबद्ध थिए। २०६१ देखि २०६६ सम्म सचिव, २०६६ देखि २०७९ सम्म अध्यक्ष रहे र हाल सञ्चालक समितिको सदस्य रहेको छु। यस संस्था काठमाडौं जिल्ला, काठमाडौं महानगरपलिका वडा नं. ०७ चावहिलमा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ यस संस्था सहकारी ऐन, २०४८ अनुसार स्थापना भएको हो। सहकारी ऐन र प्रचलित

कानून बमोजिम सहकारी सञ्चालन गर्न खोजेका थियौं तर कहिले काहि ऋण प्रवाह गर्दा कानूनले तोकेको पूँजीकोषको अनुपात भन्दा अलि भढी प्रवाह भएको देखिन्छ हाल सुधार भई सकेको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ २०६७ साल देखि २०७८ साल सम्म इन्टायर ट्राभल्स एण्ड टुर्स प्रा.लि. नामक ट्राभल कम्पनी सञ्चालन गर्थे। हाल कुनैपनी व्यवसायमा संलग्न छैन।

सवाल ६ तपाईं पूर्वअध्यक्ष र सञ्चालक रहेको कुमारी सेभिङ्गस एण्ड क्रेडिट कोअपरेटिभ्स लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ संस्थापक अध्यक्ष पुष्पा कुमारी तामाङ, उपाध्यक्ष डमिन्द्र कुमार श्रेष्ठ, सचिव पेशल कुमार राई लगायत थिए। म २०६६ सालमा अध्यक्ष रहँदा उपाध्यक्ष पुष्पा कुमारी तामाङ, सचिव पेशल कुमार राई, कोषाध्यक्ष छत्राकुमारी बोम्जन, सदस्यहरू दिपक लामा, लालबहादुर गुरुङ र डमिन्द्र कुमार श्रेष्ठ रहेका थिए। हाल उक्त संस्थाको अध्यक्ष राजु दाहाल, उपाध्यक्ष ईश्वरी प्रासाद भट्टराई, सचिव सरिता तामाङ, कोषाध्यक्ष अनिता अधिकारी कठायत, सदस्यहरूमा म, सकुन्तला खड्का र रामचन्द्र अधिकारी रहेका छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल संस्था सञ्चालनमा छ। काठमाडौं जिल्ला चावहिलमा रहेका केन्द्रीय कार्यालय लगायत कालिमाटी, बालाजु, ठमेल र साँखुमा रहेका ४ वटै सदस्य सेवाकेन्द्रहरू निर्वाधरुपमा सञ्चालनमा रहेका छन्। यस संस्था समस्यामा पर्नुको कारण भनेको हाम्रो सहकारी लक्ष्मी बिराट बचत तथा ऋण सहकारीसँग एकीकरण भएपश्चात सोही सहकारीको कार्यालय रहेको स्थामा शाखा कार्यालय कालिमाटी थियो। उक्त शाखा नजिकै कार्यालय भएको गौतमश्री सहकारीमा समस्या आएको र त्यस संस्थासँगै हाम्रो सहकारीमा पनि बचतकर्ताको विश्वास कम भएको र सहकारीको वोभिन्न नकारात्मक समाचारले गर्दा धेरै बचतकर्ताहरू एकैचोटी रकम फिर्ता माग गर्न आएकोले सम्पूर्ण माग भएको रकम फिर्ता नसकेकोले समस्या देखिएको हो। तर हाल पनि बचतकर्ताको अति आवश्यकता अनुसार बचत रकम फिर्ता गर्दै आएका छौं।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ यस सहाकारीका सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्तिहरू कोही थिएनन्/ छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई पूर्वअध्यक्ष र शञ्चालक रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ सहकारीहरूमा दोहोरो सञ्चालक समितिमा यस सहकारीका कोही थिएनन्/ छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० पहिले रहेका भए पनि हाल सञ्चालकहरू कर्मचारीमा छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट विज्ञापनद्वारा प्रतिस्पर्धाबाट छनौट गर्ने गरेका छौं।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ पहिले जानकारी थिएन। तर हाल सहकारी संस्थाका सदस्य बाहेक अन्य व्यक्तिहरूलाई बचत जम्मा गर्ने गरेको छैनौं। शेयर सदस्य भएर ३ महिना पुगेका सदस्यहरूलाई मात्र ऋण प्रवाह गर्ने गरेका छौं।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा घर ठेगाना वा व्यवसाय कार्यक्षेत्र भित्र भएका व्यक्तिलाई बनाएका थियौं तर आवश्यक प्रमाण सबै संलग्न गर्न सकेका थिएनौं।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ मुख्य कार्यालय रहेको १३ आना जग्गामा निर्माण भएको साढे सात तल्ले भवन, धितो लिलामीबाट प्राप्त कपनमा अन्दाजी २ करोड ८ लाख र १ करोड ७ लाख बराबरको २ वटा भवन, करिब ५४ लाखको ४ आना जग्गा रहेका छन्।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ २०६८ सालमा सहकारी मापदण्ड आएपश्चात् बिक्री गरिएको संस्थागत शेयर फिर्ता गरेका थियौं। ज्ञानबहादुर बम्जन र म स्कूलका सहपाठी हौं। उहाँले मिलेर काम गरौं भनेपछि म

क्याम्पस पढाई रहेको मान्छे निजसँग काम गर्न आएको थिए। मेरो सहकारी यात्रा त्यहीबाट सुरू भएको हो।

सवाल १५ तपाईको सहकारी संस्थामा बचतकर्ताको शेयर सदस्य संख्या, कुल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति र दायित्त्व रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ १५ शेयर सदस्य ७,०००, बचत रकम ७१ करोड, सहकारीले राष्ट्रिय सहकारी बैंक लि. बाट २ करोड र नेफ्स्कुनबाट ९ करोड ऋण लिएको छ। नगद मौज्दात हाल याद भएन। बैङ्क मौज्दात अन्दाजी २ करोड र ऋण लगानी ८० करोड बराबर रहेको छ। सहकारीको नाममा ३ करोड ५० लाखको घर र जग्गा रहेको छ।

सवाल १६ तपाईं पूर्वअध्यक्ष र सञ्चालक रहेको कुमारी सेभिङ्गस एण्ड क्रेडिट कोअपरेटिभ्स लि.मा २०६७ सालमा भएको स्थलगत निरीक्षण अनुसार प्राकृतिक व्यक्तिलाई मात्र सदस्य बनाउनु पर्नेमा वज्रयोगिनी, देवदर्शन, नागरिक विकास, कल्याण र उपकार साकोस तथा विश्वास बहुउद्देश्यीय समेतका ६ वटा समानान्तर सहकारी संस्थाहरू र सिद्धार्थ इङ्गलिस बोर्डिङ्ग स्कूल र गोर्खा एफएम प्रा.लि, सिनियर सिटिजन सोसाइटी नेपाल, वज्रेश्वरी ट्रेडिङ्ग, सुन्दर मनि ट्रान्सफर आदिलाई सदस्य बनाइएको भनी कैफीयत जनाइएको पाइन्छ। त्यसरी संस्थागत सदस्यता किन प्रदान गर्नुभएको हो ? हाल ति संस्थाहरूको शेयर छ, छैन ? खुलाइदिनुहोस्।

जवाफ १६ २०६८ सालमा सहकारी मापदण्ड आउनु अगाडि ज्ञानको अभावले त्यस्तो भएको थियो। मापदण्ड आएपश्चात् बिक्री गरिएको संस्थागत शेयर फिर्ता भएको छ। हाल उक्त संस्थाहरूको शेयर, संस्थागत बचत र ऋण केही पनि छैन।

सवाल १७ संस्थाको कार्यकारी अध्यक्ष तपाई, प्रबन्ध निर्देशक पेशल कुमार राई र उपकार सेभिङ्गका तत्कालिन कार्यकारी अध्यक्ष ज्ञानबहादुर बम्जनलाई दैनिक हाजिरी समेत नगरी मासिक ७५ हजार, ५५ हजार र ४५ हजार तलब एवं गाडी, पेट्रोल, औषधि, खाजा, दशै भत्ता तथा इन्सेन्टिभ समेत के-कुन आधारमा प्रदान गर्नुभएको थियो ? हाल अध्यक्ष तथा पदाधिकारीले तलब लिनु हुन्छ, हुन्न ? खुलाइदिनुहोस्।

जवाफ १७ तत्कालिन समयमा सञ्चालक सदस्यहरू कार्यकारी रहन नपाउने भन्ने थिएन। त्यसैले हामीले लिएका थियौं तर ज्ञानबहादुर बम्जनको हकमा उँहाले अन्य सहकारीबाट पनी लिनु हुन्थ्यो वा लिनुहुन्थेन जानकारी भएन। म अध्यक्ष हुँदासम्म तलब लिने गरेको थिएँ। हाल अध्यक्ष

तथा पदाधिकारीले तलब लिने गरेको छैन। यस सहकारी ज्ञानबहादुर बम्जनको पहलमा स्थाइना भएको र उहाँको श्रीमती पुष्पा कुमारी तामाङ अध्यक्ष र ज्वाँई दिपक लामा लगायतका आफन्तहरू सञ्चालक समितिमा रहेकोले तलब सम्बधी निर्णय बोर्डको बहुमतबाट हुने गरेको हुँदा ज्ञानबहादुर बम्जन अन्य सहकारीमा रहँदा समेत यस संस्थाबाट पनी तलब लिने गरेको साचो हो।

सवाल १८ सोही निरीक्षणको प्रतिवेदनअनुसार अर्को कुनै सहकारीको अध्यक्ष ज्ञान बहादुर बम्जनलाई पुँजी कोषको ३४.६५ प्रतिशत, निर्मलराज पौडेललाई २१.३३ प्रतिशत, शारदा गुरागाईलाई १५.२२ प्रतिशत र उपकार साकोसलाई १४.०९ प्रतिशत ऋण के-कुन धितो लिएर दिनुभएको थियो ? उक्त ऋण कानूनसम्मत थियो त ?

जवाफ १८ पुजीकोषको बैध सिमा नाघेको थियो तर ऋण धितो लिएर नै दिइएको थियो। उक्त ऋणहरू हाल सबै चुक्ता भइसकेको छ।

सवाल १९ सोही निरीक्षण अनुसार Top 30 Depositors शेयर सदस्य नरहेको भन्ने देखिन्छ। त्यो बेथितिलाई पछिसम्मै निरन्तरता दिनुभएको हो ?

जवाफ १९ स्थलगत निरीक्षण प्रतिवेदनले दिएको सुधार गर्नु पर्ने तिन वर्षको समयसीमा मागेर हामीले सुधार गरेका थियौं। अहिले त्यस्तो बेथिति छैन।

सवाल २० कार्यक्षेत्रबाहिरका दिपेश वि.के., श्रीराम थापा श्रेष्ठ, टङ्कबहादुर मगर, ढुण्डीराज बम्जन, चम्पाकुमारी तामाङ, पासाङ लामालाई के-कुन आधारमा शेयर सदस्यता र ऋण दिनुभएको थियो ? कार्यक्षेत्रबाहिरका व्यक्तिलाई शेयर सदस्यता र ऋण लगानी पछिसम्मै गरीरहनु भएको हो ?

जवाफ २० निजहरूको व्यवसाय कार्यक्षेत्रभित्र थियो तर स्थायी ठेगाना बाहिर रहेको थियो। ति सबैमा सुधार गर्दै आएका छौं। हाल त्यस्तो अवस्था छैन भन्ने लाग्छ।

सवाल २१ ज्ञानबहादुर बम्जनलाई विनाधितो ऋण के-कुन सुरक्षाका आधारमा दिनु भएको हो ? उक्त ऋण असुल भयो, भएन ? खुलाइदिनुहोस्।

जवाफ २१ ज्ञानबहादुर बम्जनले पहिले ऋण लैजानु भयो र जग्गा पास गरेपछि त्यही जग्गा धितो राखु भएको थियो। पछि धितो लिलाम गरी ऋण असुल उपर गरिएको छ।

सवाल २२ संस्थाले कानून विपरीत आम्दानीका लागि घर-जग्गा खरिद बिक्री गरेको भनी प्रतिवेदनले औल्याएको छ। हाल संस्थासँग केकति घरजग्गा र श्रीसम्पत्ति के-कुन व्यक्ति वा संस्थाको नाममा रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ २२ संस्थाले कानून विपरीत आम्दानीका लागि पहिले हामी सञ्चालकहरूको नाममा घर-जग्गा खरिद बिक्रि गरेको देखिन्छ तर हाल यस्तो छैन।

सवाल २३ तपाईंको सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता नपाएको भनी यस समितिमा गुनासो गर्नुभएको छ। बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाई दिनुहोस्।

जवाफ २३ ऋण लागानी मन्दीका कारणले उठ्न नसकेको र सहकारीमा बचतकर्ताहरूको विश्वास कम भएकोले संस्थामा दैनिक हुने बचत रकम कम भएको हुँदा बचतकर्ताको बचत रकम मागबमोजिम फिर्ता गर्न समस्या देखिएको हो। तर केही मात्रामा बचत रकम फिर्ता गर्ने गरेका छौं।

सवाल २४ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २४ सम्बन्धित निकायले सहकारीलाई तत्काल निरीक्षण गरेर चल्न सक्ने र नसक्ने भन्ने छुट्याउनु पर्छ। मूल्यमान्यता विपरीत सञ्चालनमा रहेका सहकारीहरूलाई कारवाही गरी कानूनको दायरामा राखी, सञ्चालन गर्न दिए सहकारीमा देखेको समस्या समाधान गरी ८०% सहकारी पुनः सञ्चालनमा ल्याउन सकिन्छ।

सवाल २५ तपाई मुख्य सञ्चालक रहेको कुमारी सेभिङ्गस एण्ड क्रेडिट कोअपरेटिभ्स लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २५ सबैले संस्था प्रतीको दायित्व चुक्ता गर्नु पर्छ, परिवारले हामी सञ्चालकहरूलाई साथ सहयोग गर्नु पर्छ, बैङ्कले अहिलेको अवस्थामा किस्ता नभई व्याज मात्र लिएर कर्जान विकरण गरि दिनु पर्छ, नियत खराब राख्ने केही ऋणीहरूबाट ऋण असुली गर्न कर्जा असुली न्यायाधिकरण गठन हुनुपर्ने, बैंकमा जस्तै सहकारीमा पनी ५ लाखसम्मको बचत सुरक्षाको बिमा गरिनु पर्छ, कर्जा सूचना केन्द्र र खराब ऋणीलाई कालो सूचीमा राख्ने व्यवस्था कार्यान्वयन गर्नु पर्छ, स्तरीकरण कोषको व्यवस्था कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

सवाल २६ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २६ सहकारी क्षेत्रलाई परिवर्तन गर्नका लागि एउटै व्यक्तिले धेरै सहकारीमा सदस्य हुने प्रवृत्तिलाई कडाईका साथ पालना गर्नु पर्ने देखिन्छ। सम्पत्ति लिलाम गरेपछि स्थानीय निकायले गर्नु पर्ने सिफारिस दिन झन्झट हुने हुँदा यस विषयमा स्पष्ट कानूनी निर्देशनको व्यवस्था हनु पर्ने देखिन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः सूर्यध्वज न्यौपाने
पदः पूर्वअध्यक्ष/ सञ्चालक सदस्य
संस्थाः कुमारी सेभिङ्गस एण्ड क्रेडिट कोअपरेटिभ्स लि., चावहिल, काठमाडौं।

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०५ गते बुधवार
समयः अपराह्न ०२:२० बजे
स्थामः संघिय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि. का अध्यक्ष श्री रामचन्द्र शर्मासँग भएको सोधपुछ :

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम रामचन्द्र शर्मा हो। बाजे रामचन्द्र उपाध्याय, बुबा देवीचन्द्र उपाध्याय, आमा ईन्द्र कुमारी उपाध्याय, श्रीमती अनिता नेपाल र छोरा अनिकेत पौडेल हो। मेरो स्थायी ठेगाना जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु हो। म वर्ष ५५ को भएँ। मेरो जन्म जिल्ला पर्वत फलेवास नगरपालिका वडा नं. ११ कार्किनेटामा २०२६ साल पौष ११ गते भएको हो। फोन नं. ९८५१०२७०२० र ना.प्र.नं. ४१२४/ पर्वत हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. को अध्यक्ष रहेको छु। संस्थाको कार्यालय जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १७ क्षेत्रपाटीमा रहेको छ। शेयर पुँजी अन्दाजी ९ करोड, शेयर सदस्य अन्दाजी १ हजार, बचत रकम अन्दाजी २ सय ३९ करोड, ऋण लगानी अन्दाजी ३ सय करोड (२०८१ साउन मसान्त सम्मको विवरण) रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ शेयर, क्यापिटक, कर्जा र बचत सम्बन्धी करोबार कनून बमोजिम गरेको छैन।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक औषधी सम्बन्धी व्यवसाय आर मेडिक ईन्टरनेशनल-क्षेत्रपाटी सञ्चालन गर्छु। नेशनल हस्पिटल, कलंकीमा शेयर लगानी रहेको छ।

सवाल ६ तपाईं अध्यक्ष रहेको क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. मा ७ जनाको सञ्चालक समिति रहेको छ।

अध्यक्षमा म, उपाध्यक्ष युगेश्वरराज सापकोटा, सचिव अच्युत राज बुढाथोकी, कोषाध्यक्ष अशोक पाण्डे, सदस्यहरू रामहरी थापा, सुरेशचन्द्र श्रेष्ठ र विरेन्द्र जोशी रहेका छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. हाल सञ्चालनमा रहेको छ। संस्था राम्रैसँग सञ्चालन भईरहेकै अवस्थामा कार्यकारी प्रमुख दिनेश पौडेल अचानक सम्पर्कबिहीन भएकोले, बचतकर्ताहरूको माग बढ्नु, माग बमोजिमको बचत रकम फिर्ता दिन नसक्नु, आन्तरिक हरहिसाब सञ्चालकलाई थाहा नहुनु, आर्थिक मन्दी, ऋण असुलीमा समस्या हुनु जस्ता कारणले संस्था समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा छैनन्/थिएनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा सार्वजनिक विज्ञापन मार्फत् निवेदन माग गरी समितिद्वारा कर्मचारी छनौट गर्ने गरेको छ।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ मेरो जानकारीमा आए अनुसार सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र शेयर सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ४ नक्सालमा साढे २४ आनामा रहेको ५ तले भवन रहेकोमा राष्ट्रिय सहकारी बैंक लि. ले हालसालै कम मूल्याङ्कन गरी लिलामी गरेको छ। कर्जा असुली गर्न अन्दाजी ३ अर्ब बाँकी रहेको छ। सहकारीबाट ६० लाख रकम सञ्चालकको नाममा ऋण लिई नेपाल नेशनल हस्पिटलमा कलंकीमा लगानी गरिएको थियो। म अस्पतालको अध्यक्ष रहिआएको छु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ पहिले विभिन्न सहकारीहरुसँग अन्तरसहकारी कारोबार गरिएको थियो ती संस्थाहरूको नाम हाल मलाइ याद भएन। सहकारी ऐन, २०७४ पश्चात अन्तरसहकारी कारोबार गरिएको छैन।

सवाल १५ तपाईं अध्यक्ष रहेको क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. मा शेयर पुँजी बचतकर्ता संख्याको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति र दायित्त्व रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ १५ शेयर पुँजी अन्दाजी ९ करोड, शेयर सदस्य अन्दाजी १ हजार, बचत रकम अन्दाजी २ सय ३९ करोड, ऋण लगानी अन्दाजी २१६ करोड ऋण लगानी र ९० करोड ऋण उठाउन बाँकी (२०८१ साउन मसान्त सम्मको विवरण) रहेको छ। सहकारी संस्थाको सम्पत्ति काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ नक्सालमा साढे २४ आनामा रहेको ५ तले भवन हाल सहकारी बैंकले लिलामी गरेको छ। सहकारी बैंकबाट लिएको ऋण ३५ करोड, बैङ्क मौज्दात करिब १० लाख रहेको छ।

सवाल १६ तपाईं अध्यक्ष रहेको क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.मा २०६९ सालको बैशाख महिनामा भएको स्थलगत निरीक्षण अनुसार प्राकृतिक व्यक्तिलाई मात्र सदस्य बनाउनु पर्नेमा ३० वटा संस्थागत सदस्यता जारी गरी कारोबार गरेको भनी कैफियत जनाइएको पाइन्छ। उक्त ३० वटा संस्थागत सदस्यता हाल छन्/छैनन् ? त्यसरी संस्थागत सदस्यता किन प्रदान गर्नुभएको हो ?

जवाफ १६ स्थलगत निरीक्षण प्रतिवेदन पश्चात उक्त ३० वटा संस्थागत सदस्यताबाट हटाइएको छ। हाल कुनै पनि सदस्यता छैनन्।

सवाल १७ सोही निरीक्षणबाट सहकारी कानून विपरीत १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई सदस्य बनाएको, प्राथमिक पुँजीकोषको दश गुणाको सीमा नाघी १४.६० गुणा निक्षेप सङ्कलन गरेको, ब्याज बक्यौतामात्र ६.१६ करोड पुऱ्याएको, सात जनाको सञ्चालक समितिको बैठकमा सचिव

एक्लै उपस्थित भई गरेको निर्णयबाट लेखापरीक्षक नियुक्त गरेको जस्ता सुशासन सूचकहरूमा कैफियत जनाइएको देखिन्छ। तपाई अध्यक्ष रहेको सहकारीमा वेथितिको सुरूवात त्यतिबेलैबाट भएको थियो भनेर बुझ्दा हुन्छ ?

जवाफ १७ उक्त कैफियत रिपोर्टलाई मध्यनजर गरी १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई हाल सदस्य बनाइएको छैन। त्यतिबेला सुशासनका सूचकहरूमा कैफियत जनाएका कुराहरू सत्य हुन्।

सवाल १८ तपाईको सहकारी संस्थाका बचतकर्ताहरू उषा भट्टराई, निता केशरी भट्टराई, मिनुकुमारी शर्मा, सम्राट ज्ञवाली, विराट ज्ञवाली, शंकरमणि ज्ञवाली, सविना ज्ञवाली, शारदा बस्याल, विष्णुप्रसाद बस्याल, मञ्जु ज्ञवाली, मिरा ज्ञवाली, सीता ज्ञवाली, लिना ज्ञवाली, सुदनराज पन्थी, मिना ज्ञवाली, रोशी ज्ञवाली पौडेल, भरतमणि ज्ञवाली, शारदा ज्ञवाली, इभा ज्ञवाली, सुनिता ज्ञवाली, रामचन्द्र काफ्ले, विनोद आत्रेय, अनिता ज्ञवाली, कल्पना ज्ञवाली लगायतले बचत रकम फिर्ता नपाएको भनी यस समितिमा निवेदन दर्ता गराउनु भएको छ। निवेदकहरू समेतका बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाई दिनुहोस्।

जवाफ १८ निवेदकहरू निरन्तर संवादमा हुनुहुन्छ। एकैपटक बचत फिर्ता गर्न संस्थासँग पर्याप्त मात्रामा रकम नभएकोले फिर्ता दिन सकिएको छैन। उहाँहरूको बचत रकम फिर्ता गर्ने प्रक्रियामा छौं।

सवाल १९ तपाईंहरूले २०७८ पुषमा साधारणसभा गर्दा संस्थागत प्रगति राम्रो भएको विवरण दिनुभयो, तर त्यसको छ महिनापछि २०७९ असारको साधारणसभामा समस्यामा गएको जानकारी दिनुभयो। छ महिनाको अन्तरालमा के-कुन कारणले संस्थामा समस्या आएको हो ? खुलाइदिनुहोस्।

जवाफ १९ संस्थाका कार्यकारी प्रमुख दिनेश पौडेल करिब ३० करोड बचत रकम हिनामिना गरी २०७९ असार ११ गतेदेखि सम्पर्कविहीन भएकोले त्यस समय पश्चात् बचतकर्ताहरूमा अविश्वासको वातावरण सिर्जना भई बचत रकम जम्मा कम हुने तर बचत फिर्ता रकमको माग बढ्न गयो र सोही अनुसारको तरलता संस्थासँग नभएकोले संस्थामा समस्या सुरु भएको हो।

सवाल २० तपाईंहरूले शेयर सदस्यहरूलाई व्यवस्थापकले हिनामिना गरेको भन्ने विवरण दिनुभएको रहेछ, सञ्चालक समितिको नीतिगत निर्णय र सहभागिताविना व्यवस्थापकले मात्र केही गर्न मिल्छ ?

जवाफ २० कार्यकारी प्रमुख सम्पर्कविहीन भइसकेपछि संस्थाको हिसाबकिताब हेर्दा सञ्चालक समितिको निर्णयभन्दा बाहिर गएर ऋण प्रवाह गरेको देखियो। बचतकर्ताहरूलाई दिइने ब्याज पनि सञ्चालक समितिले १२% देखि १४% सम्म निर्णय गरे भन्दा बाहिर गएर १५% देखि ३०% सम्म दिएको पाइयो, सञ्चालक समितिको निर्णय विपरीत व्यक्तिगत रूपमा संस्थाको रकम दुरूपयोग गरेको पाइयो। सोही अनुसार शेयर सदस्यहरूलाई जानकारी दिइएको हो।

सवाल २१ तपाईसँग त्यस्तो के विशेषता छ, जुन कारण तपाई लगातार २३ वर्षदेखि सहकारीको अध्यक्ष रहिरहनुभयो ? तपाईको संस्थामा अध्यक्ष हुने क्षमता भएको अर्को पात्र नभएकै हो ?

जवाफ २१ त्यस्तो केही विशेषता भएको होइन। उक्त संस्थाको संस्थापक अध्यक्ष रहेकोले संस्थाका शेयर सदस्य तथा अन्य सञ्चालक साथीहरूले मलाई नै वस्नुपर्छ भनी आग्रह गरेकोले म अध्यक्षको रूपमा बसेको हुँ। कार्यकारी भूमिकामा म कहिल्यै बसिन। म आफ्नो व्यापार व्यवसाय र समाजसेवामा हिड्ने व्यक्ति हो। रहरले बसेको होइन, म नियमित बचतकर्ता हुँ। हाल उक्त संस्थाको ऋण मैले लिएको छैन।

सवाल २२ अहिले पनि तपाईहरू बजार मूल्यभन्दा निकै महङ्गो मूल्यमा बचतकर्तालाई जबरजस्ती जग्गा जमिन दिन खोज्दै हुनुहुन्छ भन्ने गुनासो समितिमा प्राप्त भएका छन्। तपाईहरू सहकारी सञ्चालक कि घर-जग्गा कारोबारी ?

जवाफ २२ ऋणीहरूबाट कर्जा असुल उपर हुन नसकेपछि, संस्थासँग बचतकर्ताहरूलाई फिर्ता गर्ने पर्याप्त रकम नभएकोले जग्गाजमिन दिएर भएपनि हर हिसाब फरफारक गर्न खोजिएको हो। जबरजस्ती महङ्गो मूल्यमा जग्गा जमिन दिएको छैन। बजार मूल्य अनुसार नै ऋणीहरुको घरजग्गा दिन खोजेको हो।

सवाल २३ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २३ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिन्छ। सहुलियतपूर्ण ऋण सहकरी संस्थालाई प्रदान गर्नुपर्यो, बचत फिर्ता समयावधि कम्तीमा ४ वर्ष दिनुपर्यो, ऋण असुली उपर गर्न राज्यले सहयोग गर्नुपर्यो।

सवाल २४ तपाई अध्यक्ष रहेको क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको वैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २४ सहकारी संस्थाको सम्पत्ति काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ नक्सालमा साढे २४ आनामा रहेको ५ तले भवन सहकारी बैंकमा धितो राखी ऋण लिएकोमा उक्त धितो राखेको घरजग्गा, राष्ट्रिय सहकारी बैंक लि. ले मूल्याङ्कन गरी ६५ करोडमा किन्छु भनी छलफल अगाडि बढाएकोमा पछि संस्थालाई समस्यामा परेको बेला संस्थालाई सहयोग नगरी त्यसको फाईदा लिई लिलामी प्रक्रियालाई अगाडि बढाई जम्मा ४१ करोडमा लिलामी गराई संस्थालाई आर्थिक रूपमा घाटा पुऱ्याएकोले उक्त लिलामी प्रक्रिया बदर गराउन सरकारसँग सहयोगको अपेक्षा राख्दछु। संस्थालाई राम्रोसँग सञ्चालन गर्नको लागि फिर्ता समयावधि

कम्तीमा ४ वर्ष राखी सहुलियतपूर्ण ऋण प्रदान गर्नुपर्यो, ऋण असुल उपर गर्न सहकारीले निवेदन दिएमा ऋणीहरूको नाममा रहेको जग्गाजमिन रोक्का राखी सहकारीको कर्जा असूलीमा सहयोग गर्नुपर्यो।

सवाल २५ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २५ अन्त्यमा मेरो भन्नु केही छैन। समस्या समाधान गर्न ऋणीहरूबाट कर्जा असुल उपर गर्न सरकारको सहयोग र बचतकर्ताहरूको बचत फिर्ता गर्न करिब तीन वर्षको समयावधि दिएमा संस्थाको समस्या समाधान गर्न सक्छौं।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः रामचन्द्र शर्मा
पदः अध्यक्ष
संस्थाः क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.
छेत्रपाटी, काठमाडौं

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०५ गते बुधवार
समयः अपरह्न ४:२० बजे।
स्थानः संघिय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष नेपाल सहकारी वित्तीय संस्था लि.का निलम्बित अध्यक्ष डा. तुलसी प्रसाद भट्टराईसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम डा. तुलसी प्रसाद भट्टराई हो। बाजे शिवनिधि भट्टराई, बुबा टेकनाथ भट्टराई, आमा तिलरूपा भट्टराई, श्रीमती सुधा भट्टराई, छोरीहरू मनिषा भट्टराई, प्रभा भट्टराई र छोरा प्रमोद भट्टराई हो। मेरो स्थायी ठेगाना झापा जिल्ला दमक नगरपालिका वडा नं. १ भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३१ भिमसेनगोला हो। म वर्ष ७५ को भएँ। मेरो जन्ममिति २००६ पौष ०३ गते हो। फोन नं. ९८५१०७७३६१ र ना.प्र.नं. २३११०३५/ झापा हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था सामान्य छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ नेपाल सहकारी वित्तीय संस्था लि.को अध्यक्ष रहेका छु, अन्य कुनै संस्थामा आवद्ध छैन। संस्थाको कार्यालय जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १० मध्यबानेश्वरमा रहेको छ। शेयर पुँजी अन्दाजी ३ करोड २५ लाख ६० हजार, शेयर सदस्य अन्दाजी १३ सय बचतकर्ता, ४ हजार ६ सय ७९, बचत रकम ३२,४२,२३,८५६ रहेको छ। कर्जा लगानी ११,२८,६४,९२० र उठ्न बाँकी व्याज ४,१६,१२,६७८ रहेको छ। बैंक मौज्दात अन्दाजी ५२ लाख ५० हजार रहेको छ। सदस्य सेवा केन्द्रहरू जिल्ला भक्तपुरको सूर्यविनायक, सुनसरीको ईटहरी, झापाको विर्तामोड, कास्कीको पोखरा, पर्साको विरगञ्ज, र चितवनको भरतपुरमा गरी ६ वटा रहेका छन्।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ जानेबुझेसम्म सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरेको थिएँ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य नेपाल प्रज्ञा प्रतिष्ठानसँग आबद्ध र आजीवन प्राज्ञको रूपमा आजीवन भत्ता प्राप्त गर्छु। त्यसबाहेक अन्य कुनै पेशा वा व्यवसाय छैन।

सवाल ६ तपाई अध्यक्ष रहेको नेपाल सहकारी वित्तीय संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ नेपाल सहकारी वित्तीय संस्था लि. २०४९ सालमा स्थापना हुँदा दीपक प्रकाश बास्कोटा संस्थापक अध्यक्ष हुनुहुन्थ्यो। यस संस्थाको २०७८ पौषबाट साधारणसभाबाट अध्यक्ष म, उपाध्यक्ष रोहित भट्टराई, सचिव विष्णु प्रसाद गौतम, कोषाध्यक्ष लोकनाथ गौतम, सदस्यहरू देवेन्द्र बहादुर भण्डारी, सिर्जना पन्त र प्रमोद खनाल चयन भएका थियौं । २०८० असोजमा उपाध्यक्ष रोहित भट्टराई सहित ५ जनाले राजिनामा दिएपछि राजेश दाहाल उपाध्यक्ष सहित दिपेश सुवेदी, गणेश दाहाल, हरीराम काफ्ले र श्याम कुमार बोहरालाई साधारसणभाबाट अनुमोदन गर्ने गरी सञ्चालकमा मनोनयन गरिएको थियो। हाल हामी सबै सञ्चालक निलम्बनमा परेका छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ २०८१ साउन ८ गतेसम्म निरन्तर सञ्चालनमा रहेकोमा । ८ गतेका दिन सरकारबाट समस्याग्रस्त घोसित भएपछि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिद्वारा आफ्नो मातहतमा लिइएको छ। संस्था समस्यामा पर्नुको कारण बचतकर्ताहरूलाई माग बमोजिम बचत फिर्ता गर्न नसकिएको, समयमा नै ऋणीहरूबाट कर्जा असुली गर्न नसकिएको, बचत जम्माभन्दा बचत फिर्ता गर्ने क्रम बढ्ता रहेको हाल सहकारी प्रति नै एक प्रकारको वितृष्णा पैदा भएको र बजारमा, आर्थिक मन्दी जस्ता विभिन्न कारणहरूले सहकारीलाई अप्ठ्यारोमा पारेको हो। यस्तो स्थितिमा पनि बचतकर्ताहरूलाई दैनिक रूपमा बचत फिर्ता गर्ने काम अन्तिम दिनसम्म पनि गरिरहेका थियौं।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन्। संस्थामा राजिनामा दिइसकेका उपाध्यक्ष रोहित भट्टराई, भट्टराई थर भएता पनि मेरो १२/१३ पुस्तासम्म पनि मेरो उनीसँग नाता जोडिदैन। केबल गोत्र मात्र मिल्छ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ मेरो जानकारी अनुसार अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म

अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा थिएनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी पनि रहेका छैनन्। संस्थाको विनियमावली अनुसार नै व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ पहिला शेयर सदस्य बनाएर मात्र व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थियो।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई शेयर सदस्य बनाउने गरिएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १० मध्यबानेश्वरमा रहेको नेपाल सहकारी वित्तीय संस्था लि.को कार्यलय भवन (१३ आना जग्गामा २ वटा २/२ तले भवन), जिल्ला काठमाडौं चन्द्रागिरीस्थित बाणभञ्ज्याङमा १२ आना,र चितवनको भरतपुरमा १ कट्ठा जग्गा रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छैन।

सवाल १५ तपाई अध्यक्ष रहेको सहकारीमा आर्थिक वर्ष २०६६/२०६७ मा भएको स्थलगत निरीक्षण अनुसार संस्थाले अप्राकृतिक व्यक्तिलाई शेयर बिक्री गरेको र अप्राकृतिक व्यक्तिबाट बैंक सरह निक्षेप संकलन गर्नुका साथै कर्जा प्रवाह गरेको पाईन्छ। सहकारी सिद्धान्त अनुसार यस्तो गर्न मिल्छ? हाल संस्थागत व्यक्तिहरू शेयर सदस्य रहेका छन् वा छैनन्।

जवाफ १५ म त्यसबेलाको अध्यक्ष नभएको हुनाले २०६६/२०६७ मा भएको स्थलगत निरीक्षणको बारेमा मेरो जानकारी छैन। तर पछि त्यस्ता संस्थागत शेयर सदस्यलाई हटाउँदै लगिएको छ।

सवाल १६ सोही निरीक्षण अनुसार ३० ठूला शेयर होल्डरमध्ये ११ वटा संस्थागत सदस्य देखिन्छन्। सिमित ठूला शेयर होल्डरको एकाधिकार अहिले पनि छ ?

जवाफ १६ अहिले त्यस्तो छैन, संस्थागत सदस्यहरूलाई हटाई सकिएको छ।

सवाल १७ श्री उदय श्री चिया उद्योग, कान्तिपुर आल्मुनियम र गणेश बहादुर श्रेष्ठलाई विनाधितो ऋण कहिले दिनु भएको थियो? असुल भयो, भएन?

जवाफ १७ कहिले दिएको थियो, यसबारे मेरो जानकारीमा छैन। हाल उनीहरूको नाममा कुनै पनि कर्जा बाँकी छैन।

सवाल १८ सहकारीको सिद्धान्तविपरीत विनियम संशोधन गर्ने अधिकार सञ्चालक समितिलाई दिनु भएको रहेछ। अहिले पनि सोही व्यवस्था छ?

जवाफ १८ अहिले सो व्यवस्था छैन। साधारणसभाले मात्र गर्न सक्छ।

सवाल १९ तपाईको सहकारी समस्याग्रस्त भइसकेपछि बचतकर्ताको बचत फिर्ताका लागि के-कुन प्रयास गर्नुभयो?

जवाफ १९ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग समन्वय गेरी कार्ययोजनाहरू बनाउन थालिएको छ। उक्त समितिले बचतकर्ताहरू लाई आफ्नो बचतको मागदाबी गर्न ३५ दिने सूचना प्रकाशित गरेको हुँदा त्यसपछि के-कति मागदाबी हुन्छ, सोही आधारमा उक्त समितिकै निर्देशन अनुसार संस्थाको दायित्व र सम्पत्ति सम्बन्धी ६ महिने कार्ययोजना तयार पार्दै गरिएको अवस्था छ र केही योजनाहरू उक्त समितिमा पेस गरिएको छ।

सवाल २० अन्य साहु (Sundry Creditors) अन्तर्गत राहुल यादवको नाममा ३ करोड ४९ लाख ३६ हजार रकम के कारणले दिनपुर्ने हो ? सोही शीर्षकमा रहेको Unidentified Bank Balance मा १ लाख बराबरको रकम रहेको देखिन्छ। सो के-कस्तो रकम हो?

जवाफ २० संस्थामा देखिएको तरलता व्यवस्थापन गर्न निज राहुल यादवसँग सहकारीको घर धितो राखेर लिएको ऋणसँग सम्बन्धित कारोबार हो। अर्को एक लाखको हकमा के-कुन कारोबार हो, अहिले यकिन याद भएन।

सवाल २१ बचतकर्ताको व्याज र कर्मचारी तलबमा कर कट्टा गरियो तर कट्टा गरेको २१ लाख रकम सरकारलाई किन नतिर्नुभएको हो?

जवाफ २१ प्रत्येक वर्षको साधारणसभापछि कर रकम दाखिला गर्ने गरिएको थियो। पछिल्लो २ वर्षदेखि लेखापरीक्षण हुन नसकेको हुँदा उक्त रकम बाँकी रहन गएको हो।

सवाल २२ अन्य आसामी (Sundry Debtors) मा ५ करोड ६६ लाख रकम देखिन्छ। यो के-कस्तो रकम हो? उठाउन कस्तो पहल भएको छ?

जवाफ २२ यस सम्बन्धमा अहिले यकिन याद हुन सकेन। अभिलेख हेरी पछि यथार्थ विवरण दिइनेछ।

सवाल २३ संस्थाको कूल निक्षेप ४० करोड ३९ लाख बराबर रहदा बैंक मौज्दात मात्र रु. १ करोड १७ लाख देखिन्छ। तरलता व्यवस्थापन कसरी गर्नसक्नु हुन्छ?

जवाफ २३ बचत फिर्ता माग बढेको हुँदा ऐनले निर्धारण गरे बमोजिम तरलता व्यवस्थापन गर्न नसकिएको हो।

सवाल २४ सदस्यहरूलाई दिइएको कूल ऋण रकमको ६७.८०% जती ऋण रकम ठूला ऋणीहरूलाई मात्र दिनुभएको छ, यो कानूनसम्मत छ ?

जवाफ २४ यीनै ऋणीहरूबाट ऋण माग भई आएको हुँदा सोही बमोजिम कर्जा प्रवाह भएको हुनुपर्छ।

सवाल २५ ऋण रकम फिर्ता गर्न सक्ने गरी धितो लिनुभएको छ/छैन?

जवाफ २५ कुनै कुनै अपवाद बाहेकका ऋणमा रकम फिर्ता हुने गरी धितो लिने गरिएको छ।

सवाल २६ ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरूको ब्याजदर कति प्रतिशत लिनु भएको छ ?

जवाफ २६ पहिले १८% सम्म लिने गरिएकोमा पछि सहकारी विभागबाट निर्धारण भए बमोजिम हाल १६% सम्म लिने गरिएको छ।

सवाल २७ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २७ हालसम्मको संस्थाको दायित्व र सम्पत्ति विवरण हेर्दा विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिन्छ। यसका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र अन्य सहकारीसँग सम्बन्धित निकायबाट सकारात्मक सहयोग र आवश्यक परामर्शको आवश्यकता रहेको छ।

सवाल २८ तपाईं अध्यक्ष रहेको नेपाल सहकारी वित्तीय संस्था लि. को समस्या समाधान गर्न तपाईं, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २८ ऋणीहरूबाट कर्जा असुलीमा सहयोग, केही सञ्चालक सदस्यहरूले संस्थामा रकम अपचलन गरेको हुँदा उक्त सञ्चालकहरूलाई सम्बन्धित निकायबाट कारवाही गर्न सहयोग गर्नु पर्यो।

सवाल २९ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २९ समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र सम्बन्धित निकायहरूबाट परामर्श एवं आवश्यक सहयोग रहने कुराको अपेक्षा राख्दछु। साथै सहयोग रहेमा संस्थाको हालको चलअचल सम्पत्तिबाट बचतकर्ताहरूको बचत फिर्ता गर्ने प्रक्रिया केही महिना पछि नै प्रारम्भ हुनेछ र अधिकांश बचतकर्ताहरूको बचत १ वर्षभित्र चुक्ता गरि सकिनेछ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः डा.तुलसी प्रसाद भ

पदः निलम्बित अध्यक्ष

संस्थाः नेपाल सहकारी वित्तीय संस्था लि. मध्यबानेश्वर, काठमाडौं

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०५ गते बुधवार
समयः अपरह्न ५:०० बजे
स्थानः संघिय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का पूर्वअध्यक्ष श्री विज्ञान राईसंग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम विज्ञान राई हो। बाजे गंगा बहादुर राई, बुबा रण बहादुर राई, आमा बिजया राई, श्रीमती दुर्गा देवी राई, छोरा कुशल राई र छोरी सितिमी राई हो। मेरो स्थायी ठेगाना जिल्ला उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं.०३ बसाहा हो। म वर्ष ४४ को भए। मेरो जन्म २०३६ पौष ११ गते भएको हो। फोन नं. ९८५१०८५५८५ र ना.प्र.नं. ११९७१/ उदयपुर हो। हाल जिल्ला भक्तपुर, सुर्यविनायक नगरपालिका वडा नं. ०२ बालकोटमा बस्छौं।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को पूर्व अध्यक्ष रहेको छु। अन्य सहकारी संस्थाको हकमा कुनै आबद्धता छैन। संस्थाको कार्यालय जिल्ला भक्तपुर, सुर्यविनायक नगरपालिका वडा नं. ०५ घलातेमा रहेको छ। शेयर पुँजी ६ करोड १५ लाख ३४ हजार ६ सय, शेयर सदस्य २२ सय ९८, जम्मा बचत रकम ५० करोड ६४ लाख ८२ हजार ५ सय २९ रुँपैया, कर्जा प्रवाह ८७ करोड ५५ लाख ५६ हजार ४ सय २१ रुँपैया रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ थाहा जानकारी भएसम्म र सकेसम्म सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गरिएको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक पूर्व र वर्तमान अध्यक्षको संयुक्त लगानीमा जिल्ला भक्तपुर राधेराधेमा मिल्मी रेष्टुरेण्ट एण्ड बार रहेको छ। जिल्ला भक्तपुर, सुर्यविनायक नगरपालिका वडा नं. ०७ गुण्डुमा ग्राण्ड गुण्डु रिसोर्ट बनाइरहेको छ तर हाल सञ्चालनमा आईसकेको छैन।

सवाल ६ तपाईं अध्यक्ष रहेको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ हिमाल बचत तथा ऋण सहकारी संस्था लि.मा म अध्यक्ष हुँदा, उपाध्यक्ष ईश्वर किरात, सचिव बिनय राई,

कोषाध्यक्ष रुपा थापामगर (हाल अस्ट्रेलियामा), सदस्यहरूमा निर्मला पोखरेल, टिकाराम राई र एकजनाको नाम हाल याद भएन। हालको अध्यक्ष ईश्वर किरात राई, उपाध्यक्ष निर्मला पोखरेल (राजिनामा दिएको) सचिव बिनय राई, कोषाध्यक्ष टिकाराम राई, सदस्यहरू छविलाल मगर, सुनमाया श्रेष्ठ र उपेन्द्र वस्नेत गरी ७ जनाको सञ्चालक समिति रहेको छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल संस्था राम्रोसँग सञ्चालनमा छ। संस्थामा खासै समस्यामा छैन। बचतकर्ताहरूको माग बमोजिम बचत फिर्ता गर्न नसके पनि निरन्तर रूपमा प्रयासरत छौं। संकट आउनु अगाडि संस्थाको ८० करोड निक्षेप रहेको थियो। पहिलो, दोस्रो र तेस्रो चरणमा गरी ३० करोड बचत रकम फिर्ता गरिसकेको अवस्था छ। हाल निक्षेप करिब ५० करोड बचत रकम फिर्ता गर्न बाँकी रहेको छ। हामीले हाल कार्यतालिका बनाई ऋण लगानी उठाएर र पूर्व र वर्तमान सञ्चालकहरूको व्यक्तिगत सम्पत्ति समेत बेचेर पनि दैनिक एक लाख ८० हजारको दरले बचतकर्ताहरूलाई रकम फिर्ता गर्ने कार्य गरिरहेका छौं। आर्थिक वर्ष २०८१/०८२ मा कम्तिमा २५ करोड बचत रकम फिर्ता गर्ने योजना बनाएका छौं।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ म पूर्व अध्यक्ष रहेको संस्थाको हाल म सल्लाहाकारको रूपमा रहेको छु। हाल संस्थाको सञ्चालक समितिको सचिवमा मेरो सहोदर भाई विनय राई रहेको छ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ मेरो जानकारीमा भएसम्म अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० म २०७० सालदेखि संस्थाको अध्यक्ष रहदा कार्यकारीको भूमिकामा रही मासिक रु. ७५ हजार तलब भत्ताको सुविधा लिएको थिए। अन्य सञ्चालकहरू कर्मचारी रहेका छैनन्। संस्थाको कर्मचारी विनियमावली अनुसार नै व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन/छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाईएको थियो/छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को जिल्ला भक्तपुर सूर्यविनायक नगरपालिका वडा नं. ०५ घलातेमा ५ आना जग्गामा बनेको साढे ५ तलेको भवन रहेको, कर्जा प्रवाह ८७ करोड ५५ लाख ५६ हजार ४ सय २१ रुँपैया रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार, ज्योति विकास बचत तथा ऋण सहकारी संस्था, सूर्यविनायक, साना वित्त विकास कोअपरेटिभ, आरम्भ सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ, शिवालय सेभिङ्ग एण्ड क्रेडिट लगायतका संस्थाहरूसंग अन्तरसहकारी कारोबार गरिएको छ।

सवाल १५ हिमाल बचत तथा ऋण सहकारी संस्था लि. बाट लिईरहेको मौद्रिक र गैरमौद्रिक सुविधा के-के हुन्? तपाई उक्त संस्थामा के-कुन भूमिकामा हुनुहुन्छ? संस्थाबाट ७ करोडको गाडी खरिद.गरी चढिरहेको हल्ला छ यस सम्बन्धमा के-कसो हो?

जवाफ १५ उक्त संस्थामा म २०७० देखि २०७६ सालसम्म कार्यकारी अध्यक्षको भूमिकामा रहेको थिए। सोही अवधिमा सेवा सुविधा वापत मासिक रु.७५ हजार तलब लिएको तर २०७४ मा सहकारी ऐन, आएपश्चात सुविधा लिएको थिइन। हाल उक्त संस्थाबाट मैले कुनै सुविधा लिएको छैन। ७ करोडको गाडि चढेको हल्ला मात्र हो। हाल प्रभु बैंकबाट व्यक्तिगत ऋण लिएर मैले टोयटाको हाईलक्स गाडी खरिद गरेको छु।

सवाल १६ तपाई पूर्वअध्यक्ष रहेको संस्थामा चरम आर्थिक संकट रहेको सुनिन्छ र बचत माग गर्न आउने सदस्यहरूलाई बचत फिर्ता दिईरहनु भएको छ?

जवाफ १६ संस्थामा चरम आर्थिक संकट छैन। बचतकर्ताहरूको माग बमोजिमको बचत फिर्ता गर्न नसकेको हो तर नियमित तालिका बनाई दैनिक रूपमा बचतकर्ताहरूको बचत फिर्ता गरिरहेका छौं।

सवाल १७ हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को २०८०/२०८१ को सम्पत्ति र दायित्वको अवस्था के-कस्तो रहेको छ?

जवाफ १७ संस्थाको दायित्व ५० करोड ६४ लाख ८२ हजार ५ सय २९ रुँपैया रहेको र सम्पत्ति जिल्ला भक्तपुर सूर्यविनायक नगरपालिका वडा नं. ०५ घलातेमा ५ आना जग्गामा बनेको साढे ५ तल्लाको भवन अन्दाजी ७ करोडको र कर्जा असुल उपर गर्न बाँकी ८७ करोड ५५ लाख ५६ हजार ४ सय २१ रुँपैया रहेको छ।

सवाल १८ तपाईको निजी व्यवसायमा सहकारीको के-कति रकम उपयोग गर्नुभएको छ?

जवाफ १८ मेरो निजी व्यवसाय नभएर सामुहिक लगानीमा व्यवसाय सञ्चालन गरेको छु। उक्त लगानीमा सहकारीको रकम नभएर बैंकबाट ऋण लिएर लगानी गरिएको छ। हामीले निर्माण गरिरहेको श्याण गुण्डु रिसोर्टमा म अध्यक्ष र ईश्वर किरात राई छौं। मिल मी (Meal Me) रेष्टुरेन्टमा सञ्चालकमा विज्ञान राई, ईश्वर किरात राई, बिनय राई, निरन राई र उपेन्द्र बस्नेत रहेका छौं।

सवाल १९ बनेपाको नागरिक विकास, भक्तपुरको ज्योति विकास, कौशलटारको नागरिक विकास सहकारीमा तपाईको के-कुन सहभागिता वा सम्बन्ध रहेको छ? खुलाईदिनुहोस्।

जवाफ १९ यी संस्थाहरू चिनजानको साथीहरूको हो। बनेपाको नागरिक विकाससँग कुनै सम्बन्ध छैन तर भक्तपुरको ज्योति विकास, कौशलटारको नागरिक विकास सहकारीसँग अन्तरसहकारी कारोबार गरिएको छ। ज्योति विकासबाट ५१ लाख ९६ हजार ३ सय ६० र नागरिक विकास सहकारीसंग ३ करोड ३६ हजार ७ सय १६ रूपैया लिन बाँकी छ।

सवाल २० तपाईको सहकारीमा आर्थिक वर्ष २०६८/२०६९ मा स्थलगत निरीक्षण भएको देखिन्छ। उक्त निरीक्षण प्रतिवेदन अनुसार सोही समयमा कुमारी सेभिङ्का प्रबन्ध निर्देशक रहेका पेसल कुमार राईलाई ७ करोड ९१ लाख ऋण दिएको देखिन्छ? के-कुन आधारमा उक्त ऋण दिनुभएको हो तपाईको संस्थाको पुँजीकोषले उक्त रकम ऋण दिन मिल्छ? धितो लिनु भएको थियो थिएन हाल असुल भयो भएन?

जवाफ २० पूर्वअध्यक्ष ज्ञान बहादुर बम्जन हुँदाका बखत धितो लिएर ऋण लगानी भएको थियो। जुन कुरा कानूनसम्मत थिएन। म अध्यक्ष भएको बेलामा उक्त ऋण धितो राखेको जग्गा बेचेर असुल उपर गरिएको छ।

सवाल २१ १० लाख भन्दा बढीको कर्जा प्रवाह गर्नु अगाडि मूल्याङ्कन गराउने गर्नु भएको छ? सोही प्रतिवेदन अनुसार १५ दिनका लागि उपकार सेभिङ्गलाई सापटी दिनु भएको देखिन्छ। यस्तो कारोबार गर्न मिल्छ?

जवाफ २१ यो मेरो पालामा नभई पूर्वअध्यक्ष ज्ञानबहादुर बम्जनको पालामा भएको हो, जुन कुरा कानूनसम्मत होईन। प्रतिवेदनले कैफियत देखाए पश्चात तुरून्त असुल उपर गरिएको हो। हाल १० लाख भन्दा बढी कर्जा प्रवाह गर्नु अगाडि मूल्याङ्कन गराउने गरिएको छ।

सवाल २२ बचत खाता खोल्ने फाराममा व्यावसायिक निकाय, सार्वजनिक, निजी गुठी, स्कुल, कलेज, INGO, विदेशी व्यक्ति समेत उल्लेख गरेको पाइन्छ। यसरी संस्था र विदेशी व्यक्तिलाई सदस्य बनाउन मिल्छ? हाल त्यस्ता सदस्य के-कति संख्यामा रहेका छन्?

जवाफ २२ फाराममा उल्लेख गरिएको विवरण अनुसार व्यक्ति के-कुन संस्थामा आबद्ध छ, नेपाली या विदेशी के हो सोही कुरा पत्ता लगाई ऐन, नियमले दिएको व्यक्तिलाई मात्र सहकारीको सदस्यता बनाउनको लागि सो फाराम बनाईएको हो। यसरी संस्था र विदेशी व्यक्तिलाई सदस्य बनाउन मिल्दैन र गरिएको पनि छैन।

सवाल २३ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २३ सदस्यहरूलाई सम्झाउदै सहकारीले सकेजती बचत रकम फिर्ता गर्दै आई रहेका छौं। बचतकर्ताले माग गरेजती बचत रकम फिर्ता दिन नसकेको कुरा सही हो। सदस्यहरूलाई नियमित तालिका बनाएर रकम फिर्ता गर्दै आएका छौं। यसै गरि नियमित बचतरकम फिर्ता गर्दै गएर दुई वर्ष सम्ममा सहकारीको सम्पुर्ण बचत रकम फिर्ता गरी समस्या समाधान गर्न सकिन्छ।

सवाल २४ तपाई पूर्वअध्यक्ष रहेको सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कज लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २४ हामी सञ्चालकहरूले छ महिना भित्र एउटा नतिजा निकाली दुई वर्ष भित्र समस्या समाधान गर्ने छौं।

सवाल २५ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २५ सहकारीको समस्या हाल राष्ट्रव्यापी समस्या भएकोले हाम्रो संस्थामा पनि बचतकर्ताहरूको बचत फिर्ता माग बचतकर्ताहरूको बचत निक्षेप भन्दा बढी नै छ। सो अनुपातमा कर्जा असुली कार्य क्रमिक रूपमा थोरै-थोरै मात्रामा भइरहेको हुँदा समयावधि लम्बिन सक्छ तर समस्या समाधान भई निरन्तर रूपमा संस्था सञ्चालन गर्न सकिन्छ। यस कार्यमा समितिको सहयोगको अपेक्षा राख्दछौं।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः विज्ञान राई

पदः पूर्वअध्यक्ष

संस्थाः हिमाल बचत तथा ऋण सहकारी संस्था लि.भक्तपुर।

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ भाद्र ५ गते बुधवार

समयः साझ ०७:२५ बजे

स्थानः संघिय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष हर्बो इन्टरनेसलन प्रा.लि.का तत्कालिन कार्यकरी निर्देशक र हाम्रो ग्रुप अफ कम्पनी का तत्कालिन संस्थापक अध्यक्ष श्री पुष्पराज पौडेल (पुरूष) सँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम पुष्पराज पुरूष हो। मेरो पारिवारिक थर पौडेल हो, पुरुष थर कायम गर्न सरकारमा धरै निवेदन दिएर प्रयास गरे तर कायम हुन सकेको छैन। मेरो बाजेको नाम भक्तिबिलास पौडेल, बुबा भुपरी पौडेल, आमा यज्ञमन्जरी पौडेल, दाई केशवराज पौडेल हुन्। मेरो स्थायी वतन जिल्ला रामेछाप साविक शैपु गा.वि.स. वडा नं. ०८ परिवर्तित लिखु गा.पा. वडा नं. ०२ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ०९, लामाटार स्थित संगत आश्रममा बस्छु। मेरो ना.प्र.नं. ४२८८८ र सम्पर्क नं. ९८५१०२५८४७ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म सुरुमा लगभग २०६२/०६३ तिर कामद बहुउद्देश्यीय सहकारीको अध्यक्ष थिए। उक्त सहकारीमा अध्यक्ष म, उपाध्यक्ष सुनिता नेवा, सचिव कुमार रम्तेल, कोषाध्यक्ष निर्मला तन्डुकार, सदस्य प्रेम नेपाल रहेका थियौं, अन्य याद भएन। त्यसपछि मेरा दाजु केशवराज पौडेल अध्यक्ष हुनुभयो । २०७२/०७३ तिर गितेन्द्रबाबु राई अध्यक्ष भएपछि प्रणोदयनी सहकारी, मण्डला सहकारी र स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी एकिकरण गरी विधान र कार्यक्षेत्र काम, बहुउद्देश्यीय सहकारीको लिएको तर नाम स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी कायम गरेछन्। एकिकरण हुने समयमा प्रणोदयनीमा देवेन्द्रबाबु राई र मण्डलामा दिपक

लामा हुनुहुन्थ्यो। त्यस पश्चात् म कुनै पनि सहकारीमा आवद्ध छैन।

सवाल ४ तपाई के-कुन कम्पनी र संस्थाहरूमा आवद्ध हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ ४ म गोल्डक्वेष्ट भन्ने नेटवर्क कम्पनीबाट नेपालमा पीडित भएका व्यक्तिहरुद्वारा बनेको पिडित संघर्ष समितिको संयोजक थिए। त्यस पछि हर्बो इन्टरनेसनल प्रा.लि. मा अध्यक्ष गोकुल श्रेष्ठ, प्रबन्ध निर्देशक तेजबहादुर गुरुङ र म कार्यकारी निर्देशक भई २०६१ माघ महिनामा काठमाडौं जिल्ला, नयाँबानेश्वरमा स्थापना गरेका थियौं। २०६४ साल देखि संगत आश्रमको संयोजकको रुपमा रहिआएको छु। २०६६ सालमा हाम्रो ग्रुप अफ कम्पनी लि. स्थापना भई म संस्थापक अध्यक्ष भएँ। पछि २०७२/७३ सालमा गितेन्द्रबाबु राई र मैले संगत ग्रुप प्रा.लि. स्थापना गरी संस्थापक अध्यक्ष भई ५०% शेयर गितेन्द्रबाबु राईलाई दिएको थिए।

सवाल ५ तपाईको गितेन्द्रबाबु राईसँग के-कसरी चिनजान भएको हो ? के-कसरी व्यावसायीक साझेदारीमा आउनुभयो ? के-कुन कम्पनीमा साझेदार हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ ५ हर्बो इन्टनेशनल प्रा.लि.मा अनन्त बाबु राई निर्देशक भएपछि आफ्नो भाइ गितेन्द्र बाबु राई र देवेन्द्रबाबु राईलाई आफ्नो कम्पनीमा मार्केटिङमा लगाउनु भयो। त्यसैक्रममा जि.बी. राईसँग चिनजान भएको हो। २०६८ सालमा नेटवर्किङ्ग व्यवसाय संचालन गर्ने निर्देशका खारेज भए पश्चात हर्बोमा समस्या आयो। अध्यक्ष गोकुल श्रेष्ठ सम्पर्क विहिन हुनु भयो। त्यस पछि कम्पनीको हरहिसाब नमिलेका मान्छेहरू म भएको आश्रममा आउन थाले र उक्त समस्या समाधानको लागी म सक्रिय हुनु परेको थियो। त्यही सिलसिलामा कम्पनी सञ्चालनको लागी ऋण खोज्ने क्रममा गितेन्द्रबाबु राई सहकारी सञ्चालक भएको र हर्बोमा पनि लागेको मान्छे भएकोले, उनीले हर्बो बुझेको हुँदा मैले निजसँग ऋणको विषयमा कुरा गरेको थिए। निजले मेरो कम्पनीको शेयर नदिई ऋण नदिने कुरा गरेका थिए। त्यसपछि मैले कम्पनीको शेयर दिने निर्णय गरे। त्यसपश्चात् गितेन्द्रबाबु राईले प्रणोदयनी सहकारीबाट ५० लाख ऋण दिनु भयो। संगत ग्रुप प्रा.लि. को ५०% शेयर गितेन्द्रबाबु राईले लिएपछि नीज सम्पर्कमा नआएको हुँदा उक्त कम्पनी हाल निस्कृय रहेको छ।

सवाल ६ उक्त कम्पनी/संस्था हाल सञ्चालनमा छन्/छैनन् ? उक्त संस्थाहरूमा के-कुन कारणले समस्या परेको हो ? खुलाइदिनुहोस्।

जवाफ ६ हर्बो इन्टरनेसलन हाल सञ्चालनमा छैन। जि.बी. राईले हर्बो इन्टरनेसनलका २ लाख ५० हजार ग्राहक भएको सफ्टवेर कब्जा गरेर नेचर हर्ब्स र नेचर नेष्ट कम्पनी सञ्चालन गर्दै

अन्दाजी २५ करोड भन्दा बढी रकम गैरकानूनी रुपमा उठाएका छन्। २०७३/०४/२५ गते संगत ग्रुप अफ प्रा.लि. को सहमति र निर्णय अनुसार हरहिसाब नगरेकोले हर्बो इन्टरनेसलनमा समस्या परेको हो।

सवाल ७ हाम्रो ग्रुप अप कम्पनी के-कसरी गोरखा ग्रुप अफ कम्पनी बनेको थियो ? खुलाइदिनुहोस्।

जवाफ ७ २०७३/०४/२५ गतेको निर्णय अनुसार सम्पुर्ण कम्पनि र संघ संस्थाहरु मैले हस्तान्तरण गर्न थाले। २०७३/०८/१६ र १७ गतेको साधारणसभाले जि.बी. राईलाई हाम्रो ग्रुप अफ कम्पनीको अध्यक्ष बनाई नयाँ सञ्चालक समिति गठन गरेको थियो। सोही सञ्चालक समितिले आफ्नो अनुकूलता अनुसार हाम्रो ग्रुप अफ कम्पनीको नाम परिवर्तन गरेर गोरखा ग्रुप अप कम्पनी गराएको थियो। के-कुन मितिमा कसरी बनाए मलाई जानकारी भएन।

सवाल ८ हर्बो इन्टरनेसनल लगायत निजी व्यवसायमा संलग्न रहेका गितेन्द्रबाबु राई के-कसरी सहकारी सञ्चालक बन्न पुगेका हुन् ? उनको तत्कालिन मनसाय कस्तो देखिन्थ्यो ? तपाईलाई थाहा भएको कुरा खुलाइदिनुहोस्।

जवाफ ८ हर्बो इन्टरनेसनल प्रा.लि. मा काम गर्दा गर्दै अचानक २०६६ साल तिर जि.बी. राई पोखरा गएका थिए। पोखरा गएर सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा जागिर खान थालेको भन्ने कुरा सुनेको थिएँ। त्यहाँ विभिन्न समुहहरु सँग मिलेर सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाका पुराना सञ्चालकहरूलाई जबरजस्ती हटाई आफु सहकारी संस्थाको सञ्चालक भएका हुन। २०७३ मंसिर १६/१७ गतेको साधारणसभाबाट अध्यक्ष नहुञ्जेल सम्म असाध्यै राम्रो थियो तर अध्यक्ष हुनासाथ स्वरुप डरलाग्दो देखियो।

सवाल ९ गितेन्द्रबाबु राई समेतले सहकारीको रकम के-कसरी निजी कम्पनीमा परिचालन गर्ने गर्दथे ? तपाईले देखे जानेको आधारमा खुलाइदिनुहोस्।

जवाफ ९ मैले प्रणोदयनी सहकारीमा ऋण लिएपछि कम्पनीलाई आवश्यक रकम गितेन्द्रबाबु राईले सहकारीको बचत रकम विभिन्न व्यक्तिहरुको नामबाट लगानी गर्न थालेका थिए। निजले सहकारीबाट विभिन्न व्यक्तिका नाममा ऋण देखाई कम्पनीमा लगानी गर्ने र आफ्नो लगानी बिना कम्पनीको शेयर कब्जा गर्ने गर्दथे। जि.बी. राई आफुले कुनै पनि कम्पनीमा लगानी नगरी सहकारी कै ऋण लगानी गरेर ऋणीको शेयर कब्जा गर्ने गर्दथे। यसरी करिब २ करोड ऋण दिएर गोकुल श्रेष्ठ, खिमानन्द कंडेल, निर्मला तन्डुकार, केशवराज पौडेल, जय संगत आश्रम र म सहित विभिन्न व्यक्तिहरूको नामबाट ५० करोड भन्दा बढीको कम्पनीको

शेयर र सम्पत्ति कब्जा गरेका छन्। यी मध्ये कतिपय सम्पत्ति आफ्नो नाममा र कतिपया आफ्नो परिवार, कर्मचारी लगायत विभिन्न व्यक्तिहरुको नाममा पास गरेका छन्।

सवाल १० गितेन्द्रबाबु राईको सहकारी संस्थाबाट कर्जा लिन सहकारीको शेयर सदस्य हुनु पर्दथ्यो वा पर्दैनथ्यो ? तपाईलाई के थाहा छ ?

जवाफ १० गितेन्द्रबाबु राईको सहकारी संस्थाबाट ऋण लिन सहकारीको शेयर सदस्य बनाउने बिषयमा उनको ईच्छा अनुसार हुन्थ्यो। पहिले कागजात सकेसम्म व्यवस्थित गर्दथे कुनै समस्या आउने विषय भए आफ्नो कर्मचारी प्रयोग गरी जुनसुकै कागजात लुकाउने गर्दथे।

सवाल ११ तपाईको नाममा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. कालिमाटीबाट २०७२/११/०२ देखि २०७५/१२/१८ सम्ममा ८ वटा फरक-फरक मिति र परिमाणमा जम्मा रु ६ करोड ७४ लाख ९३ हजार ७२६ कर्जा प्रवाह भएको उक्त सहकारीको वित्तीय विवरणमा देखिन्छ। पहिले लिएको कर्जा चुक्ता नगरी पुनः कर्जा लिन मिल्छ? उक्त ऋण के-कुन प्रयोजनका लागि लिनु भएको हो खुलाईदिनुहोस्।

जवाफ ११ प्रणोदयनी सहकारीबाट मैले लिएको ऋण चुक्ता गर्ने सर्तमा २०७३/०४/२५ गतेमा संगत ग्रुप प्रा.लि.को निर्णय अनुसार सहमती भएको हो। पछि स्वर्णलक्ष्मी सहकारी र प्रणोदयनी सहकारी एकिकरण भएपछि उक्त ऋण देखाएको भए सरासर जि.बी. राईको ठगी हो। किनकी २०७३/०८/१७ गतेको साधारणसभा पछि निज जि.बी. राई र मेरो सम्बन्ध बिग्रिएकोले २०७४/७५ पछि ऋण लिने भन्ने कुरा सरासर गलत छ। यदि यो पैसा संस्थाको अपचलन भएको भए जि.बी. राई स्वयंले मेरो नाम देखाएर अपचलन गरेको हुनसक्छ। किनभने स्वर्णलक्ष्मीमा मेरो ऋण तिर्न बाँकी हुन्थ्यो भने ७/८ वर्ष बित्दा सम्म संस्थाले ऋण उठाउन प्रक्रिया गर्ने थियो। सम्झौता अनुसार हरहिसाब गर्दा १० करोड भन्दा बढी मैले पाउँनुपर्ने भएकोले संस्थाको २ करोड पैसा मैले व्यक्तिगत चलाउने सवालनै आउदैन। उल्टो सम्झौता अनुसार पैसा तिर्नुपर्छ भनेर मसँग भागी भागी हिड्ने जि.बी. राईले लिनु पर्ने पैसा यतिका वर्षसम्म छोड्ने थिएनन्। सहकारी संस्थाले पनि यतिका वर्षसम्म

यस ऋणवारे मलाई लिखित वा मौखिक जानकारी आजसम्म गराएको छैन। त्यसैले यो ऋण मैले लिएको होइन।

सवाल १२ तपाई र गितेन्द्रबाबु राईको घनिष्ट सम्बन्ध कसरी बिग्रिन पुग्यो? खुलाईदिनुहोस्।

जवाफ १२ सहकारीबाट दिइएको ऋणको पैसामा एक लाखको मासिक १५०००/- को दरले ब्याज हिसाब गरेर ५० लाख रकमको ५/६ महिनामा नै १ करोड ५० लाख पुर्याई निर्मला तन्डुकारको मकवानपुर हेटौडा वडा नं.०९, कित्ता नं. ९९०५ को जग्गा चितवन बस्ने खड्गबहादुर थापाको नाममा लगेर हत्याए पछि बिश्वास टुटेर संगत ग्रुप प्रा.लि. को नाममा सम्झौता गरेर म अलग भएको हुँ। यसरी सहकारीको पैसा लिएर मिटरब्याजमा होटल, डिस्को, क्यासिनो, ढुङगा खानी, बालुवा खानी लगायतका विभिन्न गलत ठाउँमा कारोबार गर्ने गरेको थाहा पाएपछि सँगै काम गर्न उपयुक्त छैन भनेर म अलग भएको हुँ।

सवाल १३ सहकारीको रकम तपाईं संलग्न कम्पनीमा पनि आएको देखिन्छ। सहकारीको बचत रकम अपचलनमा तपाई समेत संलग्न देखिनु भयो होइन र ?

जवाफ १३ सहकारीको रकम मेरो व्यक्तिगत खातामा राखेर मैले चलाएको भए मेरो संलग्नता देखिन्थो तर सहकारीको रकम कम्पनी र संस्थाहरु चलाउनको लागि कम्पनि र संस्थाको खातामा आएको हो। जि.बी. राई ले नै उक्त कम्पनी र संस्थाहरु कब्जा गरेको हुँदा यस विषयमा मेरो संलग्नता रहेन। साथै २०७३/०४/२५ गतेको सम्झौता अनुसार मैले पाउँनु पर्ने रकम अन्दाजी १० करोड भन्दा बढि हालसम्म नपाएको हुँदा म असाध्यै पिडित छु।

सवाल १४ विद्यमान अवस्थामा सहकारी संस्थाहरूमा देखिएको समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका के सुझाव छन् ?

जवाफ १४ सबैभन्दा पहिला सबै ऋणीहरूसँग ऋण उठाउने बलियो कानूनी प्रबन्ध गर्नुपर्छ। श्रीमती, ससुराली, नाता, गोता, इस्टमित्र, कर्मचारी र जसको नाममा सम्पत्ति गएको छ उक्त सम्पत्ति खोजबिन गरी जफत गरी बचतकर्ताको रकम फिर्ता गर्नुपर्छ।

सवाल १५ तपाईको भन्न बाँकी केही छ ?

जवाफ १५ जि.बी. राई र गोकुल श्रेष्ठ मिलेर कम्पनी र सहकारीका रकमहरु दुरुपयोग गर्दै विभिन्न समयमा भएका माईन्युट र सम्झौताको निर्णयअनुसार ५० करोड बराबरका जग्गा र हिसाबकिताब अनुसार रकमहरु नदिएको कारणले गोरखा ग्रुप अफ कम्पनीका ९०० शेयर



धनी र म लगायत विभिन्न कम्पनीका शेयर सदस्यहरु ठगिएका कारणले कानून अनुसार हरहिसाब गराउनको लागि आवश्यक विभिन्न निकायहरुमा निर्देशन गरिदिन हुन समिति समक्ष अनुरोध गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः पुष्पराज पौडेल (पुरूष)

पदः तत्कालिन कार्यकरी निर्देशक/ तत्कालिन संस्थापक अध्यक्ष

संस्थाः हर्बो इन्टरनेसलन प्रा.लि./ हाम्रो ग्रुप अफ कम्पनी

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०६ गते बिहिबार
समयः दिनको ०३:३० बजे
स्थामः संघीय संसद सचिवालय, सिंहदरबार

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष आर्जन बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष हाल ठगी मुद्दामा केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहनु भएका श्री दलबहादुर आलेसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम दलबहादुर आले हो। मेरो बाजेको नाम नरबहादुर आले, बुबा प्रेमबहादुर आले, आमा बिष्णुमाया आले, श्रीमती बिमला आले, छोरा रवि आले हो। मेरो स्थायी ठेगान जिल्ला लम्जुङ्ग, राईनास नगरपालिका वडा नं. ०३ रेग्मी डाँडा भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०३ बसुन्धारामा बस्छौं। मेरो ना.प्र.नं. ११७३६/लम्जुङ्ग र स्मार्ट नं. ९८५१००३१४७ हो। म हाल ठगी मुद्दामा केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आवद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आर्जन बचत तथा ऋण सहकारी संस्था लि.मा अध्यक्ष छु। यस संस्थाको कार्यालय काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं.०९ मा रहेको छ। यस सहकारी २०६५ सालमा स्थापना भएदेखि म संस्थापक अध्यक्ष रहिआएको छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्न प्रयास गरि आएका थियौं। केही त्रुटिहरू हुन सक्छन्।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक मैले काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ०८ मा जाल्पा मार्ट सञ्चालन गर्दै आएको थिए। सहकारीमा समस्या आएपछि बचतकर्ताहरूले मार्ट सञ्चालनमा अवरोध पुर्याएकाले हाल बन्द छ।

सवाल ६ तपाईं अध्यक्ष रहेको आर्जन बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ स्थापनाकालदेखि नै म अध्यक्ष छु तर अरु पदाधिकारीहरू परिवर्तन हुँदै आएका थिए। हालको समयमा अध्यक्ष म, उपाध्यक्ष लिलाधर सापकोटा, सचिव राजकुमार गुरुङ्ग, कोषाध्यक्ष सीतादेवी भट्टराई, सदस्यहरूमा अरुण कुमार खनाल, अनिल पौडेल र कोपिला राना हुनुहुन्छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था बन्द छ। संस्था समस्यामा पर्नुको कारण बचतकर्ताहरूको बचत रकम फिर्ता दिन नसक्नु हो। बचत रकम फिर्ता दिन सक्नुको कारण २०७६ सालमा नेपालमा आएको कोभिडको कारण ऋणीहरूसँग ऋण उठाउन नसक्नु र बजारमा देखिएको तरलताको व्यवस्थापन हुन नसक्नु, अन्य सहकारीहरूमा समस्या देखिएको समाचारमा आएपश्चात् धेरै बचतकर्ताहरूले एकसाथ बचत रकम फिर्ता माग गर्न आउँदा संस्थाको तरलताले नधानेपछि मेरो व्यक्तिगत सम्पत्ति र मेरो श्रीमतीको गरगहना समेत बेचेर रकम फिर्ता गर्न थालेको थिएँ। तर अन्य सञ्चालक समितिका सदस्यहरूको साथ नपाएर पनि सहकारीमा समस्या समाधानमा मुस्किल भएको हो। सञ्चालकहरू मध्ये कोषाध्यक्ष सीता भट्टराईले धेरै नै सहयोग गर्नु भयो, अन्य सञ्चालकहरूले जिम्मा लिन तयार भएनन्।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यहरूमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोहि पनि थिएनन्, हुनुहुन्न। साधारणसभाबाट निर्वाचित भएर संस्थाको सञ्चालक समिति चुनिने गर्दछ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ मलाई जानकारी भएसम्म अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य व्यक्ति थिएनन्/छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० म अध्यक्ष र कार्यकारी भई संस्थाको दैनिक काम गर्ने गर्दथे। मेरो तलब ४५ हजार थियो। यो कुरा कानून सम्वत छैन भन्ने कुरा समितिमा राख्दा अन्य सञ्चालकहरूले एक कार्यकाल अध्यक्ष र कार्यकारीको भूमिका निर्वाह गरिदिनु पर्यो भन्ने कुरा आए पछि यसो गरेको हो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेकका अन्य व्यक्तिलाई ऋण प्रावाह गर्ने गरेको थिएन, २०६५ साल अगाडिसम्म सदस्य नभएकालाई पनि बचत गराउने गरेको थियो तर पछि यसमा सुधार गर्दै आयौं।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ यस सहकारीको कार्यक्षेत्र जिल्ला काठमडौं साविकका गोंगबु, धाम्सी, मनमैजु, टोखा र सांग्ला गाउँ विकास समिति रहेका छन्। शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई

मात्र सदस्य बनाईएको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सहकारीको नाममा कुनै सम्पत्ति छैन। ऋण लगानी करिब १२ करोड रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ कान्तिपुरी बहुउद्देश्यीय सहकारी संस्था लि., गोंगबुसँग अन्तरसहकारी कारोबार रहेको छ। ऋण सापटी र बचत जम्मा दुबै हुने गरेको छ।

सवाल १५ तपाईंको सहकारी संस्थामा बचतकर्ता संख्या, कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति र दायित्व रहेको छ?

जवाफ १५ बचतकर्ता संख्या करिब १६००, बचत रकम करिब २० करोड, ऋण लगानी करिब १२ करोडभन्दा माथि जुन हर्जना सहित २० करोड पुगेको छ, नगद र बैंक मौज्दात शुन्य, राष्ट्रिय सहकारी बैंक लि. मा सञ्चालकहरूको घर धितो राखेर २ करोड ऋण लिइएको छ।

सवाल १६ तपाईंको सहकारी संस्थाका बचतकर्ताहरू सुजनकुमार श्रेष्ठ भारीले आफ्नो र श्रीमतीको नाममा रहेको जम्मा बचत रकम रू. १ करोड ५६ लाख रकम फिर्ता नपाएको भनी यस समितिमा निवेदन दर्ता गराउनु भएको छ। उहाँहरू समेतका बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाई दिनुहोस्।

जवाफ १६ तरलता अभावले गर्दा बचत रकम फिर्ता गर्न नसकेको हो। सुजनकुमार श्रेष्ठ भारीले आफ्नो र श्रीमतीको नाममा बचत रकम साँवा ७० लाख बराबरको थियो जस्तो लाग्छ तर उक्त रकममा २४% व्याज लिने गरेकोले उँहाहरूको बचत रकम रू. १ करोड ५६ लाख पुगेको हो। २०७१ सालतिर संस्थाको व्यवस्थापक दिपक थापा अमेरिका भागेपछी ६०% सम्म व्याजदरमा बचतकर्ताको रकम लिएर समस्या समाधान गरिएको थियो।

सवाल १७ सहकारी सम्बन्धी वा कुनै फौजदारी कसुरमा थुना वा कैदमा पर्नु भएको छ वा छैन ? परेको भए हाल उक्त मुद्दा के-कुन अवस्थामा छ ?

जवाफ १७ हाल म ११ करोड ५२ लाख हाराहारी विगो रहेको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०८०/०५/०३ गतेको आदेशले केन्द्रीय कारागार जगन्नाथदेवलमा पुर्पक्षको लागि थुनामा रहेको छु।

सवाल १८ विद्यमान अवस्थामा तपाईंको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १८ सहकारीको समस्या समाधान गर्ने विषयमा आफ्नो जिम्मेवारीमा रहेको दायित्व बेहोर्न तयार भई वास्तबिक समस्या पत्ता लगाएर अगाडी बढ्नु पर्ने हुन्छ। तुलमान गुरुङ्गको अध्यक्षतामा छानविन समिति बनाई छानविन गरेका थियौं। बचत रकममा दिइएको व्याजदरमा कानून उल्लङ्घन भएको हो, यही कारणले सहकारी राम्ररी चलाउन सकिएन। त्यसैले संस्थामा समस्या आएको हो।

सवाल १९ तपाईं अध्यक्ष रहेको आर्जन बचत तथा ऋण सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १९ हामी सञ्चालकहरूलाई संस्थाले लगानी गरेको ऋण रकम उठाउन र बचत फिर्ता गरी संस्थालाई पुनः सामान्य रुपमा सञ्चालन गर्न १ वर्ष समय दिनु भयो भने समस्या समाधान गर्न सक्छौं कि।

सवाल २० अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २० सहकारीको सदस्यहरूको पिडालाई सम्बोधन गर्न हामी तयार छैं। म थुनामा परेपछि पनि १५ जना बचतकर्ताहरूको समस्या समाधान भइ सकेको छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः दलबहादुर आले

पदः अध्यक्ष

संस्थाः आर्जन बचत तथा ऋण सहकारी संस्था लि.

सामाखुशी, काठमाडौं।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ६ गते बिहिवार
समयः अपराह्न ५:०० बजे
स्थामः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.का निलम्बित अध्यक्ष श्री लक्ष्मी प्रसाद पाण्डेसंग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम लक्ष्मी प्रसाद पाण्डे हो। बाजे महानन्द पाण्डे, बुबा खगेन्द्र पाण्डे, आमा नन्दादेवी पाण्डे, श्रीमती सुशिला पाण्डे, छोरीहरु निशा पाण्डे र सन्नी पाण्डे हो। मेरो स्थायी ठेगाना जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.१० नयाँबानेश्वर हो। म वर्ष ६६ को भए। मेरो जन्म २०१६ साउन १४ गते भएको हो। फोन नं. ९८६२०२८२९७ र ना.प्र.नं. ८८/१६४४/ काठमाडौं हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म अध्यक्ष रहेको सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को कार्यालय जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १० नयाँबानेश्वरमा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ कतिपय अवस्थामा कानूनी त्रुटि भएको रहेछ त्यस प्रति गम्भिर हुन सकिएनछ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य विभिन्न क्याम्पसहरूमा पार्ट टाइम प्राध्यापन गर्ने गरेको थिएँ। साथै, २०५८ देखि २०६८ सम्म सोसाईटल उच्च माध्यमिक विद्यालयमा प्रिन्सिपल रहेको थिएँ। हाल अरु कुनै पेशा वा व्यवसाय छैन।

सवाल ६ तपाईं अध्यक्ष रहेको सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को अध्यक्षमा म, उपाध्यक्ष महेश्वर न्यौपाने, सचिव कुमारमणि कोइराला, कोषाध्यक्ष मनिष कोइराला, सदस्यहरू हेम चन्द्र महतो, दिनेश

कुमार सिं, सागर चौधरी लगायत रहेका छौं। संस्थालाई हाल समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हेरेको छ। हामी सञ्चालकहरु निलम्बनमा छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ संस्था सञ्चालनमा छैन। संस्था समस्यामा पर्नुको कारण उक्त संस्थाले बचतकर्ताहरूको बचत रकम सोसाइटल उच्च माध्यमिक विद्यालयमा रू ६ करोड ७२ लाख लगानी गरेको थियो। २०६९ सालमा राष्ट्र बैंकको निरीक्षण आउँदा उक्त लगानी गैर कानूनी रूपमा गरिएको कैफियत प्रतिवेदनमा देखियो। सो समस्या समाधान गर्नको लागि सोसाइटल उच्च माध्यमिक विद्यालयलाई बिक्री गरी प्राप्त रकम बचतकर्ताहरूको बचत रकम अन्य कानूनी प्रावधान बमोजिम लगानी गर्ने भनी सेफर्ड कलेजका सञ्चालकहरूलाई चितवनको १३ कट्ठा जग्गा धितो जमानी राखी व्यक्तिगत ऋणी कायम गरी ११ करोड ५० लाखमा बिक्री गर्ने निर्णय गरियो। उक्त ऋणीहरूको सबै ऋण समयमा असुल उपर भएन। सोही कारण संस्था समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति मध्ये मेरो श्रीमतीको सानिमाको छोरा मनिष कोइराला कोषाध्यक्ष पदमा रहेका छन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आवद्ध सहकारीको सञ्चालक समितिमा कोही छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका थिए। १ जना सञ्चालक दिपक प्रसाद लुईटेल व्यवस्थापकमा नियुक्त हुनुभएको थियो। तर राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनले कैफियत जनाए पश्चात उहाँलाई सञ्चालकबाट हटाई व्यवस्थापक मात्र राखिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा

कर्जा प्रवाह गर्ने गरिएको मेरो जानकारीमा थिएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्र भन्दा बाहिर बसोबास गरेका केही व्यक्तिलाई पनि शेयर सदस्य बनाइएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति चितवनमा १३ कट्ठा जग्गा रहेको छ। उक्त जग्गा नेफ्सकुनले रोक्का गरेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरेको छैन।

सवाल १५ तपाईं अध्यक्ष रहेको सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.मा २०६९ सालको वैशाख महिनामा राष्ट्र बैंकबाट भएको स्थलगत निरीक्षण अनुसार सञ्चालक समितिका सातजनामध्ये पाँच जना र लेखा समितिका तीन जनामध्ये दुई जना कार्यक्षेत्र बाहिरका व्यक्तिहरू रहेका र कार्यक्षेत्र बाहिरका अनिता लामा, अपार न्यौपाने, आस्था मिश्र, बाबुराम रावत लगायतसँग कारोबार गरेको भनी टिप्पणी भएको देखिन्छ। कार्यक्षेत्र बाहिरका व्यक्तिहरूसँग किन कारोबार गर्नु भएको हो? किन सञ्चालक समिति र लेखा समितिमा राख्नु भएको हो ?

जवाफ १५ कानूनी रूपमा गलत गरिएको भन्ने निरीक्षण प्रतिवेदन पश्चात् उक्त व्यक्तिहरूलाई हटाई नयाँ सदस्य राखिएको थियो।

सवाल १६ सोही निरीक्षणबाट सञ्चालक समिति र लेखा समितिका दशजनामध्ये ६ जनालाई मापदण्ड विपरीत कर्जा प्रदान गरिएको, तपाईकी श्रीमती सुशीला पाण्डेको नाममा दर्ता रही तपाई, उपाध्यक्ष महेश्वर न्यौपाने तथा सञ्चालकहरू हेमचन्द्र महतो र मनिष कोइराला सञ्चालक रहेको सोसाइटल स्कूलमा विनाधितो रू. ७.३८ करोड लगानी गर्नु भएको देखिन्छ। आफ्नै निजी कम्पनीमा सहकारीको रकम लगानी गर्न मिल्छ ? उक्त ऋण असुल भयो, भएन? खुलाइदिनुहोस्।

जवाफ १६ राष्ट्र बैंकको निरीक्षण पश्चात् यो कुरा गैरकानूनी हो, छिट्टै समाधान गर्नुहोस्। होइन भने कानूनी कारवाही हुन्छ भन्ने सुझाव आए पश्चात् सोसाईटल स्कुल बिक्री गरी उक्त रकम सहकारीलाई फिर्ता गर्ने उद्देश्य अनुरुप बिक्री गरियो। तर बिक्री उधारो भएकोले रकम असुल उपर गर्न सकिएन जसको कारण सहकारी नै समस्याग्रस्त हुन पुग्यो। मेरो श्रीमतीको नाममा रहेको ९ आना जग्गामा सोसाइटल उच्च माध्यमिक विद्यालयको भवन बनेको छ।

सवाल १७ सोही निरीक्षण प्रतिवेदनमा साधारणसभाबाट आगामी वर्षका लागि बजेट तथा कार्यक्रम स्वीकृत गराई खर्च गर्नु पर्नेमा वैशाखसम्म पनि वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत नभएको पाइएको भनि कैफियत जनाइएको देखिन्छ। तपाई अध्यक्ष रहेको सहकारीमा वेथितिको सुरूवात त्यतिबेलैबाट भएको थियो भनेर बुझ्दा हुन्छ ?

जवाफ १७ उक्त निरीक्षण प्रतिवेदनले जनाएको कैफियत सही साँचो हो।

सवाल १८ तपाईको सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता नपाएको यस समितिमा गुनासो गर्नु भएको छ। बचतकर्ताको बचत रकम किन फिर्ता नगर्नुभएको हो ? खुलाइदिनुहोस्।

जवाफ १८ सहकारीले कानून विपरीत सोसाइटल स्कुलमा कर्जा लगानी गरेको र सो रकम असुल उपर गर्न नसकेको कारणले तरलताको अभाव हुन गई बचतकर्ताहरूको बचत फिर्ता गर्न नसकिएको हो।

सवाल १९ तपाई अध्यक्ष रहेको सहकारीको पछिल्लो वित्तीय विवरण अनुसार सदस्यहरूलाई दिइएको कूल ऋण रकमको ९८.१३% मात्र ८ जना ठूला ऋणीहरूलाई दिनुभएको छ, यो कानूनसम्मत छ ?

जवाफ १९ सोसाइटल स्कुल बिक्री गर्दा सेफर्ड कलेजका सञ्चालक अनन्तकान्त मैनाली, सुरेश आचार्य, कुन्दन अर्याल र प्रदिप उपाध्यायको नाममा व्यक्तिगत ऋण कायम गरी स्कुल बिक्री गरेको हुँदा ठुलो ऋण देखिएको हो। अन्य ४ जनाको हकमा मलाई अहिले सम्झना भएन।

सवाल २० ऋण रकम असुल गर्न सक्ने पर्याप्त धितो लिनु भएको छ कि छैन ?

जवाफ २० ऋण रकम असुल गर्न सक्ने पर्याप्त धितो नलिएको कारण उक्त कर्जा असुल उपर गर्न कठिनाई परेको हो।

सवाल २१ अनन्तकान्त मैनाली र रमाकान्त मैनाली एकाघर परिवारको सदस्यहरु हो कि होइन ? यदि हो भने एकाघर परिवारको सदस्यलाई जम्मा ऋणको ४२.४८% ऋण किन र के कारणले प्रवाह गर्नु भएको हो ?

जवाफ २१ अनन्तकान्त मैनाली र रमाकान्त मैनाली बाबु छोरा हुन्। सोसाइटल स्कुलमा कानून विपरीत लगानी गरिएको भन्ने कैफियत राष्ट्र बैंकले औल्याएपछि सो समस्या समाधान गर्न सेफर्ड कलेजका सञ्चालकहरूलाई उक्त स्कुल बिक्री गर्ने क्रममा उल्लिखित व्यक्तिहरूको नाममा व्यक्तिगत ऋण कायम गरी शेयर हस्तान्तरण गरिएको हो। संस्थाले उहाँहरूलाई सीधै नगद कर्जा प्रवाह गरेको होइन। मलाई व्यवस्थापकले दिएको जानकारी अनुसार रमाकान्त मैनालीबाट उक्त ऋण असुली उपर भइसकेको छ।

सवाल २२ संस्थाले ऋणमा गणना गरेको ब्याजलाई पुँजीकृत गरेको छ कि छैन ?

जवाफ २२ राष्ट्र बैंकको निरीक्षण प्रतिवेदन पश्चात ब्याजलाई पुँजीकृत गरिएको छैन। त्यो भन्दा अगाडि गरिएको थियो।

सवाल २३ ऋणीले ऋणको किस्ता समयमै तिरिरहेका छन् कि छैनन् ?

जवाफ २३ ऋणीहरूले किस्ता समयमा तिरेका छैनन्। त्यसैले समस्या खेप्नु परेको छ।

सवाल २४ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २४ समस्याग्रस्त घोषणा भइसकेपछि २ वर्षसम्म म लगातार लागि परें। मैले ३५ वर्ष लगाएर कमाएको सम्पूर्ण सम्पत्ति बेचविखन गरी, मेरो र मेरा आफन्तको नाममा रहेको बचत समेत नलिने भनि मिनाहा गरी करिब ३ करोड १५ लाख दिई संस्थाको निक्षेप दायित्व घटाइएको छ। अन्य सञ्चालक समितिबाट स्रोत जुटाई बचतकर्ताहरूको मागदावी करिब ११ करोड मध्ये हाल करिब ६ करोड सेटल भई बाँकी दायित्व ५ करोड मात्र रहेको छ। बाँकी दायित्व ५ करोडमध्ये पनि करिब ४ करोड ६० लाखमा चितवनमा रहेको १३ कट्ठा जग्गा बचतकर्ताहरूले स्वीकारेको तर नेफ्सकुनले उक्त जग्गा रोक्का गरेकोले समाधान हुन नसकेको अवस्था छ। उक्त जग्गा फुकुवा भयो भने जम्मा संस्थाको दायित्व अन्दाजी ४० लाख मात्र रहन्छ। उक्त रकम हामी सञ्चालकहरू मिलेर फिर्ता गर्न तयार छौं। यसको लागि समितिको सहयोगको अपेक्षा गर्दछौं।

सवाल २५ तपाईं अध्यक्ष रहेको सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.को समस्या समाधान गर्न तपाईं, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २५ ऋणीहरूले संस्थामा कर्जा असुलीमा सहयोग गर्नुपर्यो। नेफ्सकुनले रोक्का राखेको जग्गा फुकुवा भएमा एक महिना भित्रनै संस्थाको समस्या समाधान गर्न सकिन्छ।

सवाल २६ तपाईं अध्यक्ष रहेको सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.मा बचतकर्ताको कूल बचत रकम, सहकारीले लिएको ऋण रकम, नगद मौज्दात, बैङ्क मौज्दात, कूल ऋण लगानी र अन्य के-कति सम्पत्ति तथा दायित्त्व रहेका छन् ? खुलाइदिनुहोस्।

जवाफ २६ बचतकर्ताहरूको बचत रकम अन्दाजी १२ करोड, सहकारीले लिएको ऋण अन्दाजी साढे २ करोड, कूल ऋण लगानी अन्दाजी ११ करोड, सम्पत्तिका रूपमा चितवनमा रहेको १३ कट्ठा जग्गा हालको मुल्य अन्दाजी ५ करोडको रहेको छ। नेफ्स्कुनमा सहकारीको नाममा २ करोड ५० लाख ऋण रहेको छ।

सवाल २७ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २७ नेफ्सकुनले हाम्रो संस्थालाई कर्जा प्रवाह गर्दा धितो लिएर मात्र कर्जा दिएको थियो तर हाल धितो नै नराखिएको चितवनको जग्गा रोक्का गरेकोले उक्त जग्गा फुकुवाको लागि समिति समक्ष निवेदन गर्दछु। समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र सम्बन्धित निकायहरूबाट परामर्श एवं आवश्यक सहयोग रहने कुराको अपेक्षा राख्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखत:

नाम: लक्ष्मी प्रसाद पाण्डे

पद: निलम्बित अध्यक्ष

संस्था: सोसाइटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.काठमाडौं।

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मिति: २०८१ भाद्र ०६ गते विहिवार
समय: अपराह्न ६:३० बजे
स्थाम: संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लि. खुसीबु लिकंरोड काठमाडौंका अध्यक्ष श्री धन बहादुर तामाङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम धन बहादुर तामाङ हो। बाजे सिंहवीर तामाङ, बुबा कर्ण बहादुर तामाङ, आमा सञ्चमाया तामाङ, श्रीमती संगिता तामाङ र छोरा सिद्धान्त तामाङ हो। मेरो स्थायी ठेगाना जिल्ला ओखलढुङ्गा मोलुङ गाउँपालिका वडा नं. ०१ कुन्तादेवी हो। म वर्ष ४७ को भएँ। मेरो जन्म २०३४ साउन ०४ गते भएको हो। फोन नं. ९७६६८८४०३६ ना.प्र.नं. ७१६६/१८४२ ओखलढुङ्गा हो। हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगरमा बस्छौं।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ म किड्नीको बिरामी रहेको छु। हाल शारीरिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ २०५६ सालमा म गोरखा सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि.मा बजार व्यवस्थापकको रूपमा काम गरेको थिएँ। म अध्यक्ष रहेको लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लि. हो। यस संस्थाको कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १७ खुशिबु लिकंरोडमा रहेको छ। यसको संस्थापक अध्यक्ष कुमारी तामाङ हो। उक्त समयमा म प्रबन्धक थिएँ। गोरखा विकास बैंक लि.मा समस्या आए पश्चात कुमारी तामाङलाई संस्थाको सञ्चालक समितिबाट हटाइएको थियो। २०६५ सालमा सिखर सेभिङ को म अध्यक्ष, केदारनाथ शर्मा उपाध्यक्ष र संगिता तामाङ कोषाध्यक्ष हुनुहुन्थ्यो। सहकारी संस्थाको नाममा भएको सम्पत्ति क्षेत्रपाटीमा १ सय ३ आनामा ७ तले भवन रहेको छ। उक्त घरजग्गा धितो राखी सहकारी बैंकबाट ३२ करोड ऋण लिएको हो। शेयर पुँजी अन्दाजी ७ करोड, बचतकर्ता ६ हजार, बचत रकम अन्दाजी ३ अर्ब, कर्जा प्रवाह अन्दाजी २ अर्ब रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरेको छ/थियो।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक २०७६ सम्म पोल्टी फार्म गर्थे हाल गर्दिन। अहिले अन्य कुनै पेसा वा व्यवसायमा छैन।

सवाल ६ तपाई अध्यक्ष रहेको लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लि.को अध्यक्ष म, उपाध्यक्ष उर्मिला श्रेष्ठ, सचिव लिला बल्दब दाहाल, कोषाध्यक्ष ढुण्डीराज बम्जन, सदस्यहरू सुनिता थापा, सुवलाल थिङ् रहेका छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ संस्था सञ्चालनमा छ। तर न्यून कारोबार भइरहेको छ। संस्था समस्यामा पर्नुको कारण सहकारी प्रतिको नकारात्मक होहल्ला, कर्जा असुली उपरमा कठिनाई, बचतकर्ताहरू बचत माग फिर्ताको भिडभाड हुनु।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही हुनुहुन्न। मेरो श्रीमती संगिता तामाङ युनाईटेड गोरखा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हुनुहुन्छ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आवद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आवद्ध सहकारीको सञ्चालक समितिमा छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। कर्मचारी विनियमावली अनुसार व्यवस्थापक वा कर्मचारी छनौट गर्ने गरिएको छ।



सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाइएको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको नाममा भएको सम्पत्ति क्षेत्रपाटीमा १ सय ३ आनामा ७ तले भवन रहेको छ। उक्त घरजग्गा धितो राखी सहकारी बैंकबाट ३२ करोड ऋण लिएको हो। सोही कारण सहकारी बैंकले लिलामी प्रक्रियामा राखेको छ। लिलामी भइसकेको छैन।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि. (कालिमाटी) सँग अन्तरसहकारी कारोबार गरिएको छ। उक्त सहकारीबाट हाम्रो सहकारीमा करिब १ करोड ५० लाख बचत रहेको छ।

सवाल १५ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १५ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिन्छ। सहकारी भनेकै ठग हुन् भन्ने आम मानसिकतालाई बदल्न जरूरी छ। राम्रो काम गर्ने र गरिरहेका सहकारी संस्थाहरूको हकमा बचतकर्ताहरूको बचत रकम डुब्दैन भन्ने जनचेतना जगाउन आवश्यक छ। सहकारीबाट लिएको ऋण फिर्ता गर्नु पर्दैन भन्ने ऋणीहरूको मानसिकता देखिन्छ। ऋण जहासुकैबाट लिएको होस् फिर्ता गर्नु पर्छ भनि फिर्ता गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो। सहकारी सञ्चालकहरूलाई थुनामा राखेर होइन। उनीहरूको जायजेथा रोक्का गरी प्रहरीकै निगरानीमा राखी काम गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो।

सवाल १६ तपाई अध्यक्ष रहेको लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लि.को समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १६ राम्रो काम गर्ने र गरिरहेका सहकारी संस्थाहरूको हकमा बचतकर्ताहरूको बचत रकम डुब्दैन भन्ने जनचेतना जगाउन आवश्यक छ। सहकारीबाट लिएको ऋण फिर्ता गर्नु पर्दैन भन्ने ऋणीहरूको मानसिकता देखिन्छ। ऋण जहासुकैबाट लिएको होस् फिर्ता गर्न पर्छ भनि फिर्ता गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो। सहकारी सञ्चालकहरूलाई थुनामा राखेर होइन उनीहरूको जायजेथा रोक्का गरी प्रहरीकै निगरानीमा राखि काम गर्ने वातावरण सिर्जना गरिदिनुपर्यो। कर्जा लिएको बैंकले संस्थाको धितो लिलामी प्रक्रियामा नगई संस्थालाई धितो राखेको जायजेथा बिक्री गरी सेटल गर्ने मौका दिनुपर्यो। यदि बैंकले लिलामी गरेर कर्जा असुली उपर गर्दा आम बचतकर्ताहरूलाई नकारात्मक असर पर्दछ जसले गर्दा बचत माग फिर्ताको झन दवाब पर्छ तसर्थ उल्लिखित कार्यहरूमा समितिको ध्यान दिन आग्रह गर्दछु।

सवाल १७ २०६७ सालमा तपाईको सहकारीमा स्थलगत निरीक्षण हुँदा पुँजीकोषको १० प्रतिशतको अधिकतम सीमा उल्लंघन गरी गोर्खा हस्पिटल एण्ड रिसर्च सेन्टरलाई १० करोड, कुमारी तामाङलाई ८ करोड समेतका ऋण लगानी गर्नुभएको देखिन्छ। हाल त्यस्ता सीमा नाघेका ऋण के-कति रहेका छन्? असुल भए भएनन्।

जवाफ १७ उक्त निरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कर्जा मध्ये गोर्खा हस्पिटल एण्ड रिसर्च सेन्टरलाई दिएको १० करोड कर्जा हाल धितो लिलाम गरी संस्थाको नाममा छेत्रपाटीमा रहेको १ सय ३ आनामा ७ तले भवन लिएको हो। कुमारी तामाङलाई ८ करोड खराब कर्जाको रूपमा राखी धितो लिलामीमा जाने प्रक्रियामा छौं। असुल उपर भएको छैन।

सवाल १८ गोर्खा अस्पताल, Forever Living, गोर्खा टि एण्ड कफी प्रा.लि. जस्ता कम्पनीमा के-कुन आधारमा ऋण लगानी गर्नुभएको हो? त्यसरी ऋण लगानी गर्न मिल्छ? हाल निजी कम्पनीमा के-कति ऋण रहेको छ?

जवाफ १८ राष्ट्र बैंकको निर्देशन बमोजिम उक्त कर्जा असुली गरिसकिएको छ। हाल कुनै पनि निजी कम्पनीमा कर्जा लगानी गरिएको छैन।

सवाल १९ सोही निरीक्षण प्रतिवेदन अनुसार ३० ठूला बचतकर्ता मध्ये २३ जना शेयर सदस्य नरहेको देखिन्छ? त्यसरी शेयर सदस्य नभएको व्यक्तिको निक्षेप लिन कुन कानूनले दिन्छ? हाल त्यस्ता गैर सदस्य बचतकर्ता कति रहेका छन्?



जवाफ १९ उक्त कुरा कानूनसम्मत होइन, त्यतिबेला बचतकर्ताहरूलाई शेयर लिएर बचत गर भन्दा शेयर लिन मानेनन्। उक्त ३० जना मध्ये २३ जना ठूला बचतकर्ताहरूलाई शेयर सदस्य बनाइएको थिएन। तर राष्ट्र बैंकको प्रतिवेदनले कैफियत देखाइसकेपछि शेयर सदस्य बनाएर मात्र बचत संकलन र ऋण प्रवाह गर्ने गरिएको छ।

सवाल २० अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ २० अन्य मेरो केही भन्नु छैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः धन बहादुर तामाङ
पदः अध्यक्ष
संस्थाः लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लि. खुशिबु काठमाडौं।

प्रमाणित गर्ने



बबिता मिश्र
सचिव



सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०६ गते बिहिवार
समयः अपराह्न ७:२० बजे
स्थामः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति समक्ष मितेरी बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष श्री कुम्मराज गुरूङसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम कुम्मराज गुरूङ हो। बाजे बिरे गुरूङ, बुवा चन्द्रविर गुरूङ, आमा मौली गुरूङ, श्रीमती डिलमाया गुरूङ, छोरी डोलमाया गुरूङ, छोराहरू मान बहादुर गुरूङ, खगेन्द्र प्रसाद गुरूङ र टेक बहादुर गुरूङ हुन्। स्थायी वतन जिल्ला स्याङजा साविक कालिकाकोट गा.वि.स. वडा नं. ८ परिवर्तित भिरकोट नगरपालिका वडा नं. ९ भइ हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४ झुलपाखामार्गमा हामी श्रीमान, श्रीमती २ जना मात्र बस्छौं। छोरी डोलमाया गुरूङ अमेरिका, छोरा मान बहादुर गुरूङ र खगेन्द्र प्रसाद गुरूङ हङकङ, टेक बहादुर गुरूङ बेलायत मा छन्। म वर्ष ८१ को भएँ। मेरो ना.प्र.नं.३११/ स्याङजा र सम्पर्क नं. ९८५१०४४१८२ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ म निमोनियाको बिरामी हुँ तर सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म मितेरी बचत तथा ऋण सहकारी संस्था लि.को अध्यक्ष छु। यसको कार्यालय जिल्ला ललितपुर, महालक्ष्मीस्थान नगरपालिका वडा नं. ५ मा रहेको छ। म स्थापनाकाल देखि हालसम्म संस्थाको अध्यक्ष रहेको छु। म यो संस्था बाहेक अन्य कुनै सहकारी संस्थामा आबद्ध छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गरिएको छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशामा म आबद्ध छैन। यो सहकारी २०५८ सालमा स्थापना भएको हो। म २४ वर्ष ब्रिटिस् गोरखामा सेवा गरी लेफ्टनेन्ट भन्दा मुनीको दर्जा W1 बाट रिटायर भएको हुँ। त्यसबाहेक ब्रिटिस् गोरखासँग सम्बन्धित विभिन्न प्रोजेक्टहरुमा काम गरेको थिएँ।

सवाल ६ तपाईं अध्यक्ष रहेको मितेरी बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ म अध्यक्ष, सचिव कृष्णबहादुर राना, सदस्यहरू, मोतीप्रसाद आले, कर्णबहादुर रोका, सुर्जबहादुर थापा, हरिबहादुर रोका, कौशिला गुरूङ, मनकुमारी गुरूङ, बोधबिक्रम थापा समेत रहेका छौं।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छ। संस्था समस्यामा पर्नुको कारण प्रवाह भएको ऋण असुल गर्न नसकेर बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न नसक्नु हो। साथै बचतकर्ताको ठुलो रकम दुरुपयोग पनि भएको थियो। संस्थाको महाप्रबन्धक ज्योती गुरुङलाई संस्था सञ्चालन गर्न सम्पुर्ण जिम्मेवारी दिइएको थियो। उँहाले १२ करोड ५० लाख रकम हिनामिना गरेको देखिन्छ जुन रकम व्याज समेत गरेर १४ करोड ८१ लाख पुगेको छ।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो परिवार वा नातागोताका व्यक्तिहरू कोहि पनि छैनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ म अध्यक्ष भएको सहकारीको सञ्चालक समितिमा अन्य सहकारीमा सञ्चालक रहेको व्यक्ति कोही पनि थिएनन्/ छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा सञ्चालक समिति, शेयर सदस्यहरूबाट योग्यताका आधारमा छनोट गर्ने गरेका थियौं।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक कुनैपनि व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोवास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य, बनाउँदा तोकिएको कार्यक्षेत्र भित्र कै काठमाडौं, भक्तपुर र ललितपुरमा बसोवास भएका व्यक्तिलाई सदस्य बनाइएको छ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको नाममा रहेको सम्पत्ति एउटा सुजुकी जेन कम्पनीको गाडी र ३० वटा मोटरसाईकल छन्। उक्त गाडी म आफैले प्रयोग गरेको छु। सञ्चालक समितिको निर्णयबाट ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १४ स्थित १ करोड बराबरको जग्गा किनेका थियौं। हाल उक्त जग्गा बिक्री भइसकेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरिएको छैन।

सवाल १५ तपाई अध्यक्ष रहेको मितेरी बचत तथा ऋण सहकारी संस्था लि.मा २०६९ सालमा स्थलगत निरीक्षण भएको देखिन्छ। उक्त निरीक्षणको प्रतिवेदन अनुसार साधारणसभाबाट बजेटको व्यवस्था नगरी २०६९।०३।२२ गतेको सञ्चालक समितिबाट जग्गा किन्ने निर्णय भएको देखिन्छ। साधारणसभाले बजेट नछुट्याएको रकम के-कसरी खर्च गर्नु भयो?

जवाफ १५ हामीले साधारणसभाबाट बजेट नछुट्याए पनि सञ्चालक समितिको निर्णयबाट ललितपुर महानगरपालिका वडा नं. १४ स्थित १ करोड बराबरको जग्गा किनेका थियौं। हाल उक्त जग्गा बिक्री भइसकेको छ। साधारणसभाबाट नछुट्याएको रकम प्रतिवेदनमा होला, अहिले मलाई यकिन भएन।

सवाल १६ शेयर सदस्यहरूलाई लाभांश वितरण गर्दा समान अनुपातमा गर्नुहुन्छ वा फरक? आर्थिक वर्ष २०६७।०६८ को लाभांश वितरण गर्दा बचत रकमको आधारमा २० प्रतिशत/१५ प्रतिशत र १३ प्रतिशत के- कसरी कायम भएको हो?

जवाफ १६ सिस्टममा के-कसरी देखियो थाहा भएन। शेयर सदस्यहरूलाई लाभांश वितरण गर्दा समान अनुपातमा गरेका थियौं।

सवाल १७ सहकारीको सदस्य हुन नमिल्ने तमु समाज भन्ने संस्थालाई के- कसरी कर्जा प्रदान गर्नुभयो?

जवाफ १७ तमु समाज हाम्रो कार्यक्षेत्र भित्र रहेर शेयर सदस्य भएकोले कर्जा प्रवाह गरिएको हो।

सवाल १८ तपाईको सहकारीबाट ८ करोड भन्दा बढी रकम अनुत्पादक कार्यमा कर्जा प्रवाह भएको भनी टिप्पणी भएको देखिन्छ। अहिलेको लगानीको अवस्था के छ ?

जवाफ १८ हाम्रो संस्थाबाट ऋणमा एक हजार भन्दा बढी मोटरसाइकल किस्तावन्दीमा वितरण गरिएको हो। अहिलेको अवस्थामा लगानी छैन। बाँकी कर्जा असुल गरिरहेका छौं।

सवाल १९ १० लाख भन्दा बढी कर्जा प्रवाह गर्दा धितो मूल्याङ्कन गराउनु हुन्छ/हुदैन ? खुलाइदिनुहोस।

जवाफ १९ १ लाख भन्दा बढी कर्जा प्रवाह गर्दा नै धितो मूल्याङ्कन गर्ने गरेका छौं।

सवाल २० हाल तपाईको सहकारी संस्थामा के-कति कर्मचारी रहेका छन ? पछिल्लो साधारणसभापछि कर्मचारीहरू परिवर्तन भएका छन/छैनन्? खुलाइदिनुहोस।

जवाफ २० हाल म अध्यक्ष रहेको सहकारी संस्थामा ६ जना कर्मचारीहरू रहेका छन्। पछिल्लो साधारणसभापछि कुनै पनि कर्मचारीहरू परिवर्तन भएका छैनन्। महाप्रबन्धक ज्योती गुरुङ सम्पर्कमा हुनुहुन्न।

सवाल २१ तपाईले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा सहकारी संस्थाको बचत रकम दुरूपयोग सम्बन्धमा कारबाहीका लागि लेखी पठाउनु भएको देखिन्छ। के भएको हो? खुलाइदिनुहोस्।

जवाफ २१ हाम्रो सहकारी संस्थामा बचतकर्ताको बचत रकम अपचलन भएदेखि सञ्चालक समितिको सदस्य सूर्ज बहादुर थापाको संयोजकत्वमा आन्तरिक छानविन समिति गठन गरी हेर्दा माननीय धनराज गुरुङको श्रीमती महाप्रबन्धक ज्योति गुरुङले १२ करोड ५० लाख रकम हिनामिना गरेको हुँदा संस्था प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा सहकारी संस्थाको बचत रकम दुरूपयोग सम्बन्धमा कारबाहीका लागि निवेदन पेश गरेको हो। हाल उक्त निवेदन नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोमा पुगेको बुझेको छु।

सवाल २२ तपाईको संस्थाका महाप्रबन्धक ज्योती गुरुङले त्यति ठूलो बचत रकम कसरी अपचलन गरेको भन्ने बारेमा तपाईलाई केही थाहा छ?

जवाफ २२ ज्योती गुरुङले संस्थाको नाममा लिएको १२ करोड ५० लाख रकम बैंककमा बस्ने कास्कीका ज्योती बहादुर भण्डारी मार्फत् बिटक्वाइनमा लगानीको लागि हङ्गइमा पठाइएको भन्ने सम्म मैले बुझेको हो। ज्योती बहादुर भण्डारीले मलाई टेलिफोन गरी ज्योती गुरुङको पैसा म तिर्छु, उहाँलाई केही नभन्नुस् समेत भनेका छन्।

सवाल २३ बचतकर्ताको बचत रकम सुरक्षा गर्न के-कस्तो प्रबन्ध गर्नु भएको छ? खुलाइदिनुहोस।

जवाफ २३ बचतकर्ताको बचत रकम सुरक्षा गर्न अहिले जटिल अवस्था छ। १० वर्ष अगाडि १ करोड २० लाखमा घर धितो राखी ऋण लगेका ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १३ कुसुन्तीका केशवबहादुर सुब्बाको घर लिलामीको लागि पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरेका छौं। क्रमश सबै ऋणीहरूको ऋण असुल गर्न नसकेमा यसैगरी पत्रिकामा लिलामीको लागि अरुको पनि नाम प्रकाशन गरिने छ।

सवाल २४ विद्यमान अवस्थामा तपाईको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २४ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सकिन्छ। ऋण, जोखिम कर्जा उठाउन सकियो र ज्योती गुरुङबाट अपचलन भएको रकम फिर्ता लिन सकियो भने समस्या समाधान गर्न सकिन्छ। संस्थाका सञ्चालक समितिका ९ जना सदस्य सहित माननीय धनराज गुरुङ र

उँहाका श्रीमती ज्योती गुरुङ बसेर संस्थाको समस्या समाधान गर्छौं भन्ने मौखिक प्रतिबद्दता व्यक्त गर्नु भएको थियो तर पुरा भएन। हाल ज्योती गुरुङ कहाँ हुनुहुन्छ मेरो जानकारी छैन।

सवाल २५ तपाई अध्यक्ष रहेको मितेरी बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ २५ सरकारले नियमित अनुगमन गर्नु पर्यो। मेरो अरू कुनै अपेक्षा छैन।

सवाल २६ अन्त्यमा, तपाईको थप भन्नु केही छ?

जवाफ २६ दुई वर्षको अवधि दिइयो भने बचतकर्ताहरूको बचत रकम फिर्ता गरेर संस्थालाई पूर्ववतरूपमा सञ्चालन गर्न सक्छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखत:

नाम: कुम्मराज गुरुङ

पद: अध्यक्ष

संस्था: मितेरी बचत तथा ऋण सहकारी संस्था लि.ललितपुर।

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मिति: २०८१ भाद्र ०६ गते बिहिवार

समय: बेलुकी ८:३० बजे

स्थान: संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष गोरखा मिडिया नेटवर्क प्रा.लि.का पूर्वसञ्चालक श्री छबिलाल जोशीसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम छजिलाल जोशी हो। हजुरबुबा स्व. गोबिन्द बन्जाडे, बुबा खिमानन्द बन्जाडे, आमा शिवकला बन्जाडे हो। श्रीमतीको नाम पद्मा बन्जाडे जोशी, छोरा रोचक जोशी, छोरीहरू तोषिमा जोशी र श्रीयांशी जोशी हुन्। जेठी छोरी अमेरिकामा र बाकी परिवार काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १, नक्सालमा बस्छौं। मेरो स्थायी ठेगाना जिल्ला अर्घाखाँची मालारानी गाउँपालिका वडा नं. २ हो। म वर्ष ५९ को भएँ। नागरिकता नम्बर ३०३/२१००-काठमाडौं र फोन नम्बर ९८५१०४१३६४ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था समान्य छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेका सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म कुनै पनि सहकारीमा आबद्ध थिइन/छैन र हुने सोँच पनि राखेको छैन।

सवाल ४ तपाईले सहकारी संस्थामा आबद्ध छैन भन्नुभयो, तर सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवलको मेम्बर आइ डि नं. 001-058037 मा तपाईंको नामसहितको KYM (Know Your Member) रहेको देखिन्छ। के हो ? खुलाइदिनुहोस्।

जवाफ ४ सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा म गएको छैन। मैले सदस्यताको लागि आवेदन दिएको छैन। के.वाई.एम फाराम भरेको पनि छैन। यदि मेरो नाममा उक्त कार्य भएको हो भने उक्त कार्य गर्ने व्यक्तिलाई कारवाही हुनु पर्छ। मैले यस विषयमा मिति २०८१/०३/१२ मा सत्य तथ्य अनुसन्धान गरी दोषीलाई कारवाही होस् भन्ने वेहोरा खुलाई सहकारी विभागमा

रजिष्ट्रारसमक्ष निवेदन दिइसकेको छु।

सवाल ५ पछिल्लो पाँच वर्षयताको तपाईको पेशा वा व्यवसाय के हुन् ? खुलाइदिनुहोस्।

जवाफ ५ २०७५ साल असार ३० गते नेपाल प्रहरीको ३० वर्ष कार्यकाल पूरा गरी सेवानिवृत्त भएको थिएँ। २०७७ मा नेचरको हर्व्समा १०% शेयर लिई डाईरेक्टर भएँ। सोही कम्पनीको प्रतिनिधित्व गरी म नेपाल डाईरेट सेलिङ एसोसोयनमा अध्यक्ष भएँ। नेपाल डाईरेट सेलिङ एसोसोयनमा अध्यक्ष भएको १ महिनामा मैले नेचरको हर्व्सको शेयर गितेन्द्र बाबु राईलाई नै हस्तान्तरण गरें। म पहिले देखि के एण्ड के कलेज नयाँबाजेश्वरमा आवद्ध थिएँ। गोरखा मेडिया नेटवर्क प्रा.लि. मा पनि सुरु देखि आवद्ध थिएँ।

सवाल ६ तपाई गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन मितिदेखि के-कुन मतिसम्म के-कुन भूमिका र जिम्मेवारीमा रहनु भएको थियो ? खुलाइदिनुहोस्।

जवाफ ६ कम्पनी रजिष्ट्रारको कार्यालयमा २०७७/०५/१० मा गोरखा मिडिया नेटवर्क प्रा.लि. दर्ता भयो। उक्त प्रा.लि. मा म र गितेन्द्रबाबु (जि.बी.) राईको ५०/५०% शेयर रही दर्ता भई म सञ्चालक भएँ। २०७८/१२/१२ गते नेपाल बैङ्कमा ऋण लिने प्रक्रिया बढाउँदा गोरखा मिडिया नेटवर्क प्रा.लि.को पुँजी १२ करोड बनाउने कार्य गरियो। सो प्रक्रिया गर्नु अगावै मेरो नाममा रहेको ५०% शेयर मध्ये १५% रबि लामिछानेलाई बिक्री गरिएको थियो। मेरो नाममा ३५% शेयर कायम गरी रबि लामिछानेको नाममा १५% शेयर र जि.बी. राईको नाममा ५०% शेयर रहने गरी कम्पनीको चुक्ता पुँजी ५ करोड बाट १२ करोड बनायौं। त्यसपछि कम्पनीको लागि ऋण लिने प्रक्रियामा नेपाल बैङ्क लि.को न्युरोड शाखामा म, रबि लामिछाने र लेखा प्रतिनिधि गएका थियौं। उक्त ऋण लिनका लागि मेरो श्रीमतीको नाममा रही नेचर हर्व्स कम्पनीलाई भाडामा दिइएको घर धितो राखे प्रस्ताव निज जि.बी. राईबाट आएको थियो, त्यस प्रस्तावमा म सहमत भइन। २०७८/०६/२३ मा म गोरखा मिडिया नेटवर्क प्रा.लि. बाट पूर्ण रूपमा बिदा भएको थिएँ।

सवाल ७ गोरखा मिडिया नेटवर्क प्रा.लि.का के-कुन व्यवसाय रहेका छन् ? उक्त प्रा.लि.द्वारा सञ्चालित Galaxy 4K हाल चलिरहेको छ, छैन ? खुलाइदिनुहोस्।

जवाफ ७ गोरखा मिडिया नेटवर्क प्रा.लि. मा म रहँदाको अवस्थामा Galaxy 4K Television सञ्चालनमा रहेको थियो। म २०७७/१२/१२ देखि नै उक्त संस्थाको कुनै काममा सहभागी भएको छैन। त्यहा के-कुन व्यवसाय रहेको छ, मलाई जानकारी भएन।

सवाल ८ गितेन्द्रबाबु राईसँग तपाईको के-कसरी चिनजान भएको हो ? व्यावसायिक साझेदारीमा के-कसरी प्रवेश गर्नु भयो ? खुलाइदिनुहोस्।

जवाफ ८ म जिल्ला प्रहरी परिसरमा रहदाँ जि.बी. राई, दिपेश पुन लगायत केही साथीहरू एउटा काम लिएर आउनु भएको थियो। उक्त काम सम्पन्न भएपश्चात् हामी सम्पर्कमै रह्यौं। म २०७५ सालमा सेवानिवृत्त भएपश्चात् पनि उँहा मसँग सम्पर्कमै रहनु भएको थियो। उँहाले मलाई नेचर हर्व्समा सहयोग गर्नु पर्यो भन्नु भयो। यस विषयमा मैले पूर्वमहान्यायाधिवक्ता बाबुराम कुँवरसँग सरसल्लाह गरेर ऐन, नियम अनुसार म नेचर हर्व्समा आवद्ध भएँ। पछि गोरखा मिडिया नेटवर्क प्रा.लि.मा पनि उहाँकै व्यावसायिक साझेदारका रूपमा आबद्ध भएँ।

सवाल ९ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्न वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्न वा ऋण वा कर्जा लिन पाइन्छ, पाइदैन ? तपाईंलाई के थाहा छ ? खुलाइदिनुहोस्।

जवाफ ९ मैले जानेसम्म सहकारीको शेयर सदस्य नभइकन ऋण माग्न र लिन पाइदैन।

सवाल १० सहकारी समस्यामा परेपछि लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयबाट गराइएको लेखापरीक्षण अनुसार सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवलमा मिति २०७७।१०।२९ मा तपाईंको नाममा २ करोड ५० लाखको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा ११ फेब्रुअरी २०२१ मा २ करोड ४५ लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा लिएको ऋण कम्पनीमा पठाउन मिल्छ ?

जवाफ १० यो सारसर झुट हो । मैले उक्त रकम माग गरेको छैन र त्यसको समग्र प्रक्रियामा पनि सहभागी भएको छैन।

सवाल ११ तपाईंले संस्थापक र पछि थप गरेको समेत गोरखा मिडिया नेटवर्क प्रा.लि.को ४,२०,००० कित्ता शेयर लिएको देखिन्छ। उक्त रकम सोही प्रयोजनका लागि लिनुभएको त होइन ?

जवाफ ११ मेरो नामबाट कुनै पनि रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा गएको छैन र आएको पनि छैन। शेयर चुक्ता गर्दा ४,२०,००,०००।- को भौचर पेस गर्नु भएको रहेछ। उक्त खातामा रकम नभएकोले फिर्ता भएको देखिन्छ र उल्टै मेरो खाताबाट रु. ३० काटिएको थियो।

सवाल १२ गोरखा मिडिया नेटवर्क प्रा.लि.को मिति २०७८/०१/१५ को प्रमाणित शेयर लगत अनुसार तपाईको नामको चार लाख २० हजार कित्ताको रु. ४ करोड २० लाख चुक्ता भएको देखिन्छ। फौजदारी कसुर अनुसन्धानमा विज्ञता हासिल गरेको नेपाल प्रहरीको नायव महानिरीक्षक पदबाट सेवानिवृत्त भएको अधिकारीले कम्पनी रजिष्ट्रारको कार्यालयमा शेयर लगत कायम गराउने गरी भएको कम्पनीको माइन्युटमा किन हस्ताक्षर गर्नुभयो त?

जवाफ १२ मैले गलत काम गर्नु हुन्न भन्ने मलाई जानकारी छ। शेयरवापत मैले कुनै रकम दिएको छैन। यस विषयमा मलाई जानकारी भएन, जि.बी. राईले आफै मिलाउनु भएको होला।

सवाल १३ तपाईंले गोर्खा मिडिया नेटवर्क प्रा. लि. मा मिति २०७७।०५।१४ मा कम्पनी स्थापना हुँदा शेयर लगानी गरेको रकम २ करोड ५० लाख र पछि २०७७।१२।१८ मा थप गरेको १ करोड ७० लाख गरी जम्मा रु. ४ करोड २० लाखको शेयर लगानी गर्नुभएको देखिन्छ। उक्त शेयर रकम कम्पनीलाई कसरी के-कुन माध्यमबाट के-कुन स्वरूपमा चुक्ता गर्नु भएको थियो ?

जवाफ १३ सुरुका दिनदेखि आजको दिनसम्म मेरो नामबाट कुनै पनि रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा गएको पनि छैन र आएको पनि छैन।

सवाल १४ सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि.मा रहेको गोरखा मिडिया नेटवर्क प्रा.लि.को रु. २ करोड पेश्की रकम मिति २०७८।०३।३१ मा फर्स्यौट भई सोही दिन तपाईंको नाममा २ करोडको ऋण लेखाङ्कन भएको देखिन्छ। उक्त ऋण के-कुन प्रयोजनका लागि लिनु भएको थियो ? हाल उक्त ऋणको अवस्था के छ ?

जवाफ १४ यस विषयमा मलाई जानकारी भएन। मैले जि.बी. राई संलग्न भएको कुनै सहकारीबाट कुनै रकम लिएको छैन।

सवाल १५ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा मिति २०७७।१२।१८ मा रबि लामिछानेको नाममा २ करोडको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा रहेको ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७७।१२।१८ (३१ मार्च २०२१) मै उक्त रकममध्ये १ करोड ९६ लाख रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो के हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ? उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? निज रबी लामिछाने पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रबी लामिछाने हो, होइन खुलाइदिनुहोस्।

जवाफ १५ मैले चिनेको रबी लामिछाने भनेको पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रबी लामिछाने नै हो। म काठमाडौं जिल्ला प्रहरी परिसर प्रमुखमा हुँदा स्टिङ अपरेसन गर्ने सिलसिलामा कहिलेकाही प्रहरी चाहिएको हुँदा मैले केही प्रहरी पठाउने क्रममा रबि लामिछानेसँग चिनजान भएको थियो। पछि टेलिभिजन खोल्ने सिलसिलामा एपीवान

टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत लक्ष्मी पौडेलले हामीसँग चिनजान गराउनु भएको हो, त्यसपछि रबि लामिछाने शेयरहोलडर म्यानेजिङ् डिरेक्टर भएर Galaxy 4k Television मा सर्वेसर्वा हुनुभयो। यो रकम कुन प्रयोजनको लागि कसरी आयो भन्ने विषयमा बोर्डको मिटिङ, माईन्युट र सरसल्लाह केही भएको थिएन।

सवाल १६ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा मिति २०७८।०३।२२ मा कुमार रम्तेलको नाममा १ करोड ९० लाखको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा १ करोड ३३ लाख ६ हजार जम्मा गरी बाँकी रकम तपाईंको नाममा रहेको ऋण शीर्षक १०५-२११ मा १५,८०,०००।- र अन्य पुरानो ऋणहरू कुमार रम्तेल १०५-५० मा ५९,९३,४२०।-, रबि लामिछाने १०५-२२४ मा ७,००,०००।- जम्मा गरी उक्त ऋणहरू फस्यौंट देखाई निज कुमार रम्तेलकै नाममा ऋण कायम गरेको देखिन्छ, यस्तो किन गरिएको हो ? तपाईंको नामको ऋण कुमार रम्तेलको नाममा लिइएको कर्जाको अंशबाट कसरी फस्यौंट हुन गएको हो ? खुलाइदिनुहोस्।

जवाफ १६ यो डमी ऋणी खडा गरेर गरेको हुनुपर्छ। यस विषयमा मलाई कुनै जानकारी भएन। कुमार रम्तेलले सहकारीमा समस्या देखा परेपछि सिर्जित गरेको ऋण हुनु पर्छ।

सवाल १७ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा भूपेन्द्र बाबु राईको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा सिद्धार्थ बैङ्कमा भएको खातामा मिति २०७७।०६।११ मा १ करोड, गोरखा मिडिया नेटवर्क प्रा.लि.कै ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७८।०१।०५ मा १ करोड, २०७८।०१।०९ मा ३० लाख र मिति २०७८।०३।०४ मा १ करोड गरी जम्मा ३ करोड ३० लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ? उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ?

जवाफ १७ म गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रहदादेखि मैले छाड्दासम्मको अवधिमा कुनै बैङ्क वा संस्थाबाट ऋण लिने भन्ने विषयमा कुनै निर्णय भएको छैन। मलाई गोरखा मिडिया नेटवर्क प्रा.लि.को लेखाप्रणालीमा कुनै पहुँच दिइएको थिएन। जि.बी. राईले एकलौटी रूपमा लेखा

सम्बन्धी सम्पूर्ण काम मिलाउने गर्नुहुन्थ्यो। यो पनि डमी ऋण नै होला। यस विषयमा मलाई जानकारी छैन।

सवाल १८ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा विपिनकुमार आचार्यको नाममा मिति २०७८।०९।१२ मा १ करोड ५६ लाख १५ हजारको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा सोही मितिमा १ करोड ५० लाख रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ ? उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ?

जवाफ १८ यस सम्बन्धमा कुनै जानकारी छैन। विपिनकुमार आचार्य गोरखा मिडिया नेटवर्क प्रा.लि.को क्रियटिभ डाइरेक्टर हुनुहुन्थ्यो, उँहाको घर दाङ हो। उँहाले लिनु भएको ऋणका सम्बन्धमा उँहालाई नै जानकारी होला।

सवाल १९ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा गोकर्ण लामिछानेको नाममा पेश्की जनाई मिति २०७७।०३।१५ मा २० लाख रूपैया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा एभरेष्ट बैङ्कमा भएको खातामा जम्मा गरेको, मिति २०७९।०३।३१ मा मिलान गरेको भौचर उठाएको र २०७९।०४।०२ मा system मा Reversed Entry गरेको देखिन्छ ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? निज गोकर्ण लामिछानेको व्यक्तिगत विवरण के हो ? खुलाइदिनुहोस्।

जवाफ १९ गोकर्ण लामिछाने नेपाल क्यानडा च्याम्बर अफ कमर्समा आवद्ध भएको हिसाबले म चिन्दछु। उहाँ २० लाख ऋण लिनुपर्ने हैसियतका मान्छे होइन जस्तो लाग्छ। गोकर्ण लामिछाने र जि.बी. राईको चिनजान वा कारोबार थियो होला भन्ने मलाइ लाग्दैन।

सवाल २० भूपेन्द्रबाबु राईको नाममा २०७७।०६।११, २०७८।०१।०५ र २०७८।०३।०४ मा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.मा पठाइएको ३ करोड ३० लाख २०७८।०३।३१ मा फर्स्यौट देखाई सोही रकमको नयाँ ऋण खडा गरी पुनः मिति २०७८।०६।१३ मा ५० लाख र २०७९।०२।०४ मा ३० लाख गरी जम्मा ८० लाख

पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा लिएको देखिन्छ। उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ?

जवाफ २० यस सम्बन्धमा मलाई जानकारी नै छैन, के जवाफ दिउँ।

सवाल २१ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा पुष्पराज गिरीको नाममा पेश्की जनाई मिति २०७८।०६।२४ मा २५ लाख रूपैंया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा रहेको खातामा जम्मा गरेको देखिन्छ ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? निज पुषपराज गिरीको व्यक्तिगत विवरण के हो ? खुलाइदिनुहोस्।

जवाफ २१ पुषपराज गिरीलाई म चिन्दिन, अरु विवरण मलाई थाहा, जानकारी छैन।

सवाल २२ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा पेश्की जनाई २०७७।०६।११ मा १ करोड रूपैंया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा सिद्धार्थ बैङ्कमा रहेको खातामा, मिति २०७८।०१।०५ मा १ करोड र मिति २०७८।०१।०९ मा ३० लाख रूपैंया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा रहेको खातामा जम्मा गरेको देखिन्छ ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले तयसरी पेश्की लिन मिल्छ ?

जवाफ २२ यस विषयमा कुनै जानकारी छैन। गोरखा मिडिया नेटवर्क प्रा.लि.मा यी रकम कहाँबाट आएको हो, भनेर लेखापरीक्षक बिशेषबिबु आचार्यलाई सोध्दा भैसेपाटीको जग्गा करिब १७ करोडमा बेचेर व्यवस्थापन भइरहेको छ, चिन्ता लिनु पर्दैन भनेका थिए।

सवाल २३ सहकारी समस्यामा परेपछि पोखरा महानगरपालिकाबाट भएको छानबिन प्रतिवेदनको वित्तीय विश्लेषण अनुसार सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा मिति २०७७।१२।०३ मा नेचर हर्व्स प्रा.लि.को नाममा कर्जा खाता नं. ११६-४३२७ मा रु १ करोड कर्जा देखाई बचत खाता नं. ४९-००११५ मा जम्मा गरी नगद भुक्तानी देखाएको संस्थाको कम्प्युटर लेखाप्रणालीमा देखिन्छ तर उक्त रकम मिति २०७७।१२।०२ को सहकारीकै मेगा बैंक नेपाल लि. को एकाउण्टपेयी चेक नं. २०२६०३८६६७ मार्फत गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा भुक्तानी गरिएको देखिन्छ। उक्त रकम गोरखा मिडिया

नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले त्यसरी रकम लिन मिल्छ ?

जवाफ २३ मैले ईमान्दारीपूर्वक भन्दा मलाई कुनै जानकारी छैन।

सवाल २४ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा मिति २०७७।१२।३० मा गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा सूर्यदर्शन व्यावसायिक कर्जा शीर्षकमा १ करोडको ऋण कर्जा स्वीकृत गरी रु. ९७ लाख ९५ हजार ग्लोवल आईएमई बैङ्कको एकाउण्टपेयी चेक नं. ३६२९१४७८ मार्फत भुक्तानी दिइएको देखिन्छ। उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले त्यसरी कर्जा लिन मिल्छ ?

जवाफ २४ हामीले यस्तो कुनै निर्णय नगरेको अवस्थामा यसरी पटक-पटक ऋण लिएको देखिदा यसमा जि.बी. राईको मनसायपूर्वक गरिएको कार्य हो भन्ने देखिन्छ। अन्य जानकारी भएन। यो जि.बी. राईको बदमासी हो।

सवाल २५ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा पेश्की जनाई २०७८।०२।०३ मा ५० लाख मेगा बैङ्कको एकाउण्टपेयी चेक नं. २०२७२२१०८५ मार्फत र मिति २०७८।०३।०९ मा ५० लाख मेगा बैङ्कको एकाउण्टपेयी चेक नं. २०२७२२१०९९ मार्फत गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा प्रवाह भएको देखिन्छ ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले त्यसरी पेश्की लिन मिल्छ ?

जवाफ २५ यो जि.बी. राई भन्ने व्यक्तिको नितान्त दुरासायपूर्ण काम हो भन्ने देखिन्छ।

सवाल २६ उपरोक्त पेश्की रकम मिति २०७८।०३।३१ मा तपाईंको नाममा सूर्यदर्शन व्यावसायिक कर्जा शीर्षकमा कर्जा नं ११६-४४५६ मा रकमान्तर गरी कर्जा खडा गरी पेश्की सेटल गरेको देखिन्छ। संस्थाको नाममा रहेको पेश्की के-कुन आधारमा एक जना सञ्चालकको नाममा मात्र कर्जा कायम गर्नु भएको हो ? खुलाइदिनुहोस्।

जवाफ २६ यसमा मेरो संलग्नता छैन। मैले लिए, गरेको छैन।

सवाल २७ मिति २०७८।०६।२३ मा गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रहेको तपाईंको नामको ४२०००० कित्ता शेयर गितेन्द्रबाबु राईलाई बिक्री गर्दा प्रति शेयर मूल्य कति निर्धारण गरेर बिक्री गर्नु भयो ? उक्त रकम के-कुन माध्यमबाट प्राप्त गर्नु भयो ? खुलाइदिनुहोस्।

जवाफ २७ कम्पनी रजिष्ट्रारको कार्यालयमा कानूनी प्रक्रियाको लागि भौचरसम्म पेस गरेको रहेछ। उक्त रकम मेरो खातामा प्राप्त भएको छैन। शेयर लिँदा पैसा दिएको पनि होइन र संस्था छोड्दा पनि कुनै लेनदेन भएको छैन।

सवाल २८ Nobody Production Pvt. Ltd. के-कुन कम्पनी हो ? गोरखा मिडिया नेटवर्क प्रा.लि.सँग यसको के-कुन प्रकारको कारोबार रहेको थियो ? उक्त कम्पनीलाई आर्थिक वर्ष ७७/७८ मा संस्थाले आम्दानी हुने गरी कुनै काम सुरु नगरेकै अवस्थामा रू ५ करोड ३५ लाख बराबरको पेश्की किन दिइएको हो ?

जवाफ २८ मिति २०७७/०६/१८ गतेको सञ्चालक समितिको बैठकमा र २०७७/०७/०४ को बिषेश साधारणसभाको बैठकमा सञ्चालकका रूपमा मेरो किर्ते हस्ताक्षर गरेको पाएँ। त्यस समय म अमेरिकामा रहेको थिएँ। त्यसमा मैले आपत्ति जनाई म बाहिरिने गरी यस विषयमा जि.बी. राई र रबि लामिछानेसँग कुरा गरेको थिएँ। पछि उँहाहरु दुबैको सहमतिमा म बाहिरिएको हो। Nobody Production Pvt. Ltd. सम्बन्धमा मलाई केही थाहा छैन। यो विषयमा जि.बी. राई वा रबि लामिछानेलाई थाहा छ होला।

सवाल २९ Gopi Krishna Movie Pvt. Ltd. के-कुन कम्पनी हो ? गोरखा मिडिया नेटवर्क प्रा.लि.सँग यसको के-कुन प्रकारको कारोबार रहेको थियो ? उक्त कम्पनीलाई आर्थिक वर्ष ७७/७८ मा २५ लाख पेश्की किन दिइएको हो ?

जवाफ २९ Gopi Krishna Movie Pvt. Ltd. भनेको चलचित्रसँग सम्बन्धित हो भन्ने देखिन्छ। म निर्णय प्रक्रियामा नभएको हुँदा यस विषयमा मलाई जानकारी भएन। यस विषयमा पनि जि.बी. राई र रबि लामिछानेलाई नै थाहा छ होला।

सवाल ३० आर्थिक वर्ष ७७/७८ मा Green Tea Development लाई ४५ लाख र आर्थिक वर्ष ७८/७९ मा १० लाख थप गरी रू ५५ लाख रकम र लक्ष्मी प्रसाद पौडेललाई पेश्की रू ४९ लाख ९९ हजार के-कुन प्रयोजनका लागि दिइएको हो ? खुलाइदिनुहोस्।

जवाफ ३० लक्ष्मी प्रसाद पौडेल भन्ने व्यक्ति एपिवान टेलिभिजनबाट आएका हुन्। उनी Galaxy 4K Television का पहिलो सि.ई.ओ. हुन्। उहाँले एपिवान आफूले नै सिर्जना गरेको भन्ने गर्नु हुन्थ्यो। तर कारोबारका हिसाबले मैले निजलाई चिनिन। रवि लामिछाने आउनुभन्दा अगाडिका प्रमुख हर्ताकर्ता र सर्वेसर्वा हुनुहुन्थ्यो। Green Tea Development सम्बन्धमा केही थाहा जानकारी छैन।

सवाल ३१ शम्भु गुरागाईं गोरखा मिडिया नेटवर्क प्रा.लि.मा कहिलेखेदि किहलेसम्म कार्यरत हुनुहुन्थ्यो ? कर्मचारी पेश्की शीर्षकमा आर्थिक वर्ष २०७७/०७८ दिइएको रू. ८१ लाख ३ हजार आर्थिक वर्ष २०७८/०७९ मा समेत कायमै देखिन्छ। आर्थिक वर्षको अन्त्यसम्ममा पनि किन फर्स्यौट नगर्नु, नगराउनु भएको हो ?

जवाफ ३१ शम्भु गुरागाईंलाई हिमालयन टेलिभिजनबाट ल्याइएका थिए। उहाँलाइ मार्केटिङ प्रमुखको रुपमा रवि लानेछानेले ल्याउनु भएको हो। उँहाको बारेमा मलाई थप कुरा थाहा भएन।

सवाल ३२ गोरखा मिडिया नेटवर्क प्रा.लि. बाट आर्थिक वर्ष २०७७/०७८ व्याजवापत १ करोड ५५ लाख भुक्तानी गरेको देखिन्छ। उक्त रकम कसलाई र कुन ऋणवापत दिनुभएको हो ?

जवाफ ३२ कि प्रभुले जानुन्, कि जि.बी. राई र रवि लामिछानेले जानुन्। मलाई जानकारी भएन।

सवाल ३३ विदेशी कम्पनी उल्लेख गरिएको Lao Asia Pacific Satellite Co. Limited बाट १४ जुन २०२२ मा गोरखा मिडिया नेटवर्क प्रा.लि.ले रू. ५५ लाख १७ हजार ७२३ ऋण लिएको देखिन्छ। उक्त ऋण के कुन प्रयोजनका लागि लिनुभएको हो ? उक्त ऋण कानूनसम्मत छ त ?

जवाफ ३३ जि.बी. राई र रवि लामिछानेले गोरखा मिडिया नेटवर्क प्रा.लि. सञ्चालन गर्ने भएको हुँदा उँहाहरुले लिनु भएको होला। Lao Asia Pacific Satellite Co. Limited बारेमा मैले सुनेको छैन। यस विषयमा मलाई जानकारी भएन।

सवाल ३४ तपाई सञ्चालक रहुन्जेल मिति २०७८।०६।२३ सम्म सहकारीहरूले गोरखा मिडिया नेटवर्क प्रा.लि.लाई दिएको ऋण रकम र गोरखा मिडियामा दाखिला भएको ऋणको औचित्य कसरी पुष्टि गर्नुहुन्छ ?

जवाफ ३४ प्रत्यक्ष निर्णय प्रक्रिया र सञ्चालन प्रक्रियामा सहभागी भएका जि.बी. राई र रवि लामिछानेलाई यस विषयमा जानकारी होला। म कुनै पनि निर्णय प्रक्रियामा सहभागी नभएको हुँदा यस विषयमा मलाई पनि जानकारी हुने कुरै भएन।

सवाल ३५ गोरखा मिडिया नेटवर्क प्रा.लि.को लेखापरीक्षण प्रतिवेदनमा unsecured loan भनी उल्लेख गरिएको छ। सो भनेको के हो ?

जवाफ ३५ कुन विषयको unsecured loan हो, यस सम्बन्धमा मलाई जानकारी छैन।

सवाल ३६ विद्यमान अवस्थामा गोरखा मिडिया नेटवर्क प्रा.लि. र सहकारी संस्थाहरूको समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका के सुझाव छन् ?

जवाफ ३६ कुनै पनि व्यक्तिको KYC/KYM लाई प्रामाणिक बनाउनु पर्छ। कम्पनीहरू वा सहकारीहरूले कारोबार गर्ने बखत सम्बन्धित सदस्यहरूको सनाखत गराउनु पर्छ। प्रतिलिपि प्रमाणीकरण गर्ने नोटरी पब्लिकहरूलाई आफुले प्रमाणित गरेका कागजातहरूप्रती जवाफदेही भई उत्तरदायित्व सिर्जना हुने प्रबन्ध गर्नु पर्दछ। सहकारीको नियमनकारी निकायलाई पनि क्षमता र दक्षताले युक्त बनाउनु पर्दछ। एक जना व्यक्तिले एउटा मात्र सहाकरीको सञ्चालन गर्न पाउने कानूनी प्रबन्ध हुँदा पनि एकै व्यक्तिले ७ वटा सहकारी सञ्चालन गर्दा पनि आवश्यक नियमन गर्न नसकेको हुँदा नियमन प्रक्रियालाई पनि बलियो बनाउन सक्नु पर्दछ।

सवाल ३७ गोरखा मिडिया नेटवर्क प्रा.लि. सुरु गर्ने समयमा ५ करोड चुक्ता पूँजी कायम गरी आधा-आधा शेयर साझेदारी गर्दा गितेन्द्रबाबु राईले कुनै प्रलोभन दिएको वा प्रभावमा पारेको हो वा स्वस्फर्त रूपमा तपाईले व्यवसायिक साझेदारी गर्नुभएको हो?

जवाफ ३७ म सेवानिवृत्त भइसकेको मान्छे कसैको प्रलोभनमा जाने कुरा भएन। म उक्त संस्थामा कुनै प्रलोभनमा परेर होइन, स्वतस्फूर्त रूपमा गएको हुँ। मेरो घरमा हाल पनि नेचर हर्व्सको कार्यालय भाडामा रहेको अवस्था छ सम्झौताको म्याद सकिएपछि छुटाउने प्रक्रियामा छु।

सवाल ३८ अन्त्यमा, तपाईको भन्न बाँकी केही छ ?

जवाफ ३८ मैले मेरो शेयर संस्थाका संस्थापक अध्यक्षलाई दिएको हुँ। संस्थाका हर्ताकर्ता, संस्थामा प्रत्यक्ष रूपमा पहुँच पुगेको व्यक्तिलाई सहमतीमा दिएर त्यहाँबाट म निस्केको हुँदा त्यहाँ रहेको संस्थाको सम्पूर्ण दायित्व र जिम्मेवारी उहाँले नै लिनु पर्छ। मैले जि.बी. राईलाई नै मेरो नामको शेयर बेचेको हुँदा निज जि.बी. राईलाई पहिलेको र पछिको सम्पूर्ण कुराको जानकारी छ। मेरो पूरा कार्यकालमा कुनै पनि निर्णय प्रक्रिया मेरो सहभागिता छैन। मैले संस्थामा हुँदाका बखत पनि कुनै तलब, भत्ता, बैठक भत्ता र अन्य सेवा सुबिधा समेत लिएको थिइन/छैन। उक्त संस्थाको लेखापरिक्षण प्रतिवेदनमा पनि उक्त कुरा हेर्न सकिन्छ। मैले

संस्थाबाट कुनै सेवा सुविधा नलिएको र कुनै निर्णय प्रक्रिया संलग्न नभएको हुँदा संस्थाको जिम्मेवारी पनि मेरो हुने कुरै भएन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना १२ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः छविलाल जोशी
पदः पूर्वसञ्चालक
संस्थाः गोरखा मिडिया नेटवर्क प्रा.लि., काठमाडौं

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र ०७ गते शुक्रवार
समयः अपराह्न ३:३० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष गोरखा मिडिया नेटवर्क प्रा.लि. का पूर्वसञ्चालक तथा प्रबन्ध निर्देशक श्री रवि लामिछानेसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम रवि लामिछाने हो। मेरो बाजेको नाम चन्द्रकान्त लामिछाने, बुवा लालचन्द्र लामिछाने आमा नन्द कुमारी लामिछाने, श्रीमती निकिता पौडेल लामिछाने हो। मेरा एक छोरा र दुई छोरी हाल अमेरिकामा बस्छन्। मेरो स्थायी ठेगाना जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ०६ बौद्ध महांकाल हो। म हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. ०५ हात्तीगौडा स्थित सीजी हिल्समा बस्छु। म वर्ष ४८ को भएँ। मेरो ना.प्र.प.नं. १८२२२/काठमाडौं र मोबाईल नं. ९८०३८८९७१६ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म कुनै सहकारी संस्थामा सञ्चालक, शेयर सदस्य वा कुनै रूपमा आवद्ध छैन।

सवाल ४ तपाईले सहकारी संस्थामा आवद्ध छैन भन्नुभयो, तर सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. पोखराको मेम्बर आइ डि नं. 001-087156 र सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवलको मेम्बर आइ डि नं. 001-058506 मा तपाईको नामसहितको KYM (Know Your Member) रहेको देखिन्छ। के हो? खुलाइदिनुहोस्।

जवाफ ४ उल्लिखित सहकारी संस्थाहरूमा मेरो कुनै खाता छैन। खाताको लागि कुनै आवेदन दिएको छैन। मेरो संलग्नता छैन र म ति दुईवटै सहकारी संस्थाको सदस्य पनि होईन।

सवाल ५ पछिल्लो पाँच वर्षयताको तपाईको पेशा वा व्यवसाय के हुन्? खुलाइदिनुहोस्।

जवाफ ५ पछल्लो ५ वर्षमा म सञ्चारकर्मी र राजनीतिकर्मी रहेको छु। यिनै दुई वटा मेरा पेसा र व्यवसाय रहेका छन्।

सवाल ६ तपाई गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन मितिदेखि के-कुन मितिसम्म के-कुन भूमिका र जिम्मेवारीमा रहनु भएको थियो? खुलाइदिनुहोस्।

जवाफ ६ म गोरखा मिडिया नेटवर्क प्रा.लि. मा २०७७/१०/०१ देखि २०७९/०३/०१ सम्म आबद्ध रहें। उक्त प्रा.लि. मा कार्यक्रम सञ्चालक र प्रबन्धक निर्देशकको भूमिकामा थिएँ।

सवाल ७ तपाईं प्रबन्ध निर्देशक हुँदा कार्यालयको के-कुन प्रशासनिक काममा संलग्न रहने गर्नु भएको थियो ? खुलाइदिनुहोस्।

जवाफ ७ मेरो मुल परिचय सञ्चारकर्मी रहेको हुनाले त्यहाँ मेरो प्रमुख भूमिका समाचार प्रसारण र कार्यक्रम निर्माणमा केन्द्रित थियो। प्रबन्ध निर्देशकको नाताले आन्तरिक प्रशासनतर्फ पनि केही भूमिका थियो।

सवाल ८ गोरखा मिडिया नेटवर्क प्रा.लि. का के-कुन व्यवसाय रहेका छन्? उक्त प्रा.लि.द्वारा सञ्चालित Galaxy 4K हाल चलिरहेको छ, छैन? खुलाइदिनुहोस्।

जवाफ ८ गोरखा मिडिया नेटवर्क प्रा.लि ले टेलिभिजन, रेडियो र अनलाइनमार्फत कार्यक्रम प्रसारण गर्ने गर्दथ्यो। उक्त प्रा.लि को Galaxy 4 k Television हाल सञ्चालनमा रहेको छैन भन्ने सुनेको छु।

सवाल ९ गितेन्द्रबाबु राईसँग तपाईंको के-कसरी चिनजान भएको हो? व्यावसायिक साझेदारीमा के-कसरी प्रवेश गर्नु भयो? खुलाइदिनुहोस्।

जवाफ ९ गितेन्द्रबाबु राईसँग चिनजान हुँदाका बखत म News 24 Television मा सञ्चारकर्मी थिएँ। एउटा राम्रो टेलिभिजन सञ्चालन गर्ने भन्दै छविलाल जोशी मार्फत गितेन्द्रबाबु राई मलाई खोज्दै आउनु भएको थियो। नेपालकै नम्बर १ र विश्वस्तरीय टेलिभिजन सञ्चालन गरौं, भन्दै प्रस्ताव लिएर आउनुभयो। आकर्षक तलब सुविधा र शेयर समेत दिने प्रस्ताव गर्नुभयो। मैले उक्त प्रस्ताव उचित ठानी Galaxy 4k Television मा काम गर्ने निधो गरेपछि व्यावसायिक साझेदारीमा प्रवेश गरेका थियौं।

सवाल १० सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्न वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्न वा ऋण वा कर्जा लिन पाइन्छ, पाइदैंन? तपाईलाई के थाहा छ? खुलाइदिनुहोस्।

जवाफ १० मलाई जानकारी भएसम्म सहाकारी संस्थाले शेयर सदस्य बाहेकका व्यक्तिसँग कुनै पनि कारोबार गर्न पाउदैन र सक्दैन। सहकारी ऐन र प्रचलित कानूनले कुनै पनि सहकारीलाई त्यस्तो कार्य गर्न अनुमती दिदैन भन्ने बुझेको छु।

सवाल ११ सहकारी समस्यामा परेपछि लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयबाट गराइएको लेखापरीक्षण अनुसार सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा मिति २०७७।१२।१८ मा तपाईंको नाममा २ करोडको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा ग्लोबल आइएमई बैङ्कमा रहेको खातामा सोही मिति (३१ मार्च २०२१) मा उक्त रकममध्ये १ करोड ९६ लाख रकम Roshani Gurung को नामबाट जम्मा भएको बैंक स्टेटमेण्टबाट देखिन्छ, उक्त व्यहोरा के-कसो के हो? यसरी व्यक्तिको नाममा लिएको ऋण कम्पनीमा पठाउन मिल्छ?

जवाफ ११ जिवी राईले म लगायत सयौं व्यक्तिहरूका नाममा लिएको ऋण नक्कली खाता हो भनेर प्रमाण नै जुटाइसकिएको बुझेको छु। ऋण लिदा पूरा गर्नु पर्ने कुनैपनि प्रक्रियाहरू पुरा नभएको पनि बुझेको छु। रोशनी गुरूङ स्वयमले आफ्नो बयानमा कसैले भनेका कारण उक्त रकम जम्मा गरेको भनेको विवरण सार्वजनिक भएको नै छ। उनका बयानहरूले स्पस्ट पारेका छन् भन्ने मलाई लागेको छ। उक्त ऋण खाता खोल्दा नागरिकता, ऋण माग गरिएको फाराम, तिनपुस्ते

विवरण लगायत ल्याप्चे हस्ताक्षर समेत नभई खोलिएको भनेर अनुसन्धानले बताएको जानकारी पाएको छु। रोशनी गुरूङको बयान अनुसार सहकारीको व्यावस्थापक सागर के.सी.ले जम्मा गर्नेको नाम रबि लामिछाने पनि राख्नु भनेको पाएको छु। उक्त ऋण लिने व्यक्ति म नभएकोले कम्पनीमा गएको ऋणको जिम्मेवारी सम्बन्धित व्यक्तिलेनै लिनु पर्छ।

सवाल १२ तपाईंले मिति २०७७।१२।१८ मै गोरखा मिडिया नेटवर्क प्रा.लि.को १,८०,००० कित्ता शेयर लिएको देखिन्छ। उक्त रकम सोही प्रयोजनका लागि लिनुभएको त होइन?

जवाफ १२ मैले सहकारीबाट रकम लिएको छैन भनेपछि यो प्रश्न सान्दर्भिक नहोला। नक्कली खाता खोली ऋण लिएको तथ्यहरू प्रमाणित भइसकेकोले त्यसको जिम्मेवारी म लिन सक्दिन।

सवाल १३ तपाईंले गोरखा मिडिया नेटवर्क प्रा.लि. मा मिति २०७७।१२।१८ मा रू. १ करोड ८० लाखको शेयर लगानी गर्नुभएको देखिन्छ। उक्त शेयर रकम कम्पनीलाई कसरी के-कुन माध्यमबाट के-कुन स्वरूपमा चुक्ता गर्नु भएको थियो?

जवाफ १३ मेरो शेयरलाई Sweat Equity (स्वेट ईक्विटी) भनिन्छ। त्यसमा मलाई १५ प्रतिशत अफर गरिएको हो। उक्त रकम बारे मैले सार्वजनिक रूपमा पनि आफ्नो कार्यक्रमको पहिलो श्रृङ्खलामा जानकारी गराएको पनि छु। प्रचलित कानूनमा स्वेट शेयरको प्रबन्ध नभएको हुनाले त्यो व्यवस्थापन गर्ने जिम्मा जि.वि. राईले लिनु भयो। मेरो काम कार्यक्रम र समाचारमा केन्द्रित थियो, त्यसैमा केन्द्रित भएँ। बाँकी वित्तीय विषयहरू मिलाउने जिम्मा जिवी राईले लिनुभयो। पारिश्रमिक वापत मैले मासिक ५ लाख लिएको थिएँ र मैले एड्भान्स ७५ लाख पनि लिएको थिएँ जुन स्वेट ईक्विटीको प्रक्रियाका लागि गोरखा मिडिया नेटवर्क प्रा.लि. मै डिपोजिट गरिदिएको थिएँ। मेरो खातामा कुनै सहकारीबाट रकम आएको छैन।

सवाल १४ गोरखा मिडिया नेटवर्क प्रा.लि. को २०७७/१२/०५ को बैठकमा तपाई आमन्त्रितको रूपमा उपस्थित भई सहीछाप गर्नुभएको देखिन्छ। उक्त बैठकको निर्णयमा तपाईले लिने बराबरको शेयर रकम समेत कम्पनीमा भुक्तानी गर्न ल्याएको भन्ने समेतको व्यहोरा उल्लेख छ। उक्त व्यहोरा के हो त ?

जवाफ १४ मैले माथि खुलाए झै यसको प्रक्रियागत विषय जिवी राईले पुरा गर्ने भनिएको थियो। उल्लिखित विवरण सोही अनुसार लेखिएको होला।

सवाल १५ तपाईले गोरखा मिडिया नेटवर्क प्रा.लि.को बैंक स्टेटमेण्ट अनुसार उक्त प्रा.लि.को नाममा ग्लोबल आइएमई बैंक लि. मा रहेको खातामा २०७७ माघ ८ (22 January 2021) मा ७५ लाख जम्मा गर्नुभएको देखिन्छ। तपाई समेतले प्रमाणित गर्नु भएको गोरखा मिडिया नेटवर्क प्रा.लि.को लेखापरीक्षण प्रतिवेदनमा उक्त रकम Equity Share Capital मा जनिएको देखिन्छ। उक्त रकम के-कुन प्रयोजनका लागि जम्मा गर्नुभएको हो ? खुलाइदिनुहोस्।

जवाफ १५ उक्त रकम जिवी राईबाट मेरो स्वेट ईक्विटीको लागि लिइएको हो र एक दुई दिनमा गोरखा मिडिया नेटवर्क प्रा.लि. मै जम्मा गरेको हुँ। मैले सहकारीबाट एक रूपैया लिएको छैन र मैले

कम्पनि छोडेर जाँदा एक पैसा लगेको छैन। मैले सहकारी संस्थालाई हानि नोक्सानी पुर्याउने कुनै काम गरेको छैन, मेरो पेटमा सहकारीको एक रूपैया परेको पनि छैन। त्यतीन्जेल सम्म मलाई जिबी राईको कुनै सहकारी छ भन्ने कुनै जानकारी समेत थिएन। जिबी राई विभिन्न कम्पनी चलाएका व्यक्ति हुन्, उनका नेचर हर्व्स, नेचर नेष्ट जस्ता बहुराष्ट्रिय कम्पनीहरू छन् भन्ने बुझें, उनको आर्थिक हैसियत अत्यन्त सबल रहेको बुझें। त्यतिबेलासम्म कुनै किसिमको विवादमा पनि परेको मैले पाईन। कम्पनी म आउनु अगाडि नै छविलाल जोशी र जिबी राईले स्थापना गरेर सञ्चालन गरिसक्नु भएको थियो। मलाई उक्त कम्पनीको पक्षबाट १५ प्रतिशत शेयर दिइएको थियो।

सवाल १६ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा मिति २०७८।०३।२२ मा कुमार रम्तेलको नाममा १ करोड ९० लाखको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा १ करोड ३ लाख ३६ हजार जम्मा गरी बाँकी रकम तपाईंको नाममा रहेको ऋण शीर्षक १०५-२२४ मा ७,००,०००।- र अन्य पुरानो ऋणहरू कुमार रम्तेल १०५-५० मा ५९,९३,४२०।-, छविलाल जोशी १०५-२११ मा १५,८०,०००।- जम्मा गरी उक्त ऋणहरू फर्स्यौट देखाई निज कुमार रम्तेलकै नाममा ऋण कायम गरेको देखिन्छ, यस्तो किन गरिएको हो? तपाईंको नामको ऋण कुमार रम्तेलको नाममा लिइएको कर्जाको अंशबाट कसरी फर्स्यौट हुन गएको हो? खुलाइदिनुहोस्।

जवाफ १६ सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा भएका कुनै आर्थिक क्रियाकलापमा मेरो कुनै संलग्नता छैन र मेरो जानकारीमा पनि छैन। म लगायत धेरै व्यक्तिहरूको नाममा नक्कली खाता बनाई कारोबार गरेको अनुसन्धानले नै प्रमाणित गरेको देखिएको हुँदा उक्त कार्य गर्ने व्यक्ति नै जिम्मेवार हुनु पर्छ। म संलग्न नभएको विषयमा मैले जिम्मेवारी कसरी लिने?

सवाल १७ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा भूपेन्द्र बाबु राईको नाममा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा सिद्धार्थ बैङ्कमा भएको खातामा मिति २०७७।०६।११ मा १ करोड, गोरखा मिडिया नेटवर्क प्रा.लि. कै ग्लोबल आइएमई बैङ्कमा भएको खातामा मिति २०७८।०१।०५ मा १ करोड, २०७८।०१।०९ मा ३० लाख र मिति २०७८।०३।०४ मा १ करोड गरी जम्मा ३ करोड ३० लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो ? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ? उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो?

जवाफ १७ गोरखा मिडिया नेटवर्क प्रा.लि. अन्तर्गतको Galaxy 4k Television लाई सञ्चालन गर्ने मेरो मूल जिम्मेवारी हो। दैनिक आर्थिक गतिविधी, डिपोजिट हुने रकमको विवरण जस्तो दिनानुदिन हुने क्रियाकलाप हेर्ने व्यक्तिहरू तोकिएका हुन्छन्। त्यसैले लगानीकर्ताले कम्पनीका लागि आवश्यक पर्ने रकम कोमार्फत डिपोजिट गराए भन्ने कुरा मेरो दैनिकीको विषय हुने कुरा नै भएन त्यो हेर्ने जिम्मेवारी कम्पनीको सहायक तहको एकाउन्टेन्टहरूको हुन्छ। गोरखा मिडिया नेटवर्क प्रा.लिको

नियमावली को परिच्छेद ५ अन्तर्गतको नियम ४१ को उपनियम ५ ले पनि लेखापरीक्षकले शेयरधनीलाई वार्षिक प्रतिवेदन दिने भनेको छ। जिबी राई स्वयं लगानीकर्ता र कार्यकारी अध्यक्ष भएको हुनाले अरूले दैनिक हुने क्रियाकलापको जानकारी लिनुपर्ने देखिदैन। नियमावलीले म १५ प्रतिशत शेयर भएको सदस्यले बैठक बोलाउने सम्मको अधिकार छैन। कम्पनी सम्बन्धी सबै अधिकार स्पष्ट रूपमा कार्यकारी अध्यक्षलाई दिएको छ। यस अर्थमा मैले एकमुस्टरूपमा लेखापरीक्षण प्रतिवेदन (Audit Report) मात्रै हेर्ने हो। उक्त प्रतिवेदनमा कैफियत देखिए त्यसमा जानकारी लिने हो। लेखापरीक्षण प्रतिवेदनमा कार्यकारी अध्यक्षले "डाइरेक्टर लोन" भनेर छोटो अवधिका लागि निर्व्याजी ऋण (Short Term Loan) जिबी राईबाट २२ करोड ७८ लाख ८० हजार ३५६.६७ पैसा र जिबी ग्रुप अफ कम्पनीबाट ८३, ६२५ रकम २०७८ असार मसान्तको दिन दिएको प्रमाणित गरेको देखिन्छ। उक्त प्रतिवेदनमा सहकारीबाट पैसा आएको कुनै विवरण छैन। उक्त छोटो समयावधिको ऋण लेखा परिक्षकले प्रमाणित पनि गरेका छन्। कम्पनी रजिष्ट्रारको कार्यालयलाई गोरखा मिडिया नेटवर्क प्रा.लि. ले बुझाएको दफा ५१ बमोजिमको विवरणमा पनि कुनै सहकारी वा वित्तीय संस्थाबाट ऋण लिएको उल्लेख छैन। संस्थामा कार्यकारी अध्यक्ष हुँदा हुँदै उनै कार्यकारी अध्यक्षले निर्व्याजी ऋण दिएको प्रमाणित कागजात हुँदा हुँदै र आफ्नो मूल कार्य आर्थिक नभई कार्यक्रम र समाचारमा केन्द्रित भएको हुँदा दैनिक आर्थिक विवरणको जानकारी ममा नहुने स्पष्ट पार्न चाहन्छु।

म गोरखा मिडिया नेटवर्क प्रा.लि. को सञ्चालक समितिमा रहँदा सञ्चालक समितिको कुनै बैठकले सहकारीबाट ऋण लिने विषयमा निर्णय गरेको थिएन। कुनै सहकारीसँग सम्झैता गरेर आर्थिक कारोबार गर्ने निर्णय पनि भएको थिएन। त्यसकारण कम्पनीका कार्यकारी सञ्चालकका रूपमा जिबी राई रही कम्पनीको प्रमुख भई काम गर्नुभएको र उहाँकै अन्तर्गत नै वित्तीय लगायतका सबै विभागहरू रहने हुँदा म प्रमुख भई काम गर्ने व्यक्ति थिईन। आफूसँग काम गर्ने अर्को व्यावसायिक साझेदारले गोरखा मिडियामा ल्याएको लगानीको आयश्रोत हेर्ने अधिकार मेरो हुँदैन र हेर्न मिल्दैन। सहकारीसँग यस अर्थमा पनि मेरो नाता कहिँ कतै थिएन/छैन।

सवाल १८ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा मिति २०७७।१०।२९ मा छविलाल जोशीको नाममा २ करोड ५० लाखको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा २ करोड ४५ लाख जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ? उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो?

जवाफ १८ यस प्रश्न को जवाफ अघिल्लो प्रश्नको जवाफमा नै आएको छ।

सवाल १९ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा विपिनकुमार आचार्यको नाममा मिति २०७८।०९।१२ मा १ करोड ५६ लाख १५ हजारको ऋण खडा गरी गोरखा मिडिया नेटवर्क

प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा भएको खातामा सोही मितिमा १ करोड ५० लाख रकम जम्मा भएको देखिन्छ, उक्त व्यहोरा के-कसो हो? यसरी व्यक्तिको नाममा ऋण खडा गरी कम्पनीमा रकम पठाउन मिल्छ? उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो?

जवाफ १९ यहाँ व्यक्तिको नाम फरक भएता पनि प्रक्रियाहरू उस्तै देखिएका छन्। यसमा मेरो सहभागिता, संलग्नता, र जानकारी पनि छैन। अरुको विषयमा मैले बोल्न कसरी मिल्ला?

सवाल २० भूपेन्द्रबाबु राईको नाममा २०७७।०६।११, २०७८।०१।०५ र २०७८।०३।०४ मा ऋण खडा गरी गोरखा मिडिया नेटवर्क प्रा.लि.मा पठाइएको ३ करोड ३० लाख २०७८।०३।३१ मा फर्स्यौट देखाई सोही रकमको नयाँ ऋण खडा गरी पुनः मिति २०७८।०६।१३ मा ५० लाख र २०७९।०२।०४ मा ३० लाख गरी जम्मा ८० लाख पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा लिएको देखिन्छ। उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो?

जवाफ २० यस अगाडिको जवाफमा व्यक्तिको नाममात्र फरक भएको देखिन्छ। सोही प्रश्नको उत्तर नै मेरो जवाफ हो। यसबारे मलाई जानकारी छैन।

सवाल २१ उक्त समयमा तपाई शेयरधनी सहित प्रबन्ध निर्देशक समेत हुनु हुन्थ्यो। प्रबन्ध निर्देशकको हैसियतमा संस्थामा प्राप्त भएको रकमको कानूनी बैधता सम्बन्धमा जिम्मेवारी लिनुपर्छ कि पर्दैन्? साथै सुप्रिम सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रा.लि.को तोकिएका बैंकहरूका खातामा जम्मा भएको रकमबारे तपाईलाई कसरी जानकारी भएन?

जवाफ २१ बैंक स्टेटमेण्टमा देखिने रकम दैनिक रूपमा डिपोजिट हुने रकम हो। उक्त रकमहरू प्रक्रिया पुगेर आएको होला भन्ने ठान्नु पर्दछ। दैनिक रूपमा बैंक स्टेटमेण्ट हेरी रहन सकिदैन। आफ्नो मूल जिम्मेवारी भनेको समाचार र कार्यक्रम प्रसारण भएको र अन्य कामको जिम्मेवारी कार्यकारी अध्यक्षको हो। कुनै पनि समस्याको जानकारीमा नआएसम्म तहकिकात गर्ने कार्य हुदैन। उक्त रकम पठाएको प्रक्रिया खोजीको विषय होला। जसको जिम्मेवारी दुबै संस्थाका कार्यकारी भूमिकामा रहेका व्यक्तिहरूले लिनुपर्छ। गोरखा मिडियाका हकमा त्यो जिम्मेवारी जिवि राईको हो। मैले हेर्ने भनेको अडिट रिपोर्ट हो, अडिट रिपोर्टमा समस्या नदेखेकोले मलाई जानकारी भएन। म गोरखा मिडिया नेटवर्क प्रा.लि. मा कार्यक्रम सञ्चालनको मूल जिम्मेवारी सहित गएको हुँ। म यस वियषमा संलग्न छैन, उक्त रकम ल्याएको देखिएको भए उक्त प्रक्रियामा मेरो सहभागिता, संलग्नता र जानकारी छैन।

सवाल २२ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा पुष्पराज गिरीको नाममा पेश्की जनाई मिति २०७८।०६।२४ मा २५ लाख रूपैंया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा रहेको खातामा जम्मा गरेको देखिन्छ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क



प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? निज पुष्पराज गिरीको व्यक्तिगत विवरण के हो ? खुलाइदिनुहोस् ।

जवाफ २२ क-कसका नाममा ऋण खाता खडा गरियो भन्ने बारे मलाई जानकारी भएन । पुष्पराज गिरी गोरखा मिडिया नेटवर्क प्रा.लि.मा अपरेसन हेडको रूपमा आउनुभएको थियो ।

सवाल २३ सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. बुटवलमा गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा पेश्की जनाई २०७७।०६।११ मा १ करोड रूपैंया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा सिद्धार्थ बैङ्कमा रहेको खातामा, मिति २०७८।०१।०५ मा १ करोड र मिति २०७८।०१।०९ मा ३० लाख रूपैंया गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ग्लोबल आइएमई बैङ्कमा रहेको खातामा जम्मा गरेको देखिन्छ ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले तयसरी पेश्की लिन मिल्छ ?

जवाफ २३ यसै प्रकृतिको प्रश्नको जवाफ दिइसकेको हुनाले सोही व्यहोरा खुलाउन चाहान्छु । सो सम्बन्धमा थप मलाई जानकारी छैन ।

सवाल २४ सहकारी समस्यामा परेपछि पोखरा महानगरपालिकाबाट भएको छानबिन प्रतिवेदनको वित्तीय विश्लेषण अनुसार सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा मिति २०७७।१२।३० मा गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा सूर्यदर्शन व्यावसायिक कर्जा शीर्षकमा १ करोडको ऋण कर्जा स्वीकृत गरी रू. ९७ लाख ९५ हजार ग्लोवल आईएमई बैङ्कको एकाउण्टपेयी चेक नं. ३६२९१४७८ मार्फत भुक्तानी दिइएको देखिन्छ । उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले त्यसरी कर्जा लिन मिल्छ ?

जवाफ २४ यसमा संलग्न जो हो, उसैले जिम्मेवारी लिने कुरा हो । उक्त सहकारीमा म शेयरसदस्य कहिल्यै थिएन/छैन । उक्त ऋणका बारेमा मेरो संलग्नता छैन र मेरो जानकारीमा छैन । अधिकार प्राप्त निकायको अनुसन्धानले मेरो संलग्नता नरहेको प्रमाणित गरिसकेका छन् ।

सवाल २५ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा मिति २०७८।०७।०५ मा शेरबहादुर ठकुल्लाको नाममा कर्जा नं. ११६-४५७७ मा रू ५० लाख कर्जा देखाई निजकै बचत खाता नं. ४९-०१०५९ मा जम्मा गरी उक्त रकम मेगा बैङ्कको चेक नं. २९२९०९४६ मार्फत गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा भुक्तानी प्राप्त भएको देखिन्छ । उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो ? सहकारी संस्थाबाट निजी कम्पनीले त्यसरी कर्जा लिन मिल्छ ?

जवाफ २५ नाम मात्र फरक परेको हो र कर्जाको प्रकृति एउटै भएकोले यस विषयमा मलाई जानकारी छैन । शेरबहादुर ठकुल्लालाई म चिन्दिन ।



सवाल २६ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा मिति २०७८।०९।०६ मा विपिन कुमार आचार्यको कर्जा खाता नं. ११६-४६१६ मा रू १ करोड कर्जा देखाई बचत खाता नं. ४९-०१२५० मा जम्मा गरिएको र उक्त कर्जाको सेवा शुल्क एवं अन्य शुल्कहरू गितेन्द्र बावु राईको बचत खाता नं. ३१-१४४५३ बाट रकमान्तर गरी कट्टा गरिएको कम्प्युटर लेखाप्रणालीबाट देखिन्छ। उक्त बचत खाता नं. ४९-०१२५० बाट रू. १ करोड सहकारीकै गोर्खा फाइनान्सको चेक नं. १०००८५१५२८ मार्फत गोर्खा मिडिया नेटवर्क प्रा.लि.लाई भुक्तानी भएको देखिन्छ। उक्त रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो? निज विपिनकुमार आचार्य को-कुन व्यक्ति हुन्? निजले गोरखा मिडिया नेटवर्क प्रा.लि. मा रकम तिर्नु पर्ने दायित्व वा कुनै कारोबार छ?

जवाफ २६ कार्यकारी अध्यक्षसँग भएको कारोबार हुनाले यसबारे मलाई जानकारी भएन। विपिनकुमार आचार्य गोरखा मिडिया नेटवर्कका क्रियटिभ डाईरेक्टर थिए। तर उनको सहकारीसँगको कारोबारबारे मलाई जानकारी भएन।

सवाल २७ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा पेश्की जनाई २०७८।०२।०३ मा ५० लाख मेगा बैङ्कको एकाउण्टपेयी चेक नं. २०२७२२१०८५ मार्फत र मिति २०७८।०३।०९ मा ५० लाख मेगा बैङ्कको एकाउण्टपेयी चेक नं. २०२७२२१०९९ मार्फत गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा प्रवाह भएको देखिन्छ ? उक्त पेश्की रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-कुन आधारमा के-कुन प्रयोजनका लागि लिनुभएको थियो? सहकारी संस्थाबाट निजी कम्पनीले त्यसरी पेश्की लिन मिल्छ?

जवाफ २७ यो रकम आएको भए उक्त कार्यमा प्रत्यक्ष संलग्न व्यक्तिले जिम्मा लिनुपर्छ। यसमा मेरो संलग्नता, सहभागिता छैन।

सवाल २८ उपरोक्त पेश्की रकम मिति २०७८।०३।३१ मा तपाईंको नाममा सूर्यदर्शन व्यावसायिक कर्जा शीर्षकमा कर्जा नं ११६-४४५६ मा रकमान्तर गरी कर्जा खडा गरी पेश्की सेटल गरेको देखिन्छ। तपाईं सहकारीको शेयर सदस्य नै नभएको व्यक्तिले उक्त कर्जा कसरी लिनु भयो? उक्त कर्जाका लागि के-कुन धितो दिनुभएको थियो?

जवाफ २८ म उक्त संस्थाको शेयर सदस्य छैन, ऋण पनि लिएको होइन। कस्ले कुन प्रयोजनले यो खाता खोल्यो, कर्जा लियो, कर्जा तिर्यो खोजी गर्नु पर्ला। यसमा मेरो सहभागिता छैन र यस सम्बन्धमा जानकारी पनि छैन।

सवाल २९ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरामा तपाईंको नाममा रहेको कर्जा नं. ११६-४४५६ को ऋण रकम रू. १ करोडको १४.७५% ब्याजदरमा पहिलो वर्षको ब्याज १४,७५,००० र दोश्रो वर्षको ब्याज रू.१६,१३,७३० समेत गरी जम्मा रू. १ करोड ३० लाख ८९ हजार मिति २०८०।०३।१३ मा गोर्खा मिडिया नेटवर्क प्रा.लि.को नाममा नयाँ कर्जा खाता नं. ११६-४८०१ खडा गरी १ करोड ३० लाख ८९ हजार ऋण कायम भएको देखिन्छ।



तपाईंको व्यक्तिगत कर्जा चुक्ता नगरी तपाईले मिति २०७९।०३।०२ मै छाडिसकेको गोरखा मिडिया नेटवर्क प्रा.लि.को नाममा ऋण कायम के-कुन आधारमा गराउनु भएको हो ? खुलाइदिनुहोस्।

जवाफ २९ म उक्त संस्थाको शेयर सदस्य होइन, ऋण मागेको पनि छैन, ऋण लिएको पनि छैन। यसमा मेरो संलग्नता छैन। मलाई जानकारी छैन।

सवाल ३० सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि.मा रहेको गोरखा मिडिया नेटवर्क प्रा.लि.को रू. २ करोड पेश्की रकम मिति २०७८।०३।३१ मा फर्स्यौट भई सोही दिन तपाईं प्रबन्ध निर्देशक रहेको गोरखा मिडिया नेटवर्क प्रा.लि. का सञ्चालक छविलाल जोशीका नाममा सोही रकमको ऋण लेखाङ्कन भएको देखिन्छ। साझेदारी कम्पनीको ऋण एक जनामात्र सञ्चालकको नाममा किन कायम गर्नु गराउनु भएको हो? खुलाइदिनुहोस्।

जवाफ ३० यसबारे मलाई जानकारी छैन।

सवाल ३१ मिति २०७९।०३।०२ मा गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रहेको तपाईंको नामको १८०००० कित्ता शेयर गितेन्द्रबाबु राईलाई बिक्री गर्दा प्रति शेयर मूल्य कति निर्धारण गरेर बिक्री गर्नु भयो ? उक्त रकम के-कुन माध्यमबाट प्राप्त गर्नु भयो? खुलाइदिनुहोस्।

जवाफ ३१ कम्पनी छोड्दा प्रक्रिया पुर्याउने कार्यमात्र भएको हो। मैले कम्पनीमा कुनै लगानि नगरी स्वेट शेयर लिएको थिएँ र कम्पनी छोड्दा मैले एक पैसा पनि लिएको छैन। मेरो नामको शेयर कागजी रूपमा आयो र कागजी रूपमै गयो। मैले आफ्नो तलब सुबिधा बाहेक कुनै रकम लिएको छैन जुन मेरो बैंक खाताको कारोबार विवरणमा स्पष्ट देखिन्छ।

मैले अति पनि समय काम गरें एउटा जागिरे कर्मचारीले गर्नुपर्ने पहिय जिम्मेवारी अनुरुप मात्र गरेको छु। आफु २५, २६ वर्षको हुदा अहमदिनेआमा आमा गुमाएपछि बुवाले अर्को विवाह गर्नुभएपछि घरको ज्येष्ठ सन्तानको रुपमा र आफुले पनि विवाह गरेपछि वाध्यता र आवश्यकताले काम गरें यो संस्थामा ऊहाहरुले सरुवा गरिदीदा जिम्मेवारी थपिदिदा कामलाइ चुनौतीको रुपमा लिएर नयाँ ठाउ तथा परिवेशमा पनि आफै कोम भाइ लिएर काम गरें। मैले काम गर्दा संस्था मात्र फाइदा हुने काम गरें कुनै एक व्यक्तिलाइ फाइदा हुने अनैतिक काम गरिन। सबै चेक्स हेड अफिस पठाइन्थ्यो ब्रान्चवाट, सबै काम चेकिङ चेनलवाट हुन्थ्यो। यो सबै फण्ड म्यानेज गर्ने त CEO एकले हो। मैले केही गरेको भए मेरो सम्पुर्ण वैंक खाता धन सम्पति, ३ पुस्ते धनविन भइपनि सबैको होला, मैले कहि कतै एक टुक्रा जग्गा, जमिन, वैंक ब्यालेन्स चेक ट्रान्सफर, मेरो नाममा सम्पति घर जग्गा देखिन्थ्यो होला कहीत केन भएको व्यापार सहकारीमा, जग्गा रोक्का हुदा ऊल्टो ऋणी र सुकुम्बासी भएको छु। संस्थामा कोही पनि मेरो आफन्त, नातेदार हुनुहुदैन र वोस हाकिम संग सम्बन्ध भनेको नै कर्मचारी र वोसको मात्र हो, ऊहाहरु संग चेसाको कारोवार हुने भनेको CEO को मात्र हो जिनभने सबै वैंक, कारोवार र

चेक उठाएर संग माग्यो एक्सेस हुन्छ । काठमाण्डौं बैंकाउन पर्दि
म आउने सहकारीको बचतको भकारी (लिक्विडिटी ३,४ प्रतिशत मात्र) मुसाहरुले
भोग-चलन र हालि मुहालि (लगानी) गरिसकेपछि खाली भकारीमा चौरर बात
उधाउनको अभ्यासतो माग हुन । म आफु जानी जानी आफु मरेर, फसेर एक
सुक्का तलब केही तरखाएको मात्रै अहिले एउटा आरोपी संगै वास्तविक
प्रहरी र सुरुम्बासी यत्रो मुद्दा र पैसाको भिर अलाफदेखि दिन र उठाएको,
सहयोगी किनहुनथे । म अहिले सबै परिस्थिती अवस्थालाई फर्किएर हेर्दा
उठाएको आरोप र आफ्नो जिम्मा थुपार्ने व्यक्ति अरु कोहि नभएर उठाएको सहयोग
गर्ने व्यक्ति भएको हु, यस्तो आज त घरको तलाट अवस्थामा म हु, यहि जस्ट
कोसी गर्दा हेर्दा सोच्दु मात्रै पैसा औंठे लगाउने आफ्नो लागि, आफ्ना
सन्तानको लागि, र भविष्यको लागि हो तर कानुन संगत हिसाबमा
सबुत चाहिन्छ, उठाएको सबै क्षेत्रका विज्ञ कर्मचारी राखेर वस्तुगतको
हामी संग नियुक्ति पत्र पाउन मुस्किल हुदाथियो सबुत प्रमाण जस्तो देखाउन ।
भगवान पशुपतिनाथ, भागवत गिता संग संगै मेरी जन्मदिने आमा
स्वर्गिय आमालाई साक्षी राखेर भन्दु मलाई भष्मिमा बलि दिने बोका
बनाइएको हो । म आम बचतकर्ता र कर्मचारीहरु जस्तै नै बचत (कमाई)
पनि सबै सहकारीमा फसेको नाम पाने मुद्दाको व्यक्ति हु । म पिडित वा
सबै कुहिकेहु ? आत्माले एउटा भन्छ, मुद्दा र कानुनले एउटा भन्छ म
त्यहि व्यक्ति हु ।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सहकारी विभागका पूर्वरजिष्ट्रार एवं अध्यागमन विभागका पूर्वमहानिर्देशक झलकराम अधिकारीसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम झलकराम अधिकारी हो। मेरो बाजेको नाम कृष्णलाल अधिकारी, बुबा नन्दलाल अधिकारी हो। मेरो परिवारमा आमा कृष्ण अधिकारी, श्रीमती बोधमाया अधिकारी, छोरा आशिष अधिकारी, छोरीहरू आयुषा अधिकारी र आयुस्मा अधिकारी छन्। म हाल मेरो परिवारका साथ जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगरमा बस्छु। म वर्ष ५१ को भएँ। मेरो ना.प्र.प.नं. ४०३/कास्की र सम्पर्क नं. ९८४१२८६०५८ हो।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था सामान्य छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं कुनै सहकारी संस्थाको सदस्य वा सञ्चालक हुनुहुन्छ/ हुनुहुन्थ्यो ?

जवाफ ३ म कुनै पनि सहकारी संस्थाको सदस्य वा सञ्चालक थिइन/छैन।

सवाल ४ तपाईं निजामती सेवामा रहँदा हालसम्म कुन-कुन कार्यालयमा कार्यरत रहनुभयो ? खुलाइदिनुहोस्।

जवाफ ४ म २०५३ सालदेखि २०५६ साल सम्म गा.वि.स सचिव भएर काम गरें। त्यसपछी महालेखा परीक्षकको कार्यालयमा नायव सुब्बा रहें। २०५९ देखि २०६६ सम्म शाखा अधिकृत भई गृह मन्त्रालय अन्तर्गत काम गरें। २०६६ देखि २०७२ सम्म उप-सचिव भई विभिन्न निकायमा कार्यरत रहें। २०७२ देखि हालसम्म सह-सचिव भई आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ०१ काठमाडौंमा २ वर्ष, आन्तरिक राजश्व विभागमा १ वर्ष, ठूला करदाता कार्यालयमा ९ महिना, वातावरण विभागको महानिर्देशकमा करिव १ वर्ष, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा १ वर्ष, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयको सचिवमा करिव ६ महिना, सहकारी विभाग काठमाडौंमा ४ महिना, अर्थ मन्त्रालयमा करिव ४ महिना, अध्यागम विभागमा

६ महिना, नेपाल ट्रष्टको कार्यालयमा ६ महिना र हाल सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयमा प्रदेश अर्थसचिवको रूपमा कर्यरत छु।

सवाल ५ तपाईं सहकारी विभाग/अध्यागमन विभागमा रहँदा तपाईको कार्यविवरणं र कार्यजिम्मेवारी के थियो ? खुलाइदिनुहोस्। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ५ सहकारी ऐन तथा अध्यागमन ऐन, नियमावली तथा कार्यविधिहरू कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी हो। सहकारी विभागमा रहँदा सहकारी ऐन, तथा निर्देशिकाहरूको परिमार्जन, सहकारी संस्थाहरूको अनुगम, सहकारी प्रबन्दक तथा सहकारी संस्थाहरूको सेवा केन्द्र थप अनुमति मुख्य कर्याहरू रहेका थिए। त्यस्तै अध्यागम विभागमा रहँदा आवागम तथा प्रस्थानको व्यवस्थापन गर्दै अध्यागमन सम्बन्धी नीतिगत कार्यहरू गर्दै र समग्रमा अध्यागमन सुशाशनतर्फ वार्षीक कार्यक्रममा समावेश गरेका कार्यहरू गर्ने मुख्य जिम्मेवारी रहेका थिए।

सवाल ६ सहकारी विभाग/अध्यागमन विभागमा कार्यरत रहँदा दिइएको कार्यविवरण बमोजिम तपाईंले गर्नु भएका मुख्य-मुख्य कार्यहरू के के थिए ? खुलाइदिनुहोस। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ६ सहकारी विभगमा रहँदा निर्देशिकाहरूको परिमार्जन र सहकारी संस्थाहरूलाई ८८ बुदें निर्देशन र तीन वटा प्रदेशहरूमा सहकारी सम्बन्धी अन्तरक्रिया प्रमुख कार्य थिए। अध्यागम विभागमा रहँदा अध्यागम सुधार कार्ययोजना, अध्यागमन कार्यविधिको पुनवरालोकन, र अध्यागम कार्यालयहरूको क्षेत्र बिस्तार प्रमुख कार्यहरू रहेका थिए।

सवाल ७ तपाई विभागमा कार्यरत रहँदा तपाईलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेजस्तो लाग्छ ?

जवाफ ७ म विभागमा रहँदा विभागीय नीति तथा नियमहरू, कार्यविधि र मापडण्डको अधिनमा रही आफुलाई प्राप्त अधिकार कुनै बदनियत नराखी कुशलतापुर्वक पूरा गरे जस्तो लग्छ।

सवाल ८ तपाईं विभागमा कार्यरत रहँदा विभागबाट सहकारी संस्थाको अनुगमन र नियमनलाइ कतिको महत्तवका साथ हेरिएको थियो ? तपाईको कार्यकालमा कति सहकारी संस्थाको अनुगमन भएको थियो ?

जवाफ ८ म सहकारी विभागको रजिष्ट्रारको रूपमा थोरै समय मात्र कार्यरत रहें। अनुगमनको वार्षिक कार्यक्रम बमोजिम संघ सरकारको क्षेत्रभित्र पर्ने पोखराको रोयल सहकारी संस्था, नवलपरासीको बिकु सहकारी संस्था, झापाको सहारा बहुउद्देश्यीय सहकारी संस्था लगायत सहकारी संस्थाहरूको अनुगमन उप रजिष्ट्रारहरू खिमा नन्द भुसाल सहितका नेतृत्वमा भएको थियो। सहकारी संस्थाहरूको अनुगम र नियमनलाई ८८ बुँदे निर्देसनपछि तिव्र रूपमा गर्ने योजनामा थियो।

तत्तपश्चात सरुवा भएकोले धेरै संस्थाहरू अनुगमन गर्न सकिएन।

सवाल ९ सहकारी संस्थामा आजको समस्या आउनुमा प्रमुख कारण नियमनकारी निकायबाट राम्रोसँग अनुगमन र नियमन नभएकोले हो भन्ने भनाइ स्वयं सञ्चालक र अन्यत्रबाट आएको छ ? यसमा तपाईको के भनाइ छ ?

जवाफ ९ सहकारी संस्थाहरू स्वनियमन र स्वनियन्त्रणमा आधारित संस्था हुन्। सहकारी संस्थाहरूको व्यवस्थापन स्वयम सदस्यहरूबाट हुने हो। विभागले अनुगमनका सूचकहरू बनाई सोको आधारमा मात्रै अनुगमन गर्ने हो। विभागमा दक्ष जनशक्ति जस्तैः चार्टर एकाउन्टेन्ट, वित्तिय विश्लेशक, तथ्याङ्क विश्लेषक र सूचता प्रविधि विश्लेषक जस्ता महत्वपूर्ण पदहरू छैनन्। सो कारणले अनुगम र नियमन जति यथार्थपरक र वस्तुपरक हुनु पर्थ्यो सो हुन सकिरहेको छैन। अनुगम पश्चात् दिएका निर्देशनहरू पालनाका अवस्थाका बारेमा अर्को वर्ष मात्रै हेरी सँगै एक पटक अनुगमन गरेको सहकारी संस्थाको पुनः अनुगम करिव २ वर्षपछी मात्रै गर्नु पर्ने अवस्थाका कारण अनुगमन तथा नियमन औपचारिकतामा सिमित रहेको अवस्था छ।

सवाल १० अनुगमनको कार्यलाइ नियमनकारी निकायबाट किन प्राथमिकतामा नराखिएको हो ? अनुगमन भएका केही सहकारी संस्थाहरूको कैफियत देखाइएतापनि तत्काल कारवाही गर्न किन नसकिएको हो ?

जवाफ १० अनुगमनको कार्यलाई विभागको जनशक्तिअनुसार प्राथमिकतामा नै राखिने गरेको छ। यसलाई विभागको वार्षिक कार्यक्रमा लक्ष्यसहित तोकिएको हुन्छ। अनुगमनमा देखिएका कैफियतहरूलाई तत्काल सुधार गर्न विभागले समयसीमा सहित अनुगमन प्रतिवेदन पठाएको हुन्छ। यसको लागि संस्थाको आवश्यकता अनुसार केहि समय दिएको हुन्छ। तोकिएको समयमा दिइएका सुझावहरूलाई कार्यन्वयन गरेको अवस्था विश्लेषण गर्न समेत केही समय लाग्ने हुन्छ। अहिले भइरहेको विभागीय जनशक्तिले यो कार्यन्वयन गर्न अत्यन्त कठिन छ। आफ्नो जनशक्ति अनुसार विभागीय कारबाहीहरू भइरहेको जस्तो लाग्छ।

सवाल ११ तपाई विभागमा कार्यरत रहँदा तपाईको नेतृत्व र पहलमा भएका सुधारका मुख्य मुख्य कार्यहरू के के थिए ?

जवाफ ११ सहकारी संस्थाहरूलाई पहिलो पटक सहकारी सञ्चालन सम्बन्धीत ८८ बुँदे एकीकृत निर्देशन जारी गरेको थिएँ। त्यसको अक्षरश कार्यन्वयन भएको भए सहकारीको अवस्था सुदृढत हुन सक्थ्यो। जारी भएपछि कर्यान्वयनको अवस्थामा नरहेकोले मैले नतिजाको अनुभुति गर्न पाइन। सहकारी विभागमा रहँदा मेरो आफ्नै पहलमा भएको यही महत्वपूर्ण कार्य थियो। सनदर्भ व्याजदर मेरो ४ महिनाको कार्यकालमै अधिकतम १६% हुने गरी निर्धारण गरिएको थियो र

ऋण प्रवाह गर्दा बढि १% मात्र सेवा शुल्क लिन पाउने गरी निर्देशन जारी गरेको थिए।

सवाल १२ विभागमा जाने रजिष्ट्रार/विभागीय प्रमुखहरूको सरूवा छिटो छिटो हुनुको मुख्य कारण के हो जस्तो तपाईलाई लाग्दछ ? यसरी रजिष्ट्रारहरू सरूवा भैरहने कार्यले संस्थागत स्मरणमा के असर पर्दछ ?

जवाफ १२ सुधार नचाहने प्रवृत्तिसँग सहकारी विभागले मुकाबिला गर्न नसकेको र सुधारप्रति सबैको प्रतिबद्धता प्राप्त नहुँदा उत्पन्न द्वन्द्वले छिटो छिटो सरुवा हुने रहेछ। रजिष्ट्रारको सरुवा गर्दा उक्त निकायमा रही काम गर्नु पर्ने न्युनतम अवधि नतोकिएको हुँदा छिटो छिटो सरुवा हुने गर्दछ। यसको असर संस्थागत स्मृतिमा पर्ने नै भयो। अझ सरुवा भै आउनेलाई सरुवा भै जानेले अनुभवको बरबुझारथ नहुने प्रणालीले संस्थागत स्मृतिमा प्रभावकारीता आउन सकेको छैन।

सवाल १३ तपाईं सहकारी विभागमा रजिष्ट्रार हुँदा के-कति सहकारी संस्थालाई कार्यक्षेत्र बिस्तारको स्वीकृति दिनुभयो ? कार्यक्षेत्र बिस्तार गर्ने निर्णय गर्नुपूर्व के-कस्ता पूर्वशर्त पूरा गरिएको हुनुपर्दछ? खुलाइदिनुहोस्।

जवाफ १३ म सहकारी विभागमा रजिष्ट्रार रहँदा कुनै सहकारीलाई कार्यक्षेत्र बिस्तार अनुमति दिइएको थिइन।

सवाल १४ तपाईं सहकारी विभागको रजिष्ट्रारमा कार्यरत रहँदा के-कति सहकारी संस्थालाई सदस्य सेवाकेन्द्र बिस्तारका लागि स्वीकृति दिनुभयो ? एउटै सहकारी संस्थालाई कतिसम्म सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभएको थियो ?

जवाफ १४ सेवा केन्द्र बिस्तारको लागि सदस्य संख्या माग गरेको केन्द्रमा माग गरेको स्थानमा अन्य सहकारी संस्थाहरूको उपस्थिति र सहकारी संस्थाहरूको क्षमताको आधारमा आफ्नो सदस्यहरूलाई सेवा पुर्याउन माग गरेको आधारमा सेवा केन्द्र विस्ताको अनुमति दिएको थिएँ। सम्बन्धीत सहकारी संस्थाको साधारणसभाको निर्णयलाई समेत आधार मानिन्छ। सहकारी संस्थाहरूले सेवाकेन्द्र विस्तारको निमित्त पेश गरेको निवेदन सम्बन्धीत शाखा मार्फत पेश भए अनुसार अनुमतिको निर्णय हुन्छ। म कार्यरत रहेको अवधिमा सेवाकेन्द्र थप सम्बन्धी केहि निर्णयहरू भएका थिए, संख्या मलाइ हाल यकिन भएन

सवाल १५ तपाईं अध्यागमन विभागमा महानिर्देशक रहँदा मिति २०८०।०३।२० विदेश यात्रा अनुमति रोक्का गरिएका गितेन्द्रबाबु राईलाई २०८०।०३।२८ मा फुकुवाको लागि निर्णय भएको देखिन्छ। के आधारमा उक्त निर्णय गर्नुभएको हो ?

जवाफ १५ अध्यागम विभागको महानिर्देशकले न्यायिक तथा अर्धन्यायिक निकायको सिफारीसबिना कुनै पनि नेपाली नागरिकको आवागमन तथा प्रस्थान रोक्का गर्न मिल्दैन र अध्यागम विभाग आफैले यो निर्णय गर्न मिल्दैन। गितेन्द्रबाबु राईको सन्दर्भमा सहकारी विभागबाट यात्रा अनुमती रोक्का गरिदिनु भन्ने पत्रको आधारमा रोक्का गरिएको हो। जुन निकायले रोक्काको लागि लेखी आएको थियो। त्यही निकायले फुकुवाको लागि अनुरोध गरेमा मात्र अध्यागन विभागले फुकुवा गर्न सक्छ। यो निरन्तर भइरहने कार्य हुन्, उक्त कार्यको लागि महानिर्देशकबाट निर्णय हुनु पर्दैन।

सवाल १६ निज गितेन्द्रबाबु राईले २०८०।०३।२४ मा सानोपाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्जमा बचतकर्ताको बचत फिर्ता गर्छु भनी संरक्षकको हैसियतमा प्रतिबद्धता जनाएको चार दिनपछि नै किन उक्त यात्रा अनुमति रोक्का-फुकुवाको निर्णय गरेको देखिन्छ। अध्यागमले गरेको यो निर्णय एउटा सामान्य प्रकृतिको र नियमित कार्य मात्रै हो त?

जवाफ १६ यो अध्यागमन विभागले गर्ने नियमित कार्य हो। न्यायिक तथा अर्धन्यायिक निकायबाट प्राप्त पत्रको आधारमा आवागम/ प्रस्थान रोक्का सम्बन्धी निर्णय हुने हो। पछि सोही निकायबाट रोक्का फुकुवाको प्राप्त पत्रको आधारमा विभागले कार्यन्वयनका लागि मातहतका १५ वटा कार्यलयहरूलाई पत्राचार गरिने गर्दछ।

सवाल १७ तपाईले माथि जवाफमा खुलाउनु भएको यात्रा अनुमति रोक्का फुकुवा गरेको व्यक्तिका सम्बन्धमा उक्त दिन को कुन निकाय र व्यक्तिसँग कुराकानी र सल्लाह गर्नु भएको थियो?

जवाफ १७ गितेन्द्रबाबु राईलाई म चिन्दिन र व्यक्तिगत रूपमा भेटेको, देखेको छैन। यस विषयमा मैले कुनै निकाय र व्यक्तिसँग कुराकानी र सल्लाह गरेको हाल याद भएन। अहिले उक्त कार्यको परिणाम हेरी उक्त समयमा रोक्का फुकुवा सम्बन्धी संबेदनशील हुन सकिनकी भन्ने लागेको छ।

सवाल १८ विद्यमान अवस्थामा हाल देखिएको सहकारीका समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका सुझावहहरू के छन् ?

जवाफ १८ प्राणालीको सुधार, अन्तरनिकाय समन्वय, सहकारी शिक्षाको प्रवर्द्धन, कर्जा सूचना केन्द्रको स्थापना तथा नेटवर्किङ् र सहकारी संस्थाहरूले प्रयोग गर्ने सफ्टवेयको प्रमाणीकरण सहकारी विभागद्वार गर्नु पर्ने देखिन्छ। सहकारी संस्थाहरुको नविकरण नहुने अभ्यासलाई परिवर्तन गरी आवाधिक नविकरण गर्ने गरी नीतिगत व्यवस्था गर्नु उपयुक्त हुन्छ।

सवाल १९ अन्त्यमा, तपाईको केहि भन्नु छ?

जवाफ १९ सहकारी संस्थाहरुको सदस्य सञ्जाल एकदमै धेरै विस्तार भईरहेको छ। यसमा राजनीतिक

शक्तिको अभ्यास गरिएको छ। जस्को प्रभाव सहकारी संस्थाहरुमा समेत पर्ने गरेको देखिन्छ। यसलाई सम्बोधन हुन आवश्यक देखिन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः झलकराम अधिकारी
पदः सहकारी विभागका पूर्वरजिष्ट्रार एवं अध्यागमन विभागका पूर्वमहानिर्देशक हाल प्रदेशसचिव, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार
संस्थाः सहकारी विभाग/अध्यागमन विभाग

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २६ गते बुधबार।
समयः बिहान ११:०० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष सहकारी विभागका पूर्वरजिष्ट्रार नमराज घिमिरेसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम नमराज घिमिरे हो। बाजे कृष्ण प्रसाद घिमिरे, बुबा विजुली प्रसाद घिमिरे, आमाको नाम इन्द्रछाँया घिमिरे हो। मेरो घरमा श्रीमती जयन्ती चापागाईं घिमिरे, छोरा मिजास घिमिरे र छोरी जनासा घिमिरे छन्। मेरो स्थायी वतन वेथानचोक गाउँपालिका वडा नं. २ ढुडखर्क काभ्रे हो, हाल काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका वडा नं ३२ मनहरामा बस्दछु। मेरो मोबाईल नं ९८४१३८०१८७ र नाप्रनं. ४३५९४/१८५६ हो।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई कुनै सहकारी संस्थाको सदस्य वा सञ्चालक हुनुहुन्छ/ हुनुहुन्थ्यो ?

जवाफ ३ म कुनै पनि सहकारी संस्थाको सदस्य छैनँ/थिइनँ।

सवाल ४ तपाईं निजामती सेवामा रहँदा हालसम्म कुन-कुन कार्यालयमा कार्यरत रहनुभयो ? खुलाइदिनुहोस्।

जवाफ ४ म हालसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सामान्य प्रशासन मन्त्रालय, सहकारी प्रशिक्षण केन्द्र ईनरुवा, नीति अनुसन्धान प्रतिष्ठान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, हेटौंडा उपमहानगरपालिका यातायात व्यवस्था विभाग, वातावरण विभाग र सहकारी विभाग कार्यरत रहेको थिएँ। हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत रहेको छु।

सवाल ५ तपाईं सहकारी विभागमा रहँदा तपाईको कार्यविवरण र कार्यजिम्मेवारी के थियो ? खुलाइदिनुहोस्। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ५ म सहकारी विभागमा रहँदा सहकारीको राष्ट्रिय नीति तर्जुमा, संघको अधिकार क्षेत्र भित्रका सहकारीहरूको अनुगमन, नियमन सहकारी प्रशिक्षण लगायतका कार्यहरू गर्ने जिम्मेवारी थियो। सम्बद्ध कागजात हाल साथमा छैन। आवश्यक परेमा यस समिति समक्ष पेस गर्नेछु

सवाल ६ सहकारी विभागमा कार्यरत रहँदा दिइएको कार्यविवरण बमोजिम तपाईंले गर्नु भएका मुख्य-मुख्य कार्यहरू के के थिए ? खुलाइदिनुहोस। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ६ म सहकारी विभागमा कार्यरत रहँदा देहायका कार्यहरू गरिएको थियो :

- सहकारी बचत कर्ताहरूको गुनासो सुन्ने,

- सहकारीका संचालक तथा व्यवस्थापक झिकाई बुझ्ने,
- सहकारी बचतकर्ता सदस्य र संचालक, व्यवस्थापक विचमा छलफल गराउने,
- दुवैको सहमतिमा संचालक, व्यवस्थापकबाट बचत फिर्ताको प्रतिवद्दता पत्र गराउने,
- संचालक तथा व्यवस्थापक र सहकारी संस्थाको अचल सम्पत्ति रोक्का बैंक खाता रोक्का विदेश भ्रमण रोक्काका लागि सम्बन्धित निकायमा लेखि पठाउने,
- संचालकहरूबाट संस्थाको बचत फिर्ता कार्ययोजना निर्माण गरी सञ्चालक तथा सदस्य प्रतिनिधिहरूको समितिबाट कार्यान्वयन गराउने कार्ययोजनाको कार्यान्वयन अनुगमन गर्ने।

कागजातहरू हाल साथमा भएन आवश्यक परेमा यस समितिलाई उपलब्ध गराउने छु।

सवाल ७ तपाई विभागमा कार्यरत रहदा तपाईलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेजस्तो लाग्छ ?

जवाफ ७ म विभागमा कार्यरत रहँदा मलाई तोकिएको जिम्मेवारी अधिकार र क्षमता अनुसार कुशलतापूर्वक पूरा गरेको छु।

सवाल ८ तपाई विभागमा कार्यरत रहदा विभागबाट सहकारी संस्थाको अनुगमन र नियमनलाई कत्तिको महत्वका साथ हेरिएको थियो ? तपाईको कार्यकालमा कति सहकारी संस्थाको अनुगमन भएको थियो ?

जवाफ ८ विभागको वार्षिक कार्यक्रम अनुसार लक्ष्य तोकिए बमोजिम साधारण तथा सघन अनुगमन गरिएको थियो। सहकारी सदस्यहरूको गुनासो अत्यधिक रूपमा विभागमा आउने र त्यसको सम्बोधनका लागि धेरै समय विभागमै दिनु पर्दा म स्वयं कुनै पनि संस्थाको अनुगमनमा जान सकिन, विभागका अधिकृतहरूले अनुगमन गरी दिएको प्रतिवेदन उपर तत्काल कारबाही गरिएको थियो। मेरो कार्यकालमा अनुगमन भएका संस्थाहरूको विवरण मसँग हाल उपलब्ध छैन। आवश्यक परेको अवस्थामा सहकारी विभागबाट उपलब्ध गराउन सक्नेछु।

सवाल ९ सहकारी संस्थामा आजको समस्या आउनुमा प्रमुख कारण नियमनकारी निकायबाट राम्रोसँग अनुगमन र नियमन नभएकोले हो भन्ने भनाइ स्वयं सञ्चालक र अन्यत्रबाट आएको छ ? यसमा तपाईको के भनाइ छ ?

जवाफ ९ यो भनाइ सत्य हो तर संघीयता कार्यान्वयनसँगै सहकारी नियमनको जिम्मेवारी तिनै तहका सरकार मातहत गएको हुँदा सहकारी विभागबाट अनुगमन, नियमन गर्नुपर्ने संस्था १२५ वटा मात्र रहेका छन्, तिमध्ये धेरै थोरैमा मात्र समस्या देखिएको छ। सबैभन्दा बढी समस्या प्रदेश र स्थीनिय तहको क्षेत्राधिकार भित्र रहेका सहकारीहरूमा छ। संघीय विभागको मातहत कुनै कार्यालय नभएको विभाग स्रोत साधनबाट ज्यादै खुम्चिएको कारण राम्रो अनुगमन नियमन हुन नसकेको यथार्थ हो। प्रदेश र स्थानीय तहमा सहकारी नियमन क्षमता, संस्थागत संरचना नभएको र ति सरकारहरूको प्राथमिकतामा सहकारी नपरेको कारण अनुगमन र नियमन फितलो हुन गयो। सहकारी स्व नियमनमा सञ्चालन हुने संस्था हो भनी संचालकहरूबाट नियमन, अनुगमनमा कहिलै

सहजीकरण र सकारात्मक दृष्टिकोण आएन। सहकारीलाई नाम मात्रको सहकारी, परम्परागत बैंकिङ प्रणालिमा चलाउँदा हालको समस्या आएको हो।

सवाल १० अनुगमनको कार्यलाइ नियमनकारी निकायबाट किन प्राथमिकतामा नराखिएको हो ? अनुगमन भएका केही सहकारी संस्थाहरूको कैफियत देखाइएतापनि तत्काल कारवाही गर्न किन नसकिएको हो ?

जवाफ १० अनुगमन कार्यलाई नियमनकारी निकायबाट प्राथमिकतामै राखिएको हो। मैले माथि भने जस्तै संघीयता कार्यान्वयनसँगै सहकारीको ठूलो संख्या प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा गए। साबिकको डिभिजन सहकारी कार्यालयहरू खारेज गरी सम्पूर्ण कागजात विवरण प्रदेश तथा स्थानीय तहमा पठाउँदा सही व्यवस्थापन हुन सकेन। यसले गर्दा सहकारी विभागसँग ठूलो संख्याका सहकारी संस्थाहरूसँगको सम्बन्ध पूर्ण रूपमा विच्छेद भयो। सहकारीका कुनै विवरण विभागसँग अध्यावधिक भएनन्। कोपोमिस प्रणालीको उपयोगमा सहकारी संस्थाहरू अनुदार र असहयोगी देखिए। अनुगमन पनि प्रशासनिक विषयका मात्र भए वित्तीय अवस्थाको अनुगमन गर्न सक्ने क्षमता विभागसँग पनि थिएन। प्रदेश तथा स्थानीय तहसँग झनै थिएन। तसर्थ अनुगमनका क्रममा प्रशासकीय र व्यवस्थापकिय विषय बढी रिपोर्टिङ हुने र तिनको सुधारका लगि लेखिने जस्ता सामान्य क्रियाकलाप मात्र भए। सम्पत्ति शुद्धीकरण सम्बन्धी विषयलाई अलि गहिरो रुपले हेरीयो। सहकारी संस्थाहरूको अडिट प्रणालिमा नियामक निकायको कुनै भुमिका नहुने संस्थाले नियुक्त गरेका अडिटरले दिएका लेखापरीक्षण प्रतिवेदनलाई नै विश्वास गर्ने प्रणाली विगतदेखि नै रहेको र कानूनले पनि यही व्यवस्था गरेको कारण प्रभावकारी नियमन हुन सकेन र कारवाही गर्न सकिएन।

सवाल ११ तपाई विभागमा कार्यरत रहदा तपाईको नेतृत्व र पहलमा भएका सुधारका मुख्य मुख्य कार्यहरू के के थिए ?

जवाफ ११ म विभागमा वाहाली हँदा दैनिक रूपमा सहाकरीबाट ठगिएको गुनासो लिएर आउने बचतकर्ता सदस्यहरूको अत्यधिक भिड हुने गरेको र सडकमा पनि सहकारी पीडितहरू संगठीत रूपमा आन्दोलनमा रहेका कारण दीर्घकालीन सुधार तर्फ धेरै ध्यान दिन सकिन। यद्यपि मेरो कार्यकालमा सुधारका देहायका मुख्य मख्य कार्यहरू भएका थिए

- समस्यमा परेका वा समस्या उन्मुख सबै सहकारी संस्थाहरूलाई संस्थाको स्वेत पत्र जारी गर्न निर्देशन दिएको,
- उजुरी आएका संस्थाका बचतकर्ताहरूको बचत फिर्ता ग्यारेन्टीको लागि सञ्चालक व्यवस्थापक र सदस्य प्रतिनिधि सहितका समिति बनाई निश्चित समयभित्र सुधार गर्न निर्देशन दिँदै सहजीकरण गरिएको,
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन भएकोमा,

सदस्य सचिव भई प्रतिवेदन नेपाल सरकारलाई बुझाएको,

- सडकमा आन्दोनरत सहकारी पिडितहरूसँग वार्ता गरी आन्दोलन अन्त्य गराइएको,
- NEFSCUN सँगको समझदारीमा स्तरिकरण कार्यक्रम अगाडि बढाइएको,
- संचारमाध्यम हरूमा प्रत्यक्ष अन्तर्वार्ता तथा विभागबाट लिखित विज्ञप्ति निकाली सहकारी समस्या समाधानका उपायहरू सुझाइएको,
- केही सहकारीहरूलाई समस्याग्रस्त घोषणा गर्न मन्त्रालयमा सिफारिस गरिएको।

सवाल १२ तपाईं सहकारी विभागमा हुँदा के-कति सहकारी संस्थालाई कार्यक्षेत्र बिस्तारको स्वीकृति दिनुभयो ? कार्यक्षेत्र बिस्तार गर्ने निर्णय गर्नुपूर्व के-कस्ता पूर्वशर्त पूरा गरिएको हुनुपर्दछ? खुलाइदिनुहोस्।

जवाफ १२ म सहकारी विभागमा हुँदा मैले एउटा पनि सहकारी संस्थालाई कार्यक्षेत्र विस्तारको स्वीकृति दिने निर्णय गरिन। सहकारी संस्थालाई स्वीकृति दिँदा तोकिदिएको कार्यक्षेत्रभन्दा थप कार्यक्षेत्र विस्तार अनुमति दिनु नै गलत कार्य हो भन्ने मलाई लाग्दछ। यद्यपि कानूनले कार्यक्षत्र विस्तार अनुमतिलाई बन्देज गरेको छैन।

सवाल १३ तपाईं सहकारी विभागमा कार्यरत रहँदा के-कति सहकारी संस्थालाई सदस्य सेवाकेन्द्र बिस्तारका लागि स्वीकृति दिनुभयो ? एउटै सहकारी संस्थालाई कतिसम्म सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभयो ? खुलाइदिनुहोस्।

जवाफ १३ म सहकारी विभागमा कार्यरत रहँदा कुनै पनि सहकारी संस्थालाई सदस्य सेवाकेन्द्र बिस्तारको स्वीकृति दिइन। सहकारी संस्था एकीकरण सम्बन्धी दुई वटा निर्णय भएको थियो। प्रभु र हव सहकारीकाई एकीकरण गरी प्रभु सहकारी संस्था कायम गरिएको थियो। घेदुङ, नागरिक कल्याण, हाम्रो सगरमाथा, आईडल यमुना र तपाई हाम्रो सहकारीलाई एकीकारण गरी आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी बनाइएको थियो। यी पाँच सहकारीलाई एकिकारण गर्दा सबिकका पाँचवटै सहकारीका अध्यक्षहरुलाई हरहिसाबको दायित्वका सम्बन्धमा आ-आफै जिम्मेवार रहने गरी छुट्टै कागज समेत गराएको थिएँ।

सवाल १४ सहकारी विभागमा तपाईं महानिर्देशक रहँदा मिति २०८०।०३।२० मा विदेश यात्रा अनुमति रोक्का गरिएका गितेन्द्रबाबु राईलाई २०८०।०३।२८ मा फुकुवाका लागि निर्णय गरी पत्राचार समेत गरिएको देखिन्छ। के आधारमा उक्त निर्णय गर्नुभएको हो ?

जवाफ १४ गितेन्द्र बाबु राई अध्यक्ष रहेको हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्थाका बचतकर्ताहरूबाट बचत फिर्ताको लागि निवेदन प्राप्त भएपछि अध्यक्ष गितेन्द्र बाबु राई सहित संस्थाका अन्य सञ्चालक र व्यवस्थापक एवम् उजुरीकर्ता, बचतकर्ता सदस्यहरूलाई विभागमा बोलाई छलफल गराउँदा, अध्यक्ष गितेन्द्र बाबु राईले संस्थाको सम्पूर्ण बचतकर्ता सदस्यको बचत फिर्ताको लागि पर्याप्त हुने गरि आफ्नो नाममा रहेको जग्गा रोक्का राख्न कागज गरिदिएका र यसरी उजुरी गर्न आएका संस्थाका पदाधिकारी र व्यवस्थापकको चल अचल सम्पत्ति, बैंक खाता र पासपोर्ट रोक्का गर्ने नीति लिए अनुरुप गितेन्द्र बाबु सहितका पदाधिकारीको पासपोर्ट रोक्का गर्न अध्यागमन

विभागमा पत्राचार गरिएको थियो। गितेन्द्र बाबु राई सहित सञ्चालक समितिले अध्यक्ष राईलाई व्यक्तिगत काममा लागि विदेश जानु पर्ने भएको र संस्थाको सम्पूर्ण बचत फिर्ता गर्न पुग्ने सम्पत्ति रोक्का भएकोले सदस्यको बचत फिर्ताको ग्यारेन्टी भइसकेको र पासपोर्ट रोक्का फुकुवाको लागि लेखि आएको सन्दर्भमा मेरो उद्देश्य र मनसाय संस्थाको सदस्यको बचत फिर्ता र सुरक्षाको ग्यारेन्टी गर्नु रहेको अध्यक्ष गितेन्द्र बाबु राईले धितो रोक्काको कागज अनुसारको सम्मत्ति बचतकर्ताको दावी अनुसारको बचत फिर्ता गर्न पर्याप्त रहेको भनी संस्थाका संचालक र सदस्यहरू सहमत भई संचालक समितिबाट निर्णय नै गरि गितेन्द्रबाबु राईको पासपोर्ट रोक्का फुकुवा गर्न लेखि आएको आधारमा उक्त निर्णय गरिएको हो। त्यतिबेलासम्म गितेन्द्रबाबु राईको अन्य सहकारी संस्थाहरूमा संलग्नता रहेकोबारे आधिकारिक र खुला रूपमा मलाई कुनै जानकारी थिएन। उनको संघको क्षेत्राधिकार भित्र रहेको अरु सहकारीहरूमा संलग्नता रहेको पनि थाहा थिएन। यदि त्यतिबेला अन्य सहकारी संस्थामा उनको यो तहको संलग्नत बारे थोरै मात्र जानकारी पाएको भए पनि मैले कुनै पनि शर्तमा उनको पासपोर्ट रोक्का फुकुवा गर्ने निर्णय गर्ने थिइनँ भन्ने निवेदन गर्दछु।

सवाल १५ तपाई आफैले माथिको जवाफमा संस्थाका पदाधिकारी र व्यवस्थापकको चल अचल सम्पत्ति, बैंक खाता र पासपोर्ट रोक्का राख्ने नीति अनुरुप रोक्का राखिएको खुलाउनु भयो। तर एकजना गितेन्द्रबाबु राईको हकमा मात्र फुकुवा गर्ने निर्णय किन गर्नुभयो।

जवाफ १५ हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समितिले सञ्चालक समितिको सम्पूर्ण पदाधिकारीहरुको पासपोर्ट फुकुवाको लागि सञ्चालक समितिको निर्णय पत्र ल्याएको थियो तर मैले सबै सदस्यहरुलाई बैठकमा बोलाएर पासपोर्ट रोक्का फुकुवा आवश्यक व्यक्तिको बारेमा बुझ्दा निज गितेन्द्रबाबु राईलाई अत्यावश्यक छ भनेपश्चात निजको मात्र रोक्का फुकुवाको लागि पत्राचार गरेको थिए। मेरो उद्देश्य भनेको उजुरी आएको व्यक्तिहरुको बचत रकम फिर्ता गर्नु थियो। बचतकर्ताहरुको बचत रकम सुरक्षित गर्नलाई आवश्यक कारवाही गरेको थिएँ। उक्त समयमा गितेन्द्रबाबु राई कस्तो मान्छे हो भन्ने मैले परिकल्पना गरेको थिइनँ। उक्त समयमा गितेन्द्रबाबु राईले अपचल गरेको रकम भनेको हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्थाका ५ करोड मात्र थियो भन्ने बुझेको थिएँ, अन्य सहकारीमा निजको संलग्नता छ भन्ने विषयमा मलाई जानकारी थिएन। निजको पासपोर्ट रोक्का तथा फुकुवा म एक्लैको निर्यणले पत्रचार गरेको थिएँ तर यसमा मेरो व्यक्तिगत स्वार्थ केही थिएन, मैले कसैको दवाब, प्रभाव र निर्देशनमा गरेको थिइन। प्रशासनिक र कानूनी दृष्टिकोणले हेर्ने हो भने तत्कालीन समयमा मैले गरेको निर्णय ठिक थियो तर हाल उक्त निर्णय मेरो गल्ती भएको मैले महसुस गर्छु र यसको लागि कानूनी कारबाही भोग्न तयार छु।

सवाल १६ जुन सहकारी संस्थाका विरुद्ध बचतकर्ता सदस्यहरुको उजुरीका आधारमा रोक्का गर्नुभएको थियो, सो रोक्काको उद्देश्य र प्रयोजन पूरा नहुँदै सोही सहकारी संस्थाको निर्णय र पत्रका आधारमा रोक्का

फुकुवाको निर्णय गरे भन्नुभयो। जसको विरुद्ध उजुरी परेको थियो, उसैको पत्र निर्णयका आधारमा तपाईले फुकुवाको निर्णय गर्न मिल्छ?

जवाफ १६ बचतकर्ताको निवेदनमा बचत सुरक्षा गरी [illegible] र बचत रकम फिर्ता गरी पाउँ भन्ने थियो। बचत रकम सुरक्षाको लागि संस्था र सञ्चालक समितिको सम्पत्ती रोक्का गरेपश्चात बचत रकम सुरक्षीत भयो भन्नेमा म विश्वस्त थिएँ। त्यसैले मैले पासपोर्ट फुकुवा गर्ने निर्णयमा बचतकर्ताको सहमती बिना गरेको थिए। मैले यस निर्णय गर्दा मन्त्रालयमा कुनै जानकारी गराएको थिइन। मैले पासपोर्ट फुकुवा गरेर गितेन्द्रबाबु राई विदेश गएर पुनः नेपाल फर्केको भन्ने मैले सुनेको थिए उक्त विषय भेरीफाइ गरी पाउँ भनी समिति समक्ष निवेदन गर्न चाहन्छु।

सवाल १७ निज गितेन्द्रबाबु राईले २०८०।०३।२४ मा सानोपाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्जमा बचतकर्ताको बचत फिर्ता गर्छु भनी प्रतिबद्धता जनाएको चार दिनपछि किन उक्त यात्राअनुमति रोक्का फुकुवाको निर्णय गर्नुभएको हो ? तपाईंको निर्णयका कारण बचतकर्ताको आजको समस्या आएको होइन ?

जवाफ १७ निज गितेन्द्र बाबु राईले सानोपाइला बचत तथा ऋण सहकारी संस्था लि. वीरगञ्जमा बचतकर्ताको बचत फिर्ता गर्छु भनी प्रतिबद्धता जनाएको कुरा त्यतिबेला मलाई जानकारीमा थिएन। उसको संलग्नता रहेको भनिएका अरु कुनै पनि संस्थाको अवस्थाबारे पनि मलाई जानकारी थिएन। निज राईलाई मैले गरेको कारबाही विभागको क्षेत्राधिकारभित्र रहेको हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी सम्बन्धमा भएको र उक्त कारबाहीबाट विभागको कार्यक्षेत्रभित्र रहेको संस्थाको बचतकर्ता सदस्यको बचत फिर्ताको सुरक्षण भएको छ। अन्य सहकारीको सम्बन्धमा समयमा सही र पर्याप्त सूचना प्राप्त हुन नसक्दा निज राईको पासपोर्ट रोक्का फुकुवाको निर्णय हुन गएको हो भन्ने निवेदन गर्दछु।

सवाल १८ तपाईले माथि जवाफमा खुलाउनु भएको रोक्का फुकुवाको व्यक्तिको सम्बन्धमा उक्त दिन को-कुन व्यक्ति सँग सल्लाह र कुराकनी गर्नुभएको थियो?

जवाफ १८ गितेन्द्रबाबु राईको रोक्का फुकुवाको निवेदन नबिन अछामीले लिएर आएका थिए। मैले भोलि पल्ट बैठकमा बोलाउदा अध्यक्षबाहेक पदाधिकारीहरु सबै र निवेदकमध्ये तीन जना व्यक्ति उपस्थित थिए। उक्त बैठकको माइन्युटिङ् गरेको छैन। सहकारी विभागका कर्मचारीहरुबाहेक अरु कुनै व्यक्तिसँग मैले कुराकानी गरिएको थिएन।

सवाल १९ विभागमा जाने रजिष्ट्रारहरूको सरूवा छिटो छिटो हुनुको मुख्य कारण के हो जस्तो तपाईलाइ लाग्दछ ? यसरी रजिष्ट्रारहरू सरूवा भैरहने कार्यले संस्थागत स्मरणमा के असर पर्नसक्ला ?

जवाफ १९ अरुको सम्बन्धमा यसैं भन्न सक्दिन। मेरो विषयमा म अनुरोध गरी मागेरै विभागबाट बाहिरिएको हो। यसको मुख्य कारण व्यक्तिगत रूपमा सहकारीको रजिष्ट्रार हुँदा हुँदै पनि विद्यमान कानुन संरचना, श्रोत साधन र क्षमताको सिमितताको कारण बचतकर्तालाई तत्कालै न्याय दिन नसक्ने निरीहपन र त्यसको समाधानका लागि आफूबाट भएका पहलको उपलब्धि पुर्ण नतिजा प्राप्त भ

नरहेको देख्दा निरास हुँदै सरुवा मागेको हुँ। छिटो-छिटो सरुवाले संस्थागत स्मरणमा नकारात्मक असर परेको छ।

सवाल २० तपाई समेतसँग मिति २०८१/०३/२५ मा यस समितिमा भएको छलफलमा सुमेरु बचत तथा ऋण सहकारी संस्था लि.का पूर्वअध्यक्ष भरत महर्जनले बचतकर्ताको बचत रकमबाट बेलायतमा घर किनी बसेको खुलाउनुभएको थियो। सो सम्बन्धी थप विवरण खुलाइदिनुहोस्। त्यसबाहेक अन्य सहकारी संस्थाका सञ्चालकले सहकारीको रकम विदेशमा लगेको सम्बन्धमा तपाईलाई के थाहा छ ? खुलाईदिनहोस्।

जवाफ २० सुमेरु सहकारी संस्था बाग्मति प्रदेशको क्षेत्राधिकार भित्र रहेको संस्था हुँदाहुँदै पनि उक्त संस्थाका ठूलो संख्याका बचतकर्ताहरूले विभाग पनी उजुरी धर्ना दिएको कारण उक्त संस्थाका पदाधिकारी र सदस्यहरू बिचमा छलफल गराइएको थियो। छलफलबाट उक्त संस्थाले श्वेतपत्र जारी गर्ने र सदस्यहरू समेतको संलग्नतामा समस्या समाधान गर्ने प्रतिवद्धता गरेको थियो। छलफलकै क्रममा संस्थाका तत्कालीन अवस्थाका पदाधिकारीहरूबाट संस्था र सो को माध्यमबाट सिर्जना गरिएको कुल सम्पत्तिको करीब ३० प्रतिशत हिस्सा संस्थाका पूर्व अध्यक्ष भरत महर्जन र उनका परिवारका सदस्यको नाममा रहेको भन्ने बुझिन आएको थियो। निज भरत महर्जन त्यतिबेला बेलायतमा रहेको भन्ने कुरा पनि छलफलकै क्रममा आएको हो। औपचारिक र लिखित रूपमा कसैले जानकारी उपलब्ध गराएको नभएता पनि सिभिल सहकारीका बचतकर्ताहरूले संस्थाका तत्कालीन अध्यक्ष ईच्छाराज तामाङले आफ्ना छोरीहरूको नामबाट विदेशमा पैसा पठाएको दावी गर्ने गरिएको थोयो। त्यसैगरि शिवशिखर सहकारीका पूर्वअध्यक्ष एवं तुलसी बहुउद्देश्य सहकारीका तत्कालिन अध्यक्ष केदारनाथ शर्माले पनि विदेशमा लगानी गरेको भनी संस्थामा विविध सदस्यहरूले दावी गरेको सुनेको हुँ। यस सम्बन्धमा औपचारिक प्रमाण मैले फेला पारेको थिइनँ। गौतमश्री सहकारी संस्थाका अध्यक्ष रामबहादुर गौतमले पनि छोरीका नाममा सम्पत्ति विदेश पुर्याएको भन्ने संस्थाका सदस्यहरूको दावी रहेको थियो।

सवाल २१ विद्यमान अवस्थामा देखिएको सहकारीका समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका सुझावहहरू के छन् ?

जवाफ २१ तत्काल सरकारी तवरबाटै सहकारीका सदस्यहरूमा सहकारीप्रति विश्वास कायम गराउन निश्चित सिमा सम्मको बचत सुरक्षाको लागि आवश्यक व्यवस्था गरिनु पर्दछ। बचत तथा कर्जा सुरक्षण कोष यसको उपाय हुन सक्छ। दीर्घकालमा सहकारीलाई सहकारीका सिद्धान्त गराउनु पर्छ। मैले सहकारीका समस्या समाधानका सम्बन्धमा रजिष्ट्रार रहँदाकै बखत लिखित रूपमा विभागमा दस्तावेज तयार गरेका थिएँ। त्यसबाट धेरै कुराहरू प्रष्ट हुने ठान्दछु।

सवाल २२ अन्त्यमा तपाईको भन्नु केही छ ?

जवाफ २२ म सहकारी विभागको रजिष्ट्रार रहँदा बचतकर्ताको बचत सुरक्षालाई केन्द्रविन्दुमा राखी त्यसका लागि आवश्यक कानूनी आधार तयार गर्ने प्रयास गरेको थिएँ। बचतकर्ताहरूमध्ये पनि साना



बचतकर्ता, वृद्द, रोगी, असाहाय र एकल महिलालाई प्राथमिकता दिई बचत फिर्ता गराउने प्रयास गरें तर सोचे जस्तो सन्तोषजनक प्रगति हाँसिल गर्न नसकेको स्वीकार गर्छु। सहकारी संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र निर्माणको मुख्य आधार हो, तसर्थ भविष्यमा यसलाई थप व्यवस्थित र मर्यादित बनाउनु पर्ने ठान्दछु। सम्मानित समितिले आफ्नो कुरा राख्ने अवसर प्रदान गर्नु भएकोमा माननीय सभापति लगायत सम्पूर्ण माननीयहरू प्रति आभार प्रकट गर्दछु र सहकारी समस्या समाधानका लागि आवश्यक परेको बेला जुनसुकै सहयोग र कर्तव्य निर्वाह गर्न प्रतिवद्धता जाहेर गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ८ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः नमराज घिमिरे
पदः पूर्वरजिष्ट्रार/सहसचिव
संस्थाः सहकारी विभाग/ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय
प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २६ गते बुधवार
समयः अपराह्न १:३० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहकारी हेर्ने तत्कालीन महाशाखा प्रमुख एवं पूर्वप्रदेश सहकारी रजिष्ट्रार बिक्रम प्रसाद पाण्डेयसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस् । परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस् ।

जवाफ १ मेरो नाम बिक्रम प्रसाद पाण्डेय हो, मेरो हजुरबुवाको नाम कृष्णप्रसाद पाण्डेय, बुवाको नाम हरीप्रसाद पाण्डेय र मेरो परिवारमा आमा तोयाकुमारी पाण्डेय, श्रीमती जमुनादेवी पाण्डे र छोरा बिक्रान्त पाण्डेय हुनुहुन्छ । हाल सपरिवार ललितपुर महानगरपालिका वडा नम्बर ९ (ङ) मा बस्छौं ।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ, सोधिएका प्रश्नको उत्तर दिन सक्छु ।

सवाल ३ तपाईं कुनै सहकारी संस्थाको सदस्य वा सञ्चालक हुनुहुन्छ / हुनुहुन्थ्यो ?

जवाफ ३ म कुनै पनि सहकारी संस्थाको सदस्य वा सञ्चालक थिइन/छैन ।

सवाल ४ तपाईं निजामती सेवामा रहँदा हालसम्म कुन-कुन कार्यालयमा कार्यरत रहनुभयो ? खुलाइदिनुहोस् ।

जवाफ ४ म सुरुमा निजामती सेवामा २०५६ बैशाख २१ गते जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकमा नायव सुब्बा पदबाट सुरू भई हाल उपसचिव पदमा जिल्ला समन्वय समिति बाँकेमा कार्यरत छु। यसभन्दा अगाडि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह), महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, जिल्ला समन्वय समिति रोल्पा, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, हेटौंडा, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय, भूमि सुधार कार्यालय, काठमाडौं र सामान्य प्रशासन मन्त्रालय आदिमा कार्यरत रहेको थिएँ।

सवाल ५ तपाईं बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कार्यरत रहँदा तपाईंको कार्यविवरण र कार्यजिम्मेवारी के थियो ? खुलाइदिनुहोस् । सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस् ।

जवाफ ५ मलाई अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि भनी प्रशासन तथा सहकारी विकास महाशाखाको जिम्मेवारी तोकिएको थियो। छुट्टै TOR दिइएको थिएन। महाशाखामा जिम्मेवारी प्राप्त गरीसकेपछि महाशाखाले गर्नु पर्ने सबै काम गर्ने गरेको थिएँ।

सवाल ६ बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कार्यरत रहँदा दिइएको कार्यविवरण बमोजिम तपाईंले गर्नु भएका मुख्य-मुख्य कार्यहरू के के थिए ? खुलाइदिनुहोस। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस् ।

जवाफ ६ महाशाखाअन्तर्गत प्रशासनसँग सम्बन्धित कर्मचारीहरूको हाजिरी, बिदा, काज, सरूवा आदि र जिन्सीसँग सम्बन्धित माग फाराम स्वीकृत गर्ने मन्त्रालयलाई आवश्यक पर्ने कार्यालय सामानहरू खरिदमा सहयोग पुऱ्याउने मन्त्रालयअन्तर्गत कर्मचारीहरूको व्यवस्थापन गर्ने, सहकारीसँग सम्बन्धित प्रदेश सहकारी रजिष्ट्रारको हैसियतले गर्नुपर्ने सहकारी दर्ता, नियमन, उजुरी छानबिन, सहकारीको रेकर्ड व्यवस्थापन गर्ने गरेको थिएँ।

सवाल ७ तपाईं मन्त्रालयमा कार्यरत रहँदा तपाईंलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेजस्तो लाग्छ ?

जवाफ ७ मैले जाने बुझेसम्म प्रचलित कानूनको अधिनमा रही आफ्नो जिम्मेवारी कुशलतापूर्वक पूरा गरेको थिए।

सवाल ८ तपाईं मन्त्रालयमा कार्यरत रहदा सहकारी संस्थाको अनुगमन र नियमनलाई कत्तिको महत्वका साथ हेरिएको थियो ? तपाईंको कार्यकालमा कति सहकारी संस्थाको अनुगमन भएको थियो ?

जवाफ ८ म मन्त्रालयमा रहँदा सहकारी संस्थालाई अनुगमन र नियमन गर्नुपर्छ भन्ने कुरालाई महत्वको रूपमा लिइएको थियो। तर महाशाखामा जनशक्तिको अभावले सोचे अनुरूप अनुगमन र नियमन हुन सकेको थिएन। मेरो कार्यकालमा उजुरी र जनगुनासोहरू आएका संस्थाहरूको शाखामा भएका कर्मचारी र कानून अधिकृतमार्फत अनुगमन गर्ने गरिएको थियो।

सवाल ९ सहकारी संस्थामा आजको समस्या आउनुमा प्रमुख कारण नियमनकारी निकायबाट राम्रोसँग अनुगमन र नियमन नभएकोले हो भन्ने भनाइ स्वयं सञ्चालक र अन्यत्रबाट सुनिएको छ ? यसमा तपाईंको के भनाइ छ ?

जवाफ ९ सैद्धान्तिक रूपमा सहकारीहरू स्वनियमनमा सञ्चालन हुने, सदस्यहरूमार्फत सञ्चालन हुने, यसका मालिक पनि शेयर सदस्य र सेवाग्राही पनि शेयर सदस्य नै हुने भएकोले अनुगमन र नियमन भन्दा पनि स्वनियमनमा नै सञ्चालन हुनु पर्ने देखिन्छ। सहकारी संस्थाहरूमा समस्या आउनुमा विभिन्न कारणहरू मध्ये अनुगमन र नियमन पनि एक हो। नियमनकारी संस्थाले नियमित रूपमा अनुगमन गर्नका लागि पर्याप्त संस्थागत संयन्त्र, सोही अनुसारको दक्ष जनशक्ति र स्रोत साधनको आवश्यकता पर्दछ। तर संघीयताको आगमनसँगै ३८ वटा डिभिजन सहकारी कार्यालयहरू र

सोही अनुसारको जनशक्ति भएकोमा यसको सट्टामा केन्द्रमा सहकारी विभाग, ७ वटै प्रदेशमा सहकारी महाशाखाहरू/रजिष्ट्रारको कार्यालयहरू र प्रत्येक स्थानीय तहहरूमा सहकारी शाखाको रूपमा नियमनकारी निकायलाई विभक्त गरियो। तर पर्याप्त र दक्ष जनशक्ति नहुँदा, कर्मचारीको छिटो-छिटो सरूवा आदि कारणहरूले गर्दा अनुगमन र नियमन प्रभावकारी हुन सकेन।

सवाल १० अनुगमनको कार्यलाई नियमनकारी निकायबाट किन प्राथमिकतामा नराखिएको हो ? अनुगमन भएका केही सहकारी संस्थाहरूको कैफियत देखाइएता पनि तत्काल कारबाही गर्न किन नसकिएको हो ?

जवाफ १० नियमनकारी संस्थाले नियमित रूपमा अनुगमन गर्नका लागि पर्याप्त संस्थागत संयन्त्र, सोही अनुसारको दक्ष जनशक्ति र स्रोत साधनको आवश्यकता पर्दछ। सो प्राप्त हुन नसक्दा अनुगमन र नियमन कार्यलाई प्राथमिकतामा राख्दा राख्दै पनि राम्रो र प्रभावकारी नियमन हुन नसकेको हो। अनुगमन गर्दा देखाइएका कैफियतहरू सुधार्नका लागि सम्बन्धित संस्थाहरूलाई निश्चित समय तोकेर पठाइने तर उक्त कैफियत सुधार भयो, भएन भनी अनुगमन गर्ने बेलामा कर्मचारीको सरूवा भइसक्ने अवस्थाले गर्दा सबैको कारबाही नभएको र केहीको हकमा सम्बन्धित निकायमा कारबाहीका लागि पत्राचार गर्ने गरिएको थियो। जस्तैः सिभिल सहकारी लगायत केही संस्थाहरूलाई कारबाहीको लागि प्रहरी कार्यालयमा पत्राचार गरिएको थियो।

सवाल ११ तपाईं मन्त्रालयमा कार्यरत रहदा तपाईंको नेतृत्व र पहलमा भएका सुधारका मुख्य मुख्य कार्यहरू के के थिए ?

जवाफ ११ म महाशाखामा कार्यरत रहँदा निम्नानुसारका सुधारका कार्य गर्ने पहल गरेको थिए। सहकारी संघ संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ जारी गरिएको थियो। उजुरी र जनगुनासो प्राप्त संस्थाहरूमा कर्मचारीहरूमार्फत छानबिन गराइएको, प्रशिक्षणको कार्यलाई तिव्रता दिइएको, प्रदेशस्तरीय संघहरूलाई आ-आफ्ना संस्थाहरूमा नियमन गर्नलाई प्रोत्साहन गरिएको थियो।

सवाल १२ तपाईं प्रदेश सहकारी मन्त्रालयको सहकारी हेर्ने महाशाखा प्रमुख एवं प्रदेश सहकारी रजिष्ट्रारको जिम्मेवारीमा कार्यरत रहँदा के-कति सहकारी संस्थाको दर्ता गर्नुभएको थियो ? के-कति सहकारी संस्थालाई सदस्य सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभयो ? एउटै सहकारी संस्थालाई कतिसम्म सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभयो ? खुलाइदिनुहोस्।

जवाफ १२ म प्रदेश सहकारी मन्त्रालयको सहकारी हेर्ने महाशाखा प्रमुख एवं प्रदेश सहकारी रजिष्ट्रारको जिम्मेवारीमा करिब १८ महिना कार्यरत रहँदा करिब ३ सय ११ (विषयगत संघ, प्रारम्भिक संस्था, कृषि, स्वास्थ्य र पर्यटन आदि) दर्ता भएका थिए। संस्था दर्ता करिब ४/५ वर्ष अगाडिदेखि रोकिएको, संस्था दर्ता सम्बन्धी निकै चाप रहेको, समय हालको जस्तो नभएर संस्था

दर्ता गरी केही काम गर्न सकिन्छ भन्ने मनोभावना रहेको, निर्देशनात्मक हिसाबमा माननीय मन्त्रीज्यु, श्रीमान् सचिवज्यू लायतको निर्देशनमा कार्य गर्नु पर्ने अवस्था, प्रक्रिया पुगेर नियमसंगत आएका कामहरू गर्नुपर्छ भन्ने मनोभावना एकातिर थियो भने अर्कोतर्फ दर्ताको निश्चित प्रक्रिया रहेको, सुरूवातमा कार्यालयमा दर्ता गर्ने सहकारीका फाइलहरू प्राप्त हुने सोको सम्बन्धित शाखाको कर्मचारीले रूजु गर्ने र नाम भिडाउने, सोही अनुसार रूजु र नाम यकिन भईसकेपछि पुनः शाखामा पेस हुने त्यसपछि दर्ता प्रक्रिया सुरू हुने गर्दछ। त्यसपछि सम्बन्धित शाखाका कर्मचारीहरूले फाइल भेरिफाई गर्ने र समय मिलाएर कर्मचारीहरूले दर्ता हुने संस्थाको पूर्वसहकारी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, प्रशिक्षण समाप्त भए पश्चात सम्बन्धित शाखाबाट टिप्पणी उठाई विभिन्न शाखा हुँदै रजिष्ट्रार समक्ष फाइल प्राप्त हुने र रजिष्ट्रारले स्वीकृति दिएपछि मात्र दर्ता हुने गर्दछ। यसरी सम्पूर्ण प्रक्रिया पुगिसकेपछि संस्था दर्ता गर्नु पर्ने कानूनी व्यवस्था र अभ्यास रहेको छ। तत्कालीन समयमा संस्था दर्ता गर्न कति प्रेसर थियो भन्ने हिजोमात्र यस सम्मानित समितिमा छलफल हुँदा म भन्दा पछाडिका रजिष्ट्रारले २ महिनामा करिब ६०/६५ वटा संस्था दर्ता भए भनी जानकारी गराउनु भएको जानकारीले पुष्टि गर्छ।

सेवाकेन्द्रको हकमा प्रचलित सहकारी ऐन, नियमावली र मापदण्डको प्रक्रिया पूरा गरेर स्वीकृति लिन आएका संस्थाहरूलाई सोही मापदण्डको आधारमा स्वीकृति दिइएको थियो। एउटै सहकारी संस्थालाई मापदण्डले तोकिएको भन्दाबाहिर गएर सेवाकेन्द्रको विस्तारमा स्वीकृति दिइएको थिएन।

सवाल १३ सहकारी संस्था दर्ता र सदस्य सेवाकेन्द्र विस्तारको निर्णय अर्नुअघि मुख्य निर्धारक के कुरामा बिचार गर्ने गर्नु हुन्थ्यो ? खुलाइदिनुहोस्।

जवाफ १३ सहकारी ऐन, नियमावली, सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ ले तोकेका प्रक्रियाहरू अपनाएर सहकारी संस्था दर्ता र सदस्य सेवाकेन्द्र विस्तारको निर्णय गरिएको थियो।

सवाल १४ मन्त्रालयमा जाने रजिष्ट्रारहरूको सरूवा छिटो छिटो हुनुको मुख्य कारण के हो जस्तो तपाईलाइ लाग्दछ ? यसरी रजिष्ट्रारहरू सरूवा भैरहने कार्यले संस्थागत स्मरणमा के असर पर्नसक्ला ?

जवाफ १४ मन्त्रालयमा जाने रजिष्ट्रारहरूको सरूवा छिटो-छिटो हुनुको मुख्य कारण सरुवागर्ने अधिकार प्राप्त अधिकारीलाई थाहा, जानकारी होला। रजिष्ट्रारहरूको छिटो-छिटो सरूवा भईरहने कार्यले थालनी गरिएका सुधारका कार्यहरू बीचैमा रोकिने, बुझ्दै गरेको कर्मचारीले नयाँ सुधारका कार्यहरू गर्न खोज्दा खोज्दै सरूवा हुँदा सुधारका प्रक्रियाहरू ओझेलमा पर्ने र संस्थागत स्मरणमा नकरात्मक असर पुऱ्याउने देखिन्छ।

सवाल १५ विद्यमान अवस्थामा देखिएको सहकारीका समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका सुझावहहरू के छन् ?

जवाफ १५ हालको अवस्थामा सहकारीमा देखिएका समस्याहरू समाधान गर्न निम्नानुसारको कार्यहरू गर्न सकिएको खण्डमा सुधार हुन सक्ने देखिन्छ।

१) विद्यमान ऐन, नियम, मापदण्डहरूको पूर्णरूपमा पालना गर्ने/गराउने, ऐन नियमले तोकेको एक जना व्यक्तिले कति सम्म रकम जम्मा गर्ने कति सम्म रकम ऋण लिन सकिने, गैरसदस्यसँग कारोबार गर्न नहुने, तीन महिना नपुगेसम्म ऋण लगानी गर्न नहुने, वित्तीय लगानीलाई पारदर्शी र उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्ने, लेखा सुपरिवेक्षण समितिलाई प्रभावकारी बनाउनु पर्ने, आदि व्यवस्था भएता पनि यो कार्यान्वयन गर्न/गराउन नसकिएकाले हालको समस्या देखिएको हो। सो पूर्णरूपमा पालना गर्ने गराउने,

२) यस्तो प्रणालीको विकास गर्नुपर्यो जसले गर्दा सबै सहकारीहरूको विवरण नियमन निकायले एकै पटक हेर्न सकिने प्रणाली विकास गर्ने,

३) सहकारी संस्थाहरू वित्तीय कारोबार गर्ने निकाय भएको हुँदा छुट्टै संयन्त्र बनाएर नियमन गर्नु पर्ने,

४) सहकारी ऐन, नियम, मापदण्डहरूको समयानुकूल परिमार्जन गर्नुपर्ने देखिन्छ, जस्तैः १ अर्ब भन्दा बढी कारोबार गर्ने संस्थाहरूको रकम हिनामिनामा बढीमा १० वर्षसम्म कैदको व्यवस्था भएता पनि ४ वर्षमात्र कारागार बसेर उन्मुक्ति पाएको देखिन्छ। यसले गर्दा व्यक्ति सुधारीने भन्दा पनि हिनामिनालाई प्रोत्साहन गर्ने देखियो यसलाई समयानुकूल बनाउनु पर्ने,

५) नियमनकारी निकायको क्षमता अभिवृद्धि/दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्ने,

६) सहकारी महासंघ/संघहरूलाई प्रारम्भिक संस्था सुधारमा सक्रिय बनाउनु पर्ने,

७) सहकारी संस्थाहरूलाई उद्यमशीलतामा लैजानुपर्ने - हाल सहकारी संस्थाहरूले रकम सङ्कलन गर्ने र सङ्कलित रकमको ऋण लगानी गर्ने मात्र गर्ने गरेका छन्। सोको सट्टा सदस्यहरूलाई उद्यमी बनाएर, विभिन्न किसिमका साना तथा मझौला उद्योग/व्यवसायमा लगानी गरी सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउनु पर्ने,।

८) सहकारी सञ्चालक र कर्मचारीहरूलाई सहकारीसम्बन्धी तालिम/प्रशिक्षण दिई उनीहरूको दक्षता वृद्धि गर्नुपर्ने,

९) कर्जा सूचना केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्ने।

सवाल १६ अन्त्यमा, तपाईंको भन्नु केही छ?

जवाफ १६ अन्त्यमा, उपर्युक्त कुराहरूका अतिरिक्त विश्वव्यापी रूपमा फैलिएको कोरोनाको प्रभाव र आर्थिक मन्दीको कारणले घरजग्गामा गरेको लगानी समयमा नै फिर्ता हुन सकेन, सदस्यहरूमा गरेको ऋण प्रवाह यसै कारणले सदस्यहरूले फिर्ता गर्न सकेनन्, सहकारी संस्थाहरूको नकरात्मक प्रचार-प्रसार बढी गरियो जसले गर्दा सदस्यहरू एकै समयमा रकम फिर्ता मागको चाप बढ्यो, संस्थाले रकम फिर्ता गर्न सकेनन् र समस्याहरू बढ्दै गए। आर्थिक अवस्था नसुधिएसम्म सहकारीका समस्याहरू पनि रहि रहने देखिन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः विक्रम प्रसाद पाण्डेय

पदः बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय पूर्वरजिष्ट्रार/ जिल्ला समन्वय अधिकारी

संस्थाः बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/ जिल्ला समन्वय समिति, बाँके।

<u>प्रमाणित गर्ने</u>

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २६ गते बुधबार
समयः अपराह्न ३:४० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहकारी हेर्ने तत्कालीन महाशाखा प्रमुख एवं पूर्व प्रदेश सहकारी रजिष्ट्रार नारायण प्रसाद ज्ञवालीसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम नारायण प्रसाद ज्ञवाली हो, मेरो बाजेको नाम जीवलाल ज्ञवाली, बुवा बोधराज ज्ञवाली, आमा लक्ष्मी ज्ञवाली, श्रीमती मिना कुमारी शर्मा, छोराहरू सुजित ज्ञवाली, सुशील ज्ञवाली, निमेश ज्ञवाली र छोरी तिल कुमारी ज्ञवाली हो। मेरो स्थायी ठेगाना सत्यवती गाउँपालिका वडा नं. ४, गुल्मी हो। हाल जिल्ला काठमाडौं, किर्तिपुर नगरपालिका वडा नं. २ मैत्रीनगरमा बस्छौं।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ, सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं कुनै सहकारी संस्थाको सदस्य वा सञ्चालक हुनुहुन्छ / हुनुहुन्थ्यो ?

जवाफ ३ म कुनै पनि सहकारी संस्थाको सदस्य वा सञ्चालक थिइन/छैन।

सवाल ४ तपाईं निजामती सेवामा रहँदा हालसम्म कुन-कुन कार्यालयमा कार्यरत रहनुभयो ? खुलाइदिनुहोस्।

जवाफ ४ सेवाको सुरूवात कृषि विकास कार्यालय डडेलधुरा, उपसचिवपश्चात् केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, नयाँबानेश्वर, सहकारी विभाग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बुटवल, स्थानीय पूर्वाधार विभाग, पुलचोक र प्रदेश सहकारी मन्त्रालय बागमती आदिमा कार्यरत थिएँ। हाल सेवानिवृत्त हुँ।

सवाल ५ तपाईं बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहँदा तपाईको कार्य विवरण र कार्य जिम्मेवारी के थियो ? खुलाइदिनुहोस्। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ५ मलाई अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि भनी प्रशासन तथा सहकारी विकास महाशाखाको जिम्मेवारी तोकिएको पत्र दिईएको थियो। महाशाखामा जिम्मेवारी प्राप्त गरीसकेपछि महाशाखाले गर्नु पर्ने काम सबै गर्ने गरेको थिएँ।

सवाल ६ बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कार्यरत रहँदा दिइएको कार्यविवरण बमोजिम तपाईंले गर्नु भएका मुख्य-मुख्य कार्यहरू के-के थिए ? खुलाइदिनुहोस। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ६ प्रशासनिक, सहकारी नियमन र प्रशिक्षण सम्बन्धी कामहरू गरेको थिएँ।

सवाल ७ तपाई मन्त्रालयमा कार्यरत रहँदा तपाईलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेजस्तो लाग्छ ?

जवाफ ७ मैले जाने बुझेसम्म प्रचलित कानूनको अधिनमा रही आफ्नो जिम्मेवारी कुशलतापूर्वक पूरा गरेको थिएँ।

सवाल ८ तपाई मन्त्रालयमा कार्यरत रहदा सहकारी संस्थाको अनुगमन र नियमनलाई कत्तिको महत्वका साथ हेरिएको थियो ? तपाईको कार्यकालमा कति सहकारी संस्थाको अनुगमन भएको थियो ?

जवाफ ८ म मन्त्रालयमा कार्यरत रहँदा सहकारी संस्थाको अनुगमनलाई महत्वका साथ हेरिएको थियो। तर जनशक्तिको अभावको कारणले कुनै पनि सहकारी संस्थाको अनुगमन हुन सकेन। २ जना अधिकृत छैटौं र १ जना अधिकृत सातौं गरी जम्मा ४ जना कर्मचारी मात्र थियौं।

सवाल ९ सहकारी संस्थामा आजको समस्या आउनुमा प्रमुख कारण नियमनकारी निकायबाट राम्रोसँग अनुगमन र नियमन नभएकोले हो भन्ने भनाइ स्वयं सञ्चालक र अन्यत्रबाट सुनिएको छ ? यसमा तपाईको के भनाइ छ ?

जवाफ ९ समस्या आउनुको प्रमुख कारण अनुगमन र नियमन भन्दा पनि स्वनियमन हुन नसक्नु हो। स्वनियमनको अभावमा अनुगमन र नियमन आवश्यक थियो। तर त्यो पनि प्रभावकारी हुन नसक्दा समस्या देखिएको हो।

सवाल १० अनुगमनको कार्यलाई नियमनकारी निकायबाट किन प्राथमिकतामा नराखिएकों हो ? अनुगमन भएका केही सहकारी संस्थाहरूको कैफियत देखाइएता पनि तत्काल कारवाही गर्न किन नसकिएको हो ?

जवाफ १० स्रोत साधन र पर्याप्त जनशक्तिको अभावले गर्दा अनुगमन कार्य प्राथमिकतामा परेता पनि हुन सकेन।

सवाल ११ तपाई मन्त्रालयमा कार्यरत रहँदा तपाईको नेतृत्व र पहलमा भएका सुधारका मुख्य-मुख्य कार्यहरू के-के थिए ?

जवाफ ११ १) सहकारी संस्था दर्ता प्रक्रियालाई व्यवस्थित गर्नका लागि तत्काल दर्ता प्रक्रिया स्थगन गरी प्रदेश सहकारी नियमावलीको मस्यौदा तयार गरी मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको,

२) कार्यालयबाट अनुगमन हुन नसकेको कारणले जिल्लास्तरमा सम्बन्धित जिल्ला सहकारी संघको अध्यक्षको संयोजकत्वमा अन्य विषयगत संघका अध्यक्षहरू सदस्य रहने गरी जिल्लास्तरीय अनुगमन समिति गठन गरी तत्-तत् जिल्लाका सहकारी संस्थाहरूको

अनुगमन गर्नका लागि कार्यविधि तयार गरी पारित भई कार्यान्वयनको सुरूवात गरिएको,

३) बागमती प्रदेशका ११९ वटा स्थानीय तहका सहकारी हेर्ने सहकारी शाखा प्रमुखहरूलाई ९ दिन अवधिको प्रशिक्षण कार्यक्रम तयार गरी सोही बमोजिमको तालिम प्रशिक्षण सुरूवात गरेको।

सवाल १२ तपाई प्रदेश सहकारी मन्त्रालयको सहकारी हेर्ने महाशाखा प्रमुख एवं प्रदेश सहकारी रजिष्ट्रारको जिम्मेवारीमा कार्यरत रहँदा के-कति सहकारी संस्थाको दर्ता गर्नुभएको थियो ? के-कति सहकारी संस्थालाई सदस्य सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभयो ? एउटै सहकारी संस्थालाई कतिसम्म सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभयो ? खुलाइदिनुहोस्।

जवाफ १२ सहकारी संस्था दर्ता ५९ वटा, सेवाकेन्द्र स्वीकृति यकिन हुन सकेन, एउटै सहकारी संस्थालाई सेवाकेन्द्रको स्वीकृति दिएको संख्या यकिन भएन। नियमावलीको व्यवस्था बमोजिम दिने गरिएको थियो।

सवाल १३ सहकारी संस्था दर्ता र सदस्य सेवाकेन्द्र बिस्तारको निर्णय अर्नुअघि मुख्य निर्धारक के कुरामा बिचार गर्ने गर्नु हुन्थ्यो ? खुलाइदिनुहोस्।

जवाफ १३ सहकारी ऐन, नियमावली, मापदण्ड र कार्यविधिमा व्यवस्था भएअनुसार सहकारी संस्था दर्ता र सदस्य सेवाकेन्द्र बिस्तारको निर्णय गरिएको थियो।

सवाल १४ मन्त्रालयमा जाने रजिष्ट्रारहरूको सरूवा छिटो-छिटो हुनुको मुख्य कारण के हो जस्तो तपाईलाई लाग्दछ ? यसरी रजिष्ट्रारहरू सरूवा भैरहने कार्यले संस्थागत स्मरणमा के असर पर्नसक्ला ?

जवाफ १४ मन्त्रालयमा जाने रजिष्ट्रारहरूको सरूवा छिटो-छिटो हुनुको मुख्य कारण कार्य वातावरण प्रतिकुलता हुन सक्छ। सुरूवात भएका कार्यक्रमहरूलाई सुव्यवस्थित ढङ्गले सम्पादन एवं सम्पन्न गर्न बाधा पुग्ने देखिन्छ।

सवाल १५. विद्यमान अवस्थामा देखिएका सहकारीका समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका सुझावहहरू के छन् ?

जवाफ १५ विद्यमान अवस्थामा देखिएका सहकारीका समस्या समाधान गर्न निम्नानुसारका कार्यहरू गर्न सकिएको खण्डमा सुधार हुन सक्ने देखिन्छ:

१) संस्था दर्तालाई पूर्णत समुदायमा आधारित बनाउने,

२) अनुगमनलाई प्रभावकारी बनाउने,

३) प्रशिक्षण कार्यलाई व्यापक बनाउने,

४) सहकारीका सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी र सदस्यहरूलाई अनिवार्य रूपमा १५ दिने सहकारी दर्शन, कानून, सहकारी व्यवस्थापन, वित्तीय मापदण्ड, सम्बन्धी विषयवस्तु समावेश भएको तालिम प्रशिक्षण दिने नीतिगत व्यवस्था हुनु पर्ने,

५) उपयुक्त संरचनागत व्यवस्था हुनुपर्ने,

६) समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको क्षमता बिस्तार गर्नुपर्ने, आवश्यकता

अनुसार जनशक्ति जस्तैः IT Expert, कानूनविज्ञ, वित्तीय विश्लेषकको पर्यास व्यवस्था हुनु पर्ने,

७) नेपाल राष्ट्र बैंकमा रहेको कर्जा सूचना केन्द्रको क्षमता विस्तार गरी सहकारीलाई समेत आबद्ध गराउने,

८) ऋण असुली न्यायाधिकरणको तत्काल स्थापना गर्ने व्यवस्था गर्नु पर्ने,

९) बचत सुरक्षण कोषको व्यवस्थापन गर्नु पर्ने,

१०) संघ प्रदेश र स्थानीय तहबीच समन्वय हुनु पर्ने,

११) अभिलेख व्यवस्थापन गर्नु पर्ने,

- ४०% बचत तथा ऋण सहकारी संघ संस्था, ५६% महिला सहभागिता
- दुध, कफि, चिया, मह, जडिबुटिजस्ता वस्तु विशेषका सहकारी संस्थाहरु अभियान कै स्तरमा गठन भैरहेका देखिन्छन्।
- बचत ऋण सहकारी संस्थाहरुमार्फत ग्रामिण क्षेत्रमा बचत क्रान्ति नै आएको छ।
- सहकारी संस्थाहरुमार्फत वित्तिय साक्षरतामा योगदान भएको छ।
- खेतीपातीमा आश्रीत नेपाली ग्रामिण जनजिवनमा समेत सहकारीको प्रभाव देखिन थालेको थियो।
- साना, मझौलामात्र नभै केहि ठूला उद्यम व्यवसायमा पनि सहकारीको योगदान महत्वपूर्ण रहेको छ।
- बैंकिङ सेवाको पहुँच नहुनेका लागि वित्तिय सहकारी वरदान साबित भएको छ।
- कूल गार्हस्थ उत्पादनको १२% हिस्सा सहकारीको रहेको छ।
- रिटेल मार्केटको आर्थिक गतिविधि आधार वित्तिय सहकारी

नेपालको सहकारी आन्दोलनको दु:ख (विकासमा वाधा अवरोध)

- विचौलिया, नाफाखोरी, व्यापारी, मध्यस्थ वर्गको व्यापक संलग्नता रहनु
- श्रमिक, उत्पादक, बजारीकरण र उपभोक्ता सहकारीहरुको उपस्थिति शुन्यप्राय हुनु
- सहकारी नियमन, प्रवर्धन र प्रशिक्षणका लागि पर्याप्त दक्ष जनशक्ति र पूर्वाधार नहुनु
- वित्तिय कारोवारको भरथेग गर्न, बचत तथा कर्जा सुरक्षणका निकाय र पूर्वाधार नहुनु
- वित्तिय र गैरवित्तिय सहकारी छुट्याउन सकस हुनु
- गैरवित्तिय क्षेत्रमा सहकारीको उपस्थिति प्रभावकारी नहुनु
- एउटा मात्र सहकारी बैंक हुनु त्यसमाथी ब्रान्चिङ सिष्टममा हुनु
- सहकारी चिन्तन मनन्, शिक्षण प्रशिक्षण, ज्ञान, शिप, क्षमता विकास गर्ने उपयुक्त प्रवन्ध नहुनु
- सहकारी आदर्श (तरिका) र अभ्यासमा फराकीलो अन्तर देखिनु
- संघियता कार्यान्वयन सँगै सहकारी अभियानको संरचनागत सुधार नहुनु
- सहकारी संस्थाहरुको प्रवर्द्धनका लागि खोलिएका सबै संघहरु (जिल्ला, प्रदेश, केन्द्र) मा चरम राजनीतिकरण हुनु
- विद्यमान सहकारी ऐनमा भएका सहकारीका प्रवर्द्धनात्मक व्यवस्थाहरु कार्यान्वयन नहुनु
- अर्थतन्त्रमा सहकारीको योगदानको यकिन तथ्यांक नहुनु
- सहकारी आन्दोलनको नेतृत्वमा रहेकाहरुले वास्तविक सहकारी नबुझ्नु, वास्तविक सहकारी आन्दोलन हाक्न नसक्नु
- द्वैध सदस्यता, द्वैध कारोबार र गैरसहकारीकर्मीको (गैरसदस्यको) बाहुल्यता

- सहकारी नियमन: असंगत अभ्यास
- सहकारीले उत्पादनमा, प्रशोधनमा, वितरण र बजारीकरणमा प्रतिस्पर्धा गर्न नसक्नु
- सहकारीलाई हेर्ने दृष्टिकोण (सरकार, अभियान र सदस्य) मा फरक देखिनु
- सहकारी संघ संस्था प्रवर्धन गर्न स्थापित जिल्लास्तरिय, प्रदेशस्तरिय, सहकारी बैंक, केन्द्रीयसंघहरु र महासंघ समेतले आफ्नो वास्तविक भूमिका निर्वाह नगर्नु, नसक्नु ।

सहकारी आन्दोलनबाट प्रत्यक्ष र बढी लाभान्वीत हुने बर्ग भनेको भूमिहिन किसान, पिछडिएका जात जाति, पूँजी नभएका बर्ग, गरिब सिमान्तकृत बर्ग, कालीगड एवं सिमित साधन स्रोत भएका मानिस समूहहरु हुन् र यि बर्गको उत्थान अर्थात आर्थिक, सामाजिक, साँस्कृतिक उन्नति सहकारी आन्दोलनबाट नै सम्भव भएको हुँदा सहकारी आन्दोलनको यथोचित विकास अनिवार्य शर्त हो ।

सरकारले तत्काल गर्नुपर्ने कामहरु

- उल्लेखित तथ्य र तथ्यांङ्कलाई हेर्दा नेपालको अर्थतन्त्रको एक हिस्सा सहकारी आन्दोलन रहेको र करिब ३०% नेपाली जनता सहकारी आन्दोलनमा प्रत्यक्ष संलग्न रहेको अवस्थालाई गम्भीर रुपमा लिई सहकारी आन्दोलनलाई सकारात्मक गन्तव्यमा पुऱ्याउन सरकार गम्भीर हुनै पर्ने देखिएको छ ।
- सर्व प्रथम कतिपय सहकारी संस्थाहरुमा सर्वसाधारण जनताले जम्मा गरेको रकम समयमा फिर्ता भुक्तानी नपाएको, सहकारी संचालकहरुले ऐन नियम बिपरित रकम विभिन्न क्षेत्रमा लगानी गरेको, व्यक्तिगत फाईदा हुने गरी अपचलन गरेको देखिन आएको हुँदा सहकारी ऐन २०७४ मा व्यवस्था भए अनुसार त्यस्ता अनुचित कार्यमा संलग्न जोसुकैलाई अविलम्ब कारवाहीको दायरामा ल्याई आवश्यक कारबाही गर्न सरकार तयार हुनुपर्छ ।
- सरकारले सर्वसाधारण जनताले समस्यामा परेका सहकारी संस्थामा जम्मा गरेको बचत निक्षेप रकमको सुरक्षाको तत्काल प्रत्याभूति दिलाउनु पर्दछ ।
- सरकारले ऋण लिई समयमा नतिर्ने सदस्य, अपचलन, हिनामिनामा संलग्न संचालक कर्मचारीहरुको चल अचल सम्पत्ति रोक्का गरी बचत निक्षेप रकम फिर्ताको ग्यारेन्टी गर्न सक्नु पर्दछ ।
- सरकारले बचत निक्षेप फिर्ता गर्न नसकेका सहकारी संस्थाका बचत निक्षेप जम्मा गर्ने सदस्यहरुको रकम यकिन गरी सो रकम सरकारी कोषमार्फत तत्काल फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्दछ । र सो कोषमा खर्चहुन गएको रकम ऋण नतिर्ने सदस्यहरुबाट ऋण असूल गर्ने, अपचलन हिनामिनामा संलग्न संचालक, कर्मचारीहरुको चल अचल सम्पत्ति बेचविखन गरी सोधभर्ना हुने व्यवस्था मिलाउनु पर्छ ।
- सरकारले सहकारी आन्दोलनको विकास, प्रर्वधन, सुशासनका खातिर सहकारी ऐनमा व्यवस्था गरिएको कर्जा तथा बचत सुरक्षण कोष, आपसी विमा (म्युचुअल इन्सुरेन्स) ऋण असुली न्यायाधिकरण, कर्जा सुचना केन्द्र, सहकारी प्रवर्धन कोष, स्थीरिकरण कोषको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।
- न्युन आय भएका, धेरैजसो तल्लो तहका सिमान्तकृत नेपाली जनताहरुको प्रत्यक्ष संलग्नता रहेको सहकारी क्षेत्रमा देखिएको वित्तिय अराजकताले मुलुककै समग्र वित्तिय क्षेत्रमा असर पर्ने देखिएकाले सहकारी आन्दोलनको यथोचित नियमन, विकास, प्रर्वधन गर्न समय सापेक्ष सहकारी ऐन नियमको संसोधन एवं परिमार्जन गर्नुपर्दछ ।

- सरकारले उत्पादनमुलक, बजारीकरण एवं प्रसोधन गर्ने मुल्य अभिवृद्धिमा र सेवा क्षेत्रमा काम गर्ने सहकारी संघ संस्थाहरुको प्रवर्धन र विकास सम्बन्धी ठोस कार्यक्रमहरु लागु गर्नुपर्दछ।
- समस्याग्रस्थ नभएका सहकारी संस्थाहरुसंग सदस्यहरुले आस्वस्त भई कारोबार गर्ने वातावरण सिर्जना गर्न सरकारले विभिन्न चेतनामुलक, जानकारीमुलक, शिक्षामुलक कार्यक्रम गर्नुपर्दछ।

कूल गार्हस्थ उत्पादनको १२% कूल वित्तिय प्रणालीको २०%, ५६% महिलाको प्रत्यक्ष सहभागिता, प्रत्यक्ष अप्रत्यक्ष लाखौ रोजगारी प्रदान गरेको सहकारी क्षेत्रको सुधारबाट नै मुलुकको अर्थतन्त्र सुधार हुने देखिएको हुँदा सरकारले सहकारी क्षेत्र सुधारका लागि निम्न लिखित ८ वटा समस्याहरुलाई यथासक्य सम्बोधन गर्नु श्रेयस्कर हुन्छ।

नेपालको सहकारी आन्दोलनका समस्या, कारण र समाधानका उपायहरु

समस्या नं. १: तरलता समस्या (बचत फिर्ताको समस्या)

- ३१४५० सहकारीहरु मध्ये थोरैमा समस्या (बचत फिर्ता गर्न नसक्ने)
- संख्या थोरै तर बचत फिर्ता गर्न नसक्ने संस्थाहरु मुलतः सहर केन्द्रीत ठूलो कारोबार भएका
- कूल निक्षेपको करिब २०% रकम समस्यामा (४७७ अर्ब को २०%) रहेको आँकलन
- हजारौं लाखौ जनताहरु प्रभावित

यो समस्याको कारणहरु

- कोरोना महामारी एवं आर्थिक मन्दीको असरका कारण सहकारीमा मात्र नभै अन्य क्षेत्रमा पनि समस्या देखिनु, रहनु
- वित्तिय कारोबार गर्ने सहकारीमा ऋण असुलीको समस्या (खराब ऋणमा वृद्धि)
- अफवाह, हल्लाका कारण सदस्यले बचत जम्मा नगर्नु, सहकारीको साख गिर्नु, ऋण लगानी चक्र रोकिनु, सर्वसाधारण जनताले पाईरहेको वित्तिय सेवा नपाउनु।
- व्याजदरमा आएको व्यापक परिवर्तन (सन्दर्भ व्याजदरको विद्यमान व्यवस्था) सहकारीको बचत बैंकमा सर्नु, तरलता समस्या देखिनु र बदनाम हुनु।
- सहकारी भित्रको कुशासन, वित्तिय सहकारीको गैरवित्तिय लगानी (घर जग्गा, अस्पताल, स्कूल कलेज हाईड्रो पावर, सपिङ मल .... आदि)
- सम्पत्ति र दायित्वबीच सन्तुलन नदेखिनु
- प्रभावकारी नियमन, प्रवर्धन र प्रशिक्षण नहुनु।

समाधान

- तरलता व्यवस्थापनका लागि मौद्रिक उपकरण औजारहरुको व्यवस्था गर्ने निकायको कानुनी व्यवस्था र सोही बमोजिम पुर्वाधारको तत्काल व्यवस्था गर्नुपर्ने
- त्यस्ता निकायहरु मार्फत बचत निक्षेपको निश्चित प्रतिशत संकलन गर्ने र तरलता उपलब्ध गराउने
- स्थिरिकरण कोषको प्रभावकारी कार्यान्वयन (वित्तिय कारोबार गर्ने बहुउद्देश्यीय, कृषि, ... मा के गर्ने)
- सन्दर्भ व्याजदरको विद्यमान व्यवस्था परिमार्जन (मार्केट रेट वा बेस रेटको आधार) गर्ने
- सहकारीका संघहरुले र सम्बन्धीत सरकारी निकायहरुले प्रभावकारी ऋण असूली र जोखिम व्यवस्था गर्न सघाउने

- सदस्यहरुको सहकारीप्रति विश्वाश बढाउने कार्यक्रम र वातावरण निर्माण गर्ने
- समस्याग्रस्त घोषणा भैसकेका सहकारीहरुमा भएको सर्वसाधारण जनताको पैसा तत्काल फिर्ता गर्नुपर्ने
- ऋण लगानी चक्रमा सुधार गर्नका लागि सरकारले सहुलियत ऋण उपलब्ध गराउनुपर्ने
- वित्तिय कारोबार गर्ने गैरवित्तिय (गैरबैकिंङ) सम्पत्तिको बेचविखन व्यवस्थापन गर्ने व्यवस्था मिलाउनुपर्ने

समस्या नं. २: सहकारी ऐन नियमको कार्यान्वयनमा समस्या

- सहकारी ऐनमा भएको जगेडा कोष र संरक्षित पुँजी फिर्ताकोष सम्बन्धि कानुनी व्यवस्थाको कार्यान्वयन नहुनु
- आयकर, अन्य कर, बार्षिक बजेट र ऐनमा भएको व्यवस्था नमिल्नु, मिलाउने प्रयास नगर्नु
- बचत ऋण सुरक्षण कोष स्थापना र सहकारी प्रवर्धन कोषको उपयोग नहुनु
- ऋणको बर्गिकरण र जोखिम व्यवस्था प्रभावकारी नहुनु
- सहकारी ऐनले व्यवस्था गरेको, आपसी विमा, कर्जा सुचना केन्द्र र ऋण असुली न्यायाधिकरण स्थापना गर्न नसक्नु
- समस्याग्रस्त घोषणा पूर्व गर्नुपर्ने व्यवस्थापन नगरिनु
- संघिय संरचनाको कार्यान्वयन (स्थानीय तह, प्रदेश तह, केन्द्रीय तह) नहुनु

कारण

- सहकारीलाई राज्यले हेर्ने दृष्टिकोण: हेपाहा, दोस्रो दर्जा, सरकारले नै सहकारी प्रति नै अविश्वाश गरेको देखिनु
- संघिय, प्रदेश एवं स्थानीय सरकारको प्राथमिकतामा सहकारी नपर्नु ।
- सहकारीको योगदानको यकिन तथ्यांक नहुनु, सहकारी सम्बन्धी अध्ययन अनुसन्धान शुन्यप्राय:
- सरकारसँग बजेट नहुनु (बार्षिक बजेटमा सहकारी सम्बन्धि नारा मात्र हुनु) बजेट विनाको कार्यक्रम
- नियमनकारी निकायले सहकारी नियमनको अर्थ प्रवर्धन र प्रशिक्षण हो भनेर नबुझनु
- सरकार, जनता, सहकारीकर्मी सबैमा सहकारी सम्बन्धी ज्ञानको कमी
- सहकारीका महासंघ, केन्द्रीय संघ, प्रदेश, जिल्लासंघहरुको अकर्मण्यता (राजनीतिक प्रभाव) सरकारको मुख ताक्ने प्रवृत्ति

समाधान

- सहकारी आन्दोलन भित्रको एकता
- वास्तविक सहकारी आन्दोलन अघि बढाउन राजनीतिक दलहरुको प्रतिवद्धता
- सहकारी ऐन नियमको समय सापेक्ष संसोधन र कार्यान्वयन
- तीनै तहमा सहकारी शिक्षाको उचित प्रवर्धन
- तीनै तहमा सहकारी नियमन, प्रवर्धन र प्रशिक्षणका लागि पूर्वाधारको विकास
- सहकारी नियमनका लागि सहकारी विभागलाई नै जिम्मेवार बनाउनु पर्ने
- पार्टिगत राजनीति मुक्त सहकारीका संघहरु
- सहकारी ऐनको व्यवस्था, सरकारको वित्त नीति, मौद्रीक नीति र नीति कार्यक्रमबीच तादम्यता
- तिनै तहका सरकारको बार्षिक कार्यक्रम भित्रका सहकारी सम्बन्धी कार्यक्रमको स्रोत व्यवस्था
- कम्तिमा संस्थागत पूँजी (जगेडाकोष) कूल सम्पत्तिको १०% नहुँदासम्म आयकर छुट व्यवस्था

- सबै सहकारी संघसंस्थामा संरक्षित पूँजीकोष प्रभावकारी वितरणको अनिवार्य व्यवस्था

समस्या नं. ३: समस्याग्रस्त सहकारी घोषणा र व्यवस्थापनमा समस्या

- तरलता समस्यालाई आधार मानेर समस्याग्रस्त घोषणा हुनु
- यसअघि समस्याग्रस्त भएका सहकारीहरुको हिसाब राफसाफ हुन नसक्नु
- सम्पत्ति र दायित्वको यकिन नगरी समस्याग्रस्त घोषणा हुनु
- सामान्य उजुरी वा सिमित सदस्यको उजूरीमा समस्याग्रस्त घोषणा हुनु

कारण

- तरलता क्राईसिस मुख्य कारण, तरलता वा अन्य मौद्रीक उपकरण उपलब्ध गराउने कुनै पनि निकाय नहुनु
- सदस्यहरुले आफ्नो सस्थालाई विश्वाश नगर्नु, संचालकले, कर्मचारीले, सदस्यले आफ्नो भूमिकामा रहेर काम नगर्नु
- आर्थिक मन्दीका कारण ऋण असूली न्युन हुनु, भाखा नाघेको ऋण बढ्दै जानु
- वित्तिय एव संचालन लागत बढ्दै जानु, नेटवर्थ ऋणात्मक हुनु, हुँदै जानु
- सम्पत्तिले दायित्व फिर्ता गर्न नसक्ने अवस्था सिर्जना हुँदै जानु
- आर्थिक मन्दी नराम्रो असर सहकारी क्षेत्रमा देखिनु, अफवाह, हल्ला आदि...
- सहकारी सञ्चालकहरुको आर्थिक अपचलन, हिनामिना, कुशासन..... आदि
- वित्तिय कारोबार गर्ने सहकारीको गैरवित्तिय क्षेत्र (अस्पताल, सपिङ मल, घर जग्गा, हाईड्रोपावर, कम्पनी .....) मा लगानी

समाधान

- सम्बन्धीत निकायले समस्याग्रस्त घोषणा गर्नुपुर्व सम्पत्ति र दायित्वको सन्तुलनका आधारमा व्यवस्थापन हातमा लिई संस्था संचालन गर्नुपर्ने।
- कुशासनमा, अपचलन, हिनामिनामा संलग्न संचालक, कर्मचारी, सदस्य र नियामक निकायलाई कारवाही गर्नुपर्ने।
- तत्कालै तरलता व्यवस्थापन कोष खडा गरी संस्था संचालनमा सहयोग गर्नुपर्ने
- सम्पत्तिले दायित्व फिर्ता गर्न नसक्ने स्थितिमा मात्रै समस्याग्रस्त घोषणा हुनुपर्ने र यथासिघ्र बचत फिर्ता गर्नुपर्ने
- सहकारी स्थीरिकरण कोषको परिचालन गरी सहकारी सस्थालाई सचालन गर्नुपर्ने
- सहकारीमा सदस्यहरुले जम्मा गरेको बचतको सुरक्षण (विमा) व्यवस्था गर्नुपर्ने
- सहकारी सस्थाका गैरबैकिङ सम्पत्तिहरुको व्यवस्थापन गर्ने छुट्टै निकाय निर्माण गरी व्यवस्थापन गर्नुपर्ने
- समस्याग्रस्त घोषणा गरेपछि तत्काल बचत निक्षेप र दायित्व फिर्ताको बन्दोबस्त मिलाउनु पर्ने

- संचालकहरुलाई जस्तै लेखा सुपरिवेक्षण समिति, उपसमितिमा रहने पदाधिकारीहरु र सदस्यहरुलाई पनि उत्तरदायि जवाफदेही बनाउनु पर्ने ।

समस्या नं. ४ सहकारीहरुको एकिकरणमा समस्या

- एकिकरण वाध्यात्मक र प्रेरणादायक परिस्थिति सिर्जना गरेर गर्न नसक्नु
- एकिकरण प्रकृयाहरु झन जटिल र कतिपय नतिजा हानीकारक देखिनु
- एकिकरण पनि हुँदै विभाजन पनि हुँदै गर्नु
- एकिकरण कार्यक्रमले कुनैपनि उत्साह सिर्जना गर्न नसक्नु

कारण

- एकिकरणबाट ठूलो साईज बनाएका कतिपय सहकारी संस्थाहरु समस्यामा पर्नु
- एकिकरण प्रकृया पारदर्शी नहुनु
- सरकारको तर्फबाट कुनैप्रकारको सुविधा, प्रत्याभूति नहुनु
- उत्साहजनक एकिकरणका कार्यक्रम नहुनु
- सहकारीका संचालक र सदस्यहरुले एकिकरणका उपादेयता, महत्व, प्रकृया सम्बन्धी सुचना र ज्ञान प्राप्त गर्न नसक्नु
- एकिकरण सम्बन्धी कार्यक्रममा सहकारीका संघहरु र तिनै तहका सरकार उदासिन रहनु

समाधान

- वाध्यात्मक र प्रेरणादायी एकिकरण कार्यविधि (कर छुट, संस्थागत पुँजी, पूर्वाधारमा सहयोग, सुरक्षणमा सहयोग, जोखिम व्यवस्थापनमा सहयोग) बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने
- एकिकरण पश्चात संस्थागत सक्षमता विकास, सुदृढिकरण हुन्छ भन्ने कुराको प्रचार प्रसार गर्नुपर्ने
- एकिकरण र विभाजन प्रकृया पारदर्शी हुनुपर्ने
- निश्चित लक्ष निर्धारण गरी अर्थपूर्ण एकिकरण अभियान (राज्य र अभियानको सहकार्यमा) संचालन गर्नुपर्ने

समस्या नं. ५: सहकारीका आन्दोलनको संगठनात्मक संरचनामा समस्या

- मुलुक संघियतामा गएपश्चात सहकारी विषय, कानुन, नियमन प्रकृया सवै संघिय संरचना बमोजिम हुने उल्लेख भएतापनि आन्दोलनको संगठनात्मक संरचनामा सुधार नहुनु
- स्थानीय तहले आवश्यक कानुन र संरचना स्थापना गर्न नसक्नु
- नियमन, प्रवर्धन र प्रशिक्षण यथोचित नहुनु
- स्थानीय सरकार सहकारी विषयमा वेखबर जस्तै हुनु

कारण

- सहकारी अभियानका शिर्ष निकायहरुले वेवास्ता गर्नु, तीनै तहका सरकारसँग आवश्यक समन्वय र सहजिकरण गर्न नसक्नु
- सरकारी निकायहरुको प्राथमिकतामा सहकारी नपर्नु

- सहकारी ऐन २०७४ को प्रभावकारी कार्यान्वयन नहुनु
- स्थानीय सरकारको सहकारी सम्बन्धी कार्यक्रम तथा बजेट न्युन हुनु

समाधान

- उपयुक्त सहकारी ऐन नियम कानुनको व्यवस्था गर्नुपर्ने
- सहकारी अभियानका शिर्ष निकायहरु महासघ, केन्द्रीय सघहरु र सरकारबीच समन्वय सहकार्य
- विद्यमान संरचनामा परिमार्जन गरी स्थानीय तह, प्रदेश तह र सघिय तह अनुसार सघहरुको निर्माण
- तीनै तहका सरकारबाट सहकारी शिक्षा, तालिमको प्रवर्द्धन

समस्या नं. ६: वित्तिय र गैरवित्तिय सहकारीको व्यवस्थापनमा समस्या

- बचत ऋण सहकारी बाहेक अन्य सहकारीले पनि बचत निक्षेप संकलन गर्नु
- कृषि र बहुउद्देश्यीय सहकारीमा वित्तिय र गैरवित्तिय नछुट्टिनु
- गैरवित्तिय सहकारीहरुले पनि वित्तिय कारोबार गर्नु र वित्तिय सहकारीले गैरवित्तिय कारोबार गर्नु
- बचत संघ, बहुउद्देश्यीय, कृषिका केन्द्रीय संघ र सहकारी बैंकको कारोबार एउटै, तिनिहरुका सदस्य संघ सस्थाहरुको कारोबार पनि एउटै र सबैको वित्तिय कारोबार मात्रै ।

कारण

- यति ठूलो वित्तिय कारोबार हुँदा पनि सहकारी बैंक, बचत ऋण सहकारीको छुट्टै ऐन नहुनु
- वित्तिय र गैरवित्तिय सहकारीको छुट्टा छुट्टै नियमन, नियामक व्यवस्था नहुनु
- जे विषयको सहकारीले पनि वित्तिय कारोबार (बचत ऋण) गर्नु
- गैरवित्तिय परियोजना संचालन प्रभावकारी नहुनु, सदस्यहरुको निक्षेप रकम गैरवित्तिय क्षेत्रमा हुनु
- सहकारी सम्बन्धी ऐन नियम कानून स्पष्ट नहुनु अतः कृषि बहुउद्देश्यीय सहकारीले उद्देश्यानुसार उत्पादनमुलक कारोबार संचालन गर्न नसक्नु
- बजारीकरण (मार्केटिंङ) सहकारी संघसंस्था नहुनु, भैरहेका संघहरुले बजार प्रवर्धन गर्न नसक्नु

समाधान

- सहकारी बैंक र वित्तिय सहकारीको छुट्टै ऐन आवश्यक
- सहकारी बैक सम्बन्धी कानूनी व्यवस्था ससोधन गरी तीन तहको संजाल (स्थानीय, प्रदेश र केन्द्र) रहने गरी थप सहकारी बैंक स्थापना गर्नुपर्ने
- गैर वित्तिय सहकारी (उत्पादन, श्रमिक, बजारीकरण र उपभोक्ता सहकारी) को स्थापना र प्रवर्द्धनमा सरकार र अभियानको सहकार्य आवश्यक
- सहकारीहरुले उत्पादन गरेका बस्तुहरुको बजार व्यवस्था गर्न मार्केटिङ बोर्डको स्थापना
- उत्पादनमा आधारित सहकारीहरुलाई सहुलियतपूर्ण ऋणको व्यवस्था
- उत्पादनमा प्रयोग हुने ठूला मेशिन, प्लान्टहरु, जग्गा जमिनहरुको व्यवस्था
- सदस्य सस्थाहरुले गर्ने उत्पादनको बजार व्यवस्थाका लागि सम्बन्धीत संघहरुलाई जिम्मेवार बनाउनुपर्ने

- निश्चित कम्मोडिटि उत्पादन गर्ने सहकारी संस्थाको पवर्द्धन गर्ने, मूल्य अभिवृद्धि गर्ने र बजारीकरण गर्ने

समस्या नं. ७: नियमन, प्रवर्धन र प्रशिक्षण गर्ने निकायको समस्या

- नियमनकारी निकायमा भौतिक पूर्वाधार, साधन स्रोत एवं दक्ष जनशक्तिको अभाव
- सहकारी सम्बन्धी ज्ञान नभएका अधिकारीहरुबाट नियमन
- नियमन निकायका अधिकारीहरु र सहकारी सञ्चालकले गर्ने चलखेल
- सहकारी प्रवर्धन र प्रशिक्षणका कार्य नगन्य हुनु, प्रभावकारी नहुनु
- कारबाहीको मनसायबाट नियमन हुनु

कारण

- सहकारी रजिष्ट्रारको छिटो छिटो सरुवा हुने
- सरकारी अधिकारीहरुमा सहकारी सम्बन्धी पर्याप्त ज्ञान नहुनु
- सहकारी बिकास बोर्डले अपेक्षाकृत कार्य गर्न नसक्नु
- सहकारी अभियानका नेतृत्वदायि निकायहरुले आफ्नो भूमिका विर्सनु
- सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको सेवा सिमित र प्रभावकारी नहुनु
- सहकारीको नियमनः प्रवर्धन र प्रशिक्षण हो भनेर नबुझ्नु

समाधान

- नियमनका लागिः सहकारी विभाग वा दोस्रो तहको नियामक निकायको जिम्मेवारी वा सहकारी विकास प्राधिकरणको स्थापना
- प्रवर्धनका लागिः राष्ट्रिय सहकारी विकास बोर्ड (तीनै तहमा)
- प्रशिक्षणका लागि सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र (तीनै तहमा)
- सुशासन एवं प्रवर्धनका लागि संघहरुलाई जिम्मेवार बनाउने
- कर्मचारी भित्र न्याय, पररा्ष्ट्र जस्तै सहकारी सेवा को व्यवस्था गरी कर्मचारी भर्ना .....
- स्थानीय तहमा पर्याप्त पूर्वाधार कानूनको व्यवस्था गर्ने
- स्थानीय सरकारले सहकारी शिक्षण प्रक्षिक्षण र तालिम केन्द्र बनाउनु पर्ने

समस्या नं. ८: सहकारीका बारे राजनैतिक पार्टीहरुले राखेको दृष्टिकोणमा समस्या

- सहकारी धार्मिक र राजनीतिक रुपमा निरपेक्ष आन्दोलन हो भनेर नबुझ्नु
- राजनीतिक दलहरुको सहकारी विषयमा साझा धारणा र प्रतिवद्धता नहुनु
- सहकारीकर्मीका अलावा राजनीतिकर्मीलाई संघहरुको नेतृत्वमा स्थापित गर्ने ध्येय राख्नु
- सहकारीलाई दलिय दृष्टिकोणबाट बुझ्नु, भोट बैंकको रुपमा बुझ्नु, त्यसै अनुसार अर्थ्याउनु
- सहकारी दर्शनलाई राजनीतिक दर्शनजस्तो गरी बुझ्नु बुझाउनु
- सहकारीलाई सहकारीको मौलिक पहिचान अस्तित्व विपरित अमुक राजनीतिक पार्टी, ति पार्टीहरुका बिचारधारासँग मेलखाने गरी व्याख्या भाषण गर्नु
- सहकारीमा सर्वसाधारण जनताको पहुँचबारेमा ज्ञान नहुनु (सदस्यता, कार्यक्षेत्र, कारोबार, रोजगारी, योगदान, नेतृत्व विकास, पहुँच, समावेसीता)

- सहकारी आन्दोलनमा ८० प्रतिशत भन्दा बढी न्युन आय भएका, न्युन मध्यम बर्गको संलग्नता बारे राजनीतिक दलहरु अनविज्ञ ।
- सहकारीले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान, अनौपचारिक ग्रामीण अर्थतन्त्रलाई मुलधारमा ल्याउन पुऱ्याएको योगदानबारे राजनीतिक दलहरु अनविज्ञ ।

निष्कर्श

हाल सहकारीमा जुन प्रकारको समस्या देखिएको छ ती सबै समस्याको हल गर्न सहकारी विकास प्राधिकरण स्थापना गर्नु श्रेयस्कर हुन्छ। विद्यमान राष्ट्रिय सहकारी विकास बोर्डले अपेक्षाकृत काम गर्न नसकिरहेको अवस्थामा सहकारीको नियमन, प्रवर्धन र प्रशिक्षण लगायतका सबै काम गर्ने गरी राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारी विकास प्राधिकरणमा रुपान्तरण गर्न सकिन्छ। राष्ट्रिय सहकारी विकास बोर्डसँग पर्याप्त भौतिक पूर्वाधार पनि रहेको र सरकारलाई थप आर्थिक भार व्यहोर्न नपर्ने र अहिलेको समस्या समाधान गरी सहकारी आन्दोलनलाई थप सुदृढ गर्न सकिन्छ। अहिलेको समस्याबाट पाठ सिकेर सहकारी आन्दोलनको प्रवर्द्धनका लागि आवश्यक सबै पूर्वाधार नै सहकारी विकास प्राधिकरणको स्थापना हुन सक्छ

सहकारी अभियानमा देखिएको विद्यमान समस्यालाई नजर अन्दाज गरेमा वित्तिय अराजकता निम्तिन सक्ने खतरा छ। ७३ लाख सर्वसाधारण जनता आवद्ध रहेको सहकारी आन्दोलनको साख जोगाउन सरकार र अभियानकर्मी सबै गम्भीर भएर सहकारी आन्दोलनको प्रवर्द्धनमा लाग्नु श्रेयस्कर हुन्छ।

सहकारीमा समस्या देखिंदा यसको समाधान सहकारी आन्दोलन कै विघटन कदापि हुन सक्दैन। हाम्रो जस्तो देशको विकास त सहकारी आन्दोलनको माध्यमबाट नै सहज हुने हो। उत्पादन वृद्धि, मुल्य अभिवृद्धि, बजारीकरण र वितरणका लागि सहकारी जस्तो अर्को सहज माध्यम छदै छैन। हाम्रो देशको विकासको बर्तमान चुनौतिहरुमा बहस गर्दै जाँदा सामना गर्ने उपायको रुपमा सहकारी नै देखिन्छ।

- Cooperative fail but cooperative must successed
- Cooperative is the best hope of rural Nepal.

श्री देवेन्द्रराज कण्डेल

केन्द्रीय सदस्य एव सहकारी विभाग प्रमुख

नेपाली काँग्रेस पार्टी ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदिय छानविन विशेष समिति

सिंहदरवार, काठमाडौं

नेकपा(एमाले)को सहकारी प्रणाली प्रतिको दृष्टिकोण, सहकारीमा देखिएका समस्या र समाधानका उपायहरु

नेकपा (एमाले) केन्द्रीय कार्यालय,
च्यासल, ललितपुर

मार्फत
नेकपा (एमाले) केन्द्रीय
सहकारी तथा गरिबी निवारण विभाग
२०८१।०४।१३ गते, आईतबार

खण्ड (क)

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सहकारी सम्बन्धि दृष्टिकोण

पृष्ठभुमि :

नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेपालको एउटा सशक्त कम्युनिष्ट पार्टी हो । २००६ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टी विभाजन र एकता हुँदै लामो इतिहास पार गरेर आज संगठित हुँदै नेपालको लोकतान्त्रिक र कम्युनिष्ट आन्दोलनको मुख्य शक्ति र मूल प्रवाहको रूपमा परिचालित पार्टी हो । सामन्तवाद, दलाल-नोकरशाही पुँजिवाद तथा साम्राज्यवादका शोषण उत्पीडनबाट नेपाली जनता तथा नेपाल राष्ट्रलाई मुक्त गर्दै समाजवादको स्थापना गरी न्यायपूर्ण, समता मुलक समृद्ध नेपाल स्थापना गर्नु यसको मुख्य उद्देश्य रहेको छ । नेकपा(एमाले)को मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो ।. नेकपा(एमाले) नेपाली सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधि मुलक संस्था हो । यसले श्रमिक, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपति वर्गका साथै सम्पुर्ण जाति, भाषा, धर्म, सस्कृति, भूगोल, पेशा समुदायका जनताको हितको प्रतिनिधित्व गर्दछ । यसको अधिकतम् कार्यक्रम समाजवाद हो.। यो पार्टी सामन्तवादका अवशेषहरूको अन्त्य ,दलाल- नोकर शाही पुँजीवादी शोषण उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्न र राष्ट्रिय पुँजीको विकासका साथै सामाजिक न्याय र समानतामा आधारित सामाजिक-आर्थिक रूपान्तरण गर्न र जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गरी समाजवाद स्थापना गर्न प्रतिबद्ध छ । यो पार्टी समाजवाद विकसित हुँदै जाँदा मानव समाज साम्यवादसम्म पुग्नेछ भन्ने विश्वास गर्दछ । समाजबादको आधार निर्माण गर्न एक्लो कुनै एक क्षेत्रको प्रयासले मात्र संभव छैन । अर्थतन्त्रका ३ खम्बा मध्ये एक खम्बा सहकारी भएकोले यस क्षेत्रले पनि समाजवादको आधार तयार गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यसैले **"न्याय, समानता र सहभागितामा आधारित मिश्रित र सामुहिक आर्थिक प्रणाली मार्फत देशलाई समृद्ध बनाउने"** हाम्रो अभिभारा पूरा गर्न महत्वपूर्ण कडीको रुपमा सहकारीलाई लिइ सोही अनुरुप पार्टीका नीतिहरु निर्माण गरिनु पर्दछ ।

सहकारी अवधारणाको विकास र दार्शनिक पक्ष :

सहकारी धारणाको विकास समाज विकाससँग सँगै अगाडि बढेको पाउन सकिन्छ । मानव विकासको चरण उत्पादनसंग मानिसहरुको सम्बन्धमा भर पर्दछ । कुनै खास वस्तुको उत्पादन गर्ने प्रक्रियामा स्थापित मानिसहरुको सम्बन्धलाई उत्पादन सम्बन्ध भनिन्छ। उत्पादन सम्बन्धको मूल आधार सम्पत्तिसँगको सम्बन्ध हो। स्वामित्वको सम्बन्धले नै उत्पादनमा लागेका मानिसहरुको उत्पादन सम्बन्धलाई निश्चित गर्दछ। प्रत्येक उत्पादन व्यवस्थामा स्वामित्वले विभिन्न वर्गबीचको सम्बन्धमा निश्चित आकार ग्रहण गर्दछ । उत्पादन सम्बन्धको विकासलाई हेर्दा राजनैतिक अर्थशास्त्रीहरुले बिभिन्न चरणको व्याख्या गरेका छन ।

१.आदिम साम्यवादी व्यवस्था

मानिसले उत्पादन कार्य शुरु गरेको प्रारम्भिक युगमा कुनै पनि उत्पादन माथि कसैको स्वामित्व रहेको थिएन । त्यसैले यो युगलाई शोषणरहित प्राक मानवीय उत्पादन व्यवस्था पनि भनिन्छ । यसवेला तेरो मेरो भावनाको पनि विकास भएको थिएन । यसैले यो युगको सम्बन्ध "साझा प्रयत्न साझा उपभोग" थियो ।

२.दास प्रथात्मक व्यवस्था :

दास प्रथात्मक व्यवस्था दास मालिकहरुद्वारा दासहरुमाथि गरिने शोषणमा आधारित आर्थिक सामाजिक व्यवस्था हो । मानिसले मानिसलाई गरिएको शोषणको प्रारम्भिक रुप यही हो । सम्पत्ति आर्जन गर्न मालिकहरुले दासहरुलाई आफ्नो इच्छा अनुसार प्रयोग गर्दथे । यस व्यवस्थाको उत्पादनको सम्बन्ध "दासहरुद्वारा सामुहिक उत्पादन ,दास स्वामीहरुको स्वामित्व" कायम हुन गयो ।

३.सामन्ती व्यवस्था :

दास प्रथाको निषेध गर्दै आएको भूमिमा आधारित व्यवस्थालाई सामन्ती व्यवस्था भनिन्छ । दास मालिकहरुबाट छुट्कारा पाएका दासहरुलाई उत्पादनको निमित्त भूमिमा लगाइयो । यो व्यवस्था सामन्त र भूमिहिन किसानहरुबीचको सम्बन्धको आधार थियो । यस व्यवस्थाको विशेषता केलाउने हो भने "किसानहरुद्वारा भूमिको उत्पादन, सामन्तको स्वामित्व" भएको पाउन सकिन्छ ।

४.पुँजीवादी व्यवस्था :

सामन्ती उत्पादन व्यवस्थाले उत्पादक शक्तिको विकासमा अवरोध उत्पन्न गरेपछि उत्पादक शक्तिको विकास हुने क्रममा पूँजीवादी व्यवस्थाको उदय भयो । यस व्यवस्थामा उत्पादनका आधारभूत साधनहरुमाथि पूँजीपतिको स्वामित्व कायम हुनगयो । यो युगको विकासले समाजमा दुई वर्ग पूँजीपति र श्रमिक वर्गको उदय भयो । श्रमजीवी वर्गको सामूहिक प्रयासले उत्पादनको स्वामित्व एउटा पूँजीपति वर्गको हातमा पर्नगयो । पूँजीपति वर्गबाट गरिएको शोषण र अन्याय अत्याचारबाट बच्न श्रमजीवी वर्गको पक्षपोषण गर्दै शोषण रहित समाजको परिकल्पना गरी एउटा वर्ग अगाडि बढ्यो । जसको फलस्वरुप समाजवादी अर्थ व्यवस्थाको प्रारुप तयार भयो ।

५.समाजवादी व्यवस्था:

तमाम उत्पादनको साधनमाथिको स्वामित्वलाई समाजको अधिनमा राख्ने व्यवस्था समाजवादी उत्पादन व्यवस्था हो ।यसले व्यक्तिगत र निजी स्वामित्वलाई विस्थापित गर्दै साझा सामूहिक तथा राजकीय स्वामित्व कायम गर्दछ । पूँजीपति वर्गको तमाम शोषणलाई समाप्त गर्दै सर्वहारा वर्गको नेतृत्वमा क्रान्ति सफल गरी पूँजीपति वर्गको स्वामित्वमा रहेको तमाम उत्पादनका साधनहरुलाई सामाजिक स्वामित्वमा परिवर्तन गर्ने काम यो व्यवस्थाले गरी दियो ।

समाजवादी अर्थराजनीतिको विकास श्रृखला:

.समाजवादी राजनैतिक अर्थनीतिको विकास एउटा लामो श्रृङ्खलाबद्ध प्रयासबाट भएको छ । यो अर्थनीतिको निष्कर्ष निकाल्नु भन्दा अगाडि देखिनै मानिसहरुलाई कसरी पूँजीवादको शोषणबाट उन्मुक्ति गराउने भन्ने चिन्तनको शुरुवात भइसकेको थियो । प्रारम्भमा कल्पनावादी समाजवादी नेताहरुले आफ्ना विचार र प्रयासहरु अघि सारे ।

- सोह्रौं शताब्दीको जर्मन किसान युद्धका नेता थोमस मन्जेरले वर्ग विभेद र नीजि स्वामित्व रहित जनहितकारी राज्य संयन्त्रमा आधारित सामाजिक संरचनाका कार्यक्रम अगाडि सारे । जुन किसान युद्धलाई निर्ममता पूर्वक दमन गरे पनि न्याय पूर्ण राज्य स्थापनाको सपना देख्ने पहिलो व्यक्ति भएकाले उनको वर्गविभेद र निजी स्वामित्वरहित सामाजिक संरचनाको कल्पनाले काल्पनिक समाजवादको जन्म हुनपुग्यो ।

- काल्पनिक समाजवादका अर्का बेलायती विचारक थोमस मोर (१४७८-१५३५) ले उटोपियां नामक किताबमा गरिबी शोषण, दमन, उत्पीडन यी सबैको मूल कारण निजी स्वामित्व हो भन्ने निष्कर्ष निकालेको थिए ।
- सेन्ट सिमोन (१७६०-१८२५) फ्रेन्च सिद्धान्तकार थिए । उनले समाजवादी समाजको परिकल्पनामा मानवीय प्रतिभा र आवश्यकतालाई केन्द्रबिन्दुमा राखेका थिए । उनले उद्योग र विज्ञान बीच एकता, योजनाबद्ध केन्द्रीकृत अर्थ व्यवस्था र उत्पादन व्यवस्थापनको संरचना बारे भविष्य द्रष्टाको रुपमा देखा परे । उनले स्वतन्त्र संङ्घ भित्र सामूहिक सम्पत्ति र सामूहिक श्रमको व्यवस्था लागु हुनुपर्ने आफ्नो मत प्रस्तुत गरे । समाजभित्रका प्रत्येक व्यक्तिले आफ्नो क्षमता अनुसार काम र काम अनुसारको पारिश्रमिक पाउने नियम स्थापना हुने कुरा बताए ।
- चार्ल्सफुरे (१७७२-१८३७) जो फ्रान्सेली कल्पनावादी समाजवादी नेता थिए । उनी पूँजीवादी समाजका तीब्र आलोचक थिए । **"भविष्यको समाज राष्ट्र मण्डल मजदुरहरुको कोअपरेटिभ हो जहाँ सबै संगठित हुन्छन "** भन्ने उनको विचार थियो । उनले शारिरिक र बौद्धिक श्रम बीचको अन्तरविरोधको समाधान गरे । उनले नैतिक शिक्षा र मानिसलाई पुनःशिक्षित गर्नु मात्र हो भने तैपनि उनको अवधारणा अनुसार नयाँ समाजमा उत्पादन संङ्घहरु गठन हुनेछन् जहाँ अधिकतम परिश्रम, उत्पादित वस्तुको न्यायोचित वितरण गरिने छ भनेका थिए ।
- रोबर्ट ओवेन (सन् १७७१-१८८५) यिनी बेलायतका प्रख्यात समाजवादी चिन्तक तथा व्यवहारवादी नेता थिए । उनी स्कटल्याण्डको मिल कारखानाका बिजनेस म्यानेजर थिए । यिनले मजदुरहरुको आन्दोलनमा भाग लिएर सुधारका प्रयासहरु गरे । उनले सुधारका कार्य आफू काम गर्ने मिलबाट आरम्भ गरे । उनी पूँजीवादका कट्टर विरोधी थिए । उनले निजी सम्पत्तिलाई समाज विकासको प्रमुख वाधक ठान्दथे । सामूहिक सम्पत्ति र सामूहिक श्रम नै आम प्रगति र समृद्धिको एक मात्र विकल्प हो भन्ने उनको ठहर थियो । न्यायपूर्ण समाजबादी समाजको स्थापना संघर्षद्वारा होईन बरु ज्ञानको बिस्तार ,प्रचार र सत्यलाई मानव चेतनामा पसाएर गर्न सकिन्छ भन्ने विचार अगाडि सारे । परनिर्भरताको अन्त्य गर्दै आत्मनिर्भरता कायम गर्न आपसमा मिलेर संगठन खडा गर्नुपर्दछ भन्ने उनको विचार थियो । आफ्नो झण्डै ४० वर्ष मजदुरहरुको अवस्थाको सुधारकार्यमा उनले विताए तरपनि रावर्ट ओवेन (Robert Owen) आफ्नो जीवनकालमा सफल हुन सकेनन् । उनलाई **"असफल कृतिहरुको जीवन बाच्ने मानिस"** पनि भनिन्छ ।

  खास गरी रोवर्ट ओवनको स्वावलम्बनको प्रयास र आत्मनिर्भरताबाट अगाडि बढ्न सकिन्छ र संगठित ढङ्गबाट मिलेर काम गर्दा शोषणबाट उन्मुक्ति मिल्छ भन्ने सोचाइबाट सहकारिताको भावनाको विकास भएको पाइन्छ । यही सहकारी भावनाको विजारोपणले उनलाई सहकारिताका प्रवर्तक वा पिताको रुपमा स्थापित गर्‌यो ।

  उन्नाइसौँ शताब्दीको मध्यतिर बेलायतको रोच्डेल भन्ने सानो सहरमा ऊनी कपडा बुनी जीविकोपार्जन गरिरहेका २८ जना मजदुरहरु जसमध्ये आधाजति रोवर्ट ओवेनका अनुयायी थिए । उनीहरुले एक वर्षको अवधिमा एक-एक पाउण्ड रकम बचाएर २८ पाउण्डको पूँजी जम्मा पारी सन् १८४४ को अगस्तमा रोच्डेल समतामूलक अग्रणी संस्था (The Rochdale Equitable Pioneers Society) नामको विधिबत सहकारी उपभोक्ता भण्डार खोले यो सहकारी आन्दोलनको सफल तथा प्रथम उपभोक्ता भण्डार सहकारी हुन पुग्यो ।जसका कारण Rochdole Pioneersहरु सहकारिताका अग्रणी मानिन्छन ।

यसरी हामीले के पाउँछौ भने समाजवादी अर्थव्यवस्थाको आधारभूत नियम र सिद्धान्तहरुको निचोड कार्लमार्क्स (१८१८-१८८३) र फेडरिक एङ्गेल्स (१८२०-१८९५) ले कम्यूनिष्ट घोषणपत्र निकाल्नुभन्दा अगाडि नै सहकारिताको विजारोपण भईसकेको थियो ।

- एङ्गेल्स भन्नु हुन्छ "बैज्ञानिक समाजबाद सेण्ट साईमन,फुरे र ओवन जस्ता ३ व्यक्तिको काँधमा अडेको छ ।" यसरी मानव विकासको चरण उत्पादनको प्रक्रियामा स्थापित मानिसहरुको सम्बन्धमा निर्भर रहने भएकाले सम्पत्ति माथिको स्वामित्वको प्रश्न नै सबैभन्दा महत्वपूर्ण विषय हो ।निजी तथा व्यक्तिगत स्वामित्वमा शोषणको सार रहनु र नाफामा केन्द्रित हुने हुनाले विकल्पका रुपमा सदस्य स्वामित्व र सामुहिक स्वामित्वका माध्यमबाट सेवा भावका साथ सहकारी अगाडि आएको देखिन्छ ।

सहकारीको मुख्य लक्ष्य सदस्यहरुमा सम्पत्तिको स्वामित्व कायम गर्दै शोषणको उन्मुक्ति र स्वावलम्बनको प्रयास नै हो । मानिसले सधैँ अर्काको मात्रै मुख ताक्ने होइन । आफ्नो लागि आफ्नै प्रयासबाट पनि शोषणको अन्त्य र आफ्नो स्वामित्व सुरक्षित गरी समस्या समाधान र आवश्यकता पुरा गर्न सकिन्छ भन्ने कुरा सहकारिताले स्पष्ट पार्दछ। खासगरी सहकारी भित्र सदस्य नै मालिक हुने भएकोले आफूले आफैँलाई शोषण गर्ने भन्ने हुँदैन । यसरी आत्मनिर्भरता, स्वावलम्बनको प्रयास र गरिबी न्यूनीकरणको प्रयासको लागि सबै अर्थव्यवस्था भित्र सहकारीतालाई आत्मसात गर्दै देश विकासको मुख्य कडीका रुपमा स्थापित गर्नु पर्दछ । पुँजीबादी अर्थव्यवस्था भित्र होस या समाजबादी अर्थव्यवस्था भित्र होस दुबै व्यवस्थामा सहकारीको महत्व रहन्छ । त्यसैले सहकारीलाई समाजबादको आधार निर्माणको एउटा आधारका रुपमा स्थापित गर्नु आवश्यक छ ।

जनताको बहुदलिय जनबाद र सहकारी :

नेपाली समाजको विद्यमान राजनीतिक, आर्थिक,सामाजिक, साँस्कृतिक, वातावरणीय तथा अन्तर्राष्ट्रीय परिस्थीतिको विश्लेषण गर्दै सबै प्रकारका समस्याहरूको पहिचान र तिनको समाधानका लागि मार्क्सवादको सृजनात्मक प्रयोग गर्दै अघि बढ्ने जननेता मदन भण्डारीको अगुवाइमा विकसित नेपाली क्रान्तीको मौलिक कार्यक्रम **जनताको बहुदलिय जनबाद** हो । जनताको बहुदलिय जनबाद मार्क्सबादको सिर्जनात्मक प्रयोग र विकासको नविन रुप पनि हो। यो नवीनतम् वैज्ञानिक सिद्धान्तले हामीलाई हाम्रा सम्पूर्ण कामहरूमा ;समाजवाद स्थापनाको लागि आधार तय गर्न मार्गदर्शन गरी रहन्छ । यो सिद्धान्त एकाधिकार पुँजीवाद ,सामान्ती व्यवस्थालाई नकार्दै सामुहिक स्वामित्व,जनवादी नियन्त्रण , प्रतिस्पर्धा र श्रेष्ठतामा विश्वास राख्दछ । यस सिद्धान्तले मानव समाजको विकासको क्रममा मानव जातिले आर्जन गरेका जीवन्त र मुल्यवान उपलब्धीहरुलाई आत्मसात गर्दै सामाजिक नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आत्मसात गरी राज्य सत्तालाई प्रजातान्त्रिक ढङ्गले संगठित र परिचालित गर्न चाहेको छ। यसले शक्तिपृथकिकरणको सिद्धान्तलाई अवलम्बन गर्न खोजेको छ। यसकार्यक्रम मार्फत सामन्त र दलाल नोकरशाही पुँजीबादको अन्त्य गर्ने, गरिबीको उन्मुलन गर्ने ,सम्पूर्ण जनताको आधारभूत आवश्यकता पुरा गरी संवृद्ध अर्थतन्त्रको निमार्णका लागि आधारशिला तयार गर्ने पार्टीको मूल आर्थिक उद्धेश्यहरु रहेको छ। यसै आर्थिक प्रणालीबाट समाजबादमा सक्रमण गर्ने नीति रहेकोछ। बाहिरी स्वरुपमा मिश्रित अर्थतन्त्र देखिए पनि राजकिय क्षेत्रको भूमिकालाई विकसित तुल्याई आर्थिक उदारिकरण र नीजिकरणबाट आर्थिक संवृद्धि हाँसिल गर्न सकिन्न भन्ने स्पष्ट दृष्टिकोण रहेको छ ।

यसबाट औद्योगिकरण र रोजगारीमा वृद्धि हुन सक्दैन । त्यसैले अद्यौगिकरणमा सहयोग पुग्ने, विदेशी बस्तुलाई प्रतिस्थापन गर्न सक्ने , निर्यात प्रवर्द्धन हुनसक्ने ,साना घरेलु उद्योगको संरक्षण हुने, गरिवी उन्मुलन र रोजगारी अभिवृद्धि गर्ने कार्यलाई सहयोग र संरक्षण गर्न पनि सहकारी अपरिहार्य छ । नेकपा (एमाले)

सरकारमा जाँदा जबजको कार्यक्रम तथा अर्थ राजनीतिको अन्तरसम्बन्ध स्थापित गर्न उदारिकरण र नीजिकरणको नीतिमा परिवर्तन , सन्तुलित आर्थिक सुधारको नीति अवलम्बन ,स्वदेशि उद्योगलाई प्रोत्साहन, राष्ट्रिय हित अनुकुल विदेशी लगानी,मुल्यमा राहत, आपुर्ति व्यवस्था सुलभ,सहकारीलाई प्राथमिकता,सुपथ मुल्य पसल सञ्चालन, गाँउ गाँउमा सहकारी घरघरमा रोजगारी,आफ्नो गाउँ आफै बनाऔं,नौ स को अभियान र सामाजिक सुरक्षा जस्ता कार्यक्रम सञ्चालन र कार्यान्वयन गरेको थियो । जबजको नीति र एमालेको प्रतिवद्धताको मुख्य उद्धेश्य .मिश्रित र सामुहिक आर्थिक प्रणालीलाई प्रोत्साहन गर्दै उत्पादन प्रक्रियामा पुँजीबाट श्रम माथि हुने शोषण कम गर्दै श्रोत र साधनमा उत्पादन शक्तिको हिस्सा बढाउदै लाने भएकोले स्वत: सहकारी यसको माध्यम हुन सक्ने स्पष्ट हुन्छ । सहकारीले स्वपुँजीको निर्माण, बचत क्षमतामा वृद्धि ,उत्पादनमा वृद्धि ,निर्यात प्रवर्द्धन र रोजगारी अभिवृद्धि, शोषणको न्युनिकरण तथा आय आर्जनमा बृद्धि गर्दै गरिबी न्युनीकरणमा सहयोग पुर्‍याउने र राष्ट्रिय पुँजीको निर्माणमा सहयोग पुग्ने भएकोले जबजले अगिंकार गरेको आर्थिक नीतिको उद्धेश्य पुरा गर्न सहकारी एक महत्वपूर्ण माध्यम हुन सक्छ भन्ने कुरामा दुईमत हुन सक्दैन। पार्टीसंग जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादका आधार निर्माण गने अभिभारा छ ।

वर्तमान अवस्थामा श्रमको स्वरुप र क्षेत्र, श्रम सम्बन्ध र शोषणका स्वरुपमा परिवर्तन भएका छन् । उत्पादनमा अत्याधुनिक प्रविधिको प्रयोगले जनशक्ति बेरोजगार बन्दैजाने स्थिति छ । भूमि, उद्योग र वित्तीय पुँजीमाथि क्रमशः एकाधिकार जमाउँदै अघि बढेको विश्व पुँजीवाद यतिबेला सूचना र ज्ञानमाथिको वर्चस्वमा केन्द्रित भएको छ । सम्पत्तिको असमान वितरण, विश्वव्यापी रुपमा विद्यमान गरीबीको कारण धनी र गरीब बीचको खाडल झनै बढेको छ ।

नेपाल भित्र पनि विभिन्न वर्ग र समुदायबीचको आर्थिक विषमता बढिरहेको छ । आर्थिक-सामाजिक-सांस्कृतिक पक्षहरु कमजोर बन्दै छन । परनिर्भरता, आयात मूखि व्यापार, वैदेशिक ऋण तथा अनुदानमा वृद्धि भईरहेको छ ।

यसबेला राष्ट्रिय पुँजी निर्माणको अवस्था कमजोर रहेको, निजी सम्पत्तिमाथिको अधिकार कायमै रहेको अवस्थामा हामीले समाजवाद- उन्मुख प्रणाली निर्माण गर्नु पर्नेछ। समाजवाद-उन्मुख राज्यव्यवस्था मूलत: लोककल्याणकारी चरित्र को, खुल्ला, प्रतिस्पर्धी एव आर्थिक -सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ-राजनीतिक प्रणालीसहितको राज्य व्यवस्था हो । तर समाजवाद निर्माणका लागि अपरिहार्य रहेको सार्वजनिक क्षेत्र यतिबेला कमजोर छ ।मुलुकमा औद्योगिकरणको स्तर न्यून छ । समग्र उत्पादकत्व कमजोर छ । उद्योगपतिहरुले उद्योग खोली रोजगारी सिर्जना गर्ने भन्दा नाफा कमाउने प्रवृत्ति व्याप्त छ ।युवा शक्ति विश्व श्रमबजारमा आश्रित छ । तर उसका लागि स्वदेशमा रोजगारीका अवसर छैनन् ।

कृषिले रोजगारी सिर्जना गर्न सकिरहेको छैन । बढ्दो आर्थिक विषमता चुलिएको छ । जमीन माथिको स्वामित्व असमान छ । कम्पनीहरुमा शेयरधनीका रुपमा पूँजीपतिहरु कै बाहूल्यता छ । मध्यम वर्गको आयको स्थिति ओरालो लागेको छ । सार्वजनिक निर्माण, यातायात, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा सिमित व्यवसायीहरुको हाली मुहाली रहेको छ । राजस्वको उपयोग कमजोर अवस्थामा छ । पराश्रित एवं अनुत्पादक पुँजीले राष्ट्रिय पुँजी निर्माणमा अबरोध सिर्जना गरिरहेको छ । यस्तो परिस्थितिमा हामीले समाजवाद निर्माणको आधारका रुपमा आफ्नै विशिष्ट बाटो पहिल्याउनु पर्छ यसको आधार तयार गर्दै जानु पर्छ । यसको लागि प्रथम विधान अधिवेशनले निम्न कार्यदिशाहरु अघि सारेको छ ।

- उत्पादनका साधनमा सबैको पहुँच विस्तार,
- योग्यता अनुसारको काम र काम अनुसारको पारिश्रमिकको व्यवस्था
- राष्ट्रिय पुँजी निर्माण मार्फत् स्वाधीन अर्थप्रणालीको विकास,
- गुणस्तरीय सर्वसुलभ शिक्षा, स्वास्थ्य र सामाजिक सेवाहरुको प्रत्याभूति,
- आय र सम्पत्तिको पुनर्वितरण मार्फत लोककल्याणकारी राज्यको स्थापना तथा सर्वकालिक सामाजिक सुरक्षा,

- आर्थिक,सामाजिक,सांस्कृतिक र लैंगिक विभेदको अन्त्य एवं सहभागितामूलक उत्पादन र विकास पद्धति ।
- राष्ट्रिय पुँजी निर्माण,
- प्रगतिशील उत्पादक शक्तिको विकास,
- स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको स्थापना,

पार्टीका यी कार्यदिशा पुरा गर्न सहभागितामूलक उत्पादन पद्धतिको विकास , राष्ट्रिय पुँजी निर्माण मार्फत स्वाधीन अर्थप्रणालीको विकास,आर्थिक, सामाजिक, सांस्कृतिक र लैंगिक विभेदको अन्त्य, प्रगतिशील उत्पादक शक्तिको विकास, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको स्थापना गर्न सहकारीको अपरिहार्य भूमिका रहन्छ । सहकारीको मुख्य उद्धेश्य नै सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणको विकास रह्कोले सहकारीलाई समाजबाद उन्मुख अर्थव्यवस्था निमार्णमा यसको भूमिकालाई महत्वका साथ हेर्नु आवश्यक छ ।

पार्टीले अगाडी सारेका नीति तथा कार्यक्रममा सहकारी :

नेकपा (एमाले)ले सहकारी क्षेत्रको विकास र विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । पुंजीवादी र समाजवादी आर्थीक संरचनाको विचको मोडेललाई पछ्याई रहेको सहकारी अभियानलाई साथमा लिइ अगाडि बढ्ने सन्दर्भमा पार्टीका दस्तावेजदेखि नेतृत्वतहसम्म व्यवस्थित गरिएको छ । पार्टीको चौथो राष्ट्रिय महाधिवेशनमा समानता र न्यायमा आधारित आर्थिक प्रणाली हुनु पर्ने भन्ने विषयलाई प्रभावकारी ढंगबाट उठान गरिएको थियो । त्यसै गरी पार्टीले पाँचौ राष्ट्रिय महाधिवेशनमा सहकारीलाई राजनीतिक दस्तावेज नै बनाएर छलफल चलाएको थियो । जुन कुरालाई छैटौ राष्ट्रिय महाधिबेशनले समेत निरन्तरता प्रदान गर्‍यो । पार्टीको सातौ महाधिबेशन देखि केन्द्रिय सहकारी विभाग नै गठन गरी नीतिगत र कार्यक्रमिक रुपमा राज्य र सहकारी अभियानलाई संचालन एवं मार्गदर्शन प्रदान गर्ने कार्य भयो । पार्टीको आठौं महाधिवेशनमा तिनखम्बे नीति पारित भयो । नवौं राष्ट्रिय महाधिवेशनमा पार्टीले सहकारी क्षेत्रलाई मुल विषयका रुपमा लिदै समाजिक न्याय, व्यवसायिक क्रियाकलाप र वित्तिय एवं पुँजीगत परिचालनको शसक्त माध्यमका रुपमा स्वीकार गर्दै सहकारी विषयलाई छलफलमा ल्याउने कार्य गर्‍यो । सहकारी अभियानको विकास र बिस्तारमार्फत आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा योगदान दिदै दिगो, समता र समानतामा आधारित विकास संभव छ भन्ने कुरामा नेकपा (एमाले) स्पष्ट छ ।

सन् २०३० सम्म एकिकरणको माध्यमबाट देशभर प्रारम्भिक सहकारी संस्थाहरुको संख्या १० हजार मा सिमित गर्ने साथै सहकारी सदस्यहरुको संख्या १ करोड पुरयाउने नेकपा (एमाले) को घोषित नीति रहेको छ ।

नेकपा (एमाले)ले नेतृत्व गरेका सरकारले ल्याईएका बजेट एवं नीति तथा कार्यक्रममा सहकारी क्षेत्रले महत्वपुर्ण स्थान प्राप्त गर्दै आएको छ । "गाउं गाउंमा सहकारी घर घरमा रोजगारी" भन्ने नारा सहित ल्याईएका कार्यक्रममा, कृषि, पशुपालन, पर्ति जमिनको उपयोग, शितघर निर्माण, वजार व्यवस्थापन, सहकारी कोषको निर्माण मार्फत सहयोग, पछाडि परेका जाति र समुदायका परम्परागत पेशाको संरक्षण आदि लगायत आर्थिक, समाजिक जीवनका विभिन्न आयामहरुमा सहकारीको परिचालन र उपस्थिति रहने गरी नेकपा (एमाले) अगाडि बढि रहेको छ ।

मिश्रित आर्थिक प्रणाली अवलम्बन गरेको यस मुलुकमा रहेको वर्तमानको १८.७ प्रतिशतको गरिबीको दरलाई घटाउँदै परम्परागत कृषि प्रणालीमा आश्रित दुई तिहाई नेपालीको पेशालाई व्यवसायिक, सुरक्षित र निर्भरतालाई घटाउँदै लैजान, ग्रामीण क्षेत्रमा भएका तमाम सामाजिक, सांस्कृतिक समस्यालाई निराकरण गरेर जान

उपयुक्त प्रणाली नै सहकारी आर्थिक प्रणाली हो । यसैले सहकारी क्षेत्रलाई सहि दिशा बोध गराउन, समय सापेक्ष ऐन तथा कानुन निर्माण गर्न, कार्यक्रम एवं नीति दिन, संरक्षण एवं प्रवर्द्धन गर्न र सही नेतृत्व प्रदान गर्न नेकपा (एमाले) मात्र एउटा यस्तो राजनीतिक शक्ति हो जसले सार्मथ्य र पहुँच दुबै राख्दछ ।

नेकपा (एमाले) को नारा: "सुखी नेपाली, समृद्ध नेपाल" रहेको छ । सबैलाई समान अधिकार तथा अवसरमा समान पहुँच, सबैलाई समानता तथा सामाजिक न्याय र सबैलाई सुरक्षा एवं सम्मानको ग्यारेण्टी हुने प्रणाली स्थापित गर्ने सोचका साथ आर्थिक-सामाजिक रुपान्तरणको संवाहकका रुपमा रहेको नेकपा (एमाले) को समाजवाद रणनीतिक लक्ष्य हो भने समाजवादका आधार निर्माण आजको कार्यभार हो । संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांङ्क्षा पूरा गर्दै समाजवाद-उन्मुख समाज र समृद्ध राष्ट्र निर्माण गर्नु सिङ्गो राष्ट्रको कार्यभार रहेको छ । यसका लागि उत्पादनका साधनमा सबैको पहुँच ,स्वाधीन, स्वावलम्वी राष्ट्रिय अर्थतन्त्र निर्माण, सामाजिक न्याय सहितको आर्थिक वृद्धि , न्यायोचित वितरण प्रणाली , सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास , नयाँ उत्पादन सम्बन्धको आधारमा प्रगतिशील उत्पादक शक्तिको विकासबाट मात्र यो संभव छ । यसै कुरालाई दृष्टिगत गरी नेकपा (एमाले)ले संविधान सभाको निर्वाचन देखि नै सुखी नेपाली संमृद्ध नेपालको आधार तयार गरेको थियो ।नेपालको आर्थिक विकास सार्वजनिक, सहकारी र नीजि क्षेत्रको परिपूरक भूमिका र संन्तुलित सहकार्यमाथि आधारित मिश्रित अर्थतन्त्र हुने । सार्वजनिक क्षेत्रले पूर्वाधार विकास,आधारभूत शिक्षा,स्वास्थ्य,पिउने पानी,खाद्य सुरक्षा जस्ता मौलिक अधिकारको प्रत्याभूति, सामाजिक क्षेत्रको समन्यायिक विकास, न्युनतम रोजगारीको प्रत्यभूति ,गरिबी न्युनीकरण, वातावरण संरक्षण र पर्यावरणीय सुधार क्षेत्रिय सन्तुलन,औद्योगिक सुरक्षा र आर्थिक विकासका लागि उपयुक्त वातावरण निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने । **सहकारी क्षेत्रले** आम नागरिकको जीवनस्तर माथि उठाउन छरिएको पुँजी सकलन,न्युन आय वर्गका जनताको पहलमा उत्पादन, बिकी,वितरण र विविध सेवा सञ्चालन ,ग्रामिण क्षेत्रमा आय वृद्धि र रोजगारी सिर्जना गर्ने । निजी क्षेत्रले अर्थतन्त्रको समग्र विकासका लागि कृषिको रुपान्तरण,जलस्रोत र भौतिक पूर्वाधारको बिकास, पर्यटन, औद्योगिक प्रवर्द्धन र मानव संसाधनको विकास,औद्योगिककरण र सेवा क्षेत्रको बिकासद्वारा व्यापक रोजगारीको सिर्जना गरी सन्तुलित उत्पादन सम्बन्धबाट उत्पादक शक्तिको विकास गर्ने जस्ता विकासको आधार स्पष्ट पारिएको थियो । नेकपा (एमाले)को नेतृत्वमा बनेका योजनाहरुलाई हेर्दा खास गरी पन्ध्रौं योजनामा लोककल्याणकारी मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थ व्यवस्थाको निर्माणमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको महत्व पूर्ण भुमिका रहनेछ । लगानीको न्युनता पूरा गर्न निजि क्षेत्र, सार्वजनिक क्षेत्र र तिनै क्षेत्रको साझेदारीको लगानीलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गरिने छ भनिएको छ । "सुखी नेपाली, समृद्ध नेपाल" दिर्घकालिन सोचलाई प्राप्त गर्न ३ चरणमा विभाजन गरी पहिलो चरणमा समृद्धि र सुखको आधार निर्माण गर्दै उच्च आर्थिक वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधार तयार गर्ने । राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्ने । पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने । शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारीमा ल्याउने रहेका छन ।दोस्रो चरणमा उच्च र तिब्र आर्थिक संवृद्धि हाँसिल गर्न वितरणलाई न्याय पूर्ण बनाउने र नेपाललाई उच्च मध्यम आयको मुलुक बनाउने । तेस्रो चरणमा समृद्धि र सुखका सूचकहरुमा सन्तुलन सहितको दिगोपना हाँसिल गर्ने र अवधिको अन्त्यमा आत्मनिर्भर, स्वतन्त्र र समृद्ध अर्थतन्त्र हुने र उपलब्ध स्रोत साधनको अधिकतम परिचालन एवम् सम न्यायिक वितरणद्वारा आर्थिक असमानता न्युन भई समाजवाद तर्फको बाटो सुदृढ हुने भनिएको छ ।

राष्ट्रमा सहकारीको योगदान :

नेपालमा सहकारी स्थापनको छ दशक भन्दाबढी समय वितिसकेको छ। सहकारी क्षेत्रले केवल आर्थिक विषय मात्रै होइन, सामाजिक, सांस्कृतिक र वातावरण विकासका निम्ति पनि काम गर्ने गरेको छ। सहकारी क्षेत्रले जात, भाषा, धर्म, संस्कृति, क्षेत्र, लिङ्ग, रूप, रङको आधारमा कहिले पनि विभेद गर्दैन। यसले के देखाउँछ भने सहकारीले सामाजिक न्यायका निम्ति जग बसाउने काम गरेको छ। सहकारीले राष्ट्रिय स्वाधीनता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता र लोकतन्त्रको संस्थागत विकासको लागि महत्वपूर्ण योगदान हुने गरेको छ । जसको माध्यमद्वारा स-साना वचत परिचालन, कृषि क्षेत्रमा विकास र विस्तार एवं व्यवसायिकताको सृजना, उत्पादन, उत्पादकत्व र रोजगारीमा बृद्धि, सामूहिक एवं सामाजिक भावनाको विकास, सामुदायिक मेलमिलापमा अभिबृद्धि, परम्परागत संस्कृति एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन जस्ता पक्षमा सहकारीको अतुलनिय योगदान रहेको छ।

सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति राज्यले लिनु अपरिहार्य छ। नेपालको संविधानले समेत दिगो शान्ति, सुशासन र संमृद्धि हाँसिल गर्न अर्थतन्त्रका तीनवटा आधार मध्ये महत्वपूर्ण आधारका रूपमा सहकारीलाई लिएको छ। यसैले सार्वजनिक , निजी र सहकारी क्षेत्रको जगमा उभिएर मात्र पार्टीले अपेक्षा गरेको 'समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यमा पुग्न सकिन्छ भन्ने कुरा स्पष्ट हुन्छ।

वि.सं.२०४६ को राजनीतिक परिवर्तनपछि नेकपा(एमाले)को नेतृत्वमा सहकारी ऐन, २०४८ जारी भयो। यही ऐनको जगमा टेकेर मुलुकभर करिब ३४ हजार सहकारी संस्था स्थापना भए। पञ्चायतकालमा राज्यद्वारा नियन्त्रित र सञ्चालित ८२० वटा साझा संस्था थिए। २०४८ सालको सहकारी ऐन र २०७४ सालमा आएको सहकारी ऐन सम्म आईपुग्दा आर्थिक सर्वेक्षण २०८०/०८१ का अनुसार मिति २०८० को फागुनसम्म नेपालमा ३१,३७३ विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरु, प्रारम्भिक सहकारी संस्थाहरुमा करीव ७३,८१,२१८ शेयर सदस्य रहेका छन। १ सय नेपालीहरु मध्ये २६ जना नेपाली नागरिकहरु सहकारीका सदस्य रहेका छन। सहकारी संघ संस्थाको कुल शेयर पूँजी ९४ अर्ब ७२ करोड र परिचालित बचत रु. ४ खर्ब ७८अर्ब रहेको छ। सहकारी संघसंस्थाबाट रु. ४ खर्ब ५ अर्ब ऋण परिचालन भएको छ। सहकारी विभागको अभिलेख अनुसार ७७ वटा जिल्ला सहकारी संघहरु, ३२८ वटा विषयगत जिल्ला सहकारी संघहरु, १८ वटा केन्द्रीय सहकारी संघहरु, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ रहेका छन। नेपालको कुल बचत करीव ५२ खर्ब बचतमा १४ प्रतिशत सहकारीको योगदान रहेको छ। सहकारी संस्थामा करीव ५२ प्रतिशत महिला सदस्य रहेका छन् भने महिला सहभागिता ४० प्रतिशत रहेको छ। यस क्षेत्रले ९३,७७१ जनालाई प्रत्यक्ष रोजगारी दिनुका साथै लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको छ। वित्तीय पहुँच अभिबृद्धि, महिला सशक्तिकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। यस क्षेत्रमा प्राप्त उपलब्धीको सम्बर्द्धन गर्दै सहकारी आन्दोलनको स्वस्थ विकासलाई प्रोत्साहित गर्नु वाञ्छनीय भएको छ। यसका अतिरिक्त सहकारी क्षेत्रले निम्न कुरामा योगदान पुर्‍याएको छ।

- सामाजिक सोंच र सामूहिक नेतृत्व प्रणालीको विकास
- ग्रार्हस्थ्य उत्पादनमा प्रत्यक्ष तथा परोक्ष योगदान
- साहु महाजनको सट्टा गाउँगांउमा नयाँ आर्थिक शक्तिको उदय
- नागरिकहरु वीच वित्तीय पहुंचमा विस्तार
- बचत तथा ऋणको सुलभ लेनदेन।
- सहकारी पद्धतिको प्रयोगबाट वित्तीय साक्षरतामा सुधार

- सबै नागरिकहरुको सहकारीमा आवद्धतावाट ग्रामीण अर्थतन्त्रको विकास र आर्थिक सामाजिक रुपान्तरण
- मुलुकको सबै क्षेत्र र तहमा सहकारी क्षेत्रको सकारात्मक सन्देश सम्प्रेषण
- सहकारीको माध्यमबाट.लघु , साना तथा मझौला उद्योगको स्थापना
- कृषि क्षेत्रमा व्यवसायिकरण एवं यान्त्रिकरण
- प्रशोधन उद्योग, शितभण्डार, अस्पताल, विद्युत, पर्यटन व्यवसाय आदिको विकास ।

गरिबी न्युनीकरण तथा उद्यमशीलताको विकासका लागि सहकारीवाट भएका प्रयासहरु:

नेपाल जिवनस्तर सर्वेक्षण चौथो (२०७९/२०८०) अनुशार नेपालमा निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या २०.२७ प्रतिशत रहेकोछ । भने बहुआयामिक गरिबीको रेखामुनिको जनसंख्या १७.४ प्रतिशत पुगेकोछ । हाल विद्यमान २०.२७ प्रतिशत निरपेक्ष गरिबीको दरलाई सोह्रौ योजनाको अन्त्य आ.व.२०८५/२०८६ सम्ममा १२ प्रतिशतमा पुर्याउने लक्ष्य राष्ट्रिय योजना आयोगको रहेको छ । जसको लागि तहगत सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको सहकार्य, समन्वय र सहयोगमा गरिबी न्यूनीकरण गर्ने उद्धेश्य छ ।आज सहकारी जुन वर्गमा पुग्नु पर्ने हो त्यो वर्ग सम्म अपेक्षाकृतरुपमा पुग्न सकेको छैन । गरिबीको रेखा मुनी रहेका जनतालाई सहकारी मार्फत उद्यमशिलताकको विकास गरी वित्तीय पहुँच पुर्याएर उनीहरुको जीवनलाई संमृद्ध बनाउनु आवश्यक छ । आर्थिक बिपन्नताको उन्मुक्तिका लागि सहकारीको स्थापना र बिकासले महत्वपूर्ण भुमिका निर्वाह गर्ने स्थिति रहँदा रहँदै पनि देशका बिभिन्न भौगोलिक क्षेत्रहरुमा आर्थिक बिपन्नताकै आधारमा मात्रै सहकारीहरु स्थापना भएका छैनन । जे जसरी सहकारीहरु जुन स्थानमा स्थापना भएकाछन् तिनबाट स्थानिय तहका स-साना बचत जम्मा राखि आवश्यकता अनुसार ऋण सापटी प्रदान गर्न, स-सानो स्तरका उद्योग व्यावसाय संचालन गरी जिविकोपार्जन गर्न, तालिम तथा सीप प्राप्त गर्न सचेतना र नेतृत्व बिकास अभियानमार्फत आर्थिक र सामाजिक रुपमा शसक्तिकरण गर्न जस्ता महत्वपुर्ण काममा सहकारीबाट भूमिका निर्वाहका प्रयासहरु भएका छन् । सहकारीको गरिबी न्यूनीकरणमा पुर्याउन सक्ने योगदान हेर्दा सार संक्षेपमा निम्न प्रयासहरु गर्न आवश्यक छ ।

- विपन्न समुदायको सशक्तिकरण तथा क्षमता अभिबृद्धि गर्न शिक्षा, तालिमको माध्यमबाट सिप विकासमा योगदान पुर्याउने ।
- जातीय, भाषिक, धार्मिक,राजनैतिक क्षेत्रिय, वर्गीय, लैंगिक लगायतका सबै किसिमका विभेदको अन्त्य गर्दै.सामुहिक भावनाको विकास तथा सामाजिक पहिचानमा वृद्धि गर्ने ।
- नेतृत्व विकास, सामाजिकीकरण र जातिय एकता र निकटताका लागि सहयोगी बनाउने ।
- महिला, पिछडा वर्ग एवं विपन्न समुदायको आर्थिक अधिकार स्थापित गर्ने ।
- परम्परागत मान्यता, अन्धविश्वास, कुलत र कुसंस्कारबाट टाढा रही सरल, सभ्य र सुसंस्कृत भइ समाजमा बाँच्ने वातावरणको सृजना गर्ने ।
- आत्मनिर्भर अर्थतन्त्र निमार्ण गर्न सहकारी क्षेत्रलाई बहुआयमिकरुपबाट परिचालन गर्ने ।
- व्यवसायिक भावना र संस्कारको विकास गरी उद्यमशिलता र रोजगारीमा वृद्धि मार्फत सामाजिक । आर्थिक परिवर्तनमा प्रभावकारी योगदान दिने ।
- झञ्झटिलो कर्जा तथा महंगो र चक्रवृति ब्याजको अन्त्य गर्ने ।
- स-साना रकमलाई बचतका रुपमा स्वीकार तथा पूँजी निर्माण र परिचालन गर्न सहकारी मार्फत वित्तिय पहुँचमा वृद्धि गरी अमौद्रिक क्षेत्रवाट मौद्रिकिकरणको सिर्जना गर्ने ।

- मानव जीवनका हरेक आवश्यकतासँग जोडिएका वस्तु तथा सेवाको उत्पादन तथा आपूर्तिलाई सहज, सरल र पारदर्शी रुपमा वितरण गर्ने ।
- उत्पादित वस्तुको बजारीकरण तथा उचित मूल्यमा बेचबिखन गर्ने वातावरणको सिर्जना गर्ने ।
- कृषि उत्पादनमा आधुनिकीकरण गरी व्यावसायिकताको सृजनामार्फत आय आर्जनमा वृद्धि ।
- वनजंङगलको संरक्षण तथा वातावरणीय संन्तुलन कायम गर्ने ।
- पोषणयुक्त आहार र खाद्य सुरक्षाका निम्ति सहयोगी बन्ने ।

गरिबी न्युनिकरणका लागि सहकारी मार्फत गर्न सकिने कार्यहरु :

गरिवी न्यनिकरणमा सहकारी अभियानवाट तपशिल वमोजिमका कार्यहरु गर्न सकिन्छ ।

- सहकारी संस्थाहरुले आफ्नो कार्य क्षेत्र भित्र गरिबीको रेखा मुनी रहेका जनतालाई समेट्ने गरी नीति बनाउने ।
- गरिबीको रेखा मुनी रहेका सदस्यहरु बीच सहकारी लघुवित्त सेवा सञ्चालन गर्ने ।
- गरिबीको रेखा मुनी रहेका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गर्ने।
- प्रत्येक लघुवित्त समुहका सदस्यहरुलाई व्यवसायिक सिप प्रदान गर्ने ।
- लघुव्यवसाय सञ्चालन गरिरहेका सदस्यहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने
- व्यवसायिक सीप प्राप्त गरेका सदस्यहरुलाई ऋण सेवा मार्फत रोजगारीको अवसर प्रदान गर्ने
- ऋणलाई रोजगारका साधनहरुसँग जोड्दै रोजगार प्रदान गरी दैनिक आम्दानीको स्रोत सिर्जना गर्ने।
- सामुहिक जमानीमा व्यक्तिगत ऋण प्रवाह गरी रोजगारमुलक पेशा तथा व्यवसायमा सदुपयोग गराउने ।
- सामुहिकरुपमा लघुउद्यम सञ्चालन गरी आय स्रोत बृद्धि गर्ने ।
- सहकारी उद्योग स्थापना गरी गरिवीको रेखा मुनि रहेका जनतालाई रोजगार प्रदान गर्ने ।
- नियमित .बचत गर्ने बानीको विकास गरी पुँजी निर्माण गर्ने ।

■ उपर्युक्त कार्यका लागि सम्वन्धित तहका सरकारहरुवाट आवस्यकतानुशारको प्रयाप्त सहयोग आवस्यक हुने, आदि ।

खण्ड (ख)

बर्तमानमा सहकारी क्षेत्रमा देखिएका समस्या तथा चुनौतिहरु :

सहकारीको महत्व तथा यसको उपादेयता हुँदा हुँदै पनि यस अगाडि अनेक समस्या तथा चुनौतिहरु देखा परेका छन । सहकारी सम्बन्धि शिक्षा र चेतनाको विस्तार अपेक्षित रुपमा हुन सकेको छैन । सबै सहकारीहरुमा क्रियाकलापको सघनता, उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोबारमा बढी देखिएको छ । केही सहकारी संस्थाहरुमा सहकारीका सिद्धान्त, मूल्य, मान्यताको अनुशरणको अवस्था कमजोर रहेको छ । कतिपय सहकारी संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा पुगेका छन्। कतिपय सहकारीहरुमा बित्तीय सुशासनको कमीका कारण जोखिममा परिरहेका छन । सहकारी संघ संस्थाहरुको संख्यात्मक विस्तार भन्दा गुणात्मक विकासमा केन्द्रीत गरी समुदायमा आधारित बनाउनु ,सहकारीमैत्री नीतिहरुको प्रवर्द्धन गर्नु ,सहकारीलाई ग्रामीण विपन्न समुदायसम्म विस्तार गर्नु, सहकारी संस्थामा

स्वनियमनलाई सुदृढ तुल्याउँदै सुशासन कायम गराउनु, सहकारी आन्दोलनका प्रतिनिधिमूलक संघ तथा प्रवर्द्धधन र नियमनमा संलग्न निकायबीच प्रभावकारी समन्वय कायम गर्नु , महिला तथा सीमान्तकृत वर्गमा सहकारीको पहुँच अभिबृद्धि गर्दै गरिवी निवारण तर्फ केन्द्रीत गर्नु, यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाका लागि नीतिगत र संस्थागत प्रबन्ध गर्नु, सहकारी मार्फत परिचालित पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, उत्पादन र रोजगारीका क्षेत्रमा सहकारीको योगदान अभिबृद्धि गर्नु र सहकारी संघ संस्थाको नियमनलाई थप प्रभावकारी बनाउनु यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन। हाल सहकारी क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौतीका रुपमा निम्न विषयहरुलाई लिन सकिन्छ।

२ नेपालको अर्थतन्त्रको (सार्वजनिक र निजीबाहेक) तेस्रो महत्वपूर्ण खम्बा भनेको सहकारी क्षेत्र हो । ७३.८ लाख जनता सदस्य रहेको र ४.८ खर्ब बचत परिचालन गर्ने सहकारी क्षेत्र, २३.१ लाख ऋणीहरु रहेको र ४.४ खर्ब कर्जा परिचालन गर्ने लघुवित्त क्षेत्रमा समस्या आउँदा दशैं लाख घरपरिवार प्रभावित हुने खतरा छ । लघुवित्तमा औसतमा १ ऋणी बराबर रु. १.६१ लाख ऋण छ भने सबैभन्दा बढी १५ लाखभन्दा बढी ऋण लिने ३,८५२ जना ऋणीहरु रहेका छन् । सहकारीमा लिने ऋणको रकम केही हजारबाट सुरु भई करोडौंसम्म रहेको अध्ययनबाट देखिन्छ ।

३ सहकारी क्षेत्रलाई व्यवस्थित तथा नियमन गर्नका लागि २०४७ सालदेखि २०८० सम्म आठवटा कार्यदलहरु गठन भईसकेको तर ती कमिटीहरुको सिफारिस अनुसार गर्नुपर्ने कामहरु प्रभावकारी रुपमा नभएको देख्न सकिन्छ । सहकारी क्षेत्रलाई व्यवस्थित गर्नकै लागि भनेर सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ल्याइयो । यद्यपी, ऐन बनिसकेपछि पनि सहकारी क्षेत्रका समस्याहरु झन् झन् विकराल हुने क्रम जारी रहेको पाइन्छ ।

कसको नेतृत्वमा कहिले-कहिले बने सुझाव कार्यदल ?

- २०४७ : राधाकृष्ण मैनालीको संयोजकत्वमा 'राष्ट्रिय सहकारी महासंघ परामर्श समिति'
- २०५७ : राष्ट्रिय विकास बोर्डका तत्कालीन सहअध्यक्ष राजेन्द्रबहादुर शाहको संयोजकत्वमा 'सहकारी विकास सुझाव कार्यदल'
- २०६१ : तत्कालीन कृषिमन्त्री होमनाथ दाहालको संयोजकत्वमा गठित 'सहकारी क्षेत्र सुधार सुझाव आयोग'
- २०६१ : योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्था सञ्चालनसम्बन्धी कानुनी स्वरूप संरचनागत व्यवस्था समिति'
- २०६६ : राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलको संयोजकत्वमा 'सहकारी क्षेत्रको समस्या समाधानको नीतिगत, प्रक्रियागत, संस्थागत विषयमा सिफारिस गर्न गठित कार्यदल'
- २०६९ : वैकुण्ठ अर्यालको नेतृत्वमा 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति'
- २०७० : गौरीबहादुर कार्कीको संयोजकत्वमा 'उच्चस्तरीय जाँचबुझ आयोग'
- २६ वैशाख २०८० : डा. जयकान्त राउतको संयोजकत्वमा 'सहकारीको समस्या पहिचान तथा समाधानको खोजी अध्ययन कार्यदल'

४ यसै विषयको दिगो तथा प्रभावकारी समाधानको लागि राष्ट्रिय स्वतन्त्र पार्टीको स्पष्ट धारणा तयार गरी बचतकर्ता तथा पीडितहरुलाई उचित न्याय दिलाउनका लागि हरसम्भव पहल गर्ने उद्देश्यले पार्टीको जलेश्वर बैठकले उपसभापति तथा अर्थ नीति विभाग प्रमुख डा.स्वर्णिम वाग्लेलाई जिम्मेवारी दिएअनुरुप रास्वपाको अर्थ नीति विभागद्वारा यो अध्ययन गरिएको हो । रास्वपाको अर्थ नीति विभागद्वारा सहकारी तथा लघुवित्त संस्थाहरुबारे पहिले भएका अध्ययन प्रतिवेदन, सहकारी ऐन तथा विभिन्न संचारमाध्यममा प्रकाशित लेख, रिपोर्टको तथ्यगत विश्लेषणका साथै २ दर्जनभन्दा बढी अन्तर्वाताहरु लिँदै चितवन, नवलपरासी, कास्की, म्याग्दी, बाग्लुङ, मुस्ताङ, स्याङ्जा, सर्लाही र महोत्तरी लगायतका जिल्लाहरुको स्थलगत अवलोकनलाई आधार मानी तयार गरिएको हो । यस प्रतिवेदनमा समस्याका प्रमुख कारणहरु र तिनका समाधानको लागि चाल्नुपर्ने कदमहरुको चर्चा गरिएको छ ।

५. आर्थिक धक्का:

नेपालमा दुई दशकयता वास्तविक आर्थिक वृद्धिको दाँजोमा कर्जाको प्रवाह दर उच्च भइरहेका कारण जोखिमपूर्ण बनेको अर्थतन्त्रमा एकपछि अर्को आएका कोभिड १९, रसिया-युक्रेन युद्ध जस्ता बाह्य धक्का (shocks) र यस्ता धक्कासँगै जुध्न सरकारले ल्याएका वित्तीय तथा मौद्रिक नीतिहरुले आर्थिक गतिविधिहरुमा ब्रेक लाग्नु, कर्जा वृद्धि दर सुस्ताउनु, कित्ताकाट बन्द हुँदा घरजग्गाको कारोबार ठप्प हुनु जस्ता आन्तरिक धक्का थपिंदा अर्थतन्त्रमा शिथिलता आएको पाइन्छ । अर्थतन्त्र गतिहीन बन्दा बस्तु तथा सेवाको माग, आम्दानी, नगद र कर्जा प्रवाह ठप्प हुनु, जग्गाको किनबेच कम हुँदा सहकारीका संचालक र उनीहरु नजिकका व्यक्तिहरु मिलेर घर, जग्गा जस्ता गैरउत्पादनशील क्षेत्रमा केन्द्रित गरेको बचतकर्ताको रकम फिर्ता गर्न नसक्ने अवस्था सिर्जना भएको देखिन्छ ।

६. संस्थागत कुशासनको राजनीतिक संरक्षण:

सहकारी संस्था सामुदायिक अवधारणामा सदस्यहरुद्वारा संचालन हुनुपर्नेमा सहकारीमा प्रभाव तथा राजनैतिक संरक्षण भएका, तर योग्यता र व्यावसायिकता नभएका सीमित व्यक्तिहरुले चलाएका धेरै संस्थाहरुमा आन्तरिक कुशासन व्याप्त छ । अधिकांश संस्थाहरुमा लेखा सुपरिवेक्षण समिति, जोखिम व्यवस्थापन समिति लगायतका आन्तरिक समितिहरु नाम मात्रको अवस्थामा रहनु र ऋण प्रवाह गर्दाका बखत सही जोखिम मुल्यांकन नगरेका कारण र बिना धितो ऋण प्रवाह गरेका कारण र संचालकहरुले समेत बचतकर्तालि संस्थालाई गरेको विश्वासको अवमूल्यन भएको अवस्था छ । स्वार्थको द्वन्दको कुनै हेक्का नराखी संचालकहरुले बचतकर्ताको संचित रकम आफैं लिई, निजी लाभका लागि दुरुपयोग गरेको र उत्पादन क्षेत्रभन्दा पनि स्पेकुलेशनमा आधारित लगानी गरी सदस्यको रकमलाई जोखिममा पारेको अवस्था छ । धेरै सहकारी तथा लघुवित्तमा सानो ऋणको लागि राखिएको धितो पुरै हडप्ने प्रवृत्ति र ऋणीलाई थाहै नदिई जग्गा नामसारी वा लिलाम गर्ने गैरकानुनी अभ्यास गर्ने गरेको समेत पाइएको छ । विशेष गरी ठूलो पूँजी र बढी रकमको कारोबार गर्ने बचत तथा ऋण र बहुउद्देश्यीय सहकारीहरु समस्याको जड रहेको बुझ्न सकिन्छ । निसंकोच बैंकिङ्ग कारोबार गर्ने तर वित्तीय सुशासनका आधारभूत सिद्धान्तहरुलाई पालना नगर्ने प्रवृतिले गर्दा यी संस्थाहरुमा रहेको आममानिसको निक्षेप रकम उच्च जोखिममा रहेको पाइन्छ ।

२०७४ सालको सहकारी ऐन र २०७५ सालको नियमावली राजनैतिक संरक्षणमा सीमित व्यक्तिहरुको स्वार्थपूर्तिको लागि जानीजानी कमजोर र अव्यवहारिक बनाइयो । जुनदिन सहकारी ऐन बन्यो, यो क्षेत्रको समस्या त्यही दिन देखि झन् विकराल बन्दै अहिलेको अवस्थासम्म आएको पाइन्छ । तत्कालीन संसद मध्ये सहकारी चलाउने र सहकारीबाट कमाउने अधिकांश जनप्रतिनिधिहरु नै ऐनलाई कमजोर बनाउन र सहकारीमा अपचलन गरिरहेकाहरुलाई संरक्षण गर्नतर्फ अग्रसर भएको जिकिर यसअघि सहकारी समस्या समाधान कार्यदलको अध्यक्षता गरिसकेका विज्ञ न्यायाधीशले गरेका छन् । यसरी सहकारीको समस्या सामाधान गर्ने जिम्मेवारीमा भएका सांसदहरु नै सहकारीमा बदमासी गर्नेहरुलाई जोगाउनतिर लाग्नुले यो क्षेत्रको समस्याको जड आर्थिक भन्दा बढी राजनैतिक रहेको ठहर गर्न सकिन्छ । हालै पारित सम्पति शुद्धीकरण ऐनमा पनि सहकारी ऐनलाई थप कमजोर बनाउने प्रावधानहरु समेटिएका छन् ।

७. नियमनको अभाव:

वर्षौंदेखि समस्याग्रस्त हुँदासमेत वित्तीय संस्था सरह सर्वसाधारणको खर्बौं रुपैयाँ परिचालन गर्ने सहकारी संस्थाहरुको कुनै निकायबाट आधारभूत नियमन पनि नहुनु, बचतकर्ताको पैसाको सुरक्षाको लागि कुनै 'सेफगार्ड' नराख्नु र संचालकलाई जवाफदेही नबनाइनुले नियामक निकायहरुले पनि खतराका संकेतहरु बेवास्ता गर्दै आएको देखिन्छ । सहकारी ऐन २०७४ मा पनि एक स्वतन्त्र तथा राजनैतिक हस्तक्षेपमुक्त नियमनकारी निकायको व्यवस्था गर्नुपर्नेमा फेरि पनि राजनैतिक नेतृत्वलाई नै नियमनको जिम्मा दिएर ऐनलाई निष्प्रभावी बनाउन खोजेको देखिन्छ । कानूनको उद्देश्य सहकारी सदस्यले जम्मा गरेको रकमको सुरक्षा गर्नु र समस्या परेको खण्डमा बचतकर्ताको रकम छिटोभन्दा छिटो फिर्ता दिलाउने हुनुपर्नेमा राज्यको जोड सहकारी संचालक, कर्मचारी लगायतलाई जेलनेलको सजायँ दिने तिर देखिन्छ । यसले गर्दा बचतकर्ताले बचत फिर्ता र न्याय दुवै नपाउने तथा कानूनी अस्पष्टताले गर्दा सहकारी सम्बन्धि विषयमा उजुरी गर्न, मुद्दा चलाउन झनै जटिल अवस्था सिर्जना भएको देखिन्छ । यसका अलावा सहकारी सदस्यहरुमा वित्तीय साक्षरताको कमी, बढी ब्याजदरको आकर्षणले नित्याएको गैरजिम्मेवारीपन, नातागोता इष्टमित्र मिलीजुली चलाउने प्रवृत्तिका साथै नेपालभर क्षेत्र विस्तार गर्न पाउने प्रावधानले गर्दा सहकारी क्षेत्रमा जोखिम बढायो ।

समाधानका उपायहरु

८. सरकारले तत्काल गर्नुपर्ने हस्तक्षेप:

बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार अनुमति तथा सेवा केन्द्र स्वीकृतिको काम तत्काल बन्द गर्ने । सहकारी कर्जा असुली न्यायाधिकरणको गठन गर्ने । कर्जा सूचना केन्द्रको व्यवस्था गर्ने । बचतकर्ताको बचत सुरक्षण गर्नका लागि सहकारी बचत तथा कर्जा सुरक्षण कोष सुरुवात गर्ने । ५० करोडभन्दा माथि कारोबार गर्ने सहकारीलाई ३ वर्ष राष्ट्र बैंकको नियमन र सुपरिवेक्षणमा राख्ने । तरलता अभाव भएका सहकारीहरुलाई धितो राखी ऋण दिने । समस्याग्रस्त सहकारीहरुको सम्पत्ति तथा दायित्वको मूल्यांकन, सम्पत्ति बिक्री गरी सहकारी सदस्यहरुको बचत रकम फिर्ता र रकम अपचलन गर्ने संचालकहरुको सम्पत्ति रोक्का र जफतको प्रक्रिया सुरु गर्ने । अप्ठ्यारोमा परेका लघुवित्तका ऋणीहरुको तुरुन्तै पहिचान गरी कर्जा पुन:तालिकीकरण तथा पुन:संरचनाको व्यवस्था गर्ने।

९. आवश्यक कानून तथा नीति निर्माण:

सहकारी ऐनमा मुद्दाको उजुरी, मुद्दा दर्ता प्रक्रिया लगायतका उल्झन हटाउने, नियमनकारी काम क-कसले गर्ने हो, स्पष्ट रुपमा व्यवस्था गर्ने । सहकारी ऐनका प्रावधान तीनै तहका कानूनमा एकै किसिमको रहने व्यवस्था गर्ने । गलत कार्य गर्ने संचालक/पदाधिकारी तथा खराब ऋणीहरुलाई जवाफदेही बनाउने कानूनी व्यवस्था गर्ने तथा कर्जा नतिर्न उक्साउने कार्यलाई बैंकिङ्ग कसुर मानी दण्डनीय बनाउने ।

१०. नियमनका लागि STI को गठन:

सहकारीहरुको प्रभावकारी नियमनका लागि एक स्वायत्त, स्वतन्त्र तथा राजनैतिक हस्तक्षेप मुक्त नियमनकारी निकायको गठन गरी त्यस संस्थालाई नेपाल राष्ट्र बैंकले आवश्यक क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणको काम गर्ने । उक्त संस्थाले जोखिम व्यवस्थापनका लागि स्थिरीकरण कोषमा

अनिवार्य योगदानको व्यवस्था गर्नुका साथै लघुवित्तको विद्यमान ब्याजदर तथा लाभांशको सीमाहरुलाई पुनरावलोकन गर्ने ।

११. प्रविधिको प्रयोग गरी केन्द्रिकृत डाटाबेसको निर्माण:

एउटा केन्द्रिकृत डाटाबेस बनाई त्यसमा प्रत्येक सदस्य/ऋणीको वित्तीय विवरण रेकर्ड गर्ने व्यवस्था गर्ने, सबै सहकारी संस्थाहरुलाई अनिवार्य कोपोमिस (CoPoMIS) मा आवद्ध गराउने, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको PEARLS रेटिङ्ग प्रणालीको आधारमा वर्गीकरण गर्ने तथा अन्य सहकारी संस्थाहरुको हकमा आवश्यक वित्तीय अनुपातहरु स्थापित गरी लागु गर्ने । प्रविधिको प्रयोग गरी जोखिमको पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको विकास गरी लागु गर्ने, सहकारी तथा लघुवित्तको उपयुक्त संख्या तोकी वर्गीकरण र पुन:संरचना गर्ने ।

१२. सुशासनका लागि क्षमता विकास:

सहकारीका संचालक, पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य सहकारी सम्बन्धी, कर्जा सदुपयोगिता विवरण, निरीक्षण तथा नियमित कर्जा अनुगमनको सम्बन्धमा तालिम दिने । सदस्य तथा ऋणीहरुलाई कर्जा सदुपयोग-सम्बन्धी साक्षरता प्रदान गर्ने, महिला सदस्यहरुको नेतृत्व तथा उद्यमशीलताको विकास गर्ने ।

अन्त्यमा,

१३. सामुहिकताको पुर्नजागरण:

सामुहिकता नेपाली समाजका मौलिक चरित्र हो । सामुहिकता नै हाम्रो उत्थानशीलता (resilience) को आधार हुनुको साथै उत्पादन केन्द्रित आर्थिक उन्नतिको जगसमेत हो । नेपालको बदलिँदो आर्थिक-सामाजिक परिवेश, बढ्दो बसाई-सराई र विदेश पलायन हुने क्रमको कारण नेपालमा सामुहिकताको भावना तीव्र गतिमा क्षय हुने, व्यक्तिवादी चरित्र हावी हुँदै गएको हुनाले सामुहिकताको भावनालाई जोगाउने र प्रवर्द्धन गर्ने नीति नियम तथा विकासका अवधारणाहरु ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।

सहकारी क्षेत्रमा हाल देखिएका विभिन्न समस्याहरुका बावजुद नेपालमा सहकारी अभियानको मनोबल घटाउने होइन कि, सहकारीको सच्चा मर्मअनुरुप प्रभावकारी नियमन गर्दै अझै व्यापक बनाउँदै लजानु पर्नेछ । नेपालको कृषि क्षेत्रलाई तत्कालै फड्को मार्ने वातावरण बनाउँदै हरित अर्थतन्त्रमा व्यापक लगानी गर्न र सीमान्तकृत वर्गमा पुँजीको पहुँच बढाई उत्पादनमुखी आर्थिक गतिविधिमा समाहित गरी उनीहरुलाई अर्थतन्त्रको मुलप्रवाहमा ल्याई नेपालमै लाखौं रोजगारीको जग बसाल्ने सम्भावनाहरु समेत यस क्षेत्रले बोकेको छ ।

१. पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले माघ २०८० मा प्रकाशित गरेका आर्थिक वर्ष ८०/८१ को प्रथम छ महिनाको आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी तथ्यांकले के पुष्टि गर्दछ भने अर्थतन्त्रमा विप्रेषण २५.३% र बैंक तथा वित्तीय क्षेत्रमा निक्षेप ६.६% ले बढ्दा पनि ऋण प्रवाह भने जम्मा ४.०% ले मात्रै बढेको छ । बस्तु र सेवाको उत्पादन एवं उपभोगमा शिथिलता कायम नै छ ।

तथ्यांकमा देशको आर्थिक तथा वित्तीय अवस्था (२०८०/८१ प्रथम ६ महिना)



लघुवित्त तथा सहकारी संस्थामा देखिएका परिदृश्यहरु

देशको अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा: लघुवित्त, सहकारी क्षेत्रमा पहिलेदेखि व्याप्त समस्याहरु झन् बिकराल बन्दै गईरहेको हालको अवस्थामा यस्ता परिदृश्यहरु देखिन्छन् :

- सहकारी तथा लघुवित्त दुवै क्षेत्रका ऋणीहरुको साँवा ब्याज तिर्न नसक्ने संख्या अकाशिँदै उठीबास हुने र आत्महत्याका घटनाहरुमा वृद्धि भएको छ ।
- सहकारीमा बचतकर्ताको रकमको अपचलन भएको कारण वा सहकारी संस्थाहरुप्रति बचतकर्ताको विश्वास गुमेको कारण सबै बचतकर्ताहरु एकैपटक आफ्नो निक्षेप फिर्ता माग्न जाँदा तरलताको अभाव भएको कारणले रकम फिर्ता गर्न नसक्ने अवस्थामा धेरै संस्था पुगेका छन् ।
- सहकारीहरु बन्द हुने तथा संचालकहरु सम्पर्कविहीन हुने प्रवृति बढ्दै गएको र हाल ५०० देखि ७०० को हाराहारीमा सहकारीहरु संकटग्रस्त रहेको अनुमान छ ।

तथ्यांकमा सहकारी



तथ्यांकमा लघुवित्त (क)



- यस्तै घटनाक्रममा वृद्धि हुँदा जनताको वित्तीय संस्थाप्रतिको आक्रोश र अविश्वासको दुरुपयोग गर्दै वित्तीय संस्था विरोधी अभियानहरु चलाईयो । त्यस्ता अभियानप्रति जनताको आकर्षण बढ्दै जाँदा धेरै ऋणीहरुमा साँवा ब्याज नतिरे पनि हुन्छ भन्ने गैरकानूनी सोच विकसित हुँदै गएको छ । यस्तो गलत भाष्यको मलजल हुँदै जाँदा देशको वित्तीय स्थायित्व नै खल्बलिने जोखिम बढ्नेछ।



समस्या समाधानको लागि रास्वपाको पहल

रास्वपाको अर्थ नीति विभागद्वारा लघुवित्त तथा सहकारी संस्थामा देखिएका समस्याहरुको पहिचान गर्दै सोको समाधानका उपायहरुको सिफारिस गर्न नेपाल सरकारले २०७९ र २०८० सालमा दुईवटा छुट्टाछुट्टै कार्यदल गठन गरी तयार पारेका प्रतिवेदनको अध्ययन, सहकारी ऐन २०७४ को विश्लेषणका साथै चितवन, नवलपरासी, कास्की, म्याग्दी, बाग्लुङ, मुस्ताङ, सर्लाही, महोत्तरी लगायतका जिल्लाहरुको स्थलगत अवलोकन, २ दर्जनभन्दा बढी अन्तरवार्ता र विभिन्न संचार माध्यममा प्रकाशित लेख, रिपोर्टको तथ्यगत विश्लेषणलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

२. समस्याका प्रमुख कारणहरु

२.१ आर्थिक धक्का

२.१.१ कर्जा प्रवाहमा उच्च वृद्धि

विगत दुई दशकयता नेपालमा कर्जाको प्रवाह उच्च दरमा भइरहेको छ । कुल ग्राहस्थ उत्पादनको वार्षिक रियल वृद्धि दर ४% र नोमिनल दर १० प्रतिशत भईरहँदा कर्जाको वृद्धि दर भने औसतमा २० प्रतिशतको हाराहारीमा देखिन्छ । हालसम्म कुल ग्राहस्थ उत्पादनको आकार जत्रो छ, कर्जा प्रवाहको स्टक पनि त्यति नै भइसकेको छ । नेपालसँग समान प्रतिव्यक्ति आय भएका मुलुकहरुसँग तुलना गरेर हेर्ने हो भने यो स्तरको कर्जा प्रवाह अधिक भएको स्पष्ट छ ।



कर्जा वृद्धि दर, सन् २००२-२०२३

२.१.२ अर्थतन्त्रमा आएका बाह्य झट्का

यसरी अर्थतन्त्र नै जोखिममा पार्ने गरी उच्च दरमा वृद्धि भइरहेको कर्जाको अधिकांश हिस्सा उत्पादनमूलक क्षेत्रमा भन्दा पनि घर-जग्गा जस्ता अनुत्पादक क्षेत्रमा लगानी भईरहेको थियो । यस्तै अवस्थाका बीच अर्थतन्त्रमा कोभिड-१९ को महामारी, रसिया-युक्रेन युद्ध, इजरायल-हमास युद्ध जस्ता बाह्य झट्काहरु एकपछि अर्को गर्दै निरन्तर आइरहे । सन् २०२२ मा समुन्नत छिमेकी राष्ट्र श्रीलंका समेत विदेशी मुद्राको अभावले संकटग्रस्त भएपछि सावधानीका उपायहरु अपनाउन अन्य मुलुकहरुमा चर्को दबाब पऱ्यो ।

२.१.३ आन्तरिक नीतिहरुको चाप

यस्ता बाहिरी असरसँग जुध्नको लागि होस् वा श्रीलंकाको त्रास देखाएर होस, सरकार तथा राष्ट्र बैंकले विभिन्न वित्तीय तथा मौद्रिक नीतिहरुमार्फत आर्थिक गतिविधिहरुमा अंकुश लगाउँदा अर्थतन्त्रमा वर्षौंदेखि विद्यमान संकटहरु सतहमा उजागर हुन पुगे । फलस्वरुप देशको अर्थतन्त्रमा चरम शिथिलताको अवस्था छाएको छ ।

- सन् २०२१ डिसेम्बरदेखि २०२२ अप्रिलसम्म नेपाल राष्ट्र बैंकले केही बस्तुहरुको आयातको प्रतीतपत्र खोल्दा १००% नगद मार्जिनको व्यवस्था एवं नेपाल सरकारद्वारा सन् २०२२ अप्रिलमा विलासी उपभोग्य बस्तुमा लगाएको आयात प्रतिबन्धले गर्दा राजस्व असुली र सार्वजनिक खर्चमा कमी ।
- राष्ट्र बैंकद्वारा सेयर तथा घरजग्गा कर्जामा कडाई ।



Source: World Bank

- नेपाल सरकारद्वारा अकस्मात किताकाट बन्द हुँदा घरजग्गा जस्ता गैरउत्पादनशील क्षेत्रमा कर्जाको रकमबाट गरिएको लगानी फस्नु जसका कारण तरलता अभाव भई धेरै सहकारीहरु बचत फिर्ता गर्न नसक्ने अवस्थामा पुग्नु ।
- वित्तीय संस्थामा निक्षेपको दर बढाउने होडबाजी चल्दा सहकारीमा रहेको निक्षेप बैंकहरुमा तानिनु ।
- राष्ट्र बैंकद्वारा निक्षेपको ब्याजदर लगायत अन्य नीतिगत दरमा वृद्धि गर्दा ऋणको दर तथा लागतमा वृद्धि भई नगद तथा ऋण प्रवाह ठप्प हुनु र त्यसको असर बचतकर्ता र ऋणीहरुसम्म पर्न जानु ।
- सरकारको चालु खर्च निरन्तर बढ्ने तर पुँजीगत खर्च गर्ने नसक्ने प्रवृतिले निरन्तरता पाउँदा बस्तु तथा सेवाको माग र आम्दानी खुम्चनु ।

२.२ संस्थागत कुशासनको राजनीतिक संरक्षण

- सहकारीको बेथितिले देशको राजनैतिक चरित्र तथा संस्कारलाई नै प्रतिबिम्बित गरेको पाइन्छ । राजनीतिक विकृतिको ऐना सहकारी क्षेत्र बनेको छ ।
- केन्द्रीय, प्रदेश र स्थानीय स्तरमा राजनीतिक भागवण्डाका आधारमा संचालक समिति गठन भई कार्य संचालन गरिने गरेको पाइन्छ ।
- सहकारी संचालनको अनुमति वितरण गर्दा समेत जनता वा स्थानीय अर्थतन्त्रको आवश्यकता भन्दा पनि नीतिगत भ्रष्टाचार गर्दै दलगत फाइदा र राजनैतिक व्यक्तिहरुको लागि पैसाको जोहो र व्यवस्थापन गर्ने उद्देश्यले खोलिएको देखिन्छ।

- सहकारी क्षेत्रलाई व्यवस्थित गर्नको लागि २०४७ सालदेखि अहिलेसम्म विभिन्न समयमा समस्या देखिँदा आयोग गठन गरी छानबिन गरेको जस्तो गर्ने, तर छानबिनको प्रतिवेदन बुझेर थन्क्याउने र समाधानको लागि केही कदम नचाल्ने सरकारको रबैया निरन्तर छ ।
- पूर्व न्यायाधीश गौरी बहादुर कार्कीको संयोजकत्वमा बनेको छानविन समितिले २०७१ सालमा नै सहकारी क्षेत्रको नियमनका लागि आवश्यक प्रभावकारी ऐनको मस्यौदा समेत बनाई बुझाएता पनि तत्कालीन सांसदहरुले नै ऐनलाई कमजोर बनाउन र सहकारीमा बदमासी गरिरहेकाहरुलाई संरक्षण गर्न तर्फ अग्रसर भएको भान हुन्छ।
- २०७४ सालमा सहकारी जस्तो विधेयकमा समेत ६९३ वटा संशोधन दर्ता गराईएका थिए जुन अधिकांश एक अर्काका हुबहु नक्कल गरी सारिएका थिए । तत्कालिन सांसद सहकारी चलाउने र सहकारीबाट कमाउने समूहमा आवद्ध भएको बुझाई छ ।
- विधेयकको मस्यौदामा सहकारी संस्थालाई देशैभरी शाखा खोल्न दिन हुने गरी कार्यक्षेत्र सीमित गर्ने सुझाव दिइएता पनि ऐन बनाउँदा तत्कालीन सांसदहरुले देशैभरी शाखा खोल्न मिल्ने र सहकारीको कार्यक्षेत्रको स्थायी बासिन्दा नभई कार्यक्षेत्रमा बसोबास मात्रै गरेको भए पनि सदस्य हुन पाउने प्रावधान राखेका थिए।
- २०७४ सालको सहकारी ऐन र २०७५ सालको नियमावली राजनैतिक संरक्षणमा सीमित व्यक्तिहरुको स्वार्थपूर्तिको लागि जानी जानी कमजोर र अव्यवहारिक बनाइयो । सहकारी क्षेत्रको समस्या त्यही मितिदेखि झन् विकराल बन्दै अहिलेको अवस्थासम्म आएको पाइन्छ ।
- २०८० माघ २४ मा पारित सम्पत्ति शुद्धीकरण ऐनमा पनि सहकारी ऐनलाई थप कमजोर बनाउने प्रावधान राखिएको छ ।

२.२.१ असक्षम संचालक समिति तथा कर्मचारी

- समितिमा रहने पदाधिकारीहरुको न्यूनतम योग्यता निर्धारण नहुँदा संचालन गर्ने पदाधिकारीहरु र कर्मचारीहरुमा सहकारी संचालन सम्बन्धी आधारभूत व्यवसायिकता र तालिमको कमी देखिन्छ । सहकारीको मर्म र सहकारी ऐन अनुसार सदस्यहरुले संचालन गर्नुपर्ने संस्थामा त्यसको ठिक विपरीत आन्तरिक लोकतन्त्र, आवधिक नेतृत्व परिवर्तन नभएको देखिन्छ । कुनै कर्पोरेट सुशासन विधि बिना चल्ने यी संस्थाहरुमा खराब नेतृत्व, कमजोर स्वनियमन, पारदर्शिता र जवाफदेहीताको कमी, संचालक समिति सदस्यको इमान्दारीता र क्षमतामा कमी, नियमित कार्यहरुमा सञ्चालकहरुको हस्तक्षेप जस्ता कारणले गर्दा व्यापक तहमा स्वार्थ बाझिने गरेको देखिन्छ । बचतकर्ताको पैसाबाट जिम्मेवार पदाधिकारीले नै व्यक्तिगत लाभ लिने उद्देश्यले कर्जा लगानी गरी सदस्यहरुको रकम अपचलन गर्ने प्रवृतिहरु धेरै नै भेटिएको छ ।

२.२.२ कमजोर आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासन

- अधिकांश संघ, संस्थाहरुको लेखा सुपरिवेक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण समिति र कर्मचारी सेवा सुविधा समिति लगायतका अन्य आन्तरिक समितिहरु निष्क्रिय रही नाम मात्रको अवस्थामा रहेको देखिन्छ ।
- नियमित वित्तीय स्वास्थ्य जाँच, तरलता जोखिमको मापन, बचतको अनुपातमा तरलता कायम गर्ने पर्याप्त योजना नहुँदा वित्तीय असन्तुलन कायम भएको देखिन्छ ।
- उच्च दरमा लाभांश वितरण गर्ने होड, लघुवित्तहरु अत्यधिक नाफा केन्द्रित भई अन्धाधुन्ध कर्जा लगानी र जबरजस्ती असुलीमा जोड दिनाले क्षमताभन्दा प्रणाली अत्यधिक विस्तारित देखिन्छ ।

- कर्मचारीलाई उच्च कर्जा प्रवाहको महत्वाकांक्षी व्यवसायिक लक्ष्य दिने र ऋण प्रवाह गर्नु अघि जोखिमको उचित विश्लेषण नगरेका कारण कर्जा अनुशासन र असुली बिग्रिएको पाइन्छ ।
- सहकारी संस्थामा व्यवस्थापनका लागि सूचना प्रणालीको कति पनि प्रयोग नभएको देखिन्छ ।
- बहुबैंकिङ्गसँगै केही ग्राहकमा अत्यधिक ऋण र जोखिमपूर्ण कारोबारको अवस्था सिर्जना भएको देखिन्छ ।
- धेरै सहकारी तथा लघुवित्तमा सानो रकमको ऋणको लागि ऋणीले राखेको धितो पुरै हडप्ने प्रवृत्ति र ऋणीलाई खबरै नगरी जग्गा नामसारी वा लिलाम गर्ने गैरकानुनी अभ्यास गर्ने गरेको समेत पाइएको छ भने कतिपय राम्रो ठाउंमा रहेका घरजग्गा नै हडप्ने नियतका साथ ऋण लिन लगाई धितो राख्न लगाउने कुप्रवृति पनि भेटिएको छ ।
- ऋणीहरुले पनि लिएको रकमलाई आम्दानीमुलक काममा प्रयोग गर्नुको सट्टा उपभोग्य तथा अनुत्पादक खर्चका लागि प्रयोग गर्ने गरेको पाइएको छ । फलस्वरुप एउटा संस्थाबाट लिएको ऋणको किस्ता र व्याज तिर्नको लागि अर्को संस्थाबाट एकपछि अर्को ऋण लिने प्रवृत्ति मौलाएको र एकैजनाले धेरैवटा संस्थामा सदस्य भई ऋण लिएको देखिन्छ । जस्तैः १० भन्दा बढी लघुवित्त संस्थाबाट ऋण लिने एकै जना ऋणीको औसत ऋण रु १५.३५ लाख र ६ देखि १० वटा लघुवित्त संस्थाबाट ऋण लिने एकै जना ऋणीको औसत ऋण रु ८.८ लाख रहेको तथ्यांकले देखाउंछ ।

२.२.३ समस्याको जड ठूला बचत तथा ऋण र बहुउद्धेश्यीय सहकारीहरु

संसारभरको अभ्यासमा बचत, ऋणजस्ता वित्तीय संस्थाले गर्ने काम सहकारीले हुबहु गर्ने चलन छैन । तर नेपालमा संचालनमा रहेका सहकारी संस्थाहरुमध्ये करिब ५०% बचत तथा ऋण सहकारी संस्था रहेका छन भने अधिकांश बहुउद्देश्यीय तथा वस्तुगत सहकारी संस्थाहरुले पनि बचत तथा ऋणकै काम गरिरहेका छन् । यी सहकारीहरुले कुनै नियमन बिना बैंक सरह वित्तीय संस्थाको जस्तो सबै काम गर्ने र सर्वसाधारणको पैसा चलाउने गरिरहेका छन् ।
सीमित व्यक्तिहरुले हालीमुहाली गर्दै घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा लगानी गरी छिटो पैसा कमाउने धन्दामा लाग्दा बचतकर्ताको रकम जोखिमयुक्त भएको पाइन्छ । जगेडा कोषमा रकम जम्मा गरी संस्था बलियो बनाउनुको सट्टा ५०% भन्दा बढी सहकारी संस्थाहरुले कूल सम्पत्तिको आधारमा ५% भन्दा कम जगेडा कोष राखेको पाईन्छ । यसरी केही व्यक्तिको लगानी डुव्दा संस्था र बचतकर्ता सबैको पैसा डुबेको अवस्था छ । उदाहरणः सुमेरु, देउराली, ईमेज, शिवशिखर, सुर्यदर्शन सहकारी, आदि । यसरी सहकारी संचालकहरुले सहकारीको मर्म र नियम विपरित बचतकर्ताको रकम अपचलन गरी व्यक्तिगत लाभ लिने प्रवृत्तिले गर्दा सम्पूर्ण वित्तीय क्षेत्रलाई नै समस्यामा पारेको र यी संस्थाहरुप्रति जनताको विश्वास गुमेको देखिन्छ ।

२.२.४ लक्ष्यबाट विचलन हुने प्रवृत्ति

सहकारी ऐन २०७४ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूंजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताको आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रुपमा सहकारी संस्थाहरुको व्याख्या गरेको छ । तर सहकारी संस्थाहरु नाफामा मात्र जोड दिई सामाजिक उद्देश्यबाट विचलित हुने र सामुदायिकतामा चलाउनुपर्ने संस्था एक दुई जना व्यक्तिकै हालीमुहालीमा चल्ने गरेको पाइएको छ । लघुवित्तहरुपनि सुगम क्षेत्रमा अधिक केन्द्रित भएका कारण दुर्गम क्षेत्र तथा विपन्न वर्गलाई वित्तीय सेवा प्रदान नगरेको पाइन्छ । ७७ जिल्लामा लघुवित्त वित्तीय संस्थाहरुको उपस्थिति रहेतापनि अझै १०० गाउँपालिकामा एउटा पनि शाखा छैनन् ।

२.३ नियमनको अभाव

राजनैतिक पहुँच भएका व्यक्तिले मात्रै सहकारीको अनुमतिपत्र पाउने अवस्था (Politicization of Licensing) ले गर्दा सहकारीको संचालक वा अध्यक्ष राजनैतिक पहुँच, संरक्षण भएको र स्थानीय स्तरमा दह्रो पकड भएको व्यक्तिबाहेक अरु कोही बन्नै नसक्ने अवस्था छ । सहकारी संचालकको रुपमा प्रत्यक्ष आर्थिक लाभ लिएर घर जग्गामा लगानी गर्नलाई होस् वा महंगो चुनाव लड्नको लागि चाहिने पैसामा जसको पहुँच हुन्छ, प्रत्यक्ष चुनाव जितेर जनप्रतिनिधि बन्ने सम्भावना पनि उनीहरुकै बढी हुन्छ । यसरी आफैं प्रत्यक्ष रुपमा लाभान्वित भइरहेको संस्थालाई जनप्रतिनिधिहरु अन्तर्गतकै तहले नियमन गर्ने व्यवस्था बनाई सहकारी ऐनलाई निष्प्रभावी र अव्यवहारिक बनाइएको छ । साथै सहकारीको नियमन र व्यवस्थापनको लागि अपरिहार्य समयसापेक्ष सुरक्षा प्रविधि, केन्द्रिकृत डाटाबेसको प्रयोग न्यून छ ।

युवराज खतिवडा (२०६१) तथा महाप्रसाद अधिकारी (२०६९) को प्रतिवेदनमा स्पष्ट रुपमा Second Tier Institution (STI) बनाई सहकारी संस्थाको प्रभावकारी नियमन गर्नुपर्ने सुझाव दिइएता पनि राजनीतिक स्वार्थका कारणले सहकारी ऐन २०७४ बनाउंदा नियतवस नै सहकारी नियमनको लागि स्वायत्त निकायको व्यवस्था गरिएन । राजनैतिक स्वार्थकै कारण अत्यन्त प्राविधिक रहेको वित्तीय क्षेत्र नियमनको जिम्मा सिधै स्वार्थ बाझिने र कुनै क्षमता र श्रोत साधन नभएका राजनैतिक नेतृत्वलाई नै सुम्पिने गरी स्थानीय तह, प्रदेश सरकार र संघ अन्तर्गत राखियो ।

२.३.१ ऐन सजाय केन्द्रित हुँदा बचतकर्ता मर्काना

सहकारीले सदस्यको बचत रकम भुक्तानी गर्न नसक्ने अवस्थामा समस्याग्रस्त भएको घोषणा गरी, ऐनको दफा १०५ अनुसार व्यवस्थापन समिति गठन गरी संस्थाको सम्पति तथा दायित्वको यकिन विवरण र तथ्यांक संकलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्यांकन गरी सम्पति बिक्री लगायतको कार्य गरी सहकारी सदस्यहरुको रकम, बचत फिर्ता गर्ने तर्फ प्राथमिकता दिनुपर्छ । यसरी प्रतिवेदन तयार हुँदा त्यसमा सहकारीका संचालक लगायतले ऐन विपरित कसूर गरेको पाइएमा उनीहरु विरुद्ध मुद्दा चलाउनुपर्छ । तर अहिलेको अवस्थामा पहिले 'रिसोलुसन' प्रक्रिया पूरा नगरी संचालक, कर्मचारीले गलत गरेकै हुनुपर्छ भन्ने पूर्वाग्राही धारणा बनाईन्छ । यसरी पूर्वाग्राही धारणा राखेर दायर गरेको मुद्दा आफैंमा कमजोर मात्र नभई बचतकर्ता समेतको हित विपरित हुने गर्दछ ।

सहकारी संचालक तथा कर्मचारीहरु विरुद्धको ठगी र सहकारी कसुर मुद्दा सर्वोच्चसम्म पुगी अन्तिम फैसला हुँदा वर्षौं लाग्ने तितो यथार्थ रहेको छ । तर उक्त समयसम्म सहकारी सदस्यले आफ्नो रकम फिर्ता नपाउने अवस्था छ । आफ्नै पैसा वर्षौं मुद्दा लडेर प्राप्त भए पनि न्याय पाएको अनुभव हुँदैन ।
कानूनको उद्देश्य सहकारी सदस्यले जम्मा गरेको रकम सुरक्षा गर्नु हो र यदि समस्या परेको खण्डमा उक्त सहकारी सदस्यको बचत छिटोभन्दा छिटो फिर्ता दिलाउनु हो । तर, समग्र राज्य संयन्त्र बचतकर्ताको रकम फिर्ता गर्नुभन्दा पनि सहकारी संचालक, कर्मचारी लगायतलाई थुन्न अग्रसर भएको देखिन्छ ।

२.३.२ कानूनको अन्तरद्वन्द

नेपालमा सहकारीको नियमन गर्ने विशेष कानुन सहकारी ऐन २०७४ को दफा १२२ ले दर्ता नगरी वा खारेज भएको सहकारी संस्था संचालन गरेमा सदस्यको बचत यस कानून बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा, जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा, समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पति, बचत वा शेयर रकम हिनामिना गरेमा यी कार्यलाई कानून विपरित मानी सजायको व्यवस्था गरेको छ । जसअनुरुप सहकारीको संचालक, व्यवस्थापक, कर्मचारी लगायतलाई कसूर गरेमा दण्ड सजाय, जरिवाना समेतको व्यवस्था गरेको छ ।

सहकारीसँग सम्बन्धित मुद्दामा प्राय: मुलुकी अपराध संहिता २०७४ को दफा २४९ अन्तर्गत ठगी मुद्दा दायर गर्ने अभ्यास छ । यसै कारणले सहकारीको विषयमा केही विवाद आउन नपाउँदै ठगी भयो भन्ने चलन छ । मुलुकी अपराध संहिता २०७४ को दफा ५ बमोजिम विशेष ऐनद्वारा छुट्टै कसूर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने सोही कानूनको आधारमा कारवाही गरिने व्यवस्था छ । सहकारी सम्बन्धी विषयमा विशेष कानूनको सट्टामा सामान्य कानून प्रयोग गरी ठगी मुद्दा दायर हुँदा गलत बाटो प्रयोग गरी मुद्दा ल्याइएको भन्ने प्रश्न निरन्तर अदालतमा उठ्ने गरेको छ । त्यसैले, सरकारले मुद्दा दायर गर्दा कुन कानून प्रयोग गर्ने र उक्त कानून अनुरुप प्रमाण संकलन गरी अभियोग दाबी लिने भन्ने विषयमा स्पष्टता नहुँदा कानूनी जटिलता अझ बढेको छ ।

सहकारीको विषयमा कुन निकायमा उजुरी, क-कसले अनुसन्धान गर्ने लगायत विषय ऐनमा प्रष्ट रुपमा किटान नहुँदा अहिले यहि दुविधाका कारण पीडित बचतकर्ताले प्रहरीकोमा गए सहकारी विभागमा, सहकारी विभाग गए प्रहरीकोमा जाउ भनी उजुरकर्ता एउटा अड्डाबाट अर्को अड्डा धाउनु पर्ने अवस्था छ । अन्तमा पहुँचकै आधारमा नै उजुरी दर्ता र मुद्दा चलाउने कार्य भएको यथार्थ छ ।

३. समाधानका उपाय

३.१ सरकारले तत्काल गर्नुपर्ने हस्तक्षेप

कम्तीमा एक वर्षका लागि बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार अनुमति तथा सेवा केन्द्र स्वीकृतीको काम बन्द गर्ने । सहकारीहरुले घर जग्गा लगायतका अनुत्पादनशील क्षेत्रमा गरिने लगानीलाई बन्द गर्ने ।

- कर्जा सूचना केन्द्र कार्यान्वयनमा ल्याउने ।
- ५० करोड भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरुको नियमन राष्ट्र बैंक अन्तर्गत ल्याउने ।
- बचतकर्ताको निक्षेप सुरक्षण गर्न अमेरिकाको FDIC (Federal Deposit Insurance Corporation) जस्तै सहकारी बचत तथा कर्जा सुरक्षण कोष तत्काल स्थापना गर्ने । सो कोषमा सम्पूर्ण बचत तथा ऋणको कारोबार गर्ने प्रारम्भिक संस्था, संघ र सहकारी बैंकले आफनो कूल सम्पत्तिको निश्चित प्रतिशत तोकी मापदण्ड बनाई तत्काल जम्मा गर्नुपर्ने व्यवस्था मिलाउने ।
- तीन महिनाभित्रमा नेपालभरका सम्पूर्ण सहकारीहरुको अनुगमन गरी तीन वर्गमा वर्गीकरण गर्ने व्यवस्था गर्ने
    - क) समस्याग्रस्त (रकम अपचलन भई संस्था बन्द वा संचालकहरु फरार रहेका)
    - ख) तरलता अभावका कारण बचतकर्ताको बचत फिर्ता गर्न नसक्ने अवस्थामा रहेका
    - ग) समस्यारहित अवस्थाका
- सदस्यको बचत रकम भुक्तानी गर्न नसक्ने अवस्थामा रहेका सहकारीहरुलाई समस्याग्रस्त भएको घोषणा गरी ऐनको दफा १०५ अनुसार व्यवस्थापन समिति गठन गरी संस्थाको सम्पत्ति तथा दायित्वका यकिन विवरण र तथ्यांक संकलन एवं अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्यांकन गरी सम्पत्ति बिक्री लगायतको कार्य गरी सहकारी सदस्यहरुको रकम, बचत फिर्ता गर्ने तर्फ प्राथमिकता दिने । यसरी प्रतिवेदन तयार हुँदा त्यसमा सहकारीका संचालक लगायतले ऐन विपरित कसूर गरेको पाइएमा उनीहरु विरुद्ध मुद्दा चलाउने ।
- आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा ऋण भुक्तानी गर्न अप्ठ्यारोमा परेका लघुवित्तका ऋणीहरुको तुरुन्तै पहिचान गर्ने ।
- नियतवश ऋण नतिर्ने लघुवित्त ऋणीहरुलाई कालो सूचीमा राख्नुको साथै स्थानीय तहसँगको सहकार्यमा कारबाही प्रकृया अघि बढाइ ऋण असुली गर्ने ।

- सक्रिय कर्जालाई मात्र नभई निश्चित मितिसम्मको झुनसुकै वर्गमा रहेको कर्जालाई पनि पुन:तालिकीकरण तथा पुन:संरचना गर्न सक्ने व्यवस्था गर्ने ।
- सन् २००० को दशकमा विश्व बैंकको ऋण सहयोगमा वित्तीय क्षेत्र सुधार कार्यक्रम संचालन भएजस्तै सहकारी क्षेत्रको सुधार तथा पुन:संरचनाको कार्यक्रम लागु गर्ने ।
- संचालकहरु तथा कर्मचारीको सन्दर्भ सामग्रीको रुपमा पालना गर्न मिल्ने सहकारी संस्था संचालनको Standard Operating Procedure (SOP) बनाउने ।

३.२ आवश्यक कानून तथा नीति निर्माण

संसदले बलियो इच्छाशक्तिका साथ आवश्यक नियम कानूनहरु बनाएर तुरुन्तै कडाइका साथ लागु गरी यी क्षेत्रहरुलाई नियमन गर्ने ।

- दफा ८२ मा कर्जा असूली न्यायाधिकरण रहने र गठन संचालन तोकिए बमोजिम हुने भनी नियममा तोकिने प्रावधान रहेको छ । मुद्दा छिन्ने अधिकार नियमले तोक्ने नभई ऐनमा नै व्यवस्था गर्नुपर्ने भएकाले २०७१ मा आयोगले सुझाएको मस्यौदामा आवश्यक संशोधन गरेर ऐन बनाउनु पर्दछ ।
- सहकारी सम्बन्धी मुद्दाको विषयमा कुन निकायमा उजुरी दिने, क-कसले अनुसन्धान गर्ने लगायत विषय सहकारी ऐनमा नै प्रष्ट रुपमा किटान गर्नुपर्ने आवश्यकता देखिन्छ । सहकारी ऐनमा सहकारी सम्बन्धी मुद्दाको उजुरी, मुद्दा दर्ता प्रक्रिया लगायतका अस्पष्टतालाई हटाउन जरुरी देखिन्छ ।
- सहकारी ऐनमा नियमनकारी काम क-कसले गर्ने हो, स्पष्टरुपमा व्यवस्था गर्ने । सहकारी ऐनका प्रावधान संघ, प्रदेश, महानगरपालिका, नगरपालिका, गाउँपालिका सबै तहका लागि कानून एकै किसिमबाट रहनु पर्दछ । अहिलेको सहकारी ऐन, २०७४ को दफा ७२, ७३, ७४, ७५, ७६ र ७७ का प्रावधान सबै तहका कानूनमा एकै किसिमबाट रहनु पर्दछ ।
- समस्याग्रस्त देखिन आएको सूचना पाएमा संघको सहकारी विभागले छानबिन गर्न सक्ने कानूनी अधिकार दिइनु पर्दछ ।
- हाल सहकारी सम्बन्धी मुद्दामा विशेष कानूनको सट्टामा सामान्य कानून प्रयोग गरी ठगी मुद्दा दायर गर्ने गरिएको सन्दर्भमा सहकारी ऐन २०७४ मा संसदले तत्काल संशोधन गरी सहकारी सम्बन्धी मुद्दा दायर गर्नको लागि स्पष्ट विशेष कानूनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- सहकारी संघ संस्थाहरुको संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुन निश्चित योग्यता तोक्नुपर्ने र बैंक तथा वित्तिय संस्थामा जस्तै एकै पदमा लगातार दुई कार्यकालभन्दा बढी अवधि रहन नपाउने कानूनी व्यवस्था गर्ने ।
- सहकारी संघ संस्थाहरुको संचालक समितिमा सम्बन्धित विषय विज्ञता भएका स्वतन्त्र संचालकहरु रहने व्यवस्था गर्ने ।
- सहकारीमा नियम विपरित काम गर्ने संचालक/पदाधिकारी तथा खराब ऋणीहरुलाई कुनै पनि राजनीतिक नियुक्ति/सार्वजनिक लाभको पद नपाउने तथा निर्वाचनमा भाग लिन नपाउने कानूनी व्यवस्था गर्ने ।
- देशभरीका सहकारी संस्थाका संचालक तथा पदाधिकारी एवं व्यवस्थापन तहका कर्मचारीहरुको सम्पत्ती विवरण संकलन गरी अभिलेखीकरण गर्ने । कुनै संस्थाले बचतकर्ताको पैसा फिर्ता दिन नसकेको अवस्थामा तुरुन्तै संस्था र संचालकहरुको बैंक खाता तथा सम्पति रोक्का गर्न मिल्ने कानुनी व्यवस्था गर्ने ।
- सहकारी संस्थाहरुमा प्रतिव्यक्ति बचत तथा कर्जाको सीमा तोकिनुपर्ने ।
- सहकारी संस्थाहरुको कार्यक्षेत्र एउटै स्थानीय तहभित्र मात्र सीमित रहने गरी ऐनमै व्यवस्था गर्ने ।

- कुनै सहकारी/लघुवित्तमा नियम विपरित गतिविधि भएको जानकारी हुँदा संस्थाकै सदस्य, कर्मचारी वा जो कोहीले पनि नियामक निकायमा उजुरी गर्न सक्ने पद्धति बनाउने । Whistleblower Protection को कानूनी व्यवस्था गर्ने ।
- कर्जा नतिर्ने उक्साउने कार्यलाई बैंकिङ्ग कसूर मानिने गरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ संशोधन गरी यस्ता गतिविधिहरुलाई दण्डनीय बनाउने ।

3.3 नयाँ नियमनकारी संयन्त्रको निर्माण (STI: Second Tier Institution)

- सहकारी संस्थाहरुको सही नियमन गर्ने विषय वित्त, लेखा, अर्थ, व्यवसायिक सुशासन जस्ता अत्यन्त प्राविधिक विषयहरु संलग्न भएकाले एउटा प्रभावकारी नियमनकारी संयन्त्र STI को व्यवस्था गन आवश्यक कानूनहरु संसदले तत्काल निर्माण गरी लागू गर्नुपर्ने देखिन्छ । वा विकल्पमा यस्तो संयन्त्र राष्ट्र बैंक भित्र नै सम्पति शुद्धीकरणको वित्तीय जानकारी इकाइ जस्तो रुपमा राख्न सकेमा पनि प्रभावकारी हुन सक्छ ।
- वर्तमान अवस्थामा राष्ट्रिय सहकारी बैंकलाई सहकारीको उचित नियमन गर्ने निकायको रुपमा विकास गर्न सकिन्छ । त्यसका लागि युवराज खतिवडा (२०६१) तथा महाप्रसाद अधिकारी (२०६२) को प्रतिवेदनले सुझाएअनुसार तत्कालको लागि नेपाल राष्ट्र बैंकले आवश्यक क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणको काम गर्ने ।
- सो STI नेपाल राष्ट्र बैंकजस्तै एक स्वायत, स्वतन्त्र तथा राजनैतिक हस्तक्षेप मुक्त नियमनकारी निकाय हुनुपर्ने ।
- मौजुदा सहकारी ऐनमा संशोधन गरी स्थिरीकरण कोषमा सहकारीहरुको योगदान कूल सम्पत्तिको अनुपातमा निश्चित रकम छुट्टाएर वित्तीय कारोबार गर्ने सबै सहकारीहरुको अनिवार्य योगदान हुने व्यवस्था मिलाउनुपर्ने ।
- स्थिरीकरण कोषमा जगेडा कोष पछिको नाफाको पाँच प्रतिशत योगदान तोकिएको हुँदा बचत तथा ऋण सहकारी संस्थाहरुको वासलात बमोजिम कूल सम्पतिको आधारमा निश्चित प्रतिशत तोकिनुपर्ने ।
- क्षेत्रीय तथा अन्तराष्ट्रिय अभ्यास जस्तै भारत, बंगलादेशको अनुशरण गरी लघुवित्तको विद्यमान १५ प्रतिशतको ब्याजदर तथा लाभांशको १५ प्रतिशतको सीमा दुवैको पुनरावलोकन गर्नुपर्ने ।
- व्याजदरको सम्बन्धमा वाणिज्य बैंकहरुको आधार दरको १.७५ गुणासम्म वा लघुवित्त संस्थाहरुले कोषको लागतमा ८ प्रतिशत विन्दु थप मध्ये जुन कम हुन्छ, त्यसलाई ब्याजदर सीमाको रुपमा लिने व्यवस्था मिलाउन सकिने।

3.8 प्रविधिको प्रयोग गरी केन्द्रिकृत डाटाबेसको निर्माण

- प्रविधिको प्रयोग गरी प्रत्येक सदस्य/ऋणीलाई 'यूनिक आईडी' प्रदान गरी उनीहरुको कर्जा रेकर्ड लगायत वित्तीय विवरण राख्ने व्यवस्था गर्ने ।
- सबै सहकारी संघ संस्थालाई कोपोमिसमा अनिवार्य आवद्धताको लागि कर चुक्ता, धरजगगा रोक्का फुकुवा, बैंक खाता खोल्दा तथा कुनै सरकारी निकायबाट अनुदान दिनको लागि अनिवार्य रुपमा कोपोमिसमा आवद्ध तथा विवरण प्रविष्टी गरेको हुनुपर्ने व्यवस्था सम्बन्धित नियामक निकायले मिलाउने ।
- बचतकर्ताको बचत, ऋणीले कर्जाको किस्ता र ब्याजको लागि प्रयोग गरेको नगदको स्रोत अनुगमन गर्ने व्यवस्था गर्ने ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको अनुगमन, सुपरिवेक्षण गरी PEARLS रेटिङ्ग प्रणाली लागू गरी वर्गीकरण गर्ने । अन्य सहकारी संस्थाहरुको हकमा पनि

आवश्यक वित्तीय अनुपातहरु स्थापित गरी लागू गर्ने ।

- संस्थाका शाखाहरुको आन्तरिक लेखा परीक्षण कम्तीमा ६ महिनामा एक पटक हुने पर्ने व्यवस्था गर्ने । आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको संस्थालाई सञ्चालन जोखिम वापत थप पूँजी व्यवस्था गर्न लगाउने ।
- प्रविधिको प्रयोग गरी जोखिमको पूर्वानुमान तथा पूर्वसुचना प्रणालीको विकास गरी लागु गर्ने ।
- सहकारीको उपयुक्त संख्या तोकी वर्गीकरण र पुन:संरचना गर्ने ।

३.५ सुशासनका लागि क्षमता अभिवृद्धि तथा वित्तीय शिक्षा

३.५.१ पदाधिकारी तथा कर्मचारीलाई अनिवार्य तालिम दिने

- सहकारी संघ/संस्थामा नयाँ निर्वाचित भई आउने समितिका पदाधिकारी तथा सदस्यहरुले तीन महिनाभित्र सहकारिता सम्बन्धी तालिम अनिवार्य लिनुपर्ने व्यवस्था गरी उनीहरुलाई दक्ष, योग्य र सक्षम बनाउने ।
- प्रत्येक संस्थाले पर्याप्त कर्मचारी, तालिम लगायतका व्यवस्था गरी आफ्नो आन्तरिक लेखा परीक्षण एकाईलाई सुदृढ बनाउने ।
- कर्जा सदुपयोगिता विवरण, निरीक्षण तथा नियमित कर्जा अनुगमनको सम्बन्धमा कर्मचारीलाई अभिमुखीकरण गर्ने । कर्जा सदुपयोगिताको उचित र आवधिक प्रतिवेदन तयार गर्ने ।

३.५.२ महिला नेतृत्व र महिला उद्यमशीलतालाई प्रोत्साहन गर्ने

- कृषि र उत्पादनजन्य क्रियाकलापहरुमा महिलाहरुको बढी सहभागीता हुने गर्दछ । भ्रष्टाचार नियन्त्रण, सुशासनमा वृद्धि, लक्षित वर्गको उत्थान र सहकारीलाई सामुहिकताको मर्मअनुसार संचालन गर्न संचालक समितिमा र सदस्यमा महिलाको सहभागिता व्यापक रुपमा बढाउनै पर्छ ।
- सहकारी ऐनमा पनि भएको ३३ प्रतिशत महिला हुनुपर्ने नियमलाई लागु गराउनुपर्छ । बंगलादेशमा ग्रामीण बैंकको सफलताको कारक पनि महिलाको आर्थिक सशक्तिकरण र निर्णय प्रकृयामा अधिक सहभागिता र नेतृत्वदायी भूमिका नै भएको पाइन्छ ।

३.५.३ सदस्य तथा ऋणीहरुलाई वित्तिय साक्षरता प्रदान गर्ने

- नयां सदस्य तथा ऋणीहरुलाई सहकारीको सदस्यता र लघुवित्तको ऋण लिनुअघि अनिवार्य रुपमा वित्तिय साक्षरता प्रदान गर्ने व्यवस्था गर्ने । पुराना सदस्य तथा ऋणीहरुलाई पनि आवधिक रुपमा तालिम तथा कक्षाहरुको व्यवस्था गरी उनीहरुको ज्ञानको अद्यावधिक गर्ने ।
- सदस्य तथा ऋणीहरुलाई अनिवार्य रुपमा खर्च तथा आम्दानीको हरहिसाब राख्ने, ऋण उपयोगको योजना बनाउने तथा नाफा घाटाको सामान्य हिसाब गर्न सक्ने गरी आवश्यक तालिम तथा शिक्षा दिने।
- सदस्य तथा ऋणीहरुलाई ऋण जुन उद्देश्यका लागि लिईएको हो, त्यही उद्देश्यकै लागि मात्र लगानी गर्नुपर्छ र त्यही लगानीको प्रतिफलले ऋणको सांवा र ब्याज तिर्नुपर्छ भन्ने कुरा बुझाउने ।
- सदस्य तथा ऋणीहरुलाई संस्थाबाट लिएको ऋण पूँजी निर्माण तथा उत्पादनमुलक काममा मात्रै उपभोग गर्न सिकाउने ।
- सदस्य तथा ऋणीहरुलाई संस्थाबाट लिएको ऋण जसरी पनि तिर्नुपर्छ र एउटा ऋण तिर्नको लागि अर्को ऋण लिनुहुंदैन भन्ने चेत गराउन आवश्यक कक्षा तालिम उपलब्ध गराउने ।

अन्तमा,

सामूहिकताको पुनर्जागरण

सहकारी तथा लघुवित्त भनेको सामूहिकताको अवधारणामा चल्ने संस्था हुन् । सदियौंदेखि अक्षुण्ण रहेको सामुहिकताको जग भनेको हाम्रो सामाजिक पूँजी हो । नेपालको बदलिँदो आर्थिक सामाजिक परिवेश र विगतका वर्षहरुमा शहर केन्द्रित बसाई-सराई र विदेश पलायन हुने क्रम अत्यधिक बढिरहेको कारण यहाँको सामाजिक बनोट र सौहार्द्रता तीव्र गतिमा क्षयीकृत भइरहेको छ । नेपालमा सामूहिकताको भावनामा व्यापक कमी आउनु लघुवित्त तथा सहकारी क्षेत्रमा देखिएको समस्याको एउटा कारणको रुपमा लिन सकिन्छ ।

सामूहिकता नेपाली समाजको मौलिक चरित्र हुँदा दु:ख, विपतसँग जुध्न सक्ने हाम्रो उत्थानशीलताको आधार पनि हो । सामूहिकता र उत्पादनमा आधारित सहकारी, लघुवित्त लगायतका अवधारणाहरु नेपालको अर्थतन्त्रको महत्वपूर्ण खम्बा र नेपाली जनताको उन्नतिको आधार पनि हुन्। उत्पादनसँग सम्बन्धित निश्चित उद्देश्यहरु जस्तै: दुध, तरकारी, फलफुल, जडीबुटी, आदि उत्पादन गर्ने, जम्मा गर्ने, बजारसँग जोड्ने सहकारीहरुले छोटो समयमै आफ्ना सदस्यहरुको आर्थिक सामाजिक स्तर उकासेका उदाहरणहरु नेपालभर छन् । तर औद्योगिक राष्ट्रहरुको अन्धाधुन्ध अनुसरण गर्दा हाम्रो समाजको मौलिक चरित्रमा परिवर्तन आएको छ । नीति निर्माताहरुले सामूहिकताको भावनामा आइरहेको ह्रासलाई मनन गर्दै यस्ता भावनालाई जोगाउने र प्रवर्द्धन गर्ने विकासका अवधारणाहरु ल्याउन आवश्यक छ।

नेपालको संविधान २०७२ मै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील आर्थिक उद्देश्य हुनेछ भनी उल्लेख गरिएको छ । अमेरिकाको केडिट यूनियन, इजरायलका कबज् (Kibbutz) र मोशभ (Moshav) सहकारी, भारतमा अमुल, लिज्जत जस्ता सहकारी, जापानका उपभोक्ता सहकारीहरुले राष्ट्रिय अर्थतन्त्रको विकासमा गरेका योगदान अनुकरणीय छन् ।

ग्रामीण अर्थतन्त्र र नयाँ विकास भइरहेका सहरहरुको अर्थतन्त्रसँग जोडेर हेर्दा अब बढी जोड दिनुपर्ने क्षेत्रहरु जस्तै फलफूल, जडीबुटी, गैरकाष्ठ वन पैदावार, दूधजन्य, आदिको उत्पादनमा जोड दिनुपर्नेछ । त्यसको लागि एकातर्फ नेपालमा कृषि उत्पादन व्यापक रुपमा बढाउनुपर्ने देखिन्छ भने अर्कोतर्फ जग्गाहरु द्रुत गतिमा बाँझो हुँदै गईरहेको अवस्था छ । पहाडमा व्यावसायिक रुपमा उत्पादन गर्नको लागि एउटैले ठूलो क्षेत्रफलमा कार्य गर्न सम्भव देखिँदैन । त्यसैले कृषि उत्पादनमा चाहिएको फड्को मार्न उत्पादनमुखी सहकारीहरुको अझै विकास र प्रवर्द्धनबाट मात्रै सम्भव छ ।

सन् २०२२ मा समग्र कुल ग्राहस्थ उत्पादनमा कृषिको योगदान २४% रहेको देखिन्छ र यो क्षेत्र वार्षिक २-३ प्रतिशतका दरले वृद्धि भएको छ । सहकारीहरु आफ्नो मर्मअनुसार चल्ने वातावरण बनाउने र उत्पादनमुखी सहकारीहरुमा पूँजी केन्द्रित गर्ने हो भने सहकारी क्षेत्र व्यवसायिक कृषि जस्ता क्षेत्रहरुलाई विकास गराई हरित अर्थतन्त्रमा व्यापक लगानी गर्ने र उच्च आयमुलक लाखौं रोजगारीको अवसर सिर्जना गर्ने बलियो आधार बन्न सक्छ ।

हाल देखिएका समस्याहरुका बावजुद नेपालमा सहकारी अभियानलाई घटाउने होइन कि, सहकारीको नियमन गर्दै अझै गुणात्मक बनाउन पहल गर्नुपर्दछ । लघुकर्जाले धितो राख्न नसक्ने सीमान्तकृत वर्गमा पूँजीको पहुँचलाई उद्वेलित गर्दै उनीहरुलाई उत्पादनमुखी आर्थिक गतिविधिमा समाहित गरी अर्थतन्त्रको मूलप्रवाहमा ल्याउनु पर्दछ ।

दर्ता नं. :- १०८
दर्ता मिति :- २०८१/०४/२३

राष्ट्रिय प्रजातन्त्र पार्टी
केन्द्रीय कार्यालय
धुम्बाराही, काठमाडौं

च.नं. :-
च.ब. :-

मिति २०८१/४/१८

श्री प्रतिनिधि सभा
सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति,
सिंहदरबार, काठमाडौं ।

विषय: सुझाव उपलब्ध गराएको ।

उपर्युक्त विषयमा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको पत्र संख्या २०८०/८१ च.न. ३४ मिति २०८१/३/३० को पत्र प्राप्त भयो । सहकारीका ऋण तथा बचत संस्थाहरुमा पछिल्लो समयमा देखिएको वित्तीय संकटले सिमान्त तथा तल्लो मध्यम वर्गका जनता अति पिडित बनेका छन् । सम्मानित संसदीय विशेष समितिले सहकारीमा हाल देखिएका ठगी लगायतका बचत फिर्ता गर्न नसकेको विषयमा निष्पक्षतापूर्वक समस्याको गहिराईमा पुगेर समाधानको सिफारिश र दोषी देखिएका उपर कारवाहीको सिफारिश गर्नेछ भन्ने राप्रपाले विश्वास लिएको छ । सहकारीका सम्बन्धमा देखिएका समस्या समाधान गर्न राप्रपाको तर्फबाट देहाय बमोजिमको सुझाव रहेको व्यहोरा अनुरोध गर्दछौं ।

सहकारी प्रणाली सम्बन्धमा पार्टीको दृष्टिकोण :

१. सहकारी सुधार सुझाव कार्यदल, २०८० को प्रतिवेदन अनुसार हाल सम्म ३१,३७३ संस्थाहरु रहेका छन् । जसमा ७१.८१ लाख व्यक्तिहरु अर्थात जनसंख्याको करिब २५ प्रतिशत व्यक्ति आबद्ध छन् । उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार सहकारीले रु. ४.७८ खर्ब बचत परिचालन र रु. ४.२६ खर्ब लगानी गरेको देखिन्छ । साना छरिएर रहेको ससाना पुंजी संकलन गरी समुदायको ससाना आवश्यकता पुरा गर्ने गरी सहकारी सन्चालन हुनु स्वागतयोग्य काम हो । ग्रामिण तथा दुर्गम क्षेत्रमा वित्तीय संस्थाहरु नपुगेको अवस्थामा कृषक, कालिगढ, श्रमिक, न्युन आय भएका समुह एवं सिमान्तकृत समुदाय वा सर्वसाधार उपभोक्ता माझ छरिएर रहेको स-साना पुंजीलाई एकत्रित गरी कृषि जन्य, लघु उद्यम,घरेलु उद्योग, व्यापारिक-व्यवसायमा लगानी भई मूलत:ग्रामिण अर्थतन्त्र चलायमान हुने गरेको र सोबाट प्रत्यक्ष ९४ हजार जनाले रोजगार पाईरहेको अवस्थाले सहकारी क्षेत्रलाई एक प्रमुख आर्थिक गतिविधिको क्षेत्रको रुपमा लिएको छ तर यस सगै सिमान्तिकृत जनताको ४.७८ खर्ब बचतको फिर्ता हुने संयन्त्र स्थापित हुन पनि उतिकै जरुरी छ ।

फोन: ०१-४४०१०७१, ०१-४५६०३२४, ४४३०६३५, फ्याक्स नं: ०१-४४२४१४०, ४४७४४६४
इमेल: rpp2073@gmail.com/rppcenter48@gmail.com, वेभसाईट: www.rpp.org.np

सहकारीका समस्याहरू: सहकारीका क्षेत्रका समस्या/ चुनौतिहरू यस प्रकार रहेको छ :

२. केही सहकारीका सञ्चालकहरुले सहकारी सञ्चालनमा गम्भीर लापरवाही गरेका कारण सहकारी समस्याग्रस्त बन्दै गएको । सहकारीका सञ्चालकहरुले सहकारी ऐन तथा नियमावलीका कानूनी छिद्रका आधारमा आफ्ना निहीत स्वार्थ पूर्तिका लागि सहकारीको उपयोग गरेको पाइएको ।

३. अत्यन्त ठुलो परिमाणमा बचत संकलन गर्ने र त्यस्तो बचत रकम आफ्नो वा आफ्ना नातेदार वा साझेदारका नाममा स्थापना गरिएका व्यवसायिक कम्पनीहरुमा लगानी गर्ने जस्तो अत्यन्त गैह्र सहकारी वित्तीय कारोबार गरेको ।

४. नियामक निकायहरुको सीमित क्षमताका कारण सहकारीहरुले आवधिक रुपमा कार्यालयमा पेश गरेका कागज र प्रतिवेदनहरुकै आधारमा गर्दा स्थलगत अनुगमनको अवस्थामा सहकारीको खास अवस्था ज्ञात हुन नसकेको ।

५. संघियता कार्यान्वयन पछि तीन तहमा विकेन्द्रित भएको सहकारीको नियमन क्षेत्र झन भद्गोल भै अनुगमन तथा नियमन हुन नसकेको ।

६. बहुउद्देश्यीय सहकारीले पनि ऐन विपरित ऋण तथा बचत परिचालन गरेको ।

७. कोभिड १९ पछिको अर्थतन्त्रको समस्याको असर सहकारीमा पनि परेको ।

८. पर्याप्त धितो नलिई ठुलो परिमाणमा घर जग्गामा लगानी गरेको ।

९. गुणस्तरको आधारमा कर्जाको वर्गिकरण नहुनु,

१०. ऋण जोखिम कोषको पर्याप्ततामा ध्यान नदिनु,

११. तरलता जोखिमको मापन नगरी वित्तीय असन्तुलन कायम गर्नु,

१२. सहकारीको नियमित वित्तीय स्वास्थ्य जाँच नहुनु,

१३. बचतको अनुपातमा तरलता कायम गर्ने पर्याप्त र ठोस योजना नहुनु,

१४. पर्ल्स अनुगमन प्रणाली अनुरुप जगेडा कोषमा रकम कायम नगरी रुग्ण जगेडा कोष अर्थात कूलसम्पत्तिको आधारमा पाँच प्रतिशत भन्दाकम जगेडा कोष रहेका संस्थाहरुको संख्या करिब पचास प्रतिशत भन्दा बढीको संख्यामा रहनु,

१५. कमजोर वर्ग सहकारी संस्थाहरुमा सदस्य बन्नेर संस्थाबाट ऋण लिई अपचलन गरी हिड्ने ऋणीका कारण संस्थाहरुमा तरलता चाप पर्यो यसबाट संस्थाको समग्र वित्तीय स्थितिमा विचलन आएको,

१६. धेरै जसो संघ संस्थाहरुमा व्यवस्थापनमा रहने कर्मचारीहरु आफ्नो विषयमा दक्ष नहुनु,

१७. अधिकांश संस्थाहरुमा सम्बन्धित विषयको तालीम प्राप्त व्यवसायिक कर्मचारीको अभाव रहनु,

१८. सहकारी संघ, संस्थाहरुका लागि कर्मचारी नियुक्ति सम्बन्धी छुट्टै निकायको व्यवस्था नहुनु

समाधानका उपायहरू :

१९. सहकारी संस्थाको संचालक पदमा एकै परिवारको एक सदस्य भन्दा बढी व्यक्ति एकै पटक संचालक हुन नपाउने विषय प्रष्ट पारि कानुनी प्रबन्ध गर्ने । हालको व्यवस्थामा सन्चालक तथा लेखा समितिको सभापति बन्न नपाउने भन्ने उल्लेख छ ।

२०. अध्यक्ष दुई कार्यकाल भन्दा बढी बस्न नपाउने प्रबन्ध गर्ने र अन्य सन्चालकहरु पनि लगातार दुई कार्यकाल संचालक भए पछि अर्को एक अवधि संचालक हुन नपाउने प्रबन्ध गर्ने ।

२१. सहकारीको पुंजीको आधारमा वर्गीकरण गरी मध्यम तथा ठुला कारोबार गर्ने सहकारीलाई तीन तीन महिनामा वित्तीय प्रतिवेदन सार्वजनिक गर्न अनिवार्य गर्ने ।

२२. रजिष्ट्रारको जिम्मेवारी लिएको कार्यालयको स्तर र क्षमता बढाउने र प्रदेशस्तरमा सुपरिवेक्षण कार्यालय खोल्ने ।

२३. जोखिममा आधारित लेखापरिक्षण मोड्युल तयार गरी जोखिम देखिएका सहकारीको लगातार चार वर्ष सम्म व्यवस्थापन परिक्षण तथा विस्तृत लेखा परिक्षण गर्न सक्ने प्रबन्ध गर्ने ।

२४. संरक्षित पुंजी फिर्ता कोषको रकम सम्बन्धित सहकारीले नराखी नियामक निकायले राख्ने व्यवस्था गर्ने र सो रकमबाट सहकारीको सिफारिशको आधारमा पुंजी फिर्ताको कार्य गर्ने ।

२५. सहकारी ऐन, २०७४ को दफा १०१ बमोजिमको सहकारी बचत तथा कर्जा सुरक्षण कोष तत्काल स्थापना गरी बचतकर्ताको बचत सुरक्षण गर्ने । कोषको न्युनतम चुक्ता शेयर पुँजी बापत नेपाल सरकारले रकम व्यहोर्ने । सहकारी संस्थाको तर्फबाट पहिलो वर्षमा सम्पूर्ण बचत तथा ऋणको कारोबार गर्ने संस्था, संघ र सहकारी बैंकले आफ्नो कूल सम्पत्तिको ०.०५% ले हुन आउने रकम कोषमा अनिवार्य जम्मा गर्नुपर्ने र त्यसपछिका वर्षका लागि आफ्नो कूल सम्पत्तिको ०.०१% ले हुन आउने रकम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अनिवार्य रुपमा गर्ने । उक्त कोष नेपाल सरकारले उपयुक्त संयन्त्र बनाई संचालन गर्ने ।

२६. सहकारी ऐन, २०७४ को दफा ८२ मा व्यवस्था भए बमोजिमको कर्जा असुली न्यायधिकरणको गठन गर्ने ।

२७. सहकारी ऐन, २०७४ को दफा ८१ मा व्यवस्था भए बमोजिमको कर्जा सूचना केन्द्र स्थापना गर्ने ।

२८. सहकारी संघ संस्थाको वित्तीय स्वायत्तता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न पचास करोड रुपैयाँ भन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाको वार्षिक लेखा परीक्षण गर्ने लेखा परीक्षक नियुक्ति गर्दा संघीय सहकारी विभागबाट सुचिकृत लेखापरीक्षकहरु मध्येबाट गर्नुपर्ने र सोको जानकारी सहकारी विभागलाई दिनुपर्ने व्यवस्था मिलाउने ।

२९. सहकारी संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारिहरुले संस्थाबाट ऋण लिदा कूल समिति सदस्य संख्याको एक तिहाइ भन्दा बढी सदस्य संख्याले ऋण लिन नपाउने। एकाघरका सदस्य सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा रहेको भएमा एक जनाले मात्र ऋण लिन पाउने व्यवस्था गर्नुपर्ने । यस्तो ऋण बिना धितो उपलब्ध गराउन नपाउने । तर सदस्यको संस्थामा रहेको बचतको सुरक्षणमा निश्चित प्रतिशत ऋण दिन बाधा पर्ने छैन ।

३०. पाल्ने सुचकांक अनुरुप भाखा नाघेको ऋणको लागि अनिवार्य रुपमा जोखिम व्यवस्थापन गर्ने ।

३१. समस्याग्रस्त सहकारीको व्यवस्थापन गर्न सहकारी ऐन, २०७४ को दफा १०५ बमोजिमको समितिको परिमार्जन गरी हरेक समस्याग्रस्त सहकारीको सम्बन्धमा कार्ययोजना बनाई कामकारवाही शिघ्र सम्पादन गर्ने व्यवस्था मिलाउने ।

३२. प्रदेश तथा स्थानीय तहहरुको कार्यक्षेत्रभित्रमा समस्याग्रस्त सहकारीको व्यवस्थापनका लागि संयन्त्र तयार भैनसकेको कारण सहकारीका समस्या समाधानमा जटिलता देखिएकोले नेपाल सरकारले सबै तहलाई लागू हुनेगरी समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठनको ढाचा, काम कर्तव्य र अधिकार तोकी कार्य गर्ने व्यवस्था मिलाउने

३३. दफा १०३ स्थिरीकरण कोष (स्थिरीकरण कोषको संचालन र संस्थाहरुको अनिवार्य सहभागिता सम्बन्धमा) संचालन गर्ने ।

३४. दफा १०४ बमोजिम निश्चित परिमाणको कारोबार भएका संस्था वा संघलाई समस्याग्रस्त घोषणा गर्ने अधिकार रजिष्ट्रारलाई दिने र सो भन्दा बढीको हकमा केन्द्रमा राख्ने व्यवस्था गर्ने ।

३५. जुन निकाय वा तहबाट समस्याग्रस्त घोषणा भएको हो सोही निकाय वा तहबाट त्यस्ता संस्था वा संघको व्यवस्थापन गर्न छुट्टाछुट्टै समिति गठन गर्ने र निश्चित समयावधि भित्र फरफारक गर्ने ।

३६. समस्याग्रस्त घोषणा भई व्यवस्थापन समितिको जिम्मामा आएका संस्था वा संघको संचालक, कर्मचारी र तिनका एकाघरका परिवार तथा नातेदार एंव सम्बन्धित अन्य व्यक्तिको नाममा रहेका चल अचल सम्पति रोक्का राख्न सक्ने व्यवस्था कार्यान्वयनमा ल्याउने ।

३७. दफा १२४ को उपदफा १ को खण्ड क बमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा लगाउने अधिकार रजिष्ट्रारलाई प्रदान गर्ने ।

३८. सहकारी संस्थाको वित्तीय कारोबार सम्बन्धमा अनुसन्धान गर्न फोरेन्सिक अडिटरको व्यवस्था गर्ने ।

३९. एकिकरणमा जाने संघ/संस्थाहरुका लागि तीन वर्षसम्म आयकरमा निश्चित प्रतिशत छुट दिई सहकारी संघ/संस्थाहरुको एकिकरणलाई प्रोत्साहन गर्न विशेष सहुलियतको प्याकेज तयार गर्ने ।

४०. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ/संस्थाहरू नियमनका लागि छुट्टै बचत तथा ऋण सहकारी ऐन जारी गर्ने ।

४१. सहकारी संघ/संस्थामा नयां निर्वाचित भई आउने समितिका पदाधिकारी तथा सदस्यहरूले तीन महिनाभित्र सहकारिता सम्बन्धि तालिम अनिवार्य लिनुपर्ने र सो को लागि राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिय संघहरुले आवश्यक व्यवस्था मिलाउने ।

४२. दश करोड भन्दा माथि वासलात भएका सहकारी संघ/संस्थाका कर्मचारीहरूका लागि अनिवार्य रूपमा सहकारिता सम्बन्धी सेवा प्रवेश र सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्ने । साथै पचास करोड भन्दामाथि वासलात भएका सहकारी संघ/संस्थाको व्यवस्थापन प्रमुखले सहकारी विषयको कम्तीमा एक महिने व्यवसायिक कोर्स लिएको हुनुपर्ने । कोर्स संचालनका लागि सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रसंग सहकार्य गरी राष्ट्रिय सहकारी महासंघ र केन्द्रिय संघहरुले आवश्यक व्यवस्था गर्ने ।

४३. क्यानडामा सहकारीको नियमन केन्द्रिय बैंकले गर्ने गरेको छ भने दक्षिण कोरियामा सहकारीको नियमन त्यहाँको केन्द्रिय संघले ऋणमैत्री च्यातछलन व्यक्तिमार्फत गर्ने गर्दछ । तसर्थ सहकारी नियमन गर्ने प्रभावकारी निकाय नेपालमा पनि गठन गर्ने ।

अन्त्यमा, अनुसूचीमा संलग्न सहकारीका सम्बन्धमा त्यहाँबाट विस्तृत छानवीन हुने भएकाले सो सम्बन्धमा यस पार्टीबाट छुट्टै केही उल्लेख गरिएको छैन । सहकारीका समस्या सम्बन्धमा पार्टीको धारणा राख्ने अवसर दिनु भएकोमा विशेष आभार व्यक्त गर्दछु ।

केदार बहादुर अधिकारी
मुख्य सचिव

दर्ता नं: १-१२४
२०८१/०४/२८

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मिति :२०८१/०४/२७

श्री संघिय संसद
प्रतिनिधि सभा
(सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन समिति)

विषय : सुझाव पठाईएको सम्बन्धमा ।

नेपालको सन्दर्भमा २०१३ साल चैत्र २० गते बखान सहकारीबाट सुरुवात भई हाल करिब ३२ हजार सहकारी संस्थाहरु देशभरमा रहेको तथ्यांकले देखाउँदछ । हाल सम्म ७४ लाख भन्दा बढी व्यक्तिहरु सहकारी क्षेत्रमा आवद्ध छन् । यसै गरी बचत परिचालन तर्फ करिब ५ खर्ब संकलन भएको देखिन्छ भने साढे ४ खर्बको हाराहारीमा ऋण परिचालन भएको देखिन्छ । करिब ९४ हजार जति व्यक्तिहरुले प्रत्यक्ष रोजगारी र करिब ४ लाख भन्दा बढि व्यक्तिहरुले अप्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ । २०७२ सालमा जारी नेपालको संविधानमा समेत सहकारी क्षेत्रलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक खम्बाको रुपमा स्वीकार गरी सहकारी क्षेत्रको योगदान र भूमिकालाई राज्यले स्वीकार गरेको छ । समाजवाद अन्मूख अर्थतन्त्रको निर्माणमा यस क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । यसकारण हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) ले १०औं राष्ट्रिय महाधिवेशन मार्फत नेपाली विशेषताको समाजवादी कार्यक्रम सर्वसम्मत रुपले पारित गरेको छ । नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा समाजवादी कार्यक्रम पारित गर्ने पहिलो पार्टी नै नेकपा (एककृित समाजवादी) पार्टी हो । समाजवादी कार्यक्रमलाई पूर्ण बनाउन र समाजवाद निर्माणको अभियानलाई सफल सहकारी अभियानको अहम भूमिका छ भन्ने हाम्रो पार्टीको निष्कर्ष छ । यसकारण यस क्षेत्रलाई व्यवस्थित, मर्यादित, व्यवसायिक र अनुशासित बनाई अगाडी बढाउनुपर्ने कुरा आजको मुख्य विषय बनेको छ । तर हाल सहकारी क्षेत्रमा जे जस्ता समस्याहरु देखापरेका छन् यसलाई समाधान गर्न राज्य गम्भिर हुन जरुरी छ । सहकारी क्षेत्रको प्रवद्र्धन र विकासको लागि राज्यले लिने सकारात्मक पहल कदमीमा हाम्रो पार्टीको तर्फबाट रचनात्मक सहयोग रहनेछ ।

यसर्थ, तहाँबाट प्रेषित पत्र अनुसार सुझावका लागि अनुरोध भए बमोजिम यस क्षेत्रको सुधारका लागि यसै पत्र साथ संलग्न सुझाव पठाईएको व्यहोरा अवगत गराउन चाहन्छु ।

माधवकुमार नेपाल
अध्यक्ष
नेकपा (एकीकृत समाजवादी
तथा पूर्वप्रधानमन्त्री

सहकारी क्षेत्रमा देखापरेका चुनौतिहरु :

१. नेपालमा सहकारीहरुको वर्गिकरण नहुनु, सबै सहकारीहरुले बचत उठाउन पाउने व्यवस्था अत्यन्त जोखिमको अवस्था रहनु,

२. सहकारी संस्थाहरुको संख्या धेरै रहेको सन्दर्भमा दर्ता प्रक्रिया र कार्यक्षेत्र विस्तारको स्वीकृति निरन्तर रहनु,

३. धेरै सहकारी संस्थाहरुको लेखा परिक्षण चुस्त दुरुस्त नहुनु,

४. कर्जा सूचना केन्द्रको स्थापना र कालो सूचीमा समावेश गर्ने व्यवस्था कार्यान्वयन नहुनु,

५. वित्तिय कारोवार गर्ने संस्थाको सञ्चालक समितिमा आउनको लागि Fit & Proper Test नहुनु,

६. समितिका पदाधिकारी कार्यकारी पदमा बस्नु,

७. वित्तिय कारोवार गर्ने संस्थाले वित्तिय स्वस्थता मापनको लागि PEARLS Monitoring System पूर्ण रुपमा प्रयोग नगर्नु,

८. सदस्य शिक्षामा कमी रहनु,

९. गैर उत्पादनशील क्षेत्रमा ऋण लगानी केन्द्रीत रहनु,

१०. संस्थामा लेखा सुपरिवेक्षण समितिको भूमिका सशक्त नहुनु,

११. सुशासन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहनु,

१२. ऐनमा भएको कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत ऋण सुरक्षण कोषको स्थापना नहुनु ,

१३. सहकारी अभियानको तहगत संरचना धेरै हुनु,

१४. स्थिरीकरण कोषमा अनिवार्य आवद्धताको व्यवस्था नहुनु,

१५. देशभर रहेका सहकारी संस्थाको समिति र उच्च व्यवस्थापनका कर्मचारीको व्यक्तिगत विवरण नियामक निकायमा नहुनु,

१६. प्रविधिमा एकरुपता नहुँदा प्रभावकारी अनुगमन र नियमन नहुनु,

१७. बचत तथा ऋण सहकारीहरुका लागि छुट्टै ऐन जारी नहुनु,

१८. विद्यालय र विश्वविद्यालय तहका पाठ्यक्रममा सहकारीको विषयमा समावेश नहुनु,

१९. समिति र कर्मचारीको क्षमता विकासको लागि प्रयाप्त बजेट व्यवस्था गरी कार्यक्रममा सहभागी नहुनु,

२०. केन्द्रीय तरलता कोषको स्थापना नहुनु,

२१. नियामक निकायको अनुगमन प्रभावकारी नहुनु,

२२. सहकारीमा युवाहरुको उपस्थितिमा कमी रहनु,

२३. प्रतिस्पर्धी प्रविधिको प्रयोग र बैकिङ प्रविधिसंग अन्तर सम्बन्ध स्थापित नहुनु,

२४. आम रुपमा केही घटनाका कारण समग्र सहकारी क्षेत्रको छविमा ह्रास हुनु,

<u>सहकारी क्षेत्रको समस्या समाधानको उपायहरु :</u>

१. नेपालमा सहकारीहरुको वर्गिकरण जति सक्दो छिटो विद्यमान सहकारी ऐनमा व्यवस्था भए बमोजिम ५ वर्गमा गर्नुपर्ने ।

२. नेपालमा सहकारीहरुको संख्या धेरै भयो । निश्चित समय दिई पूँजी प्रयाप्तता पुराउन लगाई अन्य बाँकी रहेकाको लागि तत्काल एकिकरण गर्ने वा खारेजीमा जाने हो रोज्न दिनुपर्ने ।

३. धेरै सहकारी संस्थाहरुको लेखा परिक्षण चुस्त दुरुस्त बनाउनुपर्ने ।

४. कर्जा सूचना केन्द्रको स्थापना र कालो सूचीमा समावेश गर्ने व्यवस्था तत्काल कार्यान्वयन गर्नुपर्ने ।

५. वित्तिय कारोवार गर्ने संस्थाको सञ्चालक समितिमा आउनको लागि Fit & Proper Test गर्ने व्यवस्था गर्ने ।

६. वित्तिय कारोवार गर्ने संस्थाले वित्तिय स्वस्थता मापनको लागि PEARLS Monitoring System पूर्ण रुपमा लागु गराउनुपर्ने ।

७. उचित परामर्श सहित प्रतिफल आउने क्षेत्रमा ऋण लगानी गर्ने परिपाटीको विकास गर्नुपर्ने ।

८. संस्थामा लेखा सुपरिवेक्षण समितिको भूमिका सशक्त बनाउनुपर्ने,

९. ऐनमा भएको कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत ऋण सुरक्षण कोषको स्थापना तत्काल हुनुपर्ने ।

१०. प्रविधिमा एकरुपता ल्याई प्रभावकारी अनुगमन तथा नियमनको संयन्त्र निर्माण गर्नुपर्ने

११. वित्तिय कारोवार गर्ने सहकारीहरुको लागि अनिवार्य कारोवारको अनुमति लिनुपर्ने व्यवस्था सहितको छुट्टै ऐन जारी गर्नुपर्ने ।

१२. विद्यालय र विश्वविद्यालय तहका पाठ्यक्रमहरुमा सहकारीको विषय समावेश हुनुपर्ने ।

१३. प्रतिस्पर्धी प्रविधिको प्रयोग र बैकिङ प्रविधि संग अन्तर सम्बन्ध स्थापित गराउनुपर्ने ।

१४. सहकारी क्षेत्र सुधारका लागि संघहरुलाई जिम्मेवार बनाउनुपर्ने ।

१५. तत्काल देखिएका समस्याहरु समाधान गर्न सरकारले पिडितहरु संग वार्ता गरि उपर्युक्त विधिबाट हल गर्नु पर्ने ।

दर्ता : ९८२
दर्ता मिति : २०८१/०२/१७

जनता समाजवादी पार्टी
People's Socialist Party

केन्द्रीय कार्यालय, काठमाडौं

२०८१।०५।१७

च. नं.: २६

मितिः .....

प. सं.: २०८१/०८२

श्री सरकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति
प्रतिनिधिसभा, संघीय संसद ।

विषय: सुझाव पठाइएको बारे ।

उपर्युक्त विषयमा त्यस सरकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको प.सं.२०८०।८१ चं.नं. ३२ र मिति २०८१।०३।३० गतेको पत्रानुसार जनता समाजवादी पार्टीको तर्फबाट सहकारी प्रणाली सम्बन्धी अवलम्बन गर्नुपर्ने उपायहरु तथा सुझावहरु यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

भवदीय

मा.अशोक कुमार राई
अध्यक्ष/संसदीय दलको नेता
जनता समाजवादी पार्टी

सहकारीको समस्या समाधानको निमित्त केही सुझावहरु

१. सर्बप्रथम सहकारीहरुलाई सामान्य अवस्थामा चलेको र समस्याग्रस्तमा वर्गिकरण गर्नु पर्दछ ।

२. समस्याग्रस्त सहकारीहरुलाई पुनः १. संचालक र उच्च पदाधिकारीहरुको बदनियत र अनियमितताको कारणले संकटमा परेको र २. संक्रामक प्रभाव (contagion effect), आर्थिक मन्दी र सामान्य ब्यबस्थापन कमजोरीका कारण संकटमा परेको गरी दुइ बर्गमा बिभाजन गर्नु पर्द्छ ।

३.भविष्यमा नबिग्रियुन भन्ने हेतुले सामान्य अवस्थाका सहकारीहरुमा पनि पर्याप्त नियमन र सुपरिवेक्षणको ब्यबस्था गरिनु पर्द्छ ।

४.बदनियत र अनियमितताका कारण समस्यामा परेका सहकारीहरुको हकमा त्यस्ता सहकारीहरुलाई तत्काल सरकारले संकटग्रस्त घोषणा गरि नियन्त्रणमा लिएर छानबिन गरिनु पर्दछ| अनियमित गर्ने संचालक पदाधिकारीको सम्पति र राहदानी रोक्का राखि कारवाही अघि बढाउनु पर्दछ|

५. तर यतिले मात्र समस्याको समाधान हुदैन । मूल कुरा बचतकर्ताहरुको बचत फिर्ता गर्न तरलताको व्यवस्था गर्नु वा बचत फिर्ता हुन्छ, डुब्दैन भन्ने विश्वासको वातावरण सिर्जना गर्नु हो । यसको निमित् सहकारीको अधिनमा रहेको, धितो लिएको वा दाबीमा रहेको सम्पतिलाई तदारुकताकासाथ बिक्रि गर्ने ब्यबस्था गर्नु पर्दछ ।

६ यसको निमित्त सरकार. वित्तीय संस्थाहरु, र निजिक्षेत्र समेतको लगानी सहभागितामा एउटा सम्पति ब्यबस्थापन कम्पनि स्थापना गर्नु उपयुक्त हुन्छ। यसमा जसको सम्पति व्यवस्थापन गर्ने हो त्यसका बचतकर्ताहरुलाई पनि बचत रकम बराबरको शेयर दिन सकिन्छ । यसो गर्दा बचतकर्तालाई रकम फिर्ता गर्नु

पर्दैन| यो शेयरलाई धितोपत्र बजारमा सूचीकरण गरिनु पर्दछ । तत्काल नभएपनि पछि आफ्नो रकम फिर्ता पाउने आशा र मूल्यांकन लाभको सम्भावनाको कारण बचतकर्ताहरु यसमा आकर्षित हुन् सक्छन्। यसो भएमा सहकारीमा देखिएको विकृति बिरुद्ध ओइरिएका मध्ये धेरै तत्काल बचत फिर्ता माग नगर्न पनि सक्छन्।

७ संक्रामक प्रभाव वा आर्थिक मन्दिका कारण संकटमा परेको सहकारीहरुलाई उद्धारको पाकेज नै ल्याउनु पर्दछ । तरलताको अभाव वा अपर्याप्तता यसको मूल समस्या हो। तसर्थ यसको तत्कालिन तरलता ब्यबस्थापनमा सरकार र नेपाल राष्ट्र बैंकले सहयोगी भूमिका निर्वाह गर्नु पर्द्छ।

८ सहकारीहरुको निमित्त पनि पुनर्कर्जाको ढोका खोलि दिनु पर्दछ| आख़िर बचत तथा ऋण सहकारीहरू पनि मुलुकको बितिया प्रणाली कै अंग हुन्.| असल कर्जाको मात्र पुनरकर्जाको व्यवस्था भएमा पनि कतिपय सहकारीहरू पुनः सामान्य अवस्थामा फर्किन सक्छन । यसो भएमा जनमानसमा सहकारीप्रतिको विश्वास पुनः जागृत हुन सक्छ जुन अत्यन्त महत्वपूर्ण छ|

९. तीनै तहका तीनै किसिमका सहकारीहरुको स्वस्थ संचालनको लाग्ी नियमन निकायबाट छुट्टै ऐनद्वारा व्यवस्थित शक्तिशाली स्वायत्त अनुगमन तथा सुपरिवेक्षण संस्थाको स्थापना यथासिघ्र गर्नु पर्दछ। यस्तो संस्थाको आवश्यकता धेरै अघि नै महसुस गरिएको र स्थापना घोषणा पनि पटकपटक भएको हो। तर कार्यन्वयनमा आउन सकेको छैन। अब पनि विलम्ब गर्नु हुदैन। एकातिर यो संस्था स्थापना गर्ने प्रक्रिया अगाडि बढाउनु पर्दछ भने संगसंगै अर्कोतिर केहि नेपाल ऐन संसोधन गर्न बनेको विधयेक २०७९ मा ब्यबस्था गरिए अनुसार ५० करोड भन्दा बढीको कारोबार गर्ने सहकारीहरुको अनुगमन र सुपरिवेक्षणको काम नेपाल राष्ट्र बैंकले अघि बढाउनु पर्द्छ ।

१० सहकारीहरुको स्थलगत (on site) र अभिलेख (off- site) निरीक्षण माथि प्रस्तावित संस्थाले गरे पनि सहकारीको दर्ता र नियमनको जिम्मेवारी तीनै तहका संबन्धित सहकारी बिभागमै रहनेछा । तसर्थ यिनीहरुको पर्याप्त क्षमता विकास गरिनु पर्दछ । सहकारीहरू संकटमा पर्नुमा कमजोर विभागीय क्षमता पनि जिम्मेवार छ|

११ हाल एकै व्यक्ति धेरै सहकारीको सदस्य भै कारोबार गर्ने गरेका छन्। बचत तथा ऋणको अन्तर सहकारी SWAP बाट पनि समस्यालाई केहि कम गर्न सकिने सम्भावना छ । सहकारीहरुको आपसी एकिकरण (merger) बाट पनि समस्या कम गर्न सकिन्छ । यस्ता कार्यहरुमा सहकारीहरुलाई प्रोत्साहित गर्ने नीति हुनु पर्दछ ।

१२ सहकारीमा संकट आउनुमा बचतकर्ता सदस्यहरु पनि केहि न केहि जिम्मेवार छन्। तसर्थ धेरथोरै नोक्सानको भागीदार पनि मान्न सकिन्छ । संकटको बेला सम्बन्ध सबै पक्ष मिलेर समाधान गर्नु पर्ने हुन्छ । तसर्थ संक्रमण प्रभाब र आर्थिक मन्दीका कारण संकटमा परेका सहकरिहरुलाई सावा रकम फिर्ता सुनिस्चित गर्ने विश्वस्नीय योजना भएमा निश्चित अबधि सम्म ब्याज स्थगन (moratorium) को सुबिधा दिनु उचित हुन्छ|

१३ मूल कुरा सहकारी र यसका बचताकर्ताहरुको सम्बन्ध हो । प्रसस्त सूचना प्रवाह र घनीभूत सम्पर्कको माध्यमबाट बचतकर्ताहरुलाई विश्वस्त बनाउने बातावरण सिर्जना गरिनु पर्द्छ। समस्या पैसाको भन्दा पनि विश्वासको हो ।

१४. सहि अर्थमा सहकारीको विकास गर्न जनमानसमा सहकारी शिक्षाको व्यापक प्रचारप्रसार गरिनु पर्दछ|

१५ उपरोक्त कानुनी, संरचनागत र अन्य ब्यबस्थाको लागि पर्याप्त श्रोतको ब्यबस्था गरि तत्काल कार्यान्वयन तर्फ लाग्नु पर्दछ ।

निर्वाचन आयोग दर्ता नं. १७७
जनमत पार्टी
JANAMAT PARTY
केन्दीय कार्यकारिणी समिति
GPO - 8975, EPC - 2200, Kathmandu, Nepal janamatparty.org janamatparty@gmail.com

पत्र संख्या: ०८१/८२
चलानी नं: 06

मितिः २०८१-०५-२८

श्री मान् सभापति ज्यू,
सहकारी संस्था बचत रकम दुरुपयोग संसदीय छानबिन विशेष समिति
सिंहदरवार, काठमाडौं

बिषय : सहकारी क्षेत्रमा देखिएको संकट र समाधानका लागि जनमत पार्टीको दृष्टिकोण

नेपालमा सहकारी क्षेत्रलाई संबैधानिक मान्यता प्रदान गरी यसलाई देशको अर्थतन्त्रको तेश्रो खम्वाको रुपमा अंगिकार गरिएको छ । देशमा सहकारिता मार्फत जनतालाई वचत गर्ने वानीको विकास गरी राष्ट्रिय पूँजी निर्माण गर्दै गरिवी निवारण, स्वावलम्वन प्रवर्धन, स्थानीय श्रम सीप एवं छरिएर रहेको पूँजीको सदुपयोग, लघु उद्यम विकास लगायतका कार्यहरु गर्दै आम उपभोक्तामा वित्तीय साक्षरता प्रदान गरी उनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासमा सहकारी क्षेत्रले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको कुरा सर्वविदितै छ । वार्षिक बजेटको भण्डै एक तिहाई पुँजी सहकारीमार्फत परिचालन हुँदै आएको छ । सुरुका वर्षहरुमा सहकारी अभियानलाई विकसित र गतिशिल बनाउनका लागि राज्यबाट सवै किसिमका प्रोत्साहन एवं नीतिगत तथा कार्यक्रमिक प्रयासहरु गरिए । त्यसैको फलस्वरुप नेपालमा सहकारी अभियान अत्यन्त सशक्त रुपमा अगाडी वढ्दै संख्यात्मक हिसावले अत्यन्त वृहत स्वरुपमा स्थापित भएको छ । सहकारीले समाजमा सहकार्यको भावना बढाउने हुनाले लोकतन्त्रलाई पनि टेवा पुऱ्याउँदै आएको छ । मूलत उत्पादनका साधनहरू उपर राज्यको स्वामित्व रहने समाजवादी अर्थतन्त्र अङ्गालेका मुलुकहरूमा सहकारितालाई मान्यता दिएको पाइन्छ । यसरी खासगरी विकासोन्मुख राष्ट्रहरूको आर्थिक विकासमा सहकारिताको महत्वपूर्ण स्थान हुने भनिएतापनि अमेरिका, क्यानाडा, जापान, दक्षिण कोरिया जस्ता विकसित मुलुकहरूको अर्थतन्त्रमा समेत सहकारिताको प्रयोग भएको पाइन्छ । जसबाट सहकारी जुनसुकै अर्थतन्त्रमा पनि अट्न सक्ने आर्थिक तथा सामाजिक आन्दोलन हो भन्ने प्रष्ट हुन्छ । पुँजीवादी देशहरुले पनि राष्ट्रिय पुँजी निर्माणका रुपमा सहकारीसम्बन्धी नीतिलाई अँगाल्ने गरेको पाइन्छ ।

नेपालमा करिव ६७ बर्ष लामो इतिहास बोकेको सहकारिताको विकासक्रमलाई नियाल्दा यस क्षेत्रमा सकृय नेतृत्ववर्गमा स्वयंमसेवी भावना तथा क्षेत्रगत ज्ञानको न्यूनता र राज्यको सहकारी क्षेत्रमा कमजोर उपस्थितिका कारण धेरै उतार चढावहरु आएको कुरा विदितै छ । समयक्रममा देखिएका समस्याहरुलाई समाधान गर्न नेपाल सरकारले

निर्वाचन आयोग दर्ता नं. १५०
जनमत पार्टी
JANAMAT PARTY
केन्दीय कार्यकारिणी समिति
GPO - 8975, EPC - 2200, Kathmandu, Nepal janamatparty.org janamatparty@gmail.com

पत्र संख्याः
चलानी नं.

मितिः

विभिन्न कार्यदल, समिति, आयोगहरु गठन गर्ने सुझाव प्रतिवेदनहरु प्राप्त गर्ने गरेको देखिन्छ । सरकारले अहिलेसम्म सहकारी क्षेत्रको समस्या पहिचान गरी समस्या समाधान गर्न विभिन्न ९ वटा आयोग, कार्यदल र समितिहरु बनाई सुझाव प्रतिवेदन समेत प्राप्त गरिसकेका छन । तर विडम्बना सरकार आफैले गठन गरेका आयोग, कार्यदल र समितिहरुको सुझाव प्रतिवेदन कार्यान्वयनमा सरकारले गरेको बेवास्ताको कारण पछिल्लो समयमा समग्र सहकारी अभियान नै संकटग्रस्त बनेको छ भने सहकारीबाट ठगिने सर्वसाधारणको संख्या बढिरहेको छ । सरकारको यही लाचारीका कारण लाखौं नागरिकहरु पीडित बन्नु परिरहेको छ । सहकारी संस्थाहरु सहकारीको मूल्यमान्यता विपरीत सञ्चालित हुँदा र सरकारले समयमै उचित नियमन गर्न नसक्दा यस क्षेत्रको समस्या राष्ट्रिय समस्याका रुपमा विस्तारित भएको छ । सबै सुझाव प्रतिवेदनहरुले सहकारी क्षेत्रमा सुशासनका विषयलाई जोड दिएका छन् । प्रतिवेदनहरुले नीतिगत, कानूनी एवं संरचनागत सुधारमा समेत जोड दिएको पाईन्छ । अहिले सहकारी संस्थाहरुमा देखिएको विकृति र ठगी धन्दा कानूनी एवं नीतिग समस्या मात्र नभएर, सरकारले दोषीहरुलाई समयमै समातेर कारवाही गर्न नसक्दाको उत्पन्न समस्या हो । त्यसैले देशमा सहकारी अभियानलाई सुरक्षित, दिगो र विश्वासिलो वनाउन सरकार कडाई र ईमान्दारीका साथ सुझाव प्रतिवेदनको कार्यान्वयन गर्दै पीडीत बचतकर्ताहरुको बचत फिर्ता र सुरक्षित हुने कुराको सुनिश्चित गर्न सक्नु पर्दछ ।

राजेश कुमार मण्डल
प्रमुख, केन्द्रीय सचिवालय
जनमत पार्टी

जनता समाजवादी पार्टी, नेपाल

People's Socialist Party, Nepal

केन्द्रीय कार्यालय, बालकुमारी, ललितपुर

प.सं. ०८०/८१
च.नं. १४०

स्थाः २०७७

मिति : २०८१।०५।२१

श्री माननीय सभापतिज्यू,
सहकारी संस्था वचत रकम दुरुपयोग सम्बन्धी संसदीय विशेष छानवीन समिति,
सिंहदरबार, काठमाडौं ।

विषय : सुझाव पठाइएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा सहकारी क्षेत्रमा देखिएको समस्या, बचत कर्ताको रकम हिनामिना, अपचलन तथा अनुचित लेनदेन सम्बन्धमा जनता समाजवादी पार्टी, नेपालको दृष्टिकोण र सुझावहरु निम्नानुसार रहेको व्यहोरा जानकारी गराइन्छ ।

नेपालको संविधान २०७२ ले सहकारीलाई तेश्रो अर्थतन्त्रको खम्बाको रुपमा स्वीकार गरेको देखिन्छ । सहकारीले आफ्ना सदस्यहरुलाई आर्थिक अवस्था सुधार गर्न सक्ने साधनको रुपमा स्थापित गर्नु नै यसको मूल उद्देश्य हो ।

मुख्य रुपले सहकारीले न्यून आय भएको वर्गलाई बचत गर्न अभिप्रेरित गर्ने र सहकारी सदस्यहरुको जीवनस्तर उकास्न कम ब्याजदरमा ऋण प्रवाह गरी उत्पादनसिल क्षेत्रमा लगानी गर्दै आय-आर्जनको व्यवस्था गर्न सिकाउँछ । तसर्थ सहकारीले समाजमा पुँजीको परिचालन गरी गरिखाने अवस्थाको निर्माण गर्ने हुँदा यसलाई सहकारी मार्फत समाजवादी यात्रासमेत भन्ने गरिन्छ ।

तर, नेपालको बर्तमान परिप्रेक्षमा गरीब, मजदुर, किसान तथा सिमान्तकृत समुदायका व्यक्तिले बैंक तथा वित्तिय संस्थाबाट सहजरुपले कर्जा सुविधा उपयोग गर्ने अवस्था देखिदैन, लघुवित्त मार्फत जनता ठगिन पुगेका छन् भने मिटरब्याजीहरुको अनुचित लेनदेनको कारण कतिपय मानिसहरु घरबार बिहिन समेत हुन पुगेको यथार्थ हाम्रो सामू छर्लङ् छ । तथापि केही सहकारीहरुले गलत कार्य गरेको भरमा सम्पूर्ण सहकारी अभियानलाई आरोपित गर्नु न्यायसङ्गत हुँदैन ।

समस्या: कमजोर अर्थतन्त्र भएको मुलुक नेपाल र त्यसमा पोष्ट कोभिड तथा हालै भएको रसिया युक्रेन युद्धको बाछिट्टाको कारण हाम्रो अर्थतन्त्र र वितिय क्षेत्रमा परेको प्रभावको कारण सहकारीले गरेको लगानी उठ्न नसकेको अवस्था, अर्को तर्फ सहकारी माथि विश्वास

Phone: +977-01-5186392, Email: jasapanepal2077@gmail.com, Website: peoplesocialist.org

नभई निक्षेप झिक्ने चाप बढ्न जाँदा सहकारी क्षेत्र तरलताबाट समस्या प्रभावित हुन पुग्यो । फलस्वरुप केही सहकारीबाट आफ्नो बचत फिर्ता नभएको भनी पिडितहरु माइतिघर मण्डलामा अनसन गर्दै विभिन्न राजनीतिक दलको कार्यालयमा ज्ञापन पत्र बुझाएको जगजाहेर छ । सहकारी पिडितले जम्मा गरेको पैसा फिर्ता पाउनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

समाधान : सहकारी संस्था दर्ता गरी प्रमाणपत्र दिने नियमक निकाय र राज्य यो समस्या देखाई उम्कन मिल्दैन, सहकारी सदस्यहरुको बचत रकम फिर्ता गर्ने मूल दायित्व सहकारी संस्थाकै हो । राज्यले यसमा समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ र पिडितलाई आफ्नो निक्षेप फिर्ता हुन्छ भन्नेमा आस्वस्त पार्नु पर्छ । सहकारीमा सर्वसाधारणको रकम अपचलन गर्नेलाई निष्पक्ष छानवीन गरी दोषिलाई कानूनी कटघरामा उभ्याउनु पर्छ । सहकारी संस्थालाई पारदर्शी, जवाफदेही, मर्यादित र प्रभावकारी ढंगले सञ्चालन गर्ने मुख्य दायित्व सरकारकै रहेकोले नियमित सुपरिवेक्षण, आन्तरिक लेखापरिक्षण गर्ने, जनसमुदायमा सहकारी शिक्षा क्षमता अभिवृद्धी जस्ता तालिम एवम् प्रशिक्षणको व्यवस्था गर्ने र सहकारी क्षेत्रको सुधारको लागि सहकारी क्षेत्र सुधार कार्यक्रम घोषणा गर्दै २०७० सालमा पूर्वन्यायाधिश गौरिबहादुर कार्कीको संयोजकत्वमा सहकारी संस्थाको छानवीन तथा जाँचबुँझ आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्दै सहकारी क्षेत्रलाई थप अनुशाशीत र मर्यादित बनाउनु सरकारको कर्तव्य र दायित्व हो ।

पेशल ढकाल
केन्द्रीय कार्यालय सचिव

पहिचान । संघीयता !! लोकतान्त्रिक समाजवाद

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल
DEMOCRATIC SOCIALIST PARTY NEPAL

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

फोन: २०७८

प.सं.: ०८१/०८२

च.नं. : २१९

मिति : २०८१/०५/१८

श्री सहकारि संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदिय छानविन विशेष समिति

सिंहदरबार, काठमाण्डौ ।

विषय : सुझाव पठाईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको सहकारी प्रतिको अवधारणा सुझाव यसै पत्रका साथ संलग्न गरि पठाईएको व्यहोरा जानकारीका साथ अनुरोध छ ।

महन्थ ठाकुर

अध्यक्ष

स्वनियमनमा चल्ने र आफ्नो सदस्यहरुद्वारा नियन्त्रित स्वभाव सहकारीको हो। नेपालको संविधानले सहकारीलाई तेश्रो महत्वपूर्ण खम्बाको रुपमा मानेको छ। तथापी स्वनियमनमा र सरकारी नियमनमा गम्भीर नहुँदा सहकारी क्षेत्रमा समस्या देखिएको छ।

- नेपालमा करिब ३२ हजार भन्दा बढी सहकारी अभिलेखमा देखिन्छ। त्यसमध्ये बहुउद्देश्यीय समेत गरी २२ हजार भन्दा बढीले वित्तिय कारोबार गरेको देखिन्छ।
- करिब ७४/७५ लाख जनता सहकारीमा आवद्धता छन भने, करिब १ लाख भन्दा बढिले रोजगारी प्राप्त गरेका छन्।
- सरकारले २०८० फागुन मसान्तसम्म २० वटा सहकारी समस्याग्रस्त सहकारी घोषणा गरेको थियो। त्यसमध्ये ५ वटाको समाधान भईसकेको थियो।
- पछिल्लो अवस्थामा केही समुहको सहकारी प्रतिको नकारात्मक अभिव्यक्तिको कारणले सहकारीको समस्या बिकराल देखिएको छ। २० लाख सम्मको कर्जा तिर्नु नपर्ने र सहकारीहरु फटाहा हुन् भन्ने केही समुहको चर्को अभिव्यक्ति र सहकारीले ठग्यो भन्दै आन्दोलन गर्ने प्रवृतिको कारण पनि समस्या बिकराल देखिएको छ। विशेषगरी धेरै बचत (अरब सम्मको) रहेको सहकारी समस्यामा परेका छन्। पछिल्लो समय बचत फिर्ता माग्ने जमात बढ्दै जानु र कर्जा लागेकाहरुले कर्जा तिर्न आलटाल गर्नु साथै मुद्दती नबिकरण नहुनु नै मुख्य समस्या देखिएको छ। एकैचोटी बचत फिर्ता माग्न आउने र कर्जा नउठने समस्याले केन्द्रीय बैंकमा त समस्या आउन सक्छ भने अन्त वित्तिय कारोबार गर्नेमा नहुने कुरै भएन। र अहिलेको मूख्य समस्या यही हो।
- ठुला सहकारीहरुले बचत रकम अन्य व्यवसायमा लगाएको र हाल व्यवसायमा आर्थिक मन्दी हुनु पनि समस्याको एउटा कारण हो।
- सहकारीको वास्तविकताको बारेमा नबुझी उजुरीको भरमा सरकारले सँचालकको धरपकड गर्ने र सहकारी बन्द गराउने प्रवृतिले पनि ठुलो समस्या देखिएको छ। भने केही सँचालन र कर्मचारीको बदमासीको कारण पनि समस्या आएको हो। इतर यो समस्या ५% भन्दा कम सहकारीमा देखिन्छ।
- कर्जा लगेकाहरुले कर्जा नतिर्ने नियतिले सहकारीलाई बदनाम गराउने, आन्दोलनमा घुसपैठ गर्ने, उजुरीको चाङ प्रशासनमा दिने जस्ता क्रियाकलापले सहकारी बन्द हुने र कर्जा लगेकाले कर्जा तिर्नु नपर्ने जस्तो नियतले समेत सहकारी समस्या बिकराल हुदै गएको छ।
- अहिलेको मुख्य समस्या तरलता नहुनुनै हो।

समाधान

- सहकारीको बचतकर्ताको बचत फिर्ता गराउनु नै यो समस्याको समाधान हो। हाल समस्यामा रहेका सहकारीहरुको बारेमा जसरी बैंकहरु समस्यामा परे नेपाल राष्ट्र बैंकले सो बैंक आफ्नो अधिनमा लिई बैंकको वास्तविकता बुझी बैंकबाट गएको कर्जा असुलीको व्यवस्थापन गरी बैंकलाई Track मा बिगतमा ल्याएको उदाहरण छ त्यसैगरि समस्यामा रहेको सहकारीलाई

सरकारको कुनै व्यवस्थापनको अधिनमा ल्याई अपचलन गर्ने संचालक र कर्मचारीलाई आवश्यक कारवाही गर्ने तर अपचलन भएकोलाई र व्यवस्थापनमा कमजोरी देखिएकोलाई सहकारीको संचालकहरु सँग समन्वय गरि कर्जा असुलीमा विशेष ध्यान दिई कर्जा लगेकाहरु सँग फछिर्यौट गरि कर्जा फिर्ता गराई बचतकर्ताको रकम फिर्ता गर्ने अवस्थाको सृजना गरे करिब ७५-८०% समस्या समाधान हुने देखिन्छ । सरकार यो बारेमा गम्भीर नहुने र उजुरीको आधारमा मात्रै धरपकड गरी थुनामा राख्ने अवस्था भए समस्यासँग झन विकराल रुप लिने देखिन्छ ।

- समस्यामा रहेका सहकारीहरुको संचालकको जायजेथा रोक्का गर्दा असुली र बचत फिर्तालाई नै प्राथमिकतामा राखेर अगाडि बढ्ने हो भने शिघ्र यो समस्य समाधान देखिन्छ । यसका लागि थुनामा राखेर भन्दा पनि सरकारको व्यवस्थापनमा संचालकहरुसंगको समन्वयमा बन्द सहकारी कोमी व्यवस्थापनलाई नै जोड दिनुपर्ने देखिन्छ । र यसो गरे बचतकर्ता पनि बचत फिर्ता हुनेमा विश्वस्त हुनेछन् ।
- अहिले विशेष गरी कर्जा लगेका समुहहरु नै सहकारी बन्द गराई कर्जा नतिर्ने नियतका साथ योजनाबद्ध तरिकाले लागेका छन् । यो समेतको पहिचान गरी उचित कार्वाहीको समेत व्यवस्था गर्नु जरुरी देखिन्छ ।

नागरिक उन्मुक्ति पार्टी
People's Freedom Party
केन्द्रीय कार्यालय, काठमाडौं

स्थापित: २०७२

पत्र नं.: १-२२५
२०८१/०५/२६

प.स.: २०८१/०८२
च.नः १८

मितिः २०८१/०५/२६

श्री सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन बिशेष समिति,
संघीय संसद,काठमाडौ ।

यस्ता छन् सहकारी क्षेत्रको सुधारको लागी सुझावहरू

- सहकारी नियमन गर्न तत्काल नियमक निकाय गठन गर्ने ।
- एक अर्ब रूपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाको वार्षिक लेखापरीक्षण गर्ने लेखापरीक्षक नियुक्ति गर्दा सङ्घीय सहकारी विभागबाट सूचीकृत लेखापरीक्षकमध्येबाट गर्नुपर्ने ।
- दश लाख भन्दा बढी ऋण बिनाधितो उपलब्ध गराउन नपाउने ।
- नेपाल सरकारले सबै तहलाई लागू हुनेगरी समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठनको ढाँचा, काम कर्तव्य र अधिकार तोकी कार्य गर्ने व्यवस्था मिलाउने ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको वित्तीय अवस्थाको विस्तृत अध्ययन गरी छुट्टाछुट्टै प्रतिवेदन बनाउन विज्ञ समूह गठन गर्ने ।
- सहकारी संस्थाहरूले प्रयोग गर्ने विभिन्न सफ्टवेयरहरूमा एकरूपता कायम गर्न सङ्घीय सहकारी विभागलेसूचीकृत गरेको सफ्टवेयरहरू मात्र प्रयोग गर्नुपर्ने ।
- वित्तीय कारोवार सम्बन्धमा अनुसन्धान गर्न फोरेन्सिक अडिटरको व्यवस्था गर्ने ।
- बचत तथा ऋण सहकारी ऐन जारी गर्ने ।
- सहकारी सङ्घसंस्थाका कर्मचारीहरूका लागि अनिवार्य रूपमा सहकारितासम्बन्धी सेवा प्रवेश र सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्ने साथै दश करोड भन्दामाथि वासलात भएका सहकारी सङ्घ/संस्थाको व्यवस्थापन प्रमुखले सहकारी विषयको कम्तीमा एक महिने व्यावसायिक कोर्ष लिएको हुनुपर्ने ।
- सहकारी सङ्घ, संस्थाहरूको समितिको एकै पदमा लगातार दुई कार्यकालभन्दा बढी अवधि रहन नपाउने व्यवस्था गर्ने ।
- अनुगमन तथा निरीक्षणका लागि नियामक निकायहरूको सबलीकरण, क्षमता अभिवृद्धि तथा दक्ष जनशक्तिको आपूर्तिको व्यवस्था मिलाउने ।
- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूले भविष्यमा आइपर्ने तरलता सङ्कट व्यवस्थापनका लागि तोकिएको केन्द्रीय तरलता कोषमा निश्चित प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था मिलाउने ।
- सहकारी सङ्घसंस्थाहरूको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुन योग्यता तोक्नुपर्ने ।

माननीय रञ्जिता श्रेष्ठ चौधरी
अध्यक्ष
नागरिक उन्मुक्ति पार्टी

Email: nagrikunmuktiparty@gmail.com, Mobile No. 9851249954

नेपाल मजदुर किसान पार्टी

केन्द्रीय समिति

गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४
६६१००२६

इ-मेल : nwpp@ntc.net.np

च.नं. ०८१/८२/३

मितिः २०८१/०४/१८

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति
प्रतिनिधिसभा, सिंहदरवार, काठमाडौँ ।

विषय : सुझाव पठाएको ।

ताहाँको मिति २०८१।०३।३० गतेको पत्र २०८१ साउन ०९ गते प्राप्त भई व्यहोरा अवगत भयो । सहकारी संस्थामा देखिएका समस्या समाधानको लागि अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट देहायबमोजिमको सुझाव निर्देशानुसार पठाएका छौँ :

- संसारका विभिन्न देशका किसान आन्दोलनहरूको निष्कर्षको रूपमा स्थानीय निश्चित गरिब र खेतीहर किसान जनताको कृषि उत्पादन र त्यसको वृद्धिको लागि सहकारी संस्था थालनी भएको हो ।
- गाउँ र वडामा स्थानीय किसानहरूको संस्थाकै रुपमा सहकारी संस्थाको कानुनी व्यवस्था हुनुपर्ने हो । तर, व्यापारी र पुँजीवादी राजनैतिक दल र संसदीय पार्टीका नेताहरूले सहकारी संस्थालाई निजी फाइनान्स कम्पनी र बैङ्कको रुपमा विकास गरी सहकारी संस्थामा जम्मा गरिएको गरिब किसानहरूको रकम ठूला व्यापारी र पुँजीवादी वर्गको हातको खेलौना बनाए ।
- सहकारी संस्थामा सङ्कलित रकमलाई संस्थाका किसान सदस्यहरूको कृषि कार्य पछिको श्रमलाई कुटीर व्यवसाय वा स-साना घरेलु उद्योगमा उपयोग गराई स्थानीय कच्चा मालमा आधारित वा कृषि उत्पादनबाट अन्य सामानको उत्पादन गराउनुपर्ने थियो ।
- नेपालका कति गाउँ र स-साना सहरहरूमा पर्यटकहरूको उपहारका वस्तुहरूको उत्पादनमा सहकारी संस्थाका किसान सदस्यहरूलाई रोजगारी दिनुपर्ने थियो । लोक्ताको कागज र त्यसको कापी, कलम, डायरी तथा नयाँ वर्ष र अन्य उत्सवहरूको निम्ति उपहार कार्ड र सामानहरू उत्पादन गर्न सकिन्थ्यो । माटो, ढुंगा, बाँस र काठका सामानहरूको उत्पादन र बिक्री वितरण गराउने सहकारी संस्था हुनुपर्ने थियो ।
- कृषिका सहायक क्षेत्र- मत्स्य पालन, पशुपालन, फलफूल र तरकारी खेती र त्यसबाट बन्ने सुख्खा र जूस जस्ता ठोस एवम् तरल पदार्थ, औषधी आदि उत्पादन सहकारीकै क्षेत्रभित्र पर्दछ ।
- तर, सरकारले सहकारी संस्थालाई 'बचत तथा ऋण सहकारी संस्था' को नाम दिएर बैङ्क र फाइनान्स कम्पनी जस्तै पुँजीवादीको हित हुने ढंगले भ्रष्टाचारको बाटो खोलेको गलत हो । सहकारी संस्थाको

नेपाल मजदुर किसान पार्टी

केन्द्रीय समिति

गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४
६६१००२६

इ-मेल : nwpp@ntc.net.np

च.नं. ०८१/८२/३ मितिः .....

जिल्ला, प्रदेश र केन्द्रीयस्तरको समिति गठनको व्यवस्था र सहकारी बैङ्कहरूको स्थापना पनि व्यापारी र पुँजीवादी वर्गलाई सस्तो व्याजमा पुँजी दिलाउने र व्यक्तिलाई करोडौँ र अर्बौं रुपैयाँ कर्जाको नाममा बचत ठगी गराई भगाउने एक चोर बाटो भयो। 'गाई मारी बाघ पोस्नु' भनेको यही हो।

- सहकारी संस्थाको बचत खेती कार्य चालु राख्न किसानलाई विनाधितो स-साना कर्जा दिनुपर्नेमा ठूलठूलो अंकको ऋण विनाधितो वा कमसल धितोमा अर्ब होइन खर्ब रुपैयाँ प्रवाह गरिएको सरकारहरूले भ्रष्टाचारलाई छुट दिएको साबित हुन्छ। २०-३० वर्ष पहिले नै प्रतिनिधिसभाको बैठकमा सहकारी संस्थाको करोडौं र अर्बौं रुपैयाँ भ्रष्टाचार भएको आवाज उठेपछि त्यसलाई सम्बोधन गरी तुरुन्तै आवश्यक कार्वाही गर्ने र सोहीवमोजिम सहकारी संस्थाहरूको ऐन-नियममा संशोधन गर्नुपर्ने थियो। त्यसो किन गरिएन भने ती भ्रष्टाचारी ठगहरू ठूला व्यापारी र पुँजीपतिहरूनै थिए- वुद्धिजिवी, संसदीय पार्टीका नेता र कार्यकर्ताहरूको पोशाकमा।
- सहकारी संस्था स्थानीय समुदायमा आधारित हुनु जरुरी छ। समुदायमा आधारित भन्नाले सहकारी संस्थाको सदस्य र सञ्चालक एउटा स्थानीय तहको वडा वा स्थानीय तहको क्षेत्रका नेपाली नागरिकमात्र हुन पाउने कानुनी व्यवस्था हो।
- सहकारी संस्थाको जिल्ला, प्रदेश र सङ्घीय (केन्द्रीय) समिति बनाउने कानुनी व्यवस्था सहकारी संस्थाको सिद्धान्तविपरीत हो। सहकारी बैङ्कको अलग कानुनी व्यवस्था पनि सहकारी संस्था सिद्धान्तविपरीत हो। सहकारी संस्थाको बचत रकम उत्पादन कार्यमा लगानी नगर्दासम्म सरकारको ५१ प्रतिशत वा सोभन्दा बढी भाग (शेयर) भएको बैङ्कमा रहने बन्दोवस्त हुनु जरुरी छ।
- सर्वसाधारण जनताको बचत रकमलाई धेरै व्याज दिनेलाई कर्जा प्रवाह गर्ने कानुनी बन्दोवस्त पनि सहकारी संस्थाको सिद्धान्तविपरीत हो।
- सहकारी संस्था स्वयम्लाई कृषि, घरेलु तथा साना उद्योग, पसल, होटल, ज्येष्ठ नागरिक आदर निकेतन, शिशु स्याहार तथा बालविकास केन्द्र, विद्यालय, कलेज, अस्पताल सञ्चालन गराउने गरी कानुनी व्यवस्था हुनु जरुरी छ।
- सहकारी संस्थामा जम्मा गरिएको सर्वसाधारण जनताको बचत रकम ठगी गरेका सञ्चालक र सम्बन्धित सबैको घैघरानाबाट शिघ्रातिशिघ्र असुलउपर गराउनु जरुरी छ।

२०८१/०८/१८

प्रेम सुवाल
सचिव

दर्ता नं.: 89
दर्ता मिति: २०८१/०४/१६

राष्ट्रिय जनमोर्चा

केन्द्रीय कार्यालय

National People's Front, Central Office

बुढानिलकण्ठ नगरपालिका- १०, ज्योतिनगर, कपन, काठमाडौँ

Ref. No.

मिति २०८१/०४/१०

माननीय सभापति ज्यु,
सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति,
सिंहदरबार, काठमाडौँ ।

विषय : सुझाव पठाएको बारे ।

तहाँको कार्यालयको मिति २०८१/०३/३० गतेको प.सं. २०८०/८१ च.नं. ४२ को प्रेषित पत्र प्राप्त भयो । तहाँको कार्यालयबाट हाम्रो दलसँग सहकारीसम्बन्धी दलको दृष्टिकोण, सहकारी क्षेत्र र संस्थाको समस्या एवं चुनौतिहरू समस्या समाधानका लागि अबलम्बन गर्नुपर्ने उपायका बारेमा सुझावहरू माग भइ आएको रहेछ ।

१. नेपालको सहकारी क्षेत्रमा देखा परेका समस्या समाधानका लागि नेपाल सरकारले अहिलेसम्म ९ वटा र नेपाल राष्ट्रबैंकले गठन गरेको एउटा गरी १० वटा आयोग, कार्यदल, सुझाव वा अध्ययन समिति गठन गरेको पाइन्छ । यद्यपि यहाँको नेतृत्वमा बनेको सहकारी संस्था बचत तथा दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको अझै प्रतिवेदन आउन बाँकी नै छ । सरकारले अहिलेसम्म सहकारी समस्या समाधानका लागि गठन गरेका विभिन्न आयोग, कार्यदल, सुझाव वा अध्ययन समितिले दिएका सुझावहरूलाई कुनै पनि सरकारले स्वीकार गरी त्यसलाई कार्यान्वयन गर्ने तर्फ ध्यान नदिएको तितो यथार्थ हाम्रो अगाडि छ । सहकारी क्षेत्रमा देखा परेका समस्या, सहकारी ऐन २०४८ का अपूर्णता, सहकारी क्षेत्रभित्र देखापरेको दण्डहिनताको अवस्थाको अन्त तथा सहकारीलाई सहकारीको सिद्धान्त, दर्शन, उद्देश्य अनुरूप सञ्चालन गर्न र बचत तथा ऋण सहकारी संस्थाको क्षेत्रमा सुधारका लागि सरकारद्वारा गठित विभिन्न आयोग, कार्यदल वा सुझाव समितिले सरकारलाई दिएका सुझावका आधारमा सर्वप्रथम सहकारी विधेयक तयार पार्ने र त्यसलाई संसदमा प्रस्तुत गर्ने काम हाम्रो दल राष्ट्रिय जनमोर्चा सरकारमा सहभागी भएका बखत गरेको थियो । तत्कालीन सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारीमा हाम्रो दल रहेको अवधिमा सहकारी विधेयकको मस्यौदा तयार पार्नेदेखि त्यसलाई संसदमा प्रस्तुत गर्नेसम्मको अवधिमा सहकारी क्षेत्रमा माफियाहरूसँग ठुलो संघर्ष गर्नु परेको थियो । त्यसैले नेपालमा सरकारी स्तरबाट सहकारी क्षेत्रमा देखापरेका समस्या समाधानार्थको पहल हाम्रो अगुवाइमा शुरू भएकोमा अझै त्यसले पूर्णता पाएको छैन । त्यसैले सहकारी क्षेत्रका समस्या समाधान हुनु पर्नेमा हाम्रो पार्टी गम्भीर छ । यदि तत्कालीन अवस्थामा हाम्रो जिम्मामा रहेको सहकारी मन्त्रालयले तयार पारेको विधेयकका सकारात्मक प्रावधानलाई संशोधन गर्न सहकारी सञ्चालन गरिरहेका वा सहकारी क्षेत्रका माफियाहरूको प्रभावमा परेका सांसदहरूले संशोधन नगरेको भए अहिले सहकारी क्षेत्रमा देखा परेका समस्यालाई धेरै हदसम्म समाधान गर्न सकिन्थ्यो ।

२. सहकारी क्षेत्रमा देखापरेका समस्यालाई सम्बोधन गर्ने गरी विधेयकमा प्रस्तावित कैयौँ प्रावधानहरू विधेयकबाट हटाउन वा त्यसलाई तोडमोड गरिएको हुनाले अहिलेको समस्या सम्बोधन गर्न बाधा पुगेको छ ।

३. तत्कालीन अवस्थामा हाम्रो दलको जिम्मामा रहेको सहकारी मन्त्रालयले तयार पारेको विधेयकमा स्वीकार गरिएका कतिपय राम्रा प्रावधान जुन अहिलेको समस्यालाई सम्बोधन गर्न सहयोगी हुन सक्थे । ती अझै कार्यान्वयन गरिएको छनैन् ।

४. विद्यमान पुँजीवादी प्रकारको व्यवस्थाअन्तर्गत सहकारी प्रणालीलाई पनि समर्थन गर्ने हाम्रो पार्टीको नीति रहेको छ ।

५. सहकारीको माध्यमद्वारा उत्पादन, प्रशोधन, बजारीकरणमा जोड दिने र त्यसबाट रोजागरी सृजनामा जोड दिइनु पर्छ भन्ने हाम्रो नीति रहेको छ ।

६. सहकारीको माध्यमबाट मुलुकलाई समाजवादउन्मुख दिशातर्फ लगिरहेको ल्याटिन अमेरिका अन्तर्गतका थुप्रै मुलुकहरूको अभ्यासबाट हाम्रो मुलुकले पनि शिक्षा लिँदै सहकारीको माध्यमबाट मुलुकलाई समाजवादउन्मुख दिशातर्फ डोऱ्याउन सक्छौँ ।

७. सहकारी क्षेत्र सहकारीको सिद्धान्त, दर्शन, उद्देश्य अनुरूप निर्देशित नहुँदा समस्याहरू उत्पन्न भएका छन् ।

८. हाम्रो मुलुकको सहकारी क्षेत्र न ठिक ठिक ढंगबाट उत्पादनसँग न त ठिक ठिक ढंगबाट सामुहिक पुँजीवादी व्यवसायसँग जोडिएको छ । त्यसैले यो क्षेत्रमा क्षेत्रमा परिवर्तनको आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

Phone : 01-4164304, Email : rajamo2052@gmail.com, Web : www.rajamo.org

९. सहकारीको सिद्धान्त, उद्देश्य, दर्शन अनुरूप सहकारीलाई अगाडि बढाउन सहकारी ऐनमा देखिएका असङ्गत प्रावधानलाई सच्चाउनुपर्ने आवश्यकतामा हाम्रो दलले जोड दिन्छ ।

१०. सहकारी ऐनले व्यवस्था गरेको तर अहिलेसम्म कार्यान्वयन नगरिएका प्रावधानलाई कार्यान्वयन गर्ने काम सरकारले तुरून्तै अगाडि बढाउनु पर्दछ ।

११. कर्जा असुली न्यायाधिकरण, सहकारी प्रवर्द्धन कोष, बचत तथा कर्जा सुरक्षण कोष तथा मुख्य कारोबारमा फर्किने प्रावधान तुरून्तै कार्यान्वयनमा लैजान पर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

१२. सहकारीलाई कामको आधारमा वर्गीकरण गर्ने गरी विद्यमान सहकारी ऐनमा व्यवस्था गरिएको छ । मुख्य कारोबारको आधारमा सहकारीको वर्गीकरण गरिएको छ । बचत तथा ऋण सहकारी संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाले पनि बचत तथा ऋणको कारोबार गरिरहेका छन् । त्यसप्रकारका सहकारी तीनवर्ष भित्रमा आफ्नो मुख्य कारोबारमा फर्किनु पर्ने प्रावधान अहिलेसम्म लागु भएको छैन । त्यो प्रावधान लागु हुनासाथ सहकारीको विद्यमान संख्या घट्ने निश्चितप्राय: छ । सहकारीको संख्या घट्दा त्यसले अनुगमनको पक्षमा केही सहजता ल्याउने छ ।

१३. बचत तथा ऋण सहकारी संस्थाको क्षेत्रलाई सहकारी ऐनबाट झिकेर त्यसलाई निर्देशित, नियमन गर्न, बेग्लै ऐन बनाउनु पर्ने आवश्यकतामा हामीले जोड दिन्छौं । बचत तथा ऋण सहकारी संस्था नियमनका लागि थुप्रै मुलुकले बेग्लै "क्रेडिट एक्ट" बनाएर काम गरिरहेका छन् । सहकारी बैंक तथा सहकारी बिमा ऐन पनि बेग्लै बनाउनु पर्ने आवश्यकता छ । हामीले पनि त्यस सम्बन्धी बेग्लै ऐन बनाउँदा सहकारीको स्वनियमनको सिद्धान्तको विपरीत हुँदैन ।

१४. अहिले सहकारी क्षेत्रमा मुख्यतया बचत तथा ऋण सहकारी र बहुउद्देश्यीय सहकारीमा मुख्य समस्या देखापरेका छन् । बहुउद्देश्यीय सहकारीमा देखापरेका समस्या मुख्य कारोबारको प्रावधानलाई कार्यान्वयनमा लगेपछि क्रमश: समाधान उन्मुख हुने छ । जहाँसम्म बचत तथा ऋण सहकारीको प्रश्न छ त्यस क्षेत्रको समस्या समाधान गर्न बेग्लै ऐन तथा नियमन, अनुगमनका लागि बेग्लै संरचनाको आवश्यकता छ ।

१५. सहकारी क्षेत्रमा विशेषत: बचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूमा बचतकर्ताहरूको बचत ठगी र अपचलन गर्ने प्रवृत्ति बढेर गएको छ । बचतकर्ताको बचत रकम ठगेर कैयौं सहकारीहरू भागेका छन् । कयौं समस्याग्रस्त भएका छन् । अहिलेसम्म समस्याग्रस्त घोषणा नभएका र भागेर पनि नगएका सहकारीभित्र पनि बचतकर्ताहरूको बचत उच्च जोखिममा रहेको छ । त्यस सम्बन्धी समस्या समाधान गर्न तत्कालीन र दीर्घकालीन उपाय तुरून्तै थाल्नु पर्दछ ।

१६. तत्कालीन कार्यभित्र सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारी तथा बचतकर्ताको रकम ठगी भागी गएका सहकारीका सञ्चालक, व्यवस्थापक, कर्मचारी जसले सहकारीबाट अनुचित लाभ वा सहकारी ठगी अपचलनमा संलग्नता छ । तिनीहरूको जायजेथा, एकाघर सगोलका तथा नजिकका नातेदारहरू समेतको सम्पत्ति रोक्का गरी लिलाम बिक्री गरेर असुलउपर गर्नु पर्दछ । त्यसरी असुलउपर गरेको रकम सहकारी पीडितहरूलाई तुरून्तै उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ । सहकारी ऐन तथा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग सम्बन्धित कार्यविधिले यस्तो कार्य गर्न लामो तथा झण्झटिलो प्रक्रियाबाट जानुपर्ने भएको हुनाले सरकारले तुरून्तै फास्ट ट्र्याकबाट (दुर्तमार्ग) त्यससम्बन्धी ऐन कानुनको व्यवस्था गर्नुपर्दछ ।

१७. समस्याग्रस्त सहकारीको वर्गीकरणभित्र नपरेका भागेरसमेत नगएका बचत ऋणको कारोबार गर्ने सहकारीमा समेत बचतकर्ताको रकम उच्च जोखिममा रहेको छ । ऋण बचतको कारोबार गर्ने सहकारी संस्थाले गरिरहेको कारोबारको निश्चित राशीलाई आधार बनाई तुरून्तै त्यसको सम्पूर्ण जाँचबुझ, छानविन गर्न नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्नु पर्दछ ।

१८. राष्ट्रिय जनमोर्चाको सहकारीप्रतिको धारणा वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखापरेका समस्या, चुनौति तथा त्यसका समाधानका उपायका बारेमा विस्तृतमा तयार पारिएको अवधारणापत्र पनि यसै सुझावसँग संलग्नगरी प्रेसित गरेका छौं । धन्यवाद !

चित्रबहादुर केसी
अध्यक्ष

(वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखापरेका समस्या, चुनौति तथा त्यसका समाधानका उपाय एवं सहकारीप्रति राष्ट्रिय जनमोर्चाको अवधारणा)

अवधारणालाई हामीले दुई खण्डमा विभाजित गरेर प्रस्तुत गर्ने प्रयत्न गरेका छौं । पहिलो खण्डमा समाजवादी प्रणालीअन्तर्गत सहकारीको प्रयोग तथा दोस्रो खण्डमा पुँजीवादी प्रणालीअन्तर्गत मुख्यतया नेपालमा सहकारीको प्रयोग तथा प्रयोगको क्रममा देखिएका समस्या, विकृति तथा विसंगती ।

खण्ड (क)

१. समाज विकासको पुँजीवादी चरण निश्चित रूपले सामन्ती समाजको तुलनामा प्रगतिशील चरण हो । त्यसैले पुँजीवादी आर्थिक प्रणालीले अंगीकार गरेको सहकारी पद्धतिलाई हाम्रो दलले स्वीकार गर्दछ । पुँजीवादी व्यवस्थाभित्र गरिने व्यक्तिगत पुँजीवादी व्यवसाय र सहकारी व्यवसायका बिच अन्तर हुन्छ । सहकारी व्यवसायले सामुहिकतामा जोड दिने हुनाले यसको स्वरूप सामाजिक प्रकारको हुने गर्दछ । त्यसैले पुँजीवादी प्रणालीअन्तर्गतको सहकारीलाई पनि हामीले समर्थन गर्ने नीति अपनाउँछौं । सहकारीको झण्डै १८० वर्ष लामो इतिहास रहेको पाइन्छ । सहकारीलाई विश्वका दुवैखाले समाजवादी तथा पुँजीवादी व्यवस्थाले आफ्नो अर्थतन्त्रको मुख्य अङ्ग बनाएको पाइन्छ । दुवैखाले व्यवस्थाका लागि सहकारी सर्वस्वीकार्य पक्ष रहँदै आएको छ । सहकारीको जन्म पुँजीवादी शोषण वा हाम्रो जस्तो पिछडिएको एसियाली मुलुकमा सामन्तवादी शोषण तथा साहुकारी प्रथाका विरूद्ध भएको पाइन्छ । साहुकारी प्रथाको अन्त्यपछि पुँजीवादी व्यवस्थामा खडा गरिएका बैंकहरूमा सर्वसाधारणको पहुँचको अभाव बैंकले साहुकारको रूपमा आफूलाई परिणत गरेपछि सहकारिताको विकासले आधारभूमि दिएको हो । सहकारीले मजदुर, किसान, समाजमा दविएका, उपेक्षित, किनारामा पारिएका वर्गहरूको आर्थिक रूपले पक्षपोषण गर्दछ । सहकारीको प्रयोग र अभ्यासको विश्वस्तरमा दुईटा अनुभव हाम्रो अगाडि छन् । समाजवादी तथा पुँजीवादी आर्थिक प्रणालीअन्तर्गत सहकारीको अभ्यास र प्रयोगको अनुभव विश्वका अगाडि छ । पुँजीवादी व्यवस्थाअन्तर्गत पनि उदारवादी आर्थिक प्रणालीमा पुँजीवादले प्रवेश गर्नु पूर्व र पश्चातको अनुभव पनि रहेको छ ।

२. १९ औं शताब्दीको युरोपिय अझ मुख्यतया फ्रान्सीसी काल्पनिक समाजवादी धारा र सहकारीको दर्शन तथा सिद्धान्तका बिच अन्तर सम्बन्ध रहेको छ । फ्रान्सेली तथा ब्रिटेनका काल्पनिक समाजवादी धारणाका प्रवर्तकहरू सेन्ट साइमन, चार्ल्स फुरिए तथा ब्रिटेनका रोवर्ट ओवेन नै सहकारीका प्रवर्तकहरू मध्येका थिए । काल्पनिक समाजवाद र सहकारीका प्रवर्तकहरूले पुँजीपतिहरूद्वारा मजदुरहरूमाथि हुने गरेको दमन, शोषण र अत्याचारका विरूद्ध सहकारीको अवधारणा अगाडि सारेका थिए । आफ्नो मान्यतालाई साकार वा व्यवहारिक रूप दिन पुँजीपति वर्गबाट मजदुरहरूको आर्थिक संरक्षणका लागि सहकारीको माध्यमबाट कैयौं प्रयोग वा अभ्यास गरेका थिए । ती प्रयासहरूलाई विश्वको सहकारी आन्दोलनले विभिन्न रूपमा अगाडि बढाइरहेको छ । त्यस सिलसिलामा मजदुर वर्गको आपसी सहकार्यबाट सर्वसुलभ पसल खोल्ने, सामुहिक बस्तीको स्थापना गर्ने, मजदुरका छोराछोरीका लागि सामुदायिक विद्यालय खोल्ने, उपभोक्ता सहकारी गठन गर्ने तथा सहजीवन बस्तीको अवधारणालाई व्यवहारिक रूप दिएका थिए । त्यसैले मार्क्स र ऐंगेल्सले आफ्ना विभिन्न रचनाहरूमा चार्ल्स फुरिए, रोवर्ट ओवेन, सेन्ट साइमनको प्रशंसा गरेको पाइन्छ ।

३. तत्कालीन अवस्था सहकारीको जन्म मुख्यतया अत्यन्तै दयनीय अवस्था रहेका मजदुर वर्गको भौतिक अवस्थामा सुधारलाई पुँजीपतिहरूको आर्थिक शोषणबाट संरक्षण गर्ने उद्देश्यद्वारा भएको थियो । सहकारीका प्रवर्तकहरूले पुँजीवादका खराबीहरूबारे तिखो आलोचना गर्दै समतामूलक आर्थिक राजनीतिक प्रणालीमाथि जोड दिन्थे । तर यिनीहरूका मान्यता सामाजिक विज्ञानका नियमहरूमा नभएर मुक्तिको आकाङ्क्षाले प्रेरित कल्पनायुक्त दृष्टिकोणमा आधारित थिए । त्यसको परिणाम सहकारीका केही प्रवर्तकहरू जसमध्ये रोवर्ट ओवेनको नाम अग्रपङ्क्तिमा आउँछ, उनले सहकारीका माध्यमबाट निजी व्यवसायमा उन्नती प्रगति गरे पनि मजदुर वर्गको अवस्थामा मौलिक परिवर्तन हुन सकेन । यद्यपि तात्कालिन अवस्थामा मजदुरहरूलाई पुँजीपतिहरूका विरूद्ध लड्ने चेतनाको निर्माणमा सहकारीको योगदानको महत्त्वलाई अस्वीकार गर्न सकिन्न ।

४. मार्क्सले सहकारितालाई आफ्नो साहित्यमा महत्त्वका साथ स्थान दिनुका साथै त्यसको विभिन्न पक्षको व्याख्या गरेको पाइन्छ । मार्क्सको विश्वप्रसिद्ध कृति पुँजीको पहिलो खण्डको १३ औं अध्यायमा सहकारी सम्बन्धी बेग्लै अध्याय रहेको छ । पुँजीको खण्ड २ र ३ मा पनि मार्क्सले सहकारीसँग सम्बन्धितको विषयमा प्रकाश पार्नु भएको छ । तत्कालीन अवस्थामा मार्क्सले समाजवादी आन्दोलनभित्र देखा परेको सहकारी सम्बन्धी लासाल लगायतको गलत समझदारीका विषयमा आफ्नो प्रसिद्ध रचना "गोथा कार्यक्रमको आलोचना"मा खण्डन पनि गर्नुभएको पाइन्छ ।

५. मार्क्सलाई सहकारीबाट एक नयाँ उत्पादन पद्धतिको परिणाम निस्कने कुरामा विश्वास थियो । मार्क्सले उत्पादक सहकारी समितिहरूमाथि आधारित प्रणालीलाई पुँजीवादभन्दा उत्कृष्ट एक नयाँ प्रणालीको रूपमा हेर्दथे । मार्क्सको दृष्टिकोणमा उत्पादन सहकारी फर्महरूले एक नयाँ उत्पादन पद्धतिलाई पैदा गर्नेछ । त्यसबाट ज्याला श्रम खतम हुनेछ । मजदुरहरूबाट गराउने कामबाट पुँजीपतिहरूले प्राप्त गर्ने अतिरिक्त मूल्यको शोषणकारी पद्धति क्रमश निषेध हुनेछ । जसको परिणाम पुँजीबाट श्रमिकलाई दास बनाउने पुँजीवादी पद्धतिको अन्त्य हुने छ । मजदुरहरू स्वयंको मालिक बन्ने छन् । त्यसबाट पुँजीपतिहरू उत्पादनका गतिविधिको सम्बन्धमा निर्णय लिने शक्तिबाट बञ्चित हुने छन् भन्ने थियो । त्यसका साथै उहाँले शुद्ध सहकारी "वित्तपोषित" हुन नहुने कुरामा पनि जोड दिनुभएको थियो । मार्क्सको सहकारी सम्बन्धी द्वन्द्वात्मक दृष्टिकोण रहेको थियो । सहकारीले पुँजीवादी व्यवस्थालाई विकास पनि गर्छ तर त्यसका साथै सहकारी प्रयोगले केही मात्रामा पुँजीवादी शोषणलाई निषेध पनि गर्न मद्दत पुऱ्याउँछ भन्ने मार्क्सको

पनि गर्छ तर त्यसका साथै सहकारी प्रयोगले केही मात्रामा पुँजीवादी शोषणलाई निषेध पनि गर्न मद्दत पुऱ्याउँछ भन्ने मार्क्सको सहकारी सम्बन्धी द्वन्द्वात्मक दृष्टिकोण रहेको थियो । उहाँको सोचाइमा यदि पुँजीवादी व्यवस्थाभित्र सहकारीले आफ्नो भावना अर्थात् काममा सामुहिकता उत्पादनका साधनमाथि सामुहिक स्वामित्व रहँदासम्म सहकारी आफ्नो भावना तथा उद्देश्यमा कायम रहन्छ । तर पुँजीवादी व्यवस्थाभित्र सहकारीले आफूलाई टिकाउन पुँजीवादसँग प्रतिस्पर्धा गर्नु पर्ने परिस्थितिमा समेत सहकारीले प्रतिस्पर्धालाई निधेष गर्नु पर्ने हुन्छ । सहकारीको उद्देश्य प्रतिस्पर्धा गरेर व्यवसायबाट नाफा कमाउनु नभएर सेवा गर्नु हो । सहकारी व्यवसाय नाफामूलक नभएर सेवामूलक नै हुनुपर्ने हुन्छ । तर आफूलाई टिकाउन सहकारीले प्रतिस्पर्धाको बाटो रोज्यो र बढीभन्दा बढी उपभोग्य वस्तुको उत्पादन गर्न थाल्यो भने सामाजिक हितको सहकारीको उद्देश्य समाप्त हुन्छ र त्यस्तो अवस्थामा सहकारी पुँजीवादको विकासको खम्बा बन्नुका साथै पुँजीवादी समुह जस्तै आर्थिक स्वार्थमा सीमित हुन पुग्ने मान्यता मार्क्सको थियो ।

६. रूसमा समाजवादी क्रान्तिको सफलता पश्चात नै विश्वमा पहिलो पटक सहकारीको मूल उद्देश्य र भावना अनुसार प्रयोग र कार्यान्वयन भएको पाइन्छ । रूसमा सहकारीले कृषि श्रमलाई औद्योगिक श्रमसँग जोड्ने र त्यसबाट कृषक र मजदुर वर्ग बिचको भेदभाव वा अन्तरविरोध क्रमशः मेटाउने साधनको रूपमा सहकारीलाई प्रयोग गरिएको थियो । सानो खालको कृषि उत्पादनलाई विशाल पैमानाको उत्पादनमा संक्रमणका लागि समाजवादी प्रणालीअन्तर्गत सहकारीलाई उपयोग गरिएको थियो । ठिक त्यसै प्रकारले चीनमा माओको नेतृत्वमा क्रान्तिकालीन अवस्थामा कायम लालसत्ताको प्रारम्भदेखि कृषि उत्पादनमा बृद्धि गर्न सहकारीलाई प्रयोग गरिएको थियो । नयाँ जनवादी व्यवस्थाको स्थापना भएको तीनवर्ष भित्रै चीनमा लाखौं लाख कृषि सहकारीको स्थापना गरेर कृषि क्षेत्रमा विशाल पैमानाको उत्पादनलाई औद्योगिक उत्पादनसँग जोड्ने काम भएको थियो । रूसमा तत्कालीन अवस्थामा कृषि क्षेत्रमा थालिएको सहकारीकरणले रूसको अर्थतन्त्रलाई नै कायापलट गरेको थियो । त्यहाँका कृषि सहकारी समिति श्रोतसाधन सम्पन्न थिए । कैयौं समितिहरूसँग आफ्ना हवाईजहाज थिए भन्दा धेरैलाई आश्चर्य लाग्न सक्दछ । साना साना टुक्रामा विभाजित खेतलाई एक आपसमा जोडेर रूसमा लाखौं ठुला ठुला खेतमा रूपान्तरण गरिएको थियो । सामुहिक कृषि प्रणाली र त्यसबाट उत्पन्न उत्पादनले रूसमा भएको विकासले विश्वलाई नै आश्चर्यचकित बनाइदिएको थियो । सहकारी चीनको आर्थिक समृद्धिका लागि कोसेढुङ्गा नै साबित भएको थियो ।

७. ल्याटिन अमेरिकाअन्तर्गतका कतिपय मुलुकहरूमा कृषि सहकारीको माध्यमबाट कृषि श्रमलाई औद्योगिक श्रमसँग जोड्ने अभ्यास भइरहेको छ । यो अभ्यासद्वारा ल्याटिन अमेरिका अन्तर्गतका वामपन्थीहरूको वर्चश्व भएका मुलुकहरूलाई समाजवादउन्मुख दिशामा लैजाने साधनको रूपमा सहकारीलाई अङ्गीकार गरिएको छ । त्यो प्रयोगलाई त्यहाँका वामपन्थीहरूले "२१औं शताब्दीको जनवाद"को नाम दिएका छन् । भेनेजुएला, क्युवा लगायतका मुलुकहरूको आर्थिक समृद्धिका लागि सहकारीले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

८. उपरोक्त बुँदाहरूको संक्षिप्त अध्ययनबाट सहकारी एउटा सामुहिकतामा आधारित व्यवसाय भएकोले यसको सही उपयोग समाजवादी/जनवादी व्यवस्थाअन्तरगत मात्र भएको देखिन्छ । समाजवादी अर्थतन्त्रको विकासमा तथा मजदुर तथा किसानहरू बिचको वर्गीय अन्तरविरोधलाई समाधान गर्न सहकारीको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

खण्ड (ख)

१. पुँजीवादी अर्थप्रणालीमा लघु कृषि उत्पादनलाई विराट पैमानाको उत्पादनमा लैजाने र अन्ततः कृषि श्रमलाई औद्योगिक श्रमसँग जोड्ने कडी वा पुलको रूपमा सहकारी प्रणालीलाई अपवाद बाहेक एसिया अन्तर्गतका कुनै पुँजीवादी मुलुकले अङ्गीकार गरेको पाइन्न । कैयौंले अमेरिका, मलेसिया, श्रीलंका, भारत, जापान लगायतले अपनाएको सहकारी प्रणाली र त्यसमा भएको केही विकासलाई सफल सहकारीको दृष्टान्तको रूपमा प्रस्तुत गर्ने गरेका छन् । तर ती मुलुकहरूमा पनि केही खास क्षेत्र बाहेक कुनै कृषि श्रमलाई औद्योगिक श्रमसँग जोड्ने र अन्ततः कृषि तथा औद्योगिक श्रम बिचको भेदलाई मेटाउने दिशामा कुनै उल्लेखनीय प्रगति वा विकास भएको पाईदैन । अझ कतिपय मुलुकमा त कृषिको स्वामित्व किसानमा नै कायम राख्ने गरी गरिएका सामुहिक कृषि फर्म समेत सफल हुन नसकेको देखिन्छ । नेपाल पनि त्यसको अपवाद छैन । नेपालको पिछडीएको कृषिलाई सहकारीकरण गरेर त्यसलाई सामुहिक कृषि प्रणालीमा परिणत गर्ने र कृषि क्षेत्रबाट विराट पैमानाको उत्पादनसँग राष्ट्रलाई जोड्ने काम हुन सकेको छैन । कृषि क्षेत्रमा सहकारीको माध्यमबाट विराट पैमानाको उत्पादन जोडिएको कृषि श्रमलाई औद्योगिक श्रमसँग जोड्ने कुरा झन् नेपालको सहकारीका लागि सुदूर भविष्यको विषय बनेको छ ।

२. देश खुल्ला अर्थतन्त्रमा प्रवेश गरेदेखि अहिलेसम्म झण्डै ३४ हजार सहकारी संस्था खुलेका छन् । यद्यपि मुलुक संघीय शासनप्रणालीमा प्रवेश गरेपछि सहकारी क्षेत्रमा चुनौतिहरू थप हुनुका साथै झन् भद्रगोलको अवस्थामा बृद्धि भएको छ । जुन रूपमा तिव्र ढङ्गबाट सहकारी खुलेका छन् । तर त्यस अनुपातमा त्यसले मुलुकलाई प्रतिफल दिन सकेको छैन । कामरेड लेनिनले पुँजीवादी व्यवस्थाअन्तर्गतका सहकारी संस्थालाई "सामुहिक पुँजीवादी व्यवसाय" को रूपमा परिभाषित गर्नुभएको छ । तर आश्चर्यको कुरा हजारौंको संख्यामा सहकारी संस्था खुल्दा पनि तिनीहरू अझै ठीक ढङ्गबाट "सामुहिक पुँजीवादी व्यवसाय" को रूपमा विकास हुन सकेका छैनन् । "सामुहिक पुँजीवादी व्यवसाय" को प्रारम्भिक अवस्थामा नै सहकारी संस्था रहेका छन् । अझ दुःखको कुरा भारतको सहकारी आन्दोलनमा "सहकारी र ठगी" एक अर्काका पर्यायवाची हुन् भन्ने भाष्य नेपालको सहकारी क्षेत्रमा पनि स्थापित भएको छ । "सहकारी र ठगी" एक अर्काका पर्यायवाची हुन् भन्ने भाष्यका रूपमा स्थापित हुँदा सहकारीको उद्देश्य, दर्शन सिद्धान्त अनुसार काम गरिरहेका सहकारीहरू समेत पीडित हुन पुगेका छन् ।

३. कृषि क्षेत्रमा खोलिएका सहकारीहरूले सीमित रूपमा भए पनि कतिपय सवालमा मुलुकलाई आत्मनिर्भर बनाउने दिशातर्फ काम गरिरहेको कुरालाई नजरअन्दाज गर्न मिल्दैन । दुध सङ्कलन तथा चिस्यान, माछा पालन, पशु सुरक्षा कोष, कोल्ड स्टोर, साना मझौला तथा ठुला चिया उद्योग, एकीकृत कृषि फर्म, दुग्ध प्रशोधन, आवास परियोजनामा सानो स्तरको भए पनि महत्त्वपूर्ण काम गरेका छन् । यद्यपि लघु कृषि उत्पादनको दायराबाट विशाल पैमानाको उत्पादनमा सहकारीको भूमिका हुनुपर्थ्यो त्यो हुन सकेको छैन ।

४. नेपालमा खोलिएका सहकारीको समग्र अध्ययनबाट कतिपय सहकारी नाम मात्र का छन् । सरकारी अभिलेखमा सहकारीको रूपमा दर्ता छन् तर तिनीहरूको कुनै काम गतिविधि वा भूमिका छैन । एक प्रकारले तिनीहरूलाई मृत सहकारी संस्था हुन भन्दा फरक पर्दैन । विभिन्न सरकारले सहकारीलाई प्रश्रय गर्ने नाममा दलीय आधारमा अनुदान दिने, लिने उद्देश्यले विगतमा ठुलो संख्यामा योजनाबद्ध ढङ्गबाट थुप्रै सहकारी खोलिएका थिए । सरकारबाट सहकारीका लागि विनियोजित अनुदान प्राप्त गर्न त्यस्ता सहकारी खोलिएका थिए । अनुदानको लोभमा खोलिएका ठुलो संख्याका सहकारीहरू अनुदान पाउन बन्द भएपछि निष्क्रिय बनेका छन् । कतिपयले योजनाबद्ध ढङ्गबाट सहकारीलाई दुरूपयोग गर्ने उद्देश्यद्वारा गलत नियतले नै छरिएको पुँजीलाई सहकारीको माध्यमबाट एक ठाउँमा सङ्कलन वा वचत गर्ने र त्यो रकमलाई विभिन्न बहानामा अपचलन वा ठगी गर्ने गरेका छन् । गृहमन्त्री संलग्न सहकारी विवाद प्रकरणमा देखिएका सहारा वचत तथा ऋण सहकारी, समानता वचत तथा ऋण सहकारी, सुप्रिम वचत तथा ऋण सहकारी, सूर्यदर्शन वचत तथा ऋण सहकारी, स्वर्ण लक्ष्मी वचत तथा ऋण सहकारी विभिन्न ठाउँमा योजनाबद्ध रूपमा खडा गरेर जनताको अर्बौं रूपिया वचत सङ्कलन गर्ने र त्यो पुँजीलाई आफू निकटको कम्पनी वा संस्था ग्यालेक्सी -4 मिडिया प्रा.लि.मा स्थानान्तरण गर्ने अन्ततः कम्पनीको सीमित दायित्व हुने कानुनी व्यवस्थाको लाभ उठाएर घाटामा लैजाने र रकम ठगी गर्ने गरिएको पाइन्छ । यो त एउटा उदाहरण मात्रै हो । यस्ता कैयौं उदाहरण नेपालको सहकारी क्षेत्रमा पाइन्छ । अझ कतिसम्म भने सहकारी संस्थाले नै मिटर ब्याज (अनुचित लेनदेन) मा संलग्न रहेका समाचार समेत सार्वजनिक हुने गरेका छन् । कैयौं सहकारीहरूले उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा राम्रो काम पनि गरेका छन् । सहकारीको सिद्धान्त दर्शनलाई पछ्याएका छन् । सहकारी ऐनले निर्दिष्ट गरेका प्रावधान अनुसार सञ्चालन पनि भएका छन् । तर स्वयं सहकारी कानुनमा नै विधायीकाले वा राज्यले छिद्रहरू दिएको छ । ती कानुनी छिद्रहरूलाई प्रयोग गरेर सहकारी सञ्चालकहरूले सहकारी आन्दोलन नै बदनाम हुने गरी काम गरिरहेका छन् ।

५. सहकारी ऐन कानुनले निर्दिष्ट गरेका प्रावधानहरूको विभिन्न सहकारी संघ संस्थाहरूले उल्लङ्घन गर्ने गरेका छन् । जस्तै वचत तथा ऋणको व्याजदर बिचको अन्तर ६ प्रतिशतभन्दा बढी नहुने, चक्रबृद्धि ब्याज लिन नपाइने, अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण कारोबारमा लगानी, फर्म, कम्पनी वा अन्य कुनै बैंक शेयर खरिद गर्न नपाइने कानुनी व्यवस्था छ । सहकारी संस्थाले प्राथमिक पुँजीको कोषको १५ गुणाभन्दा बढी रकम गर्न नपाइने, विभिन्न कोषमा रकम नछुट्याई लाभांश वितरण गर्न नपाइने, नेपाल राष्ट्र बैंकले तोके बमोजिम तरलता राख्नु पर्ने, सञ्चालक र व्यवस्थापक एउटै व्यक्ति हुन नहुने, एकभन्दा बढी सहकारीको सञ्चालक हुन नहुने, स्वार्थको द्वन्द्व बाझिनेहरूलाई सञ्चालक बनाउन नमिल्ने, सहकारीको रकम गैरवित्तिय क्षेत्रमा लगानी गर्न नपाइने जस्ता कानुनी व्यवस्था भएर पनि त्यसको कैयौं सहकारीबाट जानाजान गलत नियतले उल्लङ्घन भइरहेको छ । त्यसलाई समयमा नै नियन्त्रण गर्नभन्दा सरकार मूकदर्शक हुन्छ वा त्यस्तो गर्नेलाई संरक्षण गर्न तर्फ लाग्छ । जसको परिणाम हजारौं वचतकर्ताहरूको अर्बौं रूपिया ठगी भइरहेको छ ।

६. वचत तथा ऋण सहकारीको क्षेत्रमा सबैभन्दा ठुलो समस्या देखा परेको छ । नेपालमा खोलिएका सहकारी मध्ये झण्डै ५० प्रतिशतभन्दा बढीले अर्थात् झण्डै १७ हजारभन्दा बढी सहकारी संस्थाले वचत तथा ऋणको कारोबार गर्ने गरेका छन् । वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था सहर केन्द्रित छन् । दुरदराज, विकट वा दुर्गम क्षेत्रमा वचत तथा ऋण सहकारी संस्थाको आवश्यकता हुँदा पनि ती क्षेत्रहरूमा अत्यन्त थोरै संख्यामा खोलिएका छन् । कैयौं सहकारी संस्थाले मुख्य कारोबार अन्य देखाए पनि वचत तथा ऋणकै कारोबार गर्ने गरेका छन् । जनस्तरमा छरिएको सानो सानो पुँजीलाई वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा सङ्कलन गर्ने काम हुन्छ । तर ती संस्थालाई अनुगमन तथा नियमन गर्ने दक्ष सरकारी निकाय वा जनशक्ति सरकारसँग छैन । मुलुक संघीयतमा गएपछि झन् सहकारी क्षेत्रमा भद्रगोल अवस्थाको सृजना भएको छ । झण्डै झण्डै २ दशकदेखि वचत तथा ऋण सहकारी संस्था, सहकारी बैंक, वित्तिय सहकारीलाई नियमन तथा अनुगमन गर्न बेग्लै "वित्तिय प्राधिकरण" सम्बन्धी निकायको स्थापनाका लागि आवाज उठिरहेको छ । तर सरकार त्यसबारे गम्भीर नै छैन । जसको परिणाम वचत तथा ऋण सहकारीको क्षेत्रमा लथालिङ्ग र भताभुङ्गको स्थिति पैदा भएको छ । त्यसका साथै सहकारी ऐनले खुल्ला छोडेको कानुनी छिद्रको प्रयोग गरेर कैयौं बहुउद्देश्यीय सहकारी संस्था लगायत अन्य सहकारीले वचत ऋणको कारोबार गर्ने गरेका छन् ।

७. मुख्यतया: वचत तथा ऋण सहकारी तथा अन्य नाम वा बहुउद्देश्यीय प्रयोजनका लागि खुलेको तर वचत तथा ऋणको कारोबार गर्ने सहकारीमा गम्भीर समस्या देखा परेका छन् । झण्डै १ लाख वचतकर्ताहरूको २ खर्ब बराबरको वचतमाथि गमन ठगी वा अपचलन भएको छ । शुरूमा वचत तथा ऋणको कारोबार गर्ने सहकारीमा यस्तो समस्या २०५६ सालमा फाटफुट रूपमा देखा परे पनि क्रमश: यसले अहिलेको अवस्थामा विष्फोटक रूप लिएको छ । अहिलेसम्म सहकारी स्तरबाट जम्मा २० वटा सहकारी समस्याग्रस्त सहकारीको रूपमा घोषणा गरिए पनि यसको संख्या केन्द्रीय स्तरमा मात्रै सयौं रहेको छ । २०७० सालमा गठित सहकारी सम्बन्धी जाँचबुझ आयोगले दिएको प्रतिवेदन अनुसार १३० वटा सहकारी संस्थालाई सङ्कटग्रस्त सहकारीको रूपमा घोषणा गर्न सरकारलाई सुझाव दिएको थियो । मुलुक संघीय प्रणालीमा गएपछि संघको क्षेत्राधिकार भित्र १२५ वटा सहकारी परेका छन् । राष्ट्रिय सहकारी महासंघले संघको क्षेत्राधिकारभित्र परेका १२५ वटै सहकारी सङ्कटग्रस्त रहेको कुरा सार्वजनिक रूपमा नै बोलेको छ । स्वयं

सहकारी विभागका मुख्य पदाधिकारीहरूले सङ्कटग्रस्त सहकारीको संख्या ७०० बताएका छन् । विभिन्न सञ्चार माध्यमले यो संख्या ५०० बताइरहेका छन् । जेभए पनि निष्कर्षमा यो भन्न सकिन्छ कि सरकारले २० वटा सहकारीलाई सङ्कटग्रस्त घोषणा गरे त्यो पनि त्यो सयौँ संख्यामा छ । शुरूका सरकारले घोषणा गरेका १२ वटा सहकारीले मात्र १० हजारभन्दा बढी वचतकर्ताहरूको १८ अर्ब रूपैयाँ डुबेको थियो । सहकारी जाँचबुझ आयोग २०७० ले तात्कालिन अवस्थामा वचत तथा ऋण सहकारीहरूमा नागरिकको १० अर्बभन्दा बढी रकम जोखिममा रहेको बताएको थियो ।

८. गृहमन्त्री जोडिएको सहकारी विवाद प्रकरणमा ६ वटा सहकारीबाट पचासौँ हजार वचतकर्ताको सात अर्ब ६ करोड रूपियाँ हिनामिना भएको कुरा सार्वजनिक भएको छ । सहकारीका सञ्चालकहरूले वचतकर्ताको रकममाथि गरेको ठगीका यी केही दृष्टान्तहरू हुन् । यी केही सामान्य उदाहरणबाट पनि सहकारीमा कुन स्तरको ठगी र लुट भइरहेको छ ? त्यसको आङ्कलन गर्न सकिन्छ । त्यसैले बचत तथा ऋणको मुख्य कारोबार गर्ने वा मुख्य कारोबार अन्य देखाएर वचत ऋणकै काम गर्ने सहकारीमा देखिएको समस्याले विष्फोटक रूप लिएको छ ।

९. सहकारी क्षेत्रमा देखापरेको समस्याको सवालमा जनस्तरबाट र स्वयं सहकारीका सञ्चालकहरूबाट ठगिएका वचतकर्ता, राजनीतिक दलहरूले उठाउने न्यायिक आवाजलाई सरकारले सहकारी जाँचबुझ आयोग, अध्ययन, कार्यदल बनाएर थन्को लगाउने गरेको छ । बचत तथा ऋण सहकारीले विषयलाई लिएर मात्र ०६१ सालदेखि अहिलेसम्म २०८१ जेठ १५ गतेको अवधिमा सरकारी स्तरबाट ६ वटा र नेपाल राष्ट्र बैंकबाट समेत गरी ७ वटा आयोग, कार्यदल अध्ययन समिति बनेका छन् । ती आयोग, कार्यदल, अध्ययन समितिले दिएको सुझावहरू मन्त्रालयको दराजमा थान्को लगाइन्छ । जाँचबुझ आयोग, कार्यदल, अध्यन समितिले दिएका सुझावहरूलाई सरकारले समयमा नै कार्यान्वयन गरेको भए समस्याले विष्फोटक रूप लिँदैन्थ्यो ।

१०. सहकारी क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न सरकारको उदासिनताका पछाडि राजनीतिक उद्देश्यले काम गरेको छ । सहकारी क्षेत्रमा फितलो कानुन, वचतकर्ताको रकम ठग्ने वा सहकारीको नाममा बैंक सञ्चालन गर्न खोज्ने तर सुविधा सहकारीको लिनेहरूलाई प्रश्रय दिएर जनताको वचतको सुरक्षणलाई कमजोर बनाएर सहकारी रकम ठगी गर्नेलाई नै राजनीतिक संरक्षण गरेर सत्तारूढ तथा प्रतिपक्षमा रहने दलहरूले छरिएर रहेको पुँजीलाई एकत्रित पारेर त्यसलाई दलीय राजनीतिक स्वार्थमा प्रयोग गरिरहेका छन् । सहकारी ठगी प्रकरणमा जोडिएका प्रायः सञ्चालक सत्तारूढ वा प्रतिपक्षी दलकै जिम्मेवार सदस्य, सांसद तथा नेताहरू रहेका छन् । सहकारी क्षेत्रका तिनै व्यक्तिहरू स्वार्थ समुहको रूपमा संसद र सरकारलाई प्रभावित पार्दछन् र आफू अनुकूलको कानुन बनाउन वा कडा कानुनलाई संशोधन गर्न तिनीहरूकै मुख्य भूमिका रहने गरेको छ । स्वार्थ समुहको दबावका कारण सहकारी क्षेत्रमा कसैले सुधार गर्न खोजे पनि त्यसमा बाधा पुऱ्याइन्छ । हाम्रो दल सरकारमा सहभागी भएका बखत सहकारी क्षेत्रमा सुधारका लागि तयार पारेको कडा सहकारी विधेयकका विरूद्ध स्वार्थ समुहको प्रभावमा परेर सांसद वा सहकारीका सञ्चालक भएका सांसदहरूले मिलेर १४२ वटा दफामा ६९४ वटा संशोधन प्रस्ताव दर्ता गराएका थिए । अन्ततः हामीले अगाडि सारेका सहकारीका सिद्धान्त, दर्शन अनुसारका कानुनी प्रावधानलाई आफ्नो स्वार्थअनुसार संशोधन गर्न उनीहरू सफल भए । यसबाट बुझ्न सकिन्छ कि सहकारी क्षेत्रको स्वार्थ समुहको सरकार र संसदमाथि जबर्जस्त प्रभाव रहेको देखिन्छ ।

११. विगतमा सरकारले सहकारी क्षेत्रका माफिया स्वार्थ समुह तथा ठगहरूलाई राजनीतिक संरक्षण गर्ने गर्दथे भने अहिले आएर सहकारी ठगी प्रकरणमा मुछिएका विभिन्न सहकारीबाट जाहेरीसमेत परेका रवि लामिछानेलाई सरकार निर्माणका लागि चाहिने बहुमत पुऱ्याउन गणितीय उद्देश्यले उनका सबै अपराधको पक्ष लिने काम गर्नुका साथै उनका विरूद्धका प्रमाण नष्ट गर्न समेत उनलाई छुट दिने काम भएको थियो ।

१२. हाम्रो दलले सहकारी मन्त्रालयको जिम्मा सम्हालेका बेला सहकारी क्षेत्रमा देखा परेका विकृति, विसङ्गति, अनुशासनविहिनतालाई खतम गर्न कडा कानुनका साथै सहकारीको भावना, नीति, सिद्धान्त तथा दर्शनमाथि आधारित विधेयकको मस्यौदा गरेर संसदमा प्रस्तुत गरेको थियो । २०४८ सालको सहकारी ऐनको प्रस्तावनाले सहकारीको दर्शन, सिद्धान्त र उद्देश्यलाई समग्रमा समेटेको थिएन । २०४८ को ऐनको प्रस्तावनाले एउटा निश्चित वर्ग त्यसका साथै सामाजिक कार्यकर्ताले आपसी सहयोग र सहकारीताको आधारमा सहकारी संस्था गठन गर्न पाउने व्यवस्था गरिएको थियो । जुन सहकारीको उद्देश्य तथा भावना अनुसार थिएन । हामीले अगाडि सारेको सहकारी विधेयकले प्रस्तावनालाई सहकारीको सिद्धान्त, दर्शन तथा उद्देश्य अनुरूप परिमार्जन गर्ने काम गरेको थियो । हामीले अगाडि सारेको विधेयक सहकारीसँग जोडिएका अपचलन, ठगी र हिनामिनालाई सरकारवादी मुद्दाको रूपमा चलाउने प्रस्ताव गरिएको थियो । सहकारी ऐन २०४८ ले सहकारी क्षेत्रमा जुनसुकै स्तरको ठगी गरे पनि जम्मा १५०० रूपैया मात्र जरिमानाको प्रावधान थियो । त्यसलाई बदलेर कडा कानुनी दण्ड सजायको व्यवस्था गरियो । प्रस्तावित सहकारी विधेयकमा श्रम सहकारीको अवधारणा प्रथम पटक नेपालको सहकारी आन्दोलनमा प्रवेश गराउने काम भएको थियो । श्रम सहकारीको अवधारणालाई कानुनी रूपमा स्वीकार त गरियो । तर अहिलेसम्म एउटा पनि श्रम सहकारीको स्थापना भएको छैन । शहरी क्षेत्रमा वचत तथा ऋण सहकारी संस्था खोल्न नियोजन गर्ने प्रस्ताव विधेयकमा गरिएको थियो । तर पछि कथित सहकारी अभियन्ताहरूको दबाबमा त्यसलाई हटाइयो । सहकारी ऐन २०४८ ले कम्पनी, संघ संस्थालाई पनि सहकारीको सदस्य बनाउन पाउने व्यवस्था गरेको थियो । यही कानुनी छिद्रको प्रयोग गरेर सहकारीमा ठुलो पैमानामा ठगी गर्ने काम भइरहेको थियो । त्यसमा संशोधन गरियो । सहकारी प्रवर्द्धन कोष, वचत तथा कर्जा सुरक्षणकोष, कर्जा सुचना केन्द्र, कर्जा असुली न्यायाधिकरण जस्ता महत्त्वपूर्ण संरचनालाई प्रस्तावित गरिएको थियो । यद्यपि सहकारी प्रवर्द्धन कोषमा थुप्रो रकम जम्मा भए पनि त्यसको प्रयोग सम्बन्धी नियमको अभावमा त्यसले मूर्तरूप लिन पाएको छैन । कर्जा असुली न्यायाधिकरण अहिलेसम्म गठन हुन सकेको छैन ।

१३. हामीले प्रस्तुत गरेको विधेयकमा व्यक्तिगत बचतको सीमा तोक्ने प्रस्ताव गरिएको थियो । तर कथित सहकारी अभियन्ताहरूको दबाबमा संशोधन गरियो । जसको परिणाम सहकारीलाई बैंक सरह बनाउने सहकारी सिद्धान्तविपरितको काम भइरहेको छ । कर्मचारी, शिक्षक सहकारीको प्रावधान थपिएको थियो । सहकारी सिद्धान्त, दर्शन, उद्देश्य र भावना विपरीत रहेको छ । सहकारीको कार्यक्षेत्रका कारण जनताको बचत रकम ठगी गर्नमा प्रश्रय पुगिरहेको थियो । तर सहकारीको कार्यक्षेत्र सीमित गर्ने हाम्रो प्रस्तावलाई संशोधन गरियो । सहकारीको कार्यक्षेत्र एक जिल्लाभन्दा बढी दिने काम भयो । जसले समस्या थपिएको छ । सहकारी विधेयकमा हामीले सबैभन्दा बढी समेटेको विषय बचत तथा ऋणको विषय नै थियो । यद्यपि त्यसका कैयौं प्रावधानलाई तोडमोड गरी आफू अनुकूल बनाउन तत्कालीन संविधान सभामा रहेका सबै दलका सहकारी माफिया लागिपरेका थिए । त्यसमा उनीहरू केही हदसम्म सफल पनि भए । सहकारी विधेयकमा हामीले प्रस्तावित गरेको एउटा महत्त्वपूर्ण विषय सहकारीको कामको आधारमा त्यसलाई वर्गीकरण गरिएको थियो । यद्यपि त्यो अहिलेसम्म कार्यान्वयनमा आएको छैन । कथित सहकारी अभियन्ताहरूले त्यो प्रावधानलाई संशोधनका लागि अभियान शुरू गरेका छन् । विभिन्न काम र नामको आधारमा सहकारी खोल्ने तर मुख्य काम बचत ऋणको गर्ने सहकारी क्षेत्रमा भयंकर ठुलो महामारीको रूपमा फैलिएको छ । त्यसमा नियन्त्रण आवश्यक थियो र छ । त्यसैले सहकारी ऐनमा "मुख्य कारोबार"को प्रावधान थप्नुका साथै बचत तथा ऋण बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाले बचत तथा ऋण कारोबार गर्न नपाउने गरिरहेका छन् भने तीनवर्ष भित्रमा आफ्नो मूल कारोबारमा फर्किनु पर्ने व्यवस्था गरिएको छ । जुन अहिलेसम्म सरकारबाट कार्यान्वयन नै भएको छैन । यदि यो कानुनी प्रावधान कार्यान्वयन हुने हो भने विद्यमान सहकारीको संख्या ३४ हजारबाट घटेर १० हजारमा झर्थे । तर यो कानुनी प्रावधानलाई सरकारले लागु गर्न अहिलेसम्म कुनै निर्देशन वा पहलकदमी गरेको छैन । कानुन पारित भएको सात वर्ष तथा आफ्नो मुख्य कारोवारमा फर्कन दिएको समयावधि नाघेर चार वर्ष पुगिसकेको छ । तर कार्यान्वयन नै नगरिएको प्रावधान संशोधन गर्न सहकारीका कथित अभियन्ताहरूले अभियान शुरू गरिसकेका छन् । बहुउद्देश्यीय सहकारी वा बचत तथा ऋण बाहेकका विषयगत सहकारी जसले बचत तथा ऋणको कारोबार गरिरहेका छन् त्यसमा नियन्त्रण हुनुका साथै विद्यमान अवस्थामा बहुउद्देश्यीय सहकारीहरूमा देखिएको जनताको बचत रकम अपचलन र ठगीमाथि नियन्त्रण गर्न सकिन्थ्यो ।

१४. सहकारी समाजवादी अर्थप्रणालीको एउटा महत्त्वपूर्ण हिस्सा हो । तर त्यसलाई अहिले समाजवादी व्यवस्थाभित्र नभएर पुँजीवादी व्यवस्थाभित्रको अर्थतन्त्रको एउटा खम्बाको रूपमा अगाडि बढाउन खोजिएको छ । पुँजीवादी अर्थतन्त्रले सहकारीलाई स्वीकार गरे पनि त्यसलाई विकृत पारेर लागु गरिरहेको कुरामा कुनै शङ्का छैन । त्यसको परिणाम मुलुकको अर्थतन्त्रमाथि नकारात्मक रूपमा गम्भीर असर पुगिरहेको छ । सहकारी कृषक, कालिगढ, श्रमिक, न्यून आय समुह एवं सीमान्तकृत समुदयका लागि नभएर यी वर्गले संचय वा बचत गरेको पुँजीमाथि माफियाहरूले रजाई गरेका छन् । अर्थतन्त्रको मुख्य खम्बा मध्येको एउटा खम्बाप्रति जनतामा चरम निराशा पैदा भएको छ । अहिलेसम्म झण्डै २ खर्ब ठगी हुनु र अझै कैयौं सहकारी संस्थामा चरम सङ्कट देखा परेको कारण मुलुकलाई आर्थिक सङ्कटतर्फ डोऱ्याउने खतरा रहेको छ । एकातर्फ सहकारीका माफियाले जनताले बचत गरेको सहकारी रकम ठग्ने ती ठगहरूको जायजेथाबाट असुलउपर गरेर बचतकर्ताको रकम फिर्ता गर्ने काम नाम मात्रको भएको छ । ठगिएका बचतकर्ताहरूले आत्महत्याको बाटो रोजेका छन् । पैसाको अभावमा औषधि नपाएर वा हेरचाहको अभावमा कैयौंको मृत्यु भएको छ । कैयौंले ठगीको पीडा सहन नसकेर पक्षघातको शिकार भएका छन् । कतिपयले मानसिक सन्तुलन समेत गुमाएका छन् । सहकारीमा बढ्दो ठगीको परिणाम बचतकर्ताहरू आफ्नै मुलुकमा न्याय नपाएर मर्नु परेको स्थिति छ । त्यसका साथै आफ्नो गलत उद्देश्य पूरा गर्न जनताको बचत ठगी गर्ने सहकारी संस्थाले बैंकहरूबाट पनि ठुलो पैमानामा ऋण लिएको छ । बैंकबाट लिएको ऋण गैरवित्तिय क्षेत्रमा लगानी गरिएको छ । जसको परिणाम त्यो पुँजी जाम हुन पुगेको छ । त्यसले कतिपय बैंकहरूमा समेत तरलताको अवस्था सृजना भएको छ । कृतिम उद्योग व्यवसाय वा परियोजना अर्थात् कागजी रूपमा देखाइएको व्यवसाय वा परियोजना देखाएर बैंकलाई समेत ठगेर कतिपय सहकारीले ऋण लिने गरेका छन् । त्यसबाट पनि बैंकहरूको आर्थिक कारोबारमा धक्का लागेको छ । तर सरकारले अपराधको मात्राको अनुपातमा कारबाहीको दायरा बढाउन नसक्नु वा अपराधमा सङ्लग्न व्यक्तिहरूलाई संरक्षण गर्नु वा आफ्नो सरकार टिकाउन सरकारका महत्त्वपूर्ण मन्त्रालयको जिम्मा सहकारी ठगी प्रकरणमा मुछिएका विवादित मान्छेलाई दिनु जस्ता कार्यले ठगिएका बचतकर्ताहरूमाथि राज्यबाट नै अन्याय गर्ने गराउने काममा प्रश्रय दिइएको छ । मुलुकमा कानुनी राज्यको धज्जी उडिरहेको छ । मुलुकमा आर्थिक सङ्कट उत्पन्न हुने खतरा पनि बढिरहेको सन्दर्भमा यो अन्तरक्रिया कार्यक्रमले ठगिएका बचतकर्ताको न्यायिक आवाजमा हामीले ऐक्यबद्धता प्रकट गर्नु तथा सहकारीबाट हुने ठगीलाई रोक्न तथा सहकारीलाई सहकारीको सिद्धान्त, दर्शन, उद्देश्य अनुरूप अगाडि बढाउन आवश्यक नीतिगत तथा संरचनागत सुधारका लागि हाम्रो पार्टीले जोड दिन्छ ।

धन्यवाद !

मा. प्रभु साह
अध्यक्ष, आम जनता पार्टी
एवम्
पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य, रौतहट-३

Hon. Prabhu Sah
Chairman, Aam Janata Party
Former Minister & Member,
House of Representative, Rautahat-3

दर्ता नं.: २५५
२०८१/०२/१५

मितिः २०८१-०५-२४

मा. सभापति ज्यू,
सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति
सिंहदरबार, काठमाडौं ।

देशको अर्थतन्त्रलाई चलायमान बनाउन सहकारीले महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । यसले राज्यसंगको सहकार्यमा स-साना पुँजीलाई एकीकृत रुपमा परिचालन गर्दछ । त्यसैले सहकारी क्षेत्रलाई पारदर्शि र प्रभावकारी बनाउन जरुरी छ । सहकारीमा देखिएका समस्याहरु सामान्य छैनन् , यहाँ उत्पन्न मुख्य बाधा भने कै नियमनकारी निकायको लापरवाही हो । यसर्थ सहकारी क्षेत्रमा देखिएका समस्याको समाधानका लागि हाम्रो आम जनता पार्टीको तर्फबाट निम्न लिखित सुझावहरु रहेका छन् ।

१. सहकारी क्षेत्र नेपालको आर्थिक उन्नतीको एक मेरुदण्ड हो ,जसलाई सफल र उन्नत बनाउन वस्तुवादी एवम् प्रभावकारी ऐन कानून बनाई कार्यान्वयन गर्नुपर्ने ।

२. सहकारी अपचलनमा नियमनकारी निकाय र व्यक्तिहरुको संलग्नता विना सम्भव नहुने भन्ने हाम्रो बुझाई छ ,तसर्थ समस्या भएका ठाउँहरुमा रकम लिने र दिनेका साथसाथै नियमनकारी निकाय र व्यक्ति माथि समेत छानबिन गरि कानुनी कठघेरामा उभ्याउनु पर्ने ।

३. फर्जी सदस्यता खडा गरि आफ्नै पाकेटका मान्छे अथवा हुदै नभएका सदस्यलाई सिधै कार्यकारी अधिकार दिई बहुमत प्रयोग गरेर पुंजी परिचालन गर्नेगरेको हुदा अब वितिय अडीट मात्र नभई सदस्य तथा कमिटिको पनि अडीट गर्नु पर्ने ।

४.राजनीतिक तथा संस्थाका उच्च अधिकारी संगको पहुच कै आधारमा उदेश्य र प्राथमिकता विपरित पुँजी परिचालन भइरहेको हुदा त्यसलाई रोक्न ठोस नियम र कानुन बनाउनु पर्ने ।

५. कुनै प्रदेश अथवा जिल्लाबाट जम्मा भएको रकमलाई प्राथमिकिकरण गर्नुपर्ने ।

यसरी यि उपायहरु अवलम्बन गरी राज्यको नीति र नियतमा सुधार गरे सहकारीका समस्याहरुमा सुधार हुने विश्वास लिएको छु ।

प्रभु साह
अध्यक्ष
आम जनता पार्टी

+977-1-4200029 (Office) +977-9851012149 prabhusah31@gmail.com www.prabhusah.com

दर्ता नं.:- १३६
दर्ता मिति:-२०८१/०४/३०

"समावेशीता, संघीयता, सुशासन, समृद्धि र समाजवाद"

नेपाल समाजवादी पार्टी
Socialist Party of Nepal

केन्द्रीय कार्यालय, का.म.पा.-३२, काठमाडौं
E-mail: nsp2079@gmail.com

प.सं.०८१/८२
च.नं. ५४४

मितिः २०८१/०५/२९

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय
छानबिन विशेष समिति समक्ष प्रस्तुत

नेपालमा सहकारी अभियानको संभावना, चुनौती र समस्याग्रस्त सहकारीका समस्या समाधानका उपायहरु

१. पृष्ठभूमि

१.१ नेपालको संविधान २०७२ को धारा ५० को उपधारा ३, धारा ५१ को (घ) १ र ३ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रमार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने गरी तीन खम्बे अर्थनीतिलाई ग्रहण गरेको छ । समाजवादी अर्थतन्त्रको निर्माण गर्न पुराना आर्थिक एवं प्रशासनिक संरचनाहरुको रुपान्तरण र समन्यायिक वितरण प्रणालीको विकास गर्दै समग्र समाजलाई आर्थिक-सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै सरकारी, निजी र सहकारी क्षेत्र समेटिएको सहभागितामूलक विकासको मिश्रित मोडेलको कार्यान्वयन गर्न सकेको खण्डमा राष्ट्रिय अर्थतन्त्रले द्रुत विकासको आवश्यकता पुरा गर्न सक्दछ । तर नेपालमा सहकारी क्षेत्रको विकास विभिन्न कारणले चुनौतीपूर्ण बन्दै गएको छ । अर्थतन्त्रमा हुने कुल लगानीमा सहकारी क्षेत्रको अंश ५-६ प्रतिशत भन्दा माथि जान सकेको अवस्था छैन ।

१.२ संयुक्त स्वामित्व एवं प्रजातान्त्रिक नियन्त्रण प्रणालीमा रहने उद्यमको माध्यमबाट सामूहिक हित, समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता पूरा गर्न स्वेच्छाले एकताबद्ध व्यक्तिहरुको समूहबाट स्थापित संगठन नै सहकारी हो । सरकारी क्षेत्र र निजी क्षेत्र पुग्न

नसकेका कतीयप क्षेत्रमा सहकारीको वढी प्रभावकारी योगदान हुन सक्दछ । संसारभरीका विकसित तथा विकासोन्मुख मुलुकहरुमा समेत अर्थतन्त्रको विकासमा खासगरी पूँजी निर्माण (वीमा तथा वित्तीय सेवा), उत्पादन तथा वितरण (खाद्यवस्तु, विजुली, उर्जा, उपभोग्य वस्तु) एवम् रोजगारी वृद्धि, गरिवी निवारण, आदि मा सरकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

१.३ विश्व परिदृश्यमा सदस्यता संख्या, रोजगारी सिर्जना, कूल गार्हस्थ उत्पादनमा सहकारीहरुको वार्षिक कुल आम्दानीको योगदानका हिसावले केही प्रमुख देशहरुमा फ्रान्स, न्यूजिल्याण्ड, फिनल्याण्ड, अष्ट्रिया, डोमिनिका, नेदरल्याण्ड, आयरल्याण्ड, जर्मनी, साईप्रस, अष्ट्रेलिया, लग्जम्वर्ग, इटली, डेनमार्क, स्पेन, स्वीट्जरल्याण्ड, माल्टा, नर्वे, पोल्याण्ड, आदि पर्दछन् ।

१.४ World Cooperative Monitor Report 2019 अनुसार यूरोप, अमेरिका, अफ्रिका र एशिया पेशिफिक क्षेत्रका ३०० ठूला सहकारीहरुको कारोवार करीव २०३४.९८ अर्व अमेरीकी डलर (सन् २०१७ को तथ्यांक अनुसार) रहेको थियो । यस्ता सहकारी अर्थतन्त्रका विभिन्न क्षेत्रमा समेटिएका छन् जस्तैः वीमा क्षेत्रमा ३९.० प्रतिशत, कृषि ३१.७ प्रतिशत, थोकर खुद्रा व्यापार १७.७ प्रतिशत, वैकिङ्ग र वित्तिय सेवा ७ प्रतिशत, उद्योग १ प्रतिशत, स्वास्थ्य, शिक्षा र सामाजिक १ प्रतिशत रहेको छ भने रोजगारीमा उल्लेखनीय योगदान रहेको छ । एउटा अर्को आँकडा अनुसार नेदरल्याण्डमा आलु उत्पादनको शत प्रतिशत, दक्षिण कोरियामा कृषि उत्पादनको ४० प्रतिशत, फिनल्याण्डमा दैनिक सेवाको ३३ प्रतिशत, अमेरिकामा उर्जा आपुर्तिको १३ प्रतिशत, भारतमा कृषि उत्पादनको ३७ प्रतिशत, माल्टामा माछा आपुर्तिमा ९० प्रतिशत, होण्डुरसमा वीमा सेवाको २७ प्रतिशत, नेपालमा वित्तीय सेवाको करिव २० प्रतिशत सहकारीको हिस्सा रहेको दृष्ट्रान्त छ ।

१.५ यसैगरी संसारका १४५ मुलुकहरुलाई समेटेर संयुक्त राष्ट्र संघले गरेको एउटा अध्ययन अनुसार कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान १० प्रतिशत भन्दा माथि हुने मुलुकहरु (सन् २०१४) न्यूजिल्याण्डमा २० प्रतिशत, नेदरल्याण्डमा १८ प्रतिशत, फ्रान्स १८ प्रतिशत फिनल्याण्ड १४ प्रतिशत रहेका छन् । यसैगरी करीव २६ लाख सहकारी संस्थाहरुमा

१ अर्ब सदस्यहरु रहेका छन् भने ७७०,००० संस्थाहरुमा १ करोड २६ लाख कर्मचारीहरु रहेका छन् । करीब २० ट्रिलियन अमेरिकी डलर बराबरको सहकारी संस्थाको सम्पत्तिले वार्षिक ३ ट्रिलियन अमेरिकी डलर बराबरको कुल आम्दानी सिर्जना गरेको पाइन्छ । संसारभरीको अनुभव हेर्दा गरिबी निवारण, लैङ्गिक समानता, स्वरोजगार सिर्जना, कृषिमा रुपान्तरण, उत्पादन वृद्धि, शिक्षा, स्वास्थ्य, आवास, विद्युत, सञ्चय तथा भण्डारण, वितरण, सामाजिक सुरक्षा, आदिमा सहकारी क्षेत्रको भूमिका प्रभावकारी रहेको पाइन्छ ।

२. नेपालमा सहकारी क्षेत्रको संभावना र चुनौती

२.१ नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको एउटा महत्वपूर्ण खम्बाको रुपमा स्थापित गर्न खोजेको छ भनें सहकारी ऐन २०७४ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिक आधारमा सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर, दिगो राष्ट्रिय अर्थतन्त्रको विकासको ध्येय लिएको छ ।

२.२ संविधानले अंगीकार गरेको नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य-मान्यता र सिद्धान्तको अनुशरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै समग्र विकास प्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्दै आएको छ । विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न देशको आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने यस क्षेत्रको भूमिका रहेको छ ।

२.३ स्वनियमनमा संचालित यस सहकारी क्षेत्रले संस्थामा स्थानीय स्रोत साधन, श्रम, सीप र पुँजीलाई परिचालन गरी रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहयोग पुर्याउनुका साथै मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सदस्यहरुको सामाजिक आर्थिक र सास्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग पुर्याउँदै आएको छ ।

२.४ आर्थिक, सामाजिक र मानवीय पूँजीको विकास सहकारी क्षेत्रले गर्न सक्ने भएको हुँदा सहकारी क्षेत्रलाई गरिवी निवारण एवं आर्थिक समृद्धिको आधार मान्न सकिन्छ । आर्थिक प्रतिफल र वजारको सीमितताका कारण निजी क्षेत्र लगानी गर्न संकोच मान्ने वा जान नचाहेको क्षेत्रमा सहकारी नै समुदायस्तरको उत्पादन संगठन र रोजगारीको माध्यम हो । यसले स्थानीय संभावना, सीप एवं ससानो पूँजीलाई उत्पादन प्रक्रियामा प्रयोग गर्दै रोजगारी सिर्जना गर्दछ ।

२.५ संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले हस्ताक्षर गरेको सन् २०१६-२०३० सम्मको दिगो विकास लक्ष्यको कार्यान्वयनमा नेपालको सहकारी अभियान क्रियाशिल रहदा रहदै पनि अहिले मुलुकको संघीय संरचना अनुरुप सहकारी संघ/संस्थाको दर्ता नियमन र प्रवर्द्धनको जिम्मा संघीय सरकार, ७ वटै प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारलाई रहेको छ । यसले सहकारी अभियानको प्रवर्द्धनकालागि प्रशस्त आधार र अवसर सृजना त गरेको छ साथै तीनै तहका सरकारलाई सहकारी मैत्री वनाउने कार्य पनि चुनौतीपूर्ण रहको छ ।

२.६ यसैगरी संविधानको अनुसूची ५ मा संघको अधिकारको सूचीमा सहकारी नियमन, अनुसूची ६ मा प्रदेशको अधिकारको सूचीमा सहकारी संस्था, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूचीमा सहकारी, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा सहकारी संस्था र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा सहकारीलाई समावेश गरी संविधानले समृद्ध अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रलाई विशेष भूमिका प्रदान गरेता पनि कार्यान्वयन चुनौतीपूर्ण रहेको छ । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले सहकारी क्षेत्रको विकासका लागि आवश्यक मुद्दाहरु लाई समेटने प्रयास गरेको भएता पनि अझै सहकारी ऐन, नियमका केही प्रावधानहरु सहकारी मैत्री हुन सकेका छैनन् र भएका प्रावधानहरु पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

२.७ वि.स. २०१३ साल चैत्र २० गते चितवनको बखानपुर ऋण सहकारी समितिको स्थापना संगै भएको नेपालको सहकारी अभियान प्रवर्द्धनका चरणबाट व्यवसासयिक दिशातर्फ अघि बढेको छ । मुलुकभर संजाल विस्तार भई बचत तथा ऋण, बहुउद्देशीय, कृषि, दुग्ध, उपभोक्ता, तरकारी तथा फलफूल, चिया, कफी, जडीबुटी, मौरीपालन, जुनार, उखु, विद्युत, स्वास्थ्य, सूचना तथा संचार, बिऊबिजन, मत्स्यपालन, पर्यटन, सूपारी, पशुपालन लगाएतका विविध प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरु ३४,७३७, जिल्ला स्तरीय संघहरु ३२५, विषयगत केन्द्रीय संघहरु २०, राष्ट्रिय सहकारी बैंक १ र एउटा राष्ट्रिय सहकारी महासंघ रहेको छ । ५१ प्रतिशत महिलाहरु सहित सहकारी क्षेत्रमा ६५,१२,३४० व्यक्तिहरुको आवद्धता, ७६.३४ अर्ब रुपैयाँ शेयर पूँजी, रु. ३.४५५९ खर्ब बचत र रु. ३.३२७१ खर्ब ऋण परिचालन भएको छ । करीब ६३,५०० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने १० लाख भन्दा बढी व्यक्तिहरुले अप्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका छन् र सहकारी संघ संस्थाको समिति मार्फत २,४७,८२७ जना सहकारीको नेतृत्वमा रही क्रियाशिल छन् । यति हुँदाहुँदैपनि सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार उदासिन देखिएको छ ।

२.८ नेपालको समग्र विकासमा सहकारीले आफ्नै प्रकारको मौलिक योगदान गर्दै आएको भएतापनि अझै सहकारी क्षेत्रमा थुप्रै चुनौतीहरु रहेका छन् । नेपालको संविधानको मर्म अनुरुप सहकारी अभियानलाई अघि बढाउन सकिएको छैन । स्थानीय तथा प्रदेश सरकारहरुको प्राथमिकतामा सहकारी क्षेत्र अझै ओझेलमा रहेको छ । अर्थतन्त्रको महत्वपूर्ण हिस्सा हुँदाहुँदै पनि अनुसन्धान एवं सरकारी स्तरबाट वैज्ञानिक तथ्यांक व्यवस्थापनको अभावमा सहकारी क्षेत्रको सही र भरपर्दो तथ्यांकको उपलब्धतामा छैन । धेरै जसो सहकारी उत्पादन कार्यमा संलग्न नभई वित्तीय मध्यस्तता सेवामा संलग्न रहेका छन् । करिब ३४७३७ प्रारम्भिक रहकारी मध्ये १३५१३ संस्थाहरु बचत तथा ऋण कारोबारमा संलग्न छन् । बहुउद्देश्यीय लगाएतका अन्य संस्थाहरु पनि आफ्नो मुख्य कारोबार तथा वस्तु, कृषि, दुग्ध, उपभोक्ता तथा अन्य सेवा भन्दा पनि बचत तथा ऋण कारोबारमा संलग्न रहेको पाइन्छ । यसमा सुधारको आवश्यकता छ । यसैगरी सहकारीको फैलावट सहर र सुविधायुक्त स्थानमा बढी रहेको हुंदा

ग्रामीण तथा विपन्न क्षेत्रमा पुग्नु जरुरी छ । सहकारीहरुले विशिष्टीकृत सेवा प्रदान गर्नुपर्ने आवश्यकता छ ।

३. समस्याग्रस्त सहकारीका समस्या समाधान गर्न केही सुझाव

३.१ नेपालमा सहकारी अधियानको अपरिहार्यता हुदाहुँदै पनि मुलत राज्यको नियमन कमजोरीका कारण सहकारी क्षेत्र प्रति अविश्वास सिर्जना भएको छ । पछिल्लो केही वर्ष देखि केहस् साना ठूला सहकारीहरु संस्थाहरु नियमन तथा स्वनियमनको अभावमा अविश्वसनीय र समस्याग्रत वन्दा समग्र सहकारी अभियानप्रति अविश्वास अवस्था पैदा भएको छ । त्यसैले सहकारी क्षेत्रको प्रर्वद्धनमा राज्यको तत्परता, तयारी, नियमन तथा व्यवस्थापन क्षमतामा पर्याप्त विकास गनुपर्ने देखिएको छ ।

३.२ सहकारीको मूल्य मान्यता र सिद्धान्तका आधारमा चलेका सहकारीमा समस्या नरहेको तर सिद्धान्त विपरीत चलेका सबैजसो सहकारी समस्यामा देखिएको हुँदा सहकारी संस्थाहरुमा रहेको कमजोर आन्तरिक सुसासन र स्वनियमनको अभाव, त्रुटिपूर्ण सहकारी दर्ता, नियमन गर्ने सरकारी संयन्त्रको कमजोर क्षमता, आदि जस्ता कमजोरीहरुलाई नीतिगत तथा कार्यान्वय तहमा तत्काल सुधार गनुपर्ने देखिन्छ ।

३.३ सहकारी संस्था निश्चित सदस्य र स्थान विशेष क्षेत्र भित्र संचालन हुनपर्ने हुदाँ हाल भूगोलको सीमा नराखी कारोवार गरेका राष्ट्रिय संजाल भएका सहकारीका विषयमा आवश्यक व्यवस्था गरी यस्ता सहकारीको नियमन अन्तरिम रुपमा तत्काल नेपाल राष्ट्र बैंकबाट हुनुपर्ने र अब उप्रान्त भूगोलको सीमा नराखी कारोवार गर्ने राष्ट्रिय क्षेत्र भएका सहकारीहरु दर्ता वन्द गर्ने ।

३.४ सहकारी स्वनियममा चल्छन् भन्ने मान्यता नेपालमा असफल भएको देखिन्छ । सहकारी संस्थाहरुमा स्वनियमन हुन नसकेको हुँदा सहकारीलाई नियमन गर्ने वेग्लै विशिष्टिकृत निकायको स्थापना गरिनु पर्दछ ।

३.५ समस्याग्रस्त सहकारी संस्थाहरुबाट भएको कर्जा लगानी र अन्य क्षेत्रमा भएको लगानी असुल उपर गरी बचतकर्ताको बचत रकम फिर्ताका लागि तरलता व्यवस्थापन गर्न र सहज भएका सहकारीलाई संचालन गर्न सक्ने अवस्थामा ल्याउन नेपाल राष्ट्र बैंक वा सहकारी विभागको निगरानीमा 'डेडिकेटेड व्यवस्थापन समूह' बनाई बिगतमा समस्याग्रस्त बैंकहरुको समस्या समाधान गर्दा अपनाइएका तरिकाबाट अघि बढ्न सकिने अवस्था रहन्छ ।

३.६ समस्याग्रस्त सहकारी संस्थाका जिम्मेवार संचालक र उच्च व्यवस्थापन समूहबाट भएको अपचलनको छानविन गर्न अलग्गै अध्ययन कार्य दल बनाई कानून बमोजिम कारबाहीको दायरामा ल्याउने ।

३.७ समस्याग्रस्त सहकारीबाट प्रवाह भएको खराब ऋण रकम ऋणीबाट असुल उपर गर्न कानुनी प्रक्रिया अवलम्बन गर्ने र यसका लागि दीर्घकालीन रुपमा सहकारी क्षेत्रको लागि अलग्गै ऋण असुली न्यायाधिकरण र सम्पत्ति तथा दायित्व व्यवस्थापन कम्पनीको स्थापना गर्ने ।

३.८ दीर्घकालीन रुपमा अलग्गै सहकारी कर्जा सूचना केन्द्रको स्थापना गर्नेगरी विद्यमान अवस्थामा एउटै कर्जा सूचना केन्द्रले काम गर्न सकिने भएको हुँदा यसका लागि आवश्यक कानुनी व्यवस्था मिलाउनु पर्ने देखिन्छ भने कर्जा सूचना केन्द्रमा एकीकृत सूचना प्रणालीको व्यवस्था गरिनु पर्दछ ।

३.९ भविष्यमा संचालन हुन नसक्ने गरी समस्याग्रस्त भएका सहकारी संस्थाहरुको सम्पत्ति दायित्व यकिन गरी विक्री मार्फत तरलतामा परिणत गरी वचत फिर्ता तथा दायित्व राफसाफ गर्न कानुन निमार्ण गरी लिक्वीडेशन प्रक्रियामा लिनु पर्दछ ।

३.१० सहकारी संस्थाहरु राखिने निश्चित सिमासम्मको वचतको ग्यारेटी गर्न अनिवार्य निक्षेप वीमाको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै सहकारी प्रवर्द्धन कोपको व्यवस्था गरी रु. ५ लाखसम्मका साना निक्षेप कर्तालाई चरणवद्ध रुपमा वचत रकम फिर्ता गर्न सरकारले तत्काल पहल गर्नुपर्दछ । धन्यवाद !

डा. वावुराम भट्टराई
पूर्व प्रधानमन्त्री तथा सयोजक
नेपाल समाजवादी पार्टी
२०८१ साउन २९
काठमाण्डौ ।

दर्ता नं. १-१६२

विश्वका श्रमिकहरू – एकजुट होऔं ! एकीकृत जनक्रान्ति – जिन्दावाद ! मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

श्री सभापति ज्यू,

सहकारी संस्था वचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति सिंहदरबार, काठमाण्डौं ।

१) सुझावका लागि पत्र पठाउनु भएकोमा समितिलाई धन्यवाद । माननीय ज्यू मैले सहकारी संचालन गर्दाका अनुभव र ज्ञानका आधारमा निम्न बुँदाहरु सुझाव पठाएको छु ।

२) सहकारी सही, आवश्यक र संभावनायुक्त छ भन्ने सोचलाई बलियोगरी पकड्न र प्रयोगमा लैजान जरुरी छ ।

३ सहकारीलाई प्रभावकारी एवं सफल बनाउनका लागि निम्न विषयमा ध्यान दिन, कानूनी व्यवस्था गर्न र अनुगमन गर्न आवश्यक लाग्छ –

क) सहकारीको सैद्धान्तिक एवं नीतिगत मान्यतालाई कडाइपूर्वक पालना र प्रयोग गर्नु पर्छ ।

ख) सहकारीको आधारभूत सैद्धान्तिक र कानुनी ज्ञान हासिल गरेका व्यक्तिलाई मात्र संचालनको अधिकार दिनु पर्छ ।

ग) सहकारीको पुँजी परिचालनमा एक जनाको सर्वाधिकार नराखी दुई, तीन जनाले सिफारिस गर्नु पर्ने व्यवस्था गर्नु उचित हुन्छ ।

घ) निश्चित रकमभन्दा ठूलो पुँजी निकास गर्नु परेमा उपल्लो निकायको परामर्श लिने व्यवस्था गर्नु उचित हुन्छ ।

ङ) सहकारीको लक्ष्यभन्दा बाहिर नजानेगरी पुँजी परिचालन गर्नु पर्छ ।

च) सहकारी पुँजीको लगानी गर्नु भन्दा पहिले माग कर्ताको योजना, आवश्यकता र क्षमताबारे जानकारी लिनु पर्छ ।

छ) लगानी गरिसकेपछि आवधिक अनुगमन सहकारीले गर्नु पर्छ । जोखिम बढेको अवस्थामा नयाँ उपाय (पुरक योजना) निमार्णमा सहयोग गर्नु पर्छ ।

ज) शेर सदस्य र निक्षेप कर्तालाई विश्वस्त बनाउन चार देखि ६ महिनाको अवधिमा सहकारी पुँजीको अवस्थाबारे राज्यको निकायले जानकारी दिने व्यवस्था मिलाउनु पर्छ ।

झ) सहकारी पुँजीको परिचालनबाट नागरिक, समाज र राज्यले पाउने लाभबारे हरेक वर्ष सार्वजनिक जानकारी गराउने व्यवस्था मिलाउनु पर्छ ।

धन्यवाद ।

क्रान्तिकारी अभिवादन सहित

विप्लव सी
महासचिव

१३ भाद्र २०८१

अनुसूची-११

कार्यदिशको अनुसूचीमा रहेका सहकारी संस्थाहरूको वित्तीय विश्लेषण

११.१ नगद तथा बैङ्क

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	सम्पत्ति/नगद तथा बैङ्क
समस्याग्रस्त घोषित सहकारीहरू		
१	चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	१५,७१२.२३
२	लुःनिभा बहुद्देश्यीय सहकारी संस्था	३३,६२५,६९०.३५
३	तुलसी बहुमुखी सहकारी संस्था	२०२,८६८,०६५.७१
४	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१४,००४,८०८.३०
५	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५८,६१५,१२९.९६
६	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	११,३६६,८९०.११
७	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१२३,१९१,४३९.२१
८	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६२९,१४३,८७१.८२
९	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	४५,५९६,७४६.६४
१०	नेपाल सहकारी वित्तीय संस्था लि.	११,७५०,९९१.०३
	कूल	१,१३०,१७९,३४५.३६
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	
१	सुप्रिम बचत तथा ऋण सहकारी संस्था	१,७२९,०७७.२२
२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१०७,२५३.७४
३	सुर्यदर्शन बचत तथा ऋण सहकारी	१,५९७,७२१.००
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१६१,१७२.६०
५	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	७४८५९१.५८
६	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	५५,५५५,५८२.००
	कूल	५९,८९९,३९८.१४
	अन्य सहकारी	
१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	६,९२०,६५१.००
२	इमेज बचत तथा ऋण सहकारी	९९,३४२,२३८.१४

३	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	४३७,६२७,४६३.००
४	छिपछिपे उपभोक्ता सहकारी संस्था	७,९०४,७७४.६९
५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२०३,८७९,०८१
६	प्राइम बहुद्देश्यीय सहकारी संस्था	८४०,३१०.६३
७	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	५०४,८२२.२९
८	बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान	७४६,०२२.५१
९	दर्शन बचत तथा ऋण सहकारी संस्था(कीर्तिपुर)	१५,८५८,७८७.०६
१०	मितेरी बचत तथा ऋण सहकारी संस्था	२,११४,६९०.१८
११	कुमारी बचत तथा ऋण सहकारी संस्था	१०१,९९३,६७३.००
१२	क्यापिटल सेभिङ एण्ड क्रेडिट को– अपरेटिभ लिमिटेड	१,७९९,९८६.६४
	कूल	८७९,५३२,५००.१४
	कूल जम्मा	२,०६९,६११,२४३.६४

११.२. ऋणः

क.सं.	समस्याग्रस्त सहकारी संस्था	सम्पत्ति
		ऋण
अनुसूची १:- समस्याग्रस्त घोषित सहकारीहरू		
१	स्टयाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड	१२,७५३,५६८.००
२	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	४९३,०६४,८१३.६०
३	प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड	१११,८९२,२१७.००
४	सोसाइटल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ	२२१,५३६,२८४.१०
५	चार्टड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	३७,४५३,००१.६५
६	तुलसी बहुमुखी सहकारी संस्था	४२६,९६६,१०१.६६
७	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	७,४८५,६३०,४७७.११
८	कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६५४,६०९,२१५.६९
९	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	३,१००,८२५,९०४.९२
१०	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४,४७१,७३२,५३४.७४
११	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,६९०,३८४,७३५.६१
१२	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१,५२४,०४८,७०९.४१

१३	नेपाल सहकारी वित्तीय संस्था लि.	१४८,०९८,८६४.३३
	कूल	२१,३७८,९९६,४२७.८२
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	
१	सुप्रिम बचत तथा ऋण सहकारी संस्था	९९४,४८४,१३१.६१
२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	५२४,०७८,१२९.७४
३	सुर्यदर्शन बचत तथा ऋण सहकारी	१,३१५,३८२,९०८.१८
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१४५,६४१,०१५.२९
५	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	२,५२१,३६२,५२६.९७
६	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१,३५१,४६५,९११.००
	कूल	६,८५२,४१४,६२२.७९
	अन्य सहकारी	
१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	८,९६०,७१४,७००.००
२	इमेज बचत तथा ऋण सहकारी	५७०,६२५,८७७.५०
३	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	६,८६१,७६५,३९४.००
४	छिपछिपे उपभोक्ता सहकारी संस्था	११५,०४२,८९३.३२
५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२,५४५,५११,०२६
६	प्राइम बहुद्देश्यीय सहकारी संस्था	९४९,८८४,९५४.७९
७	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	१०१,७४६,७२०.८१
८	बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान	७१८,५६२,०९९.९७
९	दर्शन बचत तथा ऋण सहकारी संस्था(कीर्तिपुर)	१,४५१,३४५,२१३.६६
१०	मितेरी बचत तथा ऋण सहकारी संस्था	१४१,६९३,९१५.६०
११	कुमारी बचत तथा ऋण सहकारी संस्था	९६५,७३४,७७०.४०
१२	क्यापिटल सेभिङ एण्ड क्रेडिट को– अपरेटिभ लिमिटेड	२,१७१,०७७,५७९.८९
	कूल	२५,५५३,७०५,१४५.९४
	कूल जम्मा	५३,७८५,११६,१९६.५५

११.३. लगानी

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	सम्पत्ति/लगानी
समस्याग्रस्त घोषित सहकारीहरू		
१	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	२२५,०००.००
२	लुःनिभा बहुद्देश्यीय सहकारी संस्था	५,०००.००
३	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१,३६४,२०५,६२४.०९
४	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	७९३,६२०,८४५.४६
५	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	२४,००८,४५२.९४
६	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५१५,७२०,४५७.१२
७	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	२,६१४,५००.००
८	नेपाल सहकारी वित्तीय संस्था लि.	२९,९६१,०३०.००
	कूल	२,७३०,३६०,९०९.६१
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया	
१	सुप्रिम बचत तथा ऋण सहकारी संस्था	५३०,०००.००
२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	११०,०००.००
३	सुर्यदर्शन बचत तथा ऋण सहकारी	१०,०००.००
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१३२,०००.००
५	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	१७२८८५७२.१८
६	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१००,०००.००
	कूल	१८,१७०,५७२.१८
	अन्य सहकारी	
१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	
२	इमेज बचत तथा ऋण सहकारी	१,४१०,०००.००
३	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	२८,६२३,३२४.००
४	छिपछिपे उपभोक्ता सहकारी संस्था	६५१,०००.००
५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	३८,६०१,०००
६	प्राइम बहुद्देश्यीय सहकारी संस्था	३३,२२९,९९९.४५

७	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	१,११५,०००.००
८	बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान	३,८४५,२७१.३७
९	दर्शन बचत तथा ऋण सहकारी संस्था(कीर्तिपुर)	२,११६,२६१.९२
१०	मितेरी बचत तथा ऋण सहकारी संस्था	५७,४१०.७७
११	कुमारी बचत तथा ऋण सहकारी संस्था	३,९५१,०००.००
१२	क्यापिटल सेभिङ एण्ड क्रेडिट को– अपरेटिभ लिमिटेड	२७,६२७,५००.००
	कूल	१४१,२२७,७६७.५१
	कूल जम्मा	२,८८९,७५९,२४९.३०

११.४. ब्याज असामी

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	सम्पत्ति
		ब्याज आसामी
अनुसूची १:- समस्याग्रस्त घोषित सहकारीहरू		
१	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	५७,९२८,६७५.५४
२	चार्टड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	२,८६३,३८७.३१
३	तुलसी बहुमुखी सहकारी संस्था	५,७५४,६१७.००
४	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१,१६७,७८९,२०६.७६
५	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५८६,५०१,३२७.४३
६	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	३,४६७,६१८,४१७.६७
७	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	९८४,६०७,०७५.००
८	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	२,९३९,६७०,४५१.७३
९	नेपाल सहकारी वित्तीय संस्था लि.	४८,०९१,९६७.०७
	कूल	९,२६०,८२५,१२५.५१
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	
१	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२००,२५०.००
	कूल	२००,२५०.००
	अन्य सहकारी	
१	इमेज बचत तथा ऋण सहकारी	२३,८८१,१६५.६४

२	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	३०३,७८६,९९२.००
३	क्यापिटल सेभिङ एण्ड क्रेडिट को-- अपरेटिभ लिमिटेड	८८७,५३३,९०५.३९
	कूल	१,२१५,२०२,०६३.०३
	कूल जम्मा	१०,४७६,२२७,४३८.५४

११.५. गैर बैङ्क सम्पत्ति

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	सम्पत्ति/गैरबैङ्किङ्ग सम्पत्ति
समस्याग्रस्त घोषित सहकारीहरू		
१	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	१,२८६,२२८.०३
२	चार्टड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	३४३,४३६.९१
३	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२१,६११,७२७.००
४	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१५,१९१,८७६.८३
५	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	३०७,९४९,६६७.८०
६	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	४०,३८१,४२७.९४
	कूल	३८६,७६४,३६४.५१
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	
१	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	९१७७१९०
	कूल	९,१७७,१९०.००
	अन्य सहकारी	
१	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	२८७,७८०,७५९.००
	कूल	२८७,७८०,७५९.००
	कूल जम्मा	६८३,७२२,३१३.५१

११.६. अन्य सम्पत्ति

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	सम्पत्ति/अन्य सम्पत्ति
समस्याग्रस्त घोषित सहकारीहरू		
१	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	१५३,८९३,३५६.७४
२	चार्टड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	३४,२५५,४२६.३५
३	लुःनिभा बहुद्देश्यीय सहकारी संस्था	४७,५५६,०८९.३८
४	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	८५७,८५९,३४४.९९

५	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२६७,१७३,७२०.७०
६	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१,१४१,४१०,४०८.९४
७	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,५९३,२५३,६२०.३६
८	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,१०७,६५९.०५
९	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	२,६३६,४२०,०५२.५५
१०	नेपाल सहकारी वित्तीय संस्था लि.	१८१,५५४,०३०.८६
	कूल	७,९१५,४८३,७०९.९२
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	
१	सुप्रिम बचत तथा ऋण सहकारी संस्था	३०३,९०३,५१०.१७
२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१२७,३७६,३२८.८२
३	सुर्यदर्शन बचत तथा ऋण सहकारी	२०८,५५०,९३४.८२
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	७२,७०१,७४५.११
५	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	९६५,८४९,९२६.७३
	कूल	१,६७८,३८२,४४५.६५
	अन्य सहकारी	
१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२४१,८९०,५२८.००
२	इमेज बचत तथा ऋण सहकारी	३२७,२७२,३८७.७२
३	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	-४५,०३९,४०२.००
४	छिपछिपे उपभोक्ता सहकारी संस्था	२२,५९८,३८९.२४
५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१६१,९३५,९७५
६	प्राइम बहुद्देश्यीय सहकारी संस्था	१,१७७,७१७,३६४.४२
७	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	२०७,९९९,३६१.३४
८	बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान	३४४,१११,५९३.८८
९	दर्शन बचत तथा ऋण सहकारी संस्था(कीर्तिपुर)	१०१,१६०,१२६.८३
१०	मितेरी बचत तथा ऋण सहकारी संस्था	१४,७९०,३५३.४७
११	कुमारी बचत तथा ऋण सहकारी संस्था	१९८,५१८,७२८.६८
१२	क्यापिटल सेभिङ एण्ड क्रेडिट को– अपरेटिभ लिमिटेड	८७,६२०,९२८.६३
	कूल	२,८४०,५७६,३३५.२१

	कूल जम्मा	१२,४३४,४४२,४९०.७८

११.७. शेयर पुँजी

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	दायित्व शेयर पुँजी
	समस्याग्रस्त घोषित सहकारीहरू	
१	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	२६,७०५,४००.००
२	चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	५,५९५,३९६.६८
३	लुःनिभा बहुद्देश्यीय सहकारी संस्था	२,१२३,०००.००
४	तुलसी बहुमुखी सहकारी संस्था	२३९,२३२,५००.००
५	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५४४,१३३,८००.००
६	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	१०७,५३८,७८४.८७
७	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१४६,४१९,१००.००
८	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५७८,३०१,०००.००
९	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	५३,२११,६३४.००
१०	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	१४७,७२७,७००.००
११	नेपाल सहकारी वित्तीय संस्था लि.	६०,८०२,८००.००
	कूल	१,९११,७९१,११५.५५
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
	गोर्खा मिडिया	
१	सुप्रिम बचत तथा ऋण सहकारी संस्था	२८,१३०,५००.००
२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२०,१२८,०००.००
३	सुर्यदर्शन बचत तथा ऋण सहकारी	४४,०००,५००.००
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	११,७७०,६००.००
५	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	४०९०२१००
६	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	९३,०२४,४००.००
	कूल	२३७,९५६,१००.००
	अन्य सहकारी	
१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	४५८,८१७,८९३.००
२	इमेज बचत तथा ऋण सहकारी	३३,०३१,२००.००
३	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	३२३,२९६,१९०.००
४	छिपछिपे उपभोक्ता सहकारी संस्था	२२,६७५,०००.००

५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१६३,२६५,३००
६	प्राइम बहुद्देश्यीय सहकारी संस्था	८९,१३१,०००
७	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	३७,०८८,५००.००
८	बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान	१००,९०५,४००.००
९	दर्शन बचत तथा ऋण सहकारी संस्था(कीर्तिपुर)	२२४,५४५,१००.००
१०	मितेरी बचत तथा ऋण सहकारी संस्था	२३,९८५,४६६.००
११	कुमारी बचत तथा ऋण सहकारी संस्था	७७,६७७,९००.००
१२	क्यापिटल सेभिङ एण्ड क्रेडिट को– अपरेटिभ लिमिटेड	१०४,५६०,१०१.२१
	कूल	१,६५८,९७९,०५०.२१
	कूल जम्मा	३,८०८,७२६,२६५.७६

११.८ निक्षेप तथा बचत

क्र.सं.	समस्याग्रस्त सहकारी संस्था	दायित्व/निक्षेप तथा बचत
	समस्याग्रस्त घोषित सहकारीहरू	
१	कुबेर बचत तथा ऋण सहकारी संस्था	५,७६३,४६७.००
२	स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड	७,५२८,८२४.००
३	स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	१३२,४३४,०३४.१२
४	प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड	४८७,३९८,९१३.००
५	सोसाइटल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ	१०८,७४१,२४३.००
६	प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१३२,०८९,९२७.००
७	चार्टड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	५३,०३३,८९२.०९
८	लु:निभा बहुद्देश्यीय सहकारी संस्था	१७२,५१९,५८३.००
९	ओरेण्टल को-अपरेटिभ	३,१९५,०२२,८६२.००
१०	कन्जुमर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ	४३,४७८,२५२.००
११	कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ	२४,१७१,८९९.००
१२	भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१६,५४४,७११.००
१३	पशुपती सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड	१,११४,८०३,६१८.००
१४	तुलसी बहुमुखी सहकारी संस्था	१,४३५,४०२,९९६.३१
१५	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	९,५८७,४४९,१४१.५७
१६	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२,७८७,५०६,०९९.३९
१७	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	७,९७७,५५४,८०२.६३
१८	श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	६,३४६,८६७,६९१.१७
१९	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	४,५८६,६७२,७३३.७८

२०	गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड	४,१२१,०१५,८१३.५०
२१	नेपाल सहकारी वित्तीय संस्था लि.	४०३,९४२,६८३.१८
२२	हाम्रो नयाँ कृषी सहकारी संस्था	७७,७९०,१९८.००
	कूल	४२,८१७,७३३,३८४.७४
सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी		
गोर्खा मिडिया नेटर्क प्रा.लि.		
१	सुप्रिम बचत तथा ऋण सहकारी संस्था	१,०३५,९३७,५१७.५७
२	सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	५०४,६३२,३५४.०५
३	सुर्यदर्शन बचत तथा ऋण सहकारी	१,३५४,९८७,९६२.९२
४	समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१७१,४८९,७७३.३३
५	स्वर्णलक्ष्मी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड	१८०४००४७१५
६	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	१,४५०,६६१,१३९.००
कूल		६,३२१,७१३,४६१.६३
अन्य सहकारी		
१	सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड	७,२३८,८०५,४४८.००
२	इमेज बचत तथा ऋण सहकारी	७८६,९५८,६७४.००
३	आइडियल यमुना हाम्रो बहुउद्देशीय सहकारी संस्था लिमिटेड	६,२६८,५००,४६५.००
४	छिपछिपे उपभोक्ता सहकारी संस्था	१०२,२११,३१८.७२
५	जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	२,०३२,१८५,२७५
६	प्राइम बहुद्देश्यीय सहकारी संस्था	५९,७२०,२२५.३८
७	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था	१८०,०४७,४०५.३४
८	बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान	६५५,१४६,७४३.७३
९	दर्शन बचत तथा ऋण सहकारी संस्था(कीर्तिपुर)	८६८,०८६,६४०.२३
१०	मितेरी बचत तथा ऋण सहकारी संस्था	१२४,४४५,८६६.६०
११	कुमारी बचत तथा ऋण सहकारी संस्था	९५५,६३४,४३७.५१
१२	क्यापिटल सेभिङ एण्ड क्रेडिट को– अपरेटिभ लिमिटेड	२,८९३,१४८,१७६.५४
	कूल	२२,१६४,८९०,६७६.०५
	कूल जम्मा	७१,३०४,३३७,५२२.४२

अनुसूची-१२

गोर्खा मिडिया नेटवर्क प्रा.लि.सँग सम्बन्धित वित्तीय विश्लेषण

११.१ गोर्खा मिडिया नेटवर्क प्रा.लि.बाट विभिन्न मितिमा प्रवाह भएका ऋण तथा पेश्कीको विवरण

क्र.स.	नाम	जम्मा
१	भीमबहादुर तामाङ	२,४१,७६,१०१.८६
२	भूपेन्द्रबाबु राई	५,९२,७०,०३२.००
३	देवेन्द्रबाबु राई	१०,२२,१४,९४२.००
४	दिपेश कुमार पुन	२,३४,५८,६००.००
५	जीबी ग्रुप अफ कम्पनीज प्रा.लि.	२०,६०,६७,०२६.३५
६	गितेन्द्रबाबु राई	२३,३९,९९,७८४.००
७	गोर्खा हर्वल प्रोडक्सन प्रा.लि.(जनक भट्टराई)	१,००,००,०००.००
८	गोकूल श्रेष्ठ	२,४५,००,०००.००
९	हेमन्त अधिकारी	६,९५,८५,५३३.००
१०	हर्बो इन्टरनेसनल	८,००,००,०००.००
११	होम प्रा.लि. प्यागोडा	५०,००,०००.००
१२	हस्वेंडरी फार्म	२,६०,००,०००.००
१३	कल्पना श्रेष्ठ	८५,००,०००.००
१४	कामद बहुउद्देश्यीय सहकारी संस्था लि.	१,८७,१०,०००.००
१५	खिमानन्द कँडेल	१,४१,००,०००.४८
१६	कुमार रम्तेल	७,३५,३२,१७८.००
१७	मन्दारा टूर एण्ड एक्स्पेंडीचर प्रा.लि.	१,०५,००,०००.००
१८	मन्दारा टूर एण्ड ट्राभल	९२,००,०००.००
१९	ओम प्रकाश गुरुङ	३,२९,११,०९०.००
२०	पुष्पराज पौडेल	७,६३,१०,०५६.६१
२१	पुष्प राई	१,५०,००,०००.००
२२	रामबहादुर थापा	१,५२,००,०००.००
२३	रम्तेल/खिमानन्द कँडेल	७६,०४,०४१.००
२४	श्री वल्लभ नेपाल र कुमार रम्तेल	१,००,००,०००.००
२५	स्प्रिंग वुड रियल एस्टेट एण्ड हाउजिंग	२६,९१,०८,०२५.८६
२६	सुपर सिटी एंटरप्राइजेज प्रा.लि.	५९,००,०००.००

२७	टेकबहादुर थापा	३३,६५,०००.००
२८	उमेश गुरुङ	१७,७३,०३,०५७.००
२९	दीपक लामा	८,५८,७२,२७१.००
३०	नेचर नेस्ट प्रा.लि.	२०,५३,३०,०९१.४१
३१	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	१७,३१,०१,९५०.२५
३२	छविलाल जोशी	५,५५,२२,७१४.००
३३	अरुणा राई	१,५०,६५,७५५.००
३४	विपिन कुमार आचार्य	३,३१,१५,०००.००
३५	रवि लामिछाने	२,००,००,०००.००
३६	गोर्खा ग्रुप मल्टी इन्भेस्टमेन्ट	५०,००,०००.००
३७	ग्यालेक्सी मार्केटिंग	१,५०,००,०००.००
३८	नेचर हर्वस इन्टरनेशनल प्रा. लि.	१०,६१,५२,११५.८०
३९	विमला पौडेल	२,०७,२२,४६४.००
४०	तीर्थराज लामिछाने	१,०६,०६,६२८.००
४१	ग्रेसी स्पुन रेस्टुरेन्ट	८६,६९,१६०.००
४२	तस्बिरण खातुन	५७,२९,८८५.००
४३	विशाल तामाङ	६,८३,६६,२९४.००
४४	रोशनी गुरुङ	१,२८,१७,८९८.००
४५	दिनेश रोक्का	६,३१,७९,१९१.३४
४६	ज्ञान बहादुर वम्जन	१,२९,०३,७१४.००
४७	नविन अछामी	३,४९,२६,१३८.००
४८	सागर केसी	१,१७,५८,१३६.००
४९	बुद्धि गुरुङ	८६,७९,४५६.००
	कूल	२,५८,४०,३४,३२९.९६

१२.२ सूर्यदर्शन बचत तथा ऋण सहकारी लि. कास्कीबाट विभिन्न व्यक्ति तथा निजी कम्पनीमा प्रवाह भएको ऋण तथा पेश्कीको विवरण

क्र. स	नाम	सूर्यदर्शन		जम्मा
		ऋण	पेश्की	
१	दिपेश कुमार पुन	५०,००,०००.००		५०,००,०००.००
२	गितेन्द्रबाबु राई		११,१७,८४,२२५.००	११,१७,८४,२२५.००
३	हेमन्त अधिकारी	१,४७,३५,८५६.००		१,४७,३५,८५६.००
४	कुमार रम्तेल	१,००,००,०००.००		१,००,००,०००.००
५	उमेश गुरुङ	६०,००,०००.००		६०,००,०००.००

६	दीपक लामा	९०,०००.००		९०,०००.००
७	नेचर नेस्ट प्रा.लि.	१,००,००,०००.००		१,००,००,०००.००
८	गोर्खा मिडिया नेटवर्क प्रा.लि.	१,३०,८९,०००.००		१,३०,८९,०००.००
९	अरुणा राई	५०,६५,७५५.००		५०,६५,७५५.००
१०	बिपिन कुमार आचार्य	१,००,००,०००.००		१,००,००,०००.००
११	गोर्खा ग्रुप मल्टी इन्भेस्टमेन्ट	५०,००,०००.००		५०,००,०००.००
	कूल	७,८९,८०,६११.००	११,१७,८४,२२५.००	१९,०७,६४,८३६.००

१२.३ सुप्रिम बचत तथा ऋण सहकारी लि.बाट विभिन्न व्यक्ति तथा निजी कम्पनीमा प्रवाह भएका ऋण तथा पेश्कीको विवरण

क.स	नाम	सुप्रिम		जम्मा
		ऋण	पेश्की	
१	भूपेन्द्रबाबु राई	३,३०,००,०००.००		३,३०,००,०००.००
२	देवेन्द्रबाबु राई	१,००,००,०००.००		१,००,००,०००.००
३	जीबी ग्रुप अफ कम्पनिज प्रा.लि.	११,२६,२३,९७६.३५		११,२६,२३,९७६.३५
४	गितेन्द्रबाबु राई	१,९२,००,०००.००	१,३१,००,०००.००	३,२३,००,०००.००
५	हेमन्त अधिकारी	१,०३,५०,०००.००		१,०३,५०,०००.००
६	कुमार रम्तेल	२,४०,००,०००.००	६,००,०००.००	२,४६,००,०००.००
७	ओमप्रकाश गुरुङ	१,५२,००,०००.००		१,५२,००,०००.००
८	स्प्रिंग वुड रियल एस्टेट एण्ड हाउजिंग	१३,९८,२२,६३२.४७		१३,९८,२२,६३२.४७
९	उमेश गुरुङ	१,९२,२९,११४.००	१,१६,२३,९४३.००	३,०८,५३,०५७.००
१०	दीपक लामा	२,००,००,०००.००		२,००,००,०००.००
११	नेचर नेस्ट प्रा.लि.	९,६८,११,२४०.००		९,६८,११,२४०.००
१२	छविलाल जोशी	२,५०,००,०००.००		२,५०,००,०००.००
१३	अरुणा राई	१,००,००,०००.००		१,००,००,०००.००
१४	बिपिन कुमार आचार्य	२,३१,१५,०००.००		२,३१,१५,०००.००
१५	रवि लामिछाने	२,००,००,०००.००		२,००,००,०००.००
१६	दिनेश रोक्का	३,९२,३९,०१४.३४		३,९२,३९,०१४.३४
	कूल	६१,७५,९०,९७७.१६	२,५३,२३,९४३.००	६४,२९,१४,९२०.१६

१२.४ सानोपाइला बचत तथा ऋण सहकारी लि.बाट विभिन्न व्यक्ति तथा निजी कम्पनीमा प्रवाह भएको ऋण तथा पेश्कीको विवरण

क्र.स.	नाम	सानोपाइला		जम्मा
		ऋण	पेश्की	
१	भूपेन्द्रबाबु राई	६५,९९,७२४.००		६५,९९,७२४.००
२	हेमन्त अधिकारी	१,६७,१५,३७७.००		१,६७,१५,३७७.००
३	कुमार रम्तेल	८४,०१,८५१.००		८४,०१,८५१.००
४	ओमप्रकाश गुरुङ	१,०७,११,०९०.००		१,०७,११,०९०.००
५	स्प्रिंग वुड रियल इस्टेट एण्ड हाउजिंग	१,०१,३४,३५३.००		१,०१,३४,३५३.००
६	दीपक लामा	१,६७,९५,३३५.००		१,६७,९५,३३५.००
७	नेचर नेस्ट प्रा.लि.	१,८५,५१,२२४.००		१,८५,५१,२२४.००
८	छविलाल जोशी	१,८६,९४,६०४.००		१,८६,९४,६०४.००
९	नेचर हर्बस इन्टरनेशनल प्रा. लि.	१,३७,१३,७७१.००		१,३७,१३,७७१.००
१०	विमला पौडेल	२,०७,२२,४६४.००		२,०७,२२,४६४.००
११	तीर्थराज लामिछाने	१,०६,०६,६२८.००		१,०६,०६,६२८.००
१२	ग्रेसी स्पुन रेस्टुरेन्ट	८६,६९,१६०.००		८६,६९,१६०.००
१३	तस्विरण खातुन	५७,२९,८८५.००		५७,२९,८८५.००
१४	विशाल तामाङ	६,८३,६६,२९४.००		६,८३,६६,२९४.००
१५	रोशनी गुरुङ	१,२८,१७,८९८.००		१,२८,१७,८९८.००
१६	दिनेश रोक्का	२,३९,४०,१७७.००		२,३९,४०,१७७.००
१७	ज्ञानबहादुर वम्जन	१,२९,०३,७१४.००		१,२९,०३,७१४.००
१८	नबिन अछामी	३,४९,२६,१३८.००		३,४९,२६,१३८.००
१९	सागर केसी	१,१७,५८,१३६.००		१,१७,५८,१३६.००
२०	बुद्धि गुरुङ	८६,७९,४५६.००		८६,७९,४५६.००
	कूल	३३,९४,३७,२७९.००		३३,९४,३७,२७९.००

१२.५ स्वर्णलक्ष्मी सहकारी लि. कालिमाटीबाट विभिन्न व्यक्ति तथा निजी कम्पनीमा प्रवाह भएका ऋण तथा पेश्कीको विवरण

क्र. स	नाम	स्वर्णलक्ष्मी		जम्मा
		ऋण	पेश्की	
१	भीमवहादुर तामाङ	२,४१,७६,१०१.८६		२,४१,७६,१०१.८६
२	भूपेन्द्रबाबु राई	७९,००,०००.००	१,१७,७०,३०८.००	१,९६,७०,३०८.००

३	देवेन्द्रबाबु राई	१,२५,२०,५५०.००	७,९६,९४,३९२.००	९,२२,१४,९४२.००
